CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२१८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५१८

श्रीमद्भगवद्गीता

गीतालोकभाष्य

अम्बिकाप्रसाद अधिकारी

लोकलक्ष्मी अधिकारी
वि. सं. २०४४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशनः-
श्रीमती लोकलक्ष्मी अधिकारी

सर्वाधिकार
प्रकाशकमा

प्रकाशन
मितिः- विजया दशमी, २०४४

मुद्रकः-
अन्नपूर्ण मुद्रणालय,
पाटन औद्योगिक क्षेत्र,
लगनखेल, ललितपुर ।
फोन नं. ५-२२९९५

96069

मूल्य रु. ११५।-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

विषय-सूची

पूर्वपीठिका

विषय	पृष्ठ
पत्रं पुष्पम्	१
भगवान् वेदव्यास कृष्णद्वैपायन	७
महाभारत	१०
पाँच थरी महाभारत	१२
लक्षश्लोकी महाभारत	१२
जय, भारत र महाभारतलाई बेग्लाबेग्लै मान्ने भ्रम	१३
जय, भारत र महाभारत यौटै ग्रन्थका नाम हुन्	१४
गीता महाभारतमा पछि थपिएको हैन	१६
गीताको स्वरूप पहिलेदेखि यही हो	१७
गीतोपदेश भएको समय	२०
गीता श्लोक संख्या	२६
गीतोपदेशपूर्वको कथासूत्र	३०
गीताको संरक्षणमा व्यासदेव	३६
गीतोपदेशक्षण	३९
श्रीमद्भगवद्गीता माहात्म्य	४०
गीतापाठ विधि	४४

श्रीमद्भगवद्गीता गीतालोकभाष्य

मध्यमणि

पहिलो अध्याय	४७
धृतराष्ट्रप्रश्न, सैन्यप्रदर्शन, शङ्खनाद	१
अर्जुनबाट, सैन्य निरीक्षण र उनलाई शोकमोह	२०
बन्धुहत्याबाट अनिष्ट हुने शङ्का, शस्त्रत्याग	४०
दोस्रो अध्याय	
भगवान्बाट प्रोत्साहन र अर्जुनको धर्मसांकर्यबुद्धि	२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
अर्जुनको हठत्याग, भगवान्प्रति शिष्यभाव शरणागति	७
विषय बिराग र भगवदनुरागबाट भगवत्कृपा	१०
प्राण जानु र नजानुको असर आत्मामा पर्दैन	११
स्थूल शरीर लिने र छोड्ने सूक्ष्म शरीरले हो	१२
गर्छु र भोग्छु भन्ने अभिमान सुखदुःखकारक हो	१४
आत्मामा देशकालको बाध; उत्पत्ति आदि विकार, क्रियाफल केही हुँदैन	१६
आत्मा भेदत्रयरहित तथा पञ्च कोश र शरीरत्रयबाट फरक छ	२३
अघि र पछि असत् हुने वस्तु वर्तमानमा पनि असत् नै हो	२७
आत्मा, जगत्, माया, आत्मज्ञानी सबै आश्चर्य	२९
क्षत्रियको लागि धर्मयुद्ध नगर्नु अधर्म	३१
कर्म समभावबाट गर्नुपर्छ, अन्यथा सिद्धि हुँदैन	३८
समत्वबुद्धिको महिमा, समभावबाट बुद्धि स्थिर हुन्छ	४१
वेदादि शास्त्रबाट गुणमयको मात्र हैन, गुणातीतको ज्ञान गर्नुपर्छ	४५
सबै साधनामा समभाव आवश्यक, समभावमा संस्कार जम्दैन	४८
अनात्माका कुरा छोडेर आत्माके कुरामा अभ्यास बढाउनुपर्छ	५२
स्थितप्रज्ञमा स्थूल, सूक्ष्म, दिव्य कुनै वासना हुँदैन	५५
बिषय त्यागेर हुँदैन, रागलाई त्याग्नुपर्छ	५९
संसारीको र ज्ञानीको स्थितिमा रात र दिनको जस्तो अन्तर	६९
कामनानाशबाट मात्र साँच्चिको शान्ति	७०
आत्मसाक्षात्कार भएपछि फेरि भुलिँदैन	७२

तेस्रो अध्याय

कर्मयोग र ज्ञानयोग दुवैको महत्त्व छ, कर्मयोगसाधना प्राथमिक	१
कर्मेन्द्रियलाई हैन; ज्ञानेन्द्रियलाई, मनलाई तह लगाउनुपर्छ	५
शास्त्रले तोकेको कर्म नगरे थिति नै भाँडिन्छ	८
यज्ञभावना पक्का भएमा कर्म बन्धन वन्दैन	९
सबैमा सद्भाव गर्नु यज्ञ नै हो	१२
यज्ञप्रवर्तनमा गृहस्थको, अझ राजाको जिम्मेवारी छ	१६
कर्मबाट विचलित गराउनु हुन्न	१७
कर्म छोड्नु हुन्न	२९
भगवान्को खटन, भगवान्लाई नै सुम्पंदा सुख	३०
प्रारब्ध र पुरूषार्थ	३३
स्वधर्माचरणबाट नै कल्याण	३५
काम–भोगेच्छा– साधकको शत्रु हो	३७
ज्ञानेन्द्रिय, मन, बुद्धिलाई जितेपछि कामलाई जितिन्छ	४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
चौथो अध्याय	
देशको परिपालक योगको साधक हुनुपर्छ	१
धर्म संस्थापनका लागि ईश्वरको अवतार हुन्छ	६
भगवान्को अवतारलीलाविग्रह सँधै जस्तातस्तै रहन्छ	११
कर्मविधाता भगवान् लिप्त हुँदैन	१३
कर्म फरक भएपनि सिद्धि फरक हुँदैन, उही हुन्छ	१८
ज्ञानीबाट भएका कर्मको कसर रहँदैन	२०
ज्ञानीबाट भएको कर्म अभेदयज्ञ बन्छ	२३
बाह्र प्रकारका यज्ञ	२५
सबै यज्ञ ज्ञानयज्ञकै निमित्त हुनुपर्छ	३३
पाँचौं अध्याय	
गृहस्थाश्रमका कर्महरू	१
कर्मयोग र कर्मसंन्यास दुबै उपाय मात्र हुन्	६
साधनापथमा अभ्यासको लागि गृहस्थाश्रम बेस	६
बाँध्ने वा नबाँध्ने कर्मले हैन, भावनाले हो	११
पिण्डाण्ड र ब्रह्माण्ड उस्तै छन्	१३
गाई, चाण्डाल, बाहुन आदिमा सर्वत्र सम ब्रह्म छ	१८
विषयसुख आभास मात्र हो	१९
योग	२७
अन्तर्यामी तत्त्वको ज्ञानले शान्ति प्राप्त हुन्छ	२९
छैठौं अध्याय	
संकल्प छोडेपछि प्रवृत्तिमार्ग र निवृत्तिमार्ग जोडिन्छन्	१
योगको मात्रावृद्धि संगसँगै कर्मको मात्रा घट्छ	३
इन्द्रियको वशमा पर्नु आपत्तिको, इन्द्रियलाई वशमा राख्नु संपत्तिको बाटो	५
योगी युक्त र युञ्जान दुइ किसिमका हुन्छन्, युक्त श्रेष्ठ हो	७
युञ्जान योगीले गर्नुपर्ने योगाभ्यास	१०
योगीका आहारविहार नियमहरू	१६
योगबाट हुने सुख श्रेष्ठ हो	२१
योग गर्ने प्रक्रिया	२४
निर्विकल्प समाधिबाट पञ्चकोशविवेकज्ञान हुन्छ	२८
परमेश्वरको प्रत्यक्ष गर्ने पद्धति	२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
अर्जुनको हठत्याग, भगवान्प्रति शिष्यभाव शरणागति	७
विषय बिराग र भगवदनुरागबाट भगवत्कृपा	१०
प्राण जानु र नजानुको असर आत्मामा पर्दैन	११
स्थूल शरीर लिने र छोड्ने सूक्ष्म शरीरले हो	१२
गर्छु र भोग्छु भन्ने अभिमान सुखदुःखकारक हो	१४
आत्मामा देशकालको बाध; उत्पत्ति आदि विकार, क्रियाफल केही हुँदैन	१६
आत्मा भेदत्रयरहित तथा पञ्च कोश र शरीरत्रयबाट फरक छ	२३
अघि र पछि असत् हुने वस्तु वर्तमानमा पनि असत् नै हो	२७
आत्मा, जगत्, माया, आत्मज्ञानी सबै आश्चर्य	२९
क्षत्रियको लागि धर्मयुद्ध नगर्नु अधर्म	३१
कर्म समभावबाट गर्नुपर्छ, अन्यथा सिद्धि हुँदैन	३८
समत्वबुद्धिको महिमा, समभावबाट बुद्धि स्थिर हुन्छ	४१
वेदादि शास्त्रबाट गुणमयको मात्र हैन, गुणातीतको ज्ञान गर्नुपर्छ	४५
सबै साधनामा समभाव आवश्यक, समभावमा संस्कार जम्दैन	४८
अनात्माका कुरा छोडेर आत्माके कुरामा अभ्यास बढाउनुपर्छ	५२
स्थितप्रज्ञमा स्थूल, सूक्ष्म, दिव्य कुनै वासना हुँदैन	५५
बिषय त्यागेर हुँदैन, रागलाई त्याग्नुपर्छ	५९
संसारीको र ज्ञानीको स्थितिमा रात र दिनको जस्तो अन्तर	६९
कामनानाशबाट मात्र साँच्चिको शान्ति	७०
आत्मसाक्षात्कार भएपछि फेरि भुलिदैन	७२

तेस्रो अध्याय

कर्मयोग र ज्ञानयोग दुवैको महत्त्व छ, कर्मयोगसाधना प्राथमिक	१
कर्मेन्द्रियलाई हैन; ज्ञानेन्द्रियलाई, मनलाई तह लगाउनुपर्छ	५
शास्त्रले तोकेको कर्म नगरे थिति नै भाँडिन्छ	८
यज्ञभावना पक्का भएमा कर्म बन्धन वन्दैन	९
सबैमा सद्भाव गर्नु यज्ञ नै हो	१२
यज्ञप्रवर्तनमा गृहस्थको, अझ राजाको जिम्मेवारी छ	१६
कर्मबाट विचलित गराउनु हुन्न	१७
कर्म छोड्नु हुन्न	२९
भगवान्को खटन, भगवान्लाई नै सुम्पंदा सुख	३०
प्रारब्ध र पुरूषार्थ	३३
स्वधर्माचरणबाट नै कल्याण	३५
काम–भोगेच्छा– साधकको शत्रु हो	३७
ज्ञानेन्द्रिय, मन, बुद्धिलाई जितेपछि कामलाई जितिन्छ	४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
चौथो अध्याय	
देशको परिपालक योगको साधक हुनुपर्छ	१
धर्म संस्थापनका लागि ईश्वरको अवतार हुन्छ	६
भगवान्को अवतारलीलाविग्रह सँधै जस्तातस्तै रहन्छ	११
कर्मविधाता भगवान् लिप्त हुँदैन	१३
कर्म फरक भएपनि सिद्धि फरक हुँदैन, उही हुन्छ	१८
ज्ञानीबाट भएका कर्मको कसर रहँदैन	२०
ज्ञानीबाट भएको कर्म अभेदयज्ञ बन्छ	२३
बाह्र प्रकारका यज्ञ	२५
सबै यज्ञ ज्ञानयज्ञकै निमित्त हुनुपर्छ	३३
पाँचौं अध्याय	
गृहस्थाश्रमका कर्महरू	१
कर्मयोग र कर्मसंन्यास दुबै उपाय मात्र हुन्	६
साधनापथमा अभ्यासको लागि गृहस्थाश्रम बेस	६
बाँध्ने वा नबाँध्ने कर्मले हैन, भावनाले हो	११
पिण्डाण्ड र ब्रह्माण्ड उस्तै छन्	१३
गाई, चाण्डाल, बाहुन आदिमा सर्वत्र सम ब्रह्म छ	१८
विषयसुख आभास मात्र हो	१९
योग	२७
अन्तर्यामी तत्त्वको ज्ञानले शान्ति प्राप्त हुन्छ	२९
छैठौं अध्याय	
संकल्प छोडेपछि प्रवृत्तिमार्ग र निवृत्तिमार्ग जोडिन्छन्	१
योगको मात्रावृद्धि संगसँगै कर्मको मात्रा घट्छ	३
इन्द्रियको वशमा पर्नु आपत्तिको, इन्द्रियलाई वशमा राख्नु संपत्तिको बाटो	५
योगी युक्त र युञ्जान दुइ किसिमका हुन्छन्, युक्त श्रेष्ठ हो	७
युञ्जान योगीले गर्नुपर्ने योगाभ्यास	१०
योगीका आहारविहार नियमहरू	१६
योगबाट हुने सुख श्रेष्ठ हो	२१
योग गर्ने प्रक्रिया	२४
निर्विकल्प समाधिबाट पञ्चकोशविवेकज्ञान हुन्छ	२८
परमेश्वरको प्रत्यक्ष गर्ने पद्धति	२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
मनलाई तंह लांउन अभ्यास र बैराग्य बढाउनुपर्छ	३५
योगसाधकले ढीलो वा चाँडो परम गति अवश्य पाउँछ	४०
योगको स्वरूप र योगबाट हुने उपलब्धि	४७
योगाङ्गको परिचय	४७

सातौं अध्याय

परमेश्वर दर्शनको फल	१
परमेश्वर दर्शन कसैलाई मात्र हुन्छ	३
परमेश्वरका दुइ प्रकृति	४
प्रवृत्तिवाट समेत मानिस बन्न ईश्वरतिर फर्कनुपर्छ	६
प्रत्येक वस्तुको सारतत्त्व परमेश्वरको विभूति हो	७
ईश्वरमा अविश्वास पतनको मूल हो	१४
भगवान्मा भक्ति लाग्नु पुण्यको फल हो	१७
ज्ञानीको भक्ति संधै एकनासको प्रेममय हुन्छ	१९
अभीष्ट देवतामा श्रद्धाधायक र फलदायक स्वयं भगवान्	२१
भक्ति नभएको मानिस अधम हो	२५
सबै भगवान्कै स्वरूप हुन् भन्ने भावको भक्ति बेस	२५
नररूप लिंदा पनि भगवान्को सर्वेश्वरत्व आदि उही हुन्छ	२५
भगवान्को सगुण साकार विग्रह लीलामय हो, संस्कारमय हैन	३०

आठौं अध्याय

सर्व र अल्प औपाधिक हुन्, ईश्वर र जीव यौटै हो	५
अभेद बोधक महावाक्य	५
सद्योमुक्ति र क्रम मुक्ति (सगुण ब्रह्मोपासना)	५
कर्मका साथ भक्ति चलिरहनुपर्छ	१०
बाहिरको बातावरणले बेहोशीमा पनि भित्र प्रभाव पर्छ	१०
जीवनकालको असल अभ्यासले अन्तकालमा असल भाव हुन्छ	१०
योगबाट प्राणत्याग असामान्य हो	१५
नामकीर्तनबाट नामी अभिमुख हुन्छ	१५
ब्रह्मलोकबाट फर्कने र मुक्त हुने	१७
निरूपाधि तत्त्व माया आदिको कल्पनाबाट अस्पृष्ट छ	२२
आवृत्ति हुने र नहुने गति	२४
उत्तर गति, क्रममुक्ति	२९
दक्षिण गति, पुनरावृत्ति	२९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
नवौं अध्याय	
परिपुर्णको विद्या स्वयं परिपूर्ण	६
भ्रम हुँदा पनि, नहुँदा पनि सत्ता अधिष्ठान बस्तुको मात्रै हुन्छ	६
भगवत्सत्तामा प्रपञ्चसत्ता अडेको व्यवहारमा हो, परमार्थमा हैन	६
सङ्कल्पात्मक प्रकृतिबाट जगत्चक्र चलिरहन्छ	१०
भासित सबैमा परमेश्वरको परमभाव छ	१२
जुन भाव दृढ भयो, मान्छे त्यही भावमय हुन्छ	१५
नश्वरको ध्याउन्ना गर्ने मानिस नश्वर वस्तु जस्तै मर्छ	१५
साधन, साधना, विधिपद्धति जम्मैं परमात्ममय हुन्	१९
भोगेच्छा नछुट्टेसम्म संसार छुट्दैन	२१
भक्तको लागि जुटाउने र जोगाउने भारा भगवान् नै बोक्नु हुन्छ	२२
परमात्माको आराधनामा न बढी खर्च लाग्छ, न दुःख कष्ट हुन्छ	२८
पहिले के गऱ्यो भन्ने भन्दा 'अब के गर्दै छ' को हिसाब हुन्छ भक्तिमा	३१
भक्तिसाधनामा ऊँचनीचको, स्त्रीपुरुषको भेदभाव छैन	३२
दुःखमय अनित्य संसारमा भक्ति नै गर्नुपर्छ	३३
भक्तिबाट ब्रह्मात्मैकत्वबोध हुन्छ	३४
भक्तिलाई कर्मनिष्ठाबाट पनि, ज्ञाननिष्ठाबाट पनि छुट्याउन मिल्दैन	३४
दशौं अध्याय	
प्रवृत्ति र निवृत्ति दुवै मार्गमा उपासना उपादेय छ	६
हिरण्यगर्भ आदि विस्तार भगवानको विभूति हो, महिमा हो	७
भगवान्को कृपाले ज्ञानज्योति खुल्छ	११
भूतभौतिकको छेउ, टुप्पो, माझ जम्मै आत्मा नै हो	२०
सगुण साकार विभूतिको उपासनासिद्धिले भगवान्को योग बुझिन्छ	२१
भगवान्का ध्येय विभूतिहरू	२१
भगवान्मा ब्रह्माण्ड मेरुपर्वतमा तिल जस्तो मात्रै हो	४२
एघाह्रौं अध्याय	
अर्जुनको कर्तृत्व भोक्तृत्वाभिमान रूपी मोहको नाश	१
विश्वरूप प्रदर्शन	९
ईश्वर, हिरण्यगर्भ र विराट	१४
अर्जुनबाट साक्षात्कृत विश्वरूपको वर्णन	१५
अर्जुनको व्याकुलता	२३
जगत्मा कोही पनि महाकालको पकडबाट पर छैन	३२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
महाकालको लीलाविलासमा मान्छे निमित्त मात्रै हो	३३
द्विभुज श्रीकृष्णको, चतुर्भुज विष्णुको, सहस्र भुज ईश्वरको एकत्व	५१
साधनामा उपासना मध्यबिन्दुमा हुन्छ	५१
साधनाको सरल पद्धति	५५

बाह्रौं अध्याय

धारणा ध्यानसमाधिको एक मुष्ट नाम उपासना हो	१
सगुणोपासनामा विचलनको डर कम हुन्छ	२
सगुणोपासनाले निर्गुणोपासनाको सोपान तयार हुन्छ	८
सबभन्दा सुकर तथा प्राथमिक साधना सर्वकर्मफलत्याग हो	१२
भक्तिनिष्ठामा जुन साधन कर्तव्य हुन्छन्, ज्ञाननिष्ठामा ती स्वभाव हुन्छन्	१३
सगुणोपासना क्रमिक उपायको अचलम्बन गर्न पाइने हुनाले बेस	२०

तेह्रौं अध्याय

व्यवहारमा ठानेको कुराले परमार्थलाई स्पर्श गर्दैन	२
वस्तुको सत्यत्व बुझ्न अवस्तुको मिथ्यात्व पनि बुझ्नुपर्छ	३
अव्यक्त माया, त्यसबाटका परिणाम जम्मा चौबीस तत्त्व क्षेत्र हुन्	५
सृष्टि मायाको विलास मात्र हो	५
अचित् संघात र चित् आत्माको अविवेकले भोक्तृत्वाभिमान हुन्छ	६
क्षेत्र भास्य हो क्षेत्रज्ञ भासक हो	६
अध्यात्ममार्गमा अमानित्व आदि कहिल्यै पनि छुट्दैनन्	११
क्षेत्रज्ञ साक्षात् परब्रह्म हो, निष्प्रपञ्च अद्वैत तत्त्व हो	१२
अध्यारोपका क्रममा सविशेष ब्रह्म	१३
व्यष्टिपिण्डदृष्टि हुँदा जीवभेदभ्रम हुन्छ	१६
सबै ज्योति आत्मज्योतिबाटै ज्योतित छन्, आत्मा मूल ज्योति हो	१७
अन्तः शुद्धिका लागि भोगमुख नभई भगवन्मुख हुनुपर्छ	१७
भगवद्भक्ति विना अहंभाव गल्दैन	१८
नबुझेकालाई बुझाउन बुझेकाले गरेको सृष्टिकल्पना अध्यारोप हो	२२
गुणसङ्ग सामान्यतः चार किसिमको हुन्छ	२२
तीन किसिमका कर्म संस्कार	२२
क्षेत्र क्षेत्रज्ञको अभेदभ्रम अध्यास हो	२६
नाशवान्लाई आत्मा मान्नेले आत्महत्या गरिरहन्छ	२८
आत्मामा नै नामरूप भेद उठ्छन् र हराउँछन्	३०
आत्माको र सृष्टिको तत्त्व बुझ्दा मोक्ष हुन्छ	३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
चौधौं अध्याय	
वृत्तिव्याप्ति र फल व्याप्ति	२
बुद्धि गुणमा लाग्दा बद्ध र निर्गुणमा लाग्दा मुक्त हुन्छ	२
सृष्टिको उपादान कारण अपरा र निमित्त कारण परा प्रकृति हो	४
गुणाभिमान नै बन्धन हो	५
तीन गुणको स्वभाव र बन्धकता	६
अन्तकालको गुणस्थिति अनुरूप योनिमा जन्म हुन्छ	१५
गुणाभिमान छुट्यो भने दुःख छुट्यो	२०
अज्ञान शक्तिः आवरण र विक्षेप	२०
जीवन्मुक्तिको नित्यसमाधिस्थ सातौं भूमिका	२२
,, पदार्थाभावनी छैठौं भूमिका	२३
,, असंसक्ति पाँचौं भूमिका	२४
,, सत्त्वापत्ति चौथो भूमिका	२५
अनन्य भक्ति योगले त्रिगुणलाई पार गर्ने योग्यता दिन्छ	२६
सात ज्ञान भूमिका	२७
अघिल्ला तीन साधन भूमिका, पछिल्ला तीन फल भूमिका, चौथो मध्य भूमिका	२७
पन्ध्रौं अध्याय	
संसार महावृक्षको रज्जुसर्पको जस्तै आदि अन्त छैन	४
विना उपासनाको ज्ञान परिपाठ मात्रै पनि बन्न सक्छ	४
विषयेन्द्रिय, मन बुद्धि आत्माकै प्रकाशमा प्रकाशित हुन्छन्	६
अन्तःकरणको भान हराएपछि जीव हुँदैन, परमात्मा हुन्छ	७
आत्मा देखिन भन्नु अरू वस्तु देखें उज्यालो चाहिं देखिन भन्नु जस्तै हो	१०
परमात्मालाई खोज्न कतै जानु पर्दैन, बुझ्नुमात्रै पर्छ	१२
अन्तर्यामी	१५
गीताको मथितार्थ सारसंग्रह पन्ध्रौं अध्यायमा, त्यसको पनि सार १६–१९ चार श्लोकमा	२०
क्षर, क्षरोपहित, अक्षर, अक्षरोपहित तथा निरूपाधि तत्त्व	२०
सोह्रौं अध्याय	
दैवी सम्पत्ति, मुख्य ज्ञानयोग व्यवस्थिति; आसुरी सम्पत्ति	१
साधना गर्नु भनेको दैवी प्रकृतिको उन्नयन र आसुरी प्रकृतिको दमन गर्नु हो	२०
साधनामार्गमा शुरूदेखिका अवरोध कामक्रोधलोभ हुन्	२२
काम, भोगेच्छालाई हटाउन नित्यानित्यवस्तुविवेक निरन्तर हुनुपर्छ	२२
अनुशासनमा राखेर रक्षा गर्नु शास्त्रको उद्देश्य हो	२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
प्रवृत्ति र निवृत्ति, चौध विद्यास्थान	२४
कर्तव्य अकर्तव्यको निर्णय शास्त्रका आधारमा हुनुपर्छ	२४

सत्रौं अध्याय

शास्त्र, कर्म, श्रद्धा सबै सात्त्विक भएमा सिद्धि, सुख एवं परम गति हुन्छ	३
तीन किसिमका आहार	७
तीन किसिमका यज्ञ	११
तीन किसिमका तप पुनः तीन किसिमका	१४
तीन किसिमका दान	२०
ब्रह्मका तीन नाम	२३
सत् कर्म र असत् कर्म	२८

अठ्ठाह्रौं अध्याय

नित्य कर्म आफैं छुट्छ भने छुटोस्, आफूले छोड्नु हुन्न	६
शरीरको धारण र शरीरको शोधन कर्मका मूल उद्देश्य हुन्	९
'गरें' भन्नु जस्तै 'गरिन' भन्नु पनि अभिमान नै हो	१०
ज्ञानत्रिपुटी प्रेरक र ग्राहक हुन्, कर्म त्रिपुटी कारक हुन्	१८
त्रिपुटीका तीनै तत्त्व सत्त्वादि भेदले तीन किसिमका हुन्छन्	१९
बुद्धि र धृतिका तीन तीन किसिम	२९
सुखका तीन किसिम	३६
सामान्यतः देवतामा सत्त्व, मनुष्यमा रज, पशुपक्षीमा तम प्रधान हुन्छ	४०
जाति र संस्कार अनुसार चार वर्णका कर्तव्य	४१
जातिवर्णधर्ममा झैं शमदमादिधर्ममा बन्देज छैन	४१
कुनै एक वर्णमा जन्म हुनाको कारण पूर्वकर्मसंस्कार नै हो	४८
कर्ममा भेद भए पनि साधना पद्धतिमा र सिद्धिमा भेद छैन	५०
अध्यात्ममार्गका सामान्य सोपान	५०
ब्रह्मप्राप्ति भनेको कुन नौलो मूर्त वा अमूर्त फल प्राप्ति हैन	५०
आफ्नो स्वरूपानुभवमा स्थित रहनु परमज्ञाननिष्ठा हो	५६
'म' भन्ने अहङ्कार र अनन्य भगवद्भक्ति सँगै रहँदैनन्	५८
कर्मबाट संस्कार बनाउनु र नबनाउनुमा मानिस स्वतन्त्र छ	६०
परमेश्वरलाई देख्ने ज्योतिको मूल हृदयभित्रै छ	६२
गर्नाका तह धेरै छन्, बुझेर गर्नु उत्तम हो	६३
गीतार्थ सार संग्रह	६५
समस्त द्वैताभिमान छोड्नु सर्वधर्मपरित्याग हो	६६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय	श्लोक
द्वैताभिमानबाट उठेका अनर्थ नै सर्वपाप हुन्	६६
मलिनमा विद्या ज्योतित हुंदैन	६७
विद्याको प्रसार नगरी पनि हुन्न, जथाभावी गर्नु पनि हुन्न	७२
गीताध्ययनको फल मोहनाश, स्वरूप स्मृति	७३
गीता स्वयं भगवान्‌को हुकुम हो	७५
जहाँ कृष्ण त्यहीं सबै भला कुराहरू	७८

×

उत्तरपीठिका

	पृष्ठ
१ गीतोपदेशपछिको कथासूत्र	२६७
२ गीताध्ययनप्रसङ्गमा जान्नुपर्ने व्यक्तित्वहरू	२७३

श्रीकृष्ण	२७३	अर्जुन	२८३
अनन्त	२९४	अर्यमा	२९५
अश्वत्थामा	२९६	असित, इक्ष्वाकु	२९९
उत्तमौजा, उशना कवि	३००	कपिल	३०१
कर्ण	३०२	काशीराज, कुन्ति भोज, कुन्ती	३०८
कृप	३१२	चेकितान, चित्ररथ, जनक	३१३
जयद्रथ	३१४	दुर्योधन	३१६
देवल	३२२	द्रुपद	३२३
द्रोण	३२४	द्रौपदी	३२८
धृतराष्ट्र	३३५	धृष्टकेतु, धृष्टद्युम्न	३३९
नकुल, नारद	३४०	पाण्डु	३४३
पूर्वे चत्वारः, प्रल्हाद	३४५	भीमसेन	३४७
भीष्म	३५०	भृगु	३५५
मनवः	३५६	महर्षयः सप्त	३५७
मरीचि, अत्रि, अङ्गिरा	३५८	पुलस्त्य, पुलह, क्रतु, वसिष्ठ	३६०
यमराज	३६१	युधिष्ठिर	३६२
युयुधान	३६७	रवि, विवस्वान्	३६९
श्रीराम	३७०	वरूण	३७२
वासव, वासुकि	३७३	विकर्ण, वित्तेश	३७४
विष्णु	३७५	वैनतेय	३७६
वृहस्पति	३७९	व्यास	३८०
शशी	३८३	शङ्कर	३८४
शिखण्डी	३८८	सौभद्र (अभिमन्यु)	३८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संजय ३९१
सहदेव ३९४
स्कन्द ३९२
अक्षर क्रममा श्लोक सूची ३९४

चित्र सूची

लेखक दम्पती पूर्व पीठिका १
महर्षि वेदव्यास र वाल्मीकि ,, ,, ७
भगबती गीता मध्यमणिको मुख पत्र
महायुद्धमा श्रीकृष्णको शङ्खघोष ४
जगद्गुरू श्रीकृष्ण ११
गायत्री ५७
पञ्चदेव ७७
शास्त्र र शस्त्र १२१
भगवानले भर्न हुन्छ १३८
नराणां च नराधिपम् १५०
परमगति १७२
अश्वत्थ वृक्ष २१०
राधा गोविन्द २५८
श्रीराम पञ्चायतन ३७०
गौरीशङ्कर ३८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीः

संस्कृत श्लोकको

शुद्धि पत्र

पृष्ठ	श्लोक	शुद्ध	अशुद्ध	पृष्ठ	श्लोक	शुद्ध	अशुद्ध
७	२६	पितृन्	पितृन्	९१	२७	ह्याँश्च	ह्याँश्व
७	२६	भ्रातृन्	भ्रातृन्	९१	२७	क्षुश्चै	क्षुचै
२७	२८	देवना	वेदना	१०९	६	य	ण
३१	३७	निश्चयः	निश्वय	११०	९	तपश्चा	तपश्वा
३१	३८	यौ	यो	११३	२०	स्तैं स्तैं	स्तै स्ते
३३	४०	भि	भ्रि	११६	२७	सर्गे	सर्वो
३८	४७	णि		१२५	१९	राव्या	रान्या
४२	५७	भि	मि	१३१	६	धारय	धाहय
६३	३२	ज्ञान	ज्ञन	१५२	३८	ज्ञान	चान
६५	४०	विमो	विमा	१६०	२२	ये च	य च
७६	२७	म	मभ	२१५	१२	चाग्नौ	चामौ
७९	४०	श्च	श्व	२३०	५	तपो	तपयो
८२	६	संन्या	संया	२३२	१५	मयं	मय
८७	१७	तन्नि	तान्नि	२३५	२७	चोच्यते	चोच्येते
८७	१९	हि	ही	२४९	४४	गौ	गो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न मे भक्तः प्रणश्यति

लेखकदम्पती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वपीठिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भगवद्गीता–गीतालोकभाष्य

पूर्व पीठिका

भगवान् श्रीकृष्णका पाउमा

पत्रं पुष्पम्

पूर्णावतार भगवान् वासुदेव श्रीकृष्णबाट मानवमात्रको कल्याणार्थ निगाह भएको अविनाशी सुधामृतको नाम 'श्रीमद्भगवद्गीता' हो। यो ग्रन्थरत्नले सनातनधर्मपरम्परामा वेद, उपनिषद् सरहको प्रतिष्ठा पाएको छ। यसलाई सनातनधर्मानुयायी सबैले सर्वशास्त्रमय मानेका छन्। यसको महिमागान यसरी भएको छ –

एकं शास्त्रं देवकीपुत्रगीतम् एको देवो देवकीपुत्र एव।
एको मन्त्र स्तस्य नामानि यानि कर्माप्येकं तस्य देवस्य सेवा।

देवकीपुत्रले गाइबक्सेको शास्त्र नै मुख्य शास्त्र हो; देवकीपुत्र नै मुख्य देवता होइबक्सिन्छ; उहाँका नामहरू नै एक मात्र मुख्य मन्त्र हो; उहाँको सेवा नै एकमात्र मुख्य कर्म हो। यो महिमागानमा कुनै 'सनातनीले कुनै शङ्का उठाएको छैन। आविर्भावकालदेखि नै यो श्रेष्ठ ग्रन्थले विभिन्न पथका अनुयायीहरूलाई, यात्रीहरूलाई यथोचित सत्प्रेरणा दिंदै आएको छ। मानवमात्रलाई उद्बोधन गर्ने, सुखशान्तिको मार्ग देखाइदिने, विभिन्न धर्मपथका विश्वासीलाई अविरोधी मित्रभावका साथ संगसंगै आफ्ना साधनामा अघि बढ्न प्रेरणा दिने यो गीताग्रन्थको नेपाली भाषामा आशय स्पष्ट गर्ने अनेक प्रकारका – प्रवचन, लेख, पद्यानुवाद, भावानुसारी कविता, गद्यमा व्याख्या आदि – प्रयास चल्दै आएका छन् :–

गीता – नेपाली भाषा श्लोक सहित — पं. श्रीकेदारनाथ खतिवडा,
गीता – कोमलगीता पद्य तथा गद्य — पं. श्रीकोमलनाथ अधिकारी,
गीता – निरञ्जनी टीका पद्य तथा गद्य — पं. श्रीहर्षनाथ खनाल,
गीता – पदच्छेद, अन्वय र नेपाली भाषा टीका — पं. श्रीधरणीधर कोइराला,
श्रीमद्भगवद्गीता सार — पं. श्रीलेखनाथ पौडेल,
श्रीमद्भगवद्गीता पूर्णानुवाद — पं. श्रीकृष्णप्रसाद घिमिरे,
श्रीमद्भगवद्गीता तात्पर्यटीका — पं. श्रीईश्वरानन्द गिरी,
गीता – कमल गीता (पद्य) विशेषार्थ व्याख्या सहित — ज्योतिर्विद् पं. श्रीकमलनाथ शर्मा,
गीता यथार्थ रूप — पं. श्रीभक्ति वेदान्त स्वामीको अंग्रेजी व्याख्याको नेपाली अनुवाद।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीमद्भगवद्गीताको व्याख्या गर्नु हुने, मैले जान्न नसकेका अरू पनि विद्वान् हुनु होला। कोमलनाथ अधिकारीले भूमिकामा श्रीमद्भगवद्गीता "आपनू भाषामा अभाव हुँदा" भनेर आपनो अनुवादलाई नेपालीमा प्रथम मान्नुभएको छ। उहाँको अनुवाद प्रकाशित भएको १९९० सालमा हो। केदारनाथ खतिवडाको "श्रीमद्भगवद्गीता नेपाली भाषा श्लोकसहित" नेपाली भाषा श्लोकको ललिताप्रसाद वर्माले गर्नुभएको अंग्रेजी गद्यानुवादसमेतको किताब १९८७ सालमा नै प्रकाशित भैसकेको थियो। त्यो प्रकाशन श्रद्धा, भक्ति र उदारताका साथ निकै खर्च लगाएर गरिएको पाइन्छ। अतः श्रीमद्भगवद्गीताको नेपाली भाषामा विधिपूर्वक सम्पूर्ण अनुवाद गर्ने प्रथम श्रेय, मैले जाने अनुसार, केदारनाथ खतिवडालाई दिनुपर्छ। त्यो बेलाको नेपालका दिग्गज, अग्रगण्य विद्वान् पं. दिव्यदेव, पं. उमानाथ, पं. विष्णुप्रसाद, पं. पद्मप्रसादहरूले केदारनाथको अनुवादलाई मुक्तकण्ठले प्रशंसा गर्नुभएकोबाट त्यसको महत्त्व झन् बढेको छ। गीताको पद्यानुवादका साथै गद्यमा छैठौं अध्यायसम्मको विशेष व्याख्या समेत गर्ने काम पं. श्री हर्षनाथ उपाध्याय खनालले १९९१ साल चैत्रमा पूरा गर्नुभएको रहेछ। तर हर्षनाथी टीकाभन्दा पहिले ईश्वरानन्दी टीका प्रकाशित भो। यी दुवै टीका गतिला छन्। हर्षनाथजीको छ अध्यायको टीका पढ्दा उहाँले जम्मै अध्यायको व्याख्या गर्न सक्नुभएको भए गीताध्यायीहरूलाई बढी उपकार हुन्थ्यो। गोविन्द्रप्रसाद भट्टराईले बाँकीमा टीका लेख्नुभएको त छ, त्यो हर्षनाथजीको पद्यानुवादबाट नै गतार्थ जस्तो देखिन्छ। ईश्वरनन्दी टीकाले नेपाली पाठकलाई गीताको अर्थ बुझ्नमा धेरै मदद गर्छ। ज्योतिर्विद् पं. कमलनाथ शर्माको 'सम पद्यानुवाद (नेपाली) विशेषार्थ व्याख्यासहित' गीता १९३५ सालमा प्रकाशित भो। कोमलनाथले जस्तै कमलनाथजीले उही उही छन्दका उत्ति श्लोकमा अनुवाद गर्नुभएको छ। कोमल गीताको अनुकरण गरी गीतामा आपनो नाम जड्नु भएको छ- 'कमलगीता'। उहाँले उपोद्घातमा दार्शनिक तत्त्वहरूको विषयमा आपनो ज्ञान देखाउने काम गर्नुभएको छ; श्लोकश्लोकको पनि परिश्रमसाध्य व्याख्या गर्नुभएको छ। यो सिलसिलामा जन्ममा कान्छो बनेर यो 'गीतालोक भाष्य' जनसमक्ष आएको छ।

यतिकसो व्याख्या छँदाछँदै यो व्याख्या किन चाहियो भन्ने प्रश्न उठ्नु अर्कै कुरा हो। तर यो व्याख्या जन्मनु चाहि स्वाभाविक हो, प्राकृतिक हो। "नभः पतन्त्यात्मसमं पतत्रिणः" पखेटा भएका सबै प्राणी उड्छन्, यो प्रकृति हो; कति धेरै वा माथि उड्छन्, यो शक्तिको कुरो हो। जति धेरै उडे पनि, जति माथिसम्म उडे पनि उडान आकाश भित्रै हुने हो, आकाशलाई पार गर्न कसैले पनि सक्ने हैन। यस्तै यथार्थमा आपना अग्रज, नेपाली व्याख्या मात्र हैन, यथालाभ संस्कृत व्याख्याहरूको यथायोग्य सहायता समेत पाएर यो 'गीतालोकभाष्य' बनेको छ। सर्वेश्वर, सर्वात्मा, परमात्मा भगवान् श्रीकृष्णको पूजा आराधना सबैले आपनै कल्याणको निमित्त गर्नुपर्छ। महामायाधिपति, स्वाभाविक षडैश्वर्यसम्पन्न श्रीकृष्णचन्द्रलाई खाँचो पनि केही छैन; चाहिएको पनि केही छैन; कसैले केही चढाउँदा र नचढाउँदामा सदा परिपूर्ण, परितृप्त परमात्मामा केही फरक पर्ने पनि हैन। तर जीवले उहाँको पूजा आराधना गर्नै पर्छ, कर्तव्य हो। भगवान्को, श्रीकृष्णको चाला निराला छ, लीला अनौठो छ, अचिन्तनीय छ; चौरासी परिकारले युक्त, भौतिक परिमाणमा अतिअति ठूलो दुर्योधनको राजकीय भोजको तिरस्कार गरिबक्स्यो, विदुरको शाकान्न स्वीकारेर विदुरपत्नीले भक्तिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विमोहमा गुदी फ्याँकीफ्याँकी टक्र्याएको केराको बोक्रा मीठो मानीमानी ज्यूनार भो। मिथिला सम्राट्को राजान्न पनि, ब्राह्मणको भिक्षान्न पनि श्रीकृष्ण प्रभुबाट एकै क्षणमा सम्राट्को आलीशान दरबारमा र ब्राह्मणको झुत्रो झुप्रोमा उही प्रेमसँग ग्रहण गरिबक्स्यो। यो 'गीतालोकभाष्य' अरूले चढाएका अनेक उत्तमोत्तम फूलमाला, भूषणअलङ्कार, द्रव्यवस्त्रले खचिखचाउ श्रीकृष्णचरणारविन्दमा हामी भिक्षु कदम्पतीले चढाएको 'पत्रं पुष्पं' हो।

भाष्य शब्द व्याख्यालाई बताउने पुरानो नाम हो। यसको प्रसिद्धि आफ्नै किसिमको छ। गतिला आचार्यहरूले लेखेका, वेद, उपनिषद्, सूत्र जस्ता उत्कृष्ट ग्रन्थका, उत्कृष्ट व्याख्याको नाम भाष्य रहने गरेको हो– सायणभाष्य, महाभाष्य, शावरभाष्य, व्यासभाष्य, वात्स्यायनभाष्य, प्रशस्तपादभाष्य, शाङ्करभाष्य, श्रीभाष्य आदि आदि। मैले लेखेको यो गीताव्याख्यालाई 'भाष्य' भन्ने नाम राखेको बढी गरेको जस्तो लाग्न पनि सक्छ। तर यो नामको उद्भावन हुँदा त्यस्तो उत्कृष्टता जाहेर गर्ने आशय राखेको चाहि हैन। 'गीतालोकभाष्य' भन्ने नामभित्र गीता, आलोक, लोक र भाष्य चार पद परेका छन्। गीताको अर्थ श्रीकृष्ण भगवान्को गीता हो; आलोकको अर्थ प्रकाश हो, उज्यालो हो; लोकको अर्थ संसार हो, सामान्य जन हो; भाष्यको अर्थ बोलचालको भाषामा लेखिएको रचना हो। यो चार पदको समासबाट 'गीतालोकभाष्य' नाम बनेको छ। गीताको आलोकमा देखेको गीताकै आलोकलाई, गीताको आशयलाई लोकभाषामा, लोकको बोलचालको नेपाली भाषामा लोकको निमित्त, सामान्यजनको निमित्त लेखिएको रचना भन्ने आशय जाहेर गर्ने मनसायले 'गीतालोकभाष्य' भन्ने नाम राखिएको हो। अरू अर्थ यो नामबाट ध्वनित नहोस् भन्ने पनि हैन। भाष्य शब्दले दिने मूल अर्थ सामान्य जनभाषामा लेखिएको रचना नै हो। भाष्य शब्द प्रचलनमा आउने ताक ग्रन्थ लेखिने सामान्य जनभाषा संस्कृत थियो। वेद, उपनिषद्हरू गहन छन्; अर्थगम्भीर छन्। सूत्रहरूले गम्भीर, दार्शनिक दुरूह अर्थ बोकेका हुन्छन्। तिनको अर्थ राम्ररी खोलेर विस्तारपूर्वक व्याख्या गर्नाको साथसाथै मूलग्रन्थको आशयसँग प्रतिकूल नहुने किसिमका अरू कुरा पनि, व्याख्याकारका मन्तव्य पनि वर्णन गरिएको रचना भाष्य हो भन्ने परिभाषा गरिएको छः–

"सूत्रार्थो वर्ण्यते यत्र पदैः सूत्रानुसारिभिः
स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदुः।"

यसो हुँदा यो व्याख्यालाई भाष्य भन्ने नहुने पनि हैन, डराउनु पर्ने पनि छैन।

गीता भगवान् श्रीकृष्ण परमात्माको हृदय हो– "गीता मे हृदयं पार्थ"; भगवान्को हृदयलाई बुझ्ने भगवान् नै होइबक्सिन्छ "कृष्णो जानाति वै सम्यक्"। "नाय मात्मा प्रवचनेन लभ्यः, न मेधया, न बहुना वा श्रुतेन"– प्रवचन गर्न जानेको वा सुनेको हुँदैमा, बुद्धि भएको वा धेरै पढेगुनेको हुँदैमा परमात्मा पाइने हैन। यसको निमित्त परमात्माकै अनुग्रह चाहिन्छ। जसले परमात्माको कृपा पाउँछ, त्यसैले परमात्मालाई पाउँछ– "यमेवैष वृणुते तेन लभ्यः"। गीताको अभ्यासबाट प्रवृत्तिनिवृत्तिमय धर्मको स्वरूपज्ञान हुन्छ र वर्णाश्रमानुसार धर्मपरिपालन गर्ने मानिस भगवदनुग्रहपात्र बन्छ र धर्मार्थकाममोक्षात्मक पुरूषार्थ सिद्ध हुन्छ। गीता व्याख्याले गीताभ्यासमार्गलाई उज्यालो बनाइ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्छ । जेजस्तो गीताव्याख्या पढे पनि बुझ्न त आफैंले पर्छ । जति उज्यालो पाए पनि, जति सहारा मिले पनि हिंड्नु त आफैंले पर्छ । हिंड्न खोज्नेलाई, पाउन चाहनेलाई, पढ्न मन गर्नेलाई व्याख्याले मदद गर्छ; व्याख्या सरल हुनपर्छ । यस्तो समझमा यो गीतालोकभाष्य बनेकोले यसमा पाण्डित्य-प्रदर्शनपद्धतिलाई सकेसम्म नलिई सजिलोसँग बुझाउने शैलीलाई अँगालेको छु । पढाउने आफ्नो बानी, कहींकहीं कक्षामा विद्यार्थीलाई पढाए जस्तो किसिमले पनि व्याख्या भएको छ । संस्कृत नपढेका र संस्कृतशब्दलाई जिभ्रोमा मुश्किलसँग हिंडाउनुपर्ने बालवनितालाई अडीअडी पाठ गर्न सजिलो हुने तुल्याउन मूलश्लोकलाई पदपद छुट्याएर छापेकोमा संस्कृतका अभ्यासीलाई कस्तोकस्तो पनि लाग्ला ! पदपदको अन्वय गरी अन्वयको पदक्रम अनुसार नेपाली अर्थ लेखिएको हुँदा श्लोकको पूरा अर्थका साथै याद गरेर पढ्नेलाई प्रत्येक पदको अर्थ खुल्नेछ भन्ने अन्दाज गरेको छु । श्रीमद्-भगवद्गीता संस्कृतश्लोक पाठ नगरेर अँग्रेजी व्याख्या पढ्छु भन्ने श्रद्धालु भक्तहरू हिजोआज धेरै भेटिनुहुन्छ । गीताको आशय बुझ्नै पर्छ, त्यसको लागि जुन भाषाको सहारा लिए पनि हुन्छ । तर गीता भनेकै संस्कृतश्लोकभाग हो । अर्जुनावतार साक्षात् नरको र श्रीकृष्णावतार साक्षात् भगवान् नारायणको मुखारबिन्दबाट निस्केका वाणी संस्कृत श्लोक नै हुन् । ती वाणी सर्वथा निर्दोष एवं पवित्र छन्, पुण्यदायक छन्, अमृतमय छन्, चित्तको तमोनाशक छन् । पूर्ण परमेश्वरभावमा स्थित भएर श्रीकृष्णले बोलिबक्सेको गीता वेद उपनिषद् नै हो । यसका प्रत्येक पद मन्त्र हुन्, प्रत्येक श्लोक महामन्त्र हुन् । निश्चित संख्या पुग्ने गरी जप गरे गराएपछि मन्त्रको पुरश्चरण हुन्छ, मन्त्र सिद्धि दिने बन्छन् । उहिलेदेखि अनेकानेक ऋषिमुनि, भक्तमहात्मा, योगीज्ञानी, साधुसन्त, सतीसाध्वी आदि पुण्यात्माहरूले पाठ गर्दागर्दै गीताका संस्कृत पद श्लोकहरूको अरबौं अरबौं संख्यामा जप भैसकेको छ; करोडौं करोडौं पुरश्चरण भैसकेका छन् । यसो हुँदा गीताका संस्कृत पद श्लोकहरू सिद्ध महामन्त्र हुन् । तिनको पाठबाट सिद्धि मिल्छ, भक्ति बढ्छ । उपसंहारमा स्वयं भगवान् श्रीकृष्ण-बाट पठनपाठनको महिमागान गरिबक्सेको संस्कृतश्लोकको नै हो । तिनलाई नै छोड्यो भने, मूल मणि नै छोड्यो, मुख्य मन्त्र नै छोड्यो, सर्वोपरि अमृत नै छोड्यो । त्यसकारण गीताप्रेमीले संस्कृतश्लोक छोड्नै हुन्न; सकीनसकी, कनीकुथी, अक्षरअक्षर फोरीफोरी संस्कृतश्लोकको पाठ गर्नैपर्छ, क्रमक्रम दिनको एकै श्लोक सही शुरूशुरूमा । एक श्लोक मात्र मुखाग्र आयो भने पनि महालाभ भयो, आखिरमा त्यसैले उद्धार गर्छ । गर्दागर्दै संस्कृतश्लोक भन्ने बानी जिभ्रोलाई पर्छ, रस लाग्छ, आनन्द हुन्छ, वरत्र र परत्र दुवैतिर लाभ हुन्छ । यसको अतिरिक्त आशय बुझ्नाको लागि कुनै व्याख्याको अनुशीलन गर्नुपर्छ । यो गीतालोकभाष्यमा यो कुरालाई ध्यानमा राखी आवश्यक र प्रकरण अनुसार श्लोकको र/वा श्लोक समूहको आशयलाई विस्तारपूर्वक स्पष्ट गर्ने प्रयत्न गरेको छु र अध्यायको अन्तमा त्यसको नाम रहनाको प्रयोजन देखाएको छु । यो गीतालोकभाष्यको मध्यभाग-सम्बन्धी कुरो हो ।

यो गीतालोकभाष्य तीन भागमा बाँडिएको छ । पहिलो भागको नाम 'पूर्वपीठिका', पछिल्लो भागको नाम 'उत्तर पीठिका' र मध्य भागको नाम 'मूल मणि' राखिएको छ । मध्यभागमा श्रीमद्भगवद्गीता व्याख्यासहित मूलमणिको रूपमा रहेको छ । पूर्वपीठिकामा हाम्रो सनातन आस्था र श्रद्धालाई मध्यनजर राखेर गीताविषयक प्रचलित विचारहरूमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छलफल समेत गरिएको छ। उत्तरपीठिकामा गीतासँग सम्बद्ध व्यक्तित्वहरूको परिचय दिने प्रयत्न भएको छ। समग्र गीतालोकभाष्य पढेपछि गीताको अर्थ र आशय बुझ्नुको साथै गीतासंग सम्बद्ध सबै कुराको अर्थात् पूरै गीतालोकको, गीताजगत्को ज्ञान हुन्छ। यो अर्थमा पनि गीतालोकभाष्य नाम राखेको हुँ। उत्तरपीठिकामा गीतापछिका महाभारतको मूलकथा, प्रमुख चरित्रहरूको साथै हिन्दू, देवी देवताहरूको र महापुरूषहरूको संक्षिप्त परिचय प्रस्तुत गरिएका छन्। यो अँश हिन्दू संस्कृतिमा चाख राख्नेहरूको लागि उपयोगी हुनेछ; र आफ्नो सांस्कृतिक धरातलका पूर्व पुरूष एवं महापुरुषहरूलाई, पठनपाठनको अभावले गर्दा, बिसिइने जस्तो अहिलेको नमीठो परिस्थितिमा नेपालीको निम्ति अवश्य पठनीय बनेको छ भन्ने विश्वास मैले लिएको छु। शक्तिले, बुद्धिले र समयले नभ्याएको कुरो अर्कै हो; उपयोगी बनाउने प्रयत्नमा जानीजानी कसर राखेको चाहिं छैन। यो श्लाघा हैन, भूमिकामा निवेदन गर्नुपर्ने कर्तव्य हो भन्ने सम्झेको हुँ। अन्यथा नठानिदिनुहुन प्रार्थना गर्छु। सफलता र असफलता पाठकबाट थाहा पाउने नै छ।

नगण्य विद्याबुद्धिशक्तिवाला मबाट गीताग्रन्थको यो व्याख्या तयार हुनु ममाथि परेको जगदीश्वर भगवान् श्रीकृष्णको अनुग्रहको फल हो; धर्मसंस्कृतिमा रूचिपरिष्कार गरिदिनुहुने मेरो पूजनीय माता श्रीपूर्णादेवीको, अध्यात्ममा प्रेरक तथा शिक्षक मेरा पिता श्रीरूद्रकान्त अधिकारीको र गुरूजनको कृपाको फल हो; आदिकालदेखि परम्परित शुद्ध वैदिक पद्धतिबाट अभिषिक्त विश्वहिन्दूहृदयसम्राट् श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको प्रतापी, त्यसैले शीतल र शान्त सुशासनको फल एवं श्री ५ बडामहारानी ऐश्वर्यराज्यलक्ष्मी देवी शाहको अटल हिन्दूधर्मप्रेमी, सर्वोपरि सामाजिकनेतृत्वको प्रभाव हो, विनम्र कृतज्ञता चढाउँछु। मेरी सहधर्मिणी लोकलक्ष्मीदेवीलाई उनको इच्छा पूरा गर्न २०१७ सालदेखि गीता पढाउन थालेको हुँ। त्यसै क्रममा तयार पारिएका सामग्रीहरूको विकास र परिष्कार गर्दागर्दै यो भाष्य बनेको हो र उनकै साहसबाट प्रकाशमा पनि आयो। एकान्त पतिप्रेम, अटल धर्मनिष्ठा, गढेको भगवद्भक्ति, गहिरो गीताप्रेम, सञ्चयशीलतायुक्त उदारता, दुःखसहिष्णु उत्साह आदि उनका सद्गुणहरू पनि मेरो निम्ति कर्म, उपासना र ज्ञान तीनै पक्षमा प्रेरक तत्व बन्दै आएका छन्। अतः मेरी धर्मपत्नीप्रति म सँधै कृतज्ञ, गुणज्ञ रहेको छु।

चित्रहरूका निम्ति गीताप्रेससँग अनुरोध गरें; धेरै समयको प्रतीक्षापछि, पुण्य कार्यमा सबैको अनुमोदन प्राप्त हुने विश्वासले, कल्याणको चित्रका प्रभावजनित चित्रहरू यसमा समाविष्ट भएका छन्; कृतज्ञता जाहेर गर्छु। आयुष्मान् सालाभाइ दिवाकरराज पौडेलले प्रेससँग कुरा मिलाइदिएको मात्र नभई प्रेसमा संलग्न रही सहयोग गरेका छन्; अर्का सालाभाइ शरदराज पौडेलले तसबीरको बन्दोबस्त मिलाइदिए। चिरञ्जीवी छोराजुवाइं, सौभाग्यवती छोरीबुहारीहरूले यथायोग्य काम गरेका छन्। सबैले आफ्ना संस्कारमा यथायोग्य पुण्य थप्न पाए, सबै धन्य हुन्। प्रेसले किताब तयार पारिदियो। त्यसका लागि अन्नपूर्ण मुद्रणालय परिवारलाई धन्यवाद दिन्छु, प्रेसका मालिक ध्रुवबहादुर कार्कीको भलाद्मोपनलाई साधुवाद दिन्छु। यति सहयोग हुँदा पनि मुद्रण तथा तयारीसम्बन्धी धेरै त्रुटि भएको आफैले देखेको छु। विद्या, बुद्धि, ढङ्ग र अवधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नपुग्नाको कारणबाट त्रुटि, अशुद्धि, प्रमाद, भ्रम जेजति भएका छन् तिनका निम्ति अञ्जलि जोरी क्षमा माग्नुबाहेक अर्को उपाय नै छैन। "तत्कुरूष्व मदर्पणम्" भन्ने भगवदाज्ञा शिरोपर गरी यो पत्रंपुष्पं भगवान्का पाउमा चढाउँछौं। भक्ति पुगेको त छैन, तर ग्रहण अवश्य हुन्छ भन्ने विश्वास छ। ॐ तत् सत् कृष्णार्पण मस्तु – विनीत्त, अम्बिका प्रसाद अधिकारी



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



महर्षि वाल्मीकि



महर्षि वेदव्यास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् वेदव्यास कृष्ण द्वैपायन

मानिसको, विशेषतः कलियुगका मानिसको कल्याणका लागि धर्मको उपदेश, प्रचार प्रसार, गर्नाको खातिर भगवान्ले वेदव्यासको अवतार लिनुहुन्छ । धर्मका सामान्यतः चार पाउ छन् – तपस्या, शौच (पवित्रता), दया र सत्य । स्मय (अभिमान), सङ्ग (भोगासक्ति), मद (माद) र अनृत (झूठो व्यवहार) अधर्मका अङ्ग हुन्; यिनले धर्मका अङ्गहरूलाई नासिदिन्छन् । जुवा, मद्यपान, कामुकता (स्त्रीमा लम्पटपना), हिंसावृत्ति, धनमा लालच जस्ता व्यसनहरू अधर्मका आधार हुन्, अखडा हुन् । यस्ता व्यसनहरूमा अधर्म सक्रिय हुन्छ, विकसित हुन्छ र यसका शाखासन्तानहरू झन्झन् फैलिन्छन् । त्यसैकारण आफ्नो भलो चाहने मानिसले जुवा आदि व्यसनमा लाग्नुहुन्न, अधर्मका अङ्गहरूको परित्याग गर्नुपर्छ । अझ विशेष गरेर प्रजापालक राजाले, दुनियाँलाई बाटो देखाउने ठूलाबडाले, गुरुहरूले यस्ता व्यसनहरूबाट, अधर्मबाट सँधै धेरै टाढा रहनुपर्छ । राजा पृथिवीपालक हो, लोकपति हो, दुनियाँको महागुरू हो । प्रजाको कल्याण गर्ने मूल अभिभारा राजामा रहेको हुन्छ । राजाका आचारविचारलाई सबैले महत्त्व दिन्छन् र तिनैको अनुकरण गर्ने इच्छा र प्रयत्न दुनियाँले गर्छन् । यसो भएको हुँदा राजाले सँधै आफ्ना आचारविचारहरू असल बनाइराख्नुपर्छ, आफू सदा धर्मशील रहनुपर्छ । राजाले जुवा आदि व्यसनहरूको सेवन गर्ने हुन्न, देशमा यस्ता व्यसनहरूको नियन्त्रण गर्नुपर्छ र अभिमान, भोगासक्ति, मद्यपान आदि अधर्मांशहरूलाई त्यागेर तपस्या, शौच, दया सत्य आदि धर्मांशको सँधै सेवन गर्नुपर्छ ।

लोकमा सत्य, त्रेता, द्वापर र कलि चार युग चलिरहन्छन् । जहाँ, जसमा, जहिले धर्मका चार पाउ रहन्छन्; त्यहाँ, त्यसमा, तहिले पूर्ण सत्ययुग हुन्छ । एक पाउ कम हुंदा त्रेता, दुइ पाउ कम हुंदा द्वापर, तीन पाउ कम हुंदा कलियुग हुन्छ । कलिमा व्यवस्था उचित भएन भने थिति विग्रँदाबिग्रँदै, झूठो व्यवहार बढ्दाबढ्दै सत्यनामक धर्मपाद पनि भाँचिएमा धर्मको पूर्ण लोप हुने डर हुन्छ । त्यसो हुन नदिनको लागि चाहिने सर्वोत्तम शक्ति राजा नै हो । राजा भगवान्को एक अवतार हो । राजाले अनृतलाई बढ्न नदिन, सत्यलाई जोगाउन र जगाउन सक्छ; अधर्मका अङ्गहरूलाई दबाउँदै धर्मका तपस्या, शौच, दयारूपी अङ्गहरूलाई स्वस्थ र सबल बनाइराख्न सक्छ । समाजमा धर्मका अङ्गहरूको जतिजति कमी, फलतः अधर्मका अङ्गहरूको उठती र बढ़ती हुन्छ, उतिउति मनुष्यका बुद्धि, शक्ति, आयु कम हुन्छन् । वर्णाश्रमधर्ममा अनास्था फैलिन्छ, यज्ञयागहरूको संकोच हुन्छ । वेद वेदान्तमा मनुष्यको बुद्धि लाग्न पनि सक्तैन, वेदका मन्त्रहरूको स्वरूप, अर्थ, उद्देश्य र विषय बुझ्न पनि नसक्ने हुन्छ । आयु, बुद्धि, शक्ति नै कम हुने हुँदा सबै वेदशास्त्रहरूको अध्ययनमनन, अनुसन्धान आदि गर्न पनि नभ्याइने, नसकिने र मन नलाग्ने हुन्छ । यसो हुँदा मनुष्य झन्झन् बरालिने, मनुष्यसमाजको झन्झन् अधोगति हुने, पतन हुने डर हुन्छ । मनुष्यसमाजलाई यस्तो विपत्तिबाट बचाउने उद्देश्यले द्वापर युग सकिने ताक दयालु भगवान् वेदव्यासरुपमा अवतरित हुनुहुन्छ भन्ने आर्यमान्यता छ । यो अवतारको मुख्य काम अनेक प्रकारबाट वेदको नै विस्तार, उपदेश, प्रचार, प्रसार गर्नु भएकोले नाम वेदव्यास रहेको हो ।

वेदव्यासले वेदरूपी वृक्षका शाखाहरूको विस्तार गर्नुहुन्छ । वेदमन्त्रहरूका अर्थ, स्वरूप,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्य र विषय अनुरूप वेदसंहिताका बेग्लाबेग्लै चार भाग तयार गरिदिनुहुन्छ । स्तुतिप्रार्थनाप्रधान पद्यमय मन्त्रहरूलाई ऋग्वेदको रुपमा, पद्यमा नबाँधिएका यज्ञयागानुष्ठानपरक गद्यमय मन्त्रहरूलाई यजुर्वेदको रूपमा, गान गर्न सकिने संगीतप्रधान मन्त्रहरूलाई सामवेदको रुपमा, तन्त्र मन्त्र, जादू टुना, झारफूक, ओखतीमूलो, शान्तिस्वस्ति, बाजीकरणवशीकरण, मारणमोहन आदि कर्ममा प्रयोग गरिने मन्त्रहरूलाई अथर्ववेदको रुपमा संकलन भई चार वेदसंहिता तयार हुन्छन् । वेदसंहिता र उपनिषद्हरूका आधारमा ब्रह्मविद्याको उपदेश तथा ब्याख्याका ग्रन्थ तयार हुन्छन् । जात फालेका ब्राह्मण, क्षत्रिय र वैश्यले तथा शूद्रले र स्त्रीले वेदाध्ययन गर्नुनहुने भएकोले तिनलाई वेद उपनिषद्का अर्थको ज्ञान अझ विस्तारपूर्वक सरलतासंग दिने उद्देश्यले वेदव्यासले अट्ठार पुराण र उपपुराणको रचना गर्नुहुन्छ । यतिले नपुगेर वेदव्यासले चार वेदका लाख मन्त्रहरूको सार बुझाउन लाखै श्लोक भएको महाभारत बनाउनुहुन्छ, जुन ग्रन्थ पञ्चम वेद मानिन्छ र यो महाभारतलाई वेदलाई जस्तै 'संहिता' भनिन्छ । यसरी वेदव्यासावतारबाट लोककल्याणको लागि वेदसंहिताको चार भागमा विभाजन, वेदार्थको व्याख्या, विस्तार, उपदेश, प्रचार प्रसार हुन्छ र सनातन धर्मसंस्कृति सनातनरूपमा अविच्छिन्न बनेर चलिरहन्छ ।

वर्तमानमा श्वेतवाराहकल्प चलिरहेको छ । यो कल्पका वेदव्यासको नाम कृष्णद्वैपायन हो । उहाँको वर्ण कलसौदो भएकोले र उहाँको जन्म द्वीपमा – जलमध्यको भूभागमा – भएकोले उहाँलाई कृष्ण द्वैपायन भनिएको हो । उहाँकी माताको नाम सत्यवती हो । सत्यवतीलाई मत्स्यगन्धा, गन्धकाली, काली, वासवी, तथा योजनगन्धा पनि भन्थे । चेदिदेशमा वसु नामका राजा षिए, उनको वीर्यबाट जन्मेकी हुनाले उनलाई वासवी र माछाको गन्ध आउने हुनाले मत्स्यगन्धा भनिएको हो ।

पुरूवंशी राजा वसुले इन्द्रपद नै प्राप्त गर्न सक्ने ठूलो तपस्या गरे । देवराज इन्द्रले देवताहरूका साथ वसुको सामुन्ने प्रकट भएर तपस्या गर्न छोड्न अनुरोध गरे, फकाए, फुल्याए । इन्द्रको र वसुको मित्रता बाँधियो । । इन्द्रले वसुलाई चेदिदेशका राजा मानेर राजाको लायक झण्डा दिए; ध्वजदण्ड दिए । चेदिदेशमा प्रत्येक वर्ष इन्द्रको पूजा उत्सव हुने र झण्ड़ाको निम्ति नयाँ ध्वजदण्ड शहरमा ल्याउने, त्यो ध्वजदण्डमा इन्द्रप्रदत्त झण्डा फहराउने गरी इन्द्रध्वजोत्सव मनाउने प्रथा बस्यो । त्यो प्रथा अन्त हरायो तर नेपालमा चलिरहेकै छ । मित्रताको बन्धन बलियो बनाउन इन्द्रले यौटा विमान पनि वसुलाई दिएका थिए । त्यो विमान चढेर वसु माथि आकाशमा घुम्थे । त्यसो हुँदा उनी 'वसु' नामले भन्दा 'उपरिचर' भन्ने नामले बढ़ी प्रख्यात थिए । उनकी महारानीको रजस्वलाशुद्धि भएको दिन ऋतुदान गर्नुपर्ने थियो । चाँडै नै फर्केर आउने इरादाले राजा शिकार खेल्न गए । तर त्यहाँ उनी अलमलिए, आफूले पालेको बाज मात्र उनको साथमा थियो । अनकण्टार जङ्गलमा उनी एक्लै रूखमनि जलाशयतटमा विश्राम गरिरहेका थिए । त्यो जलाशयमा स्वर्गकी अप्सरा आएर राजालाई नदेखीकन नुहाउन थालिन् । राजाको मनमा कामवासना उद्दीप्त भयो । खसेको वीर्यलाई उनले यौटा पातमा राखी खुटेर पोका बनाए । घरमा रानी ऋतुस्नान गरेर बसेकी थिइन् । राजाले त्यो वीर्य बाजलाई संकेतपत्र समेत दिई घरतिर पठाए । बाज त्यो वीर्य लिएर उड्यो । आकाशमा अर्को बाजले देख्यो, त्यो वीर्यलाई खाने कुरो भन्ने सम्झेर उपरिचरको बाजलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

झम्टयो । आकाशमा दुइ बाज खोसाखोस गर्न थाले, वीर्य खसेर गङ्गामा पऱ्यो । यै टी माछीले तुरुन्तै त्यो वीर्य निली, उसलाई गर्भ रह्यो । गर्भ पूर्ण भएपछि गङ्गातटवासी माझीको नाइके दाशराजको जालमा सो माछी पनि परी । घरमा ल्याएर त्यसलाई चिर्दा जुम्ल्याहा बालक पेटबाट निस्के । बालक राजालाई चढ़ाएर बालिका चाहिं दाशराजले आफैं राखे र तिनलाई पुत्रीको रूपमा लालनपालन गरे । किशोर अवस्था पार गरेकी ती कन्या मत्स्यगन्धा डुङ्गा खियाउने काममा बाबुलाई सधाउन सक्ने भइन् । एक दिन वसिष्ठका नाति, शक्ति ऋषिका पुत्र पराशर ऋषि गङ्गातटमा आइपुगे । उनीलाई डुङ्गामा राखेर मत्स्यगन्धाले डुङ्गा हाँक्न थालिन् । पराशरको मन मत्स्यगन्धामा गयो । मत्स्यगन्धाले इन्कार गरिनन्, आफ्नो शरीरको नमीठो मत्स्यगन्धको मात्र कुरा गरिन् । ऋषिले उनलाई एक योजन (चार कोश) वरपरसम्म सुवास फैलाउने योजनगन्धा बनाए । गङ्गाको मध्यमा उठेको सानो द्वीपमा समागम भो । अमोघवीर्य ऋषि, विधिको विधान, सत्यवती केवल निमित्त भइन्; तुरुन्तै गर्भ रह्यो, बढ्यो, जन्म्यो, हुर्कियो; केही मात्र समयको अन्तरालमा सबै सम्पन्न भो । सत्यवती कन्याको कन्या नै रहिन् । छोरो तपस्या गर्न वनतिर लागे । बाबु आफ्नै गन्तव्यतिर बढे । बालकले आमाले सम्झेको बखतमा हाजिर हुने वचन दिए । यसरी कृष्णद्वैपायनको जन्म असाधारण विधानसँग भयो; उहाँलाई बालकोपयोगी स्याहारसुसार आवश्यक भएन । उहाँ जन्मसिद्ध मुनि हुनुहुन्छ । वेदव्यास कृष्णद्वैपायन एक्लैले आर्यसंस्कृतिका समस्त पक्षलाई, समग्र तत्त्वलाई, सम्पूर्ण विषयलाई अविनाशी जीवन प्रदान गर्नुभएको छ । भगवान् वेदव्यास सम्पूर्ण आर्य संस्कृतिको, समग्र सनातन धर्मको प्रतीक हुनुहुन्छ, उहाँले प्रोज्ज्वलित गर्नुभएको ज्ञानदीपको प्रकाशमा आर्य जाति जीवित भइरहेको छ ।

वेदव्यास श्रीकृष्णद्वैपायन मुनिलाई ऐनकानून, विधिपद्धति, धर्मकर्म, ज्ञानविज्ञान, पुराणइतिहास जम्माजम्मै विषयको ज्ञान थियो । उहाँ अत्यन्त तपस्वी हुनुहुन्थ्यो, उहाँको अन्तःकरण सर्वथा शुद्ध थियो । योगविद्याको सिद्धान्त एवं प्रयोगका सम्पूर्ण पक्षमा उहाँ पारङ्गत हुनुहुन्थ्यो । उहाँ योगैश्वर्यसम्पन्न हुनुहुन्थ्यो, उहाँमा सबै प्रकारका योगसिद्धिहरु सिद्ध थिए । निगम आगमका सारा शास्त्रमा र सिद्धान्तमा व्यास पूर्ण निष्णात हुनुहुन्थ्यो । उहाँलाई दिव्य दृष्टि आफूलाई मात्र प्राप्त थिएन; सीमित समय र विषयका लागि अरुलाई दिव्यदृष्टि दिन उहाँ सक्नुहुन्थ्यो । सृष्टिस्थिति तथा संहृतिसम्बन्धी समस्त पक्षको उहाँलाई सर्वदा भान भइरहन्थ्यो । परमेश्वरको समग्र विभूति, योग एवं ऐश्वर्यको तत्त्वसाक्षात्कार उहाँलाई भएको थियो । सनातन धर्मसंस्कृतिका अनुयायीहरुले भगवान् वेदव्यास यौटैलाई ब्रह्मा, विष्णु र महेश्वरको समन्वित स्वरुप मानेका छन् ।

वेदव्याससँग भीष्मपितामहको दाजुको नाता पर्छ । धृतराष्ट्र, पाण्डु र विदुरका जन्मदाता स्वयं कृष्णद्वैपायन हुनुहुन्छ । उहाँ कौरव पाण्डव दुवै पक्षका जिज्यूबज्यै सत्यवतीका छोरा हुनुहुन्छ । निरपेक्ष, वनवासी, वीतराग तपस्वी ऋषि हुनुभएकोले उहाँ सत्यको र न्यायको मात्र पक्ष लिनुहुन्छ । यी कारणहरुले गर्दा व्यासले महाभारत लेख्दा नाताको वा स्वार्थको ख्याल गर्नुभएको छैन थिएन । उहाँ कौरव पाण्डवहरुको पारस्परिक सम्पूर्ण व्यवहारको, वृत्तान्तको ज्ञाता त हुनुहुन्थ्यो नै; साथै दुवै थरी माथि विना पक्षपात न्यायको र नैतिकताको आधारमा विवेकी दृष्टि र व्यवहार गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा दुवै पक्षबाट विश्वास पात्र तथा सम्मानित व्यक्तित्व हुनुहुन्थ्यो ! तसर्थ, व्यासले महाभारतमा जे लेख्नु भएको छ, त्यो, उहाँको विवेक र त्यो वेलाका जान्ने सुन्नेहरूको समीक्षण अनुसार, पूर्ण यथार्थ छ, सत्य छ। कौरवपाण्डवका विषयमा उहाँ जति जान्नु हुंन्थ्यो, त्यती जान्ने अरु कोही पनि थिएन र उहाँ जतिको लेख्न सक्ने पनि कोही थिएन। महाभारतकालसम्मका मानव संस्कृतिका विषयमा पनि व्यासजतिको साधिकार विद्वान तथा लेखक पनि कोही थिएन। महाभारतकालसम्मको मानवसँस्कृति-संग, आर्य धर्मसंग सम्बद्ध कुराहरूको ज्ञान दिने भाषा निबन्ध, लिपिबद्ध वाङ्मयमा वेदव्यासको महाभारतभन्दा अध्ययनीय, विश्वसनीय एवं उपादेय ग्रन्थ संसारमा अर्को कुनै छैन। त्यसकारण महाभारत हामी आर्यजातिको निमित्त प्राणै हो, मनुष्यमात्रको निमित्त अनन्तरत्नगर्भ निधि हो, संरक्षणीय सम्पत्ति हो।

महाभारत

आर्यवाङ्मयमा श्रीकृष्णद्वैपायन व्यासले रचना गर्नुभएको महाभारतको स्तुतिगान प्रशस्त भएको छ। हिन्दूहरूको निमित्त सनातनीहरूको निमित्त महाभारतको धार्मिक महत्व ज्यादै ठूलो छ। यो महाभारत व्यासदेवका मुखारविन्दबाट निस्केको अविनाशी अक्षय अमृत हो। व्यास स्वयं भगवान्को अवतार हुनुहुन्छ, महाभारत स्वयं व्यासदेवको अवतार हो। महाभारतको आदरसम्मान, पूजन व्यासदेवको, साक्षात परमेश्वरको आदर, सम्मान, पूजन हो। प्रत्येक सना-तनीको घरमा महाभारत रहनुपर्छ; यसको पठन श्रवण, मनन, चर्चा, परिचर्चा चलिरहनुपर्छ। जसले एक चित्त भएर श्रद्धासंग महाभारत पढ्छ र यसमा बताएबमोजिम आचारविचारको परिपालन गर्छ त्यसका ब्रह्महत्या जस्ता महापापका पनि संस्कारहरू भुटिन्छन्। दिनभरी मनमा उठेका मयल फोहोरहरू बेलुकाको पाठबाट र राति भएका कुचिन्ताहरू बेहान गरेको पाठबाट नष्ट हुन्छन्। दिनदिनै चित्त लगाएर महाभारतको श्रवण गर्नाले श्री, कीर्ति र विद्या प्राप्त हुन्छन्। यो पुण्य इतिहास श्री व्यासदेवले वेद, वेदाङ्ग, पुराण, धर्मशास्त्रहरूमा भएका उत्तम उत्तम कुराहरू समेत हालेर बनाउनु भएको हो। यसको अभ्यास गर्नाले ज्ञान बढ्छ, पाप घट्छ, इष्ट सिद्धि हुन्छ। यो महाभारत पाँचौं वेद हो। यसको अध्ययन स्वयं पवित्र छ, परम भक्ति र श्रद्धासंग पढ्ने र पढ़ाएमा परम सिद्धि प्राप्त हुन्छ। महाभारतको अभ्यासले पाप हर्छ, पुण्य भर्छ, कल्याण गर्छ। यसको अध्ययन गर्नाले पुष्कर आदि तीर्थहरूको सेवन गर्दा, सय सालङ्कार गाई दान गर्दा प्राप्त हुने पुण्य फल प्राप्त हुन्छ। महा-भारत परम पवित्र ग्रन्थ हो, देवताहरू पनि सँधै महाभारतको सेवन गर्छन्। अष्टादश पुराण, उप-पुराण जम्मैको श्रवणबाट जुन फल प्राप्त हुन्छ त्यो जम्मै पुण्यफल महाभारतको श्रवणबाट प्राप्त हुन्छ। यसको सेवन गर्नेसंग ऋषिहरू, पितृहरू, देवताहरू सबै खुशी हुन्छन्। श्राद्धमा महाभारतको पाठ गऱ्यो भने पितृहरूको उद्धार हुन्छ, चढाएका अन्न पानीहरू पितृहरूको निमित्त अक्षय तृप्ति दिने बन्छन्। प्रत्येक हिन्दूले, सनातनीले दिनदिनै महाभारतको पाठ अवश्यै गर्नु पर्छ। दिनदिनै पूरा महाभारत पाठ गर्न सकिंदैन, तर निम्नलिखित चार श्लोक पाठ गर्नाले महाभारत पाठ पूरै गरेको फल प्राप्त हुन्छ र सो बमोजिमका आचार विचारले परम पद प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातापितृसहस्राणि पुत्रदारशतानि च
संसारेष्व नुभूतानि यान्ति यास्यन्ति चापर ।१।
हर्षस्थान सहस्राणि भयस्थान शतानि च ।
दिवसे दिवसे मूढ माविशन्ति न पण्डितम् ।२।
ऊर्ध्व बाहु विरौम्येष न च कश्चिच्छृणोति मे ।
धर्मा दर्थश्च कामश्च स किमर्थं न सेव्यते ।३।
न जातु कामान्न भयान्नलोभाइ धर्मं त्यजेज्जीवितस्यापि हेतोः
धर्मो नित्यः सुख दुःखे त्वनित्ये, जीवो नित्यो हेतु रस्य त्वनित्यः ।४।
इमां भारत सावित्रीं प्रात रुत्थाय यः पठेत् ।
स भारतफलं प्राप्य परं ब्रह्माधिगच्छति ।५।

लामो लामो संसारयात्रामा अनन्त जन्म मृत्यु भैसकेका छन् तत्त्वज्ञान नभएसम्म अरू जन्म चलिरहने छन । यो यात्रामा हजारौं आमा बाबुहरू, हजारौं स्वास्नी छोराहरूको अनुभव भै सकेको छ, भैरहेको छ र भैरहनेछ । जसले कुरो बुझेको छैन, तत्त्व ज्ञान पाएको छैन, भोगमा सुख मानेको छ, त्यसका निमित्त खुसी हुनुपर्ने हजारौं कुराहरू र डर र शोक मान्नुपर्ने हजारौं कारणहरू परिरहन्छन्; तर जान्नेलाई, पण्डितलाई, तत्वज्ञानीलाई यस्ता कुनै कुराले पनि छुन सक्तैनन् । जीवनमा धर्म सबभन्दा ठूलो हो । जीवनमा धन पनि, विषयभोग पनि चाहिन्छ । धर्मपरिपालन गर्नाले नै अर्थ र काम दुवै प्राप्त हुन्छन् । धर्म सबभन्दा ठूलो हो । कुनै विषय भोगको, डरको वा लोभको वशीभूत भएर धर्म त्याग्नु हुन्न । अरू त के जीवनकै निम्ति पनि, कहिल्यै पनि धर्मबाट विचलित हुनु हुँदैन। धर्म नित्य छ, सुख दुःख अनित्य छन् । सुख दुःख आउँछन् र क्षणमा जान्छन् पनि; धर्म रहिरहन्छ । जीवात्मा नित्य छ, शरीर अनित्य छ । शरीर गए पनि आत्मा रहिरहन्छ, धर्म रहि रहन्छ । त्यसकारण धर्मको परिपालनबाट नै अज्ञानको, मोहको नाश हुन्छ, जीवात्मा मुक्त हुन्छ, परम पद प्राप्त गर्छ । यो चतुः श्लोकीलाई 'भारत सावित्री' भन्छन् । बेहान बेहान उठ्ने बित्तिकै यसको पाठ गर्नेलाई महाभारतपाठको फल प्राप्त हुन्छ र तदनुसारका आचार विचारले परब्रह्मको साक्षात्कार हुन्छ ।

महाभारत आर्यहरूको इतिहास हो । आर्य जातिको आचारविचार, धर्मदर्शन, अर्थनीति, राजनीति, कला सामाजिक व्यवस्था आदि सम्पूर्ण कुराहरूको वर्णन महाभारतमा भएको छ । कर्म, उपासना र ज्ञानका सिद्धान्तहरूको यसमा प्रतिपादन भएको छ । जीव, जगत् र ईश्वरसँग सम्बद्ध समस्त गुह्यहरूको, रहस्यहरूको उद्घाटन यसले गरेको छ । धर्म, अर्थ, काम, मोक्ष चारै पुरूषार्थका विषयमा जान्नुपर्ने जति जम्मै कुराहरू महाभारतमा गुँथिएका छन् । यो रत्न सागर हो । द्वापर युगको आखिरी, कलियुगको आरम्भकालसम्मका मानवजातिसँग सम्बद्ध सबै कुराहरू महाभारतमा निबद्ध भएका छन् । वैदिक र लौकिक बेग्लाबेग्लै ग्रन्थमा जे जति कुराहरूको प्रतिपादन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको छ, ती सबै कुराहरू यो यौटै महाभारतमा अन्तर्निहित छन् । यसमा जे छ, त्यसैमध्येका केही कुराहरू अरू ग्रन्थमा छन् । यसमा जे छैन, त्यो अन्त कहीं पनि हुँदैन । अठाह्र महापुराण, उपपुराण, धर्मशास्त्रहरू, वेद र वेदाङ्गहरू जम्मैलाई एकातिर, महाभारतलाई अर्कोतिर राखेर तुलना गर्दा महाभारत बढी महत्त्वपूर्ण र भारयुक्त अर्थात् बढी तौलको रहेछ भन्ने ठहर देवताहरूले गरे । तसर्थ महान् एवं भारवान् (गौरवपूर्ण) भएको हुनाले यो महाभारत ग्रन्थको नाम महाभारत भन्ने रहेको हो । संस्कृतमा लेखिएका जम्मै आख्यान, उपाख्यान, कथाको आश्रय यही महाभारत हो, समस्त काव्यको अवलम्ब यही हो, समग्र विद्वत्ताको निधान यही हो । वेद वेदाङ्गादि जम्मै शास्त्रहरू जान्नुपर्छ तर त्यतिले मात्रै पुग्दैन, त्यसमा थप महाभारत पनि जान्नै पर्छ । अरू सबै शास्त्रमा पारङ्गत भए पनि महाभारत जानेको छैन भने विद्वान हुँदैन, पण्डित कहिँदैन । महाभारतका कुरा नजानी जान्ने भइन्न । महाभारत अनिवार्यरूपमा अध्ययनीय ग्रन्थ हो, ज्ञातव्य शास्त्र हो ।

वेदव्यासका पाँच थरी महाभारत

वेदव्यास श्रीकृष्णद्वैपायनले एकथरी मात्र हैन, पाँच थरी महाभारत बनाउनु भएको थियो- (१) तीसलाख ग्रन्थवाला, (२) पन्ध्रलाख ग्रन्थवाला, (३) चौध लाख ग्रन्थवाला, (४) एकलाख ग्रन्थवाला (५) चौबीस हजार ग्रन्थवाला । अनुष्टुप् छन्दको श्लोकमा जम्मा बत्तीस अक्षर हुन्छन्, श्लोक भन्नाले सामान्यतः बत्तीस अक्षरको समूह बुझिन्छ र यसैलाई ग्रन्थ भनिन्छ । महाभारत तथा पुराण आदि प्राचीन वाङ्मयमा बत्तीस अक्षरबाट ग्रन्थको गणना गरिएको हुन्छ । समग्र किताबमा जम्मा कति अक्षर छन् त्यो कूल अक्षरसंख्यालाई बत्तीसले भाग गर्दा जति भागफल हुन्छ त्यति नै श्लोक वा ग्रन्थ त्यो किताबमा भएको मानिन्छ । वेदव्यासले बनाउनु भएका पाँच थरी महाभारतमा जम्मा साठी लाख ग्रन्थ वा श्लोक रहेका छन् ।

तीसलाख श्लोकवाला महाभारत देवलोकका लागि लेखिएको थियो । यसको प्रथम प्रचार नारद ऋषिले देवलोकमा गर्नुभएको थियो । पितृलोकका निमित्त लेखिएको पन्ध्र लाख श्लोकवाला महाभारत सर्व प्रथम असित ऋषि र देवल ऋषिले अध्ययन गर्नुभयो र उहाँहरूले पितृलोकमा सो महाभारत सुनाउनुभयो । चौध लाख श्लोकवाला महाभारतको व्यासपुत्र शुकदेवले गन्धर्वलोकमा प्रचार गर्नुभो । यो तीन थरी महाभारत ती लोकहरूमा नै रहे, मनुष्यलोकमा अज्ञात नै भए । चौबीस हजार श्लोकवाला महाभारत उपलब्ध भएको छैन । आख्यान उपाख्यानहरू नहालीकन सम्पूर्ण महाभारतको सारको रूपमा चौबीस हजार श्लोकवाला महाभारतसंहिता व्यासदेवले बनाउनुभएको थियो भनी लक्षश्लोकी महाभारतमा उल्लेख भएको छ । मनुष्यलोकवाला एक लाख श्लोके महाभारतमित्र नै ती चौबीस हजार श्लोक जस्तातस्तै रहेको अडकल गर्न पनि सकिन्छ, तर यकीन छैन ।

लक्षश्लोकी महाभारत

कृष्णद्वैपायन श्री वेदव्यासले आफूले रचित लक्षश्लोकी महाभारतसंहिता सबभन्दा पहिले आपनै एकमात्र पुत्र श्री शुकदेव स्वामीलाई पढाउनु भयो । त्यसपछि आपनो विद्याकुलका अन्ते-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बासी शिष्यहरूलाई सुनाउनु भयो, तो शिष्यहरूमध्ये वैशम्पायन र सूत रोमहर्षण मुख्य थिए। महाभारत युद्ध समाप्त हुँदासम्म त महाभारत रचनाक्रममा नै थियो। महाभारत युद्ध समाप्त भएको छत्तीस वर्षपछि युधिष्ठिरले हस्तिनापुरको राजगद्दीमा अभिमन्युपुत्र परीक्षितलाई राज गराए, मथुरा समेतको इन्द्रप्रस्थ राज्य छुट्टै खडा गरी त्यहांको राजसिंहासनमा अनिरुद्धका छोरा वज्रलाई आसीन गराए। द्रौपदी समेत पञ्च पाण्डवले उत्तर हिमालयमा महाप्रस्थान गरेर इहलीला समाप्त गरे। यो भन्दा पहिले नै भगवान् श्रीकृष्णले यदुकुलको संहार भएपछि आपनो अवतार लीलाको संवरण गरिसक्नुभएको थियो। राजा हुँदा परीक्षित छत्तीस वर्षका थिए। केही वर्ष राज गरेपछि परीक्षितलाई शमीक ऋषिका छोरा शृङ्गी ऋषिको शाप पऱ्यो; तक्षकले डसेर उनको देहान्त भएपछि उनका बालक छोरा जनमेजय राजा भए। बुझ्ने भएपछि जनमेयजयलाई आपनो बाबुको मृत्यु तक्षकबाट भएको थाहा भो। उनलाई सर्पहरूसँग रिस उठ्यो। सर्पहरूलाई सिध्याउने सुरले उनीले तक्षशिलामा गएर सर्पसत्र भन्ने यज्ञ शुरू गरे। त्यो यज्ञसभामा वेदव्यास ऋषि पनि आपना शिष्य प्रशिष्यहरूलाई लिएर आउनुभो। जनमेजयलाई आपना बाज्येहरूका कुराहरू जान्ने उत्कट इच्छा थियो। उनले व्यास ऋषिसँग सो इच्छा प्रकट गरे। व्यासका साथमा उहाँका शिष्य वैशम्पायन पनि थिए। आफूले बनाएको महाभारतसंहिता सुनाउन व्यास ऋषिले वैशम्पायनलाई अह्राउनुभो। गुरू व्यास ऋषिबाट पढेको महाभारतसंहिता वैशम्पायन ऋषिले जनमेजयलाई जस्ताको तस्तो सुनाए। व्यासले तीन वर्ष लगाएर बनाउनु भएको महाभारतसंहिता यसरी जनमेजयको सर्पसत्र यज्ञ सभामा सर्वजनसमक्ष प्रकाशित भो। केही समयपछि रोमहर्षणपुत्र उग्रश्रवाले नैमिषारण्यमा दीर्घसत्रमा दीक्षित भई बसेका अठासी हजार शौनकादि-ऋषिलाई सोही महाभारतसंहिता सुनाए। व्यासरचित महाभारतको प्रथम लेखन गणेशजीले गर्नुभएको थियो। यो संहिताको प्रथम पाठन व्यासले श्रीशुकदेवलाई गर्नुभो, प्रथम वाचन आपनो विद्याकुलका अन्तेवासी वैशम्पायन, उग्रश्रवाप्रमुख शिष्यहरूलाई गर्नुभो। केही समयपछि वैशम्पायनले जनमेजयलाई र केही समयपछि सूत उग्रश्रवाले शौनकादिऋषिलाई यो महाभारतसंहित सुनाएका थिए। सूत शौनकादिसंवादसमेत भैसकेपछि व्यास ऋषिले वैशम्पायनजनमेजयसंवाद र सूत शौनकादिसंवादको समेत समावेश गरेर हरिवंशका दुइ पर्वलाई समेत मिलाएर लक्षश्लोकी महाभारतसंहिता तयार पार्नुभएको हो यसमा मूलपर्व अठ्ठाह्र छन्। मूलपर्वभित्र अवान्तर पर्व जम्मा सय पर्व छन्। हरिवंश अन्तरगत हरिवंशपर्व र भविष्यत्पर्वलाई स्वर्गारोहणपर्वकै अवान्तर पर्व मान्ने पनि मत छ।

जय भारत र महाभारत भिन्नाभिन्नै भन्ने भ्रम

महाभारत संहिताका प्रथम वक्ताहरू क्रमैले व्यास, वैशम्पायन र उग्रश्रवा देखिन्छन्; प्रथम श्रोताहरू क्रमैले वैशम्पायनादि, जनमेजयादि र शौनकादि मानिन्छन्। साथै महाभारतलाई भारत र जय भन्ने पनि नाम दिइएको छ। यो तथ्यलाई आधार बनाएर एकथरी विद्वान्ले लक्षश्लोकी महाभारतसंहिता व्यासदेवको मात्र रचना हैन भन्ने मतको कल्पना गरेका छन्। यौटा विद्वान्बाट सुनेका कुरा अर्को विद्वान्ले अरूलाई सुनाउँदा आपनो मनले देखेका कुराहरू पनि मिसाएर सुनाउन सक्छ। अघिल्लोले भनेकोमा भन्दा पछिल्लोले भनेकोमा केही न केही भिन्नता पनि अवश्यै आउन सक्छ; आपना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत मान्यता पनि थपेर वर्णन हुनसक्ने हुँदा विस्तृत पनि हुन सक्छ। तसर्थ व्यासले बताएको महाभारतको भन्दा वैशम्पायनले बताउँदा महाभारतको कलेवरवृद्धि भो। बैशम्पायनले जनमेजयलाई बताउँदाको भन्दा उग्रश्रवाले शौनकादिलाई बताउँदा महाभारतको अझ कलेवर वृद्धि भो। व्यासले बताएको महाभारत आठहजार ग्रन्थवाला थियो। वैशम्पायनले बताउँदा तेब्बर बढर चौबीस हजार ग्रन्थको महाभारत तयार भयो। उग्रश्रवाले बताउँदा वैशम्पायनले बताउदाको भन्दा चौबर कलेवर वृद्धि भो। यसरी तेस्रो पटकमा लाख श्लोकवाला ठेली तयार भएको हो। यो मत अनुसार व्यासदेवले प्रथमतः बताउनुभएको आठहजार श्लोकवाला संहिताको नाम 'जय' हो, त्यसैका आधारमा वैशम्पायनले थप्दा तयार भएको चौबीस हजार श्लोकवाला संहिताको नाम 'भारत' हो; त्यसैमा उग्रश्रवाले थपथाप गर्दा तयार भएको प्रचलित लाखश्लोकी संहिताको नाम महाभारत हो। 'जय' मा कौरबपाण्डवको जीवनी र युद्ध वृत्तान्त मात्र थियो, 'भारत' मा केही आख्यान र धर्मदर्शनको अंश थपियो; महाभारतमा त्यो बेलासम्म समाजमा विकसित आख्यान, उपाख्यान, धर्म, दर्शन, अर्थनीति, राजनीति, सामाजिक व्यवस्था आदिको समावेश भयो।

जय भारत र महाभारत यौटै ग्रन्थका नाम हुन्

महाभारतसंहिताका प्रथम वक्ता क्रमशः ब्यासदेव, वैशम्पायन र उग्रश्रवा अवश्य हुन्। महाभारतको नाम जय, भारत र महाभारत रहेको पनि अवश्य हो। महाभारत चौवीस हजार श्लोकको र एक लाख श्लोकको मानिएको पनि अवश्य हो। तर आठ हजार श्लोकवाला संहिताको उल्लेख कही पनि छैन। महाभारत संहितामा आठ हजार आठ सय कूट (अर्थ बुझ्न कठिन पर्ने) श्लोक छन्। यिनको यथार्थ अर्थ व्यासजीलाई पक्का थाहा छ, शुकदेवलाई पक्का थाहा छ, संजयले चाहिं जानेका छन् कि छैनन् शङ्का छ भन्ने उक्ति महाभारतभित्र पाइन्छ। आठहजार श्लोके छुट्टै संहिता थियो भन्ने अर्थ गर्न यसबाट मिल्दैन। महाभारतलाई राम्ररी लिपिबद्ध गरी शुद्धसँग लेखिदिनको लागि व्यास ऋषिले गर्नुभएको प्रार्थनालाई श्रीगणेशले स्वीकार गर्नुभो, तर कलम अडाउनु पऱ्यो भने लेखन छोडिदिने शर्त राख्नुभो। गणेशजी चौपट्टै छिटो लेख्न सक्नुहुन्थ्यो। व्यासजीले सो शर्त मन्जूर गरी अर्थ राम्ररी नबुझी कुनै श्लोक पनि लेख्नु नहुने शर्त राख्नुभो। गणेशजीले सो शर्त सर्कार्नुभो। यस्तो शर्तमा व्यासजीले भन्दै लाने, गणेशजीले लेख्दै लग्ने कार्य चल्यो। मुखले भन्दै गएको गतिमा लेख्दै जान सक्ने, अझ अघि बढ्न सक्ने अलौकिक शक्ति गणेशजीमा थियो। व्यासजीलाई पनि विषयस्मरण, उपस्थापन, संयोजन, शब्दचयन, पदसज्जा, छन्दोबन्धन समेत सबै कुरा मिलाउँदै नअडीकन भन्दै लग्न निक्कै गाहारो थियो। तर उहाँको शक्ति अद्भुतको थियो, गणेशजीलाई नअडीकन नै लेखिरहनुपर्थ्यो। वेलावेलामा गणेशजीको कलम अड्ने शङ्का लाग्यो भने व्यासजी कूट (कठिन अर्थवाला) श्लोक भन्नुहुन्थ्यो। अर्थ पत्ता लगाउन गणेशजीलाई केही समय लाग्थ्यो र अनि वाचनको र लेखनको गति सन्तुलित हुन्थ्यो। यसरी लेखिएको लक्षश्लोकी महाभारतसंहितामा आठहजार आठसय आठ कूट श्लोक छन्। आठ हजार श्लोकवाला महाभारतको कल्पना गर्ने आधार वा प्रमाण महाभारतभित्र वा अन्य आर्यवाङ्मयमा कहीं कुनै पाइँदैन, कसैको मन गढन्ते कल्पनाको यस्तो बिषयमा मूल्य रहंदैन। 'उपाख्यानहरू नहालीकन चौबीस हजार ग्रन्थ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाला महाभारत पनि व्यासदेबले लेख्नु भएको थियो' भन्ने कुरा महाभारतमा उल्लिखित छ। यो संस्करण छुट्टै उपलब्ध छैन। महाभारतको भनाइ अनुसार यो पनि व्यासले नै बनाउनु भएको हो, वैशम्पायनले हैन। चौबीस हजार श्लोकी महाभारत वैशम्पायनले बनाएका हुन् भन्ने अडकलको आधार उक्त उल्लेखलाई बनाउनु युक्तिसंगत र तर्कपूर्ण देखिंदैन। जय, भारत र महाभारत भन्ने तीन नामको आधारमा आठ, चौबीस र सय हजार श्लोकवाला तीन संहिताको कल्पना गर्नु गलत हो। महाभारतलाई 'आद्य भारत', कार्ष्ण वेद' एवं पञ्चम वेद भन्ने नाम पनि दिइएको छ। नामकै आधारमा पार्थक्य कल्पना गर्दा बेतालमा पर्छ, बेठेगानामा पुगिन्छ। जय र भारत भन्ने नाम पनि अरूले अन्त दिएको हैन, महाभारतकारबाटै महाभारतमा नै दिइएको हो। वास्तवमा आर्य वाङ्मयमा 'जय' भन्ने नाम महाभारतलाई मात्रै दिइएको छैन।

अष्टादश पुराणानि रामस्य चरितं तथा। कार्ष्णं वेदं पञ्चम ञ्च यन् महाभारतं विदुः। तथैव विष्णुधर्माश्च शिवधर्माश्च शाश्वताः। जयेति नाम तेषां च प्रवदन्ति मनीषिणः।" भन्ने वचन अनुसार अठ्ठाह्र पुराणलाई, रामायणलाई, महाभारतलाई विष्णुधर्म र शिवधर्म सम्बन्धका ग्रन्थहरूलाई 'जय' भन्छन्। "चतुर्णां पुरूषार्थाना मपि हेतौ जयो स्त्रियाम्' भन्ने कोषवचन अनुसार धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका कुराको उपदेश गर्ने ग्रन्थलाई 'जय' भन्ने चलन छ। त्यस कारण 'जय' भन्ने नाम महाभारतको मात्रै हो भन्ने अज्ञानबाट गरिएको जम्मै कल्पना भ्रममूलक भएकोले असत्य हो।

जय, भारत, महाभारत, आद्य भारत, कार्ष्ण वेद, पञ्चम वेद भन्ने सबै नामले यौटै सय हजार श्लोकवाला महाभारतसंहितालाई नै जनाउँछन्। नाम नामको पृथक् ग्रन्थसंख्या र पृथक् रचनाकार महाभारत वा अन्य कुनै आर्य ग्रन्थले पनि, कुनै आचार्यले पनि मानेको पाइँदैन। अर्को कुरो वैशम्पायन पनि, उग्रश्रवा पनि दुवै व्यासदेवकै शिष्य र प्रशिष्य हुन्। महाभारतरचनाकार व्यासदेवकै शिष्यद्वयबाट व्यासदेवले थाहा पाउने गरी व्यासदेवकै रचनालाई अन्यथा गर्नु कुनै समयको पनि मर्यादा र अनुशासनबाट एवं नैतिकताबाट नमिल्ने कुरा हो। वैशम्पायनले जनमेजय-लाई त व्यासकै आज्ञाबाट व्यासकै समक्ष महाभारत सुनाएका हुन्। उनले आफूले पढेकोभन्दा तेब्बर वढाएर कसरी भन्न सक्नू? महाभारतभित्र भएका विषयको आख्यान र उपाख्यानको सम्पूर्ण सूची लाख श्लोकभित्रै पर्ने गरी महाभारतकै शुरूमा उपनिबद्ध भएको छ। 'अनुक्रमणी पर्व' र 'पर्वसंग्रहपर्व भन्ने दुइ अवान्तर पर्व आदिपर्व भित्र अन्तर्निहित छन्। यी पर्वको सय अवान्तरपर्व भित्रै गणना हुन्छ। महाभारतमा तिनै दुइ पर्वमा परिगणित विषयहरूको र पर्वहरूको ग्रथत भएको छ। घटबढ भएको, थपथाप भएको ग्रन्थमा यस्तो समन्वय हुनु सम्भव छैन। अतः अठ्ठाह्र मूल पर्वमा र हरिवंशमा भएको ग्रन्थसंख्या एक लाख हो, यसैको नाम 'शतसाहस्री वैयासिकी संहिता' हो। यसलाई स्वयं व्यासदेवले बनाउनुभएको हो। यसै भित्र वैशम्पायनजनमेजयसंवाद र सूतशौनक संवाद पनि पर्छन्। जय, भारत, महाभारत, कार्ष्ण वेद, पञ्चम वेद, आद्य भारत जम्मै यही शत साहस्री संहिताका अनेक नाम हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीता महाभारतमा पछि थपिएको हैन

श्रीमद्भगवद्गीता महाभारतकै अवयव हो । महाभारतसंहिताको शतसहस्र श्लोकभित्रै यसको गणना हुन्छ । आर्य शिष्ट परम्पराको यो मान्यतामा कतिपय आधुनिक विचारकहरू अन्यथा तर्क प्रस्तुत गर्छन् । श्रीमद्भगवद्गीता वास्तवमा महाभारतको अवयव हैन । व्यासरचित महाभारतमा यो थिएन, पछि अरूले यसलाई महाभारतभित्र गाँसिदिएका हुन् । ग्रन्थको खास अंश पूर्वापर भागसंग कसरी गाँसिएको हुन्छ भने त्यो अंश झिक्दा नपुगेको खाली भएको खण्डित भएको अनुभव हुन्छ; राख्दा ठिक्क भएको सग्लो भएको अनुभव हुन्छ । श्रीमद्भगवद्गीता महाभारतमा, त्यसको भीष्म पर्वमा त्यसरी रहेको छैन । श्रीमद्भगवद्गीतालाई महाभारतभित्रबाट झिकिदिइयो भने पनि त्यहाँ प्रवाहमा कुनै बाधा, रोकटोक पर्दैन; प्रबन्धको गतिमा अवरोध आउँदैन । यसको अगाडिको र पछाड़िको (पूर्वापर) भाग आफैं जोडिन्छ; बीचमा केही टुक्रिएको जस्तो लाग्दैन । त्यस कारण श्रीमद्भगवद्गीता महाभारतको प्रारम्भिक अंश हैन, सहज अङ्ग हैन । पछि कुनै कुशल अध्येताले वडो बुद्धिमानीसंग सकेसम्म, यथासम्भव उचित स्थल मिलाएर श्रीमद्भगवद्गीता भन्ने छुट्टै भाग जोडिदिएको हो । श्रीमद्भगवद्गीताको महत्त्व यस्तो मान्दैमा घट्ने वा बढ्ने चाहिं हैन; यसको आफ्नै विशिष्टता महाभारतभित्र हुँदा पनि, नहुँदा पनि छँदैछ । तै पनि महाभारतभित्र रहेमा, व्यासरचित ठहरिएमा यसले जनमानसमा बढ़ी आदरको स्थान पाउनेछ भन्ने ठानियो । अतः श्रीमद्भागवद्गीता महाभारतको सहज जन्मजात अवयव हैन, अरूले नै बनाएको रचना हो, महाभारतभित्र पछि राखिएको प्रक्षिप्त अंश हो ।

यो मत आर्य शिष्टपरम्परालाई ग्राह्य हुँदैन । यसमा एकोहोरो अडकल बाहेक अरू कुनै उचित युक्ति र उपपत्ति छैन । यो मतलाई उपादेय बनाउनका लागि दिइएको तर्क महाभारतसागर भित्र आफै पसेर अध्ययन नगर्नेका निमित्त मात्र रमणीय देखिन्छ । पछि प्रक्षिप्त अंशका बारेमा ग्रन्थभित्र विशेष चर्चा भएको हुन्न । पहिले तयार भैसकेको प्रबन्धमा कुनै स्थलविशेषमा कुनै अंशविशेषको समावेश सिपालु संयोजकबाट हुन सक्ला । तर प्रबन्धभित्र ठाउँ ठाउँमा त्यसको चर्चा गराउनु सम्भव हुँदैन । प्रक्षिप्त अंश जहाँ जोडयो, त्यहीं अडेको हुन्छ । तर श्रीमद्भगवद्गीताको कुरो महाभारतभित्र त्यसरी एक स्थलमा मात्र सीमित भएर रहेको छैन । श्रीमद्भगवद्गीता भीष्म पर्व अन्तर्गत छ, भीष्म पर्वमा पच्चीसौं अध्यायदेखि बयालिसौं अध्यायसम्मको भागलाई श्रीमद्भगवद्गीता भनिन्छ । भीष्म पर्वको एक्काइसौं अध्यायदेखि बयालीसौं अध्यायसम्मको भागलाई 'श्रीमद्भगवद्गीता पर्व' भन्ने अवान्तर पर्व मानिएको छ । गीताको चर्चा चाहिं महाभारतको आदिदेखि उपसंहारसम्म नै ठाउँठाउँमा भएको छ । त्यति ठूलो संहितामा उपक्रमदेखि उपसंहारसम्म प्रक्षिप्त अंशको त्यसरी मिलान गर्न, उल्लेख गराउन, अभ्यास गराउन सम्भव हुँदैन । महाभारतमा आदि पर्वदेखि अश्वमेधपर्वसम्म ठाउँठाउँमा गीताको कुरा चलेको छ । आदिपर्व पहिलो पर्व हो, अश्वमेध पर्व चौथौं पर्व हो । आदिदेखि उपान्त्यसम्म एकीभूत भएर रहेको श्रीमद्भगवद्गीतालाई प्रक्षिप्त अंश मान्नु किमार्थ हुँदैन । महाभारत संहिता हो । यसमा अनेक विषयको साहित्य भएको छ, यसभित्र अनेक विषय र अनेक भाग स्वयँम परिपूर्ण हुने खालका छन । निराधार अड़कल लडाउँदै लग्ने हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने यस भित्रका अरू कैयन अवान्तर पर्वलाई पनि प्रक्षिप्त अंश माने हुन्छ । महाभारतका अन्यत्र स्थलमा उल्लेख नभएका अरू अवान्तर पर्व घेरै छन् । श्रीमद्भगवदगीता त अझ त्यस्तो पनि छैन, त्यसको चर्चा ठाउँठाउँमा समेत भएको छ । हो, श्रीमद्भगवदगीता स्वयंमा महत्त्ववान् छ, गौरवशाली छ । महाभारत अन्तर्गत हुंदा मात्र यसको महत्त्व भएको हैन । महाभारतभित्र नभएको भए पनि यसको महत्त्व विशिष्ट ग्रन्थको हिसाबमा कम हुने थिएन । गीता वेद, उपनिषदहरू जस्तै र जतिकै आर्यसंस्कृतिको प्रामाणिक ग्रन्थ मानिएको छ, ईश्वरीय ग्रन्थको रूपमा लिइन्छ । आर्य संस्कृतिका धर्मदर्शन विषयक कुरामा प्रमाण दिंदा श्रीमद्भगवद्गीतालाई पनि प्रबल प्रमाणको रूपमा उपस्थित गरिन्छ । सबै वेदान्त दर्शनमा गीता अतिविशिष्ट ग्रन्थ मानिन्छ । वेदान्तभिन्न पूर्वमीमाँसा, साङ्ख्य, न्याय आदि दर्शनले पनि गीतालाई अक्षरशः प्रमाण मानेका छन् । गीता यसरी सर्वसम्मानित भएको महाभारत अन्तर्गत भएको कारणले मात्र हैन, स्वयंको विशिष्टताको र परिपूर्णताको कारणबाट, अझ स्वयं श्रीकृष्ण भगवान्बाट परमेश्वर भावमा स्थित भई उपदेश गरिबक्सेको कारणबाट हो । श्रीमद्भगवद्गीता साक्षात् पूर्णावतार भगवान् श्रीकृष्णको वाणी हो, त्यसैले पनि यसको पृथक् अतिविशिष्टता र अतिप्रामाणिकता भएको हो । यसै कारणले गर्दा पनि कसैलाई यो प्रक्षिप्त अंश हो भन्ने भ्रम भएको हुन सक्छ । श्रीमद्भगवद्गीता भगवान् श्रीकृष्णले गाइबक्सेको वाणी उपनिषद् हो, महाभारत युद्ध आरम्भ हुने नैं दिन बिहान कुरूक्षेत्रको रणक्षेत्रमा अर्जुनलाई उपदेश भएको हो । यसैलाई भगवानकै अंशावतार व्यासदेवले शतसाहस्री संहिता महाभारतको अभिन्न अङ्गको रूपमा समावेश गर्नु धएको हो । यसमा कुनै शङ्का उपशङ्का गर्ने आधार र प्रयोजन केही छैन ।

गीताको स्वरूप पहिलेदेखि यही हो

श्रीमद्भगवद्गीतामा अठ्ठाह्र अध्याय छन् । अठ्ठाह्र अध्यायलाई छ छ अध्यायका तीन काण्डमा विभाजित गरिएको छ । पहिला छ अध्यायलाई कर्मयोगप्रधान काण्ड, दोस्रो छ अध्यायलाई उपासनायोगप्रधान काण्ड, तेस्रो छ अध्यायको समूहलाई ज्ञानयोगप्रधान काण्ड मानिएको छ । 'उवाच' भएको अंश वाहेक समग्र गीता पद्यमय छ । अठ्ठाह्र अध्यायमा सात सय श्लोक छन् । गीताको यो स्वरूपका विषयमा केही मतभेद पनि निस्केका छन् ।

(क) श्रीमद्भगवद्गीताको स्वरूप आरम्भमा अहिलेको जस्तो थिएन । युद्धारम्भका शंख बाजाहरू बजिसकेपछिको वेला दुइ पक्षका सेनाको बीचमा रथ अडाएर धेरै भन्ने र सुन्ने समय श्रीकृष्ण र अर्जुन दुवैलाई थिएन । अर्जुनले युद्ध गर्न चाहनु भएन, श्रीकृष्णले युद्ध नछोड्ने उपदेश बक्सियो, अर्जुनले मान्नु भो । यो संवाद पाँच सात मिनेटभन्दा बढी समयको थिएन । दोस्रो अध्यायको "अविनाशि तु तद्विद्धि" सम्मका सात श्लोकमा, अथवा "अकीर्तिंचापि भूतानि" सम्मका चौबीस श्लोकमा, बढीमा दोस्रो अध्यायमा श्रीकृष्णको उपदेश समाप्त भएको थियो । अरू अश पछिपछि थपिंदै आएका हुन् ।

(ख) श्रीकृष्णको र अर्जुनको संवाद युद्ध गर्ने र नगर्ने कुरामा केन्द्रित थियो । त्यो परिप्रेक्ष्यमा कर्म, भक्ति, ज्ञान आदिका विविध विषयमा प्रश्नोत्तर चलिरहनु स्वाभाविक पनि, सम्भव पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिएन । यी ज्ञान गुनका कुराहरू पछि पछि दार्शनिक विकासको प्रसङ्गमा थपिंदै आएका हुन् ।

(ग) श्रीकृष्णको र अर्जुनको संवाद तिनताक प्रचलित भाषामा भएको थियो । त्यो भाषा पद्यात्मक हैन, गद्यात्मक थियो । वर्तमान पद्यमय रूप श्रीकृष्णको र अर्जुनको भाषा हैन, वाणी हैन, महर्षि व्यासदेवले वा अरूले पछि श्रीकृष्णार्जुनसंवादको आशयको आधारमा रचना गरिएको हो ।

यस्ता मान्यताहरूका आफ्नै ढङ्गका धारणाहरू र आधारहरू अवश्यै छन् । तर सम्बद्ध सबै कुराहरूको विचार गर्दा त्यस्ता आधारहरू उपपत्ति र युक्तिमा अडेका देखिंदैनन् । अघिपछिका प्रासङ्गिक कुराहरूलाई, संलग्न श्रीकृष्णार्जुनको व्यक्तित्वमहिमालाई, समवर्ती आचार्यहरूका मान्यतालाई, अनुयायी समाजका श्रद्धा र विश्वासलाई एक मुष्ट बनाई साङ्गोपाङ्ग विचार गर्दा, चिन्तन मनन गर्दा तो मतमान्यताहरू झूठा ठहर्छन् ।

युद्ध शुरू हुने बेलामा दुवैतर्फ आफन्तहरूलाई देख्दा अर्जुनका मनमा मायाममताको अति वेगवान् आँधी उठ्यो, उहाँको अनेक गुणगणसम्पन्न व्यक्तित्व एकदम हल्लियो । उहाँले ज्ञानगुनका सबै कुरा तत्काल बिर्सेर युद्ध नगर्ने निश्चय गर्नुभो । उहाँ शोक र मोहले ग्रस्त हुनुभो । अर्जुनमा म र मेरा भन्ने अहङ्कार र ममकार उठेको थियो, आत्माको नित्यत्व र अविकारित्वलाई भुलेर मर्ने र मार्ने भन्ने मोह उब्जेको थियो; फलतः स्वधर्मत्याग र परधर्मग्रहण गर्ने पापवृत्ति उदाएको थियो । उहाँका शोक मोह नहटाईकन उहाँ कर्तव्य कर्मको परिपालनका निमित्त तयार हुनुहुँदैनथ्यो । उहाँ तयार नभई युद्ध नै चल्दैनथ्यो । पाण्डव पक्षका सर्वोपरि सेनापति अर्जुन नै हुनुहुन्थ्यो । युद्धतत्पर दुइ सेनाका बीचमा श्रीकृष्ण र अर्जुनलाई रथमा दुवै पक्षका योद्धाहरूले हेरिरहेका थिए; उहाँहरूका कुरा सुन्दैनथे, तर चेष्टा देखिरहेका थिए । अर्जुनले हातहतियार रथमा पर्याँकिदिनुभएको थियो, आँसु पुछिरहनुभएको थियो, श्रीकृष्ण सम्झाइरहिबक्सेको थियो, प्रश्नोत्तर भैरहेको थियो, उपदेश चलिरहेको थियो । एक तर्फका मूल सेनापति तयार नभई हतारो हुने र समय नहुने कुरै उठ्दैन । दुवै तर्फका सबै योद्धाहरू के भएको हो र के हुने हो भन्नेमा चुपचाप रहेका थिए । युद्ध नै हुने हो वा नहुने हो भन्ने थियो । अतः धेरै भन्ने र सुन्ने समय श्रीकृष्ण र अर्जुन दुवैलाई थिएन भन्नु त्यो स्थितिलाई बुझ्ने कोशिश नगर्नुको परिणाम हो ।

अर्जुन सामान्य पुरूष नभई धेरै पढेगुनेका, जानेबुझेका, देखेसुनेका परिपक्व विद्वान्, बुद्धिमान्, तपस्वी, कर्मठ वीर हुनुहुन्थ्यो । उहाँलाई सम्झाउन श्रीकृष्णकै आवश्यकता थियो । श्रीकृष्णले पनि पूर्ण भगवद्भावमा, परमेश्वरभावमा, महायोगेश्वरस्थितिमा नै रहेर उपदेश गर्नु परेकोबाट अर्जुनको र अर्जुनको तात्कालिक स्थितिको महत्त्व स्पष्ट हुन्छ । भगवान् श्रीकृष्णबाट स्वयं सर्वज्ञ परमेश्वर भावमा रहेर कर्म, भक्ति, ज्ञान आदि जम्मै योगको उपदेश बक्सियो । अर्जुनको मोह हटाउनु परेको थियो । अर्जुनले नसम्झेसम्म, उहाँको चित्त नबुझेसम्म, उहाँका प्रश्न र शङ्का अनुसार उत्तर दिंदा कर्म, भक्ति, ज्ञान सबै कुराको उपदेश भयो । यो हुनुपर्ने, यो हुनुनपर्ने, यति समयमा उपदेश गरिसक्नुपर्ने भन्ने किसिमको कुनै सीमा बाँध्न पनि सकिंदैन, बाँध्ने आधार छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतामा भएका कुनै कुरा पनि पछि थपिएका हैनन्, सबै कुरा शुरुदेखिकै हुन् । अब बाँकी रह्यो गीताको वर्तमान पद्यमय रूप श्रीकृष्णको र अर्जुनको प्रत्यक्ष भाषा, वाणी हैन भन्ने कुरो ।

सनातन धर्मसंस्कृतिका सबै आचार्यहरूले गीतालाई वेद, उपनिषद् जत्तिकै प्रमाण मानेका छन् । गीताको प्रत्येक अध्यायको समाप्तिवाक्यमा 'उपनिषत्सु' भनेर गीता सम्पूर्णलाई उपनिषद् मानिएको छ । उपनिषद् भनेको वेद हो, श्रुति हो । वेद उपनिषद् साक्षात् परमेश्वरको वाणी मानिन्छन् । तिनलाई श्रुति प्रमाण भनिन्छ । श्रुतिका एक एक अक्षर साक्षात् परमेश्वरका प्रत्यक्ष बोली हुन् । श्रुतिका आशय मात्र हैन; पदपद, अक्षरअक्षर, तिनको आनुपूर्वी क्रम जस्ताको तस्तै प्रमाण हुन्छन् । तिनमा एक अक्षर पनि यताउता पार्न, बदल्न हुन्न । यसो भएमा, गरेमा, हाम्रो संस्कृतिअनुसार पाप लाग्छ । हाम्रो संपूर्ण सनातन आर्य धर्मसंस्कृतिको जग वेद, उपनिषद् अर्थात् श्रुतिका आधारमा अडेको छ । स्मृति आदि अरू शास्त्र र सदाचार स्वतः प्रमाण हुँदैनन्, तिनको प्रमाण्य श्रुतिमा आधारित हुन्छ । ऋषिमहर्षिहरूका वाक्य मात्र हैन, अवतारी भगवान्का नररूपबाट उपदिष्ट वाक्य पनि श्रुतिका रूपमा हैन, स्मृतिका रूपमा ग्राह्य हुन्छन्, यदि यी वाक्यहरू, आशयहरू श्रुतिसँग विरोध खाँदैनन् भने । वेदका अर्थात् श्रुतिका कुरासँग विरोध पर्ने भएमा ऋषिमहर्षिका वाक्य मात्र हैन, भगवान्कै वाक्य पनि अप्रमाण, त्याज्य, अग्राह्य बन्छन् । भगवान्को अवतारका रूपमा पूजिने पुरुषका पनि वेदविरोधी वाक्य र आशय चाहिं प्रमाण मानिदैनन् । गीता वेदविरोधी नभएकोले व्यासकै वाक्य भए पनि स्मृतिका रूपमा प्रमाण मानिइहाल्थ्यो । तर उपनिषद् भन्न मिल्दैनथ्यो । श्रीकृष्णार्जुनको आशयलाई यथावत् समावेश गरेर व्यासले आपना शब्दका पद्यहरूबाट ग्रथन गर्नुभएको भए गीता उपनिषद् भनिने थिएन र महाभारतका अन्य अंशको भन्दा बढी महत्त्वको पनि हुने थिएन । महाभारतमा अरू सनातनधर्मवाङ्मयमा श्रीकृष्णले अरुलाई उपदेश गरिबक्सेका अरू प्रसङ्ग पनि प्रशस्त छन् । तर तिनलाई 'उपनिषद्' को स्थानमा राखिएको छैन । गीता चाहिं उपनिषद्को, श्रुतिको रूपमा प्रतिष्ठित छ । त्यसकारण, गीता व्यासदेवले ग्रथन गरेको नभई संकलन मात्र गरेको, श्रीकृष्ण भगवान्को जस्तातस्तै प्रत्यक्ष वाणी हो । भगवान श्रीकृष्णले पनि त्यो बेला नरावतारभन्दा माथि साक्षात् परिपूर्ण ईश्वरभावमा स्थित भएर उपदेश गरिबक्सेको वाक्य हो, त्यसैले नै उपनिषद् भनिएको हो, श्रुतिको स्थानमा प्रतिष्ठित भएको हो । गद्य र पद्य भन्ने कुरा सामान्य हो । गीताको पद्य गद्य जस्तै प्रवाहमय छ । महाभारतकै 'सनत्सुजातीय' नारायणीय, जस्ता अरू अध्यात्मविषयक अंशको भन्दा गीताको भाषा धेरै सरल छ । आठ आठ अक्षरका पाउमा विभाजन नगरी खुरुखुरु भनेमा गीताको पद्य गद्य नै बन्छ । पद्यमय रूपमा भन्दाखेरि बढी रसिलो र आनन्ददायक हुन्छ । भगवान्को प्रत्येक वाणी, प्रत्येक अक्षर, प्रत्येक पद मनोरम छन्, श्रुतिमधुर छन्, शान्तिदायक छन् । पद्यमा नै कुराकानी हुनुहुँदैन भन्ने तर्क सर्वथा निराधार हो । जान्नेले, सक्नेले पद्यमा नै कुराकानी गरेमा के बिग्रयो ? श्रीमद्भगवद्गीताका श्रीकृष्णार्जुनका वाक्य जस्ताको तस्तै स्वयं श्रीकृष्णार्जुनका प्रत्यक्ष वाणी हुन्, 'उवाच' भएका अंश व्यासदेवका वाक्य हुन्; धृतराष्ट्र र संजयका वाक्य उनीहरूका आफ्फ्नै हुन् । निष्कर्ष यही हो । यसैमा हाम्रो सांस्कृतिक गरिमा, श्रीकृष्णार्जुनव्यक्तित्वमहिमा, मानवसमाजका विश्वास, श्रद्धा सार्थक र साकार रहन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतोपदेश भएको समय

श्रीमद्भगवद्गीता आज विश्वको सर्वोत्तम ग्रन्थको रूपमा हामीसँग छ। भगवान् श्रीकृष्णले अर्जुनलाई यसको उपदेश कहिले गरिबक्स्यो भन्ने जिज्ञासा स्वभावः हुन्छ। यो जिज्ञासामा दुइ भाग देखिन्छन्– (१) श्रीमद्भगवद्गीतोपदेश कति अघि भएको हो भन्ने र (२) श्रीमद्भगवद्गीताको उपदेश कुन महिना र तिथि मितिमा भएको हो भन्ने। यी दुइ मध्ये पहिले पहिलो जिज्ञासाको नै समाधान गर्न खोज्नु बेस हुन्छ।

श्रीमद्भगवद्गीताको उपदेश महाभारत युद्ध शुरू हुने नै दिनमा भएको भन्ने तथ्य निश्चित छ। त्यसकारण महाभारत युद्ध भएको समय पत्ता लाग्नु र श्रीमद्भगवद्गीतोपदेशसमय पत्ता लाग्नु उही कुरा हुन आउँछ। महाभारत युद्धको समयका विषयमा भिन्न भिन्न मत चलेका छन्। कसैले ईसाभन्दा पाँच सय वर्ष मात्र अघि महाभारत युद्ध भएको मानेका छन्। कसैले ईसाभन्दा चौबीस सय अठचालीस वर्ष अघि, अर्का थरीले ईसाभन्दा चौध सय वर्ष पूर्व, अर्का थरीले एघार सय चौराञ्ज्वे वर्ष पूर्व महाभारत युद्ध भएको हो भन्ने मत स्थापित गरेका छन्। विचारकहरूका आफ्नै ढङ्गका उपपत्ति र आफ्नै किसिमका आधारहरू छन्। तर जुन संस्कृतिमा महाभारत आयो र महाभारतले जुन संस्कृतिलाई बल दिएर बढी महिमामय बनायो, त्यो संस्कृतिका उपासक शिष्टपरम्पराले कलियुगारम्भको र महाभारत युद्धको सम्बन्ध गाँसेको छ। श्रीमद्भागवत महापुराण आदिका अनुसार महाभारतयुद्ध सकिएको छत्तीस वर्षपछि कलियुगको आरम्भ भएको हो। महाभारत युद्ध सकिएको भोलिपल्ट गान्धारी कुरू महिलाहरूलाई लिएर स्वजनहरूको लाशले भरिएको युद्ध मैदानमा गइन्। श्रीकृष्ण, पाण्डव, सात्यकि, धृतराष्ट्र, विदुर, युयुत्सु, संजय पनि साथमा थिए। कुरुस्त्रीहरू आफ्ना पति पुत्रका लाशलाई लिएर अलापविलाप गर्न थाले। त्यो विजोग खपिनसक्नु थियो। सबै विचलित थिए, आर्त्त थिए। गान्धारीले कुरुकुलको त्यो विचल्ली, कुरुकुल महिलाहरूको त्यो अवस्था बताउन थालिन्। बताउँदाबताउँदै उनमा शोकले क्रोधलाई जगायो। रिसको वेग रोक्दारोक्दै फुस्कियो। उनले श्रीकृष्णलाई कौरवपाण्डवको बन्धुविग्रहलाई समर्थ भएर पनि नरोकेको भन्ने दोष लगाएर छत्तीस वर्षमा श्रीकृष्णको कुलको पनि बन्धुविग्रहबाटै संहार हुने सराप दिइन्। सो सराप अनुसार छत्तीस वर्षमा यदुकुलसंहार भो, श्रीकृष्णले आफ्नो लीलाविग्रहको लय गरिबक्स्यो। जुन दिन श्रीकृष्णको लीलाविग्रहको लय भो सोही दिन कलियुगको पनि प्रवेश भयो। त्यसकारण महाभारत युद्ध सकिएको छत्तीस वर्षपछि कलियुग लागेको हो भन्ने मत श्रीमद्भागवतको छ। श्रीमद्भागवतको यो भनाइको मुख्य तात्पर्य भगवान् श्रीकृष्णको महिमागानमा छ, कलियुगारम्भ तिथि निर्धारणमा हैन भन्ने तथ्य महाभारतबाट बुझिन्छ।

भगवान् श्रीकृष्णलाई सराप परेको पनि, सो सराप अनुसार छत्तीसौं वर्षमा यदुकुलसंहार भएको, श्रीकृष्णको लीलादेहलय भएको पनि महाभारतले नै बताएका कुरा हुन्। भागवतका अरू कुरासँग महाभारतका कुरामा मेल छ। कलियुगारम्भको विषयमा महाभारतमा आएकै कुरा छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डवको वनवास चलुञ्जेलसम्म कलियुग लागेको थिएन । वनवासको अवधि सकिनें ताक भीमसेन सौगन्धिक कमलको खोजीमा एक्लै उत्तरतर्फ गैरहेका बेलामा हनुमान्‌संग भेट भो । भीमको बलाभिमान हटाएपछि हनुमान्‌ले आपनो परिचय दिनुभो । दुवै वायुदेवका छोरा, दाजुभाइ, कुराकानी भो । हनुमान्‌ले त्रेतायुगमा समुद्र तर्दाको आपनो महाविशालकायको दर्शन दिएर भीमको इच्छा पूर्ण गर्नुभो । भीमले कौरवसँग हुने युद्धमा सहायताको प्रार्थना गरेपछि हनुमान्‌ले भन्नुभो– "म भगवान्‌ले हाँकिबक्सेको अर्जुनरथको ध्वजदण्डमा बसेर तिमीले गरेको सिंहनादलाई, आपनो सिंहनादले करोडौं गुना ठूलो भयंकर बनाएर शत्रुहरूको प्राणलाई थर्काइदिनेछु र तिमीहरूलाई तिनलाई सजिलैसित मार्ने छौ । अब चाँडै नै कलियुग लाग्दैछ, बुद्धि ठीक राख ।" हनुमान्‌ले यति भनेर ठीक बाटो देखाइदिनुभो र आफू अन्तर्धान हुनुभो । यो प्रसङ्गले पाण्डव वनवासको समयमा कलियुग लागिसकेको थिएन, चाँडो लाग्ने भएको थियो भन्ने थाहा हुन्छ ।

महाभारत युद्धको आरम्भ भएको विषयमा महाभारतमा नै लेखिएको छ– "द्वापरयुग सकिने र कलियुग लाग्ने अन्तरमा कौरव तथा पाण्डवका सेनाको बीच कुरुक्षेत्रको समन्तपञ्चकमा युद्ध भएको थियो ।" "कलिद्वापरयो रन्तरे" भनेको कलिद्वापर युगको जोर्नीमा हो र जोर्नी भनेको द्वापरयुग सकिने र कलियुग लाग्ने वेला हो । यो वचन अनुसार कलियुग शुरू भएकै वर्ष महाभारत युद्ध भएको हो । महाभारतयुद्धको अठ्ठाह्रौं दिनमा भीमसेनले गदायुद्धमा दुर्योधनलाई तिघ्रा भाँचेर पछारे । दुर्योधनका पहिलेका दुष्कृत्यहरू सम्झेर रिसले चूर भएका भीमसेनले भइँमा लडेको दुर्योधनको टाउकोलाई बायाँ लातले हानेर 'हामीमाथि गरेको दुष्कर्मको फल यही हो, भने । यो देखेर बलराम साँरै रिसाउनुभो । गदाले तिघ्रामा हान्न नहुनेमा हान्ने, अझ फूर्ति गरेर गाली गर्ने, अझ आपनो ज्ञातिको, क्षत्रियको, राजसन्ततिको शिरमा बायाँ लातले हान्ने, भीमसेनका बेहूदा, अति अनुचित कर्म बलदेवलाई असह्य भो, दण्ड दिन खोज्नुभो । त्यो वेला भगवान् श्रीकृष्णले दाज्यू बलदेवलाई सम्झाउँदै मर्जी भएको थियो– "चौध वर्ष अघि नै पाण्डुपुत्र भीमले दुर्योधनको तिघ्रा भाँच्ने प्रतिज्ञा भरीसभामा गरेका थिए, दुर्योधनले त्यत्रात्यत्रा अपकार गरेका थिए । त्यसको बदला लिनु पनि थियो, प्रतिज्ञा पूरा गर्नु पनि थियो । लात हान्यो । कलियुग लागिसकेको पनि त हजुरलाई थाहै छ ।" पाण्डवहरू वनमा बसुन्जेल कलियुग लागेको थिएन, महाभारत युद्धको अठ्ठाह्रौं दिनमा कलियुग लागिसकेको थियो, द्वापरयुग र कलियुगको बीचमा अर्थात् द्वापरयुग सकिएको, कलियुग लागेको वर्ष महाभारत युद्ध भएको थियो । महाभारतका अनुसार स्पष्ट छ कलियुगको र महाभारत युद्धको वर्ष उही हो ।

हाम्रो आर्य मान्यताको काल गणना अनुसार ईसाभन्दा ३१०१ विक्रमभन्दा ३०४४ वर्ष अघि कलियुगारम्भ भएको हो । महाभारतयुद्धको आरम्भ भएको पनि विक्रमभन्दा ३०४४ वर्ष अघि नै भएको हो र भगवान् श्रीकृष्णबाट गीतोपदेश भएको पनि त्यही वर्ष हो । २०४२ साल विक्रम संवत्‌बाट हिसाब गर्दा पाँच हजार छयासी वर्ष अघि श्रीकृष्ण भगवान्‌बाट अर्जुनलाई गीताको उपदेश बक्सिएको हो । अर्को ढङ्गसँग हिसाब गर्दा पनि यो सयम करीब करीब मिल्न आउँछ भन्ने विद्वान्‌को राय छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्यको बारेमा आर्यावर्तभन्दा बाहिरका आर्येतरले लेखेका अभिलेखहरूमध्ये चन्द्रगुप्त मौर्यको साथमा केही समय बसेका यूनानी यात्री मेगास्थनीजले लेखेको यात्रा वर्णन सर्वप्रथम हो। उनका अनुसार (१) "डायोनिसिस चन्द्रगुप्त मौर्यका एक सय त्रिपन्न पुस्ता अघिका पूर्वपुरूष हुन्; (२) शूरसेनवासीहरूका पूजनीय पुरूष हेराक्लीज डायोनिसिसकै पन्ध्रौं पिढीका सन्तति हुन्।" यस अनुसार हेराक्लीज चन्द्रगुप्तमौर्यभन्दा १३८ पुस्ता अघि भएको सिद्ध हुन्छ। इतिहासकारहरूका अनुसार कालगणना गर्दा एक पिढीको समय १६ देखि २५ बर्ष मानिन्छ। यहाँ सालाखाला २० वर्ष एक पुस्ताको हिसाब गरेमा हेराक्लीजको समय चन्द्रगुप्त मौर्यभन्दा २९६० वर्ष अघि भएको अनुमान हुन्छ। चन्द्रगुप्तमौर्यको समय ईसाभन्दा ३१२ वर्ष पूर्व मानिन्छ। यस अनुसार हेराक्लीज ईसाभन्दा ३०७२ वर्ष अघि भएका देखिन्छन्। हेराक्लीज भनेर मेजास्थनीजले श्रीकृष्णलाई भनेका हुन्। 'श्री' को अथवा 'हरि' को हेरा भयो होला 'कृष्ण'को क्लीज भयो होला। श्रीकृष्ण मथुराकै हुनु हुन्थ्यो र मथुरा (शूरसेन) मा श्रीकृष्णको ठूलो पूजा हुन्थ्यो र आज पनि सँधै आर्यावर्तमा श्रीकृष्णको पूजा हुन्छ। श्रीकृष्णको समय भन्नु र महाभारतयुद्धसमय भन्नु एकै हो। हाम्रा पुराणले कलि-युगारम्भको, महाभारत युद्धारम्भको समय जुन बताएका छन् त्यसैको अनुकरण ऐतिहासिक अभि-लेखले षनि गरेको पाइन्छ। जुन हिसाबबाट हेर्दा पनि गीतोपदेशको समय ईसाभन्दा ३१०१ वर्ष अघि भएको प्रमाणित हुन्छ।

महाभारत युद्धारम्भ भएको महिनाका विषयमा खास मतभेद देखिंदैन। सबैले मार्ग महिनामा नै युद्धारम्भ भएको मानेका छन्। तिथिका विषयमा विचार भेद पाइन्छ। मार्ग शुक्ल एकादशी, द्वादशी, त्रयोदशी वा चतुर्दशीलाई युद्धारम्भ तिथि मान्ने वैकल्पिक मतहरू पाइन्छन्। यो विषयमा निश्चित मत बनाउनुभन्दा पहिले महाभारत युद्धारम्भका बारेमा प्रकाश दिने महाभारतका मुख्य मुख्य वाक्यहरूको अर्थ जान्नु लाभदायक हुन्छ। तिनको सङ्कलन तल दिइन्छ।

(१) कृष्ण पक्षको सप्तमीमा विराटका गाई सुशर्माले हरे। अर्को दिन सारा कौरवहरूले मिलेर अष्टमीका दिन हजारौं गाई बाछाहरूलाई पक्डे। —वि. पर्व अ. ३० श्लो. २६, २७

(२) यो महिना रसद इन्धनहरू पाउन सजिलो हुने राम्रो महिना हो। सात दिनपछि अमावास्या हुन्छ। त्यो दिन संग्राम मिलाउनू भनेर हे कर्ण, तिमीले द्रोण, भीष्म, कृपलाई यताबाट गएर भनिदिए। —उद्योग पर्व अ. ७ श्लो. १६, १८

(श्रीकृष्णले हस्तिनापुरबाट सन्धिको निम्ति असफल भई फर्कंदा कर्णलाई भन्नु भएको।)

(३) कौरवकहाँबाट सन्धिको काम नभई फर्कनु भएपछि श्रीकृष्णले पाण्डवलाई यसो मर्जीभो— हे पाण्डव, कालले कुतकुत्याएका कौरवहरूले मेरा कुरालाई मानेनन्। पाण्डव हो, पुष्य नक्षत्रको साइतमा लडाइँको निम्ति प्रस्थान गर, म पनि साथमा हुन्छु।

—शल्य पर्व अध्याय ३५ श्लो. ९, १०

(४) फौज र हातहतियारहरू छुट्टा छुट्टै जम्मा हुन थाले बलरामले भाइ श्रीकृष्णसँग कौरवहरूको पनि सहायता गर्नुपर्छ भन्नुभो। कृष्णले त्यसो गर्नु भएन भन्ठानेर बलराम झोंक्किएर तीर्थ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यात्राका लागि जानुभो। श्रीकृष्ण सात्यकिका साथ पुष्य नक्षत्रमा पाण्डवलाई अघि लगाएर कुरुक्षेत्रतिर सवारी भो। श. प. अ. ३५ श्लो.११–१३, १५, १६।

(५) कार्तिक पूर्णिमामा कमल जस्तो रातो आकाशमा आगो जस्ता राता चन्द्रमा निस्तेज, नदेखिने जस्ता भए। –भी. प. अ. २ श्लो २३

(६) त्यो दिन [युद्ध हुने दिन] सोम मघाको विषयमा गए, आकाशमा दीप्यमान सात महाग्रहको संपात भो। –भी. प. अ. १७ श्लो. २

(७) म पुष्य नक्षत्रमा निस्केको थिएँ, आज श्रवण नक्षत्र नक्षत्रमा फर्कें, बयालीस दिन भयो। (बलरामले युद्ध सकिने दिन फर्कंदा भनेको) –श. प. अ. ३४ श्लो. ६

(८) हे कुरुवीर श्रेष्ठ भीष्म, तपाईंको आयु अब छपन्न (पञ्चाशतं षट्च) दिन बाँकी छ। (श्रीकृष्णले लडाईंपछि युधिष्ठिरहरूलाई लिएर जाँदा भन्नु भएको) –शा. प. अ. ५१।१४

(९) युधिष्ठिरले पचास रात सहरमा बसेपछि भीष्म प्रयाणलाई सम्झे। अनु. १६७५

(१०) तोखा टुप्पावाला बाणहरूमा सुत्दा सुत्दै अण्ठाउन्न रात विते, सय वर्ष जस्तो भएको छ। यो सौम्य महिना माघ लागेको छ, त्रिभागशेष यो शुक्लपक्ष हुनुपर्छ।–अनु. पर्व अ.१६७ श्लो.२७ २८

(११) हे वीर, मसँग हजुरको सहवास यति छ महिनाको रहेछ। सातौं महिनामा हजुरको मृत्यु भो। (उत्तराले मरेका अभिमन्युलाई भनेको) –स्त्री पर्व २०।२९

(१२) अर्जुनले दशै दिशा घन्कने गरी कराएर भने– युद्ध रोकेर यहीं रणभूमिमा दुइ घडी आँखा झप्काऔं, नीद र थकाइ मर्छ, चन्द्रमा उठाएपछि फेरि लडौंला। –द्रो. प. अ. १८४। २५.२७

(१३) अनि कामिनी कराउन जस्तो गोरो, नयनानन्दन, कुमुदनाथ चन्द्रमाले पूर्व दिशा शोभित भयो। द्रो. प. अ. १८४।४६

महाभारत युद्धारम्भ तिथि निर्धारणका लागि युद्ध सकिएपछि उत्तरायणमा भएको भीष्म-प्राणत्यागतिथिलाई विद्वान्हरूले मुख्य आधार बनाएको देखिन्छ। युद्ध सकिएपछि भीष्मप्रयाण-सम्मको दिन गणना गर्ने आधार (१) श्रीकृष्णले भीष्मलाई मर्जी भएको शान्तिपर्व अध्याय ५१ को श्लोक १४ को वचन र (२) भीष्मले आफ्नो प्राणत्यागको केही घडी अघि युधिष्ठिरलाई भनेको अनुशासन पर्व अध्याय १६७ श्लोक २७, २८ का वचन हुन्। यी दुइ वचनको सामान्य अर्थबाट निस्कने दिन गणना फरक फरक हुन्छन्। तिनलाई मिलाउनको लागि महाभारतटीकाकार श्रीनील-कण्ठले झिकेको गूढ अर्थलाई अथवा कल्पित पाठभेदलाई अघि सार्नुपर्ने हुन्छ। यसैकारणले गर्दा युद्धारम्भतिथिलाई एकादशी, त्रयोदशी वा चतुर्दशी मान्ने मत विकल्पहरू उठेका छन्।

आचार्य नीलकण्ठले भारत भाव दीप नामक टीकामा महाभारतको अत्यन्त विद्वत्तापूर्ण व्याख्या गरेका छन्। महाभारतका अध्येता विद्वान्हरूको परम्पराले महाभारतको अर्थग्रहणमा र भाव बोधमा उनको नीलकण्ठी टीकालाई विशेष आदरका साथ महत्त्व दिने गर्दै आएको छ। नीलकण्ठले मार्ग शुक्ल त्रयोदशी पर चतुर्दशीलाई युद्धारम्भतिथि मानेका छन्। यस विषयमा उनले "भारत-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सावित्री'' का दुइ श्लोकको पनि उद्धरण गरेका छन् । ती दुइ श्लोकको अर्थ छ– 'हेमन्त ऋतुको पहिलो महिना, शुक्लपक्ष, त्रयोदशी, मृगशिरा नक्षत्रमा महाभारत युद्धशुरू भयो ।'' ''माघमहिनाको कृष्ण अष्टमीमा अर्जुनले भीष्मलाई हाने र त्रयोदशीमा भरद्वाजका छोरा द्रोणलाई ।'' अनि नीलकण्ठले भीष्मप्राणत्यागतिथि माघशुक्ल अष्टमीलाई भनेका छन् । भीष्म पछारिएदेखिका अण्ठाउन्न दिन पनि गनेका छन् । उनले श्रीकृष्णले भीष्मलाई भन्नुभएको श्लोकलाई कूट श्लोक मानेर ''पञ्चाशतं षट च'' को अर्थ पांच छक्का तीस भन्ने र ''आशतं'' को 'सय जस्तो हुनसक्ने' अर्थात् सय दिन भरीमा गरिने असल काम तीस दिनमा पनि गर्न सकिने भन्ने अर्थ गरे । उनको विद्वत्ताका अगाडि आज महाभारत पढ्नेहरूले नतमस्तक हुनै पर्छ । उनले गरेको अर्थमा शङ्का गर्न धेरै धेरै विचार गर्नुपर्छ । माघ शुक्ल अष्टमीमा भीष्मप्राणत्याग मानेको आधारमा बलियो शास्त्र प्रमाण छ । ''पञ्चाशतं षट् च'' को अर्थलाइ दिनगन्ती मिलाउनका लागि अत्यन्त उपकारक र विद्वत्तापूर्ण पनि मान्नै पर्छ । तर भारतसावित्रीको भीष्मपतनको ''माघमासे सिताष्टमी'' को अर्थ गर्दा ''पौषमा पनि माघ शब्दको प्रयोग मकरायनको अभिप्रायले भएको हो'' भनेको चाहि बढी तानतुन जबर्जस्ती गरेको जस्तो देखिन्छ । अर्को कुरो, भीष्म पतनदेखिको अण्ठाउन्न दिन उनले गनेका छन् तर उनकै अनुसार भीष्म ''पौष कृष्ण अष्टमीमा'' लडे, ''माघ शुक्ल अष्टमीमा'' मरे । यो अवधिमा अण्ठाउन्न दिन पुऱ्याउन मैले चाहिं सक्दै सकिन, उनीले पुऱ्याएर देखाएनन् । अर्को कुरो नीलकण्ठले पूर्णिमान्त मास मानेको देखिन्छ, मार्ग शुक्ल चतुर्दशीबाट दश दिनमा पौष कृष्ण अष्टमी मानेका हुनाले ।

महाभारत मीमांसाकार विद्वान चिन्तामणि विनायक वैद्यले नीलकण्ठले मानेको मार्ग शुक्लत्रयोदशीलाई नै युद्धारम्भतिथि र माघशुक्ल अष्टमीलाई नै भीष्मप्राणत्यागतिथि ठहऱ्याएका छन् । शान्ति पर्वमा र अनुशासन पर्वमा भएको युद्धोपरान्त भीष्म बाँचेको दिनको गणनाले परस्पर संगति नखाने हुनाले तिनको अर्थ अवश्य गुप्त किसिमको मान्नुपर्छ, मिल्दो गरी अर्थ गर्न नसकिने हुँदैन ।

अर्का प्रसिद्ध विद्वान वेददर्शनाचार्य स्वामी गङ्गेश्वरानन्द उदासीन महाराजले मार्गशुक्ल एकादशी तिथिलाई युद्धारम्भ तिथि र माघशुक्ल दशमीलाई भीष्ममरणतिथि ठहऱ्याएका छन । अनुशासन पर्वमा भीष्मले भनेको ५८ रात भीष्म लडेपछि नगनीकन मार्गशुक्ल एकादशी देखि नै गन्ने सल्लाह दिएका छन् । आफ्नो सेनापतित्वकालका दश दिन पनि उनको लागि शरशय्यामा सुते सरह निद्रै लाग्न नदिने पीडाको दायक थिए भन्ने राय अवश्य नै प्रशंसनीय छ । उनले चौधौं दिनमा भएको रात्रियुद्धमा चन्द्रोदयको प्रसङ्गलाई बढ़ी महत्व दिएर मार्गशुक्ल त्रयोदशीलाई युद्धारम्भतिथि मान्नु नहुने तर्क पेश गरेका छन् । तिथिक्षय भएको पक्ष हुनाले त्रयोदशीतिथिलाई युद्धारम्भतिथि मानेमा त्यसको चौधौं रात कृष्ण त्रयोदशीमा 'आधारातको दुइघडी पछि चन्द्रमा उदाउने र त्यो प्रकाशमा युद्ध गर्ने कुरो' सबै नमिल्ने हुन्छ । एकादशी युद्धारम्भतिथि भएमा त्यसको चौधौ रात नवमी वा दशमीमा आधा रातको दुई घडीपछि चन्द्रमा उदाउने र जून तेजिलो हुने भई त्यसको प्रकाशमा युद्ध गर्ने कुरो मिल्न आउँछ । महामण्डलेश्वरको यो सूझ विद्वत्तापूर्ण र विवेकपूर्ण देखिन्छ

अब हामी विद्वानहरूका मतलाई हो वा होइन भन्नुभन्दा पहिले आफ्नै ढङ्गसंग विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरौं । यस प्रकारको विचार गर्नका निमित्त युद्धोपरान्तका कुराहरूको बाटो त्यसै छोडेर युद्धपूर्वका कुराहरूबाट अर्को बाटो बनाउनु उचित सम्झन्छु । श्रीकृष्णको शान्तिप्रस्ताव कार्तिक शुल्क सप्तमीमा असफल भो । अष्टमीका दिन फर्केदा कर्णका हात बाटैबाट युद्ध निश्चित भएकोले सात दिन पछिको पूर्णिमामा संग्रामयोग गर्नू भन्ने खबर उहाँले कौरवदरबारमा पठाइबक्स्यो । उपप्लव्यमा (पाण्डव बसेको मत्स्यदेशको एक शहर) आएर पाण्डवहरूलाई पुष्य नक्षत्रमा युद्धका लागि प्रस्थान गर्ने सल्लाह उहाँले दिइबक्स्यो । त्यसपछि पुष्य नक्षत्रमा बलरामको तीर्थयात्राका लागि र पाण्डवको युद्धका लागि प्रस्थान भो । बलराम बयालीस दिनमा कुरुक्षेत्रमा फर्कनुभो । त्यसै बेला भीमदुर्योधनको गदायुद्ध भैरहेको थियो, दुर्योधनलाई भीमले लडाए, युद्ध सकियो। त्यही राति अश्वत्थामाले लुकेर पाण्डवशिविर-मा पसी सुतिरहेका योद्धाहरूलाई मारे, शिबिरमा आगो लगाए । त्यो दिन श्रवण नक्षत्र थियो । बलराम तीर्थयात्राका बयालीस दिनमध्ये १८ दिन त युद्ध भो । बयालीसमा युद्धदिन अठाह्र घटाउँदा चौबीस बाँकी रह्यो । युद्धार्थ प्रस्थान गरेको चौबिसौं दिनमा युद्ध भएको थियो । यस अनुसार युद्ध सकिएको श्रवण नक्षत्र भन्दा अठाह्र दिन अघि मृगशिरा नक्षत्रमा, पुष्य नक्षत्र भन्दा पछि चौबीसौं दिनमा युद्ध शुरूभो, तिथिक्षय समेतको हिसाब गर्दा सो दिन मार्ग शुल्क एकादशी पर्‍यो । त्यसको अठाह्र दिनमा तेह्र दिने पक्ष भएकोले- पौष कृष्ण औंसीमा युद्ध समाप्त भो । मार्ग शुल्कएकादशीमा युद्ध शुरू भएकोले रात्रियुद्ध भएको चौथौं दिन गङ्गेश्वरानन्दले भनेझैं कृष्ण दशमी वा एकादशी थियो । अठाह्रौं दिन सो पक्ष तेह्रदिने विश्वधस्त्र पक्ष भएकोले–मार्ग कृष्ण औंसी । दुर्योधन औंसीका दिन मरेको भन्ने प्राचीन उक्ति पनि मिल्न आयो । कार्तिक शुक्ल पूर्णिमामा युद्धार्थ प्रस्थान गरेको मार्ग कृष्ण औंसीमा युद्ध सकियो । जम्मा तीन पक्ष; चान्द्रमास सालाखाला २८ दिनको हुने हुंदा ठीक बया-लीस दिनमा सबै कुरा सकियो । बलरामले भन्नुभएको हिसाब पूरै मिल्यो । अब भीष्म प्राणत्यागको विषयमा निश्चय गरौं ।

पूरा एक वर्षमा भीष्मका नामबाट चलेका कृत्य तीन छन् । कार्तिक शुल्क एकादशीदेखि कार्तिक पूर्णिमासम्म 'भीष्मपञ्चक'; माघशुल्क अष्टमी 'भीष्माष्टमी' र माघशुल्क द्वादशी 'भीष्म द्वादशी' । यो द्वादशीलाई 'भीम द्वादशी' पनि भन्छन् । भीष्म पञ्चक व्रतको रूपमा लिइन्छ र त्यसमा भीष्मको पनि पूजा हुन्छ, कार्तिकमासव्रतपूजाको अङ्गको रूपमा । भीष्माष्टमी श्राद्धतर्पणरूपमा लिइन्छ स्वतन्त्र अङ्गीको रूपमा । भीष्मद्वादशीलाई व्रतको रूपमा लिइन्छ । भीष्मले गरेको हुनाले माघ द्वादशी व्रत भीष्मका नामबाट 'भीष्म द्वादशी' भन्ने नामले चलेको हो भन्ने शास्त्रीय वचन छ । माघशुल्क अष्टमीलाई भीष्मको निमित्त श्राद्धतर्पण गरिने हुनाले भीष्माष्टमी भनिएको छ । भीष्माष्टमीका दिन भीष्मलाई तर्पण दिने, श्राद्ध दिने, अन्न दान आदि गर्ने विधान छ । यसलाई ऐच्छिक रूप हैन, नगरी नहुने कर्तव्यको रूपमा बताइएकोछ । भीष्माष्टमीका दिन भीष्मतर्पण आदि कर्म ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र सबैले गर्ने पर्छ; गरेमा सन्तति र सम्पत्ति हुन्छ, वर्ष दिन भरीको पाप नष्ट हुन्छ, नगरेमा वर्ष भरीको पुण्य नष्ट हुन्छ' भन्ने शास्त्रका वचनहरू छन् । अरू श्राद्धहरू बाबु हुनेले गर्नु नहुने हुन्छन् तर भीष्मको निमित्त गरिने यो श्राद्धतर्पण बाबु हुनेले पनि गर्नुपर्ने नित्य कर्मको रूपमा उपदेश भएको छ । भीष्माष्टमीको सांस्कृतिक महत्व पनि ठूलो छ तर माघशुल्क दशमीको खास विशेषता केही पाइदैन । यो स्थितिमा महामण्डलेश्वरले भन्नु भए झैं माघ शुल्क दशमीलाई भीष्म प्रयाण तिथि

96069

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा नीलकण्ठले भनेझैं, उनको अनुकरणमा रायबहादुर वैद्यले भनेझै माघशुक्ल अष्टमीलाई भीष्मप्रयाण तिथि मान्नुमा बलिया आधार, उपपत्ति र प्रमाण पाइन्छन्। अब आयो अण्ठाउन्न दिनको कुरो। महामण्डलेश्वरको राय अनुसार युद्ध शुरू भएदेखिकै रात गन्नु युक्तिसंगत हुन्छ। यसो गर्दा दशमीका दिनभन्दा अष्टमीका दिन अण्ठाउन्न दिनको संगति बढ़ी मिल्छ। अब 'पञ्चाशतं षट्च' को अर्थ नीलकण्ठको मत अनुसार पाँच छक्का तीस गर्नुपर्छ। युद्ध सकिएपछि तिलोदक दान आशौचशुद्धि उपरान्त पुरप्रदेश राज्याभिषेक आदि सबै गरेर श्रीकृष्ण युधिष्ठिरहरू भीष्मकहाँ नीलकण्ठकै हिसाब अनुसार युद्ध शुरु भएको अट्ठाइसौं दिनमा पाल्नु भो। श्रीकृष्णले भीष्मको आयु तीस दिन बाँकी छ भन्ने आज्ञा भो। भीष्मले भनेको अण्ठाउन्न दिन पनि त्यहीं तीसौं दिन हो।

महाभारत युद्ध सम्बन्धी तिथिहरूः–

(१) कार्तिक कृष्ण सप्तमी – त्रिगर्तराज सुशर्माले विराटगोहरण।
(२) " " अष्टमी – कौरवले विराटगोहरण, पाण्डवको प्राकट्य।
(३) श्रीकृष्णादिको आगमन, शान्तिको र युद्धको निम्ति उद्योग, सेनाको र हातहतियारको बन्दोवस्त।
(४) बैशाखमा – अभिमन्युको उत्तरासँग विवाह।
(५) आश्विन कृष्ण त्रतोदशी – कलियुगको आरम्भ।
(६) कार्तिक शुक्ल सप्तमी – श्रीकृष्णको शान्तिप्रस्तावप्रत्याख्यान।
(७) कार्तिक शुक्ल अष्टमी – श्रीकृष्णकर्णसंवाद, युद्धघोषणा।
(८) कार्तिक शुक्ल पूर्णिमा – पाण्डवहरूको युद्धार्थ प्रस्थान (पुष्य नक्षत्र) बलदेवजीको तीर्थ यात्रारम्भ।
(९) मार्ग शुक्ल एकादशी – महाभारतयुद्धारम्भ, गीतोपदेश, (मृगशिरा)।
(१०) पौष कृष्ण षष्ठी (एक तिथिटूट भएकोले) – भीष्मपात।
(११) पौष कृष्ण एकादशी वा द्वादशी (तिथिटूट भएको)– द्रोणबध।
(१२) पौष कृष्ण चतुर्दशी – कर्णबध
(१३) पौष कृष्ण औंसी – शल्यवध, दुर्योधन पराजय, शिविरदाह आदि।
(१४) माघ शुक्ल अष्टमी(भीष्माष्टमी)– भीष्म प्राणत्याग।
(१५) कलिगत छत्तीस वर्षमा – श्रीकृष्णलीला संवरण, पाण्डव महाप्रस्थान।

गीता श्लोक संख्या

श्रीमद्भगवद्गीताको श्लोकसंख्याको विषय विचारकहरूका लागि अनुसन्धेय बनेको छ। सामान्यतः प्रचलित गीता पुस्तकमा सात सय श्लोक छन्। श्रीमान् आदिशंकराचार्यदेखि विभिन्न सम्प्रदायका सर्व जसो आचार्यहरूले गीतालाई सातसय श्लोकी मानेर व्याख्या गरेको पाइन्छ। तर गणपति कृष्णजी प्रेस, बम्बईबाट प्रकाशित महाभारत भीष्मपर्वमा पच्चीसौंदेखि बयालीसौंसम्म अठ्ठाह्र अध्याय गीता पढ़िसकेपछि त्रितालीसौं अध्यायका पहिला तीन श्लोकमा गीतामाहात्म्य वर्णन भई चौथो र पाँचौं श्लोकको पूर्वार्धमा "श्रीकृष्णले छ सय बीस श्लोक, अर्जुनले सन्ताउन्न श्लोक, संजयले सतसठ्ठी श्लोक र धृतराष्ट्रले एक श्लोक भन्नु भो, गीताको परिमाण यही हो" भन-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एको छ। प्रचलित गीतापुस्तकमा श्रीकृष्णले पाँचसय पचहत्तर श्लोक, भएको अर्जुनले चौरासी श्लोक भन्नु पाइन्छ। यस प्रकार गीतामानबोधक डेढ श्लोकमा बताइएभन्दा प्रचलित गीतापुस्तकमा श्रीकृष्णकोमा पैंतालिस श्लोक कम, अर्जुनकोमा सताइस श्लोक बढी संजयकोमा सताइस श्लोक घटी पाइन्छ। कुल जम्मा प्रचलित गीतामा पैंतालिस श्लोक कम हुन्छ।

	गीतामान	प्रचलित	बढी घटी
श्रीकृष्ण	६२०	५७५	−४५
अर्जुन	५७	८४	+२७
संजय	६७	४०	−२७
धृतराष्ट्र	−१	१	×
	७४५	७००	४५

प्रचलित श्लोक संख्या ७०० भन्दा बढ़ी वा घटी श्लोकसंख्यावाला गीतापुस्तकहरु पनि छापिएका छन।

१. काश्मीरमा मुद्रित संस्करण - राजानक अभिनव गुप्तकृत टीकासहित गीता पुस्तक काश्मीर श्रीनगरमा मुद्रित भई प्रकाशित भएको हो। यो टीकाले गीतार्थलाई अर्कै बाटोतिर लगेको छ। आध्यात्मिक बनाउँदा बनाउँदै यज्ञ आदि कर्मलाई पनि आध्यात्मिक बनाउन खोजिएको छ र कौरव पाण्डवलाई पनि ऐतिहासिक नमानेर अविद्या र विद्यामय संकल्पको रूपमा व्याख्या गरिएको छ। त्यसकारण यो टीकाका कर्ता प्रत्यभिज्ञादर्शनका आचार्य नाट्यशास्त्रको र ध्वन्यालोकको व्याख्याकार प्रसिद्ध अभिनव गुप्त परममाहेश्वराचार्य नभई अभिनव गुप्त नामक अर्कै विद्वान् हुन् भन्ने अनुमान गरिएको छ। टीकाको गति जस्तो भए पनि यो संस्करणको मूलपाठमा प्रचलित ७०० श्लोकका अतिरिक्त थप श्लोकहरू छन्। यो मूलपाठ काश्मीर पाठ भन्ने नामले प्रसिद्ध छ। गीताका ७०० भन्दा बढी श्लोक छन् भन्ने कुरामा विद्वान्हरूको ध्यानाकर्षण गर्ने पहिलो पाठ वास्तवमा यही काश्मीर पाठ हो।

२. पुण्यपत्तन आनन्दाश्रमबाट प्रकाशित संस्करण – ताडपत्रीकर महोदयको शोधखोजबाट यो गीता प्रकाशित भएको हो। यसको मूलपाठ काश्मीरपाठसँग मिल्छ। यसमा राजानक राम कविले गरेको टीका छ। यो टीका पनि बेस छ, प्रामाणिक छ। यो मूलपाठलाई 'पूना संस्करण' भन्ने गरिएको छ। संशोधित पूना संस्करणको महाभारतमा भीष्मपर्वको पच्चीसौंदेखि बयालीसौं अध्यायको बदला तेइसौंदेखि चालीसौं अध्याय श्रीमद्भगवद्गीताका अठ्ठाह्र अध्याय छन्। तिनमा प्रचलित ७०० भन्दा बढी, चार पाउवाला श्लोक ३० र दुइ पाउवाला श्लोक ११ छन्। यो बढी श्लोकहरू गीताका श्लोकभन्दा विजातीय छैनन्, समकक्ष छन्, विद्वान्ले प्रामाणिक मानेका छन्। अरू संस्करणको महाभारतमा गीता सकिएपछिको अध्यायमा रहेका साढे पाँच श्लोक, जसलाई नीलकण्ठले आफ्नो टीकामा गौडपाठमा नपरेका भनी भनेका छन्, तिनलाई समेत गीतान्तर्गत मान्ने पक्ष यसले लिएको छ।

३. मद्रास, शुद्ध धर्ममण्डलबाट प्रकाशित संस्करण। यो संस्करणमा महाभारतमा बताए बमो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जिम पूरा ७४५ श्लोक छन् । तर यो गीताका अध्याय अठ्ठाह्र नभई छब्बीस छन् । अघिल्ला र पछिल्ला बाहेक अरू चौबीस अध्याय चौबीस चौबीस श्लोकवाला छन् । जसको ग्रथन कृत्रिम देखिन्छ । प्रचलित गीतासँग नमिल्ने धेरै कुराहरू यसमा छन् । चल्दै आएका धेरै गीताश्लोक छुटाई अन्य स्थलका श्लोकहरू यसमा राखिएका पाइन्छन् । प्रत्येक अध्यायलाई चौबीस श्लोकको बनाउने क्रममा प्रचलित गीताका अध्याय श्लोकहरू यताउता परेका छन्; गीता शुरू हुनुभन्दा अघिल्लो अध्यायको दुर्गास्तुतिलाई गीताभित्रकै मानिएको छ । यस्ता धेरै असङ्गतिले गर्दा यो संस्करणले गीताप्रेमी विद्वान्हरूको आदर प्राप्त गर्न सकेको देखिंदैन ।

४. रसशाला औषधाश्रम, गोंडल, काठियाबाडबाट प्रकाशित संस्करण– यसको सम्पादन राजवैद्य जीवराम कालिदास शास्त्रीले गरेको हो । यसमा जम्मा ७५५ श्लोक रहेका छन् । प्रचलित संस्करणका श्लोकहरू जस्ता जस्तै छन्, कहीं कहीं सामान्य पाठभेद छ । यस पचपन्न श्लोकभित्र काश्मीरपाठका श्लोकहरू पनि परेका छन्, तिनमा पनि थप अरू श्लोक यसभित्र रहेका छन् महाभारतोक्त गीतामान संग यो बढी नजीक छ– श्रीकृष्णोक्त ६२० हुनुपर्नेमा ६२१, अर्जुनोक्त ५७ हुनुपर्नेमा ६५, संजयोक्त ६७ हुनुपर्नेमा ६८ र धृतराष्ट्रोक्त १ हुनुपर्नेमा १ श्लोक यसमा छन् । १० श्लोक बढी हुनाको कारण ६ पाउवाला कतिपय श्लोकलाई लिपिकर्ताले ४ पाउवालाका रूपमा गणना गरेको हुन सक्छ भन्ने विद्वान् सम्पादकको मत छ ।

श्रीमद्भगवद्गीताश्लोकसंख्या घटीबढी भएको कुरामा पुराना आचार्यहरूको विशेष ध्यान गएन अथवा दिनुपर्ने उनीहरूले देखेनन्, हाम्रा आचार्यहरूको लागि पाठभेद हुनु कुनै अनौठो थिएन, सामान्य थियो । त्यसैले सातसय श्लोकी प्रवाह नै चल्दै आयो । प्रचारप्रसारको यो आधुनिक युगमा यो विषय चर्चित हुन आयो । एकथरी विचारकले महाभारतमा गीतामानबोधक श्लोकलाई पहिले देखिको नभई पछि थपिएको भन्ने माने । यो मतमा सातसय भन्दा बढी श्लोकवाला काश्मीरपाठको कुनै महत्त्व रहेन र साथै काश्मीर पाठमा भएका बढी श्लोक पनि पछि थपिएका भन्ने नै मान्नुपर्‍यो । प्रक्षिप्त भन्ने मान्यताले प्रक्षिप्त भन्ने अर्को मान्यतालाई नै जन्माउनै पर्‍यो । प्रक्षिप्त मान्दै अघि बढ्नु जति सजिलो हुन्छ, त्यतिनै मोठो र उचित हो भन्ने मान्न चाहिं अलि गाह्रो नै लाग्छ । सोखको, अध्ययनको, ज्ञानवृद्धिको दृष्टिले मात्र गरिने अध्ययनको तौल भन्दा धार्मिक तथा सांस्कृतिक आस्थाले समेत गरिने अध्ययनको तौल धेरै फरक हुन्छ । धार्मिक तथा सांस्कृतिक आस्थाले समेत गरिने अध्ययनमा श्रद्धा र विश्वासले बढी काम गरिरहेको हुन्छ । इतरसांस्कृतिक कुराहरूमा प्रक्षिप्त, असंभावित भन्ने विद्वान्हरूले स्वकीय धार्मिक तथा सांस्कृतिक कुनै कुरामा पनि प्रक्षिप्त, असंभावित, काल्पनिक भन्ने मत बनाएको उदाहरण विरलै पाइन्छ । हामी चाहिं अरूले प्रक्षिप्त, असंभावित भनिदिएको थाहा पाउने बित्तिकै अनुकरण गर्न थालिहाल्छौं । श्रद्धा र विश्वास खलबलिंदै आएपछि कुनै संस्कृति पनि आफ्नो रूपमा बाँच्न सक्तैन । प्रक्षिप्त, पछि थपिएको भन्ने मत एक किसिमको असाध्य रोग हो, फैलिंदै जाने धमिरो हो । यसले मूल स्तम्भलाई नै, आधारलाई नै खाइदिन, खियाइदिन सक्छ; प्रक्षिप्त, काल्पनिक भन्ने मतलाई कहाँ पुगेपछि रोक्ने, व्यवस्था हुँदैन, सीमा हुंदैन । परिणामस्वरूप अश्रद्धा र अनास्था फैलिन्छ, विकृतिहरू उठ्छन् । त्यसले प्रक्षिप्त भन्ने मानिहाल्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन; सम्बद्ध धेरै पक्ष, प्रपक्षहरूको खोजी गर्नुपर्छ । जान्नेहरूले प्रस्तुत गरेका अन्य कुराहरू पनि गीताका श्लोक सातसय पैंतालीस थिए भन्ने विषयमा उपयोगी देखिएका छन ।

(क) सम्राट् अबुल फजलको आदेश अनुसार गीता फार्सी भाषामा गद्यमय अनुवाद भएको थियो । सो अनुवादले मूलगीतापाठ ७४५ श्लोकवाला थियो भन्ने बताएको छ ।

(ख) अबुल फजलका भाइ फैजी स्वयंले गीताको पारसी भाषामा पद्यमय अनुवाद गरेका थिए । सो धेरै पकट छापिएको पनि छ । त्यसको मूल गीतामा ७४५ श्लोक थिए भन्ने अनुवादबाट थाहा हुन्छ ।

(ग) शाह अली दस्तगीरले फारसीमा गीतानुवाद गरेका थिए । सो अनुवादको मूल गीता ७४५ श्लोक वाला थियो भन्ने कुरा अनुवादले बताउँछ ।

(घ) अलबरूनीले धेरै संस्कृत ग्रन्थहरू पढेका थिए । उनले भारतमा रहँदा श्रीमद्भगवद्गीताको विशेष अध्ययन गरेका थिए । अरबी भाषामा उनले लेखेको कितावमा गीताका श्लोकका अनुवाद पनि छन् । तर ती अनुवादका मूल श्लोक ७०० श्लोकी गीताभित्र रहेका पाइँदैनन् ।

विद्वान्हरूका उक्त आशयका भनाइ अनुसार फारसी र अरबी भाषामा अनुवाद गर्नेले मूलपाठको रूपमा लिएको गीतामा सातसय मात्र नभई सातसयभन्दा बढी श्लोक भएको बुझिन आउँछ । यस्तो स्थितिमा गीतामानबोधक डेढ श्लोकलाई पन्छाउनु उचित देखिँदैन ।

गीतामानबोधक डेढ श्लोकले अर्को अतिविशेष महत्त्वपूर्ण तथ्यलाई उघारिदिएको छ । गीताका श्लोकहरू वेदव्यासरचित नभई स्वयं श्रीकृष्ण, अर्जुन, संजय र धृतराष्ट्रका प्रत्यक्ष उक्ति हुन् भन्ने कुरालाई त्यो डेढ श्लोकले प्रमाणित गरेको छ । वर्तमान पद्यमय गीता श्रीकृष्णार्जुन संवादको भाषा हैन भन्ने तर्कलाई त्यो डेढ श्लोकले पूर्णतः काटिदिएको छ । यति भै सकेपछि पनि सातसय श्लोकी र सातसय पैंतालीस श्लोकी गीताको पारस्परिक अन्तरलाई कसरी संगमन गर्ने भन्ने प्रश्नको उत्तर दिनुपर्ने नै हुन्छ । यस विषयमा महामण्डलेश्वर गङ्गेश्वराचार्यको विचार सबभन्दा युक्ति संगत र उपादेय देखिएको छ ।

वेदमा अनेक शाखाहरूमा पाठभेद भए जस्तै हाम्रा रामायण, महाभारत आदि प्राचीन वाङ्मयमा पनि पाठभेद छन् । पाठभेद भनेको एकथरी पाठ ठीक र अर्को थरी पाठ बेठीक भन्ने पनि हैन, पछि थपिएको प्रक्षिप्त भन्ने पनि हैन । गुरूकुलका अनुसार पठनपाठनप्रणालीमा भेद भनेको हो । यौटै वेदका अनेक शाखामा मन्त्रसंहिता उही हुन्छ मन्त्रको क्रम र मन्त्रगणनामा चाहिं भेद पनि हुन सक्छ । त्यो गुरूकुलको पठन पाठनको प्रभाव हो । यसो हुँदा पनि सबै शाखा उत्तिकै प्रमाण मानिन्छन् । वेदपरवर्ती वाङ्मयमा शाखाभेद शब्द प्रचलित नभई पाठभेद शब्द प्रचलित भयो । पाठभेद भएमा पनि दुवै पाठ उत्तिकै ठीक र प्रमाणिक मानिन्छन्, कुनै एक पाठ ठीक र अर्को पाठ बेठीक मानिँदैन । गीतामानबोधक डेढ श्लोक समेत साढे पाँच श्लोक बढी भएको र सातसयभन्दा बढी श्लोकवाला गीता भएको महाभारत उत्तरतर्फ काश्मीर जस्ता भूभागमा चल्यो; ती साढे पाँच श्लोक र गीताको सातसयभन्दा बढी श्लोक नभएको महाभारत दक्षिणतर्फ चल्यो । एक तर्फको भूभागमा अर्को तर्फको कुरो थाहा भएन, पाठभेद भएका दुवै थरी महाभारत स्वतन्त्र रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो क्षेत्रमा चल्दै आए। शंकराचार्य आदिले महाभारतकै आधारमा गीताका सातसय श्लोक नै माने र तिनैको व्याख्या गरे। काश्मीरपाठअनुसार चाहिं गीतामा सात सय पैंतालीस श्लोक छन्। तिनमध्ये एकचालीस श्लोक पूनासंस्करणको महाभारतको गीतामा नै भेटिइहाल्यो। बाँकी चार श्लोक प्रचलित गीता भित्र नै प्राप्त हुन्छन्। अध्याय १।२१ श्लोकको अघिल्ला दुइ पाउ संजयको र पछिल्लो दुइ पाउ अर्जुनको उक्ति हो र त्यो श्लोकमा दुइ पाउवाला दुइ श्लोक छन्। त्यस्तै अध्याय १।२८ को श्लोकमा दुइ पाउवाला दुइ श्लोक देखिन्छन्। १।३१ को श्लोकमा अघिल्लो दुइ पाउले व्याकुलता बताएका छन्, पछिल्ला दुइ पाउले युद्धमा अरूचि बताएका छन्, यिनलाई पनि दुइ श्लोक मान्न सकिन्छ। १८।६५ को अघिल्ला दुइ पाउमा साधनाको उपदेश भएको छ, पछिल्ला दुइ पाउमा त्यसको फलवर्णन भएको छ, यिनलाई दुइ श्लोक मान्न सकिन्छ। यसरी चार श्लोक थप हुन आए पछि सातसय पैंतालीस श्लोकको संगति हुन्छ।

उक्त प्रकारले गणना गर्दा सात सय पैंतालीस श्लोकको कुरा त मिल्छ। तर श्रीकृष्णका ६२०, अर्जुनका ५७, संजयका ६७ भनेको मिलाउन चाहिं सकिंदैन। यो कुरा समेत मिल्न सक्ने चाहिं रसशाला औषधाश्रम गोंडलबाट प्रकाशित संस्करण हो। श्लोक चार पाउवाला मात्र हुनें नभई दुइ पाउवाला पनि हुने जस्तै छ पाउवाला हुने पनि अवश्य हो। यसो हुनाले गोंडलवाला संस्करणमा दश श्लोक बढी हुनाले कारण संपादक राजवैद्यले भने जस्तै छ पाउवाला कुनै बीस श्लोकलाई चार पाउवाला तीस श्लोकको रूपमा लिपिकारले सार्नु हो भन्न नहुने पनि हैन। तर यो पक्षको लागि अनुकूल पाठ भएको महाभारतको संस्करण चाहिं उपलब्ध भएको छैन।

गीतोपदेशपूर्वको कथासूत्र

ब्रह्माबाट अत्रि, अत्रिबाट सोम (चन्द्र), सोमबाट पुरूरवा हुँदै पुरूरवा उर्वशीबाट चलेको चन्द्रवंशीय सन्तति परम्परामा महाराज नहुष स्वर्गका राजा इन्द्र पनि बने। नहुषका छोरा ययातिका पाँच छोरामध्ये देवयानीबाट जन्मेका यदु जेठा र शर्मिष्ठाबाट जन्मेका पुरू कान्छा थिए। छोरी माधवी थिइन्। छोरीबाट काशी, कोशल, उशीनरको राजवंश परस्परा र विश्वामित्रवंशको एक शाखा चल्यो। यदुका वंशमा श्रीकृष्ण आदि यादवहरूको जन्म भो। पुरूका वंशमा जन्मेका शान्तनुका वंशमा भीष्म, धृतराष्ट्र, पाण्डु र विदुर जन्मे। भीष्मको सन्तानै भएन। धृतराष्ट्रका सन्तान कौरव र पाण्डुका सन्तान पाण्डव भनिए।

शान्तनुकी पहिली रानी नररूपधारी गङ्गाबाट देवव्रतको जन्म भो। देवव्रतले आफ्ना बाबुको दाशपालित सत्यवतीसंग विवाह गराउनको निमित्त आफूले राजगद्दीको हक छोड्ने र जनमभरी अविवाहित ब्रह्मचारी भैरहने कठोर प्रतिज्ञा गरेका हुनाले उनी भीष्म भनिन लागे। राजा शान्तनुले सत्यवतीबाट चित्राङ्गद र विचित्रवीर्य नामका दुइ छोरा जन्माए। उनी मरेपछि राजा भएका चित्राङ्गद विवाह नै नहुँदै गन्धर्वयुद्धमा मारिएका हुँदा विचित्रवीर्य राजा भए। भीष्मले स्वयँवरमा हरेर ल्याइएका काशी राजकुमारी अम्बिका र अम्बालिकासँग विचित्रवीर्यको विवाह भो। भोगविलासमा अतिलम्पट भएकाले क्षयरोगबाट उनी मरे। सत्यवतीका सन्ततिबाट राजगद्दी अन्त नजाओस् भन्ने चिताएर मान्छे अघि बढेको थियो, तर विधिको विधान, सत्यवतीको सन्ततितन्तु नै छिन्यो। भीष्मको संरक्षण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र निर्देशन, शान्तनुका भाइ बाल्हीक आदि भारदारको सल्लाह अनुसार महारानी सत्यवतीबाट राज-काज चल्न थाल्यो। तर गद्दी खाली रह्यो। सत्यवतीकैं पराशरबाटका छोरा व्यासऋषिले आमाको आज्ञा शिरोपर गरी विचित्रवीर्यका क्षेत्र अम्बिका र अम्बालिकामा बीजाधान गर्नुभो। अम्बिकाबाट धृतराष्ट्र र अम्बालिकाबाट पाण्डु जन्मे। मातृदोषले गर्दा धृतराष्ट्र जन्मान्ध र पाण्डु पाण्डुरोगी भए। अर्को सन्तान जन्माउने क्रममा विचित्रवीर्यका दुवै रानीले मिलेर दासीलाई सिंगारेर पठाए, उनबाट परमबुद्धिमान् धर्मस्वरूप विदुरको जन्म भो।

धृतराष्ट्र अन्धा भएकाले राजा हुन अयोग्य भए, पाण्डु हस्तिनापुरको राजगद्दीमा राखिए। धृतराष्ट्रको गान्धार देशकी राजकुमारी गान्धारीसँग, पाण्डुको कुन्त देशकी राजकुमारी कुन्ती र मद्रदेशकी राजकुमारी माद्रीसँग विवाह भो; विदुरको देवक राजाकी दासीपट्टिकी छोरीसंग विवाह भो। पाण्डु ज्यादै वीर, न्यायी, प्रजानुरागी राजा थिए। उनले दिग्विजय गरेर आपनो पुरूषार्थ देखाउनाको साथै राज्यलाई झन्झन् समृद्ध र सुखी बनाउँदै ल्याए। एक दिन उनी रानीहरूका साथ वनमा शिकार खेल्दै थिए। रमण गर्न लागेका मृगजोडीलाई उनले देखेर मृगलाई वाण हाने। ऋषिकुमारले मृगको रूप लिएका थिए, मर्ने वेलामा घाइते मृगले ऋषिकुमारको रूप लियो; पाण्डुलाई 'स्त्रीसहवास गरेमा मृत्यु हुने' सराप दिएर ऋषिपुत्र मरे। यसबाट पाण्डुको जीवन-पद्धति पूरै बदलियो। उनी आफू दुइ रानीसंग वनमा बस्ने खबरका साथ फौजलाई फिर्ता पठाएर शतशृङ्ग नामको हिमाली वनमा ऋषिहरूका सङ्गतमा बसे। राजा उनी भएपनि राजकाज उनको हातमा रहेन।

सरापले गर्दा पाण्डुबाट सन्तान नहुने भएको थियो। पाण्डुलाई निःसन्तान भएको पीडा असह्य थियो। उनी कुन्तीलाई चल्दै आएको चलन बताएर सज्जन ब्राह्मण ऋषिबाट गर्भधारण गर्ने आग्रह गरिरहन्थे, कुन्ती मान्दिनथिन्। उता गान्धारीले गर्भधारण गरेको खबर आयो, पाण्डुको आग्रह पनि टार्न नसक्किने भो। कुन्तीले कन्यावस्थामा प्राप्त गरेको विद्याद्वारा धर्मराजबाट युधिष्ठिरलाई जन्माइन्। वनमा युधिष्ठिर जन्मेको र कुन्तीले वायुदेवबाट अर्को गर्भधारण गरेको खबर हस्तिनापुर पुग्यो। गान्धारीको गर्भ दुइ वर्ष धारण गरिसक्दा पनि जस्ताको तस्तै पेटमा थियो। उनको धैर्य टुट्यो। उनले आवेशमा आएर पेटमा ढुङ्गाले बेसरी हानिन्। केही समयपछि फलामको डल्लो जस्तो सारो ठूलो मांसपिण्ड गर्भबाट झऱ्यो। गान्धारीले दुइ वर्षसम्म कोखमा राखेको त्यो पिण्डलाई पर्याप्त दिन लागेको बेलामा व्यासजी पुग्नुभो।– धेरै अघि सेवाबाट प्रसन्न भएर व्यासजीले गान्धारीलाई सय छोरा हुने बरदान दिनुभएको थियो। – व्यासजीले सुरक्षित स्थानमा सय ओटा घृतपूर्ण कुण्ड तया पार्न अह्राउनुभो। उहाँको आज्ञा अनुशार गान्धारीले सो मांसपिण्डलाई सबैतिरबाट पानी सेचन गर्दागर्दै त्यो पिण्डमा चिराचिरा देखिन थाले। त्यस-पछि व्यासले सो पिण्डलाई एक सय एक टुक्रामा विभाजन गरी तिनलाई छुट्टा छुट्टै सय घृतकुण्डमा डुबाइदिनुभो। खोल्ने समय तोकिदिएर उहाँ आपनो हिमाली तपोवनमा जानुभो। पहिलो कुण्ड खोल्दा जन्मेको बालक जेठो दुर्योधन भो। त्यसको जन्म हुँदा धेरै अलच्छिन उत्पातहरू भएकाले राज्यको उत्तराधिकारी कुलवर्द्धन जेठा युधिष्ठिर भएका हुनाले धृतराष्ट्रले सो बालकका विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सल्लाह मागे । जान्ने सुन्ने बिद्वान् ब्राह्मणहरूले र बूढापाका भारदारहरू र भीष्म कृप बाल्हीकहरूले 'जन्मेको बालक ज्यादै अलच्छिनी छ, यसलाई राखेमा कुलक्षय हुन्छ, त्यागेमा शान्ति हुन्छ उनान्सय छोरा भै हाल्छन्. यसलाई फ्याँकिदिनुपर्छ' भन्ने सल्लाह दिएका थिए । तर धृतराष्ट्र गान्धारीले त्यति गर्न सकेनन् । उता वनमा पनि युधिष्ठिर जन्मेको एक वर्षपछि कुन्तीले भीमसेनलाई जन्माइन्, दुर्योधन जुन दिन जन्मे, भीमसेन पनि त्यही दिन शुभलग्नमा जन्मे । अर्को एक वर्षपछि कुन्तीले इन्द्रदेवबाट अर्जुनलाई जन्माइन् । यता महिना दिनमा गान्धारीका दुःशासन आदि अरू उनान्सय छोरा र एक छोरी दुःशला जन्मिन् । वनमा कुन्तीकै विद्याप्रभावद्वारा माद्रीले अश्विनीकुमारबाट जुम्ल्याहा छोरा नकुल र सहदेव जन्माइन् । शतशृङ्गको तपोवनमा पाण्डवहरू हुर्कन थाले, बुझ्न सिक्न, पढ्न लेख्न, थाले ।

धेरै वर्ष यसरी नै विते । एक दिन कुन्तीलाई थाहै नदिईकन पाण्डु र माद्री वन डुल्न गएका थिए । पाण्डुले मन थाम्न सकेनन्, माद्रीले हजार इन्कार गर्दागर्दै जबर्जस्ती गरे । पाण्डुको तत्कालै मृत्यु भो, माद्रीले पनि प्राण त्यागिन् । दुवै लाशका साथ ऋषिमुनिहरूले हस्तिनापुर आएर सबै वृत्तान्त बताई कुन्ती र पाण्डवहरूलाई भीष्म तथा धृतराष्ट्रको जिम्मा लगाए । भीष्मबाट उनीहरूको संरक्षण र संवर्द्धन हुन थाल्यो । व्यासजी एक दिन हस्तिनापुर आउनुभो । उहाँले आफ्नी आमा महारानी सत्यवतीलाई गृहस्थी छोडेर तपोवनमा गई परमार्थ चिन्तन गर्ने सल्लाह दिनुभो । सत्यवती तपोवन जानुहुँदा दुइटै विधवा बुहारी अम्बिका र अम्बालिका पनि सासूकै सेवाका लागि पछि लागे । तपोवनमा योगसाधनका साथ उनीहरूले परमार्थ साधे ।

राजा पाण्डु, राजाका छोरा हुनाले पनि सबैभन्दा जेठा हुनाले पनि सम्पूर्ण राज्यको, राजगद्दीको हकदार युधिष्ठिर नै थिए । दुर्योधनहरूको राजगद्दीमा कुनै हकै थिएन, त्यस्सै एकलौटी भोग गर्न पाइरहेकोमा पाण्डवहरू आएको उनीहरूलाई असह्य भयो । उनीहरूले पाण्डवलाई सिध्याउने षडयन्त्र गर्न थाले, भीमसेनलाई विष खुवाए, बाँधेर खोलामा फ्याँकिदिए । शस्त्रास्त्रका शिक्षाको दीक्षान्त समारोहमा अर्जुन सर्वश्रेष्ठ घोषित भए । अर्जुनले द्रुपदलाई जिते, आधा पाञ्चालराज्य द्रोणाचार्यका अधीनमा आयो । पाण्डवको हक, गुण र उमेरको आधारमा प्रजाजनले र भारदारहरूले गरेको प्रवल आग्रहलाई टार्न नसकेर धृतराष्ट्रले युधिष्ठिरलाई युवराजको पदमा नियुक्त गरी अभिषेक गरे । अर्जुनले दिग्विजय गरी थुप्रो धनसम्पत्ति राज्यमा भित्याए । धृतराष्ट्रको मनभित्रको पापी दुर्भाव उग्र भएर उठ्यो, पाण्डवलाई सिध्याउने विषयमा उनले मन्त्री कणिकसँग कपटनीतिको सल्लाह लिए । धृतराष्ट्र, दुर्योधन, दुःशासन र शकुनिको मण्डलले वारणावतमा लाक्षागृह तयार पारी त्यसैमा पाण्डवलाई जलाउने निर्णय गऱ्यो । विदुरले त्यो कुरो थाहा पाए, युधिष्ठिरलाई संकेत दिए । वारणावतमा पुरोचन नामक यवनको प्रबन्धमा लाहा, मैन, घिउ, तेल आदि प्रशस्त हालेर लाक्षागृह तयार पारियो । राजाका आज्ञाले पाण्डवहरू त्यसैमा बसे । उनीहरू दिउँसो शिकारको निहुँले बाटो बनाउन र लुक्ने ठाउँहरू ठेगान गर्न वनवन घुम्थे, राति पालैपालो पहरा गर्थे, विदुरका मान्छेहरूद्वारा घरबाट जङ्गल निस्कने सुरुङ्ग खनाउथे । वर्ष दिनपछि कुन्तीले राति भोजको आयोजना गरिन् । भोज सकिएपछि अरू सबै फर्के, पाँच छोरा समेत यौटी निषादस्त्री रक्सीले बेहोश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएर त्यहीं सुतिन्, पुरोचन पनि मदमस्त भएर आफ्नो कक्षमा सुते। राति भीमसेनले पुरोचनकक्षमा र आफू बसेको घरमा आगो लगाए। पाण्डव सबै सुरुङ्गबाट जङ्गलमा निस्के। विदुरका मानिसले तिनलाई डुङ्गाबाट तारिदिए। जङ्गलमा भीमले हिडिम्बासुरलाई मारे। कुन्तीका आज्ञाले हिडिम्बालाई भीमले पत्नीको रूपमा स्वीकार गरे। भीमले छोरो नजन्मेसम्म, एक वर्ष मात्र दिउँसो हिडिम्वासँग बस्ने, राति पाण्डवहरू कहाँ नै आउनुपर्ने सल्लाह भो। हिडिम्वाबाट घटोत्कचको जन्म भो। पाण्डव ब्राह्मणवेषमा पाञ्चालको एकचक्र नगरीमा ब्राह्मणको घरमा बसे। त्यहाँ भीमले बकासुरलाई मारे।

लाक्षागृह डढेपछि हस्तिनापुरमा राष्ट्रभरी पाण्डवहरूको शोक मनाई काजकिरिया भयो। केही पछि पाञ्चालमा द्रौपदीस्वयंवरसभा भो। त्यहाँ कौरवहरू निम्तामा गए, पाण्डवहरू पनि त्यहाँकै निम्ति हिंडे। बाटामा अर्जुनले गन्धर्वराज चित्ररथलाई जिते, दुवैथरीको मित्रता भो। उत्कोचक तीर्थमा तपस्या गरिरहेको, देवलका भाइ, धौम्यलाई पुरोहित बनाई उनकै पछि लागेर पाण्डवहरू द्रुपदसभामा पुगे। त्यहाँ अर्जुनले मत्स्यवेंध गरी द्रौपदीविजय गरे। पाण्डवलाई सबैले चिने। द्रौपदीसंग पाँचै पाण्डवको विवाह भो, द्रुपदले उनीहरूलाई आपनो अतिथि बनाएर राखे। पाण्डवहरूका कुरा हस्तिनापुरमा सबैलाई थाहा भो। धृतराष्ट्र, दुर्योधन र कर्णको गुप्तसभा बस्यो। दुर्योधनले पाण्डवहरूको परस्परमा र द्रुपदपाण्डवको बीचमा फुट ल्याउन भेदनीति अँगाल्ने राय दिए। विग्रहनीतिनाट द्रुपदराज्यमा हमला गरेर पाण्डवहरूलाई सिध्याउने मन कर्णले झिकें। कुन्ती र द्रौपदीको कारणबाट पाण्डवको परस्परसँग र द्रुपदसँग भेद गराउन सम्भवै नहुने तथा चढाई गर्ने कुरामा भीष्म, बाल्हीक, द्रोण आदि भारदारले र अन्य सारा प्रकृतिले विरोध गर्ने कुरा धृतराष्ट्रले बताए। पाण्डवलाई पहिले हस्तिनापुरमा ल्याएर आपनो नियन्त्रणमा लिने पछि अरू उपायको प्रयोग गर्ने धृतराष्ट्रको सल्लाह सबैले माने। विदुर पाञ्चालमा पाण्डवहरूलाई लिन गए। श्रीकृष्णले पनि, द्रुपदले पनि पाण्डवहरूलाई हस्तिनापुर जाने अनुमति दिनुभो, उनीहरू विदुरका साथ धृतराष्ट्रकहाँ फर्के। पाण्डवलाई आधा राज्य दिएको नाममा जङ्गलप्रधान कालापानी जस्तो खाण्डवप्रस्थमा पठाइयो।

पाण्डवले खाण्डवप्रस्थ आबाद गरी बस्ती बसाए। धेरै वर्षपछि ब्राह्मणको गोधन बचाउनका लागि हतारो पर्दा द्रौपदीका साथ युधिष्ठिर बसेको कक्षमा प्रवेश गरेको कारणबाट अर्जुन बाह्र वर्षको तीर्थयात्रामा गए। यही अवधिमा अर्जुनको नागराज कौरव्यको कन्या उलूपीसंग र मणिपुर राजकुमारी चित्राङ्गदासंग, ऐरावत नागवंशीय कन्या इरावतीसँग, श्रीकृष्णकी बहिनी सुभद्रासँग विवाह भो। उलूपीबाट सन्तान भएन, चित्राङ्गदा र उनबाट जन्मेका छोरा मणिपुर राज्यले नै लिए; इरावतीबाट जन्मेका इरावान् पनि नागलोकमा नै आमाका साथमा बसे। सुभद्रालाई साथमा लिएर अर्जुन खाण्डवप्रस्थ फर्के। सुभद्राबाट अभिमन्यु जन्मे। द्रौपदीले एक एक वर्षको फरकमा युधिष्ठिरबाट प्रतिविन्ध्यलाई, भीमसेनबाट सुतसोमलाई, अर्जुनबाट श्रुतकर्मालालाई, नकुलबाट शतानीकलाई र सहदेववाट श्रुतसेनलाई जन्माइन्। युधिष्ठिरहरूका आफापना बेग्लाबेग्लै रानीहरू पनि थिए। युधिष्ठिरको देविकाबाट यौधेयको, भीमसेनको वलन्धराबाट सर्वगको, अर्जुनको सुभद्रा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट अभिमन्युको, नकुलको करेणुमतीबाट निरमित्रको, सहदेवको विजयाबाट सुहोत्रको जन्म भो। छोराहरूमध्ये घटोत्कच सबैभन्दा जेठा थिए।

अर्कोतिर मथुरामा कुन्तीका भदा श्रीकृष्णको चकचकी बढ्दै थियो। पश्चिम समुद्रमा द्वारका नामक नव नगरीको निर्माण गरेर श्रीकृष्णले मथुराराजधानी त्यहीं सारिबक्स्यो। कौरव पाण्डवमा दुबैमा श्रीकृष्णको व्यवहार पक्षपातरहित थियो। पाण्डवको शिष्टता र कौरवको दुष्टता बढ्दै आएपछि श्रीकृष्णको झुकाउ पाण्डवपक्षतिर बढ्न थाल्यो। श्रीकृष्णका साथ अर्जुनले खाण्डव-वन अग्निलाई खुवाए। त्यहाँ मय दानव मित्र बने। पाण्डवले खाण्डव प्रस्थमा इन्द्रप्रस्थ बसाए। मयका सहाराबाट विशाल नगर, घर दरबारहरू र चमत्कारपूर्ण सभाभवन तयार भो। युधिष्ठिरले राजसूय यज्ञ शुरू गरे। श्रीकृष्णको समेत बुद्धि र बलका आधारमा चार पाण्डवले चार दिशा विजय गरेर ठूला साना सबै राजालाई युधिष्ठिरको महाराजत्व मान्ने बनाए, असंख्यात धनसम्पत्ति पाण्डव राज्यमा भित्रियो। निमन्त्रणामा चारै दिशाबाट आएका राजाहरूले सुशोभित भएर युधिष्ठिरले राजसूय यज्ञ सुसम्पन्न गरे। जल र स्थलमा भ्रम उठ्ने गरी मयले तयार पारेको सभाकक्षमा हिंड्दा दुर्योधन अलमलिए। कौरवका निम्ति असह्य भो, द्रोहको राँको दन्कियो। केही दिनपछि धृतराष्ट्रले पाण्डवलाई अकस्मात् बोलाएर रातभर आफैं कहाँ राखी भोलिपल्ट सभा बोलाएर जुवा खेलाए। राजाको, जेठा बाबुको आज्ञा, उनकै पालो पहराले भरिएको दरबारभित्र नमानी भएन। कपट पासा र कौडा तयार थिए कपट पासामा निपुण शकुनिले दुर्योधनको दाउ हान्ने, युधिष्ठिरको दाउ आउंदै आएन। युधिष्ठिरको समग्र सर्वस्व, इन्द्रप्रस्थमाथिको प्रभुत्व मात्र हैन, उनी समेत पाँचै पाण्डवलाई र महारानी द्रौपदी समेतलाई दुर्योधनले जिते। रजस्वला, एकवस्त्रा द्रौपदीलाई दासीको रूपमा जबर्जस्ती चुल्ठामा समाती सभामा त्याएर फरियासमेत तानी ठूलो बेइज्जती गरियो, जथाभावी भनियो। अति उग्र विग्रहज्वाला उठ्ने बुझी गान्धारी र विदुरले समेत अनेक विन्तिभाउ गरेपछि धृतराष्ट्रले छोराहरूलाई रोके, दौपदी र पाण्डवहरूलाई फुकुवा गरिदिए, जम्मै श्रीसम्पत्ति र इन्द्र-प्रस्थको स्वामित्व पनि फिर्ता दिए। त्यो अकल्पित अतिघनघोर संकष्टमहासारबाट उत्रेर पाण्डव-हरू घर जाँदै थिए, धृतराष्ट्रले तिनलाई आधा बाटोबाट फिर्ता बोलाउन लगाए। सोही दिन अर्को द्यूतसभा बस्यो। हार्ने पक्षले सबै श्रीसम्पत्ति छोडेर बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास बस्नुपर्ने, गुप्तवास प्रकाशमा आयो भने अर्को बनवास र गुप्तवास दोहोरिने, प्रतिज्ञा पूरा गरी फर्केमा श्री-सम्पत्ति र राज्य फिर्ता पाउने शर्तलाई बाजी बनाइयो। राजाको सभाभित्र, कपट जूवा, पाण्डवले हार्नु नै पर्थ्यो, हारे। आफ्नो घरमा पस्नसम्म नपाईकन धृतराष्ट्रको दरबारबाटै तापसवेशमा द्रौपदी समेत पाण्डवहरू वनवास गए; छोराहरू र अरू आश्रित जनहरू द्रुपदकहाँ र श्रीकृष्णकहाँ लगिए; कुन्ती विदुरको घरमा बसिन्।

अनेक अकथ कष्टका साथ वनवासको र गुप्तवासको प्रतिज्ञा पूर्ण भो। पाण्डवहरू विराट-नगरमा गुप्तवासबाट प्रकाशमा आए। विराटको छोरी उत्तरासँग अभिमन्युको विवाह भो। मत्स्य देशकै उपप्लव्य भन्ने नगरमा विराटले पाण्डवहरूलाई राजोचित इज्जतका साथ राजकीय अतिथिको रूपमा राखे। विवाहमा श्रीकृष्ण द्रुपद आदि हितैषीहरूको समागम भएको थियो, कौरवहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएनन् । सल्लाह भो । कौरवले केही पनि फिर्ता नदिने बुझियो । द्रुपदका पुरोहित विद्वान् ब्राह्मण शान्तिको सन्देश लिएर हस्तिनापुर गए । कौरवले सुनेनन् । मेलको निमित्त पाण्डवतर्फबाट अनेक प्रयत्न भए, कौरवले मानेनन् । दुवै तर्फ युद्धको तयारी हुन थाल्यो, पाण्डवतर्फ सात, कौरवतर्फ एघार अक्षौहिणी सेना जम्मा भए । धृतराष्ट्रले दुष्ट कपटनीतिको अर्को पासा हाने । 'बन्धुलाई मारेर बाँच्नु भर्नु नै हो, कौरवले केही दिएनन् भने पनि युधिष्ठिरले युद्ध गरेर पाएको राज्य भोग्नुभन्दा अन्धकहरूको र वृष्णिहरूको राज्यमा (श्रीकृष्णहरूको प्रभुत्व भएको राज्यमा) भिक्षा मागेर खानु बेस हुनेछ' भन्ने सन्देश दिएर उनले संजयलाई युधिष्ठिरकहाँ पठाए । पाण्डवले इन्द्रप्रस्थ राज्य र पाँच गाउं छोडेमा युद्ध नगर्ने आफ्नो अभिप्राय पठाए । आखिरमा श्रीकृष्णचन्द्र स्वयं शान्तिदूत बनेर हस्तिनापुर सवारी भो, उहाँले कौरवराजसभामा सबै कुरा सम्झाएर शान्ति-प्रस्ताव राखिबक्स्यो । त्यसको अनुमोदन गरेर भीष्म, द्रोण, विदुर, परशुराम, नारद, कण्व आदि ठूला बडाहरू सबैले दुर्योधनलाई धेरै सम्झाए । पाँचभाइ पाण्डवलाई वस्न र जिउनको लागि अविस्थल, वृकस्थल, माकन्दी, वारणावत र अर्को कुनै एक समेत पाँच गाउंमात्र छोडेमा युद्ध रोक्ने श्रीकृष्णको सर्वसम्मत प्रस्तावलाई पनि, दुर्योधनले टुक्राए, विनायुद्ध यौटा सियोको टुप्पो राख्ने जति जमीन पनि नदिने निर्णय उनले सुनाए । अरू कुनै उपाय बाँकी रहेन, युद्ध नै गर्ने निर्णय सुनाएर श्रीकृष्ण उपप्लव्य फर्किबक्स्यो ।

शान्तिका सम्पूर्ण प्रयास एक पक्षको लोभ र अभिमानको प्रहारमा परेर चूर भएपछि भारत-वर्षको कुरु क्षेत्रसमन्तपञ्चकक्षेत्रमा दाजुभाइका छोराहरू युद्धका निमित्त अठाह्र अक्षौहिणी सेना लिएर जम्मा भए । नियतिको खेल, राज्यको विषय, राजगद्दीको विषयलाई लिएर यौटै बाज्येका नातिहरू परस्परको रक्त पिपासा लिएर महान् प्राणिसंहारको निमित्त तयार भए । एकेक अक्षौ-हिणी सेनाका एक एक सेनापतिका हिसाबले पाण्डवतर्फ सात र कौरवतर्फ एघाह्र सेनापति बने । पाण्डवतर्फ द्रुपद, विराट, धृष्टद्युम्न, शिखण्डी, सात्यकि, चेकितान, भीमसेन, सातमध्येका धृष्टद्युम्न सेनापतिपति भीमसेन उनीभन्दा माथि, अर्जुन सम्पूर्ण सेनाका अधिपति भए । श्रीकृष्ण अर्जुनको पनि नेता तथा सारथि होइबक्स्यो । कौरवतर्फ कृप, द्रोण, शल्य, जयद्रथ, सुदक्षिण, कृतवर्मा, अश्वत्थामा, कर्ण, भूरिश्रवा, शकुनि र बाल्हीक एघार मध्ये भीष्म मुख्य सेनाधिपति, दुर्योधन सर्वोच्च सेनाधिपति बने ।

दुवै तर्फका कुलपुरुष महर्षि व्यास हस्तिनापुर राजदरबारमा पाल्नुभो । शान्ति हुन नसके-कोमा उहाँ ज्यादै खिन्न हुनुहुन्थ्यो । उहाँले धृतराष्ट्रलाई अन्तिम पटक सम्झाउनुभो लडाइँ रोक्न, दुर्योधनलाई रोक्न, रक्तपात हुन नदिन, नरसंहार बचाउन । छोराहरूको लोभ, क्रोध, अभिमान र हठ तथा आफ्नै अनेकौं कमजोरीको कारण धृतराष्ट्र पूर्ण असमर्थ भैसकेका थिए । व्यासदेवले धृत-राष्ट्रलाई घरैमा बसीबसी युद्धका सबै कुरा प्रत्यक्ष देख्ने, सुन्ने शक्ति दिन खोज्नुभो, धृतराष्ट्रले हेर्न मन गरेनन्, बरू सुन्ने इच्छा व्यक्त गरे । धृतराष्ट्रलाई सबै कुरा बताउनका निमित्त गवल्गणका छोरा सूत संजयलाई व्यास ऋषिले महाभारत युद्ध चलुन्जेलसम्मका लागि दिव्य शक्ति दिनुभो । राति होस् वा दिउसो, प्रकाश होस् वा गोप्य सबै कुरा संजय देख्न, सुन्न सक्थे । अरूका मनका कुरासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि उनी जान्दथे। उनलाई कुनै हतियारले छुँदैनथ्यो, थकाइले गाल्दैनथ्यो; उनी जहाँ पनि, जुन वेला पनि पुग्न सक्थे । उनी धृतराष्ट्रको हुकुमबमोजिम उनलाई युद्ध वृत्तान्त यथार्थ बताउने काममा संलग्न रहने भए।

कुरूक्षेत्रको समन्तपञ्चकमा पूरा तयारी भयो। दुवैतर्फ अनगिन्ती पाल टाँगिएका, छाप्राहरू बनेका थिए, पूरा पालोपहरा वसेको थियो; बस्ने शिबिरहरू तयार भैसकेका थिए । दुबैतिर फौज मिलाउन थालियो, खटनपटनहरू भए, आफ्ना तर्फका चिन्हप्रतीकहरू बाँडिए, आफ्ना तर्फका कूटभाषा तोकिए। पृथक् पृथक् सेनाले लिने अखडा तोकिए। पाण्डवतर्फ युधिष्ठिरको हुकुमबाट अर्जुनले पूरा सैन्यको, असबाबको, रसदको, गट्ठाघरको, हतियार निर्माणगृहको निरीक्षण गरी सारा कामकुरा व्यवस्थित पार्नुभो; कौरवतर्फ दुर्योधनले गरे । पाण्डवतर्फ सेनापतिपति धृष्मद्युम्नभन्दा पनि माथिल्लो तहका सेनापति भीमसेन र कौरवतर्फ सेनापतिपति भीष्मपितामह तोकिनुभो । देश-देशका राजामहाराजाहरूले आफ्ना सैन्यलाई राख्ने र हाँक्ने खासखास स्थान र सीमाना निश्चित गरियो। यदुवंशी कृतवर्मा एक अक्षौहिणी सेना लिएर कौरवतर्फबाट, अर्का यदुवंशी सात्यकि एक अक्षौहिणी सेनाका साथ पाण्डवतर्फबाट युद्धमा खडा भएका थिए। नकुल सहदेवका साख्वै मामा मद्रदेशाधिराज शल्य एक अक्षौहिणी सेनाका साथ पाण्डवपक्षको विरोधमा कौरवपट्टि खडा थिए। यदुकुलका सर्वश्रेष्ठ पुरूष श्रीकृष्ण सो युद्धमा हतियार नउठाउने भई पाण्डवतर्फ अर्जुनको रथको लगाम र कोर्रा समाएर सारथिको काम गर्ने हुनुभएको थियो। उहाँबाट अर्जुनलाई संग्रामारम्भकालमा गरिबक्सेको उपदेश श्रीमद्भगवद्गीता हो।

श्रीमद्भगवद्गीता महाभारतको छैठौं पर्व भीष्म पर्वमा रहेको छ। भीष्म पर्वको एक्काइसौं अध्यायदेखि बयालिसौं अध्यायसम्मको भागलाई श्रीमद्भगवद्गीता पर्व भन्ने नाम दिइएको छ। एक्काइसौं अध्यायमा युधिष्ठिरको मनसायको वर्णन भएकोछ। भीष्मले सैन्यव्यूहरचना गरे। त्यो व्यूह देखेर युधिष्ठिर आफ्नो विजय हुने कुरामा शङ्कित बने। अनेक अनिष्ट उनले चिताए, अर्जुनले सान्त्वना दिनुभो, आफ्नो पक्षको बल बताउनुभो, श्रीकृष्णको महिमागान गर्नुभो। बाइसौं अध्यायमा भगवान् श्रीकृष्णले भीष्मको अतिमहान शक्तिको वर्णन गरिबक्स्यो, भीष्मका रक्षक सैन्यसंग विजय प्राप्त गरेर मात्र भीष्मसंग लड्नु पर्ने कुराको उपदेश बक्स्यो। तेइसौं अध्यायमा भगवान् श्रीकृष्णले अर्जुनलाई दुर्गास्तोत्रद्वारा भगवती दुर्गाको आराधना गर्न अह्राइबक्स्यो। अर्जुनले रथबाट ओल्हेर दुर्गाको स्तुति गर्नुभो; श्रीदुर्गा प्रसन्न भएर अन्तरिक्षमा प्रकट हुनुभो, अर्जुनलाई विजयको वरदान बक्सेर अन्तर्धान होइबक्स्यो। चौबीसौं अध्यायमा दुवै तर्फका सैनिकहरूले शंखघोष गरेको सिंहनाद गरेको बाजागाजाहरू बजेको कुराको वर्णन भएको छ। पच्चीसौं अध्यायमा अर्जुनविषादको वर्णन भएको छ। यही पच्चीसौं अध्यायदेखि बयालीसौं अध्याय सम्मको भाग प्रचलित श्रीमद्भगवद्गीताको नामले प्रसिद्ध छ। त्रितालिसौं अध्यायदेखि भीष्मबधपर्व शुरू हुन्छ।

गीताको संरक्षणमा व्यासदेव

श्रीमद्भगवद्गीता भगवान श्रीकृष्णले अर्जुनलाई गरिबक्सेको उपदेश हो। कुरूक्षेत्रको रणक्षेत्रमा प्रादुर्भाव भएको श्रीकृष्णार्जुनसंवादमय गीतालाई आज जस्ताको तस्तै सुरक्षित रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त गर्ने सौभाग्य हामीलाई मिलेको छ । मुद्रण व्यवस्था चलेपछि, अझ आधुनिक प्रविधिको विकासले ग्रन्थको विस्तारलाई, प्रसारलाई, संरक्षणलाई, अनुवर्तनलाई धेरै सरल र सुकर बनाइदिएको छ । मुद्रणप्रविधिको आविष्कार हुने समयसम्म गीतालाई सुरक्षित राखी परम्परित बनाउँदै ल्याइदिने काममा हाम्रा पूर्वज अनेक आचार्यहरूलाई, सानैं लिपिकर लेखकहरूलाई, जोगाउने श्रद्धालु भक्तजनहरूलाई जस दिनुपर्छ । यी सबैलाई जस दिईदिईकन पनि गीताको संरक्षणमा भगवान् व्यासदेवको जत्तिको र जस्तो श्रेय र महत्त्व अरू कसैको पनि छैन । आर्यसंस्कृति, विश्वमानव गीताग्रन्थका लागि व्यास देवको ऋणबाट कहिल्यै कहिल्यै मुक्त हुन सक्तैन । हामीले श्रद्धावनत बनेर व्यासदेवलाई दण्डवत् प्रणाम गर्नुपर्छ, सँधै श्रद्धा र भक्तिका साथ सम्झनुपर्छ ।

युद्धको मैदानमा पश्चिमतर्फ पूर्वमुख, पाण्डवका सात अक्षौहिणी सेना, पूर्वतर्फ पश्चिममुख कौरवका एघार अक्षौहिणी सेना । दुवैतिरबाट पर, अछट्ट, बीचमा सेता घोडा जुतेको सुवर्णमय रथ, त्यसमा सारथि र रथी श्रीकृष्ण र अर्जुन, महायुद्धको निम्ति तैतयार । अकस्मात् अकैं, सर्वथा अकल्पित स्थिति पऱ्यो । एक निमेष अघिसम्म पनि न त श्रीकृष्ण, न त अर्जुन नै अरू केही भन्नु पर्नें र सुन्नुपर्नें कल्पनामा हुनुहुन्थ्यो । गीता भन्नुपर्छ भन्ने श्रीकृष्णलाई पनि थिएन, सुन्नु पर्छ भन्ने अर्जुनलाई थिएन । तर पऱ्यो । त्यो श्रीकृष्णाजुनसंवादका मुख्य नायक श्रीकृष्ण र अर्जुन त होइबक्सन्थ्यो नै । सो संवाद प्रत्यक्ष सुन्ने र देख्ने अर्जुनरथका घोडा थिए, अर्जुन ध्वजाका पवनपुत्र हनुमान् हुनुहुन्थ्यो, व्यासदेव हुनुहुन्थ्यो; संजय र निषाद एकलव्य हुनुहुन्थ्यो ।

सबभन्दा पहिलेका गीताश्रोताहरूमध्ये श्रीव्यासदेव र संजय रण क्षेत्रको श्रीकृष्णार्जुनसंवाद स्थलमा प्रत्यक्ष सशरीर रहनुभएको थिएन । श्रीव्यासदेवले आफ्नो आर्ष दिव्य दृष्टिबाट, संजयले युद्ध चलुन्जेलका निमित्त व्यासबेवबाटै पाएको दिव्यदृष्टिको सहाराबाट श्रीकृष्णार्जुनसंवाद प्रत्यक्ष सुन्नु र देख्नु भएको थियो । उहाँहरूले मर्यादापूर्वक नै सुन्नुभयो होला । गीताको श्रीकृष्णार्जुनसंवादलाई प्रत्यक्ष देख्ने र सुन्ने अर्को भाग्यशाली व्यक्ति निषादराज एकलव्य हुनुहुन्थ्यो । शुरूमा केवल दर्शक भएर युद्ध हेर्नें पछि जुन पक्षको हार हुन्छ त्यही पक्षतर्फ मिलेर युद्ध गर्नें आशयले एकलव्य कुरूक्षेत्रमा आउनुभएको थियो । श्रीकृष्णलाई जे चाहिए पनि टक्राउन तयार भएका एकलव्यसँग श्रीकृष्णले उहाँको जीवन नै चाहिबक्स्यो । युद्ध हेर्नें उहाँको अन्तिम धोको पूरा गरिदिन श्रीकृष्णले युद्धक्षेत्रका सबै कामकुराहरू हेर्नें सुन्ने, बुझ्ने चेतनाशक्ति महाभारत युद्ध भरी रहने गरी उहाँको गिंडबाट छुट्टिएको शिरलाई युद्ध मैदानमा अग्लो टाँगोमा (लिङ्गोमा) मास्तिर राखिदिइबक्सेको थियो । त्यही आफ्नो शिरबाट निषादराजले गीताका सबै कुरा प्रत्यक्ष सुन्नु र देख्नु भएको थियो । उहाँको अवस्था र श्रीकृष्णले नै टाँगोमा राखिदिएको स्थितिप्रति विचारगर्दा मर्यादा पालन नगरेको भन्न नमिल्ने नै भो । अर्जुनका घोडाहरूले भईंमा उभिएर नै गीता सुनेका थिए । महाभारतयुद्ध सकिएपछि तुरून्तै निषादराज चेतनाशक्ति लुप्त भएर मुक्त भैहाल्नुभो । युद्ध विजय गरेर पाण्ड़वले कौरवशिबिरलाई आफ्नो अधीनमा लिएपछि, रथबाट श्रीकृष्णार्जुन ओर्लिबक्सेपछि तत्कालै अर्जुनरथ जम्मै भस्म हुँदा गीताश्रोता घोडाहरु पनि भस्म भै हाले । युद्धवृत्तान्त सविस्तार सुन्ने क्रममा अन्धा धृतराष्ट्रले संजयबाट त्यही कृष्णार्जुनसंवाद जस्ताकोजस्तो सुन्न पाए । संजयले दश दिनसम्म त गीता जस्ताको तस्तै सम्झनुभएको रहेछ, तर पछि कहीं फेरि उहाँले भनेको थाहा भएन । धृतराष्ट्रले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुन्दै बिर्सेंदै गरे कि कुन्नि । श्रीहनुमान् परमज्ञानी, शङ्करावतार, रामभक्त, कल्पान्तजीवी । उहाँले अवश्यै सम्झनु भएको छ । रामावतारलीलाको संवरण भएपछि उहाँ सामान्यतः जनसमक्ष आउनु हुन्न । महाभारतयुद्धका अठ्ठाह्र दिनसम्म उहाँ अर्जुनध्वजमा बस्नुभएको थियो, श्रीकृष्णावतारी आफ्नो इष्टदेव श्रीरामचन्द्रको उपासना गर्ने एक मौका छोप्न, भाइ भीमसेनसँग युद्धमा त्यही किसिमको सहायता गर्छु भनी आफूले गरेको प्रतिज्ञालाई पूरा गर्न ।

पवनपुत्र महावीर हनुमान्जीले रथमाथि ध्वजामा, श्रीकृष्णार्जुन राज भएको भन्दा धेरै अग्लो ठाउँमा बसेर प्रत्यक्ष गीता सुन्नुभो, विश्वरूपको दर्शन गर्नुभो । गुरूजनबाटको उपदेश सुन्दा अग्लो आसनमा बसेर सुन्न नहुने आर्य मर्यादा छ, अनुशासन छ । श्रीकृष्णार्जुन दुवै रथबाट ओर्लेर भईंमा रहिबक्सेको थियो । परम गुरू श्रीकृष्णपरमात्माबाट भएको गीतामय सर्वोच्च ज्ञानको श्रवण तथा विश्वरूपको दर्शन श्रीहनुमान्जीले अग्लो ठाउँमा बसेर गर्नुभो । त्यो व्यतिक्रमबाट भएको पाप पखाल्न हनुमान्जीले पिशाचस्थितिमा रहेर पछि गीताभाष्य लेख्नुभो त्यसको नाम पिशाचभाष्य रहेको छ भन्ने प्रचलित उपाख्यान छ ।

अर्जुन खास श्रोता नै हुनुभो । उपदिष्ट कुराको संस्कार साररूपमा रहिरहे पनि, उपदेशानुकूल आचरण गर्दै रहेको भए पनि उहाँलाई गीताको स्मृति कालान्तरमा जस्ताको तस्तो नरही अलि मथर भएछ । युद्ध सकियो, राजकाज सुख शान्तिका साथ चल्न थाल्यो । अश्वमेध यज्ञ पनि निर्बिघ्न सुचारूरूपले सम्पन्न भो । युद्धक्षेत्रमा सुनेको गीता शान्तिकालमा सुन्ने इच्छा अर्जुनलाई भयो । उहाँले भगवान्सँग प्रार्थना गर्नुभो । तर भगवान्ले त्यो बेला सुनाएको गीता जस्ताको तस्तो फेरि आफूबाट पनि ननिस्कने कुरा मर्जी भो । युद्धकालमा श्रीकृष्णले नररूपबाट उठी पूर्ण ईश्वरभावमा स्थित भएर गीताको उपदेश गरिबक्सेको थियो । आफ्नो कुनै पृथक् उद्देश्य नभएर पनि प्राणीमा अनुग्रह गर्ने इच्छाले शोकमोहमहोर्दाघमा डुबेका अर्जुनलाई प्रतीकात्मक निमित्त बनाएर प्राणीमात्रको कल्याण गर्ने प्रवृत्ति र निवृत्ति रूप दुवै वैदिक धर्मको उपदेश भगवान्बाट भएको थियो । गीता ईश्वरोपदिष्ट अर्को वेद उपनिषद् नै थियो । प्रत्यक्ष वक्ता स्वयं भगवान् श्रीकृष्णले पनि आफैंले युद्धक्षेत्रमा मर्जी भएको गीता आफ्नो सबभन्दा प्रियसखा अर्जुनले नै प्रार्थना गर्दा पनि पछि फेरि दोहोऱ्याएर मर्जी भएन । प्रत्यक्ष श्रोता स्वयं अर्जुनले त्यो गीता जस्ताको तस्तो सम्झन सक्नुभएन । दिव्य दृष्टिशक्तिसम्पन्न व्यासदेवले पनि त्यो गीता अर्जुनका साथसाथै प्रत्यक्ष सुन्नुभएको थियो, जस्ताको तस्तै धारण पनि गर्नुभएको रहेछ । व्यासदेवले पनि सुन्न नसक्नुभएको भए, नसम्झनुभएको भए, जस्ताको तस्तै धारण नगर्नुभएको भए, महाभारतमा जस्ताको तस्तै पुर्नानिबन्धन नगरिदिनुभएको भए– भगबान्को अचिन्तनीय, अपरिमेय इच्छा त थाहा छैन– सामान्य दृष्टिले विचार गर्दा बरबादै हुने, सर्वनाशै हुने रहेछ । गीता महाभारत युद्धक्षेत्रमा अकस्मात् निस्केको र त्यहीं नै हराउने पनि रहेछ भन्ने देखिन्छ । यो अतुल महाग्रन्थरत्नलाई सुरक्षित गरी मानवसमाजलाई सँधैको लागि प्राप्त गराउने काम महामुनि, महायोगी, महातपस्वी, महालोकोपकारी व्यासदेवबाट नै भएको हो । त्यसैले जुन सर्वश्रेष्ठ अध्यात्म ग्रन्थरत्न श्रीमद्भगवद्गीता हामीले पाएका छौं त्यो भगवान् श्रीकृष्ण वासुदेवको एवं श्रीकृष्ण द्वैपायन व्यासदेवको असाधारण महिमाको, करूणाको फल हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतोपदेक्षण

लडाइँ शुरू हुने निश्चित दिनको अघिल्लो दिन हुन सक्ने जति पूर्व तयारी पूरा गरेर सबै सुते। एक प्रहर रात बाँकी छँदै सबै उठे। दुवैतिर खलबल सुनिन थाल्यो। शौच स्नान आदि नित्य कर्ममा सबै लागे। आकाशमा बादल कतै थिएन, तर बिजुली चम्क्यो, वज्र चड्क्यो, पानी पऱ्यो, हुरी चल्यो। राजा, मन्त्री, सेनापति लगायत सबै सैनिकहरू सन्ध्योपासन, सूर्योपस्थान आदि प्रातः कृत्य सम्पन्न गरेर आआफ्ना ठाउँमा शस्त्रास्त्रसुसज्जित भई खडा भए। पूर्वतर्फ कौरवको एघाह्र अक्षौहिणी सेना पश्चिम फर्केर डटेको थियो। पश्चिमतर्फ पूर्व फर्केर सात अक्षौहिणी पाण्डवसेना तयार थियो। दुवैतिर हातहतियार चम्किरहेका थिए, योद्धाहरू तथा हात्ती घोडाहरू चलिरहेका थिए। दुइतिर दुइ सेना महासागर, चञ्चलायमान, लहराइरहेका, उलिरहेका, ज्वार उठिरहेका, परस्पर टकराउन तयार भइरहेका थिए। दुवै अघि बढ्न बढ्नै खोजिरहेका, एकले अर्कोमाथि भ्वाम्मै हाम फालेर स्वाम्म छोप्नै, निल्नै खोजिरहे जस्तो देखिन्थ्यो।

पश्चिमतिर अर्जुनको रथ टडकारो देखिइरहेको थियो। भगवान श्रीकृष्णका आज्ञा अनुसार अर्जुन रथबाट ओर्लनुभो, दुष्ट संहारिणी भगवती दुर्गादेवीको आराधना गर्नुभो। दुर्गादेवी प्रसन्न बनेर अन्तरिक्षमा प्रकट होइबक्स्यो र उहाँबाट विजयको वरदान पाएर अर्जुन आफ्नो रथमा उक्लनुभो, धनु समातेर तयार हुनुभो। कौरवपक्षबाट भीष्म पितामहले शंखघोष र सिंहनाद गरे; अनेक शंख, तुरही, नगरा, झ्याली आदि युद्ध बाजाहरूको शब्द घनघोरसंग घन्क्यो। त्यसको जवाफमा पाण्डवतर्फबाट श्रीकृष्णले र वीरवर अर्जुनले शंख फुक्नु भएपछि सबैले शंखघोष गरे, रणभेरीहरू बजे। श्रीकृष्णार्जुनको सिंहनादका साथ भीमसेनको सिंहनादमा मिसाएर अर्जुनध्वज मा बस्नुभएका अतुल बलशाली, पवनपुत्र, हनुमानले घनघोर दिगदिगन्त व्यापी सिंहनाद गर्नुभो। हतियार छुटिसकेको थिएन। पश्चिमतिरबाट यौटा रथ विस्तारै सरं अगाडि बढ्यो, बीचमा आएर अडयो। रथमा सेता घोडाहरू जुतेका थिए। रथ सुन चाँदीका बेल बुट्टाले सुशोभित थियो। अग्लो सुवर्ण दण्डमा हनुमानको चित्र भएको ठूलो ध्वजा फहराइरहेको थियो, त्यसै ध्वजदण्डमा अञ्जनी-नन्दन हनुमान स्वयं बस्नुभएको थियो। अघिल्तिर यसमा मोरमुकुटवाला, पीताम्बरधारी, वनमालाँ सुभूषित, हेम किरीट कुण्डलधारी श्यामसुन्दर, तेजोमण्डलले देदीप्यमान, महायोगेश्वरेश्वर भगवान् श्रीकृष्ण हातमा घोडाको लगाम र छडी लिएर राज भएको थियो। रथभित्र गाण्डीवधारी, विजेता, वीरश्रेष्ठ अर्जुन वीरासन कसेर बस्नु भएको थियो। भर्खर उदाएका सूर्यको प्रकाश सोझै परेको थियो। घोडा, रथ, ध्वजा, सारथि, रथी सबै सूर्यको प्रकाशमा विचित्रसँग टल्केको, अपूर्व अवर्णनीय दृश्य थियो। समग्ररूपमा झलझलाकार अर्को सूर्यमण्डल जस्तो देखिन्थ्यो।

दुवैतिरका समस्त प्राणी निर्निमेष दृष्टिले हेरिरहन लागे। दुवै सेना निस्तरङ्ग शान्त महा-सागर जस्ता भए। के हो! किन हो! कसैका बुद्धिमा केही फुरिसकेको थिएन। सारथिले भीष्म-द्रोणादिलाई देखाएर केही भन्नुभो। रथीले चारैतिर दृष्टि घुमाउनुभो, सारथिसँग केही भन्नुभो, धनुर्बाण छोडेर रथको छेउमा लत्रेर बस्नुभो। केही समयसम्म दुइको संवाद भो, सारथिले रथीलाई सम्झाउन लाग्नुभो। सबैले नबोल्ने चलचित्र हेरे जस्तो गरी हेरे, केही सुनेनन्। बीचमा भइरहेको त्यो संवाद कतिबेर भयो, दुईका विभिन्न चेष्टा र हस्तमुखशीर्षादिसंचालन निर्निमेष हेरिरहेका उभय-पक्षीय योद्धाहरूलाई थाहै भएन। यही श्रीकृष्णार्जुनसंवाद श्रीमद्भगवद्गीताको नामले प्रसिद्ध भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ श्रीमद्भगवद्गीता माहात्म्यम् ।

धरोवाच – पृथिवीले भन्नुभो ।
भगवन् परमेशान भक्ति रव्यभिचारिणी
प्रारब्धं भुञ्जमानस्य कथं भवति हे प्रभो ।१।

हे भगवान् परमेश्वर प्रभु, प्रारब्ध भोग गरिरहने मानिसले कसो कसो गरे हजुरप्रतिको अनन्य भक्ति पाउन सक्छ ?

श्रीभगवानुवाच – श्रीभगवान्बाट आज्ञा भो ।
प्रारब्धं भुञ्जमानो हि गीताभ्यासरतः सदा
स मुक्तः स सुखी लोके कर्मणा नोपलिप्यते ।२।

प्रारब्ध भोग गरिरहने मानिसले सँधै गीताको अभ्यासमा रमाउँछ भने मुक्ति पाउँछ, सुखी हुन्छ, कर्मबाट लिप्त हुँदैन ।२।

महापापादिपापानि गीताध्यायी करोति चेत्
क्वचित् स्पर्शं नकुर्वन्ति नलिनीदलमम्बुवत् ।३।

महापाप आदि पापले पनि गीताको अध्ययन गर्नें मनुष्यलाई कहिल्यै छुन सक्तैनन् जसरी कमलपत्रलाई पानीले लिप्त गर्दैन ।३।

गीतायाः पुस्तकं यत्र यत्र पाठः प्रवर्तते ।
तत्र सर्वाणि तीर्थानि प्रयागादीनि तत्र वै ।४।

गीताको पुस्तक जहाँ छ, जहाँ पाठ भैरहन्छ, त्यहाँ सबै तीर्थहरू रहन्छन्, प्रयाग आदि त्यहाँ नै हुन्छन् ।४।

सर्वे देवाश्च ऋषयो योगिनः पन्नगा श्च ये
गोपाला गोपिका वापि नारदोद्धव पार्षदैः
समायान्ति तत्र नित्यं यत्र गीता प्रवर्तते ।५।

सबै देवताहरू, ऋषिहरू, योगीहरू, नागहरू, गोपगोपीहरू, नारद, उद्धव आदि पार्षदहरू समेत त्यहाँ आउँछन्, जहाँ गीतापाठ चल्छ ।५।

यत्र गीताविचारश्च पठनं पाठनं श्रुतम्
तत्रा हं निश्चितं पृथ्वि निवसामि सदैव हि ।६।

जहाँ गीताको विचार, पठन, पाठन, श्रवण भइरहन्छन् त्यहाँ म निश्चय नै, हे पृथ्वि, सँधै बस्छु ।६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताश्रये हं तिष्ठामि गीता मे चोत्तमं गृहम् ।
गीताज्ञान मुपाश्रित्य त्रींल्लोकान् पालयाम्यहम् ।७।

गीताको आश्रयमा म रहन्छु, गीता मेरो उत्तम गृह हो, गीताज्ञानलाई लिएर म तीन लोकको पालना गर्छु ।७।

गीता मे परमा विद्या ब्रह्मरूपा न संशयः ।
अर्धमात्रा क्षरा नित्या सा निर्वाच्यपदात्मिका ।८।

गीता मेरो ब्रह्मरूप सर्वोत्तम विद्या हो, संशय छैन । गीता अर्धमात्रा स्वरूप महामाया, अविनाशी, नित्य तथा अनिर्वचनीयस्वरूपा हो ।८।

चिदानन्देन कृष्णेन प्रोक्ता स्वमुखतो र्जुनम् ।
वेदत्रयी परानन्दा तत्वज्ञानार्थ संयुता ।९।

ज्ञानानन्दघन श्रीकृष्णले आफ्नै मुखबाट अर्जुनलाई भर्जो भएको गीता ऋग्वेद, यजुर्वेद र सामवेद स्वरूप हो, परमानन्दमय एवं तत्त्वज्ञान दिने कुराले युक्त भएको छ ।९।

योष्टादशजपो नित्यं नरो निश्चल मानसः ।
ज्ञान सिद्धि स लभते ततो याति परं पदम् ।१०।

जो साधक मनुष्य एक चित्तसंग अठ्ठाह्रै अध्याय संधै जप्छ त्यसले ज्ञानसिद्धि पाउँछ र त्यसैले परम पद प्राप्त गर्छ ।१०।

पाठे समर्थः संपूर्णे ततोर्धं पाठ माचरेत्
तदा गोदानजं पुण्यं लभते नात्र संशयः ।११।

जस्मै पाठ गर्न नसक्नेले त्यसको आधा पाठ गर्नू, तब गाई पृथ्वीदान गरेको पुण्य प्राप्त हुन्छ यसमा संशय छैन ।११।

त्रिभागं पठमानस्तु गङ्गास्नानफलं लभेत् ।
षडंशं पठमानस्तु सोमयागफलं लभेत् ।१२।

तीन भागको एक भाग पढ्नेले गङ्गास्नानफल पाउँछ, छ भागको एक भाग पाठ गर्नेले सोमयागफल पाउँछ ।१२।

एकाध्यायं तु यो नित्यं पठते भक्ति संयुतः
रूद्रलोक मवाप्नोति गणो भूत्वा वसेच्चिरम् ।१३।

एक अध्याय जसलें सँधै भक्तियुक्त भएर पाठ गर्छ, त्यसले रूद्रलोक प्राप्त गर्छ र शिवको पार्षद भएर धेरैसम्म बस्न पाउँछ ।१३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यायं श्लोक पादं वा नित्यं यः पठते नरः ।
स याति नरतां यावन् मन्वन्तरं वसुन्धरे ।१४।

एक अध्याय अथवा चौथाइ अध्याय सँधै जो मनुष्य पाठ गर्छ । त्यो एक मन्वन्तर भरी, हे पृथिवी, मानिसै भइरहन पाउँछ ।१४।

गीतायाः श्लोक दशकं सप्त पञ्च चतुष्टयम्
द्वौ त्रीनेकं तदर्धं वा श्लोकानां यः पठेन्नरः
चन्द्रलोक मवाप्नोति वर्षाणा मयुतं ध्रुवम् ।१५।

गीताका दश श्लोक, सात, पाँच, चार, दुइ, तीन, एक वा आधा श्लोक जसले पाठ गर्छ, त्यो चन्द्रलोक पुग्छ र निश्चय नै दश हजार वर्षसम्म त्यहाँ वस्छ ।१५।

गीतापाठसमायुक्तो मृतो मानुषतां व्रजेत् ।
गीताभ्यासं पुनः कृत्वा लभते मुक्ति मुत्तमाम् ।१६।

गीता पाठले युक्त भएर मरेको मानिस फेरि मनुष्यजन्म नै प्राप्त गर्छ फेरि गीताभ्यास गरेर मोक्ष पाउँछ ।१६।

गीते त्युच्चारसंयुक्तो म्रियमाणो गतिं लभेत् ।१७।

'गीता' भन्ने उच्चारण गरेर मर्नेले राम्रो गति पाउँछ ।१७।

गीतार्थ श्रवणासक्तो महापापयुतो पि वा
वैकुण्ठं समवाप्नोति विष्णुना सह मोदते ।१८।

गीताको अर्थ सुनिरहनमा लागिरहने मानिस महापापयुक्त भए पनि त्यो पाप हराएर बैकुण्ठ पुग्छ र विष्णु भगवान् साथ आनन्द पाउँछ ।१८।

गीतार्थं ध्यायते नित्यं कृत्वा कर्माणि भूरिशः ।
जीवन्मुक्तः स विज्ञेयो देहान्ते परमं पदम् ।१९।

गीतार्थको सँधैं जसले चिन्तन ध्यान गरिरहन्छ, धेरै कर्महरू गरिरहे पनि त्यसलाई जीवन्मुक्त भनी जान्नु पर्छ र त्यो देहान्त भएपछि मुक्त हुन्छ ।१९।

गीतामाश्रित्य बहवो भूभुजो जनकादयः ।
निर्धूतकल्मषा लोके गीता याताः परं पदम् ।२०।

गीताको आश्रय लिएर जनक आदि धेरै भूपति राजाहरू निष्पाप भएर लोकमा प्रशंसित पनि भए, मुक्त पनि भए ।२०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतायाः पठनं कृत्वा माहात्म्यं नैव यः पठेत् ।
वृथा पाठो भवेत्तस्य श्रम एव ह्युदाहृतः ।२१।

गीताको पाठ गरेर माहात्म्य जसले पढ्दैन, त्यसको पाठ व्यर्थ र परिश्रम मात्र हुन्छ भनिएको छ ।२१।

एतन्माहात्म्यसंयुक्तं गीताभ्यासं करोति यः ।
स तत् फल मवाप्नोति दुर्लभां गति माप्नुयात् ।२२।

जसले यो माहात्म्य समेत गीताभ्यास गर्छ त्यसले जस्ताको तस्तो फल पाउँछ र दुर्लभ गति प्राप्त गर्छ ।२२।

सूत उवाच – सूतजीले भने ।

माहात्म्य मेतद्गीताया मया प्रोक्तं सनातनम्
गीतान्ते च पठेद् यस्तु यदुक्तं तत् फलं लभेत् ।२३।

गीताको यो चलिआएको माहात्म्य मैले बताएँ । गीताको अन्त्यमा जसले पाठ गर्छ त्यसले माहात्म्यमा बताए बमोजिम फल पाउँछ ।२३।

इति श्रीवाराहपुराणे श्रीमद्भगवद्गीतामाहात्म्यं समाप्तम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतापाठ विधि

गीता हामी सनातनीहरूको शास्त्रपरम्परा र शिष्टपरम्पराअनुसार अतिविशिष्ट धार्मिक ग्रन्थ हो। यस भित्रका श्लोकहरू श्लोक मात्र नभएर पवित्र मन्त्र पनि हुन्। यसले बताए अनुसारका आचार विचारबाट हुने परम लाभ त छँदैछ, गीताको पाठ मात्र पनि विशिष्ट पुण्यदायक एवं कल्याणकारी अनुष्ठान बन्न सक्छ। श्रद्धाभक्तिका साथ यसको पाठ गर्नाले भगवान् श्रीकृष्णले खुशी भएर भलो गरिबक्सिन्छ, पाठकर्ताको स्तर अनुसार सिद्धि बक्सिन्छ। श्रवणको पनि यस्तै फल छ। थरीथरी उद्देश्यसिद्धिका लागि गीताका मन्त्रमन्त्रको थरीथरी अनुष्ठानको उपदेश भएको छ। गीतापाठबाट हुने धार्मिक उपलब्धिका लागि श्रद्धाभक्तिपूर्वक गीता पाठ गर्ने सामान्यविधि निम्नबमोजिम छ।

हरिः ॐ तत्सत् अस्य श्रीमद्भगवद्गीतामालामन्त्रस्य भगवान् वेदव्यासः ऋषिः अनुष्टुप् छन्दः श्रीकृष्ण परमात्मा देवता "अशोच्या नन्वशोच स्त्वं प्रज्ञावादाँश्च भाषसे" इति बीजम्, "सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज" इति शक्तिः "अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः" इति कीलकम्, मम श्रीकृष्णप्रीतिपूर्वकम्, अभ्युदयनिःश्रेयसलाभार्थे पाठे विनियोगः।

"नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः" इति अङ्गुष्ठाभ्यां नमः।
"न चै नं क्लेदयन्त्यापो न शोषयति मारुतः" इति तर्जनीभ्यां नमः।
"अच्छेद्योय मदाह्योय मवलेद्यो शोष्य एव च" इति मध्यमाभ्यां नमः।
"नित्यः सर्वगतः स्थाणु र चलो यं सनातनः" इति अनामिकाभ्यां नमः।
"पश्य मे पार्थ रूपाणि शतशो थ सहस्रशः" इति कनिष्ठिकाभ्यां नमः।
"नानाविधानि दिव्यानि नाना वर्णा कृतीनि च" इति करतल कर पृष्ठाभ्यां नमः।

अथ हृदयन्यासः

"नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः" इति हृदयाय नमः।
"न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः" इति शिरसे स्वाहा।
"अच्छेद्योय मदाह्यो य मक्लेद्यो शोष्य एव च" इति शिखायै वषट्।
"नित्यः सर्वगतः स्थाणु रचलोयं सनातनः" इति कवचाय हुम्।
"पश्य मे पार्थ रूपाणि शतशोथ सहस्रशः" इति नेत्रत्रयाय वौषट्।
"नाना विधानि दिव्यानि नाना वर्णा कृतीनिच" इति अस्त्राय फट्।

अथ ध्यानम्— पार्थाय प्रतिबोधितां भगवता नारायणेन स्वयं
व्यासेन ग्रथितां पुराणमुनिना मध्येमहाभारतम्।
अद्वैतामृत वर्षिणीं भगवती मष्टादशाध्यायिनीम्।
अम्ब त्वा मनुसन्दधामि भगवद्गीते भवद्वेषिणीम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्कार–

व्यासाय विष्णुरूपाय व्यासरूपाय विष्णवे । नमो वै ब्रह्मनिधये वासिष्ठाय नमो नमः ।
प्रपन्न पारिजाताय तोत्र वेत्रैक पाणये । ज्ञान मुद्राय कृष्णाय गीतामृत दुहे नमः ।।
वसुदेवसुतं देवं कंस चाणूर मर्दनम् । देवकीहृदयानन्दं कृष्णँ वन्दे जगद्गुरूम् ।।
मूकं करोति वाचालं पङ्गुं लंघयते गिरिम् । यत् कृपा तमहं वन्दे परमानन्द माधवम् ।।
नारायणं नमस्कृत्य नरं चैव नरोत्तमम् । देवीं सरस्वतीं व्यासं ततो जय मुदीरयेत् ।।
वक्रतुण्ड, महाकाय सूर्यकोटि समप्रभ । अविघ्नं कुरू मे देव सर्वकार्येषु सर्वदा ।।

त्वमेव माता च पिता त्वमेव त्वमेव बन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणं त्वमेव त्वमेव सर्वं मम देवदेव ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मध्यमणि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ तत् सत्

वसुदेवसुतं देवं कंसचाणूरमर्दनम्
देवकी हृदयानन्दं कृष्णं वन्दे जगद्गुरूम्
व्यासाय विष्णुरूपाय व्यासरूपाय विष्णवे
नमो वै ब्रह्मनिधये वासिष्ठाय नमोनमः ।

श्रीगणेशाय नमः । श्रीपरमात्मने नमः । श्रीव्यासदेवाय नमः ।

अथ

श्रीमद्भगवद्गीता

गीता लोकभाष्य

प्रथमः अध्यायः अर्जुनविषादयोगः ।

धृतराष्ट्र उवाच– महाराज धृतराष्ट्रले भन्नुभो ।

धर्मक्षेत्रे कुरूक्षेत्रे समवेता युयुत्सवः
मामकाः पाण्डवा श्चैव किमकुर्वत संजय ।१।

संजय, युयुत्सवः, धर्मक्षेत्रे कुरूक्षेत्रे समवेताः, मामकाः पाण्डवाः च एव किम् अकुर्वत ।

हे संजय, युद्ध गर्ने इच्छाले धर्मक्षेत्र कुरूक्षेत्रमा जम्मा भएका मेरा तर्फका र पाण्डव तर्फका सैनिकहरूले के गरे ?

संजय उवाच– संजयले भन्नुभो ।

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा
आचार्य मुपसंगम्य राजा वचन मब्रवीत् ।२।

तदा तु व्यूढं पाण्डवानीकं दृष्ट्वा राजा दुर्योधनः आचार्यम् उपसंगम्य वचनम् अब्रवीत् ।

तब व्यूहरचना भएको (किल्ला बाँधिएको) पाण्डव सेनालाई हेरेर राजा दुर्योधनले आफ्ना गुरू द्रोणाचार्यको नजिकै गएर कुरा गर्नुभो । २ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्यैतां पाण्डु पुत्राणा माचार्य महतीं चमूम्
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ।३।

आचार्य, पाण्डुपुत्राणाम् एतां महतीं चमूं तव शिष्येण धीमता द्रुपदपुत्रेण व्यूढां पश्य ।

हे गुरूदेव, पाण्डवहरूको यो विशाल फौजलाई हजुरका चेला, बुद्धिमान् द्रुपदपुत्र धृष्टद्युम्नले व्यूहरचना गरेको (किल्लाको रूपमा तयार पारेको) नजर होस् ।३।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि
युयुधानो विराटश्च द्रुपदश्च महारथः ।४।

अत्र, युधि भीमार्जुनसमाः, महेष्वासाः, शूराः । युयुधानः, विराटः च, महारथः द्रुपदः च ।

यो पाण्डव सेनाभित्र युद्धमा भीमसेन र अर्जुन जस्ता ठूलाठूला धनुर्धारी शूर वीरहरू छन् । सात्यकि, विराट, महारथी द्रुपद र ।४।

धृष्टकेतु श्चेकितानः काशिराजश्च वीर्यवान्
पुरुजित् कुन्तिभोजश्च शैव्यश्च नरपुङ्गवः ।५।

धृष्टकेतुः, चेकितानः, वीर्यवान् काशिराजः च, नरपुङ्गवः पुरुजित्, कुन्तिभोजः, शैव्य; च ।

धृष्टकेतु, चेकितान, पराक्रमी काशीराज मनुष्यश्रेष्ठ पुरुजित्, कुन्तिभोज, शैव्य र । ५ ।

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः । ६ ।

विक्रान्तः युधामन्युः च, वीर्यवान् उत्तमौजाः च, सौभद्रः, द्रौपदेया च सर्वे एव महारथाः ।

पराक्रमी युधामन्यु, वीर उत्तमौजा, सुभद्रापुत्र अभिमन्यु र द्रौपदीका छोराहरू-प्रतिबिन्ध्य, सुतसोम, श्रुतकर्मा, शतानीक, श्रुतसेन यी सबै योद्धाहरू महारथी नै छन् । ६ ।

अस्माकं तु विशिष्टा ये तान् निबोध द्विजोत्तम
नायका मम सैन्यस्य संज्ञार्थं तान् ब्रवीमिते । ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हेद्विजोत्तम, अस्माकं तु ये विशिष्टाः तान् निबोध । मम सैन्यस्य ये नायका; ते संज्ञार्थं तान् ब्रवीमि । ७ ।

ब्राह्मण श्रेष्ठ हे गुरुदेव, हामी तर्फ जो विशिष्ट वीरहरू छन्, तिनलाई सम्झनुहोस् । मरो सैन्यका जो नायक हुन्, हजुरको जानकारीको लागि तिनको बारेमा विन्ति गर्छु । ७ ।

भवान् भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः
अश्वत्थामा विकर्णश्च सौमदत्ति स्तथैव च । ८ ।

भवान् भीष्मः च, कर्णः च, समितिञ्जयः कृपः च, अश्वत्थामा, विकर्णः च, तथा एव च सौमदत्तिः ।

हजुर, पित्तामह भीष्म, कर्ण, युद्धविजयी कृपाचार्य, अश्वत्थामा, विकर्ण र त्यस्तै सोमदत्तपुत्र भूरिश्रवा र । ८ ।

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः
नाना शस्त्र प्रहरणाः सर्वे युद्धविशारदाः । ९ ।

मदर्थे त्यक्तजीविताः, अन्ये च बहवः शूराः सर्वे नाना शस्त्रप्रहरणा, युद्ध विशारदाः ।

मेरो निमित्त ज्यानैको माया छोडेका, अरू धेरै शूरवीरहरू छन् । ती सबै वीर थरी थरी हात-हतियार चलाउन सक्ने र युद्धको कलामा पारङ्गत छन् । ९ ।

अपर्याप्तं त दस्माकं वलं भीष्माभिरक्षितम्
पर्याप्तं त्विद मेतेषां बलं भीमाभिरक्षितम् । १० ।

भीष्माभिरक्षितं तत् अस्माकं बलं अपर्याप्तम् । भीमाभिरक्षितम् एतेषाम् इदं बलं तु पर्याप्तम् ।

सेनापति भीष्म पितामहद्वारा सबैतिर रक्षा गरिएको हाम्रो फौज विशाल (असीम) छ; भीमले रक्षा गरिएको यी पाण्डवको सेना सानो छ (कमजोर) छ । १० ।

अयनेषु सर्वेषु च यथाभाग मवस्थिताः
भीष्ममेवा भिरक्षन्तु भवन्तः सर्व एव हि । ११ ।

अयनेषु च सर्वेषु यथाभागम् अवस्थिताः भवन्तः सर्वे एव हि भीष्मम् एव अभिरक्षन्तु ।

फौजभित्र पस्ने नाकानाका गौंडागौंडा सबैमा आ-आफ्ना स्थानमा रहेर हजुरहरू सबैले नै प्रधान सेनापति भीष्म पितामहको रक्षा गरिबक्सने छ । ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य संजनयन्हर्षं कुरुवृद्धः पितामहः
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ।१२।

तस्य हर्षं संजनयन् प्रतापवान् कुरूवृध्दः पितामहः उच्चैः सिंहनादं विनद्य शङ्खं दध्मौ ।

ती दुर्योधनलाई हर्षित गर्दै प्रतापी, कुरूश्रेष्ठ, पितामह भीष्मले ठूलो सिंहनाद गरेर शङ्ख फुक्नुभो । १२ ।

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः
सहसैवा भ्यहन्यन्त स शब्द स्तुमुलोभवत् । १३ ।

ततः शङ्खाः च, भेर्यः च, पणवानक गोमुखाः सहसा एव अभ्यहन्यन्त । सःशब्दः तुमुलः अभवत् ।

अनि शङ्खहरू, नगराहरू, झ्याली, ढोल, नगरा, तुरही, नरसिंघे आदि बाजाहरू एकै चोटि तुरून्तै बजे । त्यो आवाज घनघोरको ठूलो भयो । १३ ।

ततः श्वेतै र्हयै र्युक्ते महति स्यन्दने स्थितौ
माधवः पांण्डव श्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः । १४ ।

ततः श्वेतैः हयैः युक्ते महति स्यन्दने स्थितौ माधवः पाण्डवः च एव दिव्यौ शङ्खौ प्रदध्मतुः ।

अनि सेता घोडाहरूले युक्त, ठूलो रथमा रहनु भएका श्री कृष्णजीले र अर्जुनले आ-आफ्ना दिव्यशङ्ख फुकिबक्स्यो । १४ ।

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः । १५ ।

हृषीकेशः पाञ्चजन्यं, धनञ्जयः देवदत्तं, भीमकर्मा वृकोदरः पौण्ड्रं महाशङ्खं दध्मौ ।

भगवान् श्रीकृष्णले पाञ्चजन्य नामको, अर्जुनले देवदत्त नामको, भयानक कर्म गर्ने भीमसेनले पौण्ड्रनामको महाशङ्ख बजाउनुभो । १५ ।

अनन्त विजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः
नकुलः सहदेवश्च सुघोषमणि पुष्पकौ । १६ ।

कुन्तीपुत्रः राजा युधिष्ठिरः अनन्त विजयं, नकुलः सहदेवः च सुघोष मणिपुष्पकौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुन्तीका छोरा महाराज युधिष्ठिरलेअनन्त विजय नामक शङ्ख, नकुलले सुघोषनामक र सहदेवले मणिपुष्पक नामको शङ्ख बजाउनुभो । १६ ।

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः
धृष्टद्युम्नो विराटश्च सात्यकि श्चापराजितः । १७ ।

परमेष्वासः काश्यः च, महारथः शिखण्डी च, धृष्टद्युम्नः, विराटः च, अपराजितः सात्यकिः च ।

ठूला धनुर्धारी काशीराजले, महारथी शिखण्डीले, धृष्टद्युम्नले, विराटल, कहिल्यै नहार्ने सात्यकिले । १७ ।

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते
सौभद्रश्च महाबाहुः शङ्खान् दध्मुः पृथक् पृथक् । १८ ।

द्रुपदः द्रौपदेयाः च, महाबाहुः सौभद्रः च सर्वशः पृथिवीपते पृथक् पृथक् शङ्खान् दध्मुः ।

द्रुपदले, द्रौपदीका पाँच छोराले महाबाहुबल भएका सुभद्रापुत्र अभिमन्युले र अन्य सबैले सबैतिरबाट हे महाराज बेग्लाबेग्लै आ-आफ्ना शङ्ख फुक्नुभो । १८ ।

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत्
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् । १९ ।

सः, तुमुलः, घोषः नभः च पृथिवीं च एव व्यनुनादयन् धार्तराष्ट्राणां हृदयानि व्यदारयत् ।

त्यो भयानक आवाजले आकाश पृथिवी जम्मै बेसरी घन्काउंदै धृतराष्ट्रका छोरा-तर्फका सबैको मुटुलाई नै फोरे जस्तो गऱ्यो । १९ ।

अथ व्यवस्थितान् दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः
प्रवृत्ते शस्त्र संपाते धनुरुद्यम्य पाण्डवः ।२०।
हृषीकेशं तदा वाक्य मिदमाह महीपते ।

अथ धार्तराष्ट्रान् व्यवस्थितान् दृष्टवा, शस्त्रसंपाते प्रवृत्ते कपिध्वजः पाण्डवः धनुः उद्यम्य तदा, हे महीपते, हृषीकेशम् इदम् वाक्यम् आह ।

अनि धृतराष्ट्रका छोरातर्फका वीरहरूलाई डटेर रहेको देखेर हतियार छुट्न आँटेको वेलामा, झण्डामा हनुमान भएका, पाण्डुपुत्र अर्जुनले आफ्नो धनु उठाएर (टेकेर) हे महाराज, भगवान् श्रीकृष्णसंग यो कुरा विन्ति गर्नुभो । २० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन उवाच – अर्जुनले भन्नुभो ।

सेनयो रुभयो र्मध्ये रथं स्थापय मे च्युत ।२१।

हे अच्युत, सेनयोः उभयोः मध्ये मे रथं स्थापय ।

हे अच्युत भगवान्, दुवै फौजको बीचमा मेरो रथ लगेर अडाउनुहोस् । २१ ।

यात्र देतान् निरीक्षे हं योध्दुकामा नवस्थितान्
कै र्मया सह योद्धव्य मस्मिन् रणसमुद्यमे ।२२।

यावत् अहम् योध्दुकामान् अवस्थितान् एतान् निरीक्षे । अस्मिन् रणसमुद्यमे कैः सह मया योद्धव्यम् ?

जसबाट म लड्न चाहेर ठाउंठाउंमा रहेका यो कौरववीरहरूलाई हेर्छु । यो लडाईको उद्योगमा ककससंग मैले र मसंग ककसले लड्नु पर्ने हो ? । २२ ।

योत्स्यमाना नवेक्षे हं य एते त्र समागताः
धार्तराष्ट्रस्य दुर्बुध्दे र्युध्दे प्रियचिकीर्षवः ।२३।

दुर्बुध्देः धार्तराष्ट्रस्य युध्दे प्रियचिकीर्षवः ये एते अत्र समागताः योत्स्यमानान् अहम् अवेक्षे ।

दुष्टबुद्धि भएको, धृतराष्ट्रपुत्र दुर्योधनको युद्धमा प्यारो काम गर्ने इच्छाले युक्त भएर जो यी वीरहरू यहाँ जम्मा भएका छन् लड्न चाहने तिनलाई म हेर्छु । २३ ।

संजय उवाच – संजयले भन्नु भो ।

एव मुक्तो हृषीकेशो गुडाकेशेन भारत
सेनयो रुभयो र्मध्ये स्थापयित्वा रथोत्तमम् ।२४।

हे भारत, गुडाकेशेन एवम् उक्तः हृषीकेशः उभयोः सेनयोः मध्ये रथोत्तमं स्थापयित्वा

हे भरतवंशी धृतराष्ट्र, अर्जुनले यसो विन्ति चढाइनु भएका श्रीकृष्ण भगवान्ले दुवै फौजको बीचमा उत्तम रथलाई अडचाएर । २४ ।

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम्
उवाच पार्थ पश्यैतान् समवेतान् कुरूनिति ।२५।

भीष्मद्रोणप्रमुखतः, सर्वेषां च महीक्षिताम् पार्थ एतान् समवेतान् कुरून् पश्य इति उवाच ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीष्म द्रोणहरूको र अरू सबै राजाहरूको अगाडि, हे अर्जुन, यी जुटेका कौरवहरूलाई हेर भनी आज्ञा भो । २५ ।

तत्रापश्यत् स्थितान् पार्थः पितृनथ पितामहान्
आचार्यान् मातुलान्, भ्रातृन् पुत्रान् पौत्रान् सखीं स्तथा ।२६।
श्वशुरान् सुहृदश्चैव सेनयो रुभयो रपि ।

पार्थः तत्र सेनयोः उभयो अपि स्थितान् पितृन् अथ पितामहान्, आचार्यान्, मातुलान्, भ्रातृन्, पुत्रान्, पौत्रान्, सखीन् तथा श्वशुरान्, सुहृदः च एव अपश्यत् ।२६।

अर्जुनले त्यहाँ दुवै तर्फको सेनामा खडा रहेका बाबुहरू, बाजेहरू, गुरुहरू, आमाहरू, दाजुभाइहरू, छोराहरू, नातिहरू, साथीहरू, त्यस्तै ससुराहरू र इष्टमित्रहरूलाई देख्नु भो । २६ ।

तान् समीक्ष्य स कौन्तेयः सर्वान बन्धूनवस्थितान् ।२७।
कृपया परया विष्टो विषीदन्निद मब्रवीत् ।

तान् सर्वान् बन्धून् अवस्थितान् समीक्ष्य सः कौन्तेयः कृपया परया आविष्टः विषीदन् इदम् अब्रवीत् ।

ती सबै बन्धुबान्धबहरूलाई लडाइंको निम्ति खडा भएको देखेपछि ती अर्जुनले अतिशय दया मायाले छोपिएर दिक्क हुंदै यस्तो भन्नु भो । २७ ।

अर्जुन उवाच – अर्जुनले भन्नु भो ।

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् ।२८।
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ।२९।

हे कृष्ण, इमं स्वजनं युयत्सुं समुपस्थितं दृष्ट्वा मम गात्राणि सीदन्ति, मुखं च परिशुष्यति, शरीरे वेपथुः, च रोमहर्षः च जायते ।

हे प्रभु कृष्ण, यो आफन्त वर्गलाई लडाइं गर्न चाहेर अघिल्तिर खडा भएको देखदा मेरा आङ अठिङर गलेका छन्, मुख सुकेको छ, मेरो शरीरमा काम छुटेको छ, र रोमाञ्च भएको छ, रौं रौं सिरिङ्ग भएका छन् । २८, २९ ।

गाण्डीवँ स्रंसते हस्तात् त्वक् चैवपरिदह्यते
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ।३०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाण्डीवं हस्तात् स्रंसते, त्वक् च एव परिदह्यते, अवस्थातुं न च शक्नोमि, मे मनः भ्रमति इव च ।

गाण्डीव धनु हातबाट फुस्कन्छ, छाला पनि पोल्छ, अड्नै सक्तिन, मेरो मन भ्रान्त भए जस्तो छ, रिङ्टा लागेको छ । ३० ।

निमित्तानि च पश्यामि विपरीतानि केशव
न च श्रेयो नुपश्यामि हत्वा स्वजन माहवे ।३१।

हे केशव, निमित्तानि च विपरीतानि पश्यामि आहवे स्वजनं हत्वा श्रेयः च न अनुपश्यामि ।

हे केशव निमित्तहरू उल्टा भएको देख्छु, अपशकुन देख्छु, युद्धमा स्वजनलाई मारेर भलो हुने पनि देख्दिन । ३१ ।

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानिच
किं नो राज्येन गोविन्द किं भोगै र्जीवितेन वा ।३२।

हे कृष्ण, विजयं न काङ्क्षे, राज्यं च, सुखानि च न, हे गोविन्द नः राज्येन किम् ? भोगैः जीवितेन वा किम् ?

हे कृष्ण म विजय चाहन्न; न त राज्य नै, न त सुख सयल नै चाहन्छु । हे कृष्ण हामीलाई राज्यले के हुन्छ ? भोगविलास पाउनाले वा बाँच्नाले नै के हुन्छ ? । ३२ ।

येषा मर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च
त इमे वस्थिता युद्धे प्राणां स्त्यक्त्वा धनानि च ।३३।

येषाम् अर्थे नः राज्यं काङ्क्षितं भोगाः सुखानि च ते इमे धनानि प्राणान् च त्यक्त्वा युध्दे अवस्थिताः ।

जुन बन्धुबान्धवका निम्ति हामीहरूलाई राज्यको चाहना र साथै भोग सुखसयलका वस्तुको चाहना हुने हो यी तिनीहरू नै धनको र प्राणको समेत माया छोडेर युद्धमा खडा रहेका छन् । ३३ ।

आचार्याः पितरः पुत्रा स्तथैव च पितामहाः
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिन स्तथा ।३४।

आचार्याः पितरः पुत्राः तथा एव च पितामहाः, मातुलाः, श्वशुराः, पौत्राः, श्यालाः तथा सम्बन्धिनः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरूहरू, बाबुहरू, छोराहरू, त्यस्तै बाज्येहरू, मामाहरू, ससुराहरू, नातिहरू, साला जेठानहरू, त्यस्तै सम्धीहरू साथै अरू नातादारहरू छन् । ३४ ।

एतान् न हन्तुमिच्छामि घ्नतो पि मधुसूदन
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते । ३५ ।

हे मधुसूदन, घ्नतः अपि एतान् त्रैलोक्यराज्यस्य हेतोः अपि हन्तुं न इच्छामि महीकृते किम् नु ?

हे मधुसूदन, मार्नै आए तापनि यी बन्धुबान्धवलाई स्वर्ग, मर्त्य पाताल तीन त्रिलोककै राज्यको निम्ति पनि मार्न चाहन्न, पृथ्वीको निम्ति त के भन्नुपर्ला ? । ३५ ।

निहत्य धार्तराष्ट्रान् नः का प्रीतिःस्याज् जनार्दन
पापमेवाश्रये दस्मान् हत्वैता नाततायिनः । ३६ ।

हे जनार्दन, धार्तराष्ट्रान् निहत्य नः का प्रीतिः स्यात् ? एतान् आततायिनः हत्वा अस्मान् पापम् एव आश्रयेत् ।

हे जनार्दन, धृतराष्ट्रका सन्तानलाई मारेर हामीलाई के हर्ष होला ? यिनलाई, आततायी नै भए पनि, मार्नाले हामीलाई पाप नै लाग्ने छ । । ३६ ।

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान् स्वबान्धवान्
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ।३७।

तस्मात् वयं स्वबान्धवान् धार्तराष्ट्रान् हन्तुं न अर्हाः । माधव, हि स्वजनं हत्वा कथं सुखिनः स्याम ?

त्यसकारण, हामीले आफ्ना दाजुभाइ भएका धृतराष्ट्रपुत्रहरूलाई मार्नु ठीक छैन । हे माधव, आफन्तहरूलाई मारेपछि हामी कसरी सुखी बनौंला ? । ३७ ।

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ।३८।

यद्यपि एते लोभोपहतचेतसः कुलक्षयकृतं दोषं, मित्रद्रोहे च पातकं न पश्यन्ति ।

यद्यपि यी कौरवहरूले, लोभले चित्त बिग्रेको हुनाले, कुलको क्षयबाट हुने खराबी र मित्रद्रोहमा हुने पापको विचार गरेका छैनन् तापनि । ३८ ।

कथं न ज्ञेय मस्माभिः पापा दस्मान् निवर्तितुम्
कुलक्षयकृतं दोषं प्रपश्यद्भि र्जनार्दन ।३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे जनार्दन, कुलक्षयकृतं दोषं प्रपश्यद्भिः अस्माभिः अस्मात् पापात् निवर्तितुं कथं न ज्ञेयम् ?

हे जनार्दन, कुलक्षयबाट हुने दोषलाई देख्ने बुझ्ने हामीहरूले यो पाप कर्मबाट हट्नको लागि किन र कसरी विचार नगर्नू ? । ३९ ।

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः
धर्मे नष्टे कुलं कृत्स्न मधर्मो भिभवत्युत ।४०।

कुलक्षये सनातनाः कुलधर्माः प्रणश्यन्ति, धर्मे नष्टे कृत्स्नं कुलम् अधर्मः अभिभवति उत ।

कुलक्षय भएपछि चलिआएका कुलधर्महरूको लोप हुन्छ, धर्मको लोप भएपछि समस्त कुललाई अधर्मले दबाउंछ नै । ४० ।

अधर्मा भिभवात् कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसंकरः ।४१।

कृष्णा, अधर्माभिभवात् कुलस्त्रियः प्रदुष्यन्ति वार्ष्णेय, स्त्रीषु दुष्टासु वर्णसंकरः जायते ।

हे कृष्ण, अधर्मको दबाउ बढ्नाले कुलका नारीहरू दूषित (भ्रष्ट) हुन्छन्, (व्यभिचार गर्छन्) । हे वृष्णिवंशी कृष्ण, स्त्रीहरू व्यभिचारी भएपछि वर्णसंकरको (ठिमाहाको) उत्पत्ति हुन्छ (वर्णधर्म बिग्रन्छ) । ४१ ।

संकरो नरकायैव कुलघ्नानां कुलस्य च
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ।४२।

संकरः कुलघ्नानां कुलस्य च नरकाय एव । हि एषां पितरः लुप्तपिण्डोदकक्रियाः पतन्ति ।

(वर्णको र वर्णधर्मको छयासमिस भएपछि) वर्णसंकरले कुलका बन्धु मार्नेलाई र कुललाई नरकैमा पुऱ्याइदिन्छ । किन भने, यिनका (कुलघातीका) पितृहरू पिण्ड-पानी श्राद्धतर्पण आदि कर्मको लोप हुनाले तल झर्छन्, अधोगतिमा आउंछन् । ४२ ।

दोषै रेतैः कुलघ्नानां वर्णसंकरकारकैः
उत्साद्यन्ते जातिधर्माः कुलधर्मा श्च शाश्वताः ।४३।

कुलघ्नानां वर्णसंकरकारकैः एतैः दोषैः शाश्वताः जातिधर्माः कुलधर्माः च उत्साद्यन्ते।

कुलघातीहरूका वर्णसंकर उत्पन्न गर्ने यस्ता दोषहरूले गर्दा सनातन जातिधर्म तथा कुलधर्महरू बिग्रन्छन् । ४३ ।

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन
नरके नियतं वासो भवती त्यनुशुश्रुम ।४४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनार्दन, उत्सन्नकुलधर्माणां मनुष्याणां नरके अनियतं वासः भवति इति अनुशुश्रुम ।

हे जनार्दन, कुलधर्महरू नष्ट भएका मानिसहरूको अनिश्चित कालसम्म नरकमा वास हुन्छ भन्ने श्रुति छ । ४४ ।

अहो बत महत् पापं कर्तुं व्यवसिता वयम्
यद् राज्यसुखलोभेन हन्तुं स्वजन मुद्यताः ।४५।

अहो, बत, वयं महत् पापं कर्तुं व्यवसिताः यत् राज्यसुखलोभेन स्वजनं हन्तुम् उद्यताः ।

अहो, अफशोच, हामीले ठूलो पाप गर्न आँटेका रहेछौं, किनभने, राज्यसुखको लोभले आफन्त बन्धुबान्धवलाई मार्न तयार भएछौं । ४५ ।

यदि मा मप्रतीकार मशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्यु स्तन्मे क्षेमतरं भवेत् ।४६।

यदि अप्रतीकारम् अशस्त्रं मां शस्त्रपाणयः, धार्तराष्ट्राः, रणे हन्युः तत् मे क्षेमतरं भवेत् ।

प्रहारबाट बच्न नखोज्ने, हतियार नलिएको मलाई हातमा हतियार लिएका धृतराष्ट्र पुत्रहरूले लडाइंमा मार्छन् भने मारून् ! त्यो नै मेरो निम्ति बढी कल्याणकारक हुनेछ ।४६।

संजय उवाच – संजयले भन्नुभो ।

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत्
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ।४७।

संख्ये एवम् उक्त्वा शोकसंविग्नमानसः अर्जुनः सशरं चापम् विसृज्य रथोपस्थे उपाविशत् ।

युद्धभूमिमा यसो भनेर शोकले मन खिन्न भएका अर्जुन बाणसमेत धनु छोडेर (फ्याँकेर) रथको कुनामा थचक्क बस्नुभो ।४७।

ॐ तत् सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्मविद्यायाँ योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे अर्जुनविषादयोगो नाम प्रथमः अध्यायः ।

ॐ तत् सत् श्रीमान् भगवान्बाट गान भएको श्रीमद् भगवगीता उपनिषद् हो । यसमा ब्रम्ह विद्या छ । यो योगशास्त्र हो । श्रीकृष्णको र अर्जुनको संवाद भएको यो गीतामा पहिलो अध्याय समाप्त भो ।

युद्धारम्भ वेलामा स्वजन प्रतिको स्नेह अर्जुनमा उर्लेर आयो । युद्धबाट हुने स्वजनविनाशलाई सम्झेर उनलाई विषाद भो । त्यो विषादको वर्णन भएकोले यो पहिलो अध्यायको नाम अर्जुनविषादयोग भन्ने रहेको छ । यो अवतरणिका अध्याय हो । भगवान्बाट अर्जुनलाई उपदेश नगरी नहुने परिस्थितिको सृजना यो अध्यायमा भएको छ । बाबु, बाज्ये, गुरु, छोरा आदिसंग स्नेहविच्छेदको सम्भावनाबाट अर्जुनलाई शोक भएको छ; मर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र मानें भन्ने मोह उठेको छ; स्वधर्मबाट निवृत्ति र परधर्ममा प्रवृत्तिको इच्छा उब्जेको छ । यो स्थितिमा अर्जुनलाई आत्माको यथार्थ ज्ञान र कर्मयोगको बोध नगराई नहुने भएको छ, साथै कर्मयोगनिष्ठा र ज्ञानयोगनिष्ठाको सम्बन्धसूत्रस्वरूप भक्तियोगको अर्थात् उपासनायोगको समेत ज्ञान गराउनु अत्यन्त आवश्यक छ । यसरी यो अध्यायले कर्म, उपासना र ज्ञान तीनै योगको उपदेश हुने कुराको अवतरणिका तयार पारेको छ ।

यो अध्याय अनुबन्धकथनाध्याय पनि हो । शास्त्रको शुरुमा चार अनुबन्ध नबताई नहुने प्राचीन परम्परा छ । बिषय, सम्बन्ध, प्रयोजन र अधिकारी यी चारलाई अनुबन्धचतुष्टय भन्ने चलन छ । यिनको संकेत शुरुमा हुनुपर्छ । पूरा पहिलो अध्याय र दोस्रो अध्यायको आठौं श्लोकसम्मका कुराले चार अनुबन्धको प्रदर्शन भएको छ । शोकमोह हटाउने विद्या गीताको विषय हो; शोकमोहनाश यसको प्रयोजन हो; यो लोक र अन्य लोकको समस्त विषयभोगमा विरक्त भएको, शोकमोहनाशको इच्छा गर्ने, भगवानमा र गुरुमा पूर्ण श्रद्धा र भक्तिका साथ आत्मसमर्पण गर्ने पुरुष यो गीताशास्त्रको अधिकारी हो अर्थात यस्तो पुरुषले गीताका कुराहरु सुन्न, सम्झन, विचार गर्न र बुझ्न, पत्याउन सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः।अथ द्वितीयः अध्यायः

संजय उवाच – संजयले भन्नुभो ।

तं तथा कृपया विष्ट मश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्त मिदं वाक्य मुवाच मधुसूदनः ।१।

तथा कृपया आविष्टम् अश्रुपूर्णा कुलेक्षणं, विषीदन्तं तं मधुसूदनः इदं वाक्यम् उवाच

त्यसरी स्नेहले छोपिएका, आँखामा आँसु भरिएर हेर्न गाहारो भएका, शोक गर्ने ती अर्जुनलाई भगवान् मधुसूदनबाट यो कुरा आज्ञा भो । १ ।

श्रीभगवानुवाच– श्रीले युक्त भगवान्‌बाट आज्ञा भो ।

कुतस्त्वा कश्मल मिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्ट, मस्वर्ग्य, मकीर्तिकर मर्जुन ।२।

अर्जुन, अनार्यजुष्टम्, अस्वर्ग्यम्, अकीर्तिकरम्, इदं कश्मलं त्वा विषमे कुतः समुपस्थितम् ।

हे अर्जुन, अधमले लिने, स्वर्ग नदिने, बदनाम गर्ने यो फोहोर – अन्धमोह– तिमीलाई यो संकटमा कताबाट भयो ? । २ ।

क्लैब्यं मा स्म गमः पार्थ, नैतत् त्वय्युपपद्यते
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ।३।

पार्थ, क्लैब्यं मा स्म गमः । एतत् त्वयि न उपपद्यते । क्षुद्रं हृदयदौर्बल्यं त्यक्वा परंतप उत्तिष्ठ ।

हे अर्जुन, लाछीपन नलेऊ । यो तिमीमा हुनु ठीक भएन । तुच्छ हृदयको कमजोरीलाई छोडेर, हे शत्रुबिजयी अर्जुन, उठ ।३।

अर्जुनको बुद्धि मोहले र शोकले भरिएको छ । नित्य आत्मालाई मर्ने र मार्ने भन्ने ठान्दा शरीर इन्द्रियादिमा म र मेरो भन्ने भाव गर्दा उहाँलाई विपरीत बुद्धि भएको छ; धर्ममा अधर्मभाव र अधर्ममा धर्मभाव उठेको छ । उहाँले शौर्य, औदार्य, धैर्य, धर्मरक्षण आदि आपनो क्षात्र धर्मलाई अधर्म सम्झनुभो । क्षात्र धर्मको उद्देश्यमा पनि उहाँको गलत भावना बन्यो । युद्धको उद्देश्य उहाँले राज्यसुख सम्झनुभो; राज्यसुखलोभलाई उहाँले युद्धको कारण मान्नुभो । राज्यसुखलोभले युद्ध गर्नु अश्वय नै अधर्म हो, पाप हो । दुर्योधनहरूले युद्ध उठाउनाको कारण राज्यसुखलोभ हो र त्यसैले अधर्म हो । त्यो अधर्म हटाउन अधर्मी दुष्टहरूलाई तह लाउन भगवान् श्रीकृष्णको सल्लाह अनुसार पाण्डवहरूले गर्न लागेको युद्धको कारण क्षात्र धर्मपरिपालन हो । त्यसैले भगवान्‌बाट अर्जुनलाई अधम लाछीमा हुने हृदयदुर्बलतालाई त्यागेर युद्धको निम्ति तयार हुने आज्ञा बक्स्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन उवाच– अर्जुनले बिन्ति गर्नुभो ।

कथं भीष्म महं संख्ये द्रोणं च मधुसूदन ।

इषुभिः प्रतियोत्स्यामि पूजार्हा वरिसूदन ।४।

हे मधुसूदन, पूजार्हौं भीष्मं द्रोणं च अहं संख्ये, हे अरिसूदन, इषुभिः कथं प्रतियोत्स्यामि ।

हे मधुसूदन प्रभु, मेरा पूजनीय भीष्मपितामह र गुरु द्रोणसंग म लडाइमा, शत्रुहरुलाई दबाउने हे श्रीकृष्ण, कसरी लडूं, हतियार फर्काऊँ ?

गुरू नहत्वा हि महानुभावाञ्छ्रेयो भोक्तुं भैक्ष्य मपीह लोके

हत्वार्थकामाँ स्तु गुरू निहैव भुञ्जीय भोगान रुधिरप्रदिग्धान् ।५।

हि महानुभावान् गुरून् अहत्वा इह लोके भैक्ष्यं भोक्तुम् अपि श्रेयः । गुरून् हत्वा इह एव रुधिरप्रदिग्धान् अर्थकामान् भोगान् भुञ्जीय ?

किनभने, ठूलो ज्ञान अनुभव भएका गुरुजनलाई नमारेर यो संसारमा भिक्षाबाट पाएको खानु पनि बरू असल छ । गुरुजनलाई मारेर यही संसारमा रगतले सुछिएको अर्थ र कामरूपी भोगहरु भोगूं ?

न चैतद्विद्मः कतरन्नो गरीयो, यद्वा जयेम यदि वा नो जयेयुः ।

यानेव हत्वा न जिजीविषाम स्तेऽवस्थिताःप्रमुखे धार्तराष्ट्राः ।६।

नः कतरत् गरीयः यद् वा जयेम यदिवा नः जयेयुः एतत् न च विद्मः । यान् हत्वा न जिजीविषामः ते एव धार्तराष्ट्राः प्रमुखे अवस्थिताः ।

हाम्रो निम्ति लड्नु वा नलड्नु, भिक्षा माग्नु वा राज्य गर्नु कुन चाहिं बेस हो भन्ने कुरा र हामीले जित्ने हौं वा हामीलाई जित्ने हुन् भन्ने कुरा पनि हामीलाई थाहा छैन। जसलाई मारेर हामी बाँच्न पनि चाहन्नौं, तिनै धृतराष्ट्रपुत्रहरू युद्धमा अघिल्तिर खडा छन् ।६।

कार्पण्यदोषोपहतस्वभावः पृच्छामि त्वां धर्मसंमूढचेताः ।

यच्छ्रेयः स्यान् निश्चितं ब्रूहि तन्मे शिष्य स्ते हं शाधि मां त्वां प्रपन्नम् ।७।

कार्पण्यदोषोपहतस्वभावः, धर्मसंमूढचेताः त्वाँ पृच्छामि यत् निश्चितं श्रेयः स्यात्, तत् मे ब्रूहि । अहं ते शिष्यः , त्वां प्रपन्नं मां शाधि ।

कर्तव्यज्ञान नहुनुरूपी दोषबाट अन्तःकरण दूषित भएको, धर्मको विषयमा चित्त मोहित भएको म हजुरसंग सोधिरहेछु – जे जसो गर्नाले निश्चय नै कल्याण हुन्छ त्यो मलाई आज्ञा होस् । म हजुरको शिष्य हुं, हजुरको शरण परेको मलाई शिक्षा बक्सियोस् ।७।

न हि प्रपश्यामि ममापनुद्याद् यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।

अवाप्य भूमावसपत्नमृद्धं राज्यं सुराणामपि चाधिपत्यम् । ८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पतरु



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमौ असपत्नम्, ऋद्धं राज्यं, सुराणाम् आधिपत्यम् च अबाप्य अपि इन्द्रियाणाम् उच्छोषणम् मम शोकम् यत् अपनुद्यात् नहि प्रपश्यामि ।

यो पृथ्वीमा शत्रुरहित, समृद्धिशाली राज्य र देवताको समेत स्वामी भइने स्वर्गको राज्य समेत पाएर पनि समस्त इन्द्रियलाई सुकाउने यो मेरो शोकलाई जेले हटाउन सकला त्यस्तो कुनै उपाय, हे प्रभु, म देख्दिन ।८

संजय उवाच – संजयले भन्नु भो ।

एव मुक्त्वा हृषीकेशं गुडाकेशः परन्तप ।
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ।९ ।

हे परन्तप, गुडाकेशः हृषीकेशम् एवम् उक्त्वा न योत्स्ये इति गोविन्दम् उक्त्वा तूष्णीं बभूव ह ।

हे शत्रुविजयी, महाराज धृतराष्ट्र, अर्जुनले श्रीकृष्णसंग यस्तो विन्ति गरेपछि 'म युद्ध गर्दिन' भन्ने विन्ति श्रीकृष्णसंग गरेर चुप लाग्नुभो ।

तमुवाच हृषीकेशः प्रहसन्निव भारत ।
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ।१० ।

हे भारत, उभयोः सेनयोः मध्ये विषीदन्तं तम् हृषीकेशः प्रहसन् इव इदं वचः उवाच ।

हे भरतवंशी महाराज, दुइ सेनाको माझमा दिक्दार हुनुभएका ती अर्जुनलाई श्रीकृष्णबाट हाँसूं हासूं जस्तो गरेर यो कुरा आज्ञा हुन थाल्यो ।

अर्जुनले आफ्नो तालमा ज्ञान छाँट्नुभो; आफ्नो शास्त्रज्ञानको एकोहोरो आडमा युध्द नगर्ने निश्चय गर्नुभयो । सारथिको रूपमा अधिल्तिर साथमा श्रीकृष्ण होइबक्सिन्थ्यो । जन्मेदेखि सुखदुःखका प्रत्येक बखतमा साथ दिनुहुने, सल्लाह दिनुहुने, मद्दत गर्नुहुने, रक्षा गर्नुहुने श्रीकृष्णसँग प्रश्नसम्म नगरी, सल्लाह सम्म नमागी अर्जुनले आफै एकोहोरो निश्चय गर्नुभो ' आफन्तलाई मार्नु पाप हो, आफन्तसंग लड्नु अधर्म हो त्यसैले म लडाइँ गर्दिन ' । भगवान श्रीकृष्णको हप्की सुनेपछि उहाँ एकदम झस्किनु भो । उहाँको मन मोडियो । पहिले आफ्नै एकोहोरो निश्चय थियो, ज्ञानगर्व थियो, अहङ्कारी हठ थियो– ' आफन्तलाई मार्नु पाप हो; आफन्तसँग युद्ध गर्नु अधर्म हो, त्यसैले म लडाइँ गर्दिन ' । अब पनि 'लड्दिन' भन्ने त छँदै छ, तर पाण्डित्ययुक्त आग्रह छैन, अहङ्कारी हठ छैन । अब अनुनय छ, विनय छ । अब गर्व छैन, दीनभाव छ, जिज्ञासा छ, समर्पणभाव छ । 'मैले चाहे जस्तो हुनु पर्छ' भन्ने हठ छैन । 'हजुरले सिकाएजस्तो, हजुरले अह्राएजस्तो गर्छु, भन्ने शिष्यभाव छ, आज्ञाकारी भाव छ ।

सामान्यतः मानिस आत्माभिमुख नभई शरीराभिमुख हुन्छ, विषयभोगपरायण बन्छ, शरीरका निम्ति, भोगका निम्ति कर्महरू गर्छ । अनेक कामना र तृष्णाहरूले मानिस छोपिन्छ। शरीरसँग आफूलाई अभिन्न देख्दा शरीरहरु संगका नाता सम्बन्ध महत्त्वपूर्ण बन्छन् । म र मेरो भन्ने अहङ्कार र ममता बलियो गाँठिन्छ । शरीरसँग मिसिने मान्छे शरीर नासिंदा आफू नासिने, आफन्त नासिने भन्ने भ्रमजालमा पर्छ। मर्छु; मर्छन् भन्ने मोह हुन्छ; बियोगको आशंकाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भित्र सँधै चिसो हुन्छ, त्रास हुन्छ । यसबाट सँधै शोक हुन्छ, दुःख हुन्छ । शोक र मोहले छोपेपछि विवेक हराउँछ, कर्तव्य छोड्ने, अकर्तव्य गर्ने स्थिति पनि पैदा हुन्छ । फलस्वरूप, सुखदुःखका ज्वारभाटामा, जन्म-मृत्युको चक्रमा तलमाथि, वरिपरि उत्थान, पत्तन, भ्रमण र चङ्क्रमण चलिरहन्छन् ।

जन्ममृत्युको भवचक्रबाट पार पाउन प्रथमतः विषयभोग असार, तुच्छ र दुःखदायी हुन् भन्ने धारणा बन्नुपर्छ; दुःखबाट पार हुने इच्छा उठ्नुपर्छ । यस लोकका र परलोकका फलभोगमा वैराग्य उदाउनुपर्छ । इन्द्रियहरुलाई जयाभावी नछोडेर, मनलाई पनि नियन्त्रण गर्ने साधना नगरीकन भक्तिभाव फुर्दैन, भगवानतर्फ चित्तै लाग्दैन । चित्तवृत्तिको भङ्गालो कित बिषयतिर लाग्छ, कित भगवानतिर लाग्छ । बिषय खोज्ने मन भगवानतर्फ फर्कदैन, भगवान् खोज्नेले बिषयतर्फ आसक्ति छोड्नै पर्छ । चित्तको स्वभाव एकातिर विराग र अर्कोतिर अनुराग गर्ने हुन्छ । चित्तवृत्तिको प्रवाह जतातिर विराग छ, त्यतातिर जाँदैन र जतातिर अनुराग छ त्यतातिर जान्छ । विषयबिराग र भगवदनुरागको मात्रा सँगसँगै घटबढ हुने गर्छ । बिषयविराग जति बढ्यो, उति भगवदनुराग बढ्छ । बिषयविराग र भगवदनुराग भएपछि मानिस अध्यात्मजगत्मा प्रवेश योग्य बन्छ । बिषयभोगविराग, भगवान्मा शरणागति, गुरुमा आत्मसमर्पण, सत्य बुझ्ने इच्छा साधनासिद्धिका सर्वप्रथम र सर्वोपरि उपाय हुन् । मोक्षमार्गमा भगवान्मा र गुरुमा पूर्ण श्रद्धा र विश्वास अत्यन्त आवश्यक अवलम्ब हुन् । यति भएपछि भगवदनुग्रह र गुरुकृपाबाट साधकमा शक्तिपात हुन्छ, साधनपथ सरल हुन्छ, सिद्धि प्राप्त हुन्छ ।

अर्जुन यो लोक र परलोकका समस्त फलभोगबाट विरक्त हुनु भएको छ; समस्त पृथिवीको एकछत्र साम्राज्य र स्वर्गको सम्पूर्ण आधिपत्य पनि उहाँको निम्त्ति काम नलाग्ने तुच्छ ठहरिएका छन् । उहाँ भगवान्मा शरण पर्नुभएको छ । श्रीकृष्णमा गुरुभाव गरेर उहाँले आत्मसमर्पण गर्नुभएको छ । कल्याणकारक सत्य बुझ्ने उहाँको इच्छा छ । त्यसैले भगवान् उपदेश गर्न थालिबक्सिन्छ ।

श्री भगवानुवाच – श्री भगवान्बाट आज्ञा भयो ।

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे ।
गतासू नगतासूँ श्च नानुशोचन्ति पण्डिताः । ११ ।

त्वम् अशोच्यान् अन्वशोचः प्रज्ञावादान् च भाषसे । गतासून् अगतासून् च पण्डिता न अनुशोचन्ति ।

हे अर्जुन, तिमी शोक गर्नु नहुनेलाई शोक गरिरहन्छौ, पण्डित्याइँका कुराहरू पनि गर्छौ । प्राण गएका र प्राण नगएकालाई जान्नेहरू शोक गर्दैनन् ।

करनी र कथनी मिल्नुपर्छ । काम अबूझको, कुरा पण्डितको, यसले हानि हुन्छ । आत्मा नित्य छ । प्राण जानु र नजानुको असर स्थूल अन्नमय शरीरमा मात्र पर्छ । आत्मालाई बुझ्नेहरु मरेका र बाँचेकाहरुको बारेमा शोक गर्दैनन् ।

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः ।
न चैव न भविष्यामः सर्वे वयमतः परम् । १२ ।

जातु अहं न आसं, त्वं न, इमे जनाधिपाः न न तु एव । सर्वे वयम् अतः परं न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्यामः न च एव ।

कुनै वेला म थिइन, तिमी थिएनौ, यी राजाहरू थिएनन् भन्ने कुरा हुँदै होइन । हामी सबै अब पछि हुने छैनौं यौ पनि हुँदै होइन ।

पहिले अनेक शरीरको जन्म हुँदा र नाश हुँदा पनि म सँधै छु, तिमी सँधै छौ, यी राजाहरु सँधै छन् । अब पछि अनेक शरीरहरुको उत्पत्तिविनाश भएमा पनि हामी रहिरहनेछौं । अहिले देखिएका स्थूल-शरीर हुनुभन्दा पहिले पनि आत्मा थिएन भन्ने हैन, पछि यो स्थूलशरीर नभएमा आत्मा हुने छैन भन्ने पनि हैन । शरीर हुनु र नहुनुको आत्मा हुनु र नहुनुसँग संम्बन्ध हुँदैन । १२ ।

देहिनोस्मिन् यथा देहे कौमारं यौवनं जरा ।
तथा देहान्तरप्राप्ति र्धीर स्तत्र न मुह्यति । १३ ।

देहिनः अस्मिन् देहे यथा कौमारं, यौवनं, जरा तथा (सूक्ष्मदेहे) देहान्तर प्राप्तिः तत्र धीरः न मुह्यति ।

देहधारी जीवात्माको यो देहमा जसरी कुमार अवस्था, युवा अवस्था र वृद्ध अवस्था हुन्छन्, त्यसै गरी (सूक्ष्म शरीरमा) अर्को स्थूल देहको प्राप्ति हुन्छ । त्यसमा धीर पुरुष मोहित हुँदैन (अलमलिदैन) ।

बाल्य जवानी र बुढ्याइँ जस्तै मृत्यु र जन्म पनि अवस्था विशेष नै हुन् । बाल्य, युवा र वृद्ध अवस्था आत्माको हैन, स्थूल शरीरको हो । एक अवस्थाको नाश भएर अर्को अवस्था प्राप्त हुँदा शरीरमा विकार आउँछ, आत्मालाई केही हुँदैन । त्यस्तै मरण पनि एक किसिमको अवस्था हो, जन्म अर्को किसि-मको अवस्था हो, अवस्था बदलिंदा आत्मा बदलिंदैन, उही नै रहन्छ ।

अघिल्लो स्थूल देह छोड्नु मृत्यु हो । अर्को स्थूल देह लिनु जन्म हो स्थूलदेह लिने र छोड्ने सूक्ष्मदेहले हो, आत्माले होइन । जन्म मृत्युको सम्बन्ध त्यसैले आत्मासँग छैन । स्थूलदेहमा बाल्य, यौवन र वृद्धा त्व अवस्थाको परिवर्तन हुँदा आत्मालाई केही नभए जस्तै सूक्ष्मदेहमा यौटा स्थूलदेहको र अर्को स्थूलदेहको परिवर्तन हुँदा पनि आत्मालाई केही हुँदैन । आत्माले कुनै देह लिने पनि होइन, कुनै देह छोड्ने पनि होइन । कुनै देह जाँदा र आउँदा आत्मामा कुनै पनि विकार हुँदैन । आत्मा सँधै अविकृत छ । त्यसैले यस्ता कुरामा जान्ने मान्छेलाई मोह हुँदैन । १३ ।

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्ण सुख दुःखदाः ।
आगमापायिनोऽनित्या स्ताँ स्तितिक्षस्व भारत ।१४।

हे कौन्तेय, शीतोष्ण सुखदुःखदाः मात्रा स्पर्शाः तु आगमापायिनः अनित्याः हे भारत तान् तितिक्षस्व ।१४।

हे कुन्तीपुत्र अर्जुन, चिसो तातो, सुखदुःख दिने इन्द्रियविषयसम्बन्धहरू, आउने जाने स्वभावका अनित्य छन् । हे भरतवंशी अर्जुन, तिनलाई सहू ।

आत्माको स्वरूप अविनाशी छ भन्ने बुझे पछि, आत्माको नाश हुन्छ भन्ने ठनाइ मोह हो भन्ने त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझिन्छ । तर सुख हराउँदाको र दुःख आउँदाको शोक एवं सुख दुःख हुँदाको मोह हटाउन चाहिं धैर्य नै गर्नु पर्छ र सहने नै गर्नुपर्छ । यस्ता लौकिक शोकका कारण सुख वियोग र दुःख संयोग हुन् । एवं सुखदुःख-भानको कारण शीतोष्णादि हुन् । यी सुख दुःख र शीतउष्ण आदि आउने जाने स्वभावका र अवस्था अनुसार हुने हुनाले सहन गाहारो छैन, एक दुइ क्षणको वेग सहिदियो भने पनि हलुका हुन्छ र बिस्तारै हराउँछ ।

चीसो तातो आदि द्वन्द्व मध्ये कुनैलाई आफ्नो निम्त्ति अनुकूल (मिल्दो) वा प्रतिकूल (नमिल्दो) ठाने पछि सुख वा दुःख मानिने हुन्छ । चीसो तातो आदिको प्रत्यक्ष ज्ञान इन्द्रिय विषय संयोग (मात्रास्पर्श) बाट हुन्छ । इन्द्रियको र विषयको संयोग भएपछि चीसो तातो लाग्ने हुन्छ र त्यस्तो लागेकोलाई मिल्दो वा नमिल्दो ठान्दा सुख वा दुःख मानिने हुन्छ । यी ठनाइ र मनाइ आपेक्षिक हुन्छन्, सामयिक हुन्छन्, सावधिक हुन्छन् । शीतोष्णादि कुनै विषय पनि स्वभावतः सुख वा दुःखका कारण हुँदैनन्, भोक्ताको ठनाइमा आधारित हुन्छन् ।

विषयेन्द्रियसंयोग हुनु, चीसोतातो ठान्नु, सुखदुःख मान्नु यी सबै आउने र जाने स्वभाववाला अनित्य छन्; आएपछि आफैं जान्छन् रहिरहन्नन्; ठनाइ र मनाइ बदलिने बित्तिकै बदलिइहाल्छन् । यी आफैं सुख वा दुःख हैनन् । यिनलाई सहनु नै गतिलो उपाय हो । वस्तुतत्वको यथार्थ ज्ञानले सुख दुःखको भान हराउँछ र वा शोकमोहकारक हुँदैन । कर्तृभावको र भोक्तृभावको अभिमान छोड्नुपर्छ । कर्तृभावको र भोक्तृ-भावको अभिमान भएन भने आफ्नो निम्त्ति भन्ने हुँदैन; मिल्दो वा नमिल्दो ठानिने हुँदैन र सुख दुःख मानिने हुँदैन । भनाइ, ठनाइ र मनाइ सबैको कारण 'गर्नेवाला हुँ' र 'भोग्नेवाला हुँ' भन्ने अभिमान मिथ्या हो ।

मात्रास्पर्श शब्दको अर्थ इन्द्रियको र विषयको संयोग हो र साथै यसको अर्थ जीवात्मा सँग कर्तृत्व को भोक्तृत्वको सम्बन्ध बाँध्नु पनि हो । आत्मामा कर्तृत्वभोक्तृत्वको आरोपबाट इन्द्रिय विषय संयोगजन्य शीतोष्णादि ज्ञानबाट अनुकूल प्रतिकूलादि भावना हुने र सुखदुःखादि भान हुने, शोकमोह हुने हुन्छ । संसारपरम्पराको, शोकमोहवृक्षको मूलजरो आत्मामा कर्तृत्वभोक्तृत्वको आरोप हो । त्यो जरोलाइ नै उखेल्नु पर्छ, काट्नु पर्छ । त्यसलाई उखेल्ने र काट्ने एक मात्र उपाय, अनासक्ति हो, आत्मस्वरूप साक्षात्कार हो । १४ ।

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ ।
समदुःखसुखं धीरं सो मृतत्वाय कल्पते । १५ ।

हे पुरुषर्षभ, एते सम दुःखसुखं यं हि धीरं पुरुषं न व्यथयन्ति सः अमृतत्वाय कल्पते ।

हे मनुष्य श्रेष्ठ, यिनले सुख दुःखमा समभाव राख्ने जुन धीर पुरुषलाई विचलित गर्दैनन् त्यो पुरुष अमृतपदको मोक्षको अधिकारी हुन्छ ।

नित्य, शुद्ध, बुद्ध आनन्दस्वरूप आत्माको साक्षात्कार भएको ज्ञानी पुरूषलाई इन्द्रियविषयसंयोग, शीतोष्ण आदि चलिरहेपनि सुखदुःखमा समभाव हुन्छ; बुद्धि आत्मामा नै रमिरहने हुँदा तिनले आत्मस्थितिबाट हटाउन, विचलित गराउन सक्तैनन् । यो स्थिति मनुष्यजीवनको सर्वश्रेष्ठ पुरूषार्थ हो; मृत्यु विजयको, अमृतत्व प्राप्तिको शक्ति हो ।१५।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ।
उभयो रपि दृष्टो न्त स्त्वनया स्तत्त्वदर्शिभिः ।१६।

असतः भावः न विद्यते, सतः अभावः न विद्यते तत्त्वदर्शिभिः अनयोः उभयोः अपि अन्तः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तु दृष्टः ।

असत्को भाव हुँदैन, सत्को अभाव हुँदैन । तत्त्व वेत्ताहरूले यी दुवैको विषयमा यो ठेगान लगाइसकेका छन् ।

आइपर्ने सुखदुःख, शीत उष्ण आदि सहनै पर्छ, यिनबाट विचलित हुनु हुँदैन । सहने शक्ति प्राप्त गर्न यस्ता द्वन्द्वहरू आउने जाने स्वभावका, नश्वर, अस्थिर छन् भन्ने भावनालाई दृढ बनाउनुपर्छ ।

वस्तुतत्वको यथार्थ ज्ञानबाट द्वन्द्व सहने शक्ति बन्छ, कर्तृत्व भोक्तृत्वाभिमान हट्छ, शोकमोह हराउँछ। वस्तुतत्वको यथार्थ ज्ञानका लागि तत्ववेत्ताहरुले गरेको नित्यानित्यवस्तुविवेकका कुरा जान्नुपर्छ, बुझ्नुपर्छ, पत्याउनुपर्छ । सोही अनुसार आचरण गर्नुपर्छ, साधना गर्नुपर्छ । नित्यानित्य वस्तुविवेक भयो भने शीतोष्ण सुख दुःखादि द्वन्द्वले विचलित गराउन सक्तैन ।

असत् सँधै अनित्य हुन्छ, सत् सँधै नित्य हुन्छ। नित्य भनेको भूतभविष्य, वर्तमान तीनै कालमा बाध नहुने, निषेध गर्न नसकिने वस्तु हो; 'सत्' भनेको त्यही हो । यसको अभाव हुँदै हुन्न अर्थात सत् कहिल्यै पनि नहुने हुँदैन । अनित्य चाहिं तीनै कालमा बाध हुने, निषेध गरिने विकारी पदार्थ हो, असत् भनेको यही हो । यसको भाव हुँदै हुन्न अर्थात् असत् कहिल्यै पनि हुने हुँदैन ।

शीतोष्ण, सुख दुःख आदि द्वन्द्व मात्रै हैन; शरीर इन्द्रिय आदि, तथा आकाश वायु आदि समग्र स्थूल सूक्ष्म प्रपञ्च विकारी हुन्, कार्य हुन् । कार्यहरू उत्पत्ति हुनुभन्दा अघि पनि, नाश भए पछि पनि हुंदैनन्, बाधित हुन्छन्, त्यसैले असत् हुन् । यिनको भाव हुंदै हुन्न अर्थात् यिनीहरू कहिल्यै पनि भएका हैनन्, संधै छैनन् । केही समय देखिनु भ्रम मात्र हो ।

घडा, कपडा, गृह, क्षेत्र, स्त्री, पुत्र, शीत, उष्ण, सुख, दुःख, शरीर, इन्द्रिय आदिको ज्ञान कहिले हुन्छ, कहिले हुंदैन । यी सबै संधै बुद्धिमा चढ्दैनन्, एक पदार्थ बुद्धिमा चढेको वेला अर्को पदार्थ बुद्धिको विषय हुंदैन । एक पदार्थलाई 'छ' भनेको क्षणमा अर्को पदार्थलाई 'छ' भनेको हुंदैन। 'छ' भन्ने बुद्धि चाहीं जुन पदार्थलाई 'छ' भन्दा पनि चलिरहन्छ । सबै पदार्थ हराउंदा पनि, नहुंदा पनि हराएको र नभएको बुझ्ने आत्मा चाहिं भइरहन्छ । 'छ' भन्ने बुद्धि सद्बुद्धि हो; 'छैन' भन्ने बुद्धि असद्बिषयक बुद्धि हो । सत् सँधै हुन्छ । आत्मालाई छैन भन्न कहिले पनि सकिंदैन । छैन भन्नै नसकिने सत् बस्तु आत्मा हो; सत्को अभाव कहिले पनि हुँदैन । अनात्म पदार्थलाई 'असत्' लाई सँधै छ' भन्न सकिन्न, छैन' भन्न पनि सकिन्छ; असत्को भाव कहिल्यै पनि हुँदैन । सत् र असत्को स्वभावज्ञानलाई, यिनलाई छ्यासमिस नगर्नुलाई सदसद् बस्तु विवेक, नित्यानित्यवस्तु विवेक आत्मानात्म विवेक भन्छन् । साधकमा यो विवेक हुनुपर्छ । यो विवेक उदायो भने शोक मोह हुँदैन । भाव अस्तित्व नै नभएका शरीर इन्द्रिय आदि अनात्म वस्तुको शोक गर्नु पनि अशोच्यको शोक गर्नु हो । अभाव नास्तित्व नै नभएको आत्मवस्तुको शोक गर्नु पनि अशोच्यको शोक गर्नु हो । १६ ।

अविनाशि तु तद् विद्धि येन सर्व मिदं ततम्
विनाश मव्ययस्यास्य न कश्चित् कर्तु मर्हति ।१७।

येन इदं सर्वं ततम् तत् तु अविनाशि विध्दि । अव्ययस्य अस्य विनाशं कर्तुम् न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कश्चितअर्हति ।

जसले यो सबै व्याप्त छ, त्यो त नाश नहुने स्वभावको भन्ने जान । त्यो अव्ययको नाश गर्न कसैले पनि सक्तैन ।

व्यापक तत्व अविनाशी हुन्छ । सत् आत्मतत्व जहाँ पनि छ, त्यसैले व्यापक छ । जाग्रत्, स्वप्न, सुषुप्तिका सबै भोगसाधन, सबै भोग्य पदार्थ, सबै भोग स्थान अव्यापक छन्; कहीं हुने, कहीं नहुने स्वभावका छन् । जहाँ पनि हुनेलाई कहीं मात्र हुने, अन्त नहुने पदार्थले नाश गर्न सक्तैन । जहाँ पनि हुने बस्तु नित्य हो; कहीं मात्र हुने, अन्त नहुने पदार्थ अनित्य हुन् । नित्यलाई अनित्यले नास्ने कुरै छैन । फलानो स्थानमा छ फलानो स्थानमा छैन भन्ने बुद्धि जुन वस्तुलाई लिएर चल्छ त्यो देशबाधित हुन्छ, अर्थात् अव्यापक पदार्थको कुनै देशमा (ठाउँमा) अभाव हुन्छ । सत् आत्मतत्व जहाँ पनि छ, त्यसैले व्यापक छ । जहाँ पनि हुनेलाई देशले (स्थानले) बाँध्न सक्तैन् । कुनै कालमा पनि बाध (अभाव) नहुने हुनाले झैं कुनै देशमा पनि बाध नहुने हुनाले आत्मवस्तु नित्य छ । त्यसैले आत्मवस्तुलाई देशकालाबाधित एवं दिक्कालले अनवच्छिन्न भनेको हो ।१७।

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः
अनाशिनो प्रमेयस्य तस्माद् युध्यस्व भारत ।१८।

अनाशिनः अप्रमेयस्य, नित्यस्य शरीरिणः इमे देहाः अन्तवन्तः उक्ताः भारत, तस्मात युध्यस्व ।

नाश नहुने, प्रत्यक्ष आदि प्रमाणबाट पत्ता लगाउन नसकिने, नित्य, शरीरमा रहने आत्माका यी शरीरहरु विनाशी भनिन्छन् । हे भारत, त्यसैले युद्ध गर ।

सत् अधिष्ठान आत्मबस्तुमा भासित जति दृश्य पदार्थ छन्, ती सबै नाश हुने स्वभावका छन् । सत् वस्तु अविनाशी भए जस्तै त्यसको विपरीत असत् पदार्थ विनाशी हुन्छन् । शरीर आदि दृश्य पदार्थको आपनो प्रकाश छैन; आत्माको प्रकाशमा यिनको प्रकाश हुन्छ, आत्माको प्रकाशबाट यिनको प्रत्यक्ष हुन्छ, त्यसैले यिनलाई परप्रकाश्य र प्रमेय भन्छन् । तर सत् वस्तु आत्मा आफ्नै प्रकाशमा, आफैं आफैंमा प्रकाशित हुन्छ । आत्मालाई देख्न, जान्न, 'छ' भन्न आफू बाहेक अरू कुनै प्रमाण वा प्रकाश चाहिन्न, आफैंले हुन्छ, कुनै साछी चाहिन्न । गुरुवाक्य, शास्त्रवाक्य आदि प्रमाणले आत्माको, पक्का स्वरुपको बयान गर्छन् । तिनको अध्ययन मननबाट, तिनमा विशेष श्रद्धाविश्वासबाट आत्माको यथार्थ स्वरुपको ज्ञान हुन्छ । साधनाबाट, अभ्यासबाट आफैंमा, आफैं, आपनो साक्षात्कार हुन्छ, शास्त्रका र गुरुका वाक्यको पुनः पुनः चिन्तन मननको अविच्छिन्न अभ्यासबाट दृढ हुन्छ । मुख्य कुरो, आत्माको प्रत्यक्ष आफैं हुन्छ, यसको निमित्त अरू प्रमाण चाहिंदैन, यो स्वप्रकाश छ । अरू प्रकाशबाट प्रकाशित हुनेलाई प्रमेय आफ्नै प्रकाशबाट प्रकाशित हुनेलाई अप्रमेय भन्छन् ।

अरूको प्रकाशमा प्रकाशित हुनेको–प्रमेयको–अन्त हुन्छ । शरीर अन्त हुने स्वभावको छ;

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरीरमा रहेको आत्मा, शरीर उपाधि भएको आत्मा अन्त नहुने स्वभावको छ । शरीरको नाश हुन्छ भनेर शोक गर्नु मूढता हो । नाश हुने स्वभाववाला शरीरको नाश भएर के भयो र ? तातो स्वभावको आगो तातो भयो भनेर, बहने स्वभावको हावा बह्यो भनेर कोही शोक गर्दैन; गऱ्यो भने महामूर्खता हुन्छ । त्यस्तै नाशस्वभावको शरीरको नाश भयो वा हुन्छ,भनेर शोक गऱ्यो भने महामूर्खता हुन्छ । नाश स्वभाववाला शरीर नष्ट भए पनि अविनाश स्वभाववाला आत्माको नाश हुँदैन, कुनै पनि विकार हुँदैन । शरीरका विषयमा पनि आत्माका विषयमा पनि, नाशको, विकारको, मृत्युको आशङ्का निराधार छ, अयुक्त छ, अनुपन्न छ । १८

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम्
उभौ तौ न विजानीतो नाय हन्ति न हन्यते ।१९।

यः एनं हन्तारं वेत्ति, यः च एनं हतम् मन्यते । तौ उभौ न विजानीतः अयं न हन्ति, न हन्यते ।

जसले यो आत्मा मार्ने हो भन्ने सम्झन्छ र फेरि जसले यो आत्मा मारिने हो भन्ने ठान्छ; ती दुवै थरीले आत्मस्वरुप जानेका छैनन् । यो आत्मा न त कसैलाई मार्नेवाला हो, न त मर्नेवाला नै हो ।

देह आदि पदार्थ सँधै असत् हुन्, आत्मवस्तु सँधै सत् हो । यसो भएको हुनाले मार्ने वा मर्ने भन्ने व्यवहार नै बेठीक हो, असत्य हो । सँधै असत् शरीरलाई मार्ने वा मर्ने कसरी भन्नू र सँधै सत् आत्मालाई मार्ने वा मर्ने कसरी भन्नू । मर्ने नै कोही नभएपछि; मार्ने भन्ने प्रश्न नै रहेन; मार्ने नै कोही नभएपछि मर्ने भन्ने पनि प्रश्न नै रहेन । यस्तो स्थितिमा अझ आत्मालाई मार्ने वा मर्ने ठान्नु सारै ठूलो मूढता हो । आत्मा अविकारी छ, त्यसैले यसमा क्रियाकर्मकारककरणव्यवहार चल्दैन ।

न जायते, म्रियते वा कदाचिन्, नायं भूत्वा भविता वा न भूयः ।
अजो नित्यः शाश्वतो य पुराणो न हन्यते हन्यमाने शरीरे ।२०।

अयं कदाचित् न जायते वा म्रियते । भूत्वा भूयः अभविता वा न । न भूत्वा भूयः भविता वा न । अजः, नित्यः, शाश्वतः, पुराणः, अयं शरीरे हन्यमाने न हन्यते ।२०।

यो आत्मा कहिल्यै जन्मने पनि हैन, कहिल्यै मर्ने पनि हैन । यो आत्मा पहिले भएर फेरि नहुने होइन । पहिले नभएर फेरि हुने पनि यो आत्मा होइन । यो आत्मा नजन्मने, नमर्ने, सँधै उस्तै रहने, प्राचीन भएर पनि नवीन हुने यो आत्मा शरीर मारिंदा मारिने हैन अर्थात शरीरको अवस्था बदलिंदा आत्मा बदलिंदैन ।

विकार ६ थरी छन्– १. उत्पत्ति(जन्मनु), २. स्थिति (केही समय रहनु) ३. अपक्षय (घट्नु), ४. उपचय (बढ्नु), ५: परिणाम (बदलिनु), ६. विनाश (हराउनु) । यी ६ विकार अथवा छ मध्ये केही विकार जेमा हुन्छ त्यसलाई विकारी भन्छन् र त्यो असत् हुन्छ, अनित्य हुन्छ । आत्मतत्त्वमा कुनै पनि विकार हुँदैन । यो आत्मा पहिले नभएर पछि हुनै स्वभावको छैन, त्यसैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'अज' छ र 'उत्पत्ति' विकार यसमा छैन। पहिले भएर पछि नहुनुलाई विनाश भन्छन्, आत्मा पहिले भएर पछि नहुने हैन, त्यसैले यो नित्य हो र यसमा 'विनाश' विकार हुँदैन। नजन्मने र ननाशिने भएकोले केही समय रहनु स्थिति रूपी विकार यसमा छैन। शाश्वत हुनाले अर्थात् अवयव नभएकोले र निर्गुण भएकोले 'अपक्षय' विकार आत्मामा हुंदैन। घट्ने कि त अवयव कम हुँदा हो, कि त गुण हराउँदा हो, निरवयव र निर्गुण हुनाले आत्मामा यो विकार हुँदैन। पुराण अर्थात् सर्व प्राचीन भएर पनि सदा नवीन हुनाले उपचय (बढनु) विकार आत्मामा हुँदैन। कुनै अवयव थपिंदा वा गुण बढ्दा वृद्धि रूपी विकार हुने हो। आत्मा पहिले पनि पछि पनि नयाँ नै हुने हुनाले, अवयव र गुण नभएको हुनाले उपचय विकार हुँदैन। शरीर इन्द्रिय आदिको अवस्था बदलिन्छ बाल्य यौवन आदि। यिनको अवस्था बदलिंदा पनि आत्मामा कुनै परिवर्तन वा परिणाम हुँदैन। त्यसैले आत्मामा परिणाम रूपी विकार पनि हुँदैन।

आत्मा कुनै किसिमको विकारको स्पर्श नभएको, सदा एक रस, अखण्ड, सत् चित् आनन्द-स्वरूप छ। यो बुझेर कर्तव्य गर्नुपर्छ, यो नबुझ्नु नै मोह हो र मोहले कुवाटोमा लैजान्छ। २०।

वेदा विनाशिनं नित्यं य एनमजमव्ययम्।
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम्।२१।

यः एनम् अविनाशिनं, नित्यम्, अजम्, अव्ययं वेद सः पुरुषः, पार्थ, कथं कं घातयति कं हन्ति ?

जसले यो आत्मालाई नाश नहुन, नित्य, नजन्मिने, नघट्ने हो भन्ने बुझ्दछ त्यो पुरुषले हे अर्जुन, किन कसरी कसलाई मराउँछ र मार्छ ?

आत्मामा विनाश, परिणाम उत्पत्ति, अपक्षय आदि कुनै विकारको पनि स्पर्श छैन भन्ने बुझ्ने पुरुष तत्वज्ञानी हो। यस्तो तत्व बुझ्ने पुरुषले कसैलाई मार्ने र मराउने काम गर्दैन। उसलाई मार्नु र मराउनुको कुनै प्रयोजन नै हुंदैन। ऊ असङ्ग हुन्छ, अकर्ता हुन्छ।

ज्ञानीले कसैगरी कसैलाई न त मराउंछ, न त मार्छ भन्ने उपदेशमा मराउनु क्रिया र मार्नु क्रिया उदाहरण हुन्। मराउनु र मार्नु क्रियाको मात्र निषेध भएको हैन, क्रिया मात्रको निषेध भएको हो। आत्मा अविक्रिय छ, व्यापक छ। त्यसो हुनाले न वा आत्माबाट कुनै क्रिया चल्छ, न वा यसमा कुनै क्रिया चल्छ। आत्मज्ञानसम्पन्न पुरुष सबै भेदउपाधिबाट मुक्त भैसकेको हुनाले कुनै क्रियामा उसको कर्तृत्व, कारयितृत्व, भोक्तृत्व केही रहँदैन। आफूलाई 'म कर्ता हुँ' भनी ठान्नेका कर्महरु चलिरहन्छन्; क्रियाहरु भइरहन्छन्, भोक्तृत्व पनि बनिरहन्छ।

आत्माज्ञान परम भूमिका हो। आत्मज्ञान भएपछि पुग्यो, अरू केही हुनु बाँकी रहँदैन। कर्मोपदेश गर्ने शास्त्रले कर्मको र आत्मस्वरूपोपदेश गर्ने शास्त्रले वस्तुतत्वको उपदेश गर्छन्। 'अग्निहोत्र गर्नू', वाजपेय यज्ञ गर्नू' आदि कर्म बुझाउने शास्त्रको अर्थ बुझेपछि यस्ता कर्म मैले गर्नुपर्छ, म कर्ता हुँ' भन्नेले साधनहरू जम्मा गर्छ, क्रियाहरू गर्छ, अनि फल हुन्छ, अनि फलको भोग हुन्छ। यसरी कर्मोपदेश, त्यसको ज्ञान, साधनसंभार, क्रियानुष्ठान, फलोत्पत्ति, फलभोग, यो क्रम चल्छ। 'आत्मा असङ्ग छ', 'अकर्ता छ', अभोक्ता छ' आदि आदि वस्तुतत्वको उपदेश गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रको अर्थ बुझेपछि क्रियानुष्ठान फलोत्पत्ति आदि केही हुनु पर्दैन । आत्माको स्वरूप बुझिन्छ, पुग्छ । कर्तृत्व भोक्तृत्व आदि सबै भ्रम भएकाले कुनै कर्तव्य र कुनै भोक्तव्य शेष रहँदैन, 'ज्ञाने परिसमाप्यते' । २१

वासांसि जीर्णानि यथा विहाय नवानि गृह्णाति नरो पराणि ।
तथा शरीराणि विहाय जीर्णा न्यन्यानि संयाति नवानि देही ।२२।

नरः यथा जीर्णानि वासांसि विहाय अपराणि नवानि गृह्णाति, तथा देही जीर्णानि शरीराणि विहाय अन्यानि नवानि संयाति ।

मानिसले जसरी झुत्रा लुगाहरू त्यागेर अरू नयाँ लुगाहरू ग्रहण गर्छ, त्यस्तै जीवात्माले थोत्रा शरीरहरूलाई त्यागेर अरू नयाँ शरीरहरू प्राप्त गर्छ ।

मानिस लाइराखेका लुगा पुराना भए भने, झुत्रा भए भने ती लुगा छोडिदिन्छ; अर्कै नयाँ लुगा पोशाक लगाउँछ । मानिसले पुराना लुगा छोडेकोमा कोही पनि पीर गर्दैन, विचलित हुँदैन; साथसाथै नयाँ लुगा लगाएकोमा पनि विचलित हुँदैन । लुगा फेरिंदा मानिस फेरियो भन्ने कोही पनि ठान्दैन । एक थरी लुगा फुकालेर अर्को थरी लुगा लगाउँदा लुगा फेर्नेलाई आफ्नो स्वरूपमा परिवर्तन भएको अनुभव हुँदैन; अरूलाई पनि लुगा फेर्ने मानिस बदलियो भन्ने लाग्दैन । एक थरी लुगा फुकाल्नुले र अर्को थरी लुगा लगाउनुले लुगा फेर्नेको स्वरूपमा र स्वभावमा कुनै पनि विकार हुँदैन । शरीर छोड्नु र लिनु पनि यस्तै कुरा हो । एक थरी स्थूल शरीर छोड्नुलाई मृत्यु र अर्को थरी स्थूल शरीर लिनुलाई जन्म भन्ने गरेको हो । सूक्ष्म शरीराभिमानी जीवात्माले एक थरी शरीर छोड्ने र अर्को थरी शरीर ग्रहण गर्ने गरिरहन्छ । जीवात्माले काल र कर्मका प्रभावबाट त्याग्न योग्य भएका शरीरलाई छोड्छ र कर्मकै प्रभावबाट तयार हुने अर्को शरीर लिन्छ । एक थरी पूर्व शरीर छोड्दा र अर्को थरी नयाँ शरीर लिंदा आत्माको स्वरूपमा र स्वभावमा केही पनि विकार हुँदैन ।

शरीर छोड्दा दुःख हुने केवल भ्रमले हो । पुरानो लुगा फेर्दा दुःख हुन्छ भन्ने ठान्नु भ्रम मात्रै हो । आत्मा एक छ, अनेक शरीरमा रहने आत्मा अनेक छैन, एकै हो । वास्तवमा आत्मा शरीरमा बसेकै छैन, त्यो त व्यापक छ । असङ्ग छ, निराकार छ । शरीर मर्दैमा अन्त पनि रहेको आत्मा कसरी मर्नु । प्रारब्ध कर्म अनुसार शरीर बिग्रिरहन्छन्, बनिरहन्छन् । बिग्रनुमा उमेरसंग खास सम्बन्ध छैन । जीर्ण भनेको बूढो, धेरै उमेरको शरीर भनेको हैन, प्रारब्ध अनुसार थोत्रो भएको शरीर जीर्ण शरीर हो । यस्तो जीर्ण शरीर एकै क्षणको पनि हुन सक्छ, अनेकौं वर्षको पनि हुन सक्छ । जतिसुकै उमेरको होस्, शरीर फेरिंदा आत्मालाई केही पनि हुँदैन । कुनै पीर गर्नु पर्दैन ।२२।

नैनं छिन्दन्ति शस्त्राणि, नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ।२३।

एनं शस्त्राणि न छिन्दन्ति, एनं पावकः न दहति, एनं आपः न च क्लेदयन्ति, मारुतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न शोषयति ।

यो आत्मालाई हातहतियारले काट्तैनन्, यो आत्मालाई आगोले पोल्दैन, यो आत्मालाई पानीले गाल्दैन, हावाले सुकाउँदैन । २३ ।

अच्छेद्यो य मदाह्यो य मक्लेद्यो शोष्य एव च
नित्यः सर्वगतः स्थाणु रचलो यं सनातनः ।२४।

अयम् अच्छेद्यः, अयम् अदाह्यः, अक्लेद्यः, अशोष्य एवच । अयं नित्यः सर्वगतः, स्थाणुः, अचलः, सनातनः ।

यो आत्मा नकाटिने, यो आत्मा नपोलिने, नगलाइने र नसोसिने स्वभावको हो । यो आत्मा नित्य सर्वव्यापक छ । यो आत्मा स्थिर छ । यो आत्मा अचल छ । यो आत्मा सनातन छ ।

काट्नु भनेको टुक्रा पार्नु हो । आत्मा अस्थूल, अखण्ड, निरवयव (अङ्ग नभएको) हुनाले काटिंदैन र त्यसैले नै पोलिंदैन । आत्मा अङ्ग नभएको हुनाले र अस्पर्श हुनाले आगोको उष्ण स्पर्शले जस्तै पानीको शीतस्पर्शले पनि बिकार ल्याउँदैन र गलाउँदैन । स्पर्शरहित हुनाले र स्नेहरहित हुनाले आत्मा सोसिने वा सुकाइने हैन । शरीर काटिंदा, पोलिंदा, गल्दा, सुक्दा आत्मालाई केही हुँदैन; आत्मा जस्ताको तस्तै हुन्छ । यो कुराको तात्पर्य हो– आत्मामा कुनैक्रियाको प्रतिक्रिया हुँदैन आर्थात् क्रियाबाट हुने असर आत्मामा पर्दैन । क्रियाबाट हुने असरलाई क्रियाफल भन्ने चलन छ ।

क्रियाफल सामान्यतः चार थरी मानिएका छन् – १. उत्पत्ति, २. प्राप्ति, ३. विकृति, ४. संस्कृति । धागाका तानाबानामा जुलाहाले आवश्यक र समुचित क्रिया गरेपछि कपडा तयार हुन्छ, यो उत्पत्तिरूपी क्रियाफल हो । कपडा चाहने ब्यक्ति कपडा भएको ठाउँमा पुग्छ, यो प्राप्तिरूपी क्रियाफल हो । कपडाको निर्धारित मोल तिरेपछि कपडा किन्नेले कपडा पाउँछ, यो प्राप्तिरूपी क्रियाफल हो । कपडा काटछाँट गरी सिईसाई जोडजाड गरेपछि लुगा तयार हुन्छ, यो उत्पत्तिरूपी क्रियाफल हो । लुगा लगाए पछि मैलो हुन्छ, धूलोहिलोमा पऱ्यो भने फोहोर हुन्छ, यो विकृतिरूपी क्रियाफल हो । धुन, झार्नु, फट्कार्नु, सुकाउनु आदि गरेपछि लुगा सफा हुन्छ । यो संस्कृति रूपी क्रियाफल हो ।

आत्मा नित्य भएको हुनाले उत्पत्ति रूपी क्रियाफल हुँदैन । आत्मा सर्वत्र व्यापक भएको हुनाले यो कहीं पनि नपुगेको छैन । त्यसैले एक ठाउँबाट अर्को ठाउँमा पुग्नु वा पुऱ्याउनुरूपी क्रियाफल यसमा हुँदैन । यो आत्मा स्वसिद्ध, स्वप्रकाश स्वरुप भएको हुनाले कहिल्यै पनि नपाइएको छैन त्यसैले पाउनुरूपी क्रियाफल पनि हुँदैन । आत्मा स्थिर छ,– एकरूप, एकरस, तथा अविकारी छ; त्यसो हुनाले विकृति रूपी क्रियाफल हुँदैन। आत्मा अचल–निर्गुण, निष्क्रिय,-गुणको र क्रियाको घटी बढी हुनु रूपी चञ्चलता नभएको – हुनाले संस्कृतिरूपी क्रियाफल आत्मामा हुँदैन । आत्मा चारै किसिमका क्रियाफलरहित छ ।

आत्मा सनातन छ, अर्थात् सर्वदा र सर्वत्र छ, एकनास छ, व्यापक छ । त्यसैले आत्मा अपरिच्छिन्न छ, परिच्छेदरहित छ । परिच्छेद तीन किसिमबाट हुन्छ, देशगत परिच्छेद, कालगत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्छेद, बस्तुगत परिच्छेद। आत्मा नित्य हुनाले कालगत परिच्छेद, आत्मा व्यापक हुनाले देशगत परिच्छेद, आत्मा निराकार निर्गुण निरवयव हुनाले बस्तुगत परिच्छेद आत्मामा हुँदैनन्। आत्मा बस्तुदेशकालानवच्छिन्न छ।

आत्मा एक छ, अद्वैत छ, सर्वोपाधिविवर्जित छ, सकल भेदरहित छ। भेद सामान्यतः तीन किसिमका हुन्छन् – १ स्वगत भेद, २ सजातीय भेद र विजातीय भेद। आफैंबाट आफैंमा हुने भेद स्वगत भेद हो। रूख हाँगा, पात आदि आफैंबाट आफैं भिन्न छ। हाँगा पात हैन, पात हाँगा हैन; फूल फल हैन, फल फूल हैन; हाँगा पनि रूख हैन, पात पनि रूख हैन, फूल पनि रूख हैन, फल पनि रूख हैन। यस्तो भेद स्वगत भेद हो। अखण्ड, अविकारी, निरवयव आत्मामा स्वगत भेद हुन सक्तैन। उही जातको एउटाबाट उही जातको अर्कोमा हुने भेद सजातीय भेद हो। अम्बाको एउटा रूख अम्बाकै अर्को रूखबाट भिन्न हुन्छ। आत्मा एक छ, आत्माको जातको अरू केही पनि छैन, कोही पनि छैन। त्यसो हुनाले आत्मामा सजातीय भेद पनि हुन सक्तैन। एक जातको एउटामा अर्को जातको एउटाबाट हुने भेदलाई बिजातीय भेद भन्छन्। अम्बाको रूख भोगटेको रूखदेखि भिन्न छ। अम्बा र भोगटेको रूख ढुङ्गादेखि भिन्नै हुन्। यस्तो भेद विजातीय भेद हो। आत्मादेखि भिन्न केही नभएको हुनाले यसको विजातीय छँदै छैन र यसैले यसमा बिजातीय भेद छैन। यसरी आत्मामा स्वगत, सजातीय र विजातीय कुनै पनि भेद नभएको हुनाले आत्मालाई सकल भेदविवर्जित, अभिन्न, एक, अद्वैत, अद्वितीय भनिएको हो। २४।

अव्यक्तो य मचिन्त्यो य मविकार्यो य मुच्यते।
तस्मादेवं विदित्वैनं नानुशोचितु मर्हसि ।२५।

अयम् अव्यक्तः, अयम् अचिन्त्यः, अयम् अविकार्यः उच्यते। तस्मात् एवं विदित्वा एनम् अनुशोचितुम् न अर्हसि।

यो आत्मा अव्यक्त छ, यो अचिन्त्य छ, यो अविकार्य छ भनी भनिएको छ। त्यसैले यस्तो बुझेर यो आत्मालाई शोक गर्नुहुँदैन।

आत्मा व्यक्त छैन, चिन्त्य छैन। इन्द्रियले ग्रहण गरिने वस्तुलाई व्यक्त भन्छन्, अनुमान आदि प्रमाणबाट अडकल गर्न सकिने वस्तुलाई चिन्त्य भन्छन्। जे इन्द्रियग्राह्य हुन्छ, त्यो नै चिन्त्य पनि हुन्छ। आत्मा व्यक्त, इन्द्रियग्राह्य पनि छैन, त्यसैले चिन्त्य पनि छैन। आत्मा विकार्य छैन; दूधबाट दही, दहीबाट घ्यू बने जस्तो बन्ने होइन। किनभने आत्मा निरवयव छ, निरवयव कसैको विकार पनि हुँदैन र निरवयवबाट पनि कुनै विकार हुँदैन। यो आत्मालाई शास्त्रले र ज्ञानीहरूले यस्तै छ भनी बताएका छन्। त्यसकारण, यस्तो बुझेर यो आत्माको विषयमा तिमीले शोक गर्नु हुँदैन।

आत्मा रूपरसादिरहित हुनाले आँखा, जिभ्रो आदि ज्ञानेन्द्रियहरूको पकडमा आउँदैन; नदेखिने, नछोइने, नसुँघिने, नचाखिने, नसुनिने हुनाले यो आत्मा सम्झनामा र चिन्तामा आउने हुन सक्तैन। किनभने ज्ञानेन्द्रियबाट ग्रहण गरिने पदार्थलाई नै सम्झिन र चिताउन सकिने हुन्छ। आत्मा अनुभवमात्रग्राह्य छ। अध्यास गरिएका शरीर इन्द्रिय आदिमा मात्र दृष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहनालें अधिष्ठानको अनुभव नभएको हो। अध्यास भएको सर्प नै सत्य भन्ने भ्रम भइरहँदा अध्यस्त सर्पको अधिष्ठान फूलमालाको अनुभव हुँदैन। भ्रमबाट देखिएको सर्पमा मिथ्यात्वदृष्टि हुने बित्तिकै फूलमालाको प्रत्यक्ष त भैरहेकै थियो–सर्प भनी ठानिरहँदा पनि देखिरहिएको त फूलमाला नै हो, सर्प त छँदै छैन–अनुभव पनि हुन्छ। अध्यास गरिएका शरीर इन्द्रिय आदि उपाधिहरूलाई पन्छाएर अधिष्ठानरुप आत्माको साक्षात्कार हुन सक्छ। यस्तो साक्षात्कार हुनेलाई मार्नेवाला र मर्नेवाला भन्ने किसिमको शोक र मोह हुँदैन।

व्यक्त भनेको व्यक्त उपाधि स्थूल शरीर, अन्नमय कोश हो। चिन्त्य भनेको अप्रत्यक्ष सूक्ष्म उपाधि सूक्ष्म शरीर– प्राणमय मनोमय विज्ञानमय कोश–हो। विकार्य भनेको विकारशील परिणामी अव्यक्त उपाधि कारण शरीर–आनन्दमय कोश–हो। आत्मा स्थूल सूक्ष्म कारण शरीररूपी उपाधि हैन, आत्मा अन्नमय–प्राणमय–मनोमय–विज्ञानमय–आनन्दमय कोशरूपी उपाधि हैन। आत्मा तीन शरीर र पञ्च कोशबाट अलग छ, पृथक् छ। आत्मा तीन शरीर पनि हैन, पाँच कोश पनि हैन। यी शरीर र यी कोश आत्मामा देखिएका मात्र हुन्, मिथ्या हुन्। यी आत्मा पनि हैनन्, आत्माका पनि हैनन्। यो निश्चय भएमा, पक्का भएमा, पूर्ण विश्वास भएमा अज्ञानबाट भान भएका तीन शरीर, पाँच कोशरूपी उपाधिलगायत यिनका विलासरूपी समस्त भूतभौतिक प्रपञ्चको अधिष्ठानस्वरूप सच्चिदानन्दमय आत्मामा लय हुन्छ। अखण्ड, एकरस, सत्मात्र, चित्मात्र, आनन्द मात्र आत्मा हुन्छ, अनुभव मात्र हुन्छ। २५।

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम्
तथापि त्वं महाबाहो नैवं शोचितु मर्हसि।२६।

अथ च एनं नित्यजातं मन्यसे वा नित्यं मृतं मन्यसे, तथापि त्वं महाबाहो न शोचितुम् अर्हसि।

यदि यो आत्मालाई नित्यै जन्मने र नित्यै मर्ने ठान्छौ भने पनि तिमीले, हे महाबाहु, शोक, गर्नु हुँदैन। २६।

जातस्य हि ध्रुवो मृत्यु र्ध्रुवं जन्म मृतस्य च
तस्मा दपरिहार्ये र्थे न त्वं शोचितु मर्हसि।२७।

हि जातस्य मृत्युः ध्रुवः, मृतस्य जन्म च ध्रुवम्। तस्मात् अपरिहार्ये अर्थे त्वं शोचितुं न अर्हसि।

किनभने, जन्मनेको मृत्यु निश्चित छ र मर्नेवालाको जन्म पनि निश्चित छ। त्यसैले टार्न नसकिने कुरामा तिमीले शोक गर्नु हुँदैन।

जन्म र मृत्यु परस्पर सम्बद्ध छन्। जसको जन्म मानिन्छ त्यसको मृत्यु पनि मान्नै पर्छ र जसको मृत्यु मानिन्छ त्यसको जन्म पनि मान्नै पर्छ। जन्म चाहिं हुने, मृत्यु चाहिं नहुने हुनै सक्तैन। मृत्यु स्वभाववालाको मृत्यु कसैले टार्न सक्दैन। मृत्यु स्वभाववाला चाहिं मान्ने, मृत्यु चाहिं नहोस् भन्ने, यो भन्दा मुर्ख्याइँ अरू के हुन्छ। व्यक्तिविशेषको प्रयत्नले बदल्न नसक्ने अवश्यम्भावी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयमा शोक गर्नुको कुनै पनि मतलब हुँदैन । २७ ।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत
अव्यक्तनिधनान्येव तत्र का परिवेदना ।२८।

हे भारत, भूतानि अव्यक्तादीनि, व्यक्तमध्यानि, अव्यक्तनिधनानि एव तत्र का परिदेवना ।

हे भारत, भूतहरु पहिले अव्यक्त, बीचमा व्यक्त, पछि अव्यक्त हुन्छन् । त्यसमा के बिलौना ?

संसारमा जे जति भूत भौतिक पदार्थ छन् ती सबै विकारी छन्, विनाशी छन् । पुत्र मित्र आदि प्राणीहरूको, गृहक्षेत्र आदि वस्तुहरूको स्वभावै अव्यक्त छ । शरीर इन्द्रियहरू पनि यस्तै अव्यक्त स्वभाववाला छन्। कार्यकारणसमुदायरूपी समस्त भूतभौतिक प्रपञ्च पहिले पनि अव्यक्त छन्, बीचमा केही समयमात्र व्यक्त हुन्छन् पछि फेरि अव्यक्त बन्छन् – पहिले पनि नदेखिएको, पछि पनि नदेखिने शरीर इन्द्रिय आदि बीचमा केही समय मात्र देखिन्छन् । अनन्त अनन्त समयको प्रवाहमा केही समय मात्र व्यक्त हुने भूतभौतिकहरूको विषयमा पीर गर्नु मूर्खता हो । पहिले र पछि जुन पदार्थ जुन स्वभावको हुन्छ बीचमा पनि त्यो पदार्थलाई त्यही स्वभावको मान्नुपर्ने हुन्छ । पहिले पनि, पछि पनि अव्यक्त स्वभाववाला शरीरेन्द्रिय आदि बीचमा व्यक्त भए पनि अ यक्त स्वभाववाला नै हुन् । अव्यक्तै रहेको, अव्यक्तबाटै आएको पदार्थ अव्यक्तै बन्यो, अव्यक्तैमै गयो भनेर रुनु किन ? यस्तो शोकको कुनै अर्थ छैन, यो त मोह हो, मूर्खता हो ।

आत्मवस्तुदेखि भिन्न जति पदार्थ छन् ती सबै अज्ञानबाट भएका हुन् । तिनको कारण अज्ञान हो । गृहक्षेत्र स्त्री पुत्र मित्र शरीर इन्द्रिय आदि जम्मै भूतभौतिक पदार्थ आत्माको वास्तविक स्वरूपको अज्ञानले गर्दा मात्र देखिएका हुनाले यिनको कारण अव्यक्त अर्थात अज्ञान अर्थात माया हो । गुरुको र शास्त्रको उपदेशबाट साधना-परिपाक हुँदा आफ्नै अनुभवमा अपरोक्ष, अविकारी, अद्वैत, अखण्डैकरस आत्माको साक्षात्कार उदाउँदा अज्ञान हराउँछ; अज्ञानजन्य सबै प्रपञ्च अव्यक्त अर्थात अज्ञान, मायाका साथै हराउने हुँदा अव्यक्तमा नै यिनको लय हुन्छ । मालाको वास्तविक स्वरुपको अयथार्थ ज्ञानले गर्दा मालामानै सर्प देखिन्छ, चाँदीको अयथार्थ ज्ञानले गर्दा चाँदीमा सिपी देखिन्छ। कसैले त्यसरी देख्दैमा माला सर्प वा मालाबाट सर्प भएकै हुँदैन, चाँदी सिपी वा चाँदीबाट सिपी भएकै हुँदैन । मालाको, चाँदीको यथार्थ साक्षात्कार भएमा सर्प र सिपी आफैं हराउँछन्, मालाको र चाँदीको अज्ञानका साथसाथै सर्पको र सिपीको पनि लय हुन्छ । यसरी हराएको सर्पको वा सिपीको विषयमा हर्ष वा शोक गर्नु जस्तो उचित हैन, गृहक्षेत्र स्त्रीपुत्र मित्र शरीर इन्द्रिय आदिको विषयमा हर्ष वा शोक गर्नु त्यस्तै उचित छैन । यी पहिले पनि नभएकै हुन्, अज्ञान छँदासम्म देखिने हुन्, पछि पनि नभएकै हुन्। त्यस कारण भूतभौतिक प्रपञ्चका विषयमा हर्ष शोक गर्नु हुन्न, मोहित हुनु हुन्न ।२८।

आश्चर्यवत् पश्यति कश्चिदेन माश्चर्यवद् वदति तथैव चान्यः
आश्चर्यवच्चैन मन्यः शृणोति श्रुत्वाप्येनं वेद न चैव कश्चित् ।२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्चर्यवत् कश्चित् एनं पश्यति, तथा एव च आश्चर्यवत् अन्यः वदति, आश्चर्यवत् च एनम् अन्यः शृणोति, श्रुत्वा अपि एनं न च एव कश्चित् वेद ।

आश्चर्य झैं कसैले यसलाई देख्छ, र त्यस्तै आश्चर्य झैं अर्को कसैले यसलाई बताउँछ, र आश्चर्य झैं यसलाई अर्कोले सुन्छ, र सुनेर पनि यसलाई कसैले जान्दैन ।

आत्मा पनि आश्चर्यमय । आत्मज्ञानी पनि आश्चर्यमय । शरीर इन्द्रिय आदि भूतभौतिक प्रपञ्चमय जगत् पनि आश्चर्यमय । आश्चर्यमय आत्मामा आश्चर्यमय जगत् देखाउने अव्यक्त, माया पनि आश्चर्यमय । सबै चमत्कार, सबै आश्चर्य, अचम्म ।

आत्माको साक्षात्कार विरलै कसैलाई मात्र हुन्छ; आत्मसाक्षात्कार भएकाहरूमध्ये विरलै कसैले मात्र बताउन सक्छ; विरलै कसैले मात्र आत्मालाई आश्चर्य झैं सुन्छ; सुन्नेहरू मध्ये पनि विरलै कसैले आत्मालाई जान्दछ ।

आत्माको साक्षात्कार हुनुभन्दा अघि व्यवहारकालमा आत्मालाई नै कर्ता, भोक्ता, सुखी, दुःखी, आदि ठानिरहिएको हुन्छ । कामना हटेर चित्त शुद्ध भएपछि 'तत् त्वमसि' त्यो तिमी नै हौ जस्ता महावाक्यहरूका अर्थको श्रवण चिन्तन मनन एवं परिशीलनका साथ गरिएको सतत साधनाको परिपाक भएपछि सकल इन्द्रियवृत्तिहरू हराएर 'अहं ब्रह्मास्मि' 'म ब्रह्म हुँ' जस्ता महावाक्यको अर्थको निदिध्यासनबाट अखण्ड ब्रह्माकारवृत्ति मात्र चल्छ । आफूमा आफैंले आफ्नो मात्र साक्षात्कार हुन्छ । कार्यकारणसाधनसहित समस्त प्रपञ्चमय जगत् आफैंमा बिलाउँछ, आफू मात्र हुन्छ, आफू बाहेक केही हुँदैन, कोही हुँदैन । अकर्ता, अभोक्ता, सर्वोपाधिविवर्जित, आनन्दघन, सन्मात्र, चिन्मात्र, आफूको प्रत्यक्ष हुन्छ । यो प्रत्यक्ष, यो साक्षात्कार आश्चर्यमय हुन्छ । यो साक्षात्कार गर्ने ज्ञानी आश्चर्यमय हुन्छ । आत्मा साँच्चिकै आश्चर्यमय हो ।

कहाँ कर्ता, भोक्ता, सुखी, दुःखी आदिका रूपमा लिइरहिएको आत्मा; कहाँ अकर्ता, अभोक्ता, असङ्ग, निरञ्जन, निराकार, सच्चिदानन्दघन आत्मा । त्यस्तो ठानिएकोलाई यस्तो रूपमा पाउनु कति कस्तो आश्चर्य ! यस्तो वस्तुलाई त्यस्तो ठानिरहिएको कस्तो कत्रो आश्चर्य !

अनात्मवस्तुको साक्षात्कार इन्द्रिय, मन र बुद्धिद्वारा यो फलानो थोक भन्ने किसिमको हुन्छ । त्यस्तो साक्षात्कारमा देख्ने, देखिने र इन्द्रियवृत्ति (दृष्टा, दृश्य र दर्शन भन्ने त्रिपुटी) छुट्टा छुट्टै हुन्छन् । तर आत्माको साक्षात्कार आफैंमा, आफैंले, आफ्नै हुने हुँदा त्यस्तो त्रिपुटी हुँदैन, अखण्ड हुन्छ, अद्वैत हुन्छ । आत्मसाक्षात्कार साँच्चिकै आश्चर्यमय छ ।

आत्मज्ञानीले गरेको आत्माको वर्णन, जगत्को वर्णन, मायाको वर्णन आश्चर्य नै, अपूर्व नै हुन्छ; साथै श्रवण पनि आश्चर्यमय र अपूर्व नै हुन्छ । आत्मज्ञानी पनि आश्चर्यमय नै हुन्छ ।

आत्मा पनि आश्चर्यमय, जगत् पनि आश्चर्यमय, जगत् देखाउने माया पनि आश्चर्यमय । यी तीनै वास्तवमा अनिर्वचनीय छन्, केवल अनुभवगम्य अनुभवमा चढ्ने पदार्थ हुन् । बाहिर मात्र भ्रान्त भएर दौडिरहेकाहरूको बीचमा आत्मसाक्षात्कार भएको महापुरुष आश्चर्यमय हुन्छ । त्यस्ता महापुरुषको दृष्टिमा त्यस्तो भौंतारिने अज्ञानी संसारीहरू पनि आश्चर्यमय हुन्छन् । बाहिरकै भूत भौतिकको मात्र वर्णन गरिरहने र सुनिरहनेहरूका निम्ति आत्मज्ञानीले गरेका कुरा आश्चर्यमय हुन्छन् । आत्माको विषयमा सुन्ने पनि अरूका निम्ति आश्चर्यमय छ । भन्दा, सुन्दा,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देख्दा पनि नबुझ्नु पनि आश्चर्य, नबुझ्ने पनि आश्चर्य ! । २९ ।

देही नित्य मवध्यो यं देहे सर्वस्य भारत
तस्मात् सर्वाणि भूतानि न त्वं शोचितु मर्हसि ।३०।

भारत सर्वस्य देहे अयं देही नित्यम् अवध्यः । तस्मात् सर्वाणि भूतानि त्वं शोचितुं न अर्हसि ।

हे भारत, सबैको शरीरमा यो आत्मा संधै नमारिने छ । त्यसकारण सबै प्राणीको तिमीले शोक गर्नु पर्दैन ।

जङ्गम (चल्ने) प्राणी मात्र हैन, सबै स्थावर (नचल्ने) पदार्थ समेत समग्र चराचर भूत-भौतिक प्रपञ्चमा यही यौटै जीवात्मा रहेको छ । यो आत्मा त्यतिमा मात्र सीमित छैन, कताकता असीम छ । कौरव पक्षका भीष्म आदि मात्र हैन; कौरव पाण्डव दुवै पक्षका जम्मै मारिए भने पनि त्यति मात्र हैन, ब्रह्माण्डका जम्मैजम्मै जीवजन्तु मारिए भने पनि, स्थावर समेत जम्मै मारिए भने पनि तिनमा रहेको, तिमीमा रहेको, ममा रहेको आत्मा मारिएको हुँदैन, मारिदैन, मर्दैन । त्यसकारण, हे अर्जुन, तिमीले आफ्नो र आफन्तको मात्र हैन, सबै भूतभौतिकको, कुनै पनि स्थावरको र जङ्गमको पनि शोक गर्नु पर्दैन, हुँदैन । ३० ।

स्वधर्ममपि चावेक्ष्य न विकम्पितु मर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयो न्यत् क्षत्रियस्य न विद्यते ।३१।

स्वधर्मम् अपि च अवेक्ष्य न विकम्पितुम् अर्हसि । हि धर्म्यात् युद्धात् अन्यत् श्रेयः क्षत्रियस्य न विद्यते ।

आफ्नो धर्मको पनि विचार गरेर तिमीले विचलित हुनुहुँदैन । किनभने, धर्मको अनुकूल युद्ध बाहेक अर्को कल्याणकारी कार्य क्षत्रियका लागि छैन ।

धर्मको रक्षा गर्नु, धर्ममा बाधा र आघात पर्न नदिनु सबैको धर्म हो, कर्तव्य हो । धर्मको रक्षा गर्ने, धर्ममा बाधा पर्न नदिने, आघात हुन नदिने काम गर्दा पनि धर्मको उल्लङ्घन हुनुहुँदैन । धर्मको रक्षा धर्मबाटै, धर्मानुकूल कामबाटै, धर्मानुसार नै गर्नुपर्छ । क्षत्रियको निमित्त यस्तो काम धर्मपूर्वक धर्मरक्षाको निमित्त गरिएको युद्ध नै हो । धर्म बचाउन अरू उपाय असफल भएमा युद्ध पनि गर्नुपर्ने हुन्छ । क्षक्षियबाहेक अरू ब्राह्मण, वैश्य, शुद्र जातिको धर्म भित्र युद्धको गणना भएको छैन । धर्मको निमित्त युद्ध अनिवार्य हुन आएमा क्षत्रियले नै अघि सर्नुपर्छ । यसबाट नै क्षत्रियको कल्याण हुन्छ । युद्धबाट धर्मरक्षा गर्नुपर्ने अवस्था आइपरेको बेलामा क्षत्रियले युद्ध छोडेर अरू मार्गमा लाग्नु हुँदैन । ३१ ।

यदृच्छया चोपपन्नं स्वर्गद्वार मपावृतम् ।
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्ध मीदृशम् ।३२।

हे पार्थ यदृच्छया च उपपन्नम्, अपावृतं, स्वर्गद्वारम्, ईदृशं युध्दं सुखिनः क्षत्रियाः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लभन्ते ।

हे पार्थ, आफैं प्राप्त हुन आएको, खुलेको स्वर्गद्वार जस्तो, यस्तो युद्ध भाग्यमानी क्षत्रीले पाउँछन् । ३२ ।

अथ चेत् त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि ।
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ।३३।

अथ चेत् त्वम् इमं धर्म्यं संग्रामं न करिष्यसि ततः स्वधर्मं, कीर्तिं च हित्वा पापम् अवाप्स्यसि ।

यदि तिमीले धर्म अनुसार गर्नुपर्ने यो युद्ध गरेनौ भने तब तिमीले आफ्नो धर्म र कीर्तिलाई छोडेर पाप प्राप्त गर्नेछौ ।

व्यक्तिलाई आफ्नो धर्मानुसारको कर्तव्य कर्म नगर्दा पाप लाग्छ । क्षत्रियले धर्म अनुसार युद्ध गर्दा पाप लाग्दैन, नगर्दा पाप लाग्छ । धर्मको निम्ति युद्ध नगर्नु क्षत्रियको निम्ति पाप हो । यस्तो युद्ध गर्दा धर्मपालन हुन्छ, नगर्दा धर्म छुट्छ, पाप लाग्छ, बदनाम पनि हुन्छ । ३३ ।

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति ते व्ययाम् ।
सम्भावितस्य चा कीर्ति र्मरणा दतिरिच्यते ।३४।

भूतानि ते अव्ययाम् अकीर्तिं च अपि कथयिष्यन्ति । सम्भावितस्य च अकीर्तिः मरणात् अतिरिच्यते ।

प्राणीहरूले तिम्रो कहिल्यै नहराउने अकीर्तिको कुरा गरिरहनेछन् । इज्जत पाइसकेकाको बदनाम हुनु मृत्यु हुनुभन्दा पनि ठूलो हुन्छ । मानसम्मान इज्जत पाइसकेकाले बेइज्जती पाउनु भन्दा मर्नु वेस हुन्छ । ३४ ।

भयाद् रणा दुपरतं मंस्यन्ते त्वां महारथाः ।
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ।३५।

महारथाः त्वां भयात् रणात् उपरतं मंस्यन्ते च येषां बहुमतः भूत्वा त्वं लाघवं यास्यसि ।

महारथीहरूले तिमीलाई डरले युद्धबाट हटेको भन्ने ठान्नेछन् । धेरै पत्याइएका तिमी हलुका ठानिने छौ । ३५ ।

अवाच्यवादाँश्च बहून् वदिष्यन्ति तवाहिताः ।
निन्दन्त स्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ।३६।

तव अहिताः तव सामर्थ्यं निन्दन्तः बहून् अवाच्यवादान् च वदिष्यन्ति । ततः दुःखतरं किं नु ?

तिम्रा अहित चिताउनेहरूले तिम्रो सामर्थ्यको धेरै निन्दा गर्दै बदनाम गर्नेछन् । त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्दा ठूलो दुःख अर्को कुन होला ? । ३६ ।

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ।३७।

हतः वा स्वर्गं प्राप्स्यसि जित्वा वा महीं भोक्ष्यसे । तस्मात्, कौन्तेय, युध्याय कृत-निश्चयः उत्तिष्ठ ।

मारियौ भने स्वर्ग पाउनेछौ, जित्यौ भने पृथिवीको भोग गर्नेछौ । त्यसकारण, हे अर्जुन, युद्धको निम्ति निश्चय गरेर उठ । ३७ ।

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पाप मवाप्स्यसि ।३८।

लाभालाभौ, जयाजयौ, सुखदुःखे समे कृत्वा ततः युध्दाय युज्यस्व, एवं पापं न अवाप्स्यसि ।

जीतहार, लाभहानि र सुखदुःखलाई सम गरेर युद्धको निमित्त लागि पर । यसो भएमा तिमीलाई पाप लाग्ने छैन ।

युद्ध कर्म हो । कर्म समभावबाट गर्नुपर्छ, विषयभावबाट गर्नु हुँदैन । जितिने हो कि हारिने हो, जित्दा असल हुने हो कि हार्दा असल हुने हो ? भिक्षा मागेर खानु बेस हो कि राज्य गर्नु बेस हो ? के हुँदा सुख हुने हो, के हुँदा दुःख हुने हो ? कर्म गर्दा यस्ता विकल्पलाई चित्तमा उठ्न दिनु हुँदैन । विकल्पले चित्तलाई विचलित बनाउँछ, धर्मराइदिन्छ । कुनै सुखलोभले कर्म गर्नु, राज्यसुख लोभले युद्ध गर्नु अवश्य नै पाप हो । कर्मबाट सुख पाइयोस्, दुःख नपाइयोस् ! जीत होस्, हार नहोस् ? लाभ होस्, हानि नहोस् । यस्ता इच्छाले चित्तलाई मलिन बनाउँछन्, अशुद्ध पार्छन् । यस्ता मलिनता र अशुद्धिको नाम नै पाप हो । कर्तव्य कर्ममा छनोट वा विकल्प गर्नु हुँदैन । कर्तव्य कर्मबाट हुने सुखदुःखमा समभाव हुनुपर्छ ।

सुखदुःखलाई सम गराउने भनेको जति सुख हुन्छ त्यति दुःख वा जति दुःख हुन्छ त्यति सुख गर्ने भनेको हैन; कर्मबाट हुने सुख वा दुःखमा समभाव गर्ने भनेको हो; कर्मबाट हुने जुन सुकै प्रकारको फलमा पनि राग वा द्वेष नगर्नु, हर्ष वा बिष्मात नगर्नु भनेको हो । कर्मफलमा राग वा द्वेष, कर्मफलप्राप्तिमा हर्ष वा विस्मात नगरीकन कर्तव्य कर्म गर्दा पाप लाग्दैन । ३८ ।

एषा ते भिहिता साङ्ख्ये बुद्धिर्योगे त्विमां शृणु ।
बुद्ध्या युक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ।३९।

ते साङ्ख्ये एषा बुध्दिः अभिहिता, इमां योगे तु शृणु । यया बुध्द्या युक्तः, हे पार्थ कर्मबन्धं प्रहास्यसि ।

तिमीलाई सांख्यमा यो बुद्धि बताएँ । यो बुद्धि योगमा सुन । जुन बुद्धिले युक्त भएका तिमी, हे अर्जुन, कर्मबन्धन छोड्नेछौ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांख्य भनेको ज्ञानयोग हो। आत्मामा उत्पत्ति आदि छ विकारको स्पर्श छैन; आत्मा अकर्ता, अभोक्ता, असङ्ग छ; आत्मा एक छ, नित्य छ, जीवात्मा र परमात्मा एकै हो भन्ने यस्तो बुद्धि सांख्य बुद्धि हो। यहाँ योग भनेको अनासक्त कर्मयोग हो। आत्मा शरीरेन्द्रिय आदि देखि पृथक् छ, असल काम धर्म हो, खराब काम अधर्म हो। यो संसार बन्धन हो, दुःख हो। यसबाट मुक्त हुनुपर्छ भन्ने इच्छाले मोक्षसाधन कर्महरूको अनुष्ठान योग हो यस्तो कर्म गर्ने बुद्धि योग बुद्धि हो।

मनुष्यको कल्याण गर्ने निष्ठा दुइ छन्—योगनिष्ठा र सांख्यनिष्ठा। योगनिष्ठा साधन हो, सांख्यनिष्ठा साधन हो। समस्त्वबुद्धि जुनसुकै निष्ठामा वा योगमा पनि अत्यन्त अपरिहार्य छ। यो समत्वबुद्धि भएन भने कुनै योगमा पनि पूर्णता आउँदैन। यो समत्वबुद्धि सांख्यनिष्ठामा एक प्रक्रियाबाट बनाउनुपर्छ भने, योगनिष्ठामा अर्को प्रक्रियाबाट बनाउनुपर्ने हुन्छ। सांख्यनिष्ठामा आत्मस्वरूपज्ञानबाट वैषाम्यबुद्धि हराउँछ र स्वत एव समत्वबुद्धि हुन्छ। योगनिष्ठामा फलासक्ति, फलापेक्षा छोड्दा समत्वबुद्धि हुन्छ।

आत्माको र अनात्माको अर्थात् सत्को र असत्को तत्व बुझेपछि आफूमा कर्तृत्वको भोक्तृत्वको अभिमान छुट्छ; म गर्नेवाला हुँ, भोग्नेवाला हुँ भन्ने भाव हुँदैन। अकर्ता र अभोक्ता भएको हुँदा कर्मफलको स्पर्श हुँदैन। यो स्थितिमा कहीं पनि विषमभाव अर्थात् इष्ट अनिष्ट, अनुकूल प्रतिकूल, प्रिय अप्रिय भन्ने भाव उठ्दैन र समत्वबुद्धि हुन्छ। समत्वबुद्धि हुने पुरुष मोक्षको अधिकारी हुन्छ। मानिसको निमित्त सबभन्दा ठूलो भय, खतरा, मृत्यु हो। मृत्युसंग जो पनि झस्कन्छ। मानिसका यावत् प्रयत्न मृत्युलाई टार्न, सके जित्नको निमित्त चलिरहेका हुन्छन्। आत्मस्वरूपबोध बाहेक अन्य कुनै उपायबाट पनि मृत्युलाई जित्न सकिंदैन। आत्मालाई जानेर मात्रै मृत्युभय हट्छ, मृत्युलाई जितिन्छ, यसदेखि बाहेक अर्को कुनै मार्ग वा उपाय छैन। यो मार्गमा समत्वबुद्धि प्रथमतः आवश्यक छ। २/११ देखि २/२५ र २/२८ देखि २/३० सम्मका सन्दर्भमा बताइएका कुराहरूको परिपालनबाट ज्ञानमार्गमा समत्वबुद्धि हुन्छ।

योगमार्गमा पनि समत्वबुद्धिको त्यत्तिकै अनिवार्यता छ। विधिपूर्वक सत्कर्म गर्नु, तर अनासक्त बन्नु; कर्मफलमा आसक्ति त्याग्नु, सिद्धि र असिद्धिमा विकृत नहुनु कर्मयोगका कौशल हुन्। फलासक्ति भएन, सिद्धि असिद्धिमा हर्ष विस्मात उठेन भने रागद्वेष उदाउँदैन र समत्वबुद्धि हुन्छ। योगमा यस्तो समत्वबुद्धि हुने विषयमा यसपछिका चालीसौं श्लोकदेखि यही अध्यायको त्रिपन्नौं श्लोकसम्मको प्रकरणमा उपदेश हुन्छ।

'एषा बुद्धिः' को अर्थ 'यो बुद्धि हो' भन्ने हो। 'यो' भनेर कुन चाहिं बुद्धिलाई लिएको हो भन्ने प्रश्नमा अघिल्लो अठतीसौं श्लोकमा बताइएको समत्व बुद्धिलाई लिएको हो भन्ने निश्चयमा उक्त व्याख्या गरिएको छ। किनभने एषा शब्दले सबभन्दा नजीककोलाई संकेत गर्छ। हुन त नजीक र टाढा वास्तवमा आपेक्षिक हुन्छन्, सम्झिइए अनुसार छुट्टिन्छन्; ववताको तात्पर्य अनुसार नजीक र टाढा भन्ने भान हुन्छ। त्यसैले "एषा बुद्धिः" भनेको सांख्यबुद्धि हो। यो अर्थ गरेमा श्लोकको अर्थ निम्न प्रकार हुन्छ।

तिमीलाई यो सांख्यबुद्धि परमार्थ वस्तु विवेकरूपी ज्ञानयोग विषयक बुद्धि बताइयो। अब कर्मयोगका विषयमा यो (पछिल्ला श्लोकमा भनिने) बुद्धि बताउँछु सुन। ३९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेहाभिक्रम नाशो स्ति प्रत्यवायो न विद्यते ।
स्वल्प मप्यस्य धर्मस्य त्रायते महतो भयात् ।४०।

इह अभिक्रमनाशः न अस्ति, प्रत्यवायः न विद्यते; अस्य धर्मस्य स्वल्पम् अपि महतः भयात् त्रायते ।

यसमा प्रारम्भको नाश हुँदैन, प्रत्यवाय (पाप, विघ्न अथवा उल्टो फल) हुँदैन । यो धर्मको थोरै अंशले पनि ठूलो डरबाट बचाउँछ ।

कर्म विभिन्न प्रकारका हुन्छन् । कुनै कर्म थाल्यो, पूरा भएन भने गरे जति पनि खेरै जान्छ । जस्तो खेती शुरू गऱ्यो दश कर्म पूरा भएन भने गरे जति पनि साँचिदैन, खेर जान्छ । कुनै कर्म गऱ्यो, निदान मिलेन भने उल्टो फल हुन सक्छ । जस्तो रोगको निदान मिलेन भने उपचारक्रियाको उल्टो फल हुन सक्छ । कृषि, चिकित्सा जस्ता इहलौकिक फल दिने कर्मका विषयमा मात्र हैन, पारलौकिक फल दिने यज्ञ याग आदि कर्मका विषयमा पनि यस्ता कुराहरूको सम्भावना रहेको हुन्छ । फलासवितबाट गरिने कर्म विघ्नले युक्त हुन्छ, खेर जाने हुन्छ, नसाँचिने हुन्छ, फल नदिने पनि हुन सक्छ, उल्टो फल दिने पनि बन्न सक्छ । मूल कुरो, यस्ता कर्मले मृत्युको त्रास छुटाउन सक्तैनन् ।

यज्ञ याग आदि काम्य कर्म थालेपछि पूरा नभई टुट्यो भने आरम्भदेखि गरेको खेर जान्छ, थालेपछि बीचमा नटुटाईकन सिध्याउनै पर्छ । पूरै सिद्धिएन र बीचमा टुट्यो भने पछि गर्दा खेरी आरम्भदेखि नै गर्नुपर्ने हुन्छ, जति छुटेको छ त्यति मात्र गरेर पुग्दैन; जहाँ टुटेको छ त्यहाँदेखि जोडेर पनि हुँदैन । छुटेको र टुटेको कारणबाट पाप पनि लाग्न सक्छ र चाहेको भन्दा विपरीत फल पनि हुन सक्छ । सिध्याएकैमा पनि विधि नमिलेको र उल्टोपाल्टो परेको पनि हुन सक्छ जसले गर्दा कर्मसिद्धि नहुने हुन्छ । सबै कुरा मिलेर कर्म राम्ररी समाप्त भयो, फल प्राप्त भयो भने पनि मृत्युको डर रहिरहेकै हुन्छ । यी सबै विषमभावका उपज हुन् । सिद्धि र असिद्धिमा, त्यसबाट हुने लाभ र हानिमा, त्यसबाट हुने सुख र दुःखमा दृष्टि रह्यो भने सिद्धि, लाभ र सुखलाई इष्ट, अनुकूल र प्रिय मानिन्छ; असिद्धि, हानि र दुःखलाई अनिष्ट, प्रतिकूल र अप्रिय मानिन्छ; राग र द्वेष हुन्छ । भाव विषम बन्छ । यस्तो मान्ने बित्तिकै इष्टानिष्ट, अनुकूलप्रतिकूल, तथा सुखदुःख द्वन्द्वको रूपमा उसले उसलाई, उसले उसलाई उछिन्दै आउँछन् । केही कुरामा केही फरक हुने बित्तिकै इष्ट नै अनिष्ट, अनुकूल नै प्रतिकूल र सुख नै दुःख पनि बन्छन् । इष्ट सँगसँगै अनिष्ट, अनकूलसँगसँगै प्रतिकूल, सुखसँगसँगै दुःख आइलाग्छन् । यी द्वन्द्वको थपेडाबाट जन्मभोगमृत्यु-रूपी भवचक्रको अविच्छिन्न प्रवाहमा परिन्छ । विषम भावबाट गर्नु नै कर्ममार्गमा सबभन्दा ठूलो दोष हो, खतरा हो । विषम भाव हुनु भनेको राग द्वेष हुनु हो । यो भएपछि जुन कर्म पनि काम्य बन्छ र कुसंस्कार प्रजनन गरेर बन्धनको कारण हुन्छ ।

समभाव छ भने अर्थात् रागद्वेष छैनन् भने कर्म दोष हुँदैनन्, कुसंस्कार जन्मँदैनन्, कर्म कर्मयोग बन्छ, अर्को शब्दमा बुद्धियोग बन्छ । यसमा इष्टानिष्ट, अनुकूलप्रतिकूल, प्रियाप्रिय भन्ने भेदभाव, विषमभाव हुँदैन । यो नहुने बित्तिकै, राग द्वेष उठ्दैनन्, भाव शुद्ध बन्छ । शुद्धभावमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको कर्ममा प्रत्यवायको गन्ध पनि हुँदैन, सिद्धिनै पर्छ भन्ने पनि हुँदैन, जति गऱ्यो, त्यति नै पनि, त्यही मात्रामा श्रेयस्कर हुन्छ, फेरि काम लाग्छ, खेर जाँदैन । भाव शुद्ध बनाउने हो बन्दै आउँछ । यसको सानो अंशले पनि मृत्युतरणमा सहायता गर्छ, बोधोदयमा मदद गर्छ, कुनै कालमा पूर्ण बनेर जन्ममृत्युको प्रवाहबाट छुट्टी दिन्छ ।४०।

व्यवसायात्मिका बुद्धि रेके ह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयो व्यवसायिनाम् ।४१।

हे कुरुनन्दन, इह एका व्यवसायात्मिका बुध्दिः । अव्यवसायिनां बुध्दयः बहुशाखाः हि अनन्ताः च ।

हे कुरुवंशी अर्जुन, यो योगमा यौटै निश्चयात्मक बुद्धि हुन्छ । निश्चयात्मक बुद्धि नभएका विषयीहरूका बुद्धि अनेक शाखावाला असंख्यात हुन्छन् ।

समभाववाला महापुरुषको बुद्धि निश्चयात्मक हुन्छ र त्यसैले यौटै हुन्छ । समभाववालाको शब्द आदि विषयमा आसक्ति हुँदैन; यो पाए हुन्थ्यो; त्यो पाए हुन्थ्यो; यसो गर्छु, उसो गर्छु; यति भयो, त्यति हुनु बाँकी छ भन्ने किसिमका चाहना र चिन्तना हुँदैनन् । त्यसैले यस्ता समभाववालाहरुको बुद्धि एकोहोरिएको हुन्छ; परमेश्वरतिर वा परब्रह्मतिर उन्मुख भएको हुन्छ । परमश्वरतिर वा परब्रह्मतिर लागेको बुद्धिको वृत्ति परमेश्वरमा वा परब्रह्ममा एकाकार भएर एक रूपमा चलिरहन्छ र अन्यवृत्तिहरू उठ्न पाउँदैनन् । एकाकार भएर एकरूपमा, समानरूपमा बुद्धि-वृत्ति चलिरहनुलाई बुद्धि एक हुनु भनेको हो । यसैको अर्को नाम व्यवसायात्मकता हो । बुद्धि स्थिर हुनु भनेको पनि यस्तै एकाकार भएर एकरूपको वृत्तिको प्रवाह चलिरहनु हो । समदर्शी, स्थिरबुद्धि, स्थितप्रज्ञ, गुणातीतहरूको बुद्धि तत्त्वनिश्चयात्मक एक हुन्छ । भोगवासनाले वासित नभएको हुनाले यस्ताको बुद्धि विषयाभिमुख हुँदैन, विषयाभिमुख नभएको हुनाले छरिन पाउँदैन र यसका हाँगा विंगा फाट्दैनन् । जुनसुकै जस्तोसुकै आध्यात्मिक साधनामा पनि यस्तै बुद्धि चाहिन्छ । यस्तो बुद्धि समभाव नभई बन्दैन । अर्को शब्दमा भन्दा समभाव भएको योगमा यस्तो एक एवं व्यवसाया-त्मक बुद्धि हुन्छ भन्न सकिन्छ । विषमभाव भएमा यसको विपरीत बुद्धि निश्चयात्मक हुँदैन, बुद्धि विषयतिर दौडिन्छ । विषयभोगवासनाले वासित बनेर भोगको र भोगसाधनको चाहनामा र चिन्तनामा लाग्दा, भोग र भोगसाधन अनन्त थरीका अनगिन्ती संख्याका भएका हुनाले, बुद्धि पनि धेरै हाँगा विंगामा फाट्छन्, अनन्त थरीका र अनगिन्ती बुद्धिशाखाहरू बन्छन् । बुद्धि भ्रान्त हुन्छ, कहीं पनि अड्न, टिक्न सक्तैन ।४१।

या मिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ।४२।
कामात्मानः स्वर्गपरा जन्मकर्म फलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ।४३।

हे पार्थ, कामात्मानः, वेदवादरताः, स्वर्गपराः अन्यत् न अस्ति इति वादिनः अवि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्चितः, भोगैश्वर्यगतिं प्रति क्रियाविशेषबहुलां याम् इमां पुष्पितां वाचं प्रवदन्ति ।

हे अर्जुन, विषयमा लागेका, वेदवादमा (कर्मफलप्रशंसक वैदिक वाक्यमा) रमेका, स्वर्गफल चाहने, स्वर्गभन्दा ठूलो अर्को फल छैन भन्ने, अज्ञानीहरू भोग, ऐश्वर्यको प्राप्तिका लागि जन्म र कर्मफल दिने नानाथरी क्रियावाला, फूलजस्ता कर्मकाण्डी वाणीहरू बोल्छन् ।

भोगैश्वर्य प्रसक्तानां तया पहृत चेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ।४४।

भोगैश्वर्य प्रसक्तानां, तया अपहृत चेतसाम् बुध्दिः व्यवसायात्मिका समाधौ न विधीयते ।

भोग र ऐश्वर्यमा आसक्त भएका, कर्मकाण्डी वाणीले चित्त खिचिएकाहरूको बुद्धि व्यवसायात्मक हुँदैन र समाधिमा लाग्दैन ।

विषयीहरू केकस्तो कर्म गर्दा के कस्तो फल पाइन्छ भन्ने खोजीमा नै लागिरहन्छन् ; त्यस्तै उपदेश गर्ने शास्त्रका वाक्यहरूमा तिनको मन आकर्षित भएको हुन्छ । तिनीहरूले सत् र असत्को विवेक गर्ने शक्ति पाएका हुन्नन्, स्वर्ग नै सबभन्दा ठूलो पुरुषार्थ हो भन्ने ठानेका हुन्छन् । स्वर्ग आदि भोग ऐश्वर्य प्राप्त हुने कर्मकाण्डमा नै तिनीहरू अलमलिइरहन्छन् । यस्ता कर्मबाट स्वर्गप्राप्तिबाट जन्म कर्म छुट्दैनन् । कर्मबाट स्वर्ग आदि फल, त्यो फल भोग्न फेरि जन्म, भोगबाट अरू संस्कार, मृत्यु; भोगसंस्कारबाट फेरि जन्म, फेरि भोग फेरि संस्कार, फेरि मृत्यु, फेरि जन्म यस्तो चक्र चलिरहन्छ ।

भोगसंस्कारदूषित चित्त संधै भ्रान्त बन्छ, बुद्धि निश्चयात्मक हुन सक्तैन । परमेश्वरको, परब्रह्मको ध्यानमा निश्चयात्मक बुद्धि मात्र, श्रद्धाविश्वासपरिष्कृत बुद्धि मात्र लाग्न सक्छ । परमेश्वरमा, परब्रह्ममा पक्का निश्चय नभई ध्यान लाग्न सक्तैन । भोग र भोगसाधनमा लम्पट चित्त आध्यात्मका कुरापट्टि लाग्दैन । विषयभोगमा वैराग्य नउठी विषयातीत परमेश्वरको, परब्रह्मको स्वरूपवर्णन, धारणा, ध्यान समाधिका बारेमा सुन्ने, जान्ने इच्छा नै उठ्दैन । वैराग्य नउठी फलेच्छा मधुरो हुँदैन । सदसद्वस्तुविवेक नभई वैराग्य उठ्दैन । त्यसैले विषयीहरूको बुद्धि समभावयुक्त हुँदैन, व्यवसायात्मक हुँदैन, ध्यान समाधिको निमित्त लायक बन्दैन; परिणामस्वरूप क्षणिक, नश्वर, तथा अधोगति गराउने दुःखदायी विषयहरूमा नै भौंतारिइरहिन्छ । त्यस्तो भ्रान्त बुद्धिले कहीं विश्राम पाउँदैन, कहीं पनि, कत्ति पनि शान्ति पाउँदैन ।४४।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्य सत्त्वस्थो निर्योगक्षेम आत्मवान् ।४५।

हे अर्जुन, वेदाः त्रैगुण्य विषयाः; निस्त्रैगुण्यः, निर्द्वन्द्वः, नित्यसत्वस्थः निर्योगक्षेमः, आत्मवान् भव ।

हे अर्जुन, वेद त्रिगुणविषयक छन् । तिमी निस्त्रैगुण्य, द्वन्द्वरहित, नित्यसत्त्वमा रहने, योग क्षेमको वास्ता नगर्ने, मनचित्तलाई वशमा राख्ने बन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेद ज्ञानराशि हो, रत्नसागर हो। यसका अनेक काण्ड छन्, अनेक भाग छन् । यसले कर्मको पनि उपदेश गरेको छ । कर्मोपदेशक भागलाई कर्मकाण्डभाग भन्छन् । कर्म सामान्यतः तीन थरी हुन्छन्– नित्य,नैमित्तिक र काम्य । नित्य नैमित्तिक कर्महरू आसक्ति र अभिमान नराखेर, फलेच्छा त्यागेर ईश्वरार्पण बुद्धिले विधिपूर्वक गरेमा चित्तशुद्धि हुन्छ, ज्ञानमार्गको अधिकार प्राप्त हुन्छ । तर काम्य कर्मले चित्तलाई शुद्ध बनाउँदैनन्। यिनको अनुष्ठान ज्ञाननिष्ठाको निमित्त सहायक हुँदैनन् । कामनाग्रस्त भएमा नित्य नैमित्तिक कर्म पनि चित्त शुद्धिमा सहायक, बन्दैनन् । अशान्ति र असुखको कारण अज्ञान हो । वासना, कामना अज्ञानका उपज हुन्; शान्तिको, सुखको चाहना गर्नेले वासना र कामनालाई घटाउनुपर्छ, मथन्याउनुपर्छ; त्रिगुण अर्थात् सत्वरज र तम यी तीन गुण र तिनका परिणामस्वरूप विषयको, भोगको र भोगसाधनको उपदेश गर्ने सकाम कर्मकाण्डभागमा लाग्नुहुँदैन । गुणातीत आत्माका विषयमा उपदेश गर्ने निस्त्रैगुण्यविषयक वैदिक वेदान्तभागमा ज्ञानकाण्डभागमा लाग्नुपर्छ । आत्मकल्याण चाहनेले त्रिगुणकार्य भोग र भोगसाधनमा आसक्ति नभएको, इष्टानिष्ट, प्रियाप्रिय आदि द्वन्द्ववाट व्यथित नहुने, सँधै नित्य परमात्मामा आश्रित हुने, सदा धैर्ययुक्त तथा नपाएको पाउनमा र पाएको जोगाउनमा पनि वास्ता नगर्ने, मन चित्तलाई वशमा राख्ने बन्नुपर्छ । ४५।

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके ।
तावान् सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ।४६।

सर्वतः संप्लुतोदके उदपाने यावान् अर्थः, विजानतः ब्राह्मणस्य सर्वेषु वेदेषु तावान् अर्थः।

सर्बत्र भरीभरी पानी भएमा जलाशयमा जे जति प्रयोजन हुन्छ; तत्व जान्ने ब्राह्मणको लागि सबै वेदहरूमा त्यति नै प्रयोजन हुन्छ ।

कुनै फलको इच्छाबाट गरिने कर्महरूको उपदेश गर्ने वैदिक खण्ड त्रिगुणविषयक हुन् । तिनमा लाग्यो भने सत्व रज र तम तीन गुणबाट फलभोगको निम्ति उत्तम, मध्यम र अधम योनिमा जन्म भइरहन्छ । त्यसकारण मुक्त हुन खोज्ने साधकले त्रैगुण्यविषयक वेदतर्फ नलागी आत्मस्वरूप प्रतिपादक निस्त्रैगुण्यविषयक वेदतिर लाग्नुपर्छ । यसरी परिपूर्ण परमतत्वतर्फ लाग्दा प्राप्त हुने आनन्द परमानन्द हुन्छ र कर्मफलप्राप्तिबाट हुने रमाइलोमा चासो रहँदैन । जस्तो सर्वत्र पानी पानी भएको व्यापक परिपूर्ण जलाशय पाएपछि पहिले प्रयोग गरिएका सानातिना जरूवा, कुवा जस्ता जलाशयको चासो हुँदैन, खास प्रयोजन हुँदैन । चित्त शुद्धि नभई ज्ञाननिष्ठामा अधिकार प्राप्त नहुने हुंदा चित्तशुद्धिका निमित्त नित्य नैमित्तिक कर्महरूको अनुष्ठान आवश्यक हुन्छ ।

सर्वत्र पानी पानी भएमा पनि आफूलाई शौचस्नान पान आदिको लागि जे जति र जस्तो पानीको जरूरत छ त्यो त्यति र त्यस्तो पानी मात्र लिनुपर्छ । त्यस्तै बिभिन्न कर्मको, उपासनाको, ज्ञानको उपदेश गर्ने वेदबाट तत्व जान्न खोज्ने वेदवेत्ताले वेदको त्रैगुण्यविषयक अंशलाई छोडेर निस्त्रैगुण्यविषयक उपासनाकाण्डको र ज्ञानकाण्डको ग्रहण गर्नुपर्छ । ४६ ।

कर्मण्येवा धिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतु र्भू र्मा ते सङ्गो स्त्वकर्मण ।४७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ते अधिकारः कर्मणि एव; फलेषु कदाचन मा; कर्मफलहेतुः मा भूः; अकर्मणि ते सङ्गः मा अस्तु ।

तिम्रो अधिकार कर्ममा नै छ; फलमा कहिल्यै पनि छैन । कर्मफलको हेतु नहोऊ; कर्म नगर्न पट्टि नलाग ।

मान्छेको अधिकार कर्म गर्नुमा नै छ; कर्मफल लिनुदिनुमा उसको अधिकार छैन । कर्म गरिरहनु पर्छ, आफूलाई कर्मफलमा हेतु मान्नुहुँदैन । आफ्नो कर्तव्य कर्म कर्मफलबाट प्रेरित भएर गर्ने हैन, कर्तव्यभावबाट गर्नु पर्छ । कर्तव्य कर्म नगर्नु पनि हुन्न, गरेर फल खोज्नु पनि हुन्न ।

धर्मयुद्ध अर्जुनको कर्तव्य कर्म हो, त्यो नगर्नु हुन्न, त्यसबाट हुने फलमा राग वा द्वेष केही पनि गर्नु हुन्न । ४७ ।

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ।४८।

हे धनञ्जय, सङ्गं त्यक्त्वा, सिध्द्यसिध्द्योः समः भूत्वा योगस्थः कर्माणि कुरु । समत्वं योगः उच्यते ।

हे अर्जुन, सङ्ग छोडेर सिद्धिमा र असिद्धिमा सम भएर, योगस्थित भएर कर्म गर । समत्वलाई योग भनिन्छ ।

कर्म गर्नुपर्छ, सङ्ग गर्नु हुन्न । सङ्ग भनेको अभिमान र आसक्ति हो । 'गरें', 'गर्छु', गर्नेछु' भन्ने कर्तृत्वको अभिमान गर्नुहुन्न; अकर्ता अभोक्ता आत्मालाई कर्ता, भोक्ता ठान्नु हुन्न । यसो ठान्नु मोह हो । फल पाऊँ भन्ने आसक्ति पनि गर्नु हुन्न । यसो गर्नु लोभ हो । कर्मको सिद्धिमा वा असिद्धिमा मन दिनुहुन्न, सिद्धि हुने हो कि नहुने हो भन्ने बिकल्प झिक्नुहुँदैन । यसो गर्नु संशय हो । मोहलोभसंशय छोडेर समत्वभावनामा स्थित भएर कर्महरू गर्नुपर्छ । योग भनेको समत्व भाव नै हो ।

सांख्ययोग र कर्मयोग दुबै योग भएकाले दुवैमा समत्वको प्रथम स्थान छ । जुन योगको साधना पनि, समत्वबुद्धिबाट चल्नुपर्छ । श्रीकृष्ण भगवानले गीतामा अनेक योगको उपदेश गर्नुभएको छ । 'समत्वं योग उच्यते' भनेर गरिएको योगको परिभाषाले र गीताशास्त्रलाई 'योगशास्त्र' भन्ने नाम दिइएकोले के सिद्ध हुन्छ भने गीताको उपदेशको तात्पर्य समत्वमा छ । गीताले साधकलाई समत्वबुद्धि गर्न, समभाव गर्न सिकाएको छ । चाहे कर्म होस्, चाहे भक्ति होस्, चाहे ज्ञान होस् सबैको चुकुल फुस्काउने, ताल्चा खोल्ने मूल साँचो, कुन्जी समत्व हो, समभाव हो । चित्त, शुद्धिको निमित्त कर्म गर्नुपर्छ, समभावबाट; उपासना गर्नुपर्छ समभावबाट, निर्गुणोपासना गर्नु पर्छ समभावबाट, स्वरूप चिन्तन गर्नुपर्छ समभावबाट, स्वरूपस्थित हुनुपर्छ समभावबाट । समभाव निरन्तर अविछिन्न रहनुपर्छ, रहन्छ । साधनापरिपाकको परिपूर्णताको पहिचान समभावमा नै हुन्छ । समभावको कर्ममा ज्ञाननिष्ठा सांख्ययोग बन्दैन; कर्मनिष्ठा बुद्धियोग बन्दैन । योग नबनेको जुनसुकै निष्ठा होस्, श्रेयस्कर हुँदैन, बन्धकर नै हुन्छ । ४८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूरेण ह्यवरं कर्म बुद्धियोगाद् धनञ्जय ।
बुद्धौ शरण मन्विच्छ कृपणाः फलहेतवः ।४९।

धनञ्जय, बुध्दियोगात् कर्म दूरेण अवरं, हि बुध्दौ शरणम् अन्विच्छ, फलहेतवः कृपणाः ।

हे अर्जुन, बुद्धियोगभन्दा कर्म धेरै धेरै अधम हो । त्यसकारण, बुद्धिमा शरण लेऊ । कर्मफलको कारण बन्नेहरू नादान हुन् ।

बुद्धियुक्तो जहातीह उभे सुकृत दुष्कृते ।
तस्माद् योगाय युज्यस्व योगः कर्मसु कौशलम् ।५०।

बुध्दियुक्तः उभे सुकृतदुष्कृते इह जहाति; तस्मात् योगाय युज्यस्व; योगः कर्मसु कौशलम् ।

बुद्धियोगीले दुवै पुण्य र पाप यहीं छोड्छ, त्यसकारण योगका निमित्त लागिपस; योग कर्म गर्दाको कौशल हो ।

कर्मले पुण्य र पाप हुने भावबाट हो । असल भावबाट गरिएको कर्मले पुण्य हुन्छ, खराब भावबाट गरिएको कर्मले पाप हुन्छ । कर्म चाहिं गरिसकेपछि हराइहाल्छ । तर कर्मले भावबाट जन्माएको पुण्य वा पाप संस्कारको रूपमा रहिरहन्छ र असल वा खराब फल दिने हुन्छ र जन्ममृत्युरूपी संसार चलिरहन्छ । समत्वभावबाट गरेको कर्मले पुण्य वा पाप केही हुँदैन, र संस्कार नबसेको हुनाले फल पनि हुँदैन र फल नभएको हुँदा भोगको निम्ति जन्म हुँदैन र जन्म नभएपछि मृत्यु पनि हुँदैन र संसार छुट्छ । कर्म सामान्यतः जन्ममृत्युरूपी संसारको कारण संस्कारको जन्म गराउने हुन्छ । त्यस्तो कर्मलाई संस्कार जन्माउन नसक्ने बनाउने नै कर्म गर्न जान्नु हो, कर्मलाई बाँझो बनाउन सक्नु, चित्तमा मालिन्य थप्नुको सट्टा मालिन्य हटाउन, पवित्रता थप्न सक्नु नै कर्मकुशलता हो । योग, समत्व, नै यो कौशल हो । ५० ।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्म बन्ध विनिर्मुक्ताः पद गच्छन्त्यनामयम् ।५१।

कर्मजं फलं त्यक्त्वा हि बुध्दियुक्ताः, मनीषिणः, जन्मबन्धविनिर्मुक्ताः अनामयं पदं गच्छन्ति ।

कर्मबाट हुने फल छोडेर नै बुद्धियोगयुक्त भएका पुरुषहरू विद्याले युक्त बनेर जन्मबन्धनबाट छुटेर उपद्रव (दुःख, शोक, मोह) कुनै नभएको पद (मोक्ष) प्राप्त गर्छन ।

बुद्धियोगवाला कर्मयोगीहरूलाई कर्म गरे पनि कर्तृत्वाभिमान हुँदैन, कर्मफलाशा नरहेको हुनाले, समत्वबुद्धि भएको हुनाले पुण्य पापरूपी संस्कार जम्दैनन् । चित्त शुद्ध, कञ्चन बन्छ, ज्ञानोदय हुन्छ । पुराना संस्कार भस्म हुन्छन्, नयाँ संस्कार बन्दैन । संस्कारै सिद्धिएको हुनाले संस्कारबाट हुने फल हुँदैन ; फलै नहुँदा भोगै हुँदैन, भोगै नभएकोले जन्मै हुँदैन । बन्धन जम्मै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुट्छन्, दुःख शोक मोहादिको लेश पनि नभएको स्वरूपस्थिति हुन्छ; यही मोक्ष हो । ५१ ।

यदा ते मोहकलिलं बुद्धि र्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य च श्रुतस्य च ।५२।

यदा ते बुध्दिः मोहकलिलं व्यतितरिष्यति, तदा श्रोतव्यस्य श्रुतस्य च निर्वेदं गन्तासि ।

जब तिम्रो बुद्धिले मोहरूपी मलबाट पार पाउने छ तब सुन्नुपर्ने र सुनेका कुराको वैराग्य प्राप्त गर्नेछौ ।

अन्तः करण मलले ढाकिंदा चाहिंदा कुरामा लाग्न र नचाहिंदा कुरा छोड्न सक्तैन; सत्यमा अपत्यार हुने असंभावना र उल्टाउल्टा ठान्ने विपरीत भावना भइरहन्छ र अनेक द्वैतप्रपञ्चमा भौंतारिइरहन्छ । 'सत्'को र 'असत्'को विवेक नहुनु अन्तःकरणको मल हो । विवेकको उदय हुनमा बाधक काम, क्रोध र लोभ हुन्छन् । यिनमध्ये पनि मूल बीज काम हो । काम र कामप्रसूत क्रोध लोभ हटाउन सकेमा अन्तःकरण स्वच्छ बन्छ । यस्तो स्वच्छ अन्तःकरणमा शास्त्र तथा गुरुको उपदेश खुल्छ, सत्य फुर्छ, विवेकको उदय हुन्छ । अद्वैत आत्मतत्व सद्वस्तु हो, नाना द्वैतप्रपञ्च सर्वथा असत् आभास हो, मिथ्या हो, मायामय हो भन्ने पूर्ण दृढनिश्चयको नाम विवेक हो । यो विवेकको, यो प्रबोधको उदय भएपछि आत्मस्वरूपबोधाकार अखण्डवृत्ति चल्छ;
श्रोतव्य र श्रुत प्राप्तव्य र प्राप्त केही पनि नचाहिने हुन्छ । शास्त्रले र गुरुका उपदेशले हटाउने अविवेकलाई हो । अविवेकनिवृत्ति शास्त्रको र गुरुवाक्यको परिपालनबाट हुने मुख्य उपलब्धि हो । अविवेकनिवृत्तिपूर्वक प्रबोधको उदय भएपछि शास्त्रहरूको गति रोकिन्छ । सुन्नुपर्ने कुराको र सुनेका कुराको विसर्जन हुन्छ । सुनेका कुराहरूको आवश्यकता रहँदैन, सुन्नुपर्ने कुरा बाँकी रहँदैन । श्रोतव्य र श्रुतमा पूर्ण निर्वेद हुन्छ । ५२ ।

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधा वचला बुद्धि स्तदा योग मवाप्स्यसि ।५३।

श्रुतिविप्रतिपन्ना ते बुध्दिः यदा निश्चला (सती) समाधौ अचला स्थास्यति तदा योगम् अवाप्स्यसि ।

श्रुतिहरूबाट अलमलिएको तिम्रो बुद्धि जब निश्चल भएर परमात्मामा स्थिर बनेर अड्नेछ तब योग, विवेकप्रज्ञा प्राप्त गर्नेछौ ।

श्रुतिहरू धेरै किसिमका छन् । अधिकार, अवस्था, स्थिति अनुसार गरिने थरी थरीका साध्य, साधन र साधनाका उपदेश तिनले गरेका छन् । कुनै शास्त्रले नित्य, नैमित्तिक, काम्य कर्महरूको; कुनै शास्त्रले सगुण, निर्गुण भक्ति उपासनाहरूको; कुनै शास्त्रले ज्ञानको, सांख्यको, आत्माको अध्यात्मको उपदेश गरेका छन्; त्यही अनुरुप साध्यको, साधनको, साधनाविधिपद्धतिको र तिनको महत्वको वयान गरेका छन् । एकेक तहमा, एकेक पक्षमा तिनको आफापनै स्थान छ, आफापनै स्थानमा तिनको औचित्य छ । भिन्न भिन्न उद्देश्यका यस्ता अनेक शास्त्रहरूको श्रवण अध्ययन गरेपछि विवेक गर्न सकिएन भने, सत्य कुराको अठोट गर्न सकिएन भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलमल हुन्छ, गोलमाल पर्छ । अझ, एक पक्षका कुरा अर्को पक्षमा, अर्को पक्षका कुरा अर्को पक्षमा मिसियो भने, छयासमिस भयो भने भद्रगोल नै हुन्छ, विक्षेप हुन्छ, ज्यादै असजिलो मानसिक स्थिति बन्छ । आत्मा नित्य हो कि अनित्य हो? कर्ता हो कि अकर्ता हो ? एक हो कि अनेक हो ? आदि आत्माका बारेमा, सँगसँगै जगतका बारेमा, कर्तव्य अकर्तव्यका बारेमा अनेक थरी शङ्का, उपशङ्का अनिश्चय, अविश्वास, विपरीत विश्वास आदिले बुद्धि ग्रस्त हुन्छ। यस्तो अलमल र विक्षेप, भ्रम हटाउनको लागि सत् शास्त्रको श्रवण अध्ययन गर्नुपर्छ; सद्गुरुबाट शास्त्रहरूको लक्ष्य र सत्शास्त्रको रहस्य, तात्पर्य आदि बुझ्नुपर्छ । असल गुरु नभई दुःख छुट्दैन, सत्य फुर्दैन, तत्त्व खुल्दैन । गुरुको उपदेशले साधनामार्गमा प्रकाशको, आडको काम दिन्छ; मन र बुद्धि विश्वासले र श्रद्धाले बलियो हुन्छ । शास्त्रहरूमा गुरुको महिमा सर्वत्र, यसै कारण, बताइएको हो ।

सत् शास्त्रको श्रवण मनन, सत् शास्त्रका र सद्गुरुका कुराहरूमा श्रद्धा र विश्वास श्रेयोमार्गका सबभन्दा ठूला उपाय हुन्, अवलम्ब हुन् । यिनले साधकलाई आमाले र बाबुले जस्तै सबैतिरबाट रक्षा गर्छन्, पोषण गर्छन् उचित मार्गतिर बढाइरहन्छन् । शङ्का, अविश्वास, विपरीत विश्वासलाई सद्गुरु र सत्शास्त्रमा दृढ भएका श्रद्धा र विश्वासले हटाइदिन्छन्, कुतर्कको प्रभाव पर्न दिंदैनन् । यसरी दृढ भएको बुद्धि विकल्परहित नित्य सत्य अद्वैत आत्मामा लाग्छ । अभ्यास बढ्दै जाँदा लय विक्षेप आदि बिघ्नहरू हट्दै जान्छन् । बुद्धि स्थिर हुन्छ । परब्रह्म परमात्मामा तदाकार बन्छ । विवेक प्रज्ञा प्राप्त हुन्छ, आफ्नो परब्रह्म परमात्म स्वरूपको बोध हुन्छ। ५३ ।

अर्जुन उवाच– अर्जुनले भन्नुभो ।

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव
स्थितधीः किं प्रभाषेत, किमासीत व्रजेत किम् ।५४।

हे केशव, स्थितप्रज्ञस्य, समाधिस्थस्य का भाषा, स्थितधीः किं प्रभाषेत, किम् आसीत, किं व्रजेत ।

हे केशव, समाधि स्थित स्थितप्रज्ञको कस्तो भाषा, लक्षण, हुन्छ? स्थितप्रज्ञ पुरुष कसरी बोल्छ, कसरी बस्छ, कसरी चल्छ ?

स्थितप्रज्ञ कस्ता हुन्छन् स्थितप्रज्ञको भाषा कस्तो हुन्छ, उसका कुरा कस्ता हुन्छन्, उसलाई अरूले कसरी स्थितप्रज्ञ भन्छन् ? स्थितप्रज्ञका कुराकानी र आचार व्यवहार कस्ता हुन्छन् ? स्थितप्रज्ञको लक्षण परिभाषा जान्ने इच्छाबाट अर्जुनले प्रश्न गर्नु भएको छ । मूल प्रश्न स्थितप्रज्ञको लक्षणका बारेमा उठेको छ। त्यही मूल प्रश्नको तपसीलको रूपमा तीन प्रश्न बनेका छन्:–

१. स्थितप्रज्ञका कुराकानी कस्ता हुन्छन्:
२. स्थितप्रज्ञका रहनसहन कस्ता हुन्छन्;
३. स्थितप्रज्ञका आचार व्यवहार कस्ता हुन्छन्, शरीर यात्रा कसरी चल्छ ।

स्थितप्रज्ञ पुरुष सिद्ध महात्मा हो । उसले सिद्धावस्था प्राप्त गर्नुभन्दा पहिले यसै जन्ममा र/वा पूर्वजन्ममा अनेक साधनाहरू गरेको हुन्छ । अनासक्त कर्मयोगसम्बन्धी, ईश्वरको सगुण वा निर्गुण भक्ति उपासनासम्बन्धी, आत्मज्ञानसम्बन्धी योगनिष्ठा, भक्तिनिष्ठा र ज्ञाननिष्ठाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नित्य नैमित्तिक कर्मानुष्ठानहरू, यमनियमादि साधनाहरू गरेको हुन्छ । साधक अवस्थामा ती साधनाहरूमा कर्तव्यभावना हुन्छ, सिद्धावस्थामा ती साधनहरू, साधनाहरू स्वभाव नै बन्छन् । बाह्रौं अध्यायका 'अद्वेष्टा सर्वभूतानाम्' आदि १३–१९ श्लोकमा बताइएका 'अद्वेष्टृत्व' आदि गुणहरू; तेह्रौं अध्यायका 'अमानित्व मदम्भित्व महिंसा' आदि ७–११ श्लोकमा बताइएका 'अमानित्व' आदि गुणहरू; चौधौं अध्यायका 'प्रकाशंच प्रवृत्तिंच' आदि २२–२६ श्लोकमा बताइएका 'रागद्वेष शून्यत्व' आदि गुणहरू; अठ्ठाह्रौं अध्यायका "बुध्द्या विशुध्दया युक्तो" आदि ५१–५६ श्लोकमा बताइएका शुद्ध बुद्धि हुनु आदि गुणहरू नै सिद्ध पुरुषका, स्थितप्रज्ञ पुरुषका परिभाषा हुन्, लक्षण हुन् । यही दोश्रो अध्यायका "प्रजहाति यदा कामान् सर्वान्" आदि ५५–७१ श्लोकमा बताइएका 'सर्वकामत्याग आदि गुणहरू जसमा छन् तिनलाई नै स्थितप्रज्ञ भन्छन्, स्थितप्रज्ञको परिभाषा, लक्षण यस्तै गुणहरू हुन् ।

साधना गर्ने अवस्थामा, प्रयत्न गर्ने स्थितिमा साधकले सिद्धिप्राप्तिको निमित्त जे जस्तो गर्नुपर्ने हुन्छ, सिद्धावस्थामा स्थितप्रज्ञ पुरुषले त्यही र त्यस्तै गर्छ, गरिरहन्छ । फरक के हुन्छ भने, साधक अवस्थामा कर्तव्यभाव हुन्छ, साधनभाव हुन्छ; सिद्ध अवस्थामा ती गुणहरू, ती लक्षणहरू स्वभाव नै आफैं, चलिरहने बानी नै हुन्छन् । सिद्ध अवस्थामा पुग्नको निम्ति जे जस्ता गतिला कामहरू, व्यवहारहरू गर्नुपर्छ भन्ने भावले यत्नपूर्वक बुद्धिपूर्वक गरिन्छन, ती त्यस्ता कामहरू, व्यवहारहरू नै स्थितप्रज्ञ महापुरुषका स्वभाव हुन्छन्, बानी बन्छन्, उन्मेषनिमेष जस्तै श्वासप्रश्वास जस्तै आफैं चल्छन् । पहिले यत्नपूर्वक बुद्धिपूर्वक गर्नुपर्थ्यो, पछि यत्न नगरीकनै, बुद्धि नलगाईकन नै अनायाससंग आफैं ती गतिला व्यवहारहरू चल्छन् । अतः साधकको यत्नसाध्य साधनको रूपमा कर्तव्य मानिएका सत्कर्म, सदाचार र सद्विचारहरू नै स्थितप्रज्ञ महापुरुषको अयत्नसाध्य लक्षण र स्वभावतः चल्ने व्यवहार हुन्छन् । महात्मा आत्मामा स्थित रहिरहन्छ, उसका शरीरेन्द्रियहरू आफैं चलिरहन्छन्, सदाचार र सद्विचार भइरहन्छन् ।

श्रीभगवानुवाच– श्रीकृष्ण भगवान्बाट आज्ञा भो ।

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञ स्तदोच्यते ।५५।

हे पार्थ यदा मनोगतान् सर्वान् कामान् प्रजहाति, आत्मनि एव आत्मना तुष्टः तदा स्थितप्रज्ञः उच्यते ।

हे अर्जुन, जब मनमा रहेका सबै किसिमका चाहनाहरूलाई छोडिसकेको हुन्छ । आफैंमा आफू पूर्ण सन्तुष्ट रहन्छ, तब स्थितप्रज्ञ भनिन्छ ।

साधना परिपक्क, परिपूर्ण भएपछि सिद्धिप्राप्त महापुरुषका मनमा रहेका सबै किसिमका साराकासारा वासना, स्पृहा, इच्छा, तृष्णारूपी कामनाहरू छुट्छन्, हराउँछन्; सन्ततिप्रतिका (पुत्रैषणा), धनसम्पतिप्रतिका (वित्तैषणा), स्वर्गादि उत्तमलोकप्रतिका (लोकैषणा) सबै कामनाहरू हराउँछन् । यस्तो महापुरुषको जीवन आत्मसुखमा नै केन्द्रित हुन्छ; प्रारब्धबाट शरीरधारण भइरहन्छ तर शरीरदृष्टि हँदैन, ऊ अशरीर हुन्छ । अशरीर भएको हुनाले उसलाई प्रिय अप्रियले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छुँदैनन् । केही पाउने उद्देश्य रहँदैन, बाहिरी वा भित्री अन्य वस्तुबाट सुख लिनुपर्ने हुँदैन। यस्तो महापुरुष आनन्दस्वरूप परमात्मामा आफैं आनन्दित रहन्छ ।

विषयको त्याग, विषयभोगको त्याग गर्नुपर्छ, तर यस्तो त्यागले मात्र पुग्दैन । विषय सामान्यतः तीन किसिमका हुन्छन् स्थूल, सूक्ष्म (वासनामय), र दिव्य । एकान्तसेवनबाट स्थूल विषयको त्याग गर्न सकिन्छ, वासनामय विषय छुट्दैनन् । स्थूल विषयहरूबाट हट्दा पनि, बाह्य इन्द्रियहरूका वृत्तिहरू रोकिंदा पनि स्वप्नमा भोग गरिने किसिमका सूक्ष्म (वासनामय) विषयहरू छुट्दैनन् । यिनलाई छुटाउन सद्वासना बढाउनुपर्छ । भगवद्ध्यानाभ्यासरूपी उपासनाबाट यस्ता सूक्ष्म कामहरू, विषयहरू हटाउन सकिन्छ । ध्यानबाट, भगवद्भक्तिबाट, उपासनाबाट, सविकल्पक समाधिबाट सूक्ष्म भौतिक वासनामय विषयहरू छुट्छन् । सो अवस्थामा पनि आफैं हुने सिद्धिको फलस्वरूप संकल्पमात्रबाट हुने दिव्य विषयहरू छुट्दैनन्, तिनले अलमल्याउने संभावना रहिरहन्छ । असम्प्रज्ञात समाधिबाट चाहिं यी दिव्य विषयहरू पनि छुट्छन् । एकान्तसेवनादि कर्मबाट स्थूल विषय, भगवदध्यानरूप उपासनाबाट सूक्ष्म विषय, असम्प्रज्ञात समाधिबाट दिव्य विषयहरू निवृत्त हुन्छन् । विषय छोड्नु एक स्थिति हो भने वासना छुट्नु, मनमा रहेका संकल्प विकल्प सबै छुट्नु सिद्ध स्थिति हो । स्थितप्रज्ञका विषयहरू मात्र हैन, मनका समस्त वासनाहरू संकल्प विकल्पहरू छुटेका हुन्छन् पूर्ण आनन्दानुभूति, स्वरूपबोधसुख चलिरहन्छ ।

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः
वीत राग भय क्रोधः स्थितधी र्मुनि रुच्यते ।५६।

दुःखेषु अनुद्विग्नमनाः, सुखेषु विगतस्पृहः, वीतराग भय क्रोधः स्थितधीः मुनिः उच्यते ।

दुःखमा जसको मन दिक्क हुँदैन; सुखमा जसको स्पृहा, चाह, गइसकेको छ; जसका राग, भय. र क्रोध, हटिसकेका छन् , त्यो महापुरुषलाई स्थितप्रज्ञ मुनि भन्छन् ।

संसारी मानिस दुःख आइपर्दा आत्तिन्छन्, सुख हुँदा खुशी हुन्छन् अझ बढी पाउने तृष्णा गर्छन् । तिनका आस' त्रास र रिस चलिरहन्छन् । तर जब आधिभौतिक, आधिदैविक, आध्यात्मिक जस्तोसुकै दुःखमा वा सुखमा कुनै किसिमको विकार पैदा हुँदैन, तब स्थितप्रज्ञ मुनि कहिन्छ। ५६ ।

यः सर्वत्रा नभिस्नेह स्तत्तत् प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ।५७।

यः सर्वत्र अनभिस्नेहः, तत् तत् शुभाशुभं प्राप्य न अभिनन्दति, न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ।

जसको सर्वत्र शरीरमा, प्राणमा पनि, स्नेहबन्धन छैन; जुनसुकै शुभ वा अशुभ आइपर्दा पनि जसलाई खुशी र द्वेष हुँदैन त्यसको प्रज्ञा प्रतिष्ठित हुन्छ ।

धनसम्पति, स्त्रीपुत्रादि, देहेन्द्रियप्राणादिमा आसक्ति, लेसिएको स्नेह हुने व्यक्ति तिनमा हानि हुँदा वा लाभ हुँदा, तिनमा केही खराबी हुँदा वा असल हुँदा आफैंलाई हानि वा लाभ भएको, खरावी वा असल भएको मान्छ । म आफैं बिग्रें, म आफैं सग्रें भन्छ । तर स्थितप्रज्ञ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनि त्यस्तो स्नेहले रहित भएको हुनाले त्यस्तो ठान्दैन र त्यस्तो भन्दैन । शुभ हुँदा शुभ गरिदिनें भनेर तारीफ गर्दैन, अशुभ हुँदा अशुभ गरिदिने भनेर निन्दा पनि गर्दैन । संसारी जे भन्छ, जसरी भन्छ, स्थितप्रज्ञ त्यसरी त्यसो भन्दैन । उसलाई सत् असत्को विवेक भएको हुन्छ । ५७ ।

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः
इन्द्रियाणीन्द्रियार्थेभ्य स्तस्य प्रज्ञा प्रतिष्ठिता ।५८।

यदा च अयं कूर्मः अङ्गानि इव सर्वशः इन्द्रियाणि इन्द्रियार्थेभ्यः संहरते तस्य प्रज्ञा ! तिष्ठिता ।

जब यो महापुरुषले कछुवालें अङ्गहरूलाई झैं सबैतिरबाट इन्द्रियहरूलाई शब्दस्पर्शादि विषयहरूबाट खिच्छन् । तिनको प्रज्ञा प्रतिष्ठित भएको हुन्छ ।

आफ्नो साधनाको सफलता साधकले थाहा पाउनुपर्छ र त्यही किसिमसँग साधनालाई अघि ढाउनु पर्छ । पूर्ण सफलता प्राप्त हुनुभन्दा अघि विभिन्न श्रेणीहरू हुन्छन् । साधना सफल भएको एक लक्षण चाहिं इन्द्रियहरू राम्ररी तह लाग्नु हो । तह लागेका इन्द्रियहरूको बानी नै विषयभोग-तिर लाग्दै नलाग्ने हुन्छ । बहिर्मुख वृत्तिहरू बन्द हुन्छन्, बाहिरका विषयेन्द्रियसंयोग बाट हुने शीतोष्णादिको असर नपर्ने हुन्छ । यो स्थिति प्रज्ञा स्थित हुनाको लक्षण हो ।

स्थितप्रज्ञ मुनि कसरी बस्छ भन्ने जिज्ञासालाई यो श्लोकार्थबाट शान्त पार्ने लक्ष्य लिइएको छ । स्थितप्रज्ञ पुरुषलाई अद्वैत परमात्माको बोध भएको हुनाले द्वैतमा उद्वेग, अत्यन्त अरुचि भैसकेको छ । वृत्ति परमात्मातिर लागेको हुनाले चित्तनिरोध संस्कार प्रबल भइसकेको छ । व्युत्थित स्थितिमा उसका इन्द्रियहरू इन्द्रियार्थमा, विषयमा जाँदैनन् । स्थितप्रज्ञ पुरुष सारा इन्द्रि-यहरूलाई भित्रै समेटेर आफ्नै आनन्दमा बसिरहन्छ । ५८ ।

विषया विनिवर्तन्ते निराहारस्य देहिनः
रसवर्जं रसो प्यस्य परं दृष्ट्वा निवर्तते ।५९।

निराहारस्य देहिनः विषयाः रसवर्जं विनिवर्तन्ते, अस्य रसःअ पि परं दृष्ट्वा निवर्तते ।

आहार छोडेको देहीका विषयहरू रस (राग) बाहेक हट्छन् । स्थितप्रज्ञको रस पनि, राग पनि, परमात्माको साक्षात्कार भएपछि, छुटेको हुन्छ ।

विषय छुट्नु, इन्द्रियहरू विषयमा नलाग्नु आफैंमा आफैं उपलब्धि हैन । रस हट्नु, आसक्ति छुट्नु, राग डढ्नु वास्तव उपलब्धि हो । परमात्मसाक्षात्कार भएपछि राग भुटिन्छ, डढ्छ । स्थितप्रज्ञको विषय छुटेको मात्रै, इन्द्रियहरू विषयमा नलागेको मात्रै हुँदैन; रस हटेको, आसक्ति छुटेको, राग भुटिएको, डढेको समेत हुन्छ । देहाभिमानीको, संसारीको चाहिं राग भुटिएको हुँदैन; विषय छुटेको भए पनि, इन्द्रियहरू विषयमा नलागेको भए पनि त्यो विनिवृति क्षणिक, साम-यिक अवस्थापेक्ष हुन्छ । बीज, राग जस्तातस्तै भएकोले, आसक्ति रहिरहेकोले फेरिफेरि विषय-भोग चल्छ ।

निद्रामा, मूर्छामा, ग्रहावेशमा, रोगमा देहाभिमानवाला मूढ संसारीको पनि विषयभोग छुट्छ । आहारा लिन नसक्ने भएमा, आहारा नपाएमा अथवा आफैंले हठपूर्वक आहारा नलिएमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयहरू छुट्छन्; शरीर इन्द्रिय शिथिल पनि बन्छन् । यो अवस्था पनि विषयबाट इन्द्रियहरू हटेको अवस्था हो । यस्तो अवस्थामा विषय छुटे पनि, विषयबाट इन्द्रियहरू हटे पनि, विषयभोग-प्रतिको स्वाद बिर्सेको हुँदैन; रस हटेको हुँदैन; आसक्ति छुटेको हुँदैन; संस्कार मरेको हुँदैन। आँखा चिम्ल्यो, रूपबाट हट्यो; कान थुन्यो शब्दबाट हट्यो; खानै छोड्यो स्वादबाट हट्यो । एकान्तमा एक्लै केही नहेरी,नबोली,नसुनी,नछोई,नसुँघी, नखाई बस्यो; शब्दस्पर्शरूपरसगन्धलाई छोड्यो। यसरी इन्द्रियका आहाररूपी शब्दस्पर्श आदि ग्रहण गर्न छोड्दा पनि विषयहरूबाट इन्द्रियहरू हट्छन् । जबर्जस्ती गरिरहँदा आँखै नदेख्ने, कानै नसुन्ने, शरीरै नचल्ने पनि हुन्छ; प्राणै पनि उड्छ। तर यसबाट सिद्धि प्राप्त भएको हुँदैन । किनभने, संस्कार छुटेको हुँदैन, बीज डढेको हुँदैन, फेरि जन्म जन्म चलाइरहन्छ । संस्कार नडढीकन छुट्टी, मुक्ति, मिल्दै मिल्दैन । संस्कारलाई डढाउन, बीजरूप मिथ्याज्ञान, अज्ञानलाई फेरि नउम्रने गरी भुट्न ज्ञानाग्निनै चाहिन्छ; परमात्मसाक्षात्कार नै हुनुपर्छ। परमात्मसाक्षात्कार भएपछि रस पनि, राग पनि छुट्छ, संस्कार डढ्छ, बीज नउम्रने गरी नष्ट हुन्छ । जबर्जस्तीबाट, हठबाट हैन, शास्त्र र गुरुका उपदेशबाट, विवेक विचारबाट, यम-नियम आदिको, शमदम आदिको साधनाबाट बुद्धिपूर्वक अभ्यासवैराग्यद्वारा इन्द्रियहरूलाई तह लाउने साधना गर्नुपर्छ । ५९ ।

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ६०।

हे कौन्तेय प्रमाथीनि इन्द्रियाणि यततः विपश्चितः पुरुषस्य अपि मनः प्रसभं हरन्ति ।

हे कुन्तीपुत्र अर्जुन, बराल्ने स्वभाव भएका इन्द्रियहरूले, यत्न गर्ने शिक्षित पुरूषको पनि मनलाई जबर्जस्ती देख्दादेख्दै हरण गर्छन्, विचलित बनाउँछन् ।

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ।६१।

तानि सर्वाणि संयम्य युक्तः मत्परः आसीत । यस्य हि वशे इन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ।

ती सबै इन्द्रियहरूलाई वशमा राखेर समाहितचित्त हुँदै परमात्मासंग अभेद भावनाले उपासना गर्नुपर्छ । जसका वशमा इन्द्रियहरू रहेका छन् उसको प्रज्ञा प्रतिष्ठित भएको हुन्छ ।

ध्यायतो विषयान् पुंसः सङ्ग स्तेषूपजायते
सङ्गात् संजायते कामः कामात् क्रोधो भिजायते ।६२।

विषयान् ध्यायतः पुंसः तेषु सङ्गः उपजायते; सङ्गात् कामः संजायते; कामात् क्रोधः अभिजायते ।

विषयहरूको ध्याउन्ना गर्ने मानिसको तिनै विषयमा आसक्ति, प्रीति उत्पन्न हुन्छ; सङ्गबाट काम, तृष्णा उठ्छ; तृष्णाबाट क्रोध उठ्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रोधाद् भवति संमोहः संमोहात् स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात् प्रणश्यति ।६३।

क्रोधात् संमोहः भवति, संमोहात् स्मृतिविभ्रमः, स्मृतिभ्रंशात् बुध्दिनाशः, बुध्दिनाशात् प्रणश्यति ।

क्रोधबाट संमोह हुन्छ, संमोहबाट समझ बिग्रन्छ, समझ बिग्रेपछि बुद्धि बिग्रन्छ, बुद्धि बिग्रेपछि पुरूषको नाश हुन्छ, पतन हुन्छ। ६३

रागद्वेषवियुक्तैस्तु विषया निन्द्रियैश्चरन् ।
आत्मवश्यै विधेयात्मा प्रसाद मधिगच्छति ।६४।

रागद्वेष वियुक्तैः इन्द्रियैः विषयान् चरन् तु आत्मवश्यैः विधेयात्मा प्रसादम् अधिगच्छति ।

रागद्वेष छुटेका इन्द्रियहरूद्वारा विषयहरूको ग्रहण गर्ने गरेमा त आफ्नो वशमा इन्द्रियहरू रहेका हुनाले तह लागेको अन्तःकरणवाला साधक प्रसन्न बन्छ, अर्थात शुद्ध स्वस्थ बन्छ ।

प्रसादे सर्वदुःखानां हानि रस्यो पजायते।
प्रसन्न चेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ।६५।

प्रसादे अस्य सर्वदुःखानां हानिः उपजायते; प्रसन्नचेतसः हि आशु बुध्दिः पर्यवतिष्ठते ।

प्रसन्न अर्थात् शुद्ध स्वस्थ बनेपछि साधकका सबै दुःखहरू छुट्छन् । अन्तःकरण शुद्ध भएका साधकको नै तुरून्तै बुद्धि आत्मवस्तुस्वरूपमा निश्चल भएर अड्छ ।

राग र द्वेष मल हुन्, अशुद्धि हुन्, रोग हुन् । राग, द्वेष भएको अन्तःकरण मलिन हुन्छ, कालो हुन्छ । त्यस्तो अन्तःकरणमा सँधै दुःखकष्टका अनन्त आघातहरु परिरहन्छन् । राग र द्वेष जतिजति मात्रामा कम हुन्छन् उतिउति मात्रामा अन्तःकरण शुद्ध, स्वच्छ र स्वस्थ बन्छ । अन्तःकरणको शुद्धि र स्वास्थ्य नभईकन बुद्धि ठीक हुँदै हुँदैन । बुद्धि ठीक नभईकन स्वरूपचिन्तन हुनै सक्तैन । त्यसकारण साधकले इन्द्रियहरूलाई र मनलाई तह लाउन प्रयत्न गर्नुपर्छ ।

इन्द्रियको र मनको अत्यन्त घनिष्ठ सम्बन्ध छ। मनले पनि इन्द्रियलाई भाँडिदिन्छ, इन्द्रियले पनि मनलाई भाँडिदिन्छन् । मनलाई ठीक पार्न रागद्वेष हटाउनुपर्छ; इन्द्रियलाई ठीक पार्न विषयग्रहणमा नियम बनाउनुपर्छ । निषिद्ध विषयहरूमा इन्द्रियलाई लाग्न दिनुहुन्न, दमन नै गर्नुपर्छ; निषेध नगरिएका विषयमा पनि सीमा बाँधिदिनुपर्छ । प्रवृत्तिमा भन्दा निवृत्तिमा महत्त्व दिनुपर्छ; वृत्तिहरूलाई बहिर्मुख भन्दा बढी अतर्मुख बनाउने अभ्यास गर्नुपर्छ । इन्द्रियहरू र मन तह लागेपछि अन्तःकरण शुद्ध, स्वछ र स्वस्थ बन्छ, दुःख हराउँछन्, बुद्धि स्वरूपस्थित हुन्छ। वास्तवमा ध्येय वस्तुमा निश्चल भएर अड्न सक्ने स्वभावको अन्तः करणलाई नै बुद्धि भन्छन् ।

नास्ति बुद्धि रयुक्तस्य नचायुक्तस्य भावना
न चाभावयतः शान्ति रशान्तस्य कुतः सुखम् ।६६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अयुक्तस्य बुद्धिः नास्ति; अयुक्तस्य भावना न च; अभावयतः शान्तिः न च अशान्तस्य सुखं कुतः ।

शुद्ध स्वस्थ नभएको चित्त एकाग्र थिर हुँदैन । चित्त स्थिर नहुनेलाई आत्मबुद्धि हुँदैन, आत्मसाधनामा बुद्धि लाग्दैन, आत्मज्ञानमा अतिशय प्रीति हुँदैन । आत्मसाधनामा, आत्मज्ञानमा अत्यन्त प्रीति नभईकन विषयभोगवासना कम हुँदैन । बिषयभोगवासना जसको शान्त भएको छैन, त्यसलाई कहाँबाट सुख हुन्छ? ६६।

इन्द्रियाणां हि चरतां यन् मनो नुविधीयते
तदस्य हरति प्रज्ञां वायुर्नाव मिवाम्भसि ।६७।

चरतां हि इन्द्रियाणां यत् मनः अनुविधीयते तत् वायुः अम्भसि नावम् इव अस्य प्रज्ञां हरति ।

शब्द स्पर्श आदि विषयमा लागेका इन्द्रियहरूको पछि जुन चित्त लाग्छ, त्यो चित्तले, जलमार्गमा डुङ्गालाई प्रतिकूल हावाले प्रतिकूल दिशातिर उडाए जस्तै गरी, साधकको बुद्धिलाई आत्मसाधनाको प्रतिकूल दिशातिर उडाइदिन्छ । ६७ ।

तस्माद् यस्य महाबाहो निगृहीतानि सर्वशः
इन्द्रियाणीन्द्रियार्थेभ्य स्तस्य प्रज्ञा प्रतिष्ठिता ।६८।

तस्मात् हे महाबाहो, यस्य इन्द्रियाणि इन्द्रियार्थेभ्यः सर्वशः निगृहीतानि तस्य प्रज्ञा प्रतिष्ठिता ।

त्यसकारण, हे महाबाहु अर्जुन, जसका इन्द्रियहरू विषयहरूबाट सबै प्रकारले रोकिएका, हटाइएका हुन्छन्, त्यसको प्रज्ञा प्रतिष्ठित हुन्छ ।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ।६९।

या सर्वभूतानां निशा तस्यां सेयमी जागर्ति । यस्यां भूतानि जाग्रति सा पश्यतः मुनेः निशा ।

जुन सबै प्राणीको रात्रि हो, त्यसमा संयमी जागिरहन्छ । जुनमा सबै प्राणी जागिरहन्छन् त्यो देख्ने मुनिको निम्ति रात्रि हुन्छ ।

सामान्य प्राणीको र जितेन्द्रिय योगीहरूको स्थितिमा दिनको र रातको जस्तै अत्यन्त ठूलो अन्तर छ । यी दुइथरीका दृष्टिशक्ति र दृष्टिरीति भिन्नभिन्न हुन्छन् । जितेन्द्रिय योगी परमार्थ तत्त्वाभिमुख हुन्छ, सामान्य प्राणी सँसाराभिमुख हुन्छ । प्रबुद्ध योगीको अविद्या हराइसकेको हुन्छ; सामान्य प्राणी अविद्यामा नै जेलिएको हुन्छ । अविद्याले द्वैत प्रपञ्च बनाइरहन्छ, देखाइरहन्छ ।

अविद्याग्रस्त व्यक्ति वस्तुतत्त्वलाई देख्दैन; उल्टोलाई सुल्टो, सुल्टोलाई उल्टो देखिरहन्छ । महामोहका अनेक चमत्कार र विलासरूपी कार्यकारण, कर्ता कर्म, दृष्टादृश्य आदि नाना प्रपञ्चलाई नै साँच्चिकै सत्य ठान्ने अज्ञानी अनादि जन्ममरण, सुख दुःखादि प्रवाहमा भौंतारिइरहन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनको नास्तित्वमा र मिथ्यात्वमा विश्वास गर्नै सक्तैन । परमार्थतत्वलाई देख्दै देख्दैन, द्वैत प्रपञ्चलाई मात्र देखिरहन्छ, वास्तविक अन्धकारमा तमोमय रात्रिमा नै रमाइरहन्छ, त्यसैमा आफ्ना सारा ज्ञानेन्द्रिय, कर्मेन्द्रिय र अन्तःकरण लगाइरहन्छ । उज्यालो परमार्थतत्वलाई अँध्यारो र अँध्यारो जगतप्रपञ्चलाई उज्यालो देखिरहन्छ अविद्याग्रस्त व्यक्ति ।

प्रबुद्ध योगी अँध्यारो जगतप्रपञ्चलाई देख्दै देख्दैन्, यसको अस्तित्वमा र सत्यत्वमा विश्वास गर्दै गर्दैन । उसका दृष्टिमा द्वैतप्रपञ्च केवल मायाविलास, मोहचमत्कार सपना र इन्द्रजाल सरहको हुन्छ। अविद्या नष्ट भइसकेकोले प्रबुद्ध योगीलाई विक्षेपले छुँदै छुँदैन, विक्षेपले विचलित बनाउनै सक्तैन । ज्ञानीका इन्द्रिय, मन, चित्त, बुद्धि सबै वशमा हुन्छन्, अनुशासित हुन्छन्, पूर्णरुपमा तह लागेका हुन्छन्; तिनका वृत्ति विषयाभिमुख हुँदैनन्, आत्माभिमुख हुन्छन् । आत्मा ज्ञानमात्र, प्रकाशमात्र भएकोले आत्माभिमुख बनेका वृत्तिहरू स्वतः हराउँछन्, तदाकार बन्छन् । केवल आत्मा सच्चिदानन्दघन प्रकाशमान भइरहन्छ ।

सत्यसाक्षात्कारसम्पन्न शास्त्रकारहरूले यो विषय विशदरूपमा व्याख्या गर्नु भएको छ– कार्यकारण द्वैत प्रपञ्चमय व्यवहारमा द्वैताद्वैतप्रपञ्चविवर्जित शुद्ध वस्तु आत्माको अनुभव हुँदैन; शुद्ध आत्मवस्तुको अनुभवमा कार्यकारणद्वैतव्यापार चल्दैन । तत्व बुझेका महात्माको लागि दुनियाँ जड, उन्मत्त पिशाच जस्तो हुन्छ; तत्व नबुझेका दुनियाँको लागि तत्व बुझेको महा–पुरुष जड, उन्मत्त पिशाच जस्तो हुन्छ । एकका दृष्टिमा अर्को बहुला हुन्छ । अज्ञानीले आत्मा देख्दै देख्दैन,ज्ञानीले अनात्मा देख्दै देख्दैन। संसारीले नबुझेको अद्वैत आत्मालाई (संसारीको निशामा) ज्ञानीले देखिरहन्छ (ज्ञानी व्यूंझिरहन्छ); संसारीले सत्य ठानेको द्वैतप्रपञ्चलाई (सामान्य प्राणी व्यूंझिरहेकोमा) ज्ञानीले पटक्कै देख्दैन (ज्ञानीको निम्ति निशा हुन्छ ।)

आपूर्यमाण मचलप्रतिष्ठं समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत् कामा यं प्रविशन्ति सर्वे स शान्ति माप्नोति न कामकामी ।७०।

आपूर्यमाणम् अचलप्रतिष्ठं समुद्रम् आपः यद्वत् प्रविशन्ति सर्वे कामाः तद्वत् यं प्रविशान्ति सः शान्तिम् आप्नोति, कामकामी न ।

सर्वतः परिपूर्ण, मर्यादामा अचल रहेको समुद्रमा जलप्रवाहहरू जसरी प्रविष्ट हुन्छन्, त्यसरी नै सबै कामनाहरू जसमा प्रविष्ट हुन्छन् त्यसलै नै शान्ति पाउँछ; विषयभोगकामनावालाले पाउँदैन ।

भोगेच्छाबाट शान्ति हुँदैन, मोक्ष मिल्दैन । भोगेच्छाले विकार पैदा गर्छ, अविद्याचक्र चलिरहन्छ । जसको भोगेच्छा शान्त भएको हुन्छ शान्ति त्यसैले पाउँछ । स्थितप्रज्ञ पुरुष स्वयं स्वयंमा परिपूर्ण हुन्छ; आफू आफैंमा प्रतिष्ठित हुन्छ । उसलाई कसैले केहीले स्वस्थितिबाट, स्वास्थ्यबाट, बिचलित गराउन सक्तैन, उसमा कुनै विकार पैदा गर्न सक्तैन ।

समुद्र स्वयं परिपूर्ण हुन्छ, आफ्नै स्थितिमा अचल रहेको हुन्छ । अनेकौं खोलानालाका प्रवाहहरू समुद्रमा पसिरहन्छन् त्यहीं हराउँछन् समाहित हुन्छन्, बिलाउँछन्; समुद्र स्वयं शान्त रहिरहन्छ । स्थितप्रज्ञ पुरुष पनि सर्वथा सर्वदा शान्त हुन्छ, समस्तभोगवासनाहरू पूर्णतः समा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हित हुन्छन्, विलीन हुन्छन्, उसको सच्चिदानन्दमय ज्ञानाग्निमा उड्छन्, पूर्णतः भस्म हुन्छन् । स्थितप्रज्ञ पुरुष शान्त, अचल, अविकृत, आत्मस्थित, आत्माराम, परिपूर्ण, देशकालोपाधिशून्य, सन्मात्र, चिन्मात्र, आनन्दमात्र हुन्छ । ७० ।

विहाय कामान् यः सर्वान् पुमाँश्चरति निःस्पृहः ।
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ।७१।

यः पुमान् सर्वान् कामान् विहाय निःस्पृहः चरति; निर्ममः, निरहङ्कारः सः शान्तिम् अधिगच्छति ।

जो पुरुष सारा कामनाहरूलाई छोडेर, सारा लालसा–शून्य बनेर रहेको हुन्छ; ममता नभएको, अहङ्कार नभएको त्यसले शान्ति पाउँछ ।

स्थितप्रज्ञ पुरुषका कुनै कामना बाँकी हुँदैनन्, कुनै लालसा हुँदैन । अरू लालसा त के बाँच्ने लालसा पनि हराइसकेको हुन्छ । अर्थात् बाँचेको पनि उसलाई थाहा नहुने हुन्छ । उसलाई प्राणधारणको लागि आवश्यक वस्तुमा, कर्ममा, क्रियामा, पनि ममताभाव हुँदैन । म यस्तो गरिरहेको छु, म यस्तो स्थितप्रज्ञ हुँ भन्ने अहंभाव पनि स्थितप्रज्ञमा हुँदैन । यस्तो स्थितप्रज्ञले पूर्ण शान्ति पाएको हुन्छ । ७१ ।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेपि ब्रह्मनिर्वाणमृच्छति ।७२।

एषा ब्राह्मी स्थितिः, हे पार्थ एनां प्राप्य न विमुह्यति । अस्यां स्थित्वा अन्तकाले पि ब्रह्म निर्वाणम् ऋच्छति ।

यो ब्रह्ममय स्थिति हो । हे अर्जुन, यो स्थिति पाएपछि मोह हुँदैन । अन्तकालमा पनि यो स्थितिमा रहेर ब्रह्म निर्वाण हुन्छ ।

उपरिवर्णित स्थितप्रज्ञ स्थितिलाई ब्राह्मी स्थिति भन्छन् । यो ब्राह्मी स्थिति प्राप्त गर्ने ब्रह्मसाक्षात्कार युक्त महात्मालाई कहिल्यै मोह हुँदैन, सँधै ब्रह्मानन्दानुभव हुन्छ । अन्तकालमा पनि यही ब्राह्मी स्थितिमा नै स्थित भई केवल सच्चिदानन्दघन ब्रह्मस्वरूपप्राप्ति हुन्छ ।

समस्त भूतभौतिक द्वैतप्रपञ्च सर्वथा सर्वदा मिथ्या हो, असत् हो; अद्वैत ब्रह्मवस्तु सर्वथा सर्वदा सत् हो, नित्य हो । असत्लाई सत्, सत्लाई असत् देख्नु भ्रम हो । सत् आत्मवस्तुलाई नदेख्नु, असत् अनात्मवस्तुलाई मात्र देख्नु मोह हो । यो अनादि मोहबाट ग्रस्त भएको हुँदा जीव अहङ्कार, ममता, स्पृहा, आसक्ति आदि वासनाजालमा जेलिएर एक लोकबाट अर्को लोकमा, एक जुनिबाट अर्को जुनिमा, एक चोलाबाट अर्को चोलामा हुँदै संसार चक्रमा घुमिरहन्छ । अनेक जन्म जन्मको फन्का मारेपछि कुनै जन्मको मनुष्यचोलामा गरेको कुनै पुण्य कर्मको फलस्वरूप फेरि मनुष्य चोला प्राप्त हुन्छ । यही मनुष्यचोलामा शास्त्र र गुरुका उपदेश अनुसार गरेको साधनाले मात्र भवचक्रबाट उद्धार हुन सक्छ । साधनाको पूर्णताबाट अहंकार, ममता, तृष्णा आदिका वासनाजाल चुँडिन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वैतप्रपञ्च सर्वथा असत् हो, मिथ्या हो भन्ने पूर्ण निश्चय र अद्वैत आत्मवस्तु मात्र सत्य हो भन्ने अपरोक्ष अनुभव हुनु ब्राह्मी स्थिति हो। यो स्थितिको महापुरुष सर्वथा मुक्त हुन्छ। शरीरेन्द्रियादिमा अहंभाव हराइसकेको हुनाले, आत्म साक्षात्कार भैसकेको हुनाले यस्तो महात्मा जीवन्मुक्त हो। यस्तो जीवन्मुक्त पुरुषमा कहिल्यै पनि मोह हुँदैन, सर्वदा आत्मविद्याको प्रकास भासमान भइरहन्छ। शरीरेन्द्रियादि सुतून वा उठून, लडून वा पडून आत्मविद्यामा कुनै असर पर्दैन। पढेका जानेका कुरा सुतेर उठ्दा जस्ता तस्तै जानिएकै हुन्छन्। त्यस्तै आत्मविद्या एक पटक भएपछि भयो भयो। यो त स्वरूप नै हो, आउने र जाने छैन, आत्मा आफैं हो, आत्मा ज्ञानै हो, बिद्या नै हो; ज्ञान, विद्या आफैं हो। नभएको मोह उठेको थियो, त्यसको जरो नै उखेलिइसक्यो, मोहबीज नै ज्ञानाग्निले डढिसक्यो। त्यसैले कहिल्यै मोह हुँदैन। ब्रह्मस्थित महात्मा शरीरेन्द्रियादि धारणा भएको इतरजनले देखिरहे पनि देख्दैन, ऊ विदेहमुक्त भैसकेको छ। अरूले देखिरहेका शरीरेन्द्रियादि ढल्दा पनि, प्राणवियोग हुँदा पनि ऊ ब्राह्मी स्थितिमा नै रहेको हुन्छ। त्यसकारण अरूका दृष्टिमा रोगाएर वा अकस्मात्, सुतेको वेला अथवा उठेका वेला, लडीबुडी खेल्दै वा हाँस्दै, होशैमा रहेर वा बेहोश भएर, वा मूर्छा परेर जसरी शरीरत्याग भए पनि, प्राण छुटे पनि केही फरक पर्दैन। आत्मज्ञानी ब्रह्ममा नै स्थित रहेको हुन्छ, ब्रह्म नै हो ब्रह्म नै हुन्छ। ज्ञानीका शरीरेन्द्रियादि त मोह छुटेकै क्षणमा, आत्म बोध उदाएकै क्षणमा छुटिसकेका छन्, ब्राह्मी स्थितिमा स्थिति भैसकेको छ। अरुका दृष्टिमा उसका शरीरेन्द्रियादिको अन्तकालमा पनि ऊ ब्राह्मी स्थितिमा नै स्थित रहेर ब्रह्म निर्वाण हुन्छ।

आत्मस्वरूप साक्षात्कार जुन वेला भए पनि परम पुरुषार्थ सिद्धि भयो। जीवनभरी साधना गर्दा गर्दै शरीरेन्द्रियादिको अन्तकालमा भए पनि, ब्राह्मी स्थितिमा स्थित रहेमा ब्रह्म निर्वाण हुन्छ।

आत्मस्वरूप साक्षात्कारको निमित्त कुनै उमेर, काल, वा आश्रमको नियम छैन, बन्देज छैन। बाल्य, यौवन, वा वृद्धत्व जुन सुकै उमेरमा पनि सार सउँदैमा वा प्राण छुट्ने जुनसुकै कालमा पनि, ब्रह्मचर्य, गृहस्थी बानप्रस्थ वा संन्यास जुनसुकै आश्रममा पनि, साधनाको परिपाक भएपछि, ब्रह्मज्ञान प्राप्त हुन्छ। प्राण छुट्ने आखिरी समयमा, जराजीर्ण उमेरमा, पछिल्लो संन्यास आश्रममा ब्राह्मी स्थिति भयो भने पनि मुक्ति हुन्छ; सार सउँदैमा, कलिलै उमेरमा ब्रह्मचर्य आश्रममा नै भयो भने त झन के भन्नु पर्ला? "स्थित्वास्या मन्तकाले पि ब्रह्म निर्वाण मृच्छति"।

ॐ तत् सत् इति श्रीमद्भगवद् गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे साङ्ख्ययोगो नाम द्वितीयः अध्यायः।

साङ्ख्ययोग भनिने दोस्रो अध्याय समाप्त भो।

गीताशास्त्रको मुख्य विषय ज्ञान निष्ठा हो भन्ने तथ्य यो दोस्रो अध्यायबाट सिद्ध भएको छ। प्राचीन परम्परा अनुसार शास्त्रको दोस्रो अध्याय अथवा दोस्रो सूत्रमा शास्त्रबाट प्रतिपादन गरिने प्रधान विषय बताउने चलन छ। सो अनुसार यो दोस्रो अध्यायको आरम्भ आत्माको स्वरूपवर्णनबाट भएको छ र उपसंहार आत्मस्वरूप ज्ञानको चरम परिणति स्वरूप स्थितप्रज्ञभावको वर्णनबाट भएको छ। त्यसैले यसको नाम सांख्ययोग रहेको हो। सांख्ययोगको पूर्णता जीवात्मा र परमात्माको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभेदसाक्षात्कार पूर्वक अखण्ड एकरसको अनुभवमा हुन्छ । यसको उपाय भक्ति (उपासना) हो । उपासनाको लागि चित्त शुद्ध नभई हुँदैन । अनासक्त भावले कर्तव्य कर्म नगरी चित्त शुद्ध हुँदैन । मोहनाश चाहने साधकले प्रथमतः शास्त्रले बताए अनुसार अनासक्त भावले स्वधर्मको आचरण गर्नुपर्छ; साथै आफ्नो वास्तव स्वरूप यथार्थ बुझ्नुपर्छ; परमेश्वरमा भक्ति गर्नुपर्छ । यो अध्यायमा जीवात्माको अविकारी, अकर्ता नित्य स्वरूपको उपदेश भएको छ; स्वधर्मपरिपालनको आवश्यकता बताइएको छ; कर्मयोगको अपरिहार्यता सम्झाइएको छ र जुनसुकै निष्ठामा, योगमा पनि समत्वभावयोग हुनै पर्छ भन्ने सिद्धान्तको प्रतिपादन भएको छ । अघिल्ला अध्यायहरूमा यिनै कुराहरूको वर्णन भएको हुनाले यो अध्याय गीतासार सूचनाध्याय बनेको छ । मधुसूदन सरस्वतीले यो अध्यायको नाम 'सर्वगीतार्थ सूत्रणभू' भन्ने राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ तृतीयः अध्यायः- कर्मयोगः

अर्जुन उवाच – अर्जुनले भन्नुभो ।

ज्यायसी चेत् कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत् किं कर्मणि घोरे मां नियोजयसि केशव ।१।

जनार्दन, ते कर्मणः बुध्दिः ज्यायसी मता चेत् तत्, केशव, किं घोरे कर्मणि मां नियोजयसि ।

हे जनार्दन, हजुरले कर्मभन्दा बुद्धि बेस हो भन्ने मानिबक्सेको भए हे केशव, किन मलाई घोर कर्ममा लगाइबदिसन्छ । १ ।

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयो ह माप्नुयाम् ।२।

व्यामिश्रेण इव वाक्येन मे बुध्दिं मोहयसि इव, तत् निश्चित्य एकं वद येन अहं श्रेयः आप्नुयाम् ।

छयासमिस जस्तो भएको कुराले मेरो बुद्धिलाई अलमल्याइ दिइबक्सेको जस्तोभो । तसर्थ निश्चयसँग त्यो यौटै कुरा आज्ञा होस् जसबाट म कल्याण पाउन सकूं ।

अर्जुनलाई भित्र कर्म छोड्न मन लागिरहेको थियो । भगवान्‌बाट भएको उपदेशमा कर्म छोड्न नहुने भन्ने पनि उहाँले बुझ्नुभो, ज्ञाननै श्रेष्ठ हो भन्ने पनि उहाँले बुझ्नुभो । योगनिष्ठा र सांख्यनिष्ठाको स्वरूप र तिनमा भएको भिन्नताको ज्ञान उहाँलाई भइसकेको छ । उपनिषद् रूपी गाईलाई पगारेर अमृत निकाल्न सक्ने अर्जुनले निष्काम कर्मयोगको विषय नबुझेर प्रश्न गर्नु भएको भन्न त के, सम्झनु पनि हुँदैन । दोस्रो अध्यायमा उपदिष्ट विषयलाई छुट्टा छुट्टै स्पष्ट गराइ दिने उहाँको अनुरोध हो ।

भगवान्‌ले कर्मनिष्ठा भन्दा, प्रवृत्तिमार्ग भन्दा ज्ञाननिष्ठा, निवृत्ति मार्ग उत्तम हो भन्ने स्पष्ट हुकुम भएकै बुझ्नु भएको थियो अर्जुनले । कुरो त यहाँ के पऱ्यो भने, कर्मभन्दा ज्ञान श्रेष्ठ हो भन्ने आज्ञा भएर पनि अर्जुनलाई चाहिं कर्म नै गर्नुपर्ने उपदेश बक्स्यो– 'क्षत्रियका निम्ति धर्मयुद्ध भन्दा श्रेय केही छैन; 'धर्मयुद्ध गर्न पाउनु क्षत्रियको महाभाग्य हो', 'धर्मयुद्ध गरेनौ भने ठूलो पाप लाग्नेछ ।', 'कर्ममा नै तिम्रो अधिकार छ ।', 'कर्मयोगमा लाग ।' आदि । त्यसैले अर्जुन प्रश्न गरी रहनु भएको छ– म कता लागौं त प्रवृत्ति मार्गतिर कि निवृत्ति मार्गतिर ? कर्मभन्दा ज्ञान ठूलो हो, बेस हो भन्ने कृष्णबाट मर्जी भइरहेथ्यो, अर्जुन कर्म छोड्न खोजिरहनु भएकोथ्यो । यसमा निर्णय के ? कुन बेस हो भन्ने प्रश्न हैन कुन कर्तव्य हो भन्ने प्रश्न उपस्थित भएको छ । यसैमा स्पष्ट उपदेश पाउन अर्जुन हतारिनु भएको छ– तदेकं वद निश्चित्य येन श्रेयोह माप्नुयाम् । "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री भगवानुवाच— श्री भगवान्‌बाट आज्ञा भो ।

लोकेस्मिन् द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ।३।

अनघ अस्मिन् लोके द्विविधा निष्ठा पुरा मया प्रोक्ता, ज्ञानयोगेन सांख्यानां, कर्मयोगेन योगिनाम् ।

पाप नभएका हे अर्जुन, यो मनुष्यलोकमा दुइ किसिमको निष्ठा हुन्छ भनी पहिले मैले भनेंको हुं । ज्ञानयोगबाट सांख्यहरूको र कर्मयोगबाट योगीहरूको निष्ठा चल्छ । ३ ।

मोक्ष नै परम पुरुषार्थ हो । मनुष्य जीवनको परम उद्देश्य मोक्षनै हो । धर्म, अर्थ, काम अतान्तर पुरुषार्थ हुन्; अर्थात् परमपुरूषार्थ प्राप्त गर्ने बाटोमा हिंड्दा बीचबीचमा पाइने फल हुन् । त्यसैले निष्ठा दुइ हैन यौटै छ, आत्म निष्ठा, ब्रह्मनिष्ठा । यसमा पुग्ने मूलबाटो ज्ञान मार्ग नै हो, अध्यात्म साधना नै हो । अरू मार्ग ज्ञानमार्गमा, मूलबाटोमा पुगिने मार्गहरू हुन् । यहाँ गीतामा ठाउं ठाउंमा ती मार्गहरूको उपदेश भएको छ । जस्तो यसै अध्यायमा कर्म मार्गको, चौथो अध्यायमा विविध यज्ञहरूको, पाँचौं अध्यायमा कर्मसमर्पण योगको । यसैगरी प्रत्येक अध्यायमा सोझै मूल बाटो पक्डन नसकेपनि त्यो बाटो पडक्न सकिने अनेक अवान्तर बाटोको उपदेश भएको छ । कर्मकालमा जति बाटा भएपनि, उपासनाकालमा जति प्रकार भए पनि ज्ञानकालमा यौटै निष्ठा छ, यौटै प्राप्ति छ । कर्ममार्ग पनि ज्ञानमार्गकै सहायक मार्ग हो, कर्मबाट चित शुद्ध हुन्छ, ज्ञानसाधनामा योग्यता प्राप्त हुन्छ। कर्म नगरीकन हुंदै हुंदैन ।

चालू जन्ममा वा पूर्वजन्ममा कर्मफलको अपेक्षा नगरीकन, अनासक्तभावले ईश्वर प्रीतिका निमित्त नित्य नैमित्तिक कर्मानुष्ठानरूप स्वधर्माचरणबाट भगवान्‌को कृपा प्राप्त भएपछि चित्त शुद्ध हुन्छ, भोगमा लाग्न छोड्छ । नित्यानित्य वस्तुको विवेक हुन्छ, अनित्यवस्तुमा वैराग्य हुन्छ । नित्यवस्तुमा चित्त लाउने अभ्यास बढछ । ज्ञानयोगबाट ब्रह्मनिष्ठा प्राप्त हुन्छ । मोक्ष यही हो । मोक्ष नै परम पुरूषार्थ हो, प्राप्तव्य मोक्ष नै हो । तर ज्ञानयोगसाधना सिद्ध नभई आत्मष्ठिा हुंदैन । कर्मयोगसाधना सिद्ध नभई ज्ञानयोगसाधनाका निमित्त प्रथम आवश्यकता भएको चित्तशुद्धि प्राप्त हुंदैन ।

प्रवृत्तिमार्गबाट पनि हिंड्नु पर्छ, निवृत्तिमार्गबाट पनि हिंड्नु पर्छ । कर्मयोग पनि हुनुपर्छ, ज्ञानयोग पनि हुनुपर्छ। प्रत्येक साधकको निमित्त यी दुवै आवश्यक छन् । एकैचोटि गर्न खोज्ने हैन । यसमा अधिकारभेद छ, क्रम छ । कर्म छोडेर मात्रै हुने पनि हैन, कर्म गरेर मात्रै पनि हुने हैन । अर्जुनको निमित्त प्रथमतः कर्मयोग नै कर्तव्य छ भन्ने भगवान्‌को आशय हो । त्यही स्पष्ट गरिदिन अर्जुनले अनुरोध गर्नु भएको थियो, भगवान्‌बाट त्यही स्पष्ट गरि बक्स्यो, सांख्यले ज्ञानीले ज्ञानयोगमा नै स्थित हुनुपर्छ, ज्ञानोदय भैनसकेकाहरूले कर्मयोग गरिरहनै पर्छ ।

न कर्मणा मनारम्भान् नैष्कर्म्यं पुरुषो श्नुते ।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ।४।

कर्मणाम् अनारम्भात् नैष्कर्म्यं पुरुषः न अश्नुते । संन्यसनात् एव सिद्धिं न च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समधिगच्छति ।

कर्महरू नगर्दैमा नैष्कर्म्य पुरुषले पाउँदैन । संन्यास गर्दैमा सिद्धि पनि पाउँदैन ।

विना ज्ञान मोक्ष हुँदैन । नित्य शुद्ध बुद्ध निरञ्जन निराकार अखण्ड आत्माको साक्षात्कार नभई कर्मबन्धन छुट्दैनन् । नैष्कर्म्य भनेको कर्मबन्धन छुट्नु हो । कर्म नगर्नाले वा कर्म छोड्नाले मात्र कर्मबन्धन छुट्ने हैन । बरू कर्म गऱ्यो भने कर्मबन्धन छुट्न सक्छ । अर्थात् कर्मबाट चित्त शुद्धि द्वारा नैष्कर्म्य सिद्धितिर लाग्न सकिन्छ । कर्मयोग नभई संन्यास पनि प्राप्त हुँदैन । कर्मयोग उपाय हो चित्त शुद्धिको । त्यसैले कर्मयोग नगरी, वर्णाश्रम धर्म अनुरुप नित्य नैमित्तिक कर्म छोडेर चित्त शुद्ध पनि हुँदैन, मोक्ष मिल्दैन । ४ ।

न हि कश्चित् क्षणमपि जातु तिष्ठत्य कर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजै र्गुणैः ।५।

कश्चित् क्षणम् अपि जातु अकर्मकृत् न हि तिष्ठति । हि अवशः सर्वः प्रकृतिजैः गुणैः कर्म कार्यते ।

कोही पनि एकछिन पनि कहिल्यै कर्म नगरी रहँदैन किनभने चित्त वशमा नभएका सबै प्रकृतिका सत्व रज तम गुणबाट कर्ममा लगाइन्छन् ।

कर्म गर्नु र नगर्नुमा भन्दा चित्त शुद्ध हुनु र नहुनुमा दृष्टि दिनुपर्छ । चित्त शुद्ध छ, वासनाबाट वासित छैन भने सत्व आदि गुणको विकारले छुँदैन । शुद्ध छैन भने, भोगवासनाबाट मलिन छ भने सत्व आदि गुणको विकारले छोड्दैन । कर्म चलाउने कल पुर्जा त चलिरहन्छन्, कर्म चलिरहन्छ । चित्त शुद्ध नभई, ज्ञान नभई कर्म छोड्छु भनेर छोडे भनेर हुँदैन । ५ ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान् विमूढात्मा मिथ्याचारः स उच्यते ।६।

यः विमूढात्मा कर्मेन्द्रियाणि संमम्य इन्द्रियार्थान् मनसा स्मरन् आस्ते सः मिथ्याचारः उच्यते ।

जो मोहयुक्त अन्तःकरणवाला हातगोडा आदि कर्मेन्द्रियहरूलाई रोकेर शब्दस्पर्श आदि विषयहरूलाई सम्झिरहन्छ त्यो मिथ्याचारी कहिन्छ । ६ ।

यस्त्विन्द्रियाणि मनसा नियम्यारभते र्जुन ।
कर्मेन्द्रियैः कर्मयोग मसक्तः स विशिष्यते ।७।

हे अर्जुन, यः तु इन्द्रियाणि मनसा नियम्य कर्मेन्द्रियैः कर्मयोगम् आरभते असक्तः स विशिष्यते ।

हे अर्जुन, तर जसले श्रोत्र आदि ज्ञानेन्द्रियलाई मनले तह लगाएर हात गोडा आदि कर्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्द्रियहरूलाई चलाएर कर्मयोग गर्छ आसक्ति नभएको त्यो साधक बेस हो ।

कर्म नगर्नुमा हैन चित्त शुद्ध बनाउनमा ध्यान दिनु पर्ने जस्तै कर्मेन्द्रियलाई रोक्नुमा भन्दा ज्ञानेन्द्रियलाई तह लगाउनमा दृष्टि दिनुपर्छ । मनमा मलिन वासनाहरू छैनन् भने कान आदि ज्ञानेन्द्रियहरूलाई तह लाउन सकिन्छ; ठीक ठीकसंग चल्ने बनाउन सकिन्छ र कर्मेन्द्रियहरूबाट सत्कर्महरू, कर्तव्य कर्महरू मात्र हुन्छन् । मनमा नै मलिन वासना छ भने ज्ञानेन्द्रियहरू तह लागेका हुँदैनन्, कर्मेन्द्रियलाई रोकेर केही फाइदा हुँदैन । वास्तवमा कर्मेन्द्रिय रोकिन्नन् । मनले विषय सम्झिरहने, कर्मेन्द्रियहरूलाई रोक्ने आचार मिथ्या हो । यस्तो गर्ने मान्छे फटाहा हो, अरूलाई पनि आफूलाई पनि छकाउने पापी हो ।

त्यसकारण ज्ञान नभई त हुँदै हुन्न । ज्ञान हुन प्रथमतः चित्त शुद्ध हुनुपर्छ । कर्म नगरेर चित्त शुद्ध हुने हैन । फलासक्ति नगरीकन समभावबाट नित्य नैमित्तिक स्वकर्तव्य कर्म गर्नु नै ज्ञान प्राप्तिको, बोधोदयको उपाय हो । बोधोदय नभएसम्म, स्वरूपसाक्षात्कार नभएसम्म अन्तः करणका भोगवासनालाई पखाल्नका लागि र अरू वासना बन्न नदिनका लागि मनलाई र मन द्वारा ज्ञानेन्द्रियहरूलाई नियमपूर्वक तह लगाएर समत्वबाट आसक्तिरहित भई कर्म गर्नु नै पर्छ । ७ ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ।८।

त्वं नियतं कर्म कुरु, कर्म अकर्मणः ज्यायः हि । ते शरीर यात्रा अपि च अकर्मणः न प्रसिध्येत् ।

तिमी तोकिएको कर्म गर, कर्म अकर्म भन्दा श्रेष्ठ छ । तिम्रो शरीरयात्रा पनि कर्म बेगर चल्दैन ।

वर्ण, आश्रम अनुसार कर्म तोकिएका छन् । आ-आफ्नो वर्ण, आश्रम उमेर अवस्था अनुसार शास्त्रले तोकेको, निर्धारित गरेको कर्म गर्नुपर्छ, जथाभावी गर्नु हुँदैन । जथाभावी गर्न थाल्यो भने, उल्टा सुल्टा गर्न थाल्यो भने परलोकस्थिति त बिग्रन्छ; यो लोकको स्थिति पनि बिग्रन्छ, भाँडिन्छ । थिति बिग्रियो, भाँडियो भने मानिसको जीविका पनि चल्दैन, शरीर पनि अड्दैन ।

धर्म रक्षाको काममा खटिएका अर्जुन जस्ता क्षत्रियहरूले आफ्नो क्षत्रिय धर्म छोडेर, लोकको स्थिति सम्हाल्ने कर्तव्य छोडेर भिक्षा माग्न थाले भने लोकस्थिति कसले सम्हाल्ने ? थिति नै बिग्रे पछि अर्जुनजस्ता भिक्षुलाई भिक्षा नै कसले दिने ? किन दिने ?

अर्जुनजस्ता क्षत्रियलाई भिक्षा माग्ने अधिकार शास्त्रले दिएकै छैन । यिनले भिक्षा मागे पनि सङ्कट हुन्छ ।

भिक्षा माग्नु शास्त्र अनुसार गृहस्थ धर्मभन्दा धेरै कठोर छ, धेरै ठूलो छ । सन्तानको, स्वजनको माया ममता, स्वर्ग आदि लोकको इच्छा आकाङ्क्षा, तिनै त्रिलोकका समस्त वैभवहरूको आशा तृष्णा छुटेपछि भिक्षा माग्ने अधिकार शास्त्रले दिएको छ । पुत्रैषणा, लोकैषणा, वित्तैषणा-बाट माथि नउठीकन भिक्षाचर्या चल्दैन; आफ्नो वर्णाश्रम धर्म नै गर्नुपर्छ । ब्राह्मणलाई चारै आश्रमको अधिकार छ । क्षत्रियलाई सामान्यतः संन्यासको अधिकारै शास्त्रले दिएको छैन, ब्रह्मचर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहस्थी र वानप्रस्थ तीन आश्रममा मात्र क्षत्रियलाई अधिकार छ। हो, आत्मस्वरूप बोध भैसक्यो भने क्षत्रियले संन्यास आश्रममा प्रवेश गर्नु हुन्छ । यस्तो संन्यासलाई विद्वत्संन्यास भन्ने चलन छ। आत्म स्वरूप जानिसकेको छैन, जान्ने इच्छा उठयो, धनजन लोकको इच्छा हरायो भने गरिने संन्यासलाई विविदिषा संन्यास भन्छन् । यो संन्यासको अधिकार ब्राह्मणलाई मात्र छ।८।

यज्ञार्थात् कर्मणो न्यत्र लोको यं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचार ।९।

यज्ञार्थात् कर्मणः अन्यत्र अयं लोकः कर्म बन्धनः । तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ।

यज्ञको निमित्त गरिने बाहेक अन्य कर्ममा लाग्ने पुरुषलाई कर्मले बाँध्छ । यज्ञका निमित्त कर्म, हे अर्जुन अभिमान आसक्ति छोडेर, राम्ररी गर ।

वर्णाश्रम अनुसारको कर्म कर्मको रूपमा स्वरूपतः बन्धन वा बन्धन हेतु हैन । यज्ञको निमित्त भन्ने भावबाट गरेको कर्मले बाँध्दैन । यज्ञ विष्णुको एक अवतार हो । ईश्वरको निमित्त गरिने कर्म यज्ञ हुन्छ । यज्ञले बन्धन गर्दैन, चित्त सफा गर्छ । मूल कुरो आसक्ति गर्नु हुन्न, विधिपूर्वक गर्नुपर्छ ।

बन्धन वास्तवमा आसक्ति हो अभिमान हो । बन्धनबाट छुटन अभिमान आसक्ति छोड्नु पर्छ; भोगार्थ हैन, यज्ञार्थ कर्म गर्नुपर्छ । यज्ञार्थ गरेपनि अनियत अर्थात् आफ्नो वर्ण र आश्रमसंग नमिल्दो र काम्य कर्म गर्ने हैन । आसक्ति नराखीकन आफ्नो वर्ण र आश्रम अनुकूल नित्य कर्म यज्ञलाई उद्देश्य बनाएर यज्ञस्वरूपी भगवान्मा अर्पण गर्ने गरी गर्नुपर्छ । आफू ब्राह्मण, क्षत्रिय वैश्य वा शूद्र ज हो; ब्रह्मचारी गृहस्थी, वानप्रस्थ वा संन्यासी जे हो; त्यसलाई शास्त्रले जस्तो कर्मको विधान गरेको छ, त्यो गर्नुपर्छ । कर्मको उद्देश्य भोगलाई हैन, यज्ञलाई बनाउनुपर्छ । छोटकरीमा कर्मसिद्धान्तको सार संक्षेप यही हो ।

यज्ञ धेरै प्रकारका छन् । यज्ञलाई साक्षात् भगवान्को एक स्वरूप मान्नुपर्छ, आफ्नो कर्म यज्ञलाई अर्पण गर्नुपर्छ । यसो गरेमा कर्मले संस्कार बनाउँदैन र बन्धन गर्दैन ।

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्व मेष वो स्त्विष्टकाम धुक् ।१०।

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरा प्रजापतिः उवाच । अनेन प्रसविष्यध्वम् एषः वः इष्टकाम-धुक् भवतु ।

यज्ञ संग प्रजाको सृष्टि गरेर सृष्टिको आदिमा सृष्टिकर्ता प्रजापतिले भन्नु भो – यो यज्ञका माध्यमबाट उत्पादन गर यो यज्ञले तिमीलाई चाहिएको कुरा दिनेछ ।१०।

देवान् भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः पर मवाप्स्यथ ।११।

देवान् अनेन भावयत, ते देवाः वः भावयन्तु । परस्परं भावयन्तः परम् श्रेयः अवाप्स्यथ ।

देवताहरूलाई यो यज्ञबाट सन्तुष्ट पार, असल गर; ती देवताले तिमीहरूलाई तृप्त गरुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परस्परको सद्भावबाट ठूलो कल्याण प्राप्त गर्नेछौ ।११।

इष्टान् भोगान् हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्ता नप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ।१२।

यज्ञभाविताः देवाः वः इष्टान् भोगान् दास्यन्ते तैः दत्तान् एभ्यः अप्रदाय यः भुङ्क्ते सः स्तेन एव ।

यज्ञबाट मानिएका देवताहरूले तिमीहरूलाई चाहिएका भोग्य वस्तुहरू दिनेछन् । तिनले दिएका अन्नजल आदि भोग्य वस्तु ती देवतालाई नचढाईकन जसले आफैं मात्र भोग गर्छ, त्यो चोर नँ हो ।१२।

भगवानले बनाउनु भएको ब्रह्माण्डमा अनेक भोग्य वस्तुहरू पनि, भोक्ता प्राणीहरू पनि छन् । भोक्ताको र भोग्यको सन्तुलन सृष्टिमा सदा विद्यमान छ । भगवान्ले सबै प्राणीका निमित्त चाहिंदो जति पुग्दो मात्रामा भोग्य विषयको सृष्टि गर्नु भएको छ । सबैले सबैसँग मिलेर बाँडीचुँडी सद्भाव पूर्वक भोग गरेमा सबैलाई यथेष्ट पुग्छ, कसैलाई नपुग्ने हुँदैन । सबैले परस्पर सहयोग गर्नु पर्छ, काम चोर्नु पनि हुन्न, माम चोर्नु पनि हुन्न । समस्त जगत्, सारा ब्रह्माण्ड एक परिवार हो । यहाँ सबैले सबैको हेरचाह गर्नु पर्छ । सबैले सबैलाई दिनु पर्छ । अरूलाई नदिईकन आफूले मात्रै भोग गर्नु चोरी हो, पाप हो । अरूलाई पनि दिएर मात्रै खानु यज्ञ हो । यहाँका समस्त वस्तु ईश्वरका हुन्, समस्त प्राणी ईश्वरकै हुन् । गर्ने र साँच्ने शक्ति मानिसमा मात्रै छ । अरू योनिमा गरेको कर्म साँचिदैन, संस्कार जन्माउने हुँदैन । मनुष्ययोनिमा गरेको कर्ममात्र उचित र अनुचितको लेखा जोखामा पर्छ । यज्ञ गर्ने मनुष्यले नै हो । अरुलाई पनि विधिपूर्वक भागशान्ति दिनु यज्ञ हो । दिनुका किसिम धेरै छन्, विधि अनेक छन् । देवता, पितृ, ऋषि, मनुष्य तथा अन्य प्राणीलाई समेत तृप्त पार्ने, भाग दिने कर्तव्य मानिसको हो । यी सबैलाई शास्त्रले बताएका विधि विधान पूर्वक पूजापाठ, श्राद्धतर्पण, अध्ययन, अध्यापन, जपतप, यज्ञयाग, दानदातव्य, धर्मकर्म आदिद्वारा सन्तुष्ट पार्नु मनुष्यको कर्तव्य हो । यज्ञ भनेको यस्तै हो । यसो नगरी आफू र आफ्ना स्त्रीपुत्रादिका लागि मात्र गर्नु गराउनु, खानु खुवाउनु चोरी हो, पाप हो ।१२।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्विषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ।१३।

यज्ञशिष्टा शिनः सन्तः सर्व किल्विषैः मुच्यन्ते । ये आत्मकारणात् पचन्ति ते तु अघं भुञ्जते, पापाः ।

यज्ञ (सामान्यतः देवयज्ञ, पितृयज्ञ, ब्रह्मयज्ञ, मनुष्ययज्ञ, भूतयज्ञ भनिने पञ्च महायज्ञ) गरेर शेष रहेको वस्तु भोग गर्ने सज्जनहरू सबै पापबाट मुक्त हुन्छन् । जो आफ्नो (शरीर इन्द्रिय, स्त्री-पुत्रादिको) लागि मात्र खाना बनाउँछन् तिनले पापको भोजन गर्छन्, ती पापी हुन् ।१३।

अन्नाद् भवन्ति भूतानि पर्जन्या दन्न संभवः ।
यज्ञाद् भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ।१४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

सन्ध्या गर्छ उपासनीय सूर्यमण्डलको

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्ध्या गर्दा उपासनीय सूर्य मण्डलकी

गायत्री देवी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्नात् भूतानि भवन्ति, पर्जन्यात् अन्नसंभवः, यज्ञात् पर्जन्यः भवति, यज्ञः कर्म-समुद्भवः ।

अन्नजलबाट प्राणी हुन्छन्, मेघजलबाट अन्नजलहरू हुन्छन् । यज्ञबाट मेघजल हुन्छ, यज्ञ कर्मबाट हुन्छ । १४ ।

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम्
तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ।१५।

कर्म ब्रह्मोद्भवं विद्धि, ब्रह्म अक्षर समुद्भवम्, तस्मात् सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रति-ष्ठितम् ।

कर्म ब्रह्मबाट (वेदबाट) हुन्छ भन्ने जान । वेद अक्षर परमात्माबाट भएको हो । त्यसकारण सबै कुरामा प्रथम प्रकाश दिने वेद सँधै यज्ञमा प्रतिष्ठित छ । १५ ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः
अघायु रिन्द्रियारामो मोघं पार्थ स जीवति ।१६।

एवं प्रवर्तित चक्रं यः इह न अनुवर्तयति अघायुः इन्द्रियारामः सः पार्थ मोघं जीवति ।

यसरी चलाएको चक्रलाई चलाउने कामको जुन मनुष्यले अनुसरण गर्दैन पापजीवन भएको, इन्द्रियमा रमेको त्यो मानिस व्यर्थै बाँचेको हो ।

यो जगत्मा यज्ञको सारै ठूलो महत्व छ । यज्ञ धेरै किसिमका हुन्छन् । मुख्य रूपमा यज्ञ शब्दले पूजा सम्मान, मेलमिलाप र दान जस्ता समाज कल्याणकारी अर्थ बताउँछन् । दिव्यशक्ति-सम्पन्न देवताहरूको पूजा आराधना, ज्ञानी धर्मी महापुरुषहरूको मान सम्मान, सज्जनहरूको मान्य-जनको आज्ञापालन यज्ञकै अन्तर्गत विषय हुन् । समाजमा मिलेर बस्नु, सामाजिक मर्यादाको पालन गर्नु, त्यसलाई विग्रन नदिनु, सबैलाई मिलेर बस्ने प्रेरणा दिनु पनि यज्ञ हो । संचयको भावनालाई महत्त्व नदिएर आफूसँग भएको अरूलाई दिनु, जनहितकार्यमा धन, श्रम आदि लगाउनु पनि यज्ञ हुन् । यज्ञमय यी काम कुराहरू रोकिए भने जगत व्यवहाररूपी चक्र नै थामिन्छ, सृष्टि नै बरबाद हुन्छ । त्यसैले समाजमा बस्ने प्रत्येक व्यक्तिले यज्ञरूप कर्म गर्नुपर्छ । आफू बाँच्नको निम्ति पनि अरूलाई बचाउने काममा सहयोगी बन्नु पर्छ । यसो नगर्ने मानिस पापी हुन्छ, चोर हुन्छ । त्यस्ताको जीवन व्यर्थ हुन्छ, समाजमा त्यस्ता मानिसको जीवनको कुनै मूल्य हुँदैन, केवल भार हुन्छ ।

सृष्टिको आदिमा परमात्माले जगतको सृष्टि गर्नुभो; आफूले गरेको सृष्टिलाई चलाइराख्नको लागि आपनो निश्वासबाट सनातन वेदको आविर्भाव गर्नुभो । वेदबाट कर्मको, कर्मबाट हुने धर्मको, यज्ञको आविर्भाव भो; धर्मबाट यज्ञबाट वृष्टि भो, वृष्टिबाट अन्न भो, अन्नबाट प्राणी भए, प्राणीमा मानिस भए । सृष्टि चल्यो । यसरी भगवान्ले वेदद्वारा प्राणी सृष्टि गर्नुभो ! यो परम्परा चल्दै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आएको छ । यो संसारमा जन्मेको प्रत्येक मानवले यो परम्परा चलाउनमा योगदान दिनुपर्छ ।

वैदिक संस्कृति अनुसार मानिसले वेदाध्ययन गर्नुपर्छ, त्यसबाट कर्तव्य अकर्तव्यको ज्ञान गर्नुपर्छ, कर्तव्ययज्ञ गर्नुपर्छ । त्यसबाट देवता तृप्त हुन्छन् । देवता तृप्तिबाट वृष्टि हुन्छ । वृष्टिबाट अन्न हुन्छ । अन्नबाट वीर्य, रज बन्छ । वीर्यरजबाट गर्भ र प्राणीको सृष्टि हुन्छ । सृष्टि भएको प्राणी अन्न जलबाटै बढ्छ । प्राणीहरूमा मानिसले वेद पढछ, त्यसै गरी परम्परा चलिरहन्छ । यसलाई सुव्यस्थित रूपसंग चलन दिन र चलाउनमा मानिसले लाग्नुपर्छ ।

मानिसले गरेको यज्ञ याग पूजा अर्चना आदिबाट देवलोक चल्छ; मातृ पितृ सेवा, श्राद्ध-तर्पण आदिले पितृलोक चल्छ; जप तप अध्ययन अध्यापनबाट ऋषिलोक चल्छ; मनुष्यलाई दिएको गाँस, बास, वस्त्र आदिले मनुष्यलोक चल्छ; पशु पक्षीलाई दिएको अन्नजल, स्थान आदिले पशुपक्षी-लोक चल्छ। यसरी मनुष्यको उत्तरदायित्व आफूमा मात्र सीमित छैन; देवता, पितृ, ऋषिमुनि, मनुष्य, पशुपक्षी सम्पूर्णमा विस्तृत छ; सबैको भरण पोषण र कल्याण साधन मनुष्यको कर्तव्य भित्र पर्छन् । मनुष्यहरू मध्ये पनि ब्रह्मचारी, वानप्रस्थ, संन्यासी आश्रममा रहेका मानिसहरूको भरण पोषण गर्ने कर्तव्य गृहस्थाश्रमा रहने मनुष्यको हो । गृहस्थीहरूमा क्षत्रिय गृहस्थीको अझ बढी दायित्व छ, क्षत्रिय गृहस्थीमा पनि राजकुलको बढी उत्तरदायित्व छ । राजा त सर्वोच्च गृहस्थी हो, सम्पूर्णको रक्षण भरण पोषण आदिको व्यवस्था मिलाउने सम्पूर्ण जिम्मेदारी राजाको छ वैदिक संस्कृति अनुसार । त्यसैले राजा वैदिक संस्कृतिमा सर्वश्रेष्ठ मनुष्य हो, सबै देवताको अंश मिलेर बनेको हो, भगवान् विष्णुकै मनुष्यरूप हो । यो कर्तव्यपालनको निमित्त राज्यको, राष्ट्रको व्यवस्था भएको हो । १६ ।

यस्त्वात्मरतिरेव स्या दात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्ट स्तस्य कार्यं न विद्यते ।१७।

यः तु मानवः आत्मरतिः एव आत्मतृप्तः च आत्मनि एव च संतुष्टः स्यात् तस्य कार्यं न विद्यते ।

तर जो मानिस आत्मामा मात्रै रम्ने, आत्मामा नै तृप्त रहने, आत्मामा नै सन्तुष्ट रहने होला त्यसको कार्य हुँदैन । १७ ।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ।१८।

तस्य न एव कृतेन, न अकृतेन इह कश्चन अर्थः अस्य सर्वभूतेषु न च कश्चित् अर्थ-व्यपाश्रयः ।

त्यो आत्मारामको निम्ति न त गरेकोले न त नगरेकोले यहाँ कुनै अर्थ छ । त्यसको सबै प्राणीमा न त कुनै प्रयोजन नै रहन्छ ।

आत्मज्ञानी सदा आत्मामा लीन बनेको छ भने त्यो अवस्था लोकबाह्य अवस्था हो । उसको रति, तृप्ति र सन्तुष्टि आत्मामा मात्रै केन्द्रित भएको छ भने व्यवहारमा उसबाट कसैले कुनै आशा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नुपर्दैन, उसले पनि अन्य कुनै प्रयोजन लिदैन । जडभरत, स्वामी शुकदेव जस्ता आत्मज्ञानी लोकबाह्य नै बनेका हुन्छन् । लोकमर्यादा थाप्नु र थमाउनु पनि यस्ताको चरित्रमा अपेक्षित हुँदैन । यिनीहरू समस्त विधिनिषेधबाट माथि उठेका हुन्छन् । यस्तो गर्नुपर्छ र यस्तो गर्नु हुँदैन भन्ने बाँध र घेरा रहँदैन । यस्तो भन्नाको तात्पर्य अवधूतज्ञानीहरू जथाभावी गर्छन् ; अरूले गर्नुनहुने कामकुराहरू गर्छन्, गर्नुपर्ने काम कुराहरू छोड्छन् भन्ने हैन । यिनका शरीरेन्द्रियहरू पहिले नै पूरा तह लागिसकेका छन् । साधक अवस्थामा निर्ममता, निरहङ्कारता, सर्वभूतदयालुता, आदिको पूर्ण साधना भैसकेको हुनाले यस्ता आत्माराम ज्ञानीहरूमा यी गुण आफैं सक्रिय बनिरहन्छन्, बानी नै बनेका हुन्छन् । उनबाट सबैको भलो नै हुन्छन् । तर भलो गर्छु, भलो गरें भन्ने किसिमको चासो चाहिं उनीहरू पनि लिदैनन्, उनीहरूसंग लिनु पनि पर्दैन । १८ ।

तस्मा दसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन् कम परमाप्नोति पूरुषः ।१९।

तस्मात् असक्तः सततं कार्यं कर्म समाचर । असक्तः हि कर्म आचरन् पूरुषः परम् आप्नोति ।

त्यसकारण अनासक्त बनेर सधै गर्नुपर्ने कर्म राम्ररी गर किनभने असक्त बनेर कर्म गर्ने पुरुषले नै परम पद पाउँछ । १९ ।

कर्मणैव हि संसिद्धि मास्थिता जनकादयः ।
लोकसंग्रह मेवा पि संपश्यन् कर्तु मर्हसि ।२०।

कर्मणा एव हि जनकादयः संसिध्दिम् आस्थिताः । लोकसंग्रहम् एव अपि संपश्यन् कर्तुम् अर्हसि ।

कर्मले नै जनक आदिले सिद्धि पाए । लोकसंग्रहलाई नै पनि राम्ररी विचार गरेर कर्म तिमीले गर्नुपर्छ ।

अवधूत आत्माराम ज्ञानीहरू मात्र कृत र अकृतबाट, समस्त प्रयोजनबाट, विधिनिषेधबाट पर, निरपेक्ष हुने हुनाले अर्जुन जस्ता आदर्श नेताले राजवान्धवले कर्तव्य कर्म, वर्णाश्रम निर्धारित धर्म छोड्न हुँदैन, गर्नै पर्छ । वर्णाश्रम अनुसारको धर्म गर्दा अनासक्त अर्थात् सजिलो र असजिलो, कठोर र सरल, असल र खराब धेरै र थोरै फल दिने कर्म भन्ने किसिमका भावनाले रहित हुनुपर्छ । जनक, राम अश्वपति आदि राजाहरूले पनि सिद्धि पाएको कर्म छोडेर हैन, कर्म गरेरै हो । कर्म नगरी, अन्तःकरण शुध्दै नभई जनक आदिले मुक्ति पाएका छैनन् ।

तत्वज्ञान नभई मुक्ति हुने त कुरै छैन । जनक आदिले कर्मबाटै संसिद्धि पाए भन्नाको अर्थ कर्मबाटै मुक्ति पाए भन्ने हैन । कर्मबाट मुक्ति हुने कुरामा शास्त्र, अनुभव कुनै पनि प्रमाण छैन । कर्मको महिमा अन्तःकरणशुद्धिमा छ । अनासक्तभावबाट कर्तव्यकर्माचरण गरेपछि अन्तःकरण निर्मल हुन्छ, तत्त्वज्ञानोदय हुन्छ, मोक्ष हुन्छ । कर्तव्यकर्माचरण विना पनि मोक्ष हुँदैन, किनभने अन्तःकरण शुद्धि नभएको हुनाले ज्ञान खुल्दैन । ज्ञान खुल्न अन्तःकरणशुद्धि परमावश्यक छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अघिल्ला जन्महरूमा गरेकोबाट पनि शुद्ध हुन सक्छ । तत्त्वज्ञान खुलेपछि पनि आफ्नो वर्ण, आश्रम र मर्यादा अनुसारको कर्म अनासक्त बनेर गरिरहनुपर्छ । जस्तो जनकादिले क्षत्रियवर्ण गृहस्थआश्रम र राजमर्यादा अनुसार तोकिएका कर्म गरि नै रहे । २० ।

यद्यदाचरति श्रेष्ठ स्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ।२१।

यत् यत् श्रेष्ठः आचरति तत् तत् एव इतरः जनः । स.यत्प्रमाणं कुरुते, लोकः तत् अनुवर्तते ।

जे जें श्रेष्ठले गर्छ त्यो त्यो नै अरू जनले गर्छ । त्यसले (श्रेष्ठले) जेलाई प्रमाण बनाउँछ, दुनियाँ त्यसैलाई पछ्याउँछ । २१ ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्त मवाप्तव्यं वर्त एव च कर्मणि ।२२।

पार्थ मे त्रिषु लोकेषु किञ्चन कर्तव्यं न अस्ति अनवाप्तम् अवाप्तव्यं न, कर्मणि वर्ते एव च ।२२।

हे अर्जुन, मेरो लागि तिनै लोकमा कुनै पनि कर्म गर्नुपर्ने छैन । (किनभने) नपाएको र पाउनु पर्ने केही पनि छैन, कर्तव्य कर्ममा रहेकै छु । २२ ।

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ।२३।

यदि हि अहम् अतन्द्रितः कर्मणि जातु न वर्तेयं पार्थ, मनुष्याः सर्वशः मम वर्त्म अनुवर्तन्ते ।

यदि म आलस्यरहित बनेर कर्ममा कदाचित् रहिन भने हे अर्जुन, मानिसहरू सबै तरह मेरै बाटो पछ्याउनेछन् । २३ ।

उत्सीदेयु रिमे लोका न कुर्यां कर्म चे दहम् ।
संकरस्य च कर्ता स्या मुपहन्या मिमाः प्रजाः ।२४।

अहं कर्म न कुर्यां चेत् इमे लोकाः उत्सीदेयुः; संकरस्य च कर्ता स्याम्; इमाः प्रजाः उपहन्याम् ।

मैले कर्तव्य गरिन भने यी दुनियाँ विग्रनेछन्, संकरको कर्ता हुनेछु, यी दुनियाँलाई नष्ट पार्नेछु ।

सक्ताः कर्मण्य विद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद् विद्वां स्तथा सक्त श्चिकीर्षु र्लोक संग्रहम् ।२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविद्वांसः कर्मणि सक्ताः यथा कुर्वन्ति, हे भारत, लोक संग्रहं चिकीर्षुः विद्वान् असक्तः तथा कर्म कुर्यात् ।

अज्ञानीहरू कर्ममा आसक्त बनेर जसरी गर्छन्, लोकमर्यादालाई बनाइराख्न चाहेर विद्वानले अनासक्त बनी त्यसरी नै गरोस् । २५ ।

न बुद्धिभेदं जनये दज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत् सर्वकर्माणि विद्वान् युक्तः समाचरन् ।२६।

अज्ञानां कर्मसङ्गिनां बुध्दिभेदं न जनयेत्; विद्वान् युक्तः सर्वकर्माणि समाचरन् जोषयेत् ।

तत्वज्ञान नभएका, कर्ममा लागेकाहरूको बुद्धिलाई हल्लाइदिनु हुँदैन; विद्वान्ले युक्त भएर सबै शास्त्रोक्त कर्म राम्ररी गरेर तिनलाई उत्साहित गरोस् । २६ ।

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहंकार विमूढात्मा कर्ता ह मिति मन्यते ।२७।

अहङ्कार विमूढात्मा प्रकृतेः गुणैः सर्वशः क्रियमाणानि कर्माणि कर्ता अहम् इति मन्यते ।

अहङ्कारबाट बुद्धि मूढ भएको पुरुष प्रकृतिका गुणहरूले सबै प्रकारसंग गरेका कर्महरूलाई गर्ने 'म' हुँ भन्ने ठान्छ ।

कर्म गर्ने आत्मा हैन, प्रकृति हो । प्रकृतिबाट हुने देहेन्द्रियादिबाट सबै प्रकारका कार्यहरू हुन्छन् । शब्दादि तथा आकाशादि कार्यरूपमा परिणत भएका छन् । श्रोत्रादि तथा वाक् आदि बाहिरी एवं मन चित्त बुद्धिरूपी भित्री इन्द्रिय करण (साधन) रूपमा परिणत भएका छन् । शरीर भोगायतनको (भोगस्थानको) रूपमा परिणत भएको छ । प्रकृतिका परिणामरूपी यी देहेन्द्रिय आदिको यौटा संधात (समूह) तयार भएको छ । त्यो संघातबाट कर्महरू हुन्छन् । त्यो संघातलाई आफू ठान्नेले संघातले गरेको कर्मलाई आफूले गरेको ठान्छ । कार्यकारणहरूको त्यो संघातलाई आफू ठान्नु, आत्मा ठान्नु नै अहंकार हो; यो अहंकारले गर्दा आत्मामा कर्तृत्वको अभिमान हुन्छ ।

तत्त्ववित् तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ।२८।

महाबाहो, गुणकर्म विभागयोः तत्त्ववित् तु गुणाः गुणेषु वर्तन्ते इति मत्वा न सज्जते ।

हे महाबाहु, गुणकर्मविभागको तत्त्व बुझेको पुरुष चाहिं गुणहरू (गुणका परिणाम इन्द्रियहरू) गुणहरूमा (गुणकै परिणाम विषयहरूमा) व्यापार गरिरहेकाछन् भन्ने मानेर आसक्त हुँदैन ।

आत्मा गुणात्मक पनि हैन, कर्मात्मक पनि हैन । गुणकर्म अचित् हुन्, आत्मा चित् हो । अन्धकार प्रकाश जस्तै अचित् र चित् विरुद्ध स्वभावका छन्; अचित् चित् हुँदैन, चित् अचित्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन । अचित्मा हुने अचित् परिणामको चित् आत्मासंग कुनै सम्बन्ध छैन, कुनै स्पर्श छैन । प्रकृतिका गुण-सत्त्व रज र तम-नै बुद्धि चित्त मन, इन्द्रिय विषय आदि रुपले परिणत भएका छन्, तिनबाटै कर्महरू चलेका छन् । जलमय समुद्रमा जलमय तरङ्गहरू उठिरहन्छन्, चलिरहन्छन्, हराइ रहन्छन् । त्यस्तै गुणमय प्रकृतिमा नै गुणमय बुद्धि इन्द्रिय आदि विकार तरङ्गहरू उठिरहन्छन्, चलिरहन्छन्, हराइ पनि रहन्छन् । गुणकर्महरू जन्मै गुणकर्म कै प्रवाह हुन्, रुपान्तर हुन्, यिनको आफ्ना आपनैमा सम्बन्ध छ; जे जे हुन्छन् आफ आफैंमा हुन्छन् । आत्मालाई यसको कुनै–चासो रहँदैन, आत्मामा यिनको कुनै गन्ध हुँदैन ।

प्रकृते र्गुणसंमूढाः सज्जन्ते गुण कर्मसु ।
ता नकृत्स्नविदो मन्दान् कृत्स्नविन् न विचालयेत् ।२९।

प्रकृतेः गुणसंमूढाः गुणकर्मसु सज्जन्ते, अकृत्स्नविदः तान् कृत्स्नवित् न विचालयेत् ।

प्रकृतिका गुणहरूबाट मूढ भएकाहरू गुणकर्ममा आसक्त हुन्छन् । सबै कुरा बुझिनसकेका तिनीहरूलाई सबै कुरा बुझेकोले विचलित नगर्नू ।

प्रकृतिको र पुरुषको यथार्थ विवेक नभएकाहरू प्रकृतिका गुणहरूलाई आपनै भन्ने मोह गर्छन् । तिनले सबै रहस्य बुझि सकेका हुन्नन् । देह इन्द्रिय आदि प्रकृतिका गुणलाई नै आफू भनी मोहमा परेकाहरूबाट देह इन्द्रिय आदिमा हुने कर्तृत्व भोक्तृत्वलाई आत्माकै भन्ने मान्दा कर्मफलभोगका लागि कर्महरू गरिन्छन् । यो पनि यौटा तह हो, कक्षा हो । रात्रोसंग कुरो नबुझाईकन यी गुणकर्मासक्तहरूलाई तत्त्वज्ञानीले आफ्नो अनुभवको आधारमा कर्मबाट विचलित गराइदिनहुँदैन । कर्म गराई गराई आध्यात्मिक विषयहरूको श्रवण मनन आदिमा उनीहरूको रुचि जगाइदिने काम गर्नुपर्छ ।२९।

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा ।
निराशो निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ।३०।

मयि सर्वाणि कर्माणि अध्यात्म चेतसा संन्यस्य, निराशीः, निर्ममः भूत्वा विगतज्वरः युध्यस्व ।

ममा (परमेश्वरमा) सबै कर्महरू विवेक बुद्धि पूर्वक सुम्पेर, आशा र ममता नराख्ने भएर पीर नगरीकन युद्ध गर ।३०।

ये मे मतमिदं नित्य मनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तो नसूयन्तो मुच्यन्ते ते पि कर्मभिः ।३१।

ये मानवाः मे इदं मतं नित्यम् अनुतिष्ठन्ति श्रध्दावन्तः, अनसूयन्तः ते अपि कर्मभिः मुच्यन्ते ।

जुन मानिसहरू मेरो यो मत अनुसार चल्छन्, सँधै श्रद्धा गर्ने, दोष दृष्टि नराख्ने तिनीहरू पनि धर्माधर्मरूप कर्मबाट मुक्त हुन्छन् ।३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये त्वेत दभ्यसूयन्ता नानुतिष्ठन्ति मे मतम् ।
सर्व ज्ञन विमूढा स्तान् विद्धि नष्टा नचेतसः ।३२।

ये तु एतत् अभ्यसूयन्तः मे मतम् न अनुतिष्ठन्ति सर्वज्ञान विमूढान् तान् अचेतसः नष्टान् विद्धि ।

तर जो यो कुरामा दोषदृष्टि गरेर मेरो मत अनुसार चल्दैनन् सर्व ज्ञानमा अलमलिएका तिनीहरूलाई विवेक नभएका, त्यसैले बिग्रेका भन्ने जान ।

कर्म छोडेर छुट्दैन, गरेरै छुट्छ । गरेर छुट्नु भनेको आशा, ममता शोक छोडनु हो । कर्म छोड्नु नछोड्नु आफ्नो अधीनमा छैन । फलाशा, ममता, शोक छोड्नु नछोड्नु चाहिं आफ्नो अधीनमा छ । भगवान सर्वकर्मेश्वर हुनुहुन्छ, जगन्नियन्ता हुनुहुन्छ । वर्णाश्रम धर्म भगवान्को नियम हो सो नियममा रहेर गरेका कर्म जति भगवान्मा नै पूर्णसमर्पण गरी दिनु पर्छ । प्रकृतिबाट कर्म भएका छन्, प्रकृति परमेश्वरको हो, भगवान्लाई कर्मको जिम्मा लाइदिनु सुखको बाटो हो ।३२।

सदृशं चेष्टते स्वस्याः प्रकृते र्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ।३३।

ज्ञानवान् अपि स्वस्याः प्रकृतेः सदृशं चेष्टते भूतानि प्रकृतिं यान्ति निग्रहः किं करिष्यति ।

ज्ञानी पुरुष पनि आफ्नो प्रकृति (वर्तमान जन्मको कारण कर्म संस्कार) अनुसार चेष्टा गर्छ । सबै प्राणी प्रकृतिके अनुसरण गर्छन्, जबर्जजस्तीले के गर्छ ? अर्थात् केही हुँदैन ।३३।

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयो र्न वश मागच्छेत् तौ ह्यस्य परिपन्थिनौ ।३४।

इन्द्रियस्य इन्द्रियस्य अर्थे रागद्वेषौ व्यवस्थितौ तयोः वशं न आगच्छेत् तौ हि अस्य परिपन्थिनौ ।

इन्द्रिय इन्द्रियको विषयमा (शब्द आदिमा) राग र द्वेष हुने गर्छन् । तिनको वशमा नपर्नू, तो दुई नै यो मानिसका दुश्मन हुन् ।३४।

मनुष्यको जीवन प्रारब्ध र पुरुषार्थको बलाबलमा चल्छ । पहिले गरेका कर्म अनुसारका परिणाम हुनु प्रारब्धको बल हो । अहिले गरेका कर्मबाट भविष्य बनाउनु पुरुषार्थको बल हो । मनुष्य प्रारब्धमा परतन्त्र छ, पुरुषार्थमा स्वतन्त्र छ । पहिले गरिसकिएका कर्मले फल जन्माउन थालिसकेका छन् तिनलाई सकार्नै पर्छ, अहिलेका कर्महरूलाई आफूले चाहेजस्तो फलदायक बनाउन सकिन्छ, आफ्नो अधीनमा छ, प्रयत्न गर्नुपर्छ । जन्म अनुसारको कर्म प्रारब्ध हो, रागद्वेष छोडेर गर्नु पुरुषार्थ हो ।

मानिसले अनेक अतीत जन्महरू बिताइसकेको छ। ती जन्महरूमा गरेका कर्महरू संस्कारको रुपमा जम्मा भइरहेका छन् । ती मध्येका एक थरी कर्मको भोगका निमित्त त्यसको अनुरूपका जाति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ण कुलमा जन्म भएको छ । वर्तमान जन्म गराउने कर्मसमूह प्रारब्ध हो । आपनो प्रकृति भनेको यही प्रारब्ध कर्मसमूह हो । यो त चलिसक्यो, यसको वेगलाई मानिसले रोक्न सक्तैन, जहाँसम्म जे जे गराउँदै पुग्नु पर्ने हो, पुग्छ । हानिसकिएको ढुङ्गो जस्तो, घुमाइसकेको पाङ्ग्रो जस्तो हो प्रारब्ध । सो अनुसार जुन जाति, वर्ण, कुलमा जन्म भएको छ त्यो जाति, वर्ण, र कुलका निमित्त शास्त्रले तोकेबमोजिमको कर्म गर्नै पर्छ; खुशले भएपनि, करले भएपनि गर्नै पर्छ । कर्म नगर्न मानिस सक्तैन, राग द्वेष नगर्न चाहिं मानिस सक्छ । कर्म कुनैपनि स्वभावतः असल वा खराब हैन; त्यसमा, त्यसबाट हुने फलमा राग द्वेष खराब हुन । मानिसलाई बिगार्ने शत्रु रागद्वेष हुन् । तिनलाई छोड्न मानिसलाई कसैले छेक्दैन । प्रारब्धलाई त ज्ञानले पनि अन्यथा गर्दैन, चलिसकेको वेग अनुसारका कर्महरू निर्लिप्त भएर असङ्ग भएर गर्नू । शास्त्रले यही बताएको छ । शास्त्र भनेको ईश्वरको विधान हो, नियम हो । सो बमोजिम नगरेको हुँदा जन्म भएको हो, दुःख भएको हो । अब यो जन्ममा सो बमोजिम गरेमा ईश्वर प्रसन्न हुनु हुन्छ अनुग्रह गर्नु हुन्छ । अतः प्रारब्ध अनुसारको जन्म गराउने प्रकृति अनुसारको कर्म गर्नु, रागद्वेष छोड्नु, भगवानको विधान नियमको परिपालन गरेर भगवानको आराधना गर्नु पुरुषार्थ हो ।३४।

श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।३५।

स्वनुष्ठितात् परधर्मात् विगुणः स्वधर्मः श्रेयान् । स्वधर्मे निधनं श्रेयः, परधर्मः भयावहः ।

राम्ररी गरिएको परधर्म भन्दा गुण कम भए पनि स्वधर्म बढी कल्याणकारी छ । स्वधर्ममा मर्नु बेस हुन्छ, परधर्म खतराजनक हुन्छ ।

वर्णाश्रम अनुसारका कर्म शास्त्रले तोकेको छ । जुन जुन वर्ण र आश्रमको निमित्त जुनजुन कर्म तोकिएका छन्, ती ती कर्म त्यो त्यो वर्ण र आश्रमको मानिसको लागि स्वधर्म हो । कुनै एक वर्णको मानिसले आपनो वर्णधर्मलाई नराम्रो र अर्को वर्णधर्मलाई राम्रो मान्नु हुँदैन । आपनो वर्ण धर्म नै आपनो निम्ति श्रेयस्कर हुन्छ; अर्को वर्णधर्म हानिकारक हुन्छ । ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र सबैको निम्ति शास्त्रको यही मर्यादा हो । जगन्नियन्ता परमेश्वरबाट प्राणीहरूले पहिले पहिले गरेका कर्म आशयहरूका आधारमा काम खटाएको छ, जगतको संचालन भइरहेछ । यौटालाई खटाएको काम अर्कोले गऱ्यो भने मर्यादा विग्रन्छ । घर परिवारमा पनि यस्तै हो । यौटै बाबु आमाका छोरा छोरी नाति नातिनाबाट परिवार बनेको हुन्छ, प्रत्येकले परिवारको काम गर्नु पर्छ; कसैले केही, कसैले केही । भात पकाउनेले भान्साको काम छोडेर पानी ल्याउने काम गर्न थाल्यो भने, नचाहिंदो पानी थुप्रिन्छ, चाहिंदो भात पाक्तैन, त्यो दिन पूरा परिवारै खलबलिन्छ । अड्डामा पनि त्यस्तै हो, जजसलाई जुन जुन काम तोकिएको छ, त्यही त्यही काम गर्नु पर्छ । गरेन भने हाकिम प्रसन्न हुँदैनन्, अनुशासनको कारवाही हुन्छ । आफूलाई तोकिएको काम गर्दा त्रुटि भयो भने पनि नियतको हिसाबमा क्षम्य हुन्छ । आपनो वर्ण धर्म अनुसारको काम गर्दा कुनै त्रुटि भए पनि क्षम्य हुन्छ । अतः नियत चोखो राखेर स्वधर्म गर्दा नै कल्याण हुन्छ, परधर्म गर्दा हानि हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन उवाच – अर्जुनले भन्नुभो ।

अथ केन प्रयुक्तो यं पापं चरति पूरुषः ।
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ।३६।

अथ केन प्रयुक्तः अयं पूरुषः अनिच्छन् अपि बलात् नियोजितः इव, हे वार्ष्णेय पापं चरति ।

अनि केबाट प्रेरित यो पुरुष न चाहँदा पनि जबर्जस्ती लगाइए जस्तो भई, हे कृष्ण, पाप गर्छ । ३६ ।

श्री भगवानुवाच— श्री भगवान्बाट भर्जी भो ।

काम एष क्रोध एष रजोगुण समुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येन मिह वैरिणम् ।३७।

एषः कामः एषः क्रोधः रजोगुण समुद्भवः महाशनः, महापाप्मा, एनम् इह वैरिणं विद्धि ।

यो काम हो, यो क्रोध हो । रजोगुणबाट हुने, रजोगुणलाई उठाउने यो ठूलो खन्चुवा, ठूलो पापी छ । यसलाई यहाँ वैरी जान ।

धूमेना व्रियते वह्निर्यथा दर्शो मलेन च ।
यथोल्वेना वृतो गर्भ स्तथा तेनेद मावृतम् ।३८।

धूमेन वन्हिः, आदर्शः मलेन च यथा आव्रियते, यथा उल्वेन गर्भः आवृतः तथा तेन इदम् आवृतम् ।

धूवाँले आगो, ऐना मयलले जसरी ढाकिन्छ जसरी सालनालले गर्भ बेरिन्छ त्यस्तै त्यसले यसलाई ढाकेको छ । ३८ ।

आवृतं ज्ञान मेतेन ज्ञानिनो नित्य वैरिणा
कामरूपेण कौन्तेय दुष्पूरेणा नलेन च ।३९।

ज्ञानिनः नित्यवैरिणा, दुष्पूरेण अनलेन च एतेन कामरुपेण ज्ञानम् कौन्तेय आवृतम् ।

ज्ञानीको नित्यवैरी, दुःखले भरिने, न अघाउने आगोजस्तो यो काम रूपले, हे अर्जुन, ज्ञानलाई ढाकेको छ ।

इन्द्रियाणि मनो बुद्धि रस्याधिष्ठान मुच्यते ।
एतै र्विमोहयत्येष ज्ञान मावृत्य देहिनम् ।४०।

इन्द्रियाणि, मनः बुध्दिः अस्य अधिष्ठानम् उच्यते । एषः एतैः ज्ञानम् आवृत्य देहिनम् विमोहयति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रियहरु (ज्ञानेन्द्रिय), मन र बुद्धि यसका अधिष्ठान (आड) हुन् । यो कामले ज्ञानलाई ढाकिदिएर देहधारीलाई मोहित पार्छ । ४० ।

तस्मात् त्व मिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येन ज्ञान विज्ञाननाशनम् ।४१।

तस्मात् त्वम् मिन्द्रियाणि आदौ नियम्य, हे भरतर्षभ, पाप्मानं ज्ञान विज्ञान नाशनम् एन प्रजहि हि ।

त्यसकारण तिमी इन्द्रियहरुलाई पहिले वश गरेर , हे भरतवंशी अर्जुन, पापकारक र ज्ञान-विज्ञानलाई नास्ने यो कामलाई नाश । ४१ ।

इन्द्रियाणि पराण्याहु रिन्द्रियेभ्यः परं मनः ।
मनस स्तु परा बुद्धि र्यो बुद्धेः परत स्तु सः ।४२।

इन्द्रियाणि पराणि आहः, इन्द्रियेभ्यः परं मनः, मनसः तु परा बुध्दिः यः बुध्देः परतः तु सः ।

इन्द्रियहरूलाई श्रेष्ठ भन्छन्, इन्द्रियहरूभन्दा श्रेष्ठ मन छ, मनभन्दा पनि पर बुद्धि हो, जो बुद्धिभन्दा पनि पर छ त्यो आत्मा हो ।

एवं बुद्धेः परं बुध्द्वा संस्तभ्यात्मान मात्मना ।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ।४३।

एवं बुध्देः परं बुध्द्वा, आत्मना आत्मानं संस्तभ्य, हे महाबाहो, दुरासदं कामरूपं शत्रु जहि ।

यसरी बुद्धिभन्दा श्रेष्ठ आत्मालाई बुझेर शुद्ध बुद्धि द्वारा मनलाई रोकेर (समाधिस्थ भएर), हे महाबाहु दुर्जय कामरूपी शत्रुलाई नाश । ४२ ।

कामजय समस्त साधनाको लक्ष्य हो । ज्ञानको आवरण गर्ने कामले हो । काम भनेको भोगेच्छा हो । भोगेच्छा उठ्ने इन्द्रिय मन बुद्धिमा हो । श्रोत्र आदि इन्द्रियहरू शब्द आदि विषयमा आकृष्ट हुन्छन्, इन्द्रियद्वारा मन त्यही विषयमा पुग्न खोजिरहन्छ र बुद्धि मन इन्द्रियरूपी द्वारबाट विषयको ग्रहण गर्छ । बुद्धिमा भोक्तृत्वको अभिमान उठेपछि मन इन्द्रिय सबै सलबलाउँछन्, काम (भोगेच्छा) उद्दीप्त हुन्छ । यसले साधनालाई विगार्छ । कामजय नगरी, भोगेच्छा नहटाई, भोक्तृत्वा-भिमानलाई नफालो सिद्धि मिल्दैन । यसको निमित्त इन्द्रियलाई विषयतिर दौडन दिनु हुन्न, मनलाई भगवान्को ध्यानमा लगाउनुपर्छ, बुद्धिलाई ध्येयमा स्थिर बनाउनुपर्छ, यसो भए काम उठ्दैन काम नउठे पाप हुँदैन, सिद्धि मिल्छ ।

ॐ तत् सत् इति श्रीमद्भगवद् गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे कर्मयोगो नाम तृतीयः अध्यायः ।

ॐ तत् सत् कर्मयोग नामको तेस्रो अध्याय समाप्त भो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानयोगको र कर्मयोगको पारस्परिक सम्बन्ध देखाउने लक्ष्यले यो अध्यायमा प्रधानता कर्मयोग प्रतिपादनको छ । कर्मयोगको प्राण अनासक्त भाव र समभाव हो । कर्मको स्वरूपतः त्याग कुनै मार्गमा पनि अभीष्ट पनि छैन, अपेक्षित पनि छैन । यसो मात्र हैन, कर्मको स्वरूपतः त्याग असम्भव छ । कर्म, अकर्म र विकर्मको छ्यासमिस हुन थाल्यो भने गाँठो फुस्कनुको सट्टा मस्किदै र जेलिदै जान्छ । त्यसैले कर्मको रहस्य पनि बुझ्नुपर्छ । कर्मफलासक्तिको र कर्तृत्वाभिमानको त्याग नै सिद्धिको वास्तव उपाय हो । यस्तो त्यागको पद्धति र प्रक्रियाको उपदेश यो अध्यायमा भएको छ । त्यसैले यो अध्यायको नाम कर्मयोग भन्ने रहेको हो । प्रसङ्गमा ज्ञानका र भक्तिका कुरा पनि यसमा नभएका हैनन् प्रधान चर्चा कर्मयोगको भएकोले यो अध्यायको यो नाम सबैले एकै मनले सकारेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ चतुर्थः अध्यायः – ज्ञानकर्म संन्यासयोगः

श्री भगवानुवाच – श्रीकृष्ण भगवान्‌बाट आज्ञाभयो ।

इमं विवस्वते योगं प्रोक्तवान ह मव्ययम्
विवस्वान् मनवे प्राह मनु रिक्ष्वाकवे ब्रवीत् ।१।

इमं अव्ययं योगम् अहं विवस्वते प्रोक्तवान्, विवस्वान् मनवे प्राह, मनुः इक्ष्वाकवे अब्रवीत् ।

यो अव्यय योग मैले विवस्वान्‌लाई उपदेश गरें, विवस्वान्‌ले वैवस्वत मनुलाई र वैवस्वत मनुले इक्ष्वाकुलाई उपदेश गर्नुभयो । १ ।

एवं परम्परा प्राप्त मिमं राजर्षयो विदुः
स कालेनेह महता योगो नष्टः परंतप ।२।

परंतप एवं परम्परा प्राप्तम् इमं राजर्षयः विदुः सः योगः महता कालेन इह नष्टः ।

हे विरोधीलाई पीडा दिने अर्जुन, यसरी परम्पराबाट चल्दै आएको यो योगलाई राजर्षिहरू जान्दथे । त्यो योग धेरै लामो समयले गर्दा यहाँ हरायो (परम्परा टुट्यो) । २ ।

स एवायं मया तेद्य योगः प्रोक्तः पुरातनः ।
भक्तो सि मे सखा चेति रहस्यं ह्येत दुत्तमम् ।३।

सः एव अयं पुरातनः योगः मया ते अद्य मे भक्तः सखा च असि इति प्रोक्तः । एतत् उत्तमं रहस्यं हि ।

यो त्यही पहिलेदेखिको योग मैले तिमीलाई आज मेरा भक्त र मित्र पनि हौ भनेर बताएको हुँ । यो उत्तम रहस्य विषय हो ।

कर्मयोग उपाय हो, ज्ञानयोग प्राप्तव्य हो । कर्मयोग विधिवत् भएपछि ज्ञानयोग प्राप्त हुन्छ । अतः कर्मयोगसहित ज्ञानयोग मनुष्यले जान्नुपर्ने कुरा हो । मनुष्यसमाजको रक्षा गर्ने राजा हुन् । प्रत्येक राजाले कर्मयोगसहित ज्ञानयोग बुझ्नै पर्छ । जगत् रक्षा गर्ने शक्ति यसबाट प्राप्त हुन्छ । राजशक्ति योग्य एवं समर्थ भएमा नै प्रजाशक्ति योग्य हुन्छ, संसारमा सुखशान्ति हुन्छ । सुखशान्तिको मूल केवल विद्या हो, शक्ति विद्यामा नै हुन्छ । देशमा विद्या छ भने, विद्याको रक्षा छ भने देशको रक्षा हुन्छ । विद्या नभएकोले नेतृत्व गर्न सक्तैन । अज्ञानी क्षत्रिय भए भने, अविद्वान् राजा भए भने जगत्‌को परिपालन हुन सक्तैन, अरक्षित प्रजा दुःखमा पर्छ । त्यसैकारण सृष्टिको आदिमा नै यो विद्याको उपदेश भगवान्‌ले गरिबक्सेको हो । यही विद्याका प्रभावबाट राजाहरूले राज्य गर्दै आएका हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन उवाच – अर्जुनबाट आज्ञा भयो ।

अपर भवतो जन्म परं जन्म विवस्वतः
कथ मेतद् विजानीयां त्व मादौ प्रोक्तवा निति ।४।

भवतः जन्म अपरं, विवस्वतः जन्म परम् । त्वम् आदौ प्रोक्तवान् इति एतत् कथं विजानीयाम् ।

हजुरको जन्म पछि भएको र विवस्वान्को जन्म धेरै अघि भएको हो । हजुरले उहिले उपदेश गरिबक्स्यो भन्ने यो कुरा कसरी बुझूं ? । ४ ।

श्री भगवानुवाच – श्रीकृष्ण भगवान्बाट मर्जी भयो ।

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप ।५।

हे अर्जुन, मेतव च बहूनि जन्मानि व्यतीतानी । अहं तानि सर्वाणि वेद परंतप, त्वं न वेत्थ ।

हे अर्जुन, मेरा र तिम्रा धेरै जन्महरू बितिसके । मलाई ती सबै थाहा छ, हे परंतप, तिमी थाहा पाउँदैनौ । ५ ।

अजो पि सन् नव्ययात्मा भूताना मीश्वरोपिसन्
प्रकृतिं स्वा मधिष्ठाय संभवाम्यात्म मायया ।६।

अजः अपि सन्, अव्ययात्मा, भूतानाम् ईश्वरः अपि सन्, स्वां प्रकृतिम् अधिष्ठाय आत्ममायया संभवामि ।

नजन्मने भएर पनि, अविकारी स्वभाववाला, प्राणीको मालिक भएर पनि आफ्नो प्रकृतिलाई वशमा राखेर आफ्नै मायाद्वारा प्रकट हुन्छु । ६ ।

यदा यदा हि धर्मस्य ग्लानि र्भवति भारत ।
अभ्युत्थान मधर्मस्य तदात्मानं सृजाम्यहम् ।७।

यदा यदा हि धर्मस्य ग्लानिः, अधर्मस्य अभ्युत्थानं भवति भारत, तदा आत्मानम् अहं सृजामि ।

जब जब धर्मको घट्ती, अधर्मको बढ्ती हुन्छ, हे भरतवंशी अर्जुन, तब आफूलाई म प्रकट गर्छु । ७ ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ।८।

साधूनां परित्राणाय, दुष्कृतां विनाशाय च, धर्म संस्थापनार्थाय युगे युगे संभवामि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सज्जनहरूको रक्षा गर्न, दुर्जनहरूको नाश गर्न, धर्मको राम्ररी स्थापना गर्न युगयुगमा प्रकट हुन्छु ।

जन्म कर्म च मे दिव्य मेवं यो बेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोर्जुन ।९।

जन्म, कर्म च मे एवं दिव्यं यः तत्त्वतः वेत्ति, सः देहं त्यक्त्वा पुनः जन्म न एति, अर्जुन, माम् एति ।

जन्म र कर्म मेरो यस्तो दिव्य भएको कुरा जसले यथार्थ जान्दछ त्यो पुरुषले शरीर छोडेर फेरि जन्म लिदैन र हे अर्जुन, मलाई पाउँछ । ९ ।

वीतराग भयक्रोधा मन्मया मा मुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद्भाव मागताः ।१०।

वीत राग भय क्रोधाः, मन्मयाः, माम् उपाश्रिताः बहवः ज्ञानतपसा पूताः मद्भावम् आगताः ।

राग, भय र क्रोध छुटेका, ममात्र भएका (इश्वराभेद देख्ने), ममा नै रहेका धेरै पुरुषहरूले ज्ञानतपश्याबाट पवित्र बनेर मेरै भाव प्राप्त गरेका छन् ।

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ।११।

ये यथा मां प्रपद्यन्ते तान् तथा एव अहं भजामि । पार्थ मनुष्याः सर्वशः मम वर्त्म अनुवर्तन्ते ।

जो जसरी मलाई लिन्छन् तिनलाई त्यसै गरी म लिन्छु । हे अर्जुन, मानिसहरू सबै प्रकार मेरै मार्गको अनुसरण गर्छन् । ११ ।

भगवान्को जन्म र कर्म दुवै दिव्य छन्, अभौतिक छन् । अरूहरूको जन्म र कर्म पूर्वजन्मका कर्मबाट हुन्छन् । तिनको शरीर तिनै पूर्वजन्मका कर्म अनुसार स्थूलसूक्ष्म भूतबाट तयार भएका हुनाले भौतिक हुन्छन्, त्यसैले तिनका शरीरमा उत्पत्तिवृद्धि आदि विकारहरू हुन्छन् । भगवान्को कर्मसंस्कार शून्य हुनाले भगवान्को विग्रह कर्मको फल हैन, त्यसैले भौतिक पनि हैन । भगवान्मा अविद्या नहुनाले भगवान्को शरीर अविद्याबाट भएको पनि हैन, साकार र प्रत्यक्ष हुनाले चिन्मात्र पनि हैन । भगवान्को शरीर केवल भगवान्कै इच्छाबाट भएको हो । केवल इच्छाबाट भगवान्ले अवतार लिनुहुन्छ, शरीर तयार पार्नुहुन्छ, त्यसमा अविद्याकामकर्म केही हुँदैन, भूतभौतिकको कुनै स्पर्श भएको हुँदैन । संधै जस्ता तस्तै छ । अवतार भएको समयमा सबैले प्रत्यक्ष दर्शन पाएका थिए । बुझ्नेहरू तरे, नबुझ्नेहरू गडे । भगवानको लीला विग्रह श्यामसुन्दर श्रीकृष्णस्वरूप जस्ता तस्तै छ अहिले पनि । अभक्तको निम्ति संवरण (अन्तर्धान) हुन्छ, सच्चा भक्तका निम्ति अनावरण (प्रकट) हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ।१२।

कर्मणां सिध्दिं काङ्क्षन्तः, इह मानुषे लोके देवताः यजन्ते क्षिप्रं कर्मजा सिध्दिः भवति हि ।

कर्महरूको सिद्धि चाहँदै, यो मनुष्य लोकमा देवताहरूको आराधना गर्छन्; छिटै कर्मबाट हुने सिद्धि हुन्छ । १२ ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः ।
तस्य कर्तारमपि मां विद्ध्य कर्तार मव्ययम् ।१३।

चातुर्वर्ण्यं मया गुणकर्म विभागश; सृष्टम् । तस्य कर्तारम् अपि मां अकर्तारम् अव्ययम् विद्धि ।

चार वर्णको मैले गुणविभाग र कर्मविभाग सहित सृष्टि गरेको हुँ । त्यसको कर्ता भए पनि मलाई अकर्ता, अव्यय जान । १३ ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां यो भिजानाति कर्मभि र्न स बध्यते ।१४।

न मां कर्माणि लिम्पन्ति, न मे कर्मफले स्पृहा इति मां यः अभिजानाति सः कर्मभिः न बध्यते ।

न ममा कर्म लपिन्छन्, न मेरो कर्मफलमा न चाहा रहन्छ । यस्तो मलाई जसल चिन्दछ त्यो कर्महरूबाट बाँधिदैन । १४ ।

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात् त्वं पूर्वैः पूर्वतरं कृतम् ।१५।

एवं ज्ञात्वा पूर्वैः मुमुक्षुभिः अपि कर्म कृतम् । तस्मात् त्वं पूर्वैः पूर्वतरं कृतं कर्म एव कुरू ।

यस्तो बुझर पहिलेका मोक्षमार्गीले पनि कर्म गरे । त्यसैले तिमी पुरुखाहरुले पहिलेदेखि गर्दै त्याएको कर्म गर । १५ ।

किं कर्म किमकर्मेति कवयो प्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज् ज्ञात्वा मोक्ष्यसे शुभात् ।१६।

किं कर्म, किम् अकर्म इति अत्र कवयः अपि मोहिताः । तत् ते कर्म प्रवक्ष्यामि यत् ज्ञात्वा अशुभात् मोक्ष्यसे ।

कुन कर्म, कुन अकर्म भन्ने यो कुरामा पठितहरू पनि अलमलिएका छन् । तसर्थ तिमीलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मको विषयमा बताउनेछु, जो जानेर अशुभबाट मुक्त हुनेछौ । १६ ।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ।१७।

कर्मणः हि अपि बोध्दव्यं, विकर्मणः च बोध्दव्यम्, अकर्मणः च बोध्दव्यम्, कर्मणः गतिः गहना ।

किनभने कर्मको विषयमा बुझ्नुपर्छ, विकर्मको कुरा पनि जान्नु पर्छ, अकर्म पनि बुझ्नुपर्छ । कर्मको गति बुझ्न गाहारो छ । १७ ।

कर्मण्यकर्म यः पश्येद कर्मणि च कर्म यः ।
स बुद्धिमान् मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ।१८।

यः कर्मणि अकर्म, यः अकर्मणि च कर्म पश्येत्, सः मनुष्येषु बुध्दिमान्, सः युक्तः कृत्स्नकर्मकृत् ।

जसले कर्ममा अकर्म, जसले अकर्ममा कर्म देख्छ त्यो मान्छेहरूमा बुद्धिमान हो, त्यो युक्त हो, सो सम्पूर्ण कर्मकर्ता अथवा सम्पूर्ण कर्म छिनाल्नेवाला हो । १८ ।

वर्ण चार छन्— ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र । आश्रम चार छन्— ब्रह्मचर्य, गृहस्थी, वानप्रस्थ र संन्यास । यिनको हित गर्ने कर्महरू भगवान्ले उपदेश गर्नु भएको छ । सो सबै शास्त्र-हरूले बताएका छन् । दया, क्षमा, अहिंसा, अस्तेय सत्य, धैर्य, मनवित्तको निग्रह, पवित्रता, विद्या यी साधारण धर्म हुन्, सबै वर्ण र आश्रमका मानिसको निमित्त समान कर्तव्य हुन् । यज्ञ, वेदाध्ययन, दान यी धर्म ब्राह्मण, क्षत्रिय, वैश्यका समान हुन् । यज्ञ गराउनु, वेद पढाउनु, दान लिनु ब्राह्मणका मात्र कर्म हुन् । राजसूय आदि यज्ञ, प्रजापालन, धर्मयुद्ध क्षत्रियका मात्र कर्म हुन् । कृषि, बन्डबेपार, पशुपालन वैश्यका मात्र कर्म हुन् । सेवा, परिचर्या शूद्रका कर्म हुन् । यसरी गुण अनुसार, त्यो त्यो वर्णमा जन्म गराउने पूर्व कर्म वासना अनुसार वर्णाश्रमको धर्म निर्धारण भएको हो । परापूर्वकालदेखि पूर्वजहरूले वर्णाश्रमधर्मानुसार कर्म गर्दै आएका हुन् । यिनै सिद्ध कर्म गर्दा कर्मसिद्धि प्राप्त हुन्छ । कर्म फरक फरक भए पनि कर्मसिद्धिमा पार्थक्य हुँदैन । ब्राह्मणले आपनो कर्म गर्दा जे जस्तो कर्म सिद्धि पाउने हो, क्षत्रियले, वैश्यले र शुद्रले पनि आफाफ्नो धर्मानुसार कर्म गर्दा उही सिद्धि पाउँछन् । धर्म कर्म तोकिएको पनि मनुष्यलोकमा मनुष्यका लागि मात्रै हो; कर्मसिद्धि हुने पनि मनुष्यले मनुष्यलोकमा गरेका कर्मबाट मात्रै हो ।

कर्म फरक फरक छन्, कर्मसिद्धि समान छ । कर्मबाट हुने एक किसिमको सिद्धि शरीर-धारण हो, अर्को किसिमको सिद्धि अन्तःकरणशुद्धि हो, अर्को किसिमको सिद्धि लोकसंग्रह अर्थात् मर्यादा परिपालन हो । कर्तृत्वाभिमान छोडेर, फलस्पृहा नराखेर गरेको स्वधर्मकर्मले बाँध्दैन । तत्त्वज्ञान भएको छैन भने यस्तो स्वधर्माचरणले चित्त शुद्ध गरिदिन्छ, ज्ञानको उपाय बनाइदिन्छ । तत्त्वज्ञान भैसकेको छ भने यस्तो स्वधर्मकर्माचरणले लोक मर्यादाको संरक्षणद्वारा लोकहित गर्छ नयाँ संस्कार बनाउँदैन । अतः ज्ञान नभएकाले पनि, ज्ञान भएकाले पनि कर्तृत्वाभिमान छोडेर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलासक्ति नराखी आफ्नो वर्णाधर्मानुसार कर्म गरिरहनुपर्छ, कर्म छोड्नु हुँदैन ।

कर्मको गति गहन छ । कर्म गर्नले कर्मको, विकर्मको एवं अकर्मको पनि रहस्य बुझ्नुपर्छ । कर्म भनेको सामान्यतः शास्त्र निहित स्वधर्म हो; विकर्म भनेको शास्त्रनिषिद्ध खराब कर्म हो; अकर्म भनेको कर्मत्याग हो कर्माभाव हो । कर्म पनि कुन कारणबाट विकर्म वा अकर्म बन्न सक्छ भने विकर्म पनि कर्म बन्न सक्छ । सत्कर्म पनि दम्भ, ढोंगले अरूलाई छकाउन गरिएको छ भने विकर्म बन्छ । सत्यको, अहिंसाको दुराग्रहपूर्वक अनुसरण गर्दा अनेक निरपराधको बध हुन्छ, निरीह जनताको महाहानि हुन्छ भने त्यो सत्य, त्यो अहिंसा पनि विकर्म बन्छ र त्यहीं सत्यको र अहिंसाको अपवाद पनि सत्कर्म बन्छ । त्यस्तै यज्ञ, दान आदि कर्महरू पनि श्रद्धा नगरी विधि छोडेर गरियो भने नगरे सरह नै हुन्छ र अकर्म बन्छ । त्यस्तै एक वर्णको एक आश्रमीको सत्कर्म अर्को आश्रमीको विकर्म बन्छ । धर्मयुद्ध गृहस्थ क्षत्रियको निमित्त सत्कर्म हुन्छ तर ब्राह्मणको निम्ति त्यही विकर्म हुन्छ । भिक्षाटन संन्यासीको निमित्त कर्म हुन्छ भने, गृहस्थ क्षत्रियको निमित्त विकर्म बन्छ । यस्ता हजारन् उदाहरण भन्न सक्छन् । मुख्य कुरो, कर्मको रहस्य बुझ्न गाहारो छ, त्यसैले पुरुखाहरूले, आफ्ना कुलका सज्जनहरूले जे पहिलेदेखि गर्दै आए त्यही गर्नाले श्रेय हुन्छ– "त्यसैले तिमी पुरुखाहरूले पहिले गर्दै ल्याएको कर्म गर" ।

कर्म अकर्मका विषयमा किटेर यसै भन्न गाहारो छ । वास्तवमा कर्तृत्वाभिमान र कर्मफलेच्छा राखेको छ भने कर्म अकर्म विकर्मको झमेला पर्छ । 'म गर्नेवाला हुँ' 'मैले पाउनुपर्छ' भन्ने आग्रह छैन भने, झमेला पर्दैन, आनन्द हुन्छ । मूढमति मानिसहरू अकर्मलाई पनि कर्म ठान्छन्, कर्मलाई पनि अकर्म ठान्छन् । कर्म गर्नु र नगर्नु दुवै अविद्यावस्थाका हुन् । विद्याकालमा कर्म गर्नु र नगर्नु केही हुँदैन । अकर्म अर्थात् क्रियारहित आत्मामा म गर्छु भनी कर्मको सम्बन्ध देख्नु भ्रम हो । कर्म नगर्दा पनि भएको अकरण रूप कर्ममा अकर्म (कर्म भाव) देख्नु पनि भ्रम हो । अतः देहेन्द्रियादिसंघातबाट कर्म भइरहँदा पनि आत्मालाई अकर्म अर्थात् अकर्ता देख्नु पर्छ । आफ्नो वर्णाश्रम धर्मानुसारका नित्यकर्मको त्याग (अकर्म) हुँदा पनि छोड्नु नहुने कर्मत्याग रूप कर्म भएको देख्नु पर्छ । अर्थात् नित्य नैमित्तिक कर्म छोडेर अकर्म हुने छैन, कर्म हुँदा पनि आत्मालाई अकर्ता कर्मरहित भन्ने बुझ्दा अकर्म हुन्छ । त्यसकारण अकर्म हुन आत्मालाई अकर्ता कर्मरहित छ भन्ने बुझेर वर्णाश्रम धर्मानुसार नित्यनैमित्तिक कर्म गरिरहनुपर्छ ।

यस्य सर्वे समारम्भाः कामसंकल्प वर्जिताः ।
ज्ञानाग्नि दग्ध कर्माणं तमाहुः पण्डितं बुधाः ।१९।

यस्य सर्वे समारम्भाः कामसंकल्प वर्जिताः, ज्ञानाग्नि दग्धकर्माण तम् बुधाः पण्डितम् आहुः ।

जसका सबै सत्कर्महरू काम र संकल्पले रहित हुन्छन् ज्ञानाग्निले कर्मसंस्कार डढेको त्यो पुरुषलाई विद्वान्हरूले पण्डित भन्छन् । १९ ।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित् करोति सः ।२०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मफलासङ्गं त्यक्त्वा नित्यतृप्तः, निराश्रयः, कर्मणि अभिप्रवृत्तः अपि सः न एव किञ्चित् करोति ।

कर्मफलासक्ति छोडेर नित्यतृप्त र निराश्रय रहने पुरुष कर्ममा लागि रहेर पनि त्यसले केही पनि गरेको हुँदैन ।

वर्ण र आश्रम अनुसारको कर्म छोड्नु हुँदैन, कर्तव्य कर्म गर्नुपर्छ, निषिद्ध कर्म गर्नुहुँदैन, काम्य कर्ममा लाग्नु पर्दैन । मोक्षमार्गीका निमित्त मोक्षप्राप्तिमा यो उपाय हो । नित्यकर्ममा प्रवृत्त रहँदा पनि कर्म नगरिरहेको पनि हुन सक्छ । जसले कर्ममा पनि, फलमा पनि आसक्ति राखेको हुँदैन; नित्य आत्मामा, नित्य आत्मानन्दमा तृप्त रहेको हुन्छ; अन्य भूतभौतिकको र भोगको आंकाङ्क्षा जसलाई पटक्कै हुँदैन त्यस्ता विद्वान्मा कर्तृत्वभाव हुँदै हुँदैन, त्यस्ताले केही पनि गरेको हुँदैन । साधनावस्थामा सत्कर्म गरेको अभ्यासले त्यस्ता ज्ञानीका शरीरेन्द्रियहरूबाट वर्णाश्रमधर्मानुसारका कर्तव्य कर्महरू तिनका रजःस्वभावबाट चलिरहन्छन् मात्रै । लोकमर्यादा कायम रहने र निन्दाचर्चा नहुने सम्म मात्र त्यस्ता कर्मबाट हो, अरू कुनै मतलब हुँदैन । २० ।

निराशी र्यत चित्तात्मा त्यक्त सर्व परिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन् नाप्नोति किल्बिषम् ।२१।

निराशीः यतचित्तात्मा, त्यक्त सर्व परिग्रहः, केवलं शारीरं कर्म कुर्वन् किल्विषं न आप्नोति ।

आशा हराएको, बुद्धि, इन्द्रिय तह लागेको, सबै भोग्य र भोगसाधन त्यागेको पुरुषले शरीरबाट हुने, अथवा शरीरधारणको लागि हुने अभिमानरहित कर्म गर्दा पाप लाग्दैन अर्थात् कसर रहँदैन, थिग्रेनी जम्दैन । २१ ।

तत्त्वज्ञानी जीवन्मुक्तको कर्म कर्म हुँदैन । किनभने त्यो कर्तृत्वाभिमानबाट भएको छैन, फलासक्तिबाट पनि भएको छैन । उसका पूर्वसञ्चित कर्मसंस्कार दग्ध भैसकेका छन्, करिष्यमाण कर्मको फल प्ररोहणशक्ति हराइसकेको छ, क्रियमाण कर्म प्रारब्धबाट मात्र चलेका छन्, निर्बीज छन् । त्यही प्रारब्धबाट भएको कर्मलाई लोकले मर्यादाको रूपमा लिन्छन् । तर ज्ञानीले लोकमर्यादाको निमित्त कर्म गरिरहन्छ, गरिरहनुपर्छ भन्ने केही छैन । कुनै ज्ञानीबाट हुन सक्छन्, बेसै छ; कुनै ज्ञानीबाट हुँदैनन् केवल शरीर धारणार्थक कर्म अरूका दृष्टिमा हुन्छन्, खराब छैन । शुकसनकादि निवृत्त भए, त्यसबाट पनि लोकशिक्षा भएको छ । निमिजनकहरू प्रवृत्त भए, त्यसबाट पनि लोकमर्यादारक्षण भएको छ ।

मुख्य कुरो, ज्ञान हुनुपर्छ, तत्त्व बुझ्नै पर्छ, आत्मसाक्षात्कार हुनै पर्छ । ज्ञानले कर्मबीज दग्ध भैसकेपछि, फलेच्छा र कर्तृत्वाभिमान हराए सत्कर्म आफैं चलिरहन पनि सक्छन् । लोकहितको निम्ति, लोकमर्यादा परिपालनको निम्ति, धर्मरक्षाको निम्ति लौकिक तथा शास्त्रीय कर्महरु भइरहन पनि सक्छन्; शरीरधारणार्थक बाहेक अन्य सबै कर्महरू पूरै रोकिन पनि सक्छन् । ज्ञान भैसकेको छ, तम गैसकेको छ, केही फरक पर्दैन । जानेको नजानेको हुँदैन, कर्मसंस्कार बन्दैन, गाँठो फुस्किसक्यो, संशय छिनिसक्यो, मुक्ति भैसकेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदृच्छालाभ संतुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ।२२।

यदृच्छालाभ सन्तुष्टः द्वन्द्वातीतः, विमत्सरः, सिध्दौ असिध्दौ च समः कृत्वा अपि न निबध्यते ।

आफैं जुटेकोमा सन्तुष्ट, द्वन्द्वबाट नछोइने, ईर्ष्या डाहा नभएको, सिद्धिमा र असिद्धिमा सम रहने पुरुष कर्म गरेर पनि बाँधिदैन । २२ ।

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थित चेतसः ।
यज्ञाया चरतः कर्म समग्रं प्रविलीयते ।२३।

गतसङ्गस्य, मुक्तस्य, ज्ञानावस्थितचेतसः, यज्ञाय कर्म आचरतः समग्रं प्रविलीयते ।

सङ्ग नभएको, कर्मबन्धनबाट मुक्त रहेको, ज्ञानमा नै चित्त अडेको, यज्ञार्थ कर्म गर्ने साधकको सारा कर्म फलमूल सहित बिलाउँछ, केही थिग्रिदैन ।

ज्ञानीले पाउनु पर्ने केही देखेको हुँदैन । ईश्वर प्रीतिबाट हुने ज्ञाननिष्ठा पनि ज्ञानीले पाइसकेको छ । त्यसैले यस्तो ज्ञानीले गरेको कर्म जम्मै विलाउँछ, तातो फलाममा परेको पानीको थोपा बिलाए जस्तै हुन्छ । यसरी ज्ञानीको, क्रियमाण कर्म पनि, करिष्यमाण कर्म पनि संस्कार वा कर्मका उत्पादक हुँदैनन् । ज्ञानीको दृष्टिमा जम्मै ब्रह्ममय हुन्छ ।२३।

ब्रह्मार्पणं ब्रह्म हवि र्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रम्हकर्म समाधिना ।२४।

ब्रह्म अर्पणं, ब्रह्म हविः, ब्रह्माग्नौ ब्रह्मणा हुतम ब्रह्म कर्मसमाधिना तेन गन्तव्यं ब्रह्मएव ।

हवनको साधन सुरो आदि ब्रह्म; हवन गरिने ध्यू, चरु आदि ब्रह्म; हवनको आधार अग्नि ब्रह्म; हवन गर्ने होता ब्रह्म; ब्रह्ममा चित्त समाहित भएकाले प्राप्तगर्ने पद ब्रह्म नै हो ।

ज्ञानीहरूका दृष्टिमा ब्रह्मदेखि भिन्न केही हुँदैन । सम्पूर्ण द्वैतप्रपञ्चमय जगत् निष्कल ब्रह्मरूपी अधिष्ठानमा अध्यस्त भएका हुन् । अधिष्ठान ब्रह्मसत्ता बाहेक अध्यस्तको पृथक् सत्ता नै हुँदैन । जे पनि ब्रह्ममा नै देखिएको हो, ब्रह्म नै देखिएको हो जगत् पनि, आत्मा पनि ब्रह्माभिन्न छ । अतः ज्ञानीले गरेको यज्ञ केवल ब्रह्मोपासना हो; यज्ञ, यज्ञका साधन, यज्ञद्रव्य, यज्ञाधिकरण अग्नि, यजमान सबै ब्रह्म नै हुन् । उसको यज्ञ अभेद यज्ञ हो, ब्रह्म यज्ञ हो ।२४।

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्ना वपरे यज्ञं यज्ञेनैवोपजुह्वति ।२५।

अपरे योगिनः दैवम् एव यज्ञं पर्युपासते । अपरे ब्रह्माग्नौ यज्ञं यज्ञेन एव उपजुह्वति ।

एक थरी योगीहरु देवोपासनारूपी यज्ञ गर्छन् । अर्काथरी ब्रह्मरूपी अग्निमा यज्ञले यज्ञको नै हवन गर्छन् । २५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन् विषया नन्ये इन्द्रियाग्निषु जुह्वति ।२६।

अन्ये श्रोत्रादीनि इन्द्रियाणि संयमाग्निषु जुह्वति । अन्ये शब्दादीन् विषयान् इन्द्रियाग्निषु जुह्वति ।

अरू श्रोत्र आदि इन्द्रियहरुलाई संयमरूपी अग्निमा हवन गर्छन् । अरू शब्द आदि विषयलाई इन्द्रियरूपी अग्निमा हवन गर्छन् । २६ ।

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।
आत्मसंयममयोगाग्नौ जुह्वति ज्ञानदीपिते ।२७।

अपरे सर्वाणि इन्द्रियकर्माणि प्राणकर्माणि च ज्ञानदीपिते आत्मसंयमयोगाग्नौ जुह्वति ।

अरू सबै इन्द्रियकर्म र प्राणकर्महरूलाई ज्ञानले दन्केको आत्मसंयमयोगाग्निमा हवन गर्छन् । २७ ।

द्रव्ययज्ञा स्तपोयज्ञा योगयज्ञा स्तथापरे ।
स्वाध्याय ज्ञान यज्ञाश्च यतयः संशितव्रताः ।२८।

द्रव्ययज्ञाः, तपोयज्ञाः, योगयज्ञाः तथा अपरे स्वाध्यायज्ञानयज्ञाः च यतयःसंशितव्रताः ।

द्रव्ययज्ञ, तपस्यायज्ञ, योगयज्ञ गर्नेहरू त्यस्तै अरु स्वाध्याय र ज्ञानयज्ञ गर्ने व्रतनियम गर्ने यतिहरु छन् । २८ ।

अपाने जुह्वति प्राणं प्राणे पानं तथा परे
प्राणापान गती रुद्धवा प्राणायामपरायणाः ।२९।

अपाने प्राणं तथा अपरे प्राणे अपानं जुह्वति प्राणापान गतीरूध्द्वा प्राणायाम परायणाः ।

अपानवायुमा प्राणलाई र त्यस्तै प्राणवायुमा अपानलाई हवन गर्छन् । प्राण र अपान दुवको गतिलाई रोकेर प्राणायाममा लागिरहन्छन् ।

प्राणायाममा सामान्यतः तीन प्रक्रिया हुन्छन - पूरक, कुम्भक र रेचक । दाहिने नाकको पोहोरा बन्द गरेर देब्रे नाकको पोहोराबाट सास भित्र तानिन्छ, यो पूरक क्रिया हो । तानेको सासलाई नाकको देब्रे प्वाललाई पनि बन्द गरेर भित्रै रोकिन्छ, यो कुम्भक क्रिया हो । दाहिने नासाछिद्रलाई खोलेर भित्रको सास बाहिर पयाँकिन्छ, यो रेचक क्रिया हो । पुरक कुम्भक र रेचक तीन क्रिया मिलेपछिएक प्राणायाम हुन्छ । पूरक क्रिया गर्दा अपानवृत्तिमा प्राणवृत्तिको र रेचक क्रिया गर्दा प्राणवृत्तिमा अपानवृत्तिको हवन भएको कल्पना गरिन्छ । प्राणायाम गर्दा मन्त्र सहित गर्नुपर्छ । कुम्भक क्रिया दुइ किसिमको मानिन्छ, भित्र तानेर रोक्नु अन्तः कुम्भक, बाहिर फ्याँकेर रोक्नु बहिः कुम्भक ।२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतालोक भाष्य

पञ्चायतन

श्री गणेश

देवता

श्री शिव



श्री सूर्य

श्री विष्णु

श्री देवी

पञ्चदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपरे नियताहाराः प्राणान् प्राणेषु जुह्वति ।
सर्वेऽप्येते यज्ञविदो यज्ञ क्षपितकल्मषाः ।३०।

अपरे नियताहाराः प्राणान् प्राणेषु जुह्वति । सर्वे अपि एते यज्ञविदः यज्ञ क्षपित कल्मषाः ।

अर्काथरी आहारलाई नियमित गरेर प्राणवृत्तिलाई प्राणैमा हवन गर्छन । सबै यी यज्ञका ज्ञाता हुन् र यज्ञद्वारा मलपाप नाश गरेका पुरुष हुन् ।३०।

यज्ञशिष्टामृत भुजो यान्ति ब्रह्म सनातनम्
नायं लोकोस्त्ययज्ञस्य कुतो न्यः कुरुसत्तम ।३१।

यज्ञ शिष्टामृतभुजः सनातनं ब्रह्म यान्ति । अयं लोकः अयज्ञस्य न अस्ति कुरुसत्तम, अन्यः कुतः ।

यज्ञशेषरूपी अमृत भोजन गर्नेहरू सनातन ब्रह्म पाउँछन् । यो लोक पनि यज्ञ नगर्नेका लागि हुँदैन, हे कुरुवंशी अर्जुन, अर्को लोक त कहाँबाट हुनु ?।३१।

एवं बहुविधा यज्ञा विततता ब्रह्मणो मुखे
कर्मजान् विद्धि तान् सर्वा नेवं ज्ञात्वा विमोक्ष्यसे ।३२।

एवं बहुविधाः यज्ञाः ब्रह्मणः मुखे विततताः । तान् सर्वान् कर्मजान् विध्दि एवं ज्ञात्वा विमोक्ष्यसे ।

यस्ता धेरैथरी यज्ञहरू वेदको मुखभागमा (पूर्वभागमा) विस्तार गरिएका छन्, तो सबै यज्ञहरू कर्मबाट हुन्छन् भन्ने जान । यस्तो जानेपछि छुटनेछौ ।३२।

श्रेयान् द्रव्यमयाद् यज्ञाज् ज्ञान यज्ञः परन्तप
सर्व कर्मा खिलं पार्थ ज्ञाने परिसमाप्यते ।३३।

द्रव्यमयात् यज्ञात् ज्ञानयज्ञः श्रेयान् । परन्तप, पार्थ, सर्वम् अखिलं कर्म ज्ञाने परिसमाप्यते ।

द्रव्यमय यज्ञभन्दा ज्ञानयज्ञ बढी कल्याणकारी छ । शत्रुलाई सन्ताप दिने हे अर्जुन, सबै किसिमका जम्मै कर्म ज्ञानमा पुगेर टुङ्गो लाग्छन् ।३३।

वेदमा अनेक यज्ञहरूको वर्णन छ । यहाँ सामान्यतः बाह्र प्रकारमा देखाइएको छ । १. देव-यज्ञ– विभिन्न देवीदेवताका पूजाआजा, जपपाठहरू । २. ब्रह्मयज्ञ (आत्मज्ञान यज्ञ)- जीवात्मालाई उपाधि हटाएर, परमात्मभावद्वारा निर्विशेष निरुपाधि ब्रह्ममा मिलाइ दिनु । ३. इन्द्रिय संयमयज्ञ –श्रोत्र आदि इन्द्रियलाई एक एक गरी विषयबाट खिचेर अन्तर्मुख बनाउने अभ्यास अर्थात प्रत्याहार-यज्ञ । ४. अनासक्त व्यवहारयज्ञ-व्यवहार चलिरहँदा पनि आसक्ति र भोक्तृत्वाभिमान छोडेर इन्द्रियलाई अग्नि र विषयलाई होमद्रव्य सम्झनु । ५ आत्मसंयम यज्ञ– इन्द्रियवृत्ति र प्राणवृत्तिहरुमा मनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाग्न नदिई ध्येय वस्तुमा लगाउनु । ६. द्रव्ययज्ञ– धन लगाएर गरिने पाटीपौवा, पुलघाट आदि बनाउनु, दानप्रदान गर्नू, सदावर्त हण्डी आदि दिनु । ७. तपोयज्ञ– कृच्छ्रचान्द्रायण, व्रत उपवास आदि गर्नु । ८. योगयज्ञ– अष्टाङ्गयोग गर्नु, विशेष गरेर यम, नियम तथा आसनको साधना गर्नु । ९. स्वाध्याययज्ञ– वेदवेदाङ्गको, विष्णु सहस्रनाम गीता रामायण आदि सद्ग्रन्थको सस्वर पाठ एवं देव देवी स्तोत्रको पाठ एवं नाम संकीर्तन गर्नु ।१०. स्वाध्याय ज्ञान यज्ञ– पाठ गरिने ग्रन्थहरुको अर्थको श्रवण मनन आदि गर्नु । ११. प्राणायाम यज्ञ– बाहिरबाट भित्र वायु भर्नु 'पूरक', भित्रकोलाई भित्रै रोक्नु, बाहिरकोलाई बाहिरै रोक्नु 'कुम्भक', भित्रकोलाई बाहिर बाँधा नासाछिन्द्रबाट छोड्नु 'रेचक' यस्तो प्राणायाम गर्नु । १२. इन्द्रिय मनोवृत्तिलय योग– इन्द्रियलाई विषयको आहारा नियमित गरेर मनमा लगाउनु, मनलाई पनि बुद्धि अहंकारमा संयत गर्नु । अथवा ११, १२ सास फेर्दा मन्त्र जप चलाउनु, यसलाई अजपाजप भन्छन् ।

यज्ञ सबै बेस हुन् । प्रत्येक यज्ञको आफापनो महत्व छ, आफापनो उद्देश्य छ । यति भएर पनि सबै यज्ञको यौटा मूल उद्देश्य छ । सारा श्रौतस्मार्त यज्ञयाग, पूजाउपासनाको परिसमाप्ति ज्ञानमा हुन्छ । सबै किसिमका यज्ञहरुमध्यें 'ज्ञानयज्ञ' सर्वश्रेष्ठ हो । देवयज्ञ आदिको फल ज्ञान प्राप्तिमा हुने प्रतिबन्धहरुलाई फ्याँक्नु हो । ज्ञानोदयमा सहायता गरेपछि यज्ञको कृतकृत्यता हुन्छ । अतः जुनसुकै यज्ञ गरे पनि रुचि अनुसार, ज्ञानयज्ञ चाहिं कदापि छोड्नु हुन्न । ज्ञान भएपछि कर्मको टुङ्गो लाग्छ । अर्थात् ज्ञान नै पराकाष्ठा हो, परागति हो ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिन स्तत्त्व दर्शिनः ।३४।

तत् विद्धि प्रणिपातेन, परिप्रश्नेन, सेवया ते ज्ञानिनः तत्त्व दर्शिनः ज्ञानम् उपदेक्ष्यन्ति ।

त्यो ज्ञान बुझ । पाउ पर्नाले, विनयपूर्वक सोधपूछ गर्नाले, सेवाटहल गर्नाले ती ज्ञानी तत्त्वद्रष्टाहरुले ज्ञानको उपदेश गर्नेछन् । ३४।

यज् ज्ञात्वा न पुन र्मोह मेवं यास्यसि पाण्डव
येन भूता न्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ।३५।

यत् ज्ञात्वा पुनः एवं मोहं न यास्यसि । पाण्डव; येन भूतानि अशेषेण आत्मनि द्रक्ष्यसि अथो मयि ।

जे जानेर फेरि यसरी मोहमा पर्ने छैनौ । हे पाण्डव, जुन ज्ञानले भूत भौतिक जम्मैलाई आफ्नै आत्मामा र अनि ममा देख्नेछौ ।

क्षेत्र जति जम्मै क्षेत्रज्ञमा र क्षेत्र क्षेत्रज्ञ जम्मै परमात्मामा देखिन्छन् र जगत् जीव र ईश्वरको अभेद दर्शन हुन्छ । क्षर अक्षर पुरुषको र पुरुषोत्तमको एकत्व साक्षात्कार हुन्छ । ३५ ।

अपिचेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ।३६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेभ्यः पापेभ्यः पापकृत्तमः असिचेत् अपि सर्वं वृजिनं ज्ञानप्लवे न एव संतरिष्यासि ।

सबै पापीहरू भन्दा बढी पापी रहेछौ भने पनि सबै पाप, क्लेश रूपी सागरलाई ज्ञानरूपी नाउबाट नै राम्ररी तर्नेछौ ।३६।

यथै धांसि समिद्धो ग्निर्भस्मसात् कुरुते र्जुन
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा ।३७।

यथा एधांसि समिध्दः अग्निः भस्मसात् कुरुतेः अर्जुनः ज्ञानाग्निः सर्वकर्माणि तथा भस्मसात् कुरुते ।

जसरी दाउराहरूलाई दन्केको आगोले भष्म पार्छ हे अर्जुन, ज्ञानाग्निले सबै कर्मवासनाहरू लाई त्यसरी भष्म गर्छ ।३७।

नहि ज्ञानेन सदृशं पवित्र मिह विद्यते
तत् स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ।३८।

इह ज्ञानेन सदृशं पवित्रम् न हि विद्यते । तत् स्वयं योगसंसिध्दः कालेन आत्मनि विन्दति ।

यहाँ ब्रह्माण्डमा ज्ञान बराबर पवित्र केही पनि छैन । त्यो ज्ञान आफैं योग राम्ररी सिद्ध भएको पुरूषले आत्मामा नै पाउँछ ।३८।

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्ति न चिरेणाधिगच्छति ।३९।

श्रध्दावान्,तत्परः,संयतेन्द्रियः ज्ञानं लभते। ज्ञानं लब्ध्वा परां शान्ति न चिरेण अधिगच्छति।

श्रद्धा गर्ने, लागि पसिरहने, इन्द्रियलाई वशमा राखेको साधकले ज्ञान पाउँछ । ज्ञान पाएर परम शान्ति तुरून्तै पाउँछ । ३९।

अज्ञश्चा श्रद्दधानश्व संशयात्मा विनश्यति
नायं लोको स्ति न परो न सुखं संशयात्मनः ।४०।

अज्ञः च, अश्रद्दधानः च, संशयात्मा विनश्यति । संशयात्मनः न अयं लोकः, न परः, न सुखम् अस्ति ।

अज्ञानी भएर पनि श्रद्धा नगर्ने मानिस शङ्कालु हुन्छ, बिग्रन्छ । संशय गर्ने स्वभावको मान्छेलाई न यो लोक न परलोक, न सुख नै हुन्छ । ४० ।

योगसंन्यस्त कर्माणं ज्ञानसंछिन्न संशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ।४१।

योग संन्यस्त कर्माणं, ज्ञान संछिन्न संशयम्, आत्मवन्तं धनञ्जय, कर्माणि न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निबन्धन्ति ।

योगले कर्म संन्यास गरेको, ज्ञानले संशय छिनालेको आत्मवान्लाई, धन जित्ने हे अर्जुन, कर्महरूले बाँध्दैनन् ।४१।

तस्माद ज्ञान सम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः
छित्त्वैनं संशयं योग मातिष्ठो त्तिष्ठ भारत ।४२।

तस्मात् अज्ञानसम्भूतं एनं आत्मनः संशयं ज्ञानासिना छित्त्वा योगम् आतिष्ठ हे भारत उत्तिष्ठ ।

त्यसैले, अज्ञानबाट उठेको, चित्तमा रहेको यो आत्मा बारेको संशयलाई ज्ञान खड्गबाट काटेर योग गर । हे भारत, उठ ।४२।

ॐ तत् सत् इति श्रीमद्भगवद् गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे ज्ञानकर्मसंन्यास योगो नाम चतुर्थः अध्यायः ।

ॐ तत् सत् ज्ञानकर्म संन्यास योग भन्ने चौथो अध्याय सकियो । यो चौथो अध्यायमा परमेश्वरप्रवर्त्तित सांख्ययोग र कर्मयोगको अनादि परम्पराभा ईश्वरीय अवतार रहस्यको उपदेश द्वारा सोपाधि ब्रह्मात्मक सगुण साकार भगवान्को महिमा बताइएको छ । भगवद् भक्तिको साथ यज्ञ भावनाबाट कर्म गर्नुपर्छ भन्ने उपदेश भएको छ । फल संन्यास पूर्वक यज्ञ भावनाबाट कर्म गर्नाले कर्म संस्कार जम्दैन र चित्त शुद्ध हुन्छ । शुद्ध भएको चित्तमा मात्र ज्ञानको उदय हुन सक्छ । ज्ञानभन्दा पवित्र र ठूलो अरू केही छैन । मनुष्य जीवनको परम पुरूषार्थ नै ज्ञानोदय हो । ज्ञान-को, कर्मको र संन्यासको परस्पर सम्बन्धको उपदेश यो अध्यायको विषय हुनाले यसको नाम ज्ञान कर्म संन्यास योग रहेको छ । श्री मधुसूदन सरस्वतीले यज्ञबुद्धिबाट गरिने कर्म पनि ब्रह्ममा अर्पण गर्ने साधनारूपी अंशलाई प्रधानता दिएर यो अध्यायको नाम ब्रह्मार्पण योग राखेका छन् । श्रीधर स्वामीले चाहिं ज्ञानको महिमा गानलाई प्रधान मानेर ज्ञानयोग भन्ने नाम राखेका छन् । श्री नीलकण्ठले यज्ञको वैविध्य प्रतिपादनलाई प्रधानता दिएर अध्यायको नाम 'यज्ञ विभागयोग' भन्ने राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

अथ पञ्चमोध्यायः – कर्म संन्यासयोगः ।

अर्जुन उवाच – अर्जुनले भन्नुभो ।

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयो रेकं तन्मे ब्रूहि सुनिश्चितम् ।१।

कृष्ण, कर्मणां संन्यासं पुनः योगं च शंससि । एतयोः यत् श्रेयः तत् एकं मे सुनिश्चितं ब्रूहि ।

हे कृष्ण कर्मसंन्यासको फेरि योगको पनि तारीफ गरिबक्सिन्छ । यी दुइमध्ये जुनचाहिं कल्याणकारक हो त्यही यौटा मलाई पूर्ण निश्चयसाथ मर्जी होस् । १ ।

संन्यास भन्नाले सामान्यतः कर्मत्याग बुझिन्छ, योग भन्नाले कर्मानुष्ठान बुझिन्छ । श्रुति स्मृतिले उपदेश गरेका यज्ञयाग, व्रत उपवास आदिलाई कर्म भनिएको हो । यस्ता कर्महरू गृहस्थाश्रममा हुन्छन् । गृहस्थीले सँधै गर्नुपर्ने कर्महरूलाई नित्य कर्म भन्छन्, कुनै देश काल वा घटनालाई निमित्त मानेर गरिने कर्मलाई नैमित्तिक कर्म भन्छन् । कुनै इच्छा पूरा गर्ने उद्देश्यले गरिने कर्महरुलाई काम्य कर्म भन्छन् । शौचस्नान, सन्ध्योपासन, जपपाठ, पूजनहवन, तर्पण श्राद्ध, पञ्च महायज्ञहरू नित्य कर्म हुन् । तीर्थ आदिमा बिशेषस्नानदानादि, एकादशी आदिमा उपवासादि, ग्रहण आदिमा स्नानदानादि, कुनै त्रुटि भएमा कृच्छ्रचान्द्रायण व्रत आदि नैमित्तिक कर्म हुन् । सन्तान होस्, धन सम्पत्ति होस्, अनावृष्टि हटोस् भन्ने किसिमका इच्छाबाट गरिने पुत्रेष्टि, कारीरी इष्टि आदि यज्ञ, महादान अतिदान आदि काम्य कर्म हुन् । कामना, वासना निष्कर्षमा चित्तका अशुद्धि हुन् । अतः चित्तशुद्धि चाहने गृहस्थीले काम्य कर्म नगरी नित्य नैमित्तिक कर्महरुको अनुष्ठान गर्नु पर्छ । भगवानलाई प्रसन्न बनाउने लक्ष्यले, भगवानमा नै समर्पण गर्नेगरी अनुष्ठान गर्नुपर्छ । योगशब्दले, कर्मयोग शब्दले गृहस्थाश्रममा गरिने यस्ता कर्मलाई लिने गरिएको छ । संन्यास आश्रममा यस्ता गृहस्थाश्रमका कर्महरूको त्याग हुन्छ, तर संन्यास आश्रमका कर्महरू चाहिं गर्नुपर्ने हुन्छ । यस्तैसंन्यासलाई शास्त्रमा प्रव्रज्या वा प्रव्रजन पनि भनिएको छ ।

ज्ञान नभईकन त हुँदै नहुने नै भो । ज्ञानप्राप्तिका लागि, स्वस्वरूपबोधका लागि कर्मयोग अथवा संन्यासयोग कुन बढी बेस हो भन्ने प्रश्न जिज्ञासुमा उठ्छ । अर्जुनको कर्म छोड्नु बेस हो कि कर्म गर्नु बेस हो भन्ने जिज्ञासा छ, जुन चाहिं असल हो त्यसको पक्का निर्णय पाउने प्रार्थना छ ।

श्री भगवानुवाच – श्री भगवान्‌बाट आज्ञा भयो ।

संन्यासः कर्मयोगश्च निः श्रेयसकरा वुभौ ।
तयो स्तु कर्मसंन्यासात् कर्मयोगो विशिष्यते ।२।

संन्यासः कर्मयोगः च उभौ निःश्रेयसकरौ । तयोः तु कर्मसंन्यासात् यर्मयोगः विशिष्यते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संन्यास र कर्मयोग दुवै कल्याणकारक हुन् । तर तिनमध्ये कर्मसंन्यासभन्दा कर्मयोग जाती हो । २ ।

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात् प्रमुच्यते ।३।

यः न द्वेष्टि, न काङ्क्षति, सः नित्यसंन्यासी ज्ञेयः । हि निर्द्वन्द्वः, महाबाहो, सुखं बन्धात् प्रमुच्यते ।

जो द्वेष गर्दैन, इच्छा गर्दैन, त्यो नित्यसंन्यासी हो । किनभने द्वन्द्व छुटेको पुरुष, हे महाबाहु, सजिलैसंग बन्धनबाट छुट्छ । ३ ।

सांख्य योगौ पृथग् बालाः प्रवदन्ति न पण्डिताः ।
एक मप्यस्थितः सम्यगुभयो र्विन्दते फलम् ।४।

सांख्ययोगौ पृथक् बालाः प्रवदन्ति, पण्डिताः न; एकम् अपि सम्यक् आस्थितः उभयोः फलं विन्दते ।

सांख्य र योगलाई बेग्लै फल दिने भनी बालकले भन्छन्, पण्डितले भन्दैनन् । कुनै एकको राम्री साधना गर्नेले दुबैको फल पाउँछ । ४ ।

यत् सांख्यैः प्राप्यते स्थानं तद् योगै रपि गम्यते ।
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ।५।

यत् स्थानं सांख्यैः प्राप्यते तत् योगैः अपि गम्यते । सांख्यं, योगं च एकं यः पश्यति सः पश्यति ।

जुन स्थान सांख्यसाधकले पाउँछन् त्यही स्थान योगसाधकले पनि पाउँछन् । सांख्यलाई र योगलाई एउटै फल दिने हो भन्ने जसले बुझ्छ त्यसले बुझेको हो । ५ ।

संयासस्तु महाबाहो दुःख माप्तु मयोगतः ।
योग युक्तो मुनि र्ब्रह्म न चिरेणाधिगच्छति ।६।

महाबाहो, संन्यासः तु अयोगतः आप्तुं दुखम् । योगयुक्तः मुनिः ब्रह्म न चिरेण अधिगच्छति ।

हे महाबाहु, संन्यास चाहिं योग नभई पाउन गाहारो छ । योगले युक्त भएको मुनिले ब्रह्म अविलम्ब प्राप्त गर्छ । ६ ।

परमकल्याण प्राप्तिको निमित्त कर्मयोग र कर्मसंन्यास दुवै उपाय हुन् साध्य कर्मयोग पनि हैन, कर्मत्याग पनि हैन । कर्मानुष्ठान पनि कर्मानुष्ठानकै निमित्त गरेर हुँदैन, कर्मसंन्यास पनि कर्मसंन्यासकै निमित्त गरेर हुँदैन; मोक्षको निमित्त, निःश्रेयसको निमित्त गर्नुपर्छ । मोक्ष, निःश्रेयसको मूल उपाय ज्ञान हो, जुनसुकै साधनाको पनि साध्य ज्ञानै हो 'सर्व कर्मा खिलं पार्थ ज्ञाने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिसमाप्यते' । ज्ञान भएको छ भने कर्मानुष्ठान र कर्मत्याग दुवै बराबर हुन् । ज्ञान भएको छैन भने पनि दुवै साधनरूपमा बराबर हुन्, उपाय हुन् । दुइमध्ये कुनचाहिं बढी बेस भन्ने कुरोचाहिं साधकको योग्यतामा भर पर्छ । सामान्यतः विचार गर्दा ज्ञान भैनसकेकाको निमित्त कर्मत्याग भन्दा कर्मानुष्ठान बेस हुन्छ, लाभदायक हुन्छ ।

चित्तमा अनेक कामना वासनारूपी मलहरु जन्मजन्मदेखि पत्रैपत्र भएर जमेका छन्, तिनलाई नफ्याँकीकन, चित्तलाई सफा नपारीकन हुँदै हुँदैन । यो लोकका र अन्य लोकका फलहरूमा तिनको भोगमा पूर्ण वैराग्य आएको छ भने चित्त शुद्ध भएछ भन्ने थाहा हुन्छ र अभ्यास, उपासनाहरु चल्ने हुन्छ । पूर्ण वैराग्य भयो भन्न पनि दुई चार दिनको स्थितिबाट पक्का हुँदैन । भित्रको अरुचि वा असंतोषलाई पनि कहिले काहीं वैराग्य भन्ने ठानिएको हुन्छ । भित्रको आकर्षण छुटेको हुँदैन, झर्को लाग्यो, मन परेन, चित्त बुझेन भने पनि विषयभोगबाट हटिने हुन्छ । यस्तो स्थितिमा फेरि विषयतिर, केही समय पछि नै साधक आकृष्ट हुने गर्छ । त्यसकारण कर्मत्याग गरिहालेर बेस हुँदैन, कर्म छोडिसकेपछि फेरि स्त्री पुत्रादिमा आसक्ति भयो, तिनको भरण पोषणमा नै व्यग्रता बढ्यो, विषयभोग नै चल्न थाल्यो भने झन् पतन हुन्छ; लडिन्छ; लडे पछि उठ्न झन गान्हो हुन्छ । त्यसकारण ज्ञान भैनसकेका साधकहरूका लागि कर्मसंन्यासभन्दा कर्मयोग बेस हुन्छ । त्यसैले साधकको निमित्त गृहस्थी सजिलो आश्रम हो । अरु आश्रममा यमनियम आदिमा चुक्नै हुँदैन, रागद्वेष उठ्नै हुँदैन । गृहस्थाश्रममा अभ्यास गरिरहन पाइन्छ, कहीं केही चूकभूल भयो भने पनि पतन हुँदैन, अभ्यास बढाएर सुधार्न सकिन्छ ।

चाहे कर्मयोग होस्, चाहे संन्यासयोग होस्, रागद्वेष छुटाउनै पर्छ । रागद्वेष छुट्यो भन संन्यासी पनि नित्य संन्यासी हो, कर्मयोगी पनि नित्य संन्यासी हो । मोक्ष भनेको नयाँ कुरा पाउने हैन, बन्धन छुट्ने हो । बन्धन पनि वास्तव हैन, भ्रम मात्रै हो । आत्मवस्तुको र अनात्मवस्तुको जुन परस्पर अध्यास भएको छ; नित्यलाई अनित्य, अनित्यलाई नित्य भन्ने भ्रम चलेको छ, गाँठो त्यही हो, द्वन्द्व त्यही हो । त्यो अध्यास छुट्यो भने जुनसुकै आश्रममा होस् बन्धन छुट्यो ।

संन्यास ज्ञानले युक्त भयो भने सांख्य हुन्छ, कर्मयोग समत्वबुद्धिले युक्त भयो भने योग हुन्छ । दुवैको फल उही हो मोक्ष । ज्ञाननिष्ठ छ भने संन्यासी पुग्ने स्थान र योगी पुग्ने स्थान यौटै हो । मूल ढोका ज्ञान हो, साख्यले पनि, संन्यासले पनि, योगले पनि, कर्मयोगले पनि त्यही मूल ढोका खोलिदिन्छ ।

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्व भूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ।७।

योग युक्तः, विशुध्दात्मा, विजितात्मा, जितेन्द्रियः, सर्वभूतात्म भूतात्मा कुवन् अपि न लिप्यते ।

योगले युक्त, बेसरी शुद्ध भएको आत्मावाला, शरीरेन्द्रियादिलाई वशमा राखेको, सर्वभूतको, अर्थात् ब्रह्मादेखि झारपातसम्मका सबै भूतको आत्मालाई आपनै आत्माको रूपमा देखेका पुरुष कर्म गर्दा पनि लिप्त हुँदैन । ७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैव किञ्चित् करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्य ञ्छृण्वन् स्पृशन् जिघ्रन् नश्नन् गच्छन् स्वपञ्छ्वसन् ।८।
प्रलपन् विसृजन् गृह्णन् नुन्मिषन् निमिषन्नपि ।
इन्द्रियाणी न्द्रियार्थेषु वर्तन्त इति धारयन् ।९।

पश्यन्, शृण्वन्, स्पृशन्, जिघ्रन्, अश्नन्, गच्छन्, स्वपन्, श्वसन्, प्रलपन्, विसृजन्, गृह्णन्, उन्मिषन्, निमिषन् अपि इन्द्रियाणि इन्द्रियार्थेषु वर्तन्ते इति धारयन् तत्त्ववित् युक्तः किञ्चित् न एव करोमि इति मन्येत ।

हेर्दा, सुन्दा, छुँदा, सुँध्दा, खाँदा, हिंड्दा, सुत्दा, सास फेर्दा, बोल्दा, छोड्दा (मलमूत्र आदि), समाउँदा, आँखा खोल्दा, आँखा चिम्लेंदा पनि इन्द्रियहरू इन्द्रियका काममा लागेका छन् भन्ने निश्चय गर्ने तत्ववेत्ता योगसिद्ध पुरुषले केही पनि गरेकै छैन भन्ने ठान्दछ । ८,९ ।

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्र मिवाम्भसा ।१०।

ब्रह्मणि कर्माणि आधाय, सङ्गं त्यक्त्वा यः करोति सः पद्मपत्रम् अम्भसा इव पापेन न लिप्यते ।

परमात्मामा कर्म, कर्मफल जम्मै सुम्पेर फलासक्ति र कर्तृत्वाभिमान छोडेर जसले कर्म गर्छ त्यो पुरुष कमलपत्र पानीले झैं पापले लिप्त हुँदैन । १० ।

समत्वबुद्धियुक्त भएर साधना गर्ने योगीले आसन साधनाबाट शरीरलाई, प्रत्याहार साधनाबाट इन्द्रियलाई, धारणाध्यानसमाधि साधनाबाट मन चित्तबुद्धिलाई तह लगाउन सक्छ र शरीरका, इन्द्रियका, प्राणका मन चित्तबुद्धिका व्यापारहरु चलिरहे पनि आत्मामा तिनको अध्यास हुँदैन । त्यस्ता योगीलाई कुनै कर्मको लेप हुँदैन । तत्त्वज्ञान भएपछिका कर्मको लेप त हुँदै हुँदैन । तत्त्वज्ञान हुनुभन्दा पहिले गरेको कर्म पनि भगवान्का निम्ति गरेको छ भने, आफूले कुनै पनि फलको आशा राखेको छैन भने लेप हुँदैन ।

म र मेरो निम्ति भनेर आफैंलाई अगाडि सारेर कर्म गर्नु हुँदैन । भगवान्को निमित्त, भगवान्को खटनमा कर्म गरेको हुँ, जम्मै कर्म र कर्मफल भगवान्मै अर्पित छ भन्ने भावना पक्का छ भने वासना जम्दैन, कर्मको लेप हुँदैन ।

कायेन मनसा बुद्ध्या केवलै रिन्द्रियै रपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्म शुद्धये ।११।

कायेन, मनसा, बुध्द्या, इन्द्रियैः अपि केवलैः योगिनः सङ्गं त्यक्त्वा आत्म शुध्दये कर्म कुर्वन्ति ।

स्थूल शरीरले, मनले, बुद्धिले, इन्द्रियहरुले ममता नराखीकन योगीहरु अभिमान छोडेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्तशुद्धिको निमित्त कर्म गर्छन् ।

कर्मयोगीले कर्म गर्दा कर्मलाई बन्धनहेतु नबनाईकन मोक्षोपाय बनाउने ध्येय लिनुपर्छ । मेरो निम्ति, मैले गरेको भन्ने धारणा रह्यो भने कर्म बन्धनहेतु बन्छ, चित्तमा ममता र अहंताको कस थपिन्छ । ममता र अहंता छोड्यो भने चित्तमा मलथपिंदैन, चित्त माझिन थाल्छ, समय पुगेपछि ज्ञानोदय हुन्छ, मोक्ष हुन्छ । ११ ।

युक्तः कर्मफलं त्यक्त्वा शान्ति माप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ।१२।

युक्तः कर्मफलं त्यक्त्वा नैष्ठिकीं शान्तिं आप्नोति । अयुक्तः कामकारेण फले सक्तः निबध्यते ।

योगीले कर्मफल छोडेर परम शान्ति पाउँछ । अयोगी आपनो इच्छाबाट गर्नाले फलमा आसक्त भएर बद्ध हुन्छ ।

केवल कर्म बन्धहेतु वा मोक्षोपाय हुँदैन । कर्म गर्ने विधि र भावना बन्धहेतु वा मोक्षोपाय हुन्छन् । मैले मलाई गरेको भन्ने भावना र ईश्वरार्पणबुद्धि रहित विधि बन्धहेतु हुन्छन् । मैले र मेरो निम्ति भन्ने भावनाको अभाव, ईश्वरार्पण बुद्धि सहित विधि, स्ववर्णाश्रमधर्मको अनुकूलता मोक्षोपाय हुन् ।

कर्म शरीरीको चलिरहन्छ, विना कर्म एक क्षण पनि वित्दैन । कर्म योगीले पनि गर्छन्, संसारीले पनि गर्छन् । योगी बाँधिदैन, अयोगी बाँधिन्छ । त्यसैले कर्मले बाँध्ने पनि हैन नबाँध्ने पनि हैन । बाँध्ने आसक्तिले हो, अभिमानले हो, अधर्मले हो । मेरा निम्ति, तेरा निम्ति, त्यसका निम्ति भन्ने भावना आसक्ति हो । मैले गरेको, तैंले गरेको, त्यसले गरेको भन्ने धारणा अभिमान हो । आपनो वर्ण र आश्रम अनुसार शास्त्रले बताएको कर्म नगर्नु तथा वर्णाश्रमप्रतिकूल एवं अशास्त्रीय र विधिहीन कर्म गर्नु अधर्म हो । त्यसैले, युक्त पुरुष चित्तशुद्धि, ज्ञानप्राप्तिबाट परम शान्ति प्राप्त गर्छ, अयुक्त पुरुष चित्त अशुद्ध र अज्ञानले पूर्ण हुँदा बाँधिन्छ । १२ ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन् न कारयन् ।१३।

सर्वकर्माणि मनसा संन्यस्य, वशी देही न एव कुर्वन् न कारयन् नवद्वारे पुरे सुखम् आस्ते ।

सबै किसिमका कर्महरुलाई मनैले संन्यास गरेर इन्द्रियहरुलाई वशमा राखेको जीवात्मा नगरीकन र नगराइकन नौ ढोके सहरमा सुखसंग बस्छ ।

शरीर यौटा शहर हो, राष्ट्र नै हो । यसमा जम्मा नौ द्वार छन् । दुइ आँखा, दुइ नाक, दुइ कान र एक मुखको विवर समेत सात द्वार माथितर छन् । गुदद्वार र मूत्रनली समेत दुइ द्वार तलतिर छन् । यो नौ द्वारवाला शरीरमा मन, चित्त, बुद्धि, अहंकार, ज्ञानेन्द्रिय, कर्मेन्द्रिय, प्राण, सत्व रज तम, शब्द, स्पर्श, रूप रस गन्धरूपी तन्मात्रा, तिनका कार्य, तिनका अधिष्ठाता देवताहरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफापना स्थानमा आफापना कर्महरू गरी बसेका छन् । शरीरैमा संसार नै चलिरहेको छ । विराट् ब्रह्माण्ड जस्तो छ, जसरी चलेको छ, शरीर पनि त्यस्तै छ, त्यसरी नै चलेको छ । शरीरलाई पिण्डाण्ड र जगत्लाई ब्रह्माण्ड भन्छन् । जस्तो जसरी पिण्डाण्डमा, त्यस्तै त्यसरी नै ब्रह्माण्डमा भन्ने उक्ति प्रसिद्ध छ । यो शरीरमा जीवात्मा वसेको छ सबैको अधिपतिको रूपमा ।

पिण्डाण्डको अधिपति चेतन आफैं गर्नेवाला हुं र गराउनेवाला हुं भन्ने ठान्दा दुःख पाउँछ । गर्ने, गराउने आफू हैन, तैपनि अज्ञानले, अविवेकले गर्ने र गराउने अभिमान उठ्छ, त्यसैले गर्दा कर्मवासनाजालले जेल्छ, दुःख हुन्छ । पिण्डदेखि चेतन पृथक हो भन्ने बुद्धि विवेकज्ञान हो । पिण्ड नै चेतन हो भन्ने बुद्धि अविवेक हो । शरीर, इन्द्रिय आदि कार्यकरण संघात भनेको यही पिण्ड हो, यही पुर हो । शरीरेन्द्रिय आदि कार्यकरण संघातलाई नै आफू मान्नेले आफू शरीरमा बसेको छु भन्ने बुझ्दैन, मान्दैन र भन्दैन । किनभने, उसले शरीरलाई नै आत्मा मानेको छ, गर्ने गराउने ठानेको छ । संघातदेखि पृथक् आफूलाई मान्नेले शरीरमा बसेको आफूलाई बुझ्छ । उसले कर्मसँग आफ्नो संबन्ध नबाँध्ने बित्तिकै गर्ने र गराउनेवाला आफू भन्ने अभिमान उठ्दैन र त्यसैले उसलाई सुख हुन्छ । १३ ।

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफल संयोगं स्वभावस्तु प्रवर्तते ।१४।

प्रभुः लोकस्य न कर्तृत्वं, न कर्माणि, न कर्मफल संयोगं सृजति । स्वभावः तु प्रवर्तते ।

प्रभु आत्माले लोकको, न कर्तृत्वको, न कार्यवस्तुहरूको, न त कर्मफल संयोग (भोग) को सृष्टि गरेको छ । स्वभाव (अविद्यारूपी प्रकृति) मात्र चलिरहेको छ ।१४ ।

नादत्ते कस्यचित् पापं न चैव सुकृतं विभुः ।
अज्ञानेना बृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ।१५।

विभुः न कस्यचित् पापं, न च एव सुकृतम् आदत्ते । अज्ञानेन ज्ञानम् आवृतं तेन जन्तवः मुह्यन्ति ।

सर्वव्यापक आत्मा न कसैको पाप, न वा धर्म नै लिनुहुन्छ । अज्ञानले गर्दा ज्ञान ढाकिएको छ, त्यसैले प्राणीहरू अलमलिन्छन् । १५ ।

ज्ञानेन तु तदज्ञानं येषां नाशित मात्मनः ।
तेषा मादित्यवज् ज्ञानं प्रकाशयति तत् परम् ।१६।

येषां तु तत् अज्ञानं आत्मनः ज्ञानेन नाशितम् । तेषाम् आदित्यवत् ज्ञानं तत् परं प्रकाशयति ।

तर जसको त्यो अज्ञानलाई आत्माको ज्ञानले नासेको छ, तिनको सूर्यले जस्तै ज्ञानले त्यो ज्ञेय-वस्तु परमतत्त्व प्रकाशित गरिदिन्छ । १६ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तद्बुद्धय स्तदात्मान स्तान्निष्ठा स्तत्परायणाः ।
गच्छन्त्यपुन रावृत्तिं ज्ञाननिर्धूत कल्मषाः ।१७।

तद्बुध्दयः, तदात्मानः, तन्निष्ठाः, तत्परायणाः, ज्ञाननिर्धूत कल्मषाः अपुनरावृत्तिं गच्छन्ति ।

त्यही बुद्धि भएका, त्यही आत्मा भएका, त्यसैमा स्थित, त्यसैमा रमाइरहेका, ज्ञानले सबै कसर हटेकाहरु फेरि फर्किनुनपर्ने गति प्राप्त गर्छन् । १७ ।

आत्मामा कुनै गुण पनि छैन, क्रिया पनि छैन । अहंकार आदि दृश्य वर्गमा आत्माको कुनै वास्तव सम्बन्ध छैन । छ भन्ने भ्रमले गर्दा नबुझ्नेहरू अलमलिन्छन् । आत्मा केवल प्रकाश मात्र हो, चिन्मात्र हो । अहंकारको कर्तृत्वलाई पनि, बुद्धि इन्द्रिय आदिको व्यापारलाई पनि आत्माले चलाएको छैन, हैन । अज्ञानले, अविद्याले गर्दा त्यस्तो लागेको छ । यो समस्त कर्तृत्व कारयितृत्व तथा कर्मव्यापारमय समस्त प्रपञ्च प्राणीको स्वभाव प्रारब्धकर्म सहकृत मायावाट चलेको छ । जसलाई ज्ञान हुन्छ उसले मायाको रहस्य बुझ्छ, उज्यालो हुन्छ, झलमल्ल हुन्छ, परमात्मसाक्षात्कार हुन्छ ।

विद्याविनय संपन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनिचैव श्वपाके च पण्डिताः समदर्शिनः ।१८।

विद्याविनय संपन्ने ब्राह्मणे, गवि, हस्तिनि, शुनि च एव श्वपाके च पण्डिताः समदर्शिनः ।

विद्या र विनयले युक्त ब्राह्मणमा, गाईमा, हात्तिमा, कुकुरमा र त्यस्तै कुकुरखाने चाण्डालमा पनि समतत्त्व ब्रह्मको दर्शन गर्नेहरु पण्डित हुन् । १८ ।

इहैव तै र्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं ही समंब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ।१९।

इह एव तैः सर्गः जितः येषां मनः साम्ये स्थितम् । हि ब्रम्ह निर्दोषं समं, तस्मात् ते ब्रम्हणि स्थिताः ।

यहीं नै तिनीहरूले जन्मलाई (संसारलाई) जितेका हुन्छन्, जसको अन्तःकरण समत्वमा अडेको छ । किनभने, ब्रह्म दोष नभएको र सम छ । तसर्थ, तिनीहरू ब्रह्ममा स्थित भएका छन् । १९ ।

न प्रहृष्येत् प्रियं प्राप्य नोद्विजेत् प्राप्य चाप्रियम् ।
स्थिरबुद्धि रसंमूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ।२०।

स्थिरबुध्दिः, असंमूढः, ब्रम्हणि स्थितः ब्रह्मवित् प्रियं प्राप्य न प्रहृष्येत्, अप्रियं प्राप्य न उद्विजेत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वत्र सतब्रह्मसत्तामा रहने संशय रहित, मोहशून्य, ब्रह्मवृत्तिवाला ब्रह्मज्ञानी पुरुष प्रिय पाएको भनेर हर्षित हुँदैन, अप्रिय पाएको भनेर दिक्क हुँदैन । २० ।

शरीर इन्द्रिय जस्मै औपाधिक, असत्य हुन् । त्यसैले जन्मकर्मबाट बनेको चोलाको आधारमा बाहुन, चाण्डाल, गाई, कुकुर आदि भन्ने जुन भेद छन्, ती जस्मै असत्य हुन् । उपाधि विवर्जित आत्मा सम छ । आत्मा ब्राह्मण पनि हैन, चाण्डाल पनि हैन, आत्मा गाई पनि हैन, कुकुर पनि हैन । ब्राह्मण, चाण्डाल आदि भेद औपाधिक हुन् । पण्डित ज्ञानीको दृष्टि उपाधिमा हुँदैन । सम परमात्मालाई उनीहरुले देखिरहेका हुन्छन् । सम ब्रह्ममा कुनै दोष छैन, कुनै गुण पनि छैन । ब्राह्मण चाण्डाल आदि, गाई कुकुर आदिमा कल्पना गरिएका गुणदोष परमार्थतः सम ब्रह्ममा केही पनि छैन । यो दृष्टि भएका ज्ञानीहरूको, शरीर देखिइरहेको मात्रै हो, उनका परमार्थ दृष्टिमा संसारै छैन, प्रपञ्चै छैन । उनलाई प्रिय भन्ने पनि हुँदैन, अप्रिय भन्ने पनि हुँदैन, त्यसो हुँदा हर्ष पनि, शोक पनि हुँदैन । २० ।

बाह्य स्पर्शे ष्वसक्तात्मा विन्दत्यात्मनि यत् सुखम् ।
स ब्रम्हयोगयुक्तात्मा सुख मक्षय मश्नुते ।२१।

बाह्यस्पर्शेषु असक्तात्मा आत्मनि यत् सुखं विन्दति । सः ब्रम्हयोग युक्तात्मा अक्षयं सुखम् अश्नुते ।

बाहिरका शब्दादिविषयमा मन नलगाउनेले आफैंमा भएको जुन सुख पाउँछ त्यो सुख आन्तर सुख हो । ब्रह्मयोगमा चित्त समाहित भएकाले पाउने सुख अक्षय सुख हो ।

सुख बाहिर पनि छ, भित्र पनि छ । बाहिरकै विषयसुखमा अलमलियो भने भित्री सुखको होशै हुँदैन । बाहिरी विषयमा मन नपसेको वेला पनि सुखको अनुभव भइरहेकै छ, निदाएको वेलामा निद्रामा वाह्यविषयको सम्बन्ध हुँदैन तर सुख हुन्छ,यसको अनुभव सबैलाई समानरूपले हुन्छ । यो कुरामा विचार गर्ने बित्तिकै भित्र पनि सुख भएको प्रमाण मिल्छ, सुख विषयमा लाग्दा मात्र हैन,नलाग्दा पनि नहुने होइन रहेछ भन्ने थाहा हुन्छ । वास्तवमा सुख भित्रकै हो, विषयसुख भित्रीसुखकै मात्रा हो, प्रकाश हो । बहिर्मुख बनेर शब्द आदि विषयमा लाग्दा जुन सुख हुन्छ, त्यो पनि आत्मसुख नै हो । तर अनित्य, विकारी विषयसंग र इन्द्रियसंग सम्बन्ध राखेको हुंदा, त्यो सुख आत्मसुखको रूपमा रहिरहेको भए पनि, सम्बन्ध छुट्ने वित्तिकै अनुभवतन्तु छुट्छ, सुखानुभव निरन्तर हुँदैन, विच्छिन्न बन्छ । दुःखको पनि अनुभव भइरहन्छ । योगयुक्त बनेर परमात्मामा नै सम्बन्ध राख्दा पाइने सुख, परमात्मा अक्षय, अविकारी, नित्य, व्यापक हुनाले, अक्षय, अविकारी, नित्य र व्यापक हुन्छ र सुखानुभव भइरहन्छ । २१ ।

ये हि संस्पर्शजा भोगा दुःख योनय एवते ।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ।२२।

ये हि संस्पर्शजाः भोगा ते दुःख योनय एव, आद्यन्तवन्तः हे कौन्तेय तेषु बुधः न रमते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन इन्द्रियविषयसम्बन्धबाट हुने भोगहरू छन् ती सबै दुःख नै जन्माउने, आदि अन्तवाला हुन् हे अर्जुन, तिनमा विद्वान् रमाउँदैन ।

बाहिर संसारमा भूतभौतिकमा एकजात पनि सुख छैन । भूतभौतिकमा हुने सुखको आस्वाद दुःख जन्माउने हुन्छ । त्यस्तो सुखास्वाद आदि अन्तवाला अर्थात् विषयेन्द्रियसंयोग भयो भने हुने, छुट्यो भने हराउने खालको हुन्छ । त्यसैले नित्य सुखको नित्य आत्मामा नै अनुभव गर्नुपर्छ । भूतभौतिकमा इन्द्रियसम्बन्धबाट हुने सुखास्वादमा विद्वान् लाग्दैन ।२२।

शक्नोती हैव यः सोढुं प्राक् शरीर विमोक्षणात्
काम क्रोधोद् भवं वेगं स युक्तः स सुखीनरः ।२३।

यः शरीर विमोक्षणात् प्राक्, इह एव कामक्रोधोद्भवं वेगं सोढुं शक्नोति सः नरः युक्तः, सः सुखी ।

जसले शरीर छुट्नु भन्दा पहिले यहीं नै काम र क्रोधबाट उठेको बेगलाई सहन सकेको छ त्यो मानिस योगसिद्ध हो, त्यो मानिस सुखी हो ।

काम भनेको भोगेच्छा हो, तृष्णा हो । मन परेको व्यक्ति र वा विषय देखे, सुने, सम्झेमा जुन लालसा पैदा हुन्छ त्यो लालसाको नाम काम हो । यो तृष्णा, लालसा (काम)को वेग भनेको त्यसबाट हुने अन्तःकरणको क्षोभ हो, विचलन हो । मुख रसाउनु, आङ सिरिङ्ग हुनु, आँखा रसाउनु, प्रसन्न हुनु, मुख फुक्नु आदि कामवेग उठ्नाका लक्षण हुन् ।

क्रोध भनेको द्वेष हो, रिस हो । मन नपरेको, रिस गर्ने व्यक्ति र वा विषय देख्दा, सुन्दा, सम्झँदा जुन उद्वेग, रिस उठ्छ, त्यसको नाम क्रोध हो, द्वेष हो । यसबाट चित्तमा जुन क्षोभ हुन्छ, विचलन हुन्छ, गडबडी र छटपटी हुन्छ त्यो क्रोधको वेग उठ्नु हो । मुख सुक्नु, आँखा कान आदि रातो हुनु, काम्नु, पसिना चिट्चिटाउनु आदि क्रोधवेग उठ्नाका लक्षण हुन् ।

कामक्रोध पैदा हुनु, तिनको वेग उठ्नु, वेगको लक्षण देखिनु अवस्था विशेष हुन् । अघिल्लो अवस्था उप्रान्त पछिल्लो अवस्था हुन्छ । सबै अवस्था एकै चोटि भए जस्तो लाग्छ, तर क्षणक्षणको मात्र भए पनि अन्तर हुन्छ । त्यसैले कामक्रोध उठे पनि, वेग नउठ्न सक्छ, वेग उठे पनि बाहिर शरीर इन्द्रियमा त्यसको लक्षण नदेखिन सक्छ । रिसाए पनि विचलित नहुने, भित्रभित्रै विचलित भए पनि बाहिर देखिन नदिने पनि व्यक्तित्व हुन्छन् । जुन व्यक्तित्व जति सभ्य, संस्कृत र परिष्कृत हुन्छ त्यो व्यक्तित्व त्यति नै वेग उठ्न नदिने, उठेको थाहा नदिने व्यक्तित्व हुन्छ ।

नउठ्नु एक अवस्था हो; नहुनु अर्को अवस्था हो; सहनु अर्को अवस्था हो । योगयुक्त नभई यी कुनै अवस्था पनि बुझिदैन । योग जतिजति सिद्ध हुन्छ उति उति अघिल्ला अवस्थामा पुगिन्छ । काम क्रोध उठ्नाका, काम क्रोध वेग उठ्नाका अनन्त अनन्त निमित्त छन्, कुन बेला के कुराबाट काम क्रोध हुने हो त्यसको कुनै निश्चित पूर्वसूचना हुँदैन । त्यसैले योगीले सँधै यसमा होशियार रहनुपर्छ । शरीर रहेसम्म काम क्रोधउठ्ने, त्यसको वेगबढ्ने सम्भावना रहिरहेको हुन्छ । त्यसकारण, योगीले काम क्रोधलाई उठ्नै नदिनका लागि ज्ञानले भुटिदिनुपर्छ; उठेछन् भने वेगलाई बढ्न दिनु हुँदैन; वेगको प्रभावलाई कर्मेन्द्रियमा पुग्न दिनु हुँदैन । अर्थात् रिसाउँदै नरिसाउनू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लालच गर्दै नगर्नू । त्यो हुन सकेन भने मन नबिगार्नू, पचाउनू । त्यो पनि हुन सकेन भने त्यसको प्रभावलाई कर्मेन्द्रियमा पुग्न नदिनू अर्थात् हात, गोडा, मुख आदि नचलाउनू । यति पनि भएन भने विग्रयो, योगमार्गमा लाग्न सकिएन, साधना बढाउनु पर्‍यो ।

इन्द्रिय वृत्तिलाई बहिर्मुख हुन नदिई चित्तवृत्तिलाई अन्तर्मुख बनाएर योग गर्नेले आन्तर सुख पाउन थाल्छ, दीर्घकालसम्म नटुटाईकन दृढताका साथ तीव्र अभ्यास गर्दै गरेपछि सुखानुभव निर्बाध निरन्तर हुन थालेपछि योगसिद्धिमा काम क्रोधका वेग पनि उठ्दैनन्, वेगका लक्षण पनि देखिदैनन् । २३ ।

यो न्तः सुखोन्तरारामस्तथान्तर्ज्योतिरेव यः
स योगी ब्रह्म निर्वाणं ब्रह्म भूतो धिगच्छति ।२४।

यः अन्तः सुखः अन्तरारामः तथा यः अन्तर्ज्योतिः सः योगी ब्रह्म भूतः ब्रह्म निर्वाणम् अधिगच्छति ।

जो भित्रकै आत्मसुखमा छ, जो भित्रभित्रै आत्मैमा रमाउंछ, त्यस्तै जसले आत्माकै ज्योति देख्छ, त्यो योगी ब्रह्मस्वरूप बनेर ब्रह्मानन्द प्राप्त गर्छ । २४ ।

लभन्ते ब्रह्मनिर्वाण मृषयः क्षीण कल्मषाः
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ।२५।

क्षीणकल्मषाः, छिन्नद्वैधाः, यतात्मानः सर्वभूतहिते रताः ऋषयः ब्रम्हनिर्वाणं लभन्ते ।

पाप नभएका, द्वैत संशय छिनेका इन्द्रियहरू वशमा भएका, सबै प्राणीको हितमा लागेका तत्त्वदर्शीहरुले ब्रह्मनिर्वाण प्राप्त गर्छन् । २५ ।

काम क्रोध वियुक्तानां यतीनां यत चेतसाम्
अभितो ब्रह्म निर्वाणं वर्तते विदितात्मनाम् ।२६।

कामक्रोध वियुक्तानां, यतीनां, यत चेतसाम्, विदितात्मनां ब्रह्म निर्वाणम् अभितः वर्तते ।

काम क्रोध छुटेका, चित्त वशमा रहेका, आत्मा बुझेका यतिहरूको निम्ति जतासुकै ब्रह्म निर्वाण मोक्ष हुन्छ । २६ ।

ब्रह्म बाहेक त केही पनि छैंदैछैन । आत्मा सदैव ब्रह्मात्मक नै छ । अतः ब्रह्म प्राप्तिको निमित्त कहीं जानुपर्ने पनि हैन, कुनै समय पर्खनुपर्ने पनि हैन, शरीर छुट्नु पर्ने पनि हैन । केवल बुझिदिए पुग्छ । काम र क्रोध आफैंले खडा गर्ने र आफैंले खडा गरेका विषयमा काम क्रोध गर्ने यानी छोडिदिनू । प्रीति पनि, प्रीतिहेतु पनि, प्रीति र प्रीति साधनलाई ज्ञान गराउने करण पनि आफैं भित्र छ । मान्छे बाहिर सुख, सुखको साधन खोज्छ, भित्रको लाई बाहिर खोजेर कसरी पाउनु ? इन्द्रियबाट सुख लिन खोज्छ, इन्द्रियलाई भित्र फर्काएपछि पाइने सुख बाहिर दौडाएर कसरी पाउनू ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पर्शान् कृत्वा बहि र्बाह्यां चैक्षु चैवान्तरे भ्रुवोः
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तर चारिणौ ।२७।
यतेन्द्रियमनो बुद्धि र्मुनि र्मोक्षपरायणः
विगतेच्छा भय क्रोधो यः सदा मुक्त एव सः ।२८।

बाह्यान् स्पर्शान् बहिः चक्षुः च एव भ्रुवोः अन्तरे, कृत्वा नासाभ्यन्तर चारिणौ प्राणापानौ समौ कृत्वा

यतेन्द्रिय मनोबुध्दिः मुनिः मोक्षपरायणः, विगतेच्छा भयक्रोधः यः सः सदा मुक्त एव ।

बाहिरी शब्द आदि विषयलाई बाहिरै छोडेर (बहिर्वृत्ति बन्द गरेर) आँखालाई आँखीभौंको मध्यमा लगाएर, नासाविवरबाट चल्ने प्राण र अपानलाई सम बनाएर ।२७।

इन्द्रिय मन बुद्धिलाई रोकेको, मननशील, मोक्षमा लागेको, इच्छा, डर र रिस छोडेको जो छ त्यो संधै मुक्त नै छ ।२८।

सच्चिदानन्द स्वरुप बोध सम्पग्दर्शन हो, तत्त्व साक्षात्कार हो । यसैको निमित्त शास्त्रहरूले अनेक साधन र साधनाको उपदेश गरेका छन् । जुनसुकै साधन र साधनाको अवलम्बन गरे पनि अन्तर्मुख बनेर आफू भित्रै नपसी, ध्यान नगरी हुँदै हुन्न । यसलाई ध्यान योग भन्छन् । यो सबै योगहरूमा र साधनाहरूमा प्रधान हुनाले र भित्री अन्तरङ्ग साधना हुनाले यसलाई राजयोग भन्छन् । शुद्ध भएको चित्त राजयोगबाट नै उपासनामा समर्थ हुन्छ । यो राजयोगका आठ अङ्ग छन्, यसलाई अष्टाङ्ग योग भन्छन् ।

यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि योगका आठ अङ्ग हुन् । अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, अपरिग्रह यिनलाई यम भन्छन् । अस्तेय भनेको नचोर्नु हो, ब्रह्मचर्य भनेको व्यभिचार नगर्नु हो, अपरिग्रह भनेको तृष्णा नगर्नु हो । नियम भनेको शौच (पवित्रता), सन्तोष, तपस्या, स्वाध्याय, (अध्यात्म शास्त्रको अभ्यास), ईश्वर प्रणिधान हुन् ।

योग साधनमा यम र नियमको प्राथमिक महत्व छ । यिनले योगविघ्नहरूलाई र वितर्कलाई हटाइदिन्छन् । रोगसंशयप्रमाद आलस्य आदि योगका विघ्न हुन् । यी विघ्न नहटीकन योग हुँदैन । यम नियम साधनाले खास गरेर ईश्वर प्रणिधानले विघ्नहरू हट्छन् । परम गुरु ईश्वरमा पूर्ण शरण परेर उहाँमा नै सर्व कर्मको अर्पण गर्नु ईश्वरप्रणिधान हो । ॐकार ईश्वरको मूलमन्त्र हो । ॐकारको जपसाधनाबाट पनि ईश्वर प्रसाद प्राप्त हुन्छ, इन्द्रियहरू अन्तर्मुख हुन्छन् । चित्त ऐना जस्तै हो, यसलाई सफा राख्नेमा योगसाधना, उपासना चल्छ । हिंसा, असत्य, चोरी, व्यभिचार तथा भोग्यविषय र भोगसाधनको उपार्जन वितर्क हुन् । वितर्क अनेक किसिमका छन् । जस्तै हिंसा आफैंले गरेको, गराएको ठीक ठानेको; लोभबाट भएको, क्रोधबाट भएको, मोहबाट भएको । चोरी, असत्य, व्यभिचार आदि सबै वितर्क यस्तै अनेक थरी हुन्छन् । यी सबैबाट बच्नुपर्छ । त्यसैको निमित्त अहिंसा, सत्य आदि यमनियमलाई व्रत नै बनाउनुपर्छ, जीवनको मर्यादा र अनुशासन नै बनाउनुपर्छ । मैत्री, करुणा, मुदिता र उपेक्षाको भावनाबाट चित्तलाई सफा पारि राख्नु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ । आफूभन्दा सम्पन्न सुखीसँग ईर्ष्या द्रोह हैन, मित्रता गर्नुपर्छ । विपन्न दुःखीसँग फुर्ति अभिमान नगरीकन करुणा गर्नुपर्छ । असल कामको, पुण्यकर्मको आलोचना हैन, अनुमोदन गर्नुपर्छ । खराब दुष्ट व्यक्तिको उपेक्षा गर्नुपर्छ । व्यवहारमा बस्दा यसरी मैत्री करुणा मुदिता र उपेक्षाको भावना बनाउनाले चित्तमा फोहोर पर्न सक्दैन र चित्त माझिन्छ; योगको निमित्त, ध्यानको निमित्त लायक बन्छ ।

ध्यानयोगका निमित्त इच्छा भय र क्रोध महाबिघ्न हुन्; यिनले जहिले पनि बराल्छन् । हिंसा, चोरी, असत्य, व्यभिचार, बिषयोपार्जन व्यग्रताहरु इच्छाको, भयको र क्रोधको वेगबाट हुन्छन् । काम क्रोध र भयको वेग नाशका, पतनका कारण हुन् । यिनलाई साधकले सँधै छोड्नु पर्छ । साधनावस्थामा जस्तै ध्यानका फल प्राप्त हुने अवस्थामा पनि काम क्रोध र भयको वेगले विचलित गराउने डर हुन्छ । ध्यान दृढ हुँदै जाँदा थरी थरीका योगसिद्धिहरु सिद्ध हुन थाल्छन्; दिव्य भोगहरू उपस्थित हुन्छन् । मुक्ति चाहने योगीले यिनमा पनि अलमलिनु हुँदैन, इच्छा भय क्रोधलाई छोड्नुपर्छ । यम र नियमका दश व्रतमा सँधै दृढ रहनुपर्छ । यो दृढताले ध्यान योग सिद्ध हुन्छ, ज्ञानोदयको भूमिका तयार हुन्छ ।

भोक्तारं यज्ञतपसां सर्वलोक महेश्वरम्
सुहृदं सर्व भूतानां ज्ञात्वा मां शान्ति मृच्छति ।२९।

यज्ञतपसां भोक्तारं, सर्वलोक महेश्वरं, सर्वभूतानां सुहृदं मां ज्ञात्वा शान्तिम् ऋच्छति ।

यज्ञहरुको, तपस्याहरुको भोग गर्ने, सबै लोकका महा अधिपति, सबै प्राणीका हितकारी हृदयावासी, मलाई जानेर शान्ति प्राप्त गर्छ ।२९।

समाधि दुइ किसिमको हुन्छ, सविकल्प र निर्विकल्प । सविकल्पका पनि धेरै भेद छन् । सविकल्पको मुख्य लक्षण चाहिं सगुण साकार इष्ट देवको भान भइरहनु हो । भगवान्बाट आज्ञा भएको छ, जसको भजन गरे पनि पुग्ने नारायण भगवान्मा नै हो । साक्षात् भगवान्कै भजन भयो भने बाटो सोझो हुन्छ । अन्य देवताको भजन भयो भने बाटो घुमाउरो हुन्छ । पुग्ने त भगवान्मा नै हो, आफ्नो भावना मात्रै अलमलिन्छ । त्यसैले ध्यान मायाधिपति, जगत्पति परमेश्वरकै गर्नु बेस हुन्छ । सारा यज्ञको तपस्याको देवतारूपले फलभोक्ता भगवान् नै हुनुहुन्छ । सर्वलोकका अधिपति प्रभु हाम्रै हृदयमा अन्तर्यामी रूपले रहनु भएको छ । हामीले गरेका सारा कर्महरुको फलको अध्यक्ष अर्थात् भावनानुसारका फलको व्यवस्थापन उहाँबाट नैं हुन्छ । हामीले गरेका सारा संकल्पको, ज्ञानको सदा साक्षी उहाँ नै हुनुहुन्छ । उहाँबाटै हाम्रो बुद्धि प्रेरित हुन्छ, प्रकाशित हुन्छ, यमनियमादि अष्टाङ्ग योगबाट उहाँलाई नैं जान्ने लक्ष्य बनाउनुपर्छ । जगत्पति परमप्रभु भगवान्को ध्यान भजन सिद्ध भयो भने, हृदयावासी भगवान्को दर्शन मिल्यो भने जन्म मृत्युरूपी दुःखमय संसार छुट्छ, शान्ति प्राप्त हुन्छ ।

ॐ तत् सत् इति श्रीमद्भगवद् गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुनसंवादे कर्मसंन्यास योगो नाम पञ्चमः अध्यायः ।५।

ॐ तत् सत् कर्मसंन्यास योग नामक पाँचौं अध्याय समाप्त भयो ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यहाँ कर्म शब्दले कर्मयोगलाई र संन्यासशब्दले सांख्ययोगलाई बुझाएको छ । कर्मयोग र सांख्ययोग दुवैमा समभावकै आवश्यकता छ । दुवैको प्राप्तव्यमा पनि भेद छैन, दुवैको प्राप्तव्य निःश्रेयस नै हो । अधिकार अनुसार साधना गर्ने हो । कर्मयोगसाधनामा सफलता नभई सांख्ययोग-साधना सफल हुँदैन । त्यसकारण प्रथमतः कर्मयोगसाधना हुनुपर्छ । वर्णाश्रमधर्मानुसार आचारहरूको अनुष्ठानका साथै उपासना, योगाङ्गसाधना पनि, कर्मयोगसाधना भित्रै पर्छन् । तिनमा सिद्ध भएको पुरुषले परम पुरुषार्थ प्राप्त गर्छ भनी संकेतबाट अध्यायको उपसंहार भएको छ । यसरी कर्मयोग-साधनाबाट संन्यासयोगसाधनामा पनि सफलता प्राप्त हुने कुराको उपदेश भएकोले अध्यायको नाम कर्मसंन्यास योग रहेको छ । आत्मा कर्ता पनि, कारयिता पनि हैन; केवल कर्मसंस्कार चलिरहेको छ इत्यादि उपदेशबाट त्वं पदार्थ जीवात्माको स्वरूप बताएको अंशलाई प्रधानता दिएर मधुसूदन सरस्वतीले यो अध्यायको नाम 'स्वस्वरुप परिज्ञान' भन्ने राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

षष्ठो ध्यायः – ध्यान योग

श्री भगवानुवाच – श्रीभगवान् कृष्णबाट भर्जो हुन्छ ।

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः
स संन्यासी च योगी च न निरग्नि र्नचाक्रियः ।१।

कर्मफलम् अनाश्रितः कार्यं कर्म यः करोति सः संन्यासी च योगी च । न निरग्निः न च अक्रियः ।

कर्मफलको आसरा नराखेर, कर्तव्य कर्म जसले गर्छ, त्यो संन्यासी पनि हो, योगी पनि हो । अग्नि छोडेर र कर्म छोडेर मात्र संन्यासी वा योगी हुने होइन । १ ।

यं संन्यास मिति प्राहु योगं तं विद्धि पाण्डव
न ह्यसंन्यस्त संकल्पो योगी भवति कश्चन ।२।

यं संन्यासम् इति प्राहुः तं योगं विध्दि, पाण्डव, हि असंन्यस्त संकल्पः, कश्चन योगी न भवति ।

जुनलाई संन्यास भन्ने गरेका छन्, त्यसलाई योग पनि हो भन्ने जान । किनभने, संकल्पको संन्यास नगर्ने कोही पनि योगी हुँदैन ।

कर्म, उपासना, ज्ञान । यो सामान्य क्रम हो । कर्मबाट शुद्ध भएको चित्तले उपासना गर्छ, उपासनाबाट स्वरूपज्ञान हुन्छ । यसो हुँदा, ध्यान अथवा उपासना सम्यग्दर्शनको अन्तरङ्ग साधन हो भने कर्म वाहिरङ्ग साधन हो, उपायको पनि उपाय हो । कर्म ध्यानको चाहिं साक्षात् उपाय हो । अतः कर्तव्यकर्मानुष्ठान योगको पनि, योगद्वारा ज्ञानको पनि उपाय हो । योगी हुनको निम्ति पनि, संन्यासी हुनको निम्ति पनि भगवदर्पण बुद्धिबाट अनासक्त भावले कर्तव्यकर्मानुष्ठान आवश्यक हुन्छ । कसैलाई कर्म विनानै ज्ञान भयो भने पूर्वजन्मको कर्मसिद्धिको प्रभाव हो । गृहस्थाश्रमका कर्तव्यहरु छोडेर मात्र योगी वा संन्यासी हुँदैन । कर्मफलासक्तिको त्याग कर्मयोग, ध्यानयोग र समाधियोग सबैमा आवश्यक छ । ध्यान योगीले पनि, ज्ञानयोगीले पनि, संन्यासीले पनि सर्व कर्मफल त्याग गरेको हुन्छ । कर्मफलासक्ति छोडेर भगवदर्पण बुद्धिबाट कर्तव्य कर्म गऱ्यो भने कर्मयोगी पनि ध्यानयोगी हो; संन्यासयोगी हो । भेष र आश्रमसंगमन्दा संकल्पसंन्याससंग मतलब छ । संकल्प छोडेपछि प्रवृत्तिमार्ग र निवृत्तिमार्गको साम्य हुन्छ । प्रवृत्ति भनेकै संकल्प गर्नु, इच्छा आसक्ति गर्नु हो; निवृत्ति भनेको त्यो नगर्नु हो । संकल्प छोडेपछि प्रवृत्तिलक्षण धर्मले पनि निवृत्तिलक्षण धर्मको समानता पाउँछ, दुवै मार्गको यौटै शान्ति भूमिकामा पर्यवसान हुन्छ । २ ।

आरुरुक्षो र्मुने र्योगं कर्म कारण मुच्यते
योगारूढस्य तस्यैव शमः कारण मुच्यते ।३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगम् आरुरुक्षोः मुनेः कर्म कारणम् उच्यते । योगारूढस्य तस्य एव शमः कारणम् उच्यते ।

योगमा चढ्न खोज्ने मुनिको लागि कर्म कारण (उपाय) हो भनिन्छ योगमा आरूढ भए पछि त्यही मुनिको शम (निवृत्ति) कारण हो भनिन्छ ।३।

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते
सर्वसंकल्पसंन्यासी योगारुढ स्तदोच्यते ।४।

यदा हि न इन्द्रियार्थेषु, न कर्मसु अनुषज्जते । सर्वसंकल्प संन्यासी योगारूढः तदा उच्यते ।

जब न इन्द्रियग्राह्य विषयमा, न कर्ममा प्रवृत्त हुन्छ (आसक्त हुन्छ), सबै संकल्पको संन्यास गरेको त्यो साधकलाई योगारूढ तब भनिन्छ ।

प्रवृत्ति र निवृत्तिको साँध बास्तवमा वैराग्य हो । जे जेमा वैराग्य उठ्छ, त्यो त्योमा लागिदैन, जे जेमा राग हुन्छ त्यो त्योमा लागिन्छ । प्रवृत्तिको र निवृत्तिको सजिलो अर्थ लाग्नु र नलाग्नु हो । वैराग्यको प्रकार र मात्रा अनुसार प्रवृत्ति घट्दै जाने र निवृत्ति बढ्दै आउने हो । यो लोक र परलोकका लौकिक र वैदिक समस्त विषयमा, फलमा, लोकमा पूर्ण वैराग्य हुनु वैराग्यको काष्ठा हो । यो वैराग्यले मन, चित्त बुद्धिलाई भित्रै फर्काउन मन लाग्छ, योगतिर मन फर्कन्छ, योगेच्छा जाग्छ । कर्महरूको उपयोगिता यही योगेच्छामा छ । निष्काम कर्म साधनाले चित्त माझिएपछि योगमा इच्छा जाग्छ । यो इच्छाले योगसाधनामा संलग्न हुँदाहुँदै साधनापरिपाकबाट समयमा योगारूढ भइन्छ । योगारूढ अवस्थामा प्रमेय, प्रमाण, प्रमाता रूपी त्रिपुटीको भान नै नहुने हुनाले सारा कर्महरू शान्त हुन्छन् । योगमा चढ्ने इच्छा नउठुन्जेल कर्महरू नै प्रधान हुन्छन् । योगेच्छा उठेपछि योग प्रधान हुन्छ, कर्म अप्रधान हुन्छन्, पूर्णयोगारूढ स्थितिमा शम प्रधान हुन्छ । योगमा लाग्न थालेपछि कर्ममा आग्रह गर्नु हुँदैन । योग टुट्ने गरी, योग साधनामा विघ्न हुने गरी कर्मानुष्ठान गर्नु हुँदैन । योगको मात्रावृद्धिकै अनुपातमा कर्मको मात्रा घट्दै जान्छ, घटाउँदै लग्नुपर्छ, आग्रह छोड्दै जानुपर्छ ।४।

उद्धरे दात्मनात्मानं नात्मान मवसादयेत्
आत्मैव ह्यात्मनो बन्धु रात्मैव रिपुरात्मनः ।५।

आत्मना आमानम् उध्दरेत् आत्मानं न अवसादयेत् । हि आत्मा एव आत्मनः बन्धुः, आत्मा एव आत्मनः रिपुः ।

आफैंले आफूलाई माथि उठाउनुपर्छ, आफूलाई गिराउनु हुँदैन । किनभने, आफू नै आफ्नो बन्धु हो; आफू नै आफ्नो शत्रु हो । ५ ।

बन्धु रात्मा त्मन स्तस्य येना त्मैवा त्मना जितः
अनात्मन स्तु शत्रुत्वे वर्तेतात्मैव शत्रु वत् ।६।

तस्य आत्मनः आत्मा बन्धुः येन आत्मना आत्मा एव जितः । अनात्मनः तु आत्मा एव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शत्रुवत् वर्तेत ।

त्यो आत्माको आत्मा (देहेन्द्रियादि कार्यकरण संघात) बन्धु हुन्छ, जुन आत्माले आत्मालाई जितेको छ । आत्मालाई नजित्नेको त आत्मा नै शत्रु हुन्छ ।

आत्मालाई बिगार्नु र सपार्नु अरूको हातमा छैन, आफ्नै हातमा छ । मनुष्यको आन्तर जगत्को अधिपति आफैं हो, बाहिर जगत्मा आफ्नै आन्तर जगत्को प्रभाव पर्छ र बाहिर जगत्मा आफ्नो आन्तर जगत्ले गरेको प्रतिक्रियाबाट नै आन्तरजगत् चल्छ । बाह्यजगत् र आन्तरजगत्को पारस्परिक प्रभावबाट मानिसको उन्नति र अवनति, उर्ध्वगति र अधोगति हुन्छ ।

इन्द्रियहरूलाई वशमा राख्न सकेन भने मानिसको अधोगति हुन्छ, इन्द्रियहरूलाई तहमा राख्न सकेको छ भने मानिसको उन्नति हुन्छ । इन्द्रियको असंयम आपत्तिको बाटो लाग्नु हो, इन्द्रियको संयम सुखको बाटो लाग्नु हो । इन्द्रियहरू मनको इशारामा चल्छन् । मन जता लाग्यो, इन्द्रिय त्यतै लाग्छन् । बुद्धिले मनलाई कब्जामा राख्नु पर्छ । योगतिर, संयमतिर मनलाई लगाउनु पर्छ । जसले बुद्धिद्वारा मनलाई कब्जामा राखेको छ त्यसको उद्धार हुन्छ । जसले छैन, त्यसको अवसाद हुन्छ, पतन हुन्छ । उद्धार गर्ने र पतन गर्ने कुन्जी बुद्धि हो । जसको बुद्धिले मनलाई वशमा राखेर धारणा ध्यानमा लगाउँछ त्यसको बुद्धि नै मित्र हुन्छ, बन्धु हुन्छ । त्यसैले बुद्धिलाई सत्संग, गुरुसेवा, असल शास्त्र चिन्तनबाट ठीक बनाउनुपर्छ र मनलाई योगमा लगाउनु पर्छ, योगमा आरूढ गराउनुपर्छ । ६ ।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ।७।

शीतोष्ण सुख दुःखेषु तथा मानापमानयोः जितात्मनः प्रशान्तस्य आत्मा परम् समाहितः ।

चीसो तातो र सुख दुःखमा, त्यस्तै मान र अपमानमा शरीरेन्द्रिय आदि कार्य कारण संघातलाई आफ्नै अधीनमा राख्ने, अर्थात् विकृत हुन नदिने शान्तचित्तवाला योगीको परमात्मा समाधिमा चढ्ने हुन्छ । यस्तो योगीको आत्मा भनेको चित्त बेसरी समाधिस्थ हुन्छ । (परमात्मा – परम्, आत्मा) । ७ ।

ज्ञान विज्ञान तृप्तात्मा कूटस्थो विजितेन्द्रियः
युक्त इत्युच्यते योगी समलोष्टाश्म काञ्चनः ।८।

ज्ञान विज्ञान तृप्तात्मा, कूटस्थः, विजितेन्द्रियः, समलोष्टाश्म काञ्चनः, योगी युक्तः इति उच्यते ।

ज्ञानविज्ञानबाट तृप्त अन्तःकरण भएको, निर्लेप, अविकारी, इन्द्रिय वशमा राखेको, माटोको डल्लो, ढुङ्गो र सुन सम भएको योगी युक्त भनी कहिन्छ । ८ ।

सुहृन्मित्रा र्युदा सीन मध्यस्थ द्वेष्य बन्धुषु
साधुष्वपि च पापेषु समबुद्धि र्विशिष्यते ।९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुहृन्मित्रार्यु दासीन मध्यस्थ द्वेष्य बन्धुषु, साधुषु अपिच पापेषु समबुध्दिः विशिष्यते ।

सहृत– भलो चिताउने, मित्र– स्नेह गर्ने, अरि– रिस गर्ने, उदासीन– वास्ता नगर्ने, मध्यस्थ– दुबै थरीको हितैषी, द्वेष्य– मन नपरेको, बन्धु– नातादारमा, र साधुमा र पापीमा पनि समबुद्धि भएको योगी उत्तम हो, श्रेष्ठ हो ।

योगीको योगसिद्धि अनुसार दुइ अवस्था हुन्छ, युक्त र युञ्जान । युक्त भनेको योगसिद्धि भएको योगी हो । युक्त योगीको स्थिति माथिल्लो हुन्छ, उत्कृष्ट हुन्छ । चीसो तातो, सुख, दुःख, मान अपमान जे भए पनि युक्तलाई हुँदैन । उसको मन विकृत हुँदैन । उसको अन्तर निर्वात दीप जस्तै शान्त रहन्छ, चित्त पूर्णरूपमा समाधिमा स्थित रहेको हुन्छ, ऊ परमात्मासँगै रहेको हुन्छ । ज्ञान भनेको गुरूशास्त्रबाट भएको परोक्ष ज्ञान हो, विज्ञान भनेको स्वयं मननचिन्तन गरी आपनै अनुभवमा बढेको शास्त्रसंग विरोध नखाने निश्चयात्मक अपरोक्ष ज्ञान हो । परोक्षज्ञान श्रवण आबिबाट हुन्छ । अपरोक्ष ज्ञानको लागि मनन निदिध्यासन आवश्यक हुन्छ । युक्त पुरुषको मन ज्ञानविज्ञानबाट संतुष्ट हुन्छ । हर्षविषाद उसमा उठ्दै उठ्दैनन् । कुनै किसिमका घटनाको पनि उसमा प्रभाव पर्दैन, लेप लाग्दैन । उसका निम्ति सुहृन् मित्र अरि उदासीन मध्यस्थ, द्वेष्य बन्धु भन्ने केही हुँदैन, कोही हुँदैन । उसलाई कुटे पनि केही छैन मुसारे पनि केही छैन; दिए पनि लिए पनि फरक पर्दैन । कसैको सज्जनता दुर्जनतामा उसको दृष्टि जाँदैन । उसको बुद्धि सम हुन्छ, उसको बुद्धि समस्वरूप परमात्मामा नै हुन्छ । यस्तो स्थिति श्रेष्ठयोगीको हुन्छ, यस्ता योगीलाई युक्त भन्ने चलन छ, योगको परम सिद्धि स्थिति यही हो । यो स्थिति प्राप्त गर्न यमनियम आदि आठ योगाङ्गको सम्यक अनुष्ठान हुनुपर्छ ।

योगी युञ्जीत सतत मात्मानं रहसि स्थितः ।
एकाकी यत चित्तात्मा निराशीरपरिग्रहः ।१०।

योगीः रहसि स्थितः, एकाकी, यतचित्तात्मा, निराशीः, अपरिग्रहः आत्मानं सततं युञ्जीत ।

ध्यान गर्ने योगीले एकान्तमा रहेर, एक्लै अन्तःकरणलाई र शरीरलाई स्थिर बनाएर, तृष्णा छोडेर, संग्रह छोडेर आफूलाई सँधै ध्यानमा लगाउनू ।१०।

शुचौ देशे प्रतिष्ठाप्य स्थिर मासन मात्मनः ।
नात्युच्छ्रितं नाति नीचं चैला जिन कुशोत्तरम् ।११।

शुचौ देशे न अत्युच्छ्रितं, न अतिनीचं, चैलाजिन कुशोत्तरम् आत्मनः स्थिरम् आसनं प्रतिष्ठाप्य ।

शुद्ध सफा ठाउँमा न धेरै अग्लो, न धेरै होचो, वस्त्र, चर्म, कुश बिछ्याएको (सबमन्दा मुनि कुश, त्यसमाथि चर्म, त्यसमाथि वस्त्र) आपनो स्थिर नहल्लने आसन बनाएर ।११।

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्या सने युञ्ज्याद् योगमात्म विशुद्धये ।१२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र आसने उपविश्य यत चित्तेन्द्रियक्रियः, मनः एकाग्रं कृत्वा आत्मविशुध्दये योगं युञ्ज्यात् ।

त्यो आसनमा बसेर, चित्त र इन्द्रियका वृत्तिलाई रोकेर, मनलाई एकाग्र–अन्त नलाग्ने–बनाएर अन्तःकरण शुद्धिको लागि योग गरोस् ।१२।

समं काय शिरोग्रीवं धारयन् नचलं स्थिरः ।
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ।१३।

काय शिरोग्रीवं समम् अचलं धारयन्, स्थिरः, स्वं नासिकाग्रं संप्रेक्ष्य, दिशः च अनवलोकयन् ।

जिउ, शिर र घाँटीलाई सीधा (पछाडिबाट हेर्दासम्म हुने गरी) र नहल्लिने गरी अडाएर, आफ्नो नाकको टुप्पालाई हेरिरहने भएर, यताउति कतै नहेरी स्थिर बनेर ।१३।

प्रशान्तात्मा विगतभी र्ब्रह्मचारिव्रतेः स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ।१४।

प्रशान्तात्मा, विगतभीः, ब्रह्मचारि व्रते स्थितः, मनः संयम्य, मच्चित्तः, मत्परः युक्तः आसीत ।

शान्त चित्त, धैर्ययुक्त एवं ब्रह्मचारी नियममा रहने बनेर, मनलाई अडाएर, ममा चित्त लगाएर, मलाई नै सर्वोत्तम संझेर योग समाधिमा रहनू ।१४।

युञ्जन्नेवं सदात्मानं योगी नियत मानसः ।
शान्ति निर्वाणपरमां मत्संस्था मधिगच्छति ।१५।

एवं सदा आत्मानं युञ्जन् नियतमानसः योगी मत्संस्थां निर्वाणपरमां शान्तिम् अधिगच्छति ।

यसरी सँधै आफूलाई योगमा लगाउने, तह लागेको चित्तवाला योगीले ममा रहेको निर्वाणमा (मोक्ष) हुने शान्ति प्राप्त गर्छ ।१५।

नात्यश्नतस्तु योगोस्ति नचैकान्तमनश्नतः ।
न चातिस्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ।१६।

योगः अत्यश्नतः तु न अस्ति, एकान्तम् अनश्नतः च न, अतिस्वप्नशीलस्य च न, अर्जुन, जाग्रतः च न एव ।

योग धेरै खाने पुरुषको पनि हुँदैन; एकदमै नखानेको पनि हुन्न; ज्यादै सुताहाको पनि हुन्न, हे अर्जुन, जागै रहनेको पनि हुन्न ।१६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युक्ताहार विहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्त स्वप्नावबोधस्य योगोभवति दुःखहा ।१७।

युक्ताहारविहारस्य, कर्मसु युक्तचेष्टस्य, युक्तस्वप्नाव बोधस्य योगः दुःखहा भवति ।

ठिक्क ठिक्क आहार विहार गर्ने, कर्महरूमा ठिक्क ठिक्कसंग लाग्ने, ठिक्क ठिक्कसंग सुत्ने र जागारहनेको निम्ति योग दुःख छुटाउने हुन्छ ।१७।

यदा विनियतं चित्त मात्मन्येवा वतिष्ठते ।
निःस्पृहः सर्व कामेभ्यो युक्त इत्युच्यते तदा ।१८।

यदा विनियतं चित्तम् आत्मनि एव अवतिष्ठते तदा सर्व कामेभ्यः निः स्पृहः युक्त इति उच्यते ।

जब बहिर्वृत्ति रोकिएको चित्त आत्मामा (ध्येय वस्तुमा) नै स्थिर भएर (एकतानवृति भएर) अड्छ सबै किसिमका विषयभोगतृष्णा विलाउँछ तब साधक युक्त भनिन्छ ।१८।

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ।१९।

यथा निवातस्थः दीपा न इङ्गते, आत्मनः योगम् युञ्जतः योगिनः यतचित्तस्य उपमा सास्मृता ।

जसरी हावा नचलेको ठाउँमा रहेको दीपशिखा चल्दैन । आत्मयोग गर्ने योगीको एकतानवृत्तिवाला चित्तको उपमा (उदाहरण) त्यही हो । १९ ।

यत्रोपरमते चित्तं निरूध्दं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ।२०।

यत्र योगसेवया निरूध्दं चित्तम् उपरमते, यत्र च आत्मना आत्मानं पश्यन् आत्मनि तुष्यति ।

जहाँ योगाभ्यासबाट वहिर्वृत्ति रोकिएको चित्त अड्छ (वृत्ति शून्य हुन्छ); जहाँ शुद्ध चित्तद्वारा आफैंले आत्माको साक्षात्कार गरेर आत्म सन्तोष हुन्छ ।२०।

सुख मात्यन्तिकं यत् तद् बुद्धि ग्राह्य मतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ।२१।

यत् तत् अतीन्द्रियं बुध्दिग्राह्यम् आत्यन्तिकं सुखं वेत्ति, यत्र च एवं स्थितः अयं तत्त्वतः नचलति ।

जुन त्यो इन्द्रियको ग्रहणभन्दा परको बुद्धिले मात्र ग्रहण गरिने अनन्त अक्षय सुखको अनुभव हुन्छ, जहाँ स्थित भएको योगी तत्त्वबाट डग्दैन ।२१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन् स्थितो न दुःखेन गुरुणापि विचाल्यते ।२२।

यं लब्ध्वा च अपरं लाभं ततः अधिकं नमन्यते, यस्मिन्, स्थितः गुरुणा अपि दुःखेन न विचाल्यते ।

जुन सुख पाएपछि अरू लाभलाई त्यो भन्दा बढी मान्दैन, जुन सुखमा स्थित हुँदा महान् दुखले पनि बिचलित गराइँदैन ।२२।

तं विद्याद् दुःख संयोग वियोगं योगसंज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगो निर्विण्ण चेतसा ।२३।

तं दुःख संयोगवियोगं योगसंज्ञितं विद्यात्, सः योगः अनिर्विण्ण चेतसा निश्चयेन योक्तव्यः ।

त्यस्तो दुखसंयोग छुटाउनेलाई योग भन्ने नाम दिएको जान्नू । त्यस्तो योगको चित्त विरक्त नभएको साधकले निश्चय नै दृढता पूर्वक साधना गर्नुपर्छ ।२३।

संकल्प प्रभवान् कामाँ स्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ।२४।

संकल्प प्रभवान् कामान् सर्वान् अशेषतः त्यक्त्वा, मनसा एव इन्द्रिय ग्रामं समन्ततः विनियम्य ।

कल्पनाबाट उठ्ने विषयभोगेच्छा सबै लेपै नरहने गरी त्यागेर मनैले चक्षुरादिइन्द्रियसमूहलाई सबैतिरबाट रोकेर ।२४।

शनैः शनै रूपरमेद् बुध्द्या धृति गृहीतया ।
आत्मसंस्थं मनः कृत्वा नकिञ्चिदपि चिन्तयेत् ।२५।

शनैः शनैः उपरमेत्, धृति गृहीतया बुध्द्या मनः आत्म संस्थं कृत्वा किञ्चित् अपि न चिन्तयेत् ।

विस्तार विस्तार अलि अलि गरेर इन्द्रियहरूलाई विषयबाट छुटाउनू । धैर्ययुक्त बुद्धिद्वारा मनलाई आत्मामा नै (आफूमा नै) अड्ने बनाएर केही पनि नचिताउने गर्नू । (चित्तवृत्तिलाई उठ्न नदिनू) ।२५।

यतो यतो निश्चरति मनश्चञ्चल मस्थिरम् ।
ततस्ततो नियम्यै तदात्मन्येव वशं नयेत् ।२६।

यतः यतः मनः चञ्चलम् अस्थिरं निश्चरति, ततः ततः नियम्य एतत् आत्मनि एव वशं नयेत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन जुन निमित्तबाट मन चञ्चल, अस्थिर भएर निस्कन्छ त्यो त्यो निमित्तबाट खिचेर यो मनलाई आत्मामा नै बस्ने बनाउनू ।२६।

प्रशान्त मनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूत मकल्मषम् ।२७।

प्रशान्त मनसं, शान्तरजसम्, अकल्मषं, ब्रह्मभूतम्, एनं योगिनं उत्तमं सुखम् उपैति ।

अन्तःकरण स्थिर भएको, मोह आदि क्लेश हटेको, कर्मवासनामय मल फालिएको, ब्रह्म मात्रै छ भन्ने निश्चय भएको (जीवन्मुक्त) यो योगीलाई उत्तम सुख प्राप्त हुन्छ ।२७।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्श मत्यन्तं सुख मश्नुते ।२८।

एवं सदा आत्मानं युञ्जन्, विगतकल्मषः योगी सुखेन ब्रह्म संस्पर्शम् अत्यन्तं सुखम् अश्नुते ।

यसरी संधै आत्मयोग गर्ने मोह आदि क्लेश फालिएको, योगीले सजिलैसँग ब्रह्मप्राप्तिरूप सुखको अनुभव गर्छ ।२८।

योगसिद्धिका निमित्त अत्यन्त नियमित एवं सन्तुलित हुनुपर्छ । पवित्र स्थानमा, कुश त्यसमाथि, वस्त्र त्यसमाथि मृग आदि जङ्गली पशुको छाला ओछ्याएर सजिलो आसन बनाउनुपर्छ । आसनमा पलैंटी मारेर, ढोड नसालाई सीधा बनाएर, पूरक कुम्भक रेचक प्राणायाम गरेर, मनलाई श्वास गतिमा लगाएपछि, इन्द्रियहरूलाई बाहिर निस्कन नदिएर हृदयलाई केन्द्र बनाएर परम पुरुष अन्तर्यामी भगवान्को ध्यान गर्नुपर्छ । ध्यान जति तीव्र र दृढ हुन्छ सिद्धि त्यति नै चाँडो हुन्छ । योगबाट अशुद्धिहरू हराउँछन्; अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय कोशबाट आत्माको बिवेक ज्ञान हुन्छ । योग सविकल्पबाट पनि माथि उठेर निर्विकल्प बनेपछि आनन्दमय कोशबाट पनि विविक्त आत्माको प्रत्यक्ष हुन्छ । पञ्चकोशको भान हुँदा पनि, नहुँदा पनि आत्माको यथावत् अस्तित्वको प्रत्यक्ष हुन्छ र अभौतिक, आत्मिक आनन्द प्राप्त हुन्छ ।

सर्व भूतस्थ मात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ।२९

सर्वत्र समदर्शनः योग युक्तात्मा सर्व भूतस्थम् आत्मानं, सर्वभूतानि च आत्मनि ईक्षते ।

अनेक भेद वैषम्यले भरिएका समस्त भूतभौतिक प्रपञ्चमा, अद्वैत, भेदरहित, समपरमात्मा देखेको योगीले सबै भूतभौतिकमा आत्मा रहेको छ, सबै भूतभौतिक आत्मामा रहेका छन् भन्ने देख्छ ।२९।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्या हं न प्रणश्यामि सचमे न प्रणश्यति ।३०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः सर्वत्र मां पश्यति, सर्वं च मयि पश्यति तस्य अहं न प्रणश्यामि, सच मे न प्रणश्यति ।

जसले सर्वत्र म कृष्ण परमात्मालाई देख्छ; सबैसाई म कृष्ण परमात्मामा देख्छ त्यसको निम्ति म नदेखिने हुन्न, मेरो निम्ति त्यो नदेखिने हुन्न ।३०।

सर्व भूतस्थितं यो मां भजत्येकत्व मास्थितः ।
सर्वथा वर्तमानोपि स योगी मयि वर्तते ।३१।

यः सर्वभूतस्थितं माम् एकत्वम् आस्थितः भजति सर्वथा वर्तमानः अपि सः योगी मयि वर्तते ।

जसले सर्वभूतमा रहेको मलाइ एकत्व भाव लिएर प्राप्त गर्छ सबै प्रकारबाट लोकयात्रा गरिरहेंदा पनि त्यो योगी ममा नै स्थित हुन्छ ।३१।

आत्मौ पम्येन सर्वत्र, समं पश्यति यो र्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ।३२।

आत्मौ पम्येन सर्वत्र, सुखं वा यदि वा दुःखं समं यः पश्यति, अर्जुन, सः परमः योगी मतः ।

आफूसरह सर्वत्र सुख अथवा दुःख समरूपमा जसले देख्छ, हे अर्जुन, त्यो परम योगी मानिन्छ ।३२।

आत्माको, परमेश्वरको, प्रत्यक्ष गर्ने पद्धति अर्कै छ । भूतभौतिक प्रपञ्च उपाधि हुन् । ती उपाधि जेको प्रकाशमा देखिएका छन्, त्यो परमात्मा हो । सबै भूतको सत्ता परमात्माकै सत्ता हो । प्रत्येक भूतभौतिकमा आत्मसत्ता परमात्म प्रकाश प्रकाशित भै रहेको छ । परमात्म प्रकाशमा नै सबै भूत प्रकाशित भैरहेका छन् । त्यसकारण जे जति देखिन्छन् ती सबै भूतमा नै आत्माको, परमेश्वर भगवान्को दर्शन गर्नुपर्छ । जतासुकै, सबैमा भगवान्लाई जसले देख्छ र भगवान्मा नै सबै भूतलाई देख्ने साधकको अगाडि सँधै भगवान् हुनुहुन्छ, भगवान् मात्र हुनु हुन्छ । भगवान् नदेख्नाको कारण भूतको र भगवान्को पृथक् अस्तित्व मान्नु हो । भूत र भगवान् दुइ हुँदै हैनन् भन्ने पक्का हुनेले कहिल्यै पनि भगवान्लाई नदेखेको हुँदैन, भगवान्ले उसलाई नदेखेको पनि हुँदैन ।

अर्जुन उवाच – अर्जुनले भन्नुभो ।

यो यं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चञ्चलत्वात् स्थितिंस्थिराम् ।३३।

मधुसूदन, त्वया यः अयं साम्येन योगः प्रोक्तः चञ्चलत्वात् एतस्य स्थिरां स्थितिम् अहं नपश्यामि ।

हे मधुसूदन हजुरबाट जुन यो समभावयोग हुकुम भो, मन चञ्चल भएकोले यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अचल्ने स्थिति म देखिदन ।३३।

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद् दृढम् ।
तस्याहं निग्रहं मन्ये वायो रिव सुदुष्करम् ।३४।

कृष्ण, हि मनः प्रमाथि, बलवत्, दृढम् तस्य निग्रहं वायोः इव सुदुष्करम् अहं मन्ये ।

हे श्रीकृष्णजी, किनभने मन चञ्चल, बराल्ने, बलियो र बशमा राख्न गाहारो छ त्यसलाई रोक्न वायुलाई रोक्नु जस्तै अत्यन्तै कठिन छ भन्ने म ठान्छु ।३४।

श्री भगवानुवाच – श्री भगवान्बाट हुकुम हुन्छ ।

असंशयं महाबाहो, मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते । ३५।

असंशयं, महाबाहो, मनः दुर्निग्रहं चलम् कौन्तेय, तु अभ्यासेन वैराग्येण च गृह्यते ।

निश्चय नै, हे महाबाहु, मन रोक्न गाहारो, चञ्चल छ । हे कुन्तीपुत्र, अभ्यासले र वैराग्यले रोकिन्छ ।३५।

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्यो वाप्तु मुपायतः ।३६।

असंयतात्मना योगः दुष्प्राय इति मे मतिः वश्यात्मना तु यतता उपायतः अवाप्तुं शक्यः ।

मन वशमा नभएकोले योगसिद्धि प्राप्त गर्न गहारो छ भन्ने मेरो मत छ । तर अन्तःकरणलाई वशमा राख्नेले यत्न गर्दा उपायबाट योग प्राप्त गर्न सकिन्छ ।३६।

अर्जुन उवाच – अर्जुन भन्नु हुन्छ ।

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ।३७।

अयतिः श्रध्दया उपेतः योगात् चलित मानसः योगसंसिध्दिम् अप्राप्य कृष्णः कां गतिं गच्छति ।

योगी भइनसकेको, श्रद्धाले लागेको साधक, योगबाट मन चलेको हुँदा, योगसिद्धि प्राप्त नगरी, हे कृष्ण, कुन गतिमा पुग्छ ? ।३७।

कच्चिन्नोभयविभ्रष्ट श्छिन्ना भ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ।३८।

कच्चित्, उभयविभ्रष्टः अप्रतिष्ठ, ब्रह्मणः पथि विमूढः, महाबाहो, छिन्नाभ्रम् इव न नश्यति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कतै दुर्वैतिर खस्केको, कहीं अड्न नसकेको, ब्रह्ममार्गमा अलमलिएको साधक, हे महाबाहु, फाटेको बादल जस्तै भएर त हराउंदैन ? । ३८ ।

एतन्मे संशयं कृष्ण छेत्तु महंस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ।३९।

एतत् मे संशयं, कृष्ण, अशेषतः छेत्तुम् अर्हसि, त्वदन्यः अस्य संशयस्य छेत्ता न हि उपपद्यते ।

यो मेरो संशयलाई, हे कृष्ण प्रभु, पूरापूर छिनालिदिन योग्य होइबदिसन्छ । हजुर बाहेक अरू कोही पनि यो संशय छिनाल्ने हुंदैन ।३९।

श्री भगवानुवाच – श्री भगवान्बाट हुकुम भो ।

पार्थनैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत् कश्चिद् दुर्गतिं तात गच्छति ।४०।

पार्थ न एव इह, न अमुत्र तस्य विनाशः विद्यते, हि कल्याणकृत् कश्चित् तात, दुर्गतं न गच्छति ।

हे अर्जुन, न यहाँ, न अन्त त्यस्ताको बिगार हुन्छ । किनभने, कल्याण गर्ने कोही पनि दुर्गतिमा पर्दैन ।४०।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योग भ्रष्टो भिजायते ।४१।

योग भ्रष्टः, पुण्यकृतां लोकान् प्राप्य, शाश्वतीः समाः उषित्वा, शुचीनां श्रीमतां गेहे अभिजायते ।

योगभ्रष्ट साधक पुण्यगर्नेहरूको लोकमा पुगेर त्यहाँ धेरै समयसम्म बसेर पवित्र श्रीमान्-हरूको घरमा जन्मन आउंछ ।४१।

अथवा योगिना मेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ।४२।

अथवा धीमतां योगिनाम् एव कुले भवति । यत् ईदृशं जन्म एतत् हि लोके दुर्लभ तरम् ।

अथवा बुद्धिमान् योगीहरूको नै कुलमा जन्म हुन्छ । जुन यस्तो जन्म हो, यो निश्चय नै यो लोकमा धेरै दुर्लभ हुन्छ । ४२।

तत्र तं बुद्धि संयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ।४३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र पौर्वदेहिकं तं बुध्दिसंयोगं लभते । कुरुनन्दन, ततः भूयः संसिध्दौ यतते च ।

त्यो पछिल्लो जन्ममा पूर्वजन्ममा भएको बुद्धि पाउँछ । हे कुरुनन्दन, त्यसो हुनाले फेरि राम्रो सिद्धिको लागि प्रयत्न गर्छ ।४३।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशो पि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मा तिवर्तते ।४४।

पूर्वाभ्यासेन तेन एव अवशः अपि सः ह्रियते हि । योगस्य जिज्ञासुः अपि शब्दब्रह्म अतिवर्तते ।

पूर्व जन्मको अभ्यासले गर्दा त्यही संस्कारले स्वभावतः त्यो योगी आकृष्ट हुन्छ । योगको ज्ञान गर्न मात्र चाहनेले पनि वैदिक कर्मलाई अतिक्रमण गर्छ (जित्छ) ।४४।

प्रयत्नाद् यतमानस्तु योगी संशुद्ध किल्विषः ।
अनेक जन्म संसिद्ध स्ततो याति परां गतिम् ।४५।

प्रयत्नात् यतमानःतु संशुध्द किल्विषः योगी अनेक जन्म संसिध्दः ततः परां गतिं याति ।

कोशिशसाथ योगमा लागि रहँदा पापबाट शुद्ध भएको योगीले एकभन्दा बढी जन्म भए पनि पूर्णसिद्धि प्राप्त गर्छ र परम गति पाउँछ ।४५।

तपस्विभ्योधिको योगी ज्ञानिभ्यो पि मतो धिकः ।
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ।४६।

योगी तपस्विभ्यः अधिकः, ज्ञानिभ्यः अपि अधिकः मतः, कर्मिभ्यः च योगी अधिकः, तस्मात्, अर्जुन, योगी भव ।

योगी तपस्वीभन्दा ठूलो हो, ज्ञानीभन्दा पनि ठूलो मानिन्छ । कर्म गर्नेभन्दा योगी ठूलो हो, त्यसैले, हे अर्जुन, योगी बन ।४६।

योगिना मपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान् भजते यो मां स मे युक्ततमो मतः ।४७।

सर्वेषां योगिनाम् अपि मद्गतेन अन्तरात्मना श्रध्दावान् यः मां भजते सः युक्ततमः मतः ।

सबै योगीहरूमध्ये पनि ममा लागेको अन्तरात्माले श्रद्धायुक्त भएर जसले मेरो भक्ति गर्छ, त्यो सबभन्दा युक्त मानिएको छ ।४७।

योग भनेको समस्तजीवको र परमात्माको एकत्वसंबन्ध हो । एकात्मबोध नै तत्वज्ञान हो । तत्त्व नबुझी छुट्टी मिल्दैन । आत्मदर्शन, परमात्मदर्शन नित्य छ, सनातन छ, सबैलाई सदा सर्वत्र भइरहेछ । त्यो बुझ्नु आवश्यक छ । अनित्य दुःख असत्य भ्रमजन्य मिथ्यावस्तुको कल्पना गर्दा, आफ्नै कल्पनामा आफैं जेलिंदा भवबन्धनमा परिएको हुन्छ । भवबन्धनको कारण मूलतः भाव नै हो । शरीरेन्द्रिय आदि भ्रमजन्य मिथ्यावस्तुको चकाचौंधमा भुलेर सदास्वप्रकाश वस्तु सँधै देखिरहेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि नदेखेको जस्तो हुन्छ । स्वप्रकाश परमात्मवस्तुको प्रकाशलाई मिथ्यावस्तुको प्रकाश ठानिन्छ । यो अविवेक हो । विवेकज्ञान नभई अविवेकज्ञानबाट भएको दुःखकष्ट छुट्दैन । अविवेकबाट छ्यासमिस हुन्छ । विवेकबाट छुट्टिन्छ; यो आत्मवस्तु हो यो अनात्मवस्तु हो भन्ने आत्मानात्म-वस्तुविवेक हुन्छ । आत्माको र अनात्माको स्वरूपको यथार्थबोध हुँदा आत्मवस्तुमा नै अनात्मवस्तु देखिएको, अनात्मवस्तुको भनी मानिएको प्रकाश, आनन्द, सत्ता जम्मै आत्म बस्तुकै भएको बुझ्दा अनात्मवस्तु पूरै हराउँछ र आत्मानात्म वस्तु भन्ने भेद हराउँछ, एकमात्र बन्छ । शास्त्रहरूको लक्ष्य यही स्थितिको प्राप्ति गराउनु हो । शास्त्रल माथि माथि उकाल्न कर्म, उपासना एवं ज्ञानको उपदेश गरेको छ । ज्ञान नभई त मुक्ति हुँदै हुँदैन । कर्मले पनि उपासनाले पनि ज्ञान प्राप्तिको निमित्त अनन्य उपायको रूपमा काम गर्छन् । चित्त शुद्ध नभई केही पनि बन्दैन । कर्मले चित्तलाई शुद्ध बनाउँछ । शुद्ध भएको चित्त उपासनामा लाग्न सक्ने हुन्छ । उपासनामा लागेको चित्तले विवेक गर्न सक्छ । वस्तुबोधमा उपासनाले सहायता गर्छ । उपासना र भक्ति एकै हो । उपासना वा भक्ति-लाई पूर्ण बनाउने प्रक्रियाको नाम योग हो । योग पनि एक किसिमको उपासना नै हो, भक्ति नै हो ।

योगका आठ अङ्ग छन्– यम, नियम, आसन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि । यी आठको समष्टिलाई योग भन्छन् । यी आठ मध्ये यम, नियम, आसन, प्राणायाम एक किसिमका प्रक्रिया हुन्, पूर्वतयारी हुन् । प्रत्याहार बहिर्मुखता वन्द हुनु र अन्तर्मुखताको आरम्भ हुनु हो । इन्द्रियहरू बाहिर जाने मार्ग रोकिनु र भित्र पस्ने मार्ग खुल्नु 'प्रत्याहार' हो । योग प्रक्रियामा प्रत्याहारको सबभन्दा महत्त्वपूर्ण स्थान छ । धारणा, ध्यान, समाधि यी तीन मुख्य योग हुन् । तीव्रताको, उत्कृष्टताको क्रमका हिसाबमा मात्र तीन नाम राखिएको हो । धारणाभन्दा ध्यान तीव्र र एकतान हुन्छ, त्यसैले उत्कृष्ट छ । ध्यानभन्दा समाधि बढी तीव्र र एकतान हुन्छ, त्यसैले उत्कृष्ट छ । ध्यानभन्दा समाधि (संप्रज्ञान) एकतान र तीव्र हुन्छ, सम्प्रज्ञान समाधिभन्दा असम्प्रज्ञान समाधि अझ उत्कृष्ट हुन्छ । योगको सर्वोत्कृष्ट भूमिका असम्प्रज्ञान समाधि हो । मूल उपासना यही हो । धारणा ध्यान समाधि– उपासना हुन् । उपासनाकाण्डको पूर्व सूत्र यहाँ तयार भएको छ ।

ॐ तत् सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे आत्मसंयमयोगो नाम षष्ठः अध्यायः ।

ॐ तत् सत् ··· ··· आत्मसंयम योग नाम भएको छैठौं अध्याय समाप्त भयो ।

यहाँ आत्मा शब्दको अर्थ शरीर, इन्द्रिय, मन, बुद्धि हो । संयम शब्दको अर्थ तह लगाउनु हो । शरीर, इन्द्रिय, मन, बुद्धिलाई तह नलगाईकन कुनै साधना पनि चल्दैन । आत्मसंयम अध्यात्म साधनामा अपरिहार्य छ । कर्मयोग साधना नगरी ध्यानयोगको योग्यता प्राप्त हुँदैन । योगमा चढ्न खोज्नेले, ध्यानमा पस्न खोज्नेले फलासक्ति छोडेर आफ्नो वर्णाश्रम धर्मानुकूल कर्म गरेको हुनुपर्छ । यसबाट शुद्ध भएको चित्त ध्यानावस्थितियोग्य बन्छ । गीताका पहिला छ अध्यायलाई कर्मयोग-प्रधान काण्ड मानिएको छ र काण्डको अन्तिम यो अध्यायमा कर्मको सारस्वरूप योगको वर्णन भएको छ । कर्मबाट शुद्ध भएको चित्त ध्यान गर्न सक्ने बन्छ र भक्ति अर्थात् उपासना सम्भव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अब आउने सातदेखि बाह्र अध्यायसम्मको काण्ड उपासना प्रधान काण्ड हो । छैठौं अध्याय कर्मयोग प्रधान काण्डको उपसंहार अध्याय हो भने भक्तियोगको अर्थात् उपासनायोगको उपक्रमको लागि पूर्व तयारी गर्ने अध्याय हो । केही आचार्यहरुले यो अध्यायको नाम ध्यानयोग राखेका छन् । ध्यानयोग भने पनि कुरा फरक पर्दैन । ध्यानयोगलाई नै राजयोग अझ छोटकरीमा 'योग' भन्ने चलन छ । भिन्न भिन्न पथका दार्शनिक सम्प्रदायका आफ्ना मतमान्यता अरूकादेखि धेरै वा थोरै फरक फरक छन् । तर यो प्रक्रिया सबैलाई ग्राह्य छ, सालाखाला उस्तै छ, उही छ । जुनसुकै दर्शनले पनि, धर्मपथले पनि योगको उपकारकता, उपयोगिता र आवश्यकता उत्तिकै सकारेको छ ।

हाम्रो आर्य संस्कृति अनुसार प्रथमतः आफूलाई चिन्नुपर्छ, त्वंपदको अर्थ जीवात्माको स्वरूप जान्नुपर्छ । यसलाई 'त्वं पदार्थ विवेक' भन्छन् । आफूलाई जान्नेले उपासना गर्न सक्छ । उपासनाको सफलताबाट तत्पदार्थ परमेश्वरको स्वरूपज्ञान हुन्छ । यसलाई 'तत्पदार्थ विवेक' भन्छन् । गीताले पहिला छ अध्यायबाट त्वंपदार्थको जीवात्माको नित्य शुद्ध बुद्ध अविक्रिय स्वरूपको बोध गराउने लक्ष्य लिएको छ । कर्मकाण्डको काम चित्त शुद्ध बनाई जीवस्वरूप बुझ्न सक्ने बनाउनु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

सप्तमः अध्यायः – ज्ञान विज्ञानयोगः

श्री भगवानुवाच – श्रीकृष्ण भगवान्‌बाट भर्जी हुन्छ ।

मय्या सक्त मनाः पार्थ योगं युञ्जन् मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ।१।

पार्थ, मयि आसक्तमनाः, मदाश्रयः योगं युञ्जन् असंशयं समग्रं मां यथा ज्ञास्यसि तत् श्रुणु ।

हे अर्जुन, ममा मन लगाएर, मेरो आसरा लिएर योग गर्नाले संशय नरहने गरी मेरो पूर्ण (विभूति–बल–शक्ति ऐश्वर्य आदिले सम्पन्न) स्वरूपलाई जसरी जान्नेछौ, त्यो सुन । १ ।

ज्ञानं ते हं सविज्ञान मिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोन्यज् ज्ञातव्य मवशिष्यते ।२।

अहं ते सविज्ञानम् इदं ज्ञानम् अशेषतः वक्ष्यामि यत् ज्ञात्वा इह भूयः अन्यत् ज्ञातव्यम् न अवशिष्यते ।

म तिमीलाई विज्ञानसहित यो ज्ञान पूर्णरूपमा बताउंछु । जे जानेपछि फेरि अरू जान्नुपर्ने बाँकी रहँदैन । २ ।

मनुष्याणां सहस्रेषु कश्चिद् यतति सिद्धये ।
यतता मपि सिद्धानां कश्चिन् मां वेत्ति तत्त्वतः ।३।

मनुष्याणां सहस्रेषु कश्चित् सिध्दये यतति, यतताम् अपि सिध्दानां कश्चित् मां तत्त्वतः वेत्ति ।

मनुष्यहरुका हजारौंमा कसैले सिद्धिको लागि यत्न गर्छ; यत्नगर्ने सिद्धहरूमध्य कसैले मलाई यथार्थसंग जान्दछ । ३ ।

भूमिरापो नलो वायुः खं मनो बुद्धि रेव च ।
अहंकार इतीयं मे भिन्ना प्रकृति रष्टधा ।४।

भूमिः, आपः, अनलः, वायुः, खं, मनः, बुध्दिः, एवच अहंकार इति इयं मे प्रकृतिः अष्टधा भिन्ना ।

पृथिवी, जल, तेज, वायु, आकाश (यिनका तन्मात्राहरु, सूक्ष्म रूप) मन(अहंकार), बुद्धि (महत्तत्त्व), अहंकार (अव्यक्त माया) यति, यो मेरो प्रकृति आठ प्रकारमा बाँडिएको छ । ४ ।

अपरेय मित स्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इयम् अपरा । तु इतः अन्यां जीवभूतां मे परां प्रकृतिं विध्दि । हे महाबाहो, यज्ञा इदं जगत् धार्यते ।

यो (माथि बताइएको) प्रकृति अपरा हो । तर यसदेखि अर्को जीवात्मालाई मेरो परा प्रकृति भन्ने जान । हे महाबाहु, जुन परा प्रकृतिले यो जगत्लाई धारण गरेको छ । ५ ।

एतद् योनीनि भूतानि सर्वाणी त्युप धारण ।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलय स्तथा ।६।

सर्वाणि भूतानि एतद्योनीनि इति उपधारय । कृत्स्नस्य जगतः प्रभवः तथा प्रलयः अहम् ।

सबै भूतका कारण यो परापर प्रकृति हुन् भन्ने निश्चय गर । सम्पूर्ण चराचर जगत्को सृष्टिको र प्रलयको कारण म हुँ । ६ ।

मनुष्य आदि चर प्राणी जन्मेको, बाँचेको र मरेको साथै घटपट आदि अचर पदार्थ बनेको, रहेको र नाशिएको पनि देखिइरहेको छ । यो जन्म जीवन र मृत्यु अर्थात् सृष्टि स्थिति र लय जसबाट भइरहेका छन् त्यो ईश्वर हो, परमेश्वर हो । यो सम्पूर्ण जगत्को सृष्टि स्थिति र लय चलाइ रहने ईश्वरतिर; आपनो भोगसाधनको र भोग्य विषयको सृष्टि स्थितिलय गर्ने, सर्वेश्वर, सर्व-नियन्ता सर्व शक्तिसम्पन्न परमप्रभुतिर मन लगाउन सामान्य मानिस चाहँदै चाहँदैन । हजारौं मानिस मध्ये कुनै एक मात्र परमेश्वरको भक्ति, उपासनामा लाग्ने कोशिश गर्छ । अरू सबै मोजमज्जामा नै, भोगमा नै, भोगसाधनको उपार्जन र संग्रहमा नै आपना सारा प्रयत्न लगाई रहन्छन् । यो भेडिया प्रवाह भित्रका हजारौं मानिसको बथानमा परमेश्वरको भक्तिमा लाग्न खोज्ने मानिस माथि उठ्छ, वास्तव मनुष्य श्रेणीमा उक्लन्छ । किनभने, केवल भोगमा मात्रै लाग्ने मानिसको तह पशुसरहकै हुन्छ, त्यस्तालाई मानिस भन्नु पर्ने आकारको आधारमा मात्रै हो । प्रवृत्तिबाट पनि मानिस बन्न परमेश्वरतिर उन्मुख बन्नुपर्छ ।

सम्पूर्ण जगत्को सृष्टि स्थिति लय गर्ने ईश्वर हो । ईश्वरका दुइ प्रकृति छन् परा र अपरा । परा प्रकृति चेतन हो, क्षेत्रज्ञ हो । अपरा प्रकृति माया हो, क्षेत्र हो । यी दुई प्रकृतिसहित ईश्वर सम्पूर्ण जगत्को सृष्टि स्थिति लय चलाइ रहन्छ । यी प्रकृति वास्तवमा भगवान्का शक्ति हुन्, पर-मेश्वर भगवान्देखि भिन्न वस्तु हैनन् । त्यसैले ईश्वर र प्रकृति भन्ने दुइ तत्त्वको मान्यता छैन, द्वैत बुद्धि छैन, अद्वैत नै हो । कारणको तत्त्व बुझेपछि कार्यको तत्त्व बुझिन्छ । जस्तो माटोको तत्त्व बुझियो भने माटोबाट बनेका सबै वस्तुको तत्त्व बुझिन्छ, सुनको तत्त्व बुझियो भने सुनका सबै मालको तत्त्व बुझिन्छ । त्यस्तै सर्व जगत्को कारण ईश्वरको तत्त्व बुझिएपछि सम्पूर्ण जगत्को तत्त्व बुझिन्छ । ईश्वरीय प्रकृतिबाट समस्त भूतभौतिक प्रपञ्चको सृष्टि स्थिति लय हुने हुनाले यो जगत्को अनुवबाट यसको कारण मायाधिपति ईश्वरको तत्त्व बुझ्ने कोशिश गर्नुपर्छ । ईश्वरको अनन्य भक्ति, उपासना गर्नुपर्छ तत्त्वज्ञानको उपाय भक्ति, उपासना नै हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत्तः परतरं नान्यत् किञ्चिदस्ति धनञ्जय ।
मयि सर्वं मिदं प्रोतं सूत्रे मणिगणा इव ।७।

मत्तः परतरं अन्यत् किञ्चित् न अस्ति । धनञ्जय, मयि सर्वम् इदं सूत्रे मणिगणाः इव प्रोतम् ।

ममन्दा अन्य कारण कुनै पनि छैन । हे धनविजयी अर्जुन, ममा सबै यो धागोमा मणिहरू झैं उनिएको छ । ७ ।

रसो ह मप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ।८।

अहम् अप्सु रसः, कौन्तेय, शशिसूर्ययोः प्रभा अस्मि, सर्ववेदेषु प्रणवः, खे शब्दः, नृषु पौरुषम् ।

म जलमा रस, हे अर्जुन, चन्द्रसूर्यमा प्रभा हुँ; सबै वेदमा प्रणव, (ॐकार) आकाशमा शब्दः, मनुष्यमा मनुष्यता म हुँ । ८ ।

पुण्यो गन्धः पृथिव्यां च तेज श्चास्मि विभावसौ ।
जीवनं सर्व भूतेषु तपश्चास्मि तपस्विषु ।९।

पृथिव्यां च पुण्यः गन्धः, विभावसौ तेजः च अस्मि, सर्वभूतेषु जीवनं, तपस्विषु तपः च अस्मि ।

पृथिवीमा पुण्य गन्ध, अग्निमा तेज हुँ; सबै भूतमा जीवन र तपस्वीमा तप पनि हुँ । ९ ।

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।
बुद्धि र्बुद्धिमता मस्मि तेजस्तेजस्विना महम् ।१०।

पार्थ सनातनं मां सर्वभूतानां बीजं विद्धि । बुद्धिमतां बुद्धिः अस्मि, तेजस्विनाम् तेजः अहम् ।

हे अर्जुन, सनातन मलाई सबै भूतको बीज जान । बुद्धिमान्हरूको बुद्धि हुँ, तेजिलाको तेज म हुँ । १० ।

बलं बलवतां चाहं काम राग विवर्जितम् ।
धर्माविरुद्धो भूतेषु कामो स्मि भरतर्षभ ।११।

बलवतां च कामरागविवर्जितं बलं च अहम् । भरतर्षभ, भूतेषु धर्माविरुद्धः कामः अस्मि ।

बलवान्हरूको काम (नपाएकोमा तृष्णा) र राग (पाएकोमा भोगसुख) छुटेको बल पनि म हुँ । हे भरत श्रेष्ठ, भूतमा धर्मसँग विरोध नखाने (शरीरादि धारणार्थ) भोग्य विषय हुँ । ११ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये चैव सात्त्विका भावा राजसा स्तामसाश्च ये ।
मत्त एवेति तान् विद्धि न त्वहं तेषु ते मयि ।१२।

ये च एव सात्त्विकाः भावाः ये च राजसाः तामसाः च तान् मत्त एव इति विद्धि न तु अहं तेषु ते मयि ।

जुन सात्त्विक जन्मेका पदार्थ छन् जुन राजस र तामस छन् तिनलाई मबाट भएका भन्ने जान । तर तिनमा म छैन, ती ममा छन् ।१२।

सम्पूर्ण जगत्को कारण ईश्वर मात्रै हो, ईश्वरदेखि अतिरिक्त अरू कुनै कारण छैन । मायाबाट (अव्यक्तबाट) बुद्धि, अहंकारका क्रमले स्थूल सूक्ष्म जगत्को सृष्टि हुन्छ, नामरूपमय प्रपञ्च देखिन्छ । प्रपञ्चमा वस्तु पृथक्पृथक् छन् । तर तो विविध वस्तुमा यौटै ईश्वरीयसत्ता प्रकाशमान छ । प्रत्येकमा परमेश्वर व्याप्त छ । मणिमालाका प्रत्येक मणिमा भित्र धागो रहे जस्तै परमेश्वर रहेको छ । प्रत्येक वस्तुको सार तत्त्व परमेश्वर हो । परमेश्वरसत्ताले नै वस्तुको अस्तित्व बनेको छ । पानीको सार तत्त्व रस हो, त्यही रसमा सबै जलतत्त्व अडेका छन्, रस भएन भने जल जल नै हुँदैन, त्यो रस परमेश्वर हो । त्यस्तै चन्द्र सूर्यमा साररूपले रहेको प्रभा, वेदमा साररूपले रहेको ॐकार, पृथिवीको साररूप पवित्र गन्ध, तेजको साररूप तातोपन, मनुष्यको सार-रूप सद्गुण परमेश्वर विभूति हुन् । रस आदिमा जल आदि अडेका छन्, ती रस आदि परमेश्वरमा अडेका छन् ।

सात्त्विक, राजस, तामस जति पदार्थ छन्, जति भाव छन् अर्थात् उत्पन्न भएका जति जम्मै वस्तु, भाव परमेश्वरबाटै भएका हुन् । मायाधिपति परमेश्वरको चमत्कारी कार्य जगत् हो । समस्त सृष्टि परमेश्वरमा नै अडेको छ तर परमेश्वर तिनमा अडेको छैन, लिप्त छैन, कूटस्थ छ, निर्विकार छ । मायाका दृष्टिबाट हेर्दा चिन्मात्र तत्त्व परमेश्वरका रूपमा र त्यही परमेश्वरमा जगत् देखिएको हो । यो जगत् देखिएको भए पनि वास्तव हैन । देखिंदा पनि यो अनृत नै हो, केवल मायाबाट देखिएको । यो परमात्म सत्तामा नै, परमात्म प्रकाशमा नै अडेको र देखिएको हो । यसका नामरूप कल्पित हुन् यसका सत्ता र स्फुरण ईश्वरीय हुन् ।

नामरूपात्मक प्रपञ्च तयार गर्ने गुणमय माया हो । मायाका गुण त्रयबाट मानिस अलमलिएको छ । मायालाई नछिचोलीकन मायातीत मायापतिलाई जान्न सकिंदैन । माया-पतिको शरण परेर उसको कृपा प्राप्त नभई मायालाई छिचोल्न सकिन्न । माया ईश्वरको प्रकृति हो, ईश्वरकै अधीनमा छ । ईश्वरको अनुग्रह प्राप्त भएमा मायालाई र मायामय जगत्लाई जानिन्छ र त्यसबाट हुने सुखदुःखादि द्वन्द्व शान्त हुन्छन् ।

त्रिभिर्गुणमयै र्भावै रेभिः सर्व मिदं जगत् ।
मोहितं नाभिजानाति मामेभ्यः पर मव्ययम् ।१३।

एभिः गुणमयैः त्रिभिः भावैः सर्वम् इदं जगत् मोहितम्, एभ्यः परम् अव्ययम् मां न अभिजानाति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी गुणमय तीन भाव पदार्थले यो जगत् मोहित भएको छ; यिनभन्दा भिन्न अविकारी मलाइ जान्दैन । १३ ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ।१४।

दैवी हि एषा गुणमयी मम माया दुरत्यया । माम् एव ये प्रपद्यन्ते मायाम् एतां ते तरन्ति ।

शक्तिस्वरूप यो गुणमय मेरो मायालाइ पार गर्न गाहारो छ । (बुझ्न कठिन छ) । म परमेश्वरकै पूर्ण शरणमा जो पर्छन्, यो मायालाई तिनले तर्छन्, बुझ्छन् । १४ ।

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
मायया पहृतज्ञाना आसुरं भाव माश्रिताः ।१५।

दुष्कृतिनः, मूढाः नराधमाः, मायया अपहृतज्ञानाः आसुरं भावम् आश्रिताः मां न प्रपद्यन्ते ।

दुष्कर्म गर्ने, मोहमा भुलेका, अधम प्रवृत्तिका, मायाले ज्ञान हरिएका, हिंसा आदि आसुरभाव लिएकाहरू मलाई पत्याउँदैनन् । १५ ।

मनुष्ययोनि सर्वश्रेष्ठ योनि हो । यो योनिमा अघिका कर्महरूको भोग पनि हुन्छ साथसाथै गरेका कर्महरूको फल पनि मिल्छ । मानिस आफ्नो कर्मलाई सत् बनाउन पनि सक्छ, असत् बनाउन पनि सक्छ । सत्कर्मबाट उद्धार हुन्छ, असत्कर्मबाट पतन हुन्छ । शास्त्रले गर्नुपर्छ भनिएका कर्म सुकृत (सत्कर्म) हुन्; शास्त्रले गर्नुहुन्न भनिएका कर्म दुष्कृत (असत्कर्म हुन्) । गर्नुपर्ने सत्कर्महरू नगर्ने गर्नु, नहुने असत्कर्महरु गर्ने मानिस अधम हुन्छ। यस्ता अधम मानिसहरू भगवान्मा श्रद्धा विश्वास गर्दैनन्, भगवान्को भक्ति गर्दैनन्, विषयभोगमा नै लिप्त, लुब्ध रहन्छन् । यिनीहरू अखण्ड ज्ञानमय आफ्नो स्वरूप देख्दैनन्, देह इन्द्रियलाई नै आफू भन्ने आसुर भाव लिन्छन् । मायाको आवरण शक्तिबाट स्वरूपको बोध नभएका र शरीरलाई नै आत्मा भन्ने विक्षेप भएका नराधमहरु झन् झन् तल्ला योनिमा गिर्दैजान्छन् ।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनो र्जुन ।
आर्तो जिज्ञासु रर्थार्थी ज्ञानी च भरतर्षभ ।१६।

भरतर्षभ, अर्जुन, आर्तः, जिज्ञासुः, अर्थार्थी, ज्ञानी च चतुर्विधाः सुकृतिनः जना मां भजन्ते ।

हे भरतश्रेष्ठ अर्जुन, दुःखमा परेको, ज्ञानको इच्छुक, धन चाहने र ज्ञानी समेत चार प्रकारका पुण्यात्मा मानिसहरू मेरो भक्ति गर्छन् । १६ ।

तेषां ज्ञानी नित्य युक्त एक भक्तिर्विशिष्यते ।
प्रियो हि ज्ञानिनो त्यर्थ मर्हं स च मम प्रियः ।१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेषां नित्ययुक्तः, एक भक्तिः ज्ञानी विशिष्यते । हि ज्ञानिनः अत्यर्थम् अहं प्रियः, स च मम प्रियः ।

तिनमध्ये पनि नित्य योगमा रहने, एकत्व भक्ति भएको ज्ञानी बेस हो । त्यसकारण ज्ञानीको अत्यन्त म प्यारो छु, त्यो पनि मेरो प्यारो छ । १७ ।

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ।१८।

एते सर्वे एव उदाराः, ज्ञानी तु आत्मा एव मे मतम् । स ही युक्तात्मा माम् एव अनुत्तमां गतिम् आस्थितः ।

यी सबै भक्तहरू उदार हुन्, असलचित्त भएका हुन् । ज्ञानी चाहिं आत्मा नै हो भन्ने मेरो मत छ । किनभने अन्तःकरणलाई एकोहोऱ्याइसकेको त्यो ज्ञानी सर्वोत्तम पद स्वरूप म परमेश्वरमा नै पूर्ण आश्रित हुन्छ । १८ ।

बहूनां जन्मना मन्ते ज्ञानबान् मां प्रपद्यते ।
वासुदेवः सर्व मिति स महात्मा सुदुर्लभः ।१९।

बहूनां जन्मनाम् अन्ते ज्ञानवान् सर्वं वासुदेवः इति मां प्रपद्यते । सः महात्मा सुदुर्लभः ।

धेरै जन्महरुको अन्तमा ज्ञानवान् वासुदेव सर्वमय हो भनेर मेरो शरण पर्छ । त्यस्तो महात्मा ज्यादै दुर्लभ हुन्छ । १९ ।

असत् कर्म नगर्ने, सत्कर्म गर्ने पुण्यात्मा हुन् । त्यस्ता परमात्माहरू परमेश्वर भगवान्मा भित्रैदेखि श्रद्धा विश्वास गर्छन् । पुण्यात्माहरू दुःख परेपनि भगवान्कै पुकारा गर्छन्; धन सम्पत्ति चाहिए पनि भगवान्सँगै प्रार्थना गर्छन्; अज्ञान नाशको निम्ति, ज्ञान प्राप्तिको निम्ति पनि भगवान्कै शरण पर्छन्; तत्त्वज्ञान भैसकेर पनि भगवान्कै भक्ति गर्छन् । भगवान्को भक्ति जस्तो भए पनि बेश हो, तर सकाम भक्तिभन्दा निष्काम भक्ति बेस हो, अपराभक्तिभन्दा परा भक्ति ज्ञानरूपा भक्ति उत्तम हो । सकाम भक्तहरुको भक्ति इच्छा पूर्ति भएपछि शिथिल पनि हुन सक्छ, ज्ञानी भक्तको भक्ति एकनासको हुन्छ, ज्ञानीले प्रेमले नै भगवान्को प्रेम गर्छ । ज्ञानीको र भगवान्को सम्बन्ध शुद्ध प्रेममय हुन्छ । अनेक जन्मको साधना सिद्ध भएपछि ज्ञान रूपा भक्तिको उदय हुन्छ । भक्ति नगर्नु भन्दा भक्ति गर्नु, अरुको भक्ति गर्नु भन्दा भगवान्को भक्ति गर्नु बेस । भगवान्को भक्तिमा पनि ज्ञान रुपा भक्ति सबभन्दा बेस । ज्ञानी भक्तले जस्मै भगवान् नै हो भन्ने देख्छ । सम्पूर्ण जगत् वासुदेवमय देख्ने, वासुदेवदेखि भिन्न केही नदेख्ने भक्तको जन्मको अन्त भो । यस्तो ज्ञानी ब्रह्म नै बनिसकेको हुन्छ । यस्ता महात्मा अत्यन्त दुर्लभ हुन्छन् ।

कामै स्तै स्ते र्हृतज्ञानाः प्रपद्यन्ते न्य देवताः ।
तं तं नियम मास्थाय प्रकृत्या नियताः स्वया ।२०।

स्वया प्रकृत्या नियताः, तैः तैः कामैः हृतज्ञानाः तं तं नियमम् आस्थाय अन्यदेवताः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रपद्यन्ते ।

आफ्नो प्रकृतिले बद्ध भएका, ती ती विषयभोगेच्छाले ज्ञान हरिएकाहरु, त्यो त्यो नियम-मा अडेर अन्य देवताहरूलाई आराधना गर्छन् । २० ।

यो यो यां यां तनुं भक्तः श्रद्धया र्चितु मिच्छति ।
तस्य तस्या चलां श्रद्धां तामेव विदधाम्यहम् ।२१।

यः यः यां यां: तनुं भक्तः श्रध्दया अर्चितुम् इच्छति तस्य तस्य ताम् एव श्रध्दाम् अहम् अचलां विदधामि ।

जस जसले जुन जुन स्वरूपको भक्ति गरेर श्रद्धासँग पूजा गर्न चाहन्छ त्यस त्यसको त्यही श्रद्धालाई म अचल बनाउँछु । २१ ।

स तया श्रद्धया युक्त स्तस्या राधन मीहते ।
लभते च ततः कामान् मयैव विहितान् हितान् ।२२।

सः तया श्रध्दया युक्तः तस्य आराधनम् ईहते । ततः मया एव विहितान् हि तान् कामान् लभते च ।

त्यो त्यही श्रद्धाले युक्त भएर त्यसैको आराधना गर्न थाल्छ । त्यसबाट मैले नै तयार पारिएका ती चाहेका कुरा पाउँछ । २२ ।

अन्तवत्तु फल तेषां तद् भवत्यल्प मेधसाम् ।
देवान् देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ।२३।

अल्पमेधसाम् तेषां तत् फलम् तु अन्तवत् भवति, देवयजः देवान् यान्ति मद्भक्ताः माम् अपि यान्ति ।

सानो बुद्धि भएका तिनीहरुको त्यो फल नाश हुने हुन्छ । देवताको आराधना गर्नेहरू देवतालाई नै पाउँछन्, मेरो भक्ति गर्नेहरू मलाई नै पाउँछन् । २३ ।

अव्यक्तं व्यक्ति मापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भाव मजानन्तो ममा व्यय मनुत्तमम् ।२४।

अबुध्दयः, मम अव्ययम्, अनुतमं परं भावम् अजानन्तः मां व्यक्तिम् आपन्नं अव्यक्तं मन्यन्ते (माम् अव्यक्तं व्यक्तिम् आपन्नं मन्यन्ते ।)

अबुझहरू मेरो अव्यय, सर्वोत्तम, उत्कृष्ट भावलाई नजानेर मलाई अव्यक्त र व्यक्त भन्ने ठान्छन् । २४ ।

नाहं प्रकाशः सर्वस्य योगमाया समावृतः ।
मूढो यं नाभिजानाति लोको मामज मव्ययम् ।२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं सर्वस्य न प्रकाशः अयं मूढः लोकः योगमाया समावृतः माम् अजम् अव्ययं न अभिजानाति ।

म सबैको निम्ति प्रकाश हुन्न । यो मूढ दुनियाँ योगमायाबाट बुद्धि ढाकिएको हुनाले मलाई अज र अव्यय भनेर चिन्दैन । २५ ।

भक्तिको उदय हुनु अवश्य नै पुण्यको फल हो । पुण्य नभएका दुष्कर्मी नराधमहरु केवल बाहिरकै भोग्य र भोगसाधनमै अलमलिइरहन्छन् । त्यस्ताको हृदयमा भगवान् परमेश्वरमा मात्र हैन, अन्य देवता प्रति पनि, कामनापूर्तिकै लागि पनि भक्ति उठ्दै उठ्दैन । यस्ता नरहरू अधम हुन; पशु नै हुन्, अज्ञ असुर हुन्, राक्षस हुन् । तिनको सङ्गतै गर्नुहुन्न । यस्ता नराधम-भन्दा भक्ति गर्ने मानिस बेस हो । कामनाले नै किन नहोस्, भक्तिको त उदय भो । यस्ता सकाम भक्त प्रथमतः दुइ किसिमका हुन्छन् भगवद्भक्त र अन्य देवताभक्त ।

घर खेत, धन सम्पत्ति, आयु, स्वास्थ्य, शब्द, स्पर्श आदि भोगसाधन र भोग्य विषय प्राप्तिका निमित्त सर्वस्वरूप भगवान् तर्फ नलागीकन भेदबुद्धिले इन्द्र वरुण आदि देवताको भक्ति गर्ने एक थरी भक्त हुन्छन् । ती भक्तहरू तल्लो तहका भक्त हुन् । यस्ता भक्तहरू आफ्नो सात्त्विक, राजस वा तामस प्रवृत्ति अनुसार देवी देवताको, यक्ष राक्षसको वा भूतप्रेत आदिको पूजा आराधना गर्छन् । जस्तो किसिमको प्रवृत्ति छ, त्यस्तै किसिमको श्रद्धा हुन्छ । जे जस्तो पूजा आराधना गरे पनि घुमी फिरी भगवान्मै पुग्ने हो, जे जस्तो इच्छा गरे पनि त्यो इच्छा पूर्ण गरि-दिने निष्कर्षमा भगवान् नै हो, जे जसको पूजा गरे पनि निष्कर्षमा ती आराध्यहरु भगवान्कै भिन्न भिन्न मूर्ति हुन् । यो तत्त्व नबुझ्दाको भक्ति निकृष्ट भक्ति हुन्छ, फल पनि निकृष्ट, विनाशी नै हुन्छ । यो तत्त्व बुझ्यो भने, सकामै भए पनि भक्ति उत्कृष्ट हुन्छ, उदार हुन्छ । अन्य भावले भक्ति गर्दा अन्यमा नै पुगिन्छ, भगवद्भावले भक्ति गर्दा भगवान्मा नै पुगिन्छ । सबै भगवान्-कै स्वरूप हुन्, जसको पूजा आराधना गरे पनि भगवान्कै आराधना हो भन्ने भावलाई भगवद्-भाव भन्नुपर्छ । भगवद्भाव भएको भक्तले जुन देवताको भक्ति गरे पनि फरक पर्दैन, भगवद् भक्तिमा नै परिणत हुन्छ ।

भगवान्को स्वरूप सर्वोपाधि शून्य छ, अविनाशी छ, सर्वोत्तम छ, निरतिशय अखण्ड ऐश्वर्य-सम्पन्न छ । माया मायाधिपति भगवान्को वशमा छ । मायाको वशमा परेको पुरुषले मायालाई वशमा राख्ने परम पुरुषलाई कसरी बुझ्नू । मायाधिपति भगवान्को शुद्ध चित्तले आराधना उपासना नगरी मायाको गाढ पर्दाले छोपिएको पुरुषले भगवान्को स्वरूप बुझ्न सक्तैन र साक्षात् परमे-श्वरको सगुण साकार विग्रहस्वरूप श्रीकृष्ण भगवान्लाई पनि सामान्य पुरुष सम्झन्छ, भौतिकदेह-धारी ठान्छ, शरीराभिमानी मान्छ । तर सगुण साकार विग्रहधारण गर्दा श्रीकृष्ण भगवान्को निरतिशय अखण्ड ऐश्वर्यमा सर्वोपाधिशून्यतामा लेश मात्र पनि आँच आउँदैन, उनको त्तै अखण्ड सर्वेश्वरत्व छ, सर्वात्मत्व छ, निरुपाधित्व छ, परमात्मत्व छ ।

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ।२६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन, अहं समतीतानि, वर्तमानानि च, भ वष्याणि च भूतानि वेद मां तु कश्चन न वेद ।

हे अर्जुन, म वितेका, अहिलेका र पछि हुने सबै भूतलाई जान्दछु तर मलाई कोही जान्दैन । २६ ।

इच्छा द्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।
सर्व भूतानि संमोहं सर्वो यान्ति परन्तप ।२७।

भारत, इच्छाद्वेष समुत्थेन द्वन्द्वमोहेन सर्गे सर्वभूतानि संमोहं यान्ति परन्तप ।

हे अर्जुन, रागद्वेषबाट उठेका द्वन्द्वमोहले गर्दा सृष्टिमा सबै प्राणीहरु संमोहमा पर्छन् ।२७। (द्वन्द्वमोह भनेको सुख दुःखादि द्वन्द्वमा विपरीत बुद्धि– सुखलाई दुःख, दुःखलाई सुख, पवित्रलाई अपवित्र, अपवित्रलाई पवित्र, अनित्यलाई नित्य, नित्यलाई अनित्य भन्ने बुद्धि)

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
ते द्वन्द्व मोह निर्मुक्ता भजन्ते मां दृढ व्रताः ।२८।

येषां तु जनानां पुण्य कर्मणां पापम् अन्तगतं । ते द्वन्द्वमोह निर्मुक्ताः मां दृढव्रताः भजन्ते ।

जुन जनहरूको चाहिं पुण्यकर्म गर्ने भएको हुनाले पाप सिद्धिन्छ, तिनीहरु द्वन्द्वमोह (द्वैतमोह) छुटेका हुँदा मलाई पक्का नियम गरेर भजन गर्छन् । २८ ।

जरा मरण मोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद् विदुः कृत्स्न मध्यात्मं कर्मचाखिलम् ।२९।

ये माम् आश्रित्य जरामरणमोक्षाय यतन्ति । ते तत् ब्रह्म, कृत्स्नम् अध्यात्मम् अखिलं कर्म च विदुः ।

जसले मेरो आश्रय गरेर जरा र मरण छुटाउन यत्न गर्छन् तिनले त्यो ब्रह्म, सम्पूर्ण अध्यात्म र सारा कर्म बुझ्दछन् । २९ ।

साधि भूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाण काले पि च मां ते विदु र्युक्त चेतसः ।३०।

साधिभूताधिदैवं साधियज्ञं च मां ये विदुः, ते प्रयाणकाले अपि च मां ते युक्त चेतसः विदुः ।

अधिभूत र अधिदैव सहित एवं अधियज्ञ सहित मलाई जसले जान्दछन्, तिनीहरु प्राण छुट्ने समयमा पनि मलाई चित्त लगाएर जानिरहन्छन् । ३० ।

अखण्ड ऐश्वर्य, निरतिशय सच्चिदानन्द जस्तातस्तै हुनाले सगुण साकार बिग्रह धारण गरे पनि, त्यो विग्रह अन्य जीवहरूको जस्तो कर्मसंस्कार जन्य नहुनाले, केवल लीलामय हुनाले श्रीकृष्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् जस्तातस्तै सर्वज्ञ हे इबक्सन्छ, देशकाल आदि उपाधिले भगवान्को सर्वज्ञतामा कुनै अवरोध आउँदैन, भूत भविष्य वर्तमान जस्मै झलझलाकार टडकारो हुन्छन् । रागद्वेषबाट बनिरहेका संस्कारबाट जन्मनेहरु चाहिं मोहमा पर्छन्; आफूलाई पनि, आफ्नै स्वरूप भगवान्लाई पनि यथार्थ जान्न सक्तैनन् । जसले मायापति भगवान्को अनन्य भक्ति गर्छ, त्यसले चाहिं ब्रह्म, अध्यात्म, अधिदैव, अधिभूत आदि सबैको ज्ञान प्राप्त गर्छ ।

ॐ तत् सत् इति श्रीमद् भगवद्गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे ज्ञानविज्ञान योगो नाम सप्तमः अध्यायः ।

ॐ तत् सत् ज्ञानविज्ञान योग नामको सातौं अध्याय समाप्त भो ।

यो अध्याय उपासना काण्डको शुरु अध्याय हो । उपासना सामान्यतः दुइ प्रकारको हुन्छ– सगुणोपासना र निर्गुणोपासना । उपाधिको कल्पना गर्दा सगुणत्वभान हुन्छ, उपाधिकल्पना छुट्दा निर्गुणत्वबोध हुन्छ । भान हुँदा पनि नहुँदा पनि उपाधि पृथक् वस्तु हैन, वस्तुतत्त्वदेखि अभिन्न हो, वस्तुतत्त्वकै चमत्कार हो, छवि हो, छटा हो । सोपाधि भने पनि, निरूपाधि भने पनि तत्त्व उही हो । यो बुझ्नु ज्ञानविज्ञानयोग हो । यसमा नै उपासनीय वस्तुको समग्र बोध हुन्छ । समग्र बोध भनेको कार्य, करण, फल, स्वभाव, लीला, रहस्य, प्रकृति आदि सहित भगवत्तत्त्वलाई बुझ्नु हो । यो अध्यायमा यस्तै ज्ञानविज्ञानको वर्णन भएको हुनाले यसलाई ज्ञानविज्ञान योग भनेको बुझिन्छ । 'तत्त्वमसि' भन्ने महावाक्यले 'तत्पद'को अर्थको र 'त्वं' पदको अर्थको अभेद बताएको छ । त्यो बुझ्न त्वं पदको वाक्य र लक्ष्य अर्थ जीवको तत्त्वज्ञान छ अध्यायले गराएको छ । दोस्रो छ अध्यायले तत् पदार्थको तत्त्वज्ञान गराउने उद्देश्य लिएको छ । उपासनाकाण्डको यो पहिलो अध्यायमा प्रधानतया तत्पदको वाच्य अर्थ जगत्को सृष्टिस्थितिलय गर्ने, सर्वज्ञ, सर्वशक्तिमान्, सर्वकारणकारण, मायोपाधियुक्त ईश्वरको विषयमा उपदेश भएको छ ।

मधुसूदन सरस्वतीले यो अध्यायको नाम 'ज्ञेयध्येय प्रतिपाद्य तत्त्व ब्रह्म निरूपण' भन्ने राख्नु भएको छ ।

卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ अष्टमः अध्यायः– अक्षर ब्रह्म योगः

अर्जुन उवाच – अर्जुनले आज्ञा भयो ।

किं तद् ब्रह्म, किमध्यात्मं किं कर्म पुरुषोत्तम ।
अधिभूतं च किं प्रोक्त, मधिदैवं किमुच्यते ।१।

पुरुषोत्तम, तत् ब्रह्म किम्, अध्यात्मं किम्, कर्म किम्, अधिभूतं च किं प्रोक्तम्, अधिदैवं किम् उच्यते ।

हे पुरुषोत्तम, त्यो ब्रह्म के हो ? अध्यात्म के हो ? कर्म के हो ? अधिभूत पनि केलाई भनेको हो ? अधिदैव केलाई भनिन्छ ? ।१।

अधियज्ञः कथं कोत्र देहे स्मिन् मधुसूदन ।
प्रयाणकाले च कथं ज्ञेयो सि नियतात्मभिः ।२।

मधुसूदन, अधियज्ञः कः कथम् अत्र, अस्मिन् देहे प्रयाणकाले च नियतात्मभिः कथं ज्ञेयः असि ।

हे मधुसूदन, अधियज्ञ भनेको कस्तो, को हो यहाँ ? यो शरीरमा हिंड्ने समयमा समाहित चित्तवालाहरूले कसरी जानिने होइबक्सिन्छ ? ।२।

श्री भगवानुवाच – श्री भगवान्बाट भर्जी हुन्छ ।

अक्षरं ब्रह्म परमं स्वभावो ध्यात्म मुच्यते ।
भूत भावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ।३।

परमम् अक्षरं ब्रह्म, स्वभावः अध्यात्मम् उच्यते, भूतभावोद्भवकरः विसर्गः कर्मसंज्ञितः ।

परम अक्षर तत्त्व ब्रह्म हो, स्वभाव अध्यात्म भनिन्छ, भूतभावको उत्पत्ति गर्ने विसर्गलाई कर्म भन्ने नाम दिइन्छ ।३।

अधि भूतं क्षरो भावः पुरुषश्चाधि दैवतम् ।
अधियज्ञो ह मेवात्र देहे देहभृतां वर ।४।

क्षरः भावः अधिभूतं, पुरुषः च अधिदैवतम्, देहभृतांवर, अहम् एव अत्र देहे अधियज्ञः ।

क्षर भाव अधिभूत हो, पुरुष अधिदैव हो, हे शरीरधारीमा श्रेष्ठ, म नै यो शरीरमा अधियज्ञ हुँ ।४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तकाले च मामेव स्मरन मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ।५।

अन्तकाले च माम् एव स्मरन् कलेवरं मुक्त्वा यः प्रयाति सः मद्भावं याति अत्र संशयः न अस्ति ।

अन्तकालमा पनि मलाई नै संझेंदै शरीर छोडेर जो हिंड्छ, त्यो मेरो भाव पाउँछ, यसमा संशय छैन । ५ ।

जगत्को सृष्टिस्थिति संहारकारण ईश्वर जीवदेखि भिन्न हैन । ब्रह्मवस्तु उपाधिरहित छ, बोध हुनुपर्ने, साक्षात्कार हुनुपर्ने यही तत्त्वको हो । माया रूपी उपाधिको कल्पना गर्दा मायोपाधिक ब्रह्मको नै 'ईश्वर' भन्ने नाम हुन्छ । अविद्यारूपी उपाधिको कल्पना गर्दा अविद्योपाधिक ब्रह्मलाई 'जीव' भनिन्छ । ईश्वर र जीव परमार्थमा उपाधि मुक्त छन् तापनि ईश्वरले मायोपाधिद्वारा सर्वजगत्को सृष्टि गर्छ, मायारूपी उपाधि यसको वशमा हुन्छ र यो सर्वज्ञ हुन्छ । जीव अविद्यारूपी उपाधिको वशमा परेको कारणबाट अल्पज्ञ हुन्छ । मायोपाधिवाला ब्रह्मलाई सर्वज्ञ ईश्वर भनेको मायोपाधिको कारणबाट हो र अविद्योपाधिवाला ब्रह्मलाई अल्पज्ञ जीव भनेको अविद्योपाधिको कारणबाट हो । आखिर परमार्थमा दुवै 'ज्ञ' हुन्, चेतन हुन्, यसमा सर्व र अल्प लागेको उपाधि भेदले हो । उपाधि केवल कल्पित हो, मिथ्या हो । त्यसैले सर्वज्ञमा रहेको 'सर्व' लाई पनि अल्पज्ञमा रहेको 'अल्प'लाई पनि केवल कल्पना, मिथ्या हो भन्ने निश्चय गरेर फालिदिनुपर्छ । 'सर्व' र 'अल्प' हराउने बित्तिकै 'ईश्वरत्व' र 'जीवत्व' पनि हराउँछ, 'ज्ञ' मात्र बाँकी रहन्छ । 'ज्ञ' 'ज्ञ' मा भेद छैन, एकत्व छ भन्ने ब्रह्मात्मैकत्वबोध हुन्छ । यौटा भएकोमा भेद छैन, उही हो भन्नु पनि व्यर्थ हुन्छ र अद्वैत मात्र, एकत्व मात्र अखण्ड एक रस हुन्छ ।

वेदका महावाक्यहरूले अखण्ड एक रसको प्रतिपादन गर्छन् । महावाक्य अनन्त छन् । तिनमध्ये 'तत्त्वमसि', 'अहं ब्रह्मास्मि', 'प्रज्ञानं ब्रह्म' 'अयमात्मा ब्रह्म' भन्ने चार महावाक्यको बढी प्रसिद्धि छ । चारै महावाक्यले 'सर्वज्ञ ईश्वर र अल्पज्ञजीव यौटै हुन्' भन्ने अर्थ बताउँछन् । 'तत्', 'ब्रह्म' को अर्थ सर्वज्ञ ईश्वर हो । 'त्वम्', 'अहं', 'प्रज्ञानं', 'अयमात्मा' को अर्थ अल्पज्ञ जीव हो । कहाँ सर्वज्ञ ईश्वर, कहाँ अल्पज्ञ जीव, यिनको कसरी अभेद भन्ने प्रश्न सामान्यतः उठ्छ । यो प्रश्नको समाधान गर्न मायोपाधिले गर्दा र अविद्योपाधिले गर्दा उही 'ज्ञ' ब्रह्मलाई सर्वज्ञ र अल्पज्ञ भनेको हो भन्ने बुझ्नुपर्छ । सर्वज्ञ ईश्वरको उपाधि माया मिथ्या हो, यो छैन, ईश्वर 'ज्ञ' मात्रै हो भन्ने बुझ्नलाई 'तत्दार्थ शोधन' भन्छन् । यसरी उपाधि पन्छाइएको 'ज्ञ' लाई शोधित अथवा शुद्ध तत्पदार्थ भन्छन् । अल्पज्ञ जीवको उपाधि अविद्या मिथ्या हो, यो छैदै छैन, जीव 'ज्ञ' मात्रै हो भन्ने बुझ्नलाई 'त्वं पदार्थ शोधन' भन्छन् । यसरी उपाधि पन्छाइएको 'ज्ञ' लाई शोधित अथवा शुद्ध त्वं पदार्थ भन्छन् ।

निरूपाधिब्रह्म केवल बोधगम्य छ । साक्षात्करणीय ब्रह्म निरूपाधि ब्रह्म हो । मायोपाधि ब्रह्म ईश्वर हो, उपास्य हो । उही ब्रह्म मायासहित हुँदा ईश्वर हुन्छ, यसबाट जगत्को सृष्टिस्थितिसंहार चलिरहन्छ । जगत्को सृष्टिस्थिति संहारकारणत्व ब्रह्मको तटस्थ लक्षण हो, सच्चिदानन्द-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयत्व ब्रह्मको स्वरूप लक्षण हो। जे जस्तो उपाधिको कल्पना गर्दा पनि सच्चिदानन्दमय स्वरूप जस्तातस्तै छ, सदातन छ, सनातन छ। त्यसैले यो स्वरूप हो, स्वरूपको बोध गर्ने हो, साक्षात्कार गर्ने हो। जगत्को सृष्टि स्थिति र लय जसबाट हुन्छ; जो सर्वगुणले, सर्वविभूतिले, सर्वैश्वर्यले, सर्व ज्ञान बल क्रियाले, सर्वशक्तिले सम्पन्न छ, त्यो सगुण ब्रह्म हो। सगुणब्रह्मको उपासनाबाट सगुणब्रह्मको (मायोपहित ब्रह्मको) प्रसादद्वारा मायाको, अज्ञानको आवरण हट्छ, जन्म सुख दुःख आदि विक्षेपको अन्त हुन्छ, सर्वानर्थको उच्छेद हुन्छ। त्यसैले मायो पहित सगुणब्रह्मको, षडैश्वर्य-सम्पन्न भगवान्को उपासना सर्वोत्तम उपासना हो। यसबाट जीवब्रह्मको एकत्वबोध भएको छ भने 'जानु आउनु भन्ने कुरै रहँदैन, शरीरपात हुनु मात्रै बाँकी छ। प्रारब्ध समाप्त हुने बित्तिकै शरीरपात हुन्छ। एकात्मबोधले ब्रह्मत्व प्राप्ति भैसकेकै छ, ब्रह्म हो; तातो ढुङ्गोमा पानीको बूँद आफैं हराए झैं प्राणादिसंघात स्वरूप सूक्ष्म शरीर हराउँछ, बिलाउँछ। यो सद्यो मुक्ति हो।

जीवब्रह्मको अभेदबोध नभएका उपासकहरूको सद्योमुक्ति हुँदैन, क्रममुक्ति हुन्छ। हिरण्य गर्भ (सूत्रात्मा) विराट् जस्ता सोपाधि सगुण ब्रह्मका उपासकहरु अर्चिरादि मार्गद्वारा उर्ध्वगति हुँदै ब्रह्मलोकमा पुग्छन् र ब्रह्माको साथसाथै मुक्त हुन्छन्। ब्रह्म परम अक्षर हो, यसको साक्षात्कारबाट 'सद्यो मुक्ति' तुरुन्तै मुक्ति हुन्छ।

अध्यात्म भनेको स्वभाव हो, परा प्रकृति हो। यो उपाधि रहित शुद्ध त्वंपदार्थ जीव हो। आत्मामा अर्थात् देहमा अन्तरात्मभावले रहँदा त्यही परब्रह्मलाई अध्यात्म भनेको हो। यो उपाधि-रहित जीव परब्रह्मको उपाधि नभई आफ्नै भाव भएको हुँदा 'स्वभाव' भनिएको हो। यो वस्तुतत्व नै भएकोले यसको उपासना हैन बोध हुन्छ। शुद्ध त्वंपदार्थरूप आत्मवस्तुको मात्र ज्ञान भएको छ, ब्रह्मसँग अभेद बोध भइसकेको छैन भने त्यस्ताको क्रम मुक्ति हुन्छ। विसर्ग भनेको यज्ञ आदि कर्म हो र अधिभूत भनेको नश्वर वस्तु हुन्। कर्म र नश्वर वस्तुमा भावना गर्नु हुन्न, यस्तोमा भावना दृढ भयो भने मर्ने वेलामा पनि चित्त तिनैमा गएर अड्छ र अधोगति हुन्छ। सबैको चक्षु-रादि सबै करणमा शक्तिसञ्चार गर्ने, सूर्यमण्डलान्तर्वर्ती, हिरण्य गर्भ अधिदैव हो; सबै यज्ञहरुको अधिष्ठाता, सर्वशरीरान्तर्यामी विष्णु अधियज्ञ हो। शरीर त्याग समयमा, प्राण प्रयाणकालमा जसले अधिदैव अथवा अधियज्ञ स्वरूप परमात्माको स्मरण गर्छ, त्यसको अधोगति हुँदैन, उर्ध्व-गति हुन्छ। अन्तकालमा जस्तो भावना भो, त्यस्तै किसिमको गति हुन्छ। जीवन कालमा, सद्दै अवस्थामा जेको भावना गर्ने गरेको छ, जेको अभ्यास गर्ने गरेको छ, अन्तकालमा त्यही भावना फुर्छ। त्यसैले सद्दै अवस्थामा नै सारसउँदो वेलामा नै असल भावना गर्ने गर्नुपर्छ, भगवद्भाव गर्ने गर्नुपर्छ। यस्तो भगवद्भावलाई पहिले नै दृढ बनाउनुपर्छ, त्यसको निमित्त सदासर्वदा नित्य निरन्तर अभ्यास गर्नुपर्छ।

यं यं वापि स्मरन् भावं त्यजत्यन्ते कलेवरम्।
तं त मेवैति कौन्तेय सदा तद्भाव भावितः।६।

यं यं वा अपि भावं स्मरन् अन्ते कलेवरं त्यजति हे कौन्तेय, सदा तद्भाव भावितः तं तम् एव एति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्र र शस्त्र

आत्मबोध र कर्तव्यपालन

तस्मात् सर्वेषु कालेषु मा मनुस्मर युध्यच
मय्यर्पितमनोबुद्धि र्मामेवैष्यसंशयम् ८/७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन जुन भावलाई सम्झेर अन्तकालमा शरीर छोड्छ, हे अर्जुन, सँधै त्यो भावबाट भावित (अभ्यस्त) भएकोले त्यही त्यही भाव प्राप्त गर्छ । ६ ।

तस्मात् सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पित मनोबुद्धि र्मामेवैष्यस्यसंशयः ।७।

तस्मात् सर्वेषु कालेषु माम् अनुस्मर, युध्य च । मयि अर्पित मनोबुद्धिः माम् एव एष्यसि असंशयः ।

त्यसैले सबै कालमा मलाई सम्झिरहू र युद्ध गर । ममा मनबुद्धि अर्पण गर्ने तिमी ममा नै आउने छौ, संशय छैन । ७ ।

अभ्यास योग युक्तेन चेतसा नान्य गामिना ।
परमं पुरुषं दिव्यं याति पार्था नुचिन्तयन् ।८।

अभ्यासयोग युक्तेन, नान्य गामिना चेतसा अनुचिन्तयन् पार्थ परमं दिव्यं पुरुषं याति ।

अभ्यासयोगमा संलग्न (ध्येयाकारवृत्ति चलिरहने), अन्त नलाग्ने चित्तले ध्यान गरिरहने पुरुषले हे अर्जुन, परम दिव्य पुरुषलाई प्राप्त गर्छ । ८ ।

कविं पुराण मनुशासितार मणो रणीयांस मनुस्मरेद् यः ।
सर्वस्य धातार मचिन्त्यरूप मादित्य वर्णं तमसः परस्तात् ।९।

कविं, पुराणम्, अनुशासितारम्, अणोः अणीयांसम्, सर्वस्य धातारम्, अचिन्त्य रूपम्, आदित्यवर्णं, तमसः परस्तात्, यः अनुस्मरेत् ।

सर्वज्ञ, पुराण, शासिता, अणुभन्दा झन् अणु, सबैको धारणा गर्ने, अचिन्त्य रूप भएका, सूर्य वर्ण भएका, तमभन्दा परका दिव्य पुरुषलाई जसले निरन्तर स्मरण गर्छ । ९ ।

प्रयाणकाले मनसा चलेन भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवो र्मध्ये प्राण मावेश्य सम्यक् स तं परं पुरुष मुपैति दिव्यम् ।१०।

प्रयाणकाले मनसा अचलेन, भक्त्या युक्तः, योगबलेन च एव भ्रुवोः मध्ये प्राणं सम्यक् आवेश्य च स तं परं पुरुषं दिव्यम् उपैति ।

हिंड्ने समयमा मनलाई नहल्लाईकन, भक्तिले युक्त भएर, योगबलले समेत आँखिभुइंको बीचमा प्राणलाई राम्ररी राखेर योग गर्ने त्यसले त्यो परम दिव्य पुरुषलाई प्राप्त गर्छ । १० ।

प्रेमले, द्वेषले वा डरले नै किन नहोस् सद्भावमा नै मन लगाउने गर्नुपर्छ । कुमालकोटीले थुनेको कीरो अघिल्तिर भुनभुनाइरहने कुमालकोटीमा नै डरले मन लगाइरहँदा रहँदै जिउँदै नै कुमालकोटीमा बदलिन्छ भन्ने लोक प्रसिद्धि छ । नन्दिकेश्वर भक्तिले महादेवको भावना गर्दागर्दै अर्को शरीर नलिईकन नै महादेवको रूपमा बदलिएको भन्ने योगशास्त्र प्रसिद्धि छ । त्यस-कारण मानिसले जुन वेला पनि भगवान्को भजन चिन्तन गर्ने गर्नुपर्छ । बाहिरी इन्द्रियहरूबाट कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भइरहे पनि भित्री इन्द्रिय मन बुद्धिलाई भागवान्‌मा लगाउनुपर्छ । कर्मको र उपासनाको, भक्तिको विरोध छैन । उही पुरुषले उही समयमा कर्म पनि भक्ति पनि गरिरहन सक्छ । यिनले परस्परको अझ उपकार गर्छन् । भक्ति चल्दै रहँदा आसक्ति घट्दै जान्छ, कर्म चल्दै रहँदा चित्त सफा हुँदै आउँछ । आसक्ति घट्नाले वर्णाश्रमका कर्महरू ठीकसँग चल्छन्, आसन्नासबाट विचलन हुँदैन । चित्त सफा हुनाले बाह्य बस्तुमा वैराग्य र भगवान्‌मा अनुराग बढ्दै आउँछ । जीवनकालमा गरेको यस्तो अभ्यासले मरणकालमा पनि यस्तै स्मरण हुन्छ, भगवद्‌भावना चलिरहन्छ ।

मरणकालमा सामान्यतः बहुसंख्यक मानिस बेहोश हुन्छन् । बाहिर बेहोश हुँदैमा अन्तर्जगत्‌मा चिन्तन, भावना चल्न छोडेको हुन्छ भन्ने छैन । होशको वेलामा जीवनकालमा जेजेको अभ्यास गरेको छ त्यसैको सम्झना, चिन्तना, भावना चलिरहन्छन्, सुतेको मानिसले बाहिर बेहोश भए पनि सपना देखिरहे जस्तै । बेहोश हुने क्षणमा जेको भावना गरेको छ, त्यो भावनाले पनि बेहोशी अवस्थामा काम गर्न सक्छ । बेहोश भैसकेकोमा पनि बाहिर वरपर भएका कुराकानी कामकाज र वातावरणले पनि बेहोश मानिसको भित्र प्रभाव पार्न सक्छ । त्यसैले मरणासन्नको वरपर असल कामकुराहरू गर्ने, भजन कीर्तन गर्ने, आध्यात्मिक ग्रन्थ गीता भागवत आदिको पाठ गर्ने गर्नुपर्छ । मरणकालमा यस्तो अवसर मिल्नु पनि पुण्यकै प्रभाव हो ।

आफ्नो उद्धार गर्नुपर्ने आफैंले हो । कर्म गरिरहँदा पनि भगवद्‌भाव गरिरहने बानी बसाल्नुपर्छ । भगवान् परम पुरुष हो, यो सँधै छ, सर्वत्र छ । भगवान् सम्पूर्ण ब्रह्माण्डको अधिपति हो । कर्म अनुसारको फलको व्यवस्था भगवान्‌बाट चलिरहेछ, यो सूक्ष्ममा सबभन्दा सूक्ष्म छ, ठूलोमा सबभन्दा ठूलो छ । वास्तवमा यसको परिमाण नै छैन, अपरिमेय छ । शास्त्रले र गुरुले सिकाए बमोजिमको परम पुरुष भगवान्‌को नै भावना गर्ने अभ्यास गर्नुपर्छ । मन अन्त लाग्यो भने पनि फर्काई भगवान्‌मा नै लगाइरहनुपर्छ । यसरी अभ्यास गर्दा गर्दै चित्तको भगवद्‌वृत्ति नै चलिरहने हुन्छ । जीवनकालमा गरेको अभ्यासले अन्तकालमा पनि यस्तै भगवद् वृत्ति हुन्छ । योगसिद्ध पुरुषले चित्तलाई प्राणलाई मूलाधारदेखिको ऊर्ध्व गामी सुषुम्णा नाडीलाई उठाउँदै हृदयकमलमा स्थिर गर्छन् । त्यहाँबाट क्रमैले आँखी भुइँको मध्यको आज्ञाचक्रमा प्राणलाई अडाएर परम पुरुषको समाधिमा स्थित भएर प्राण छोड्ने योगीले परम पुरुषलाई नै प्राप्त गर्छन् ।

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद् यतयो वीतरागाः ।
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण प्रवक्ष्ये ।११।

यत् अक्षरं वेदविदः वदन्ति, यत् वीतरागाः यतयः विशन्ति, यत् इच्छन्तः ब्रह्मचर्यं चरन्ति तत् पदं ते संग्रहेण प्रवक्ष्ये ।

जुन अक्षर परमात्मालाई वेदवेत्ताहरूले स्तुति गर्छन्, जुन तत्त्वमा राग छुटेका यतिहरू प्रविष्ट हुन्छन्, जुन तत्त्वलाई चाहेर ब्रह्मचर्य गर्छन् त्यो अक्षर पद तिमीलाई संक्षेपले बताउँछु ।११।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राण मास्थितो योगधारणाम् ।१२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वं द्वाराणि संयम्य, मनः हृदि निरुध्य च, मूर्ध्नि आत्मनः प्राणम् आधाय योगधारणाम् आस्थितः ।

सबै द्वारहरू (इन्द्रियहरू) वशमा राखेर, मनलाई हृदयकमलमा अडाएर, शिर कमलमा आफ्नो प्राण राखेर योग गरेर बसेको । १२ ।

ओ मित्येकाक्षरं ब्रह्म व्याहरन् मा मनुस्मरन् ।
यः प्रयाति त्यजन् देहं स याति परमां गतिम् ।१३।

ओम् इति एकाक्षरं ब्रह्म व्याहरन् माम् अनुस्मरन्, देहं त्यजन् यः प्रयाति सः परमां गतिं याति ।

ओम् भन्ने यो एक अक्षर भएको, ब्रह्मलाई बताउने मन्त्रको उच्चारण गर्दै, मेरो निरन्तर स्मरण गर्दै, शरीर छोडेर जो जान्छ त्यो परम गतिमा पुग्छ । १३ ।

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ।१४।

सततम् अनन्यचेताः यः मां नित्यशः स्मरति, पार्थ, तस्य नित्य युक्तस्य योगिनः अहं सुलभः ।

निरन्तर एकचित्त भएर जसले सँधै मलाई सम्झन्छ । सँधै लागि पसेको त्यो योगीलाई म सजिलैसँग पाइने हुन्छु । १४ ।

मामुपेत्य पुनर्जन्म दुःखालय मशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ।१५।

परमां संसिद्धिं गताः महात्मानः माम् उपेत्य पुनः दुःखालयम् अशाश्वतं जन्म न आप्नुवन्ति ।

परम सिद्धि पाएका महात्माहरु मलाई पाएपछि फेरि दुःखको घर, अनित्य, जन्म हुने लोकमा आउँदैनन् । १५ ।

आज्ञाचक्र दुइ पाते कमल रूपी छ । त्यसमा प्राणलाई स्थित गर्न प्रथमतः सबै इन्द्रियलाई बहिर्विषयमा जान नदिई अन्तर्मुख बनाउनु पर्छ । चित्तलाई हृदयकमलमा स्थिर गराउनुपर्छ । हृदयकमलमा मन रोकिएपछि ऊर्ध्वगामी नाडीबाट प्राणलाई भ्रूमध्यमा राखेर ॐकारवाच्य परमात्माको ध्यान गर्नुपर्छ । आज्ञाचक्रका वरिपरि सात कोश छन् । तिनमध्ये सातौं उन्मनी कोशमा प्राण पसेपछि शिरको सहस्रदलकमलमा पुग्छ । प्राणको साथसाथै मन पनि त्यहीं पुगेर अड्छ । त्यहाँ ब्रह्मरन्ध्रबाट प्राणचित्तादिको संघात स्वरूप सूक्ष्मशरीर तालु फुट्टेर बाहिर निस्कन्छ र सूर्य मण्डललाई पनि छेडेर माथि उक्लन्छ । योगसाधनाद्वारा भ्रूमध्यबाट वा शिरको ब्रह्मरन्ध्रबाट प्राण छोड्ने काम योगसिद्ध पुरुषहरुबाट मात्रै सम्भव हुन्छ । भीष्मले, द्रोणले, विदुरले यस्तै योगसाधना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाट प्राण छोड्नु भएको प्रसङ्गको वर्णन छ । यस्तो प्राणत्याग असामान्य हो र असाधारण योगी महापुरुषहरूबाट मात्रै सम्भव हुन्छ ।

भगवान्को नित्यस्मरण परमपदप्राप्तिको उपाय हो । परमेश्वर परमप्रभुको स्मरण, कीर्तन, ध्यान सँधै गर्नुपर्छ, श्रद्धापूर्वक आदरभावले गर्नुपर्छ, जीवनभरी गर्नुपर्छ । परम प्रभु भगवान्मा र परम अक्षर परब्रह्ममा कुनै भेद छैन । परम प्रभुको वाचक पद, शब्दमय प्रतिमा, स्मरण गराइदिने प्रतीक, मुख्य नाम 'ॐ' हो । यसलाई प्रणव पनि भन्छन् ; अक्षर ब्रह्मको नाम भएको हुनाले अक्षर ब्रह्म पनि भन्छन् ; अद्वैत ब्रह्म बुझाउने हुनाले, एक अक्षर मात्र हुनाले एकाक्षर ब्रह्म पनि भन्छन् । नामको र नामीको घनिष्ठ सम्बन्ध हुन्छ । नाम सम्झ्यो भने नामीको सम्झना हुन्छ । नामको कीर्तन गऱ्यो भने नामी अभिमुख भैहाल्छ । कुनै समूहमा कुनै नाम लिएर बोलायो भने त्यो नामवाला पुरुष तुरुन्तै टाठो हुन्छ, बोलाएतिर फर्कन्छ र आफैंलाई बोलाएको हो भन्ने पक्का भयो भने बोलाउनेको सामुन्ने पर्छ । भगवान्को नामकीर्तनबाट भगवान्को अभिमुखीकरण हुन्छ । अनन्य चित्तले, शुद्धभावले भगवान्लाई सम्झेर भगवान्को नाम उच्चारण गऱ्यो भने भगवान्को दर्शन मिल्छ । परब्रह्म परमात्मा प्रभुको स्मरण गरेर ॐ को मनले मात्रै वा मुखले समेत जप गर्दै, कीर्तन गर्दै गर्नाले परम गति प्राप्त हुन्छ, भगवान्को साक्षात्कार हुन्छ, भगवन्मयता हुन्छ । यो जगत् नश्वर छ । यो दुःखै दुःखको खानी हो, घर हो । मूढदृष्टि हुँदा दुःखलाई नै, केही क्षण पछि नै दुःखमा बदलिनेलाई नै सुख ठानिएको हो । मानिसको सबभन्दा ठूलो मुर्खाई हो दुःखलाई सुख मान्नु, दुःख भएको ठाउँमा सुखको खोजी गर्नु । यो तुच्छ जगत्लाई उपेक्षा नगरी हुँदै हुन्न । भगवत्प्राप्ति भयो भने दुःख छुट्छ, दुःखालय जन्म छुट्छ, तुच्छ संसार फेरि फर्कंदैन, नश्वर संसारमा फर्कनु पर्दैन ।

आब्रह्म भुवनाल्लोकाः पुनरावर्तिनो र्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म नविद्यते ।१६।

अर्जुन, आब्रह्मभुवनात् लोकाः पुनरावर्तिनः । कौन्तेय, माम् उपेत्य तु पुनर्जन्म न विद्यते ।

हे अर्जुन, ब्रह्मलोकसम्म सबै लोक फेरि फेरि फर्किनुपर्ने स्वभावका छन् । हे कुन्ती पुत्र, मलाई पाएपछि चाहिं पुनर्जन्म हुँदैन । १६ ।

सहस्रयुग पर्यन्त महर्यद् ब्रह्मणो विदुः ।
रात्रिं युगसहस्रान्तां ते होरात्रविदोजनाः ।१७।

ते अहोरात्रविदः जनाः यत् ब्रह्मणः अहः, सहस्रयुगपर्यन्तम्, रात्रिं युग सहस्रान्तां विदुः ।

ती अहोरात्रको हिसाब जान्नेहरू जुन् ब्रह्माको दिन हो त्यो मनुष्यको हजार चतुर्युगसम्मको हुने र रात हजार चतुर्युगसम्मको हुने भन्ने जान्दछन् । १७ ।

फर्कनुनपर्ने भगवत् प्राप्ति भएको छ भने, भगवत्तत्व साक्षात्कार भएको छ भने मात्रै हो । भगवत्तत्व साक्षात्कार भएको छ, ब्रह्मात्मैकत्व बोध समेत भएको छ भने सद्योमुक्ति नै हुन्छ । ब्रह्मात्मैकत्व बोध भएको छैन भने सद्योमुक्ति हुँदैन । समष्टि सूक्ष्म शरीरोपाधिवाला हिरण्य गर्भ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

को, समष्टिस्थूलशरीरोपाधिवाला विराट् पुरुषको उपासना सिद्ध भएको छ भने, शुद्ध त्वंपदार्थ पराप्रकृतिको बोध भएको छ भने, शुद्ध तत्पदार्थ ईश्वरको बोध भएको छ भने ब्रह्मलोक अर्थात् हिरण्य गर्भलोक प्राप्ति हुन्छ, ब्रह्माको आयु सकिंदा परब्रह्मको र आत्माको एकत्व बोध हुन्छ र ब्रह्मासंगसंगै मुक्ति हुन्छ। केवल सत्कर्म सिद्धिबाट मात्र हिरण्य गर्भलोक पुगेकाहरू चाहिं, एकत्व ज्ञान नभएको हुनाले, पुण्य सकिएपछि फेरि कर्मलोकमा नै फर्कन्छन्। त्यस्तै ब्रह्मलोक सम्मका सबै लोक पुनरावृत्तिवाला छन्।

अव्यक्ताद् व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्त संज्ञके।१८।

अहरागमे अव्यक्तात् सर्वाः व्यक्तयः प्रभवन्ति। रात्र्यागमे तत्र एव अव्यक्तसंज्ञके प्रलीयन्ते।

ब्रह्माजीको दिन उदाउंदा अव्यक्तबाट (ब्रह्माजीको स्वप्नावस्थाबाट) सबै दृश्य जगत्को सृष्टि हुन्छ; रात परेपछि, त्यही अव्यक्तमा (निद्रामा) बिलाउंछन्। १८।

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते।
रात्र्यागमे वशः पार्थ प्रभवत्यहरागमे।१९।

पार्थ, सः एव अयं भूतग्रामः भूत्वा भूत्वा रात्र्यागमे अवशः प्रलीयते, अहरागमे प्रभवति।

हे अर्जुन, यो त्यही भूतसमूह भई भई रात पर्दा अवश्य हराउंछ, दिन उदाउंदा प्रकट हुन्छ। १९। यो ब्रह्माको नित्य सृष्टि प्रलय हो।

परस्तस्मात् तु भावो न्यो व्यक्तो व्यक्तात् सनातनः।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति।२०।

तु तस्मात् अव्यक्तात् अन्यः अव्यक्तः सनातनः परः भावः। यः सः सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति।

तर त्यो अव्यक्तदेखि अन्य अव्यक्त सनातन परम भाव हो। जुन त्यो भाव सबै भूत नासिंदा पनि नासिंदैन। २०।

अव्यक्तो क्षर इत्युक्त स्त माहुः परमां गतिम्।
यं प्राप्य न निवर्तन्ते तद् धाम परमं मम।२१।

अव्यक्तः अक्षरः इति उक्तः। तम् परमां गतिम् आहुः। यं प्राप्य न निवर्तन्ते तद् मम परमं धाम।

त्यो अव्यक्त अक्षर भनी भनिएको हो। त्यसलाई परम गति भन्छन्, जुनमा पुगेपछि फर्कंदैनन्, त्यो मेरो परम धाम हो। २१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुषः स परः पार्थ भक्त्या लभ्य स्त्वनन्यया ।
यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम् ।२२।

सः परः पुरुषः तु अनन्यया भक्त्या लभ्यः । भूतानि यस्य अन्तःस्थानि येन इदं सर्वं ततम् ।

त्यो परम पुरुषलाई त अनन्य भक्तिले मात्र पाउन सकिन्छ । भूतहरु जसका भित्र रहेका छन्, जसले यो सबै व्याप्त छ (त्यो परपुरुष यस्तो छ ।) । २२ ।

हिरण्य गर्भ (ब्रह्मा), बिराट् आदि जम्मै कारणोपाधि, कार्योपाधि आदि उपाधिको कल्पना गर्दा उपाधिकै कारणबाट भएका हुन् । सत् वस्तु यस्ता उपहित र उपाधिबाट पर छ, कल्पनातीत छ । ब्रह्मा, ब्रह्मलोक लगायत सम्पूर्ण जगत्को विनाश हुँदा पनि यसको विनाश हुँदैन, सृष्टि हुँदा पनि यसको सृष्टि हुँदैन । अनन्तकोटि ब्रह्मा, अनन्तकोटि ब्रह्माण्ड बनिरहन्छन्, विग्रिरहन्छन् । सत् बस्तुमा कुनै प्रतिक्रिया हुँदैन, कुनै प्रभाव हुँदैन, कुनै विकार हुँदैन । मूलकारण जुन अव्यक्त माया हो, त्यो भन्दा पनि यो सत् तत्त्व पर छ, श्रेष्ठ छ, मायातीत छ । माया र मायिक सृष्टि जम्मै त्यही सत्तत्त्वको प्रकाशमा भासमान भएका छन् । त्यो सत् तत्त्व अव्यक्त मायाभन्दा पनि अव्यक्त छ । यो परम अव्यक्त हो । यो सजातीय विजातीय स्वगत भेद रहित छ, परम अक्षर हो । यो आवृत्ति तथा विकृतिले रहित छ, परम गति हो । उपाधिले अस्पृष्ट स्वयं ज्योति छ, परम धाम हो । यही अक्षरब्रह्म हो ।

यत्र काले त्वनावृत्ति मावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ।२३।

योगिनः यत्र कालेतु प्रयाताः अनावृत्तिम् आवृत्तिं च एव यान्ति, भरतर्षभ, तं कालं वक्ष्यामि ।

ध्यानयोगी र कर्मयोगीहरु जुन कालमा जाँदा नफर्कने र फर्कने स्थानमा पुग्छन्, हे भरत-श्रेष्ठ, त्यो काल बताउनेछु । २३ ।

अग्नि र्ज्योति रहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ।२४।

अग्निः, ज्योतिः, अहः, शुक्लः, षण्मासाः, उत्तरायणम् तत्र प्रयाता ब्रह्मविदः जनाः ब्रह्म गच्छन्ति ।

अग्नि, ज्योति, अहः, शुक्ल पक्ष, छ महिनावाला उत्तरायण कालाभिमानी देवता हुन् । तिनको मार्गमा जाने ब्रह्मवेत्ताहरु ब्रह्मलोक जान्छन् । २४ ।

धूमो रात्रि स्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योति र्योगी प्राप्य निवर्तते ।२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धूम, रात्रि, त्यस्तै कृष्णपक्ष, छ महिनावाला दक्षिणायन कालाभिमानी देवता हुन् । तिनको मार्गमा जाने योगी चन्द्रमाको ज्योतिमा पुगेर फर्कन्छ । २५ ।

शुक्ल कृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्य नावृत्ति मन्यया वर्तते पुनः ।२६।

जगतः शुक्ल कृष्णे एते हि गती शाश्वते मते । एकया अनावृत्तिं याति अन्यया पुनः आवर्तते ।

योगीहरुको शुक्ल र कृष्ण यी दुइ मार्ग पहिलेदेखिका मानिएका छन् । यौटा शुक्ल मार्गले जाने फर्कंदैन, अर्को कृष्णमार्गबाट जाने फेरि फर्किन्छ । २६ ।

नैते सृती पार्थ जानन् योगी मुह्यति कश्चन ।
तस्मात् सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ।२७।

पार्थ एते सृती जानन् कश्चन योगी न मुह्यति । तस्मात्, अर्जुन, सर्वेषु कालेषु योग युक्तः भव ।

हे अर्जुन, यी दुइ मार्ग जान्ने कुनै योगी पनि मोहित हुँदैन । त्यस कारण हे अर्जुन, सबै कालमा योगयुक्त बन । २७ ।

वेदेषु यज्ञेषु तपःसु चैव दानेषु यत् पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत् सर्व मिदं विदित्वा योगी परं स्थान मुपैति चाद्यम् ।२८।

वेदेषु, यज्ञेषु, तपःसु च एव दानेषु यत् पुण्यफलं प्रदिष्टम् । तत् सर्वम् इदं विदित्वा अत्येति योगी परम् आद्यं स्थानम् उपैति ।

वेदपाठमा, यज्ञानुष्ठानमा, तपस्यामा, दानमा जुन पुण्यफल बताइएको छ त्यो सबैलाई यो ज्ञान पाएपछि जित्छ र योगीले उत्तम पहिलो स्थान प्राप्त गर्छ । २८ ।

सद्गति दुइ किसिमका छन्, क्रममुक्ति, र पुनरावृत्ति । ब्रह्मको र आत्माको एकत्व साक्षात्कार स्वरूप सम्यक ज्ञान हुनेहरुको जानु आउनु भन्ने नै हुँदैन, प्राणादि संघात स्वरूप सूक्ष्म शरीर कहीं जाँदै जाँदैन, ब्रह्ममा नै लीन हुन्छ । यो सद्यो मुक्ति हो । हिरण्य गर्भ आदिको उपासना वा ज्ञान मात्र सिद्ध भएकाहरू – एकत्व साक्षात्कार नभएकाहरू – सद्योमुक्त हुँदैनन् । अर्चि आदि मार्गबाट ब्रह्मलोक पुग्छन्, ब्रह्मलोकमा नै ब्रह्माको, हिरण्यगर्भको साहचर्यको प्रभावले तिनीहरुलाई सम्यक् ज्ञान हुन्छ र ब्रह्माजी मुक्त हुँदा तिनीहरूको पनि मुक्ति हुन्छ । यो मुक्तिलाई क्रम मुक्ति भन्छन् । यो शुक्ल गति हो यसलाई उत्तर गति एवं उत्तरायण पनि भन्छन् । शुक्ल गति हुने योगीको अन्नमय स्थूल शरीरबाट उडेको प्राणादि संघातरूप सूक्ष्मशरीर कालाभिमानी देवताहरू कहाँ पुगेर तिनीहरू मार्फत हिरण्य गर्भ लोकमा पुग्छन् । शुक्ल गतिमा अग्नि, ज्योति, दिन, शुक्ल, माघादि आषाढान्त षण्मासाभिमानी देवताहरु कालाभिमानी देवता हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को मार्ग कृष्ण मार्ग हो । तत्त्वमसि जस्ता महावाक्यतिर फर्कंदै नफर्केका ब्रह्मात्मैकत्व साक्षात्कार नभएका, शुद्ध तत्पदार्थको, शुद्ध त्वं पदार्थको पनि बोध नभएका. हिरण्य गर्भ आदि उपाधिमा अभिमान नगर्ने, उपहित तत्त्वको उपासनामा पनि नलागेका, यज्ञ याग आदि पुण्य कर्म गरेका सत्कर्मीहरूको कृष्ण गति हुन्छ । यसैलाई दक्षिण गति वा दक्षिणायन पनि भन्छन् । यस्ता सत्कर्मीहरु सामान्यतः चन्द्राभिमानी देव लोकमा, अधिक पुण्यका प्रभावले ब्रह्म लोकसम्म पनि पुग्छन् । तर तिनीहरूको त्यहाँबाटै मुक्ति हुँदैन । पुण्यको भोग सकिएपछि कर्मलोकमा नै तिनीहरु फर्कन्छन् । कृष्ण गति हुने साधकहरुको अन्नमय स्थूल शरीरबाट निस्केको सूक्ष्म शरीर कालाभिमानी देवताहरु मार्फत आफ्नो पुण्य अनुसारको लोकमा पुग्छ, त्यहाँको अनुकूल शरीर लिएर पुण्य भोग हुन्छ । कृष्ण गतिमा धूम, रात्रि, कृष्ण पक्ष, श्रावणादि पौषान्त षण्मासाभिमानी देवताहरू कालाभिमानी देवता हुन् ।

पुरुषले सत् साधना गर्नु पर्छ । कर्मबाट, उपासनाबाट, ज्ञानबाट हुने फल बुझ्नुपर्छ । यी सबै कुराको ज्ञान हुनु पनि ठूलो पुण्य हो । सद्योमुक्ति, (क्रममुक्ति) शुक्ल गति, कृष्ण गति आदिको रहस्य बुझ्यो भने पनि वेदाध्ययन, यज्ञाचरण, दान वितरण, तपश्चरणबाट हुने पुण्य फल भन्दा बढी पुण्य प्राप्त हुन्छ । जानेपछि, कुरो बुझेपछि साधना गर्न सजिलो हुन्छ । सम्यक् ज्ञानको लक्ष्य लिएर साधनालाई अघि बढाउन सकिन्छ ।

ॐ तत् सत् इति श्रीमद्भगवद् गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योग शास्त्रे श्रीकृष्णार्जुन संवादे अक्षर ब्रह्मयोगोनाम अष्टमः अध्यायः ।

ॐ तत् सत् अक्षर ब्रह्मयोग नामको आठौं अध्याय समाप्त भो ।

सगुण ब्रह्म, निर्गुण ब्रह्म तथा ब्रह्मवाचक ॐकारलाई अक्षर ब्रह्म भन्छन् । यी तीनै अक्षर-ब्रह्मको यो अध्यायमा उपदेश भएकोले यो अध्यायको नाम अक्षरब्रह्मयोग रहेको छ । सगुणो पासनामा, ध्येय ब्रह्मोपासनामा ब्रह्मलाई मायोपाधियुक्त हुँदा 'ईश्वर', सूक्ष्मोपाधियुक्त, समष्टि अन्तःकरणोपाधियुक्त हुँदा 'हिरण्यगर्भ' वा 'सूत्रात्मा', स्थूलोपाधि युक्त समष्टि पिण्डोपाधियुक्त हुँदा 'विराट्' भन्ने चलन छ । सगुणोपासना क्षेत्रमा स्थूलोपाधियुक्तको भन्दा सूक्ष्मोपाधियुक्तको, सूक्ष्मोपाधियुक्तको भन्दा मायोपाधि–कारणोपाधि युक्तको उपासनालाई माथिल्लो स्तरको मानिन्छ । वास्तवमा उपाधि कल्पना मात्र भएकोले वस्तु एकै हो भन्ने बुझ्ने क्षमता भएका उत्तम साधकले मायोपहित ईश्वरलाई उपासनाद्वारा बुझेपछि उपाधि नहुँदाको चिदानन्दघन स्वरूपलाई पनि बुझ्न सक्छन् र तिनको निम्ति ध्येय ब्रह्म नै ज्ञेय ब्रह्म पनि बन्छ । त्यस्तो क्षमता नभएका साधकले मायोपहित जगज्जन्मादि कारण ईश्वरको भक्ति उपासना गरिरहँदा रहँदै परम सिद्धि प्राप्त गर्छन् । परमार्थमा वस्तु अद्वैत छ, त्यसैमा द्वैतको कल्पना पनि हुन्छ, लय पनि हुन्छ । भेद दृष्टिबाट, भेद बुद्धिबाट गरेको भक्ति उपासनाबाट जस्तो उपास्यमा श्रद्धा भक्ति भएको छ त्यही किसिमको अल्प फल, निम्नफल प्राप्त हुन्छ । पारमार्थिक तत्त्व बुझेर गरेको उपासनाले सोझै वा क्रमैले ढीलो वा चाँडो स्तर उक्लेर पनि ज्ञानोदयद्वारा परम सिद्धि दिन्छ । विषयभोगमा नै लागिरहनेहरुको झन्झन् अधोगति हुन्छ । कर्ममार्गमा नै लागिरहनेहरु पुनरावृत्ति हुने पद प्राप्त गर्छन्, माथि उक्लने र ओर्लिने गरिरहन्छन् । यो कर्मकाण्डोपासना अधिभूतोपासना हो । हिरण्यगर्भको, अन्तर्यामी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत्रात्माको उपासना अधिदैवोपासना, अधियज्ञोपासना हो । यो अर्चिरादिमार्ग हो, यसबाट क्रम मुक्ति हुन्छ । सच्चिदानन्दघन परम पुरुष परमेश्वरको उपासनाबाट, साक्षात्कारबाट सद्योमुक्ति हुन्छ । आठौं अध्यायमा यस्तै उपासनाहरुको उपदेश भयो र ध्येय ब्रह्म विद्याको निरूपण भयो ।

यसको नाम शङ्कराचार्यले 'तारक ब्रह्मयोग' मधुसूदन सरस्वतीले 'अक्षर परब्रह्म विवरण', श्रीधरस्वामीले 'महापुरुषयोग' भन्ने राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

अथ नवमः अध्यायः – राजविद्या राजगुह्ययोगः ।

श्री भगवानुवाच – श्रीभगवान् कृष्णबाट भर्जी भयो ।

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्य नसूयवे
ज्ञानं विज्ञानसहितं यज् ज्ञात्वा मोक्ष्यसे शुभात् ।१।

अनसूयवे ते इदं विज्ञानसहितं गुह्यतमं ज्ञानं प्रबक्ष्यामि यत् ज्ञात्वा अशुभात् मोक्ष्यसे ।

असूया (भनेकोमा दोषबुद्धि) नगर्ने तिमीलाई विज्ञान सहित सबैभन्दा गुह्य ज्ञान बताउनेछु, जे जानेर तिमी अशुभबाट मुक्त हुनेछौ । १ ।

राजविद्या राजगुह्यं पवित्र मिद मुत्तमम्
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तु मव्ययम् ।२।

इदं राजविद्या, राजगुह्यं, पवित्रम्, उत्तमम्, प्रत्यक्षावगमं, धर्म्यं, कर्तुं सुसुखम् अव्ययम् ।

यो ज्ञान राजविद्या (विद्यामा राजा) राज गुह्य (गुह्यको राजा) हो; पवित्र, उत्तम, प्रत्यक्ष थाहा हुने, धर्मानुकूल, गर्न सजिलो, अव्यय छ । २ ।

अश्रद् दधानाः पुरुषा धर्मस्यास्य परन्तप
अप्राप्य मां निवर्तन्ते मृत्यु संसार वर्त्मनि ।३।

परन्तप, अस्य धर्मस्य अश्रद्दधानाः पुरुषाः माम् अप्राप्य मृत्युसंसारवर्त्मनि निवर्तन्ते ।

हे शत्रुलाई पीडा दिने अर्जुन, यो धर्मको श्रद्धा नगर्ने पुरुषहरु मलाई नभेटीकन मृत्युयुक्त संसार मार्गमा फर्किरहन्छन् । ३ ।

मया तत मिदं सर्वं जगदव्यक्त मूर्तिना
मत्स्थानि सर्व भूतानि न चाहं तेष्ववस्थितः ।४।

इदं सर्वं जगत् अव्यक्त मूर्तिना मया ततम् । सर्वभूतानि, मत्स्थानि अहं तेषु न च अवस्थितः ।

यो सबै जगत् अव्यक्त मूर्ति मैलै व्याप्त छ । सबै भूत ममा छन् म तिनमा अडेको छैन ।४।

न च मत्स्थानि भूतानि पश्य मे योग मैश्वरम्
भूत भृन्न च भूतस्थो ममात्मा भूत भावनः ।५।

भूतानि मस्थानि न च, मे ऐश्वरं योगं पश्य भूत भावनः मम आत्मा भूतभृत् न च भूतस्थः ।

भूतहरु ममा रहेका छैनन् पनि । मेरो ईश्वरीय योग हेर, बुझ । भूतको अधिष्ठान भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो आत्मा भूतको भरण गर्ने भएर पनि भूतमा छैन । ५ ।

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान्
तथा सर्वाणि भूतानि मत्स्थानी त्युपधाहय ।६।

सर्वत्रगः महान् वायुः यथा नित्यम् आकाशस्थित सर्वाणि भूतानि तथा मत्स्थानि इति उपधारय ।

सर्वत्र जाने महान् वायु जसरी सँधै आकाशमा रहेको छ, सबै भूत त्यसै गरी ममा नै रहेका छन् भन्ने निश्चय गर ।

ब्रह्मविद्या सबै विद्याहरूको, सबै रहस्यहरूको राजा हो । यसको महिमा अरू सबै विद्याको भन्दा ठूलो छ, सर्वोपरि छ । यसमा कुनै प्रकारको अशुद्धि छैन, कुनै किसिमको त्रुटि छैन । परिपूर्णको यो विद्या स्वयं परिपूर्ण छ । आत्मा सँधै प्रत्यक्ष भएकोले र ब्रह्म आत्मा नै भएकोले ब्रह्म विद्या प्रत्यक्षमय छ । यसको फल प्रत्यक्ष छ, तुरुन्तै प्राप्त हुन्छ । यसको साधनामा, यसको प्राप्तिमा लाग्ने वित्तिकै नै शान्ति र आनन्द हुन थाल्छ । गुरुको, शास्त्रको वचन र आपनो अनुभवबाट ब्रह्म साक्षात्कार हुने वित्तिकै ब्रह्मभाव हुन्छ, जन्म मरण आदि सारा अनर्थ छुट्छन्, समस्त विक्षेप हराउँछन्, सारा संशय अज्ञान बिलाउँछन् । एक चोटि जानेपछि कहिल्यै पनि हराउँदैन; सदा शान्त, आनन्द, परिपूर्ण, परात्माको भाव भासित भै रहन्छ, प्रकाशित भइरहन्छ । आत्म साधना भएकोले, आत्म विद्या भएकोले यसको साधना सबभन्दा सजिलो छ ।

परब्रह्म मात्रै छ, परब्रह्मदेखि भिन्न छँदैछैन । ब्रह्मादेखि कीटपतङ्ग, झारपातसम्म जेजति देखिन्छन् । ती जम्मैको एकमात्र अधिष्ठान परब्रह्म परमात्मा नै हो; अधिष्ठानस्वरूप परब्रह्मको ज्ञान नहुँदा स्थूलसूक्ष्ममय द्वैतप्रपञ्च देखिएका हुन् । मानिसको बुद्धिमा केही न केही फुरिरहने हुन्छ, सत्य परमार्थ वस्तु परब्रह्मको ज्ञान भएन भने मिथ्या वस्तुको स्फुरण हुन्छ । डोरीको ज्ञान भएन भने सर्प, माला लट्ठी देखिन्छन् । जे देखिए पनि दृष्टि डोरीमा नै परिरहेको छ, डोरीमा नै देखिइरहेको छ । डोरीमा फुरेका सर्प, माला वा लट्ठी छँदैछैनन्; तिनको पृथक अस्तित्व छँदै छैन; सबैमा डोरीको सत्ता नै फुरेको छ । किनभने, डोरीदेखि बाहेक अरू वस्तु त्यहाँ छँदै छैनन् । डोरीको सत्ता नै सर्वत्र व्याप्त छ, देखिएका जति जम्मै डोरीमा नै छन् ।

ब्रह्म सर्वाधिष्ठान हो, अधिष्ठान स्वरूप परब्रह्मको ज्ञान म हुँदा ब्रह्मा आदि भूत देखिएका हुन् । अधिष्ठानस्वरूप ब्रह्मको सत्ता मात्र फुरेको छ । यसरी फुरेका वस्तुहरू 'विवर्त' मात्र हुन्, भान मात्र हुन् । अधिष्ठान बाहेक अर्को कुनै पनि वस्तु बनेकै छैन । विवर्त हुँदा, मिथ्या वस्तु फुर्दा अधिष्ठानवस्तु अव्यक्त हुन्छ तापनि अधिष्ठानवस्तुकै सत्ता विवर्तमा व्याप्त हुन्छ । फुरेका जति जम्मै ब्रह्मसत्तामा नै अडेका छन् । अरू वस्तु बन्दै नबनेकाले तिनमा ब्रह्म छँदै छैन । सबै भूत ममा छन् । तिनमा म छैन भनेको यही हो ।

भगवान् श्रीकृष्ण साक्षात् सच्चिदानन्दमय ब्रह्म होइबक्सिन्छ । उहाँकै सच्चिदानन्दमय भावले सम्पूर्ण जगत् व्याप्त छ । अधिष्ठानस्वरूप उहाँमा नै फुरेको हुनाले जम्मै भूत उहाँमा नै रहेका छन् । भूत मिथ्या भएकाले तिनमा सत्य अधिस्ठान ब्रह्ममय श्रीकृष्ण होइबक्सिन्न । समस्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूत भगवान्‌मा नै रहेका छन् भनेको पनि तो भूतहरू देखिइरहुन्जेलसम्मका लागि हो । भूत मिथ्या विवर्त भएको हुनाले अधिष्ठानस्वरूप श्रीकृष्णको सच्चिदानन्दमय परब्रह्मभावको ज्ञान हुने वित्तिकै हराइहाल्छन् । त्यसैले व्यवहारस्थितिमा जम्मै जगत् भगवान्‌ले व्याप्त छ; जम्मै भूतभौतिक द्वैत प्रपञ्च भगवत्सत्तामा अडेको छ; परमार्थ स्थितिमा द्वैत प्रपञ्च नरहने हुनाले भूतभौतिक प्रपञ्च भगवत्सत्तामा रहेका छैनन्, अर्थात् छँदै छैनन् । एकमात्र सच्चिदानन्दघन परब्रह्म परमात्म स्वरूप श्रीकृष्णको भगवद् भाव मात्रै छ । अब छोटकरीमा–

श्रीकृष्ण भगवान् सच्चिदानन्दमय परब्रह्म परमात्मा नै हुनुहुन्छ । जगत् छँदैछैन । उहाँको परमात्मभावको साक्षात्कार नहुँदा मिथ्या जगत् विवर्तरूपमा देखिएको हो । मिथ्या विवर्तरूप, सर्व भूत भगवान् ब्रह्ममा नै अडेका छन्, मिथ्या भूतमा भगवान् ब्रह्म अड्नु भएको हैन । भगवान्‌को ब्रह्मभावको साक्षात्कार भएपछि मिथ्या विवर्त, भूतभौतिक जम्मै हराउने हुनाले भूतभौतिक छँदै छैनन् । त्यसैले भूत भौतिक भगवान्‌मा अडेका पनि हैनन् ।

साँच्चि कुरा यही हो, यत्ति हो । कर्म, उपासना, ज्ञान जम्मैको उपदेश यही ब्रह्म विद्या बुझाउनको लागि, साधकमा यो ब्रह्मविद्या बुझ्ने, ग्रहण गर्ने योग्यता, अधिकार भर्नको लागि हो । चाँडो होस् वा ढीलो, एकै जन्ममा होस् वा अनेक जन्म लागोस्, ब्रह्मविद्या नै प्राप्त गर्ने उद्देश्य बनाउनुपर्छ । जेजस्तो साधना गर्दा पनि ब्रह्मविद्या प्राप्तिको मार्गमा नै अघि बढ्ने प्रयत्न गर्नुपर्छ । मनुष्यजीवनको सार्थकता, सफलता यसैमा छ । यो कुरा पत्याउनुपर्छ । यो कुरामा भित्रदेखि आदर गर्नुपर्छ, यसैमा उत्साह गर्नुपर्छ । श्रद्धा र विश्वास पक्का छ भने, दृढ भयो भने उपाय आफैं प्राप्त हुन्छ । भगवान्‌को कृपाबाट बाटो खुल्छ । परमार्थवस्तुको साक्षात्कार हुन्छ । हानिको, विनाशको, अनर्थको, जन्ममरण रूप संसार दुःखको कारण प्रथमतः अश्रद्धा हो, भगवान्‌का उपदेशमा अविश्वास हो; असूया हो, नभएको खोट देखाउनु, दोषदृष्टि गर्नु हो । त्यसैले भगवान्‌को उपदेशमा दोष दृष्टि गर्नु हुँदैन, श्रद्धा र विश्वास गर्नुपर्छ । मुक्तिको बाटो खुल्छ ।

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम्
कल्पक्षये पुन स्तानि कल्पादौ विसृजाम्यहम् ।७।

कौन्तेय, कल्पक्षये सर्व भूतानि मामिकां प्रकृतिं यान्ति । कल्पादौ पुनः तानि अहं विसृजामि ।

हे कुन्तीपुत्र, कल्प प्रलय हुँदा सबै भूत मेरो प्रकृतिमा (अपरा प्रकृतिमा) प्राप्त हुन्छन् । कल्पको आदिमा फेरि तिनलाई म सृष्टि गर्छु । ७ ।

प्रकृतिं स्वा मवष्टभ्य विसृजामि पुनः पुनः
भूतग्राममिमं कृत्स्न मवशं प्रकृतेर्वशात् ।८।

प्रकृतेः वशात् अवशम् इमं कृत्स्नं भूतग्रामं स्वां प्रकृतिम् अवष्टभ्य पुनः पुनः विसृजामि ।

प्रकृतिका बलबाट (अविद्यादि दोषबाट) पराधीन रहेको यो सम्पूर्ण भूत समुदायलाई आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृति मायालाई लिएर फेरिफेरि सृष्टि ररिरहन्छु । ८ ।

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय
उदासीनवदासीन मसक्तं तेषु कर्मसु ।९।

धनञ्जय, उदासीनवत् आसीन, तेषु कर्मसु असक्तं मां तानि कर्माणि न च निबध्नन्ति ।

हे धनञ्जय, उदासीन जस्तो भएर रहेको, ती कर्ममा लिप्त नभएको मलाई ती कर्मले बाँध्दैनन् । ९ ।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगड विपरिवर्तते ।१०।

मया अध्यक्षेण प्रकृतिः सचराचरं सूयते । अनेन हेतुना, कौन्तेय जगत् विपरिवर्तते ।

म अध्यक्ष भएको प्रकृतिबाट चराचर सहित जगत्को सृष्टि हुन्छ । यसै हेतुले, हे कुन्तीपुत्र, जगत्को परिणाम भइरहन्छ । १० ।

गाग्री भित्रको आकाश, गोल्फू भित्रको आकाश, भिउँट भित्रको आकाश फरक हैन, उही हो । गाग्री, गोल्फू, भिउँट नहुँदा आकाश मात्रै छ, यी सबै नष्ट हुँदा पनि आकाश मात्रै छ । त्यसै कारण यी गाग्रीहरु हुँदा पनि आकाश मात्रै हो । गाग्री, गोल्फू, भिउँट उपाधि हुन् । यिनको भेदले आकाशको भेद हुँदैन । त्यस्तै जीव, हिरण्यगर्भ, ईश्वर सबै परब्रह्म नै हुन् । उपाधि भेदले यिनमा भेद आउँदैन । चेतन परब्रह्म हो । चेतनका स्थावर जङ्गमजातका शरीर कल्पको आदिमा अपरा प्रकृतिबाट निस्कन्छन्, कल्पको अन्तमा प्रकृतिमा नै लीन हुन्छन् । समस्त जगत्को सृष्टिस्थितिलय-रूप कर्मको भगवान् परब्रह्ममा कुनै लेप हुँदैन, भगवान् गुणकर्मरहित हुनुहुन्छ । उहाँको सामीप्यमा चैतन्यसत्तामा प्रकृति नै सबै गर्ने गराउने बन्छ । संकल्पात्मक प्रकृतिबाट जगत् चक्र चलिरहन्छ, चेतनमा त्यसको लेप हुँदैन । त्यो प्रकृतिले सहित मान्दा भगवान्लाई जगत्को कारण मानिएको हो ।

अवजानन्ति मां मूढा मानुषीं तनु माश्रितम्
परं भाव मजानन्तो मम भूत महेश्वरम् ।११।

मम भूत महेश्वरं परं भावम् अजानन्तः मूढाः मां मानुषीं तनुम् आश्रितं अवजानन्ति ।

मेरो भूत महेश्वररूप परम भावलाई नजान्ने मूढहरु म परमात्मालाई मनुष्य शरीर लिएको भनी अपमान गर्छन् ।

मोघाशा मोघ कर्माणो मोघ ज्ञाना विचेतसः
राक्षसी मासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ।१२।

मोघाशाः, मोघकर्माणः, मोघज्ञानाः, विचेतसः मोहिनी राक्षसीम्, आसुरीं च एव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतिं श्रिताः ।

नचाहिंदो फोस्रो आशा गर्ने, खेर जाने कर्म गर्ने, नचाहिंदो ज्ञान भएका विवेकहीनहरू मोह गर्ने राक्षसी र असुरी प्रकृति स्वभाव भएको व्यवहार गर्छन् । १२ ।

समस्त भूतभौतिक बस्तुहरूको, ब्रह्मादेखि कीटपतङ्गसम्मका सम्पूर्ण प्राणीहरूको अधिष्ठान स्वरूप परमात्मा परमेश्वर उही हो । आकार प्रकार, रूप स्वरूपका भेदले शरीरका अनन्त भेद छन् । तो त्यस्ता भेदबाट नै अनन्त भूतभौतिक प्रपञ्च र अनेक प्राणीको भान भैरहेको छ । जे जतिको भान भए पनि, भासित फरक फरक भए पनि भान एकै हो, भान गर्ने चेतन उही हो, चैतन्य उही हो । भासित सबैमा उही भूतमहेश्वर परब्रह्मको परमभाव छ । यो भावनबुझ्दा मोह भैरहेको छ । त्यही मोहले गर्दा मनुष्यावतार धारी भगवान्को अपमान गर्छन् मूढहरू । श्रीकृष्ण साक्षात् परमात्मा होइबक्सिन्छ, मनुष्य हैन, मनुष्यरूपको लीला हो ।

त्यस्ता मूढहरूको बुद्धि नै बिग्रेको हुन्छ । तिनको प्रवृत्ति देहात्मवादी हुन्छ । तिनको त्यो त्यस्तो स्वभाव राक्षसको असुरको स्वभाव हो । राक्षसी तथा आसुरी स्वभाव लिनेहरुले जे गरे पनि काम लाग्दैन । खेर जाने वस्तुमा तिनको तृष्णा हुन्छ । तिनले गरेका लौकिक र वैदिक कर्म सबै निष्फल हुन्छन् । तिनले पढे गुनेको, जानै सुनेको पनि काम लाग्दैन । त्यसकारण, प्राणी मात्रमा स्वयं भगवान् नै परमात्मभावमा रहनुभएको छ भन्ने सम्झी कसैको पनि हेलाँ गर्नु हुँदैन । मनुष्यशरीरमा अवतरित हुनु भएका राम, कृष्ण, बुद्धि आदि भगवान्लाई अपमान गर्नु हुँदैन, भक्ति गर्नुपर्छ ।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृति माश्रिताः
भजन्त्यनन्य मनसो ज्ञात्वा भूतादि मव्ययम् ।१३।

पार्थ, महात्मानः तु दैवीं प्रकृतिम् आश्रिताः अव्ययम्, भूतादिं ज्ञात्वा अनन्य मनसः मां भजन्ति ।

हे अर्जुन, महात्माहरू चाहिं दैवी प्रकृति लिएका हुँदा अविकारी जगत् पितालाई बुझेर एक चित्त भई मलाई भन्छन् ।१३।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढ व्रताः
नमस्यन्तश्च मां भक्त्या नित्य युक्ता उपासते ।१४।

सततं मां कीर्तयन्तः, दृढ व्रताः यतन्तः च, मां भक्त्या नमस्यन्तः च नित्ययुक्ता उपासते ।

सँधै मेरो कीर्तन गर्दै, दृढ नियमी बनेर साधना गर्दै, मलाई भक्तिले ढोग्दै सँधै लागि पसेर उपासना गर्छन् ।१४।

ज्ञान यज्ञेन चाप्यन्ये यजन्तो मामुपासते
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतो मुखम् ।१५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानयज्ञेन च अपि अन्ये एकत्वेन, पृथक्त्वेन, बहुधा विश्वतोमुखं यजन्तः माम् उपासते ।

कोही परमात्मा मात्रै हो भन्ने ज्ञानयज्ञ रूपी एकत्वले, कोही, सूर्य चन्द्र आदि पृथक् रूपमा भगवान् रहेको छ भन्ने पृथकत्वले, कोही त्यही भगवान् धेरै रूप र किसिमले विश्वभरी छ भन्ने भावले मेरो उपासना गर्छन् ।

भगवान्को, परमात्माको उपासनाका किसिम धेरै छन् । उपासनाको उपदेश गर्ने शास्त्र र धर्म दर्शन थरी थरी छन् । योगदर्शनले समाधिबाट उपासनाको, उपनिषद्हरुले अभेदबुद्धिबाट उपासनाको, भक्तिशास्त्रले नवधा भक्तिबाट उपासनाको उपदेश गरेका छन् । साधकले आफापनो रूचि अनुसारको प्रकारबाट उपासना गरे हुन्छ । परम पुरुषार्थ मोक्ष नै हो । मोक्षको सन्निकट उपाय उपासना हो ।

उपासना भनेको आपनो इष्टदेवको सान्निध्यमा रहिरहनु हो । सान्निध्यमा रहिरहने भौतिक रूपले, भौतिक शरीरले हैन; ध्यानले, भक्तिले मान्छे जे सम्झन्छ, जे ध्याउँछ, त्यसैको सान्निध्यमा रहन्छ । जेको सान्निध्यमा रह्यो, चित्तले त्यही रूप लिन्छ, त्यही भाव बन्छ । जुन भाव दृढ भयो मान्छे त्यही भावमय हुन्छ । त्यसैले मनुष्यको व्यक्तित्व निर्माणमा उपासनाको, ध्यानभावनाको सर्वाधिक महत्त्व छ । भौतिक रूपमा, बाहिरका शरीरको आकार प्रकारमा मात्र मान्छे छैन । मान्छे त भित्र छ, भावमय शरीरमा छ, ध्यानमय व्यक्तित्वमा छ । नश्वर भावमय विनाशी वस्तुको चिन्तन ध्यान गर्ने मानिस ती वस्तुसँगै मर्छ । अभौतिक सनातन परमात्माको भावना गर्ने, चिन्तन ध्यान गर्ने मानिस सनातन परमात्मासँगै रहन्छ; अमृत बन्छ, मृत्युलाई जित्छ । अतः मानिसले भूतभौतिकको, भोग्यविषय तथा भोगसाधनको ध्याउन्ना गर्नु हुँदैन, उपासना गर्नु हुँदैन । परमात्माको उपासना गर्नुपर्छ ।

परमात्मा एक छ कोही यही एकत्वभावले उपासना गर्छन् । परमात्माले नै सूर्यचन्द्रादि अनेक पृथक पृथक रूप लिएको छ, कोही यही पृथक्त्वभावले पृथक् पृथक् देवी देवताको उपासना गर्छन् । कोही परमात्मा सबतिर मुख भएको विश्वमूर्ति सर्वस्वरूप छ भन्ने भावले अनेक प्रकारसँग अनेक मूर्ति भगवान्को उपासना गर्छन् ।

अहं क्रतु रहं यज्ञः स्वधा ह मह मौषधम् ।
मन्त्रो ह महमेवाज्य मह मग्नि रहं हुतम् ।१६।

अहं क्रतुः, अहं यज्ञः, स्वधा अहम्, अहम् औषधम्, अहं मन्त्रः, अहम् एव आज्यम्, अहं अग्निः अहं हुतम् ।

म क्रतु (देवताध्यान रूपी अन्तःकरणवृत्ति) हुँ, म यज्ञ, म स्वधा (पितृयज्ञको देवता) हुँ, म औषध (अन्न, चरु) हुँ, म मन्त्र, म घिउ, म अग्नि, म होम हुँ ।१६।

पिता ह मस्य जगतो माता धाता पितामहः ।
वेद्यं पवित्र मोङ्कार ऋक् साम यजु रेवच ।१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहम् अस्य जगतः पिता, माता, धाता, पितामहः, वेद्यं पवित्रम्, ओङ्कारः, ऋक्, साम, यजुः एव च ।

म यो जगत्को पिता, माता, धाता, र पितामह हुँ । जान्नुपर्ने कुरा, पवित्र, ओंकार, ऋग्वेद, सामवेद र युजुर्वेद म हुँ ।१७।

गतिर्भर्ता प्रभुः साक्षी, निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं, निधानं वीजमव्ययम् ।१८।

गतिः, भर्त्ता, प्रभुः, साक्षी, निवासः, शरणं, सुहृत्, प्रभवः, प्रलयः, स्थानं, निधानं वीजम् अव्ययम् ।

गति, पोषण गर्ने, स्वामी, साक्षी, वासस्थान आधार, दुःख हटाइदिने शरण, भलो चिताउने सुहृत्, सृष्टि स्थिति प्रलयको अधिष्ठान, निधि (जम्मा हुने स्थान), चलिरहने बीज म हुँ ।१८।

तपाम्यह महं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सद सच्चाह मर्जुन ।१९।

अहं तपामि, अहं वर्षं निगृह्णामि, उत्सृजामि च, अमृतं च एव मृत्युः च, सत्, असत् च अहम् अर्जुन ।

म ताप दिन्छु, म वर्षालाई रोक्छु (पानी खिच्छु), र छोड्छु; अमृत तथा मृत्यु म हुँ; सत् तथा असत् – कारण र कार्य म हुँ, हे अर्जुन ।१९।

परमप्रभु परमात्मा परमेश्वर नै जगत्मा जतातते हुनुहुन्छ, जे सुकै हुनुहुन्छ । जे देखे पनि, जे छोए पनि, जे सम्झे पनि वस्तु परमात्म भाव नै हो । जे को सत्ता पनि परमात्म सत्ता हो । परमात्माको मूर्ति अव्यक्त छ । अनेक मूर्तिमा, अनन्त स्वरूपमा परमात्म भाव प्रकट भएको छ । सारा जगत् परमात्माले व्याप्त छ । 'मया तत मिदं सर्वं जगब व्यक्त मूर्तिना' यही सत्यलाई कृष्ण परमात्मा परम प्रभुबाट स्पष्ट पारिरहिबक्सिएको छ । विश्वमूर्ति, विश्वरूप, सर्वस्वरूप परमात्मा-को नै अनेक साधन, साधना, विधि पद्धतिबाट उपासना चलिरहेको छ । यज्ञ, स्वधा, अन्न सबै परमात्मा नै हुन्, अर्थात् सबैमा परमात्म सत्ता व्याप्त छ । उपासनाका बाहिरी भौतिक तथा भित्री आध्यात्मिक जति साधन, साधना, विधि, पद्धति तथा प्रकारहरु छन्, जम्मै नै परमात्ममय हुन् । यो तत्त्व बुझ्नुपर्छ । अनेक प्रकारसँग विश्वतोमुख परमात्माको उपासना अविच्छिन्न रूपमा चलिरहन्छ ।

त्रैविद्या मां सोमपाः पूतपापा यज्ञै रिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते
ते पुण्यमासाद्य सुरेन्द्र लोक मश्नन्ति दिव्यान् दिवि देवभोगान् ।२०।

त्रैविद्याः, सोमपाः, पूतपापाः मां यज्ञैः इष्ट्वा स्वर्गतिं प्रार्थयन्ते, ते पुण्यं सुरेन्द्रलोकम् आसाद्य दिवि, दिव्यान् देव भोगान् अश्नन्ति ।२०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌ले भन्नुहुन्छ



अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding; MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीन वेद तथा उद्गाता, होता र अध्वर्यु कर्म जाञ्नेहरू, सोमयज्ञ गर्ने, पाप पखाल्ने कर्मिष्ठ-हरूले मलाई अग्निहोत्रादि यज्ञहरूबाट पूजा अर्चना गरेर स्वर्गपदको प्रार्थना गर्छन् । तिनीहरू पुण्यले पाइने देवताका राजा इन्द्रको लोकमा पुगेर स्वर्गमा स्वर्गीय देवभोगहरू भोग्छन् ।२०।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयीधर्म मनुप्रपन्ना गतागतं कामकामा लभन्ते ।२१।

ते तं विशालं स्वर्गलोकं भुक्त्वा पुण्ये क्षीणे मर्त्यलोकं विशन्ति । एवं त्रयीधर्मम् अनुप्रपन्नाः कामकामाः गतागतं लभन्ते ।

ती याज्ञिकहरू त्यो महान् स्वर्गलोकको भोग गरेर पुण्य सकिएपछि यही मृत्युलोकमा पस्छन् । यसरी वैदिक कर्मकाण्डको मात्र भर परेकाहरू, विषयभोगमा नै इच्छा राख्ने हुनाले आउनु जानुको भवचक्रमा परिरहन्छन् ।२१।

जताबाट जसरी जे लिए पनि वास्तव तत्त्व परमात्मभाव नै हो । कर्मकाण्डसम्बन्धी सबै साधन, विधि, साधक तथा वस्तु परमात्मभावदेखि भिन्न हुँदै हैनन् । समझको फेरले यो नबुझ्दा दुःख भएको छ, संसार बनेको छ । काम्य कर्ममा लागेका कर्मकाण्डीहरू वैदिक कर्म गरिरहेका हुन्छन्, अग्निहोत्र आदि यज्ञबाट म परमात्माकै आराधना गरिरहेका हुन्छन् । किनभने परमात्मा-देखि भिन्न, परमात्मभाव नभएको त केही पनि छैन । तर तिनीहरूले त्यो बुझेका छैनन्, स्वर्गपदको प्रार्थना गर्छन् । लौकिक पनि, वैदिक पनि भोग भनेको भोग हो । 'कामना राखे पछि अशुद्धि भइ-हाल्छ । विषयभोगका उपाय लौकिक भए पनि, वैदिक भए पनि, मृत्युलाई, विनाशलाई टार्न सक्तैनन् । थोरै कालको वा धेरै कालको जे जस्तो भए पनि भोग्यवस्तु र लोक स्थायी हुँदैनन् । नित्य हुँदैनन् । पुण्य सकिएपछि पुण्यफल पनि सकिन्छ । त्यसकारण, जहाँसम्म भोगेच्छा जाँदैन त्यहाँसम्म संसार छुट्दैन, मोक्ष मिल्दैन । स्वर्ग पाए पनि काम लाग्दैन, नाश हुन्छ, मर्त्यलोकमा नै फर्कनु-पर्छ । भोगेच्छा छोड्नुपर्छ, सर्वत्र परमात्मभावको दर्शन गर्नुपर्छ ।

अनन्या श्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ।२२।

अनन्याः चिन्तयन्तः मां येजनाः पर्युपासते नित्याभियुक्तानां तेषाम् अहं योगक्षेमं वहामि ।

अन्त नलागीकन चिन्तनमनन गर्दै मेरो जुन जनहरू सबैतिरबाट उपासना गर्छन् सर्वतो-भावले लागिरहने तिनीहरूको योग क्षेमको जिम्मा म लिन्छु ।

परमप्रभु परमेश्वरमा सदा चित्त लगाएर उपासना गर्नेहरूको जिम्मा उनै परम प्रभु भगवान्-ले नै लिनुहुन्छ । भगवान्का उपासकलाई के छैन, के चाहिन्छ, भगवान्ले नै सबै जुटाइदिनुहुन्छ । तिनर्सग के छ त्यसको रक्षा पनि भगवान्ले नै गर्नु हुन्छ । भगवद्भक्तको आवश्यकता पूरा गरि दिने चिन्ता भक्तले लिनु पर्दैन, भगवान्ले नै मिलाइ दिनुहुन्छ । जोबले पूर्ण विश्वास गर्न सक्तैन; आफैं अधि सर्छ । विषयप्राप्तिको प्रयत्नमा समय गैहाल्छ; भजन हुन, उपासना चल्न पाउँदैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बन्धन झनझन मस्किन्छ । दुःख सागरमा डुब्नु र उत्रनु परिरहन्छ । सर्वेश्वर, सर्वस्वरूप जगत्पालक परमप्रभु परमेश्वरमा पूर्ण विश्वास गरेर विषय चिन्तनमा नलागेर भगवदुपासनामा लाग्न सक्यो भने भजन, उपासना चल्छ । जुटाउने र जोगाउने भारा भगवान्ले नै बोक्नुभइहाल्छ; बन्धन झनझन खुस्किन्छ, दुःखसागरमा डुब्नु र उत्रनु रूपी भवसागरमा पर्नुपर्दैन । बिषयचिन्तन गर्दा गुम्छ मात्रै, हानि मात्रै हुन्छ । भगवच्चिन्तन गर्दा केही पनि गुम्दैन, लाभ मात्रै हुन्छ "योगक्षेमं बहाम्यहम् ।"

ये प्यन्य देवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
ते पि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ।२३।

ये अपि अन्यदेवता भक्ताः श्रध्दया अन्विताः यजन्ते ते अपि, कौन्तेय, माम् एव अविधि पूर्वकम् यजन्ति ।

जो उपासकहरू अन्य देवताको भक्ति गरेर श्रद्धाले युक्त भई याग गर्छन्, पूजा गर्छन्, तिनले पनि, हे कौन्तेय, मलाई नै अविधिपूर्वक पुजेका हुन्छन् ।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभु रेव च ।
न तु मा मभिजानन्ति तत्त्वेना तश्च्यवन्ति ते ।२४।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुः एव च । तु माम् तत्त्वेन न अभि जानन्ति अतः ते च्यवन्ति ।

म नै सबै यज्ञयाग पूजाआजाहरूको भोक्ता र स्वामी हुँ । तर तिनले मलाई जस्ताको तस्तो चिनेनन् त्यसैले चुकेका छन् ।२४।

यान्ति देवव्रता देवान् पितृन् यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनो पि माम् ।२५।

देवव्रताः देवान् यान्ति, पितृव्रताः पितृन् यान्ति, भूतेज्या भूतानि यान्ति, मद् याजिनः अपि मां यान्ति ।

देवतामा लागेका भक्तहरुले देवतालाई पाउँछन् । पितृमा लागेकाहरुले पितृलाई पाउँछन् । भूतको पूजा गर्नेहरु भूतमा नै पुग्छन्, मेरा पूजकहरु ममा नै पुग्छन् ।२५।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृत मश्नामि प्रयतात्मनः ।२६।

पत्रं, पुष्पं, फलं, तोयं यः मे भक्त्या प्रयच्छति प्रयतात्मनः भक्त्युपहृतं तत् अहम् अश्नामि ।

पात, फूल, फल, जल जसले मलाई भक्तिसंग जे चढाउँछ, चित्त पवित्र भएकाले भक्तिसँग चढाएको त्यो वस्तु म ग्रहण गर्छु ।२६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ।२७।

यत् करोषि, यत् अश्नासि, यत् जुहोषि, यत् ददासि, यत् तपस्यासि तत् मदर्पणं कुरुष्व ।

जे गर्छौ, जे भोग्छौ, जे होम्छौ, जे दान गर्छौ, जे तपस्या गर्छौ, हे अर्जुन, त्यो ममा अर्पण गर ।२७।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोग युक्तात्मा विमुक्तो मा मुपैष्यसि ।२८।

एवं शुभाशुभफलैः कर्मबन्धनैः मोक्ष्यसे । संन्यास योग युक्तात्मा विमुक्तः माम् उपैष्यसि ।

यसो भए शुभ र अशुभ फल (धर्म अधर्म पुण्य पाप) रूपी कर्म वासनामय बन्धनबाट मुक्त हुनेछौ । संन्यासयोगले युक्त अन्तःकरणवाला तिमी विमुक्त भएर ममा नै पुग्नेछौ ।२८।

भगवान् सर्वस्वरूप होइबक्सिन्छ । सूर्य, चन्द्र, इन्द्र आदि देवताहरू पनि उहाँकै विभूति हुन् । समस्त यज्ञको देवता रूपले ग्रहण गर्ने भगवान् नै होइबक्सिन्छ । यज्ञ गर्ने, यज्ञका द्रव्य, यज्ञ जम्मै जम्मैको अधिपति श्रीकृष्ण परमात्मा नै होइबक्सिन्छ । मानिसलाई कर्म अनुसार फलको व्यवस्था परम प्रभुबाट नै हुन्छ । यो तथ्य यथार्थ रूपमा नबुझ्नु नै मानिसको भूल हो, चूक हो । भगवान्को यो वास्तव थिति नबुझेर भेद भावनाबाट गरेका पूजा आराधना विधि नपुगेका, अज्ञान युक्त हुन् । उसैका वस्तु उसैको आफू, घुमी फिरी उसैकहाँ पुग्छ; तर उसलाई भुलेर, उसलाई पन्छाएर, उसदेखि भिन्नको कल्पना गरेर, हुँदै नभएको भेद खडा गरेर यज्ञयाग गर्नु कस्तो अज्ञान । परमात्माको आराधनाको निम्ति न बढी खर्च लाग्छ, न बढी दुःख कष्ट हुन्छ । इन्द्रिय मनलाई संयम गरेर भक्ति गरे हुन्छ, शुद्धभावले प्रेम गर्नुपर्छ । पात चढाए पनि हुन्छ, फूल चढाए पनि, फल चढाए पनि, जल चढाए पनि हुन्छ, वस्तु खोज्नु पर्दैन । कर्म, उपकर्मको, लछारो पनि छैन । आफूले संधै गर्ने शुद्ध व्यवहार जम्मै, प्राणधारणका कर्म जम्मै – जो स्वतः चलिरहेका छन् – चढाइदिए हुन्छ, अर्पिदिए हुन्छ । कस्तो सजिलो ! कस्तो दयालु ! उहाँमा नै लागौं, उहाँकै शरण पारौं जय भगवान् ।

समो हं सर्वभूतेषु न मे द्वेष्योस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ।२९।

अहं सर्व भूतेषु समः मे द्वेष्यः न अस्ति, प्रियः न अस्ति । ये तु मां भक्त्या भजन्ति मयि ते तेषुच अपि अहम् ।

म सारा प्राणीमा सम छु, मेरो द्वेष्य छैन, प्रिय छैन । जसले भक्तिसँग मेरो भजन (सेवन) गर्छन् ती ममा छन्, तिनमा पनि म छु ।२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपिचेत् सुदुराचारो भजते मा मनन्यभाक्
साधुरेव स मन्तव्यः सम्यग् व्यवसितो हि सः ।३०।

सुदुराचारः अपि अनन्यभाक् मां भजते चेत् सः साधुः एव मन्तव्यः हि सः सम्यक् व्यवसितः ।

अति दुराचारी व्यक्ति पनि अन्त नलागीकन मेरो भक्ति गऱ्यो भने त्यसलाई साधु नै मान्नुपर्छ । किनभने, त्यसले असल काममा ठीक निश्चयसँग लागेको छ ।३०।

क्षिप्रं भवति धर्मात्मा शश्वच् छान्ति निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ।३१।

क्षिप्रं धर्मात्मा भवति, शश्वत् शान्ति निगच्छति । कौन्तेय, प्रतिजानीहि मे भक्तः न प्रणश्यति ।

त्यो छिटै धर्मात्मा हुन्छ, निरन्तर शान्ति पाउँछ । हे कुन्तीपुत्र, पक्का पत्यार गर, मेरो भक्ति गर्ने पुरुष कहिल्यै बिग्रन्न ।३१।

परम प्रभु भगवान् सबैमा सम होइबक्सिन्छ । करुणापारावार, दयानिधान भगवान् पूर्ण आनन्दमय होइबक्सिन्छ, पूर्ण प्रेममय होइबक्सिन्छ । उहाँको आनन्द उहाँको प्रेम सबैमा समभावले वर्षिरहेको छ । ग्रहण गर्ने योग्यता चाहिन्छ, अनुभव गर्ने विशेषता चाहिन्छ, आत्मसात् गर्ने शक्ति चाहिन्छ । त्यो योग्यता, त्यो विशेषता, त्यो शक्ति भक्तिले भर्छ; निष्काम, निश्छल भक्तिबाट प्राप्त हुन्छ । पहिले के के गऱ्यो, त्यसको भन्दा अब के गर्दैछ यसैको हिसाब किताब हुन्छ भक्तिको जगत्मा । धेरै धेरै दुराचार गरिसकेको भए पनि अब राम्ररी भगवान्को भक्ति गर्ने दृढ निश्चय भयो भने, अन्त कतै मन नदिईकन परमप्रभु, सर्वकारणकारण, जगत् पिताको भक्ति गर्न थालियो भने कुबाटो छुट्यो, सुबाटो लाग्यो । मानिस धर्मात्मा बन्छ । पापवासनाहरू उठ्दैनन् । बराबर शान्ति प्राप्त हुन्छ । मूल कुरो, परमेश्वरको भक्ति जरूरी पनि गर्नुपर्छ, बिगार हुँदै हुँदैन, पक्का छ । भक्ति गऱ्यो, सप्रियो । धन्य प्रभु, धन्य दयालु ।

मां हि पार्थ व्यपाश्रित्य येपि स्युः पापयोनयः ।
स्त्रियो वैश्या स्तथा शूद्रा स्तेपि यान्ति परां गतिम् ।३२।

हि मां व्यपाश्रित्य, पार्थ, ये अपि पापयोनयः स्युः स्त्रियः, वैश्याः तथा शूद्राः ते अपि परां गतिं यान्ति ।

निश्चय नै मेरो आड भरोस गरेपछि, हे अर्जुन, नराम्रो कुलमा जन्मेका भए पनि, स्त्री, वैश्य र शूद्रहरूले पनि परम गति प्राप्त गर्छन् ।३२।

किं पुन र्ब्राह्मणाः पुण्या भक्ता राजर्षय स्तथा ।
अनित्य मसुखं लोक मिमं प्राप्य भजस्व माम् ।३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुण्याः ब्राह्मणाः, तथा भक्ताः राजर्षयः किं पुनः । अनित्यम्, असुखम्, इमं लोकं प्राप्य मां भजस्व ।

पुण्य कुलमा जन्मेका ब्राह्मणहरु तथा राजर्षि भक्तहरुले त फेरि किन नपाउलान् ! अनित्य, सुख नभएको यो लोकमा आएपछि मेरो भक्ति गर ।३३।

भक्तिसाधनामा जातपातको, ऊँचनीचको, स्त्रीपुरुषको भेद छैन । भक्ति सबैले गर्नुपर्छ, गर्नुहुन्छ । यो संसार अनित्य छ, यहाँका सारा बस्तु अनित्य छन् । भोग, भोगसाधन जम्मै नश्वर छन् । आज, अहिले छ, भोलि भरे नहुन सक्छ । आज, अहिले रमाइलो छ; भोलि, भरे नरमाइलो भैहाल्छ । सुख ठान्यो, दुःखै हुन्छ । भोगविषय र भोगसाधनमा सुख छैंदैछैन । सुख छ भन्ने ठानेको भ्रम मात्रै हो । यो मनुष्यलोकमा जन्म भएको दुःख हटाउनको लागि हो, मृत्यु जित्नको लागि हो, भोग गर्नको लागि मात्र हैन । यो लोकमा बाहिर दुःख मात्रै छ, मृत्यु मात्रै छ । बाहिर खोजिरहने हो भने दुःख मात्रै भेटिन्छ, मृत्यु मात्रै हुन्छ; दुःख माथि दुःख थपिन्छ, मृत्यु पछि मृत्यु हुन्छ । बाहिरका वस्तु बाहिरै छोडिदिएर भित्र पस्नुपर्छ । बाहिरकोमा, नश्वरमा, दुःखमयमा, विराग र भित्रकोमा, अभौतिकमा, अनश्वरमा, आनन्दमयमा, भगवान्मा अनुराग हुनुपर्छ । भगवद् भक्तिले दुःख छुट्छन्, मृत्यु नष्ट हुन्छ । अरू देवादिलोकमा भक्ति साधना चल्दैन, भक्ति साधना गर्ने यही मनुष्यलोकमा हो । यो मनुष्यलोक पाउनु भाग्य हो । यो भाग्यको सफलता र सार्थकता भगवद्भक्तिमा छ । मान्छे भयौ, भगवान्को भक्ति गर । म फलानो जातको, भक्ति गर्नु हुने हो कि नहुने हो, विकल्प नगर । भक्ति जसले पनि गर्नु हुन्छ, गर्नुपर्छ । धन हुनु नहुनुको पनि यसमा मतलब छैन । यज्ञ याग, दान महादान, आदि कर्म गर्न धन वैभव चाहिएला । कर्मकाण्डमा वस्तुको आवश्यकता पर्ला । भगवद् भक्तिमा भाव चाहिन्छ, समर्पण चाहिन्छ । भगवान्को भजन गर, कति महान् उपदेश, कति दयामय आदेश ,भजस्व माम्' ।

मन्मना भव मद्भक्तो मद् याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैव मात्मानं मत्परायणः ।३४।

मन्मनाः भव यद्भक्तः मद् याजी मां नमस्कुरु एवम् आत्मानं युक्त्वा मत्परायणः माम् एव एष्यसि ।

ममा मन लगाउने बन । मेरो भक्ति गर्ने, मेरो पूजा आराधना गर्ने, र मलाई नै नमस्कार गर्ने बन । यसरी ममा आत्मालाई लगाएर मेरै शरण पर्ने तिमी मलाई नै प्राप्त गर्नेछौ ।३४।

जे जे गरिन्छ, जे जे हुन्छ त्यो त्यो जम्मै भगवान्मा लगाइदिनुपर्छ । शरीरले, मनले, वचनले जे जे हुन्छन् ती जम्मै भगवान्कै निमित्त भन्ने सम्झनुपर्छ । यो संसारमा आएर जे जति पाइएको छ त्यो जम्मै भगवान्को हो, भगवत्कृपाबाटै प्राप्त भएको हो । परम प्रभुबाटै पाइएका, परम प्रभुबाटै भएका शरीर इन्द्रिय मन बुद्धि र तिनका क्रिया प्रतिक्रियाहरु जम्मै परम प्रभुमा नै सुम्पिदिनुपर्छ, चढाइदिनुपर्छ । पूर्ण भगवत्परायण बन्नुपर्छ । सर्वोपाधिविवर्जित, नित्य शुद्ध बुद्ध परमात्माको भक्तिले आत्मा सर्वोपाधिविवर्जित नित्य शुद्ध बुद्ध मुक्त परमात्मस्वरूप नै बन्छ । 'त्वं' र 'तत्' 'अहं' र 'ब्रह्म' यौटै हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जीवात्मा र परमात्मा यौटै हो, ब्रह्म हो। अज्ञान दशामा जीवात्मा अविद्योपाधि युक्त हुँदा 'अल्पज्ञ' र ईश्वर मायोपाधि सहित हुँदा सर्वज्ञ मानिएको हो। सामान्यतः 'त्वं' पदले 'अहं' पदले अविद्योपाधिक अल्पज्ञ आत्मालाई र 'तत्' पदले, 'ब्रह्म' पदले मायोपाधिक सर्वज्ञ आत्मालाई बुझाउँछन्। यिनलाई 'त्वं'पद वाच्यार्थ र तत्पद वाच्यार्थ भन्छन्। 'त्वं' 'तत्' नै हो, 'अहं' 'ब्रह्म' नै हो भन्ने सत्यको सम्पूर्ण शास्त्रले स्पष्ट घोषणा गरेका छन्। अतः अविद्योपाधि पनि, मायोपाधि पनि मिथ्या हुन्, 'अल्प' र 'सर्व' कल्पित हुन्। दुवै 'ज्ञ' मात्रै हुन्। तसर्थ, 'त्वं' पदको र 'तत्' पदको वाच्यार्थमा रहेको 'अल्प' भन्ने र 'सर्व' भन्ने भागलाई त्यागेर दुवै पदको लक्ष्य अर्थ 'ज्ञ' मात्रै लिनुपर्छ। 'ज्ञ' को चेतनको एकत्व, अभेद, अद्वैत स्वसिद्ध छ। अपरा भक्ति पूर्वक सम्पन्न परा भक्तिले आत्मैकत्वको, ब्रह्मात्मैकत्वको बोध हुन्छ।

श्रीमद्भगवद् गीतालाई काण्डत्रयात्मक माने जस्तै भाग द्वयात्मक मान्न पनि सकिन्छ। नौ अध्यायसम्मको भाग पूर्वार्ध्द हो, दशदेखि अट्ठाह्र अध्यायसम्मको भाग उत्तरार्ध्द हो। पूर्वार्ध्दको उपसंहार पनि उत्तरार्ध्दको उपसंहार पनि यही "मन्मना भव ..." भन्ने मन्त्रबाट भएको छ। यो मन्त्र गीताको महामन्त्र हो। यसरी विचार गर्दा भक्तिलाई कर्मबाट र ज्ञानबाट छुट्याउन नमिल्ने देखिन्छ। कर्ममा भक्ति चाहिन्छ। ज्ञानमा पनि भक्ति चाहिन्छ। कर्म भक्ति युक्त हुनुपर्छ। कर्मबाट भक्ति प्राप्त हुन्छ। भक्तिबाट ज्ञान प्राप्त हुन्छ। ज्ञान प्राप्त गर्नमा भक्ति साधन हुन्छ, ज्ञान प्राप्त भए पछि भक्ति बानी हुन्छ।

ॐ तत् सत् इति श्रीमद्भगवद् गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योग शास्त्रे श्रीकृष्णार्जुन संवादे राजविद्या राजगुह्ययोगो नाम नवमः अध्यायः।

ॐ तत् सत् राजविद्याराज गुह्ययोग नामको नवौं अध्याय समाप्त भो।

सम्पूर्ण उपासनाको, समस्त विद्याको पर्यवसान तत्त्वज्ञानमा हुन्छ, ब्रह्मविद्यामा हुन्छ। तसर्थ ब्रह्मविद्या विद्याहरुमा राजा हो; गुह्यहरुमा, उपासनाहरुमा, योगहरुमा राजा हो। यो नवौं अध्यायमा भगवान्बाट त्यही ब्रह्मविद्याको उपदेश भएको हुनाले यसको नाम राजविद्याराजगुह्य योग भन्ने रहेको छ। ब्रह्मको लक्षण दुइ किसिमले गरिन्छ– (१) जगत्को सृष्टिस्थितिलय जसबाट हुन्छ त्यो ब्रह्म हो; (२) सन्मात्र, ज्ञानघन, आनन्दघन अद्वैत तत्त्व ब्रह्म हो। पहिलो किसिमको लक्षणलाई तटस्थ लक्षण भन्छन्; दोस्रो किसिमको लक्षणलाई स्वरूप लक्षण भन्छन्। जगत्को सृष्टिस्थितिलय ब्रह्मबाट हुने हो, तापनि जगत्को सृष्टिस्थितिलयसँग ब्रह्मको साक्षात् सम्बन्ध छैन, त्यसैले तटस्थ हो। सृष्टिस्थितिलयसँग प्रत्यक्ष सम्बन्ध उपाधि मायासँग छ। यो माया उपाधि भएको ब्रह्म ईश्वर हो; 'तत्त्वमसि' महावाक्यमा तत् पदको वाच्यअर्थ हो। अब यो नवौं अध्यायमा त्यही ईश्वर तत्त्वको, सन्मात्र, चिद्घन, आनन्दघन ब्रह्मको विषयमा उपदेश भएको छ। स्वरूपलाई जान्नुपर्छ, बुझ्नुपर्छ, साक्षात्कार गर्नुपर्छ। त्यसकारण सच्चिदानन्दघन ईश्वर ब्रह्मलाई उपासना गरेर आत्म पुग्दैन, अनुभवमा चढाउनु पर्ने हुन्छ। तसर्थ यसलाई 'ज्ञेय ब्रह्म' भन्ने चलन छ। तटस्थ लक्षणवाला तत्पद वाच्यार्थ ब्रह्म प्रधानतया ध्येय, उपासनीय हुन्छ; स्वरूप लक्षणवाला ब्रह्म प्रधानतया ज्ञेय, अनुभवनीय हुन्छ। यही ज्ञेयब्रह्म विद्या नवौं अध्यायको मुख्य विषय भएकोले यसलाई राजविद्या राजगुह्ययोग भनिएको हो। 卐

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ दशमः अध्यायः– विभूति योगः ।

श्री भगवानुवाच – श्रीकृष्ण भगवान्‌बाट हुकुम हुन्छ ।

भूय एव महाबाहो शृणु मे परमं वचः ।
यत् ते हं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ।१।

भूयः एव, महाबाहो, मे परमं वचः शृणु । यत् प्रीयमाणाय ते हितकाम्यया अहं वक्ष्यामि ।

फेरि पनि, हे महाबाहु, मेरो महत्वपूर्ण कुरा सुन । जुन कुरा प्रेम गर्ने तिमीलाई हितको इच्छा राखेर म बताउनेछु ।१।

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादि हि देवानां महर्षीणां च सर्वशः ।२।

मे प्रभवं सुरगणाः महर्षयः न विदुः हि अहम् देवानां महर्षीणां च सर्वशः आदिः ।

मेरो प्रभाव र आविर्भावलाई देवगणले र महर्षिहरुले पनि जान्दैनन् । किनभने म देवताहरुको र महर्षिहरुको पनि सबै प्रकार कारण हुँ, ज्येष्ठ हुँ ।२।

भगवान् सबैको आदिपुरुष, आदि कारण अनादि हुनुहुन्छ । ज्ञान, ऐश्वर्य, शक्ति सबै कुराबाट भगवान् नै श्रेष्ठ र ज्येष्ठ हुनुहुन्छ । देवता ऋषि मुनिहरु पनि भगवान्‌बाटै जन्मेका हुन् । पछि जन्मनेले अघि हुनेको आविर्भाव र प्रभाव जान्न सकेको हुँदैन । कारणले कार्यको इदमित्थ गरेको हुन्छ, कार्यले कारणको इदमित्थ गर्ने संभावना नै छैन । देवताहरुले ऋषिमुनिहरुले जे जानेका छन्, त्यो भगवत्कृपाको नै परिणाम हो ।

यो मा मज मनादिं च वेत्ति लोक महेश्वरम् ।
असंमूढः स मर्त्येषु सर्व पापैः प्रमुच्यते ।३।

यः माम् अजम्, अनादिं च लोक महेश्वरं वेत्ति सः मर्त्येषु असंमूढः सर्वपापैः प्रमुच्यते ।

जसले मलाई नजन्मने, कुनै कारण नभएको, समस्त लोकको महेश्वर परमात्मा भन्ने जान्दछ त्यो मनुष्यमा मोहरहित हो र सबै पापबाट मुक्त छ ।३।

बुद्धिर्ज्ञान मसंमोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवो भावो भयं चाभय मेव च ।४।

बुद्धिः, ज्ञानम्, असंमोहः, क्षमा, सत्यं, दमः, शमः, सुखं, दुःखं, भवः अभावः, भयंच अभयम् एव च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुझने शक्ति, ज्ञान (आत्मा आदिको), मोह नहुनु (विवेक), क्षमा (अपकारलाई सहन शक्ति), सत्य, इन्द्रिय संयम, चित्त संयम, सुख, दुःख, उत्पत्ति अभाव नाम भय, अभय पनि ।४।

अहिंसा समता तुष्टि स्तपो दानं यशो यशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग् विधाः ।५।

अहिंसा, समता, तुष्टिः, तपः दानं, यशः, अयशः, (इति) भूतानां पृथग् विधाः भावाः मत्तः एव भवन्ति ।

अहिंसा (प्राणीलाई पीडा नगर्नु), समभाव, सन्तोष, तपस्या (दुःख सहने शक्ति), दान, जस, अपजस, यस्ता प्राणीका भिन्नभिन्न प्रकारका भावहरु मबाट नै हुन्छन् ।५। उत्तम गुण प्राप्तिका लागि भगवान्‌कै शरण परेर भजन गर्नुपर्छ ।

महर्षयः सप्त पूर्वे चत्वारो मनव स्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ।६।

सप्त, चत्वारः, पूर्वे महर्षयः तथा मनवः मद्भावाः मानसाः जाताः येषां लोक इमाः प्रजाः ।

भृगु आदि सात, सनक आदि चार पहिला महर्षिहरु त्यस्तै स्वायम्भुव आदि चौध मनु मेरो भावना गर्छन् । मनबाट जन्मेका हुन्, जसको यो लोक र यो दुनियां सन्तति हो ।

आदिकारण, आदिपुरुष भगवान् नै हुनुहुन्छ । सबै व्यक्ति, सबै भाव भगवान्‌बाटै भएका हुन् । भगवान्‌को भावबाट, संकल्पबाट हिरण्यगर्भ ब्रह्मा प्रजापतिको प्रादुर्भाव भयो । हिरण्यगर्भको संकल्पबाट मानस सृष्टि भृगु, बसिष्ठ, क्रतु, मरीचि, अत्रि, पुलस्त्य, पुलह सात तथा ब्रह्म पहिलो सनक, सनन्दन, सनातन, सनत्कुमार चार महर्षिहरु प्रकट हुनु भो । त्यसपछि त्यसैगरी चौध मनुको प्रादुर्भाव भो । सनकादिहरले गृहस्थी नै गर्नुभएन, निवृत्ति प्रधान संन्यास मार्ग, श्रमण मार्ग चलाउनु भो । अरूबाट सन्तान जन्मे, प्रवृत्ति प्रधान मार्ग चल्यो । यो लोक र यो दुनियाँ तिनैको हो । तो सप्त ऋषि, चार ऋषि, चौध मनु प्रभुकै भावनाबाट भावित छन्, प्रभुकै सदा उपासना गर्छन् । यसरी उपासनाबाटै सृष्टि चलेको हो र अडेको छ । त्यसैले उपासनाको लोकमा अतिशय महिमा छ । निवृत्ति प्रधान तथा प्रवृत्ति प्रधान मार्गमा उत्तिकै प्राधान्य छ । जुन मार्गमा पनि उपासना प्रथम तथा चरम कर्तव्य हो । भगवत्तत्व विश्वतो मुख छ, विश्वरूप छ । भगवद्भाव गर्नुपर्छ, एकत्वबाट उपासना गरे पनि हुन्छ, पृथक्त्वबाट उपासना गरे पनि हुन्छ । पृथक्त्वबाट उपासना गर्दा सारा पृथक्‌लाई भगवान्‌कै विभूति सम्झनुपर्छ, धारणाध्यानलाई तीव्र पार्नको लागि पृथक वर्ग वर्गमा, पृथक् सर्ग सर्गमा श्रेष्ठ श्रेष्ठलाई लिनुपर्छ । यही सत्य विभूतियोगको मूल मर्म हो ।

एतां विभूतिं, योगं च मम यो वेत्ति तत्त्वतः ।
सो विकम्पेन योगेन युज्यते नात्र संशयः ।७।

एतां मम विभूतिं, योगं च यः तत्त्वतः वेत्ति सः अविकम्पेन योगेन युज्यते अत्र न संशयः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो मेरो विभूतिलाई र योगलाई जसले राम्ररी यथार्थ संग बुझ्दछ त्यो अचल उपासना रूपी योगले युक्त हुन्छ यस कुरामा शङ्का छैन ।७।

हिरण्यगर्भका क्रमले यो सारा जगत्को विस्तार भएको हो । यो विस्तार यो नानाविध सृष्टि जम्मै भगवान् परमेश्वरको विभूति हो, महिमा हो, चमत्कार हो । यो बुझ्नु विभूति बुझ्नु हो । भगवान् सर्बसमर्थ हुनुहुन्छ, पूर्ण ज्ञानक्रियाशक्तिसम्पन्न हुनुहुन्छ, योगेश्वरेश्वर, महायोगेश्वरेश्वर हुनुहुन्छ । जजसमा जे भाव, ऐश्वर्य, सामर्थ्य, ज्ञान तथा यसका विपरीत कुराहरु छन् जम्मै भगवान्बाटै चलेका छन्, प्रवृत्त छन्, सर्वत्र भगवान्कै योग छ, भगवान मात्रै हो । यो बुझ्नु योग बुझ्नु हो । यसरी जसले विभूतिको र योगको यथार्थ ज्ञान गर्छ त्यसले उपासनाको, योगको सिद्धि प्राप्त गर्छ । योग, उपासना कर्मिष्ठको निम्ति पनि, भक्तको निम्ति पनि, ज्ञानीको निम्ति पनि अत्यन्त आवश्यक हो ।

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भाव समन्विताः ।८।

अहं सर्वस्य प्रभवः, मत्तः सर्वं प्रवर्तते इति मत्वा बुधाः भावसमन्विताः मां भजन्ते ।

म नै सबैको सृष्टिकर्ता हुँ, मबाट नै सबै चलेको छ भन्ने बुझेर विद्वान्हरुले भावयुक्त भएर म परमात्माको भजन (उपासना) गर्छन् ।

समस्त जगत् परमात्माबाटै भएको हो । समस्त क्रिया भगवान् परमात्माबाटै चलेको छ । नामरूपात्मक नानाविध जगत् प्रकट हुनु भगवान् परमात्माको विभूति हो । स्थिति, नाश, कर्म, कर्मफल, कर्मफलोपभोग चलिरहेको भगवान् परमात्माको योगबाट हो ।

यो जगत् परमात्माबाटै भएको हो, समस्त प्रवृत्ति परमात्माबाटै भएको छ भन्ने पक्का बुझ्नेहरु आफैंमा भावमग्न हुन्छन् र परमात्मोपासनामा तल्लीन बन्छन् ।८।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ।९।

मच्चित्ताः मद्गतप्राणाः परस्परं मां बोधयन्तः कथयन्तः च तुष्यन्ति च रमन्ति च ।

ममा चित्त लगाएका, ममा जीवन लगाएका उपासकहरु परस्पर मेरो (परमात्माको) बोध गराउँदै र कुरा गर्दै खुशी रहन्छन्, रमाइरहन्छन् ।

तेषां सतत युक्तानां भजतां प्रीति पूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मा मुपयान्ति ते ।१०।

सतत युक्तानां प्रीति पूर्वकं भजतां तेषां तं बुध्दियोगं ददामि येन ते माम् उपयान्ति ।

नित्य लागिरहने, निष्काम बनेर प्रेमपूर्वक भजिरहने तिनलाई म त्यो बुद्धियोग (परमात्म तत्त्व बुझ्ने योग, समाधिनिष्ठा) दिन्छु जसबाट तिनीहरु परमात्मालाई आत्मरूपले प्राप्त गर्छन् । १० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेषा मेवानुकम्पार्थ महमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ।११।

तेषाम् एव अनुकम्पार्थम् अहम् आत्मभावस्थः भास्वता ज्ञानदीपेन अज्ञानजं तमः नाशयामि ।

तिनैमाथिको दयाको लागि अन्तर्यामी रूपमा आत्म रूपले रहेको म प्रोज्ज्वल ज्ञानदीपले अविवेक जन्य अन्धकार नास्छु । ११ ।

भक्ति, जसको अर्को नाम उपासना हो साधना मार्गीको जीवनमा सिद्धि प्राप्त गराउनको लागि अमोघ उपाय हो । यसले, उपासनाले, साधकलाई कर्ममार्गबाट माथि उठाउँछ, विषयाभिमुखवृत्तिलाई अन्तर्मुख बनाउँछु, अनित्यप्रवण (अनित्य वस्तुतिर मात्र झुकेको) बुद्धिलाई नित्याभिमुख बनाउँछ । उपासना शरीर समर्थ हुँदा पनि, असमर्थ हुँदा पनि चलिरहने साधना हो; भित्रभित्रै परिपक्क हुँदै, दृढ हुँदै, समुज्ज्वल बन्दै अज्ञानान्धकारलाई हटाउने ज्योति हो ।

उपासनाका साधकहरु उपास्यमा नै चित्तलाई अडाउँछन्, ध्यान गर्छन्, समाहित गर्छन् । धारणा ध्यान समाधि चलिरहँदा साधकको चित्त उपास्य भगवदाकार नै भइरहन्छ, अन्तः केन्द्रित भइरहन्छ । समाधिबाट व्यूझँदा व्युत्थानमा पनि उपासक आफ्नो चित्तलाई भगवान्मा नै केन्द्रित तुल्याउँछन् । भगवान् नै उनीहरुको आनन्दको र सन्तोषको मूल बिन्दु, मूल केन्द्र हुनुहुन्छ । भगवान्कै गुणगान गर्नु, चरित्र सम्झनु सम्झाउनु, कथाकीर्तन गर्नु गराउनु उपासकको जीवनी हुन्छ, जीवन प्रक्रिया बन्छ । यसरी सदा भगवान्मा आश्रितहरुलाई, प्रेमले भगवान्को उपासना गर्नेहरुलाई मोक्षोपाय, ज्ञान योग, भगवान्ले नै बक्सनुहुन्छ । भगवान्ले नै अज्ञान अन्धकार हटाउने झलझलाकार नित्य ज्ञान ज्योति खुलाइदिनुहुन्छ ।

अनन्य भगवद्भक्ति, भगवत् प्रीतिको उपाय हो, भगवत्प्रीतिबाट परमतत्त्वको यथार्थज्ञान पाउने बाटो खुल्छ । भगवान्को प्रसादले अविवेकजन्य तथा अनर्थजनक मोहान्धकार हटाउने ज्ञानज्योति उदाउँछ ।

अर्जुन उवाच – अर्जुनले आज्ञा गर्नु भो ।

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्य मादिदेव मजं विभुम् ।१२।

भवान् परं ब्रह्म, परं धाम, परमं पवित्रम् । पुरुषं शाश्वतं दिव्यम् आदिदेवम् अजं विभुम् ।

हजुर परब्रह्म, परमधाम, तेज, परम पवित्र होइबक्सिन्छ । शाश्वत पुरुष, दिव्य, आदिदेव, अज, व्यापक हुनुहुन्छ भनेर ।१२।

आहु स्त्वा मृषयः सर्वे देवर्षि र्नारदस्तथा ।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ।१३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वाम् सर्वे ऋषयः, देवर्षिः नारदः तथा असितः देवलः व्यासः स्वयं च एव मे ब्रवीषि।

हजुरलाई सबै ऋषिहरुले देवर्षि नारद, त्यस्तै असित, देवल, व्यासहरुले भन्नु भएको छ। हजुर आफैंले मलाई हुकुम हुन्छ।१३।

सर्व मेत दृतं मन्ये यन् मां वदसि केशव।
न हि ते भगवन् व्यक्ति विदु र्देवा न दानवाः।१४।

केशव, यत् मां वदसि एतत् सर्वं ऋतं मन्ये। भगवन् ते व्यक्तिं नहि देवाः न दानवाः विदुः।

हे केशव प्रभु, जे मलाई आज्ञा भो, यो सबै सत्य मानेको छु। हे भगवान्, हजुरको आविर्भाव र प्रभावको विषय न त देवताले न त दानवले जानेका छन्।

स्वय मेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम।
भूतभावन भूतेश देवदेव जगत्पते।१५।

पुरुषोत्तम, भूतभावन, भूतेश, देवदेव, जगत्पते त्वं स्वयम् एव आत्मना आत्मानं वेत्थ।

हे पुरुषोत्तम। हे जगत्का पोषक, हे जगत्का अधिपति, हे देवदेव, हे जगत् पालक हजुर आफैं मात्र आफैंले आफूलाई जानिबक्सिन्छ।१५।

वक्तु मर्हस्य शेषेण दिव्या ह्यात्म विभूतयः।
याभि र्विभूतिभि र्लोका निमां स्त्वं व्याप्य तिष्ठसि।१६।

दिव्याः आत्म विभूतयः अशेषेण वक्तुम् अर्हसि हि। त्वं याभिः विभूतिभिः इमान् लोकान् व्याप्य तिष्ठसि।

दिव्य आपना विभूतिहरु जो हुन् समग्ररूपमा बताउन हजुर नै समर्थ होइबक्सिन्छ। हजुर जुन विभूतिले यी लोक ढाकेर रहिबक्सेको छ।१६।

कथ विद्यामह योगिं स्त्वां सदा परिचिन्तयन्।
केषु केषु च भावेषु चिन्त्योसि भगवन् मया।१७।

योगिन् त्वां सदा परिचिन्तयन् कथं विद्याम्। भगवन् मया केषु केषु च भावेषु चिन्त्यः असि।

हे योगी हजुरको चिन्तन सधै गर्दा हजुरलाई कसरी बुझ्न सक्छु साथै हे भगवान् म कुन कुन भावमा, विभूतिमा हजुरको चिन्तन ध्यान गर्न सक्छु।

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन।
भूयः कथय तृप्ति र्हि शृण्वतो नास्ति मे मृतम्।१८।

जनार्दन, आत्मनः योगं विभूतिं च विस्तरेण भूयः कथय। हि अमृतं शृण्वतः मे तृप्तिः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नास्ति ।

हे जनार्दन प्रभु, आफ्नो योग र विभूतिका कुरा विस्तारसँग फेरि फेरि मर्जी होस् । किन-भने, हजुरबाट अमृत उपदेश सुन्न पाउँदा म अघाउँदिन ।१८।

श्री भगवानुवाच – श्रीभगवान् कृष्णबाट मर्जी बक्स्यो ।

हन्त ते कथयिष्यामि दिव्या ह्यात्म विभूतयः ।
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ।१९।

हन्त, दिव्या हि आत्म विभूतयः कुरु श्रेष्ठ, प्राधान्यतः कथयिष्यामि, मे विस्तरस्य अन्तः न अस्ति ।

हुन्छ, दिव्य मेरा विभूतिहरु छन् । हे कुरु श्रेष्ठ, मुख्य मुख्य रूपमा तिमीलाई भन्नेछु । मेरो विभूतिको विस्तारको सीमा नै छैन ।१९। भगवान्को योग भनेको संक्षेपमा

अह मात्मा गुडाकेश सर्वभूताशय स्थितः ।
अह मादिश्च मध्यं च भूताना मन्त एवच ।२०।

गुडाकेश अहं सर्वभूताशयस्थितः आत्मा । भूतानाम्, आदिः च मध्यं च अन्त एव च अहम् ।

हे गुडाकेश (जितनिद्र अर्जुन) म सबै भूतको अन्तर हृदयमा रहेको आत्मा हुँ । भूतहरूको आदि पनि, मध्य पनि, अन्त पनि म नै हुँ ।

भगवान् श्रीकृष्ण परमात्मा आफ्नो योग र विभूति बताउँदै होइबक्सिन्छ । अर्जुनले योगको र विभूतिको विस्तार बुझ्न चाहनुभएको छ । योग भनेको वास्तवमा एकत्व हो, अद्वैत हो; सर्वोपाधिविवर्जित समस्त भेद शून्य आत्मा हो । समस्त भेद प्रपञ्च आत्मामा छँदै छैन । जेलाई भूत भन्ने गरेको छ त्यो भूत हुँदै होइन, आत्मा मात्रै हो । भूतको सृष्टि पनि, स्थिति पनि, संहार पनि आत्मा हो । अर्थात् सृष्टि स्थिति संहार नै आत्मा हो । सृष्टिमा पनि भूत आत्मा नै हो, स्थितिमा पनि भूत आत्मा नै हो, संहारमा पनि आत्मा नै हो । भूतको छेउ टुप्पो माझ जम्मै आत्मा हो, भूतको आदि, मध्य र अन्त आत्मा मात्रै हो; भूत भूत नै हैन, आत्मा मात्रै हो । त्यही आत्मा परमात्मा हो, त्यही परमात्मा आफू हो, भगवान् हो, कृष्ण हो । योग भनेको सूत्ररूपमा यही हो, मूलरूपमा यही हो । यो बुझेपछि समस्त भूतको अधिष्ठान स्वरूप आत्माको ध्यान गर्नुपर्छ । यसरी ध्यान गर्ने शक्तिको उदय नहुँदा परमात्मभाव गरेर सगुण साकार विष्णु आदि विभूतिमा ध्यान गर्नुपर्छ ।

आदित्याना महं विष्णु र्ज्योतिषां रवि रंशुमान् ।
मरीचि र्मरुता मस्मि नक्षत्राणा महं शशी ।२१।

अहम् आदित्वानां विष्णुः, ज्योतिषाम् अंशुमान् रविः, मरुतां मरीचिः अस्मि, अहं नक्षत्राणां शशी ।

म द्वादश आदित्यमा विष्णु हुँ, तेज दिनेहरु मध्ये तेजिलो सूर्य, मरुत् नामक देवता मध्ये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मरीचि, नक्षत्रहरु मध्ये म चन्द्र हुँ ।२१।

भगवान् ध्येय विभूतिहरुको उपदेश गरिबक्सिदैछ । आदित्यका उपासकहरुले विष्णुमा मेरो ध्यान गर्नू । ज्योतिश्चक्रका उपासकले सूर्यमा, मरुत्का उपासकले मरीचिमा, नक्षत्रका उपासकले चन्द्रमामा मेरो उपासना गर्नु बेस हुन्छ । यही किसिमसँग भिन्नभिन्न वर्गमा भिन्न भिन्न ध्येय वस्तुको उपदेश गर्दै त्यसमा भगवद् बुद्धि गर्ने र उपासना गर्ने उपदेश भएको छ ।

वेदानां सामवेदो स्मि देवाना मस्मि वासवः ।
इन्द्रियाणां मन श्चास्मि भूताना मस्मि चेतना ।२२।

वेदानां सामवेदः अस्मि, देवानां वासवः अस्मि, इन्द्रियाणां मनः च अस्मि, भूतानां चेतना अस्मि ।

वेदहरुमा सामवेद हुँ, देवताहरुमा इन्द्र हुँ, इन्द्रियहरुमा मन हुँ, भूतमा चेतना हुँ, (बुद्धि-वृत्ति हुँ ।) होश हुँ ।२२।

रुद्राणां शङ्कर श्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ।२३।

रुद्राणां शङ्करः च अस्मि, यक्षरक्षसां वित्तेशः, वसूनां पावकः च अस्मि अहं शिखरिणां मेरुः ।

रूद्रहरुमा शङ्कर हुँ, यक्षराक्षसहरुमा कुबेर हुँ, वसुहरुमा पावक हुँ, टाकुरावाला पर्वतहरु मध्ये मेरू हुँ ।

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीना महं स्कन्द; सरसा मस्मि सागरः ।२४।

पुरोधसां च मुख्यं वृहस्पतिं मां विध्दि, पार्थ, अहं सेनानीनां स्कन्दः, सरसां सागरः अस्मि ।

पुरोहितहरुका मुख्य वृहस्पति मलाई जान । हे अर्जुन, सेनापतिहरुमा म स्कन्द हुँ, जलाशय मध्ये सागर हुँ ।२४।

महर्षीणां भृगुरहं गिरा मस्म्येक मक्षरम् ।
यज्ञानां जपयज्ञो स्मि स्थावराणां हिमालयः ।२५।

अहं महर्षीणां भृगुः, गिराम् एकम् अक्षरम् अस्मि, यज्ञानां जपयज्ञः अस्मि, स्थावराणां हिमालयः अस्मि ।

म महर्षिहरुमा भृगु हुँ, वाणीहरुमा (मन्त्रहरूमा) एक अक्षर ॐ हुँ, यज्ञहरुमा जपयज्ञ हुँ, स्थावरहरुमा हिमालय हुँ ।२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः, सिद्धानां कपिलो मुनिः ।२६।

सर्व वृक्षाणाम् अश्वत्थः, देवर्षीणां च नारदः, गन्धर्वाणां चित्ररथः, सिध्दानां कपिलः मुनिः ।

सबै रुखहरुमा पिपल हुँ, देवर्षिहरुमा नारद, गन्धर्वहरुमा चित्ररथ, सिद्धहरुमा कपिल मुनि हुँ ।२६।

उच्चैःश्रवस मश्वानां विद्धि मा ममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ।२७।

अश्वानाम् मांम् अमृतोद्भवम् उच्चैः श्रवसं विध्दि । गजेन्द्राणाम् ऐरावतं, नराणां च नराधिपम् ।

घोडाहरुमा मलाई अमृत मथनमा निस्केको उच्चैः श्रवा नामको घोडा भन्ने जान । गजराज-हरुमा ऐरावत, मानिसहरुमा नराधिप राजा जान ।२७।

आयुधाना महं वज्रं धेनूना मस्मि कामधुक् ।
प्रजन श्चास्मि कन्दर्पः सर्पाणा मस्मि वासुकिः ।२८।

अहम् आयुधानां वज्रं, धेनूनां कामधुक् अस्मि, प्रजनः च कन्दर्पः अस्मि सर्पाणां वासुकिः अस्मि ।

म हतियारहरुमा वज्र, दुहुनी गाईहरुमा कामधेनु, प्रथम सन्तान जन्माउने कामदेव हुँ, सर्पहरुमा वासुकि हुँ ।२८।

अनन्त श्चास्मि नागानां वरुणो यादसा महम् ।
पितृणा मर्यमा चास्मि यमः संयमता महम् ।२९।

नागानाम् अनन्तः च अस्मि, अहं यादसां वरुणः अस्मि । पितृणाम् अर्यमा च अस्मि, अहं संयमतां यमः ।

नागहरुमा अनन्त हुँ, म जलवासीहरुमा वरूण, पितृहरुमा अर्यमा हुँ । म दण्ड गर्ने (तह लाउनेहरुमा) यम हुँ ।२९।

प्रल्हाद श्चास्मि दैत्यानां कालः कलयता महम् ।
मृगाणां च मृगेन्द्रो हं वैनतेयश्च पक्षिणाम् ।३०।

दैत्यानां प्रल्हादः च अस्मि, अहं कलयतां कालः, अहं मृगाणां च मृगेन्द्रः, पक्षिणां वैनतेयः च ।

दैत्यहरुमा प्रल्हाद हुँ, म गणना गर्नेमा काल हुँ, म वनजन्तुमा मृगराज सिंह, पक्षीहरुमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नराणां च नराधिपम्

वैदिक विधिबाट अभिषिक्त क्षत्रियराजदम्पती

श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव,

श्री ५ बडा महारानी ऐश्वर्यराज्यलक्ष्मी देवीशाह।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनतापुत्र गरुड हुँ ।३०।

पवनः पवता मस्मि रामः शस्त्र भृता महम् ।
झषाणां मकर श्चास्मि स्रोतसा मस्मि जान्हवी ।३१।

पवतां पवनः अस्मि, अहं शस्त्र मृतां रामः, झषाणां मकरः च अस्मि, स्रोतसां-जान्हवी अस्मि ।

पवित्र गर्नेमा पवन (वायु) हुँ । म शस्त्रधारीमा राम सीतापति, माछाहरुमा गोही हुँ, खोला-हरुमा गङ्गा हुँ ।३१।

सर्गाणा मादि स्तश्च मध्यं चैवा ह मर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदता महम् ।३२।

अर्जुन, अहं सर्गाणाम् आदिः अन्तः च मध्यं च एव । विद्यानाम् अध्यात्म विद्या, अहं प्रवदतां वादः ।

हे अर्जुन, म सृष्टिहरुको आदि अन्त र मध्य नै हुँ । विद्यामा अध्यात्मविद्या, छलफलहरुमा तत्त्व निर्णय गर्ने वाद हुँ ।३२।

अक्षराणा मकारो स्मि द्वन्द्वः सामासिकस्य च ।
अह मेवाक्षयः कालो धाता हं विश्वतो मुखः ।३३।

अक्षराणाम् अकारः अस्मि, सामासिकस्य च द्वन्द्वः, अहम् एव अक्षयः कालः, अहं विश्वतोमुखः धाता ।

अक्षरहरुमा (वर्णहरुमा) 'अ' कार हुँ, समासमा द्वन्द्व हुँ । म नै अक्षय काल, म विश्वतोमुख विधाता हुँ ।

समास भनेको अनेक पद मिलेर बनेको एक पद हो । समास छ किसिमको छ– तत्पुरुष, बहुब्रीहि, कर्मधारय, अव्ययीभाव, द्विगु, द्वन्द्व । यिन मध्ये द्वन्द्व समास श्रेष्ठ छ, त्यसमा भगवद्भाव गर्नू । 'द्वन्द्व' भनेको रहस्य अर्थ पनि हो । रहस्य अर्थ भनेको भित्री साररूप गहन अर्थ, तात्पर्यार्थ हो । विद्वान् विद्वान्, भक्त भक्त, गुरु शिष्यहरु मन्त्रको अर्थ वा गूढ अर्थ, तत्त्व बुझ्नका निमित्त संगै बसेर शास्त्र चर्चा गर्छन् र तत्त्वार्थ निकाल्छन् । त्यस्ता तत्त्वार्थहरुमा पनि रहस्यमय गूढ अर्थ श्रेष्ठ हुन्छ । त्यो भगवान्को विभूति हो । भगवान् विश्वतोमुख धाता होइबक्सिन्छ । कर्मफलको स्थिति मिलाउनेलाई धाता भन्छन् । भगवान् विश्वतोमुख हुनुहुन्छ, जुन प्राणीको मुख पनि भग-वान्कै मुख हो । प्राणीका मुखमा परेको भगवान्कै मुखमा परेको हो । विना भेदभाव सबै प्राणी-लाई समान देख्नु विश्वतोमुख भगवान्को ध्यान गर्नु हो ।३३।

मृत्युः सर्वहरश्चाह मुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्री र्वाक् च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ।३४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं मृत्युः सर्वहरः च, भविष्यताम् उद्भवः च, नारीणां कीर्तिः श्रीः वाक् च स्मृतिः, मेधा, धृतिः, क्षमा ।

म मृत्यु सर्बसंहार गर्ने हुँ । कल्याण हुनेवालाहरुको कल्याणहेतु हुँ । नारीमा कीर्ति, श्री, वाणी र स्मृति, धारण गर्ने बुद्धि, धैर्य, क्षमा म हुँ ।३३। कीर्तिहरुको प्राप्ति हुँदा मानिस आफूलाई कृतार्थ सम्झन्छ ।

वृहत् साम तथा साम्नां गायत्री छन्दसा महम् ।
मासानां मार्गशीर्षो ह मृतूनां कुसुमाकरः ।३५।

तथा साम्नां वृहत् साम, अहं छन्दसां गायत्री, अहं मासानां मार्गशीर्षः, ऋतूनां कुसुमाकरः ।

वेदका सामहरुमा वृहत् साम हुँ, म वेद ऋचाहरुका र पद्यहरुका छन्दहरुमा गायत्रीछन्द हुँ, महिनामा मङ्सिर र ऋतुहरुमा वसन्त ऋतु हुँ ।३५।

द्यूतं छलयता मस्मि, तेजस्तेजस्विना महम्
जयो स्मि व्यवसायो स्मि सत्त्वं सत्त्ववता महम् ।३६।

छलयतां द्यूतम् अस्मि, अहं तेजस्विनां तेजः, जयः अस्मि, व्यवसायः अस्मि, अहं सत्त्ववतां सत्त्वम् ।

छलीहरुमा जुवा हुँ । म तेजस्वीको तेज हुँ, जय हुँ, निश्चय हुँ, उद्यम हुँ, सत्त्ववान्हरुका सत्त्व हुँ ।३६।

वृष्णीनां वासुदेवोस्मि पाण्डवानां धनञ्जयः
मुनीना मप्यहं व्यासः कवीना मुशना कविः ।३७।

वृष्णीनां वासुदेवः अस्मि, पाण्डवानां धनञ्जयः, अहं मुनीनाम् अपि व्यासः, कबीनाम् उशना कविः ।

वृष्णिहरुमा वासुदेव कृष्ण हुँ । पाण्डवहरुमा अर्जुन, म मुनिहरुमा पनि व्यास हुँ, कवि विद्वान्हरुमा शुक्राचार्य कवि हुँ ।३७।

दण्डो दमयता मस्मि नीतिरस्मि जिगीषताम्
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवता महम् ।३८।

दमयतां दण्डः अस्मि, जिगीषतां नीतिः अस्मि, गुह्यानां मौनं च एव अस्मि, अहं ज्ञानवता ज्ञानम् ।

दण्ड दिनेहरुको दण्ड हुँ, जित्न चाहनेहरुको नीति हुँ । गुह्य कुराहरुमा मौन पनि हुँ, म ज्ञानीहरुको ज्ञान हुँ ।३८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यच्च चापि सर्वभूतानां बीजं तदहमर्जुन
न तदस्ति विना यत् स्यान् मया भूतं चराचरम् ।३९।

अर्जुन, यत् च अपि सर्व भूतानां बीजं तत् अहम् । यत् मया विना स्यात् तत् चराचरं भूतं न अस्ति ।

हे अर्जुन, समस्त भूतको जुन बीज हो, त्यो म हुँ । जुन म विनाको होस्, त्यो चर अथवा अचर भूत कुनै छैन ।३९।

नान्तोस्ति मम दिव्यानां विभूतीनां परन्तप
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ।४०।

परन्तप, मम दिव्यानां विभूतीनां अन्तः न अस्ति । एषः विभूतेः विस्तरः तु मया उद्देशतः प्रोक्तः ।

हे शत्रुपीडक अर्जुन, मेरा दिव्य विभूतिहरुको पार पाउनै सकिंदैन। यो विभूतिको विस्तारको मैले एक छेउ मात्र भनेको हुँ ।४०।

यद् यद् विभूतिमत् सत्त्वं श्रीमदूर्जितमेव वा
तत् तदेवावगच्छ त्वं मम तेजोंशसंभवम् ।४१।

यत् यत् सत्त्वं विभूतिमत्, श्रीमत् ऊर्जितम् एव वा तत् तत् एव त्वं मम तेजोंश संभवम् अवगच्छ ।

जुन जुन वस्तु वैभवले युक्त, शोभा, ऐश्वर्यले युक्त, तेजले, शक्तिले युक्त हुन्छ त्यो त्यो वस्तुलाई तिमी मेरै तेजको अंशबाट भएको भन्ने बुझ ।४१।

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ।४२।

अथवा अर्जुन, एतेन बहुना ज्ञातेन किम् ? अहम् इदं कृत्स्नं जगत् एकांशेन विष्टभ्य स्थितः ।

अथवा हे अर्जुन, यो धेरै कुरा जानेर के काम ? म यो सम्पूर्ण जगत्लाई एक अंशले सर्वभूतात्मरूपी एक पादले, दृढताका साथ धारण गरेर रहेको छु ।४२।

उपासनाको प्रसङ्गमा परमप्रभु, परमात्मा, विश्वेश्वर, विश्वरूपका अनन्त अनन्त विभूतिहरुमा भगवद् बुद्धि गर्नुपर्छ । कुनै ध्येयमा चित्त स्थिर गरी ध्यान गर्नुपर्छ, त्यसैमा सम्पूर्ण चित्तवृत्तिहरुलाई सोहोरेर एकोहोरोसँग लगाउनुपर्छ, ध्येयको मात्र भान हुन्छ । अभ्यास बढ्दै जाँदा ध्याता, ध्यान, ध्येय (ध्यान गर्ने, ध्यानवृत्ति र ध्यान गरिएको तत्त्व) को भेद हराउँछ, एकै हुन्छ । यो अवस्थालाई त्रिपुटीलय भन्ने चलन छ । उपासनाको माथिल्लो स्थिति उच्चतम कोटि यही हो । उपासनाको अर्को नाम भक्ति हो । यो स्थितिमा हृदय ग्रन्थि खुल्छ; चित् र अचित् ग्रन्थि अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा र अनात्माको अविवेकरूपी गाँठो, सुर्क्याउनी फुस्किन्छ, विवेकोदय हुन्छ । यसबाट सबै विकल्पहरु बिलाउँछन् शान्ति हुन्छ, सुख हुन्छ ।

ध्यानलाई केन्द्रित गर्न कुनै भगवद्रूपमा चित्त अडाउनुपर्छ, यस्तो रूपलाई ध्येयरूप भन्छन् । सबै परमात्मा मात्रै हो, परमात्मादेखि पृथक् केही पनि छैन । यसलाई प्रत्यक्ष गर्न समाधिमा, निर्विकल्प समाधिमा सम्भव हुन्छ । तर शुरूमा कुनै ध्येयमा चित्त लगाउनुपर्छ । चित्त लगाउन, चिन्तन गर्न सजिलो पर्ने मुख्य मुख्य केन्द्र विष्णु, सूर्य, चन्द्र आदि भगवद् विभूति हुन् । जस्मैको ध्यान गर्नुपर्ने हैन; भिन्ना भिन्नै मान्नु चाहिं हुँदै हुँदैन, आफूलाई इष्ट रूपको चिन्तन गर्नुपर्छ, ध्यान गर्नुपर्छ । समस्त चराचर जगत् भगवान्मै आधारित छ । अनन्तकोटि ब्रह्माण्डबाट भगवान्को विशालता, असीमता सीमित हुँदैन । अपरिच्छिन्न असीम भगवान्को लवलेशले नै यो विश्वब्रह्माण्ड अडेको छ, टिकेको छ, यो सारा ब्रह्माण्ड असीम भगवान्मा मेरू पर्वतमा तिल जस्तो, तोरी जस्तो मात्रै हो । अपरिच्छिन्न प्रभुमा परिच्छिन्न जगत्को तुलना नै हुँदैन, गणना नै हुँदैन । परिच्छिन्नलाई देखेर आधार स्वरूप अपरिच्छिन्नलाई जान्ने बुझ्ने प्रयास र अभ्यास हुनुपर्छ ।

ॐ तत् सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवाद बिभूतियोगो नाम दशमः अध्यायः ।

ॐ तत् सत् विभूतियोग नामक दशम अध्याय समाप्त भो ।

ईश्वरोपासना सिद्धिको लागि सर्वत्र भगवद्भाव भावनात्मक भगवद्भक्ति हुनुपर्छ । सर्वत्र भगवद्भाव भावनाका लागि प्रपञ्चका नाना पदार्थमा पनि भगवद्भाव गर्नुपर्ने हुन्छ । प्रत्येकमा विधिपूर्वक उपासना असम्भव भएको हुँदा वर्ग वर्गका अतिविशिष्ट तत्त्वमा प्रतीक विधानबाट भगवद्भाव गर्नु उत्तम उपाय हो । यस्ता प्रतीकलाई भगवान्कै बिभूति अर्थात् वैभव भन्ने पक्का भएपछि त्यो विभूतिमा भगवद्भाव भावना हुन्छ । जुनसुकै वस्तुको पनि समग्रबोधका लागि विस्तारमा त्यो वस्तु के के हो र हुन सक्छ भन्ने र सार रूपमा त्यो वस्तु के मात्र हो र निखारमा के मात्र हुन्छ भन्ने कुरा बुझ्नु पर्ने हुन्छ । भगवत्तत्त्वको, ईश्वरतत्त्वको विषयमा समग्रबोधका लागि पनि यस्तै विस्तारको र सारको बोध आवश्यक छ । विस्तार विभूति हो, भने सार योग हो भन्न पनि सकिन्छ । वास्तवमा भगवत्तत्त्वको विस्तार र सार बुझ्ने क्षमता कुनै मानिसमा पनि छैन, ईश्वरतत्त्वको करोड करोड अंशको एक अंश पनि यथार्थ बुझ्न कोही सक्तैन, केवल त्यसको छवि, आभाको दर्शन मात्र भगवत्कृपाबाट भक्तले पाउन सक्छ । भगवद् भक्तिका लागि पनि भगवान्कै अहैतुक कृपाको निश्छल प्रार्थना आवश्यक हुन्छ । सर्वस्वरूप भगवान्को भावनाको लागि विभिन्न भगवद् विभूतिहरुको निर्देश भएकोले यो अध्यायको नाम विभूतियोग रहेको हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

अथ एकादशः अध्यायः – विश्वरुप दर्शन योगः ।

अर्जुन उवाच – अर्जुनले आज्ञा भयो ।

मदनुग्रहाय परमं गुह्य मध्यात्म संज्ञितम् ।
यत् त्वयोक्तं वच स्तेन मोहो यं विगतो मम ।१।

मदनुग्रहाय परमं गुह्यम् अध्यात्म संज्ञितं यत् वचः त्वया उक्तं तेन मम अयं मोहः विगतः ।

ममाथि दयाको निमित्त परम गुह्य अध्यात्मले युक्त जुन वचन हजुरबाट मर्जी भो त्यसबाट मेरो यो मोह गयो ।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमल पत्राक्ष माहात्म्य मपिचाव्ययम् ।२।

हे कमल पत्राक्ष, त्वत्तः भूतानां भवाप्ययौ, अव्ययम् माहात्म्यम् अपि च मया विस्तरशः श्रुतौ ।

हे कमल पत्र जस्ता नजर भएका प्रभु, हजुरबाट भूतको उत्पत्ति प्रलय र हजुरको अव्यय महात्म्य पनि विस्तार पूर्वक सुन्न पाएँ ।२।

एव मेतद् यथात्थ त्व मात्मानं परमेश्वर ।
द्रष्टु मिच्छामि ते रूप मैश्वरं पुरुषोत्तम ।३।

परमेश्वर त्वम् आत्मानं यथा आत्थ एतत् एवम् । पुरुषोत्तम ते ऐश्वरं रूपं द्रष्टुम् इच्छामि ।

हे परमेश्वर, हजुरले आफूलाई जस्तो हुकुम भो । यो जस्ताको तस्तो सत्य हो । हे पुरुषोत्तम, हजुरको ईश्वरीय रूपको दर्शनको इच्छा छ ।३।

मन्यसे यदि तच्छक्यं मया द्रष्टु मिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मान मव्ययम् ।४।

प्रभो यदि तत् मया द्रष्टुं शक्यम् इति मन्यसे, योगेश्वर ततः मे त्वम् अव्ययम् आत्मानं दर्शय ।

हे प्रभु, यदि त्यो ईश्वरीयरूप मैले दर्शन पाउन सक्निं हो भन्ने ठानिबक्सिन्छ भने, हे योगपति, तब मलाई हजुर आफ्नो अव्ययस्वरूपको दर्शन बक्सियोस् ।४।

अर्जुन उत्तमोत्तम शिष्य हुनुहुन्छ । दश अध्यायसम्ममा पाएका आध्यात्मिक उपदेशको सार पूर्ण रूपमा उहाँले ग्रहण गर्नुभएको छ । छैठौं अध्यायसम्मका कुराबाट 'आत्मा कर्ता भोक्ता हो' भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किसिमको मोह हट्यो, जीवात्मा अकर्ता अभोक्ता हो, उपाधिरहित हो भन्ने पक्का भएको छ, र शुद्ध त्वं पदार्थको ज्ञान भएको छ । सातौंदेखि दशौं अध्यायसम्ममा भएको आध्यात्मिक उपदेशबाट जगत्को सृष्टिस्थितिलय मायोपाधिक ईश्वरबाट हुन्छ, तर ईश्वर मायोपाधिमा अभिमान नभएको हुनाले कर्मलेपरहित छ । कर्तृत्व भोक्तृत्वाभिमानी जीवहरुलाई कर्मफलको व्यवस्था गर्दा ईश्वरले कसैमाथि प्रेम वा द्वेष गर्दैन भन्ने यथार्थ ज्ञान सातौंदेखि नवौं अध्यायसम्मको उपदेशबाट प्राप्त भएको छ । भगवान्को विभूतिको विषयमा पनि ज्ञान भएको छ । भगवान्को मायोपाधिक सर्वेश्वर, जगत्सृष्टिस्थितिकारणकारण, जगदाधार ईश्वरीय मायामय रूपको दर्शन गर्ने इच्छा अर्जुनलाई भएको छ ।

श्री भगवानुवाच – श्रीभगवान् कृष्ण चन्द्रबाट हुकुम भो ।

पश्य मे पार्थ रूपाणि शतशोथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णा कृतीनि च ।५।

पार्थ, नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च मे रूपाणि शतशः, अथ सहस्रशः पश्य ।

हे अर्जुन, नाना किसिमका, दिव्य, थरीथरी रङ र आकारका, मेरा रूपहरु शयौं अनि हजारौं प्रकारबाट हेर ।५।

पश्या दित्यान् वसून् रुद्रा नश्विनौ मरुतस्तथा ।
बहून्य दृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ।६।

आदित्यान्, वसून्, रुद्रान्, अश्विनौ तथा मरुतः पश्य । भारत, बहूनि अदृष्ट पूर्वाणि आश्चर्याणि पश्य ।

आदित्यहरुलाई, बसुहरुलाई, रूद्रहरुलाई, अश्विनीकुमारहरुलाई त्यस्तै मरुत्हरुलाई हेर । धेरै पहिले नदेखेका आश्चर्यहरु हेर ।६।

इहै कस्थं जगत् कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चा न्यद् द्रष्टु मिच्छसि ।७।

गुडाकेश इह मम देहे, एकस्थं सचराचरम् कृत्स्नं जगत्, यत् च अन्यत् द्रष्टुम् इच्छसि अद्य पश्य ।

हे निद्राजयी अर्जुन, यहाँ मेरो शरीरमा चर अचरले सहित सम्पूर्ण जगत्लाई र अरू जे हेर्न चाहन्छौ त्यो जम्मै विश्व ब्रह्माण्ड मेरो एउटै अवयवमा आज हेर ।

न तु मां शक्यसे द्रष्टु मनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योग मैश्वरम् ।८।

अनेन एव स्वचक्षुषा मां द्रष्टुं नतु शक्यसे, ते दिव्यं चक्षुः ददामि मे ऐश्वरं योगं पश्य ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यही तिम्रा (प्राकृत) चर्मचक्षुले म (अप्राकृत) ईश्वर स्वरूपलाई देख्न सक्तैनौ। तिमीलाई दिव्य चक्षु दिन्छु, मेरो ईश्वरीय योग हेर, देख ।८।

संजय उवाच – संजयले धृतराष्ट्रलाई भन्नु भो।

एव मुक्त्वा ततो राजन् महायोगेश्वरो हरिः।
दर्शयामास पार्थाय परमं रूप मैश्वरम् ।९।

एवम् उक्त्वा ततः राजन् महायोगेश्वरः हरिः पार्थाय ऐश्वरं परमं रूपं दर्शयामास।

यसो मर्जी भएर, हे महाराज, महायोगेश्वर हरि प्रभुले अर्जुनलाई ईश्वरीय परम रूपको दर्शन बक्सियो ।९।

अनेक वक्त्र नयन मनेकाद्भुत दर्शनम्।
अनेक दिव्या भरणं दिव्यानेको द्यतायुधम् ।१०।

अनेक वक्त्र नयनम्, अनेकाद्भुत दर्शनम्, अनेक दिव्याभरणं, दिव्या नेकोद्यता युधम्।

अनेक मुख र आँखा भएको, अनेक अद्भुत कुराहरु देखिने, अनेक दिव्य अलंकारहरुले सिंगारिएको, उजाइएका अनेक दिव्य हात हतियारले सजिएको ।१०।

दिव्य माल्याम्बरधरं दिव्यगन्धानुलेपनम्।
सर्वाश्चर्यमयं देव मनन्तं विश्वतो मुखम् ।११।

दिव्य माल्याम्बरधरं दिव्यगन्धानुलेपनम्, सर्वाश्चर्यमयं, देवम्, अनन्तं विश्वतो मुखम्।

दिव्य मालाहरु र पोशाकहरु पहिरेको, दिव्य चन्दनहरु लेपन गरिएको, सम्पूर्ण आश्चर्यले भरिएको, देदीप्यमान, पारै पाउन नसकिने, सर्वत्र मुख भएको जतासुकै फर्किएको सर्व स्वरूप ।११।

दिवि सूर्यसहस्रस्य भवेद् युगपदुत्थिता।
यदि भाः सदृशी सा स्याद् भासस्तस्य महात्मनः ।१२।

दिवि सूर्य सहस्रस्य युगपत् उत्थिता भाः यदि भवेत् सा तस्य महात्मनः भासः सदृशी स्यात्।

आकाशमा हजार सूर्यको एकै चोटि उदाएको तेज यदि भयो भने त्यो तेज, त्यो प्रकाश ती सर्वात्मा सर्वेश्वरको तेज जस्तो हुँदो हो ।१२।

तत्रैकस्थं जगत् कृत्स्नं प्रविभक्त मनेकधा।
अपश्यद् देवदेवस्य शरीरे पाण्डव स्तदा ।१३।

तदा पाण्डवः देवदेवस्य शरीरे तत्र जगत् कृत्स्नम् एकस्थम्, अनेकधा प्रविभक्तम् अपश्यत्।

त्यो बेला अर्जुनले देवदेव महाप्रभुको शरीरमा त्यहाँ जगत् जम्मा जम्मै एकै स्थानमा रहेको एवं अनेक प्रकारले पृथक् पृथक् भएको देख्नुभो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः स विस्मया विष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलि रभाषत ।१४।

ततः सः विस्मया विष्टः, हृष्टरोमाः धनञ्जयः, शिरसा देवं प्रणम्य कृताञ्जलिः अभाषत ।

त्यसो हुँदा, ती आश्चर्यले चकित भएका, रोमाञ्चले युक्त अर्जुनले शिरले देबलाई दण्डवत् प्रणाम पूर्वक, हात जोडेर विन्ति गर्न थाल्नुभो ।१४।

अर्जुनको इच्छा अनुसार ईश्वरीय रूपको दर्शन भगवान्‌बाट आफ्नै शरीरमा बक्सियो । ईश्वर भनेको समस्त जगत्‌को सृष्टिस्थितिलयकारण, सर्वैश्वर्यसम्पन्न, मायोपहित, मायापति चेतन हो । समस्त जगत्‌को कारणशरीर माया हो, यही अपरा प्रकृति अव्यक्त हो । यसबाट जन्मेका बुद्धि आदि सात सूक्ष्म प्रकृति समष्टि सूक्ष्म शरीर हो । यसबाट जन्मेका समस्त महा भूतभौतिक प्रपञ्च विकृति हो, यो समष्टिस्थूल शरीर हो । समष्टि कारणशरीर माया हो । मायोपहित चैतन्य ईश्वर हो । परापर प्रकृतिसम्पन्न, क्षराक्षरातीत पुरुषोत्तम तत्त्वको पनि भगवान् श्री कृष्णका कृपाबाट परमभक्त अर्जुनले यही ईश्वरीय रूपमा दर्शन पाउनुभएको छ । सूक्ष्म प्रकृति स्वरूप समष्टि सूक्ष्मशरीरोपहित चैतन्यलाई सूत्रात्मा अथवा हिरण्यगर्भ भन्छन्, जगत्‌को सृष्टिकर्ता ब्रह्मा यही हिरण्य गर्भ तत्त्व हो । महाभूत भौतिक प्रपञ्चमय स्थूल विकृतिस्वरूप समष्टिस्थूल शरीरोपहित चैतन्यलाई विराट् भन्छन् । यहाँ अर्जुनले भगवत्कृपाबाट प्राप्त दिव्य चक्ष, समाहित बुद्धिवृत्तिबाट ईश्वरको, यसैमा सूत्रात्मा हिरण्यगर्भको, यसैमा विराट् स्वरूपको दर्शन पाउनुभएको छ । समष्टि स्थूल जगत्, विश्वब्रह्माण्ड, समष्टि सूक्ष्म जगत्, समष्टिकारण जगत् जम्मै भगवान्‌मै अर्जुनले देखिरहनुभएको छ । क्षेत्र क्षेत्रज्ञाधिपति, परापर प्रकृतिका अध्यक्ष, क्षरा क्षरातीत पुरुषोत्तम प्रभुको दर्शन पाउनु भएको छ अर्जुनले । सगुणब्रह्मको पूर्ण साक्षात्कार अर्जुनलाई भएको छ । त्यसैको वर्णन अब हुन्छ अर्जुनबाट, श्रीकृष्णबाट, संजयबाट । सगुणब्रह्मको दर्शनबाट निर्गुणब्रह्मको ज्ञान हुन्छ ।

अर्जुन उवाच – अर्जुनबाट आज्ञा भयो ।

पश्यामि देवाँ स्तव देव देहे सर्वां स्तथा भूत विशेष सङ्घान् ।
ब्रह्माण मीशं कमलासनस्थ मृषींश्च सर्वानुरगाँश्च दिव्यान् ।१५।

देव, तव देहे, देवान् सर्वान्, तथा भूत विशेष सङ्घान्, ब्रह्माणम्, ईशं, कमलासनस्थम् ऋषीन् च सर्वान्, दिव्यान् उरगान् च पश्यामि ।

हे देव, हजुरका शरीरमा देवताहरु सबैलाई त्यस्तै थरी थरी भूतगणलाई, कमलासनमा बस्ने ब्रह्मालाई, शिवलाई ऋषिहरु सबैलाई दिव्यनागहरुलाई पनि देखिरहेछु ।१५।

अनेक बाहूदर वक्त्रनेत्रं पश्यामि त्वां सर्वतो नन्त रूपम् ।
नान्तं न मध्यं न पुन स्तवादि पश्यामि विश्वेश्वर विश्वरूप ।१६।

अनेक बाहूदर वक्त्र नेत्रं सर्वतः अनन्तरुपं त्यां पश्यामि । विश्वेश्वर विश्वरुप, न अन्तं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न मध्यं न पुनः तव आदिं पश्यामि ।

अनेक बाहु, पेट, मुख, आँखाले युक्त सर्वत्र अनन्तरूपले युक्त हजुरलाई देख्छु । हे बिश्वेश्वर, हे विश्वरूप न अन्त न माझ, न हजुरको आदि देख्छु ।

किरीटिनं गदिनं चक्रिणं च तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ताद् दीप्तानलार्कद्युति मप्रेयम् ।१७।

किरीटिनं, गदिनं, चक्रिणं च तेजोराशिं, सर्वतः दीप्तिमन्तम् त्वां दुर्निरीक्ष्यं, समन्तात् दीप्तानलार्कद्युतिम्, अप्रमेयम् पश्यामि ।

किरीट पहिरेको, गदा लिएको, चक्र लिएको, तेजको राशि, सबैतिर झलझलाकार, हजुरलाई हेर्न नसकिने, सबैतिर दन्केको आगो र सूर्य जस्तो तेजिलो, यस्तै हो भनी बुझ्न नसकिने रूपको देखिरहेको छु ।१७।

त्वम क्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ।
त्व मव्ययः शाश्वत धर्म गोप्ता सनातन स्त्वं पुरुषो मतो मे ।१८।

त्वं परमं वेदितव्यम् अक्षरम् त्वम् अस्य विश्वस्य परं निधानम्, त्वम् अव्ययः शाश्वत धर्म गोप्ता, त्वं सनातनः पुरुषः मे मतः ।

हजुर ज्ञेय परमतत्त्व अक्षर, हजुर यो विश्वको परम आश्रय, हजुर नित्य तथा सनातन धर्मरक्षक, हजुर सनातन पुरुष होइबक्सिन्छ भन्ने मेरो निश्चय छ ।१८।

अनादिमध्यान्त मनन्तवीर्य मनन्तबाहुं शशि सूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्त हुताश वक्त्रं स्वतेजसा विश्वमिदं तपन्तम् १९।

अनादिमध्यान्तम्, अनन्तवीर्यम्, अनन्तबाहुं, शशिसूर्य नेत्रम्, त्वां दीप्त हुताश वक्त्रं, स्वतेजसा इदं विश्वं तपन्तं पश्यामि ।

आदि मध्य अन्त नभएको, अनन्त वीर्यवाला, अनन्त बाहु भएको, चन्द्र सूर्य नेत्रवाला, हजुरलाई दन्केको आगोवाला मुख भएको, आफ्नो तेजले यो विश्वलाई नै तपाउने रूपमा देख्छु ।१९।

द्यावा पृथिव्यो रिद मन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वा द्भुतं रूप मुग्रं तवेदं लोकत्रयं प्रव्यथितं महात्मन् ।२०।

द्यावा पृथिव्योः इदम् अन्तरं हि सर्वाः दिशः च त्वया एकेन व्याप्तम् । तव इदम् उग्रम् अद्भुतं रुपं दृष्ट्वा महात्मन् लोकत्रयं प्रव्यथितम् ।

आकाश पृथ्वीको यो मध्यभाग र सारा दिशाहरु पनि हजुर यौटैले व्याप्त छन् । हजुरको यो उग्र अद्भुत रूप देखेर, हे महात्मा, तीनै लोक आत्तिएको छ ।२०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमी हि त्वां सुरसंघा विशन्ति
केचिद् भीताः प्राञ्जलयो गृणन्ति ।
स्वस्ती त्युक्त्वा महर्षि सिद्ध संघाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ।२१।

त्वां अमी हि सुरसंघाः विशन्ति, केचिद् भीताः प्राञ्जलयः गृणन्ति । स्वस्ति इत्ति उक्त्वा महर्षिसिध्द संधाः त्वां स्तुतिभिः पुष्कलाभिः स्तुवन्ति ।

हजुरमा यी देवगणहरु (मनुष्यरूपधारी) पसिरहेका छन्, कोही डरले हात जोडेर स्तुति गरिरहेका छन्, महर्षिसिद्ध गणहरु कल्याण होस् भन्दै ठूला स्तुतिले हजुरको स्तुति गर्छन् ।२१।

रुद्रादित्या वसवो य च साध्या विश्वे श्विनौ मरुत श्चोष्मपाश्च
गन्धर्वयक्षासुर सिद्धसंघा वीक्षन्ते त्वां विस्मिता श्चैव सर्वे ।२२।

रुद्रादित्याः, वसवः, ये च साध्याः, विश्वे, अश्विनौ, मरुतः च ऊष्मपाः च गन्धर्व यक्षासुर सिध्द संघाः सर्वे विस्मिताः च एव त्वां वीक्षन्ते ।

रूद्र, आदित्य, वसु, जो यी साध्यहरु, विश्वेदेवहरु, मरुत्हरु, ऊष्मपाहरु पनि, गन्धर्व, यक्ष, असुर, सिद्धका गणहरु पनि सबै देव विशेषहरु आश्चर्य चकित भएर हजुरलाई हेरिरहेका छन् ।२२।

रूपं महत् ते बहुवक्त्र नेत्रं महाबाहो बहुबाहूरू पादम्
बहूदरं बहुदंष्ट्राकरालं दृष्ट्वा लोकाः प्रव्यथिता स्तथा हम् ।२३।

महाबाहो, बहुवक्त्रनेत्रं, बहुबाहूरूपादम्, बहूदरं, बहुदंष्ट्रा करालं ते महत् रूपं दृष्ट्वा लोकाः तथा अहं प्रव्यथिताः ।

हे महाबाहु, धेरै मुख र आँखा भएको, धेरै बाहु, तिघ्रा र गोडा भएको, धेरै पेट भएको, धेरै कठोर दाहा भएको, हजुरको महान् रूप देखेर सबै दुनियाँ त्यस्तै म डरले आतिएका छौं ।२३।

नभः स्पृशं दीप्त मनेकवर्णं व्यात्ताननं दीप्त विशाल नेत्रम्
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा धृतिं न विन्दामि शमं च विष्णो ।२४।

नभः स्पृशं, दीप्तम्, अनेक वर्णं, व्यात्ताननं, दीप्त विशाल नेत्रम्, त्वां दृष्ट्वा हि प्रव्यथितान्तरात्मा धृतिं, शमं च, विष्णो, न विन्दामि ।

स्वर्गसम्म आकाश ढाक्ने, धपधपाउँदो, अनेक वर्ण (रङ्ग) भएको, मुखहरु बाएको, चम्कने ठूलठूला आँखा भएको, हजुरलाई देखेर मन आतिएको म धैर्य पनि, शान्ति पनि, हे व्यापक प्रभु पाउँदिन ।२४।

दंष्ट्राकरालानि च ते मुखानि दृष्ट्वैव कालानल सन्निभानि
दिशो न जाने नलभे च शर्म प्रसीद देवेश जगन्निवास ।२५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दंष्ट्राकरालानि, कालानल सन्निभानि ते मुखानि दृष्ट्वा एव दिशः न जाने शर्म च न लभे देवेश, जगन्निवास, प्रसीद ।

भयङ्कर दाह्राहरु भएका, कालाग्निसमान, हजुरका मुखहरुलाई देखेर दिशाको ज्ञान पनि हुँदैन, चैन पनि पाउन्न । हे देवेश, हे जगदाधार, खुशी हुनु होस् ।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः सर्वे सहैवा वनिपाल संघैः ।
भीष्मो द्रोणः सूतपुत्र स्तथासौ सहास्मदीयै रपि योधमुख्यैः ।२६।

त्वाम् अमी च धृतराष्ट्रस्य सर्वे पुत्राः अवनिपाल संघैः सह एव, भीष्मः, द्रोणः, तथा असौ सूत पुत्रः, अस्मदीयैः अपि योध मुख्यैः सह ।

हजुरमा नै धृतराष्ट्रका सबै यी छोराहरु राजगणहरुका साथ साथै भीष्म पितामह, द्रोणाचार्य तथा यी कर्ण र हामी तर्फका मुख्य योद्धाहरु समेत ।

वक्त्राणि ते त्वरमाणा विशन्ति दंष्ट्राकरालानि भयानकानि ।
केचिद् विलग्ना दशनान्तरेषु संदृश्यन्ते चूर्णितै रुत्तमाङ्गैः ।२७।

त्वरमाणाः दंष्ट्राकरालानि, भयानकानि ते वक्त्राणि विशन्ति । केचित् चूर्णितैः उत्तमाङ्गैः दशनान्तरेषु विलग्नाः संदृश्यन्ते ।

हत पताउँदै, बडाबडा बङ्गारा भएका, डरलाग्दा, हजुरका मुखमा पसिरहेछन् । कोही चाहिं फुटेका टाउका सहित दाह्राका अन्तरमा अड्किएका देखिन्छन् ।२७।

यथा नदीनां बहवोम्बुवेगाः समुद्रमेवा भिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभिविज्वलन्ति ।२८।

यथा नदीनां बहवः अम्बुवेगाः समुद्रम् एव अभिमुखाः द्रवन्ति तथा अभी नरलोकवीरा अभिविज्वलन्ति तव वक्त्राणि विशन्ति ।

जसरी नदीहरूका धेरै जल प्रवाहहरु समुद्रतिर लागेर दौडन्छन्, त्यसै गरी यी नरलोकका बीरहरु जाज्वल्यमान, हजुरका मुखतिर पसिरहेछन् ।

यथा प्रदीप्तं ज्वलनं पतङ्गा विशन्ति नाशाय समृद्ध वेगाः ।
तथैव नाशाय विशन्ति लोका स्तवा पि वक्त्राणि समृद्ध वेगाः ।२९।

यथा प्रदीप्तं ज्वलनं पतङ्गाः नाशाय समृद्ध वेगाः विशन्ति तथा एव नाशाय लोकाः तव अपि वक्त्राणि समृद्ध वेगाः विशन्ति ।

जसरी खूब बलेको बत्तीको ज्वालामा पुतलीहरु नाश हुनको लागि वेगसँग पस्छन् त्यसैगरी दुनियाँ हजुरका मुखहरूमा वेगसँग पसिरहेछन् ।२९।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेलिह्यसे ग्रसमानः समन्ताल् लोकान् समग्रान् वदनै र्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत् समग्रं भास स्तवोग्राः प्रतपन्ति विष्णो ।३०।

लोकान् समग्रान् ज्वलद्भिः वदनैः समन्तात् ग्रसमानः लेलिह्यसे । जगत् समग्रं तेजोभिः आपूर्य, विष्णो तव उग्राः भासः प्रतपन्ति ।

सारा लोकलाई बल्दा मुखले सबैतिरबाट गाँस हाल्दै लपलपाउनुहुन्छ । सारा जगत्लाई आफ्नो तेजले ढाकेर, हे विष्णु हजुरका उग्रतेजले डढाउँछन् ।

आख्याहि मे को भवानुग्ररूपो नमोस्तु ते देववर प्रसीद ।
विज्ञातु मिच्छामि भवन्त माद्यं न हि प्रजानामि तव प्रवृत्तिम् ।३१ ।

आख्याहि मे कः भवान् उग्ररुपः नमः अस्तु ते, देववर प्रसीद । भवन्तम् आद्यं विज्ञातुम् इच्छामि तव प्रवृत्ति नहि प्रजानामि ।

मलाई आज्ञा होस्, उग्ररूपवाला हजुर को हुनुहुन्छ ? नमस्कार छ हजुरलाई, हे देववर प्रसन्न हुनुहोस् । श्रेष्ठ आदिपुरुष हजुरलाई चिन्न चाहन्छु । हजुर के गर्न चाहनुहुन्छ, बुझेको छैन ।३१।

श्री भगवानुवाच – श्रीकृष्ण भगवान्बाट हुकुम भयो ।

कालो स्मि लोकक्षयकृत् प्रवृद्धो लोकान् समाहर्तु मिह प्रवृत्तः ।
ऋतेपि त्वां न भविष्यन्ति सर्वे ये वस्थिताः प्रत्यनीकेषु योधाः ।३२।

लोक क्षयकृत् प्रवृध्दः कालः अस्मि लोकान् समाहर्तुम् इह प्रवृत्तः । त्वाम् ऋते अपि प्रत्यनीकेषु ये योधाः प्रत्यवस्थिताः सर्वे न भविष्यन्ति ।

लोकको क्षय गर्ने ठूलो महाकाल हुँ । लोकलाई यहाँ सोहोर्न लागिरहेछु । तिमी बाहेक पनि रण क्षेत्रमा जुन लडाकाहरु खडा छन्, तो सबै रहने छैनन् ।

महाकालको पकडबाट जगत्मा कोही पनि पर हुँदैन । कीटपतङ्गदेखि लिएर हिरण्यगर्भ ब्रह्मासम्म कालका अधीनमा छन् । महाकालस्वरूप परमेश्वरमा यो जगत् सोहोरिइरहेको छ, त्यही परमेश्वरबाट निस्कि पनि रहेको छ । अभिमान कसैले पनि गर्ने प्रयोजन छैन । कुनै व्यक्तिको वा व्यक्तिहरुको गर्नु र नगर्नुमा कुनै अर्थ छैन । कसैले गरे पनि, नगरे पनि हुने कुरो नभई छोड्दैन; नहुने कुरो हुँदै हुँदैन । यसको हिसाब किताब अभिमान गर्नेहरुका हातमा छैन । यो हिसाब किताब आफ्नो ढङ्गसँग चलिरहेको छ । यो परमेश्वरीय विधानमा व्यक्तिहरु निमित्त बन्छन् । आफूलाई निमित्तमात्र मान्नु ठीक हो, कर्ता मान्नु बेठीक हो । महाभारत युद्ध हुनु र नहुनुमा, भीष्म द्रोण आदि मर्नु र बाँच्नुमा अर्जुनको कर्तृत्वको र अकर्तृत्वको कुनै मतलब नै छैन ।

तस्मात् त्व मुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून् भुङ्क्ष्व राज्यं समृद्धम् ।
मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ।३३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् त्वम् उत्तिष्ठ, यशः लभस्व, शत्रून् जित्वा समृध्दं राज्यं भुङ्क्ष्व, मया एव एते पूर्वम् एव निहताः, सव्यसाचिन्, निमित्त मात्रं भव ।

त्यसकारण, तिमी उठ, जस पाऊ, शत्रुहरुलाई जितेर, वैभवशाली राज्यको भोग गर । मैले नै यिनीहरु अघि नै मारिइसकेका छन् । हे सव्यसाची अर्जुन, तिमी निमित्तमात्र बन ।३३।

व्यक्ति व्यक्तिको परस्पर सम्बन्ध सामान्य कुरा हो । व्यक्ति समुदायसँग सम्बद्ध कुराहरु सामान्य मात्रै हुँदैनन्, स्थूल मात्रै हुँदैनन् । सामूहिक कुराहरु आफ्नै किसिमको विधानबाट चल्छन् । सूक्ष्मरूपमा, मूलरूपमा हुने कुरा भैसकेको हुन्छ । पछि स्थूल व्यक्तिहरुबाट स्थूलरूपमा सम्पन्न हुन्छ, दृश्य रूपमा आउँछ । व्यक्ति जस्मै पीठो पिन्ने हुन्, मकै पिन्ने हैनन् । भैसकेका कुरामा व्यक्तिविशेष निमित्त मात्रै हुन्छन् । यो ईश्वरीय विधानलाई बुझेर कर्तृत्व भोक्तृत्वको अभिमान नगरी, ईश्वरीय खटन सम्झेर काम गर्नेहरु बुद्धिमान् हुन् सुखी हुन्छन् ।

द्रोणंच भीष्मंच जयद्रथंच कर्णं तथा न्यानपि योधवीरान् ।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा युध्यस्व जेतासि रणे सपत्नान् ।३४।

द्रोणं च, भीष्मं च, जयद्रथं च, कर्णं तथा अन्यान् अपि योधवीरान् मया हतान् त्वं जहि, मा व्यथिष्ठाः, युध्यस्व, रणे सपत्नान् जेतासि ।

द्रोण पनि, भीष्म पनि, कर्ण त्यस्तै अरू पनि वीर लडाकाहरु मैले मारिएका छन्, तिनैलाई तिमी हान (मार), आकुल नबन, लड, युद्धक्षेत्रमा शत्रुहरुलाई जित्नेछौ ।३४।

संजय उवाच – संजय आज्ञा हुन्छ ।

एतच्छ्रुत्वा वचनं केशवस्य कृताञ्जलि र्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं सगद्गदं भीतभीतः प्रणम्य ।३५।

एतत् केशवस्य वचनं श्रुत्वा कृताञ्जलिः वेपमानः किरीटी नमस्कृत्वा भूयः एव कृष्णं सगद्गदं, भीत भीतः प्रणम्य आह ।

यो केशवको वचन सुनेपछि, हात जोडेका, कामेका, किरीटी अर्जुनले नमस्कार गरेर फेरि पनि, कृष्ण भगवान्सँग, भकभकाउँदै, डराई डराई नुहेर, ढोगेर विन्ति गर्न लाग्नु भो ।३५।

अर्जुन उवाच – अर्जुनले विन्ति गर्नु भो ।

स्थाने हृषीकेश तव प्रकीर्त्या जगत् प्रहृष्यत्यनुरज्यते च ।
रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्ध संघाः ।३६।

स्थाने, हृषीकेश, तव प्रकीर्त्या जगत् प्रहृष्यति अनुरज्यते च, रक्षांसि भीतानि दिशः द्रवन्ति, सर्वे सिध्द संघाः च नमस्यन्ति ।

ठीक हो, हजुरको कीर्तनबाट जगतै प्रसन्न हुन्छ, प्रेममग्न बन्छ; राक्षस भूतप्रेतहरु डराएर जतातता भाग्छन्, सबै सिद्धहरु ढोग्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कस्माच्च ते न नमेरन् महात्मन् गरीयसे ब्रह्मणो प्यादिकर्त्रे ।
अनन्त देवेश जगन्निवास त्वमक्षरं सदसत् तत् परं यत् ।३७।

महात्मन्, गरीयसे, ब्रह्मणः अपि आदिकर्त्रे ते कस्मात् च न नमेरन् । अनन्त, देवेश, जगन्निवास, त्वाम् सत्, असत्, यत् परम् अक्षरं तत् ।

हे परमात्मा, गुरुका पनि गुरु, ब्रह्माजीको पनि आदिसृष्टि गर्ने हजुरलाई किन नढोग्नू ! हे देवताका अधिपति, हे जगन्निवास प्रभु, हजुर नै सत्, असत् र परम अक्षर तत्त्व होइबक्सिन्छ ।

त्वमादिदेवः पुरुषः पुराण स्त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम त्वया; ततं विश्व मनन्तरूप ।३८।

त्वाम् आदिदेवः पुराणः पुरुषः, त्वाम् अस्य विश्वस्य परं निधानम् वेत्ता वेद्यं च परं च धाम असि, अतन्तरुप त्वया बिश्वं ततम ।

हजुर आदिदेव पुराण पुरुष, हजुर नै यो विश्वको परम आधार, ज्ञाता, ज्ञेय, परम धाम (प्राप्तव्य) होइबक्सिन्छ । हे अनन्तरूप, विश्वरूप प्रभु, यो विश्व हजुरबाटै ढाकिएको छ ।३८।

वायु र्यमो ग्नि र्वरुणः शशाङ्कः प्रजापति स्त्वं प्रपितामह श्च ।
नमो नमस्ते स्तु सहस्रकृत्वः पुनश्च भूयोपि नमो नमस्ते ।३९।

वायुः यमः, अग्निः वरुणः, शशाङ्कः, प्रजापतिः, प्रपितामहः च त्वम् । ते सहस्र कृत्वः नमः नमः अस्तु पुनः च भूयः अपि ते नमः नमः ।

वायु, यमराज, अग्नि, वरूण, चन्द्रमा, कश्यप आदि प्रजापति, सृष्टिकर्ता ब्रह्मा, ब्रह्माका पनि सृष्टि कर्ता परमात्मा बराजू हजुर होइबक्सिन्छ । हजुरलाई हजार वार नमस्कार, नमस्कार होस् ; फेरि पनि फेरि पनि हजुरलाई नमस्कार, नमस्कार ।३९।

नमः पुरस्तादथ पृष्ठतस्ते नमोस्तु ते सर्वत एव सर्व ।
अनन्तवीर्या मित विक्रमस्त्वं सर्वं समाप्नोषि ततो सि सर्वः ।४०।

पुरस्तात नमः, अथ ते पृष्ठतः नमः अस्तु, सर्व ते सर्वत एव नमः अस्तु; अनन्त वीर्य, अमित विक्रमः त्वं सर्वं समाप्नोषि ततः सर्वः असि ।

अगाडि नमस्कार, अनि हजुरको पछाडि नमस्कार, हे सर्व हजुरलाई सबैतिर नमस्कार । हे अनन्तवीर्य, अपार वीर्यवाला प्रभुले सबै व्याप्त गरिबक्सेको छ त्यसैले सर्व होइबक्सिन्छ ।

सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं मया प्रमादात् प्रणयेन वा पि ।४१।

तव इदं, महिमानम् अजानता मया प्रमादात् प्रणयेन वा अपि सखा इति मत्वा प्रसभं हे कृष्ण, हे यादव, हे सखे इति यत् उक्तम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हजुरको यो विश्वरूप, यस्तो महिमा नबुझेको मैले घमण्डबाट, प्रमादबाट अथवा प्रेमबाट पनि साथी दौतरी भन्ने ठानेर, हठले हे कृष्ण, हे यादव, हे सखा भनेर जे भनें ।

यच्चावहासार्थ मसत्कृतोसि विहार शय्यासन भोजनेषु ।
एको थवाप्यच्युत तत् समक्षं तत् क्षामये त्वा महमप्रमेयम् ।४२।

यत् च विहार शय्यासन भोजनेषु अवहासार्थम्, हे अच्युत, एकः अथवा अपि उत तत् समक्षम् असत्कृतः असि तत् अहम् अप्रमेयं त्वां क्षामये ।

जुन डुल्दा, सुत्दा, बस्दा, खाँदा ठट्टा गर्नको खातिर, हजुरको पछाडि, एक्लै, अथवा हजुरकै अगाडि, अरूका समक्ष पनि अनादर गरें त्यो म पत्तो लाउन नसकिने परात्पर हजुरसँग क्षमा माग्छु ।४२।

पितासि लोकस्य चराचरस्य त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समो स्त्यभ्यधिकः कुतो न्यो लोकत्रये प्यप्रतिमप्रभाव ।४३।

चराचरस्य लोकस्य पिता असि, त्वम् अस्य पूज्यः च गुरुः गरीयान्, अप्रतिम प्रभाव, लोक त्रये अपि त्वत्समः अन्यः न अस्ति अभ्यधिकः कुतः ।

चराचर जगत्को पिता होइबक्सिन्छ, हजुर नै यो जगत्को गुरु, गुरुका पनि गुरु होइ-बक्सिन्छ । तुलना नै नहुने प्रभावबाला हे प्रभु, तीनै लोकमा हजुरसरहको नै कोही छैन, बढी ठूलो कहाँ ?

तस्मात् प्रणम्य प्रणिधाय कायं प्रसादये त्वा महमीश मीड्यम् ।
पितेव पुत्रस्य सखेव सख्युः प्रियः प्रियायार्हसि देव सोढुम् ।४४।

तस्मात् प्रणम्य, कायं प्रणिधाय, ईशम्, ईड्यम् त्वाम् अहं प्रसादये । पिता पुत्रस्य इव, सखा सख्युः इव, देव प्रियः प्रियाय सोढुम् अर्हसि ।

त्यसकारण, ढोगेर, शरीरलाई नुहाएर (झुकाएर), मालिक स्वामी, पूजनीय हजुरलाई म प्रसन्न गराउँछु । बाबुले छोरालाई, साथीले साथीलाई झैं, मेरा प्यारा हजुरले, हजुरको प्यारो मलाई हे देवता क्षमा, सहन गरिबक्सनेछ ।४४।

अदृष्टपूर्वं हृषितोस्मि दृष्ट्वा भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देव रूपं प्रसीद देवेश जगन्निवास ।४५।

अदृष्ट पूर्वं दृष्ट्वा हृषितः अस्मि, भयेन च मे मनः प्रव्यथितं, देव तत् एव रूपं मे दर्शय, देवेश, जगन्निवास प्रसीद ।

पहिले नदेखेको यो विश्वरूपको दर्शन पाएर खुशी भएको छु, डरले मेरो मन आतिएको पनि छ । हे देवता, त्यही रूपको मलाई दर्शन बक्सियोस्, हे देवताहरूका स्वामी, जगतै भरी रह-नुभएका, जगदाधार प्रभु, प्रसन्न बन्नु होस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किरीटिनं गदिनं चक्रहस्त मिच्छामि त्वां द्रष्टुमहं तथव ।
तेनैव रूपेण चतुर्भुजेन सहस्रबाहो भव विश्वमूर्ते ।४६।

किरीटिनं गदिनं, चक्रहस्तं त्वाम् अहं तथैव द्रष्टुम् इच्छामि। सहस्र बाहो, विश्वमूर्ते, तेन एव चतुर्भुजेन रुपेण भव ।

किरीट धारी, गदाले युक्त, हातमा चक्र भएको हजुरलाई म त्यस्तै दर्शन गर्न चाहन्छु । हे हजारौं बाहु भएका विश्वमूर्ति प्रभु, त्यही चतुर्भुज रूपले युक्त बनिबक्स्योस् ।४६।

श्री भगवानुवाच – श्रीभगवान् कृष्णबाट मर्जी भयो ।

मया प्रसन्नेन तवार्जुनेदं रूपं परं दर्शित मात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं यन् मे त्वदन्येन न दृष्टपूर्वम् ।४७।

मया प्रसन्नेन तव अर्जुन, तेजोमयं विश्वम्, अनन्तम्, आद्यं, यत् त्वदन्येन न दृष्ट पूर्वम् इदं परं रुपम् आत्म योगात् दर्शितम् ।

मैले प्रसन्न भएर तिमीलाई, हे अर्जुन, तेजस्वी विश्व ब्रह्माण्डमय अन्त(पार)पाउन नसकिने, परमश्रेष्ठ, जुन् तिमी बाहेक अरूले पहिले नदेखेको यो परम रूपको आपनो योगबाट दर्शन दिएको हुं ।४७।

न वेदयज्ञाध्ययनैर्न दानैर्न च क्रियामिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके द्रष्टुं त्वदन्येन कुरुप्रबीर ।४८।

न वेदयज्ञाध्ययनैः, न दानैः, न च क्रियाभिः, न उग्रैः तपोभिः, कुरुप्रवीर, नृलोके त्वदन्येन एवं रुपः अहं द्रष्टुं शक्यः ।

न वेदयज्ञाध्ययनले, न दानहरुले, न कर्मानुष्ठानले, न उग्रतपस्याहरुले हे कुरुश्रेष्ठ, यो नरलोकमा तिमी बाहेक अरूले यस्तो रूपको मलाई देख्न सक्छ । अर्थात् कुनै साधन अनुष्ठानबाट पनि मेरो विश्वरूप देख्न सक्तैन ।४८।

मा ते व्यथा मा च विमूढभावो दृष्ट्वा रूपं घोर मीदृङ् ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुन स्त्वं तदेव मे रूपमिदं प्रपश्य ।४९।

मम ईदृक् घोरम् इदं रुपं दृष्ट्वा ते व्यथा मा, मा च विमूढ भावः व्यपेत भीः, प्रीत-मनाः पुनः त्वं तत् एव मे इदं रुपं प्रपश्य ।

मेरो यस्तो घोर यो रूप देखेर तिमी नडराऊ, तिमी न अलमलिऊ । डर पयाँकेर, प्रसन्न मन गरेर फेरि तिमी त्यही मेरो यो रूप राम्ररी दर्शन गर ।४९।

संजय उवाच – संजयले भन्नु भो ।

इत्यर्जुनं वासुदेव स्तथोक्त्वा स्वकं रूपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं भूत्वा पुनः सौम्यवपु र्महात्मा ।५०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

'CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बासुदेवः इति अर्जुनं तथा उक्त्वा स्वकं रुपं भूयः दर्शयामास। महात्मा पुनः सौम्यवपुः भूत्वा भीतम् एनं आश्वासयामास च ।

बासुदेव भगवान्ले यसरी अर्जुनलाई त्यस्तो हुकुम भएर आफ्नो रूप (चतुर्भुजको) दर्शन बक्सियो । परमात्मा प्रभुले फेरि सुन्दर शान्त विग्रह (द्विभुज कृष्ण रूप) भएर डराएका यो अर्जुनलाई फुल्याइबक्सियो ।५०।

अर्जुन उवाच – अर्जुनले आज्ञा भयो ।

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ।५१।

जनार्दन, तव सौम्यम् इदं मानुषं रुपं दृष्ट्वा इदानीम्, सचेताः, प्रकृतिं गतः अस्मि ।

हे जनार्दन हजुरको यो शान्त सुन्दर मनुष्य रूप देखेर म अब मन ठीक भएको र आफ्नो स्थितिमा आएको छु ।

मनुष्यरूपधारी द्विबाहु श्रीकृष्णसंग सदा मित्रभावले व्यवहार गरिरहेका अर्जुनलाई तिनै कृष्ण साक्षात् भगवान् हुनुहुन्छ भन्ने प्रत्यक्ष साक्षात्कार भएको रहेनछ, त्यतातिर मन गएको रहेनछ । चतुर्भुज भगवान् विष्णुले श्री कृष्णको रूपमा मनुष्यावतार लिनुभएको हो, मनुष्य शरीरधारी श्रीकृष्ण स्वयं चतुर्बाहु भगवान् विष्णु हुनुहुन्छ भन्ने कुरा अर्जुनलाई थाहा नभएको पनि हैन । स्वयं श्रीकृष्णबाटै, व्यास नारद आदि अनेकौं ऋषि महर्षिहरुबाट सयौं प्रसङ्गमा यो कुरा अर्जुनले सुन्नु भएको थियो, जान्नुभएको थियो । त्यसको प्रत्यक्ष साक्षात्कार, मिलान गर्ने सौभाग्य अर्जुनलाई प्राप्त भएको रहेनछ । श्री कृष्णसंग अभिन्न मित्रता थियो, चौबीसै घण्टा जस्तो साथसाथै, वस्ने खाने सुत्ने हिंड्ने, काम गर्ने आदि सारा व्यबहार चल्थे । श्रीकृष्णलाई श्रीकृष्णकै रूपमा, हैसियतमा अर्जुन प्रेम गर्नुहुन्थ्यो । ध्यानमा उपासनामा अर्जुन शंख चक्र गदा पद्मधारी, मुकुट कुण्डल आदिले सुशोभित चतुर्बाहु भगवान् विष्णुको ध्यान गर्नुहुन्थ्यो । ध्येय भगवान् विष्णुलाई ध्येय, उपास्य भगवान् विष्णुकै रूपमा भक्ति गर्नुहुन्थ्यो । भगवान् जगद्व्यापक, हुनुहुन्छ, विश्वब्रह्माण्ड जम्मै नै भगवान्का अङ्ग प्रत्यङ्ग हुन्, भगवान्कै विभूति हुन् भन्ने पनि अर्जुनले सुन्नु जान्नु भएको थियो । आफ्नो ध्येय चतुर्बाहु भगवान् नै विश्वब्रह्माण्डविग्रह विश्वरूप हुनुहुन्छ, विराट्ब्रह्म हुनुहुन्छ भन्ने प्रत्यक्ष साक्षात्कार गर्ने प्रयत्न भएको थिएन । श्रीकृष्णलाई, चतुर्बाहु भगवान् विष्णुलाई, विश्वब्रह्माण्डविग्रह विराट् ब्रह्मलाई अर्जुनले जान्नु भएको थियो । यो ज्ञान सम्भवतः भिन्न भिन्नमा, पृथक् पृथक्मा सीमित थियो, केन्द्रित थियो; अभिन्न रूपमा, एक रूपमा, अनन्य रूपमा प्रत्यक्ष साक्षात्कार भएको थिएन । अहिले भगवत्कृपा भो, एक रूपमा प्रत्यक्ष दर्शन पाउनुभो । द्विभुज श्रीकृष्ण, चतुर्भुज भगवान्, सहस्रभुज विश्वरूपको अनन्यत्व एकत्व साक्षात्कार श्रीकृष्णबाट गराइदिइबक्स्यो ।

मनुष्यरूपधारी श्रीकृष्णबाट उपदेशको प्रसङ्गमा भक्त अर्जुन माथि कृपा गरेर सहस्रबाहु विश्वरूप ग्रहणगरिबक्स्यो । विश्वरूपको दर्शन पाएर, विश्वरूपधारी प्रभुबाट ज्ञान पाएर सन्तुष्ट बनेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन त्यही उग्र रूपमा मनलाई समाहित गर्न नसक्दा आत्तिनुभो, डराउनुभो । अर्जुनले सँधै उपासना गरिने, ध्यान गरिने उपास्य देव, इष्ट देव चतुर्बाहु भगवान् हुनुहुन्थ्यो । उहाँले विश्वरूप प्रभुलाई आपनै उपास्य चतुर्भुजरूपको दर्शन दिने प्रार्थना गर्नु भो 'तदेव मे दर्शय देव रूपम्' भनेर । परम कृपालु भगवान्ले त्यही चतुर्बाहु आपनो स्वरूपको दर्शन बक्स्यो । उपासनाको स्थितिमा आएका अर्जुनलाई अझ व्युत्थानको स्थितिमा ल्याएर द्विभुज श्रीकृष्णरूपको दर्शन बक्सियो; उही परममित्र श्रीकृष्णको रूप लिएर फुल्याउनुभो ।

एघारौं अध्यायमा श्रीकृष्णले श्रीकृष्णरूपलाई विश्वरूप, विश्वरूपलाई चतुर्भुजरूप र चतुर्भुजरूपलाई पुनः द्विभुज श्रीकृष्णको रूपमा दर्शन बक्सेको छ । अर्जुनले भगवान्को तीन स्वरूपको दर्शन पाउनुभएको छ; मनुष्यरूपधारी श्रीकृष्णको, बिश्वब्रह्माण्डरूपधारी सगुण ब्रह्मको, जगत्को जन्मादिकारण मायोपाधिक मायापति परमेश्वरको, आपनो इष्टदेव उपास्य चतुर्भुज भगवान्को अनन्यता, एकता, अभेदको साक्षात्कार पाउनुभएको छ ।

मनुष्यजीवनमा उपासनाको नै सबभन्दा ठूलो महिमा छ । जुनसुकै स्थितिबाट पनि उपासनाको स्थितिमा नै आउनुपर्छ । व्युत्थानको व्यवहारस्थितिबाट उपासनाको स्थितिमा उक्लिइन्छ । उपासनाको स्थितिबाट माथिको स्वरूपस्थितिमा रहेर पनि उपासनामा नै ओर्लिनुपर्छ । वसिष्ठ, वामदेव, शङ्कराचार्य आदि सबै महात्माहरुले ज्ञानको महिमा, ज्ञानबाट मात्रै मुक्ति हुने सत्यको एकै स्वरले घोषणा गर्नुभएको छ; साथै उपासनाको, परभक्तिको उपादेयता र महत्ता गाउनुभएको छ ।

उहाँहरुले स्वयं उपासना गरिरहेर, पर भक्ति (अनन्य भक्ति) गरिरहेर उदाहरणवाट उपदेश गर्नु भएको छ, उपासनालाई कहिल्यै पनि छोड्न नहुने कुरा बताउनु भएको छ । भगवान्ले दिव्यशक्ति बक्सियो, दिव्यचक्षु, योगदृष्टि निगाह भयो । अर्जुनले कसैले नदेखेको भगवान्को योग प्रभावको दर्शन पाउनुभो, कृतकृत्य हुनुभो; तर उपासनास्थितिमै ल्याइदिने, उपास्य शान्त सुन्दर रूपकै दर्शन दिने प्रार्थना गर्नुभो । भगवान् श्रीकृष्णले उपासनाकै र उपास्यकै महत्त्व बुझाउन उपास्य रूपकै दर्शन बक्सियो । व्युत्थानमा हुँदा पनि स्वरूपबाट नडगेर, उपास्यदेवको भक्ति गरेर, उनै उपास्यको पूजा अर्चनाको रूपमा कर्म हुनुपर्छ, व्यवहार चल्नुपर्छ भन्ने शिक्षा यो प्रसङ्गबाट प्राप्त भयो ।

श्री भगवानुवाच – श्री भगवान् कृष्णबाट भर्जी भो ।

सुदुर्दर्शं मिदं रूपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रूपस्य नित्यं दर्शन काङ्क्षिणः ।५२।

यत् सुदुर्दर्शम् इदं मम रुपं दृष्टवान् असि देवाः अपि अस्य रुपस्य नित्यं दर्शन काङ्क्षिणः ।

जुन् दर्शन पाउन अति गाहारो यो मेरो रूप देखेका छौ, देवताहरु पनि यो रूपको सँधै दर्शन पाउने इच्छा गरिरहन्छन् ।५२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाहं वेदै र्न तपसा न दानेन न चेज्यया ।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ।५३।

अहं न वेदैः, न तपसा, न दानेन, न च इज्यया एवंविधः द्रष्टुं शक्यः मां यथा दृष्टवान् असि ।

मलाई न वेदहरुबाट, न तपस्याबाट, न दानबाट, न यज्ञयागबाट त्यस्तो रूपमा दर्शन पाउन सकिन्छ मलाई जस्तो रूपमा तिमीले दर्शन पायौ ।

भक्त्या त्वनन्यया शक्य अह मेवंविधो र्जुन ।
ज्ञातुं, द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप ।५४।

अर्जुन, भक्त्या तु अनन्यया, एवंविधः अहं, परन्तप, ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च शक्यः ।

हे अर्जुन, अनन्यभक्तिले चाहिं यस्तो रूपको मलाई, हे शत्रुपीडक, जान्न, देख्न र त्यहीं रूपमा प्रवेश गर्न सकिन्छ ।५४।

मत्कर्मकृन् मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ।५५।

मत्कर्मकृत्, मत्परमः, मद्भक्तः, सङ्गवर्जितः सर्वभूतेषु निर्वैरः यः स माम् एति पाण्डव ।

मेरो कर्म गर्ने, ममा नै लाग्ने, मेरै भक्ति गर्ने, अन्यत्र आसक्ति छुटेको (अभिमान नभएको) सबै भूतमा वैरभाव नभएको जो हुन्छ त्यसले मलाई प्राप्त गर्छ हे अर्जुन ।५५।

निःश्रेयस, परमकल्याण स्वरूप मोक्षका निमित्त साधकले गर्नुपर्ने साधनाको सम्पूर्ण सार यो श्लोकमा भगवान्बाट उपदेश भएको छ । श्रीमद्भगवद्गीताशास्त्रले उपदेश गरेको साध्यको, साधनको र साधनाको सार यहाँ सङ्ग्रहीत भएको छ । गीताशास्त्रको परम साध्य मनुष्यको निःश्रेयस, परम कल्याण हो । यसको साधन कर्मयोग, भक्तियोग (उपासनायोग) र ज्ञानयोग हो । साधना यिनैको अनुष्ठान हो । अनुष्ठान गर्ने पद्धति, प्रकार, विधि शास्त्रहरले बताएका छन् । भगवान् श्रीकृष्णले सर्वोत्तम युक्ति, अनुष्ठान गर्ने जुक्तिको उपदेश गर्नुभएको छ ।

कर्म जति गरिन्छन्, ती जम्मै भगवान् परमेश्वर श्रीकृष्ण परमात्माकै निमित्त गर्नू, उहाँमै लागिरहनू, उहाँलाई नै पाउन प्रयत्न गरिरहनू । सारा बाहिरी तथा भित्रीं इन्द्रियले, सम्पूर्ण प्रकारले, सम्पूर्ण उत्साहले उही भगवान्को भक्ति, उपासना, आराधना गर्नू । अन्त कहीं पनि, केहीमा पनि, कत्ति पनि आसक्ति, अभिमान नगर्नू । कुनै प्राणीमा पनि, आफूलाई अत्यन्त अत्यन्त अहित गर्नेमा पनि, अलिकति पनि वैरभाव नलिनू । निःश्रेयस परमकल्याण प्राप्त हुन्छ । यो जुक्तिबाट गरिएको कर्मयोगले र ध्यानयोगले शुद्ध जीवात्माको स्वरूप बुद्धिन्छ । यो जुक्तिबाट गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपासनायोगले, भक्तियोगले शुद्ध परमेश्वरको स्वरूपदर्शन हुन्छ । यसरी अभेदभावनाबाट गरिएको ज्ञानयोगले अखण्ड आनन्दैकघन परब्रह्मसाक्षात्कार हुन्छ । कर्मयोग र ध्यानयोगबाट 'त्वं' पदार्थ जीवात्माका अशुद्धि, भ्रम हराउँछन् । उपासनायोग, भक्तियोगबाट तत्पदार्थ परमात्मा परमेश्वरमा भएको उपाधि भ्रम हराउँछ । ज्ञानयोगबाट उपाधिरहित जीवात्माको, उपाधिरहित ईश्वरको आत्मत्वमात्रको बोध हुन्छ, आत्मा र परमात्माको एकत्वसाक्षात्कार हुन्छ । यही ज्ञानयोगबाट सम्पूर्ण कर्मसंस्कार क्षीण भएको हुँदा अखण्ड सच्चिदानन्दघन मात्र हुन्छ ।

ॐ तत् सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन-संवादे विश्वरूपदर्शनयोगो नाम एकादशः अध्यायः ।

ॐ तत् सत् विश्वरूपदर्शनयोग नामक एकादश अध्याय समाप्त भो ।

यो अध्यायमा भगवान्ले भक्त अर्जुनलाई दिव्य दृष्टि निगाह भएर सर्वकारणकारण, सर्वाधिपति, सर्वनियन्ता, सर्वशक्तिमान्, सर्वज्ञ, महामायाधिपति ईश्वरको विश्वरूपको दर्शन बक्सेको छ । महाकालस्वरूप विश्वरूप मायापति भगवान्बाट नानात्वमय अनन्त द्वैतप्रपञ्चप्रवाह प्रवाहित पनि भइरहन्छ; महाकालस्वरूप विश्वरूप भगवान्मा नै सम्पूर्ण द्वैतप्रपञ्चको विलय पनि भइरहन्छ । यो हुन्छ र यो हुँदैन भन्ने कुनै निश्चय छैन । भगवान्को विश्वरूप सर्वाश्चर्यमय छ, सृष्टिमा पनि, स्थितिमा पनि, संहारमा पनि यसकै चमत्कार चम्किरहेको छ, यसकै आभा आभासित भइरहेको छ । अणु अणुदेखि लिएर महान् महान्सम्म पनि यही विश्वरूपका झिल्का हुन् । समग्र विभूति यसैका फिलिङ्गा हुन्, छविमय अङ्ग हुन्, अवयव हुन्, छटा हुन् । जहाँ पनि, जसमा पनि यही छ । यही दर्शन पाउन खोज्नुपर्छ, गर्न सक्नुपर्छ । उपासनासिद्धिको परिपक्व स्थितिमा यही दर्शन हुन्छ । उपासना गर्नेले यो विषय ध्यानमा राख्नुपर्छ । यिनै कुराहरुको उपदेश भएकोले यो अध्यायको नाम विश्वरूपदर्शनयोग रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ द्वादशः अध्यायः– भक्ति योगः ।

अर्जुन उवाच – अर्जुनले आज्ञा भयो ।

एवं सततयुक्ता ये भक्ता स्त्वां पर्युपासते ।
ये चाप्यक्षर मव्यक्तं तेषां के योगवित्तमाः ।१।

एवं सततयुक्ताः ये भक्ताः त्वां पर्युपासते ये च अपि अव्यक्तम् अक्षरं तेषां योगवित्तमाः के ।

यसरी सँधै लागिपसेर जुन भक्तहरु हजुरको सर्वतिरबाट उपासना गर्छन् । जुन अरू भक्तहरु वचन, मनको अविषय भएको, अक्षर तत्त्वको, परम ब्रह्मको उपासना गर्छन् । ती दुइ किसिमका भक्तहरुमध्ये कुनचाहिं किसिमका भक्तहरू अधिक योगवेत्ता हुन् ?

भक्ति भनेको भजन हो, सेवा हो, उपासना हो । अरू सबै कुरालाई छोडेर आपनो सेवनीय, भजनीय इष्टवस्तुमा मात्रै मन लगाएर राखीरहनुको नाम उपासना हो । उपासनामा चिन्तनको धारणा, ध्यान र समाधि भनी तीन तह मानिएको छ । उपास्यमा चित्त अडाउनें पहिलो स्थितिको नाम धारणा हो । त्यो स्थितिलाई दीर्घकालसम्म दृढ बनाउनु ध्यान हो । अझ उपास्यमा पूर्ण मग्न भइरहनु समाधि हो । यी तीन चिन्तनतारतम्यको एकमुष्ट नाम उपासना हो ।

उपासना जेको पनि हुन्छ । तर विनश्वर भूतभौतिक वस्तुमा गरिने चिन्तन प्रवाहलाई उपासना भनिंदैन । अभौतिक अनश्वर तत्त्वमा लगाइएको शान्त अविचल चित्तवृत्तिको समान प्रवाहलाई मात्र उपासना भन्नुपर्छ । यस्तो उपासना सगुण ब्रह्मको पनि, साकार उपास्यको पनि हुन्छ, निर्गुण ब्रह्मको पनि, उपास्यको पनि हुन्छ । भगवान् श्रीकृष्णबाट गीतामा सर्वत्र भक्ति, अनन्य चिन्तन, उपासना, चित्तधारणा, आदि भिन्न भिन्न शब्दबाट र भङ्गीबाट उपासनाको महत्त्व बताइबक्सेको छ । सर्वरूप ईश्वरको उपासनाको निमित्त विश्वरूपको दर्शन पनि भगवान्बाट बक्सियो । 'मेरै कर्म गर्ने, ममा नै लागिरहने मेरै भक्ति गर्ने' भन्ने हुकुम भयो । अझै पनि अर्जुनमा जिज्ञासा उत्पन्न भएको छ । श्रीकृष्णले मर्जी भएको 'म' को अर्थ स्वयं श्रीकृष्ण द्विभुज पनि, ईश्वर पनि, निरूपाधि ब्रह्म पनि हुन्छ । कुन चाहिंको उपासना गर्नु बेस हो भन्ने जान्न अर्जुनले चाहनु भएको देखिन्छ ।

श्री भगवानुवाच – श्री कृष्ण भगवान्बाट आज्ञा भयो ।

मय्या वेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयो पेता स्ते मे युक्ततमा मताः ।२।

मयि मनः आवेश्य, ये मां नित्ययुक्ताः उपासते श्रध्दया परया उपेताः ते मे युक्ततमाः मताः ।

ममा मन पसाएर, जो मलाई निरन्तर लागिरहेर, उपासना गर्छन्, परम श्रद्धाले युक्त भएका ती भक्तहरु मेरो बिचारमा बढी युक्त छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपासनाको महत्त्व छ, सगुण वा निर्गुण जुन रूपको उपासना गरे पनि साध्य उही हो । सगुणोपासनामा परमश्रद्धा र निरन्तर चिन्तन आवश्यक हुन्छ । सगुणोपासकका सारा क्रियाहरु ध्येय, उपास्यकं निमित्त हुन्छन् । आफूलाई पूर्ण समर्पित गरेर परमश्रद्धाले निरन्तर भक्ति गर्ने सगुण ब्रह्मका उपासकहरु ठीक हुन् । किनभने, विचलन हुने, विघ्न हुने, भ्रष्ट हुने डर सगुणोपासनामा कम हुन्छ ।

ये त्वक्षर मनिर्देश्य मव्यक्तं पर्युपासते ।
सर्वत्रग मचिन्त्यं च कूटस्थ मचलं ध्रुवम् ।३।

ये तु अनिर्देश्यं, सर्वत्रगम्, अचिन्त्यं च, कूटस्थम्, अचलं, ध्रुवम्, अक्षरं पर्युपासते ।

तर जो बताउन नसकिने, बुद्धिले नसमाइने, व्यापक, चित्तले नसम्झिने, कूटस्थ (उपाधि शून्य) निष्क्रिय, स्थिर, नित्य अक्षर निर्गुणब्रह्मको पूर्ण उपासना गर्छन् ।३।

सनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ।४।

इन्द्रियग्रामं संनियम्य, सर्वत्र समबुध्दयः सर्वभूतहिते रताः ते माम् एव प्राप्नुवन्ति ।

इन्द्रियहरुलाई वशमा राखेर सर्वत्र समबुद्धि भएका, सबै प्राणीको हितमा रमाउने ती उपासकहरु मलाई नै प्राप्त गर्छन् ।४।

क्लेशो धिकतर स्तेषा मव्यक्तासक्त चेतसाम् ।
अव्यक्ता हि गति र्दुःखं देहवद्भि रवाप्यते ।५।

अव्यक्तासक्त चेतसां तेषां क्लेशः अधिकतरः । हि देहवद्भिः अव्यक्ता गतिः दुःखम् अवाप्यते ।

निर्गुण ब्रह्मोपासकहरुको साधना बढी कठोर हुन्छ । किनभने, शरीर धारीहरुले अव्यक्त निर्गुण स्थिति गाह्रोसँग पाइन्छ ।५।

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ।६।

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य, मत्पराः अनन्येन एव योगेन मां ध्यायन्त उपासते ।

तर जो सबै कर्महरु ममा समर्पण गरेर, ममा नै लागेर, अन्य नलाग्ने योगले मेरो ध्यान गर्दै उपासना गर्छन् ।६।

तेषा महं समुद्धर्ता मृत्युसंसार सागरात् ।
भवामि न चिरात् पार्थ मय्यावेशित चेतसाम् ।७।

पार्थ, मयि आवेशित चेतसां तेषांम् अहं मृत्युसंसार सागरात् समुध्दर्ता न चिरात् भवामि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम गति



ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् । यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे अर्जुन, ममा चित्त लगाउने तिनीहरुलाई म मृत्युसंसारसागरबाट समुद्धार गर्ने चांडै नै हुनेछु ।७।

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ।८।

मयि एव मनः आधत्स्व, मयि बुद्धिं निवेशय, अत ऊर्ध्वं मयि एव निवसिष्यसि न संशयः ।

ममा नै मन अडाऊ, ममा नै बुद्धि बसाऊ, यसपछि पछि ममा नै बस्ने छौ, शङ्का छैन ।८।

वास्तव तत्त्व परब्रह्म मात्रै हो; जान्नुपर्ने, बुझ्नुपर्ने तत्त्व परब्रह्म नै हो। यो सर्वधर्मशून्य, सर्वोपाधिविवर्जित छ। यो वचन मन बुद्धिको अविषय छ। यसको उपासना आत्मादेखि भिन्न कुनै कुरा यनि सर्वथा नदेख्नु हो। यस्तो उपासना सगुणोपासनाभन्दा बढी कठिन छ। निर्विषयमा चित्तलाई स्थिर गरेर सम्पूर्ण अनात्मवस्तुको अध्यास हटाउन निकै निकै गाहारो छ। प्रथमतः निर्गुणोपासना गर्नुभन्दा सगुणोपासना गर्नु बेस हुन्छ, सगुणोपासनाले निर्गुणोपासनाको सोपान तयार हुन्छ, निर्गुणोपासनामा आरोहण गर्न सकिने हुन्छ।

सगुणोपासनामा क्रमैले माथि माथि उक्लन पाइने हुन्छ। एकै चोटि माथि उक्लन नसक्नेले शुरुमा भगवान्‌को मूर्ति, प्रतिमा, चित्र आदिमा भगवद्बुद्धि गरेर उपासना गरे हुन्छ। मूर्तिको पनि, प्रतिमाको पनि ध्यान गर्दा अस्त मन लगाउनु हुँदैन। भगवान्‌को पाउदेखि एकेक अङ्गको ध्यान गर्दै सम्पूर्ण अवयवको ध्यान गर्ने, अनि सम्पूर्ण स्वरूपको ध्यान गर्ने गर्दा चित्तलाई झन् झन् स्थिर गराउन सजिलो हुन्छ। चिरकालसम्म निरन्तर भक्तिपूर्वक ध्यान गर्दागर्दै मूर्ति नै चेतन भगवान्‌को विग्रह बन्छ, भक्तले सगुण भगवान्‌को दर्शन पाउँछ। प्रत्यक्ष सगुण भगवान्‌को स्वरूपको उपासना दृढ भएपछि भगवान्‌मा नै विश्वरूप, सर्वेश्वर, मायापति सगुण ब्रह्मको प्रत्यक्ष दर्शन पाइन्छ। यसरी सगुणोपासना गर्नेहरूलाई स्वयं परमेश्वर भगवान्‌ले उद्धार गरिबक्सिन्छ। सगुणब्रह्मोपासकहरु परमेश्वरभक्तिको प्रसादबाट परमपदमा प्राप्त हुन्छन्।

सर्वेश्वर मायापति सगुणब्रह्मको उपासनामा दृढता प्राप्त गर्न पनि मन चित्त बुद्धि जम्मै उहाँमा नै लगाइदिनुपर्छ। कार्यकारणसंघात जम्मैलाई परमेश्वरमा नै लगाउनुपर्छ। यसरी भक्ति गर्नेलाई मृत्युयुक्त संसाररूपी सागरबाट भगवान् परमप्रभुले अविलम्ब उद्धार गरिबक्सिन्छ।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मा मिच्छाप्तुं धनञ्जय ।९।

अथ चित्तं मयि स्थिरं समाधातुं न शक्नोषि ततः धनञ्जय अभ्यासयोगेन माम् आप्तुम् इच्छ ।

यदि चित्तलाई ममा स्थिरसँग अडाउन सक्तैनौ भने, हे धनञ्जय, अभ्यासयोगबाट मलाई प्राप्त गर्न खोज।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभ्यासे प्यसमर्थोसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन् सिद्धि मवाप्स्यसि ।१०।

अभ्यासे अपि असमर्थः असि मत्कर्मपरमः भव, मदर्थम् कर्माणि कुर्वन् अपि सिध्दिम् अवाप्स्यसि ।

अभ्यासमा पनि असमर्थ छौ भने मेरो कर्म गर्ने बन । मेरा निमित्तको कर्म गर्नाले पनि सिद्धि पाउनेछौ ।१०।

अथैत दप्यशक्तोसि कर्तुं मद्योग माश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ।११।

थ एतत् अपि मद्योगम् आश्रितः कर्तुम् अशक्तः असि ततः यतात्मवान् सर्वकर्मफल त्यागं कुरु ।

अनि यसो पनि मेरो योगमा आश्रित भई गर्न सक्तैनौ भने तब चित्त नबिगारीकन सर्वकर्मफलत्याग गर ।११।

श्रेयो हि ज्ञान मभ्यासाज् ज्ञानाद् ध्यानं विशिष्यते ।
ध्यानात् कर्मफलत्याग स्त्यागा च्छान्ति रनन्तरम् ।१२।

ज्ञानम् अभ्यासात् श्रेयः हि, ज्ञानात् ध्यानं विशिष्यते, ध्यानात् कर्मफल त्यागः, त्यागात् अनन्तरं शान्तिः ।

ज्ञान अभ्यासभन्दा बेस, ज्ञानभन्दा ध्यान ठूलो छ (फरक छ), ध्यानभन्दा कर्मफलत्याग हितकर छ, त्यागभन्दा पछि शान्ति हुन्छ ।१२।

निर्गुणब्रह्मोपासनामा योग्यता सगुणब्रह्मोपासनाले दिन्छ । विश्वेश्वर विश्वरूप सगुणब्रह्ममा एकै चोटि चित्त स्थिर गर्न नसक्नेले मूर्ति, प्रतिमा आदि आलम्बनमा चित्त स्थिर गर्ने अभ्यास गरे हुन्छ । कुनै ध्येयमा, कुनै आलम्बनमा चित्तलाई स्थिर गर्ने अभ्यास गर्नुपर्छ, चित्त अन्त गयो भने फेरि त्यताबाट खिचेर ध्येयमा नै लगाउनुपर्छ । यसो गर्दागर्दै चित्तको अन्त दौडने बानी छुट्छ, एकै आलम्बनमा स्थिर रहने बानी बस्छ । योभन्दा पनि अझ पहिले भगवान्का निमित्त कर्म गर्ने बानी बनाउनुपर्छ, भगवान्कै श्रवण, कीर्तन, स्मरण आदि भक्ति भावमय कर्म गर्नुपर्छ । आफूले गरेका सारा कर्महरुको फल भगवान्मा नै चढाइदिनुपर्छ । सर्वकर्मफलसमर्पणसाधनाबाट, भगवान्का निमित्त कर्म गर्ने साधना चल्छ, यो साधनाबाट अभ्यास योगसाधना चल्छ, यसको सिद्धिबाट धारणाध्यान समाधिरूपी संयमसाधना सिद्ध हुन्छ, यसबाट सगुणब्रह्मोपासना चल्छ । यसैबाट निर्गुणोपासना हुन्छ, परमपद प्राप्ति हुन्छ ।

श्रवण मनन पूर्वक चित्तलाई एकाग्र गराउने अभ्यास मात्र भन्दा ज्ञान हितकर हो । निश्चयात्मक ज्ञानभन्दा ज्ञानपूर्वक ध्यान असल हो । ज्ञानपूर्वक ध्यानभन्दा कर्मफलत्याग असल हो । जसलाई तत्त्वज्ञान भैसकेको छ त्यसको निमित्त पनि ध्यान उपासना र कर्मफलत्याग बेस हुन्छ; अरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

केही गर्न नसक्ने, नजाशेको निमित्त कर्मफलत्याग आत्मोद्धारको पहिलो र सजिलो उपाय हो। त्यसबाट ध्यान बन्छ र ज्ञान हुन्छ; जसबाट परम शान्ति मिल्छ। कर्मफलत्याग चलिरहेको, भक्ति बनिरहेको ज्ञान कल्याणकारक हो।

अद्वेष्टा सर्वभूतानाँ मैत्रः करुण एव च।
निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ।१३।

सर्वभूतानाम् अद्वेष्टा, मैत्रः, करुणः एव च निर्ममः, निरहङ्कारः, समदुःखसुखः क्षमी ।

सबै प्राणीमा द्वेषभाव नराख्ने, मित्रभाव गर्ने, करूणाभाव लिने, ममता छुटेको, अहङ्कार हटेको, दुःखसुखलाई समान देख्ने, सहनशील ।१३।

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः।
मय्यर्पित मनोबुद्धि र्यो मद्भक्तः स मे प्रियः ।१४।

सततं संतुष्टः, योगी, यतात्मा, दृढनिश्चयः, मयि अर्पितमनोबुध्दिः यः मद्भक्तः स मे प्रियः।

सँधै सन्तुष्ट, योगी, जितेन्द्रिय, दृढ निश्चयवाला, ममा मन बुद्धि अर्पित भएको जो मेरो भक्त हो त्यो मेरो प्यारो छ ।१४।

यस्मान् नोद्विजते लोको लोका न्नोद्विजते च यः।
हर्षा मर्ष भयोद्वेगै र्मुक्तो यः सच मे प्रियः ।१५।

यस्मात् लोकः न उद्विजते, लोकात् यः न उद्विजते च, हर्षामर्ष भयोद्वेगैः मुक्तः यः सच मे प्रियः।

जसबाट दुनियाँ दिक्क हुँदैन (झर्किंदैन), दुनियाँबाट पनि जो झर्कंदैन खुशी, डाहा, डर र विषादबाट मुक्त जो छ त्यो मेरो प्यारो हो ।१५।

अनपेक्षः शुचि र्दक्ष उदासीनो गतव्यथः।
सर्वारम्भ परित्यागी यो मद्भक्तः स मे प्रियः ।१६।

अनपेक्षः, शुचिः, दक्षः, उदासीनः, गतव्यथः, सर्वारम्भपरित्यागी यः मद्भक्तः सः मे प्रियः।

केही इच्छा नभएको, पवित्र, कर्तव्य निर्णयमा समर्थ, निष्पक्ष, दुःख हटेको, सबै कर्मको आरम्भ छोडेको जो मेरो भक्त हो त्यो मेरो प्रिय हुन्छ ।१६।

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति।
शुभाशुभ परित्यागी भक्तिमान् यः स मे प्रियः ।१७।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः न हृष्यति, न द्वेष्टि, न शोचति, न काङ्क्षति, शुभाशुभ परित्यागी भक्तिमान् यः स मे प्रियः ।

जो खुशी हुँदैन, द्वेष गर्दैन (रिसाउँदैन), शोक गर्दैन, इच्छा गर्दैन, शुभ र अशुभ दुवैको परित्याग गर्ने भक्तिमान् जो हो त्यो मेरो प्रिय हुन्छ ।१७।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्ण सुख दुःखेषु समः संगविवर्जितः ।१८।

शत्रौ च मित्रेच समः, तथा माना पमानयोः, शीतोष्णसुखदुःखेषु समः, सङ्ग विवर्जितः ।

शत्रुमा र मित्रमा सम रहने, त्यस्तै मान र अपमानमा, चीसो तातो, सुख दुःख जस्ता द्वन्द्वमा समभाव हुने, आसक्ति अहंकार छुटेको ।१८।

तुल्यनिन्दास्तुति मौनी सन्तुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमति र्भक्तिमान् मे प्रियो नरः ।१९।

तुल्य निन्दास्तुतिः, मौनी, येन केनचित् सन्तुष्टः, अनिकेतः, स्थिरमतिः भक्तिमान् मे प्रियः नरः ।

निन्दा र स्तुतिमा उस्तै अविकृत रहने, वचन तह लागेको, जे सुकैमा सन्तुष्ट, घरद्वारमा वास्ता नभएको, स्थिर बुद्धि भएको भक्तिमान् मेरो प्यारो मनुष्य हो ।१९।

ये तु धर्म्यामृत मिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्ता स्ते तीव मे प्रियाः ।२०।

ये तु धर्म्यामृतम् इदं यथोक्तं श्रद्दधानाः मत्परमाः भक्ताः पर्युपासते त मे अतीव प्रियाः ।

जसले धर्मानुकूल, अमृतपद दिने, यो मैले बताएका कुराहरुको श्रद्धा गरेर, ममा समर्पित भएर जस्ताको तस्तो परिपालन गर्छन् तिनीहरु मेरा अत्यन्त प्यारा हुन्छन् ।२०।

सगुणब्रह्मोपासना निर्गुणब्रह्मोपासनाभन्दा सुकर छ । सगुणब्रह्मोपासनामा चित्त स्थिर गराउन सकिएन भने अभ्यास गर्नु बेस हुन्छ । राम्ररी अभ्यास गर्न चित्तलाई कुनै मूर्ति प्रतिमा आदिमा भगवान्को प्रतीक मानेर चित्तलाई लगाइरहन नसकिउन्जेल भगवान्को निमित्त बनेर कर्म गर्नु सजिलो हुन्छ । यस्तो निमित्तभावलाई दृढ बनाउन नसकुन्जेल गरिएका कर्महरुको फल भगवान्मा चढाउनु बेस हुन्छ । यसरी क्रमिक विभिन्न उपायहरुको अवलम्बन गर्दै अघि बढ्न पाइने हुनाले सगुणब्रह्मोपासना ब्रह्मात्मैकत्वज्ञान भै नसकेकाहरुको लागि बढी असल हो, बढी ठीक हो, युक्ततम हो । यो उपासनाका साधकले प्राणीमात्रमा द्वेष भाव नगर्ने, मित्रभाव गर्ने आदि साधना गर्नुपर्छ ।

तत्त्वज्ञान प्राप्त गरेका ब्रह्मात्मैकत्वसाक्षात्कार गरिसकेका निर्गुणब्रह्म, परम अक्षर तत्त्वका उपासकहरुको अनात्मदर्शन हराइसकेको हुन्छ । उनीहरु आत्माबाहेक केही देख्दै देख्दैनन् । त्यसैले उनीहरु स्वभावतः द्वेष नगर्ने, मित्रता, करूणा गर्ने हुन्छन् । यिनै ज्ञानी भक्त भगवान् श्रीकृष्ण पर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्मा परम प्रभुका अतीव प्रिय हुन् । यी भक्तहरु पूर्ण अभेददर्शी हुन्, श्रीकृष्ण प्रभुदेखि, अक्षर-ब्रह्मदेखि आफूलाई भिन्न देख्दैनन् । श्रीकृष्ण प्रभु नै यिनका आत्मा हुनुहुन्छ, यिनले पनि श्रीकृष्ण प्रभुलाई आत्मा देखेका छन् । आत्मा सबभन्दा प्यारो छ । अतः यी ज्ञानी भक्त श्रीकृष्ण परमात्माका र श्रीकृष्ण परमात्मा यी ज्ञानी भक्तका परमप्रेमको, सर्वोच्च आनन्दको आलम्बन, निधान हुनुहुन्छ ।

ॐ तत् सत् इति श्रीमद्गवद्गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे भक्तियोगो नाम द्वादशः अध्यायः ।

ॐ तत् सत् भक्तियोग नामक द्वादश अध्याय समाप्त भो ।

यो द्वादश अध्याय उपासनाकाण्डको उपसंहार अध्याय हो । र साथै ज्ञानकाण्डको उपक्रमको लागि तयारी गर्ने अध्याय हो । यसमा मुख्य रूपमा परा भक्तिको, ज्ञानरूपा भक्तिको उपदेश भएकोले यसको नाम भक्तियोग रहेको छ । ईश्वरोपासनाको प्रसङ्गमा अभ्यास योग, ध्यानयोग, ईश्वरार्थक कर्मयोग, फलत्यागयोग अपर भक्तियोग सहायक हुन्छन् । सगुणोपासनामा र निर्गुणोपास-नामा उपासनीय ईश्वर उही हुने भएकोले परिणाममा उही हो र उही सिद्धि हुन्छ । जुन उपासनामा पनि मुख्य कुरो, साधकमा अद्वेष, सर्वभूतमा मित्रता, करूणा, आदि साधनसम्पति हुने पर्छ, यो नभई सिद्धि भिल्दै भिल्दैन । यी साधन सिद्ध गर्ने योगी ज्ञानमार्गको पक्का अधिकारी बन्छ, त्यसको पाइलो न त अड्छ, न त पछाडि वा अन्यत्र लाग्छ । हामी सिद्ध, सिद्ध भन्छौं; सिद्ध भनेको कुनै चमत्कार देखाउने मात्र नभई अद्वेष आदिको साधना पूर्ण गरेका महात्मा हुन् । अद्वैत तत्त्वको बोध भएपछि यी साधनसम्पत्तिलाई यत्न पूर्वक कर्तव्य भावले साध्नुपर्ने हुँदैन; स्वभावै बन्छ, आफैं चल्छ; प्रयत्न नगरीकनै अद्वेष, मित्रता, करूणा, अनहंकार, निर्ममता, समता, क्षमा आदि सिद्ध भएर चलि-रहन्छन् । उपासनायोग सिद्धिको, भक्तियोगसिद्धिको लक्षण यही हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

अथ त्रयोदशः अध्यायः – क्षेत्रक्षेत्रज्ञ विभाग योगः ।

श्री भगवानुवाच – श्री भगवान्‌बाट हुकुम भो ।

इदं शरीरं कौन्तेय क्षेत्र मित्यभिधीयते ।
एतद् यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ।१।

कौन्तेय इदं शरीरं क्षेत्रम् इति अभिधीयते । एतत् यः वेत्ति तं क्षेत्रज्ञः इति तद्विदः प्राहुः ।

हे अर्जुन, यो शरीर क्षेत्र भनी भनिन्छ । यसलाई जसले जान्दछ त्यसलाई क्षेत्रज्ञ भनी त्यो विषय जान्नेहरु भन्छन् ।१।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयो र्ज्ञानं यत् तज् ज्ञानं मतं मम ।२।

भारत, मां सर्वक्षेत्रेषु क्षेत्रज्ञं च अपि विध्दि । क्षेत्रक्षेत्रज्ञयोः यत् ज्ञानं तत् ज्ञानं मम मतम् ।

हे भारत, मलाई सबै क्षेत्रमा रहने क्षेत्रज्ञ पनि जान । क्षेत्रक्षेत्रज्ञको जुन ज्ञान हो, त्यो ज्ञान हो भन्ने मेरो मत छ ।२।

कर्तृत्व भोक्तृत्वरूपी सांसारिक व्यवहारमा भोग्यविषय र भोक्ताको ज्ञान प्रत्येक मनुष्यला नित्य निरन्तर भइ नै रहन्छ । शब्दस्पर्श आदि विषय भोग्य हुन् । कान छाला आदि बाह्य तथा मन आदि आन्तर इन्द्रिय भोगसाधन हुन्, करण हुन्; देहेन्द्रियको संघातस्वरूप स्थूलसूक्ष्मकारण-शरीर भोगायतन हुन् । इच्छा द्वेष सुख दुःख आदि अन्तरिन्द्रियका वृत्ति हुन् । यी जम्मैको मूल कारण अविद्या हो, यसैलाई अव्यक्त पनि भन्छन् । यिनमा चैतन्यको छवि दिएर यिनलाई आफू र आपनो भन्ने सम्झने चिदाभास भोक्ता हो । यही भोक्तालाई प्रमाता पनि भन्छन् । अन्तरिन्द्रियको वृत्तिलाई प्रमाण भन्छन् । इन्द्रियको पकडमा आउने अर्थात् देखिने, संझिने, चिताइने जति जम्मै प्रमेय हुन् । प्रमाता, प्रमाण र प्रमेयलाई त्रिपुटी भन्ने चलन छ । यिनमध्ये चेतन आत्मा मात्रै हो, अन्य सबै अचेतन हुन् । अचेतन जतिलाई गीतामा क्षेत्र भनिएको छ । क्षेत्रमा जसको प्रभावबाट चैतन्यच्छाया पर्छ र क्षेत्र ज्ञानमा चढ्ने हुन्छ त्यो चेतनलाई क्षेत्रज्ञ भन्छन् ।

ब्रह्मादेखि लिएर रूखलहरासम्म अनन्त शरीर छन् । प्रत्येक शरीर क्षेत्र हो । सबै शरीरलाई प्रकाश दिने क्षेत्रज्ञ नै हो । भिन्न भिन्न शरीर भिन्न भिन्न क्षेत्र हुन्, तिनलाई व्यष्टि क्षेत्र भन्छन् । भिन्नभिन्न व्यष्टि क्षेत्ररूपी उपाधिले गर्दा क्षेत्रज्ञ जीवात्मा पनि भिन्न भिन्न जस्तो लाग्छ । तर हैन, ब्रह्मादि स्तम्ब पर्यन्त क्षेत्रमा रहने क्षेत्रज्ञ उही हो । यति मात्र हैन, सर्वक्षेत्रमा रहने प्रकाश दिने क्षेत्रज्ञ नै सर्वोपाधिविवर्जित सदसदतीत, परब्रह्म परमात्मा हो । क्षेत्र पनि, परमात्मादेखि भिन्न हैन, परमात्मामा नै देखिएको आभास हो । क्षेत्र र क्षेत्रज्ञ भगवान् परमेश्वरका दुइ प्रकृति हुन्-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपरा र परा ।

कतै केही फरक नहुँदा पनि, भेद नहुँदा पनि, एउटै मात्र हुँदा पनि सुख दुःखमय संसारमा विचित्रता हुनाको कारण अज्ञान हो । ज्ञानले अभेद हुन्छ, अज्ञानले भेद हुन्छ । मार्ग दुइ चलेका छन्, श्रेयो मार्ग र प्रेयो मार्ग । ज्ञान मार्ग श्रेयो मार्ग हो, असंसारको बाटो हो । अज्ञानमार्ग प्रेयो मार्ग हो, संसारको बाटो हो । श्रुति स्मृति समस्त शास्त्रमा यही बताइएको छ । नीति र अनुभूतिले पनि यही सिद्ध गरेका छन् ।

देहेन्द्रियादिलाई आत्मा मान्ने अज्ञानी पुरुष धर्म अधर्मले लिप्त भएर भोगको संसारमा जन्मने र मर्ने भइरहन्छ । देहेन्द्रियादि उपाधि हो, आत्मा त्यसले अस्पृष्ट छ भन्ने बुझेका ज्ञानी पुरुष रागद्वेषरहित हुँदा धर्माधर्मबाट अलिप्त भएकोले जन्ममरणमा पर्दैनन् । यसउसले परमार्थमा ईश्वर नै, परमात्मा नै अविद्याबाट भएको उपाधिभेदबाट संसारी जस्तो लाग्छ । भ्रम हुँदैमा वस्तुमा विकार हुँदैन । परमात्मालाई शरीरोपहित जीव ठान्दैमा, अझ शरीरलाई नै आत्मा ठान्दैमा परमात्मामा शरीरेन्द्रियादि उपाधिको दोषरूप जन्म मृत्यु जरा दुःख आदिको स्पर्श हुँदैन । स्थाणु भनेको रूखको नढालिएको ठूटो । स्थाणुलाई पुरुष भन्ने ठान्दैमा स्थाणुमा पुरुषको सक्रियता सर्दैन । त्यस्तै परमात्मालाई जीव ठाने पनि, शरीरेन्द्रियादि ठाने पनि परमात्मामा जन्म मृत्यु जरा व्याधि आदिको, सुख दुखको, रागद्वेषादिको, धर्माधर्मको स्पर्श हुँदैन । स्वप्नमा देखेका कुराहरुले व्यवहारमा काम दिँदैनन्, स्वप्नमा मरेको कुकुर विपनामा बाँचेकै पनि हुन्छ । त्यस्तै व्यवहारमा ठानेको कुराले परमार्थमा स्पर्श गर्दैन ।

अविद्या भनेको दोष हो, अँध्यारो हो । अँध्यारोमा अज्ञान हुन्छ, देखिँदैन, नभएको (विपरीत देखिन्छ, ठम्मिदैन, संशय हुन्छ । यिनलाई अग्रहण, विपरीत ग्रहण र संशय भन्छन् । यी जम्मै अज्ञान हुन् । अँध्यारो दोष जाने वित्तिकै अग्रहण, विपरीत ग्रहण, संशय सबै हराउँछन्, सम्यग्दर्शन हुन्छ । अँध्यारो उज्यालोले मात्र हट्छ । विवेक उज्यालो हो, यसले अविद्यातिमिर हट्छ । विद्या प्रकाश हो, यसले अविद्याबाट आरोपित क्रिया, करण, कारक फल आदि आत्माका हुन् भन्ने अज्ञान हट्छ । योहटेपछि कुनै कर्तव्य शेष हुँदैन । प्रारब्ध मात्र चल्छ ।

तत् क्षेत्रं यच्च यादृक् च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत् समासेन मे शृणु ।३।

तत् क्षेत्रं यत् च, यादृक् च, यद्विकारि, यतः च यत् स च यः यत्प्रभावः च तत् समासेन मे शृणु ।

त्यो क्षेत्र जे हो, जस्तो हो; जे बिकारवाला छ; जेबाट जे हुन्छ; त्यो कुरा र त्यो क्षेत्रज्ञ जे हो, जे प्रभाववाला छ, त्यो कुरा छोटकरीमा मबाट सुन ।

क्षेत्रको र क्षेत्रज्ञको यथार्थ ज्ञान नै सम्यक् ज्ञान भएकोले क्षेत्रका विषयमा र क्षेत्रज्ञका विषयमा सबै कुरा जान्नु आवश्यक छ । क्षेत्र र क्षेत्रज्ञ भास्य र भासक हुन् । अझ क्षेत्र क्षेत्रज्ञमा नै अविद्यादोषबाट देखिएको हो डोरीमा सर्प देखिए जस्तै । डोरीको सम्यक् ज्ञान हुन डोरीको सत्यत्वका साथै सर्पको मिथ्यात्व पनि बुझ्नुपर्ने हुन्छ । त्यस्तै 'ज्ञ' लाई बुझ्नका लागि 'ज्ञ' मा देखि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एको क्षेत्रलाई पनि यथार्थ बुझ्नुपर्ने हुन्छ ।

ऋषिभि र्बहुधा गीतं छन्दोभि र्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदै श्चैव हेतुमद्भि र्विनिश्चितैः ।४।

ऋषिभिः बहुधा, विविधैः छन्दोभिः पृथक्, ब्रह्मसूत्रपदैः च एव विनिश्चितैः हेतुमद्भिः गीतम् ।

ऋषिहरुले धेरै प्रकारबाट, विविध वेदवाक्यहरूले बेग्लाबेग्लै, ब्रह्मबोधक उपनिषद् आदिले तथा निश्चित युक्तियुक्त शास्त्रवाक्यहरुले गान गरिएको । (क्षेत्र र क्षेत्रज्ञका विषयमा बताइएका कुराहरुका सार संक्षेप सुन) ।४।

महाभूता न्यहङ्कारो बुद्धि रव्यक्त मेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रिय गोचराः ।५।

महा भूतानि, अहङ्कारः, बुध्दिः, अव्यक्तम् एव च, दश एकं च इन्द्रियाणि, इन्द्रियगोचराः पञ्च च ।

महाभूतका कारण सूक्ष्मतन्मात्रा, अहङ्कार, बुद्धि, अव्यक्त (ईश्वर शक्ति माया) एघार इन्द्रिय, पाँच इन्द्रियविषयहरु ।५।

क्षेत्र, क्षेत्रको प्रकार र क्षेत्रको परिणाम संक्षेपमा यिनै हुन् । मुख्य क्षेत्र परमात्माको मायाशक्ति हो । यो कसैबाट भएको हैन, स्वयं ईश्वरको शक्ति हो । यो ईश्वरको अधीनमा छ तर संपूर्ण जगत् चाहिं यो मायाको अधीनमा छ । त्यसैले यो माया, सर्वकारणको कारण, सर्वशक्तिको शक्ति हो । यसलाई अव्याकृत प्रकृति पनि भन्छन् । यहाँ अव्यक्त भनेको यही शक्तिलाई हो, क्षेत्र यही हो ।

अव्यक्तबाट बुद्धि, बुद्धिबाट अहङ्कार, अहङ्कारबाट पाँच तन्मात्रा र एघार इन्द्रिय, तथा पाँच तन्मात्राबाट पाँच स्थूल विषय, स्थूल भूत हुन्छन् । यिनमध्ये एघार इन्द्रियबाट र पाँच स्थूल विषयबाट कुनै कार्यको पनि उत्पति हुँदैन, त्यसैले यी सोह्र पदार्थ विकृति (कार्य) मात्रै हुन्, व्याकृत मात्र हुन् । बुद्धि, अहङ्कार र पञ्च तन्मात्रा आफापना प्रकृतिका (कारणका) विकार (परिणाम) हुन् भने आफापना विकृतिका (कार्यका) प्रकृति कारण पनि हुन् ।

अव्यक्त समेत चौबीस तत्त्व क्षेत्र हो । अव्यक्त केवल प्रकृति हो; बुद्धि, अहङ्कार, पञ्चतन्मात्रा सात तत्त्व प्रकृति विकृति हुन् । एघार इन्द्रिय तथा स्थूल भूत, सोह्र तत्त्व विकृति मात्रै हुन् ।

'तत् क्षेत्रं यच्च'– को उत्तर – अव्यक्तम् क्षेत्र अव्यक्त हो ।
'यादृक्च' – को उत्तर – प्रकृति, प्रकृतिविकृति र केवल विकृति तीन प्रकार छत् ।
'यद्विकारि' – को उत्तर – अव्यक्तको विकार बुद्धि, बुद्धिको विकार
'यतश्चयत्' अहङ्कार, अहङ्कारको विकार, एघार इन्द्रिय र पञ्चतन्मात्रा, पञ्चतन्मात्राको विकार, पञ्च स्थूल विषय ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सातौं अध्यायमा भगवान्‌ले अपरा प्रकृति भनी आज्ञा भएको यहाँको क्षेत्र अन्तर्गत अव्यक्त, बुद्धि, अहंकार र पञ्चतन्मात्रा समेत आठ तत्व हुन्। मुख्य अपरा प्रकृति भनेको, मुख्य क्षेत्र भनेको, माया भनेको परमात्माको योनि भनेको उही तत्त्व हो। यसैबाट सम्पूर्ण जड सृष्टि, अचित् सृष्टि हुन्छ। सृष्टि परमार्थमा मायाको बिलास मात्र हो। चमत्कार मात्र हो, अज्ञ परमार्थमा चित् प्रकाशबाट 'चित्' मा नै देखिएको चमत्कार हो, लीला हो, विलास हो। भगवद् भक्तिले यो रहस्य बुझ्ने सामर्थ्य दिन्छ, दृष्टि दिन्छ।

इच्छा द्वेषः सुखं, दुःखं, संघात श्चेतना धृतिः।
एतत् क्षेत्रं समासेन सविकार मुदाहृतम् ।६।

इच्छा, द्वेषः, सुखं, दुःखं, संघातः चेतना, धृतिः। एतत् सविकारं क्षेत्रं समासेन उदाहृतम्।

इच्छा, द्वेष, सुख, दुःख, देहेन्द्रियसमुदाय, होश, धृति (देहेन्द्रियादिधारक शक्ति) क्षेत्रका धर्म हुन्। यसरी विकार समेत क्षेत्रका विषयमा संक्षेपले उदाहरण समेत बताएं।६।

आत्मा निर्विशेष, निर्धर्मक, निर्गुण छ। अतः रागद्वेष, सुख दुःख आदि आत्माका हैनन्, क्षेत्रज्ञका हैनन्, क्षेत्रकै हुन्। दशौं अध्यायको विभूतियोगमा भगवान्‌ले भूतमा चेतनालाई आपनो विभूति मानिबक्सेको छ। सो अनुसार पनि चेतना भूतको हो भन्ने सिद्ध हुन्छ। त्यहाँ भूत भनेको र यहाँ संघात भनेको उही तत्त्व हो।

संघात भनेको भोगायतन हो। भोग भनेको सुख, दुःखको अनुभव हो। जहाँ अभिमान हुँदा सुखदुःखानुभव हुन्छ, त्यो भोगायतन हो। स्थूल शरीरबाट मात्र पनि, इन्द्रियबाट मात्र पनि भोग चल्दैन। मन, चित्त पनि चाहिन्छ। पन्ध्रौं अध्यायको नवौं श्लोकमा यही भोगायतनको वर्णन भएको छ। अतः देह इन्द्रिय मन चित्तको एक समष्टि छ, त्यो संघात हो, त्यो भोगायतन हो। त्यसमा जुन प्रकाश, ज्ञान अभिव्यक्त हुन्छ त्यो अन्तःकरणवृत्तिलाई, होशलाई चेतना भन्छन्।

भोगायतन जुन संघात हो त्यसमाका ज्ञानेन्द्रिय र अन्तःकरण अरूभन्दा शुद्ध छन्, सत्त्वप्रधान छन्। त्यसैले यिनीहरु ज्ञानमा करण, साधन, मानिएका हुन्। स्थूल शरीरभन्दा इन्द्रिय, इन्द्रियभन्दा मन, मनभन्दा बुद्धि सत्त्वप्रधान छन्। बुद्धिको त अर्को नाम नै सत्त्व हो। तेस्रो अध्यायको बयालीसौं श्लोकमा– स्थूलभूत, शरीरभन्दा इन्द्रिय पर, इन्द्रियभन्दा मन पर, मनभन्दा बुद्धि पर, बुद्धिभन्दा आत्मा पर भन्ने आज्ञा भएको छ। पर भनेको श्रेष्ठ, सत्त्वप्रधान भनेको हो। आत्मा चित्तत्त्व गुणातीत छ, प्रकाशमय छ। आत्माको बुद्धिमा आभास पर्छ, त्यसैलाई चिदाभास भन्छन्, बुद्धिमा परेको आभास मनमा सर्छ, मनमा परेको आभास इन्द्रियमा सर्छ, इन्द्रियमा परेको आभास पूरा संघातमा व्याप्त हुन्छ। आगोको राप पर्दा फलाम आगो जस्तै तातो हुन्छ र फलामले पनि पोल्छ। वास्तवमा पोलेको फलामले हैन, फलाममा परेको आगोको रापले पोलेको हो। आगोको रापको र फलामको विवेकज्ञान नहुँदा फलामले पोलेको भान हुन्छ। त्यस्तै चिदात्माको आभास पर्दा चिदाभासयुक्त बुद्धि पनि चेतन हुन्छ।

बुद्धिमा परेको चिदाभास मन, इन्द्रियका बाटो गरी घटपट आदि जुन जुन जड वस्तुमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्छ, त्यो त्यो प्रकाशित हुन्छ । प्रकाशित भएको वस्तु इन्द्रिय मनकै बाटो गरी बुद्धिमा प्रतिफलित हुन्छ र ज्ञात हुन्छ । यसरी ज्ञात हुने, जानिने, जति जम्मै वस्तुलाई भास्य भन्छन्, जड भन्छन् । भास्य, जड जति जम्मै क्षेत्र हुन्, त्यसैले अव्यक्त लगायत जम्मै क्षेत्र हुन् । यिनमा सोझै वा परम्पराले जुन चित्को आभास पर्छ त्यो चित् क्षेत्रज्ञ हो, 'ज्ञ' हो, भासक हो, आत्मा हो ।

अमानित्व मदम्भित्व महिंसा क्षान्ति रार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्य मात्मविनिग्रहः ।७।

अमानित्वम् अदम्भित्वम्, अहिंसा, क्षान्तिः, आर्जवम्, आचार्योपासनं, शौचं, स्थैर्यम्, आत्मविनिग्रहः ।

बडप्पन नहुनु, ढोंगी नहुनु, अहिंसा, क्षमा, इमानदारी, आचार्यको सेवाटहल, शुद्धता, स्थिरता, इन्द्रियनिग्रह ।७।

इन्द्रियार्थेषु वैराग्य मनहंकार एव च ।
जन्ममृत्युजराव्याधि दुःख दोषानुदर्शनम् ।८।

इन्द्रियार्थेषु वैराग्यम्, अनहंकारः एव च, जन्म मृत्यु जरा व्याधिदुःख दोषानुदर्शनम् ।

शब्दादि विषयमा वैराग्य हुनु, अहङ्कार नहुनु, जन्म मृत्यु वृद्धत्व र रोगरूपी दुःखदोषमा राम्ररी विचार गर्नु ।८।

असक्ति रनभिष्वङ्गः पुत्रदार गृहादिषु ।
नित्यं च समचित्तत्व मिष्टानिष्टो पपत्तिषु ।९।

असक्तिः, पुत्रदारगृहादिषु अनभिष्वङ्गः नित्यं च इष्टानिष्टो पपत्तिषु समचित्तत्वम् ।

विषयहरुमा रूचि नहुनु, छोराछोरी, स्वास्नी, घरखेत आदिमा लम्पट नहुनु, सँधै इष्ट वा अनिष्टको प्राप्ति हुँदा समचित्त रहनु ।९।

मयि चानन्ययोगेन भक्ति रव्यभिचारिणी ।
विविक्त देश सेवित्व मरति र्जन संसदि ।१०।

मयि च अनन्ययोगेन अव्यभिचारिणी भक्तिः, विविक्तदेश सेवित्वम् जनसंसदि अरतिः ।

ममा, अन्त नलागीकन, निरन्तर भक्ति गर्नु, एकान्तस्थानमा बस्नु, मानिसहरुका जमघट मन नपर्नु ।१०।

अध्यात्म ज्ञान नित्यत्वं तत्त्व ज्ञानार्थ दर्शनम् ।
एतज् ज्ञान मिति प्रोक्त मज्ञानं यदतो न्यथा ।११।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यात्मज्ञान नित्यत्वं, तत्त्वज्ञानार्थदर्शनम्, एतत् ज्ञानम् इति प्रोक्तम् यत् अतः अन्यथा अज्ञानम् ।

सँधै अध्यात्म ज्ञानको विषयमा लागिरहनु, तत्त्वज्ञानको उद्देश्य अर्थात् मोक्षलाई लक्ष्य गर्नु समेत यिनलाई ज्ञान भनिएको छ, यसदेखि अन्य अज्ञान हो ।११।

ज्ञान शब्दको मूल अर्थ चित्तत्त्व हो, आत्मा हो । विषय प्रकाश गर्ने बुद्धिवृत्तिलाई पनि ज्ञान भन्छन् । अनात्माको र आत्माको यथार्थ ज्ञानलाई पनि ज्ञान भन्छन्, यसलाई तत्त्वज्ञान वा विवेकज्ञान भन्ने चलन छ । त्यस्तो तत्त्व ज्ञानको उदय हुनमा सहायता गर्ने साधनलाई पनि यहाँ 'ज्ञान' भनिएको हो । क्षेत्रको र क्षेत्रज्ञको यथार्थ ज्ञान नै तत्त्वज्ञान हो भनी यसै अध्यायको दोस्रो श्लोकमा भनिएको छ । त्यहाँ त्यसलाई 'ज्ञान' मात्रै भनिएको छ । त्यो ज्ञान प्राप्त गर्नको निम्ति साधकले साधना गर्नुपर्ने 'अमानित्व' आदिलाई ज्ञानप्राप्तिसाधन भएकोले यहाँ ज्ञान भनिएको छ । अमानित्व आदिले तत्त्वज्ञान प्राप्त गराउँछन्, तत्त्वज्ञान प्राप्त भएपछि पनि तत्त्व ज्ञानीमा अमानित्व आदि गुण, स्वाभाविकरूपमा रहेका हुन्छन् । अर्थात् तत्त्वज्ञानको, अध्यात्म साधनाको मार्गमा अमानित्व आदि कहिल्यै पनि छुट्दैनन् । तत्त्वज्ञानोदय हुनुभन्दा पहिले कर्तव्य, साधनको रूपमा यिनको साधना चल्छ । तत्त्वज्ञान भएपछि सिद्ध स्वभाव (बानी) कै रूपमा अमानित्व आदि चल्छन् । यसमा अलिकति विपरीत भयो भने अज्ञान मार्ग हुन्छ ।

ज्ञेयं यत् तत् प्रवक्ष्यामि यज् ज्ञात्वा मृत मश्नुते ।
अनादिमत् परं ब्रह्म न सत् तन् नासदुच्यते ।१२।

यत् ज्ञेयं, यत् ज्ञात्वा अमृतम् अश्नुते तत् प्रवक्ष्याम्रि । तत् अनादिमत् परं ब्रह्म न सत् न असत् उच्यते ।

जुन जान्नु पर्ने हो, जुन जान्दा अमृत प्राप्त हुन्छ त्यो जान्नुपर्ने तत्त्व बताउँछु । त्यो तत्त्व आदि नभएको पर ब्रह्म हो, त्यो न सत् भनिन्छ न असत् नै भनिन्छ ।

यहाँ ज्ञेय भनेको इन्द्रिय तथा बुद्धिवृत्तिबाट प्रकाशित हुने स्वभावको जडलाई, क्षेत्रलाई भनेको हैन । यो तेह्रौं अध्यायको दोस्रो श्लोकमा 'क्षेत्रको र क्षेत्रज्ञको ज्ञान नै सम्यक्ज्ञान हो' भनिएको छ र तेस्रो श्लोकमा क्षेत्रको बारेमा र 'त्यो क्षेत्रज्ञ जे हो र त्यसको प्रभाव जस्तो हो त्यो सुनाउने' प्रतिज्ञा भएको छ । क्षेत्रको विषयमा पाँचौं र छैठौं श्लोकमा बताइयो, अब क्षेत्रज्ञको विषयमा आज्ञा हुँदैछ ।

क्षेत्रज्ञ भनेको परब्रह्म नै हो । त्यसको कुनै कारण पनि छैन, कार्य पनि छैन । परब्रह्माभिन्न क्षेत्रज्ञलाई 'सत्' भन्न पनि मिल्दैन, असत् भन्न पनि मिल्दैन, त्यो सद्सत्देखि अतीत छ, श्रेष्ठ छ, पर छ । त्यो बुझ्नुपर्ने क्षेत्रज्ञ परब्रह्म विशेषरहित, गुणधर्मवर्जित नामरूपातीत, सर्वकरणा ग्राह्य छ । क्षेत्रज्ञ साक्षात् परब्रह्म हो, निष्प्रपञ्च, अद्वैत वस्तु हो । यसमा कुनै विशेषण, गुण धर्मको स्पर्श छैन, त्यसैले यलसाई स्थूल हैन, अणु हैन, छोटो हैन, लामो हैन, इत्यादि, जे भने पनि 'हैन' 'हैन' मात्रै भन्नुपर्छ, 'नेति नेति । त्यसो भएको हुँदा क्षेत्रज्ञ 'सत् हैन', 'असत् हैन' ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रज्ञ परब्रह्मलाई 'छ' भन्न पनि सकिन्न, 'छैन' भन्न पनि पाइन्न । किनभने यो वस्तु तत्त्व चक्षु आदि बहिःकरणको र मन आदि अन्तःकरणको विषय छैन । जेलाई इन्द्रियले ग्रहण गर्छ त्यसलाई मात्र 'छ' वा 'छैन' भन्न सकिन्छ । अतीन्द्रिय क्षेत्रज्ञलाई 'छ' भन्न पनि सकिंदैन, छैन भन्न पनि सकिंदैन । यसमा प्रत्यक्ष, अनुमान, उपमान आदि कुनै प्रमाणको पनि पहुँच पुग्दैन । उपनिषद् वेदान्त प्रमाणको मात्र सहारा लिनुपर्ने हुन्छ । यो क्षेत्रज्ञ परब्रह्ममा गुण पनि छैन, क्रिया पनि छैन । कुनै नाम र रूपका आधारमा पनि यसलाई छ वा छैन भन्न सकिन्न, यो नामरूपरहित छ । निष्कलं निष्क्रियं शान्तम् । ब्रह्मा पर्यन्तको बाणी पनि, मन पनि यो क्षेत्रज्ञ परब्रह्म तत्त्वमा पुग्न सक्तैनन्, नपुगीकनै फर्कन्छन् । यसलाई जान्नुपर्छ, बुझ्नुपर्छ ।

सर्वतः पाणिपादं तत् सर्वतोक्षि शिरो मुखम् ।
सर्वतः श्रुतिमल् लोके सर्व मावृत्य तिष्ठति ।१३।

सर्वतः पाणि पादं, सर्वतो क्षिशिरो मुखं, सर्वतः श्रुतिमत् तत् लोके सर्वम् आवृत्य तिष्ठति ।

सर्वत्र हातपाउ भएको, सर्वत्र आँखा, शिर, मुख भएको, सर्वत्र कान भएको त्यो क्षेत्रज्ञ सम्पूर्ण प्राणीमा सबै व्याप्त गरेर रहेको छ ।

क्षेत्रज्ञ निर्विशेष, निरूपाधि, परब्रह्म परमात्मा नै हो । तर अनादि अविद्यादोषले गर्दा जगत् देखिएको छ । जगत्मा नाना प्राणी देखिएका छन् । प्राणी प्राणीका हस्तपादादि अवयव, कान आँखा आदि देखिएका छन् । व्यक्तिव्यक्तिका सुख दुःख आदि बुझिएका छन् । यिनलाई थान्को लगाउनुपर्ने छ, यिनको रहस्य बुझ्नुपर्ने छ । त्यसको निमित्त निर्विशेष, निष्प्रपञ्च परमात्मामा विशेषको, प्रपञ्चको, गुणधर्मको कल्पना गरिन्छ । यसरी कल्पना गर्नुको शास्त्रीय नाम 'अध्यारोप' हो । कुरो बुझाइसकेपछि निषेध गर्ने, अपवाद गर्ने उद्देश्यले परमात्मामा नभएका कुराहरुको आरोप गरिन्छ, मिथ्याकल्पना गरिन्छ । जगत्, जीव तथा ईश्वरको व्याख्या हुन्छ, वर्णन हुन्छ । कर्म उपासनाको उपदेश भएको हुन्छ ।

जगत् भनेको क्षेत्र हो । सम्पूर्ण जगत्को मूल उपादान अव्यक्त हो, अव्याकृत शक्ति हो, माया हो । यो र यसका समग्रसृष्टि समष्टि क्षेत्र हो । यसको अभिमान गर्दा परमात्मा समष्टि क्षेत्रज्ञ कहिन्छ, यो ईश्वर हो । प्राणी प्राणीको क्षेत्र व्यष्टि क्षेत्र हो, यसमा अविवेक गर्दा परमात्मा व्यष्टि क्षेत्रज्ञ कहिन्छ, यो जीव हो । वास्तवमा यो पनि जम्मै मिथ्या कल्पना हो । तर तत्त्व बुझ्ने क्रम चाहिं यही हो ।

व्यष्टि क्षेत्र जीवात्माले अविद्यादोष हटाउन चित्त शुद्धिको लागि अनासक्त रूपमा वर्णाश्रमधर्मानुसार नित्य नैमित्तिक कर्म गर्नुपर्छ । सबै मिथ्या हो भन्ने बुझ्न प्रथमतः सर्वाधिपति, मायापति, सर्वेश्वरको उपासना गर्नुपर्ने हुन्छ । यो उपास्यब्रह्म सविशेष ब्रह्म हो । सकल प्राणीका हस्तपादादि अवयव आँखा कान आदि इन्द्रिय यसका उपाधि हुन् । आरोपित यो उपाधिबाट सर्वेश्वर मायापतिलाई जान्न सकिन्छ । एघाह्रौं अध्यायमा भगवान्ले अर्जुनलाई दर्शन वक्सेको विश्वरूप यही समष्टि क्षेत्रोपाधिवाला मायापति ईश्वरको, उपास्य ब्रह्मको, सविशेष ब्रह्मको स्वरूप हो । यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्लोकमा यही क्षेत्रज्ञको वर्णन भएको छ ।

सर्वेन्द्रिय गुणा भासं सर्वेन्द्रिय विवर्जितम् ।
असक्तं सर्व भृच् चैव निर्गुणं गुण भोक्तृ च ।१४।

सर्वेन्द्रिय गुणाभासं सर्वेन्द्रिय विवर्जितं; असक्तं सर्वभृत् च एव निर्गुणं, गुणभोक्तृ च ।

त्यो क्षेत्रज्ञ सबै इन्द्रियगुणबाट आभासित हुने, सबै इन्द्रियले रहित, सम्बन्ध सम्पर्करहित र सर्वाधार छ, त्यो निर्गुण छ, गुणभोक्ता पनि छ ।

क्षेत्र जड स्वभाववाला हो, जडमा क्रिया हुँदैन; क्रिया देखियो भने चेतनको प्रभावको अनुमान गर्नुपर्छ । आँखा कान आदि ज्ञानेन्द्रिय, हात गोडा आदि कर्मेन्द्रिय, मन बुद्धि आदि जडमा जुन दर्शन श्रवण आदि व्यापार हुन्छन् त्यो चित् परमात्माको प्रभाव हो । यसबाट 'चित्' को क्षेत्रज्ञको अनुमान हुन्छ । 'चित्'ले नै 'क्षेत्रज्ञ'ले नै दर्शन श्रवण संकल्प विकल्प आदि गरे जस्तो लाग्छ । तर त्यसो हैन । बुद्धिबृत्तिमा परेको चिदाभासको र बुद्धिवृत्तिको विवेकज्ञान नहुनाले त्यस्तो लागेको हो । चित् संग, क्षेत्रज्ञ संग यसको कुनै सम्बन्ध छैन । यो सबन्द्रिय विवर्जित छ । त्यसैले यसमा गुणक्रियाको कुनै सम्बन्ध छैन, इन्द्रियआदि उपाधिको यसमा कुनै सम्पर्क छैन । देखिएका जति जम्मैको आधार यही हो, सम्पूर्ण क्षेत्र यसैमा देखिएको हो । अविद्यादोषबाट डोरीमा देखिएको सर्प मिथ्या हो तर त्यसको आधार पनि डोरी नै हो । त्यस्तै अविद्या दोषले गर्दा परमात्मामा देखिएको क्षेत्र मिथ्या हो, तर त्यसको आधार पनि परमात्मा नै हो । यसमा सत्त्व आदि गुणको स्पर्श छैन, सत्त्व आदि गुण र तिनका परिणाम सुखदुःखादिको अधिष्ठानस्वरूप आधार यही हो, भासक, प्रकाशक यही हो ।

बहिरन्त श्च भूताना मचरं चर मेव च ।
सूक्ष्मत्वात् तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ।१५।

भूतानां बहिः, अन्तः चः अचरं, चरम् एव च; सूक्ष्मत्वात् तत् अविज्ञेयं; तत् दूरस्थम् अन्तिके च ।

त्यो क्षेत्रज्ञ बाहिर पनि, भित्र पनि हो; अचर पनि हो, चर पनि हो । सूक्ष्म भएको हुनाले त्यसलाई जान्न कठिन छ; त्यो टाढा पनि रहेको छ, नजीकै पनि छ ।

त्यो ज्ञेय तत्त्व बाहिर पनि छ, भित्र पनि छ, शरीरमा मात्र सीमित छैन । पिण्ड शरीरमा मात्र सीमित नभएको हैन, ब्रह्माण्ड शरीरमा पनि सीमित छैन । त्यो असीम तत्त्व ब्रह्माण्डभित्र पनि छ, ब्रह्माण्ड बाहिर पनि छ, सीमारहित, देशजन्य परिच्छेदरहित छ ।

एकादश इन्द्रिय र स्थूल विषय विकृति मात्र हुन् । यिनबाट अरु परिणाम नहुने हुनाले प्रकृति हैनन् । त्यसैले प्रकृतिको गणना गर्दा अपरा प्रकृतिमा पञ्चतन्मात्रा, बुद्धि, अहंकार र अव्यक्त आठको मात्र गणना भो । केवल विकृतिलाई बाहिर भन्छन्, प्रकृतिलाई भित्र भन्छन् । ज्ञेय क्षेत्रज्ञ बाहिर पनि, भित्र पनि अर्थात् विकृति पनि, प्रकृति पनि हो । चराचर पनि हो । विकृति-प्रकृतिभन्दा क्षेत्र जस्मै ज्ञेय क्षेत्रज्ञ नै हो, पुरुष पनि ज्ञेय क्षेत्रज्ञ नै हो, त्यसदेखि अतिरिक्त केही छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साराका सारा त्यसैको आभास हो । यसो भएपछि त्यो त सँधै जानिनु पर्ने ? अवश्य हो, त्यो सँधै जानिनु पर्ने हो, तर सूक्ष्म अर्थात् अतीन्द्रिय भएकोले त्यो नजानिएको हो । वास्तवमा देखे जाने जति जस्मै त्यही परमात्मा हो । तर इन्द्रिय कल्पित उपाधिमा मात्र, अविद्या दोषदृष्ट मिथ्या वस्तुमा मात्र अड्छन् । त्यसैले त्यसलाई अनुपहित, उपाधि रहित स्वरूपमा देख्न नसकेको हो, टाढा जस्तो भएको हो । विवेकीको निम्ति, विद्वान्को निम्ति त्यो सँधै प्रत्यक्ष छ, नजीक छ ।

अविभक्तं च भूतेषु विभक्त मिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ।१६।

अविभक्तं च भूतेषु विभक्तम् इव च स्थितम् तत् ज्ञेयं भूतभर्तृ च, ग्रसिष्णु, प्रभविष्णु च ।

भिन्नाभिन्नै (पृथक् पृथक्) नभएर पनि प्राणीहरुमा भिन्नभिन्न जस्तो पृथक्पृथक् जस्तो भएर रहेको छ । त्यो ज्ञेय परमात्मा प्राणी मात्रको भरण गर्ने, लय गर्ने र उत्पत्ति गर्ने वाला हो ।

त्यो क्षेत्रज्ञ परमात्मा आकाश जस्तै सर्वत्र एकै छ । तर प्राणीप्राणीमा पृथक् पृथक् रहे-जस्तो भान हुन्छ । उपाधिभूत प्राणीलाई भिन्न भिन्न मानेर प्राणी प्राणीमा भिन्ना भिन्नै रहे जस्तो लाग्छ । तर वास्तवमा सर्वत्र परमात्मा यौटै छ । व्यष्टि उपाधिको, प्राणिकर्मवासनाजन्य पिण्ड शरीरको कल्पना गर्दा उपाधि दृष्टिले भिन्नभिन्न जस्तो लागेको हो । समस्त प्राणीको अधिष्ठान यही परमात्मा हो । मायाद्वारा यो जगत्को सृष्टिस्थितिलय त्यही परमात्माबाट भैरहेको हो । त्यसैको शरण परेमा, त्यसैको भक्ति गरेमा, मायाको चमत्कार बुझिने हुन्छ, मायापतिको तत्त्व बुझिन्छ ।

ज्योतिषा मपि तज् ज्योति स्तमसः पर मुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञान गम्यं हृदि सर्वस्य विष्ठितम् ।१७।

तत् ज्योतिषाम् अपि ज्योतिः, तमसः परम् उच्यते । ज्ञानं ज्ञेयं ज्ञानगम्यं सर्वस्य हृदि विष्ठितम् ।

त्यो क्षेत्रज्ञरूप परमात्मा ज्योतिहरुको पनि ज्योति हो, अज्ञानले अस्पृष्ट छ भनिन्छ । ज्ञान, ज्ञेय तथा ज्ञान साधना प्राप्य, त्यो तत्त्व सबैको हृदयमा विशेषरूपले बसेको छ ।१७।

आत्मा ज्ञानस्वरूप छ, ज्ञानस्वरूप चिन्मय हुनाले स्वप्रकाश छ, प्रकाशमात्र छ । समस्त दृश्य पदार्थ चैतन्यबाट नै आलोकित हुन्छन् । आत्मज्योतिको साक्षात्कार नहुँदा त्यही ज्योतिबाट ज्योतित भएकालाई नै ज्योति भन्ने गरेको हो । जस्तो सूर्य उज्यालो छ, चन्द्र उज्यालो छ, ताराहरु उज्याला छन्, आगो उज्यालो छ, बत्ती उज्यालो छ, यिनको उज्यालो परेका वस्तु उज्याला छन् । यी जस्मै वाह्य उज्यालाहरु आत्मज्योति नै हो, आत्मज्योतिले नै यी ज्योतित भएका छन् । मूल ज्योति आत्मा हो ।

सूर्य चन्द्र आदि बाह्य ज्योतिहरु आन्तर ज्योतिबाट ज्योतिवाला हुन्छन्, ज्ञानमा चढ्छन् । घटपट आदि बाहिरी वस्तु सूर्य चन्द्र आदिको प्रकाशबाट उज्याला हुन्छन्, जानिन्छन्, । सूर्य चन्द्र आदिको प्रकाश केले उज्याला हुन्छन् ? आँखा आदि इन्द्रियका उज्यालाले त्यो बाह्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाश प्रकाशित हुन्छ । आँखा आदि इन्द्रियको वृत्ति पनि ज्योति हो । त्यो परेन भने सूर्यचन्द्र आदि ज्योति प्रकाशित हुँदैनन्, जानिदैनन् । त्यसैले घटपट आदि बाह्य वस्तुलाई उज्यालो बनाउने सूर्य चन्द्र आदि ज्योति हुन् भने, ती ज्योतिलाई उज्यालो बनाउने ज्योति इन्द्रियवृत्ति हुन् । ती इन्द्रियवृत्तिहरुमा पनि मनको ज्योति परेन भने ती उज्याला हुँदैनन्, उज्यालो दिन नसक्ने हुन्छन् । यसो हुँदा इन्द्रियवृत्तिलाई उज्यालो बनाउने ज्योति चित्तवृत्ति हो । चित्तवृत्तिमा बुद्धिको उज्यालो परेन भने चित्तवृत्ति स्वयं उज्यालो हुँदैन, अरुलाई कसरी उज्यालो दिन्छ । बुद्धि पनि स्वयं उज्यालो छैन, आत्माबाट उज्यालो भएको छ । आत्मा चाहिं आपनै उज्यालोबाट उज्यालो छ, त्यसैले यो आत्मा स्वयं ज्योति हो, परम ज्योति हो । ज्योतिहरूको पनि ज्योति हो ।

दृश्य वस्तु, सूर्य चन्द्र आदि, आँखा कान आदि इन्द्रिय, चित्त, बुद्धि यी तह तहका ज्योति हुन्; यी सबै ज्योति आत्मज्योतिबाट प्रकाशित हुन्छन् । । उज्यालो कसलाई भन्ने ? अँध्यारो जसले हटाउँछ, त्यसैलाई उज्यालो भन्नुपर्छ । मूल अँध्यारो अज्ञान हो, अज्ञान नहटी केही पनि उज्यालो हुन्न । अज्ञान हटाउन ज्ञानले मात्रै सक्छ । ज्ञान आत्मा हो । आत्मालाई बुझ्न इन्द्रिय–चित्त–बुद्धिलाई बहिर्मुख हैन, अन्तर्मुख बनाउनुपर्छ । बुद्धिमा सदा आत्माको प्रकाश परिरहेकै छ । बाहिरतिरै निस्किरहेकोले बुद्धिले नबुझेको मात्र हो । बाहिर ननिस्कीकन भित्र फर्कने बित्तिकै आत्मप्रकाश झलझलाकारै छ, पाइहालिन्छ, बोध भइहाल्छ । आत्माको ज्योतिलाई पहिले ग्रहण गर्ने बुद्धि नै हो, हृदय नै हो । त्यसमा परेंको प्रकाशले नै चित्तबुद्धि इन्द्रिय आदि अन्तर्जगत् र सूर्य चन्द्र आदि बहिर्जगत् प्रकाशित भैरहेका छन्, बुद्धिमा नै चित् ज्योति विशेष रूपले प्रतिबिम्बित हुन्छ । यसमा हेर्ने वित्तिकै, यसमा खोज्ने, उपासना गर्ने बित्तिके बोध हुन्छ, मुक्ति मिल्छ ।

मुक्ति भनेको कुनै नौलो, नपाइएको कुरो हैन; पाइरहेको, भइरहेकै कुरो हो । भुलिएको छ, याद गर्नु छ; बिर्सिएको छ, सम्झिनुपर्छ; नबुझिएको छ, बुझ्नुपर्छ । सारा साधना यसैका निमित्त हुन् । कर्म, भक्ति, उपासना ज्ञान आदि जुन साधनाको पनि, जुन मार्गको पनि, जुन योगको पनि लक्ष्य यही हो । कुमार्ग छोडेर सुमार्गमा लाग्नको निम्ति जुन जस्तो योगमा पनि, साधनामा पनि, अन्तः शुद्धि नै प्रथम सोपान हो । रागद्वेष आदि मूल अशुद्धि हुन् । यिनलाई पर्याँक्न, मन चित्तलाई तह लगाउनुपर्छ, भोगबासना छुट्नुपर्छ । यसकै निमित्त साधन र साधना शास्त्रको उपदेश भएको हो । प्रथमतः बहिर्मुखताबाट अन्तर्मुखतासिद्धिको निमित्त साधना गर्नुपर्छ, भोगमुख नभई भगवन्मुख हुनुपर्छ, आफैंमा पस्नुपर्छ । मुक्ति प्राप्तिको सबभन्दा अन्तरतम, निकटतम साधना ज्ञान साधना हो । ज्ञान साधना भनेको यसै अध्यायको सातौंदेखि एघारौंसम्मका श्लोकमा बताइएका अमानित्व आदि हुन् । यो नभई बोध हुँदैन, अज्ञान जाँदैन । अँध्यारो हराउँदैन– 'अज्ञानं यदतो न्यथा' स्वयं भगवान्बाट यही आज्ञा भएको छ । यो ज्ञान साधना सिद्ध भएमा – नपाएको केही छैन, नजानिएको केही छैन – बुझिन्छ, पाइरहिएको जानिरहिएको बुझिन्छ, ज्ञान गम्यम् ।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः
मद्भक्त एतद् विज्ञाय मद्भावायो पपद्यते ।१८।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं च समासतः उक्तम् । मद्भक्तः एतत् विज्ञाय मद्भावाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपपद्यते ।

यसरी, क्षेत्रका विषयमा, त्यस्तै ज्ञान साधनका विषयमा, ज्ञेय परमात्मस्वरूप क्षेत्रज्ञका विषयमा पनि छोटकरीमा बताएँ । मेरो भक्तले यो बुझेपछि मेरो भाव अर्थात् परमात्मभाव प्राप्त गर्छ ।

ज्ञान साधनामा भगवद्भक्ति सबभन्दा ठूलो छ । विना भगवद्भक्ति अहंभाव छुट्दैन । अहंभाव नछुटी ज्ञान साधनामा एक पाइलो पनि चल्दैन । सर्वान्तर्यामी भगवान् वासुदेव श्रीकृष्णलाई सर्वेश्वरेश्वर सम्झेर उहाँमा नै आफूलाई पूर्ण समर्पित गरिदिनुपर्छ । सर्वात्मभाव भगवान्मा नै समर्पण गर्नुपर्छ अर्थात् मैले केही गरेको छैन, जे जति भैरहेका छन् ती जम्मै जम्मै भगवान्बाटै हुन्, भगवान्कै हुन्, भगवान् नै हुन् भन्ने भाव लिनुपर्छ । अरू त के, खाएको, हेरेको, सुनेको जस्ता सामान्य क्रियाकारणहरु पनि भगवान्मा नै छोडिदिनुपर्छ, सुम्पिदिनुपर्छ । यस्तो भक्तिले ज्ञान साधना सिद्ध हुन्छ, सम्यक् ज्ञान हुन्छ, परमात्मभाव हुन्छ ।१८।

प्रकृतिं पुरुषं चैव विद्धयनादी उभावपि ।
विकाराँश्च गुणाँ श्चैव विद्धि प्रकृतिसंभवान् ।१९।

प्रकृतिं पुरुषं च एव उभौ अपि अनादी विध्दि । विकारान् च गुणान् च एव प्रकृतिसंभवान् विध्दि ।

प्रकृति (अव्यक्त) र पुरुष (जीव) समेत दुवैलाई अनादि जान । विकारलाई (बुद्धि आदि कार्यलाई) र गुणलाई (बुद्धि आदिका वृत्तिहरुलाई) प्रकृतिबाट भएका भन्ने जान ।१९।

कार्यकरण कर्तृत्वे हेतुः प्रकृति रुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतु रुच्यते ।२०।

कार्यकरण कर्तृत्वे हेतुः प्रकृतिः उच्यते, सुखदुःखानां भोक्तृत्वे हेतुः प्रकृतिः उच्यते ।

कार्य र करणको उत्पत्तिमा कारण प्रकृति भनिन्छ र सुखदुःखहरुको भोगमा कारण पुरुष कहिन्छ ।

पुरुषः प्रकृतिस्थो हि भुङक्ते प्रकृतिजान् गुणान् ।
कारणं गुणसङ्गोस्य सदसद्योनि जन्मसु ।२१।

पुरुषः प्रकृतिस्थः हि प्रकृतिजान् गुणान् भुङक्ते । सदसद्योनि जन्मसु कारणम् अस्य गुणसङ्गः ।

पुरुषले प्रकृतिमा रहंदा प्रकृतिजन्य गुणहरुको भोग गर्छ । सत् असत् जुनिमा जन्महरुको कारण यसको गुणसंग भएको संसर्ग हो ।२१।

उपद्रष्टा नुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चा प्युक्तो देहेस्मिन् पुरुषः परः ।२२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ता, महेश्वरः, परमात्मा इति च अपि उक्तः परः पुरुषः अस्मिन् देहे ।

देखिरहने, हेरिरहनें, भरण गरिरहने, ज्ञान गरिरहने, महान् ईश्वर परमात्मा पनि भनिने परम पुरुष यही देहमा छ ।२२।

संसार, प्रकृति, पुरुष, ईश्वर, परमात्मा जस्ता प्रपञ्च आत्माका अध्यारोप हुन् ; बाहिर हेरिरहेको साधकलाई भित्र हेराउने उपाय हुन् । बहिर्मुख, आत्म बोध नभएको वद्ध संसारीले संसारलाई नै हेरेको हुन्छ । त्यो जम्मै संसारलाई शुरूमा नै अपवाद अर्थात् निषेध गर्दा उसले बुझ्दैन, पत्याउँदैन । जान्न खोजेकै छैन, बुझ्न चाहेकै छैन भने त त्यसको साधना मार्गमा कुरै उठ्दैन । जान्न बुझ्न खोजेको छ, भोगमा दुःख देख्यो, विषयभोग दुःखबाट छुट्टी लिन खोज्यो भने त्यो साधना मार्गको बटुवा हुन्छ। त्यसलाई अधिकार अनुसार त्यो बाटोमा डोऱ्याइदिनुपर्छ, बढाइदिनुपर्छ । त्यसलाई उसले देखिरहेको संसारको, भोगको, जन्ममृत्युको, जीवात्माको कुरो बुझाइदिनुपर्छ । त्यो बुझाइदिने क्रममा– गुरुका दृष्टिमा हुँदै नभएको भए पनि– संसार आदिलाई भएकै मानेर, सत्य नै ठानेर तिनको व्याख्यान तथा प्रतिपादन गर्नुपर्छ । यसो गर्दा तत्त्वज्ञानी गुरुले– मिथ्यासंसारलाई व्यावहारिक सत्यको रूपमा हेरेको हुन्छ। गुरुले आफूले देखेको बुझेको पारमार्थिक सत्य चेलोलाई देखाउन, बुझाउनका लागि चेलोले देखिरहेको संसारलाई सत्य जस्तै गरेर प्रतिपादन गर्नुपर्छ, व्याख्या गर्नुपर्छ । यसो गर्नुलाई अध्यारोप गर्नु भन्छन् । व्यूंझेको मानिसले आफूले देखेको सपनालाई 'सपना हो' नभनीकन बताएको जस्तो; इन्द्रजाल, चटक बुझेकोले आफूले देखेको इन्द्रजाललाई, चटकलाई इन्द्रजाल हो, चटक हो नभनीकन व्याख्या गरेको जस्तो हो अध्यारोप गर्नु भनेको । अध्यारोपबाट व्याख्या गरिबक्सेको हो भगवान्ले "प्रकृतिं पुरुषं चैव" ।

भगवान् ईश्वरका दुइ प्रकृति छन्– अपरा र परा । अपरा प्रकृति अव्याकृत मायाशक्ति हो, परा प्रकृति चिन्मय जीव हो, पुरुष हो । जीव कसैबाट जन्मेको हैन, कसैलाई जन्माउँदैन पनि । माया चाहिं कसैबाट जन्मेको हैन, तर जन्माउँछ । बुद्धि मायाको साक्षात् कार्य हो। अरू अहंकारादि विकार अर्थात् कार्य मायाबाटै बुद्धि आदि प्रकृति मार्फत भएका हुन् । इच्छा द्वेष आदि गुण पनि प्रकृतिप्रसूत नै हुन्, पुरुषका हैनन् । यिनै दुइलाई ईश्वरीय चिदचित् शक्ति भन्छन् । यिनै दुइ शक्तिद्वारा ईश्वर ईश्वर बन्नुभएको छ । ईश्वरको ईशनशक्ति नै यो प्रकृति हुन् । यिनद्वारा ईश्वर जगत्को सृष्टिस्थितिलयको कारण बन्नुहुन्छ । सातौं अध्यायमा पनि परमेश्वर स्वरूप श्रीकृष्ण भगवान्बाट आज्ञा भएको छ ब्रह्माण्डका समस्त भूतभौतिक प्रपञ्चमय संसारको कारण प्रकृति नै हो, चिदचित् शक्ति नै हो ।

व्यवहार भन्नु, प्रपञ्च भन्नु, संसार भन्नु कर्तृत्व तथा भोक्तृत्व हो । कर्तृत्वमा हेतु प्रकृति हो, भोक्तृत्वमा हेतु जीव हो, पुरुष हो । चिदाभासको प्रभाव स्वरूप प्रकृति क्रियाशील हुन्छ र सृष्टि गर्छ । प्रकृतिबाट बुद्धि आदि सात कार्य र सुख दुःख मोहात्मक सत्त्वरजतम अविर्भूत हुन्छन् । कार्यजातका र कारणजातका तेइस तत्त्व एवं इच्छा द्वेष सुख दुःखहरु प्रकृतिका परिणाम हुन्, प्रकृतिबाट आविर्भूत भएका हुन् । बुद्धिमा परेको चिदाभास बुद्धिदेखि पृथक् हो भन्ने विवेक नहुँदा पुरुषले बुद्धिलाई आफू नै र बुद्धिमा उठेका सुख दुःखादि वृत्तिलाई आफ्नै भन्ने अभिमान गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखदुःखादि वृत्तिमा भएको यही आसक्ति गुणसङ्ग हो। बन्धनको र जन्ममृत्यु तथा सुखदुःखादि भोग रूपी संसारको कारण यही गुणसङ्ग हो।

गुणसङ्गले गर्दा सर्वात्मा सर्वेश्वर, सर्वस्वतन्त्र, सदा बुद्धमुक्त नित्य सच्चिदानन्द स्वरूप परमात्मामा अनेक धर्मको आरोप गरिन्छ। गुणसङ्गको स्वरूप र प्रकार अनुसार यो कल्पना भिन्न भिन्न किसिमको हुन्छ। गुणसङ्गको स्वरूप र प्रकारलाई सामान्यतः चार किसिमको मान्न सकिन्छ। (१) आत्माको नित्यतालाई पूरै बिर्सेर देहेन्द्रियादि संघातलाई मात्रै प्रधानता दिनु, (२) शरीर-देखि भिन्न आत्मालाई मानेर पनि बुद्धि आदिको संघातलाई नै प्रधानता दिनु, (३) नित्य आत्मा-लाई र बुद्धि आदिलाई उत्तिकै प्रधानता दिनु, (४) नित्य आत्मा बुद्धिको केवल साक्षी हो भनी बुद्धि आदिलाई कुनै प्रधानता नै नदिनु।

पहिलो किसिमको गुण सङ्गीले आत्मालाई नै जन्मने, मर्ने, सुख दुःखको भोग गर्ने 'भोक्ता' सम्झन्छ र बुद्धीन्द्रियादि संघातमा मात्रै लटपटिन्छ, पृथक आत्मालाई मान्नै सक्तैन। दोस्रो किसिमको गुणसंगीले बुद्धीन्द्रियादि संघातदेखि भिन्न आत्मालाई मान्छ तर कर्तृत्व, सुखित्वदुःखित्वात्मक भोक्-तृत्व आदिलाई आत्माकै मानेर सुखदुःखादिमा अलमलिइ नै रहन्छ। तेस्रो किसिमको गुणसङ्गीले आत्मालाई अकर्ता, नित्य मान्छ, तर बुद्धीन्द्रियादिको पनि पृथक् अस्तित्व मान्छ र अद्वैत आत्मा-लाई नमानेर द्वैतमा अलमलिन्छ, र आत्मालाई भोक्ता मान्छ। चौथो किसिमको गुणसंगीले कर्तृत्व भोक्तृत्व आदि गुण धर्म हुन्, आत्मामा यिनको कुनै पनि कत्ति पनि संबन्ध छैन; कर्ता, भोक्ता, सुखी, दुःखी आदि हुने बुद्धीन्द्रियादि संघात मात्रै हो, बुद्धीन्द्रियादि संघातलाई असङ्ग भएर हेरि रहने आत्मा हो भन्ने मानेर गुणलाई र गुणधर्मलाई पूरै उपेक्षा गर्छ, त्यसमा पूरै उदा-सीन बन्छ। यिन मध्ये पहिलो किसिमको गुणसङ्गी अधमाधम हो, दोस्रो किसिमको गुणसङ्गी अधम हो, तेस्रो किसिमको गुणसङ्गी मध्यम हो, चौथो किसिमको गुणसङ्गी उत्तम हो। चौथो किसिमको गुणसङ्ग अन्य गुणसङ्गहरुमा उत्तम भए पनि उपादेय हैन, त्याज्य हो। यो गुणसङ्ग पनि त्याग्नुपर्छ।

नित्य चैतन्य स्वरूप आत्मा छ। यही आत्मसत्ताको प्रभावबाट सुख दुःखादि बुद्धिवृत्ति उठ्छन्। त्यसो हुँदा आत्मा भोक्ता जस्तो ठानिन्छ। आत्मसत्ताको प्रभावबाटै बुद्धीन्द्रियादि संघात अडेको छ, त्यसो हुँदा यो आत्मा भर्ता जस्तो ठानिन्छ। आत्मसत्ताकै प्रभावबाट बुद्धीन्द्रियादि प्रवृत्त हुन्छन्। बुद्धीन्द्रियादिको सदा द्रष्टा साक्षी आत्माले बुद्धीन्द्रियादिको प्रवृत्तिमा कुनै निषेध गर्दैन, तटस्थ भइरहन्छ। त्यसो हुँदा आत्मा अनुमन्ता जस्तो ठानिन्छ। आत्मसत्ताकै प्रभावबाट बुद्धीन्द्रि-यादि प्रकाशित हुन्छन् र त्यो प्रकाशले अरूलाई प्रकाशित गर्छन्, द्रष्टा बन्छन् त्यसैले आत्मसत्ता-को आभास पाएर बुद्धि मन इन्द्रियहरूले देख्ने भएको हुँदा आत्मा द्रष्टाको पनि द्रष्टा, अन्तरतम द्रष्टा उपद्रष्टा जस्तो ठानिन्छ।

यो शरीरको क्षेत्रज्ञ– भोक्ता, भर्ता, अनुमन्ता उपद्रष्टा जस्तो लागे पनि सर्वात्मा र स्वतन्त्र मायाधिपति नै भएको हुँदा महेश्वर हो। यो क्षेत्रज्ञ आत्मा उपद्रष्टा, अनुमन्ता, भर्ता, भोक्ताको साथ साथै महेश्वर हो, परम आत्मा हो, पर पुरुष हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानो पि न स भूयो भिजायते ।२३।

यः पुरुषं, प्रकृतिं च गुणैः सह एवं वेत्ति सः सर्वथा वर्तमानः अपि भूयः न अभिजायते ।

जसले पुरुष, प्रकृति र साथसाथै गुणहरुलाई बुझ्दछ, त्यो साधक, देहेन्द्रियादि व्यापार सबै प्रकारले चलिरहे पनि, फेरि जन्मदैन ।

जन्मको कारण कर्मसंस्कार हो । पहिलेका अनेक कर्मसंस्कारहरुमध्ये कुनै कर्मसंस्कारबाट सत् असत् एवं सदसत् कुनै योनिमा जन्म हुन्छ । त्यो योनिमा त्यही जन्मको देहसँग संयोग गराउने कर्मसंस्कारहरु प्रारब्ध कर्मको रूपमा चालू हुन्छन् । अरू पूर्वसंस्कार सञ्चित रूपमा रहन्छन् । चालू जन्ममा कर्महरु भइरहने नै भए । तिनको संस्कार पनि बन्दै जान्छन् । यसो हुँदा सामान्यतः कर्मसंस्कारलाई तीन प्रकारको मानिएको छ– सञ्चित, अनागत, र प्रारब्ध । उद्बोधको अवसर नभई फल जन्माउनु तर्फ लाग्दै नलागेका जन्म जन्मका पूर्व कर्मसंस्कारहरु सञ्चित हुन् । पूर्व देहपातको समयमा जुन किसिमको संस्कार अभिव्यक्त हुन्छ, त्यही अनुरूपको भोगको निम्ति लायक शरीर-लाई जुन कर्मसंस्कारसमहले जन्माउँछ, त्यो कर्मसंस्कार प्रारब्ध हो । त्यो प्रारब्ध भोग गर्दा जुन कर्मसंस्कार बन्छन् तो कर्मसंस्कारलाई अनागत भन्छन् ।

प्रकृति पुरुषको, क्षेत्र क्षेत्रज्ञको रहस्य तत्त्व जसले बुझ्छ त्यो तत्त्वज्ञानी हो । तत्त्वज्ञानले सबै कर्मसंस्कारका बीजलाई डढाइदिन्छ । त्यसो हुँदा ज्ञानीका संचित र ज्ञानोदयपूर्व चालू जन्मका अनागत कर्मसंस्कारहरु ज्ञानबाट भस्म हुन्छन् । ज्ञानोदय भएपछि चालू जन्ममा भएका कर्मका संस्कार नै बन्दैनन् । चालू जन्म गराउने कर्मसंस्कारसमूहले फल जन्माउन थालिसकेका हुनाले तो प्रारब्ध संस्कारको यही शरीरले भोग गर्छ । त्यो संस्कार सकियो, सबै सकियो । अब जन्मको कारण नै छैन, ज्ञानी पुनः जन्मदैन ।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मान मात्मना ।
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ।२४।

आत्मनि आत्मानम् आत्मना केचित् ध्यानेन पश्यन्ति; अन्ये सांख्येन योगेन, अपरे कर्मयोगेन च ।

आफ्नै बुद्धिमा आफ्नो आत्मालाई शुद्ध चित्तबाट कोही ध्यानद्वारा, कोही सांख्ययोगबाट, अरू कोही कर्मयोगबाट आत्मदर्शन साधना गर्छन् ।

अन्ये त्वेव मजानन्तः श्रुत्वा न्येभ्य उपासते ।
ते पि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ।२५।

अन्ये तु एवम् अजानन्तः अन्येभ्यः श्रुत्वा उपासते । ते अपि च श्रुतिपरायणाः मृत्युम् अतितरन्ति एव ।

अर्का थरी चाहिं यस्ता योगहरु नजान्दा अरूबाट सुन्ने उपासना गर्छन् । तिनीहरूले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रवणरूपी साधनामा लागेका हुनाले मृत्युलाई अवश्य तर्छन् नै ।२५।

यावत् संजायते किंचित् सत्त्वं स्थावर जङ्गमम् ।
क्षेत्र क्षेत्रज्ञ संयोगात् तद् विद्धि भरतर्षम ।२६।

भरतर्षम, यावत् किञ्चित् स्थावर जङ्गमं सत्त्वं संजायते तत् क्षेत्र क्षेत्रज्ञ संयोगात् विध्दि ।

हे भरत श्रेष्ठ, जुनसुकै स्थावर वा जङ्गम वस्तु जति जन्मन्छन् त्यो क्षेत्रक्षेत्रज्ञ संयोगबाट भएको भन्ने बुझ ।२६।

स्थावर र जङ्गम सारा वस्तुको समग्र, बिश्वब्रह्माण्डको सृष्टि क्षेत्र र क्षेत्रज्ञको संयोगबाट भएको हो; सो संयोग रहुन्जेल रहन्छ, सो संयोग छुट्ने बित्तिकै बिलाउँछ । क्षेत्र क्षेत्रज्ञको संयोग भनेको के हो, क्षेत्रको र क्षेत्रज्ञको सम्बन्ध कस्तो छ; यो गाँठी नबुझी हुँदै हुँदैन । गुरूकृपाबाट, शास्त्रज्ञानबाट, सत्सङ्गबाट भएको स्वानुभवले क्षेत्र क्षेत्रज्ञसंयोगको, क्षेत्र क्षेत्रज्ञ सम्बन्धको ज्ञान हुन्छ र यो संयोग छुट्छ ।

क्षेत्र क्षेत्रज्ञ संयोग भनेको क्षेत्रको र क्षेत्रज्ञको विवेकज्ञान नहुनु हो । विवेकज्ञान नहुँदा अधिष्ठानस्वरूप आत्माको ज्ञान हुँदैन । क्षेत्रमा रहने कर्तृत्व भोक्तृत्वको आत्मामा भ्रम हुन्छ, क्षेत्रमा चैतन्यको भ्रम हुन्छ । यो अध्यास हो । रज्जु र सर्पमा परस्पर अध्यास भएजस्तो यो अध्यासले रज्जुमा सर्प जन्मे जस्तै संसार जन्मन्छ । क्षेत्र क्षेत्रज्ञ संयोग भनेको त्यसकारण अध्यास हो ।

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्व विनश्यन्तं यः पश्यति स पश्यति ।२७।

सर्वेषु भूतेषु समं तिष्ठन्तं; विनश्यत्सु अविनश्यन्तं परमेश्वरं यः पश्यति सः पश्यति ।

सबै भूतमा समभावले रहने, ती भूतहरु नासिंदा पनि ननासिने परम ईश्वरलाई जसले देख्छ, त्यसले वास्तवमा देख्नेको हो ।२७।

सबै भूतको सृष्टि जुन क्षेत्रक्षेत्रज्ञसंयोगबाट भएको हो, ती क्षेत्र र क्षेत्रज्ञ परमात्माका प्रकृति हुन् । प्रकृतिका अधिपति परमेश्वर हुनुहुन्छ, उहाँ सँधै अविकृत हुनुहुन्छ । प्रकृतिजन्य वस्तुहरुमा उत्पति नाश आदि विकार हुँदा पनि परमेश्वरमा कुनै विकार हुँदैन । समस्त प्राकृतवस्तुमा समरूपले परमेश्वर रहनु भएको छ । सर्वत्र परमेश्वरको वास छ, अवस्थिति छ । यस्तो देख्नु नै देख्नु हो ।

समं पश्यन् हि सर्वत्र समवस्थित मीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ।२८।

समं, सर्वत्र समवस्थितम् ईश्वरं पश्यन् हि आत्मना आत्मानं न हिनस्ति ततः परां गतिं याति ।

सर्वत्र उही रूपमा रहनु भएको समस्वरूप परमेश्वरलाई देख्ने साधकले आफूले आफूलाई बिगार्दैन र श्रेष्ठ गति प्राप्त गर्छ ।२८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा सर्वत्र उही हो । आत्मा बाहेक अरू केही छैन । अरू केही आत्मा हैन, आत्मा ईश्वर स्वरूप हो । सही रूपमा यो ज्ञान हुने पुरुष नै ज्ञानी हो; परम गतिको अधिकारी हो । आत्मालाई आत्माकै रूपमा बुझ्ने यही पुरुष हो । अरू अज्ञानी हुन् । आत्मालाई अनात्माको रूपमा हेर्ने, अनात्मालाई आत्माको रूपमा हेर्नेः एक आत्मालाई अनेक देख्ने, भिन्न भिन्न देख्ने, द्वैतबुद्धि गर्ने-हरु मूर्ख हुन्, पापी हुन् । यिनलाई आत्महत्याको महापाप लाग्छ । साक्षात् अपरोक्ष प्रत्यक्ष आत्मालाई नबुझीकन देहलाई आत्मा मान्नेले आफैंले मानेको आत्मालाई मार्छ । शरीरलाई आत्मा मानेको छ, शरीर मर्छ, अज्ञानीका हिसाबमा आत्मा नै मऱ्यो; यो पाप शरीरात्मवादीले नै भोग्नु पर्छ । यसरी एकातिर अनात्मा अनित्य शरीरादिलाई आत्मा मानेर आत्महत्या भएको पाप लाग्छ । फेरि अर्कोतिर अद्वैत आत्मालाई द्वैत मान्यो; अकर्ता, अभोक्ता आत्मालाई कर्ता भोक्ता मान्यो यसरी वास्तव आत्माको स्वरूप पनि मूर्खले बिगाऱ्यो, आर्को आत्महत्याको महापाप गऱ्यो । हुन त आत्मा कसैले बिगारेर बिग्रिने पनि हैन, सपारेर सप्रिने पनि हैन । तर मानिस आफ्नै कर्मले, आफ्नै भावनाले बिग्रिने र सप्रिने हुन्छ । अविद्याबाट आत्मालाई अर्कै रूपमा देख्यो, हेऱ्यो, आफ्नै भाव बिगाऱ्यो, आफूले आफैंलाई बिगाऱ्यो, आत्महत्याको पाप गऱ्यो । ज्ञानीले आफैंले अनात्मालाई आत्माको रूपमा आफैंलाई सपाऱ्यो ।

सर्वत्र रहनु भएको समस्वरूप परमेश्वरलाई देख्नु भक्तिको पराकाष्ठा हो । यस्तो भक्ति प्राप्त भएको भक्तले कसैको पनि द्वेष गर्दैन, हानि गर्दैन । उसले जसमा पनि उही ईश्वर देख्छ । यसो हुंदा उसमा समभावको उदय हुन्छ, उसले परम गति प्राप्त गर्छ ।

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः ।
यः पश्यति तथात्मान मकर्तारं स पश्यति ।२९।

यः प्रकृत्या एव च कर्माणि सर्वशः क्रियमाणानि तथा आत्मानम् अकर्तारं पश्यति सः पश्यति ।

जसले प्रकृतिबाट नै कर्महरू सबै प्रकारबाट गरिएको तथा आत्मा अकर्ता रहेको जान्दछ त्यसैले नै जानेको हो ।२९।

यदा भूत पृथग्भाव मेकस्थ मनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ।३०।

यदा भूत पृथग्भावम् एकस्थम्, ततः एव विस्तारं च अनुपश्यति तदा ब्रह्म संपद्यते ।

जब भिन्न भिन्न भूतभावहरूलाई, भूतभावहरूको समस्त पृथक्त्वलाई एक तत्त्वमा समाहित भएको र त्यही एकतत्त्वबाट नाना प्रपञ्चको बिस्तार भएको निरन्तर देख्छ, तब ब्रह्म मात्र रहन्छ ।

कर्तृत्व आत्मामा छैंदैछैन । व्यवहारकालमा कर्म गरिएका देखिन्छन्, जगत्को सृष्टिस्थिति र उपसंहार चलिरहन्छन् । यस्ता सपूर्ण क्रिया प्रतिक्रियाहरूको सारा सम्बन्ध प्रकृतिसंग छ, मायासंग छ; आत्मामा यसको गन्ध पनि छैन । यस्तो विवेकज्ञान हुनु नै ज्ञान हुनु हो, वास्तव बोध हुनु हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माया पनि कल्पना मात्रै हो। परमार्थमा केवल अद्वैत परमात्मा मात्र छ। पृथिवीका जति जल प्रवाह छन्, ती जम्मै सागरमै पुग्छन्। सागरमा पुग्दा गाङ्गमती, विष्णुमती, कोशी, कर्णाली, गण्डकी केही पनि रहँदैनन्, केवल जल मात्रै हुन्छ। समुद्रमा पस्नुभन्दा पहिले भिन्नभिन्न नदनदी थिए, तिनका नामरूप भिन्नाभिन्नै थिए। समुद्रमा पस्ने बित्तिकै नाम रूप जम्मै हराउँछन्, केवल जलमात्र बच्छन्। त्यस्तै आत्मामा नै सबै पुग्छन्, हराउँछन्। त्यहाँ नामरूप हराएपछि प्रपञ्च हराउँछ, ब्रह्म मात्रै हुन्छ। यस्तो जलप्रवाह जहाँजहाँ जुनजुन नामरूपको भएपनि कुनै न कुनैढङ्गबाट समुद्रबाटै निस्केका हुन् र कुनै न कुनै ढङ्गबाट समुद्रमा नै पस्छन्। समुद्रभित्र जलमात्र हुन्छ, अन्य कुनै नामरूपभेद हुँदैन। त्यस्तै आत्मामा पस्नेहरूका निमित्त अर्थात् आत्मामा कुनै नामरूपभेद हुँदैन, आत्मामात्र, ब्रह्ममात्र हुन्छ।

अनादित्वान् निर्गुणत्वात् परमात्मायमव्ययः।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ।३१।

अनादित्वात्, निर्गुणत्वात् अयम् अव्ययः परमात्मा शरीरस्थः अपि, कौन्तेय, न करोति न लिप्यते।

अनादि भएको हुनाले, निर्गुण हुनाले अविकारी यो परमात्मा शरीरमा नै रहेको भए पनि, हे अर्जुन गर्दैन र लिप्त हुँदैन।

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ।३२।

यथा सर्वगतम् आकाशं सौक्ष्म्यात् न उपलिप्यते। तथा सर्वत्र देहे अवस्थितः आत्मा न उपलिप्यते।

जस्तो सर्वत्र रहेको व्यापक आकाश सूक्ष्म भएको हुँनाले लिप्त हुँदैन, त्यस्तै सर्वत्र शरीरमा रहेको आत्मा लिप्त हुँदैन ।३२।

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ।३३।

यथा इमं कृत्स्नं लोकं एकः रविः प्रकाशयति, तथा भारत, कृत्स्नं क्षेत्रं क्षेत्री प्रकाशयति।

जस्तो यो सम्पूर्ण लोकलाई एउटै सूर्यले प्रकाशित गर्नुहुन्छ त्यस्तै हे भारत, सम्पूर्ण क्षेत्रलाई क्षेत्रज्ञले प्रकाशित गर्छ ।३३।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ।३४।

क्षेत्रक्षेत्रज्ञयोः एवम् अन्तरं, भूतप्रकृतिमोक्षं च ज्ञानचक्षुषा ये विदुः ते परं यान्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्र क्षेत्रज्ञको यस्तो फरकलाई, भूतलाई, तिनको प्रकृति अव्यक्त मायालाई, त्यसको मोक्ष अर्थात् शमनलाई समेत ज्ञानचक्षुबाट जसले बुझ्छन् तिनले परमपद पाउँछन् ।३४।

क्षेत्र दृश्य हो, क्षेत्रज्ञ द्रष्टा हो । प्रत्येक शरीररूप, व्यष्टि शरीरमा रहेको क्षेत्रज्ञ नै विराट् समष्टिशरीरमा रहने क्षेत्रज्ञ हो । सुखित्व दुःखित्व आदि क्षेत्रज्ञका धर्म हैनन् । क्षेत्रमा रहने गुणधर्मले क्षेत्रज्ञमा कुनै लेप गर्दैन । क्षेत्रज्ञलाई सुखी दुःखी भन्ने भ्रम हुँदा पनि मिथ्या वस्तुको दोष सत्य वस्तुमा लाग्दैन । चाँदीलाई सिपी ठान्दा पनि सिपीको धर्म चाँदीमा सर्दैन, चाँदीको आफ्नो स्वभाव विकृत हुँदैन जस्तातस्तै रहन्छ । त्यसैले व्यष्टि क्षेत्रमा रहेको र समष्टि क्षेत्रमा रहेको कारणबाट क्षेत्रज्ञमा, क्षेत्रको भानै नउठेको परब्रह्ममा कुनै लेप हुँदैन । त्यसैले अज्ञानदोष भएको बेलामा पनि व्यष्टि क्षेत्रको क्षेत्रज्ञ, समष्टि क्षेत्रको क्षेत्रज्ञ तथा अनुपहित निर्विशेष, निरुपाधि परब्रह्म परमात्मा उही हो, एकै हो, अद्वैत हो । क्षेत्र पनि त्यसैमा देखिएको भाव हो, त्यही देखिएको हो, त्योदेखि फरक छैन । यही प्रतिज्ञाबाट यो अध्याय शुरु भएको हो क्षेत्रज्ञ पनि, अर्थात् क्षेत्र पनि मै हुँ "क्षेत्रज्ञं चापि मां विद्धि" । उपसंहार त्यसैबाट भएको छ– क्षेत्र, क्षेत्रज्ञ, माया र मोक्षको यथार्थ ज्ञान हुनुपर्छ ।

ॐ तत्सत् इति श्रीमद् भगवद् गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे क्षेत्रक्षेत्रज्ञ विभागयोगो नाम त्रयोदशः अध्यायः ।

ॐ तत्सत् क्षेत्रक्षेत्रज्ञविभागयोग नामक त्रयोदश अध्याय समाप्त भयो ।

'त्वं पदार्थ'को स्वरूप अव्यक्त, अचिन्त्य, अविकार्य, नित्य, सर्वगत, सनातन हो भनेर दोस्रो अध्यायमा भनियो । 'तत्पदार्थ'को स्वरूप 'अव्यक्त, अनिर्देश्य, सर्वत्रग, अचिन्त्य, ध्रुव हो' भनेर बाह्रौं अध्यायमा भनियो । दुबैको स्वरूपलक्षण उही हुँदा स्वरूपमा दुबैको एकत्व स्वतएव सिद्ध भएको छ । व्यवहारदशामा जुन भेदको कल्पना भएको छ त्यसलाई पनि हटाउनु आवश्यक छ ।

सामान्य साधकले सामान्यतः जगत्को, जीवको र ईश्वरको अस्तित्व सकारेको हुन्छ, त्यसै आधारमा उपासना शुरु हुन्छ । उपासकलाई तिनको विवेकज्ञान गराउनु ज्ञानकाण्डको प्राथमिक प्रयोजन हो । जगत्लाई क्षेत्र भन्छन् । त्यो दुइ थरी छ व्यष्टिक्षेत्र र समष्टिक्षेत्र । व्यष्टिक्षेत्र व्यक्ति व्यक्तिका शरीर हुन्, समष्टिक्षेत्र सम्पूर्ण ब्रह्माण्ड हो । व्यष्टिक्षेत्रको ज्ञाता पनि समष्टिक्षेत्रको ज्ञाता पनि क्षेत्रज्ञ हो । क्षेत्र पृथक्पृथक् भए पनि क्षेत्रज्ञ फरकफरक हैन, यौटै हो । क्षेत्र केवल उपाधि हुन्, 'ज्ञ' एकै हो । सृष्टिको कारण त्रिगुणमय अविद्या हो । ब्रह्मविद्याले अविद्याको समूल उच्छेद हुन्छ, सर्वानर्थनिवृत्ति हुन्छ । क्षेत्रक्षेत्रज्ञको विवेकज्ञानका साथै भूतप्रकृतिमोक्षरूप अविद्याको उच्छेद पनि यो अध्यायको विषय भएको हुनाले यसको नाम क्षेत्रक्षेत्रज्ञविभागयोग भन्ने रहेको छ ।

यो अध्यायको नाम शङ्कराचार्यले 'प्रकृतिपुरुषयोग', 'क्षेत्रक्षेत्रज्ञयोग', मधुसूदन सरस्वतीले 'क्षेत्रक्षेत्रज्ञविवेक', श्रीधरस्वामीले 'प्रकृति पुरुष विवेकयोग' राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ चतुर्दशः अध्यायः– गुणत्रयविभाग योगः ।

श्री भगवानुवाच – भगवान् श्रीकृष्णबाट हुकुम भयो ।

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञान मुत्तमम्
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धि मितोगताः ।१।

ज्ञानानाम् उत्तमं परं ज्ञानं भूयः प्रवक्ष्यामि, यत् ज्ञात्वा सर्वे मुनयः इतः परां सिद्धिं गताः ।

ज्ञानहरूमा उत्तम र परमात्मालाई बुझाउने ज्ञान फेरि बताउँछु । जे जानेर सबै मुनिहरूले यसलोकबाट परम सिद्धि प्राप्त गरे ।१।

इदं ज्ञान मुपाश्रित्य मम साधर्म्य मागताः
सर्गेपि नोपजायन्ते प्रलये न व्यथन्ति च ।२।

इदं ज्ञानम् उपाश्रित्य मम साधर्म्यम् आगताः सर्गे अपि न उपजायन्ते, प्रलये न व्यथन्ति च ।

यो ज्ञानको आश्रय लिएर मेरो स्वरूप प्राप्त गरेकाहरू सृष्टिमा पनि जन्मँदैनन्, प्रलयमा पनि मृत्युदुःख पाउँदैनन् ।

आत्मा सर्वश्रेष्ठ तत्त्व हो, मोक्ष सर्वश्रेष्ठ पुरुषार्थ हो । त्यसैले आत्मज्ञान उत्तम ज्ञान हो, सर्वश्रेष्ठ ज्ञान हो । ज्ञान स्वरूपतः विषयभन्दा बेस हुन्छ । ज्ञान भनेपछि जुन ज्ञान पनि सत्त्वगुणको उत्कर्षबाट हुन्छ । ज्ञान गरिने विषय पनि सात्त्विक भयो भने त्यो सात्त्विक विषयज्ञान अझ बेस हुन्छ । ग्राम्य विषयको, उत्तेजक माडमैला कुराहरूको ज्ञानभन्दा शास्त्रका कुराहरूको ज्ञान बेस हुन्छ । शास्त्रीय विषयमा पनि अर्थ कामसम्बद्ध विषयको ज्ञानभन्दा अलौकिक स्वर्गादि विषयको, देवादिविषयको ज्ञान अझ बेस । भक्ति बैराग्यका कुराहरू, भगवान्का कथाहरू, चरित्रहरूको ज्ञान तह तहमा बेस हुन् । आत्मज्ञान सबभन्दा बेस हो, यसबाट परमसिद्धि, परम पुरुषार्थ मोक्ष मिल्छ, जन्ममृत्युजराव्याधि दुःख दोष सबै छुट्छन् ।

आत्मा स्वयं गुणातीत छ । सामान्यतः जेको ज्ञान भो, बुद्धि त्यही बन्छ; तामसज्ञान हुँदा तामस, राजसज्ञान हुँदा राजस, सात्त्विकज्ञान हुँदा सात्त्विक बन्छ । बुद्धि तदाकार तत्स्वरूप नभई वस्तुको ज्ञानै हुँदैन । इन्द्रिय बुद्धिबाट प्रेरित भएपछि इन्द्रियमा वृत्ति उठ्छ । विषयको र इन्द्रियको सम्बन्ध–सूत्र त्यही इन्द्रियवृत्ति हुन्छ । इन्द्रियवृत्तिकै सम्बन्धबाट बुद्धिको र विषयको पनि सम्बन्ध हुन्छ, बुद्धि विषयकाराकारित बन्छ । यसो हुनलाई वृत्तिव्याप्ति भन्छन् । बुद्धिवृत्तिकै सूत्रबाट बुद्धिवृत्तिमा प्रतिफलित चिदाभासप्रकाश विषयमा पर्छ । यसो हुनुलाई फलव्याप्ति भन्छन् । विषयमा बुद्धि वृत्तिको सम्बन्ध हुनुलाई वृत्तिव्याप्ति र चिदाभासप्रकाशसम्बन्ध हुनुलाई फलव्याप्ति भन्छन् । यी दुई व्याप्ति भएपछि विषयज्ञान हुन्छ र त्यसले गर्दा बुद्धिले र बुद्धिशबल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिदाभासले विषयमा ममकार र अहंकार गर्छन् । यसो हुँदा जस्तो विषय हेऱ्यो, सुन्यो, खायो, छोयो, सुँघ्यो, सम्झ्यो, चितायो बुद्धि त्यस्तै हुन्छ, त्यस्तैमा अहंता, ममता हुन्छ । त्यसैले तामस विषयको स्पर्श गर्नुहुन्न, राजस विषयको त्याग गर्ने गर्नुपर्छ, सात्त्विक विषयको सेवन गरी गरी साधना गर्नुपर्छ । अझ सम्पूर्ण विषयमा विरक्त भएर त्रिगुणमय मायाका अधिपति परमेश्वर भगवान्को आराधना उपासना गर्नुपर्छ । यसबाट बुद्धि पनि परमेश्वराकार, भगवदाकार नै बन्छ । मायिक त्रिगुणाकार बन्न छोडेर मायाधीशाकार, भगवदाकारले आकारित बुद्धि हुँदा मायातीत गुणातीत परब्रह्म परमात्माको ज्ञानको उदय हुन्छ ।

परमात्माको ज्ञान हुँदा परमात्माकार भएको बुद्धि आफैं हराउँछ । अरू विषयको ज्ञान हुँदा विषयमा इन्द्रियवृत्ति र बुद्धिवृत्ति हुनुपर्थ्यो । अर्थात् इन्द्रियवृत्तिव्याप्ति, बुद्धिवृत्तिव्याप्ति चिदाभास छायावृत्ति, हुनु पर्थ्यो । आध्यात्मिक विषयको ज्ञानमा बुद्धिको बाहिर सम्बन्ध नहुने हुँदा इन्द्रियवृत्तिको आवश्यकता पर्दैन । आत्माको नै ज्ञान हुँदा बुद्धि आत्मामा फर्कने बित्तिकै आत्मा स्वयं प्रकाश हुनाले फलव्याप्ति चाहिंदै चाहिएन; सूर्यतिर फर्कने बित्तिकै सूर्यप्रतिबिम्ब सत्यता-बुद्धि हराउने जस्तै चिदाभाससत्यताबुद्धि हराइहाल्छ । बुद्धि आत्माकार बनिहाल्छ । चिदाभास-सत्यताभान नभएपछि बुद्धिको स्वरूप गै हाल्यो । त्यसैले गुणमा बुद्धि लाग्दा बुद्धि नै बद्ध हुन्छ, गुणातीतमा लाग्दा बुद्धि मुक्त हुन्छ, गुणातीत नै बन्छ । तसर्थ, आत्मज्ञान सर्वोत्तम ज्ञान हो, सर्वश्रेष्ठ परम ज्ञान हो ।

मम योनि र्महद् ब्रह्म तस्मिन् गर्भं दधाम्यहम्
संभवः सर्व भूतानां ततो भवति भारत ।३।

मम योनिः महद्ब्रह्म तस्मिन् अहं गर्भं दधामि भारत ततः सर्वभूतानां संभवः भवति ।

मेरो योनि (गर्भाधान स्थान) महद् ब्रह्म हो (माया) हो त्यसमा म गर्भ आधान गर्छु । हे भारत त्यसैबाट सर्वभूतको उत्पत्ति हुन्छ ।३।

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः
तासां ब्रह्म महद् योनि रहं वीजप्रदः पिता ।४।

कौन्तेय, सर्वयोनिषु याः मूर्तयः संभवन्ति महद् ब्रह्म योनिः, अहं बीजप्रदः पिता ।

हे कौन्तेय, सारा योनिमा जुन मूर्तिहरू तयार हुन्छन् ती सबैको महद् ब्रह्म योनि हो, म बीज दिने बाबु हुँ ।४।

भगवान्का प्रकृति दुइ छन्– परा र अपरा, यिनैको अर्कौं नाम क्षेत्रज्ञ र क्षेत्र भयो, पछि यिनैलाई क्षर, र अक्षर पनि भनिन्छ । परा प्रकृति चित् शक्ति हो, जीव । अपरा प्रकृति हो अचित् शक्ति, माया । मायामा चित् शक्तिको सम्बन्ध हुनु सृष्टिको गर्भधारण हो। मायामा चित् शक्तिको सम्बन्ध रूपी गर्भबाट हिरण्य गर्भको सृष्टि हुन्छ र त्यसैबाट सारा चराचर जगत्को उत्पत्ति हुन्छ । हिरण्यगर्भलाई नै महत्तत्त्व, बुद्धितत्त्व पनि भन्छन् र पुराणहरूमा लोकपितामह ब्रह्मा, प्रजापति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि भनिएको छ ।

सृष्टिको बीज परा प्रकृति हो, क्षेत्र त्रिगुणमय माया हो । यी दुईको सम्बन्ध प्रकृतिका अधिपति ईश्वरबाट हुन्छ । अनादिसृष्टिमा प्राणीका अनन्त कामना बासनाहरू जम्मा भएका छन् । प्रलयकालमा अव्याकृत मायामा विलीन बन्छन्, अव्यक्त हुन्छन् । सृष्टिकालमा तिनै अनादि काम कर्मवासना उद्बुद्ध बन्छन् र सोही अनुसार सृष्टिको लागि मायामा स्पन्दन उत्पन्न हुन्छ । परमेश्वर भगवान्को परा प्रकृति, चित् शक्तिको सम्बन्ध हुँदा यो स्थूल सूक्ष्म प्रपञ्च परिपूर्ण ब्रह्माण्डको सृष्टि हुन्छ । यो सृष्टिको उपादानकारण माया हो, निमित्तकारण चित् शक्ति हो ।

सत्त्वं रज स्तम इति गुणाः प्रकृति सम्भवाः ।
निबध्नन्ति महाबाहो देहे देहिन मव्ययम् ।५।

महाबाहो, प्रकृति संभवाः सत्त्वं, रजः तमः इति गुणाः देहे अव्ययं देहिनं निबध्नन्ति ।

हे महाबाहु, प्रकृतिमा भएका सत्त्व, रज र तम भन्ने तीन गुणले शरीरमा अव्यय आत्मालाई बद्ध गर्छन् ।

प्रकृति सत्त्व, रज, तम गुणमय छ । शरीर प्रकृतिको कार्य हो । शरीराभिमान भयो भने अपरिणामी, बन्धनरहित, सदामुक्त भए पनि आत्मा तिनै गुणरूपी बन्धनमा पर्छ । गुण भनेको नै अर्को अर्थमा डोरी हो, बन्धन हो । डोरीमा, बन्धनमा संबन्ध नहुँदा पनि डोरीमा अभिमान, म र मेरो भन्ने भाव भएपछि बाँधिएको हो ।६।

तत्र सत्त्वं निर्मलत्वात् प्रकाशक मनामयम्
सुखसंगेन बध्नाति ज्ञान संगेन चानध ।६।

अनघ तत्र निर्मलत्वात् प्रकाशकम्, अनाम्मयं सत्त्वं सुखसंगेन, ज्ञानसंगेन च बध्नाति ।

हे निष्पाप अर्जुन, ती तीन गुण मध्ये निर्मल भएकोले सत्त्व उज्यालो छ र रज र तमले नदबाएको सत्त्वगुणबाट सुखमा आसक्ति र ज्ञानमा आसक्तिद्वारा बद्ध भइन्छ ।

तीन गुण मध्ये सत्त्व गुणको स्वभाव स्वच्छ उज्यालो छ । अन्तःकरणमा सुखको र ज्ञानको छाया पसले पर्छ । सत्त्वको प्रभावबाट अन्तःकरणले विषयको ग्रहण गर्छ र दृश्यसुखको ग्रहण गर्छ । त्यसलाई मेरो हो भन्ने अभिमानरूप आसक्तिबाट आत्मामा आरोप गर्दा बन्धन हुन्छ ।६।

रजो रागात्मकं विद्धि तृष्णासङ्ग समुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्म सङ्गेन देहिनम् ।७।

कौन्तेय, रजः रागात्मकं, तृष्णासङ्गसमुद्भवं विद्धि । तत् कर्मसंगेन देहिनं निबध्नाति ।

हे अर्जुन, रज, गुण, रागमय, तृष्णा र सम्पर्क (लगाउ) बढाउने स्वभावको भन्ने बुझ । त्यसले कर्ममा अभिमान हुँदा आत्मालाई बाँध्छ ।

कर्म रजोगुणको प्रभावबाट हुन्छ । पसले तृष्णा अर्थात् पाइएकोमा अतृप्ति र लगनधून

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बढाइदिन्छ । कर्मेन्द्रियहरूमा रजबाट शक्ति संचार हुन्छ, कामहरू हुन्छन् । मैले कर्म गरेको भन्ने अभिमान हुँदा जे पाइएको छ त्यसमा नअघाउने र अझ बढी गरेर अरू पाउने चेष्टा र लगाउ हुन्छ । यसले नै बाँधिन्छ ।७

तम स्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम्
प्रमादालस्य निद्राभि स्तन् निबध्नाति भारत ।८।

तमः तु अज्ञानजं, सर्वदेहिनां मोहनं विध्दि । भारत, तत् प्रमादालस्यनिद्राभिः निबध्नाति ।

तम गुण चाहिं अज्ञानबाट हुने आत्माको मोहक हो । हे अर्जुन, प्रमाद, आलस्य र निद्राबाट त्यसले बाँध्छ ।८।

प्रकृतिमा हुने तम गुण अँध्यारो, लठ्याउने स्वभावको छ । आवरण शक्तिबाट यो तम उठ्छ । यसले बुद्धिलाई छोपिदिन्छ, लठ्याइदिन्छ । कर्तव्यमा बास्ता नगर्ने, नसम्झने, सम्झे पनि अल्छी गर्ने, सुतिरहने, निदाइरहने जस्ता खराब आदतहरू तमका प्रभाव हुन् । यिनमा आसक्ति गर्दा बन्धन हुन्छ ।

प्रकृतिमा सत्त्व रज र तम तीन गुण छन् । यी तीन गुण समान अवस्थामा रहँदा प्रकृति भन्ने नाम हुन्छ । यिनमा उतार चढाउ हुनु विकृति हो । सत्त्वगुण प्रधान भयो भने ज्ञान हुन्छ, कुरो बुझिने हुन्छ, मनमा मीठो हुन्छ । रज प्रधान भयो भने जाँगर बढ्ने, कर्ममा रूचि हुने हुन्छ; गरूँ, अझ कमाउँ, अझ बढाउँ भन्ने किसिमको तृष्णा र लगाउ भइरहन्छ । यसो गर्दा दुःख झञ्झट बढ्छ । तम प्रधान भयो भने जाँगर मर्ने, अल्छी लाग्ने, काममा मन नलाग्ने, लठ्ठिइरहन, सुतिरहन मन लाग्ने हुन्छ । कुनै कुरा पनि बुझ्ने मन नलाग्ने, बुझ्दै नबुझिने तम गुणले गर्दा हो ।

वास्तवमा आफू यी तीनै गुणमा छैन, आफूमा यी तीन गुण केही छैनन्, तीन गुण छँदै छैनन्, भएकै छैनन्, आफू मात्रै हो, आफू मात्रै छ । मायाको आवरण शक्तिले छोपिँदिँदा मोह हुन्छ । विक्षेप शक्तिले मिथ्या सृष्टि गरिदिन्छ । भएको देखिँदैन, त्यसैलाई अर्को ठानिन्छ, नभएको देखिन्छ । प्रपञ्च चल्छ ।

सत्त्वं सुखे सञ्जयति, रजः कर्मणि भारत
ज्ञान मावृत्य तु तमः प्रमादे सञ्जयत्युत ।९।

भारत, सत्त्वं सुखे, रजः कर्मणि सञ्जयति तमः तु उत ज्ञानम् आवृत्य प्रमादे सञ्जयति ।

हे भारत, सत्त्वगुणले सुखमा, रजगुणले कर्ममा आसक्त बनाउँछ तम गुणले चाहिं बुद्धिलाई ढाकेर कर्तव्यमा बेवास्ता र अकर्तव्यमा रूचि गराइदिन्छ ।९।

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ।१०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारत, रजः तमः च अभिभूय सत्त्वं भवतिः सत्त्वं, तमः च एव (अभिभूय) रजः (भवति) तथा सत्त्वं रजः च (अभिभूय) तमः भवति ।

हे भारत, रज र तमलाई दबाएर सत्त्व गुणले काम गर्छ; सत्त्व र तमलाई दबाएर रज गुणले काम गर्छ; त्यस्तै सत्त्व र रजलाई दबाएर तम गुणले प्रभाव बढाउँछ ।१०।

सर्वद्वारेषु देहे स्मिन् प्रकाश उपजायते
ज्ञानं यदा तदा विद्याद् विवृध्दं सत्त्व मित्युत ।११।

अस्मिन् देहे सर्वद्वारेषु प्रकाशः ज्ञानं यदा उपजायते तदा सत्त्वं विवृध्दम् इति उत वद्यात् ।

यो शरीरमा भएका सबै ज्ञानेन्द्रियहरूमा प्रकाश र विषयबोधशक्ति जहिले हुन्छ; तहिले सत्त्व बढेको छ भन्ने बुझ ।११।

लोभः प्रवृत्ति रारम्भः कर्मणा मशमः स्पृहा
रजस्ये तानि जायन्ते विवृद्धे भरतर्षभ ।१२।

भरतर्षभ, रजसि विवृध्दे लोभः, प्रवृत्तिः, कर्मणाम् आरम्भः, अशमः, स्पृहा एतानि जायन्ते ।

हे भरतश्रेष्ठ, रज बढेमा लोभ (पाएको भन्दा बढी पाउने इच्छा), प्रवृत्ति, कर्महरूको आरम्भ गरिरहने नहट्नेपन परधन जस्तो धन होस् भन्ने इच्छा यस्ता दोषहरू हुन्छन् ।१२।

अप्रकाशो प्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ।१३।

कुरुनन्दन, तमसि विवृध्दे अप्रकाशः, अप्रवृत्तिः च प्रमादः, मोहः एव च एतानि जायन्ते ।

हे कुरुनन्दन, तम गुण बढेपछि ज्ञानेन्द्रियको कमजोरी, अप्रवृत्ति (कर्मेन्द्रियको शिथिलता), प्रमाद (हेलचेक्र्याइँ), मोह (लठ्ठिइरहनु) यस्ता विकारहरू हुन्छन् ।१३।

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत्
तदोत्तम विदां लोका नमलान् प्रतिपद्यते ।१४।

यदा सत्त्वे प्रवृध्दे तु देहभृत् प्रलयं याति तदा उत्तम विदाम् अमलान् लोकान् प्रति पद्यते ।

जब सत्त्वगुण बढेको बेलामा शरीरधारीको मृत्यु हुन्छ, तब त्यो उत्तम वेत्ताको (उत्तम भनेको हिरण्यगर्भ सूत्रात्मा आदि तैजस देवताहरू) मल प्रधान नभएका (मल भनेको रज र तम) लोकहरूमा (देवलोकहरूमा) पुग्छ (उत्तम गति, उर्ध्वगति हुन्छ ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते
तथा प्रलीन स्तमसि मूढ योनिषु जायते ।१५।

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते, तथा तमसि प्रलीनः मूढयोनिषु जायते ।

रज गुण बढेर विलायो भने कर्माभिमानीहरूमा जन्मन्छ, त्यसै गरी तम गुणमा हरायो भने मूढ योनिमा जन्मन्छ ।१५।

सत्त्व रज तम तीन गुण मध्ये सत्त्व गुण असल हो, ब्रह्मा आदि देवताहरू सात्त्विक हुन् । यिनको लोक सत्त्व प्रधान हुन्छ र त्यहाँको जन्मलाई उत्तम योनि भन्छन् । यज्ञयाग आदि धर्मकर्ममा लाग्ने मानिसहरू मध्यम हुन्, रज गुण प्रधान हुन्छन् यिनको लोक रज गुण प्रधान हुन्छ र यहाँको जन्मलाई मध्यम योनि भन्छन् । पापी अधर्मीहरू, पशुपक्षीहरू अधम हुन्, यी तामस हुन् यिनको लोक तम प्रधान हुन्छ । यहाँको जन्मलाई मूढ योनि भन्छन् ।

सत्त्व गुणमा हराउनेको उत्तमगति, उर्ध्वगति हुन्छ, देवयोनिमा जन्म हुन्छ । तमो गुणमा हराउने मानिसको अधोगति हुन्छ, अधम योनिमा तिर्यक् योनिमा जन्म हुन्छ ।१५।

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम्
रजसस्तु फलं दुःख मज्ञानं तमसः फलम् ।१६।

सुकृतस्य कर्मणः सात्त्विकं निर्मलं फलम् आहुः, रजसः तु दुःखं फलम् तमसः अज्ञानं फलम् ।

असल कर्मको सात्त्विक निर्मल फल हो भन्छन् । रजको चाहिं दुःख फल हो र तमको अज्ञान फल हो ।१६।

सत्त्वात् संजायते ज्ञानं रजसो लोभ एव च
प्रमाद मोहौ तमसो भवतो ज्ञान मेव च ।१७।

सत्त्वात् ज्ञानं संजायते, रजसः लोभः एव च तमसः प्रमाद मोहौ भवतः अज्ञानम् एव च ।

सत्त्व गुणबाट ज्ञान हुन्छ । रज गुणबाट लोभ नै हुन्छ र तम गुणबाट प्रमाद र मोह हुन्छन् र (साथै) अज्ञान पनि हुन्छ ।१७।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः
जघन्य गुण वृत्तिस्था अधो गच्छन्ति तामसाः ।१८।

सत्त्वस्थाः ऊर्ध्वं गच्छन्ति, राजसाः मध्ये तिष्ठन्ति, जघन्यगुणवृत्तिस्थाः तामसाः अधः गच्छन्ति ।

सत्त्वगुणमा स्थित हुनेहरू माथि जान्छन् । राजसहरू बीचमा रहन्छन् । चुत्थो गुणवृत्तिमा रहनेहरू तल खस्छन् ।१८।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टा नुपश्यति
गुणेभ्यश्च परं वेत्ति मद्भाव सो धिगच्छति ।१९।

यदा द्रष्टा गुणेभ्यः अन्यं कर्तारं न अनुपश्यति, गुणेभ्यः च परं वेत्ति सः मद्भावम् अधिगच्छति ।

जब द्रष्टा (जीवले) गुणदेखि बाहेक अर्कोलाई कर्ता हो भन्ने देख्दैन, गुणहरूभन्दा परको श्रेष्ठ तत्त्वलाई जान्दछ, त्यसले मेरो भाव पाउँछ ।

गुणा नेता नतीत्य त्रीन् देही देह समुद्भवान्
जन्ममृत्यु जरा दुःखै र्विमुक्तो मृत मश्नुते ।२०।

देहसमुद्भवान्, एतान् त्रीन् गुणान् अतीत्य देही जन्ममृत्युजरा दुःखैः विमुक्तः अमृतम् अश्नुते ।

देहोत्पत्तिका कारण भएका यी तीन गुणलाई पार गरेर देहधारीले जन्म, मृत्यु बुढ्याइँ, र दुःखहरू हराएको बनेर मोक्ष प्राप्त गर्छ ।२०।

संसारमा, जति प्राणी छन् ती सबैमा जन्म मृत्यु समान छन् । जन्म मृत्युका बीचमा बुढ्याइँ छ । यी मुख्य मुख्य अवस्था हुन् । यस्तै अबान्तर (बीच बीचमा अरू) अवस्थाहरू छन् । प्रत्येक अवस्था दुःख युक्त छ, स्वयं दुःखमय छ । यी दुःखहरू मर्दैमा छुट्ने पनि हैनन्, बाँचेमा नछुट्ने पनि हैनन् । दुःख हुनु र नहुनुको संबन्ध जन्म र मृत्युसंग मात्र छैन । मरे पनि दुःख छुट्दैन । दुःखको बीज जस्तातस्तै रह्यो भने दुःख फेरि उम्रन्छ । दुःखको बीज मऱ्यो भने, डढयो भने दुःख फेरि उम्रँदैन । दुःखको बीज गुणभाव हो, मोक्षको बीज ईश्वरभाव, आत्मभाव हो । त्रिगुण र त्रिगुणकार्यमा अभिमान हुँदा, आसक्ति हुँदा देह बनेको छ, देहमा आत्माको अविवेक हुँदा देही खडा भएको छ, जन्म जरामृत्यु दुःखको चक्र चलिरहेछ । त्रिगुणमा र त्रिगुण कार्यमा म र मेरो भन्ने अभिमान छुट्यो भने गाँठो फुस्कियो, बीज डढयो । दुःख छुट्यो, मुक्ति मिल्यो ।

सत्य वस्तु अद्वैत आत्मा मात्र हो । अज्ञानले गर्दा त्यो देखिदैन, अरू थोक देखिन्छ । अज्ञानले गर्दा रज्जु देखिदैन । एकथोक न एकथोक देख्ने अभ्यास । सत्यवस्तु नदेखिएपछि त्यसैमा मिथ्यावस्तु देखिन्छ । रज्जुको अज्ञानले गर्दा सत्यवस्तु, रज्जु देखिदैन, त्यसैमा सर्प देखिन्छ । सर्प देखिए पछि डर, त्रास, कम्प. श्वास आदि अनर्थ पैदा हुन्छन्. त्यसैबाट मृत्यु पनि हुन सक्छ ।

अज्ञानका दुइ शक्ति हुन्छन्, आवरण शक्ति र विक्षेप शक्ति । अज्ञानको आवरण शक्तिले सत्यस्वरूप ढाकिदिन्छ; विक्षेप शक्तिले त्यसैमा मिथ्या सृष्टि गरिदिन्छ । आवरण शक्तिले रज्जुको सत्य स्वरूप ढाकिदियो । विक्षेप शक्तिले त्यसैमा मिथ्यासर्पसृष्टि गरिदियो । त्यसैबाट डर, त्रास, कम्प, श्वास, मृत्यु जस्ता अनर्थ परम्परा उठे । यी जम्मैको मूल, गाँठो रज्जुको र सर्पको परस्पर अध्यास हो; रज्जुमा सर्पका गुणको आरोप र सर्पमा रज्जुका गुणको आरोप हो । यसैलाई अविवेक भन्छन् । रज्जुको र सर्पको विवेक ज्ञान हुने वित्तिकै रज्जुको र सर्पको परस्पराध्यास हराउँछ । अध्यास हराएपछि रज्जुलाई अज्ञानले गरेको आवरण (पर्दा) हट्छ । आवरण गएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदा विक्षेप मिथ्यासर्पसृष्टि बन्द हुन्छ, त्यसबाट भएका अनर्थ परम्पराहरू क्रमशः छुट्छन् । रज्जुको अज्ञान, सर्पको भ्रमबाट उठेका डर त्रास आदि सारा अनर्थ छुट्छन् ।

यो दृष्टान्त हो । यसैबाट सम्पूर्ण जीवनको किल्ली बुझ्नुपर्छ, गाँठो चिन्नुपर्छ । आत्मा सत्य छ, आत्मा सत् मात्र, चित् मात्र, आनन्द मात्र अर्थात् सच्चिदानन्द घन छ । अज्ञानले गर्दा आवरणशक्तिले आत्मालाई ढाकिदिन्छ, अज्ञानकै अर्को शक्ति विक्षेपशक्तिले मिथ्या गुणमय सृष्टि हुन्छ । सत्य आत्माको र मिथ्या गुणमय सृष्टिको अध्यास हुन्छ, अविवेक हुन्छ । तिनै गुणहरू महत्तत्त्व देखि लिएर स्थूल भूतभौतिक रूपमा परिणत हुन्छन् । देहेन्द्रियादि संघातरूप शरीर खडा हुन्छ । यिनमा म र मेरो भन्ने अभिमान, आसक्तिले जन्ममृत्यु जरा दुःख आदिको अनर्थ परम्परा चल्छ । यो सबैको मूल गाँठो अध्यास हो, अविवेक हो, त्यसको जरो अज्ञान हो । दुःखमय परम्परारूपी अनर्थबाट छुटकारा पाउन यिनै अनर्थको प्रतीकार गरेर, ओखती मूलो गरेर, चीसो तातो खोजेर, राम्रो, मीठो बटुलेर कदापि हुँदैन । यसको निमित्त मूल गाँठीमा नै, मूल जरोमा नै पुग्नुपर्छ । कर्तृत्व भोक्तृत्व गुणमा छ, गुणमय सृष्टिमा छ । जाग्रत्, स्वप्न, सुषुप्ति, भूत, वर्तमान, भविष्यत्, स्वर्ग, मर्त्य, पाताल, तीनै अवस्थामा, तीनै कालमा तीनै लोकमा भोक्ता, भोग्य, भोग जम्मै गुणमय हुन्; अनित्य हुन्; मिथ्या सृष्टि हुन् । आत्मा यिनदेखि अतीत, सर्वथा विलक्षण सदातन सनातन छ । यी दुईको परस्पर अध्यास, अविवेक छुटाउनुपर्छ । यसको निमित्त मिथ्या गुणमय सृष्टिको र सत्य स्वरूप अकर्ता, अभोक्ता आत्माको स्वभाव बुझ्नुपर्छ । यसबाट विवेकज्ञान हुन्छ, अध्यास छुट्छ । अज्ञानले गरेको आवरण (पर्दा) हट्छ । आवरण गएको हुँदा विक्षेप छुट्छ, जम्मै गुणमय सृष्टिको मिथ्यात्व निश्चय हुन्छ । गुणभावबाट छुटेर आत्मभाव ईश्वरभाव प्राप्त गर्नु भनेको यही हो । भगवान्ले मेरो भाव प्राप्त गर्छ भन्ने मर्जी भएको यही हो । मूल गाँठो गुण भाव हराएको हुनाले, मूल जरो अध्यास छिनेको हुनाले, विक्षेपजन्य सृष्टिमा पूर्ण मिथ्यात्व निश्चय भएको हुनाले जन्म मृत्यु जरा व्याधि दुःखहरूको अनर्थ परम्परा क्रमशः छुट्छन् । शरीर प्रारब्धवशात् ढलिनसके पनि, अरूका दृष्टिमा चलिरहे पनि बन्धन छुटिसकेको छ, दुःख हराइसकेका छन्, अमृत मोक्ष प्राप्त भइसकेको छ । अनर्थ परम्परा क्रमशः छुट्दा अरूका दृष्टिमा लाग्ने समयको दार्शनिक भाका मिलाउन राखिएको नाम प्रारब्ध हो, अवशिष्ट संस्कार हो । यो अवस्थाको दार्शनिक नाम जीवनमुक्ति हो । श्रीमद्भगवद्गीताको दोस्रो अध्यायमा स्थितप्रज्ञको, द्वादश अध्यायमा परभक्तको, चौधौं अध्यायमा गुणातीतको, सातौं, आठौं, नवौं, अठाह्रौं अध्यायका ठाउँठाउँमा बताइएको लक्षण र परिभाषामा यही जीवन्मुक्तिको बोध गराइएकोछ, उपदेश भएको छ ।

अर्जुन उवाच – अर्जुनबाट आज्ञा भो ।

कैर्लिङ्गैस्त्रीन् गुणानेतानतीतो भवति प्रभो
किमाचारः कथं चैतांस्त्रीन् गुणानतिवर्तते ।२१।

प्रभो, एतान् त्रीन् गुणान् अतीतः कैः लिङ्गैः भवति, किमाचारः (भवति) कथं च एतान् त्रीन् गुणान् अतिवर्तते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे प्रभु, यी ब्रीन गुण पार गरेको महापुरुष कस्ता लक्षणले युक्त हुन्छ, कस्तो आचारबाला हुन्छ ? कसरी यी तीन गुणलाई पार गर्छ ।२१।

श्री भगवानुवाच – श्री भगवान्‌बाट भर्जी भयो ।

प्रकाशं च प्रवृत्तिं च मोह मेव च पाण्डव
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति ।२२।

पाण्डव, प्रकाशं च, प्रवृत्तिं च, मोहम् एवच, संप्रवृत्तानि न द्वेष्टि, निवृत्तानि न काङ्क्षति ।

हे पाण्डव, प्रकाश, प्रवृत्ति र मोह नै पनि उठे पनि द्वेष गर्दैन, हराए पनि (छुटे पनि) राग गर्दैन ।

सत्त्वबाट प्रकाश, रजबाट प्रवृत्ति, तमबाट मोह हुन्छ । गुणातीत पुरुषमा यी तीनै गुणको प्रभाव पर्न छोडेको हुन्छ । सत्त्व रज वा तम जुन गुण प्रधान भए पनि, जुन गुणको परिणाम भए पनि गुणातीतलाई कुनै वास्ता हुँदैन, मतलब हुँदैन, रागद्वेष हुँदैन । सत्त्वगुण बढेर प्रकाश उठे पनि, रज गुण बढेर प्रवृत्ति उठे पनि, तमगुण प्रधान भएर मोह नै उठे पनि गुणातीतलाई रागद्वेष हुँदैन । अर्थात् गुण प्रवाह चलिरहन्छन्, अध्यास छुटेको गुणातीत पुरुषको निमित्त गुण प्रवाहको उपराम भइसकेको हुन्छ उसलाई थाहै हुँदैन । यो लक्षण अरूले थाहा पाउँदैन, स्वयं गुणातीतले अनुभव गर्छ । यो जीवन्मुक्तिको सातौं नित्य समाधिस्थ भूमिका हो ।२२।

उदासीनवदासीनो गुणै र्यो न विचाल्यते
गुणा वर्तन्त इत्येव यो वतिष्ठति नेङ्गते ।२३।

उदासीनवत् आसीनः यः गुणैः न विचाल्यते, गुणाः वर्तन्ते इति एव यः अवतिष्ठति, न इङ्गते ।

उदासीन रूपमा रहिरहने जो जीवन्मुक्त गुणहरूद्वारा विचलित हुँदैन, गुणहरूको परस्पर व्यवहार चलिरहन्छ नै भनेर जो आफैंमा बसिरहन्छ चल्दैन (त्यो गुणातीत हो ।)

गुणातीत व्युत्थित स्थितिमा पनि समाधिस्थ जस्तै भएर रहन्छ । अरूले गुणमार्गको, गुण प्रवाहको सञ्चना गराउँदा पनि गुणातीत स्वरूपस्थितिबाट विचलित हुँदैन, विचलित गराइँदैन । 'यो गरें, यो गर्नु छ' 'यो पाएँ, यो पाउनु छ' भन्ने किसिमको कृत र कर्तव्यको, प्राप्त प्राप्तव्यको भान नै गुणातीतलाई हुँदैन र गुणबाटै गुणव्यवहार चलेका हुन् भन्ने दृढ निश्चय उसलाई भइसकेको छ गुणवृत्तिबाट भएका इष्टानिष्टापत्तिले उसलाई छुँदै छुँदैन, कुनै क्रिया प्रतिक्रिया उठ्दैन । यो जीवन्मुक्तिको छैठौं भूमिका हो । यसमा व्युत्थान हुँदा पनि, अरूले सम्झाउँदा पनि विषयको भान नहुने स्थिति हुन्छ ।२३।

सम दुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः
तुल्य प्रियाप्रियो धीर स्तुल्य निन्दात्म संस्तुतिः ।२४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम दुःखसुखः, स्वस्थः, समलोष्टाश्म काञ्चनः, तुल्यप्रिया प्रियः, धीरः, तुल्य निन्दात्म संस्तुतिः ।

दुःख सुखमा समभाव हुने, आफैंमा स्थित रहने, माटोको ढल्लो, ढुङ्गो र सुनलाई बराबर उस्तै, सज्जने प्रिय र अप्रियमा उस्तै रहने, धैर्ययुक्त, आफ्नो निन्दामा र तारीफमा उस्तै रहने ।

गुणातीतको बुद्धि परमात्मा लागेको हुनाले विचलित हुँदैन, सदा धैर्ययुक्त हुन्छ । त्यसो हुँदा उसको स्थिति असंसक्त हुन्छ, गुणातीत जे जसो हुँदा र पर्दा पनि डेग चल्दैन, विषयमा आउँदैन, स्वस्थ रहन्छ, आफैंमा अडिरहन्छ । उसको बुद्धि परमात्मामा लागेको हुँदा विकृत हुँदैन । सुख वा दुःख जे परे पनि, माटो वा सुन जे पाए पनि, आफ्नो निन्दा वा तारीफ जे सुने पनि विचलित नहुने गुणातीत पुरुष हो । सुख वा दुःख परेकोमा, माटो वा सुन पाएकोमा, निन्दा वा तारीफ सुनेकोमा हुने हर्ष र विषादले गुणातीतलाई विचलित गराउँदैनन्, ऊ अविकृत रहन्छ, असंसक्त रहन्छ । यो भूमिका जीवन्मुक्तिको पाँचौं भूमिका हो । यसलाई असंसक्ति भूमिका भन्दछन् ।२४।

मानापमानयो स्तुल्य स्तुल्यो मित्रारि पक्षयोः
सर्वारम्भ परित्यागी गुणातीतः स उच्यते ।२५।

माना पमानयोः तुल्यः, मित्रारिपक्षयोः तुल्यः, सर्वारम्भ परित्यागी सः गुणातीतः उच्यते ।

मानमा र अपमानमा उस्तै रहने, मित्रपक्ष र शत्रुपक्ष दुवैमा उस्तै हुने सबै कर्म परित्याग गर्ने जो हो त्यो गुणातीत भनिन्छ ।

गुणातीत पुरुष मान गर्दा पनि अपमान गर्दा पनि उस्तै रहन्छ, परस्पर शत्रुभाव वा मित्र-भाव गर्ने दुवै थरीले समानरूपमा उसलाई देख्छन् । फुर्ने कर्मको उठान उसले गर्दैन, सारा कर्म उसले छोडेको हुन्छ । केवल शरीरधारणार्थक कर्म चल्छन् । गुणातीतको यो स्थिति अरूबाट पनि थाहा पाइने हुन्छ ।

कुरो बुझिसकेको गुणातीतले समस्त द्वैत प्रपञ्चलाई मिथ्या भन्ने निश्चय गरिसकेको छ । त्यसैले मान पाउन, अपमान हुन नदिन वा शत्रु हुन नदिन, मित्र बनाउन, गृह क्षेत्रादि विषयको निम्ति, साम्राज्य वा स्वाराज्यको निम्ति कुनै काम उठाउन वा चालू राख्न गुणातीतले कुनै प्रयत्न गर्दैन । खोटो मोहोर, खोटो असर्फी भन्ने बुझीसकेपछि त्यसलाई पाएकोमा खुशी किन र कसरी हुने, हराएकोमा दिक्क किन र कसरी हुने ? खोटो भन्ने नबुझ्नेले दौडधूप गरिरहोस्, पाएकोमा र हरा-एकोमा हर्ष विषाद गरिरहोस् । बुझ्नेलाई यसको कुनै असर पर्दैन समभाव रहन्छ । यो सत्त्वापत्ति भन्ने चौथो भूमिका हो ।२५।

मां च यो व्यभिचारेण भक्तियोगेन सेवते
स गुणान् समतीत्यै तान् ब्रह्म भूयाय कल्पते ।२६।

यः च माम् अव्यभिचारेण भक्तियोगेन सेवते सः एतान् गुणान् समतीत्य ब्रह्मभूयाय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कल्पते ।

जसले मलाई अचल भक्तियोगले सेवा गर्छ त्यो यी गुणलाई पार गरेर ब्रह्मरूप हुनको निम्ति समर्थ हुन्छ ।

ब्रह्म प्राप्ति भनेको आत्मा र ब्रह्मको एकत्व बोध हो, द्वैत प्रपञ्चको विलव हो अद्वैत मात्र-को साक्षात्कार हो । मोक्ष यही हो, ब्रह्म हुनु भनेको पनि यही हो । मोक्षको उपाय ज्ञान, तत्त्वज्ञान मात्र तो । निष्काम कर्मयोगबाट, भक्तियोगबाट, उपासनाबाट मोक्ष हुन्छ भनेको ज्ञानको उदय भएर मोक्ष हुन्छ भनेको हो । त्यसैले भगवान्‌बाट आज्ञा भयो परमेश्वरमा अनन्य भक्तियोगले गुण पार गरेर ब्रह्म प्राप्ति गर्ने योग्यता हुन्छ, अधिकार हुन्छ ।२६।

ब्रह्मणो हि प्रतिष्ठा ह ममृतस्या व्ययस्य च
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ।२७।

हि अहं अमृतस्य अव्ययस्य ब्रह्मणः, शाश्वतस्य च धर्मस्य, ऐकान्तिकस्य सुखस्य च प्रतिष्ठा ।

किनभने, म अविनाशी तथा अविकारी ब्रह्मको, सनातन धर्मको, ऐकान्तिक अर्थात् अवश्य-म्भावी सुखको प्रतिष्ठा हुँ ।२७।

परमेश्वर परमात्मा भगवान्‌बाट ब्रह्मस्वरूप वेदभगवान्‌को उपदेश ब्रह्मालाई भएको हो । वेद अविनाशी छ, अविकारी छ । यसले बनाएको धर्म पनि अविनाशी छ, सनातन छ । सनातन धर्मबाट उद्देश्य बनाइएको सुख पनि अविनाशी सनातन छ । सनातन वेदको, सनातन वैदिक धर्मको, सनातन सुखको प्रतिष्ठा आश्रय स्वयं भगवान् परमात्मा हुनुहुन्छ । त्यस कारण, परमात्माको अनन्य भक्ति गर्ने साधक पनि गुणातीत हुन र ब्रह्म हुन योग्य हुन्छ । परमात्मा परमेश्वर प्रति गरिएको पर भक्तिले एकतान भएको चित्त समाहित बन्छ । साधकले तत्त्वज्ञान प्राप्त गर्छ, अविद्या नष्ट हुन्छ, अध्यास विलाउँछ, आवरण हट्छ, विक्षेप छुट्छ, अनर्थ निवृत्ति हुन्छ, मुक्ति प्राप्त हुन्छ ।

परमेश्वरको अव्यभिचारी भक्ति, अनन्य उपासनाको महिमा अत्यन्त अत्यन्त ठूलो छ । परब्रह्म, परमेश्वर (परमात्मा), अन्तरात्मा (प्रत्यगात्मा), वस्तुतः एकै हुन् । तत्त्व यौटै हो । परब्रह्मको ईक्षण शक्तिबाट ईश्वरतत्वको प्रस्फुरण हुन्छ । शक्तिको र शक्तिमान्‌को अभेद छ । त्यसो हुँदा परब्रह्मको र ईक्षणशक्तिको तथा ईश्वरको अभेद छ । ब्रह्मप्राप्तिको आश्रय परमेश्वर हो । परमेश्वर भक्तिबाट ज्ञानोदय र परमपद प्राप्त हुन्छ ।२७।

जथाभावी भोगेच्छा लिएर इन्द्रियहरूको पछि दौड्नु बिग्रने बाटो लाग्नु हो । जथाभावी भोगेच्छा हुन नदिएर इन्द्रियहरूलाई आफ्नो अधीनमा लिई इन्द्रियहरूको अघि लाग्नु सप्रने बाटो लाग्नु हो । अर्थात् इन्द्रियको पछि लाग्नु खराब बाटो लाग्नु हो, इन्द्रियलाई तहमा राखेर पछिलगाउनु असल बाटो लाग्नु हो । खराब बाटोका पनि सात गौंडा छन्; असल बाटोका सात गौंडा छन् । खराब बाटोका गौंडालाई अज्ञान भूमिका भन्छन्, असल बाटोका गौडालाई ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका वा योगभूमिका भन्छन् । अज्ञान भूमिकातिर लाग्यो भने पतन हुन्छ, कुकुर सुँगुर कीट पतङ्गादि तिर्वक योनिमा, वृक्ष लतादि स्थावर योनिमा प्रेतादि नारक योनिमा घुमिरहनु पर्छ; जन्म मृत्यु जरा व्याधिमय दुःखसागरमा गाडिइरहनुपर्छ । ज्ञान भूमिकातिर लाग्यो भने दुःखक्षय र सन्तोषवृद्धि हुँदै आउँछ; कृतकृत्यता बढ्दै आउँछ; गाँठो छिन्छ; जरो चुँड्छ; जन्ममृत्यु जरा व्याधिमय दुःख छुट्छन्; मोक्ष हुन्छ; सारा अनर्थनिवृत्ति हुन्छ । अमृत. केवल, सच्चिदानन्दघन मात्र हुन्छ ।

ज्ञान भूमिका सामान्यतः सात मानिएका छन् – शुभेच्छा, विचारणा, तनुमानसा, सत्त्वापत्ति, असंसक्ति, पदार्थाभावनी, तुर्यगा (नित्यसमाधि स्थिति) । मोक्षमा इच्छा उठ्नु पहिलो भूमिका शुभेच्छा हो । यसलाई अधिकार संपत्ति वा योग्यता प्राप्ति भने पनि हुन्छ । शम दम, वैराग्य नित्यानित्यवस्तुविवेक आदि भएर, संसारलाई दुःखमय भन्ने बुझेर यसबाट छुट्कारा पाउने इच्छा उठेपछि योग्यता, आत्मविद्याग्रहणको अधिकार प्राप्त हुन्छ । असलबाटो समातेपछि नछोडीकन अघि बडिरह्यो भने परम गन्तव्यमा अवश्य पुगिन्छ । ढीलो चाँडो भनेको त्यस्तै हो, आफ्नो साधना र लगन, प्रारब्ध, प्रभु कृपा आदिमा भर पर्छ ।

दोस्रो भूमिका विचारणा हो । मुक्तिको इच्छा उठेपछि गुरुको, परम प्रभु परमेश्वरको शरणमा पर्नुपर्छ । गुरुबाट अध्यात्मशास्त्रको उपदेश सुन्नुपर्छ । त्यसमा हरबखत लागिरहनुपर्छ । चिन्तन गर्नुपर्छ; विचार गर्नुपर्छ; अनुभवमा चढाउने कोशिश गरिरहनुपर्छ । सत्सङ्ग गर्नुपर्छ, शास्त्रको अभ्यास गरिरहनुपर्छ । दृढताको निमित्त श्रवण मनन ध्यान चलाइरहनुपर्छ । चित्तलाई अन्त जान दिनु हुन्न; अन्त गयो, जान खोज्यो भने तानी तानी अध्यात्ममा नै लगाउनुपर्छ । यो दोस्रो भूमिका हो, यसको नाम विचारणा हो ।

तेस्रो भूमिकाको नाम तनु मानसा हो । दोस्रो भूमिकामा श्रवण मननादिरूपी विचारणा दृढ भइसकेको छ । श्रवणमननादिबाट बुझेकै कुरालाई, तत्त्वलाई अन्तर्मुख बनेर ध्यानमा चढाउन थाल्नु पर्छ । चित्तवृत्तिलाई बहिर्विषयमा नलगाई, छरिन नदिई उही आत्मतत्त्वमा, आत्मतत्त्व सम्बन्धी कुराहरूमा लगाइरहनु पर्छ । चित्तवृत्ति समान रूपसंग एकतान भएर आत्मवस्तुमा लागिरहनु तेस्रो भूमिका हो । यसैलाई निदिध्यासन भने पनि हुन्छ । निदिध्यासनका तीन तह छन् धारणा ध्यान समाधि । यो तेस्रो भूमिकामा समाधि अभ्यास बढी हुन्छ । दोस्रो भूमिकामा सुनेको छ, विचार गरेको छ, तेस्रो भूमिकामा एकोहोरिएको छ । नेपालीमा सुन्नु गुन्नु र भज्नु भन्दा मिल्छ ।

पहिलो दोस्रो र तेस्रो भूमिका साधनरूप हुन् । यसमा कर्तव्यबुद्धि बढी हुनुपर्छ । यसमा प्रयत्न बढी चाहिन्छ । यी साधन हुन्, पाठ हुन् । अभ्यास गरिरहनुपर्छ, तीव्रताका साथ लागिरहनुपर्छ, घोकिरहनुपर्छ । पछिल्ला साध्यभूमिमा फलभूमिमा ढीलो वा चाँडो पुगिने कुरा साधनभूमिमा भएको तीव्रता र एकतानतामा भर पर्छ ।

सत्त्वापत्ति चौथो भूमिका हो यसैबाट फलभूमिका शुरू हुन्छ । यो भूमिकामा ब्रह्मसाक्षात्कार हुन्छ । ब्रह्मसाक्षात्कार भूमिकामा पुगेको गुणातीत पुरुष आत्मभिन्न सबै क्रिया प्रक्रियाहरूलाई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन सम्पत्तिहरूलाई मिथ्या देख्छ । मान अपमान, शत्रुमित्र, गृहक्षेत्र, स्वर्गनरक आदि द्वैत प्रपञ्च-लाई मिथ्या देख्छ, मायामय देख्छ । त्यसैले उसका निमित्त मान अपमान आदि बराबर हुन्छन् । नाटक गर्दा गरिएका मान अपमान आदि सारा क्रिया प्रक्रियालाई नटनटीले केवल कृत्रिम, मिथ्या देखे जस्तै आत्म साक्षात्कार भएको पुरुषका दृष्टिमा समस्त संसार, समग्र सांसारिक प्रपञ्च मिथ्या हुन्छन् । यो भूमिका ज्ञानको चौथो भूमिका हो, जीवन्मुक्तिको पहिलो भूमिका हो । अध्यास छुटिसक्यो, आवरण हटि सक्यो तर नित्यसमाधिसुख पाइसकेको छैन । द्वैत मिथ्यात्व निश्चय भै सके पनि द्वैत फुर्न छोडेको छैन । सत्त्वा पत्तिको जीवन्मुक्तको यो स्थिति भएले पनि थाहा पाइने हुन्छ ।

असंसक्ति पाँचौं भूमिका हो । यो भूमिकामा पुगेको जीवन्मुक्त आफैमा मात्र स्थित हुन्छ, अरूबाट प्रभावित हुँदैन । समाधिबाट उठेको बेलामा पनि इष्टानिष्टको वियोग संयोगमा सम हुन्छ; हर्ष वा विषादलाई उठ्न दिंदैन । बुद्धिलाई आत्मामा नै लगाइ रहने धीरपुरुषको केहीमा संसक्त नहुने बानी बसिसकेको हुन्छ । यो भूमिकाको योगी आफैं समाधिमा परछ, आफैं व्युत्थानमा आउँछ । समाधिबाट अरूले व्युँझाइदिनुपर्दैन । जीवनधारणार्थक खानपानमा आफैं प्रवृत्त हुन्छ, अरूले संझाइदिनु पर्दैन ।

छैठौं भूमिका पदार्थभावनी हो । यो अवस्थामा पदार्थहरूको भावना नै हुन छोड्छ । आँखाले देखे पनि, कानले सुने पनि फुर्दैन । रूपरसादिको स्फुरण नहुने स्थिति पदार्थाभावनी हो । यस्ता जीवन्मुक्तलाई खानपानको भावना पनि फुर्दैन । खाएर पनि स्वाद पाउँदैन, देखेर पनि चिन्दैन, सुनेर पनि बुझ्दैन । गुणवृत्ति चलिरहन्छन्, उसलाई छुँदैनन्, अरूले व्युँझाइदिए पनि असर केही पर्दैन ।

सातौं भूमिका तुर्यगा हो । परब्रह्म परमात्मामा सर्वदा स्थिति सातौं भूमिका हो । सातौं भूमिकाको जीवन्मुक्तको शरीरलाई अरूले मात्र हल्लाउनु, चलाउनु, खुवाउनु, सुताउनु गर्नु पर्ने हुन्छ । ऊ नित्य समाधिमा हुन्छ, ऊ व्युत्थानमा आउँदै आउँदैन । छैठौं भूमिकाको योगीलाई अरूले समाधिबाट व्युत्थानमा ल्याउन पनि सकिन्छ तर तुर्यस्थित मुक्तलाई अरूले व्युँझाउँदा पनि ऊ व्युँझेको हुँदैन ।

ज्ञानका, योगका भूमिका सात हुन् । यिनमध्ये शुभेच्छा, विचारणा र तनुमानसा साधन भूमिका हुन् प्रयत्न गर्नु पर्ने कर्तव्य हुन् । यो स्थिति मुमुक्षुस्थिति हो । सत्त्वापत्ति, असंसक्ति, पदा-र्थाभावनी र तुर्यगा फल भूमि हुन्, सिद्धि भूमि हुन् । यी चारै भूमि जीवन्मुक्ति स्थिति हुन् । पछिल्लो पछिल्लो स्थिति माथिल्लो स्थिति, तह हो । चौथो सत्त्वापत्ति भूमिका एक किसिमको सन्धि हो, जोर्नी हो तर हृदय ग्रन्थि–अध्यास– भक्कर फुस्केको, छिनेको जीवन्मुक्ति स्थिति हो । पछिल्ला तीन भूमिका सात मध्ये पनि उत्तम भूमिका हुन्– मुख्य फलभूमि भित्र पर्छन् । पाँचौं असंसक्ति भूमिकाको जीवन्मुक्तलाई 'वर' असल भन्छन् । छैठौं पदार्थाभावनी भूमिकाको जीवन्मुक्तलाई 'वरीयान्' झन असल भन्छन् । सातौं तुर्यगा भूमिकाको नित्य समाधिस्थ जीवन्मुक्तलाई 'वरिष्ठ' सबभन्दा असल भन्छन् । भगवान् श्रीकृष्णबाट गुणातीतको विषयबाट अर्जुनलाई जीवन्मुक्तिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषयको उपदेश भयो । त्यो प्राप्त गर्न परमेश्वरको उपासनालाई सजिलो उपायको रूपमा उपदेश वक्स्यो । परमेश्वरको एकतान भक्तिद्वारा, श्रवण मननादिद्वारा उपासना निदिध्यासन गर्नुपर्छ । यसो गरिरहँदा गुणवृत्तिलाई पार गर्न सकिन्छ ।

ॐ तत्सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे गुणत्रयविभाग योगो नाम चतुर्दशः अध्यायः ।

ॐ तत्सत् गुणत्रयविभागयोग नामक चतुर्दश अध्याय समाप्त भयो ।

भूत प्रकृतिको स्वरूप, स्वभाव, कार्य, विकार आदिको ज्ञान गराउन गुणत्रय सत्त्व रज तम तीन गुणको स्वरूप कार्य र प्रभावको वर्णन यो अध्यायमा भएको छ । साथै गुणत्रयबाट मुक्त ज्ञानीको स्वरूप र स्वभाव बताउने प्रसङ्गमा ज्ञानका विभिन्न भूमिकाको पनि संकेत भएकोले यो अध्यायको नाम गुणत्रय विभागयोग रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ पञ्चदशः अध्यायः– पुरुषोत्तम योगः ।

श्री भगवानुवाच – भगवान् श्रीकृष्णबाट हुकुम भयो ।

ऊर्ध्वमूल मधः शाख मश्वत्थं प्राहुरव्ययम्
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।१।

उर्ध्वमूलम्, अधः शाखम्, अश्वत्थम् अव्ययं प्राहुः छन्दांसि यस्य पर्णानि, यः तं वेद सः वेदवित् ।

माथि जरा भएको, तल हाँगा भएको, पिपलको रूख अव्यय छ भन्दछन् वेद र वैदिक कर्महरू जसका पात हुन् । जुन पुरुषले त्यसलाई जान्दछ त्यो नै वेदवेत्ता हो ।१।

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा गुणप्रवृद्धा विषयप्रबालाः
अधश्च मूलान्य नुसंततानि कर्मानुबन्धीनि मनुष्यलोके ।२।

मनुष्यलोके अधः च ऊर्ध्वं गुणप्रवृध्दाः, विषय प्रबालाः तस्य शाखाः प्रसृताः । कर्मानुबन्धीनि मूलानि अधः च अनुसन्ततानि ।

मनुष्यलोकमा तल र माथि गुणले बढेका, (मोटाएका) विषय पालुवा भएका त्यसका हाँगाहरू फैलिएका छन् । कर्म प्रवाह चलाउने मूलहरू तलतल पनि फैलिएका छन् ।२।

न रूप मस्येह तथो पलभ्यते नान्तो न चादि र्न च संप्रतिष्ठा
अश्वत्थ मेनं सुविरूढमूल मसंग शस्त्रेण दृढेन छित्त्वा ।३।

अस्य इह न रूपम् उपलभ्यते, तथा न अन्तः,न च आदिः, न च संप्रतिष्ठा, सुविरूढ मूलम् एनम् अश्वत्थं दृढेन असङ्गशस्त्रेण छित्त्वा ।

त्यसको यहाँ न रूप पाइन्छ, त्यस्तै न अन्त, न आदि, न स्थिति (पाइन्छ) । बेसरी जरा गाडेको यो अश्वत्थ (पिपललाई) लाई बलियो असंगशस्त्रले काटेर ।३।

ततः पदं तत् परिमार्गितव्यं यस्मिन् गता न निवर्तन्ति भूयः
तमेव चाद्यं पुरुषं प्रपद्ये यतः प्रवृत्तिः प्रसृता पुराणी ।४।

ततः तत् पदं परिमार्गितव्यं यस्मिन् गताः भूयः न निवर्वन्ति तम् एव च आद्यं पुरुषं प्रपद्ये यतः पुराणी प्रवृत्तिः प्रसृता ।

अनि त्यो पदको खोजी गर्नू जुन पदमा पुगेकाहरू फेरि फर्कंदैनन् । त्यही नै आदि श्रेष्ठ पुरुषको शरण पर्छ, जसबाट पुरानो मायाशक्तिको प्रसार भएको छ ।४।

संसार महावृक्ष हो । भोग्य, दृश्य जस्मै विनाशी छन्, विकारी छन्; भोलिसम्म पनि रहंदैनन् । त्यसैले यो संसार महावृक्षलाई अश्वत्थ भन्ने गरिएको छ । वेद र वैदिक यज्ञयाग आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानखड्ग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्मरूपी पातहरूले यो महावृक्ष झ्याम्म छोपिएको छ। यसका बडा बडा हाँगाहरू छन्। चौध किसिमको लोकका चौरासी लाख योनि यसका हाँगाबिगा छन्। मर्त्यलोकको मनुष्ययोनि यौटा मोटो हाँगो हो। यसभन्दा तल्ला तहका प्रवीची पर्यन्त लोकमा रहने पशुपक्षी, रूखलहरा आदि नारक योनि सम्मका जीवलोक यसका तलतल फैलिएका हाँगाहरु हुन्। ऊर्ध्वलोक र त्यहाँका गन्धर्व यक्ष विद्याधरदेखि हिरण्यगर्भ ब्रह्माका लोक पर्यन्त जीवलोक यसका माथि माथि फैलिएका हाँगा हुन्। यी सारा हाँगाहरू सत्त्वादि त्रिगुणको मलजलले परिपुष्ट भएका छन्; शब्दादि विषय-रूपी मोहक पालुवा लागेका छन्। यो संसार महावृक्षले तल पनि अनेक जरा फैलाएको छ। ती जरा अनन्त वासनाहरू हुन्। यी बासनारूपी जराबाट धर्माधर्मरूपी कर्म उम्रन्छन्। ती कर्मबाट फेरि वासनामय मूल जम्छन्। बासनाबाट कर्म र कर्मबाट बासना हुँदै संसार प्रवाह परम्परा चलेको छ।

यो संसार वृक्ष आपाततः रमणीय छ, तर दुःखमय छ। ऐकान्तिक, नित्यानन्द स्वरूप आत्मालाई यो महावृक्षले आवरण गरेको छ, छोपेको छ, ढाकेको छ। वास्तवमा परमेश्वर पर-मात्मा जो विराट् हिरण्यगर्भ महत्तत्त्व अव्यक्त प्रकृतिभन्दा पनि पर, माथि सबभन्दा माथि छ; जो मनुष्यानन्दभन्दा सय सय गुना बढ्दै गएको पितृ देवादि आनन्द परम्पराको मूल स्रोत, परा काष्ठा परमानन्द स्वरूप छ; जो ऐकान्तिक सुखस्वरूप छ उही नित्यानन्द, परमानन्द, आत्मानन्द परमे-श्वर परमात्मामा नै यो संसार महावृक्ष देखिएको हो। मोहले गर्दा, भ्रमले गर्दा डोरीलाई नदेखेर डोरीमा नै सर्प देखिए झैं परमात्माको अनुभव नहुँदा त्यही आनन्दमय परमात्मामा यो संसार महा-वृक्ष देखिएको हो। राम्ररी नहेर्नाले, सम्यक् दर्शन नहुनाले यसो भएको हो। परमार्थमा, साँच्चि साँच्चिमा आत्मामात्र, परमात्मामात्र, परमानन्द मात्र छ; संसार छैंदै छैन, महावृक्ष उम्रेकै छैन। कुरो राम्ररी बुझेर, राम्ररी अन्त नलागीकन समाहित भएर हेऱ्यो भने गुरुको र शास्त्रका कुरा पत्याएर हेऱ्यो भने, आत्मदर्शन हुन्छ, संसार हराउँछ। डोरी देखेपछि सर्प आफैं हराउँछ। रज्जु सर्पको जस्तै यसको अस्तित्व नै छैन, त्यसैले रूप पनि छैन। यसको आदि पनि छैन, अन्त पनि छैन। मोहमा दौडिरहने हो भने पनि संसारको आदि अन्त हुँदैन, पार पाउनै सकिँदैन। मोह छुट्यो भने पनि यसको आदि अन्त हुँदैन फेर पनि छैन, टुप्पो पनि छैन। हुँदै नभएको, जन्मेकै नजन्मेको रज्जुसर्प जस्तो संसारवृक्षको कसरी के आदि अन्त? के आधार र के आड? केवल भ्रम यसको जनक थियो। सम्यक्ज्ञानले भ्रम छुट्यो, आधार छुट्यो, सबै छुट्यो, संसारको निशाना नै छैन, बाँझीको छोरोलाई, आकाश फूललाई कस्तो रूपको भन्नू?

आफू असंग छ, देहादि स्वरूप पनि हैन, देहादिबाला पनि हैन। स्वप्नमा स्थूल शरीर, निद्रामा सूक्ष्म शरीर नभएको, हराएको, संग छुटेको ज्ञान प्रत्येक मनुष्यलाई प्रतिदिन भैरहेकै छ। त्यही दृष्टान्तले कारण शरीर पनि नभएको सत्य आफ्नै अनुभवबाट सिद्ध भएकै छ। समाधिमा सम्पूर्ण विकल्प हराएको पनि अनुभव भै हाल्छ। यही असंग भावलाई दृढ बनाउनुपर्छ, उजिल्या-उनु पर्छ। सन्तानमा, सम्पत्तिमा, स्वर्गादि सुखमा राग छोडेर (पुत्रैषणा, वित्तैषणा, लोकैषणाबाट माथि उठेर), नित्य निरन्तर परमात्माभिमुख भई चिन्तन ध्यान गर्नु असंगलाई दृढ बनाउनु हो, असंग शस्त्रलाई उजिल्याउनु हो। यो असंगरूपी शस्त्रले यो संसार रूपी पिपलको रूखलाई काटि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिनुपर्छ । संसारको असारता र मिथ्यात्वको निश्चय हुन्छ । यो पर्दालाई, आवरणलाई पर्याँकेपछि यो संसार महावृक्षको, यो अश्वत्थरूपी आवरणको कारण स्वरूप भगवती महामायास्वरूपिणी परमेश्वरीय शक्ति जसबाट चलको छ तिनै परमेश्वर महाप्रभु, परमात्माको शरण परेर आत्मपद, आनन्दपदको अनुभव हुन्छ । असंगभावबाट आवरण हटाएपछि मायाधिपतिको दर्शन मिल्छ । उनको पूर्ण शरण पर्नुपर्छ, परमानन्द पद प्राप्त हुन्छ । यसबाट के सिद्ध हुन्छ भने, संसार हटे पनि, मायाधिपति, परम प्रभु परश्वरको उपासना छोड्नु हुँदैन, गरिरहनुपर्छ, चलिरहन्छ । शरीर रहेसम्म अज्ञानावस्थामा पनि अज्ञानावस्थामा पनि मनुश्यको निमित्त परमेश्वरोपासना सदा कर्तव्य हुन्छ, अनुष्ठेय हुन्छ, विधेय हुन्छ । माथिल्ला माथिल्ला भूमिकामा आफैं छुट्नु अर्कै कुरा हो, मनुष्यको दशको कुरा हैन । परा भक्ति, ईश्वरोपासना, अनन्य भगवद्भक्ति, अव्यभिचारिणी भक्ति नाम मात्र भिन्नाभिन्नै हुन्, परमेश्वरोपासना नै हुन् । व्यास, शङ्कर, वसिष्ठ परम ज्ञानी हुन्, साथै उपासक पनि हुन् । विना उपासनाको ज्ञान कुरो मात्रै हुन पनि सक्छ, परिपाठ मात्रै बस्न पनि सक्छ । छैठौं, सातौं भूमिकाको कुरो अर्कै हो, जीवन्मुक्त वास्तवमा परमेश्वरोपासनामा रहेको हुन्छ । हाम्रा प्राचीन ज्ञानी आचार्यहरू सबै नै परमेश्वरको, मायाधिपतिको उपासनामा रत देखिन्छन् । उपासनाले साधनालाई तीव्र बनाइदिन्छ, छिटो सफल तुल्याइदिन्छ । ईश्वरकृपाले बुद्धि खुल्छ, कुरो बुझिन्छ, बुद्धिवृत्ति एकतान हुन्छ, ज्ञानोदय हुन्छ । ज्ञानोदयभन्दा पहिले पनि परमेश्वरोपासना अत्यन्त अत्यन्त आवश्यक उपादेय हुन्छ, ज्ञानोदयो परान्त देहपातसम्मको जीवन्मुक्त, गुणातीत, स्थितप्रज्ञ स्थितिमा पनि परमेश्वरोपासना चलिरहन्छ, स्वतः, स्वभावतः चलिरहन्छ ।

गीतोपदेश गर्दा पूर्णावतार भगवान् श्रीकृष्णचन्द्र पूर्ण ईश्वरभावमा राज भएको छ । गीतावक्ता श्रीकृष्णका प्रत्येक शब्द महामायाधिपति, परिपूर्ण, परमेश्वरका शब्द हुन् । श्री कृष्णले 'म', 'मेरो' आज्ञा भएको केवल वसुदेवनन्दनलाई बुझाउन हैन, मायाको अधिपति परिपूर्ण परमेश्वरलाई बुझाउन हो । नरलाई नारायणले, मायाधीनलाई मायाधिपतिले उपदेश गरिरहेको छ– मेरो अनन्य भक्ति गर, अव्यभिचारिणी भक्ति गर । जीव मायाको अधीनमा छ, मायाको अधीनमा परेकोले नै जीव बनेको छ । उसले परमात्मा बन्न, ब्रह्मपद प्राप्त गर्न, परमेश्वरकै भजन गर्नुपर्छ, मायाको पञ्जाबाट फुस्कन मायाधिपतिकै शरण पर्नुपर्छ । गीताका प्रत्येक अध्यायमा प्रत्येक जसो प्रकरणमा यही उपदेश भएको छ– ढङ्ग फरक फरक होलान्, प्रकार भिन्नाभिन्नै होलान्, भङ्गी बेग्लाबेग्लै होलान् । तात्पर्य उही हो– परमेश्वरभक्ति गर; अज्ञान हराउँछ, ज्ञान खुल्छ, स्वरूप बोध हुन्छ मुक्ति मिल्छ; परमेश्वर भक्ति चलिरहन्छ, आफैं चल्छ, स्वतः हुन्छ जीव शिव नै, शिवकै भक्ति भरहन्छ ।

निर्मान मोहा जितसङ्गदोषा अध्यात्मनित्या विनिवृत्तकामाः
द्वन्द्वै विमुक्ताः सुखदुःख संज्ञै र्गच्छन्त्य मूढाः पद मव्ययं तत् ।५।

निर्मान मोहाः, जितसङ्गदोषाः, अध्यात्मनित्याः, विनिवृत्तकामाः, सुखदुःखसंज्ञैः द्वन्द्वैः विमुक्ताः अमूढाः तत् अव्ययं पदं गच्छन्ति ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान र मोह (घमण्ड र स्नेह) नभएका, सङ्गदोष (गर्ने र गर्छु भन्ने भाव) पर्याकेका, संधै अध्यात्ममा लाग्ने, सबै काम (पुत्रैषणा, वित्तैषणा र लोकैषणा) को लेप हराएका, सुख दुःख नाम भएका द्वन्द्वबाट मुक्त भएका, मोह (अज्ञान) नष्ट भएकाहरूले त्यो अव्यय परमात्म पद प्राप्त गर्छन् ।५।

न तद् भासयते सूर्यो न शशाङ्को न पावकः
यद् गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।६।

तत् सूर्यः न भासयते, न शशाङ्कः, न पावकः । यत् गत्वा न निवर्तन्ते तत् मम परमं धाम ।

त्यसलाई सूर्यले प्रकाशित गर्दैन, न चन्द्रले, न अग्निले (प्रकाशित गर्छन्) जुन पाएपछि छुट्दैन, त्यो मेरो परमधाम (प्रकाश, ज्योति) हो ।

चिद्घन परमात्मा परमेश्वर केवल ज्ञानमय, प्रकाशमय छ । त्यसकै प्रकाशमा सारा प्रकाशित छन् । सूर्य, चन्द्र, अग्नि आदिका प्रकाश त्यसकै प्रकाश हुन्, तिनले परमात्मप्रकाशबाटै प्रकाशित गर्छन्, स्वयं त्यसैबाट प्रकाशित छन् । आत्मा स्वप्रकाश छ । बुद्धि मन वचन आदिको सत्त्वमय अंशमा त्यसकै प्रकाश फुर्छ । त्यही फुरेको प्रकाशले दृश्यको ज्ञान हुन्छ । परमात्मप्रकाशबाट प्रकाशित बुद्धिमन इन्द्रियहरूको वृत्ति प्रकाशमय बन्छ र त्यो उज्यालो वृत्ति परेपछि दृश्य प्रकाशित हुन्छ, दृश्यको ज्ञान हुन्छ । इन्द्रिय मनबुद्धिको प्रकाश सदातन छैन, आत्म प्रकाश सनातन छ । त्यसैले त्यो परमधाम हो, सर्वोत्तम, सर्वोपरि, सर्वोच्च प्रकाश हो, ज्योति हो । यो परम ज्योतिलाई, यो परम-धामलाई केहीले प्रकाशित गर्नुपर्दैन, गर्न सक्तैन । सूर्यले, चक्षुरिन्द्रियको अधिदेवले चक्षुरादि इन्द्रियले यसलाई प्रकाशित गर्दैनन्, ग्रहण गर्दैनन् । चन्द्रले, मनबुद्धिका अधिदेवताले, मन बुद्धि आदि अन्तरिन्द्रियले यसलाई जान्दैनन्; अग्निले, वचनका अधिदेवले, वाक् इन्द्रियले यसको ग्रहण गर्दैनन् । प्रकाशलाई प्रकाशित हुन अरू प्रकाश चाहिंदैन । आत्म प्रकाश स्वप्रकाश छ । स्वसंवेद्य छ, पाएपछि गुम्दै गुम्दैन बुझे पछि नबुझेको हुंदै हुंदैन ।६।

ममैवांशो जीवलोके जीवभूतः सनातनः
मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।७।

मम एव सनातनः अंशः जीवलोके जीवभूतः मनःषष्ठानि इन्द्रियाणि प्रकृतिस्थानि कर्षति ।

मेरो नै सनातन अंश जीवलोकमा जीव भएको हो र प्रकृतिमा रहेका मन समेत छः इन्द्रिय-लाई आकर्षण गर्छ ।

जीवलोकमा जीव पनि परमात्माको नै सनातन अंश हो, स्वरूप हो । यो पनि स्वप्रकाश छ । अन्तःकरण उपाधि लिएको हुनाले विषयज्ञानको निमित्त प्रकृतिका मन र पाँच ज्ञानेन्द्रियलाई साधन बनाउँछ । जीव परमात्मा नै हो; अन्तःकरणरूपी उपाधिबाट हिसाब गर्दा, परिच्छिन्न, अल्पज्ञ देखिएको हो । उपाधि छोडिदिने बित्तिकै जीव भन्ने भेद हराइहाल्छ । जीव भिन्न भएकै थिएन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परमात्मा नै हुन्छ । जस्तो जल नभएपछि सूर्य प्रतिबिम्ब हुँदैन, सूर्यमात्रै हुन्छ । जस्तो घडा नभएपछि घट भित्रको आकाश महाकाश मात्रै हुन्छ । त्यस्तै अन्तःकरण नभएपछि, त्यसको भान हराएपछि अन्तःकरणभित्रको जीव प्रकाश केवल प्रकाश हुन्छ, परमात्मा मात्रै हुन्छ । उपाधि नभएपछि अल्प र सर्व भन्ने सबै भेद हराउँछन्, "ज्ञ" आत्मा मात्रै हुन्छ, अखण्ड एकरस हुन्छ ।

हो, उपाधि हराउनुभन्दा पहिले उपाधिग्रहण गरेकै वापत चाहिं संसरण हुन्छ । उपाधि सीमित, स्थूल, अणु, अनात्मा भएको हुनाले उपाधिसंग मिसिंदा सीमित, स्थूल, अणु. कानो, बहिरो जस्तो हुन्छ । मन समेत छ इन्द्रियका आडमा जड दृश्यवस्तुको ज्ञान गरेको देखिन्छ ।

शरीरं यद वाप्नोति यच्चा प्युत्क्रामतीश्वरः
गृहीत्वैतानि संयाति वायु र्गन्धा निवाशयात् ।८।

ईश्वरः यत् शरीरम् अवाप्नोति, यत् च अपि उत्क्रामति वायुः आशयात् गन्धान् इव एतानि गृहीत्वा संयाति ।

ईश्वर, आत्मा, जब (जहाँ) स्थूल शरीरलाई प्राप्त गर्छ, जब पनि भैरहेको शरीरलाई छोड्छ (तबतब) वायुले गन्ध भएको पुष्पादिबाट गन्धहरूलाई झैं यी इन्द्रियहरूलाई लिएर आउने जाने गर्छ ।

देहादि संघातलाई नै आफू भन्ने भ्रम भएपछि एक शरीर छोड्ने, अर्को शरीर लिने क्रम चल्छ । यिनै इन्द्रियादिका सूक्ष्मतन्मात्राहरू उपहित आत्माका प्रकाशमा एक शरीरबाट अर्को शरीरमा जाने आउने गर्छन् । उपहित आत्मा आफैं गए आएको ठानिदिन्छ ।८।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं, घ्राण मेव च
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ।९।

श्रोत्रं, चक्षुः, स्पर्शनं, रसनं, घ्राणम् एव च मनः च अधिष्ठाय अयं विषयान् उपसेवते ।

श्रोत्र, चक्षु, त्वक, रसन, घ्राण र मन आदिलाई आश्रय बनाएर शब्दादि विषयको भोग गर्छ ।

अविद्याको मन, चित्त आदि अन्तःकरण, प्राण आदि आन्तर वायु, श्रोत्र आदि ज्ञानेन्द्रिय, वाक् आदि कर्मेन्द्रियहरूको, तथा मज्जा मांस रक्तादि, सप्त धातुहरूको संघातस्वरूप कारण सूक्ष्म स्थूल शरीरलाई आश्रय बनाएर बिषय भोग हुन्छ ।९।

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम्
विमूढा नानु पश्यन्ति पश्यन्ति ज्ञान चक्षुषः ।१०।

उत्क्रामन्तं स्थितं वा अपि भुञ्जानं वा गुणान्वितं विमूढाः न अनुपश्यन्ति, ज्ञानचक्षुषः पश्यन्ति ।

कुनै शरीर छोडिरहेको, कुनै शरीरमा बसिरहेको, शब्द आदि विषयको ग्रहण गरिरहेको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुख दुःख मोहात्मक त्रिगुण युक्त भएकोलाई विषयभोगमा नै मस्त भएकाहरू देख्दैनन्, ज्ञान चक्षुवालाहरू देख्छन् ।

खानैमा मस्त हुने घिचाहा लम्पट अघिल्तिर इन्द्र उभिए पनि खानैमा मस्त रहन्छ, खाइ नसकुन्जेल आँखै उठाउँदैन, देख्दै देख्दैन । भोगमा नै संधै लम्पट हुनेहरू सदा सर्वदा प्रकाशमान परमात्मा, साथैमा रहेको परमात्मा, आपनै स्वरूप भएको परमात्मालाई देख्दैनन् । विचार गर्नेले देखिहाल्छ । परमात्मा आफैं हो, अरूलाई कहाँ खोज्नू, अन्त कहाँ पाउनू । जन्म्यो, मऱ्यो, बाँचेको छ; हेऱ्यो, सुन्यो, सुंघ्यो, देख्यो, भऱ्यो, बुझ्यो भनिरहेको छ तर परमात्मालाई देख्नेको छैन भन्छ भने के भन्ने ? भुच्चुक भन्ने, लम्पट भन्ने । भोगैमा लागिरहे पछि कहाँ बुद्धि खुल्छ ? चेतन आत्मा मात्रै छ, प्रकाश परमात्मा मात्रै छ । त्यही चैतन्यमा, त्यही प्रकाशमा सबै भएको छ, देखिएको छ । जन्मनु, मर्नु, भोग्नु, बाँच्नु आदि जम्मै व्यवहार त्यही चैतन्यमा भएका छन्, त्यही प्रकाशमा देखिएका छन् । उज्यालोमा घट, पट, किताब, घर, छोरा आदि चाहिं देखें, उज्यालो चाहिं देखिन भन्नेलाई के भन्ने ? मूढो, लठ्ठक । कलम चाहिं देखें, उज्यालो चाहिं देखिन भनी कसैले भन्छ भने त्यो हुस्सू हो, मूर्ख हो । उज्यालो नदेखी कलम देखिंदै देखिंदैन । परमात्मा नदेखी व्यवहारै देखिंदैन, जन्ममरण नै हुँदैन, देखिंदैन ।

त्यसैले परमात्मा सदा सर्वदा प्रकाशमान छ, झलझलाकार छ टहटह छ, देदीप्यमान छ, जाज्वल्यमान छ सदासर्वदा भान भइरहेको छ । याद गर्ने वित्तिकै देखिन्छ, बुझिन्छ । लठ्ठकले देख्दैन, बुज्रुकले देखिरहन्छ ।१०।

यतन्तो योगिनश्चैनं पश्यन्त्या त्मन्यवस्थितम्
यतन्तो प्यकृतात्मानो नैनं पश्यन्त्य चेतसः ।११।

यतन्तः, योगिनः च एनम् आत्मनि अवस्थितं पश्यन्ति; यतन्तः अपि अकृतात्मानः अचेतसः एनं न पश्यन्ति ।

यत्न गर्ने योगीहरू यो परमात्मालाई आफैंमा प्रकाशित भैरहेको देख्छन् । यत्न गर्नेहरू पनि इन्द्रिय तह नलागेका, मन चित्त भाँडिएकाहरूले देख्दैनन् ।

परमात्मा आपनै बुद्धि आदिमा प्रकाश दिएर प्रकाशित भैरहेको छ । यसलाई देख्न यत्न र योग दुवै चाहिन्छ । शास्त्र गुरूका उपदेशहरू पढेर वा सुनेर याद गऱ्यो र इन्द्रिय मनलाई तह लायो भने आफैंमा परमात्मदर्शन हुन्छ । तर शास्त्र प्रमाण आदि जति जाने पनि, बुझे पनि, गुरूहरूका उपदेश जति सुने पनि, मन चित्त तह लागेका छैनन्, इन्द्रियहरू वशमा राखिएका छैनन् भने देखिंदैन, जति बल गरे पनि पाइंदैन ।

परमात्मालाई खोज्न कतै जानु पर्दैन सर्वत्र उसको प्रकाश प्रकाशमान छ, बुझ्नु मात्रै पर्छ ।

यदादित्यगतं तेजो जगद् भासयते खिलम्
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ।१२।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यत् आदित्यगतं, यत् चन्द्रमसि, यत् च अग्नौ तेजः अखिलं जगत् भासयते तत् तेजः मामकं विद्धि ।

जुन सूर्यमा रहेको, जुन चन्द्रमामा रहेको, जुन अग्निमा रहेको तेजले सबै जगत्लाई प्रकाशित गरेको छ, त्यो तेज मेरै परमात्मतेज हो ।

सूर्य, चन्द्र, अग्निले वस्तुलाई प्रकाशित गर्छन् । सूर्य चन्द्र अग्निलाई परमात्माले प्रकाशित गर्छ । सूर्य आदि नै प्रकाशित भएनन् भने तिनले जगत्लाई के प्रकाशित गर्लान् । तेजको तेज, प्रकाशको पनि प्रकाश परमात्मा हो । त्यही परम तेज हो, परम धाम हो । परमात्मा सूर्यमा, चन्द्रमा, अग्निमा प्रकाश रूपमा प्रकाशित भैरहेको छ । तिनको प्रकाश परेको जगत्मा प्रकाशित भैरहेको छ, याद मात्रै गरे पुग्छ ।१२।

गामाविश्य च भूतानि धारयाम्यह मोजसा
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ।१३।

गाम् आविश्य च भूतानि अहम् ओजसा धारयामि, रसात्मकः सोमः भूत्वा सर्वाः ओषधीः च पुष्णामि ।

पृथिवी भित्र पसेर सारा प्राणीहरूलाई म आफ्नो दृक्शक्तिबाट धारण गर्छु । रसात्मक सोम भएर सबै बोटविरुवाहरूलाई पुष्ट बनाउँछु ।१३।

अहं वैश्वानरो भूत्वा प्राणिनां देह माश्रितः
प्राणापान समायुक्तः पचाम्यन्नं चतुर्विधम् ।१४।

अहं वैश्वानरः भूत्वा प्राणिनां देहम् आश्रितः प्राणापान समायुक्तः चतुर्विधम् अन्नं पचामि ।

म वैश्वानर अग्नि (सबै प्राणीको अन्तर्यामी) भएर प्राणीहरूको शरीरलाई आश्रय बनाएर, प्राण अपानल युक्त भएर चार किसिमका (चपाइने, खाइने, चुसिने, चाटिने) अन्नलाई पाक गर्छु ।१४।

सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृति र्ज्ञान मपोहनं च
वेदैश्च सर्वै रह मेव वेद्यो वेदान्त कृद् वेदविदेव चाहम् ।१५।

सर्वस्य च हृदि अहं सन्निविष्टः; स्मृतिः ज्ञानम्, अपोहनं च मत्तः; वेदैः च सर्वैः अहम् एव वेद्यः; वेदान्तकृत् वेदवित् एव च अहम् ।

सबैको हृदयमा म नै रहेको छु; स्मृति, ज्ञान, तथा स्मृति ज्ञानको लोप मबाट हुन्छ; वेद सबैले बुझाइने म नै हुँ; वेदान्त बनाउने र चलाउने र वेदज्ञाता पनि म नै हुँ ।१५।

समस्त प्राणीको अन्तर हृदयाकाशमा परमात्मा रहनु भएको छ । यो अन्तर्यामी तत्त्व हो । मन बुद्धि अन्तःकरणसंग मिसिएर गरेका कर्महरूमा यो लिप्त हुँदैन । यो अन्तर्यामी पाप, पुण्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिश्र कर्म जस्मैको अन्तर्यामी, साक्षी हो। यो कर्मफल भोग्दैन, सदा निर्लेप, सदा मुक्त भएको हुनाले नै, कर्तृत्वाभिमानरहित हुनाले नै यसले कर्मफल विवेक गर्छ, कर्म अनुसारको फल प्रदान गर्छ। पुण्यात्माहरूलाई यसैबाट स्वरूपस्मृति हुन्छ, पापात्माहरूलाई यसैबाट स्वरूपको विस्मृति र अज्ञान हुन्छ। सारा विद्याको, वेदान्तविद्याको प्रवर्तक तथा बोध्य यही परमात्मा हो, यही वेदवेत्ता हो, यही नै ज्ञानवान् हो, ज्ञानी हो।

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ।१६।

लोके क्षरः च, अक्षरः एव च लोके इमौ द्वौ पुरुषौ। सर्वाणि भूतानि क्षरः, कूटस्थः अक्षरः उच्यते।

लोकमा क्षर र अक्षर यी दुइ पुरुष छन्। सबै प्राणवालाहरू क्षर पुरुष हुन्, निर्विकार कूटस्थ अक्षर पुरुष हो भनिन्छ।१६।

उत्तमः पुरुष स्त्वन्यः परमात्मे त्युदाहृतः
यो लोकत्रय माविश्य बिभर्त्यव्यय ईश्वरः ।१७।

अन्यः तु परमात्मा इति उदाहृतः उत्तमः पुरुषः। यः अव्ययः ईश्वरः लोकत्रयम् आविश्य विभर्ति।

अर्को चाहिं परमात्मा भनी भनिने उत्तम पुरुष छ। जुन निर्विकार अधिपति ईश्वरले तीनै लोकमा प्रविष्ट भएर धारण गर्छ।१७।

यस्मात् क्षर मतीतोह मक्षरादपि चोत्तमः
अतो स्मि लोके वेदेच प्रथितः पुरुषोत्तमः ।१८।

अहं यस्मात् क्षरम् अतीतः, अक्षरात् अपिच उत्तमः अतः लोके वेदे च पुरुषोत्तमः प्रथितः।

म जुन कारणले क्षरबाट पर (श्रेष्ठ) छु, अक्षरभन्दा पनि उत्तम छु। त्यही कारणले, लोकमा र वेदमा पुरुषोत्तम भनी प्रख्यात छु।

क्षर पुरुष भनेको विनाशी भूतभौतिकमा अभिमानवाला तत्त्व हो, अक्षर पुरुष भनेको निरभिमान मायोपाधिवाला तत्त्व हो। उत्तम पुरुष भनेको मायाधिपति तत्त्व हो। यसैलाई परमात्मा भन्छन्, यसैलाई परमेश्वर भन्छन्।

यो मा मेव मसंमूढो जानाति पुरुषोत्तमम्
स सर्वविद् भजति मां सर्वभावेन भारत ।१९।

यः असंमूढः माम् एवं पुरुषोत्तमं जानाति भारत, सः सर्ववित्, सर्वभावेन मां भजति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ षोडशः अध्यायः– दैवासुर संपद्विभाग योगः ।

श्री भगवानुवाच – श्री भगवान्‌बाट हुकुम भयो ।

अभयं सत्त्वसंशुद्धि र्ज्ञानयोगव्यवस्थितिः
दानं दमश्च यज्ञश्च स्वाध्याय स्तप आर्जवम् ।१।

अभयं, सत्त्वसंशुद्धिः, ज्ञानयोगव्यवस्थितिः, दानं, दमः च, यज्ञः च, स्वाध्यायः तपः, आर्जवम् ।

निर्भय हुनु, अन्तःकरण पवित्र हुनु (अरूलाई छकाउने,छल गर्ने फटचाइँ गर्ने जस्ता अशुद्ध व्यवहार नगर्नु) ज्ञान र योगमा लागि पसिरहनु, औकात अनुसार अन्न आदि दिनु, चक्षु आदि इन्द्रियलाई तहमा राख्नु, यज्ञ पूजा आदि गर्नु, वेद आदि शास्त्रको अभ्यास गर्नु, तपस्या गर्नु, इमानदार सीधा व्यवहार गर्नु ।१।

अहिंसा सत्य मक्रोध स्त्यागः शान्ति रपैशुनम्
दया भूतेष्व लोलुप्त्वं मार्दवं ह्री रचापलम् ।२।

अहिंसा, सत्यम्, अक्रोधः, त्यागः, शान्तिः, अपैशुनम्, भूतेषु दया, अलोलुप्त्वम्, मार्दवं, ह्रीः, अचापलम् ।

प्राणीलाई कुनै पीडा नदिनु, सत्य बोल्नु, अरूले नराम्रो गरे पनि, पीडा दिए पनि नरिसाउनु, अभिमान र संग त्याग्नु, अन्तःकरणलाई वशमा राख्नु छुल्याहा चुक्ली नगर्नु, प्राणीहरूमा दया गर्नु, विषयमा इन्द्रिय नलोभिनु, कोमल बस्नु, लाज संकोच मान्नु, छुकछुक नगर्नु ।२।

तेजः क्षमा धृतिः शौच मद्रोहो नातिमानिता
भवन्ति संपदं दैवी मभिजातस्य भारत ।३।

तेजः, क्षमा, धृतिः, शौचम्, अद्रोहः, नातिमानिता दैवीं सम्पदम् अभिजातस्य भवन्ति भारत ।

फूर्ति (बुद्धि तेजिलो हुनु), अरूबाट अपकार हुँदा पनि चित्त नबिगार्नु, धैर्य (उत्साह), पवित्र रहनु, द्रोह नगर्नु, वडप्पन नहुनु (यी सद् गुणहरू) दैवी सम्पत्तिलाई लक्ष्य गरेर जन्मेकाहरूका हुन्छन्, हे भारत ।३।

मोक्षको निमित्त जो लायक हुन्छन् तिनीहरूमा अभय आदि सद्गुण हुन्छन् । यस्ता सद्गुण हुनेहरू दैवी कृपाका पात्र हुन्छन्, दैवी विभूतिका निम्ति योग्य हुन्छन् । यस्ता गुणले मनुष्यलाई बन्धनबाट छुटाउन र अमृत पद प्राप्त गर्नमा सहायता गर्छन् । यी गुणहरू मध्ये 'ज्ञान योगव्यवस्थिति' मुख्य दैव गुण हो । गुरु तथा शास्त्रका कुराहरूमा श्रद्धाविश्वास पूर्वक अध्यात्मविद्याको ग्रहण गर्नु र एकाग्र बनेर चिन्तनमननपूर्वक त्यसैमा लागि पसिरहनु ज्ञानयोग व्यवस्थिति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । अरू सात्त्विक गुण सबै हुनु सबभन्दा बेस हो । तर सबै अध्यात्म मार्गीमा सबै दैवी सम्पत् हुनै पर्छ भन्ने छैन । कसैमा केही, कसैमा केही; कसैमा धेरै, कसैमा थोरै दैवी सम्पत हुन्छन् । तर जुनसुकै अध्यात्म मार्गीमा पनि 'ज्ञानयोग व्यवस्थिति' चाहिं हुन्छ र हुनै पर्छ ।

दम्भो दर्पो भिमानश्च क्रोधः पारुष्य मेव च
अज्ञानं चाभिजातस्य पार्थ सम्पद मासुरीम् ।४।

दम्भः, दर्पः, अभिमानः, क्रोधः, पारुष्यम् एव च, अज्ञानं च, पार्थ, आसुरीं सम्पदम् अभिजातस्य ।

धर्म गर्ने ढोंग, धन जनको धाक, मपाइँ भन्ने घमण्ड गर्नु, रिस गर्नु, रूखो घोचने बोली व्यवहार गर्नु र अविवेक जनित भ्रम (यी दुर्गुणहरू), हे अर्जुन, आसुर सम्पत्ति वालाहरूका हुन्छन् ।

दैवी सम्पत्ति सात्त्विक वृत्ति हुन्; आसुरी सम्पत्ति राजस तामस वृत्ति हुन् । सात्त्विक वृत्तिले आत्मोन्नतिमा सहायता गर्छन्, आसुरी सम्पत्तिले आत्मोद्धारमा बाधा दिन्छन्, प्रतिबन्ध गर्छन् ।४।

दैवी सम्पद् विमोक्षाय निबन्धायासुरी मता
मा शुचः सम्पदं दैवी मभिजातो सि पाण्डव ।५।

दैवी सम्पत् विमोक्षाय, आसुरी निबन्धाय मता । पाण्डव, दैवीं सम्पदम् अभिजातो सि मा शुचः ।

दैवी सम्पत्ति मोक्षमा सहायक हुन्छ, आसुरी सम्पत् बन्धनको कारण हुन्छ । हे पाण्डव, दैवी सम्पत्ति लिएर जन्मेका छौ, शोक नगर ।५।

द्वौ भूत सर्गौ लोकेस्मिन् दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे श्रणु ।६।

अस्मिन् लोके दैवः आसुरः एब च द्वौ भूतसर्गौ । दैवः विस्तरशः प्रोक्तः पार्थ, आसुरं मे शृणु ।

यो संसारमा दैव र आसुर, दुई किसिमका प्राणिसृष्टि छन् । दैव स्वभाव धेरै विस्तारसँग बताएँ । हे अर्जुन, आसुरको बारे मबाट सुन ।६।

प्रवृत्ति च निवृत्ति च जना न विदु रासुराः
न शौचं नापि चा चारो न सत्यं तेषु विद्यते ।७।

आसुराः जनाः प्रवृत्ति च निवृत्ति च न विदुः तेषु न शौचं, न अपि च आचारः, न सत्यं विद्यते ।

आसुर मनुष्यहरू धर्ममा लाग्नु पर्ने र अधर्ममा नलाग्नु पर्ने कुराको, (कर्तव्यको पनि)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्ता गर्वैनन् । तिनमा न चोखीनीति, न सदाचार, न सत्य हुन्छ ।७।

असत्य मप्रतिष्ठं ते जगदाहु रनीश्वरम्
अपरस्परसंभूतं किमन्यत् काम हैतुकम् ।८।

ते जगत् असत्यम्, अप्रतिष्ठम्, अनीश्वरम्, अपरस्पर सम्भूतम्, काम हैतुकं किम् अन्यत् (इति) आहुः ।

ती आसुरहरू सारा दुनियाँ असत्य, धर्मकर्मको आधार नभएको छ, ईश्वर छैन, स्त्रीपुरुषको जोडबाट जन्मेको हो, स्त्री पुरुषको कामवासना बाहेक अन्य के कारण छ ? (भनी) भन्छन् ।८।

एतां दृष्टि मवष्टभ्य नष्टात्मानो ल्पबुद्धयः
प्रभवन्त्यु ग्रकर्माणः क्षयाय जगतो हिताः ।९।

एतां दृष्टिम् अवष्टभ्य नष्टात्मानः अल्पबुध्दयः, उग्र कर्माणः, जगतः अहिताः, क्षयाय प्रभवन्ति ।

यो दृष्टि लिएर मन बिग्रेका, क्षुद्रस्वार्थमा बुद्धि लगाउने, कठोर कर्म गर्नेहरू जगत्का शत्रु भएर दुनियाको क्षय गर्न सक्छन् (जन्मेका हुन्छन् ।) ।९।

काम माश्रित्य दुष्पूरं दम्भ मान मदान्विताः
मोहाद् गृहीत्वा सद्ग्राहान् प्रवर्तन्ते शुचिव्रताः ।१०।

दुष्पूरं कामम् आश्रित्य दम्भमान मदान्विताः, अशुचिव्रताः, मोहात् असद्ग्राहान् गृहीत्वा प्रवर्तन्ते ।

पूरा गर्न गाहारो भोगासक्ति लिएर ढोंग, धाक र मादले भरिएका, मद्यमांस आदिमा लम्पट (दुराचारी) हरू मोहबाट खराब आग्रह (हठ) हरू लिएर काममा लाग्छन् ।१०।

चिन्ता मपरिमेयां च प्रलयान्ता मुपाश्रिताः
कामोपभोगपरमा एतावदिति निश्चिताः ।११।

अपरिमेयां प्रलयान्तां च चिन्ताम् उपाश्रिताः, कामोपभोग परमाः एतावत् इति निश्चिताः ।

अपार तथा मरुञ्जेलसम्मको चिन्ता लिएका, विषयभोगलाई सबभन्दा ठूलो मान्ने, यति मात्र हो भन्ने निश्चय लिएका ।११।

आशापाश शतै र्बद्धाः कामक्रोध परायणाः
ईहन्ते काम भोगार्थ मन्यायेना र्थसंचयान् ।१२।

आशापाशशतैः बध्दाः, कामक्रोध परायणाः, काम भोगार्थम् अन्यायेन अर्थसंचयान् ईहन्ते ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शयौं आशापाशले बाँधिएका, काम क्रोध गरिरहने, (आसुरहरू) विषयभोगकै खातिर अन्यायसँग धन जम्मा गर्न खोज्छन् ।१२।

इद मद्य मया लब्ध मिमं प्राप्स्ये मनोरथम्
इद मस्तीद मपि मे भविष्यति पुनर्धनम् ।१३।

इदम् अद्य मया लब्धम्, इमं मनोरथं प्राप्स्ये, इदम् अस्ति, इदम् अपि मे पुनः धनं भविष्यति ।

यो आज मैले पाएँ, यो बिताएको पाउने छु; यो छ, यो पनि मेरो फेरि अरू धन हुनेछ ।१३।

असौ मया हतः शत्रु र्हनिष्ये चापरानपि
ईश्वरोह महं भोगी सिद्धो हं बलवान् सुखी ।१४।

असौ शत्रुः मया हतः, अपरान् अपि हनिष्ये च । अहं ईश्वरः, अहं भोगी अहं सिध्दः, बलवान्, सुखी ।

त्यो शत्रुलाई मारें अरू शत्रुलाई पनि बिताउने छु । म मालिक, म भोगी, म सफल, बलवान् सुखी हुँ ।१४।

आढयो भिजनवानस्मि कोन्योस्ति सदृशो मया
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञान विमोहिताः ।१५।

आढयः, अभिजनवान् अस्मि, मया सदृशः अन्यः कः अस्ति । यक्ष्ये, दास्यामि, मोदिष्ये इति अज्ञान विमोहिताः ।

धनी, घरानियाँ छु, म जस्तो अर्को को छ र ? यज्ञ गर्छु, दान दिन्छु, मोज गर्छु, यस्ता अज्ञानले मोहित भएकाहरू ।१५।

अनेक चित्त विभ्रान्ता मोहजालसमावृताः
प्रसक्ताः काम भोगेषु पतन्ति नरके शुचौ ।१६।

अनेक चित्त विभ्रान्ताः, मोहजालसमावृताः, कामभोगेषु प्रसक्ताः, अशुचौ नरके प्रतन्ति ।

अनेकतिर चित्त लागेकोले ज्यादै भ्रममा परेका, मोहरूपी जालले छोपिएका, विषयभोगमा लम्पट भएका (आसुरहरू) खराब नरकमा खस्छन् ।१६।

आत्म संभाविताः स्तब्धा धन मान मदान्विताः
यजन्ते नाम यज्ञैस्ते दम्भेना विधिपूर्वकम् ।१७।

आत्मसंभाविताः, स्तब्धाः, धन मान मदान्विताः ते दम्भेन अविधिपूर्वकं नाम यज्ञैः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यजन्ते (यज्ञैः यजन्ते नाम)

आफैंलाई ठूला मान्ने, ठर्रा धमण्डी, धन र मानले मातिएका तिनहरू ढोंगले, विधि नपुऱ्याईकन, नाम मात्रको यज्ञ गर्छन् (यज्ञ गरि टोपल्छन्) ।१७।

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः
मामात्म पर देहेषु प्रद्विषन्तो ऽभ्यसूयकाः ।।१८।

अहंकार, बलं, दर्पं, कामं, क्रोधं च संश्रिताः, माम् आत्मपरदेहेषु प्रद्विषन्तः अभ्यसूयकाः ।

अहंकार, बल, धाक, (धर्म लङ्घन), काम, क्रोध, अंगालेका, म परमात्मालाई आपनो र अरूका देहमा बेसरी द्वेष गर्ने, असहनशीलहरू ।१८।

तानहं द्विषतः क्रूरान् संसारेषु नराधमान्
क्षिपाम्यजस्र मशुभा नासुरीष्वेव योनिषु ।१९।

अहं तान् द्विषतः, क्रूरान्, अशुभान्, नराधमान् संसारेषु आसुरीषु एव योनिषु अजस्रँ क्षिपामि ।

म अन्तर्यामी ती आत्मद्वेषी, क्रूर कर्म गर्ने, अशुभ वृत्तिवाला अधम मानिसहरूलाई संसारमा आसुर जुनिहरूमा नै हालिदिन्छु ।१९।

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि
मा मप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ।२०।

आसुरीं योनिम् आपन्नाः मूढाः जन्मनि जन्मनि माम् अप्राप्य एव कौन्तेय ततः अधमां गतिं यान्ति ।

आसुर जुनिमा परेका मूढहरू जन्मजन्ममा मलाई नपाएर नै, हे अर्जुन, झनझन अधम गतिमा पर्छन् ।२०।

नवौं अध्यायका ११-१४ श्लोकमा राक्षसी, आसुरी र दैवी प्रकृतिको उल्लेख छ । यहाँ राक्षसी र आसुरीलाई एकै मानिएको छ र प्रकृतिलाई सम्पत्ति वा सम्पत् भनिएको छ । नवौं अध्यायमा सामान्यरूपमा उल्लिखित दैवासुर प्रकृतिको विशेष बोध गराउने उद्देश्यले यहाँ विस्तारपूर्वक उपदेश भएको छ ।

आत्मज्ञानको मार्गमा, मुक्तिको पथमा दैव प्रकृति साधक छ, सहायक छ, अत्यावश्यक छ; आसुर प्रकृति बाधक छ, घातक छ, अतित्याज्य छ । दैवी सम्पत्तिको अभ्यास गरेर, उन्नयन गरेर आसुर सम्पत्तिलाई दबाउनु साधना हो । एकथरी स्वभावको उन्नयन हुँदा नियमतः अर्को थरी स्वभावको अवनयन हुन्छ । दैव सद्गुणहरूमध्ये यौटालाई मात्र सिद्ध गर्न खोज्यो भने पनि मुक्ति मार्ग सफा हुन्छ । आसुर दुर्गुण एउटै मात्रले पनि मुक्तिमार्गमा अवरोध ल्याउँछ । अतः साधकले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसुर दुर्गुण जस्मै त्याग्नुपर्छ । दैव सद्गुणहरू जस्मैको वा कुनै एकैकको गर्दै क्रमशः सबैको विकास गर्ने प्रयत्न गरिरहनुपर्छ । यसैबाट शुद्धि मिल्छ, शुद्धि भएपछि बुद्धि हुन्छ, तत्त्वज्ञान फुर्छ मुक्ति मिल्छ । दैव सद्गुणहरूमध्ये सबभन्दा महत्वपूर्ण सद्गुण 'ज्ञान योगव्यवस्थिति' हो । 'ज्ञान' भनेको शास्त्र र गुरुबाट आत्मा आदि पदार्थलाई जान्नु हो । 'योग' भनेको अन्तर्मुख बनेर एकाग्रतासाथ आफ्नो अनुभवमा चढाउनु हो । आत्मा आदि पदार्थको बारेमा उपदेश लिइरहने र तिनको सँधै आफैं विचार गरिरहने बानी सर्वश्रेष्ठ दैव सद्गुण हो । यो बानी बसाउने साधकलाई अरू दैव सद्गुण पनि क्रमशः सिद्ध हुन्छन् । यो नहुनेलाई अरू सद्गुण यत्न गरे पनि सिद्ध हुँदैनन् ।

त्रिविधं नरकस्येदं द्वारं नाशन मात्मनः
कामः क्रोध स्तथा लोभ स्तस्मा देतत् त्रयं त्यजेत् ।२१।

आत्मनः नाशनं नरकस्य द्वारम् इदं त्रिविधम्; कामः क्रोधः तथा लोभः; तस्मात् एतत् त्रयं त्यजेत् ।

आफ्नो विगार गर्ने नरकको ढोका यो तीन किसिमको छ । त्यो काम क्रोध तथा लोभ हो । त्यसैले यी तीनलाई छोड्नू ।२१।

एतै र्विमुक्तः कौन्तेय तमोद्वारै स्त्रिभि र्नरः
आचरत्यात्मनः श्रेय स्ततो याति परां गतिम् ।२२।

कौन्तेय तमो द्वारैः एतैः त्रिभिः विमुक्तः नरः आत्मनः श्रेयः आचरति । ततः परां गतिं याति ।

हे कुन्तीपुत्र, नरकका द्वार भएका यी तीन दोषबाट मुक्त भएको मानिसले आफ्नो कल्याण हुने काम गर्छ र त्यसबाट परम गति पाउँछ ।२२।

सारा आसुरी सम्पत्तिका मूल कारण काम, क्रोध र लोभ हुन् । नरकका मूल ढोका यिनै हुन् । यी तीन दुर्गुण भएकाहरूको ऊर्ध्व गति हुँदैन, अधोगति हुन्छ; रौरव कुम्भीपाक आदि नरकमा पात हुन्छ । यी तीनलाई नछोडी श्रेयोमार्ग देखिदैं देखिदैन । तम भनेको अंध्यारो हो । अंध्यारो नहटी बाटो देखिदैन, कल्याणकारी कर्म पनि हुँदैन । मोक्ष चाहनेले, सुख खोज्नेले यी तीनलाई छोड्नैपर्छ । गीतामा यत्रतत्र यिनैलाई त्याग्ने उपदेश भएको छ । ४/१० मा 'वीतराग भय क्रोधाः', ४/१९ मा 'काम संकल्प वर्जिताः', ४/२१ मा 'निराशीः', ५/२३ मा 'काम क्रोधोद्भवं वेगं', ५/२६ मा 'कामक्रोध वियुक्तानां', ५/२८ मा 'विगतेच्छा भय क्रोधः', ६/२४ मा 'सकल्पप्रभवान् कामान्', ७/२७ मा 'इच्छा द्वेष समुत्थेन' जस्ता वाक्यहरूबाट विभिन्न शैली र भङ्गीबाट यिनै तमोद्वारको अत्यन्तद्वारको अत्यन्त त्याज्यताको उपदेश भएको छ । साधना मार्गका शुरूदेखि आखिरसम्मका महान् अवरोध र शत्रु यिनै हुन् । यिनैबाट अरू आसुर दुर्गुणहरु उत्पन्छन्, बढ्छन् । यिनलाई नै हटाउने निश्चय र प्रयत्न सबभन्दा पहिले गर्नुपर्छ ।

यी तीन मध्ये पनि मूल बीज काम हो । मनुष्यजीवनमा जे जति कुकर्महरू हुन्छन्, जेजति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पापहरू हुन्छन्, तिनको खास कारण काम हो। काम भनेको स्त्रीको वा पुरुषको चाह हो भन्ने धेरै चलन छ। यो ठीक पनि हो। तर काम भनेको यति मात्र हैन; भोगेच्छा हो, विषयासक्ति हो। दोस्रो अध्यायमा भगवानबाट समस्त नाशको कारण विषयासक्ति हो भन्ने आज्ञा भएको छ– "ध्यायतो विषयात् पुंसः" इत्यादि २/६२–६४। तेस्रो अध्यायमा 'मानिसले नचाहीकन पनि केले प्रयुक्त भएर पाप गर्छ' भन्ने अर्जुन प्रश्नमा 'काम एष क्रोध एषः' – ३/३९ पाप गराउने यो काम हो, क्रोध हो भन्ने उत्तर बबसको छ। काम आगो हो, विषयभोग जति गरे पनि वैराग्य नभई अघाइंदैन। नित्यानित्यवस्तुविवेक नभई वैराग्य उठ्दैन। कामलाई दबाउन नित्यानित्य-वस्तुविवेक हुनुपर्छ। आत्मा नित्य हो, सत् हो, आत्मादेखि भिन्न सबै अनित्य हुन्, असत् हुन् भन्ने विवेक भएपछि विषयहरूमा, देहेन्द्रियादिमा असत्यत्व बुद्धिबाट राग घट्छ, मोह पातलिन्छ। कामको, विषयासक्तिको आश्रय इन्द्रिय मन बुद्धि हुन्। इन्द्रिय मनलाई विषयतिर नलगाई भित्र अध्यात्म तर्फ लगाउनू, अन्तर्वृत्ति तुल्याउनू, बुद्धिलाई आत्मामा, अन्तर्यामीमा, परमात्मामा, परमेश्वरमा, भगवान्‌मा, स्थिर बनाउनू। काम विजय हुन्छ, काम निरुद्ध हुन्छ। आत्मासत् चित् आनन्द मात्र हो, त्यसदेखि भिन्न केही छैन, जेजति देखिन्छन् ती जम्मै अनित्य हुन्, मिथ्या हुन्। डोरीमा देखिएको सर्प जस्तै असत्य हुन् प्रतिभास मात्र हुन्– यो विचार सदा गरिरहनुपर्छ। नित्यानित्यवस्तु विवेक भनेको यस्तै विचार हो, यसको दृढताले काम हराउँछ, आसुरी सम्पत्ति भनौं वा राक्षसी आसुरी प्रकृति भनौं, दुर्गुण भनौं सबै हट्छन्, हराउँछन् ।२२।

सद्गुण कुन हो र दुर्गुण कुन हो, दैवी प्रकृति कुन हो र आसुरी प्रकृति कुन हो, कर्तव्य के हो अकर्तव्य के हो यसको निर्णय अरूबाट हुँदैन, शास्त्रबाट हुन्छ। निर्णय गर्नले शास्त्रका आधा-रमा गर्नुपर्छ, आफूखुशी गर्नु हुँदैन।

यः शास्त्रविधि मुत्सृज्य वर्तते कामकारतः
न स सिद्धि मवाप्नोति न सुखं न परां गतिम् ।२३।

यः शास्त्र विधिम् उत्सृज्य कामकारतः वर्तते सः न सिद्धिं, न सुखं, न परां गतिम् अवाप्नोति ।

जो शास्त्रले बताएको कुरा छाडेर आफ्नो इच्छा माफिक व्यवहार गर्छ त्यसले न सिद्धि (चित्तशुद्धि), न सुख (यो लोकमा) न परम गति (स्वर्ग वा मोक्ष) पाउँछ ।२३।

तस्मा च्छास्त्रं प्रमाणं ते कार्या कार्य व्यवस्थितौ
ज्ञात्वा शास्त्र विधानोक्तं कर्म कर्तु मिहार्हसि ।२४।

तस्मात् ते कार्याकार्य व्यवस्थितौ शास्त्रं प्रमाणं ज्ञात्वा शास्त्रविधानोक्तं कर्म इह कर्तुम् अर्हसि ।

त्यसकारण तिम्रो निम्ति कर्तव्य र अकर्तव्य (गर्नु पर्ने र गर्नुनहुने कुराको) ठेगान लगाउन शास्त्र प्रमाण हो भन्ने बुझेर शास्त्रले गरेको विधानले बताएको कर्म यहाँ गर्न योग्य छौ ।२४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनुष्य जीवनमा शास्त्रको सर्वोपरि महिमा छ। मनुष्यले शास्त्रानुसार जीवन चलाउनुपर्छ। शास्त्रले यो लोक र परलोकको भलो हुने कुरा सिकाउँछ; भुक्ति र मुक्ति प्राप्त हुने कुराहरू बताउँछ; धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थ सिद्ध हुने जुक्ति सिकाउँछ। शास्त्रका प्रथमतः दुइ उद्देश्य हुन्छन्– शंसन र शासन। शंसन भनेको वस्तुको यथार्थ वर्णन गर्नु, वस्तुस्वरूप जस्ताको तस्तो बताउनु, परमार्थ तत्त्वको उपदेश गर्नु हो। शासन भनेको यसो गर्नु यसो नगर्नू; यसरी गर्नू, यसरी नगर्नू भन्ने आदेश दिनु हो।

तह लाउने, उचित मार्ग देखाउने वाक्यहरूलाई शास्त्र भन्छन्। शास्त्रले सिकाउँछ र अनुशासनमा राख्छ, र अनुशासनमा बस्नेको त्राण गर्छ, सबैतिरबाट रक्षा गर्छ। आर्य परम्परामा शास्त्रको मुख्य र मूल विषय धर्म हो। धर्मको प्रयोजन अभ्युदय र निःश्रेयस हो। सामान्यतः प्रवृत्ति प्रधान धर्मबाट इहलौकिक र पारलौकिक अभ्युदय हुन्छ; निवृत्ति प्रधान धर्मबाट पारमार्थिक निःश्रेयस प्राप्त हुन्छ। प्रवृत्तिमा इच्छाको, कामको प्रधानता हुन्छ, निवृत्तिमा त्यागको, विवेकको प्रधानता हुन्छ। त्यसैले प्रकृतिमा कर्म प्रधान हुन्छ र निवृतिमा विचार प्रधान हुन्छ। प्रवृत्तिमा इन्द्रियहरू बाहिर दौडन्छन्, बहिर्मुख हुन्छन्। निवृत्तिमा इन्द्रियहरू भित्र पस्छन्, अन्तर्मुख बन्छन्। प्रवृत्तिमा बहिर्वृत्ति हुन्छ, अरूलाई हेरिन्छ। निवृत्तिमा अन्तर्वृत्ति हुन्छ आफूलाई हेरिन्छ। प्रवृत्तिरूप धर्म बताउने शास्त्र कर्मकाण्ड भाग हो। निवृत्तिरूप धर्म बताउने शास्त्र ज्ञान काण्ड हो। उपासना काण्डका विषयहरू कर्म र ज्ञान दुबैमा लागू हुन्छन्।

धर्म बताउने शास्त्रलाई धर्मस्थान वा विद्यास्थान भन्दछन्। यस्ता शास्त्र चौध छन्। ऋक्, यजुः, साम र अथर्व नामका वेद चार; शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द ज्यौतिष नामका वेदाङ्ग छ; पुराण, न्याय, मीमांसा धर्मशास्त्र नामका चार। उपनिषद् वेदभित्रै पर्छ। उपनिषद्का कुरालाई वेदान्त भन्छन्। वेदमा सबभन्दा पछि बताइएको हुनाले र वेदका मूल सिद्धान्त यसमा प्रतिपादन गरिएको हुनाले वेदान्त भनेको हो। ज्ञान विज्ञान कला सम्बन्धी जम्मै शास्त्र यिनै चौध यरी विद्यास्थान भित्रै पर्छन्। यिनै चौध विद्यास्थानलाई छोटकरीमा श्रुति स्मृति भन्छन्। श्रुति वेद हो; स्मृति वेदानुकूल पुराण न्याय, धर्म शास्त्रहरू हुन्। श्रुतिस्मृति र तिनका आधारमा चल्दै आएका आचारहरू सदाचार हुन्। धर्मको ज्ञान यिनै श्रुति, स्मृति र सदाचारको अध्ययनबाट हुन्छ र यसै अनुसार गर्नु मानवको निमित्त श्रेयस्कर हो।

के गर्नु हुने, के गर्नु नहुने; कुन गुण दैवी सम्पत्ति हो, कुन दोष आसुरी सम्पत्ति हो यसको निर्णय आफ्नो इच्छाबाट गर्नु हुँदैन, यसो गर्दा हानि मात्र हुन्छ। यसको निर्णय शास्त्रबाट गर्नुपर्छ। वर्ण, आश्रम, देश काल अनुसार र अनुकूल कार्यको र अकार्यको व्यवस्था शास्त्रले गरेको हुन्छ। क्षत्रिय वर्णको, गृहस्थ आश्रमको तिमी अर्जुनले युद्ध देशमा, लडाइ चल्न लागेको कालमा गर्नुपर्ने कर्म भिक्षाचर्या हैन, धर्मयुद्धबाट पन्छिनु हैन; शूर कर्म, पराक्रम गर्नु, फुर्ति देखाउनु, उत्साह गर्नु, उत्साहित पार्नु, युद्ध गर्नु नै शास्त्रोक्त कर्म हो। तिमीले त्यही गर्नुपर्छ भन्ने उपदेश भगवान्बाट बक्सियो– "ज्ञात्वा शास्त्र विधानोक्तं कर्म कर्तुमिहार्हसि।"

ॐ तत् सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संवादे दैवासुर संपद् विभाग योगो नाम षोडषशः अध्यायः ।

ॐ तत्सत् दैवासुर संपद्विभागयोग नामक षोडश अध्याय समाप्त भो ।

सद्गुणहरू, सदाचारहरू, सद्विचारहरू दैव सम्पत्ति हुन् : दुर्गुण, दुराचार, दुर्विचारहरू आसुर सम्पत्ति हुन् । दैव अथवा आसुर सम्पत्तिको प्रधानताबाट मानिस आफैं देव वा असुर बन्छ । मानिस सामान्यतः बीचमा छ; तल ओर्लिन थाले असुर बन्छ; माथि उक्लन थाले देव बन्छ । आफ्नो उद्धार गर्न खोज्ने साधकले तल ओर्लं दं नओर्ली माथिमाथि उक्लने नै प्रयत्न गरिरहनुपर्छ भन्ने बुझाउन दैव र आसुर सम्पत्तिको उपदेश भएकोले यो अध्यायको नाम दैवासुरसम्पद्विभाग-योग रहेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्री परमात्मने नमः

अथ सप्तदशः अध्यायः– श्रद्धात्रय विभाग योगः ।

अर्जुन उवाच– अर्जुनबाट आज्ञा भयो ।

ये शास्त्र विधि मुत्सृज्य यजन्ते श्रद्धयान्विताः
तेषां निष्ठा तु का कृष्ण सत्त्व माहो रजस्तमः।१।

ये शास्त्रविधिम्, उत्सृज्य श्रध्दया अन्विताः यजन्ते तेषां निष्ठा तु, कृष्ण, का ? सत्त्वम् आहो रजः तमः ।

जो शास्त्रको विधानलाई छोडेर श्रद्धाले युक्त भई यज्ञयाग गर्छन् तिनको निष्ठा चाहिं, हे कृष्ण प्रभु, कस्तो हुन्छ सत्त्व कि, रज कि तम ?

यज्ञयाग, पूजा आजा आदि कर्ममा शास्त्रविधि मिल्नुपर्छ । शास्त्रले बताएको कुरा छोडेर आपनो मन माफिक कर्म गर्नाले कुनै फाइदा हुँदैन । कर्मबाट हुनु पर्ने फाइदा सिद्धि हो, त्यसबाट सुख हो । शास्त्रको आदेशलाई छोडेर जथाभावी कर्म गर्दा सिद्धि हुँदैन । सिद्धि भनेको पुरुषार्थ साध्ने योग्यता हो । पुरुषार्थ भनेको धर्म अर्थ काम मोक्ष हुन् । पुरुषार्थ साध्नें योग्यता मूल रूपमा सत्त्वशुद्धि हो, चित्तशुद्धि हो । चित्त अशुद्ध भएपछि केही पनि हुँदैन । मैलो चित्तबाट उपासना पनि हुँदैन स्वरूपबोधको कुरो त कहाँ हो कहाँ ?

शास्त्रविधि र कर्मको विषयमा तीन विकल्प हुन सक्छन्– १ विधि पनि कर्म पनि शास्त्रले बताए बमोजिम, २ विधि अशास्त्रीय, कर्म शास्त्रीय– ३ बिधि पनि अशास्त्रीय कर्म पनि अशास्त्रीय । तेस्रो किसिमको कर्म विचारको तहमा आउँदैनन् । दोस्रो किसिमको कर्मले सोह्रौं अध्यायको तेइसौं चौबीसौं श्लोकमा बताइए बमोजिम केही पनि फाइदा दिँदैनन् । त्यसकारण पुरुषार्थ प्राप्तिको फाँटमा पहिलो किसिमको कर्मको मात्र उपादेयता छ । कर्म यस्तै गर्नुपर्छ । कर्ममा र विधिमा शास्त्रीयता हुनु जति आवश्यक छ, श्रद्धा पनि त्यत्तिकै आवश्यक छ । शास्त्रविधिको र श्रद्धाको बलाबलको विषयमा पनि अर्जुनले प्रश्न गर्नु भएको हो । अर्को किसिमबाट मिलाउँदा यो श्लोकको प्रश्न "कर्ममा शास्त्र विधि ठूलो कि ? श्रद्धा ठूलो ?" भन्ने किसिमको प्रश्न बन्न आउँछ । शास्त्रमा चाहिं देखिँदैन, पाइँदैन तर बूढापाकाले परम्परादेखि श्रद्धा पूर्वक गर्दै आएका कर्महरू कुल परिवारमा चलेका हुन्छन् । त्यस्तो विषय पनि यो प्रश्नले अँगाल्छ ।

श्री भगवानुवाच – श्रीयुक्तभगवान्बाट हुकुम भयो ।

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ।२।

देहिनां स्वभावजा, सा श्रध्दाः सात्त्विकी, राजसी च एव तामसीं च इति त्रिविधा तां शृणु ।

जीवात्माको स्वभावबाट हुने त्यो श्रद्धा सात्त्विक, राजस र तामस पनि तीन किसिमको हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो श्रद्धाको विषयमा सुन ।२।

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत
श्रद्धामयोयं पुरुषो यो यच्छ्रद्धः स एव सः ।३।

भारत, सर्वस्य श्रध्दा सञ्चानुरूपा भवति अयं पुरुषः श्रध्दामयः, यः यच्छ्रध्दः सः स एव ।

हे भारत, सबैको श्रद्धा अन्तःकरणसंस्कारको अनुरूप हुन्छ । यो मानिसजाति श्रद्धामय छ, जो जुन श्रद्धाको छ त्यो त्यही हो ।

मान्छे भनेको श्रद्धा नै हो । कुन मान्छे कस्तो हो भन्ने बुझ्न कुन मानिसको कस्तो श्रद्धा छ भन्ने बुझ्नुपर्छ । श्रद्धा भनेको रूचि हो, भित्री लगाउ हो, प्रेम हो । यो रूचि यो लगाउ, यो प्रेम अन्तःकरणको संस्कार अनुसारको हुन्छ । त्यसैले मानिसको रूचि, लगाउ, प्रेम जस्तोमा छ, जस्तो छ, त्यो मानिसको अन्तःकरण त्यस्तै हुन्छ । सात्त्विक वा राजस वा तामस जस्तोको आराधना हुन्छ, जस्तो आहार हुन्छ, जस्तो यज्ञ दान तप आदि कर्म हुन्छन् पुरुषको अन्तःकरणसंस्कार त्यस्तै हुन्छ । त्यस्तो अन्तःकरणसंस्कारले त्यस्तै आराधना, आहार विहार यज्ञदानतप आदि हुन्छन्, यिनको सम्बन्ध यस्तै छ । सात्त्विक सबै बेस हुन्छन्, राजस मध्यम हुन्छन् तामस अधम हुन्छन् । तामसलाई त्याग्ने, सात्त्विकलाई लिने गर्नुपर्छ । साधकको, साधना गराउनेको यस्तैमा होश पुग्नुपर्छ । तामस आराधना, आहारबिहार आदि आपनो वा आफन्तको देखियो भने त्यसलाई त्याग्न र त्याग्न लाउन प्रयत्न गर्नुपर्छ । सात्त्विकको सेवन गर्नुपर्छ तामसको वर्जन गर्नुपर्छ । मुख्य कुरो– कर्म पनि सात्त्विक, आहार पनि सात्त्विक, उपासना पनि सात्त्विक, उपास्य पनि सात्त्विक, शास्त्र पनि सात्त्विक हुनुपर्छ । शास्त्र, कर्म र श्रद्धा सबै सात्त्विक हुनुपर्छ, सबैको महिमा छ । यसो भएमा सिद्धि सुख र परम गति प्राप्त हुन्छ । आफ्नो अन्तःकरणसंस्कारको परिचय आफैंले गर्नुपर्छ, त्यो परिचयको निमित्त के कस्ता कुराहरू कसरी सात्त्विक, राजस र तामस हुन् र हुन्छन् जान्नु पर्छ । भगवान् त्यही विषयमा उपदेश गरिबक्सन्छ ।

यजन्ते सात्त्विका देवान् यक्ष रक्षांसि राजसाः
प्रेतान् भूतगणां श्चान्ये यजन्ते तामसा जनाः ।४।

(ये) देवान् यजन्ते (ते) सात्त्विकाः, यक्षरक्षांसि राजसाः, अन्ये तामसाः जनाः प्रेतान् भूत गणान् च यजन्ते ।)

जो (सत्त्व प्रधान) देवताहरूको पूजा गर्छन् ती सात्त्विक हुन्, यक्ष राक्षसलाई पुज्ने राजस हुन्, प्रेत र भूतगणलाई पुज्ने अरूहरू तामस जन हुन् ।४।

अशास्त्र विहितं घोरं तप्यन्ते ये तपो जनाः
दम्भा हंकार संयुक्ताः काम राग बलान्विताः ।५।

अशास्त्र विहितं घोरं तपः येजनाः तप्यन्ते दम्भाहंकार संयुक्ताः काम राग बलान्विताः ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सात्त्विक शास्त्रले भनताएको, घोर तपस्या जुन जनहरू गर्छन् ढोंग र बडप्पनले युक्त भएका, विषयासक्ति र मूढेबलले प्रेरित भएका ।५।

कर्शयन्तः शरीरस्थं भूतग्राम मचेतसः
मां चैवान्तः शरीरस्थं तान् विध्द्यासुर निश्चयान् ।६।

शरीरस्थं भूतग्रामम् अन्तः शरीरस्थं मां च एव कर्शयन्तः अचेतसः तान् आसुर निश्चयान् विध्दि ।

शरीरमा रहेका भूतहरूलाई र शरीर भित्र रहने मलाई पनि सुकाउने, मूढहरू छन् तिनलाई आसुरसंस्कार भएका भन्ने जान ।६।

आहार स्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।
यज्ञ स्तप स्तथा दानं तेषां भेद मिमं शृणु ।७।

सर्वस्य प्रियः आहारः तु अपि त्रिविधः भवति तथा यज्ञः, तपः दानं तेषाम् इमं भेदं शृणु ।

सबैको प्यारो आहार पनि तीन किसिमको हुन्छ । त्यस्तै यज्ञ, तप र दान पनि । तिनको यो भेद सुन ।७।

आयुः सत्त्व बला रोग्य सुख प्रीति विवर्ध्दनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विक प्रियाः ।८।

आयुः सत्त्व बला रोग्य सुख प्रीतिविवर्धनाः रस्याः, स्निग्धाः, स्थिराः हृद्याः आहाराः सात्त्विक प्रियाः ।

आयु, उत्साह, शक्ति आरोग्य, तृप्ति र रूचि बढाउने, रसिला, स्नेह युक्त, (सार धेरै समय रहने) आडिला, हृदयलाई प्यारो लाग्ने आहार, सात्त्विक पुरुषलाई मन पर्ने हुन्छन् ।८।

कट्वम्ल लवणा त्युष्ण तीक्ष्णरूक्ष विदाहिनः
आहारा राजसस्येष्टा दुःखशोकामय प्रदाः ।९।

कटु अम्ल लवण अत्युष्ण तीक्ष्ण रूक्ष विदाहिनः दुःख शोका आमयप्रदाः आहाराः राजसस्य इष्टाः ।

पीरो, अमिलो, नुनिलो, बढी तातो, तीखो, रूखो, पोल्ने (टट्टाउने) दुःख शोक र रोग जन्माउने आहारहरू राजस जनलाई मन पर्ने हुन्छन् ।९।

यातयामं गतरसं पूति पर्युषितं च यत्
उच्छिष्टमपि चा मेध्यं भोजनं तामस प्रियम् ।१०।

यातयामं, गतरसं, पूति, पर्युषितं च यत् उच्छिष्टम् अपिच अमेध्यं भोजनं तामस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रियम् ।

बेमौसमको, रस गएको, दुर्गन्ध भएको, बासी पक्वान्न, जुठो (खाएर बाँकी रहेको) र बिटुलो भोजन हो त्यो तामस जनलाई प्यारो लाग्छ ।१०।

अफलाकाङ्क्षिभि र्यज्ञो विधिदृष्टो य इज्यते
यष्टव्य मेवेति मनः समाधाय स सात्त्विकः ।११।

यष्टव्यम् एव इति मनः समाधाय अफलाकाङ्क्षिभिः यः विधि दृष्टः यज्ञः इज्यते सः सात्त्विकः ।

यज्ञ गर्नैपर्छ भन्ने ठानेर, मनलाई समाहित गरेर फलको इच्छा नराख्नेहरूले गरेको, जुन शास्त्रले बताएको यज्ञ हो, त्यो सात्त्विक हो ।११।

अभिसन्धाय तु फलं दम्भार्थ मपि चैव यत्
इज्यते भरत श्रेष्ठ तं यज्ञं विद्धि राजसम् ।१२।

तु फलम् अभिसन्धाय, दम्भार्थम् अपि च एव यत् इज्यते, भरतश्रेष्ठ तं यज्ञं राजसं विद्धि ।

तर फलको लक्ष्य लिएर, ढोंगको लागि (देखाउनको लागि) पनि जुन यज्ञ गरिन्छ, हे भरत-श्रेष्ठ त्यो यज्ञलाई राजस भन्ने बुझ ।१२।

विधिहीन मसृष्टान्नं मन्त्रहीन मदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ।१३।

विधिहीनम्, असृष्टान्नं, मन्त्रहीनम्, अदक्षिणम् श्रध्दाविरहितं यज्ञं तामसं परिचक्षते ।

विधि नपुगेको, अन्न दान नगरिएको, मन्त्र पाठ नभएको, दक्षिणादान नगरिएको, श्रद्धाले रहित यज्ञलाई तामस भन्छन् ।१३।

देवद्विज गुरु प्राज्ञपूजनं शौच मार्जवम् ।
ब्रह्मचर्य मंहिसा च शारीरं तप उच्यते ।१४।

देव द्विज गुरू प्राज्ञ पूजनं, शौचम्, आर्जवम्, ब्रह्मचर्यम्, अहिसा च शारीरं तपः उच्यते ।

देवता, ब्राह्मण, गुरु तथा विद्वान्को आदर सत्कार गर्नु, पवित्रता, सत्य व्यवहार (इमान-दारी), ब्रह्मचर्य (स्त्री, पुरुषसंग नगर्नु, वेदाध्ययन गर्नु) र अहिंसा शारीर तपस्या भनिन्छ ।१४।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मय तप उच्यते ।१५।

अनुद्वेगकरं, सत्यं, प्रिय हितं च यत् वाक्यं, स्वाध्यायाभ्यसनं च एव वाङमयं तपः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्यते ।

न घोच्ने (बिक्क नपार्ने), साँचो र प्यारो जुन बोली वचन हो त्यो र पाठ गर्नु पर्ने कुराको अभ्यास वचनको तपस्या भनिन्छ ।१५।

मनः प्रसादः सौम्यत्वं मौन मात्मविनिग्रहः ।
भावसंशुद्धि रित्येतत् तपो मानस मुच्यते ।१६।

मनः प्रसादः सौम्यत्वं, मौनम्, आत्मविनिग्रहः, भाव संशुद्धिः इति एतत् मानसं तपः उच्यते ।

मनलाई सफा स्वच्छ राख्नु, सीधासाधापन, बोल्ने मन नहुनु, मनलाई विषयतिर जानबाट रोक्नु, शुद्ध भाव गर्नुलाई मानस तपस्या भन्छन् ।१६।

शरीरको, वचनको, मनको तपस्या भनेको शरीर, वचन र मन प्रधान भएर गर्ने तपस्या हुन् । यिनमा पनि अधिष्ठान कर्ता, करण, चेष्टा र दैव पाँचै हेतु हुन्छन् । प्रत्येक कर्ममा यी पाँच त हेतु हुन्छन् नै । शरीरमा शरीर प्रधान करण हुन्छ, वाचिकमा वागिन्द्रिय प्रधान करण हुन्छ, मानसमा मन प्रधान करण हुन्छ । यी करणहरूको तपस्या सिद्ध भयो भने, यी करणहरू अनुशासित र शुद्ध भए भने अध्यात्ममार्ग खुल्छ, अध्यात्मसिद्धिको बाटो खुल्दै जान्छ ।

श्रद्धया परया तप्तं तपस्तत् त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभि र्युक्तैः सात्त्विकं परिचक्षते ।१७।

अफलाकाङ्क्षिभिः युक्तैः नरैः परया श्रध्दया तप्तं तत् त्रिविधँ तपः सात्त्विकं परिचक्षते ।

फलको आकाङ्क्षा नराख्ने, चित्त वशमा राखेका मानिसहरूले श्रेष्ठ (सात्त्विक, श्रद्धा लिएर गरिएको त्यो तीन प्रकारको तपस्यालाई सात्त्विक भन्छन् ।१७।

सत्कार मान पूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चल मध्रुवम् ।१८।

सत्कारमानपूजार्थँ दम्भेन च एव यत् तपः क्रियते तत् इह राजसं चलम् अध्रुवं प्रोक्तम् ।

अरूबाट सत्कार, मान, पूजाको निमित्त र ढोंगले नै जुन तपस्या गरिन्छ त्यो यहाँ राजस हुन्छ र नाश हुने र नरहने हुन्छ ।१८।

मूढग्राहेणात्मनो यत् पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत् तामस मुदाहृतम् ।१९।

मूढग्राहेण आत्मनः पीडया, परस्य उत्सादनार्थं वा यत् तपः क्रियते तत् तामसम् उदाहृतम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूढ़े बुद्धि लिएर, आपना शरीर इन्द्रियलाई पीडा दिएर, अथवा अरूको विगार हुने उद्देश्य लिएर जुन तपस्या गरिन्छ, त्यो तामस भनिएको छ ।१९।

दातव्यमिति यद् दानं दीयते नुपकारिणे ।
देशे काले च पात्रे च तद् दानं सात्त्विकं स्मृतम् ।२०।

दातव्यम् इति यत् दानम् अनुपकारिणे देशे, काले च, पात्रेच यत् दानं दीयते तत् दानं सात्त्विकं स्मृतम् ।२०।

दिनु पर्छ भन्ने कर्तव्य भावले, उपकार नगर्नेलाई देश (पवित्र तीर्थ आदि), काल, (अक्षय-तृतीया आदि), पात्र (वेद पढेको सदाचारी ब्राह्मण) मा जुन दान दिइन्छ त्यो दान सात्त्विक सम्झिएको छ ।२०।

यत्तु प्रत्युपकारार्थं फल मुद्दिश्य वा पुनः ।
दीयते च परिक्लिष्टं तद् दानं राजसं स्मृतम् ।२१।

यत् तु प्रत्युपकारार्थं, फलम् उद्दिश्य वा पुनः परिक्लिष्टं च दीयते तत् दानं राजसं स्मृतम् ।

तर जुन दान उपकारको सट्टा तिर्न, अथवा पुनः फलको उद्देश्य लिएर गाहारो मानी मानी दिइन्छ त्यो दान राजस सम्झिइन्छ ।२१।

अदेशकाले यद् दान मपात्रेभ्यश्च दीयते ।
असत्कृत मवज्ञातं तत् तामस मुदाहृतम् ।२२।

यत् दानम् अदेशकाले, अपात्रेभ्यः च असत्कृतम् अवज्ञातं दीयते तत् तामसम् उदाहृतम् ।

जुन दान पुण्यदेश र काल नमिलाईकन, कुपात्रलाई, सत्कार नगरीकन, हेंला गरेर दिइन्छ त्यो दान तामस भनिएको छ ।२२।

ॐ तत् सदिति निर्देशो ब्रह्मण स्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ।२३।

ॐ तत् सत् इति त्रिविधः निर्देशः ब्रह्मणः स्मृतः तेन पुरा ब्राह्मणाः, वेदाः च यज्ञाः च विहिताः ।

ॐ, तत्, सत् भन्ने तीन किसिमको नाम ब्रह्मको भनी सम्झिएको छ । त्यही ब्रह्म नामबाट पहिले ब्राह्मणहरू, वेदहरू, र यज्ञहरू रचिएका हुन् ।२३।

तस्मा दो मित्युदाहृत्य यज्ञदान तपः क्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ।२४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात् ब्रह्मवादिनाम् विधानोक्ताः यज्ञ दान तपः क्रियाः ओम् इति उदाहृत्य सततं प्रवर्तन्ते ।

त्यसकारण, ब्रह्मवादीहरूका शास्त्रोक्त यज्ञ दान तपस्या आदि क्रियाहरू ॐ यस्तो उच्चारण गरेर सँधै चल्छन् ।२४।

तदित्यनभिसन्धाय फलं यज्ञ तपः क्रियाः
दान क्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ।२५।

मोक्षकाङ्क्षिभिः तत् इति फलम् अनभिसन्धाय यज्ञतपः क्रियाः, विविधाः दानक्रियाः च क्रियन्ते ।

मोक्षको इच्छा गर्नेहरूले 'तत्' यस्तो उच्चारण गरेर, फलको वास्ता नराखीकन यज्ञ र तपस्या रूपी क्रियाहरू र थरीथरी दानकर्महरू गरिन्छन् ।२५।

सद्भावे साधुभावे च सदित्येतत् प्रयुज्यते
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ।२६।

सद्भावे, साधुभावे च सत् इति एतत् प्रयुज्यते पार्थ, तथा प्रशस्ते कर्मणि सत्शब्दः युज्यते ।

सत्यभावमा र साधुभावमा सत् भन्ने यो शब्द प्रयुक्त हुन्छ । हे अर्जुन, त्यस्तै असल कर्ममा सत् शब्दको प्रयोग गरिन्छ ।२६।

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ।२७।

यज्ञे, तपसि, दाने च स्थितिः सत् इति च उच्यते तदर्थीयं कर्म च एव सत् इति एव अभिधीयते ।

यज्ञमा, तपस्यामा र दानमा आस्था हुनुलाई सत् भनी भनिन्छ । ईश्वरका निमित्त र यज्ञ तपदानका निमित्त गरिने कर्मलाई पनि सत् नै भनिन्छ ।२७।

अश्रद्धया हुतं दत्तं तप स्तप्तं कृतं च यत्
असदित्युच्यते पार्थ न च तत् प्रेत्य नो इह ।२८।

अश्रध्दया हुतं, दत्तं, तपः तप्तं यत् कृतं च असत् इति उच्यते पार्थ तत् न च प्रेत्य नो इह ।

अश्रद्धाले (श्रद्धा नगरीकन) होम गरेको, दान गरेको, तपस्या गरेको र अरू स्तुति नमस्कार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कर्म गरेको अवत् भनी भनिन्छ । हे अर्जुन, त्यो अवत् न त अर्को लोकका लागि न वा यस लोकका लागि रहन्छ ।२८।

सारा वैदिक कर्महरू गर्दा, मन्त्र पढ्दा, तोत्र पाठ गर्दा, कर्मारम्भ गर्दा र कर्म समाप्ति गर्दा 'ॐ तत्सत्' भनिन्छ । यो अत्यन्त अर्थपूर्ण छ । निरञ्जन, निराकार, निर्विशेष ब्रह्मलाई बुझाउने पदहरू मध्ये ॐ, तत् र सत् यी तीनपद सबभन्दा प्रधान र महत्त्वपूर्ण छन् । ॐ पनि ब्रह्मको नाम हो,तत् पनि ब्रह्मको नाम हो, सत् पनि ब्रह्मको नाम हो । जे भन्दा पनि ब्रह्म नै बुझिन्छ । वैदिक यज्ञ यागहरूमा ऋत्विक् र यजमान सबैले ॐ को उच्चारण गर्छन् । कर्मिष्ठले पनि, उपासकले पनि, ब्रह्मवेत्तले पनि ॐ को नै उच्चारण गर्छन् । मुक्त भइसकेकाहरू, अर्थात् जो जीवन्मुक्त छन्, निष्काम निरीह भैसकेका छन् तिनका स्वाभाविक कर्महरू र यज्ञ दान तपस्यारूपी चेष्टाहरूमा ॐ को नै उच्चारण हुन्छ । मोक्ष चाहनेहरूले फलको अपेक्षा नगरीकन यज्ञदान तपस्या रूपी कर्म गर्दा ब्रह्मको 'तत्' भन्ने नामको उच्चारण हुन्छ । फलासक्ति नराखीकन गरिने यज्ञ दान तप आदि कर्मलाई सत् कर्म भन्छन्, ईश्वरका निमित्त गरिएको कर्मलाई सत् कर्म भन्छन्, यज्ञ दान तप आदि सत्कर्मको लागि गरिने लौकिक कर्मलाई पनि सत् कर्म भन्छन् । यसको विपरीत कर्म नाई, अश्रद्धाबाट गरिएको कर्मलाई असत् कर्म भन्छन् । सत् भनेको 'भएको, 'रहने' सत्य हो । असत् भनेको नभएको, नरहने मिथ्या हो । ब्रह्मको नाम नलिईकन गरिएको, श्रद्धा नराखीकन गरिएको कर्म असत् कर्म हो । यस्तो असत् कर्मबाट कुनै पुण्य हुँदैन, चित्तको मल अलिकति पनि हराउँदैन । त्यसैले असत् कर्म यो लोकमा पनि, परलोकमा पनि असल काम नदिने व्यर्थ हुन्छ ।

सबै विधि मिलाउन प्रयत्न गर्दा गर्दै पनि, सात्त्विक रूप दिने कोशिश गर्दागर्दै पनि, श्रद्धा गर्दा गर्दै पनि कर्म भनेको कर्म हो । कर्ममा बाह्य क्रियाको प्रधानता हुन्छ; आफूले मात्र गरेर हुँदैन, अरूले पनि गर्नुपर्ने हुन्छ; आफ्नै पनि असावधानी, भ्रम, अज्ञान आदिको कारण गल्ती र त्रुटि हुन सक्छन् । थाल्यो, समाप्त गर्न नसकिने पनि हुन्छ । विधिमा, भावमा, द्रव्यमा, ऋत्विक्मा आफ्नै परिवारका सदस्यमा भएको अशुद्धिले पनि अशुद्धि आएर प्रत्यवाय लाग्ने पनि हुन सक्छ । प्रत्यवाय, पाप, पखाल्न प्रयश्चित्त गऱ्यो । त्यसैमा पनि के भर, त्रुटि हुन, अशुद्धि हुन सक्छ । मनुष्यको वशभन्दा बाहिरका कति असजिलाहरू हुन्छन् । त्यसकारण यज्ञ दान तप आदि कर्मलाई पनि सत् बनाउन 'सत्' भन्ने गर्नुपर्छ । ब्रह्मको, ईश्वरको नामरूपी मन्त्र 'ॐ तत् सत्ले युक्त बनाउनुपर्छ । कुनै त्रुटिको, गल्तीको, अशुद्धिको दोष रहँदैन, पूर्ण हुन्छ । मुख्य कुरो कुकर्म नगर्नू, यज्ञ दान तप जस्ता सत्कर्म गर्नू, ॐ तत्सत्को उच्चारण गर्नू, ब्रह्मको, ईश्वरको भावना गर्नू ; ब्रह्ममा, ईश्वरमा नै समस्त कर्मको अर्पण गरिदिनू– ॐ तत्सद् ब्रह्मार्पण मस्तु ।

ॐ तत् सत् इति श्रीमद्भगवद्गीतासु उपनिषत्सु ब्रह्म विद्यायां योगशास्त्रे श्री कृष्णार्जुन-संवादे श्रद्धात्रयविभागयोगो नाम सप्तदशः अध्यायः ।

ॐ तत्सत् श्रद्धात्रयविभागयोगनामक सप्तदश अध्याय समाप्त भो ।

मानिसको आचार विचारको महत्ता र लघुता स्वयंमा भन्दा श्रद्धामा बढी भर पर्छ । जुन आचार विचार पनि असल वा खराब के हो भन्ने पहिचान गर्न त्यो आचार विचार गर्दाको श्रद्धाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि पहिचान गर्नुपर्ने हुन्छ । मान्छेको स्वरूप नैं श्रद्धा हो जसले जे जस्तो श्रद्धा गर्छ त्यो त्यही हुन्छ । श्रद्धाको पहिचान पनि सत्त्व रज वा तम मध्ये कुन चाहिंको प्रधानता छ, त्यसको पहिचानमा बढी भर पर्छ । सांसारिक सबै कुरा त्रिगुणमय हुने हुनाले आचारविचार पनि तीन प्रकारका हुन्छन् । मुख्य कुरो, आचारविचार सत् शास्त्रको अनुकूल हुनुपर्छ, विधि शास्त्रोक्त हुनुपर्छ, श्रद्धा पनि शास्त्रानुमोदित सात्त्विक हुनुपर्छ । यसो भएमा साधनाको सिद्धि मिल्छ । यिनै कुराहरू यो अध्यायमा बताइएको छ र अध्यायको नाम श्रद्धात्रय विभाग योग रहेको छ ।

यो अध्यायको नाम मधूसूदन सरस्वतीले र श्रीधर स्वामीले 'श्रद्धात्रयविभाग विवरण', राखेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐ श्रीपरमात्मने नमः

अथ अष्टादशः अध्यायः– मोक्षसंन्यास योगः ।

अर्जुन उवाच – अर्जुनले आज्ञा भयो ।

संन्यासस्य महाबाहो तत्त्व मिच्छामि वेदितुम्
त्यागस्य च हृषीकेश पृथक् केशिनिषूदन ।१।

महाबाहो, हृषीकेश, केशिनिषूदन, संन्यासस्य, त्यागस्य च तत्त्वं पृथक् वेदितुम् इच्छामि ।

हे महाबाहु, इन्द्रियका अधिपति, केशी दैत्यका नाशक कृष्णजी, संन्यासको र त्यागको तत्त्व बेग्ला बेग्लै जान्न चाहन्छु ।१।

श्री भगवानुवाच – श्री भगवान्‌बाट हुकुम भयो ।

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहु स्त्यागं विचक्षणाः ।२।

काम्यानां कर्मणां न्यासं कवयः संन्यासं विदुः सर्वकर्मफल त्यागं विचक्षणाः त्यागं प्राहुः ।

काम्य कर्महरू छोड्नुलाई विद्वानहरूले संन्यास भनी बुझेका छन् । सबै कर्महरूको फल त्याग्नुलाई पण्डितहरूले त्याग भनेका छन् ।२।

त्याज्यं दोषवदित्येके कर्म प्राहु र्मनीषिणः
यज्ञ दान तपः कर्म न त्याज्य मितिचापरे ।३।

एके मनीषिणः कर्म दोषवत् इति त्याज्यम् अपरे यज्ञ दान तपः कर्म न त्याज्यम् इति च प्राहुः ।

एकथरी बुद्धिमान्‌हरू कर्म दोषवाला हुनाले छोड्नै पर्छ (भन्छन्) अर्का थरी बुद्धिमान्‌हरू यज्ञदानतपस्या नछोड्नू पनि भन्छन् ।।३।

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम
त्यागो हि पुरुषव्याघ्र त्रिविधः संप्रकीर्तितः ।४।

भरतसत्तम तत्र त्यागे मे निश्चयं शृणु । पुरुषव्याघ्र, त्यागः हि त्रिविधः संप्रकीर्तितः ।

हे भरतश्रेष्ठ, त्यो त्यागका विषयमा मेरो निश्चय सुन । हे पुरुषश्रेष्ठ, त्याग तीन किसिमको बताइएको छ ।४।

यज्ञदानतपः कर्म न त्याज्यं कार्यमेव तत्
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ।५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञदानतपः कर्म न त्याज्यं तत् कार्यम् एव । यज्ञः, दानं, तपः च एव मनीषिणां पावनानि ।

यज्ञ दान तपस्या रूपी कर्म छोड्नु हुँदैन, त्यो गर्नैपर्छ । यज्ञ, दान र तपले विद्वानहरूलाई पवित्र बनाउँछन् ।५।

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च
कर्तव्यानीति मे पार्थ निश्चितं मत मुत्तमम् ।६।

एतानि अपि तु कर्माणि सङ्गं फलानि च त्यक्त्वा कर्तव्यानि इति, पार्थ मे निश्चितं मतम् उत्तमम् ।

तर यी (यज्ञादि) कर्महरू पनि सङ्ग (कर्तृत्वाभिमान) र फल छोडेर गर्नुपर्छ भन्ने मेरो निश्चित मत छ, यो उत्तम हो ।६।

अध्यात्म साधनामा कस्तो किसिमको कर्म त्याज्य हो भन्ने विषय प्रस्तुत भएको छ । कर्म छोड्ने अर्जुनको कुरोबाट श्री मद्भगवद्गीतोपदेशको आरम्भ भएको हो । स्वजनबधलाई अकर्तव्य भन्ने ठान्नु भएको थियो अर्जुनले र गृहस्थाश्रमस्थित क्षत्रियवर्णोचित आपनो कर्मबाट पन्छिनु भएको थियो । भगवान्ले आत्माको सदा नित्यता र देहेन्द्रियादिको सदा अनित्यताको उपदेश गरिबक्सेंदा कर्मको, सांख्यको, संयमयोगको, विभूतियोगको, क्षेत्रक्षेत्रज्ञ विवेकको, गुणत्रय विवेकको, पुरुषोत्तम तत्त्वको समेत उपदेश गरिबक्स्यो । यी कुराहरू नबुझ्दा अर्जुनको जुन अवस्था थियो, यी कुराहरू बुझेपछि अर्जुनको त्यो लूलो अवस्था छैन, अब उहाँ दरो भैसक्नुभएको छ । उहाँमा अब अविवेक छैन, पूर्णविवेक भैसकेको छ । उहाँमा अब शङ्का छैन, संशय छिनिसकेको छ । आत्मालाई सदातन र अनात्मालाई कहिल्यै पनि नभएको भन्ने पक्का उहाँलाई भैसकेको छ; आत्मा त्रिकालाबाधित, आत्मादेखि भिन्न समस्त द्वैत सदाबाधित भन्ने पूर्णबोध भैसकेको छ । अध्यासको विलय र विक्षेपको अनुदय भैसकेको छ । मर्ने र मारिने भन्ने मोह छैन । मर्ने र मारिने भन्ने मै नभएकोले शोक दुःख भन्ने पनि छैन । मोह हुँदा कर्मत्याग गर्ने इच्छा थियो, अब मोह छुटेपछि कर्म त्यागकै विषय स्पष्ट गर्ने क्रम चलेको छ । नित्य कर्म कुनै स्थितिमा पनि छोड्नु हुँदैन; कर्तृत्वाभिमान र फलाकाङ्क्षा कहिल्यै पनि गर्नु हुँदैन भन्ने भगवान्को उपदेश छ ।

कर्म सामान्यरूपमा दुइ किसिमको छ– लौकिक र शास्त्रीय । लौकिक भनेको शास्त्रमा बिधि निषेध नभएका कर्महरू हुन् । शास्त्रीय भनेको शास्त्रले गर्नू वा नगर्नू भनेका कर्म हुन् । नगर्नू भनेको कर्म त गर्नै भएन । गर्नू भनेको कर्म सामान्यतः तीन किसिमका छन्– नित्य, नैमित्तिक र काम्य । नित्य भनेको वर्णाश्रम धर्मानुसार जीवनभरी गर्नुपर्ने कर्म हुन् । नैमित्तिक भनेको निमित्त परेपछि गर्नुपर्ने कर्म हुन् । काम्य भनेको कुनै कामना अनुसारको फलका लागि गरिने कर्म हुन् । यज्ञ दान तपहरू नित्य कर्म हुन् । यी कर्मले चित्तमा रहेका कामना वासना आदि मल हटाउनमा सहायता गर्छन् । अध्यात्ममार्गमा चित्तशुद्धि नभई हुँदै हुँदैन, एक पाइलो पनि अघि बढिदैन । चित्त शुद्ध नभई विवेक हुँदैन र मोक्ष हुँदैन । त्यसैले विद्या प्राप्त हुनुभन्दा पहिले चित्त शुद्धिका निमित्त नित्य कर्म गरिरहनै पर्छ । विद्योदय भएपछि पनि नित्य कर्म फलको अपेक्षा नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नराखीकन गरिरहनुपर्छ । अब विद्योदय भयो, चित्तशुद्धिको निमित्त किन कर्म गर्नू भन्न हुँदैन । विद्वान्‌ले पनि वर्ण र आश्रमोचित नित्य कर्म गरिरहनै पर्छ । नैमित्तिक कर्म पनि नित्य कर्म जस्तै हुन् । शरीर चलेसम्म कर्म छोडिने हैन; शास्त्रले आफूलाई लोकेको कर्म छोड्यो भने अरू कर्म हुने हुन्छ, झन बरबाद । कर्म आफैं छुट्छ भने वास्ता छैन, आफूले छोड्नु हुँदैन कर्तृत्वाभिमान र फलासक्ति छोड्नुपर्छ । काम्य कर्मले चित्तलाई धमिल्याउँछन्, पूरै छोड्नुपर्छ ।

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते
मोहात् तस्य परित्याग स्तामसः परिकीर्तितः ।७।

नियतस्य तु कर्मणः संन्यासः न उपपद्यते मोहात् तस्य परित्यागः तामसः परिकीर्तितः ।

(वर्णाश्रम अनुसारको) नित्य कर्मको संन्यास गर्न मिल्दैन । अज्ञानबाट नित्य कर्मको त्याग गर्नु तामस भनिन्छ ।७।

दुःख मित्येव यत् कर्म कायक्लेशभयात् त्यजेत्
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ।८।

दुःखम् इति एव यत् कर्म कायक्लेशभयात् त्यजेत् सः राजसं त्यागं कृत्वा त्याग फलं न एव लभेत् ।

गाहारो भन्ने ठानेर नै जुन कर्म शरीरकष्टको डरबाट जसले छोड्छ, त्यसले राजस त्याग गरेको हुँदा त्यागफल पाउँदै पाउँदैन ।८।

कार्य मित्येव यत् कर्म नियतं क्रियते र्जुन
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ।९।

अर्जुन, कार्यम् इति एव यत् कर्म सङ्गं फलं च एव त्यक्त्वा नियतं क्रियते सः त्यागः सात्त्विकः मतः ।

हे अर्जुन, गर्नैपर्छ भनेर जुन कर्म अभिमान र फल समेत त्यागेर नियमसँग गरिन्छ त्यो त्याग सात्त्विक भानिन्छ ।९।

दान तप आदि जस्तै त्याग पनि सात्त्विक राजस तामस तीन किसिमको हुन्छ । त्याग भन्दैमा त्यागको रूपमा असल वा खराब भन्ने हुँदैन । आफू जुन वर्णमा (ब्राह्मण आदि) र आश्रममा (ब्रह्मचर्य आदि) छ त्यो वर्ण र त्यो आश्रमका मानिसले गर्नुपर्ने भनी शास्त्रले बताएको कर्म मोहबाट छोड्यो भने त्यो तामस त्याग हुन्छ । त्यस्तो त्यागले असल फल दिनुको सट्टा खराब फल दिन्छ, अधोगति गराउँछ । यसको विपरीत कर्तृत्वभोक्तृत्वको अभिमानलाई त्यागेर आफ्नो वर्ण र आश्रम अनुसारका नित्य कर्म गर्नु उत्तम त्याग हो । नित्य कर्मलाई कर्मको रूपमा त्याग गर्नु खराब हो, कर्तृत्वको र भोक्तृत्वको अभिमान त्याग गर्नु असल हो । अतः त्याग भनेको नित्यकर्मत्याग हैन, कर्तृत्वभोक्तृत्वाभिमानत्याग हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रले निषेध गरेको कर्म सर्वथा त्याज्य भैहाल्यो। शरीरेन्द्रियसंघात प्रारब्धको वेगबाट चल्ने हो। त्यो संघातरूपी यन्त्र चलुन्जेल श्वास प्रश्वास, हस्तपादादि क्रिया, भोजन पान, मल-मूत्र त्याग जस्ता शरीरधारणार्थक कर्महरू गुणातीत पुरूषका पनि चल्छन्। शास्त्रीय कर्मको उद्देश्य चाहिं शरीरशोधन पनि हो। अन्नमय स्थूलशरीर, प्राणमन बुद्धि आदि सूक्ष्म शरीर र आनन्दमय कारण शरीरको शोधन गर्नु शास्त्रीय कर्मको मुख्य उद्देश्य हो। शास्त्रीय कर्ममध्ये काम्य कर्मले सूक्ष्म शरीरलाई मैलो बनाउँछ, त्यो गर्नु हुन्न। नित्य र नैमितिक कर्मले अत्यन्त बद्ध स्थितिमा तत्त्वज्ञानको इच्छा पैदा गर्छन्। तत्त्व ज्ञानको इच्छा उठेपछि गरिएका ती कर्मले चित्त झन झन शुद्ध पार्छन्, अनेक जन्मका मल पत्रैपत्र परेर चित्तमा कटकटिएका छन्, तिनलाई पर्याँकेर चित्तलाई पूर्ण शुद्ध बनाउनु छ। ज्ञान भैसकेपछि गरिने नित्यकर्मले अरू कर्म हुन दिंदैनन्। नित्य कर्म सँधै गर्नुपर्छ, सङ्गफल सँधै छोड्नुपर्छ।

न द्वेष्ट्यकुशलं कर्म कुशले नानुषज्जते
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ।१०।

त्यागी, सत्त्वसमाविष्टः मेधावी, छिन्नसंशयः अकुशलं कर्म न द्वेष्टि कुशले न अनुषज्जते।

त्यागी, सात्त्विक भावयुक्त, बुद्धिमान्, संशय छिनेको सज्जनले खराब मनेर कुनै कर्मको द्वेष गर्दैन, असल मनेर कुनै कर्ममा प्रीति पनि गर्दैन।

कर्म देहेन्द्रियादिसंघातको स्वभाव हो। प्राग रहेसम्म, चालू शरीरेन्द्रियादिको आरम्भक प्रारब्ध कर्म नसिद्धिएसम्म कर्म चलिरहन्छ। देहेन्द्रियादिबाट स्वरुपतः भइरहने कर्ममा सङ्ग नगर्नु, कर्तृत्वाभिमान उठ्न नदिनु, कर्मबाट हुने फलमा भोक्तृत्वाभिमान हटाउनु साधनाको मर्म हो। सङ्ग र फल छोडे पनि कुन कर्म गर्ने, कुन कर्म नगर्ने भन्ने प्रश्नको उत्तर शास्त्रले दिएको छ। आफ्नो वर्णाश्रम धर्मानुसारका कर्म कर्तव्य, अन्य अकर्तव्य यो व्यवस्था शास्त्रले गरेको छ। शास्त्र—श्रुति स्मृति—भगवान्‌कै आज्ञा हो। शास्त्र नमान्नु भगवान्‌को आज्ञा नमान्नु हो। आफ्नो वर्णाश्रम अनुसारको कर्मलाई खराब मनेर द्वेष गर्नु पनि हुन्न; अरू वर्ण र आश्रमको कर्ममा असल मनेर लाग्नु पनि हुँदैन। कर्मयोगको भने पनि, कर्मत्यागको भने पनि मर्म यही हो। वास्तवमा कर्म छोड्छु, छोडें भन्नु पनि अभिमान हो। अभिमान मनेपछि छोड्नै पर्छ। कर्तृत्व अभिमान छोडे जस्तै अकर्तृत्व अभिमान पनि छोड्नै पर्छ। कर्म छोड्नै पर्दैन, निरभिमान सिद्धको, योगीको साधनाको परिपाकानुसार, प्रारब्धानुसार कर्म आफाफैं छुट्छन्।

नहि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः
यस्तु कर्मफलत्यागी स त्यागी त्यभिधीयते ।११।

देहभृता अशेषतः कर्माणि त्यक्तुं नहि शक्यं यः तु कर्मफलत्यागी सः त्यागी इति अभिधीयते।

शरीरधारीले जन्माजन्मै कर्महरू त्याग गर्न सकिंदैन। तर जसले कर्मफल त्याग गर्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो त्यागी भनी कहिन्छ ।११।

अनिष्ट मिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम्
भवत्य त्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ।१२।

कर्मणः फलम् अनिष्टम्, इष्टं, मिश्रं च त्रिविधम् अत्यागिनां प्रेत्य भवति संन्यासिनां तु न क्वचित् ।

कर्मको फल मन नपर्ने (दुःखदायक), मन पर्ने (सुखदायक) र मिसोट (कुनै अंस इष्ट, कुनै अनिष्ट) तीन किसिमको हुन्छ । त्याग नगर्नेहरुका लागि यो शरीर छुटेपछि पनि कर्मफल हुन्छ, संन्यासीको लागि कहिल्यै पनि हुँदैन ।१२।

पञ्चैतानि महाबाहो कारणानि निबोध मे
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ।१३।

सर्वकर्मणां सिध्दये सांख्ये कृतान्ते प्रोक्तानि एतानि पञ्च कारणानि, महाबाहो मे निबोध ।

सबै कर्महरू सम्पन्न हुनको निम्मि ज्ञानव्य कुरा र कर्म समाप्त हुने कुरा बताउने वेदान्तमा बताइएका यी पाँच कारणहरू, हे महाबाहु, मबाट जान ।१३।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम्
विविधाश्च पृथक् चेष्टा दैवं चैवात्र पञ्चमम् ।१४।

अधिष्ठानं, तथा कर्ता, पृथग्विधं करणं च, विविधाः च पृथक् चेष्टाः पञ्चमं दैवं च अत्र ।

भोगको आयतन शरीर, त्यस्तै भोगको कर्ता, भिन्न प्रकारका करण (इन्द्रियहरू), भोग-साधन, थरीथरीका भिन्न चेष्टा (श्वासप्रश्वास आदि) र पाँचौं दैव (इन्द्रियादिका अधिदेवता आदित्यादि देवता) हुन् ।१४।

शरीर बाङ्मनोभि र्यत् कर्म प्रारभते नरः
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ।१५।

शरीर वाङ्मनोभिः न्याय्यं वा विपरीतं वा यत् कर्म नरः प्रारभते तस्य हेतवः एते पञ्च ।

शरीर वचन र मनद्वारा उचित वा अनुचित जुन कर्म मानिसले गर्छ त्यसका कारण यी पाँच हुन् ।१५।

तत्रैवं सति कर्ता र मात्मानं केवलं तु यः
पश्यत्य कृतबुद्धित्वा न्न स पश्यति दुर्मतिः १६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र एवंसति यः तु केवलम् आत्मानं कर्तारं पश्यति अकृत बुध्दित्वात् सः दुर्मतिः न पश्यति ।

त्यो कर्मको विषयमा यसो हुँदा जसले केवल आत्मालाई कर्ता देख्छ बुद्धि नमाझिएको हुनाले त्यो दुर्बुद्धिले जानेन ।१६।

यस्य नाहंकृतो भावो बुद्धि र्यस्य न लिप्यते
हत्वापि स इमाँ ल्लोकान् न हन्ति न निबध्यते ।१७।

यस्य भावः न अहंकृतः यस्य बुध्दिः न लिप्यते इमान् लोकान् हत्त्वा अपि सः न हन्ति, न निबध्यते ।

जसलाई म कर्ता हुँ भन्ने भाव छैन, जसको बुद्धि लिप्त (कर्ममा) हुँदैन, यो लोकहरूलाई मारे पछि पनि, त्यसले मारेको हुँदैन र त्यसमा बन्धन हुँदैन । आत्माबाट कुनै पनि क्रिया हुँदैन र आत्मामा कुनै क्रियाको असर पनि पर्दैन ।

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ।१८।

ज्ञानं, ज्ञेयं, परिज्ञाता कर्मचोदना त्रिविधा । करणं, कर्म कर्ता इति कर्मसंग्रहः त्रिविधः ।

ज्ञान, ज्ञेय र ज्ञाता भन्ने तीन किसिमका कर्म प्रेरणा छन् । र करण कर्म र कर्ता भन्ने तीन किसिमका कर्म संग्रह छन् ।

कर्म सिद्धान्तमा प्रेरक र कारक दुइ तत्त्व हुन्छन् । एक थरीबाट कर्म गर्ने प्रेरणा उठ्छ, अर्को थरीबाट कर्मका प्रयत्न चेष्टा हुन्छन् । यी दुइ त्रिपुटीबाट जगत्चक्र चलेको छ । प्रेरणागर्ने ज्ञानत्रिपुटी हुन् । चेष्टा गर्ने कर्म त्रिपुटी हुन् । दुवैको अधिष्ठान आयतन शरीर हो, कारण अध्यास हो ।१८।

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः
प्रोच्यते गुणसंख्याने यथाव च्छृणु तान्यपि ।१९।

ज्ञानं, कर्म च कर्ता च गुणभेदतः त्रिधा एव गुणसंख्याने प्रोच्यते तानि अपि यथावत् शृणु ।

ज्ञान, कर्म र कर्ता सत्त्व आदि गुण भेदले तीन किसिमकै हुन्छन् भनी गुण विषयक शास्त्रमा बताइएको छ । तिनको बारेमा पनि यथार्थ सुन ।१९।

सर्व भूतेषु येनैकं भाव मव्यय मीक्षते
अविभक्तं विभक्तेषु तज् ज्ञानं विद्धि सात्त्विकम् ।२०।

येन विभक्तेषु, सर्वभूतेषु, अविभक्तम् अव्ययम् एकं भावम् ईक्षते तत् ज्ञानं सात्त्विकं विध्दि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जुन ज्ञानद्वारा भिन्नभिन्न देखिएका सबै भूतमा (अभिन्न रूपमा) रहेको अविनाशी यौटै भाव देख्छ, त्यो ज्ञान सात्त्विक हो ।२०।

पृथक्त्वेन तु यज् ज्ञानं नानाभावान् पृथग्विधान्
वेत्ति सर्वेषु भूतेषु तज् ज्ञानं विद्धि राजसम् ।२१।

यत् ज्ञानं पृथग्विधान् नानाभावान् पृथक्त्वेन सर्वेषु भूतेषु वेत्ति तत् ज्ञानं राजसं विद्धि ।

जुन ज्ञानले थरीथरीका अनेक भावलाई पृथक् पृथक् रूपमा सबै भूतमा देख्छ त्यो ज्ञान राजस भन्ने बुझ ।२१।

यत्तु कृत्स्नव देकस्मिन् कार्ये सक्त महैतुकम्
अतत्त्वार्थव दल्पं च तत् तामस मुदाहृतम् ।२२।

यत् तु एकस्मिन् कार्ये कृत्स्नवत् सक्तम् अहैतुकम्, अतत्त्वार्थवत् अल्पंच तत् तामसम् उदाहृतम् ।

जुन ज्ञानले एउटै कार्य (अनित्य वस्तु) मा त्यही नै सम्पूर्ण हो जस्तो गरी आसक्त हुन्छ, अतात्त्विक तथा सीमित हुन्छ त्यो तामस भनिएको छ ।२२।

नियतं सङ्गरहित मरागद्वेषतः कृतम्
अफल प्रेप्सुना कर्म यत् तत् सात्त्विक मुच्यते ।२३।

नियतं, सङ्गरहितम्, अरागद्वेषतः अफल प्रेप्सुना कृतं यत् कर्म तत् सात्त्विकम् उच्यते ।

नित्यका रूपमा तोकिएको, सङ्ग नभएको, रागद्वेष नभईकन, फल पाउने इच्छा नभएको पुरुषले गरेको शुभ कर्म हो त्यो सात्त्विक भनिन्छ ।२३।

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः
क्रियते बहुलायासं तद् राजस मुदाहृतम् ।२४।

यत् तु कर्म कामेप्सुना, साहंकारेण वा पुनः बहुलायासं क्रियते तत् राजसम् उदाहृतम् ।

जुन चाहिं कर्म विषयको इच्छावालाले अथवा अहंकारयुक्त पुरुषले फेरि धेरै गाहारो मानेर गरिन्छ, त्यो (कर्म) राजस भनिएको छ ।२४।

अनुबन्धं क्षयं हिंसा मनवेक्ष्य च पौरुषम्
मोह दारभ्यते कर्म यत् तत् तामस मुच्यते ।२५।

अनुबन्धं, क्षयं, हिंसाम्, पौरुषं च अनवेक्ष्य मोहात् यत् कर्म आरभ्यते तत् तामसम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्यते ।

पछिको परिणामलाई, शक्तिको र सम्पत्तिको खर्चलाई, प्राणिपीडालाई, पूरा गर्ने क्षमतालाई समेत बिचार नगरी कन मोहबाट जुन कर्म आरम्भ गरिन्छ, त्यो कर्म तामस कहिन्छ ।२५।

मुक्तसङ्गो नहंवादी धृत्युत्साहसमन्वितः ।
सिध्यसिध्यो र्निर्विकारः कर्ता सात्त्विक उच्यते ।२६।

मुक्तसंगः, अनहंवादी, धृत्युत्साहसमन्वितः, सिध्यसिध्योः निर्विकारः कर्ता सात्त्विकः उच्यते ।

आसक्ति छोडेको, अहंकार नगर्ने, धैर्य र उत्साहले युक्त, सिद्धि असिद्धि दुवैमा एकनारा रहने कर्ता सात्त्विक भनिन्छ ।२६।

रागी कर्मफलप्रेप्सु र्लुब्धो हिंसात्मको शुचिः
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ।२७।

रागी, कर्मफलप्रेप्सुः, लुब्धः, हिंसात्मकः, अशुचिः, हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ।

रागबाला, कर्मफल पाउन खोज्ने, लुब्ध कन्जूस, दुःख दिने स्वभावको, अशुद्ध, हर्ष र शोकले युक्त कर्ता राजस भनिएको छ ।२७।

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिको लसः
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ।२८।

अयुक्तः, प्राकृतः, स्तब्धः, शठः, नैष्कृतिकः, अलसः, विषादी, दीर्घसूत्री च कर्ता तामसः उच्यते ।

नालायक, लठ्ठक, ठाडो बिनय नभएको, दुष्ट कपटी, अरूको वृत्ति बिगार्न तम्सने, अल्छी, खिन्न भैरहने, जुंसो नाना तरङ्ग झिकिरहने कर्ता तामस भनिन्छ ।२८।

बुध्देर्भेदं धृतेश्चैव गुणत स्त्रिविधं शृणु
प्रोच्यमान मशेषेण पृथक्त्वेन धनञ्जय ।२९।

धनञ्जय, बुध्देः धृतेः च एव गुणतः त्रिविधं भेदम् अशेषेण पृथक्त्वेन प्रोच्यमानं शृणु ।

हे धनञ्जय, बुद्धिको र धृतिको पनि त्रिगुणबाट तीन किसिमको भेद सम्पूर्णरूपमा र विस्तार-पूर्वक भनिएको सुन ।२९।

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये
बन्धं मोक्षं च या वेत्ति बुद्धिः सा पार्थ सात्त्विकी ।३०।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रवृत्तिं च, निवृत्तिं च, कार्याकार्ये, भयाभये, बन्धं मोक्षं च या वेत्ति सा बुध्दिः पार्थ, राजसी ।

प्रवृत्ति र निवृति मार्ग, गर्नु हुने र नहुने कुरा, डराउनु पर्ने र नपर्ने कुरा, बन्धन र मोक्ष समेत जुन बुद्धिले बुझेको छ त्यो बुद्धि सात्त्विक हो ।३०।

यया धर्मं मधर्मं च कार्यं चाकार्यं मेव च
अयथावत् प्रजानाति बुद्धिः सा पार्थ राजसी ।३१।

यया धर्मम् अधर्मं च, कार्यं च अकार्यम् एव च अयथावत् प्रजानाति सा बुध्दिः पार्थ राजसी ।

जुन बुद्धिले धर्म र अधर्म, कार्य र अकार्यको विषयमा धरमर जानेको छ त्यो बुद्धि, हे अर्जुन, राजस हो ।३१।

अधर्मं धर्ममिति या मन्यते तमसा वृता
सर्वार्थान् विपरीताँश्च बुद्धिः सा पार्थ तामसी ।३२।

तमसा आवृता या अधर्मं धर्मम् इति सर्वार्थान् विपरीतान् च मन्यते सा बुध्दिः पार्थ तामसी ।

तनो गुणले (अज्ञानले, पापले) भरिएको जुन बुद्धिले अधर्मलाई धर्म भन्ने र सर्व ज्ञेय पदार्थलाई जो उल्टा उल्टा ठान्दछ,त्यो बुद्धि हे अर्जुन, तामस हो ।३२।

धृत्या यया धारयते मनः प्राणेन्द्रियक्रियाः
योगेना व्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ।३३।

यया अव्यभिचारिण्या धृत्या मनः प्राणेन्द्रियक्रियाः योगेन धारयते सा धृतिः पार्थ सात्त्विकी ।

जुन अव्यभिचारि धृतिले मन प्राण र इन्द्रियका क्रियाहरूलाई योगद्वारा धारण गर्छ त्यो धृति, हे अर्जुन, सात्त्विक हो ।३३।

यया तु धर्मं कामार्थान् धृत्या धारयते र्जुन
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ।३४।

अर्जुन, यया तु धृत्या धर्मकामार्थान्, प्रसङ्गेन फलाकाङ्क्षी, धारयते पार्थ सा धृतिः राजसी ।

हे अर्जुन, जुन चाहिं धृतिबाट धर्म काम अर्थलाई प्रसङ्गबाट फलको आकांक्षा गर्ने बनेर धारण गर्छ, हे अर्जुन, त्यो धृति राजस हो ।३४।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यया स्वप्नं भयं शोकं विषादं मद मेव च
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ।३५।

यया स्वप्नं, भयं, शोकं, विषादं मदम् एव च दुर्मेधाः न विमुञ्चति सा धृति., पार्थ, तामसी ।

जुन धृतिबाट निन्दा, भय, शोक, विषाद र मदलाई दुर्बुद्धि पुरुष छाड्दैन त्यो धृति, हे अर्जुन, तामस हो ।३५।

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ
अभ्यासाद् रमते यत्र दुःखान्तं च निगच्छति ।३६।

भरतर्षभ, इदानीं सुखं तु त्रिविधं मे शृणु अभ्यासात् यत्र रमते दुःखान्तं च निगच्छति ।

हे भरत श्रेष्ठ, अब सुख तीन किसिमको हुन्छ भन्ने कुरा मबाट सुन । अभ्यासबाट जुन सुखमा रमाउँछ, दुःखको अन्त्य पनि निश्चय संग पाउँछ ।

यत् तदग्रे विषमिव परिणामे मृतोपमम्
तत् सुखं सात्त्विकं प्रोक्त मात्म बुद्धि प्रसादजम् ।३७।

तत् यत् अग्रे विषम् इव, परिणामे अमृतोपमं तत् आत्मबुद्धि प्रसादजं सुखं सात्त्विकं प्रोक्तम् ।

त्यो जुन पहिले विष जस्तो, परिणाममा (पछि) अमृत जस्तो बन्ने, मनबुद्धिको स्वच्छता-बाट हुने सुख सात्त्विक भनिएको छ ।३७।

विषयेन्द्रिय संयोगाद् यत् तदग्रे मृतोपमम्
परिणामे विषमिव तत् सुखं राजसं स्मृतम् ।३८।

विषयेन्द्रिय संयोगात् यत् तत् अग्रे अमृतोपमम्, परिणामे विषम् इव, तत् सुखं राजसं स्मृतम् ।

विषयको र इन्द्रियको संयोगबाट हुने, जुन त्यो सुख पहिले अमृत जस्तो, परिणाममा (पछि) विष जस्तो हुन्छ, त्यो सुख राजस सम्झिएको छ ।३८।

यदग्रे चानुबन्धे च सुखं मोहन मात्मनः
निद्रालस्य प्रमादोत्थं तत् तामस मुदाहृतम् ।३९।

यत् सुखम् अग्रे च अनुबन्धे च आत्मनः मोहनं, निद्रालस्य प्रमादोत्थं तत् तामसम् उदाहृतम् ।

जुन सुख पहिले पनि, पछि परिणाममा पनि मन बुद्धिलाई लठ्याउने, निद्रा आलस्य र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मादक पदार्थबाट उत्पन्न हुने हो त्यो तामस भनिन्छ ।

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः
सत्त्वं प्रकृतिजै र्मुक्तं यदेभिः स्यात् त्रिभिर्गुणैः ।४०।

प्रकृतिजैः एभिः त्रिभिः गुणैः मुक्तं यत् स्यात् तत् पृथिव्यां वा दिवि, देवेषु वा पुनः न अस्ति ।

प्रकृतिमा रहेका यी तीन गुणबाट मुक्त जुन प्राणी होला त्यो प्राणी पृथिवीमा र फेरि स्वर्गमा, देवताहरूमा पनि छैन ।४०।

ब्रह्माण्डका चराचर वस्तु जम्माजम्मै त्रिगुणमय छन् । जम्मैको सत्त्व, रज र तम तीन गुणबाटै सृष्टि भएको छ । त्यसैले सृष्टिभित्र तीन गुण नै व्याप्त छन्, समस्त दृश्य वस्तु त्रिगुणात्मक छन् । सामान्यतः देवताहरू सत्त्वप्रधान, मनुष्यहरू रजः प्रधान र पशुपक्षीहरू तमः प्रधान मानिन्छन् । तर यो नियम पनि हैन, स्वभाव पनि हैन । प्रत्येक योनिमा, प्रत्येक किसिममा कुनै सत्त्वप्रधान, कुनै रजःप्रधान र कुनै तमःप्रधान हुन्छ । प्रधानताको र अप्रधानताको मात्रा अनन्त तहका हुनाले अनन्त तहका सात्त्विक, राजस र तामस वस्तु छन् । तामस र राजसलाई त्याग्ने र सात्त्विकको सेवन गर्ने प्रथम अभ्यास हुनुपर्छ । सत्त्व संसेवन दृढ हुँदा, परिपक्व हुँदा निर्गुण, गुणातीत तर्फको बाटो खुल्छ । दृश्यलाई प्रकाश दिने द्रष्टा सदा गुणातीत छ । द्रष्टाको दृशि नै, चेतनको चैतन्य नै, सत्को सत्ता नै हो समस्त दृश्य प्रपञ्च ।

ब्राह्मण क्षत्रियविशां शूद्राणां च परन्तप
कर्माणि प्रविभक्तानि स्वभाव प्रभवैः गुणैः ।४१।

परन्तप, ब्राह्मणक्षत्रियविशां शूद्राणां च स्वभावप्रभवैः गुणैः कर्माणि प्रविभक्तानि ।

हे शत्रु पिर्ने अर्जुन, ब्राह्मण क्षत्रिय वैश्य र शूद्रका स्वभावबाट हुने गुणहरूले गर्दा कर्महरूको छुट्टाछुट्टै उपदेश भएको छ ।

जन्म अनुसार मनुष्यका चार वर्ण छन् – ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र । जन्मका ब्राह्मण आदि मानिस शास्त्रले बताए बमोजिमको संस्कार प्राप्त गरेपछि जातिधर्मका अधिकारी बन्छन् । जाति र संस्कार अनुसार ब्राह्मणको मुख्य धर्म– पढ्नु, पढाउनु, यज्ञ गर्नु गराउनु, दान दिनु, दान लिनु आदि हुन् । दुनियाँको संरक्षण गर्नु, दान दिनु, यज्ञ गर्नु, पढ्नु, धर्मरक्षा गर्नु, भोगमा लम्पट नहुनु आदि क्षत्रिय जातिका वर्णधर्म हुन् । पशुपक्षीको पालन पोषण गर्नु, यज्ञदान अध्ययन गर्नु, उद्योग व्यापार, गर्नु कृषिकर्म गर्नु वैश्यवर्णका धर्म हुन् । ब्राह्मण क्षत्रिय वैश्यका धर्मकर्महरूमा सेवा शुश्रूषा आदिबाट इमानदारी साथ मदद गर्नु शूद्र वर्णधर्म हो । यी धर्मलाई ब्राह्मण आदि जातिका वर्णधर्म भन्छन् । यी सबै गृहस्थाश्रमभित्र पर्ने खालका धर्म हुन् । ब्रह्मचर्य, वानप्रस्थ र संन्यास आश्रमभित्र पर्ने धर्म फरकफरक हुन्छन् । गृहस्थाश्रममा जति भिन्नता ब्रह्मचर्य, वानप्रस्थ र संन्यास आश्रममा छैनन् । समाजसंरचनामा, समाजमर्यादामा, समाजव्यवस्थामा गृहस्थाश्रमको सबभन्दा बढी महत्त्वपूर्ण स्थान छ । त्यसैले शास्त्रमा चार वर्णका पृथक् पृथक् गृहस्थ धर्मको नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिक प्रतिपादन र प्रतिष्ठापन तथा मर्यादीकरण भएको पाइन्छ । आफ्नो जातिको वर्णधर्म त्याग्नु पनि हुँदैन, अर्को जतिको वर्णधर्म अँगाल्नु पनि हुँदैन । सत्त्वादिगुण र अन्तःकरणस्थित संस्कारका प्रभावबाट हुने दम आदि धर्महरूमा जातिवर्णधर्ममा झैं कठोर बन्देज छैन । अरू वर्णका मानिसमा पनि ब्राह्मणका शमादि धर्म हुन्छन्; ब्राह्मणमा पनि शौर्य आदि कर्म हुन सक्छन् । जनक क्षत्रिय भएर पनि शमदमादियुक्त पनि थिए, द्रोण ब्राह्मण भएर पनि शौर्य आदिले पनि युक्त थिए । विदुर शूद्राको छोरो भएर पनि शमदमादिले युक्त थिए । यस्ता उदाहरण आर्यवाङ्मयमा प्रशस्त पाइन्छन् । अतः प्रत्येकले आफ्नो वर्णाश्रमाचार परिपालनका साथै आत्मोद्धारको, मुक्तिको द्वारस्वरूप शमदमादि धर्मको साधनामा स्वतन्त्रता पाएको छ, यसमा कुनै बन्देज छैन ।

शमो दमस्तपः शौचं क्षान्ति रार्जव मेव च
ज्ञानं विज्ञान मास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ।४२।

शमः, दमः, तपः, शौचं क्षान्तिः, आर्जवम् एव च ज्ञानं विज्ञानम् आस्तिक्यं, स्वभावजं ब्रह्मकर्म ।

शम (मनलाई वशमा राख्नु), दम (इन्द्रियलाई तह लाउनु), तपस्या, शुद्धता, क्षमा, सरलता (इमानदारी), आध्यात्मिक तत्त्वको शास्त्रीय ज्ञान, ती तत्त्वको आनुभविक ज्ञान, आस्तिक पना (सत्त्व प्रधान संस्कार) स्वभावबाट भएको ब्रह्म कर्म हो ।४२।

शौर्यं, तेजो, धृतिर्दाक्ष्यं, युद्धे चाप्यपलायनम्
दान मीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ।४३।

शौर्यं, तेजः, धृतिः दाक्ष्यं, युध्दे च अपि अपलायनम्, दानम्, ईश्वरभावः च स्वभावजं क्षात्रं कर्म ।

शूरता, तेज (फूर्ति), धैर्य, दक्षता (परेको काम नअलमलिईकन गर्ने शक्ति), युद्धमा पनि नभाग्नु, दान दिने बानी (उदारता), प्रभुत्व (भाँडहरूलाई दण्ड दिने शक्ति) पनि स्वभाव प्रयुक्त क्षत्रिय कर्म हो ।

कृषि गोरक्ष्य वाणिज्यं वैश्यकर्म स्वभावजम्
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ।४४।

कृषि गोरक्ष्य वाणिज्यं स्वभावजं वैश्यकर्म, परिचर्यात्मकं कर्म स्वभावजं शूद्रस्य अपि कर्म ।

खेतीपाती, पशुपालन, बन्दबेपार स्वभावबाट हुने वैश्य कर्म हो; सेवा शुश्रूषा गर्नु स्वभाव प्रयुक्त शूद्रको कर्म हो ।४४।

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः
स्वकर्म निरतः सिद्धिं यथा विन्दति तच्छृणु ।४५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वे स्वे कर्माणि अभिरतः नरः संसिध्दिं लभते, स्वकर्म निरतः सिध्दिं यथा विन्दति तत् शृणु ।

आफ्नो आफ्नो कर्ममा प्रेम पूर्वक लागेको मानिसले राम्रो सिद्धि पाउँछ । आफ्नो कर्ममा लागिरहनेले सिद्धि जसरी पाउँछ त्यो सुन ।४५।

यतः प्रवृत्ति र्भूतानां येन सर्वमिदं ततम्
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ।४६।

यतः भूतानां प्रवृत्तिः, येन इदं सर्वं ततम् तं स्वकर्मणा अभ्यर्च्य मानवः सिध्दिं बिन्दति ।

जसबाट प्राणीहरूको सृष्टि र चेष्टा चलेका छन्, जसबाट यो समग्र ब्रह्माण्ड व्याप्त छ, त्यो परमात्मालाई आफ्नो कर्मद्वारा पूजा गरेर मानिसले सिद्धि प्राप्त गर्छ ।४६।

श्रेयान् स्वधर्मो विगुणः परधर्मात् स्वनुष्ठितात्
स्वभाव नियतं कर्म कुर्वन् नाप्नोति किल्विषम् ।४७।

स्वनुष्ठितात् परधर्मात् विगुणः स्वधर्मः श्रेयान् । स्वभावनियतं कर्म कुर्वन् किल्विषं न आप्नोति ।

राम्रोसंग गरिएको परधर्मभन्दा गुण नपुगेको भए पनि स्वधर्म बढी बेस हुन्छ । स्वभावबाट तोकिएको कर्म गर्नेलाई पाप लाग्दैन ।४७।

सहजं कर्म कौन्तेय सदोष मपि न त्यजेत्
सर्वारम्भा हि दोषेण धूमेना ग्नि रिवावृताः ।४८।

कौन्तेय, सहजं कर्म सदोषम् अपि न त्यजेत् हि सर्वारम्भाः, अग्निः धूमेन इव दोषेण आवृताः ।

हे कुन्ती पुत्र अर्जुन, संगै जन्मेको कर्मलाई दोषयुक्त लागे पनि नछोड्नू । किनभने, सबै कर्महरू आगो धूवाँले झैं, दोषले युक्त छन् ।४८।

कर्म छोडिने कुरा हैन । जन्म नै कर्मसंस्कारबाट भएको छ, जन्मका साथ साथै कर्म आएको छ । जुन जस्तो कर्म संस्कार प्रबल हुन्छ सोही अनुसार जन्म हुन्छ, त्यसैलाई मिल्दा संस्कारहरू अभिव्यक्त हुन्छन् । मनुष्यजन्ममा बिडालजन्मको संस्कार अभिव्यक्त हुँदैन । बिडालजन्ममा मनुष्यसंस्कार पनि सुप्त रहन्छ । प्रत्येक प्राणीले अनेकौं पूर्वजन्म भोगिसकेको छ । कुनै एक जन्ममा सबै जन्मका संस्कार उद्बुद्ध नभई त्यही जुनिलाई मिल्दा संस्कारहरू मात्र अभिव्यक्त हुन्छन् र त्यही अनुसारका कर्म चल्छन् । अरू संस्कार संचित भएर रहन्छन् । त्यो जुनिलाई मिल्दा कुनै संस्कार प्रारब्धको रूपमा प्रथमतः उद्बुद्ध हुन्छन् । यो संस्कार, जन्म र कर्मका सामान्य सम्बन्ध हुन्, नियम हुन् । यही नियमबाट जुनीजुनीमा, जुनीमध्ये पनि जात-जातमा जन्म हुन्छ । स्थावर, तिर्यक् पशुपक्षी प्रत्येक जुनीमा भिन्न भिन्न जात हुन्छन्, जात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसारकै गुण बानी बेहोर हुन्छन् । मनुष्य योनिमा पनि ग्रस्तै हो ।

सनातन धर्म अनुसारको समाजमा ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र भन्ने चार वर्ण र ब्रह्मचर्य, गार्हस्थ्य, वानप्रस्थ र संन्यास भन्ने चार आश्रम छन् । चार वर्ण र चार आश्रमका कर्म आचार बेग्लाबेग्लै तोकिएका छन् । शास्त्र अनुसार तोकिएका कर्म र आचार नै वर्णाश्रम धर्म हुन् । कुनै एक वर्णको र आश्रमको व्यक्तिले अर्को वर्णको र आश्रमका मानिसको निम्ति तोकिएको कर्म गर्दा कर्मसिद्धि प्राप्त हुँदैन, कर्मदोष लाग्छ । कर्तव्य कर्म (आफ्नो वर्णको र आश्रमको) गरिएन, यौटा दोष, । अकर्तव्य गरियो, अर्को दोष । तोकिएको खटाइएको कर्म नभएकोले कर्मफल केही प्राप्त भएन, अर्को हानि । वर्णाश्रमधर्मनियम मानिसको लागि मात्रै हो । चौरासी लाख जुनी भुक्तान गरिसकेपछि पूर्व पुण्यको प्रभावले मनुष्यजुनी मिल्छ; सनातन धर्मावलम्बी समाजमा, वर्णाश्रम धर्मानुयायी कुल परिवारमा जन्म हुन्छ । वर्णाश्रम धर्म चलेको देशमा, समाजमा, कुलमा, परिवारमा जन्म पाउनु पनि पुण्यकै प्रताप हो, भाग्य हो, भवबन्धनबाट मुक्त हुने मार्गमा अघि बढ्न पाउने शुभ अवसर हो । जुन वर्णमा जन्मे पनि फरक पर्दैन, वर्णाश्रम धर्म परिपालनद्वारा मुक्ति मार्गको यात्रामा लाग्न पाइन्छ । कुनै एक वर्णमा जन्म हुनाको कारण कुनै व्यक्तिविशेष वा समाजविशेष हैन, पूर्व कर्म र संस्कार नै हो । कुनै व्यक्तिविशेष जन्मेपछि वर्णाश्रम धर्म तोकिएको हैन । ब्राह्मण भएर वा शूद्र भएर किन जन्मियो अर्को भएर किन जन्मिएन ? सो अनुसारको गुण र संस्कारको प्रबलता त्यसको कारण हो । त्यस कारण, वर्णाश्रम अनुसार तोकिएको कर्म नै प्रबल गुण तथा संस्कार अनुसारको कर्म हो; स्वभावसंग अनुकूल, कर्म हो । अतः स्वधर्म नै परधर्मभन्दा बेस हो, कल्याणकारक हो । स्वधर्मपरिपालन नै जगन्नियन्ता परमात्माको निश्छल पूजा हो, उपासना हो । आफ्नो वर्ण र आश्रम अनुसारका कर्म इमानदारीसंग गर्ने व्यक्तिले, चाहे ब्राह्मण होस्, चाहे शूद्र होस्, चाण्डाल होस्, कर्मसिद्धि उही पाउँछ । अन्तःकरण शुद्ध हुन्छ । खटाइएको कर्म गर्दा दोहोरो लाभ छ एक त कर्ममल चित्तमा थपिदैन, अर्को चित्तमा पहिलेदेखि जमेको कर्ममल हट्न थाल्छ, मनुष्यको कल्याण मार्ग झन झन खुल्छ, सजिलो, उज्यालो हुन्छ ।

विवेकविचार नपुग्दा अरूको कर्म बेस, आफ्नो कर्म खराब जस्तो लाग्छ । अर्जुनमा पनि यसैको हलुका छाया परेको त हो नि (यो छाया हटाउने क्रममा गीतोपदेश भएको हो ।) वास्तवमा कुनै कर्म पनि स्वरूपतः असल पनि हैन, खराब पनि हैन । दोष खोज्यो भने जेमा पनि छ । दोष-दृष्टि नराखी कर्तव्यदृष्टि गऱ्यो भने आफ्नै धर्म असल छ । जस्मै परमेश्वर परमात्मा प्रभुको सृष्टि हो, जहाँतहीं उहाँ नै हुनुहुन्छ, सर्वत्र उहाँकै खटन छ । मनुष्य जन्मको कर्तव्य त्यही परमेश्वरको पूजा अर्चना गर्नु हो, उद्देश्य उहाँलाई खुशी पारेर सिद्धि प्राप्त गरी जन्ममृत्युचक्रबाट मुक्ति पाउनु हो ।

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ।४९।

सर्वत्र असक्तबुद्धिः, जितात्मा, विगतस्पृहः, संन्यासेन परमां नैष्कर्म्यसिद्धिम् अधिगच्छति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैमा बुद्धि निर्लेप भएको, मन जितेको, तृष्णा छुटेको आत्मज्ञले संन्यासद्वारा निष्कर्मता-को परम सिद्धि पाउँछ ।४९।

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ।५०।

सिद्धिं प्राप्तः यथा ब्रह्म आप्नोति तथा समासेन एव मे निबोध । कौन्तेय, या ज्ञानस्य परा निष्ठा ।

सिद्धि (वर्णाश्रम धर्मको) पाएको साधकले जुन प्रकारबाट ब्रह्म पाउँछ, त्यो प्रकार संक्षेपले मबाट राम्ररी बुझ । हे कुन्ती पुत्र, जुन ब्रह्म प्राप्ति ज्ञान मार्गको परिपूर्णता हो ।५०।

आफ्नो वर्ण र आश्रम अनुसार शास्त्रले तोके बमोजिमको कर्म व्यक्तिले गर्नुपर्छ, सिद्धि समान हुन्छ । कुनै वर्णको कर्मबाट बढी फल, कुनै वर्णको कर्मबाट घटी फल हुने हैन । ब्राह्मणकर्म-बाट ब्राह्मणले जे दृष्ट वा अदृष्ट फल पाउँछ; शूद्रकर्मबाट शूद्रले पनि त्यही पाउँछ । कर्मबाट हुने प्रथम फल हो चित्तशुद्धि । चित्तशुद्धि भएपछि बल्ल नैष्कर्म्य सिद्धिको अधिकार प्राप्त हुन्छ । वर्णा-श्रम धर्मकर्म प्रारम्भिक साधन हो, पहिलो सोपान हो, ब्राह्माखरी हो । पुग्नुपर्ने भूमिका ब्रह्म प्राप्ति हो । यो भूमिकामा पुग्न धेरै साधना सिद्ध गर्नुपर्छ, अनेक सिढी उक्लनुपर्छ, अनेक कक्षा उत्तीर्ण गर्नु-पर्छ । कर्मबाट चित्तशुद्धि, त्यसपछि क्रमशः धृति, बहिर्मुखता निरोध, अन्तर्मुखता सिद्धि, वैराग्य, ध्यान, समाधि, रागद्वेष विजय, अहंकारममतात्याग, अकर्तृत्व सिद्धि, स्वरूपसाक्षात्कार जस्ता अनेक सिद्धि साध्नुपर्ने छ । वर्णाश्रम धर्मकर्ममा जे जस्तो भेद भए पनि त्यसपछि चित्तशुद्धि देखिका सबै साधना र सिद्धिको रूपमा कुनै भेद छैन । प्राथमिक अवस्थामा कर्मको रूपमा जे भेद भए पनि कर्म गर्ने पद्धति र कर्मबाट हुने सिद्धिमा कुनै भेद हुँदैन ।

स्त्री पुत्र गृह आदिमा बुद्धिलाई आसक्त बनाउन हुँदैन; बाहिरी तथा भित्री इन्द्रियलाई तह लाउनुपर्छ; तृष्णा लिनु हुँदैन; स्वधर्मको इमानदारीसँग परिपालन गर्नुपर्छ । कर्म गर्ने पद्धति अर्थात् कर्म गर्दाको भावमय पद्धति ब्राह्मणदेखि चाण्डालसम्म सबैको लागि यही हो । यो पद्धति-बाट आफ्नो वर्णाश्रमाचार परिपालनद्वारा हुने कर्मसिद्धि चित्तशुद्धि हो, यो पनि सबैको लागि समान छ । जसको कर्मलाई पनि एउटै परमात्माको पूजा अर्चना सम्झने हो । पूजनीय, उपासनीय पनि एउटै परमात्मा हो । अब साँच्चि नै धार्मिक साधना हो भने कर्म छाम्ने किन ? अब जोगीले भिक्षा मागेको देखेर गृहस्थी क्षत्रीले पनि भिक्षा माग्न खोज्नु मोह हो । गृहस्थ क्षत्रीले धर्मयुद्ध गर्छ, राजकाज चलाउँछ भनेर ब्राह्मण संन्यासीले पनि त्यसो गर्न खोज्यो भने मोह भो । युद्ध र भिक्षाचर्या स्वरूपमा अवश्य फरक छन्,– वर्णाश्रम प्रतिकूल हुँदा दुवै विपरीत फलदायक बन्छन्, वर्णाश्रम अनुकूल भए भने उही सिद्धि दिने हुन्छन् । गृहस्थ क्षत्रीले गरेको युद्धको पनि, राज-काजको पनि, ब्राह्मणसंन्यासीले गरेको भिक्षाचरणको पनि सामाजिक फल समाज कल्याण हो, व्यक्तिगत अन्तिम फल नैष्कर्म्य सिद्धि हो, ब्रह्म प्राप्ति हो । अध्यात्मसाधनामा मानिसले जे गर्छ त्यो ब्रह्मभावका लागि हो । अध्यात्ममार्गका सोपान र भूमिकालाई छोटकरीमा यसरी उल्लेख गर्न सकिन्छ – स्ववर्णाश्रम धर्म परिपालन, त्यसबाट चित्तशुद्धि, त्यसबाट उपासना, उपासनाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञानोदय । यसै अनुसार सनातन धर्मका शास्त्रका विषयको तीन खण्डमा वर्गीकरण भएको छ कार्मकाण्ड, उपासनाकाण्ड र ज्ञानकाण्ड ।

ब्रह्म प्राप्तिलाई कुनै नौलो, अनौठो, कुनै मूर्त वा अमूर्त फल मात्रै हैन । ब्रह्म प्राप्ति भनेको ब्रह्म कहीं बसिरहेको छ आफू त्यो ठाउँमा, ब्रह्म कहाँ पुग्नु भनेको पनि हैन । आफू भएठाउँमा कहींबाट ब्रह्म आइपुग्छ भनेको पनि हैन । यो अप्राप्त प्राप्ति पनि, असम्पन्नसम्पति पनि हैन । यो सच्चा स्वरूप बोध हो । ब्रह्मप्राप्ति भनेको ज्ञानको, बोधको, चैतन्यको परा काष्ठा हो । ब्रह्म प्राप्ति भनेको आत्मज्ञानको परिपूर्णता हो । ब्रह्म भनेको पनि आत्मा नै हो । आत्मज्ञान भनेको पनि आत्मालाई जानेको थिएन जान्नु भनेको हैन । आत्मालाई नजानेको नदेखेको त एक क्षण पनि हैन । स्त्री पुत्रादि, गृहक्षेत्रादि, देहेन्द्रियादि जस्मै आकार आत्मामा नै देखिएका छन् । डोरी देखेको छ, डोरीको रूपमा हैन, सर्पको रूपमा । देखेको डोरीमा नै सर्प, माला, तार देखिएका हुन् । देखेको रूखको ठुटोमा नै मानिस, मानिसमा चोर, चोरमा ज्यानमारा देखिएका हुन् । डोरी देख्यो, सर्पको आरोप गऱ्यो । डोरी नदेखेको त कहाँ हो र ? त्यसमा सर्प, माला, तार जस्ता मिथ्या नाम रूपको नचाहिंदो आरोप पो गरेको त । त्यस्तै रूखको ठूटो त देखिरहेकै छ, त्यसैमा मिथ्या मानिसको, त्यो मिथ्यामा मिथ्या चोरको, त्यो मिथ्यामा मिथ्या ज्यानमाराको आरोप भो । सुरुमा नै भ्रम भएपछि जस्मै परम्परा भ्रममय भैहाल्यो । मिथ्या मिथ्या हुँदै मिथ्या परम्परा चल्यो, दुःख भो, शोक भो, अनर्थ भो । आरोप हटाइदिए अधिष्ठान डोरी, रूखको ठुटो त देखिरहेकै छ, त्यसको निम्ति अर्को प्रयत्न गर्नै पर्दैन । यो सामान्य दृष्टान्त हो । डोरी र ठूटो पनि आत्मामा नै गरेको आरोप मात्र हो । ब्रह्म मात्रै छ, आत्मा मात्रै छ । यो स्वप्रकाश छ, सदा प्रकाश छ । यसको दर्शन भैरहेकै छ, टुटेकै छैन, त्यसमा देहेन्द्रियादि मिथ्याको आरोप भएको छ । त्यो आरोप छुटाइदिए पुग्यो । आरोप छुट्यो, अध्यास हटयो, विक्षेप गयो, अनर्थ हराए । जस्ताको तस्तै भो, केही घटीबढी भएन । मिथ्या अनर्थ आइ लागेका थिए, तिनको मिथ्यात्वबोध भो ; नामरूपमय द्वैत प्रपञ्चको विलय भो । आत्मज्ञान छँदैछ, भैरहेकै छ । जस्ताको तस्तै स्वप्रकाश, सदाप्रकाश, झलझलाकार देदीप्यमान दिव्यज्योति, आत्मज्योति, परम धाम, परम पद, परम गति, परमात्मा, परमेश्वर, चिन्मात्र, सन्मात्र, आनन्दमात्र, सच्चिदानन्दघन परब्रह्म । कुनै नाम छैन, रूप छैन अखण्ड एक रस, बोधमात्र ।

शास्त्रले तोके बमोजिम वर्णाश्रमानुसार नित्य नैमित्तिक धर्मकर्म अनासक्त र निरभिमान भएर इमानदारी साथ गर्नाले परिणाममा ब्रह्म प्राप्ति हुन्छ । क्रम चाहिं छ, धैर्य गर्नुपर्छ, साधना चलिरहनुपर्छ । स्वधर्मपरिपालनबाट चित्त निर्मल बन्छ । चित्त निर्मल भए पछि सत् शास्त्र, अध्यात्मोपदेश सुन्न बढी मन लाग्छ; सुनेको बुझिने, बुझेकोमा विचार गर्ने शक्ति र रूचि बढ्दै आउँछन् । दृश्यमा वैराग्य र द्रष्टा भगवान्‌मा अनुराग बढ्छ । चित्तको चञ्चलता कम हुन्छ, एकाग्र बन्न, अड्न सक्ने हुन्छ । ध्यान भजन चल्न सक्छ । ध्येयमा अड्दा अड्दै, समाधिस्थ हुँदा हुँदै त्रिपुटीको भान हराउँछ, परमात्मोपासना दृढ हुन्छ ।

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ।५१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिध्दि प्राप्तः यथा ब्रह्म आप्नोति तथा मे समासेन एव, कौन्तेय, निबोध या ज्ञानस्य परा निष्ठा ।

(वर्णाश्रम धर्म को सदाचरणबाटको) सिद्धि पाएको साधकले जुन प्रकार संग ब्रह्मलाई प्राप्त गर्छ त्यो प्रकार सबाट छोटकरीबाट नै, हे अर्जुन सुन । जुन ब्रह्मज्ञानप्राप्ति ज्ञानको माथिल्लो तह (टङ्गो) हो ।५१।

बुद्धया विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च
शब्दादीन् विषयाँ स्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ।५१।

विशुध्दया बुध्दया युक्तः, धृत्या आत्मानं नियम्य च, शब्दादीन् विषयान् त्यक्त्वा, राग द्वेषौ व्युदस्य च ।

विशेष शुद्ध भएको बुद्धिले युक्त भएर, धैर्यले शरीरइन्द्रिय, मन, बुद्धिहरूको समूहलाई वशमा राखेर, शब्द आदि विषयहरूलाई त्यागेर, रागद्वेष फ्याँकेर ।५१।

विविक्तसेवी लघ्वाशी यतवाक्काय मानसः
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ।५२।

विविक्तसेवी लघ्वाशी, यत वाक् काय मानसः, ध्यान योग परः नित्यं, वैराग्यं समुपाश्रितः ।

एकान्त सेवन गर्ने, हलुका खाने, बचन, शरीर र मनलाई तहमा राखेर आत्म स्वरूपको चिन्तनमा र योगमा सँधै लागिरहने, वैराग्यले युक्त भएर ।५२।

अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम्
विमुच्य निर्ममः शान्तो ब्रह्मभूयाय कल्पते ।५३।

अहंकारं, बलं, दर्पं, कामं, क्रोधं, परिग्रहं विमुच्य निर्ममः, शान्तः, ब्रह्मभूयाय कल्पते ।

अहंकारलाई, बललाई, धाक फुतिलाई, इच्छालाई, क्रोधलाई, बिषयसंग्रहलाई परित्याग गरेर, ममता नराखेर, शान्त भएको साधक ब्रह्म स्वरूपसाक्षात्कारको निमित्त योग्य बन्छ ।५४।

ब्रह्म भूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ।५४।

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति, न काङ्क्षति, सर्वेषु भूतेषु समः परां मद्भक्तिं लभते ।

ब्रह्म साक्षात्कार भएको साधक प्रसन्न बन्छ, शोक गर्दैन, इच्छा गर्दैन; सबै प्राणीमा समभाव गर्ने हुन्छ, त्यसले मेरो परभक्ति (ज्ञानरूप भक्ति) प्राप्त गर्छ ।५५।

भक्त्या मामभिजानाति यावान् य श्चास्मि तत्त्वतः
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ।५५।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त्या मां यावान्, यः च अस्मि तत्त्वतः जानाति ततः मां तत्त्वतः ज्ञात्वा तदनन्तरं विशते ।

भक्तिकै प्रभावबाट मलाई – म जस्तो जत्रो जे हुँ– तत्त्वसंग पूरापूर जान्दछ । त्यसरी मेरो तत्त्वज्ञान भएको हुँदा ममा नै प्रविष्ट हुन्छ ।५६।

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः
मत्प्रसादा दवाप्नोति शाश्वतं पद मव्ययम् ।५६।

सर्वकर्माणि सदा कुर्वाणः अपि मद्व्यपाश्रयः मत्प्रसादात् शाश्वतम् अव्ययं पदम् अवाप्नोति ।

सबै कर्महरु सँधै गर्दागर्दै पनि ममा नै पूर्णतः आश्रित भएको हुनाले मेरो प्रसादको प्रभावबाट नित्य, अपरिवर्तनीय पद प्राप्त गर्छ ।५७।

नैष्कर्म्य सिद्धि भनेको सम्पूर्ण कर्म शून्य अवस्था मात्र हैन, ढुङ्गो मूढोको स्थिति हैन । निष्कर्मा भनेको क्रियाकरणव्यापार र परिणामले सदा अस्पृष्ट परमात्मा हो, परब्रह्म हो । यस्तो अद्वैत तत्त्वको ज्ञान भएको पुरुष निष्कर्मा हो । यस्तो ज्ञान हुनु नैष्कर्म्य सिद्धि हो । आत्माबाट कर्म कहिल्यै भएकै छैन । आत्मामा कर्तृत्व कहिल्यै पनि छैन । अज्ञानबाट 'छ' भन्ने ठानेको थियो, ज्ञान भो; 'छैन' 'रहेन छ' भन्ने बुझ्यो । यही हो नैष्कर्म्यसिद्धि । यो नैष्कर्म्यसिद्धि प्राप्त गर्न शुरुमा अनासक्त भावले स्वधर्माचरण नै गर्नुपर्छ । प्राप्त भएपछि पनि स्वधर्ममा द्वेष वा अरूचि वा उपेक्षाभाव हुँदैन; लोक संग्रहका लागि, समाजकल्याणका लागि चलिरहन्छ; अभिमान हुँदैन, आसक्ति हुँदैन, सर्वत्र समभाव हुन्छ ।

'म कर्ता हुँ', 'यो मेरो कर्म हो' भन्ने अभिमान छुट्नु वास्तव कर्म संन्यास हो । आत्माको र परमात्माको एकत्वबोध निरन्तर चलिरहनु, आपनो त्यो स्वरूपानुभवमा निश्चयरूपले स्थित रहनु परमज्ञाननिष्ठा हो । परा भक्ति भनेको पनि यही परा ज्ञाननिष्ठा हो । सातौं अध्यायमा बताइएको ज्ञान रूपा भक्ति यही हो । यो ज्ञानरूप भक्तिबाट परमात्मा भगवान्को यथार्थ बोध हुन्छ, परमात्म स्वरूप प्राप्ति हुन्छ । भगवान्को तात्त्विक ज्ञान हुनु नै भगवत्प्रवेश हुनु हो । तत्त्वज्ञानको उदयले अतत्त्वज्ञान हट्छ । अनात्मा शरीर इन्द्रियलाई आत्मा मान्नु, अकर्ता अभोक्ता आत्मालाई कर्ता, भोक्ता मान्नु अतत्त्वज्ञान हो । तत्वज्ञान त सिध्दै छ, साधनाहरूको उपयोग विशेषतः अताव ज्ञान निवृत्तिका लागि हुन्छ, हुनुपर्छ ।

अनन्त जन्मका कर्मवासनाले लेसिएको चित्त मैलो भएको हुनाले भ्रम हुन्छ; नचाहिंदा, नभएका कुराहरू देखिन्छन्; नचाहिंदा नभएका कुराहरू देखिएको हुनाले नै चाहिंदो, भएको वस्तु देखिंदैन । सत्य वस्तु नदेख्नु, असत्य वस्तु देख्नु सबै अनर्थको कारण हो । त्यसैले दुःख मृत्यु हटाउन, अनर्थ छुटाउन यसको मूललाई नास्नुपर्ने हुन्छ । यसका लागि अज्ञान हटाउन, नामरूपको आरोप निवारण गर्नको निमित्त नै शास्त्रले र आचार्यहरूले अनेक साधनाको उपदेश गरेका छन् । तदनुसार साधकले स्वधर्माचरणबाट चित्त शुद्धिका क्रमले साधनाको अभ्यास गर्नुपर्छ, त्यसैबाट क्रमसंग सिद्धि प्राप्त हुन्छ । साधना गर्दा पनि साधनाभिमान लिनु हुँदैन । मैले साधना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेको, म साधना गर्ने भन्ने भाव राख्नु हुन्न । मुख्य कुरो साधकले 'म' को लौरोलाई कहिल्यै पनि उजाउनु हुन्न, अघिलाउनु हुन्न । 'म' को लौरो, लाठो नछोडीकन साधना सिद्ध हुँदैन । त्यसलाई पूरै छोडिदिएर भगवान् वासुदेवको पूर्ण शरण परेपछि, उहाँमा नै सर्वात्मभावले समर्पित भए पछि बाटो खुल्छ, प्रतिबन्ध हट्छ, अवरोध छुट्छ, बिघ्न अन्तरायहरू बिलाउँछन् । भगवत्कृपाबाट सुख मिल्छ, शान्ति हुन्छ ।

पूर्वकर्मवासनाका वशबाट जन्म भएको छ । अनन्त पूर्वकर्मवासनाहरू थुप्राथुप्रा जम्मा भैराखेका छन् । तिन मध्ये यौटा सानो पोको फुकाएर भोग गर्न थालेको छ । यो पोकोको नाम प्रारब्ध हो । यो प्रारब्धको भोग गर्दा अरू कर्मसंस्कार जन्मेनन् भने, जन्मिसकेका संस्कारको बीजभाव उड्यो भने, जम्मा भैराखेका अनन्त संचित संस्कारका डुङ्गूर भस्म भए भने मात्र मुक्ति मिल्छ । यो कर्मलोकमा जन्मेको मानिसले यसो गर्न सक्यो भने मनुष्यजन्म पाएको सफल हुन्छ । पूर्वजन्मका कर्मसंस्कारहरूलाई, यो जन्ममा जन्मिसकेका कर्मसंस्कारलाई डढाउन सक्नु, प्रारब्धको भोग गर्दा त्यसबाट अरू कर्मसंस्कार बन्न नदिनु मनुष्यको पुरुषार्थ हो । प्रारब्धको भोग गर्दा मानिस जति परवश छ, प्रारब्धको भोग गर्दा कर्मसंस्कार बन्न नदिनको निम्ति र पूर्वसंस्कारहरूलाई भस्म गर्ने पुरुषार्थ गर्नको निम्ति मानिस पूर्ण स्वतन्त्र छ । यो पुरुषार्थ गर्न प्रथमतः मानिसले 'म' को लौरोलाई भगवान्मा पूर्ण रूपले बुझाइदिनुपर्छ, आफूलाई समर्पित गर्नुपर्छ । प्रभुकृपाबाट पुरुषार्थ हासिल गर्ने साधन साधनामा शक्ति मिल्छ, सफलता पाइन्छ ।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः
बुद्धियोग मुपाश्रित्य मच्चित्तः सततं भव ।५७।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः बुद्धियोगम् उपाश्रित्य, सततं मच्चित्तः भव ।

विवेकबुद्धिबाट चित्तले सबै कर्महरू म परमात्मामा सुम्पेर मलाई नै परम उद्देश्य, बनाएर सिद्धि असिद्धिमा समभाव रूपी बुद्धियोगको आश्रय लिएर सँधै मेरो चिन्तन भजन गर्ने बन ।५८।

वर्णाश्रम धर्मानुसार कर्म गरेर क्रमशः यमनियमादि योगाङ्गको साधना गर्दै ब्रह्मभाव प्राप्तिको साधना गरे बेसै हो । त्यसो गर्न सकिएन अथवा मन लागेन भने भगवान्मा सर्वकर्मफल समर्पणरूप भक्तिबाट पनि नैष्कर्म्यसिद्धि प्राप्त हुन्छ । शरीर, वचन आदि कर्मेन्द्रियबाट आफ्नो वर्णाश्रम धर्म गर्नू । गरेका सबै वर्णाश्रम धर्मकर्म विवेकबुद्धियुक्त चित्तले भगवान्मा समर्पण गर्नू । भक्तिबाट अन्य साध्य सिद्धि अपेक्षा नराखीकन भगवत्प्राप्तिको नै अपेक्षा राख्नू । कार्यहरूको सिद्धि र असिद्धिमा सम रहनू, सदा भगवच्चिन्तन गर्नू ।५८।

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात् तरिष्यसि
अथ चेत् त्वमहंकारान् न श्रोष्यसि विनङ्क्ष्यसि ।५८।

मच्चित्तः मत्प्रसादात् सर्वदुर्गाणि तरिष्यसि । अथ चेत् त्वम् अहंकारात् न श्रोष्यसि, विनङ्क्ष्यसि ।

ममा चित्त लगायौ भने मेरो निगाहबाट सबै असजिलाहरूलाई पार गर्नेछौ । तर यदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिमीले अहंकारबाट (यो कुरा) सुन्दैनौ भने, बिग्रनेछौ ।

म भन्ने अहंकार र भगवद्भक्ति एकै ठाउमा रहन सक्दैनन् । अहंकार छोडिदिएर आफ्नो 'म' लाई भगवान्मा समर्पित गरिदियो भने भगवद्भक्तिका प्रभावले सबै सङ्कटहरू टछन् । आफ्नो 'म' लाई बोकेर हिंड्ने हो भने 'म' को नै लौरो उजाएर बढ्ने हो भने, आफ्नो बोझ आफैले बोक्न नसकिने हुन्छ, । भक्तिको कमी हुंदा बरबाद हुन्छ ।५८।

यद हंकार माश्रित्य न योत्स्य इति मन्यसे
मिथ्यैष व्यवसाय स्ते प्रकृति स्त्वां नियोक्ष्यति ।५९।

यत् अहंकारम् आश्रित्य न योत्स्ये इति मन्यसे एषः ते व्यवसायः मिथ्या, प्रकृतिः त्वां नियोक्ष्यति ।

जुन अहंकार गरेर युद्ध गर्दिन भन्ने ठान्छौ । यो निश्चो मन्तव्य मिथ्या हो । प्रकृतिले तिमीलाई लड्न लगाउने छ ।५९।

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा
कर्तुं नेच्छसि यन् मोहात् करिष्यस्य वशोपि तत् ।६०।

कौन्तेय, स्वभावजेन स्वेन कर्मणा निबध्दः मोहात् यत् कर्तुं न इच्छसि तत् अवशः अपि करिष्यसि ।

हे अर्जुन, स्वभावबाट हुने आफ्नै कर्मले बाँधिएका (तिमी) अविवेकले जे गर्न चाहन्नौ त्यही करेले (परवश भएर) पनि गर्नेछौ ।६०।

मानिस कर्मसंस्कारबाट कर्मसंस्कार लिएर जन्मेको हुन्छ । जुन किसिमको कर्मसंस्कार लिएर जन्मेको छ, जुन गुणको प्रधानभाव लिएर जन्मेको छ त्यसै अनुरूपको वर्ण, कुल र परिवारमा मानिसको जन्म हुन्छ । सो वर्ण, कुल र परिवारमा हुने र हुनुपर्ने खालका संस्कारहरु नै त्यो जन्ममा उद्बुद्ध हुन्छन्, तिनले तदनुसारकै कर्मतिर कुतकुत्याइरहन्छन्, प्रेरित गरिरहन्छन् । यिनै कर्मसंस्कार र सत्त्वादि गुणप्राधान्याप्राधान्यलाई प्रकृति, स्वभाव, संस्कार भन्ने चलन छ । मानिस जन्ममा जस्तो अस्वतन्त्र छ, कर्ममा पनि त्यस्तै अस्वतन्त्र छ । मान्छेले वर्तमान जन्ममा छानेको वर्ण वा कुलमा जन्म लिएको हैन । स्वभावले त्यो वर्ण वा कुलमा जन्म गराएको हो । त्यही संस्कार अनुसार कर्म गरे आनन्द हुन्छ, गर्न नखोजे दुःख हुन्छ । संस्कारले परिणाममा त्यही कर्म नगराई छोड्दैन, जुन कर्म विवेक नपुग्दा पहिले नगर्न खोजिन्छ । संस्कार अनुसार कर्म हुने हो, कर्मबाट संस्कार हुने हो । संस्कार अनुसारको कर्म नगरी हुंदैन । तर बुद्धि पुऱ्याए, भाव बनाए कर्मबाट संस्कार नबनाउन चाहिं मान्छेले सक्छ । कर्मबाट नयाँ संस्कार नबनाउनमा चाहिं मानिस स्वतन्त्र छ । अतः स्वभावजन्य वर्णाश्रम धर्म इमानदारी साथ खुशीसंग गर्नु, संचित संस्कारहरूलाई निर्बीज बनाउनु र नयाँ संस्कारहरू नबनाउनु मनुष्यजीवनको पुरुषार्थ हो ।

ईश्वरः सर्व भूतानां हृद्देशे र्जुन तिष्ठति
भ्रामयन् सर्वभूतानि यन्त्रारूढानि मायया ।६१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन यन्त्रारूढानि सर्वभूतानि मायया भ्रामयन् ईश्वरः सर्वभूतानां हृद्देशे तिष्ठति ।

हे अर्जुन, शरीररूपी यन्त्रमा चढेका सारा प्राणीहरूलाई मायाले घुमाउँदै ईश्वर सबै प्राणीको हृदयाकाशमा बसेको हुन्छ ।६।

तमेव शरणं गच्छ सर्वभावेन भारत
तत्प्रसादात् परां शान्ति स्थानं प्राप्स्यसि शाश्वतम् ।६२।

भारत, तम् एव सर्वभावेन शरणं गच्छ तत्प्रसादात् परां शान्ति, शाश्वतं स्थानं प्राप्स्यसि ।

हे भरतवंशी अर्जुन, त्यही ईश्वरको सर्वात्मना शरण पर । तिनको प्रसादबाट उत्तम शान्ति र अविनाशी पद पाउने छौ ।६२।

प्रत्येक प्राणीमा ईश्वर बस्नुभएको छ । अन्तर्यामी परमेश्वर प्राणीमा बस्नुभएको छ, प्राणीतत्त्वभन्दा पनि भित्री तत्त्व हुनुहुन्छ; प्राणीलाई वशमा राख्नुभएको छ, प्राणीको कर्म-संस्कार अनुसार संचालन गर्नुहुन्छ; तर बहिर्मुखी प्राणी उहाँलाई हेर्दैन । मानिसभित्र, मानिसमै बसेर, मानिसलाई नै अधीनमा राखेर, मानिसलाई नै आपनो शरीर तुल्याएर पापपुण्यको छ्यान विचार गर्ने परमेश्वर अन्तर्यामी रूपमा रहनु भएको छ । काम कर्मसंस्कारको भारी बोकेर, त्यसै-बाट तयार भएको शरीर रूपी यन्त्रमा चढेको मानिस अन्तर्यामी तत्त्वको संचालनमा उहाँलाई चाहिं नहेरेर भवचक्रमा घुमिरहेको छ । यसबाट छुट्टी पाउन बाहिर मात्र हेरेर हुन्न, आफू भित्रै हेर्नुपर्छ, आपनो हृदयमै पस्नुपर्छ । अन्तर्यामी परमेश्वर सर्वत्र सर्वदा रहनुभएको छ । उहाँलाई देख्ने ज्योतिको मूल हृदय भित्रै छ । आपनै हृदयभित्र देखेको ईश्वर सर्वत्र व्यापक देखिन्छ । देहइन्द्रिय आदि रूपी यन्त्रमा 'मम' भाव र 'म' भाव लिएर हिंडुनजेल सुख शान्ति पाइँदैन । देहेन्द्रियादिमा आत्मभाव छोडेर त्यसलाई चलाउने ईश्वरको शरण पर्नुपर्छ । उहाँको प्रसादबाट परम शान्ति, शाश्वत पद प्राप्त हुन्छ ।

इति ते ज्ञान माख्यातं गुह्याद् गुह्यतरं मया,
विमृश्यैत दशेषेण यथेच्छसि तथा कुरु ।६३।

इति ते गुह्यात् गुह्यतरं ज्ञानं मया आख्यातं एतत् अशेषेण विमृश्य यथा इच्छसि तथा कुरु ।

यसरी यो गुह्यभन्दा पनि झन गुह्य ज्ञान मैले तिमीलाई बताएं, यो ज्ञानलाई पूरापूर मनन चिन्तन गरेर जस्तो इच्छा हुन्छ त्यस्तै गर ।६३।

गर्ने आफैंले हो । बुझेर गर्नु, बुझ्दै नबुझी गर्नु, बुझीबुझी पनि नगर्नु मूढो एकोहोरो नै भएर गर्नु यस्ता धेरै तह छन् । बुझेर गर्नु सर्वोत्तम तह हो । सुन्नु सबको, गर्नु ममको भन्छन् । तर सुनेर मात्रै पुग्दैन, गुन्नु पनि पर्छ । गुरूको शास्त्रको उपदेशलाई पूरापूर, जम्माजम्मै एक मुष्ट बनाएर विचार गर्नुपर्छ । तात्पर्यमा चिन्तमनन गर्नुपर्छ । तात्पर्यलाई स्पष्ट पार्ने प्रसङ्गमा अरू पनि धेरै कुराहरू भनिएका हुन्छन् । त्यस्ता अन्य कुरालाई, अप्रधान कुरालाई, कुनै एक दुइ अंशलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान् राधा-गोविन्द



वन्दे नवघनश्यामं द्विभुजं मुरलीधरम्
पीताम्बरधरं देवं राधाढ्यं पुरुषोत्तमम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मात्र लिएर निर्णय गर्नु हुन्न । पूरापूर समग्रमा चिन्तन मननबाट उपदेशको तात्पर्य निर्णय गरी आपनो आत्माले चाहे जस्तो गर्नमा मानिस स्वतन्त्र छ । अर्काको करबलबाट हैन, आपनो चित्त बुझेपछि गर्ने हो । कुरो यथार्थ बुझेर जस्तो इच्छा हुन्छ, मान्छेले गर्ने त्यस्तै हो ।

सर्व गुह्यतमं भूयः शृणु मे परमं वचः
इष्टो सि मे दृढ मिति ततो वक्ष्यामि ते हितम् ।६४।

भूयः सर्वगुह्यतमं मे परमं वचः शृणु मे दृढम् इष्टः असि इति ततः ते हितं वक्ष्यामि ।

फेरि सबभन्दा गुह्य मेरो सर्वोत्तम वचन सुन । मेरो चौपट्टै मन परेका छौ त्यसैले तिम्रो हित हुने कुरा भन्छु ।६४।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोसि मे ।६५।

मन्मनाः मद्भक्तः, मद्याजी भव मां नमस्कुरु । माम् एव एष्यसि सत्यं ते प्रतिजाने मे प्रियः असि ।

मनलाई ममा लगाउने, मेरो भक्ति गर्ने, मेरो यज्ञ गर्ने बन, मलाई ढोग । मलाई नै पाउनेछौ । सत्य प्रतिज्ञा तिमीसंग गरेको हुँ, मेरो प्यारो छौ ।

श्रीमद्भगवद्गीताका अठ्ठाहौं अध्यायमा ज्ञान, भक्ति र कर्मको नबिराईकन उपदेश भएको छ । तर प्रधानताको हिसाबबाट छैठौं अध्यायसम्मको खण्डलाई 'कर्मकाण्ड, सातौंदेखि बाह्रौं सम्मको खण्डसाई भक्तिकाण्ड र तेह्रौंदेखि अठ्ठाह्रौंसम्मको खण्डलाई 'ज्ञानकाण्ड' भन्ने चलन छ । गीतोपदेशको उपसंहारमा सबभन्दा बढी गुह्य उपदेशको रूपमा पैंसठ्ठियौं र छयसठ्ठियौं दुइ श्लोकको उपदेश भएको छ । गीतोपदेशको सारसर्वस्व, आत्मा यिनै दुइ श्लोकमा रहेका छन्, सर्वत्र रहेको परिपूर्ण व्यापक ईश्वर हृदयदेशमा नै ध्येय रूपमा रहे जस्तै, सम्पूर्ण जीवनको नियामकको रूपमा रहे जस्तै ।

गीतोक्त कर्मकाण्डको स्वरूप हो– कामना छाडेर कर्तृत्व भोक्तृत्वासक्ति नराखीकन परमात्मा परमेश्वरको नित्यनैमित्तिक वर्णाश्रम धर्मानुकूल कर्मबाट पूजा गर्नु, यहाँ 'मद्याजी' मेरो यज्ञ गर' भनेर त्यही कर्म काण्डको सार स्पष्ट भएको छ । भक्ति काण्डको स्वरूप हो– सर्वज्ञ सर्व शक्तिमान् परमेश्वर परमात्माको सदा अनन्य भक्ति गर्नु, उपासना गर्नु, 'मद्भक्तः' बाट त्यही स्पष्ट भएको छ । ज्ञान काण्डको स्वरूप हो– सर्वोपाधि विवर्जित निर्विशेष ब्रह्मस्वरूप परमात्माकारवृत्ति चलिरहनु– 'मन्मनाः' शब्दले यही स्पष्ट गरेको छ । 'मां नमस्कुरु' ले परमगुरु परमेश्वर परमात्मा पूर्ण समर्पण गर्नु भन्ने उपदेश गरेको छ । पूर्णसमर्पणबाट कर्मयोगमा सिद्धि हुन्छ, कर्मयोगसिद्धिबाट उपासनायोगसिद्धि हुन्छ, उपासनायोगसिद्धिबाट ज्ञानयोगसिद्धि हुन्छ, त्यो नै मोक्ष हो, परमात्मप्राप्ति हो । यही रहस्य गीताबक्ता स्वयं परमात्मा, सुन्दर दिव्यविग्रहधारी श्रीकृष्ण प्रभु, आपना सबभन्दा प्यारा अर्जुनलाई सत्यसत्य प्रतिज्ञा गर्दै हुकुम गइरहेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्व धर्मान् परित्यज्य मामेकं शरणं व्रज
अहं त्वा सर्व पापभ्यो मोक्षयिष्यामि मा शुचः ।६६।

सर्व धर्मान् परित्यज्य माम् एकं शरणं व्रज अहं त्वा सर्वपापेभ्यः मोक्षयिष्यामि मा शुचः ।

सबै धर्महरू पूरै छोडेर म एउटैको शरणमा पर । म तिमीलाई सबै पापबाट छुटाउनेछु, पीर नगर ।

जीवात्मा अनेक परिपञ्चबाट, जन्जालबाट जेलिएको छ । तो सबै द्वैत प्रपञ्च मिथ्या हुन् त्यसैले सर्वथा परित्याज्य छन् । म प्राणी हुँ, प्राणीमा मानिस हुँ, मानिसमा अमुक वर्णको, आश्रमको, अमुककुलको, अमुक परिवारको हुँ भन्ने प्राणित्व, मनुष्यत्व, ब्राह्मणत्व आदि, ब्रह्मचारीत्व आदि धर्मको आफूमा आरोप गरिन्छ । कुलको, परिवारको आरोप हुन्छ । अझ डर लाग्दो अभिमान त 'म गोरो, कालो, दुब्लो वा मोटो छु भन्ने किसिमको शरीरमा आत्मत्वाभिमान; 'म देख्ने वा अन्धो, राम्ररी सुन्ने वा बहिरो छु' भन्ने किसिमको इन्द्रियमा आत्मत्वाभिमान; यस्तै गरी प्राणमा, मनमा, बुद्धिमा, अव्यक्तमा आत्मत्वाभिमान अत्यन्त खराब हुन् र परित्याज्य हुन् । यिनै अभिमानबाट अनेक सुखदुःखादि विक्षेप, स्वर्ग नरकादि अनर्थ भएका छन्; जन्म मृत्यु, जरा व्याधि दुःख भइरहेका छन् । अनर्थनिवृत्तिको निमित्त विक्षेप छुट्नुपर्छ, विक्षेप छुट्न आरोप अभिमान छुट्नुपर्छ । द्वैतप्रपञ्चरहित, द्वैताद्वैत विवर्जित परिपूर्ण परमेश्वर परमात्मामा एकाकार, एकत्व भावको शरण पर्नुपर्छ । आफूमा अविद्याजनित जुन अभिमान आरोपहरू उठेका छन् तिनलाई 'सर्व धर्म' शब्दले र तिनबाट उठेका जुन विक्षेप र अनर्थहरू हुन्, तिनलाई 'सर्वपाप' शब्दले बुझाएको छ, अद्वैत परमात्मोपासनालाई उपायको रूपमा मामेकं शरणं व्रजले उपदेश गरेको छ । विद्यावस्थामा पनि परमात्मोपासना स्वभावतः चलिरहन्छ तदेकरूपले; अविद्यावस्थामा पनि परमात्मोपासना गरिरहनुपर्छ ध्येय रूपले, ज्ञेयरूपले । जन्मै अभिमान आरोपहरू त्यागेर अद्वैत परमात्मोपासना गरेमा सारा विक्षेप अनर्थहरू हट्छन्, शोक मोह हुँदैन ।

इदं ते ना तपस्काय नाभक्ताय कदाचन
न चाशुश्रूषवे वाच्यं न च मां यो भ्यसूयति ।६७।

इदं ते (उक्तम्) अतपस्काय न, अभक्ताय न, अशुश्रूषवे च न कदाचन वाच्यम् । यः मां अभ्यसूयति न च वाच्यम् ।

यो तिमीलाई बताएको शास्त्र तपस्या नगर्नेलाई नभन, भक्ति नभएकोलाई नभन, सुन्न नखोज्नेलाई, गुरुसेवा नगर्नेलाई कहिल्यै पनि नभन । जसले मलाई मिथ्यादोष लगाएर ईर्ष्या गर्छ त्यसलाई पनि नभन ।

ज्ञान, विद्या भनेको ज्योति हो, प्रकाश हो; अशुद्धले मलिनले त्यसको ग्रहण गर्दैन, मलिनमा त्यसको प्रभाव पर्दैन । भोगविलासमा मात्र लागेको, शरीर इन्द्रियलाई अलिकति पनि तह लाउन नखोज्ने, गुरु मान्यजन र देवताको भक्ति नगर्ने, सेवा नगर्ने, ईश्वर निन्दा गर्ने, सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलिन हुन् । यस्ता कसैलाई पनि कस्तै परे पनि ज्ञानको, विद्याको उपदेश गर्नुहुँदैन ।

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ।६८।

यः इमं परमं गुह्यं मयि परां भक्तिं कृत्वा मद्भक्तेषु अभिधास्यति (सः) माम् एव एष्यति असंशयः ।

जसले यो परम गुह्य ममा परम (अद्वैतरूप ज्ञानरूप) भक्ति गरेर मेरो भक्ति गर्नेहरु-लाई बताउनेछ, त्यसले मलाई नै पाउनेछ, संशय छैन ।

न च तस्मान् मनुष्येषु कश्चिन् मे प्रियकृत्तमः
भविता न च मे तस्मा दन्यः प्रियतरो भुवि ।६९।

मनुष्येषु तस्मात् मे प्रियकृत्तमः कश्चित् न च, भुवि मे तस्मात् प्रियतरः अन्यः नच ।

मानिसहरुमा त्यो भन्दा मेरो प्यारो काम गर्ने कोही हुँदैन । र पृथिवीमा मेरो त्यो भन्दा बढी प्यारो पनि अरू कोही हुँदैन ।६९।

अध्येष्यते च य इमं धर्म्यं संवाद मावयोः
ज्ञान यज्ञेन तेनाह मिष्टः स्यामिति मे मतिः।७०।

यः इमम् आवयोः धर्म्यं संवादम् अध्येष्यते च तेन अहं ज्ञानयज्ञेन इष्टः स्याम् इति मे मतिः ।

जसले यो हामी दुईको धर्मयुक्त संवादलाई पढ्नेछ, त्यसले मलाई ज्ञानयज्ञद्वारा पूजित भएको हुनेछु भन्ने मेरो विचार छ ।७०।

श्रद्धावाननसूयश्च शृणुयादपि यो नरः
सो पि मुक्तः शुभाँल्लोकान् प्राप्नुयात् पुण्यकर्मणाम् ।७१।

श्रध्दावान् अनसूयः च यः नरः शृणुयात् अपि सः अपि मुक्तः पुण्यकर्मणां शुभान् लोकान् प्राप्नुयात् ।

श्रद्धायुक्त भएर, दोषदृष्टि छोडेर जुन मानिसले श्रवण गर्ला त्यसले पनि शरीर छुटेपछि पुण्य गर्नेहरूको शुभ लोकहरू पाउनेछ ।७१।

कच्चि देतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा
कच्चि दज्ञान संमोहः प्रणष्ट स्ते धनञ्जय ।७२।

पार्थ, त्वया एकाग्रेण चेतसा एतत् श्रुतं कच्चित्, धनञ्जय, ते अज्ञान संमोहः प्रणष्टः कच्चित् ।

हे अर्जुन, तिमीले एकाग्र चित्तले यो शास्त्र सुन्यौ के ? हे धनञ्जय, तिम्रो अज्ञानबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको संमोह हरायो के ? ।७२।

मनुष्य जीवनमा विद्या सबभन्दा महत्त्वपूर्ण हो । विद्या नभई पनि हुन्न, विद्यालाई जथाभावी गर्नु पनि हुँदैन । विद्याको प्रचार प्रसार नगरीकन हुन्न, फलावतै हिंड्नु पनि हुन्न । विद्यालाई गुप्त राखेर व्यक्तिसंगै लुप्त हुन दिनु पनि हुन्न; पुस्तापुस्तामा यसको प्रसार हुँदै रहनुपर्छ । यस्तो विद्यापरम्पराप्रणयनलाई विद्या सम्प्रदाय भन्ने चलन छ । विद्या सम्प्रदायका विशेष नियम, अनुशासन हुन्छन् । गीतोक्त अध्यात्मविद्या सम्बन्ध नियम अनुसार भोगविलासमा लम्पट, शरीरेन्द्रियवशीभूतलाई, भक्तिभाव नभएकोलाई, सुन्न मन नगर्नेलाई, सेवा भाव नभएकोलाई, ईश्वर निन्दकलाई गीताका कुरा बताउनु हुन्न । ईश्वरभक्तहरूलाई भक्तिपूर्वक सुनाउनुपर्छ । अयोग्यलाई कुपात्रलाई विद्या दिनाले दाताको पनि, विद्याको पनि हानि हुन्छ । कुपात्रले पहिले त विद्याको धारण नै गर्दैन, धारणै गर्न नसकेकोले झन् विकर्षित हुन्छ; अन्यथाग्रहण गरिदिन्छ ; उल्टा अर्थ लिन्छ; विपरीतै प्रचार गर्छ । जसबाट विद्याको पनि, विद्यादाताको पनि हानि हुन्छ । विद्यारक्षा र परम्परानिर्माणका लागि योग्य पात्रमा विद्याको आधान नगरीकन पनि हुन्न ।

विद्याले व्यक्तिको र विश्वको, वर्तमानको र भविष्यको भलो गर्छ । भगवान् स्वयं ज्ञानस्वरूप हुनुहुन्छ । ज्ञान भनेको उज्यालो हो, अमृत हो । यसलाई छोप्नु हुन्न, लुकाउनु हुन्न । सकेसम्म, फैलाउनुपर्छ, अरूहरूलाई दिनुपर्छ । अरूलाई ज्ञान जसले दिंदैन, त्यससंग भगवान् प्रसन्न हुनुहुन्न । त्यसैले जानेको असल कुरा अरूलाई पनि बताउनुपर्छ कुपात्रलाई बताउँदा जति खराब हुन्छ, सुपात्रलाई बताउँदा त्यो भन्दा धेरै धेरै भलो हुन्छ । पहिलो आफ्नै ज्ञानको अभ्यास हुन्छ, दोस्रो अरूको उपकार हुन्छ ।

गीताशास्त्रको दान र ग्रहणमा सबभन्दा ठूलो योग्यता भगवद्भक्ति हो । भक्तिपूर्वक भक्तियुक्तलाई जसले गीताज्ञान दिन्छ त्यो सद्योमुक्त हुन्छ । भगवान्को भक्ति गर्नेलाई जसले दिन्छ त्यो दिने गीता पाठकमा भक्तिको संचार हुन्छ र बेलामा परम गति प्राप्त हुन्छ । गीताको प्रवर्तन, गीताको पाठ भगवान्को वाचिक भक्ति हो । भगवान्को सबभन्दा प्यारो वचन गीता हो, गीता भगवान्को पनि हृदय हो, आत्मा हो । यसमा भक्ति गर्ने, भक्ति गर्नेलाई प्रचार गर्ने पुरुष भगवान्को अत्यन्त प्यारो हुन्छ । भक्तिपूर्वक गीताको पाठ मात्र गऱ्यो भने पनि ज्ञानयज्ञको फल प्राप्त हुन्छ ।

अर्जुन उवाच – अर्जुनले भन्यो ।

नष्टो मोहः स्मृति र्लब्धा त्वत्प्रसादान् मयाच्युत
स्थितो स्मि गतसन्देहः करिष्ये वचनं तव ।७३।

अच्युत, त्वत्प्रसादात् मोहः नष्टः, स्मृतिः मया लब्धा स्थितः अस्मि गतसन्देहः तव वचनं करिष्ये ।

हे अच्युत, हजुरको निगाहबाट मोह हरायो, आत्म तत्त्वस्मरण मैले पाएँ, तयार भएको छु, सन्देह छैन, हजुरको आज्ञा पालन गर्छु ।७३।

मोह र सन्देहमा अलमलिंदा अर्जुनलाई गाहारो भएको थियो । भगवान्का करुणाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतोपदेश उहाँले पाउनु भो। अनात्मा शरीर आदिमा आत्मबुद्धिरूप मोह र स्वधर्मयुद्धमा अधर्म-बुद्धिरूप मोह दुबै किसिमको मोह हरायो; आफ्नो सदा परब्रह्म परमात्मस्वरूपताको स्मरण भो। आत्मस्वरूपप्रत्यभिज्ञानले गर्दा हृदयग्रन्थि, अध्यास छुट्यो; सबै संशय विक्षेप हराए; भगवान्‌को आज्ञापालन गर्ने दृढता उत्पन्न भो। गीताध्ययनको मुख्य फल यही हो– मोहनाश, स्वरूपबोध, अध्यासनिरास, सन्देह विक्षेप निवृत्ति, शास्त्रानुसार स्वधर्माचरण।

संजय उवाच – संजयले भन्नु भो।

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः
संवाद मिम मश्रौष मद्भुतं रोमहर्षणम् ।७४।

इति अहं महात्मनः वासुदेवस्य पार्थस्य च इमम् अद्भुतं रोमहर्षणम् सँवादम् अश्रौषम् ।

यसरी मैले महात्मा वासुदेवको र अर्जुनको यो अद्भुत रोमाञ्चकारी संवाद सुन्न पाएं।

व्यास प्रसादा च्छ्रुतवा नेतद् गुह्य महं परम्
योगं योगेश्वरात् कृष्णात् साक्षात् कथयतः स्वयम् ।७५।

कृष्णात् साक्षात् योगेश्वरात् स्वयं कथयतः एतत् परं गुह्यं योगम् अहं व्यास प्रसादात् श्रुतवान्।

कृष्ण भगवान् साक्षात् योगेश्वरले आफैं भर्जी भएको यो परम गुह्य गीताशास्त्ररूपी योग मैले व्यास गुरुको निगाहबाट सुन्न पाएं।

धृतराष्ट्रले युद्ध वृतान्त सुन्न चाहे। भगवान् व्यासदेवले उनलाई युद्ध वृतान्त सुनाउन आफ्ना चेला संजयलाई दिव्य शक्ति युद्ध चलुन्जेलका लागि दिनु भयो। संजय जहाँ बसेर पनि युद्धमा घटेका सबै कुरा प्रत्यक्ष जान्नुहुन्थ्यो। उज्यालोमा, अँध्यारोमा, दिउसो, राति, खुलेर, जे जति कुरा हुन्छन्, तो पनि सबै उहाँ जान्नु हुन्थ्यो। कसले मनमा के चितायो, के सोच्यो त्यो पनि उहाँलाई स्पष्ट थाहा हुन्थ्यो। यही शक्तिको प्रभावस्वरूप युद्ध मैदानमा नै पनि उहाँ जान सक्नु हुन्थ्यो तर कसैले उहाँलाई देख्न सक्दैनथ्यो। केहीले उहाँलाई छेक्दैनथ्यो, उहाँको गति अव्याहत थियो। उहाँलाई कुनै हातहतियारले छुँदैनथ्यो, कुनै चोटपटक लाग्दैनथ्यो। व्यास भगवान्‌बाट भएको यो निगाहको फलस्वरूप उहाँले भगवान् कृष्णकै मुखारविन्दबाट अर्जुन संग-संगै श्रीगीताशास्त्र श्रवण गर्ने सौभाग्य पाउनु भएको हो।

राजन् संस्मृत्य संस्मृत्य संवाद मिम अद्भुतम्
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ।७६।

राजन्, केशवार्जुनयोः पुण्यम् अद्भुतम् इमं संवादं संस्मृत्य संस्मृत्य मुहुः मुहुः हृष्यामि च।

हे महाराज धृतराष्ट्र, केशव र अर्जुनको पुण्य, अद्भुत यो संवाद सम्झी सम्झी झनझन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बारंबार हर्षित भइरहन्छु ।७६।

तच्च संस्मृत्य संस्मृत्य रूप मत्यद्भुतं हरेः
बिस्मयो मे महान् राजन् हृष्यामि च पुनः पुनः ।७७।

तत् अत्यद्भुतं हरेः रूपं च संस्मृत्य संस्मृत्य, मे महान् विस्मयः राजन् पुनः पुनः हृष्यामि च ।

त्यो अत्यन्त अद्भुत, कृष्ण भगवान्को बिश्वरूपलाई सम्झीसम्झी मलाई ठूलो आश्चर्य हुन्छ । हे राजा, फेरि फेरि हर्षित पनि हुन्छु ।७७।

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः
तत्र श्री र्विजयो भूति र्ध्रुवा नीति र्मति र्मम ।७८।

यत्र योगेश्वरः कृष्णः, यत्र धनुर्धरः पार्थः तत्र श्रीः विजयः भूतिः, ध्रुवा नीतिः मम मतिः ।

जुन पक्षमा योगेश्वर श्रीकृष्ण होइबक्सिन्छ, धनुर्धारी अर्जुन हुनुहुन्छ, त्यही पक्षमा श्री, विजय, वैभव र कहीं असफल नहुने ध्रुव नीति हुन्छन् । मेरो यही निश्चय छ ।७८।

ॐ तत् सत् इति श्रीमद्भगद्गीतासु उपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे श्रीकृष्णार्जुन संवादे मोक्षसंन्यासयोगो नाम अष्टादशः अध्यायः ।

ॐ तत् सत् मोक्षसंन्यास योग नामक अष्टादश अध्याय समाप्त भो ।

ॐ श्री परमात्मने नमः श्रीकृष्णार्पण मस्तु
ॐ तत् सद् ब्रह्मार्पण मस्तु ।
शुभम् ।

यो उपसंहार अध्याय हो । यसमा कर्म, भक्ति र ज्ञान तीनै काण्डका सारभूत कुराहरूको संक्षेपमा उपदेश भएको छ । जन्ममरणरूप संसारबन्धनबाट छुट्नु सच्चिदानन्दघनस्वरूपमा रहनुको नाम मोक्ष हो । मोक्षको साक्षात् उपाय ज्ञानयोग हो । ज्ञानोदयका निमित्त चित्तशुद्धिका लागि फलासक्तित्यागयुक्त स्वकीय वर्णाश्रम धर्मानुसार कर्मयोगको अनुष्ठान आवश्यक हुन्छ । त्यसैले परमपुरुषार्थ सिद्धिको निमित्त मनुष्य जीवनमा कर्म, भक्ति र ज्ञान तीनै योगको तहतहमा आवश्यकता र उपयोगिता छ । यो अध्यायमा परम पुरुषार्थ मोक्षको र त्यसको साक्षात् उपाय ज्ञानको संन्यासको उपदेश भएकोले यसको नाम मोक्ष संन्यास योग रहेको छ । यसको नाम मधुसूदन सरस्वतीले 'मोक्षसंन्यास प्रतिपादन', श्रीधरस्वामीले 'मोक्षयोग' भन्ने राखेका छन् ।

यस्य देवे परा भक्ति र्यथा देवे तथा गुरौ
तस्यै ते कथिता ह्यर्थाः प्रकाशन्ते महात्मनः ।।

जसले देवतामा, परमेश्वरमा भक्ति गर्छ, साथै देवतामा जस्तै गुरुमा भक्ति गर्छ, त्यसको चित्त महान् हुन्छ अर्थात् शुद्ध, उदार हुन्छ र त्यो महात्माले शास्त्रमा बताएका कुरा बुझ्न सक्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य स्मृत्या च नामोक्त्या तपोयज्ञक्रियादिषु
न्यूनं सम्पूर्णतां याति सद्यो वन्दे त मच्युतम् ।।

जुन अच्युत भगवान्को स्मरण गर्नाले र नामकीर्तन गर्नाले तपस्या, यज्ञयाग आदि पुण्य कर्म गर्दा भएका त्रुटिहरूमा, अपूर्णताहरूमा तुरुन्तै समग्रता, पूर्णता प्राप्त हुन्छ उहाँ अच्युत भगवान्लाई ढोग गर्छु ।

स्वस्ति प्रजाभ्यः परिपालयन्तां न्याय्येन मार्गेण महीं महीशाः ।
गोब्राह्मणेभ्यः शुभमस्तु नित्यं लोकाः समस्ताः सुखिनो भवन्तु ।

दुनियाँको कल्याण होस् ! पृथिवीपतिहरूले पृथिवीको पालना न्यायपूर्ण पद्धतिबाट गरून् ! गाई ब्राह्मणहरूलाई शुभ होस् ! सबै लोक सुखी रहून् !

कृष्णः करोतु कल्याणं कंसकुञ्जर केसरी
कालिन्दी कूल कल्लोल कोलाहल कुतूहली ।

कंसरूपी मत्ता हात्तीको दमन गर्ने सिंह स्वरूप, यमुनानदीको किनारमा जलतरङ्गको छल्याङ छल्याङ आवाजमा रमाइबक्सने भगवान् श्रीकृष्णले कल्याण गरिबक्सियोस् !

काले वर्षतु पर्जन्यः पृथिवी सस्य शालिनी
देशो यं क्षोभ रहितो ब्राह्मणाः सन्तु निर्भयाः ।

मेघ ठीकठीक समयमा वर्षोस्, समग्र पृथिवी बालीनालीले भरीपूर्ण होस् ! यो देश उपद्रव-रहित रहोस् ! ब्राह्मणहरू निर्भय हून् !

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग् भवेत् ।

सबै सुखी हून्, सबै निरोगी हुऊन्, सबैले भलै भलो देखून्, कोही पनि दुःख पाउने नहोस् !

तत्रैव गङ्गा यमुना च तत्र गोदावरी सिन्धु सरस्वती च
तीर्थानि सर्वाणि वसन्ति तत्र यत्रा च्युतो दार कथा प्रसङ्गः ।

जहाँ अच्युत भगवान् परम प्रभु श्रीकृष्ण परमात्माका मङ्गलकारी कथा चरित्रहरूको चर्चा हुन्छ, त्यहीं नै गङ्गा, यमुना त्यहीं गोदावरी, सिन्धु, सरस्वती र कोशी, गण्डकी, बाग्मती कर्णाली आदि नदी लगायत सारा तीर्थहरू आएर बस्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कायेन वाचा मनसेन्द्रियैर्वा बुध्द्या त्मना वा प्रकृति स्वभावात्
करोमि यद् यत् सकलं परस्मै नारायणायेति समर्पये तत् ।

शरीरले, वचनले, मनले, इन्द्रियहरूले, बुद्धिले, अहङ्कारले, जन्म जन्मदेखिको संस्कार स्वभाववाट जे जे गर्छु र गरेको छु तो तो सबै परम पुरुष नारायण भगवान्‌लाई चढाउँछु ।

ॐ तत् सत् श्रीकृष्णार्पण मस्तु ।

शुभम् !

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरपीठिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतोपदेश पछिको कथा सूत्र

गीतोपदेश पाएपछि अर्जुन धनुर्बाण लिएर तयार हुनुभो। कौरवतर्फका एघाह्र– (कृप, द्रोण, शल्य, जयद्रथ, सुदक्षिण, कृतवर्मा, अश्वत्थामा, कर्ण, भूरिश्रवा, शकुनि र बाल्हीक) तथा पाण्डव तर्फका सात– (विराट, द्रुपद, धृष्टद्युम्न, शिखण्डी, सात्यकि, चेकितान र भीमसेन) सेनापतिले शंख बजाए; दुबै तर्फबाट युद्धतत्पर वीरहरूको घनघोर सिंहनाद उठ्यो। त्यही बेला अकस्मात् युधिष्ठिरले हतियार फ्याँके, कवच फुकाले, रथबाट ओर्लेर कौरव सेना भएतिर एकलै हिंडे। श्रीकृष्ण अर्जुनहरू पछि लाग्नुभो। के हुन लागेको हो, कसैलाई थाहा भएन; युधिष्ठिरले आत्मसमर्पण गर्न लागेको शङ्का पनि कसैले गरे। युधिष्ठिरले नबोलीकन भीष्मकहाँ पुगी ढोगे, युद्धको निम्ति आज्ञा मागे, विजयको उपाय सोधे। भीष्मले खुशी भएर आशिक दिए, आफूलाई जित्ने उपाय सोध्न पछि आउनू भने। कृपाचार्य, द्रोणाचार्य, शल्यलाई पनि ढोग भेट गरी उनीहरूबाट आशीर्वाद र विजयको उपाय पाएर युधिष्ठिरहरू फर्के। श्रीकृष्ण एक्लै कर्णकहाँ सवारी भो। भीष्मले युद्ध गरेसम्म आफूले युद्ध नगर्ने प्रतिज्ञा कर्णको थियो। भीष्म रहुञ्जेल पाण्डव तर्फबाट भीष्मको विरुद्ध युद्ध गर्न कर्णलाई उहाँले उक्साइबक्स्यो, उनले मानेनन्। श्रीकृष्ण फर्केर रथमा राज भो। युधिष्ठिरले रथमा उभिएर चिच्याए– 'हामीतर्फ आउन चाहनेलाई स्वागत छ।' धृतराष्ट्रका वैश्यापुत्र युयुत्सु कौरवलाई छोडेर पाण्डवतर्फ मिल्न आए। पाण्डवहरूको नीति, धर्म, दया, कर्तव्यनिष्ठा आदि गुणको शत्रु मित्र सबैले गद्‌गद भएर प्रशंसा गरे। पाण्डवतर्फबाट पहिलो प्रहार भएर विधिवत् युद्ध शुरू भो।

महाभारत युद्धमा हतियार नउठाउने प्रतिज्ञा श्रीकृष्णको थियो। तर तेस्रो दिनको युद्धमा भीष्मको उग्र पराक्रम खप्न नसकेर अर्जुन विह्वल भए। श्रीकृष्ण, भीष्म, द्रोण दुर्योधन आदि सबैलाई जिध्याउने सुर कसेर भूमिकम्प गराउँदै चक्र लिएर जाइलागिबक्स्यो। अर्जुनले पाउ पक्रेर बल्ल बल्ल रोक्नुभो। आठौं दिनको राति दुर्योधनले भीष्मलाई राम्ररी युद्ध नगरेको मिथ्या दोष लगाए, कर्णका लागि सेनापतित्व छोडिदिन अनुरोध गरे। नवौं दिनको युद्धमा भीष्म काल जस्तै उग्र बने, उनलाई हेर्न पनि कोही नसक्ने भो। श्रीकृष्ण अर्जुन दुवैलाई पनि हानेको हान्यै गरे। श्रीकृष्णको कुनै अङ्ग घाउ नलागेको भएन। उहाँ रगताम्मे होइबक्स्यो, दाँत पनि भाँचिए। अर्जुनको गति यो भन्दा पनि अति भो। उनी बेहोश जस्तै भए। अरू सबैको धैर्य टुट्यो। जतासुकै भागाभाग मच्चिन थाल्यो। श्रीकृष्ण एक हातमा कोर्रा लिएर सिंह झैं गर्जंदै पाइला पाइलामा पृथ्वी कम्प गराउँदै, मुड्की उजाएर दौडिबक्स्यो। भीष्म स्तुति गर्न थाले, सर्वत्र हाहाकार भो। अर्जुन चेतना आएर कुद्नुभो, श्रीकृष्णलाई उहाँले रोईकराई रोक्नु भो। भीष्मार्जुन युद्ध उग्रसंग चल्यो। राति युधिष्ठिरहरु भीष्मकहाँ पुगे। भीष्मले शिखण्डीलाई आफूले प्रहार नगर्ने कुरा बताएर आफूलाई जित्ने उपाय सिकाए। भोलिपल्ट शिखण्डीलाई अघि लाएर अर्जुनले हानेका बाणले घाइते भएर भीष्म पितामह उठ्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नसक्ने गरी शरशय्यामा पछारिए । दुर्योधनले द्रोणलाई सेनापति बनाए । युधिष्ठिरलाई समातेर बुझाउने प्रतिज्ञा द्रोणले गरे । तेन्हौं दिनमा द्रोणले चक्रव्यूह बनाए, अभिमन्यु व्यूह फोरेर भित्र पसे । जयद्रथले व्यूहद्वारमा युधिष्ठिर आदि सबैलाई हराए, अरू कोही पनि पस्न सकेन । द्रोणले आफू समेत छ महारथी मिलेर एकलो अभिमन्युलाई विरथ बनाई मारे । भोलिपल्ट आठ महारथीहरूले रक्षा गरिएका जयद्रथलाई अर्जुनले सम्पूर्ण कौरव सेनालाई तहसनहस पारी मारि छोडे । राति पनि युद्ध चल्यो । रात्रियुद्धमा भीमपुत्र राक्षस घटोत्कचले मायायुद्ध समेतबाट कौरवसेनालाई स्वाहा पार्न थाले । कर्ण अर्जुनबधको निमित्त साँचिराखेको अमोघ अस्त्र शक्तिको घटोत्कच माथि दुर्योधनको समेत सल्लाह लिएर प्रहार गर्न बाध्य भए । पन्ध्रौं दिनमा अश्वत्थामा भन्ने हात्तीलाई मारेर पाण्डव पक्षले अश्वत्थामा मारिएको खबर फैलाए । युधिष्ठिरले पनि द्रोणलाई अश्वत्थामा मारिएको खबर सुनाए । भीमसेनले द्रोणलाई ब्राह्मणकर्म छोडेर हिंसामय विधर्म लिएको कडा आरोप लगाए । द्रोणले सबैतिरबाट विरक्त बनेपछि हतियार छोडी प्राणायाम बसे । त्यही बेला धृष्टद्युम्नले द्रोणको शिर काटेर पर्याके ।

द्रोण मारिएपछि कर्ण सेनापति भए । सत्रौं दिन युधिष्ठिर कर्णबाट घाइते भएर भागे । मरणासन्न जस्तो भई सुतेका युधिष्ठिरलाई हेर्न श्रीकृष्णार्जुन शिबिरमा पाल्नुभो । कर्णलाई मार्न नसकेकोमा अर्जुनको वीरत्वलाई, गाण्डीव धनुलाई युधिष्ठिरले आवेशमा आएर धिक्कारे । गाण्डीवको जसले निन्दा गर्छ त्यसलाई मार्ने प्रतिज्ञा अर्जुनको थियो । उहाँले तरवार लिएर युधिष्ठिरलाई झम्टनु भो । श्रीकृष्णले रोकिबक्स्यो, मान्यजनलाई मुख छोडेर गाली गऱ्यो भने मारेसरह हुन्छ भन्ने सल्लाह बक्स्यो । युधिष्ठिरको र अर्जुनको नमीठो वाक्युद्ध भो, श्रीकृष्णले दुवैलाई मिलाइ बक्स्यो । त्यसै दिन अर्जुले कर्णलाई भईमा धसिएको रथको पाङ्ग्रो उचाल्न लागेको बेला पारेर बाणले हानी मार्नुभो । अठ्ठान्हौं दिन सेनापति भएर शल्य आए, आधा दिनमा नै युधिष्ठिरले उनलाई मारे । कौरव तर्फका सैनिक सबै भागे । बाँचेका तीन महारथी– कृपाचार्य, कृतवर्मा र अश्वत्थामा – युद्ध छोडेर भागे । एकलो दुर्योधन युद्धक्षेत्रबाट भागे । संजयको दिव्य शक्तिको अवधि सकियो, सात्यकिले युद्ध क्षेत्रमा उनलाई समातेर मार्न लागेका थिए, व्यासले आएर छुटाउनुभो । दुर्योधनले संजयलाई भेटेर, बाबु आमाकहाँ खबर पठाएर उनी द्वैपायनहृद भित्र लुके । संजयले अश्वत्थामाहरूलाई पनि, धृतराष्ट्रहरूलाई पनि खबर दिए ।

युद्ध हारेको खबर आएपछि कौरवशिबिरमा भएका स्त्रीबालवृद्ध शहर तिर लागे । व्याधाहरूबाट खबर पाएर पाण्डवहरू रहमा आए, दुर्योधनलाई तिनले अनेक गाली गरे, हाँक दिए । सहन नसकी दुर्योधन बाहिर निस्के । युद्धको कुरा भो, पाँच पाण्डवमध्ये कुनै एकसंग द्वन्द्वयुद्ध गर्ने, जुन यौटालाई जिते पनि दुर्योधनकै विजय सकारेर राजत्व मान्ने हाँक युधिष्ठिरले दिए । त्यस्तो मूर्खतापूर्ण बाजी राखी हारेर भागेको, सहाय कोही नभएको, जङ्गल पस्न तत्पर भएको, भयङ्कर अपराधी एकलो शत्रुलाई अठ्ठान्ह अक्षौहिणी सेना मारेर विजयी बनिसकेको, राजा भइसकेको आफूसरह बनाई हाँक दिएकोमा श्रीकृष्ण अत्यन्त झोकिइबक्स्यो । उहाँले पाण्डुकुन्तीको सन्तति राजा बन्नको निम्ति हैन, वनवासको लागि, भिक्षान्नको लागि जन्मेको रहेछ कि भन्ने मर्जी बक्स्यो । जे भए पनि वचन गिरिसकेको थियो । दुर्योधनको भीमसेनसंग गदायुद्ध पऱ्यो । 'पहिलेदेखि नै भीमभन्दा सिपालु दुर्योधन, तेन्ह वर्षसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेनको फलामे मूर्तिसंग लगातार गदायुद्धको अभ्यास गरेको उनलाई भीमसेनले न्याययुद्धबाट किमार्थ जित्न सक्तैनन् दुर्योधन नै राजा हुन्छन्" भनी श्रीकृष्णबाट विस्तारै आज्ञा भएपछि अर्जुनले वेग्ले तिघ्रा ठोकेर गरेको संकेत भीमले बुझे। उनको मनले हार खाँदै आएको थियो। भीमले दुर्योधन उफ्रेको मौका मिलाएर तिघ्रामा गदाले बजाए। दुर्योधन फेरि उठ्न नसक्ने भएर रगत छाड्दै भईंमा पछारिए। पाण्डवहरूले कौरवशिविर कब्जा गरे, सैनिकले धर्मको र कृष्णको जय-जयकार गर्दै त्यहाँको सम्पत्ति लुटे। श्रीकृष्णको सल्लाह अनुसार पाण्डवले सो रात आफ्नो शिविरमा नगई ओघवती नदीको किनारमा बिताए।

भर्न लागेको दुर्योधनकहाँ अश्वत्थामा, कृपाचार्य र कृतवर्मा आइपुगे; अश्वत्थामाले बदला लिने प्रतिज्ञा गरे। दुर्योधनले उनलाई सेनापति बनाए। तीनै जना राति पाण्डवशिविरमा पुगे। अश्वत्थामाले भित्र पसेर सुतिरहेका निहत्था वीरहरूलाई मारे। द्यूझेर भाग्नेहरूलाई ढोकामा ढुकेर, कृपाचार्य र कृतवर्माले मारे। यतिले नपुगेर तीनतिरबाट आगो लगाइदिएर सम्पूर्ण शिविर-लाई भस्म पारे। यसरी कृपाचार्य, कृतवर्मा र अश्वत्थामाले मिलेर १९९४ रथी र त्यति नै सारथि र तिनका ७९७६ घोडा, पाँच हजार घोड चढी र त्यति नै घोडा, १०,००० पैदलहरूलाई मारेका थिए। धृष्टद्युम्नको सारथि यौटा भाग्यले फुत्क्यो र पाण्डवलाई त्यसैले खबर गऱ्यो। अश्वत्थामा आदि तीनै जनाले दुर्योधनकहाँ आएर आफ्नो कुकर्म बताए, दुर्योधन मरे। कृपाचार्य हस्तिनापुरतिर, कृतवर्मा द्वारकातिर, अश्वत्थामा व्यासाश्रमतिर भागे। बेहान श्रीकृष्णका साथ पाण्डवहरू आएको देखेर अश्वत्थामाले पाण्डवसंहार गर्न हेतुले यौटा छेस्को मन्त्रेर अनोध ब्रह्मशिर अस्त्रको प्रहार गरे। श्रीकृष्णको आज्ञाबाट आत्मरक्षाको हेतुले अर्जुनले पनि ब्रह्मशिर अस्त्रको नै प्रहार गर्नुभो। दुइ अस्त्रको तेजबाट जगत भस्म हुन खोज्यो। व्यास र नारदले दुवैलाई आफ्नो अस्त्र खिच्ने आग्रह गर्नुभो। अर्जुनले खिच्नुभो। अश्वत्थामा खिच्न सक्दैनथे, उनले व्याससंग सल्लाह गरेर सो अस्त्रलाई पाण्डवलाई छोडेर उत्तरागर्भतिर फर्काए। गर्भशिशुलाई पछि भगवान् श्रीकृष्णले बचाइदिएस्यो। अश्वत्थामाले आफ्नो छुटकाराको निमित्त शिरमा रहेको बहुमूल्य, संसारको एक मात्र मणि युधिष्ठिरको मुकुटमा धारण गर्नको निमित्त पाण्डवलाई टक्याए। द्रौपदीले पनि त्यही मणि त्याग्न भनी पाण्डवसंग भनेकी थिइन्। अतिनृशंस कर्म बारंबार गरेको हुँदा अश्वत्थामाले कुहेको रगत पीपको गन्ध आइरहने भई एकले निर्जन स्थानहरूमा घुमिरहनु पर्नेछ भन्ने दण्ड श्रीकृष्णले अश्वत्थामालाई बक्स्यो, व्यासदेवले त्यो दण्डको अनुमोदन गर्नुभो। अश्वत्थामाले आफूसंगै व्यासले पनि पृथिवीतलमा रहनु पर्ने सराप दिनुभो। यसरी महाभारत युद्धको अन्त भो।

धृतराष्ट्र र गान्धारी कुन्ती तथा अन्य स्त्रीहरूलाई लिएर बन्धुबान्धव मरेको रणक्षेत्रमा गए। भीमसेनलाई खोज्ने धृतराष्ट्रको अंगालोमा श्रीकृष्णले गदायुद्ध अभ्यासको लागि दुर्योधनले बनाइ-राखेको फलामे भीमसेनमूर्ति दिइदिएस्यो। धृतराष्ट्रले सो मूर्तिलाई भीमसेन भन्ने ठानी कच्याक कुचुक पारेर लडाए, आफू पनि बढी बल परेको हुँदा रगत छाडेर पछारिए। होश आए पछि रिस घट्यो, भीमलाई सम्झेर उनी बिलौना गर्न लागे। श्रीकृष्णबाट यथार्थ थाहा पाएपछि उनी खुशी भए, पाण्डवहरूलाई आशिष दिए। गान्धारीले भीमसेनलाई आफ्ना सय छोरा मारेको, आफ्नै भाइ दुःशासनको रगत पिएको दोष लगाइन्। भीमसेनले लाक्षागृह, धृतसभा, द्रौपदीतिरस्कार र आफूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौध वर्ष अघि कौरवको सभामा गरेको प्रतिज्ञा आदि घटनाहरू गान्धारीलाई सम्झाए; दुःशासनको रगत हातमा, ओठमा र दाँतमा मात्र लागेको सत्य बताए । गान्धारी नाजबाफ भइन् । गान्धारीले युधिष्ठिरताई छासिन् । युधिष्ठिरले सफाइ मागेनन्, सजाय मागे । पट्टीको मुन्तिरबाट गान्धारीको क्रुद्ध दृष्टि पर्दा युधिष्ठिरका औंला डडेर काला भए, श्रीकृष्णले युधिष्ठिरलाई पर सारिदिएको । अर्जुन डराएर श्रीकृष्णको पछि लुके । पाण्डवहरूप्रति गान्धारीको मनमा दुर्भाव उठेको बुझेर व्यासदेवले कौरव, अझ दुर्योधन, अझ धृतराष्ट्र गान्धारीबाट भएका अनेक गल्ती र अन्यायहरू सम्झाउनुभो । आफ्नै छोरो दुर्योधनले विजयको आशिष अठ्ठान्ह दिनसम्म लगातार मान्दा पनि 'जहाँ धर्म त्यहाँ जय' भनिरहने, सधैं धर्ममा लाग्दै आएकी गान्धारीले धर्म परायण पाण्डवको कुनै पनि अहित चिताउन हुँदै नहुने सल्लाह उहाँले दिनुभो । गान्धारीले सम्झिइन् । तर उनको क्रोध श्रीकृष्णतिर फर्क्यो । कुरा गर्दा गर्दै उनले श्रीकृष्णलाई समर्थ भएर पनि कौरवपाण्डवको युद्ध नरोकेको दोष लगाएर छत्तीसौं वर्षमा यदुवंशीको पनि परस्परको मारकाटबाट संहार हुने, भरतवंशी स्त्रीहरूले जस्तै यदुवंशी स्त्रीहरूले पलि रुनु पर्ने सराप दिइन् । श्रीकृष्ण आफूले सोचिसकेको कुरा तपाईले भन्नुभो' भन्ने आज्ञा भएर हाँसिबक्स्यो गान्धारीकै अपराधबाट त्यत्रो जनसंहार भएको सत्य खोलेर उनी जस्ता आइमाईले बध गर्नै लायक सन्तान जन्माउँछन् भन्ने उहाँले मर्जीभो । त्यहाँ रहेका लाशहरूको संस्कारको प्रसङ्गमा धृतराष्ट्रलाई युधिष्ठिरले बताए अनुसार महाभारत युद्धमा छयहत्तर करोड, चवालीस हजार एक सय पैंसठ्ठी मानिस मरेका थिए । मरेका विशिष्ट वीरहरूको पृथक् पृथक् र अरूको सामूहिक दाहसंस्कार भो । गङ्गामा स्नान गरी जलाञ्जलि दिने वेलामा कर्णलाई तर्पण दिन् भनी कुन्तीले युधिष्ठिरलाई भनिन् । कर्णलाई सूर्यबाट आफूले सबभन्दा पहिले जन्माएको रहस्य उनले पाण्डव समक्ष खोलिन् । पाण्डवलाई वज्रले नै हाने जस्तो भो । युधिष्ठिर सारै रोए, आइमाईहरूको कुरा लुकाउने शक्ति नष्ट होस् भनी उनले भने ।

युधिष्ठिर द्रौपदीको राज्याभिषेक भो । भीमसेन युवराज, विदुर प्रधान मन्त्री, संजय अर्थ मन्त्री, अर्जुन रक्षा मन्त्री, नकुल सेनाको र तलव भत्ता दिने कामको अधिपति, सहदेव राजाको प्रधान रक्षक हजुरिया, युयुत्सु प्रधान सल्लाहकार बने । भगवान् श्रीकृष्ण सर्वोपरि नेता मानिनुभो । भीमसेनलाई दुर्योधनको, अर्जुनलाई दुःशासनको, नकुललाई दुर्मर्यणको, सहदेवलाई दुर्मुखको दरवार मिल्यो । युधिष्ठिर हरेक काम धृतराष्ट्रको आज्ञा लिएर मात्र गर्ने गर्थे । युधिष्ठिरले जस्तो आदर सम्मान र सुखसुविस्ता सय छोराले पनि धृतराष्ट्र गान्धारीलाई पुऱ्याएका थिएनन् । भीमसेन चाहिं कहिले काहीं घोचपेच हान्थे । एक दिन श्रीकृष्ण समामा टोल्हाइबक्स्यो, उता भीष्मले उहाँलाई बोलाएका रहेछन् । श्रीकृष्ण पाण्डवहरूलाई लिएर भीष्मकहाँ सवारी भो । भीष्मलाई कुनै वाधा वेदना नहुने, सबै ज्ञान गुनका कुरा खुल्ने वरदान उहाँले बक्स्यो । भीष्मले छ दिनसम्म युधिष्ठिरलाई उपदेश दिए । चौबीस दिनपछि माघशुक्ल अष्टमीका दिन युधिष्ठिरहरू फेरि भीष्मकहाँ गए । भीष्मले श्रीकृष्णको स्तुति गरेर अनुमति मागे । 'सत्य सबैभन्दा ठूलो हो, सत्यकै आडमा राज्य गर्नू' भन्ने उपदेश युधिष्ठिरलाई दिएर श्रीकृष्णको ध्यान गर्दै भीष्म बचनको, इन्द्रियको, मनको बुद्धिको संयमका साथ योगस्थ बने । उनका शरीरबाट जन्मे बाणहरू खस । उनको शरीर शुद्ध कन्चन बन्यो । मध्यान्ह पछि भीष्मको ब्रह्मरन्ध्रबाट ज्योति निस्क्यो, माथि उठ्यो, श्रीकृष्णमा लीन भो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृतराष्ट्रले भीष्मको अन्त्येष्टि गरे ।

युद्ध सकिएको तीन महिनापछि अश्वमेधको कुरा उठ्यो । धन थिएन । पुराकालमा मरुत्त राजाले हिमालमा ठूलो यज्ञ गरेका थिए । खर्च नभई बाँकी रहेको र ब्राह्मणहरूले लैजान नसकी छोडेको अपार धनसम्पत्ति त्यहाँ बेवारिसी परेको थियो । व्यासऋषिले ठाउँ बताइदिनुभो । त्यही ल्याएर यज्ञ शुरु भो । अर्जुन घोडाको पछि लागेर गए । उत्तराको गर्भबाट मरेको बच्चा जन्म्यो, कुन्तीले रुँदै कृष्णको काखमा राखिदिइन्, श्रीकृष्णले बच्चालाई बचाइबक्स्यो । उता अर्जुनलाई उनका छोरा बभ्रुवाहनले युद्धमा लडाए । महाभारत युद्धसमयमा भीष्म शरशय्यामा लडेपछि गङ्गाको र सातवसुको सभा बस्यो, अर्जुनले शिखण्डीको आडमा लकेर भीष्मलाई प्रहार गरेकोले अर्जुनलाई मार्ने सल्लाह हुन थाल्यो । अर्जुन–पत्नी उलूपीले सुनिन्, आपना बाबु कौरव्य नागसंग प्रार्थना गरिन् । कौरव्य नागले गङ्गाहरूसंग प्रार्थना गर्दा गङ्गावसुहरूले क्षमा गरे । तर पाप भोग गर्नै पर्नछ भनेका थिए । त्यसैले अर्जुन प्राण संशयमा परेका थिए । खबर पाएर श्रीकृष्ण युद्ध क्षेत्रमा पुगिबक्स्यो; उलूपीले बाबुको बलबाट अनेक बिघ्नबाधा पार गरी नागलोकबाट मृत सञ्जीवनी ल्याइन् । त्यसैबाट श्रीकृष्णका अनुग्रहद्वारा अर्जुनको प्राण फर्क्यो । निद्राबाट जस्तो गरी ब्यूँझेका अर्जुनले युद्धक्षेत्रमा श्रीकृष्णलाई र आपना रानी चित्राङ्गदा तथा उलूपीलाई देख्दा छक्क परे । सबै वृतान्त–ज्ञान भएपछि अर्जुनको र बभ्रुवाहनको मेल भो । दिग्विजयका साथ, निश्चित अवधि पूरा भएपछि, अर्जुन घोडाका साथ फर्के, यज्ञ पूरा भो ।

पन्ध्र वर्ष पछि बिदुरका साथ धृतराष्ट्र गान्धारी संगसंगै वनमा गए, कुन्ती र संजय सेवाको निम्ति पछि लागे । एक वर्ष पछि युधिष्ठिरहरू उनीहरूको दर्शन गर्न गए । त्यसैबेला व्यास ऋषि पनि आश्रममा आउनुभो । गान्धारी र कुन्तीको प्रार्थनामा व्यासदेवले योगबलबाट मरेका कर्ण दुर्योधन आदि वीरहरूलाई बोलाउनुभो, साँझ परेपछि गङ्गा नदीबाट तिनीहरू पृथ्वीमा हुँदाकै रूपमा आए । रातभरी जीवित स्वजन मृत स्वजनका साथमा आनन्दसँग आश्रममा वर्तालाप गरेर बसे । बेहान मिर्मिरेमा तिनलाई फिर्ता पठाउँदा व्यासदेवले साथमा जान चाहने जीवित स्वजनहरूलाई पनि मरेका आपना मानिसका साथ पठाउनुभो । युधिष्ठिरहरू केही दिन आश्रममा नै बसे । त्यही बेला बिदुरले योगमार्गबाट प्राण त्यागे, उनबाट निस्केको तेज युधिष्ठिरभित्र प्रविष्ट भो । युधिष्ठिरहरू राजधानी फर्के । धृतराष्ट्रहरू कुरुक्षेत्रबाट गङ्गाद्वार गए । एक वर्ष पछि धृतराष्ट्रहरू तपोवनको आश्रम पनि छोडेर मध्य जङ्गलमा बसी कठोर तपस्यामा लागे । अर्को एक वर्ष पछि उनले अग्निको पनि त्याग गरे । कुन्ती आफू पनि साथ साथै तपस्या गर्दै जेठाजु जेठानीको श्रद्धाभक्तिपूर्वक सेवा गर्थिन् । संजय उनीहरूको मदत गर्थे । उनीहरू ब्राह्मणहरूले जङ्गलमा सेलाएको धृतराष्ट्रको अग्निबाट उठेको डढेलोले जङ्गलमा घेरिए । संजयलाई भाग्ने आज्ञा दिएर धृतराष्ट्रले साथमा गान्धारीले र कुन्तीले पलैंटी कसेर योगमार्गबाट प्राण त्याग गरे । उनीहरूको तपः पवित्र काष्ठसदृश शरीरलाई अग्निले भस्म पारिदिए । नारद ऋषिबाट खबर पाएपछि युधिष्ठिरहरुले श्राद्धादि कार्य गरे । यसरी युद्ध सकिएको अठ्ठान्ह वर्षपछि धृतराष्ट्रहरूको देहान्त भो ।

द्वारकामा समृद्धिका साथै अविनय पनि बढ्न थालेकोले रक्सी जाँड पिउनेलाई र पिउन दिने बान्धवलाई समेत शूलीमा चढाउने घोषणा भएको थियो । एक दिन यौटा केटालाई पेटमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुसल बेरेर गर्भवती केटी बनाई यदुकुमारहरूले दुर्वासा ऋषिसँग छोरो हुन्छ कि छोरी हुन्छ भनेर सोधे। त्यो अविनयबाट रिसाएका ऋषिले तिमीहरूलाई मार्ने मुसल हुन्छ भनी सरापे। वेहोरा राजसभामा जाहेर भो। मुसललाई घोटी घोटी हुनेसम्म मसिनो चूर्ण बनाएर बाँकी रहेको सानो टुक्रो पनि समुद्रमा फ्याँकियो। धूलोबाट किनारमा तरवारे झार उऱ्ये। बाँकी सानो टुक्रो माछोले निलेको थियो, माछा मार्दा भेट्टाएर व्याधाले त्यसबाट बाणको टुप्पो बनायो। केही समयपछि यादवहरू समुद्रतीर्थ प्रभासमा गए। त्यहाँ जाँडरक्सी पिएछन्। सात्यकि र कृतवर्माको झगडा शुरु भो। महाभारत हुँदा समाधिमा बसेका भूरिश्रवालाई सात्यकिले काटेका; राति पाण्डव शिबिरमा लुकेर आगो लगाई सुतिरहेका निरस्त्र वीरहरूलाई कृतवर्माले मारेका। मनाभनबाट कुटाकुट शुरू भो। मत्त भएका यदुवंशीहरूको द्वन्द्वयुद्ध चल्यो, बलराम र श्रीकृष्णसाथि पनि जाइलागे। मुड्कीबाट, तरवारे झारबाट युद्ध हुँदाहुँदै जम्मै यदुवंशीहरू आफाफैंबाट मरे। श्रीकृष्ण पिपलको रुख मनि उपर खुट्टी लाएर राज भएको थियो, उद्धव र दारूकलाई बिदा बिइवक्स्यो। व्याधाले टाडाबाट मृग ठानी हानेको मुसलशेष टुप्पो भएको बाण दुर्वासाको जुठो खिर नलेपेको पाउमा लाग्यो। त्यही निहुँ बनाएर श्रीकृष्णले लीलानरदेहको लय गरिबक्स्यो। सात दिनपछि समुद्रले द्वारका सहरलाई डुबायो। दैवको विधान त्यही थियो, गान्धारीको सराप छत्तीसौं वर्षमा सत्य बन्यो।

द्वारकाबाट स्त्री बाल वृद्ध समेत प्रजाजनलाई लिएर अर्जुन हस्तिनापुर फर्के। युधिष्ठिरले उत्तरा पुत्र अभिमन्युलाई हस्तिनापुरमा राजा बनाए। अर्को राज्य खडा गरी इन्द्रप्रस्थमा अथवा मथुरामा अनिरुद्धका छोरा (श्रीकृष्णका पनाति) वज्रलाई राजा बनाए। धृतराष्ट्रपुत्र युयुत्सुलाई दुबैतिरको अभिभारा सुम्पे। सुभद्रालाई दुवै राजाको संरक्षण गरेर बस्न अन्हाए। चित्राङ्गदा मणिपुर फर्किन् उलपी गङ्गामा पसिन्, अरु स्त्रीहरू परीक्षितको संरक्षणमा बसे। द्रौपदी समेत पाँच पाण्डवले राजसी वस्त्राभूषण छोडी वल्कलवस्त्र परिरेर विधिपूर्वक अग्निको संन्यासपूर्वक महाप्रस्थान गरे। हिमालय पार गरेर मेरू पर्वत उक्लेदा उक्लेदै द्रौपदी र चार पाण्डवहरूको एक एक गरी शरीर छुट्यो। यौटा कुकुर मात्र युधिष्ठिरको साथमा रह्यो। कुकुरलाई छोडेपछि युधिष्ठिर स्वर्ग जान पाउने कुरा देवताहरूले गर्दा युधिष्ठिरले पछि लागेको कुकुरलाई नछोड्ने, बरू आफू स्वर्ग नजाने अठोट सुनाए। कुकुरको रूपमा धर्म पछि लागेका थिए, युधिष्ठिर आफ्नो धर्मले गर्दा सशरीर स्वर्ग गए। स्वर्गङ्गामा स्नान गरेपछि उनको भौतिक देह छुट्यो, दिव्यदेह भयो। जगत्मा धर्म राज्य चल्यो, धर्मको महिमा चल्यो। "धर्म नै सबभन्दा ठूलो हो, शरीरसम्म पनि नाशवान् छ, शान्ति नै सर्वोपरि उपलब्धि हो, मोक्ष नै परम पुरुषार्थ हो" भन्ने सत्य महाभारतले स्थापित गऱ्यो; त्यही सत्यको उपदेश र सन्देश संसारलाई सदाको लागि दियो। धर्मको जय, श्रीकृष्णको जय !

=※=

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण - श्रीकृष्ण परमेश्वरको पूर्णावतार साक्षात् भगवान् होइबक्सिन्छ । भक्तप्रिय प्रभु, इमानदारीसंग भक्तिपूर्वक ध्यान गर्नासाथ प्रकट होइबक्सिन्छ । उहाँको रूप, देह, लीला उहाँकै स्वेच्छामय हुन्, भौतिक हैनन् । त्यसैकारण, हाम्रो भक्ति थाहा पाउनासाथ हाम्रो भावना अनुसारको लीलाविग्रह प्रकट हुन्छ, भक्तवाञ्छाकल्पतरु प्रभुले भक्तको इच्छा पूर्ण गरिबक्सिन्छ । द्वापर युगको अन्त्यमा ब्रह्मा आदि देवताहरुको प्रार्थनालाई स्वीकार गरेर उहाँले दिव्य लीलाविग्रह धारण गरेर मनुष्यजुनिमा जन्म लिइबक्स्यो । जन्मेदेखि उहाँका लीला चरित्रहरू अलौकिक, विलक्षण ईश्वरीयशक्तियुक्त थिए । व्यास, असित, देवल, नारद, जामदग्न्य आदि ऋषि मुनिहरूले, भीष्म, द्रोण, विदुर आदि गण्य मान्य मनीषीहरुले श्रीकृष्णलाई साक्षात् भगवान्कै स्वरुप मानेका थिए । भगवान् श्रीकृष्णमा आधिभौतिक, आधिदैविक तथा आध्यात्मिक सम्पत्तिको, विभूतिको परिपूर्णता थियो । उहाँ अनन्तगुणगणविभूषित होइबक्सिन्छ । उहाँका लीला र चरित्रहरु अवर्णनीय छन् ।

श्रीकृष्णको जन्म वसुदेवदेवकीको आठौं सन्ततिको रूपमा मथुराको ज्यालखानामा भएको हो । भाद्रकृष्णपक्षको अष्टमीको आधारात, रोहिणी नक्षत्र, बुधवार चतुर्बाहु भगवान्को रुपमा उहाँ प्रकट होइबक्स्यो । वसुदेवपुत्र भएकोले र रोहिणी नक्षत्रको दोस्रो पाउ अनुसार उहाँको नाम वासुदेव रहेको हो; कलसौंदो वर्ण अनुसार 'कृष्ण' भनिएको हो । शिशुरूप लिइबक्सेपछि वसुदेवले उहाँलाई यमुनापारी गोकुलमा नन्दबाबाकी रानी यशोदाका पलङमा राखिदिएर उहाँबाट जन्मनुभएको योगमाया भगवतीको अवतार कन्यालाई ल्याएर देवकी पलङमा राखिदिए । - देवकीको सातौं गर्भलाई योगमायाले झिकी गोकुलमा बसेकी वसुदेवपत्नी रोहिणीको गर्भमा हालिदिएर बलरामको गोकुलमा जन्म भइसकेको थियो । देवकीको आठौं गर्भ जन्मेको खबर पाएर कंस ज्यालखानामा आए, उनले देवकीबाट खोसेर समातो नवजात कन्यालाई मार्न खोजे । कंसको हातबाट अकस्मात् फुत्केर आकाशमा पुगी कन्याले अष्टभुजा भगवतीको रूप लिइबक्स्यो । 'तिमीलाई मार्ने बालक जन्मिसकेको छ, भनी कंसलाई हुकुम भई भगवती अन्तर्धान होइबक्स्यो, विन्ध्यवासिनी भगवतीको रूपमा राज भयो ।

श्रीकृष्ण नन्दयशोदाको पालन पोषण पाएर हजारौं गोप गोपीहरूका साथ एघार वर्ष तीन महिना राज भो । सो अवधिमा अनेक अलौकिक लीला अनुग्रहहरू भए । कंसले उहाँलाई मार्ने योजना बनाएर पठाएका पूतना, शकट, तृणावर्त, वत्स, बक, धेनुक, आदि अनेक धर्मद्रोही असुरको संहार गरिबक्स्यो । दुष्ट दमनका साथसाथै उहाँका माधुर्य लीला चलिरहे, अनुग्रह लीलाहरू हुँदै रहे । कुबेरका दुइ छोरा नलकूबर र मणिग्रीव ऋषिको सरापबाट गोकुलमा खरीका युगल रूप लिएर रहेका थिए । नटखट बेहोरबाट आजित भई यशोदाले उहाँलाई ओखलमा बाँध्नु भएको थियो । ओखल समेत त्यहाँ पुगेर ती रूखलाई उहाँले माँचिबक्स्यो । नलकूबर र मणिग्रीव शापमुक्त भएर आपना लोकमा गए । माता यशोदालाई काखे बच्चाकालमा नै हाई गर्दा बाएको मुखभित्र पहिलो पटक विश्वरूपको दर्शन बक्स्यो; दौड्न खेल्न सक्ने भएपछि माटो खाएको छैन भनेर मुख बाउँदा अर्को पटक सम्पूर्ण ब्रह्माण्डलाई आफूभित्र देखाइबक्स्यो । जङ्गलमा गाई चरा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उन जाँदा चारैतिरबाट आएको डढेलोलाई पिइदिएर गाई र ग्वालाको रक्षा गरिबक्स्यो। त्यसै गरी अर्को पटक पनि जङ्गलमा डढेलोले ब्रजवासीलाई जलाउन लाग्दा डढेलो पिइबक्स्यो। कालिय नागको दमन गरेर यमुनाको कालिय दहको पानीलाई विषशून्य, शुद्ध बनाइबक्स्यो। अक्रूरलाई आफ्नो जलशायी नारायणस्वरूपको दर्शन बक्स्यो। इन्द्रको घमण्ड हटाउन इन्द्रपूजाको सट्टा गोवर्द्धन पर्वतपूजा गराउँदा इन्द्र झोंक्किए, आफ्नो महत्त्व देखाउन वर्षाबाट ब्रजलाई डुबाउने घमण्ड गरे। श्रीकृष्णले एक हातको कान्छी औंलोले सात दिन गोवर्द्धन पर्वतको धारण गरेर ब्रजवासीलाई त्यही ओडारभित्र सुरक्षित राखी इन्द्रको शेखी चूर्ण गरिबक्स्यो। ब्रह्माजीले झुक्याउन भनेर गाइ बाछाबाछी गोठालाहरूलाई पोटा ओडारमा राखेर लकाइदिनुभो। भगवान्‌ले आफैंले वर्षदिनसम्म सारा गोठाला, गाई, बाछा, बाछी, लट्ठी, बाँसुरी, सिफ, लुगा आदिको रूप लिएर ब्रजको व्यवहार जस्ताको तस्तै चलाई आफ्नो सर्वस्वरूपमय लीलाको दर्शन बक्स्यो। नन्दबाबा बेहान नहुँदै खोलामा नुहाउन पस्नु भएछ; आसुरी कुवेलामा नदी प्रवेश गरेबापत बरूणदेवका रक्षकहरूले पक्डेर वरूणलोक लगे। ब्रजमा हाहाकार भो। भगवान् वरूणलोकमा सवारी भो। वरूणले नन्दलाई अत्यन्त आदर सत्कारका साथ राखुभएको थियो। श्रीकृष्ण पुग्ने बित्तिकै संभ्रमका साथ उहाँको स्वागत सत्कार भो, पूजा सम्मान भो। वरूणले आफ्नो मान्छेबाट भूल भएकोमा क्षमा मागेर नन्दबाबालाई श्रीकृष्णको जिम्मा लाउनुभो। नन्दबाबाले ब्रजमा आएर श्रीकृष्णको देवपूजित महिमाको बखान गर्नुभो। भक्तिको, योगको महिमा देखाउन अनेक गोपकुमारीसंग अनेक रूप लिएर रासलीला गरिबक्स्यो; भगवान्‌ले दिव्य नित्य लीलाको, चिन्मय अध्यात्मक्रीडाको अनन्त बृद्धिसंग अनेक जीवात्माको रूप लिएर खेल्ने परमात्माको चमत्कार देखाइ-बक्स्यो। यसरी श्रीकृष्णले गोकुलमा र वृन्दावनमा राज हुँदा एघार वर्ष तीन महिना भित्रका लीलामा नरशिशुलीला, देवलीला, अधिदेवलीला, अतिदेवलीला, अध्यात्मलीला, परमात्मलीलाको प्रदर्शन गरिबक्स्यो; कुनै बाधा प्रतिबन्ध विघ्न नभएको अव्याहत ज्ञानबलक्रियैश्वर्यशक्ति देखाइबक्स्यो।

श्रीकृष्णको किशोरलीला मथुरामा चल्यो। भगवान्‌बाट कुब्जाको उद्धार भो, अति बलियो कुवलयापीड हात्तीलाई केवल बाहुबलबाट मर्दन गरिबक्स्यो; चाणूर आदि पहल-मानहरूलाई मारिबक्स्यो। पापी कंसको बध भो; ज्यालखानामा थुनिएका मातापिता देवकी-वसुदेवको बन्धनमोचन भो। थुनिएका उग्रसेनलाई ल्याएर राजगद्दीमा राखी उहाँले राजतन्त्रको महत्त्व स्थापित गरिबक्स्यो। उज्जयिनीमा गएर सान्दीपनि गुरूकहाँ उपनयन भो, गुरूकुलमा बसेर गुरूको सेवापूर्वक सबै शास्त्रहरूको अध्ययन गरिबक्स्यो। मरेका गुरूपुत्रलाई यमलोकबाट ल्याई जीवित मनुष्यको रूपमा गुरू आमाको काखमा राखिबक्स्यो। गुरू, गुरूआमाको आज्ञाबाट घर फर्केपछि माता देवकीले कंसबाट जन्मनासाथ मारिएका आफ्ना छोराहरू ल्याइदिने आज्ञा भो। दानवराजा बलिले पालना गरिएको अधोलोक सुतलबाट तिनलाई ल्याई माता देवकीको इच्छा पूर्ण गरिबक्स्यो। मरीचिका तो छ छोरा शापको कारण बाट नवजात शिशुको रूपमा थिए। भगवानले पान गरिबक्सेको देवकीस्तनको पानबाट तिनीहरू मुक्त भए। यस्ता अनेक अलौकिक लीलाहरूद्वारा भगवान् श्रीकृष्णले नरशरीरमा नै ईश्वरीय महिमाको प्रदर्शन गरिबक्स्यो। भारत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षको सबभन्दा शक्तिशाली भगवराज जरासन्धले पटक पटक गरी सत्र बाजि मथुरामा हमला गरे। भगवान्‌ले प्रत्येक पटक उनका सम्पूर्ण सेनाको संहार गरी उनलाई हराइबक्स्यो। अठ्ठान्हौं पटक जरासन्धले पनि हमला गर्ने खतरा हुँदै थियो, कालयवनले पनि ससैन्य मथुरामा हमला गरे। श्रीकृष्ण मथुरा छोडेर दौडिबक्स्यो, कालयवन लखेट्दै गयो। जङ्गलको ओढारमा मुचुकुन्द एक युग अघिदेखि निद्राइरहेका थिए। उनको निद्रा बिथुल्ने व्यक्ति भस्म हुने वरदान उनले पाएका थिए। श्रीकृष्णले आफ्नो ओढ्ने सुतिरहेका मुचुकुन्दलाई ओढाइदिइबक्यो। कालयवनले श्रीकृष्ण भन्ने ठानी लात हानेर व्यूँझायो। मुचुकुन्दको दृष्टि पर्ने बित्तिकै कालयवन भस्म भो। भगवान्‌ले मुचुकुन्दलाई दर्शन बक्स्यो, आफ्नो धाम निगाह गयो। यसरी श्रीकृष्णले मथुरामा पनि अनेक नारायणलीलाको दर्शन बक्स्यो। नररूपमा पनि उहाँले पूर्णात्पूर्ण, परात्परतर परमेश्वरको रूपमा लीला गरिबक्सन्थ्यो।

दुष्टबमन हुँदै रहँदा दुष्टहरूको श्रीकृष्णप्रति झन्‌झन् दुश्मनी बढ्दै आयो। मथुरामा शत्रुहरूका धेरै हमला हुने खतरा भएकोले विश्वकर्माबाट रातभरीमा समुद्रमित्र द्वारका नगरीको निर्माण भो। मथुराको राजधानीलाई समुद्रदुर्ग द्वारकामा सारेर उग्रसेनबाट राजकाज चलन थाल्यो। अठ्ठान्हौं पटक जरासन्धले मथुरामा हमला गरे। श्रीकृष्ण यवनसेनाको संहार गरेर मथुरामा पसिबक्सेको मात्र थियो, राजधानी द्वारकामा सारिसकेको थियो। जरासन्धसंग युद्ध नगरीकन रण छोडेर भगवान् द्वारकामा सवारी भो। जरासन्धले रण छोडेर गएको भगुवा भने; भक्तहरूले प्रेमसंग 'रण छोड' भने द्वारकामा सवारी हुँदा भगवान्‌को यौवन शुरु भैसकेको थियो। अब युवकलीला द्वारकाबाट चलन थाल्यो।

विदर्भ देशका राजा भीष्मकी छोरी श्री रुक्मिणी श्रीकृष्णलाई पतिको रूपमा पाउनको लागि भजन गरिरहनुहुन्थ्यो। दाजु रुक्मी कृष्णका द्वेषी थिए। श्रीकृष्णलाई बहिनी दिन चाहन्थे। श्रीकृष्णले रुक्मिणीहरण गरिबक्स्यो, विरोधी राजाहरूलाई परास्त गरिबक्स्यो। द्वारकामा भगवान्‌को रुक्मिणीसंग विवाह भो। द्वारकामा यदुवंशी सत्राजित सूर्यभक्त थिए। उनलाई सूर्यले ज्यादै महत्वको स्यमन्तक भन्ने मणि दिनुभएको थियो। भगवान् श्रीकृष्णले त्यो मणि उग्रसेन राजाको निमित्त योग्य हो भन्ने आज्ञा भएको थियो। संयोगवश, सत्राजितका भाइले सो मणि पहिरेर घोडामा जङ्गल गएका थिए। सिंहले घोडालाई पनि, प्रसेनलाई पनि मार्‍यो। सिंहलाई जाम्बवान् भालुले मारे, मणि जाम्बवानकी छोरीसंग रह्यो। यता बदनाम श्रीकृष्णलाई पर्‍यो। श्रीकृष्णले जाम्बवान्‌संग एक्साइस दिनसम्म युद्ध गरी जितिबक्स्यो। जाम्बवान्‌ले स्यमन्तक मणिका साथ जाम्बवती पनि टक्याए। भगवान्‌ले द्वारका फर्केर जाम्बवतीसंग विवाह गरिबक्स्यो, मणि सत्राजितलाई नै फिर्ता बक्स्यो। सत्राजित्‌ले श्रीकृष्णको बदनाम गरेको अपराधको प्रायश्चित जस्तो गरी आफ्नी छोरी र मणि श्रीकृष्णलाई टक्याए। भगवान्‌ले सत्यभामासंग विवाह गरिबक्स्यो, मणि सत्राजितलाई नै फिर्ता बक्स्यो। कालिन्दीले भगवान्‌लाई पति पाउनका लागि ठूलो तपस्या गरेकी थिइन्। भगवान्‌ले उहाँसंग विवाह गरिबक्स्यो। मित्रबिन्दालाई स्वयंबरमा हरेर ल्याइ बिहा गरिबक्स्यो। सातोटा उद्दण्ड बैललाई सात रूप लिई एकैचोटि नाथेर शर्त पूरा गरी सत्या-संग विवाह गरिबक्स्यो। भद्रासंग उनका बान्धवले प्रार्थना गरेको हुँदा विवाह भो; भद्रदेशकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजकन्या लक्ष्मणालाई स्वयंबरमा हरेर ल्याई विवाह गरिबक्यो । यसरी भगवान् श्रीकृष्णका विवाहित मुख्य पट रानी आठ भए– रुक्मिणी, जाम्बवती, सत्यभामा, कालिन्दी, मित्रबिन्दा, सत्या, भद्रा, लक्ष्मणा ।

प्राग्ज्योतिषपुरमा भूमिपुत्र नरकासुर नामक दुष्ट दैत्यले सज्जनलाई र देवतालाई ज्यादै दुःख दिएको थियो । ऊ ठाउँठाउँबाट कुमारीहरूलाई हरेर लैजान्थ्यो, आफूसंग विवाह गर्न राजी नहुनेलाई अनेक दुःख दिई थुनेर राख्नेगर्थ्यो । सज्जनहरू र कन्याका मानिसहरू भगवान्को शरण परे । इन्द्रले पनि त्यसको दमन गर्न प्रार्थना गर्नुभो । भगवान् श्रीकृष्णले युद्ध गरेर नरकासुरलाई मारिबक्स्यो; थुनिएका कन्याहरूलाई मुक्त गरिबक्स्यो । तो कन्याहरू पवित्र थिए, आफ्नो चरित्र बचाउन अनेक दुःख कष्ट सहेर बसेका थिए । उमीहरू भगवान्कै शरण परे, उहाँकै सेवा गर्न पाउने अवसरको प्रार्थना तिनले गरे । भगवान्बाट तो सोह्र हजार एक सय कन्याहरूलाई द्वारका पठाइबक्स्यो । नरकासुरले हरेर ल्याएको देवमाता अदितिको दिव्य कुण्डल पुऱ्याउन श्रीकृष्ण सत्यभामाका साथ इन्द्रलोक सवारी भो । कुण्डल अदितिलाई बक्स्यो । इन्द्रको वैजयन्त नामक स्वर्गको दरबारमा भएको पारिजातवृक्ष सत्यभामाले मन पराउनुभो । देवताले दिएनन्, श्रीकृष्णले देवतालाई युद्धमा हराएर जबर्जस्ती पारिजात ल्याएर सत्यभामाका दरबारमा राखिबक्यो । द्वारका फर्केपछि प्राग्ज्योतिषपुरबाट आएका सोह्र हजार एक सय कन्याहरूसग सोह्र हजार एक सय नै रूप लिएर विधिपूर्वक विवाह गरिबक्स्यो । जम्मा सोह्र हजार एक सय आठ विवाहिता रानी भए, तिनका त्यति नै महल बने, त्यति नै रूप लिएर भगवान्ले गृहस्थाश्रममा रही वर्णाश्रमोचित्त धर्मकर्महरू– नित्यस्नान सन्ध्या, पूजा, पाठ, श्राद्ध, होम आदि नित्य कर्म एवं नैमित्तिक कर्महरू – गरिबक्स्यो । श्रीकृष्णको दिनचर्या पूर्ण शास्त्रीय तथा आदर्श थियो । देवर्षि नारद भगवान्को गृहस्थी लीलाको दर्शन गर्न द्वारका आउनुभो । उहाँ प्रत्येक कृष्ण रानीको दरबारमा जानुभो, प्रत्येक घरमा श्रीकृष्णलाई असल असल गृहस्थीको रूपमा काम गरिरहेको पाउनुभो । प्रत्येक घरमा बेग्लै बेग्लै श्रीकृष्ण होइवक्सन्थ्यो । घरघरमा कार्य गर्दा जति रानीहरू हुनुहुन्थ्यो, त्यति नै श्रीकृष्ण बसिबक्सिन्थ्यो । सभा आदिमा जाँदा प्रत्येक घरबाट उही ठाउँमा जान मनेर यौटै वेलामा निस्किबक्सन्थ्यो, सबै रूपको संवरण गरी एक रूप बनेर सभा आदिमा प्रवेश गरिबक्सन्थ्यो, घरघर पुग्दा फेरि अनेक रूप लिएर प्रत्येक घरमा प्रत्येक कृष्णको प्रवेश हुन्थ्यो । नारद भगवान्को यो दिव्य चमत्कार देखेर दंग पर्नुभो, भगवान्को गुणगान गर्दै हिंड्नुभो ।

युधिष्ठिरले इन्द्रप्रस्थमा राजसूय यज्ञ गर्ने भए, मगधराज जरासन्ध युद्धमा अजेय थियो । श्रीकृष्ण भीमसेन र अर्जुनलाई लिएर ब्राह्मण भेषमा जरासन्धकहाँ सवारी भो, बाहुयुद्धको भिक्षा मागिबक्स्यो, भीमसेनबाट जरासन्धको बध गरिबक्स्यो । जरासन्ध गुप्त रूपमा नरबलि गर्थ्यो । त्यसको निमित्त ठाउँठाउँबाट राजा राजकुमारहरूलाई समातेर राख्ने गर्थ्यो । भगवान् श्रीकृष्णमाई यो कुरा थाहा थियो । त्यसैकारण सबभन्दा पहिले जरासन्धलाई जित्नुपर्छ भन्ने उहाँको प्रस्ताव थियो । बीस हजार आठ सय राजन्य राजधानी गिरिब्रजको श्यालखानामा थुनिएका थिए । जरासन्धकी छोरो सहदेवलाई मगधको राजा बनाई तो थुनिएका राजाहरूलाई मुक्त गरिबक्स्यो । नरकासुरलाई मारेर राज कन्याहरूको यातना हटाइबक्सेको थियो, जरासन्धलाई मारेर राजा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरूलाई बलि हुनबाट बचाइबक्स्यो। त्यहाँ अमेय रथ थियो। त्यो भगवान्‌मा त्यहाँका राजाले चढाए, त्यसैमा चढेर श्रीकृष्णहरू फर्किबक्स्यो।

राजसूय यज्ञको सभामा शिशुपालको वध भो। राजसूय यज्ञ सुसम्पन्न गराएर द्वारका फर्किबक्सेपछि युद्धमा शाल्वलाई एवं शिशुपालका भाइ दन्तववत्र र विदूरथलाई मारिबक्स्यो। करूषदेशको राजा पौण्ड्रक आफूलाई वासुदेव भन्थ्यो, श्रीकृष्णको अति द्वेष गर्थ्यो। काशीको राजा उसको सहायक थियो। भगवान्‌ले दुबैको संहार गरिबक्स्यो। काशिराजको छोरो सुदक्षिणले श्रीकृष्णको नाश गर्न यज्ञ गऱ्यो। यज्ञबाट कृत्या राक्षसी प्रकट भई जलजलाउँदै श्रीकृष्णको विनाश गर्न भनेर द्वारका पुगी। भगवान्‌ले त्यसको नाश गर्न सुदर्शन चक्र छोडिबक्स्यो। चक्रबाट पीडित कृत्या काशीतिरै फर्की, यज्ञका याजक ब्राह्मणहरूलाई र यजमान सुदक्षिणलाई जलाएर आफू पनि जली। सुदर्शन चक्रले काशी नगरीलाई जलायो। निर्दोष महापुरूषको अनिष्ट चिताएर तन्त्रमन्त्र, टुना मोहनी जस्ता अभिचारकर्म गर्दा त्यस्तै हानि हुन्छ। खेलिरहेका यदुकुमारहरूले बडेमाको छेपारोलाई देखेर श्रीकृष्णलाई विन्ति गरे। भगवान् छेपारो भए ठाउँ सवारी भो। भगवान्‌को स्पर्श मात्रबाट छेपारोको शरीर त्यागेर दिव्य रूप लिएको व्यक्ति प्रकट भो। तिनी सत्ययुगका महादानी पुण्यात्मा राजा नृग थिए। उनले भूलले गौटा ब्राह्मणको गाई अर्को ब्राह्मणलाई दान दिएछन्, त्यही दोषको प्रभावले त्यस्तो जुनी भएको कुरो उनले बताएर भगवान्‌का कृपाबाट दिव्य धामतिर गए। भगवान्‌बाट आपना बालकहरूलाई ब्राह्मणको महत्त्व बताइबक्स्यो। ब्राह्मण र अग्नि उही जातका हुन्। विधिपूर्वक ब्राह्मणका मुखमा हालेको र अग्निका मुखमा हालेको अन्न द्रव्य देवतालाई, भगवान्‌लाई प्राप्त हुन्छ। ब्राह्मण सन्तुष्ट भए भने देवता र स्वयं भगवान् सन्तुष्ट होइबक्सिन्छ। ब्राह्मणको धन आगो जस्तै हो, लोभ गर्नु हुन्न, छुनै हुन्न। ब्राह्मणको सेवा टहल हरतरहले गर्नुपर्छ।

भगवान् श्रीकृष्ण अत्यन्त ब्राह्मणभक्त होइबक्सिन्थ्यो। श्रीकृष्णबाट शरशय्यामा सुतेर भीष्मले युधिष्ठिरलाई ज्ञानगुनको उपदेश गरिरहेको वेलामा घेरै ऋषिमुनिहरूका सामु यौटा ब्राह्मण प्रसङ्ग हुकुम भएको थियो। एक दिन द्वारकामा दुर्वासा ऋषि रूक्मिणीको दरबारमा भगवान्‌को दर्शन गर्न पाल्नुभो। भगवान्‌हरूबाट ठूलो स्वागत सत्कार भो। दुर्वासा ऋषि त्यहीं बस्नु-हुनेभो। श्रीकृष्ण रूक्मिणीले दुर्वासाको निमित्त सारा प्रबन्ध गरिबक्स्यो। आपना परिजनलाई राम्ररी अन्हाएर स्वयं आफू दुवै ऋषिको सेवाटहलमा चौबीसै घण्टा तयार रहिबक्सिन्थ्यो। ऋषिको बस्ने, खाने, सुत्ने कुराको कुनै ठेगान थिएन। कहिले क्यै, कहिले क्यै; कहिले कुनैवेला, कहिले कुनै वेला। जहिले पनि, जुन वेला पनि, जे पनि तयार रहनुपर्थ्यो। श्रीकृष्णरूक्मिणीको आँखा झिम्म पनि हुनुहुन्नथ्यो, केही बित्तल पर्ला भन्ने डर थियो। सबै कुरा पुग्दा पनि वेला-वेलामा ऋषि जङ्गिनुहुन्थ्यो। मालहरू फ्याँकिन्थे, फोरिन्थे, भाँचिन्थे; लुगाकपडा च्यातिन्थे, पोलिन्थे। ब्राह्मण देवताभन्दा पनि ठूला पूजनीय। रूक्मिणी र श्रीकृष्ण कत्ति पनि मनमा अन्यथा नगरी पूर्ण भक्ति र श्रद्धाका साथ पाहुना ऋषिको सेवा टहलमा रहिबक्सिन्थ्यो। ऋषिले भने भनेका कुरा भने भनेका वेलामा सदा तयार गरेर श्रीकृष्णदम्पतीले दुर्वासाको सेवा रातदिन तत्पर तथा संयतेन्द्रिय बनेर गरिबक्स्यो। पूरा एक वर्ष बित्यो। एक दिन आधारातमा अकस्मात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषि कोकोहोलोसँग चिच्याउनुभो; श्रीकृष्ण दम्पती दौडेर पुग्नुभो, ऋषि कराइरहनु भयो; 'भोक लाग्यो खीर खान्छु, भोक लाग्यो खीर खान्छु' भनेर । श्रीकृष्ण बालकलाई झैं फकाउन फुल्याउन लागिबक्स्यो, भगवती रूक्मिणीले तत्काले खीर पकाएर ल्याई टक्याइबक्स्यो । दुर्वासाले अलि अलि खीर खाएर पन्छाउनुभो । कृष्णलाइ त्यो जूठो खीर जिउमा दल्न अन्हाउनुभो । सर्वाङ्गमा दल्न लाउनुभो, श्रीकृष्णले पनि शिरदेखि सर्वत्र अङ्गमा त्यो खीर लेपन गरिबक्स्यो; ब्राह्मणको शेष पवित्र भएकोले पइतालामा चाहिं लगाइबक्सेन । ऋषिको आज्ञा बमोजिम उहाँ नुहाएर ऋषिकहाँ सवारी भो र ऋषिले भलाई बाहिर लैजाओ भन्नुभो । श्रीकृष्णले बोकेर बाहिर ल्याइबक्स्यो, रूक्मिणी पछिपछि सवारी भो । रातिको खलबल, के भएको हो भनेर श्रीकृष्णका छोरा नातिहरू पनि बाहिर जम्मा भैसकेका थिए । दुर्वासाले मान्छेले तान्ने रिक्सा रथ मगाउनुभो, आफूलाई त्यसमा राखेर रूक्मिणीले तान्नु भन्नु भो । श्रीकृष्णले ऋषिलाई रथमा राखिबक्स्यो, त्यसमा अगाडि रूक्मिणी जोतिएर रथलाई तानिबक्स्यो । रथभित्रबाट ऋषि 'राम्ररी तान्' भनेर कराउनुहुन्थ्यो, रूक्मिणी शक्तिले र सीपले भ्याएसम्म पूर्णश्रद्धा र भक्तिका साथ रथ तान्नुहुन्थ्यो । कुमारहरू र परिजनको मनमा अनेक खलबली भैसक्यो । श्रीकृष्ण उही तन्मय श्रद्धा भक्तिका साथ ऋषिको के आज्ञा हुन्छ भन्ने भावले तत्पर भई साथ साथ हिंडिरहिबक्सिएको थियो । ऋषिले अकस्मात् रोक्नुभो । शान्त, प्रसन्न, अति सन्तुष्ट भएर ऋषिले आज्ञा भो,– "प्रभु, श्रीकृष्ण, मैले हजुरको परीक्षा गरेको हुँ । हजुरमा क्रोध, अधर्म, अश्रद्धा छैंदै छैन । म हारें, जे गरे पनि हजुरलाई विचलित पार्न सकिन । रूक्मिणी जस्ती गृहिणी कोही छैन । उहाँ धन्य हुनुहुन्छ । उहाँलाई कहिल्यै दुःख शोक मोह हुने छैन । उहाँको नामस्मरणले मान्छेका पाप छुट्ने छन्, अन्तरात्मा शुद्ध प्रसन्न बन्ने छ । हजुरको भक्ति गर्नेलाई कहिल्यै पनि क्रोध लोभ मोह हुनेछैन । पायसलेपन गरेको हुनाले सर्वाङ्ग बज्र जस्तै अभेद्य भएको छ, केहीबाट पनि कहिल्यै पनि चोट पटक लाग्ने छैन । पइतालामा खीर लेपन नभएको त्यो अङ्गमात्र शस्त्रभेद्य बन्नेछ । मैले हजुरकहाँ जे जे फोरेको, भाँचेको, च्यातेको, पोलेको, फालेको छु ती सबै यथावत् यथास्थान पहिलेको भन्दा पनि बेस अवस्थाका हुनेछन् ।" रात बितिसकेको थियो, ऋषि भगवान्को आज्ञा लिएर कृतार्थ भई आफ्नो आश्रमतिर पाल्नुभो । यो यौटा भगवान्को ब्राह्मण भक्तिको उदाहरण हो । उहाँ ब्राह्मण भनेपछि सर्वोपरि मानिबक्सिन्थ्यो ।

कुन्ती बसुदेबकी बहिनी श्रीकृष्णकी फुफू हुन् । पाण्डव श्रीकृष्णका फुफूका छोरा हुन् । उनीहरूसँग श्रीकृष्णको ज्यादै ठूलो लगाउ थियो । अर्जुन उही उमेरका अभिन्न मित्र थिए; कृष्णा द्रौपदी कृष्णकी अत्यन्त भक्त थिइन् । श्रीकृष्ण उनसँग अभिन्न सखीसँग जस्तो व्यवहार गरिबक्सिन्थ्यो । श्रीकृष्ण पाण्डव परिवारको पूर्ण संरक्षक होइबक्सिन्थ्यो । लाक्षा गृहबाट भागेका पाण्डवहरू द्रौपदीस्वयंवरपछि प्रकाशमा आउँदा सर्वप्रथम श्रीकृष्ण अनेक वस्त्राभूषण, अन्न द्रव्यहरूको विपुल उपहार लिएर भेट्न सवारी भएको थियो । श्रीकृष्णकै सहाराबाट खाण्डव प्रस्थ आबाद भो; खाण्डव दाह भो; इन्द्रप्रस्थ नगर बस्यो; मयबाट सभाभवननिर्माण भो; जरासन्धविजय भो; दिग्विजयपूर्वक राजसूय यज्ञ संपन्न भो । अर्जुनसँग भगवान् श्रीकृष्णले आफ्नी एक मात्र बहिनी सुभद्राको बिवाह गरिदिइबक्स्यो । द्यूतसभामा पर सरेकी रजस्वला द्रौपदीको फरियामा पनि बसेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपनो भक्तको इज्जत लाज उहाँले बचाइबक्स्यो । पाण्डव द्रौपदी वनवास गुप्तवास जाँदा पाण्डवका सबै छोराछोरी, जहान परिजन भगवान् श्रीकृष्णले आपनै घरमा संरक्षण गरेर राखिबक्स्यो । वनवासमा हरेक मदद श्रीकृष्णबाट पाण्डवले पाए । शान्तिको निम्ति एवं युद्धको निम्ति पाण्डवका लागि सबभन्दा बढी उद्योग गर्ने श्रीकृष्ण नै होइबक्सिन्थ्यो । उहाँले युद्धमा अर्जुनको सारथि बनेर संसारको सर्वोच्च गीताज्ञानको उपदेशबाट अर्जुनको शोकमोह हटाइबक्स्यो; मानव मात्रको निम्ति रागद्वेष हटाएर शान्ति दिने, मोक्ष दिने कर्मभक्तिज्ञानको उपदेशबाट आपनो जगद् गुरुलीलाको प्रदर्शन गरिबक्स्यो । पाण्डवहरूलाई समेत निमित्त बनाएर धर्मबाधक शक्तिको उहाँले संहार गरिबक्स्यो । उहाँले आपनै खलक यादवहरूको अधर्म प्रधान वृत्ति देखेर परस्परलाई नै निमित्त बनाई आखिरमा यादवहरूको समेत संहार गरिबक्स्यो; दुर्वासा ऋषिले खाएर छोडेको पायस लेपिएको सर्वाङ्ग वज्रभन्दा पनि अभेद्य थियो । केवल पइताला यसको अपवाद थियो । सबै यादव मरेपछि वसुदेवदेवकीकहाँ खबर पठाएर पिपलको रूखमनि चतुर्भुज रूपमा बायाँ पाउ उपरखुट्टी लगाएर शान्त भई राज भएको थियो । टाढाबाट व्याधाले सो पाउलाई मृगको मुख भन्ने ठानेछ । विधिको विधान, दुर्वासाको शाप र वरदान, गान्धारीको सराप, व्याधाले बाण हान्यो, बाणले त्यही बाँया पाउ बेध्यो । श्रीकृष्णले त्यसैलाई निमित्त बनाइबक्स्यो; आपनो अवतारदेहलाई आग्नेय योगधारणाबाट संवरण गरिबक्स्यो । चतुर्भुज रूपले परमधाम प्रयाण गरिबक्स्यो । श्रीकृष्ण चतुर्भुज रुपमा नै ज्यालखानामा प्रकट होइबक्सेको थियो; द्विभुज रुपमा बाल, कैशोर एवं यौवन लीलाहरू भए; पछि चतुर्भुज रुपमा नै पिपलको रुख मनिबाट परमधाम सवारी भो । स्मरणकीर्तन भजन ध्यान पूजन आदिबाट सकल दुःख पाप नाश गर्ने, सुखशान्ति दिने, परम पद प्राप्त गराउने ईश्वरीय लीला चरित्रहरू, गुणगाथाहरू सदासदाको लागि पृथ्वीका नरहरूलाई दिएर नारायण आपनै परमधाममा सवारी भो ।

श्रीकृष्णको चरित्र समग्र आर्यसंस्कृतिमा छाएको छ, सम्पूर्ण आर्य वाङ्मयले गाएको छ । श्रीकृष्णको गुणगाथा नभएको कुनै पुराण नै छैन भने हुन्छ । श्रीमद्भागवत महापुराण श्रीकृष्ण गाथा गाउने नै उद्देश्यमा तयार भो । गर्ग संहिता भगवान् श्रीकृष्णकं चरित्रले भरिएको छ । सम्पूर्ण महाभारत भगवान् श्रीकृष्णको कीर्तिगान भने हुन्छ । आदिपर्वदेखि स्वर्गारोहण पर्वसम्म अठ्ठान्हे पर्वमा पाण्डवहरूको कुरा छ । पाण्डवहरूको सर्वोपरि संरक्षक भगवान् श्रीकृष्ण होइबक्सिन्थ्यो । सुखमा पनि, दुःखमा पनि, शान्तिकालमा पनि, युद्धकालमा पनि पाण्डवहरू श्रीकृष्ण सनाथ थिए । अर्जुनले मत्स्यवेध गरेर पाण्डवले द्रुपदराजपुत्री पाए, आफू अकिञ्चन ब्राह्मणको रूपमा थिए । सारा राजसी ठाँटबाँटका उपकरण, वस्त्राभूषण उपहार लिएर इज्जत बचाउन श्रीकृष्ण नै पुगिबक्सियो । पाण्डवहरूले खोइरो फाँडेर नगरबस्ती बसाउनुपर्ने, दरबार सभा बनाउनुपर्ने थियो, श्रीकृष्ण नै पुगिबक्सियो । राज सूययज्ञ भयो, श्रीकृष्ण नै पुगिबक्सियो । द्रौपदीको फरिया फुस्कन खोज्यो, थानका थान फरिया बोकेर बेराई बेराई इज्जत बचाउने श्रीकृष्ण नै । दुर्वासा ऋषि दशहजार चेला साथमा लिएर भिक्षा लिन पुगे । एक जनालाई खान दिने सम्म पनि खाना थिएन, न डुन्नु, न उड्नु, न अलपिनु । श्रीकृष्ण नै पुगिबक्सियो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाँडामा अड्केको सागको त्यान्द्रो खाएर विश्वलाई नै तृप्त गरिबक्स्यो । अघाएका दुर्वासाहरू युधिष्ठिरको आश्रममा नै नआई भागे । असमाधेय बनेको विकराल आपत्ति टऱ्यो श्रीकृष्ण बाटै । युद्धको उद्योगमा श्रीकृष्ण नै, शान्तिको उद्योगमा श्रीकृष्ण नै । उपदेश अति चाहियो श्रीकृष्ण नै, युद्ध हुन थाल्यो सारथि श्रीकृष्ण नै । पाण्डवका निम्ति श्रीकृष्ण जहाँसुकै, जतासुकै दौडिबक्सिन्थ्यो, उहाँलाई भ्याई नभ्याई थियो, पाण्डवहरूका निम्ति । पाण्डवहरु अनन्य भक्तका उदाहरण मात्र हुन् । आपनो अनन्य भक्ति गर्ने सबै सज्जनका निम्ति भगवान् श्रीकृष्णको यही कृपा हुन्छ, यही अनुकम्पा हुन्छ । भक्तले शरण परिदिएपछि पुग्यो, भजन गरे भयो, अरू सबै कुरा भगवान् आफ गरिबक्सिन्छ ।

सम्पूर्ण महाभारतका प्रधान नायक श्रीकृष्ण नै होइबक्सिन्छ । अर्जुनहरूले सहायकको रूपमा, निमित्तको रूपमा, मार्फतको हैसियतमा मात्र काम गर्नुभएको छ । महाभारतको युद्धमा हतियार नउठाई तटस्थ बस्ने कुरा थियो । युद्ध शुरू हुनुभन्दा पहिले निषादराज एकलव्य आपनो दलबल सहित कुरुक्षेत्रमा आए । द्रोणाचार्यले गुरू दक्षिणाको रूपमा दाहिने बुढी औंला लिएर उनको बाण वर्षा गर्ने कौशललाई आधा कम गरिदिइसक्दा पनि उनको वीरता एकदम अजेय जस्तै थियो । उनले श्रीकृष्णको दर्शन भेट गरे, कुराकानी भो पहिले आफू कतैतिर नलागी युद्धको दर्शक भएर बस्ने, पछि जतातिर हार हुन्छ त्यतातिर मिलेर जित्ने पक्षसँग लड्ने एकलव्यको आशय थियो । श्रीकृष्णजीले कुरो बुझिबक्स्यो– "जीत पाण्डवको हुनुपर्छ, अनि त एक लव्यले कौरव पक्षतिरबाट पाण्डवको विरूद्ध युद्ध गर्नेछन्, पाण्डवलाई एकलव्यले हराउनेछन् ।" एकलव्य कृष्णलाई जे मागे पनि दिन तयार थिए ।" कृष्णले एकलव्यको जीवन नै मागिबक्स्यो । एकलव्यले मन्जूर गरे, महाभारत युद्ध हेर्ने उनको इच्छा पनि बताए । श्रीकृष्णले महाभारत युद्ध नसिद्धिए-सम्म उनको चेतना नहराउने गरी उनको काटिएको शिरलाई युद्ध मैदानमा सारै अग्लो ठाउँमा राखिदिइबक्स्यो । युद्ध सकियो, श्रीकृष्णले सोद्धा एकलव्यको शिरलै भन्यो– 'मैले त जतासुकै सुदर्शन चक्रले नै काम गरिरहेको देखें' । यसरी भगवान्ले एकलव्यको वीरताबाट हुने खतरा युद्ध शुरू हुनुभन्दा पहिले नै टारिबक्स्यो । महाभारतयुद्धमा हतियार नउठाउने प्रतिज्ञा श्रीकृष्णको थियो । तर भीष्मको आक्रमणबाट अर्जुन विह्वल बनेको देखी श्रीकृष्ण चक्र उजाएर भीष्मलाई मार्न दौडिवक्स्यो । अर्जुनले जयद्रथबध प्रतिज्ञा गरेपछिको यौटा उदाहरण लिऔं । अर्जुनले जयद्रथको कारणबाट नै अभिमन्युको बध भएको ठानी भोलिपल्टको सूर्यास्त नहुँदै जयद्रथलाई मार्न नसके अग्निप्रवेश गरेर आफू मर्ने प्रतिज्ञा जुन रातमा, क्रोधको र शोकको वेगमा गरे; त्यो रातभरी श्रीकृष्ण सुत्न सकिबक्सिएन । द्रोण, दुर्योधन, कृप आदि सयौं महारथीहरूलाई, हजारौं वीर रथीहरूलाई नजिती जयद्रथलाई मार्न सकिन्नथ्यो । एकै दिनमा त्यति विशाल शत्रुसैन्यव्यूहभित्र पसेर तिनलाई जित्नु असम्भवप्राय थियो । जयद्रथको टाउको भईंमा खसाल्नेको पनि टाउको फुट्ने थियो । के गर्ने ? कसरी गर्ने ? अर्जुनले सकेनन् भने ! हतियार नउठाउने प्रतिज्ञा छ । के गर्ने ? प्रतिज्ञा गरे अर्जुनले, चिन्ता भो श्रीकृष्णलाई । भक्तको र भगवान्को कस्तो सम्बन्ध ! भक्तको प्रतिज्ञा पुऱ्याउनको निम्ति पऱ्यो भने आपनो प्रतिज्ञा छोडिदिने पक्का गरिबक्स्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्‌ले । आधा रातमा आपनो सारथि दारूकलाई बोलाएर भगवान्‌बाट हुकुम भो– "दारूक, भोलि तिमीले मेरा सबै हातहतियार रथमा राखेर पूरा तयार भई बस्नू । जुन वेला पनि म बोलाउन सक्छु । मेरो शङ्खध्वनिको सङ्केत पाएपछि तिमी तुरून्तै आउनू । मलाई अर्जुन नभई हुँदै हुन्न । भोलि मैले लाखौं राजा तथा राजकुमारहरूले सहित सम्पूर्ण कौरव सेनाको संहार गरेको दुनियाँले हेर्नेछ ।" यो अवस्था त परेन । कर्णले विरथ पारिएका सात्यकिको निमित्त दारूकलाई बोलाउनु पर्‍यो । सूर्य नअस्ताउँदै जयद्रथलाई भेट्टाउन चाहिं गाह्रो नै पर्‍यो । भगवान्‌ले अर्जुनलाई बताएर अर्को जुक्ति गरिबक्स्यो । सूर्यलाई न अस्ताउँदै अस्ताएको भान पारिदिने र फेरि उघारिदिएर न अस्ताएको देखाउने योगचमत्कार चाहिं देखाउनै पर्‍यो । भगवान्‌बाट रणक्षेत्रमा नै अर्जुनका रथका घोडालाई फुकाएर चराउने, घाउ धुने, नुहाइदिने, मलमपट्टी लगाउने, मल्ने जस्ता तल्सो तहका सूत सयेसले गर्ने काम भक्तका निमित्त गरिबक्स्यो । कर्णको अमोघशक्ति रहुञ्जेल अर्जुनलाई कर्णसंग भिडिनै दिइबक्सेन, कर्णले सात्यकिलाई बिताउन खोज्दा पनि, अर्जुनले सात्यकिलाई छुटाउन विन्ति गर्दागर्दै पनि– सात्यकि पनि भगवान्‌का अर्जुन जस्तै प्रिय थिए– दारूकलाई बोलाएर सात्यकि आपनो रथ बक्सेर अर्जुनलाई कर्णसंग लड्न दिइबक्सेन । कर्णले अर्जुनमाथि अमोघशक्ति हान्ला भन्ने महाडर थियो श्रीकृष्णलाई । त्यही शक्तिलाई नै खेर फाल्न जयद्रथ मारिएको दिन राति पनि अरू अरू नै खण्डबाट युद्ध चल्ने थिति पारिबक्स्यो श्रीकृष्णले । रात्रियुद्धमा कर्णले आपनो शक्तिबाट भीमसेनपुत्र घटोत्कचलाई मारे । पाण्डवपक्षका रोए, अर्जुन पनि रोए; त्यस्तो आपनो पक्षको महावीर घटोत्कच मरेकोमा पाण्डवपक्षमा सर्वत्र शोक र क्रोध छायो । तर श्रीकृष्ण धूमधाम खुशी होइबक्स्यो । घोडाका लगाम छोडेर हात हल्लाईहल्लाई उफ्रीउफ्री नटवर भगवान् नाचिबक्स्यो । श्रीकृष्णले 'अब मेरो अर्जुन बाँच्यो' भनी अर्जुनलाई अँगालो हालेर म्वाइँ खाइबक्स्यो, शिर सुँघिबक्स्यो, दङ्गदास परिबक्स्यो । हुकुम भो– "अब कर्ण मानिस भो, मार्न सकिने भो ।" कर्णसँग निर्णायक भिडन्त भएको वेलामा कर्णको नागबाणले अर्जुनको गर्धनबाट शिर अलग गर्ने थियो, भगवान्‌ले रासमा बल गरेर घोडालाई घुँडा मार्न लगाइ डेढ वित्ता पृथ्वी भित्र धसाएर अर्जुनको प्राण बचाइबक्स्यो । अर्जुनको किरीट मात्र भईंमा खस्यो । यस्ता प्रसङ्ग महाभारतमा यत्रतत्र छन् । अरूले अदृश्य चतुर्भुज रूप लिएर भगवान् अर्जुनको रथको अघि अघि लागिबक्सिन्थ्यो, शत्रुको संहार गरिबक्सिन्थ्यो, अर्जुनले पछिबाट ती मरिसकेकालाई मार्थे ।गीतामा युद्ध हुनुभन्दा पहिले नै हुकुम भएको थियो– "मैले मारिसकेकालाई तिमीले मार्ने हो, पीर नगर" ।

दुर्योधन पनि तिव्रा भाँचिई पछारिएपछि युद्ध एक किसिमले सकियो । तर धृतराष्ट्र र गान्धारीलाई कसरी सम्हाल्ने भन्ने ठूलो संकट पर्‍यो । महासाध्वी गान्धारीले सय छोरा जम्मै मरेको सुन्दा, आफ्ना सारा छोरीबुहारीहरूलाई वैधव्य दुःख भएको सम्झँदा पाण्डवहरूलाई क्रोधले र शोकले आविष्ठ भएर शापद्वारा भस्म पारिदिने हुन् कि ! जितेर पनि महाभय उपस्थित भो । स्वयं भक्तभयहारी भगवान् अघि सरिबक्स्यो । धृतराष्ट्रको राजदरबारमा पुगेर राजारानीको अगाडि डाँको छोडेर रुँदै दुर्योधनहरूको शोक गरिबक्स्यो, रुँदै धृतराष्ट्रको पाउमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिबक्स्यो; उहाँलाई सान्त्वना दिंदै गोडा मिचिबक्स्यो । यो नाटक गरेर धृतराष्ट्रहरूलाई ज्ञान गुनबाट समेत सम्झाइबक्स्यो । अधर्मले हानि हुनें बिषय दोहोऱ्याइबक्स्यो । युद्ध सकिएको रणक्षेत्रमा पुग्दा मरेका आफ्ना छोरा नाति बन्धु बान्धवलाई संझँदा, मरेकाका स्वास्नी छोराहरूले कङ्कुला शब्दसँग बिलौना गरेको सुन्दा धृतराष्ट्रको क्रोधाग्नि भित्रभित्रै बल्यो । उनले भीमसेनलाई स्नेहसंग बोलाए, अँगालो हाल्न खोजे । श्रीकृष्णले भीमसेनलाई पन्छाएर दुर्योधनले बनाइराखेको भीमसेनको फलामको खँदिलो मूर्ति अगाडि ल्याइबक्सियो । धृतराष्ट्रले त्यो फलामको भीमसेनलाई कन्याक कुरूक पारेर भाँचि फोरे । भगवान्‌ले भीमसेनको प्राण बचाइबक्स्यो । पाण्डवहरूलाई सबैतिरबाट बचाउने श्रीकृष्ण गान्धारीको कोपको भाजन बनिबक्स्यो । उनले श्रीकृष्णलाई छत्तीस वर्षमा आफ्नो यदुवंशको पनि त्यसै गरी बन्धुबाटै उठेको कलहबाट भएको संहार हेर्नु पर्ने र आफू पनि त्यसैमा पर्नुपर्ने सराप दिइन् । श्रीकृष्णले पतिव्रताको शाप ग्रहण गरिबक्स्यो; गान्धारीलाई उनले आफैंले र उनका छोरा दुर्योधनहरूले गरेको भूल सम्झाइबक्स्यो । भगवान् आफ्नो हानिको वास्ता गरिबक्सिन्न, भक्तको हानि हुन दिइबक्सिन्न, सर्वत्र उसको रक्षा गरिबक्सिन्छ, कल्याण गरिबक्सिन्छ ।

सम्पूर्ण महाभारत भगवान् श्रीकृष्णको कीर्तिगाथा र प्रेमगाथाले भरिएको छ । श्रीकृष्णको लीला चरित्र अपरंपार छ । यसको स्मरण गर्दा पनि पापनाश हुन्छ, यसको ध्यान गर्दा मङ्गल हुन्छ, सुखै सुख हुन्छ । श्रीकृष्णका लीलाहरू दुःखमा सुखको अनुभव गराउने, मृत्युमा अमृतको आनन्द दिने, बन्धनमा मोक्षको द्वार उघारिदिने स्वभावका छन् । श्रीकृष्ण सच्चिदानन्दघन पूर्णात् पूर्ण परमात्मा नै होइबक्सिन्छ । उहाँको लीलाचरित्र वर्णन गरेर गर्न सकिंदैन । वास्तवमा श्रीकृष्णलीलाचरित्र वर्णनीयभन्दा, श्रवणीयभन्दा बढी स्मरणीय हो, चिन्तनीय हो, ध्यानीय हो, भजनीय हो, अनुभवनीय हो । श्रीकृष्ण प्रभुका लीलामा आधिभौतिक, आधिदैविक, आध्यात्मिक परिपूर्णता छ । नररूपको सार्थकताको लागि शाल्वले मायाबाट वसुदेवको काटिएको शिर देखाउँदा श्रीकृष्णले केवल एक क्षण मोहको अभिनय गरिबक्सेको छ । यसदेखि बाहेक उहाँका सम्पूर्ण लीला ईश्वरीय छन्, सदा सर्वत्र परमेश्वरीय स्वाभाविक ज्ञानबलक्रियाशक्तिको चमत्कारले परिपूर्ण छन् । उहाँमा परिपूर्णता छ, उहाँ सोह्रै कलाले परिपूर्ण पूर्णावतार होइबक्सिन्छ । 'कृष्णस्तु भगवान् स्वयम्' । श्रीकृष्ण आर्यसंस्कृतिका परमाराध्यदेव, जीवनदाता आत्मा होइबक्सिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुन – देवराज इन्द्रको अंश लिएर कुन्तीको चौथो गर्भबाट जन्मेका अर्जुन पाण्डुका सार्हिला छोरा हुन् । अति उत्तम पुत्ररत्नको इच्छाले ऋषिमुनिहरूको उपदेश अनुसार महाराज पाण्डुले देवराज इन्द्रलाई र श्री सूर्यनारायणलाई प्रसन्न तुल्याउन एक गोडाले मात्र टेकेर वर्षदिनसम्म कठोर तपस्या गरेका थिए; महारानी कुन्तीले कठोर नियममा रही व्रत उपवास पूजापाठ गरेकी थिइन् । उनी जन्मंदा अनेक शुभ लक्षणहरू भएका थिए । 'सबै गुणगणले युक्त भएका पुत्रको उत्पत्ति भएको छ, यिनी संसारमा सर्वश्रेष्ठ वीर धनुर्धारी हुनेछन्, दैवी सम्पत्तिले सम्पन्न अनुपम भगवद्भक्त बन्नेछन्' भन्ने आकाश वाणी भएको थियो । अर्जुन दैवी प्रकृतिका सजीव साकार मूर्ति हुन् । उनमा उत्तम उत्तम गुणहरू भरी भरी थिए । उनी नारायणसखा तपस्वी नरका अवतार मानिन्छन् । नारायणलाई आफ्नो आराध्य बनाएर नारायणकै आज्ञा अनुसार (शास्त्रअनुसार) आचरण गर्ने नर कति महान् बन्छ भन्ने कुराको एक उदाहरण अर्जुनको चरित्र हो ।

अर्जुनको जन्म हिमालयको तपोवनमा भयो । उनका पिता महाराज पाण्डु हस्तिनापुरको समृद्धिशाली राजपाट, भोग विलास जम्मै त्यागेर शत शृङ्ग नामक जङ्गलमा दुइ महारानीका साथ धेरै वर्ष अघिदेखि तपः प्रधान वानप्रस्थ जीवन जिइरहेका थिए । ऋषिमुनिहरूसंगको सहवास, जप-तप, व्रत उपवास, पूजापाठ, श्रवणमनन, ध्यान समाधि आदि उनको जीवनचर्या थियो । पर्णकुटीको यही पवित्रतामा अर्जुनले पहिलो उन्मेष पाएका थिए । यही तपः पवित्र बाबु आमाको वात्सल्यमय काखमा अर्जुनको चेतना उघ्रँदै आएको थियो । दुइ दाजुहरू जस्तै ऋषिकुमारहरू उनका साथी भए । गोशाला, अग्निशाला, यज्ञमण्डप, ऋषिगोष्ठी, धर्मसभा आदि उनले देख्ने र सुन्ने विषय थिए । उनी जटा पाल्थे: नसिएको चीर लगाउँथे; फलफूल, तरुल भ्याकुर, नावो, साँवो आदि मुनि अन्न खान्थे; गाई चराउँथे; वन जान्थे, कुशसमिधाहरू बोकेर ल्याउँथे; गुरूसेवा गर्थे, कुशपालुवामा सुत्थे । शैशव कालको यो आर्य संस्कार अर्जुनको समग्र जीवनदर्शनको जग बनेको थियो ।

पाण्डुको देहान्त भएपछि माता कुन्ती तथा दाजुभाइहरूका साथ अर्जुन हस्तिनापुरको राजदरबारमा ल्याइए । पितामह भीष्मले बाबुको स्नेह दिएर उनलाई हुर्काए । अर्जुन भीष्मलाई 'बा' भन्थे, भीष्म चाहिं 'म तिम्रो 'बाको बा' बाज्ये हुँ' भन्थे । अर्जुनले बाबुबाट पाउने शिक्षा भीष्मबाट, आमाबाट पाउने अति उपदेश कुन्तीबाट, गुरूबाट पाउने शिक्षा कृपाचार्यबाट पाए । द्रोणाचार्य हस्तिनापुर आए, भीष्मले द्रोणको योग्यता बुझेपछि द्रोणलाई नै कृपाचार्यको सल्लाह अनुसार कुलपति बनाए । पहिलो भेटमा नै द्रोणाचार्यलाई बढी प्रभावित पार्ने र द्रोणाचार्यको बढी स्नेह र विश्वास प्राप्त गर्ने बालक अर्जुन भए । शिक्षक बन्न राजी भएका द्रोणले शिष्य बन्न आएकाहरूसँग भने 'जान्ने भएपछि तिमीहरूले मेरो इच्छा पुऱ्याइदिनुपर्छ' । सयौं शिष्य थिए, अरू कोही बोलेनन्; अर्जुनले अघि सरेर भने 'हस्, गुरू, म हजुरले चाहेको कुरा टक्याउँछु' । द्रोणाचार्य आनन्द र स्नेहले भरिए, अर्जुनलाई अँगालो हालेर उनको शिरमा मुण्टो अडाएर धेरै बेरसम्म धुरूधुरू रोए । शिक्षण प्रशिक्षणको क्रममा अर्जुन सबभन्दा उत्तम शिष्य देखिंदै आए, उनको विशिष्ट प्रतिभा फुर्दै आयो । द्रोणले अर्जुनलाई आपना चेलाहरूमा सर्वश्रेष्ठ धनुर्धारी बनाउने घोषणा गरे । अर्जुन प्रत्येक क्षण विद्याभ्यासमा लगाउन चाहन्थे । गुरूगृहमा सबैले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तै सेवा गर्नुपर्थ्यो। गुरूपुत्र अश्वत्थामालें पानी ल्याउने भाँडाको मुख ठूलो थियो, चाँडो पानी भरिन्थ्यो। अश्वत्थामा पानी लिएर तुरुन्त फर्किन्थे। अर्जुनले वारूणास्त्रबाट तुरुन्तै पानी भर्ने जुक्ति झिके र अझ चाँडो पानी ल्याएर विद्याभ्यासमा लाग्न थाले। खाँदा खाँदै एक दिन बत्ती निभ्यो, हात थालमा र मुखमा अँध्यारोमा पनि पुगिरह्यो। अभ्यास पुगेमा अँध्यारोमा पनि लक्ष्य–वेध हुँदो रहेछ भन्ने बुद्धि खुल्यो र अर्जुन अँध्यारोमा पनि धनुवाण चलाउने अभ्यास गर्न थाले। गुरूकुलमा छात्रहरूमध्ये अर्जुन युद्धविद्यामा सर्वश्रेष्ठ देखिए। द्रोणाचार्यले चेलाहरूको गुण-तारतम्यको निर्धारण गर्न लक्ष्यवेधपरीक्षा गरे। रूखको टुप्पोमा यौटा वनावटी चील राखियो, त्यसको आँखोको नानीलाई तारो मानियो। द्रोणलें धनुमा बाण चढाएर तारोलाई हेर्ने आज्ञा चेलाहरूलाई दिए, हान्नको निमित्त उभिने ठाउँ तोकियो। पालैसँग छात्रहरू त्यहाँ आउने, द्रोणले सोध्ने क्रम चल्यो। कसैले रूखलाई पनि, चीललाई पनि, गुरूलाई पनि साथीहरूलाई पनि देखिन्छ भने; कसैले रूख र चीललाई; कसैले चीललाई मात्रै। कसैले चीलको टाउकोलाई देखे। द्रोणले सबैलाई हटाए। अर्जुनको पालो आयो। उनले चीलको आखाको बीचको कालो नानीलाई मात्रै देख्छु भने। 'आँखा-लाई पनि देख्छौ' भनी सोध्दा 'नानीलाई मात्रै देख्छु' भने। बाण हान्ने आदेश भो, अर्जुनको बाणको टुप्पो चीलको आँखोको नानीमा गाडियो। अर्जुन सर्वश्रेष्ठ ठहरिए। अर्जुनले शस्त्रास्त्र विद्याका योग्य पात्र भएका हुनाले द्रोणबाट थरीथरी अस्त्रहरू प्राप्त गरे। अग्नि, वरूण, मेघ, वायु पर्वत आदि देवताका अस्त्रहरूका मन्त्र, रहस्य, उपनिषद्, प्रयोग संहार आदिका विधिपद्धतिहरू द्रोणले उनलाई उपदेश गरे। निद्रा पारिदिने जृम्भकास्त्र, मोहित पारिदिने संमोहनास्त्र पनि अर्जुनले पाए। थरीथरीका सैन्यसंगठनविधि, व्यूहनिर्माण, व्यूहभेदन, दुर्गसंरचना, दुर्ग विघटन आदिको विद्या उनले पाए। एक दिन सबै छात्रहरू सहित द्रोण स्नानको निम्ति गङ्गामा गएका थिए। द्रोणाचार्य स्नान गर्दै थिए, बडेमानको गोहीले द्रोणको गोडा समातेर तान्यो। द्रोण चिच्याए, प्राण संकट पऱ्यो। पानी भित्रको गोही, कसैले केही गर्न सकेन। एक क्षणको विलम्बले पनि द्रोणचार्यलाई गोहीको पेट भित्र पुऱ्याइदिन्थ्यो। अर्जुनले झटपट पाँच बाण हानेर पानीभित्रको गोहीलाई मारिदिए; द्रोणाचार्यलाई छुटाए। द्रोणाचार्यको ज्यान बाँच्यो। अत्यन्त प्रसन्न बनेका द्रोणले त्यहीं गङ्गामा ब्रह्मशिर नामक अस्त्र अर्जुनलाई दिए; यसका विधिनिषेधहरू सिकाए। यो ब्रह्मशिरभन्दा ठूलो अरु अस्त्र कुनै छैन; मनुष्यमा यसको प्रयोग गर्नु हुन्न; आपनो प्राणको बाधा पऱ्यो भने मात्र मनुष्येतर प्राणीमा अरूको हानि नचिताईकन प्रयोग गर्नुपर्छ; यसको निमित्त कठोर व्रत नियमको सँधै पालना गर्नुपर्छ। त्यसो गरेन भने यसलाई पुनः खिच्न सकिंदैन। गुरुको आज्ञा नलिई, अत्यन्त योग्य विश्वासी पात्रलाई बाहेक अरूलाई यो अस्त्रको उपदेश गर्नु हुँदैन। यो महान् अस्त्र पाएपछि मानिसबाट पाइने अस्त्रविद्या अरू बाँकी रहँदैन। यसरी अर्जुन सर्वश्रेष्ठ शस्त्रास्त्रवेता बने। कर्ण पनि द्रोणसंगै पढ्थे। उनी सूतपुत्र भनिन्थे, क्षत्रियकुमारको जस्तो इज्जत उनलाई हुँदैनथ्यो। उनी पनि योग्य छात्र थिए, तर अर्जुनको ज्यादै द्रोह गर्थे, पाण्डवहरूमाथि विनाहेतु रिस ईर्ख लिन्थे। त्यसैले द्रोणले उनीलाई उत्तम अस्त्रहरू पत्याएनन्। कर्ण द्रोणको अनुमति लिएर धेरै अघि नै परशुरामकहाँ पढ्न गैसकेका थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिर आदि छात्रहरूको शिक्षा समाप्त भो। छात्रहरूको ज्ञानको, सीपको प्रदर्शनको लागि समारोहको आयोजना भो। कृपाचार्यको र द्रोणाचार्यको निर्देशनमा प्रदर्शन शुरु भो। राजारानी भीष्म लगायत राजपरिवारका सम्पूर्ण सदस्यहरू, गुरुपुरोहितहरू, मन्त्री सचिवहरू, पौर जानपदहरू दर्शक थिए। युद्ध कौशलका रोमाञ्चकारी प्रदर्शनहरू भए, दर्शक चकित भए। नकुलसहदेवले तरवार युद्धको चमत्कारी प्रदर्शन गरे। भीम दुर्योधनले गदा युद्धको त्रासद प्रदर्शन गरे। गदायुद्धप्रदर्शन चर्कियो। कडा रूप लिन खोजे पछि द्रोणको आज्ञा अनुसार गदायुद्धको प्रदर्शन रोकियो। सबै छात्रले आआपना कौसल देखाइसकेपछि अर्जुन रङ्गशालामा बोलाइए। उनले धनुर्बाणविद्याको अत्यन्त रोमाञ्चकारी सीप देखाए। दिव्यास्त्रप्रयोगको चमत्कार देखिन थाल्यो। आग्नेयास्त्रले सर्वत्र आगो दन्कियो। वारुणास्त्रले घनघोर पानी पऱ्यो। बायव्यास्त्रले भगङ्गर हुरी चल्यो। पर्वतास्त्रले पहाड आएर हुरी रोक्यो। वज्रास्त्रले पहाडहरू चूर्ण भए। समस्त दर्शकहरू आश्चर्यचकितभए। धन्य धन्य, साधु साधुको आवाज सर्वत्र घन्कियो। गुरु द्रोणको, कृपको आनन्द अवर्णनीय भएको थियो। कुन्तीका आँखा र छातीबाट आनन्दका भल बगेका थिए। भीष्म, धृतराष्ट्र आदि सारा मान्यजनहरू आनन्दमा ओत प्रोत भएर गुरु चेलाहरूको प्रशंसा गर्दै आशीर्वचनहरू बोल्थे। प्रदर्शनसमारोह रोकिनै आँटेको थियो, मेघगम्भीर आवाजमा अर्जुनलाई ललकार्दै सिंहको जस्तो गठिलो, अग्लो धनुर्धारी वीर मञ्चमा पसे। सबैले देखे - परशुरामसंग पढेर भक्खर फर्केका कर्ण अर्जुनलाई हाँक दिंदै छन्। अर्जुन पनि लड्न कस्सिए, द्रोणाचार्यले पनि कर्णको हाँकबाट झोंक्किएर लड्ने अनुमति अर्जुनलाई दिए। पूरा वातावरण बदलियो। कौरवपक्ष र पाण्डवपक्ष छुट्टिएको देखियो। दुर्योधनहरू कर्णको पक्ष लिएर ताते। कर्ण र अर्जुन अखडा लिएर कस्सिए। कुन्तीको बेहाल भो, उनी मूर्च्छित भइन्, विदुरले वुरो बुझेर सुसारेहरूद्वारा उपचार गरेर उनलाई व्यूझाए। तर उनी अधीर भइन्, के गर्ने के नगर्ने थाहै नपाउने बनिन्। परिस्थितिको मार्मिकता बुझेर कृपाचार्यले अर्जुनको कुल, माता पिता, गोत्र, नाम जाति संस्कार सबै बताएर कर्णको पनि सोधे। कर्ण एकदम ओइलाए, गले। दुर्योधनले अघि बढेर कर्णलाई अङ्गदेशको राजा बनाए, त्यहीं राजतिलक र राज्याभिषेक दिए, भने– अब कर्ण राजा हुन्, राजासंग अर्जुनको युद्ध हुन्छ। यही बेला अचानक अर्को पर्दा आयो। धेरै वर्षपछि पढेर फर्केको, तत्काल राजा बनेको, वीर कर्णलाई देखेर उनलाई पाल्ने बाबु, बूढा सूत, अधिरथ लठ्ठीको सहारा लिएर, स्नेहले र हर्षले रूँदै, गद्गद हुँदै मञ्चमा आए। उनले कर्णलाई अँगालो हालेर, तत्काल अभिषिक्त शिरमा मुन्टो अडाएर अनेक आशीर्वाद दिए। अधिरथको आँशुमा नुहाएको शिर अधिरथको पाउमा नुहाएर कर्णले दण्डवत गरे। भीमसेन कुर्ले– 'राजपुत्र अर्जुनले सूतपुत्रसँग एक्ला एक्ली युद्ध गर्नु हुँदैन। सूतपुत्र, धनु र वाण छोडी लगाम र कोर्रा समाउनुपर्छ तिमीले'। कर्णले लामो सुस्केरा हाले, सूर्यतिर एक पटक हेरे, मञ्चमध्यबाट पर गए। रङ्ग समाप्त भो। अर्जुन बेजोड वीर ठहरिए। पहिलो समूहका छात्रहरूको समावर्तन भो, अर्जुनको पनि गुरुकुलवासको छात्रशिक्षा सम्पूर्ण भो। अब गुरुलाई सन्तुष्ट पार्ने दक्षिणा टक्याउने वेला भयो।

द्रोणचार्यले शिक्षणको आरम्भमा संकेत गरेको आफ्नो इच्छा खोले। 'पाञ्चालराज द्रुपदलाई पक्डेर युद्धवन्दीको रूपमा ल्याउनु गुरुदक्षिणा हो भनी उनले भने। द्रुपदसँग युद्ध भो। अर्जुन बाहेक युधिष्ठिर, भीम, दुर्योधन आदि सबैले युद्ध गरे। पाञ्चालको विशालसेनासँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौरवसेनाको केही लागेन । द्रुपदले सबैलाई हराएर धपाए । पछि अर्जुनले पाञ्चालसेनालाई तहस नहस पारेर द्रुपदलाई समाते, गुरू द्रोणका अगाडि ल्याएर चढाए । अपमानको बदला यति लिएपछि द्रोणको मन शान्त भो । द्रोणले पाञ्चाल राज्यको आधा द्रुपदलाई फिर्ता दिए; उत्तर पाञ्चालको राजा द्रुपदलाई बनाएर दक्षिण पाञ्चाल राज्यमा द्रोणले आपनो अधिकार जमाए; द्रुपदसँग भूमिपति बनेर मित्रता गरे । यसरी अर्जुनले द्रोणाचार्यको मनोरथ पूरा गरी गुरू-दक्षिणा टक्र्याए । कुनै अवस्थामा पनि नडग्ने गुरूभक्तिको छाप अर्जुनमा बस्यो । भीष्म पितामह, द्रोणाचार्य, कृपाचार्य आदि गुरूजनमाथि अर्जुनको श्रद्धा भक्ति अगाध थियो । उनको यो भक्तिभाव सँधै अटल र अडग रह्यो । उनमा रहेको कुनै भावले पनि यो भक्तिभावलाई कहिल्यै पनि जित्न सकेन । उनी संसारमा सर्वश्रेष्ठ वीर कहलिए; तर गुरूजनप्रतिको भक्तिभावका सामु उनका वीरता, शूरता, धीरता जम्मै जम्मै विलाउँथे । भीष्म, द्रोण आदि गुरूजनका समक्ष अर्जुन भक्ति भावले गर्दा बालक जस्तै रून्थे, स्नेहाप्लुत कोमल बन्थे । भीष्म, द्रोण आदि प्रतिको श्रद्धा भक्ति भावले नै महाभारत युद्ध शुरू हुने बेलामा अर्जुनको प्रतापी व्यक्तित्त्व जम्माको जम्मै दब्यो, उनलाई युद्ध त्यागेर भाग्ने अवस्थामा पुऱ्याएको । गीताज्ञानको उपदेशबाट मोह नष्ट भएर लड्न थालेपछि पनि युद्धमा भीष्म र द्रोणका सामु अर्जुन शिथिल हुन्थे, धकाउँथे, हच्कन्थे, कस्सिएर लड्न सक्तैनथे । श्रीकृष्ण यो अनुभव गरिबक्सिन्थ्यो र उनलाई उत्साहित पारि-रहिबक्सिन्थ्यो ।

द्रुपदविजय गरेको वर्षको अन्तमा युधिष्ठिरलाई धृतराष्ट्रले युवराज पदमा स्थापित गरे । आफ्नो पराक्रम र वीरताको प्रचार गर्न अर्जुनलाई आदेश दिइयो । अर्जुनले दिग्विजय गर्न थाले । महाराज पाण्डुले पनि वशमा ल्याउन नसकिएको सौवीर देश अर्जुनले जिते; महाबली विपुल नामक यवनलाई मारे । उत्तर दिशाको साथै पूर्व र दक्षिण तर्फका राज्यहरूमा पनि विजय गरेर अर्जुनले अपार धनराशि कुरूराज्यमा भित्र्याए । अर्जुनको, पाण्डवको बल वृद्धिमा धृतराष्ट्रको मनमा विकार पैदा भयो, असूया (डाहा) उठ्यो, उनलाई निद्रा पर्न छोड्यो । मन्त्री कणिकको कपट नीति, छलमारणउपाय सुनेपछि धृतराष्ट्रले वारणावतमा गुप्त रूपमा लाक्षागृहको निर्माण गराए; पाण्डवहरूलाई त्यहीं पठाए । विदुरको सहायताबाट पाण्डवहरू जलेको लाक्षागृहबाट सुटुक्क भागे । धृतराष्ट्रहरूले भित्रभित्रै हर्षित भएर बाहिर देखाउनको लागि दरबारमा र मुलुकभरी पाण्डवहरूको ठूलो शोक मनाए, अन्त्य कर्महरू गराए । उता पाण्डवहरू गुप्त ब्राह्मणवेष लिई एकचक्रा नगरीमा गएर ब्राह्मणका घरमा बसे ।

द्रौपदीस्वयंवरसमारोहको लागि पाञ्चाल देश जान लाग्दा बाटामा गन्धर्वहरूका राजा अङ्गारपर्ण चित्ररथसँग अर्जुनको युद्ध पऱ्यो । साँझ पख गङ्गाजीमा स्त्रीहरूका साथ चित्ररथ जलविहार गर्दै थिए । पाण्डवहरू सन्ध्योपासनाको लागि गङ्गामा गए । दुवै थरीको भनाभन हुँदाहुँदै अर्जुनको र चित्ररथको घमासान युद्ध भो । अर्जुनले आग्नेयास्त प्रयोग गरेर चित्ररथलाई परास्त गरे । चित्ररथले अर्जुनसँग मित्रता बाँधे । अर्जुनले चित्ररथलाई आग्नेय अस्त्रविधि सिकाइदिने, अङ्गारपर्णले अर्जुनलाई चाक्षुष विद्या सिकाइदिने सन्धि भो । चाक्षुषविद्याले तीन त्रिलोकमा भएका जुनसुकै वस्तु पनि चाहेको वेलामा देख्न सकिने हुन्छ । यो विद्याको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रभावले गर्दा नै हो, गन्धर्वहरू र देवताहरूमा दर्शनशक्तिको विशिष्टता भएको । यो विद्या लिन छ महिनासम्म एक गोडाले मात्र टेकेर नियमपूर्वक तपस्या गर्नुपर्छ । अर्जुनले आग्नेयास्त्र-को उपदेश तत्कालै दिए । चित्ररथले चाक्षुषविद्याको उपदेश अर्जुनको उक्त व्रत पूरा भएपछि गर्ने भए । चित्ररथले बूढा नहुने र वेग कम नहुने, गन्धर्वलोकका घोडाहरू प्रत्येक भाइलाई एकेक सय, परेको बेलामा दिने भए । "हितचिन्तक गुरू पुरोहित नभईकन भाग्योदय हुँदैन; महर्षि देवलका भाइ धौम्य यहीं वनमा उत्कोचक तीर्थमा तपस्या गरेर बसेका छन्, पुरोहित भइदिन" उहाँसँग प्रार्थना गर्ने सल्लाह मित्र चित्ररथले दिए । धौम्यले प्रार्थना स्वीकार गरे । उनलाई अघिलाएर ब्रह्मणवेषधारी पाण्डवहरू पाञ्चालदेश पुगे ।

सदा घुमिरहने गरी आकाशमा जालीभित्र भुन्ड्याइएको कृत्रिम माछोलाई तल पानीमा प्रतिबिम्ब हेरी निश्चित छिद्रबाट बाणले बेध्न सक्ने वीरलाई द्रौपदीले स्वयंवर गर्ने शर्त थियो । देशदेशका प्रतापी राजा महाराजा क्षत्रिय वीरहरू यो शर्त पूरा गर्न सफल भइरहेका थिएनन् । ब्राह्मणवेषधारी अर्जुन अघिसरे, सफलतापूर्वक लक्ष्यवेध गरी द्रौपदी प्राप्त हुने शर्त पूरा गरे । ब्राह्मण भन्ने कानेबुसीले खलबलको रूप लियो, कलह उठयो, युद्धको स्थिति आयो । युधिष्ठिर नकुल, सहदेवलाई लिएर डेरातिर लागे, भीम र अर्जुन आइलाग्नेहरूसँग लड्न थाले । अर्जुनले विरोधमा तम्सिएका सबैलाई जिते । कुमालेको घरमा डेरा थियो । द्रौपदी लिएर भीमार्जुन डेरामा पुगे, आमा कुन्तीसँग भिक्षा ल्यायौं भने । आमाले हेर्दै नहेरी सबैले मिलेर भोग गर भनिन् । यौटी दौपदी, पाँच भाइ, आमाको आज्ञा, धर्मसंकट पऱ्यो; राजा द्रुपद र उनका कुल कुटुम्ब ठूलो असमञ्जसमा परे । महर्षि व्यासदेव पाल्नुभयो; पञ्च पाण्डव पञ्चेन्द्र र द्रौपदी स्वर्गलक्ष्मी भएको रहस्य एवं दौपदीलाई पाँच पति प्राप्त हुने बरदान शिवजीले दिनुभएको पूर्व-कथा बताउनु भो, द्रुपदलाई र पाण्डवलाई दिव्यदृष्टि दिएर पञ्चेन्द्र र स्वर्गलक्ष्मीको दर्शन गराइ-दिनुभो । सबैको संशय हट्यो । द्रौपदीको पाँच जना पाण्डवसँग विवाह भो । पछि नारद ऋषिले आएर सहवासको व्यवस्था बाँधिदिए । यौटा भाइको पालो भएको समयमा अर्को भाइले द्रौपदी कक्षमा प्रवेश गऱ्यो भने बाह्र वर्ष वनवास जानु पर्ने व्यवस्था बाँधियो । द्रौपदीस्वयंवरको घटनाबाट धृतराष्ट्रले पाण्डवहरूलाई चिने । हस्तिनापुरमा सल्लाह भो, विदुरले पाण्डवलाई हस्तिनापुर फिर्ता लगे । भीष्म धृतराष्ट्रहरूले पाण्डवहरूलाई आधा राज्यको नाममा अरण्य प्रधान खाण्डव प्रस्थ नामक जङ्गलमा पठाए । पाण्डवहरूले आफ्नो पौरखबाट आवाद गरे, बस्ती बसाए, इन्द्रप्रस्थ नामक राजधानी बनाएर राज्य गर्न थाले ।

अर्जुन नियम र मर्यादाका पूर्ण परिपालक थिए । ब्राह्मणका गाईवस्तु डाँकाले लुटेर लगेछन्, ब्राह्मण गुहार माग्दै आए, अर्जुनका हातहतियार भएको कोठाभित्र युधिष्ठिर द्रौपदीका साथमा थिए । सङ्कट पऱ्यो, ब्राह्मणगोरक्षा सर्वोपरि कर्तव्य थियो । युधिष्ठिरद्रौपदीको खोपीमा पसी हातहतियार लिएर अर्जुनले ब्राह्मणको गोधन फिर्ता ल्याए । वनवास जानु पर्ने भो । दाजु बसेको बेलामा भाइ कोठामा पस्नु नहुने हैन भनी युधिष्ठिरले धेरै जोड गर्दा पनि अर्जुन मर्यादापालन गर्नको खातिर बाह्र वर्षको निम्ति वनवास गए । अर्जुनले अनेक तीर्थ, वनजङ्गल, धाम मन्दिरहरूको दर्शन गरे, साधुसन्तहरूको संगत गरे, अनेक राज्य र शहरहरू घुमे । गङ्गा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वारमा नुहाउन लाग्दा अर्जुनलाई ऐरावतनागका कुलका कौरव्य नागकी कन्या उलूपीले नागलोकमा पुऱ्याइन् । अर्जुनको उलूपीसँग विवाह भो । उलूपीले अर्जुनमा जलभित्र कसैले पनि जित्न नसक्ने शक्तिको आधान गरेर गङ्गाद्वारमा नै ल्याइदिइन् ।आवश्यकता अनुसार भेंट गर्ने सल्लाह भयो। त्यहाँबाट पूर्वतिर जाँदा जाँदै अर्जुन मणिपुरमा पुगे । त्यहाँ चित्रबाहन राजासँग भेंट भो। उनको आतिथ्यमा अर्जुन बसे । मणिपुरका प्राचीन राजा प्रभञ्जनले शिवजीको तपस्या गरेछन् । प्रसन्न हुनु भएका शिवजीले मणिपुरका राजाको कुलमा एकेक सन्तान हुने वरदान दिनु भएको रहेछ । चित्र वाहनको पनि एक मात्र सन्तान चित्राङ्गदा रहिछन् । उनको पनि यौटै मात्र सन्तान हुने त्यो सन्तान जसले आफूलाई दिन्छ त्यससँग चित्राङ्गदाको विवाह गर्ने शर्त राखिएको रहेछ। चित्रवाहनको अनुरोधमा अर्जुनले चित्राङ्गदासँग विवाह गरेर त्यहाँ उनी तीन वर्ष बसे । गर्भ रह्यो, फेरि आउने वचन दिएर अर्जुन त्यहाँबाट गए । अर्जुन पञ्चाप्सरस्तीर्थमा पुगे । ब्राह्मणको सरापबाट ग्राह बनेका पाँच अप्सरा– वर्गा, सौरभेयी, समीची, बुद्बुदा, लता– पाँच पोखरीमा बसेका थिए । अर्जुनले पाँचै पोखरीमा स्नान गरे, उनको स्पर्शले पाँचै अप्सराले ग्राहयोनिबाट मुक्त भई आफ्नै रूप र स्थान पाए । ऐरावत नागको विशेष अनुरोध अनुसार अर्जुनले ऐरावतकी निःसन्तान विधवा बुहारीमा (इरावती) इरावान् भन्ने छोरो पैदा गरे । इरावान्लाई नागलोकमा नै आमाले राखिन् र हुर्काइन् । अर्जुन मणिपुरमा फेरि गए । चित्राङ्गदाको छोरो जन्मिसकेको थियो, उसको नाम वभ्रुवाहन राखिएको थियो । अर्जुनबाट जन्मेको पहिलो छोरो वभ्रुवाहन नै हो । अश्वमेध सम्बन्धी पछिको युद्धमा वभ्रुवाहनबाट अर्जुन मारिए र नागकन्या उलूपीको जुक्ति बुद्धिबाट, भगवान् श्रीकृष्णको अनुग्रहद्वारा अर्जुनको शिर जोडेर पुनर्जीवन भयो । इरावान्सँग चाहिं दोस्रो बाह्र वर्षे वनवासको अवधिमा अर्जुन देवलोक गएको वेला भेंट भयो; भीष्म सेनापति भएको वेला महाभारत युद्धमा पाण्डव तर्फबाट इरावान्ले नागसेना लिएर युद्ध गरे, त्यहीं वीर गति प्राप्त गरे । अर्जुन यही बाह्र वर्षे वनवासको सिलसिलामा तीर्थ घुम्दै द्वारका पुगे । मामाघरमा विशेष खातिरदारी भयो । बलराम श्रीकृष्णले केही दिन बस्ने आग्रह गर्नुभयो । वनवासी तापसवेषमा अर्जुन द्वारका बसे । सुभद्राको र अर्जुनको परस्पर पूर्वराग भयो । बलरामजी सुभद्राको विवाह आफ्नो प्यारो चेलो दुर्योधनसँग गर्न चाहनु हुन्थ्यो । श्रीकृष्णले अर्जुन र सुभद्रा परस्परमा आकर्षित भएको बुझेर अनुमोदन गर्नुभो । अर्जुनले सुटुवक युधिष्ठिरसँग सोध्न पठाए, युधिष्ठिरको पनि अनुमति प्राप्त भएपछि अर्जुनले सुभद्राहरण गरे । बलराम र अन्य यदुवंशी युद्ध गर्न तयार भए; तर श्रीकृष्णले दाजुलाई सम्झाइबक्स्यो । अर्जुन सुभद्रालाई यदुवंशीले आदरसत्कारपूर्वक बाटैबाट द्वारका फर्काए, राम्रोसंग विवाह भो । अर्जुन एक वर्ष द्वारकामा नै बसे । बाह्र वर्षको वनवास पूरा भो, सुभद्रालाई लिएर अर्जुन खाण्डव प्रस्थमा फर्के । सुभद्रालाई कुन्तीको र द्रौपदीको स्याहारसुसार गर्ने काममा अर्जुनले खटाए । द्वारकाबाट दाइजो लिएर बलराम कृष्णहरू पनि पाण्डवकहाँ सवारी भो । यसरी अर्जुनका द्रौपदी, उलूपी, चित्राङ्गदा र इरावती चार रानी भए । द्रोपदीबाट श्रुतकीर्ति, सुभद्राबाट अभिमन्यु, चित्राङ्गदाबाट वभ्रुवाहन, इरावतीबाट इरावान् समेत चार छोरा भए, उलूपीबाट सन्तान भएन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान श्रीकृष्ण र अर्जुन खाण्डव वनतिर घुम्दै हुनुहुन्थ्यो। ब्राह्मणको वेषमा अग्निदेवले भेट्नुभो। श्वेतकि नामक महाराजको अनेकवर्षव्यापी यज्ञहरूमा होमिएको मोटो अविरत घृतधारा-बाट अग्निदेवलाई अजीर्ण भएको थियो। खाण्डववन पूरै डढाउन पाए त्यहाँका जरीबुटी, रुखलहरा, झार-पात र प्राणी खाँदा रोग निको हुन्छ भन्ने अग्निदेवको विश्वास थियो। कृष्णार्जुनसँग उहाँले अनुरोध गर्नुभो। खाण्डव वन देवराज इन्द्रको संरक्षित वन थियो। उहाँलाई नमनाई अथवा नहराई खाण्डव दाह असम्भव थियो। मात्रै त कुरै थिएन, हराउनु पर्ने भो, यसको निम्ति वीरताले मात्र नपुग्ने, युद्धका निमित्त योग्य साधन पनि चाहिने सल्लाह भो। अग्निले वरूणदेवको समेत सहायताबाट साधन जुटाउनु भो। कृष्णलाई सुदर्शनचक्र; अर्जुनको निम्ति गाण्डीव धनु, कहिल्यै पनि बाण नसकिने दुइ टोक्रा, अरू बाण आदि हतियार, सबै युद्धोपकरणयुक्त, दिव्य घोडा जुतेको, वानरध्वज भएको, देवदानवले समेत बिगार्न नसकिने दिव्यरथ अग्निदेवले दिनुभो। अर्जुन स्वयं अनुपम धनुर्धारी वीर, भगवान् श्रीकृष्णको साथ, दिव्य धनुर्वाण रथहरू, अग्निदेवको प्रसाद विल-क्षण अलौकिक संयोग भो। अग्निदेवले वन डढाउन थाल्नुभो; कुनै प्राणी पनि बाहिर निस्कन नपाउने गरी अर्जुनले वाणको पिंजरा जस्तो गरी जङ्गललाई बाणवर्षाले घेरे। इन्द्रले हुनुसम्म बिघ्नविरोध गरे पनि केही लागेन, अर्जुनले दबाए। अग्निले समस्तप्राणी सहित खाण्डववन पूरै खानुभो। तक्षक त्यहाँ रहेनछन्, बाँचे। उनका छोरा अश्वसेनलाई आमाचाहिंले पेटमा लिएर इन्द्रको सहारालै निस्केकी थिइन्। अर्जुनले बाण हाने, उनी मरिन्। अश्वसेन उनको मुखबाट निस्केर भागे, उनी अर्जुनको प्राणान्तक शत्रु बने। मय दानव अर्जुनकै प्रसादबाट बाहिर निस्के, जनम भरीको अभिन्न मित्र बने। उनकै सहारावाट खाण्डव वन डढेकै ठाउँमा शहर बसाउन, राजदरबारहरू बनाउन, अलौकिक राजसभा निर्माण गर्न पाण्डव सफल भए। खाण्डव-प्रस्थको नाम अब इन्द्रप्रस्थ भयो, अत्यन्त समृद्धिशाली पूर्ण वैभवशाली राज्यको रूपमा पाण्डव राज्य विकसित भयो।

महाराज युधिष्ठिरले इन्द्रप्रस्थ बनेपछि राजसूय यज्ञ गरे। अर्जुनले र अरू तीन भाइले भगवान् श्रीकृष्णको सहारावाट पूरा दिग्विजय गरे। भारतका सारा राजाहरूले युधिष्ठिरलाई महाराज स्वीकार गरेर कर उपहारहरू टक्याए। पाण्डवहरूको अतुलनीय चकचकी भो। अर्जुनको वीरता विश्वविख्यात भो। उनको सामु कुनै वीर पनि शिर उठाएर ललकार्न नसक्ने भो। धृत-राष्ट्रका खानदानलाई यो सह्य भएन। पाण्डवहरू आफ्नो पौरखबाट, क्षात्र धर्मबाट सम्पन्न बने; धृतराष्ट्रका खलकले छलकपट, धोखाबाजी गुण्डाबाजी गर्दै आए। अझ त्यसै गर्ने षडयन्त्र उनीहरूले गरे; युधिष्ठिरलाई छलकपटबाट जूवामा हराई पाण्डवहरूको बेइज्जती गरे, भरी राजसभामा याज्ञसेनी द्रौपदीलाई दासी जस्तो व्यवहार गरी निर्वस्त्र बनाउने प्रयत्न गरे। कौरवले अर्को कपट जूवामा हराएर पाण्डवलाई बाह्रवर्ष वनवास र एक वर्षको गुप्तवासमा पठाई पाण्डवका राजकाज, धनसम्पत्ति, धन सम्पत्ति जम्मै जफत गरी लिए। अर्जुनले यसो हुँदा पनि जुवा खेलेकोमा दाजुसँग अलिकति पनि नराम्रो मानेनन्, उनी दाजुका परमभक्त थिए, दाजुको इच्छा र कामलाई विरोध गरेनन्।

वनवासको समयमा अर्जुनले गन्धर्वसैन्यमाथि विजय गरी दुर्योधनलाई छुटाएं। तेह्र वर्ष-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पछि कौरवसँग युद्ध गर्नुपर्ने संभावना धेरै भएकोले त्यसको निमित्त आवश्यक पूर्व प्रबन्ध गर्नुपन भयो। भीष्म, द्रोण, कृप, कर्ण जस्ता महावीरहरूसँग युद्ध गर्नको लागि अर्जुनकै आड परमावश्यक भएकोले उनलाई नै अझ बढी शक्तिसम्पन्न बनाउनुपर्ने निश्चित भयो। महर्षि भगवान् व्यासदेवले अर्जुनलाई पाशुपतविद्याको उपदेश गर्नुभो। सो विद्याको अनुष्ठानद्वारा हिमालयमा कठोर तपस्या गरेर अर्जुनले पशुपतिनाथको आराधना गरे। कठोर व्रतनिष्ठा, अटल तपस्याबाट भगवान् पशुपतिनाथ प्रसन्न हुनुभो; शिकारी किराती रूपमा उहाँले दर्शन दिनुभो। अर्जुनको साहस र वीरताको अझ पारख गर्नु थियो। बँदेल शिकारको विषयमा अर्जुनको र किरातवेषी पशुपतिको कलह उठ्यो, युद्ध भो, हतियार चल्यो, आखिरमा कुश्ताकुश्ती पनि पऱ्यो। अनुपम वीरता र साहसबाट समेत प्रसन्न एवं विश्वस्त हुनुभएका पशुपतिनाथले पाशुपत अस्त्रका साथै विजयको वरदान दिनुभो। अर्जुनका दैवगुण र तपस्याबाट इन्द्रका साथै सबै लोकपालहरू प्रसन्न हुनुभो। उहाँहरूको प्रसादबाट अर्जुन सशरीर स्वर्ग पुगे। अर्जुनको स्वर्गमा ठूलो आदर सत्कार भो। सबै देवताहरूले उनलाई गतिला शस्त्रास्त्र प्रदान गरे। इन्द्रको अर्द्धासन उनीलाई दिइयो। यक्ष गन्धर्व अप्सराहरूले संगीत नृत्यहरूको प्रदर्शन गरे। उनको सत्कारको प्रसङ्गमा देवराज इन्द्रले अप्सरा उर्वशीलाई उनको सेवा गर्न अह्राए। भावनाप्रधान वीरवर अर्जुनको दैवगुण र मानवसौन्दर्यबाट उर्वशी आफैं मोहित भैसकेकी थिएन्। स्वर्गकी सर्वश्रेष्ठ अप्सरा उर्वशीले आफ्नो सर्वोत्तम मोहक सौन्दर्य, नित्यनूतन लावण्यमय तारूण्य पूर्णरूपमा समर्पित गर्दै कामदानको प्रार्थना गरिन्। अर्जुनले कामविजयी पवित्र चरित्रको परिचय दिए। देवराजभोग्या, पुरूरवामहिषी उर्वशीलाई अर्जुनले कुन्ती जस्तै, इन्द्राणी जस्तै पूजनीय, वन्दनीय माताको रूपमा सम्मान र श्रद्धा भक्ति देखाए। त्यागप्रवण ऋषिमहर्षिलाई पनि विचलित पार्ने, देवदानव प्रार्थनीय, सामान्य मानवले आशा नै गर्न नसकिने अनुपम सुन्दरीको प्रार्थना कुण्ठित हुँदा, सत्कृत नहुँदा तारूण्यगर्वको, सौन्दर्याभिमानको आगो बल्यो; अतिक्रुद्ध उर्वशीले अर्जुनलाई नपुंसक बन्ने सराप दिइन्। कामबिजेता, मर्यादाप्राण अर्जुनले त्यो कठोर सरापलाई सहर्ष शिरोपर गरेको देख्दा क्रुद्धाको क्रोध गल्यो, करूणा र विनयको शीतलता उदायो, त्यो सराप केवल एक वर्षको अवधिका लागि सीमित भयो। अर्जुन क्रोधमा पनि, शीतलतामा पनि डगेनन्। देवप्रशंसनीय माहात्म्य उनले प्राप्त गरे। स्वर्गमा रहेकै अवधिमा उनले गन्धर्वराज मित्र चित्ररथको समेत सहायताबाट उच्च कोटिको नाचगान एवं अन्य ललितकलाको सैद्धान्तिक एवं प्रायोगिक ज्ञान प्राप्त गरे। महाराज इन्द्रको आज्ञा अनुसार देवताहरूलाई दुःख दिइरहने महाबली दानव निवातकवचहरूको संहार गरे। पृथिवीमा प्रख्यात भैसकेको आफ्नो वीरगाथा स्वर्गमा पनि फैलाएर अर्जुन मातलिले हाँकेको इन्द्ररथमा चढेर दाजुहरूकहाँ फर्के।

विराट राजाको दरबारमा गुप्तवास बस्दा अर्जुनले नपुंसक बनेर बृहन्नलाको नामबाट नाचगान आदि कला सिकाउँदा उर्वशीले दिएको सरापलाई वरदानको रूपमा परिणत गरे। नपुंसक वृहन्नलाकै रूप लिएको वेला उत्तर कुमारको रथ हाँकेर अर्जुन विशाल कौरवसैन्यका समक्ष पुगे। उत्तरकुमार डराउँदा स्वयं वृहन्नलाले युद्ध गर्नुपर्ने स्थिति आयो। पाण्डवहरूको गणनाबाट गुप्तवासको अवधि सकिएको थियो। वनवासमा रहँदा भीष्मद्रोणरहित, कर्णदुःशासनादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहित कौरवसेनालाई परास्त गर्ने गन्धर्वसेनालाई जितेर अर्जुनले कौरवविजयीलाई पनि जित्ने आफ्नो वीरता तीन भाइका साथमा देखाइसकेका थिए। अब भीष्मद्रोणादिले पनि सहित कौरव सेना भीमादि दाजुभाइले पनि रहित अर्जुनका समक्ष आक्रामक भारी शस्त्रास्त्रले सुसज्जित भएर खडा थियो। सन्धि हुन नसकेमा निकट भविष्यमा नै दुर्योधनको कौरवपक्षसँग युद्ध हुने बलियो संभावना थियो। यस्तो मर्मकटु अवस्थाको युद्धमा अर्जुन अकस्मात् फस्न आइपुगेका थिए। धर्म-निष्ठा र भगवत्कृपाको अदृष्ट महिमा, भीष्म, द्रोण, कृप, कर्ण, दुर्योधन, दुःशासन आदि अनेक महावीरहरूले हाँकिएको कौरवसेनालाई एकलैले जितेर अर्जुनले आफ्नो सर्वश्रेष्ठ वीरत्वको परिचय दिए; विराटराजाका हरिएको गोधन फिर्ता लिए। पाण्डवहरू छद्मवेष छोडेर निजी वेषमा आए-पछि मत्स्यदेशका राजा विराटले आफ्नी छोरी उत्तरासँग विवाह गर्ने प्रार्थना गर्दा आफूले विवाह नगर्ने, छोरा अभिमन्युको विवाह गर्ने वचन दिएर अर्जुनले आफ्नो मर्यादामा र अनुशा-सनमा निष्ठाको र कामविजयी स्वभावको अर्को परिचय दिए।

अर्जुनको निस्ति वासुदेव श्रीकृष्णभन्दा ठूलो कोही थिएन, केही थिएन। शस्त्रास्त्रसुसज्जित एक अक्षौहिणी नारायणी सेनालाई छोडेर निरस्त्र एकलो श्रीकृष्णलाई उनले महाभारत युद्धमा रोजे। श्रीकृष्ण-ले महाभारत युद्धमा अर्जुनको रथ हाँक्ने काम सकारिबक्स्यो। युद्ध आरम्भ हुने वेलामा श्रीकृष्णको मन्त्रणा अनुसार भगवती दुर्गाको आराधना अर्जुनले गरे। दुर्गाले अन्तरिक्षमा प्रत्यक्ष दर्शन र विजयको वरदान बक्सियो। भीष्म द्रोण आदि साथिको भक्तिभाव र बन्धुबान्धवमाथिको स्नेहभावले महाभारत युद्ध शुरू हुने वेलामा अर्जुनको समग्र व्यक्तित्व दब्यो। श्रीकृष्णबाट गीताज्ञानको उपदेश पाए-पछि संशय छिनेका अर्जुनले भगवान्कै सहाराबाट महाभारत युद्ध लडे। पूर्णज्ञान पाइसकेपछि पनि दृढताको निस्ति समयको र अभ्यासको परिपाक नपुगेको हुँदा अर्जुन बराबर विचलित बन्थे। भीष्म र द्रोणका सामु अर्जुन कस्सिएर लड्न सक्तैनथे, धकाउँथे, हच्कन्थे,। यसै हुनाले भीष्म-सँगको युद्धमा श्रीकृष्णले आफ्नो प्रतिज्ञाको वास्ता छोडेर दुइ पटक भीष्मलाई मार्न भनेर दौडनुपर्‍यो। दुवै पटक अर्जुनले राम्ररी लड्ने किरिया हालेर श्रीकृष्णको पाउ तानेर रोकेका थिए। नवौं दिनको युद्ध सकिएपछि राति पाण्डव छाउनीमा युद्धविषयक चर्चा भो, श्रीकृष्णले मीठो भाषामा अर्जुनलाई नै छेड हानिबक्स्यो, 'अर्जुनले भीष्मलाई लडाउने प्रतिज्ञा गरेका छन्। तत्र म आफैं हजुरको (युधिष्ठिरको) आज्ञा पाए भीष्मलाई सिध्याउने थिएँ।' दशौं दिनमा भीष्म आफैं वाक्क भैसकेका थिए, दुर्योधनका वाग्बाणबाट दिक्क भई शरीर छोड्न तयार भैसकेका थिए। भीष्मले अघिल्लो राति बाण हान्ने आज्ञा पनि दिइसकेका थिए। तै पनि अर्जुन शिथिल नै थिए, उनले श्रीकृष्णसँग विन्ति गरे 'हे प्रभु, मलाई कौरवहरूले मारिरहून्, जितून्, म भीष्मसँग युद्ध गर्दिन। प्रभु, जो आज्ञा ? श्रीकृष्णबाट क्षात्रधर्मको मर्म बुझाइबक्स्यो; उनले पहिले गरेको प्रतिज्ञा सम्झाइबक्स्यो; वास्तवमा श्रीकृष्णको आज्ञा शिरोपर गरी अर्जुन भीष्मसँग लडेका थिए। द्रोणा-चार्य प्रति पनि अर्जुनको यस्तै भाव छ, अझ बढी श्रद्धाभक्ति छ। चक्रव्यूहभित्र एक्लो विरथ अभिमन्युलाई,, द्रोण, द्रोणपुत्र, कृप समेत मिलेर मारे। शोकले र रोषले बहुलाउँदा पनि उनले द्रोणहरूसँग कत्ति पनि नमीठो लिएनन्। जयद्रथबध हुने दिनको युद्ध सबभन्दा घोर युद्ध थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूर्य नअस्ताउँदै जयद्रथलाई मार्न नसके अर्जुनले चितामा पसेर मर्नुपर्थ्यो । जयद्रथलाई जसरी पनि बचाउने प्रतिज्ञा द्रोणले गरेका थिए । अर्जुनलाई असफल बनाउने कौरवपक्षको सर्वोपरि प्रयत्नमा सर्वप्रमुख भूमिका द्रोणको नै थियो । यी कुराहरूले पनि अर्जुनको द्रोणाचार्यप्रतिको गुरूभक्तिमा कत्ति पनि प्रतिकूल असर पारेन । सो दिनको युद्धको आरम्भमा अर्जुनले भनेका थिए– 'गुरू, हजुर मेरो बाबुसरह हुनुहुन्छ । म हजुरको छोरोसरह हुँ, अश्वत्थामा जत्तिकै रक्षणीय हुँ । हजुरकै अनुग्रहबाट सिन्धुराज जयद्रथलाई मार्न चाहन्छु, गुरू, मेरो प्रतिज्ञा पूरा हुन दिइबक्स्योस् ।' अर्जुनको वीरताको चमत्कार सोही दिन देखियो । उनले मात्र सो दिन आठ अक्षौहिणी सेनालाई तहसनहस पारे । शकटव्यूहभित्रको सूचीमुख व्यूह, त्यसभित्रको पद्मव्यूह, त्यसको पनि मध्यगर्भ कर्णिकारस्थलमा आठ महारथीहरूले आफ्नो दलबलसहित घेरेर रक्षा गरिराखिएको महावीर सिन्धुराज जयद्रथको बध गरेर अर्जुनले सबैलाई चकित पारे, स्तब्ध बनाए । द्रोणको उग्र प्रतापबाट पाण्डवसैन्य भस्म हुन थाल्यो । अश्वत्थामा मरे भन्ने झूठो समाचार द्रोणलाई सुनाउने सल्लाह श्रीकृष्णले झिकिबक्स्यो । अर्जुनले यो कुरा मानेनन् । धृष्टद्युम्नले शस्त्र छोडी योगस्थ भएका द्रोणको शिर काटेकोमा अर्जुनलाई सारै चित्त दुख्यो । द्रोणाचार्यलाई मिथ्या समाचार भ्रामक रूपमा युधिष्ठिरले समेत सुनाएकोमा उनी रूष्ट थिए । पितृबधबाट अतिक्रुद्ध अश्वत्थामाले उग्र पराक्रमबाट पाण्डव सैन्यको र द्रोणघाती धृष्टद्युम्नको संहार गर्न लाग्दा उनी उदासीन जस्तो बने । उनले नमीठोसँग भने "गुरू द्रोण माथि धोका भो; गुरूले हजुरमा (युधिष्ठिरमा) र ममा ठूलो पत्यार गर्नुभएको थियो; हजुरले सत्यको पोशाकमा असत्य बोलेर गुरूको घात गराउनुभो, मैले रोक्न सकिन । दुर्योधनहरूले जम्मै राज्य र धन सम्पत्ति गुरू द्रोणाचार्यलाई चढाएका थिए, तै पनि उहाँ हामीमा, ममा बुबाले जस्तै स्नेह गर्नुहुन्थ्यो, उहाँलाई हामीले धोका दिएर मार्‍यौं । अश्वत्थामाको क्रोधाग्निले जे गर्छ, गरोस् म त केही गर्न सक्तिन ।" उनको व्यक्तित्वभरी रहेको गुरू भक्ति शब्दशब्दबाट प्रकट हुन्थ्यो ।

अर्जुन सर्वश्रेष्ठ धनुर्धारी थिए, आफ्नो धनुको ठूलो इज्जत गर्थे । गाण्डीवधनुको निन्दा गर्ने जो सुकैलाई मार्ने उनको प्रतिज्ञा थियो । कर्णका बाणबाट क्षतविक्षत भएका युधिष्ठिर ज्यादै खिन्न थिए, अर्जुनले कर्णलाई मार्न नसकेकोमा उनलाई अत्यन्त क्षोभ भैरहेको थियो । युधिष्ठिर धेरै घाइते भएको कृष्णार्जुनलाई थाहा भयो । उहाँहरू छाउनीको युधिष्ठिरकक्षमा आउनुहुँदा कर्णलाई मारेर आएका हुन् भन्ने युधिष्ठिरलाई लाग्यो । कर्णलाई मारिनसकेको थाहा पाउँदा युधिष्ठिर झोंक्किए; च्याँठिएर अर्जुनको वीरतालाई, हातहतियारलाई, गाण्डीव धनुलाई धिक्कारे । अब ठूलो सङ्कट खडा भो । प्रतिज्ञा अनुसार अर्जुनले युधिष्ठरलाई मार्नुपर्‍यो । अर्जुनले युधिष्ठिरलाई मारेपछि अर्जुन स्वयं पनि बाँच्दैनथे, प्रायश्चित्तको रूपमा पनि मर्थे, एवं क्रमले सर्वसंहारै हुन्थ्यो । श्रीकृष्णबाट सबै सङ्कट टर्‍यो । गुरूजनको अपमान गर्नु, निन्दा गर्नु हत्या गर्नु हो; आफ्नो प्रशंसा आफैंले गर्नु आफूलाई मार्नु हो । श्रीकृष्णको निर्णय अनुसार अर्जुनले युधिष्ठिरलाई तँ तँ को भाकामा तिरस्कार गरे; त्यसको प्रायश्चित्त स्वरूप आफ्नो धाक आफैंले लगाए । अर्जुनको गालीबाट जोगी भएर वन जान खोजेका युधिष्ठिरलाई श्रीकृष्णबाट सबै कुरा सम्झाइबक्स्यो, पाण्डव पक्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महासङ्कट टऱ्यो। युधिष्ठिरार्जुन कलहको समाधान भएपछि श्रीकृष्णले अर्जुनलाई सीधै युद्धमा उग्र पराक्रम गरिरहेका महाबली कर्णको सामु पुऱ्याइबक्स्यो। अर्जुनले कर्णसंगको द्वैरथ युद्धमा अद्भुत पराक्रम देखाए। श्रीकृष्णको निर्देशनमा उनले कर्णको संहार गरे। त्यसका भोलिपल्ट शल्य बिते, दुर्योधनलाई भीमले तिघ्रा भाँचेर लडाए। दुर्योधनशिबिरमा पुगेपछि भगवान् श्रीकृष्णलें अर्जुनलाई र सबै हातहतियारलाई रथबाट ओर्लन, ओराल्न लगाइबक्स्यो र पछिबाट आफू उत्रिबक्स्यो। भगवान् श्रीकृष्णले छोड्ने बित्तिकै ध्वजाबाट हनुमान जानु भो, आगो उठ्यो, खाण्डवदाहको बेला अग्निदेवले दिनुभएको रथ अग्निकै जिम्मा लाग्यो, घोडा समेत पूरा रथ जलेर खरानी भो।

अर्जुन अद्वैतदर्शी परम भक्त थिए। उनी बिनाभेदभाव भगवान् शङ्करको र नारायणको भक्ति गर्थे। महाभारत युद्ध भरी अर्जुनलें आफ्नो अघिअघि शूलपाणि शङ्करलाई देख्थे। दन्केको अग्नि जस्तो, मध्यान्हको सूर्य जस्तो, अग्लो, हातमा डरलाग्दो त्रिशूल लिएको पुरुष, भगवान् महेश्वर अर्जुनको रथको अघिअघि जानुहुन्थ्यो। उहाँको पाउले भुइँ छुँदैनथ्यो। उहाँको जाज्वल्यमान त्रिशूलबाट सयौं हजारौं त्रिशूलहरू छुटिरहन्थे, शत्रुसैन्य तिनैबाट ध्वस्त हुन्थे। त्यसो गर्दै उहाँ जताजता जानु हुन्थ्यो, अर्जुनको रथ त्यतात्यता नै जान्थ्यो। उहाँका त्रिशूलबाट छुटेका त्रिशूल जसजसमा पर्थो, अर्जुनका बाण त्यसत्यसमा नै लाग्थे। पशुपतिनाथका शूलबाट नष्ट भैसकेका सैन्यलाई अरूहरू अर्जुनका हतियारबाट नष्ट भएको देख्थे। भगवान् पशुपति नाथको यो चमत्कारी लीलाको सदा प्रत्यक्ष दर्शन अर्जुन पाउँथे, उहाँकै शरणमा आफ्नलाई सुम्पन्थे। यो रहस्य भगवान् श्रीकृष्णलाई र महर्षि व्यासदेवलाई थाहा थियो। जयद्रथको बध हुने राति अर्जुनले पशुपतिनाथबाट अनुग्रह भएको स्वप्न देखेका थिए। श्रीकृष्णको साथमा लागेर अर्जुन पशुपतिलोक मा पुगे। त्यहाँको सरोबरका दुइ नाग धनुर्वाणको रूपमा परिणत भए। शिवपार्षद ब्रह्मचारीले अर्जुनलाई पशुपतिको आज्ञा अनुसार धनुर्वाण हान्ने विद्या सिकाए। पशुपतिनाथको प्रसादकै फलस्वरूप, अर्जुनले भोलिपल्ट संसारमा कुनै पनि मानिसले गर्न नसक्ने कर्म गरे; लाखौं रथी, हजारौं महारथी, सयौं अतिरथीहरूले भरिएको, अविजेय द्रोणाचार्यले प्रभुख नेतृत्व लिएको कौरव फौजको आठ अक्षौहिणी सेनालाई तहसनहस पारेर आठ महारथी र अतिरथीले दलबल सहित रक्षा गरिएको महारथी सिन्धुराज जयद्रथको बध गरे। केबल शूलपाणि पशुपतिनाथको लीला, प्रसाद। भगवान् श्रीकृष्णले आफ्नो विभूतिमय नरविग्रहको संवरण नगरून्जेलसम्म अर्जुनको रथको अघि अघि श्यामवर्ण, शङ्ख चक्र गदा पद्मधारी, चतुर्भुज, पीताम्बरधारी, लोकोत्तर सुन्दर, तेजस्वी नारायण भुँइ नछोईकन हिंडिबक्सिन्थ्यो; आफ्नो तेजले अर्जुनशत्रुसैन्यलाई डढाउनु हुन्थ्यो। अर्जुन तिनै शत्रुसैन्यलाई गाण्डीव धनुबाट छुटेका अस्त्रशस्त्रले मार्थे। भगवान् नारयणको भक्तभयहारी यो लीला अरूले देख्दैनथे, अर्जुन सदा प्रत्यक्ष दर्शन पाउँथे यो लीलाको।

अर्जुन अत्युत्तम नरका अवतार हुन्, मानव श्रेष्ठ हुन्। उनको अत्युत्तम मानवताले गर्दा ऋषिमुनिहरूको र देवीदेवताको वर आशीष उनलाई प्राप्त भएको थियो। भगवती दुर्गा, भगवान् नारायण, महादेव पशुपतिनाथबाट उनसाई सहायता भएको थियो। उनलाई निमित्त बनाएर अतिमानव देवी देवताहरूले धर्मरक्षा र अधर्मनिवारणका लागि दुष्टहरूको संहार र साधुहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्षा गरिबक्सेको थियो। अर्जुन मर्त्यावतारी भगवान् श्रीकृष्णका दौंतरी परम मित्र हुन्। श्रीमद्-भगवद् गीताको उपदेश गर्दा श्रीकृष्णले परमेश्वर भावमा स्थित रहँदा पनि अर्जुनलाई आफ्नो अत्यन्त प्रिय भनी यत्रतत्र हुकुम भएको छ। भीष्म, द्रोण, कृप, अश्वत्थामा, कर्ण, शल्य, दुर्योधन, दुःशासन जस्ता अतिरथी, महारथीहरूले भरिएको एघार अक्षौहिणीसेनालाई विजय गर्ने पाण्डव सेनाका मूल सेनापति अर्जुन नै थिए; सर्वोच्च निरीक्षक श्रीकृष्ण होइबक्सिन्थ्यो। महाभारत भित्र भएका वीरगाथाहरूमा अर्जुनको वीरगाथा नै प्रधान छ, श्रीकृष्णको महिमा नै सर्वोपरि छ। अर्जुन भनेको नै निस्कलङ्क, शुद्ध, स्वच्छ हो। अर्जुनको चरित्र सर्वथा शुद्ध, निष्कलङ्क, एवं दैवसम्पत्-सम्पन्न छ। नारायणसखा नर नारायणलाई जीवनसञ्चालक गुरू मानेर पुरूषार्थ गर्दा कति उच्च उदात्त, उज्ज्वल, आदर्श बन्न सक्छ भन्ने प्रश्नको उत्तर अर्जुनको चरित्र हो। महाभारत युद्ध सकिएको छत्तीसौं वर्षमा आजभन्दा पाँचहजार पचास वर्ष अघि, श्रीकृष्णको परमधामप्रयाण समेत देखेका अर्जुनले युधिष्ठिरका पछि लागेर महाप्रस्थान गरे। हिमालयको पवित्र हिउँमा उनको शरीर विसर्जित भो। उनको चरित्रले हिन्दूसंस्कृतिमा उत्तम प्रकाश दिइरहेको छ।

१. **अनन्त**– १०/२९ अनन्तको अर्को नाम शेषनाग हो। कश्यप ऋषिले कद्रू बाट जन्माएका एक हजार नागमध्ये शेषनाग जेठा हुन्। उनी अत्यन्त शान्तिप्रिय र उपकारी थिए। आफ्नी आमाले र कतिपय भाइहरूले विनतासँग विरोध गरेकोमा उनलाई अति दुःख लाग्यो। भाइहरू पनि धेरै थिए, मिलेर नबस्ने स्वभावका, आफू आफूमा झगडा गरिरहने अविनीत थिए। अनन्त सबैलाई मिलाउन खोज्थे, तर सफल हुँदैनथे। विनताको र कद्रूको बीचमा बाजी परेपछि कद्रूले आफ्ना छोरा नाति नाग सर्पहरूलाई चच्चैःश्रवा घोडाका रौंरौंमा प्रवेश गरेर कालो रङको बनाउने आज्ञा दिइन्। अनन्त, वासुकि, तक्षक आदि नागहरूले यस्तो झूठो पापकर्म गर्नु बेस हैन भनी आमासँग विन्ति गरे। आमा कद्रू रिसाईन्, उनले भनेकोमा प्रश्न झिक्नेहरू सर्पसत्र यज्ञमा परून् भन्ने सराप दिइन्। यसबाट अनन्तलाई सारै दिक्क लाग्यो, वैराग्य उठ्यो। उनी आमा, भाइ घरद्वार सबै छोडेर हिंडे। तीर्थ वर्त गर्न थाले। उनले एकान्त स्थलमा बसेर बदरिकाश्रममा सारै कठोर तपस्या गरे। धेरै समयको तपस्याबाट उनको केवल हाड र छाला मात्र बाँकी रह्यो। अर्कोतिर उनको तपस्याले देवताहरूलाई सन्ताप पऱ्यो। ब्रह्माजीले प्रकट भएर अनन्तलाई सम्झाउनुभो, तपस्या छोड्न आज्ञा भो र उनलाई परेको पीर सोध्नुभो।

अनन्तले ब्रह्माजीलाई आफ्नो मनको कुरो सबै बताए। तपस्याको कुनै खास उद्देश्य नभई संसारबाट निवृत्त हुने इच्छा मात्र भएको कुरो उनले विन्ति गरे। नागहरू धेरै दुष्ट भएकाले र तिनबाट लोकलाई हानि हुने भएकोले कद्रूबाट सर्पसत्रमा नागसर्पहरूले डढ्नुपर्ने विधान विधिबाटै भएको थियो। अनन्त, वासुकि, तक्षक जस्ता सत्यपक्षपाती नागहरूलाई सर्पसत्रमा होमिनुबाट बचाउने विधान पनि विधिबाट भैसकेको थियो। आस्तीक भन्ने वासुकिका भानिजले सर्पसत्र रोक्ने कुरा समेत ब्रह्माबाट आज्ञा भो। धर्ममा बुद्धि होस् भन्ने वरदान दिनुभो। नदी सागर डाँडा जङ्गल गाउँशहरले भरिएको पृथ्वीलाई धारण गर्ने काम अनन्तलाई दिइयो। त्यसको निम्ति उनका हजार फणाहरू भए, हजार अर्थात् अनन्त फणा भएकाले उनको नाम अनन्त भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनी सृष्टिस्थितिकालमा पृथ्वीको धारण गरेर बस्छन् । प्रलयकालमा अनन्तका हजार मुखबाट अग्निका ज्वाला निस्केर स्थूल जगत् जम्मै भस्म हुन्छ । सम्पूर्ण ब्रह्माण्डलाई आफूभित्र उपसंहार गरेर भगवान् विष्णु नारायण अनन्तकै विछ्याउना गरेर सुत्नुहुन्छ ।

प्रलयरात्रि वितेपछि शेषशय्यामा नै सुतेर भगवान् नारायण सृष्टिव्यवस्थागर्नु हुन्छ । प्रजापति ब्रह्माको, ऋषिहरूको मनुहरूको सृष्टि चल्छ ।

अनन्त शेष भगवान्कै एक अवतार हुनुहुन्छ । अनन्त भगवान् विष्णुको संकर्षण विग्रह हो । वैष्णव सिद्धान्तको चतुर्व्यूहमा संकर्षणको दोस्रो स्थान छ । संकर्षणका हजार फणा छन्, प्रत्येकमा अतिउज्ज्वल मणि छन्, वर्ण शुद्ध सेतो छ । एक कुण्डलधारी, नील वस्त्र मण्डित अनन्त विग्रह जगत्को आधार हो, सबैको प्रलय हुँदा पनि रहने शेष हो । शेषनागले आफ्नो पूर्वतर्फको फणाबाट भगवान्को नाभिनालबाट निस्केको लोकपद्मलाई, उत्तर फणाबाट भगवान्को माथलाई, दक्षिण फणाबाट प्रभुका पाउलाई माथिबाट ढाक्नु हुन्छ । पश्चिमतिरको फणाले भगवान्लाई विस्तारविस्तार हम्कनु हुन्छ । भगवान्का शङ्ख, चक्र, गदा, पद्म, खड्ग, धनु, ठोक्रो, गरूडध्वजलाई शेषजी आफ्ना एकेक फणाले धारण गरिराख्नु हुन्छ । भगवान्को यो संकर्षणरूप प्राणतत्त्वको अधिष्ठान हो, सारा बलको आश्रय हो, जीवनतत्त्वको आधार हो ।

एक पटक सत्सङ्ग ठूलो कि तपस्या ठूलो भन्ने विषयमा वसिष्ठको र विश्वामित्रको विवाद भो । निर्णयको निमित्त दुवै ऋषि अनन्तकहाँ पुगे । उनीहरूले सो विषय अनन्तसंग सोधे । अनन्तले आफूले धारण गरेको पृथ्वी एक छिन बोकिदिने अनुरोध गरे । विश्वामित्रले आफ्नो दश हजार बर्षको तपोबल लगाएर बोके, तर सकेनन् । पृथ्वीकम्प भो, पृथ्वीवासीमा हाहाकार भो । वसिष्ठले आफ्नो केही क्षणको सत्सङ्गको बल लगाएर धारण गर्दा पृथ्वीको राम्रोसँग धारण भो । धेरै बेरसम्म वसिष्ठले बोकिरहन सके । अनन्तले केही नभनीकन वसिष्ठबाट पृथ्वी आफैले बोके । कामबाटै प्रत्यक्ष उत्तर उनले दिए । सत् भनेको पनि वास्तवमा परब्रह्म नै हो, परब्रह्म जान्ने, परब्रह्मका विषयमा कुरा गर्नेहरू पनि सत् जन हुन्, अनन्त भनेको पनि अन्तरहित परब्रह्म नै हुन् । यो जगत् परब्रह्ममा अडेको छ, परब्रह्म जान्ने ज्ञानी भक्तहरूबाट अडेको छ, त्यसैले सत्सङ्ग ठूलो हो ।

२. अर्यम्मा १०/२९– अर्यमा देवमाता अदितिबाट जन्मेका कश्यपपुत्र हुन् । उनी यज्ञमा मित्र र वरूण नामक देवताका साथ 'हव्य' को र श्राद्धमा बर्हिषद्, सोम आदि पितृहरूका साथ 'कव्य' को ग्रहण गर्छन् । यज्ञमा 'स्वहा' भनेर देवताहरूलाई चढाइने बस्तुलाई 'हव्य' र स्वाहा' भनेर पितृहरूलाई अर्पण गरिने वस्तुलाई 'कव्य' भनिन्छ । हव्य कव्य दुवै ग्रहण गर्न पाउने हुनाले अर्यमा देववर्ग र पितृवर्ग दुवैमा पर्छन् तापति उनी मुख्यतः पितृराज मानिएका छन् । मनुष्य-पितृहरूको थितिबिति र बरबन्दोबस्त गर्ने काम उनको अधीनमा चल्छ । बर्हिषद्, कव्यवाडनल, सोमप, सोम आदि अरू दिव्य पितृहरूका साथ पितृलोकमा बसेर अर्यमाले मनुष्य पितृहरू बारेका कामकाज गर्ने गर्छन् ।

पितृ सामान्यतः दुइ थरी छन्– दिव्य पितृ र मनुष्यपितृ । पितृलोककै काममा खटिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितृलोकमा संधै रहने अर्यमा आदि पितृहरू दिव्य पितृ हुन्। तिनलाई नित्यपितृ पनि भन्छन्। मनुष्य-शरीर छुटेपछि पितृलोकमा पुगेका पितृहरूलाई मनुष्यपितृ भन्दछन्। मनुष्यहरू शरीर छुटेपछि पितृलोकमा पुग्छन्। त्यहाँ तिनीहरूको स्रेस्ता रहेको हुन्छ। मरेर आएका मनुष्यहरूलाई कर्मफल भोगको बन्दोबस्त नित्यपितृहरूले मिलाउँछन्। यस्ता मनुष्यपितृहरू आपना कर्म वासना अनुसार कोही पितृलोकमा नै, कोही अन्य लोकमा विभिन्न योनिको प्राणीका रूपमा कर्मफलभोग गरिरहेका हुन्छन्। मनुष्यपितृहरूलाई तिनका सन्ततिले श्राद्ध तर्पण आदि द्वारा अन्न जल वस्त्र आदि अर्पण गरेको सूचना प्रथमतः पितृलोकमा पुग्छ। कसका पितृहरू कहाँकहाँ कुनकुन स्थितिमा छन् त्यो पूरा स्रेस्ता पितृलोकमा नित्यपितृहरूसँग हुन्छ। श्राद्ध, तर्पण आदि गर्दा सन्ततिले उल्लेख गरेका नाता, गोता (गोत्र), नाम आदिका आधारमा दिव्य पितृले मनुष्यपितृको लोक, स्थान, जुनि र व्यक्ति पत्ता लगाउँछन्। त्यो जुनिको, त्यो स्थितिको व्यक्तिको लागि उपयोगी हुने बस्तु त्यो मनुष्य पितृलाई उपलब्ध गराइदिन्छन् र त्यो जुनिको त्यो व्यक्ति तृप्त हुन्छ, उसले आफ्ना सन्ततिलाई आशीर्वाद दिन्छ र सन्ततिको भलो हुन्छ। सन्तानले आफ्नो पितृको नाममा गरेका अन्य पुण्यकर्मका फल पनि मनुष्यपितृहरूले दिव्यपितृमार्फत त्यसै गरी प्राप्त गर्छन् र तिनको उद्धार हुन्छ, ऊर्ध्वगति हुन्छ, उत्तमलोक प्राप्ति हुन्छ। पितृहरू सन्तुष्ट भएमा सन्तानको भलो हुन्छ, असन्तुष्ट भएमा, भोको रहेमा, असद्गति भइरहेमा सन्तानको कुभलो हुन्छ। त्यसैले पितृहरूको निमित्त सन्तानले श्राद्ध, तर्पण आदिका साथै अन्य पुण्यकर्म गर्नुपर्ने विधान शास्त्रले गरेका छन्। यस्ता पितृसम्बन्धी कामकाजको लेखाजोखा जम्मै दिव्यपितृहरूमार्फत हुन्छ। तिनको अध्यक्ष पितृ-राज अर्यमा हुन्।

अर्यमाको निवासस्थान उत्तराफाल्गुनी नक्षत्रलोकमानिएको छ। उनी मित्रताका अधि-ष्ठाता देवता हुन्। उनको कृपाबाट सत् मित्रको प्राप्ति हुन्छ, मित्रता असल हुन्छ, मित्रबाट लाभ हुन्छ। अर्यमालाई खुशी पार्ने सबभन्दा ठूलो कर्म श्राद्ध तर्पण आदि हो। पुर्खाबाट आएको रोगको शमन गर्न अर्यमाको आराधना गर्नुपर्छ। अर्यमाको आराधना उपासनाबाट वंशपरम्पराको रक्षा हुन्छ, सन्तान असल हुन्छन् तथा सन्तानको सँधै भलो हुन्छ।

३. अश्वत्थाम्मा १/९– अश्वत्थामाका बाबु भारद्वाज द्रोणाचार्य र आमा गौतमी कृपी हुन्। उनी जन्मने बित्तिकै कराएको स्वर इन्द्रको उच्चैः श्रवानामक घोडाको जस्तो अति चर्को र ठूलो थियो। त्यो स्वरले तीन त्रिलोक रन्केको, थर्केको थियो। अश्वत्थामा भन्ने आकाश वाणी भएको थियो। त्यसो हुनाले द्रोणका एक मात्र पुत्र अश्वत्थामा भन्ने नामबाट प्रख्यात भए। अश्वात्थामाको शैशव अवस्था आश्रममा नै बित्यो। द्रोण धनी थिएनन्, अश्वत्थामालाई दूध पाउन पनि गाहारो थियो। अरू ऋषिकुमारले दूध पिएको देखेर उनी पनि दूध माग्थे, नपाउँदा उनी रून्थे। पीठो न्यालेको पानीलाई दूध भनेर दिंदा पनि अश्वत्थामा दूध पाएँ भनेर खुशीले उफ्रन्थे, नाच्थे। यो देखेर अन्य ऋषिकुमारहरू खिसो गर्थे। यसबाट द्रोण विचलित भए, बालसखा पाञ्चालराज द्रुपदकहाँ पुगे। त्यहाँबाट तिरस्कृत भएपछि द्रोण स्वास्नीछोरालाई लिएर आफ्ना जेठान कृपा-चार्यकहाँ हस्तिनापुर पुगे। द्रोणले त्यहाँ पढाउने काम थाले पछि द्रोणको जीविकास्तर धेरै माथि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उठ्यो र अश्वत्थामा राजकुमारको जस्तो ठूलो सुखसयलमा बढ्न थाले ।

अश्वत्थामाको शिक्षादीक्षा बाबु र मामाबाट युधिष्ठिरआदि राजपुत्रहरूकै साथमा चल्यो । द्रोणको आफ्नो छोरो अश्वत्थामामा विशेष माया र ममता थियो तापनि अर्जुनका सद्गुण र प्रतिभाबाट द्रोण वशीभूत थिए । अर्जुनलाई जत्तिकै दिव्य शस्त्रास्त्रको शिक्षा दिएर पनि 'ब्रह्म-शिर' अस्त्र अश्वत्थामालाई दिन द्रोण डराएका थिए । अर्जुनलाई सो अस्त्र दिएपछि अश्वत्थामाले अनेक जिद्दी गरेर माग्न थाले । द्रोणचार्यले नाइँ भन्न सकेनन्, अस्त्रशिक्षा दिए, तर उनको मनमा नमीठो भइरह्यो । उनलाई अश्वत्थामाको स्वभावमा विश्वास थिएन । अह्राए सिकाए जस्तै नियम अनुशासनमा अश्वत्थामा रहन्छन् भन्ने पत्यार उनलाई भएन । द्रोणले दोहोऱ्याएर भने "बाबु, मैले सिकाए जस्तै ब्रह्मशिर अस्त्रको नियमलाई पालन गर्नु । परम आपतमा परे पनि यो अस्त्र मनुष्यमा किम्मार्थ प्रयोग नगर्नु । तिमीले कुनै वेला सज्जनको मार्ग छोडिदिन्छौ कि भन्ने मलाई डर लाग्छ" । अश्वत्थामाले ब्रह्मशिर लगायत जम्मै अस्त्रशस्त्रको शिक्षा प्राप्त गरेपछि आफूलाई धेरै बलवान माने पनि 'तिमीसँधै सज्जनको मार्गमा नै रहँदैनौ भन्ने मलाई लाग्छ भनी' बाबु द्रोणले भनेकोमा चित्त दुखाए । उनी घर छोडेर हिंडे, धेरैसम्म देशदेशावर घुमेर द्वारकामा पुगे । ऋषिपुत्र, विद्वान् ब्राह्मण, शस्त्रास्त्रमर्मज्ञ अश्वत्थामाको द्वारकामा पनि राम्रै मान मनितो भयो । श्रीकृष्णले र बलरामले उनलाई सत्कारपूर्वक राखिबक्स्यो । एक दिन उनले श्रीकृष्ण-सँग बिन्ति गरे "म हजुरलाई 'ब्रह्मशिर' अस्त्र दिन्छु, हजुरको सुदर्शनचक्र मलाई बक्स्योस्" । श्रीकृष्णले हुकुम भो 'मलाई सट्टा दिनुपर्दैन, तर चक्र किन चाहियो भनी सोधिबक्स्यो । "ब्रह्मशिर लगायत सारा अस्त्रशस्त्र पाइसकेको छु, हजुरको सुदर्शन चक्र पनि पाएँ भने हजुरसरह शक्ति-शाली हुन्छु र हजुरसँग शक्ति परीक्षण गर्ने मेरो इच्छा छ" भनी अश्वत्थामाले भन्दा श्रीकृष्ण हाँसिबक्स्यो र मन माफिक शस्त्रास्त्र लिने हुकुम बक्स्यो । अश्वत्थामाले भगवान्को सुदर्शन चक्र, कौमोदकी गदा, शार्ङ्ग धनुहरू मध्यें यौटा पनि लिनु भिर्नु त परै जाओस् चलाउन पनि सकेनन्, लज्जित बने ।

अश्वत्थामा बडा वीर थिए । महाभारत युद्धमा पाण्डव पक्षको सम्पूर्ण सेनालाई दश रात भित्रैमा एकलैले संहार गर्ने अभिमान उनलाई थियो । द्रोणबध भएकोमा अतिक्रुद्ध भएका अश्व-त्थामाले नारायणास्त्रको प्रहार गरे. समान्यतः यो अस्त्रको प्रहार गरिंदैन । रथमा बस्ने जतिलाई, हतियार उठाउने जतिलाई यो अस्त्रको तेजले भस्म गर्छ । रथ आदिबाट ओर्लेर, हतियार राखेर सम्मान गर्नु बाहेक यसलाई शान्त गर्ने उपाय अरू हुँदैन । श्रीकृष्णले सो उपाय सिकाइबक्स्यो । नजान्ने र नमान्नेहरू मरे, अरू बाँचे । अश्वत्थामालाई झन् रिस उठ्यो । कृष्णार्जुनलाई नै बिताउन उनले अतिशक्तिशाली आग्नेय अस्त्रको प्रयोग गरे । कृष्णार्जुनलाई अस्त्रको ज्वालाले छोप्यो । अर्जुनले ब्राह्म अस्त्रबाट त्यसलाई शान्त पारे, भगवान् पशुपतिनाथका अनुग्रहले कृष्णार्जुनलाई केही भएन अमोघ अस्त्र पनि मोघ (असफल) भएको देखेर अश्वत्थामा भाने । ब्यासले कारण बताउनु-भो– कृष्णार्जुनले लिङ्गमा शिवपूजा गरेको हुँदा पशुपतिनाथका कृपाले उहाँहरूलाई केही भएन । यसपछि अश्वत्थामा दुर्योधनको जीत हुने कुरामा निराश भए । आफूले भनेको कुरो अर्जुनले,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिरले मान्छन्, श्रीकृष्णले पनि स्वीकार गरिबक्सिन्छ भन्ने उनलाई विश्वास थियो । भीमसेनले दुःशासनलाई मारेपछि अश्वत्थामाले पाण्डवसँग सन्धि गर्ने सल्लाह दुर्योधनलाई दिए; दुर्योधनले मानेमा श्रीकृष्ण र पाण्डवलाई मनाउन सक्ने विश्वास उनलाई थियो । तर दुर्योधनले मानेनन् ।

महाभारतयुद्ध समाप्तै भैसकेपछि रणक्षेत्रमा लडेर मृत्यु पर्खिरहेको दुर्योधनबाट बेलुका सेनापतिपद लिएर कृपाचार्य र कृतवर्माको सहारा लिई सारा पाण्डवलाई मार्ने सुर अश्वत्थामाले कसे । आधा रातमा लुकेर पाण्डवशिविरमा पसी सुतिरहेका अनगिन्ती वीरहरूलाईउनले मारे, द्रौपदीका पाँच किशोर छोराहरूलाई पनि मारे । श्रीकृष्ण, अर्जुन, भीमसेन र युधिष्ठिर, भोलिपल्ट बेहान भएपछि, उनलाई खोज्दै जाँदा व्यासाश्रममा पुगे । अश्वत्थामा त्यहीं थिए । उनले फेरि पाण्डव सबैलाई मार्ने उद्देश्यले 'ब्रह्मशिर' अस्त्रको प्रयोग गरे । अश्वत्थामाको, अरू सबैको र आफूहरूको समेत कल्याण होस् भन्ने उद्देश्य लिएर ब्रह्मशिर अस्त्रकै प्रहार अर्जुनले गरे । ब्रह्मशिर अस्त्रले ब्रह्माण्डै दग्ध गर्ने डर भो । नारद ऋषि आउनुभो, व्यासनारदले अर्जुन अश्वत्थामा दुवैलाई शान्त हुन, अस्त्र फिर्ता लिन आग्रह गर्नुभो, अर्जुनले आज्ञा मानेर तुरुन्तै आफ्नो अस्त्र खिचेर फिर्ता लिए । यसो गर्न पनि नियम अनुशासनमा रहनेले मात्र सक्थ्यो । अश्वत्थामा त्यसरी नरहेको हुँदा फिर्ता गर्न असमर्थ थिए । कहीं न कहीं सो अस्त्रले विनाश गर्ने नै भयो । पाण्डवमा नपारीकन पाण्डव-गर्भमा पार्न चाहिं सक्छु भनी अश्वत्थामाले भन्दा व्यासले त्यसै गर्ने आज्ञा दिए । पाण्डवहरू बाँचे, अस्त्रले उत्तराको गर्भलाई हान्यो, भगवान् श्रीकृष्णले त्यो गर्भलाईपछि बचाइबक्स्यो ।

अश्वत्थामाको अतिक्रूर कर्मबाट श्रीकृष्ण अप्रसन्न होइबक्स्यो । अश्वत्थामालाई हुकुम भयो "तिमी कुपुरुष पापी हौ । सुतेकालाई, निर्दोषलाई, बालकलाई पनि थाहै नदिएर राक्षसले जस्तै मार्‍यौ । अझ त्यस माथि पनि तिमीलाई पश्चात्ताप भएन, बुद्धि फर्केन, दोहोर्‍याई तेहेर्‍याई पापकर्म गरिरहेछौ, गर्भलाई सम्म पनि हान्यौ । यो पापको फल तिमीले भोग्नु पर्नेछ । कसैसँग तिम्रो मेल हुने छैन, एकलै निर्जन स्थलहरूमा तिमीले तीन हजार वर्षसम्म घुमिरहनु पर्नेछ । कुनै मानिसको समूहमा तिमी बस्न सक्ने छैनौ । पीप र रगतको गन्धले सँधै गह्राउने भएर तिमीले अनकण्टारमा भौंतारिइरहनु पर्नेछ ।" भगवान्‌को यो शाप सुनेर व्यासले भन्नु भो 'ब्राह्मण भएर तिमीले जुन दारूण कर्म गर्‍यौ, त्यसको फल भगवान् श्रीकृष्णबाट आज्ञा भए जस्तै भोग्नु पर्नेछ' । अश्वत्थामाले त्यो सराप स्वीकार गरेर व्यासले पनि उनकै साथ हुनुपर्नेछ भनी सराप गरे ।

अश्वत्थामालाई दण्ड नगरी नछोड्ने प्रतिज्ञा भीमार्जुनको थियो । द्रौपदी पुत्रशोकले पीडित भएर अश्वत्थामालाई सजाय नदिएसम्म केही खाने पिउने छैन भनी प्रायोपवेश गरिरहेकी थिइन् । अश्वत्थामालाई सजाँयको रूपमा उनको शिरोमणि लिने भीमार्जुनका कुरालाई व्यासले पनि समर्थन गरे । उनको शिरोमणि अत्यन्त बहुमूल्य थियो । त्यो मणि लगाएपछि देव दानव नागहरूबाट पनि डर नहुने; हतियारको, रोगको, भोकको, प्यासको पनि दुःख नहुने हुन्थ्यो । कौरव पाण्डवको सम्पूर्ण सम्पत्ति, सारा जुहारातहरूको समग्र मोलभन्दा पनि बढी मोल त्यो शिरोमणिको पर्थ्यो । प्राणरक्षाको निमित्त अश्वत्थामाले व्यासको सल्लाह अनुसार त्यो मणि पाण्डव-लाई दिए । द्रौपदीका इच्छा अनुसार गुरूप्रसादको रूपमा युधिष्ठिरले त्यो मणिलाई आफ्नो शिरोमणि बनाए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वत्थामा मिस्तेज र सारै विषण्ण बनेर वन पसे। त्यसपछि उनले उग्रकर्म पूरै छोडे। क्षात्र धर्म छोडेर ब्राह्म धर्म अनुसार पवित्र ऋषि जीवनमा रहेर अश्वत्थामा पृथिवीमा विचरण गरिरहेका छन्। उनी आठ चिरञ्जीवी मध्ये पुजिन्छन्, लोककल्याणको कामना गरिरहन्छन्।

४. असित १०/१३ असित महर्षि कश्यपका पुत्र हुन्। अदिति, दिति, दनु, मनु, आदि पत्नीहरूबाट देवता, दैत्य, दानव, मानव आदि विभिन्न योनिका प्राणिसन्तानको सृष्टि गरिसकेपछि महर्षि कश्यपले सत्पुत्रप्राप्तिको निमित्त फेरि ठूलो तपस्या गरे। फलस्वरूप, वत्स र असित भन्ने दुइ छोरा जन्मे। यी दुवै ब्रह्मवेत्ता ऋषि थिए। असित विशेष योगसिद्ध थिए। योगको प्रभाव-बाट उनको गति अव्याहत थियो, जुन लोकमा पनि, जुन बेलामा पनि उनी पुग्न सक्थे। यिनका छोराको नाम देवल हो। व्यासले लेखेको प्रन्थ लाखवाला महाभारत ग्रन्थको प्रचार प्रसार गर्ने काम असितले आफ्नै छोरा देवललाई साथमा लिएर गरेका थिए।

५. इक्ष्वाकु ४/१ इक्ष्वाकु श्राद्धदेव मनुका छोरा हुन्। कल्पान्त हुँदा भगवान्ले वेदादि-शास्त्र, औषधि आदिको बीज र ऋषिहरू समेत श्राद्धदेव मनुलाई बचाइबक्स्यो। कल्पप्रलयकालको अन्त भएपछि तिनीहरूबाटै वर्तमान सृष्टि चलेको छ। त्यसैले यो मन्वन्तर श्राद्धदेव मन्वन्तर हो। श्राद्धदेव विवस्वानका पुत्र भएकोले वर्तमान मन्वन्तरलाई वैवस्वत मन्वन्तर भन्ने चलन छ। वैवस्वत मनु श्राद्धदेवका पहिला छोरा सुद्युम्न हुन्। सुद्युम्नले आफू स्त्री भएका बेलामा चन्द्रपुत्र बुधबाट छोरो जन्माए। तिनको नाम पुरूरवा हो। स्त्रीभावमा रहँदा सुद्युम्नको नाम 'इला' भएकोले पुरूरवालाई 'ऐल' भन्छन्। पन्ध्र दिन पुरूष, पन्ध्रदिन स्त्रीरूपमा रहने सुद्युम्नले विरक्त भएर पुरूरवालाई राजपाट सुम्पेर तपस्वी जीवन लिए। अनि मनुले छोरोको निमित्त पुनः तपस्या गरे। यो तपस्याको प्रभावले प्रजापतिको अनुग्रहबाट जन्मेका दस छोरा मध्ये इक्ष्वाकु जेठा छोरा हुन्।

इक्ष्वाकु प्रवृत्ति मार्गका अनुयायी भए। बाबुले दिएको ब्रह्मावर्तको राज्यमा उनी राजा भए, आफू मध्यभागको शासक बनेर रहे, वरपर भाइहरूबाट राजकाज चलाए। विवस्वान्ले भगवान् परमात्माबाट बुद्धियोग र सांख्ययोगसम्बन्धी विद्याको उपदेश पाएका थिए। यो विद्याको ज्ञान नभई राजकाज, प्रजापालनसम्बन्धी काम राम्ररी मचल्ने हुनाले विवस्वान्ले सो विद्याको वैवस्वत मनुलाई उपदेश गर्नुभो; वैवस्वत मनुले आफ्नो छोरो इक्ष्वाकुलाई उपदेश गरे। त्यसै विद्याका प्रभावले इक्ष्वाकु विद्वान्, वीर, प्रजापालक, शासक बने। राजाबाट अर्को राजामा त्यो विद्या सर्दै आयो। उनका सय छोरा मध्ये विकुक्षि अयोध्याको राजगद्दीमा, अर्का छोरा निमि मिथिलाको गद्दीमा बसे। विकुक्षिको वंशमा रघु राम आदिको र निमिको वंशमा जनक, सीता आदिको जन्म भो। सूर्यवंशी क्षत्रियकुल इक्ष्वाकुबाट चल्यो।

सूर्यवंशी र चन्द्रवंशी दुवै क्षत्रियकुलका मूल पुरुष वैवस्वत मनु हुन्। उनको पहिलो छोरो सुद्युम्नबाट पुरूवरादेखि चन्द्र वंश चल्यो, श्रीकृष्ण, कौरव पाण्डव आदिको यसैमा जन्म भो। दोस्रो पटकका छोराहरूबाट विकुक्षि, निमिदेखि सूर्य वंश चल्यो। दुवै वंशका राजाहरूमा सांख्य र बुद्धियोगसम्बन्धी विद्या परम्परित हुँदै आउँदा राज्यशासन राम्रो बन्यो; सुख समृद्धि बढ्यो, आर्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृतिले सर्वत्र आनन्द दियो। कालक्रममा महाभारतकालमा राजाहरू त्यो विद्या नजान्ने भए, अधर्म बढयो, दुःख र अशान्ति उठयो। त्यो विद्याको लोप हुन नदिन भगवान् श्रीकृष्णले अर्जुनलाई महाभारत युद्धको आरम्भ हुँदा सो विद्याको पुनः उपदेश बक्स्यो।

६. उत्तमौजा १/६ उत्तमौजा र युधामन्यु पाञ्चाल राजकुमार हुन्। महाभारत युद्धमा अर्जुनलाई सहायता गर्ने महत्त्वपूर्ण काम उनलाई सुम्पिएको थियो। उनीहरू आपनो सैन्य साथमा लिएर अर्जुनको अगल बगलमा रहेर साथ दिन्थे, शत्रुबाट हुने र भएको आक्रमणको सामना गर्थे। हुन त अर्जुनको रथ दिव्य थियो, स्वयं हनुमानजीबाट ध्वजा सुशोभित थियो, भगवान् श्रीकृष्णबाट संचालित थियो। रणनीतिको मात्र दृष्टिले हेर्दा अर्जुनको रथ त्यत्रो महाभारत युद्ध भरी केही भएन। महाभारतयुद्धमा यौटै रथबाट युद्ध गर्ने महावीर अर्जुन मात्रै हुन्। यसबाट उत्तमौजा र युधामन्यु दुइ दाजुभाइको महत्त्व स्पष्ट हुन्छ। अठ्ठाह्र दिनको महाभारतयुद्धमा वीरतापूर्वक लडेर जीवित रहनु पनि उनीहरूको वीरताको परिचायक हो। महाभारतयुद्ध सकिएको रातमा अश्वत्थामाले आनन्दसँग सुतिरहेका पाण्डवपक्षका वीरहरूलाई अति अधर्मपूर्वक मार्दा उत्तमौजा र युधामन्यु पनि परे।

७. उशना कवि– १०/३९ उशना महर्षि भृगुका पुत्र शुक्राचार्यको नाम हो। ऋषिहरू सामान्यतः सत्यान्वेषी र सत्यपक्षी हुन्छन्। उनीहरूको प्रकृति दैव प्रकृति हुन्छ। शुक्र पनि महर्षि भृगुका पुत्र हुनाले दैव प्रकृतिका नै थिए। उनको संसर्गचाहिं दैत्यदानवहरूसँग भयो। अङ्गिरा का छोरा वृहस्पतिको र भृगुका छोरा शुक्रको परस्पर प्रतियोगिता थियो। वृहस्पति देवताका गुरू थिए, शुक्राचार्य दैत्यदानवका गुरू थिए। हिरण्याक्ष, हिरण्यकशिपु आदि दैत्यहरूले शुक्राचार्यकै अधीनमा रहेर श्रीवृद्धि गरेका थिए। शुक्राचार्यको र बलिको विषयमा यौटा आख्यान प्रसिद्ध छ।

बलिले शुक्राचार्यको समेत प्रभावबाट तीनत्रैलोक्य विजय गरे, देवताहरू पदभ्रष्ट भए। देवमाता अदितिले इन्द्रलाई पुनः देवराज पदमा स्थापित गरिदिने पुत्रको प्राप्तिको निमित्त नुभएको पयोव्रतको प्रभावबाट भगवान्को वामनको रूपमा जन्म भो। बलि दानवीर थिए। उनको यज्ञशालामा गएर वामनले गतिला कुराहरू गर्नुभो, बलिको दानशीलताको प्रशंसा गर्नुभो। आचार्य शुक्रले वामन रूपमा स्वयं भगवान् विष्णु बलिको ऐश्वर्य भ्रष्ट गर्न पाल्नु भएको कुरो थाहा पाए। बलिलाई उनले सो कुरो बताए पनि। वामनले बलिसँग तीन पाउ राख्ने ठाउँ माग्नु भो। शुक्राचार्यले सो दिने कबूल नगर्न बलिसँग आग्रह गरे। सर्वश्रेष्ठ दानी कहलिएका बलिले हातमा जौतिल कुश लिएर दान गर्न आँटे। उनकी रानी विन्ध्यावलीले पानी हाल्न थालिन्। शिष्यकल्याण चिन्तना गरिरहने शुक्राचार्यले सूक्ष्मरूप लिएर टुटीभित्र पसी पानी आउन नदिएर अझै दानमा विघ्न गरे। पानी आएन भनी टुटीमा सुइरोले धोच्दा शुक्राचार्यको यौटा आँखा नै फुट्यो। शुक्राचार्यलाई त्यसैले एकाक्ष कानो भन्ने चलन छ।

शुक्राचार्य सारै ठूला विद्वान् थिए। कवि भनेको विद्वान्, भविष्यद्रष्टा हो। शुक्राचार्यलाई उशना भने जस्तै कवि पनि भन्छन्। उनलाई मृत संजीवनी विद्याको ज्ञान थियो। यस विषयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृहस्पति शुक्राचार्यभन्दा कमजोर थिए। यो न्यूनता हटाउन वृहस्पतिले आपनो छोरो कचलाई शुक्राचार्यकहाँ पढ्न पठाए । शुक्रकी पुत्री देवानीयको कचप्रति लगाव भयो । शुक्राचार्यले मृत संजीवनी विद्या सिकाउलान् भन्ने डर दैत्यहरूलाई भयो। उनीहरूले कचलाई पटक पटक मारे, देवयानीका आग्रहबाट शुक्रले बचाए। दैत्यले शुक्राचार्यलाई नै कचलाई मारेर थाहा नदिई खुवाइ-दिए । देवयानी कचलाई मरेको देख्न केही गरे पनि चाहन्नथिन्, शुक्राचार्यको मृत्यु पनि उनी सहन्नै सक्तैनथिन् । शुक्राचार्यले पेटभित्र रहेका कचलाई मृतसंजीवनी विद्या सिकाए; कच शुक्रको पेट फोरेर निस्के; मरेका शुक्राचार्यलाई कचले मृतसंजीवनी विद्याबाट बचाए । यसरी कचले शुक्राचार्यबाट मृतसंजीवनी विद्या प्राप्त गरे । शुक्र एक बलवान् ग्रहको रूपमा अधिष्ठित छन्, उनी वीर्य, पुरुषार्थका अधिष्ठाता मानिएका छन् । उनी श्रेष्ठ नीतिशास्त्रज्ञ थिए । उनको नीतिलाई शुक्रनीति भन्ने प्रसिद्धि छ। षण्ड र अमर्क शुक्राचार्यका छोरा थिए । उनकी छोरी देव-यानीको विवाह राजा ययातिसँग भएको थियो । देवयानीबाट ययातिले पाएका तीन छोरामध्ये जेठा यदुबाट चलेको वंशमा भगवान् श्रीकृष्ण जन्मनु भएको थियो ।

८. कपिल १०/२६ कपिल ऋषि भगवान्को अंशावतार मानिन्छन् । उनका पिता कर्दम ऋषि हुन्, माता राजकुमारी देवहूति हुन् । कपिलभन्दा पहिले नौ छोरी जन्मेका थिए । कपिल जन्मेपछि, भगवदवतारको दर्शन पाएपछि, अनुमति लिएर कर्दमले गृहस्थाश्रम छोडे । बाबु आमा दुवै वीतराग महातपस्वी भएका हुनाले कपिल पनि महातपस्वी ध्यानी बने । बिन्दुसर तीर्थ, सरस्वती नदीतटको आश्रमलाई नै कपिलले आपनो पनि साधनाश्रम बनाए । उनी हरबखत जसो परमात्माको चिन्तनमा नै रहन्थे । देवहूतिले उनीसँग परमार्थसाधनाको विषयमा प्रश्न गरिन्, मातापुत्रको नातालाई महत्त्व नदिएर साक्षात् भगवान्का अवतारस्वरूप कपिलदेवसँग उपदेश दिनें प्रार्थना गरिन् । कपिलदेवले कर्म, भक्ति, ज्ञानको उपदेश आमालाई दिए; भक्तिको महिमा सुनाए; ज्ञानलाई मुक्तिको एक मात्र उपाय बताए । कपिलदेवले उपदेश गरेको साधना शास्त्रलाई सांख्यशास्त्र भन्ने गरिएको छ । यसको प्रथम उपदेश लिने देवहूति नै हुन् । त्यसपछि यसको उपदेश शिष्यप्रशिष्यमा चल्दै आयो। प्रथम प्रचारक शिष्य आसुरि मानिन्छन् । सांख्य दर्शनलाई आर्यहरूका विभिन्न दर्शनहरूमध्ये एक प्रामाणिक तथा बलियो र जेठो दर्शन मानिन्छ ।

भगवान्का अवतार कपिल सर्वश्रेष्ठ सिद्ध मुनि हुन् । उनी सदाजीवी छन्; सदा मनन चिन्तनमा रहन्छन् । उनी एकान्तको निमित्त पृथ्वीको अन्तर्गर्भमा आश्रम बनाएर बसेका थिए। सगर महराजका साठी हजार छोराहरू बाबुको अश्वमेधको घोडा खोज्ने क्रममा पृथ्वी खन्दै जाँदा कपिलको आश्रममा पुगेका थिए । इन्द्रले घोडा हरेर त्यहीं बाँधिदिएका थिए, कपिलजी-लाई थाहै थिएन। त्यहाँ घोडा देखेरछि सगरपुत्रहरूले कुरो बुझ्न नखोजोकन, सिद्धमुनिको शरण पर्नुको सट्टा अपमान र बदनाम गरे, अविनय गरे । समाधिबाट ब्यूँझेका कपिलको दृष्टिबाट निस्केको तेजले सगरपुत्र भस्म बने। सगरकै अर्को छोरो योगसिद्ध असमञ्जसको छोरो अंशुमान्ले कपिललाई प्रसन्न बनाएर बाजेको अश्वमेध यज्ञ पूरा गरे । स्वर्गकी गङ्गाजीले खरानीको स्पर्श गरिदिएमा मरेका सगरपुत्रको उद्धार हुने उपदेश अंशुमान्ले कपिलबाट पाए। उनले, उनका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरा दिलीपले, गङ्गालाई पृथिवीमा ल्याउने साधना गरे। दिलीपका छोरा भगीरथको साधना सिद्ध भो, गङ्गा पृथिवीमा ओर्लिन्; हिमालदेखि बहँदै सगर पुत्रले खनेको खाडललाई भरिन्। त्यसको नाम नै सागर, गङ्गा सागर भो। गङ्गासागर सङ्गममा भगवान् कपिलको आश्रम छ। कपिलको अर्को आश्रम नेपालको कपिलवस्तु हो। उनकै नामबाट कपिलवस्तु भन्ने नाम रहेको हो।

९. कर्ण १/८ कर्ण सूर्यको अंशबाट जन्मेका, कुन्तीको कन्या अवस्थाका पुत्र हुन्। लोकलाजको डरले गर्दा कुन्तीले नवजात शिशुलाई सन्दुकमा हिफाजतसाथ बन्द गरेर गङ्गामा बगाइदिइन्। गङ्गातटवासी सूतनायक अधिरथले त्यो सन्दूक भेट्टाए। घरमा ल्याई खोलेर हेर्दा जन्मजात कवचकुण्डलयुक्त, सुन्दर, तेजस्वी शिशु देखा पऱ्यो। सूतदम्पतीको सन्तान थिएन। त्यस्तो बालक पाउँदा उनीहरूको हर्षको सीमा रहेन। उनीहरूले यो विषय गुप्त राखे, कुन्तीले पनि गुप्त राखिन्। बालकलाई बगाउनेले पनि, पाउनेले पनि त्यो विषय खोल्न नहुने भएकोले रहस्य नै भएर रह्यो। कुन्तीलाई पछि थाहा भयो, अधिरथलाई भएन। नारद, व्यास, भीष्म, द्रोण, कृष्ण जस्ता पाका बुज्रुक्हरूले कुरो थाहा पाए पनि खोलेनन्, अलिठलो भएपछि कर्णलाई पनि यथार्थ विषय थाहा भयो। तर अधिरथपरिवारसँग र दुर्योधनपक्षतर्फ कर्णको बढी लगाउ भइसकेकोले खोल्नु भएन, खास कुरो थाहा पाउने पाँच दश व्यक्तिमा नै सीमित रह्यो, फैलिएन।

कर्णका बाबु अधिरथ नामका सूत भएकाले उनलाई आधिरथि र आमा राधा भएकाले राधेय भन्थे। शरीरमा कवच र कानमा कुण्डल समेत भएर जन्मेकाले त्यसैलाई 'वसु' धन मानेर उनको नाम वसुषेण राखियो र कुण्डल युक्त कर्ण (कान) भएकाले उनको चल्तीको नाम कर्ण नै रह्यो। कर्ण नामबाट उनको प्रसिद्धि भयो, बालककालदेखि नै उनी साहसी वीर थिए। उनी स्वभावतः पाण्डवहरूलाई मन पराउन्थे, उनीहरूको उत्कर्ष उनलाई मन पर्दैनथ्यो। उनको यो प्रवृत्ति एवं उत्कृष्ट प्रतिभाबाट प्रभावित र आकर्षित भएर दुर्योधनले उनलाई आफ्नो पक्षमा लिएका थिए। कर्णको शिक्षादीक्षा धृतराष्ट्रका र पाण्डुका छोराहरूकै साथमा कृपाचार्यबाट र द्रोणाचार्यबाट भएको थियो। उनी पनि अर्जुन जस्तै तेजिला र मेहनती छात्र थिए। द्रोणाचार्यले अर्जुनलाई आफ्ना शिष्यमा सर्वश्रेष्ठ बनाउने अठोट गरिसकेकाले अर्जुनलाई जति विश्वासपूर्वक शस्त्र अस्त्रको विद्या अरूलाई सिकाउन उनी बिचार गर्थे। अर्को कुरो, शस्त्रास्त्र बिद्या कुपात्रमा पऱ्यो भने विद्या दिनेको पनि प्रतिष्ठामा आघात पर्थ्यो, सज्जनको बध हुने डर हुन्थ्यो, यदाकदा जगत्को अकल्याण हुने सम्भावना पनि रहन्थ्यो। द्रोणाचार्यलाई कर्णको डाही स्वभाव मन पर्दैनथ्यो, उनलाई उनको प्रवृत्तिमा शङ्का थियो। कर्णले ब्राह्म आदि दिव्यास्त्रको शिक्षा पाउन अनुरोध गरे, तर द्रोणले दिएनन्। अर्जुन बराबर, अझ अर्जुनभन्दा बढी शक्तिशाली हुने तीव्र आकाङ्क्षा कर्णलाई थियो। गुरू द्रोणको अनुमति लिएर उनी अन्त पढ्न गए। परशुराम क्षत्रियलाई मन नपराउने हुनाले ब्राह्मणलाई मात्र पढाउँथे। ब्राह्मणवेष लिएर कर्ण महेन्द्राचलमा परशुराम कहाँ गए। आफूलाई भृगुगोत्रीय बताएर उनीले आश्रममा बसेर पढ्न थाले। एक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Fuhding: MIDF

दिन जङ्गलमा कर्ण घुम्दै थिए । मृग भन्ने ठानी उनले हानेको शस्त्रले ब्राह्मणको होमधेनु मरिन् । ब्राह्मण सारै जङ्गिए । "होमगाई मार्ने दुराचारी पापीलाई मार्नै पर्ने हो, तर ब्राह्मणले मार्नु भएन । प्रमत्त भएर जसरी उनले गाई मारे, त्यसै गरी उनलाई प्रमत्त भएकै वेलामा शत्रुले काट्ने छ । जससँग संधै जोडकातोड कर्ण गरिरहन्छन्, जसलाई जित्नाका निम्ति उनी रातदिन प्रयत्नशील रहन्छन्, त्यही शत्रुसँग घनघोर युद्ध भइरहेको बेला, लडाइँको मध्यमा रथको पाङ्ग्रो भईमा भासिनेछ, त्यसैबेला शत्रुले मार्नेछ" भन्ने कठोर सराप ब्राह्मणले दिए ।

भार्गव परशुरामले भृगुगोत्रीय भन्ने मानेर कर्णलाई अनेक दिव्य अस्त्र शस्त्रहरूको राम्रो शिक्षा दिए । कर्ण संसारका अनुपम शस्त्रास्त्र विद्याका सैद्धान्तिक र प्रायोगिक ज्ञाताहरूमध्ये एक बने । तर उनलाई फेरि भाग्यले धोका दियो । एक दिन बाहिर आँगनमा गुरु परशुराम चेला कर्णका काखमा शिर राखेर निदाए । त्यही बेला यौटा अलर्क भन्ने कीरोले कर्णको तिघ्रामा डस्यो, कर्णलाई घोर वेदना भो । गुरुको निद्रा बिग्रला भनी कर्ण डेग नचली सहेरै बसे । रगतको भलै बग्यो । आफ्नो जिउ रगतले भिजेपछि परशुराम बिउँझे । त्यत्रो वेदना त्यसरी सहने शक्ति ब्राह्मणपुत्रमा हुन सक्तैन भन्ने ठानी परशुरामले सोधे । अस्त्र प्राप्तिको निमित्त आफूले गरेको सबै कुरा कर्णले यथार्थ बताए, क्षमा मागे, अनेक अनुनय गरे । परशुरामले भने– तिमी जस्तो वीर संसारमा कोही पनि हुने छैन । तर तिमीले झूठो व्यवहार गऱ्यौ, झूठो सबभन्दा ठूलो दोष हो । तिमी ब्रह्मास्त्रविद्या विर्सनेछौ, आफ्नो जोडी शत्रुसँग युद्ध हुँदा तिमीलाई अस्त्र बिद्या फुर्ने छैन । फटाहालाई यहाँ स्थान छैन, जाऊ" । गुरुलाई ढोगेर कर्ण फर्के । शस्त्रास्त्रकौशल प्रदर्शन समारोह भइरहेको वेला उनी हस्तिनापुर आइपुगे । त्यहाँ भक्खर सर्वश्रेष्ठ मानिएका अर्जुनलाई कर्णले हाँक दिंदा उनलाई सूतपुत्र भनेर तिरस्कार गरियो । अधिरथ सूतलाई मै बाबु मानेर सूर्यलाई हेरी रङ्गबाट पन्छिए ।

दुर्योधन कर्णलाई लिएर कलिङ्गदेशमा गए । त्यहाँका राजा चित्राङ्गदकी छोरीको स्वयंवर थियो । स्वयंवर सभामा राजकुमारीले आफूलाई वरमाला नपहिराईकन अघि बढ्ने चित्तिकै दुर्योधनले जबर्जस्ती राजकुमारीको हरण गरे, ठूलो युद्ध भो । कर्णले सारा राजाहरूलाई परास्त गरे । कर्णको वीरता प्रसिद्ध हुँदै आयो । कुस्तीमा पनि कर्णको विद्या बेजोड थियो । त्यो समयमा सबभन्दा बलिया सिपालु कुश्तीबाज मगधराज जरासन्धले कर्णलाई कुस्ती खेल्न आह्वान गरे । कर्णले आफ्नो बाहुयुद्धको चमत्कार देखाए । बाहुकण्टक (कराटे) भन्ने युद्धमा जरासन्धको झण्डै प्राण गएको थियो । जरासन्धले खुशी भएर कर्णसँग मित्रता गरे, अंगदेशको 'मालिनी' भन्ने नगरी कर्णलाई दिए । कर्णलाई चम्पा नगरी दिएर दुर्योधनले राजा बनाइसकेका थिए । चम्पा र मालिनी नगर राजधानी भएको अङ्गदेशको राजा कर्णलाई मगधले पनि मान्यो । कर्णले आफ्नो वीरताको परिचय दिने र आफ्नो राजत्वलाई अनुमत गराउने उद्देश्यले दिग्विजययात्रा गरे । पूर्व पश्चिम उत्तर दक्षिण चारै दिशामा कर्णको पराक्रमको कीर्ति फैलियो । त्यो दिग्विजय यात्राको सिलसिलामा कर्ण नेपालका राजासँग पनि परिचित हुन आएका थिए ।

कर्णको पाण्डवसँग द्वेष झन्झन् बढ्दै गयो । पाण्डवले खाण्डवप्रस्थमा ठूलो उन्नति रचेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इन्द्रप्रस्थलाई अतिसमृद्धिशाली राजधानी बनाएर दिग्विजय गरी राजसूय यज्ञ समेत गरे पछि पाण्डवप्रति उठिरहेको दुर्योधनको द्वेष पराकाष्ठामा पुग्यो । अर्जुनप्रतिको कर्णको असुयाले यो द्वेषाग्निमा घिउको काम गऱ्यो; दुःशासनको र शकुनिको दुष्टताले हावाको काम गऱ्यो । जुवामा पाण्डवहरूलाई हराउने षडयन्त्रमा कर्णको प्रमुख भूमिका रह्यो । सभामा उनले द्रौपदीलाई दासी नै ठहऱ्याए, कठोर अपमान गरे । पाण्डवहरू बसेको वनमा उनीहरूको आश्रम नजीकै कौरवलाई गन्धर्वले परास्त गर्दा कर्ण पनि थिए । त्यो बेला गन्धर्वले दुर्योधनलाई पक्डी बाँधेर लगे, तर कर्णले भागेर आफ्नो प्राण बचाए । यो घटना कर्णलाई सँधै होच्याउने एक विषय बन्यो । युधिष्ठिरको कृपाद्वारा गन्धर्वबाट छुटेका दुर्योधनले दुःख मान्दा, पछि पाण्डवहरूलाई जितेर राजसूय यज्ञ गर्ने सल्लाह कर्णले दिए । अर्जुनलाई नमारेसम्म माछा, मासु, रक्सी नखाने, जसले जे माग्ने पनि छैन, हुँदैन नभन्ने व्रत गर्ने प्रतिज्ञा कर्णले गरे । पाण्डवहरूको गुप्तवास सकिएकै दिन कौरवहरूले विराट राजाको मत्स्य देशमा हमला गरेर गोधन लुटे । अर्जुन वृहन्नलाको रूपमा मैदानमा आए, कौरवहरूलाई जितेर उनले विराटको गोधन फिर्ता गरे । यो युद्धमा पनि एकलो अर्जुनसँग सहायकहरू समेत ससैन्य कर्ण हारे । महाभारत युद्धभन्दा पहिलेका दुई युद्धमा यसरी कर्ण अर्जुनबाट परास्त भएको देखिन्छ तापनि भगवान् श्रीकृष्णकै धारणा अनुसार पनि कर्ण अर्जुनभन्दा कम वीर थिएनन् । श्रीकृष्णबाट अर्जुनसँगै हुकुम भएको छ– "कवच कुण्डलयुक्त कर्ण मान्छेभन्दा माथि थिए । कवच कुण्डल गएपछि, अमोघ शक्ति नभएपछि बल्ल कर्ण मान्छेको श्रेणीमा आए । सदा ब्राह्मणभक्त, सत्यवादी, सत्यप्रतिज्ञ, दृढवृती, शत्रुहरूमा पनि दयावान् कर्ण साँच्चिनै धर्मस्वरूप हुन् । कर्ण तिमी (अर्जुन) जत्तिकै, अझ तिमी (अर्जुन) भन्दा पनि बढी पराक्रमी ठूला महारथी हुन् ।" कर्ण महापराक्रमी वीर थिए । कर्णको वीरत्वबाट पाण्डव पक्षलाई ठूलो डर थियो । कर्णको वीरताबाट आत्तिएका युधिष्ठिरलाई वनवास र गुप्तवास बस्दाका तेह्र वर्षसम्म चिन्ताले गर्दा कहिल्यै राम्ररी निद्रा परेको थिएन । श्रीकृष्णलाई पनि कर्णले अर्जुनलाई सिध्याउलान् भन्ने ठूलो डर थियो । कर्णले घटोत्कचमा शक्तिको प्रयोग नगरेसम्म भगवान्ले अर्जुनलाई कर्णसँग सीधा युद्धमा कहिल्यै पारिबक्सिएन; आकल झुकल कर्णसँग मुठभेट हुने बित्तिकै अर्जुनलाई कुनै न कुनै निहुँ पारेर अर्कैतिर लगिबक्सिन्थ्यो । राति कौरवहरूको छाउनीमा कर्ण, दुर्योधन, दुःशासन, संजयहरू बसेर भोलिपल्टको युद्धमा शुरूमा नै अर्जुनलाई वा कृष्णलाई कर्णले शक्तिको प्रहार गर्ने सल्लाह हुन्थ्यो; तर भोलिपल्ट युद्ध चलेपछि उनीहरूको त्यो बुद्धि हराउँथ्यो, फुर्दैनथ्यो, श्रीकृष्णले त्यो अवसर नै बक्सिन्नथ्यो ।

कर्णले त्यत्रो महान् व्यक्तित्व खास कसैको सहाराबाट नभई आफ्नै पौरखबाट, आफ्नै योग्यताबाट बनाएका थिए । हो, दुर्योधनहरूले प्रश्रय दिएका थिए । तर उनीहरूको प्रश्रय पाएर उनको व्यक्तित्व उठेको थिएन । उनको पौरख र योग्यताले सम्पन्न व्यक्तित्वलाई देखेर उनीहरूले आफ्नो पक्षमा लिएका थिए । समाजबाट, त्यो बेलाका ठूलाबडाहरूबाट उनको व्यक्तित्वलाई उठ्नै नदिने कोशिश हुन्थ्यो । कर्णलाई आफू कुन्तीपुत्र भएको थाहा थियो । सूतपुत्र, राधेय भनेर उनको अपमान, तिरस्कार भइरहन्थ्यो । अस्त्रकौशलप्रदर्शनको रङ्गमञ्चमा उनको तिरस्कार भो । द्रौपदीस्वयंवरसभामा कर्णले धनुकाँढ चढाई मत्स्यवेध गर्न लाग्दा द्रौपदीले म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूतपुत्रलाई वरण गर्न तयार छैन' भन्दा अनेक राजामहाराजको सामु उनको बेइज्जती भो। युद्धमन्त्रणा हुँदाको प्रत्येक सभामा भीष्म आदि बुढापाकाहरू सूतपुत्र भनेर उनलाई उल्याउँथे। युद्ध हुने पक्का भएपछि शक्तिसामर्थ्यबोध गर्ने सिलसिलामा बसेको कौरवसभामा भीष्मले र द्रोणले महिना दिनमा पाण्डव सेनाको पूर्ण संहार गर्ने आफ्नो शक्ति बताउँदा कर्णले पाँचै रातमा संहार गर्ने आफ्नो शक्ति बताएका थिए। यसैमा भनाभन हुँदा भीष्मले लडाइँ गरून्जेल आफू युद्धमा सम्मिलित नहुने, भीष्मले नै युद्धमा विजय प्राप्त गरेछन् भने दुर्योधनको अनुमति लिएर जङ्गल पस्ने प्रतिज्ञा कर्णले गरे। भीष्मले कर्णको निकै तेजोवध गरे, तर कर्णले भीष्मलाई केही नमीठो भनेनन्। नौ दिनसम्मको लडाइँको विचार गर्दा भीष्मले राम्ररी युद्ध नगरेको शङ्का दुर्योधनले गरेपछि भीष्मलाई शस्त्रसंन्यास गर्न लगाउने सल्लाह कर्णले दिएका थिए। दसौं दिनको युद्धमा भीष्म क्षतविक्षत भएर शरशय्यामा पछारिएपछि राति कोही नभएको वेला पारेर कर्ण भीष्म कहाँ सम्मान गर्न पुगे। भीष्म लडेर आँखा चिम्लिरहेका थिए। कर्णले नजीकै गएर 'हजुरको सँधै मन नपरेको म कर्ण हुँ' भने। भीष्मले त्यहाँका रक्षकलाई परपर पठाए, कर्णलाई एक हातले अँगालो हाले, छोरालाई जस्तै स्नेह गरेर भने 'आऊ, बाबु, आऊ। तिमी सूतपुत्र हैनौ, सूर्यको वीर्यबाट जन्मेका कुन्तीपुत्र हौ। तिमी जस्तो वीर पुरुष अर्जुन र कृष्णबाहेक अरू कोही छैन। तिमीलाई मैले मन नपराए जस्तो गरेको तिम्रो उत्साह भङ्ग गरिँदा युद्धको खतरा कम हुने आशाले हो। धर्मको लोपबाट जन्मेका हुनाले र छोटाहरूको आश्रय लिएको हुनाले तिमीमा असूया बढी भएको हो। तिमी अरूको, पाण्डवको, गुणोत्कर्ष सहँदैनौ, सँधै उनीहरूको निन्दा गर्छौ। त्यो तिम्रो नराम्रो बानीलाई दबाउन पनि मैले हप्काउने गरेको हुँ। अहिले सम्मका कुरा छोडौं, बिर्सौं। पाण्डव तिम्रा सहोदर भाइ हुन्। तिमी उनीहरूसँग मिल, मलाई यही प्रिय छ। वाँचुन्जेल मैले शान्तिको निमित्त हर कोशिश गरें। अब म पछारिएँ। मेरो अन्त्यसँगै युद्धको पनि अन्त्य होस्! संसारका राजाहरू, सबै क्षत्रियहरू सकुशल बनून्!" भीष्मका कुरालाई कर्णले बडो विनयसाथ सत्य हो भने। तर सूतबाट पालिएर, दुर्योधनबाट पोसिएर, सूत जातिसँग विहा-बारी जायाजन्म गरिसकेर सूतपुत्र होइन, कुन्तीपुत्र हुँ भनेर कसरी भन्नु' भनेर कर्णले आफूले गरेका विरामहरूमा क्षमा मागे, युद्धको निम्ति अनुमति मागे।

महाभारत युद्धमा कर्णले सात दिन युद्ध गरे। उनीले युद्ध गर्न थालेपछि रणक्षेत्रमा सर्वत्र उनको नै दबदबा भयो; रणक्षेत्र भरी कर्ण नै छाएको जस्तो देखिन्थ्यो। चक्रव्यूहभित्र अत्यन्त वीरतापूर्वक लड्ने वीरवर अभिमन्युलाई हराउनमा, विरथ बनाउनमा कर्णकै प्रमुख हात थियो। चौथौं दिनको रात्रियुद्धमा कर्णले असाधारण पराक्रम गरे, उनको वीरताको सामु अर्जुन पनि सकेनन्। भीमसेनको छोरो घटोत्कचको मायामय पराक्रमबाट कौरवसेनाको विनाशलाई अमोघ शक्तिको प्रहारबाट घटोत्कचलाई मारेर उनले रोके। द्रोणाचार्यको इमानदारीमा कर्णलाई पूरा भरोसा थियो, विश्वास थियो। दुर्योधनले शङ्का गर्दा कर्णले द्रोणको प्रयत्नमा, वीरतामा भरोसा दिलाए। द्रोणाचार्यको अन्त्य भएपछि दुई दिनसम्म कर्णको सेनापतित्व भयो। अर्जुनसँग हुने आफ्नो युद्धमा सारथि भइदिन कर्णले दुर्योधनद्वारा शल्यलाई मनाए। शल्यले पनि कर्णको अनेक ढङ्गसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजोबध गर्थे। यसबाट पनि कर्णको आत्मविश्वासमा असर पर्दैनथ्यो। 'जन्म मान्छेको अधीनमा छैन, पौरख मानिसको हातमा हुन्छ। जन्मको कुरो, जातको कुरोलाई मात्र लिएर कसैको निन्दाप्रशंसा गर्नु हुन्न, पुरुषार्थको समीक्षण गर्नुपर्छ' भन्ने कर्णको सिद्धान्त थियो। उनी भन्थे– 'सूत वा सूतपुत्र वा अरूनै जो कोही म किन न हुं ? कुनै कुलमा जन्मनु दैवका अधीनमा छ, पौरुष मेरो वशमा छ।' कर्ण र अर्जुनमध्ये यौटा मात्र बाँच्नुपर्छ भनी उनी भन्थे। चार पाण्डवलाई उनले अभय दिएका थिए। कर्णले युधिष्ठिरलाई मरणासन्न घाइते तुल्याएर पनि छोडिदिए, भाग्न दिए। आफू एकलैको बलमा अर्जुनलाई जित्छु भन्ने उनलाई थियो। अश्वसेन नागले मदद दिन खोज्दा कर्णले भनेका थिए– 'सय अर्जुनलाई मार्ने बल पाउने भए पनि मलाई अरूको बलको मदद चाहिंदैन, एकचोटि हानि सकेको वाण फेरि धनुमा जोड्दिन'। सत्रौं दिनको मध्य घमासान युद्ध चलिरहेको वेला कर्णको रथको चक्र पाङ्ग्रो भइँमा भासियो। रथको पाङ्ग्रो उचालेर आफूले पुनः शस्त्र नलिएसम्म शस्त्रप्रहार नगर्ने, धर्म नछोड्ने आग्रह गरेर, कर्ण रथबाट ओर्ले। उनले रथको पाङ्ग्रो उचाल्न लाग्दा पाङ्ग्रोसँगै डाँडाकाँडा बनजङ्गल समुद्र सहित सातद्वीपवाला पृथ्वीलाई पनि कर्णले चार अङ्गुल माथि उचाले; पाँग्रो छुटेन; उनी कोशिश गर्दै थिए। त्यही मौकामा अर्जुनले बाण हानेर कर्णको टाउको काटे। अपराह्णमा वीर कर्णको इह लीलाको अन्त भो। आपनै बलमा लड्ने कर्णलाई अर्जुनले श्रीकृष्ण, कुन्ती, पृथिवी, इन्द्र र परशुराम समेत पाँच जनाको सहारा पाएको हुनाले मारे।

महाभारतमा कर्णको चरित्र आफू एकलैको पुरुषार्थबाट माथि उठेको, महाबलिष्ठ अतिशय आत्मगौरवशाली चरित्रको रूपमा देखा पर्छ। कहिल्यै नडग्ने, अति सहिष्णु, प्रतिभाशाली, अरूले गरेको निन्दा-प्रशंसा-प्रलोभन-प्रतर्जनबाट कत्ति क्षुब्ध नहुने कर्णको जस्तो चरित्र कसैको पनि छैन। आफू सूतपुत्र हैन, कुन्तीपुत्र भन्ने उनलाई थाहा थियो। सूतपुत्र, राधेय भनेर उनको बेइज्जती हुन्थ्यो। जहाँ पनि, जहिले पनि सयौं पटक यस्तो मिथ्यालाञ्छनाको, अपवादको प्रहार हुँदा पनि उनले सहे, खपे; वास्तव तथ्य कहिल्यै आफ्ना मुखले प्रकट गरेनन्, सूतपुत्र बनेर नै जीवन बिताए। कर्णको सहनशीलताको र मातृभक्तिको यो एक अनुपम उदाहरण हो। सन्धिका सारा प्रयास असफल भएपछि उनी कुन्तीपुत्र पाण्डव नै भएको सत्य बताएर पाण्डव पक्षमा राजा बनाउने प्रलोभन श्रीकृष्णले देखाइबक्स्यो। माता कुन्तीले पूर्वरहस्य आफैले पहिलो पटक खोलेर जेठो पाण्डवको रूपमा अगाडि आउने अनेक अनुनय गरिन्, पाण्डवलाई नमार्ने अनुरोध गरिन्। शरशय्यामा पछारिएका भीष्म पितामहले त्यही रहस्य खोलेर पाण्डवसँग मिलेर युद्ध रोक्ने, शान्ति गर्ने ठूलो आग्रह गरे। युधिष्ठिरले भीष्महरूसँग युद्धको आज्ञा लिएर आफ्नो फौजतिर फर्कन लाग्दा श्रीकृष्ण एकले कर्णको शिबिरमा सवारी भो। भीष्म बाँचुन्जेल कौरवपक्षबाट युद्ध नगर्ने प्रतिज्ञा गरी हतियार राखेर कर्ण बसेका थिए। कर्णको भीष्मसँगको कलहलाई साधन बनाएर श्रीकृष्णले भीष्म बाँचुन्जेल भीष्मका विरुद्ध पाण्डव पक्षबाट सूतपुत्र भएरै युद्ध गर्ने प्रस्ताव पनि राखिबक्स्यो। कर्ण कसै गरे पनि डगेनन्, लोभिएनन्, फुकिएनन्, हतासिएनन्, बहकिएनन्, आफ्नै अठोटमा अडिरहे। प्राण रहेसम्म आफ्नो भर परेको दुर्योधनको अप्रिय र अहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर्ने उनको अठोट थियो। कर्ण दुर्योधनपक्षबाट सूतपुत्र भएरै यति इमानदारीसँग लडे कि भीष्म द्रोण शल्यहरू पनि त्यति इमानदारीसँग लडेनहुन्। हो, आमाको अनुनयलाई शिरोपर गरेर अर्जुन बाहेक अरू चार पाण्डवलाई उनले अभय दिएका थिए। कर्णले जुन बहिःस्थितिमा र मनः स्थितिमा जसरी आफूलाई अगाडि बढाए, माथि उठाए, त्यो स्थिति अरू कसैलाई परेको भए त्यसै हुन्थ्यो भन्ने सकिंदैन। भीष्मका अनुसार र स्वयं माता कुन्तीका अनुसार कर्णमा स्वभावतः पाण्डवको द्वेषी, अकारण द्रोही, उत्कर्ष नसहने ठूलो दोष थियो। त्यसैले नै पछि कर्णको उपेक्षा गरेकी हुँ भनी कुन्तीले युधिष्ठिरसँग व्यास धृतराष्ट्र आदिको सामु कर्णजन्मको यथार्थ रहस्य खोल्दा भनेकी थिइन्।

'दानवीर' भन्ने बित्तिकै कर्णको नाम अघिल्तिर आउँछ। उनीले छैन, दिन्न कहिल्यै भनेनन्; सँधै हुन्छ, दिन्छु नै भने। जन्मजात कवचकुण्डल शरीरमा रहेसम्म उनलाई कुनै हातहतियारको चोट नलाग्ने थियो। इन्द्रले ब्राह्मणवेष लिएर यही माग्ने। ब्राह्मणको वेषमा इन्द्र नै अर्जुनका लागि आएको थाहा पाएर पनि, सूर्यले कवच कुण्डल ब्राह्मणरूपी इन्द्रलाई नदिने सल्लाह दिए पनि, सो नभएपछि आफ्नो मुख्य शत्रु अर्जुनसँगको युद्धमा आफू कमजोर हुने भए पनि, आफ्ना अमरत्व जाने भए पनि कर्णले नाइँ, हुन्न, दिन्न भनेनन्; छाला काटेर पनि कवचकुण्डल ब्राह्मणको वेषलाई दान दिए। कर्णका धनसम्पत्ति ज्यूज्यान केही पनि ब्राह्मणका निमित्त अदेय थिएन। ब्राह्मणलाई भने पछि उनी जे पनि दिन तयार थिए। युधिष्ठिरभन्दा कर्ण दाता थिए, बुद्धिमान् थिए भन्ने विषयमा यौटा कथा प्रसिद्ध छ।

धेरै दिनसम्मको झरी, अति जाडो दिन। अति अशक्त बूढा ब्राह्मण थरथर काम्दै युधिष्ठिरकहाँ आएर होमका लागि एक अँगालो सुकेको दाउरा माग्ने। जाडोको लामो झरीले गर्दा नओसिएको दाउराको एक कण्टेरो पनि थिएन। भीमसेनले त्यही कुरा युधिष्ठिरसँग विन्ति गरे। ब्राह्मणलाई दाउरा ओसिएको नहुने; युधिष्ठिर, भीमको केही लागेन। ब्राह्मण त्यहाँबाट कर्णकहाँ गए, त्यहाँ पनि नभिजेको, नओसिएको दाउरा पाइएन। तर कर्णले घरका नयाँ झ्याल ढोकाका खापा चिराएर सुकेका दाउरा ब्राह्मणदेवलाई टक्याए। यो थाहा पाएर युधिष्ठिरले कर्णलाई आफूभन्दा बढी दानी बुद्धिमान् ब्राह्मणभक्त ठहऱ्याए। युधिष्ठिरलाई कर्णको महत्त्व बुझाउन वृद्ध ब्राह्मणको भेष लिने स्वयं श्रीकृष्ण होइबक्सन्थ्यो। भगवान् श्रीकृष्ण हृदयदेखि कर्णको सम्मान गरिबक्सन्थ्यो। कर्ण अर्जुनभन्दा पनि ठूला वीर हुन् भन्ने कृष्णलाई थियो। कर्णको पराक्रमले अर्जुनलाई सिध्याउला भन्ने उहाँलाई सँधै चिन्ता थियो। शस्त्रास्त्र लिएर रथमा बसेका कर्ण अर्जुनबाट पनि अजेय छन् भन्ने श्रीकृष्णलाई पक्का थियो। भइँमा ओर्लेर रथको पाङ्ग्रो उठाउन लागेको शस्त्रास्त्ररहित वेला नै कर्णलाई मार्न सकिने मौका हो भन्ने सल्लाह श्रीकृष्णले दिइबक्सेको हो।

कर्ण ढलेपछि कौरवपक्षको आशा पनि ढल्यो। धृतराष्ट्र मात्रै हैन, कर्ण मरेको खबर सुन्दा गान्धारी पनि खूब रोइन्, अलापविलाप गरिन्, मूर्च्छै भएर लडिन्। कौरवपक्षका सारा आशा आकाङ्क्षा सबभन्दा बढी कर्णमा निहित थिए। कर्ण मर्दा स्वयं व्यासले भन्नुभो– सज्जनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदा सत्कार गर्ने सत्पुरूषको निधन भो, श्रेष्ठ ब्राह्मणभक्तको अन्त्य भो, याचकहरूको निम्ति चाहेको कुरा दिने महान् कल्पवृक्ष ढल्यो। कर्णको जस्तो अर्को महान् मानव व्यक्तित्व महाभारतमा मात्र हैन, आर्य संस्कृतिको कुनै ग्रन्थमा पनि दुर्लभ छ।

१०. काशीराज १/५ काशीराज काशीका राजा हुन्। काशीका राजालाई कहीं सेनाविन्दु, कहीं क्रोधहन्ता, कहीं अभिभू भनिएको छ। गुणकर्मबाट पनि नाम चल्ने हुनाले सेनाविन्दु र क्रोधहन्ता उनको गुणकर्मका नाम हुनन्। अभिभू उनको खास नाम हुनुपर्छ। त्यसैले युद्धमा मृत्यु हुँदा काशीराजलाई अभिभू भनिएको छ। तर काशिराज र अभिभू बाबु छोरा हुन् जस्तो पनि देखिन्छ। 'पुत्रः काश्यस्य चाभिभूः' भनेर अभिभूलाई काशिराजका पुत्रको रूपमा उल्लेख भएकोले बाबुछोरा दुवै युद्धमा आएको जस्तो बुझिन्छ। सेनाविन्दु र क्रोधहन्ता बाबु र अभिभू उनैका छोरा हुनन्। अम्बिका (धृतराष्ट्रकी आमा) र अम्बालिका (पाण्डुकी आमा) पनि काशिराजका छोरी हुन्। यहाँका काशीराज भीमसेनका ससुरा हुनुपर्छ। भीमसेनको काशीराजकी छोरी बलन्धरासँग विवाह भएको थियो र सर्वग भन्ने छोरा पनि जन्मेको थियो।

११. कुन्तिभोज, पुरूजित् १/५ कुन्तिभोज कुन्तिदेशका राजा हुन्। शूरकी छोरी पृथालाई उनले धर्मपुत्री बनाएका थिए। उनकै सम्बन्धबाट पाण्डवकी माता पृथाको कुन्ती भन्ने नाम रह्यो। पुरूजित् कुन्तिभोजका छोरा, युधिष्ठिर भीम अर्जुनका मामा हुन्। यहाँ पुरूजित्लाई नै कुन्तिभोजका छोरा हुनाले कुन्तिभोज भनेको हो भन्ने पनि छन्। पुरूजित् र कुन्तिभोज दुइ जना दाजुभाइ हुन् भन्ने पनि मत छ। युधिष्ठिरहरूका मामा भनेर जहाँ पनि एक वचन मात्र प्रयोग भएकोले दाजुभाइ दुइजना भन्न मिल्दैन। यहाँ कुन्तिभोज राजाका छोरा पुरूजित्लाई नै कुन्तिभोज पुरूजित् भनेको हो।

१२. कुन्ती– कुन्तीको अर्को नाम पृथा हो। उनका पिता यदुवंशी शूरसेन र माता मारिषा हुन्। वसुदेव उनका दाजु र वासुदेव श्रीकृष्ण भदा हुन्। आफ्नो सन्तान नजन्मँदै कुन्तिभोजले पृथालाई छोरीको रूपमा काख लिएका थिए। कुन्तीभोज शूरसेनका फुफूका छोरा भानिजदाइ हुन्। उनलें आफ्नी यौटी पुत्री पृथा भानिजदाइलाई धर्म पुत्रीको रूपमा दिएका थिए। उनकै नामबाट पृथाको नाम कुन्ती रह्यो। शैशव अवस्थादेखिनै उनी कुन्तीभोज राजाकहाँ नै बसेकी थिइन्। उनको बालककाल ज्यादै सुखसम्पन्न थियो तापनि कुन्ती भोगप्रिय थिइनन्, धर्म प्रिय थिइन्। त्यसो हुँदा कुन्ति भोजले कुन्तीलाई धर्मकर्ममा नै वढी लगाउँथे। उनका घरमा ऋषिमुनि पाहुनापासाहरू आइरहन्थे। तिनीहरूको आतिथ्य गर्ने काम कुन्तीलाई सुम्पिएको थियो। उनी बडो श्रद्धाभक्तिका साथ अतिथिको सेवा शुश्रूषामा लाग्थिन्। त्यसो हुँदा सबै अतिथि प्रसन्न बन्थे, कुन्तीलाई आशीर्वाद दिएर जान्थे। एकदिन दुर्वासा ऋषि पाहुना लाग्न आए। चौमासा वर्षावास गर्ने उनको योजना थियो। ऋषिको कडा स्वभाव प्रसिद्ध थियो। कुन्तीले ज्यादै श्रद्धाभक्ति र लगनसँग अतिथिसेवाको व्यवस्था मिलाइन्, कुनै त्रुटि हुन दिइनन्। त्रुटि भएकै भएपनि ऋषि उनको श्रद्धाभक्ति र लगनबाट अतिप्रभावित भए, अति प्रसन्न बने। उनले शुभ आशीर्वादका साथ महत्त्वपूर्ण विद्या पनि कुन्तीलाई दिए। त्यो मन्त्रविद्यामा जुन देवतालाई पनि चाहेको वेलामा बोला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उने शक्ति थियो। ऋषि त्यो विद्या र त्यसको प्रयोगविधि सिकाएर गइहाले। एक दिन बिहान कुन्ती, कौसीको पर्खालमा आड लागेर एकलै बसिरहेकी थिइन्। पूर्व दिशामा बालसूर्यको उदय भो। केटाकेटी कुन्ती, बडो रमाइलो लाग्यो। दुर्वासाको विद्या सम्झिन्, केवल रमाइलोमा उनले सूर्यलाई बोलाइन्। सूर्य नारायणलें अर्को रूपमा कुन्तीका समक्ष झलझलाकार प्रकट भएर वर माग भन्नुभो। कुन्तीलाई केही चाहिएकै थिएन। मैले त्यसै बोलाएको फर्कनुहोस् भनिन्, श्रद्धाभक्ति पूर्वक ढोग दिइन्, बालभावले दुःख दिएकोमा क्षमा मागिन्। "हामी देवतालाई बेकाममा बोलाउनु हुन्न, केही वरदान माग, नत्र मेरो तेजले तिमीलाई पनि, तिमीलाई विद्या दिनेलाई पनि डढाउनेछ" भनी सूर्यले भन्नुभो। कुन्ती आपत्मा परिन्, आफू डढ्ने कुरामा भन्दा ब्राह्मण ऋषिको अनिष्ट हुने कुराले उनलाई विचलित बनायो। उनले हजुर जस्तै छोरो होस् भनिन्। सूर्यको तेज कुन्तीमा प्रविष्ट भो, कुन्ती बेहोश भइन्। कुन्ती होशमा आएपछि 'तिमीलाई पुत्र हुनेछ' भनी सूर्य जानुभो। कुन्तीलाई गर्भ रह्यो, उनलें कसैसँग कुरो खोलिनन्, छोरो जन्मेको पनि कसैलाई थाहा भएन। त्यो शिशुलाई हिफाजतसाथ सन्दूकमा हालेर उनले सुटुक्क खोलामा बगाइदिइन्। त्यही बालक पछि कर्ण भन्ने नामले प्रख्यात भो। कुन्तीबाट भूल भने पनि, अपराध भने पनि, पाप भने पनि, परिबन्द भने पनि बालककालमा यही भयो। यो नै जीवन भरको लागि कुन्तीलाई 'मुटुको बह, कसैलाई नकह' भन्ने भएर रह्यो। व्यास, नारद, भीष्म, कर्ण र कृष्णलाई यो रहस्य थाहा थियो; कुन्तीले नभनुन्जेल अरू कसैलाई थाहा भएन।

कुन्तीको विवाह विचित्र वीर्यका कान्छा छोरा पाण्डुसँग भयो। जेठाजु धृतराष्ट्र जन्मान्ध थिए, जेठानी गान्धारीलें पतिभक्तिको कारण आँखामा पट्टी बाँधेकी थिइन्। जेठाजु जेठानी दुवै आँखा नदेख्ने, घरपरिवार जम्मै कुन्तीकै जिम्मामा थियो, सौता माद्रीले उनको सहायता गर्थिन्। दाजु अन्धा भएकाले हस्तिनापुरको राजा पाण्डु नै थिए। विदुर मन्त्री थिए। कुन्तीको र विदुरको बडो मेल थियो। दुवै हरेक विषयमा परस्पर सहयोग गर्थे। हस्तिनापुर राजको त्यत्रो विपुल वैभवकी महारानी कुन्ती थिइन्। विधिको विधान थाहै नपाइने हुन्छ। सन्तान जन्मेका थिएनन्। महाराज पाण्डुलाई स्त्रीसम्भोग गऱ्यो भने मृत्यु हुने ऋषिशाप पऱ्यो। राज विरक्त भएर दुइटी रानीका साथ जङ्गल पसे। कुन्तीको वानप्रस्थ जीवन अकस्मात् शुरू भो। हिमाली भेकको शत-शृङ्ग तपोवनमा समस्त भोगविलासशून्य तपस्वी जीवन चल्यो। कुन्तीमा विधिको विधान नै अनौठाको थियो। पाण्डुले सन्तानको निमित्त ज्यादै पीर लिए। तपोवनका ऋषिमुनिहरू देवयज्ञमा जान लाग्दा पाण्डु पनि जान खोजे। तर निःसन्तान गृहस्थीले ऊर्ध्वलोकको गति पाउँदैन भन्ने पाण्डुलाई थाहा भो। अब कुन्तीलाई सज्जन ब्राह्मण, तपस्वी ऋषिबाट त्यो वेलाको चलन अनुसार सन्तान जन्माउनको निम्ति पाण्डुले लगातार कचकच गर्न थाले। कुन्ती परपुरूषसंसर्ग गर्न कुनै हालतमा पनि तयार भइनन्। पाण्डुलाई दिनको भोक न रातको नींद भयो। पतिको दुःख देखेर कुन्ती विचलित भइन्। देवतालाई बोलाउने विद्या ऋषिका प्रसादबाट आफूसँग भएको तथ्य कुन्तीले पाण्डुसँग बताइन्। पाण्डुले त्यही विद्याको प्रयोग गर्न आग्रह गरे। धर्मराज, वायुदेव र इन्द्रदेवका अंशबाट– पाण्डुका आज्ञा अनुसार– कुन्तीले एक एक वर्षका अन्तरमा क्रमैसँग युधिष्ठिर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेन र अर्जुन तीन छोरा जन्माइन् । पाण्डुकै आग्रहमा कुन्तीकै विद्याबाट माद्रीले अश्विनी-कुमारको अंशबाट नकुल र सहदेव जुम्ल्याहा छोरा जन्माइन् । पाँच पाण्डव ऋषिबालकहरूसँगसँगै ऋषिकुमार जस्तै गरी तपोवनमा नै हुर्के, ऋषिहरूबाट शिक्षादीक्षा पाउन थाले । एक किसिमसँग शान्तिपूर्वक दिन बितिरहेकै थिए । फेरि अर्को पल्टा खायो । कुन्ती संधै पाण्डुको पहरा गर्थिन् । उनलाई झुक्याएर जङ्गलमा पाण्डुले जबर्जस्ती माद्रीसँग सहवास गरेछन्, त्यही स्थितिमा पाण्डुको निधन भो । माद्रीले पनि कुन्तीको अनुमति लिएर प्राण छोडिन् । पितृविहीन पाँच बालक कुन्तीको जिम्मामा भए । ऋषिहरूले छोरासमेत कुन्तीलाई हस्तिनापुरमा ल्याएर बुझाए । धृतराष्ट्रका एकसय एक छोरा र एक छोरी भइसकेका थिए । भीष्मले पुत्रसहित कुन्तीलाई पाण्डुको नाताबाट आश्रय दिने बन्दोबस्त मिलाए ।

हस्तिनापुरमा पाएको शिक्षादीक्षाबाट पाण्डवहरूको प्रतिभा र सामर्थ्य विकसित र मुखरित हुँदै आयो । धृतराष्ट्रलाई र उनका छोराहरूलाई पाण्डव मुटुका काँढा जस्ता भए । कुन्तीको सहायता आफ्नो भदो श्रीकृष्ण र देवर विदुर मात्र थिए । व्यासदेव दयालु ऋषिव्यवहार गर्नुहुन्थ्यो; उहांको आशीर्वाद पाण्डवहरूलाई प्राप्त थियो । धृतराष्ट्रले पाण्डवहरूलाई वारणावतमा धपाउने षड्यन्त्र गर्न थाले; आगोले पक्डने लाहा, मैन, ध्यू, तेल आदि हालेर त्यहाँ भवन तयार भयो । पाण्डवहरूलाई त्यहाँ पठाइयो । विदुरबाट कुन्तीले र युधिष्ठिरले सबै रहस्य थाहा पाएका थिए । विचरी कुन्ती असहाय थिइन्, पाँच छोराको र आफ्नो जीवन सँधै मृत्युको मुखमा थियो । एक दिन कुन्तीले ब्राह्मण भोजन गराइन् । भोजन गरिसकेर सबै फर्के । संयोगवश, यौटी निषादी पाँच छोरा लिएर खान आएकी, राति त्यहीं बसिछ । पाण्डवहरू लाक्षागृहमा आगो लगाएर रातारात सुरुङबाट जङ्गलमा र त्यहाँबाट गङ्गा तरेर अर्कै मुलुकमा भाग्न सफल भए । शुरुदेखि विदुरले प्रत्येक कुरामा मदद गरे, अरू कसैलाई थाहा भएन । पाँच छोरासहित निषादीको आगोमा झुल्सि-एका लाशहरू देखेर धृतराष्ट्रहरूले भित्र आनन्द माने, बाहिर शोक मनाए, कुन्तीको र पञ्चपाण्डवको काजकिरिया पनि गरे । पाण्डवहरू चाहिं ब्राह्मणवेषले एकचक्रा नगरीमा गएर बसे ।

पाँच भाइ ब्राह्मणवेषले भिक्षा बटुलेर ल्याउँथे, कुन्ती ब्राह्मणी बनेर पकाउने, खुवाउने, स्याहार गर्ने गर्थिन् । त्यहाँ यौटा राक्षस थियो, पालैसंग त्यहाँका एकेक बासिन्दाले अरू खाना समेत प्रशस्त लिएर आफू समेत राक्षसको आहारा बन्न जानु पर्थ्यो । घरपटी बाजेको घरको पालो आयो । बाबु आमा छोरा र छोरी चार प्राणी थिए, प्राणसंकट पऱ्यो । कुन्तीको दया उम्लेर आयो । उनीले आफ्नो छोरो भीमसेनलाई बक राक्षसको आहार बन्न पठाइन् । दैवको खेल, भीमले राक्षसलाई नै मारेर सारा देशवासीको नै प्राणसंकट हटाइदिए । द्रौपदी स्वयंवरको निम्ति कुन्तीहरू पाञ्चाल देश गए । त्यहाँ यौटा कुमालेको घरमा डेरा गरी बसे । अर्जुनले मत्स्यवेध गरेर प्राप्त भएकी द्रौपदी-लाई कुन्तीकहाँ पाण्डवले ल्याए । कुन्तीले द्रौपदी भन्ने थाहै नपाई सँधै झैं 'पाँच भाइले बराबर भोग गर' भनिन् । बडो असजिलो पऱ्यो, व्यासदेवले आएर पहिलेका कुरा समेत बताएर चित्त बुझाइ दिनुभो । माताको आज्ञा पाँच पाण्डवले र द्रौपदीले शिरोपर गरे ।

पाण्डवहरू बाँचेको थाहा पाएपछि कौरवले उनीहरूलाई हस्तिनापुरमा नै बोलाएर राखे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाण्डव प्रस्थको विकास गरेर इन्द्रप्रस्थ बनाई पाण्डवहरूले राजकाज गरे, राजसूय यज्ञ भो। यो समय कुन्तीको जीवनमा अवश्य नै आनन्दमय बन्यो। तर कौरवको जालझेल पाण्डवहरूले राजपाट छोडेर वनवास र गुप्तवास जानुपर्ने भयो। कुन्तीका सामु अथाह दुःखसागर उलेर आयो। यस्तो हुने थाहा पाएको भए उहिल्यै पाण्डवहरूलाई लिएर हस्तिनापुर आउने नै थिइन, शतशृङ्ग वनमा बस्ने थिएँ भनी कुन्ती रोइन्। उनको दुःखमा मदद गर्ने विदुर र श्रीकृष्ण हुनुहुन्थ्यो। पाण्डव र द्रौपदी वनवास र गुप्तवासमा रहुंदा कुन्ती विदुरको सँरक्षणमा रहिन्।

कौरव र पाण्डवको झगडामा कुन्तीलाई दुःख हुन्थ्यो। कर्णको र पाण्डवको दुश्मनीमा कुन्ती मनमनै कुँढिइरहन्थिन्, कसैसँग केही भन्न सक्तिनथिन्। लडाइँ हुने पक्का भएपछि कर्णकहाँ गएर कुन्तीले सबै रहस्य खोलिन्, पाण्डवलाई नमार्ने, पाण्डवसँग मिल्ने अनुनय गरिन्। कर्णले दुर्योधनलाई त्यो वेलामा आइपुगेर धोका दिन नहुने कुरोमा माताको चित्त बुझाए। चार पाण्डव र कर्ण अथवा अर्जुन गरी पाँच पाण्डव जीवित रहने छन् भन्ने आश्वासन उनले मातालाई टक्याए। कुन्तीको स्थिति कौरवले हारे पनि कर्णको निम्ति, पाण्डवले हारे पनि अर्जुनको निम्ति रूनुपर्ने थियो। युद्ध सकियो, तिलाञ्जलि दिने वेला गङ्गातटमा कुन्तीले रूँदै कर्ण आपनै छोरो भएको रहस्य युधिष्ठिरलाई बताइन्। युधिष्ठिरलाई यो कुरो पहिले नै थाहा नभएकोमा ठूलो पश्चात्ताप भो। अब उपान्त स्त्रीजातिको पेटमा गुह्य कुरो नअडोस् भनी युधिष्ठिरले भने।

युद्ध समाप्त भएको पन्ध्रवर्षसम्म कुन्ती युधिष्ठिरकै राजमा बसिन् तर राजसी ठाँटमा हैन, तपस्वी व्रतमा। कुन्ती जेठाजु जेठानी धृतराष्ट्र र गान्धारीको सेवामा रहन्थिन्। घरैमा पाहुना जस्तो गरी, मुनि जस्तो गरी उनी बस्थिन्। धृतराष्ट्र, गान्धारी विदुर वानप्रस्थ बनेर जङ्गल जाँदा कुन्ती साथ लागिन्। पाण्डव द्रौपदी सुभद्राहरूले लाख अनुनय विनय गरे। कुन्तीले अर्ती उपदेश दिइन्, कर्णप्रतिको कर्तव्य युधिष्ठिरलाई सम्झाइन्। उनी सारा सुखसयललाई, माया ममतालाई चटक्क छोडेर वन गइन्। जङ्गलमा उनी जेठाजु जेठानीको हरतरहबाट सेवा टहल गर्थिन्, चिन्तन मनन गर्थिन्, ध्यान समाधिमा मग्न रहन्थिन्, त्यहीं आश्रममा व्यास आउनु भएको थियो, युधिष्ठिर आदि राजारानीहरू पनि जम्मै आएका थिए उनीहरूलाई भेट्न भनेर। कुन्तीले साराको सामु कर्ण आफूबाट जन्मेको र आफूले गरेको जम्मै कर्म आपना देवसदृश ससुरा व्यासलाई विन्ति गरिन्। व्यासले कुन्तीलाई निर्दोष प्रमाणित गर्नु भो। युद्धमा मृतबन्धुहरूसँग भेट व्यासले गराइ-दिनुभो, कुन्तीले आपनो प्यारो जेठो छोरो कर्णसँग भेटिन्। धृतराष्ट्र गान्धारीको तपस्याको साथसाथ कुन्तीको तपस्या पनि झनझन् तीव्र हुँदै गयो। शरीरको निम्ति पनि उनीबाट प्रयत्न हुन छोडयो, शरीराभिमान सर्वथा छुट्यो। जङ्गलमा डढेलो उठयो, धृतराष्ट्र गान्धारीका साथमा कुन्ती पनि समाधिस्थ बनिन्; धृतराष्ट्रको अग्निहोत्रको अग्निबाट उठेको डढेलोले उनको शरीर लियो। कुन्तीको चरित्र ज्यादै संघर्षको, दुःखको, कर्तव्यको र पुण्यको चरित्र हो। जुन जेठाजु जेठानीबाट आफूलाई, आपना पाँच छोरालाई सँधै प्राणको खतरा, हजार दुःसह दुःख कष्ट, अमानवीय दुष्टताहरू, जालझेल षड्यन्त्रहरू भए, तिनमा कुन्तीको मनमा कुनै कुनै विकार कहिल्यै भएन, तिनको सेवामा शुश्रूषामा पछिल्लो पूर्ण जीवन समर्पित भो। यस्तो चरित्रको कल्पना पनि गर्न सकिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. कृप १/८ कृपाचार्य गौतम गोत्रीय अयोनिज विद्वान् हुन् । महर्षि गौतमका छोरा शरले सहित भएर जन्मेका हुनाले शरद्वान् भन्ने नामले प्रसिद्ध थिए । उनी शास्त्रको र शस्त्रास्त्रको विद्यामा पारङ्गत भए । उनको उग्र कठोर तपस्याबाट इन्द्रलाई त्रास भो । तपस्यामा विघ्न पार्नका निमित्त इन्द्रले जानपदी नामक देवकन्यालाई शरद्वान्को आश्रममा पठाए । वनमा ती जानपदी अप्सरालाई देखेर शरद्वान्को मन लोभियो, कामविकार पैदा भो । शरद्वान् यो विकारलाई हटाउन जङ्गलमा अर्कैतिर हिंडे । तर त्यो विकारको फलस्वरूप भईंमा उनको वीर्यपतन भो । उनले ओढेको र लगाएको कृष्णसार मृगचर्म र हातको धनुर्वाण भईंमा खसे । शरद्वान् ऋषि हेर्दै नहेरी हिंडे । उनको खसेको वीर्यबाट झारमा बालक र बालिका जुम्ल्याहा जन्मे । शान्तनु शिकार खेल्न आएका थिए, उनका मानिसले बालक जुम्ल्याहा र मृगचर्म, धनुर्बाण भेट्टाए । मृगचर्म साथमा भएकाले ती जुम्ल्याहालाई ऋषिसन्तति भन्ने बुझी शान्तनुले कृपा गरेर तिनलाई हस्तिनापुरमा ल्याएर पाले पछि कृपा गरेको हुनाले बालकको नाम कृप र बालिकाको नाम कृपी रह्यो । तपोदृष्टिबाट गौतमले सबै थाहा पाई हस्तिनापुरमा नै आएर चारै किसिमको धनुर्वेद र अन्य वेदवेदाङ्गादि शास्त्रका सिद्धान्त प्रयोग, रहस्य आदिको उपदेश गरे । कृप शास्त्र र शस्त्रविद्याका पारङ्गत परम आचार्य बने । त्यहीं बसेर उनले धृतराष्ट्र, पाण्डु, विदुर एवं उनका छोरा छोरीहरूलाई पढाए । त्यहाँ ठूलो विद्याकुलको कृपाचार्यको मातहतमा सञ्चालन भो । देशदेशावरका छात्रहरू पढन आउंथे, कृपाचार्यसंग पढेर विद्वान हुन्थे । यादव, वृष्णि, पाञ्चाल, सृञ्जय कुमारहरूलाई कृपाचार्यले पढाए; पछि त्यही विद्याकुलमा द्रोणाचार्य पनि थपिए ।

कृपाचार्य बडा बलवान् वीर थिए । उनलाई दिव्यास्त्रहरूको पनि ज्ञान थियो । महाभारत युद्धमा यिनी कौरव पक्षतिर लागेर लडे । पाण्डवमाथि, विशेषतः अर्जुन माथि उनको विषेष स्नेह थियो । चक्रव्यूह भित्र एकलो, कलिलो युवक अभिमन्युलाई विरथ बनाएर मार्ने ६ जना महारथीमध्ये कृपाचार्य एक थिए । उनी शान्तिप्रिय थिए । कर्ण मरेपछि उनले दुर्योधनलाई युद्ध बन्द गर्ने सल्लाह दिएका थिए । दुर्योधनहरूले पाण्डवहरू माथि अकारणमा अनेक पाप गरेका हुन् भन्ने उनलाई लागेको थियो । दुर्योधनको जीवन नजाओस् भनेर उनले भने– "महाराज, तपाईलो जुन आफ्नो जीवनको निम्ति लडाइँ उठाउनुभो, सारा वीरहरूलाई बोलाउनुभो, अब तपाइँको त्यही जीवन खतरामा परिसकेको छ । आफ्नो जीवनको सँधै रक्षा गर्नुपर्छ । आफ्नो घटती भएको छ वा बढती भएको छैन भने शत्रुसंग सन्धि गर्न र आफ्नो बढती भएको छ भने विग्रह गर्न खोज्नु पर्छ । हाम्रो घटती हुँदै आएको छ, पाण्डवको बढती हुँदै आएको छ । अब शान्त हुनोस्, सन्धि गर्नोस् । महाराज धृतराष्ट्र तपाइँले भनेपछि मान्नु हुन्छ । धृतराष्ट्रले भनेको कुरो श्रीकृष्णले मान्नुहुन्छ, श्रीकृष्णले भनेपछि युधिष्ठिरलो र उनका भाइहरूले मान्छन् । युधिष्ठिरले तपाईलाई राजा नै बनाउनेछन्, सन्धि गर्नोस् ।" कृपाचार्य कार्यकारणले गर्दा पाण्डवको विरूद्ध लडेका भए पनि पाण्डवप्रति उनको सहानुभूति थियो, उनी दुवैथरीको हितचिन्तक गुरू थिए । द्रोणपुत्र अश्वत्थामा उनका भानिज थिए । भानिजमा उनको अत्यन्त स्नेह थियो । कृपाचार्य अश्वत्थामाको वचन हार्न सक्तैनथे । दुर्योधन तिघ्रा भाँचिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूतपुत्रलाई वरण गर्न तयार छैन' भन्दा अनेक राजामहाराजको सामु उनको बेइज्जती भो। युद्धमन्त्रणा हुँदाको प्रत्येक सभामा भीष्म आदि बुढापाकाहरू सूतपुत्र भनेर उनलाई उल्याउँथे। युद्ध हुने पक्का भएपछि शक्तिसामर्थ्यबोध गर्ने सिलसिलामा बसेको कौरवसभामा भीष्मले र द्रोणले महिना दिनमा पाण्डव सेनाको पूर्ण संहार गर्ने आफ्नो शक्ति बताउँदा कर्णले पाँचै रातमा संहार गर्ने आफ्नो शक्ति बताएका थिए। यसैमा भनाभन हुँदा भीष्मले लडाइँ गरून्जेल आफू युद्धमा सम्मिलित नहुने, भीष्मले नै युद्धमा विजय प्राप्त गरेछन् भने दुर्योधनको अनुमति लिएर जङ्गल पस्ने प्रतिज्ञा कर्णले गरे। भीष्मले कर्णको निकै तेजोवध गरे, तर कर्णले भीष्मलाई केही नमीठो भनेनन्। नौ दिनसम्मको लडाइँको विचार गर्दा भीष्मले राम्ररी युद्ध नगरेको शङ्का दुर्योधनले गरेपछि भीष्मलाई शस्त्रसंन्यास गर्न लगाउने सल्लाह कर्णले दिएका थिए। दसौं दिनको युद्धमा भीष्म क्षतविक्षत भएर शरशय्यामा पछारिएपछि राति कोही नभएको वेला पारेर कर्ण भीष्म कहाँ सम्मान गर्न पुगे। भीष्म लडेर आँखा चिम्लिरहेका थिए। कर्णले नजीकै गएर 'हजुरको सँधै मन नपरेको म कर्ण हुँ' भने। भीष्मले त्यहाँका रक्षकलाई परपर पठाए, कर्णलाई एक हातले अँगालो हाले, छोरालाई जस्तै स्नेह गरेर भने 'आऊ, बाबु, आऊ। तिमी सूतपुत्र हैनौ, सूर्यको वीर्यबाट जन्मेका कुन्तीपुत्र हौ। तिमी जस्तो वीर पुरुष अर्जुन र कृष्णबाहेक अरू कोही छैन। तिमीलाई मैले मन नपराए जस्तो गरेको तिम्रो उत्साह भङ्ग गरिदिंदा युद्धको खतरा कम हुने आशाले हो। धर्मको लोपबाट जन्मेका हुनाले र छोटाहरूको आश्रय लिएको हुनाले तिमीमा असूया बढी भएको हो। तिमी अरूको, पाण्डवको, गुणोत्कर्ष सहँदैनौ, सँधै उनीहरूको निन्दा गर्छौ। त्यो तिम्रो नराम्रो बानीलाई दबाउन पनि मैले हप्काउने गरेको हुँ। अहिले सम्मका कुरा छोडौं, बिर्सौं। पाण्डव तिम्रा सहोदर भाइ हुन्। तिमी उनीहरूसँग मिल, मलाई यही प्रिय छ। बाँचुन्जेल मैले शान्तिको निमित्त हर कोशिश गरें। अब म पछारिएँ। मेरो अन्त्यसँगै युद्धको पनि अन्त्य होस्! संसारका राजाहरू, सबै क्षत्रियहरू सकुशल बनून्!" भीष्मका कुरालाई कर्णले बडो विनयसाथ सत्य हो भने। तर सूतबाट पालिएर, दुर्योधनबाट पोसिएर, सूत जातिसँग विहा-बारी जायाजन्म गरिसकेर सूतपुत्र होइन, कुन्तीपुत्र हुँ भनेर कसरी भन्नु' भनेर कर्णले आफूले गरेका विरामहरूमा क्षमा मागे, युद्धको निम्ति अनुमति मागे।

महाभारत युद्धमा कर्णले सात दिन युद्ध गरे। उनीले युद्ध गर्न थालेपछि रणक्षेत्रमा सर्वत्र उनको नै दबदबा भयो, रणक्षेत्र भरी कर्ण नै छाएको जस्तो देखिन्थ्यो। चक्रव्यूहभित्र अत्यन्त वीरतापूर्वक लड्ने वीरवर अभिमन्युलाई हराउनमा, विरथ बनाउनमा कर्णकै प्रमुख हात थियो। चौधौं दिनको रात्रियुद्धमा कर्णले असाधारण पराक्रम गरे, उनको वीरताको सामु अर्जुन पर्न सकेनन्। भीमसेनको छोरो घटोत्कचको मायामय पराक्रमबाट कौरवसेनाको विनाशलाई अमोघ शक्तिको प्रहारबाट घटोत्कचलाई मारेर उनले रोके। द्रोणाचार्यको इमानदारीमा कर्णलाई पूरा भरोसा थियो, विश्वास थियो। दुर्योधनले शङ्का गर्दा कर्णले द्रोणको प्रयत्नमा, वीरतामा भरोसा दिलाए। द्रोणाचार्यको अन्त्य भएपछि दुई दिनसम्म कर्णको सेनापतित्व भयो। अर्जुनसँग हुने आफ्नो युद्धमा सारथि भइदिन कर्णले दुर्योधनद्वारा शल्यलाई मनाए। शल्यले पनि कर्णको अनेक ढङ्गसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेजोबध गर्थे। यसबाट पनि कर्णको आत्मविश्वासमा असर पर्दैनथ्यो। 'जन्म मान्छेको अधीनमा छैन, पौरख मानिसको हातमा हुन्छ। जन्मको कुरो, जातको कुरोलाई मात्र लिएर कसैको निन्दाप्रशंसा गर्नु हुन्न, पुरुषार्थको समीक्षण गर्नुपर्छ' भन्ने कर्णको सिद्धान्त थियो। उनी भन्थे– 'सूत वा सूतपुत्र वा अरूनै जो कोही म किन न हुँ ? कुनै कुलमा जन्मनु दैवका अधीनमा छ, पौरुष मेरो वशमा छ।' कर्ण र अर्जुनमध्ये यौटा मात्र बाँच्नुपर्छ भनी उनी भन्थे। चार पाण्डवलाई उनले अभय दिएका थिए। कर्णले युधिष्ठिरलाई मरणासन्न घाइते तुल्याएर पनि छोडिदिए, भाग्न दिए। आफू एकलैको बलमा अर्जुनलाई जित्छु भन्ने उनलाई थियो। अश्वसेन नागले मदद दिन खोज्दा कर्णले भनेका थिए– 'सय अर्जुनलाई मार्ने बल पाउने भए पनि मलाई अरूको बलको मदद चाहिँदैन, एकचोटि हानि सकेको वाण फेरि धनुमा जोड्दिन'। सत्रौं दिनको मध्य घमासान युद्ध चलिरहेको वेला कर्णको रथको चेब्रे पाङ्ग्रो भइँमा भासियो। रथको पाङ्ग्रो उचालेर आफूले पुनः शस्त्र नलिएसम्म शस्त्रप्रहार नगर्ने, धर्म नछोड्ने आग्रह गरेर, कर्ण रथबाट ओर्ले। उनले रथको पाङ्ग्रो उचाल्न लाग्दा पाङ्ग्रोसँगै डाँडाकाँडा बनजङ्गल समुद्र सहित सातद्वीपवाला पृथ्वीलाई पनि कर्णले चार अङ्गुल माथि उचाले; पाँग्रो छुटेन; उनी कोशिश गर्दै थिए। त्यही मौकामा अर्जुनले बाण हानेर कर्णको टाउको काटे। अपराह्णमा वीर कर्णको इह लीलाको अन्त भो। आफ्नै बलमा लड्ने कर्णलाई अर्जुनले श्रीकृष्ण, कुन्ती, पृथिवी, इन्द्र र परशुराम समेत पाँच जनाको सहारा पाएको हुनाले मारे।

महाभारतमा कर्णको चरित्र आफू एकलैको पुरुषार्थबाट माथि उठेको, महाबलिष्ठ अतिशय आत्मगौरवशाली चरित्रको रूपमा देखा पर्छ। कहिल्यै नडग्ने, अति सहिष्णु, प्रतिभाशाली, अरूले गरेको निन्दा-प्रशंसा-प्रलोभन-प्रतर्जनबाट कत्ति क्षुब्ध नहुने कर्णको जस्तो चरित्र कसैको पनि छैन। आफू सूतपुत्र हैन, कुन्तीपुत्र भन्ने उनलाई थाहा थियो। सूतपुत्र, राधेय भनेर उनको बेइज्जती हुन्थ्यो। जहाँ पनि, जहिले पनि सयौं पटक यस्तो मिथ्यालाञ्छनाको, अपवादको प्रहार हुँदा पनि उनले सहे, खपे; वास्तव तथ्य कहिल्यै आफ्ना मुखले प्रकट गरेनन्, सूतपुत्र बनेर नै जीवन बिताए। कर्णको सहनशीलताको र मातृभक्तिको यो एक अनुपम उदाहरण हो। सन्धिका सारा प्रयास असफल भएपछि उनी कुन्तीपुत्र पाण्डव नै भएको सत्य बताएर पाण्डव पक्षमा राजा बनाउने प्रलोभन श्रीकृष्णले देखाइबक्स्यो। माता कुन्तीले पूर्वरहस्य आफैले पहिलो पटक खोलेर जेठो पाण्डवको रूपमा अगाडि आउने अनेक अनुनय गरिन्, पाण्डवलाई नमार्ने अनुरोध गरिन्। शरशय्यामा पछारिएका भीष्म पितामहले त्यही रहस्य खोलेर पाण्डवसँग मिलेर युद्ध रोक्ने, शान्ति गर्ने ठूलो आग्रह गरे। युधिष्ठिरले भीष्महरूसँग युद्धको आज्ञा लिएर आफ्नो फौजतिर फर्कन लाग्दा श्रीकृष्ण एकले कर्णको शिबिरमा सवारी भो। भीष्म बाँचुन्जेल कौरवपक्षबाट युद्ध नगर्ने प्रतिज्ञा गरी हतियार राखेर कर्ण बसेका थिए। कर्णको भीष्मसँगको कलहलाई साधन बनाएर श्रीकृष्णले भीष्म बाँचुन्जेल भीष्मका विरूद्ध पाण्डव पक्षबाट सूतपुत्र भएरै युद्ध गर्ने प्रस्ताव पनि राखिबक्स्यो। कर्ण कसै गरे पनि डगेनन्, लोभिएनन्, फुकिएनन्, हतासिएनन्, बहकिएनन्, आफ्नै अठोटमा अडिरहे। प्राण रहेसम्म आफ्नो भर परेको दुर्योधनको अप्रिय र अहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर्ने उनको अठोट थियो। कर्ण दुर्योधनपक्षबाट सूतपुत्र भएरै यति इमानदारीसंग लडे कि भीष्म द्रोण शल्यहरू पनि त्यति इमानदारीसँग लडेनहुन्। हो, आमाको अनुनयलाई शिरोपर गरेर अर्जुन बाहेक अरू चार पाण्डवलाई उनले अभय दिएका थिए। कर्णले जुन बहिःस्थितिमा र मनः स्थितिमा जसरी आफूलाई अगाडि बढाए, माथि उठाए, त्यो स्थिति अरू कसैलाई परेको भए त्यसै हुन्थ्यो भन्ने सकिंदैन। भीष्मका अनुसार र स्वयं माता कुन्तीका अनुसार कर्णमा स्वभावतः पाण्डवको द्वेषी, अकारण द्रोही, उत्कर्ष नसहने ठूलो दोष थियो। त्यसैले नै पछि कर्णको उपेक्षा गरेकी हुँ भनी कुन्तीले युधिष्ठिरसँग व्यास धृतराष्ट्र आदिको सामु कर्णजन्मको यथार्थ रहस्य खोल्दा भनेकी थिइन्।

'दानवीर' भन्ने वित्तिकै कर्णको नाम अघिल्तिर आउँछ। उनीले छैन, दिन्न कहिल्यै भनेनन्; सँधै हुन्छ, दिन्छु नै भने। जन्मजात कवचकुण्डल शरीरमा रहेसम्म उनलाई कुनै हातहतियारको चोट नलाग्ने थियो। इन्द्रले ब्राह्मणवेष लिएर यही माग्ने। ब्राह्मणको वेषमा इन्द्र नै अर्जुनका लागि आएको थाहा पाएर पनि, सूर्यले कवच कुण्डल ब्राह्मणरूपी इन्द्रलाई नदिने सल्लाह दिए पनि, सो नभएपछि आफ्नो मुख्य शत्रु अर्जुनसँगको युद्धमा आफू कमजोर हुने भए पनि, आफ्ना अमरत्व जाने भए पनि कर्णले नाइँ, हुन्न, दिन्न भनेनन्; छाला काटेर पनि कवचकुण्डल ब्राह्मणको वेषलाई दान दिए। कर्णका धनसम्पत्ति ज्यूज्यान केही पनि ब्राह्मणका निमित्त अदेय थिएन। ब्राह्मणलाई भने पछि उनी जे पनि दिन तयार थिए। युधिष्ठिरभन्दा कर्ण दाता थिए, बुद्धिमान् थिए भन्ने विषयमा यौटा कथा प्रसिद्ध छ।

धेरै दिनसम्मको झरी, अति जाडो दिन। अति अशक्त बूढा ब्राह्मण थरथर काम्दै युधिष्ठिरकहाँ आएर होमका लागि एक अँगालो सुकेको दाउरा माग्ने। जाडोको लामो झरीले गर्दा नओसिएको दाउराको एक कट्टेरो पनि थिएन। भीमसेनले त्यही कुरा युधिष्ठिरसँग विन्ति गरे। ब्राह्मणलाई दाउरा ओसिएको नहुने; युधिष्ठिर, भीमको केही लागेन। ब्राह्मण त्यहाँबाट कर्णकहाँ गए, त्यहाँ पनि नभिजेको, नओसिएको दाउरा पाइएन। तर कर्णले घरका नयाँ झ्याल ढोकाका खापा चिराएर सुकेका दाउरा ब्राह्मणदेवलाई टक्याए। यो थाहा पाएर युधिष्ठिरले कर्णलाई आफूभन्दा बढी दानी बुद्धिमान् ब्राह्मणभक्त ठहऱ्याए। युधिष्ठिरलाई कर्णको महत्त्व बुझाउन वृद्ध ब्राह्मणको भेष लिने स्वयं श्रीकृष्ण होइबक्सन्थ्यो। भगवान् श्रीकृष्ण हृदयदेखि कर्णको सम्मान गरिबक्सिन्थ्यो। कर्ण अर्जुनभन्दा पनि ठूला वीर हुन् भन्ने कृष्णलाई थियो। कर्णको पराक्रमले अर्जुनलाई सिध्याउला भन्ने उहाँलाई सँधै चिन्ता थियो। शस्त्रास्त्र लिएर रथमा बसेका कर्ण अर्जुनबाट पनि अजेय छन् भन्ने श्रीकृष्णलाई पक्का थियो। भइँमा ओर्लेर रथको पाङ्ग्रो उठाउन लागेको शस्त्रास्त्ररहित वेला नै कर्णलाई मार्न सकिने मौका हो भन्ने सल्लाह श्रीकृष्णले दिइबक्सँको हो।

कर्ण ढलेपछि कौरवपक्षको आशा पनि ढल्यो। धृतराष्ट्र मात्रै हैन, कर्ण मरेको खबर सुन्दा गान्धारी पनि खूब रोइन्, अलापविलाप गरिन्, मूर्च्छै भएर लडिन्। कौरवपक्षका सारा आशा आकाङ्क्षा सबभन्दा बढी कर्णमा निहित थिए। कर्ण मर्दा स्वयं व्यासले भन्नुभो– सज्जनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदा सत्कार गर्ने सत्पुरूषको निधन भो, श्रेष्ठ ब्राह्मणभक्तको अन्त्य भो, याचकहरूको निम्ति चाहेको कुरा दिने महान् कल्पवृक्ष ढल्यो। कर्णको जस्तो अर्को महान् मानव व्यक्तित्व महाभारतमा मात्र हैन, आर्य संस्कृतिको कुनै ग्रन्थमा पनि दुर्लभ छ।

१०. काशीराज १/५ काशीराज काशीका राजा हुन्। काशीका राजालाई कहीं सेनाविन्दु, कहीं क्रोधहन्ता, कहीं अभिभू भनिएको छ। गुणकर्मबाट पनि नाम चल्ने हुनाले सेनाविन्दु र क्रोधहन्ता उनको गुणकर्मका नाम हुनन्। अभिभू उनको खास नाम हुनुपर्छ। त्यसैले युद्धमा मृत्यु हुँदा काशीराजलाई अभिभू भनिएको छ। तर काशिराज र अभिभू बाबु छोरा हुन् जस्तो पनि देखिन्छ। 'पुत्रः काश्यस्य चाभिभूः' भनेर अभिभूलाई काशिराजका पुत्रको रूपमा उल्लेख भएकोले बाबुछोरा दुवै युद्धमा आएको जस्तो बुझिन्छ। सेनाविन्दु र क्रोधहन्ता बाबु र अभिभू उनैका छोरा हुनन्। अम्बिका (धृतराष्ट्रकी आमा) र अम्बालिका (पाण्डुकी आमा) पनि काशिराजका छोरी हुन्। यहाँका काशीराज भीमसेनका ससुरा हुनुपर्छ। भीमसेनको काशीराजकी छोरी बलन्धरासँग विवाह भएको थियो र सर्वग भन्ने छोरा पनि जन्मेको थियो।

११. कुन्तिभोज, पुरूजित् १/५ कुन्तिभोज कुन्तिदेशका राजा हुन्। शूरकी छोरी पृथालाई उनले धर्मपुत्री बनाएका थिए। उनकै सम्बन्धबाट पाण्डवकी माता पृथाको कुन्ती भन्ने नाम रह्यो। पुरूजित् कुन्तिभोजका छोरा, युधिष्ठिर भीम अर्जुनका मामा हुन्। यहाँ पुरूजित्लाई नै कुन्तिभोजका छोरा हुनाले कुन्तिभोज भनेको हो भन्ने पनि छन्। पुरूजित् र कुन्तिभोज दुइ जना दाजुभाइ हुन् भन्ने पनि मत छ। युधिष्ठिरहरूका मामा भनेर जहाँ पनि एक वचन मात्र प्रयोग भएकोले दाजुभाइ दुइजना भन्न मिल्दैन। यहाँ कुन्तिभोज राजाका छोरा पुरूजित्लाई नै कुन्तिभोज पुरूजित् भनेको हो।

१२. कुन्ती– कुन्तीको अर्को नाम पृथा हो। उनका पिता यदुवंशी शूरसेन र माता मारिषा हुन्। वसुदेव उनका दाजु र वासुदेव श्रीकृष्ण भदा हुन्। आफ्नो सन्तान नजन्मँदै कुन्तिभोजले पृथालाई छोरीको रूपमा काख लिएका थिए। कुन्तीभोज शूरसेनका फुफूका छोरा भानिजदाइ हुन्। उनले आफ्नी यौटी पुत्री पृथा भानिजदाइलाई धर्म पुत्रीको रूपमा दिएका थिए। उनकै नामबाट पृथाको नाम कुन्ती रह्यो। शैशव अवस्थादेखिनै उनी कुन्तीभोज राजाकहाँ नै बसेकी थिइन्। उनको बालककाल ज्यादै सुखसम्पन्न थियो तापनि कुन्ती भोगप्रिय थिइनन्, धर्म प्रिय थिइन्। त्यसो हुँदा कुन्ति भोजले कुन्तीलाई धर्मकर्ममा नै बढी लगाउँथे। उनका घरमा ऋषिमुनि पाहुनापासाहरू आइरहन्थे। तिनीहरूको आतिथ्य गर्ने काम कुन्तीलाई सुम्पिएको थियो। उनी बडो श्रद्धाभक्तिका साथ अतिथिको सेवा शुश्रूषामा लाग्थिन्। त्यसो हुँदा सबै अतिथि प्रसन्न बन्थे, कुन्तीलाई आशीर्वाद दिएर जान्थे। एकदिन दुर्वासा ऋषि पाहुना लाग्न आए। चौमासा वर्षावास गर्ने उनको योजना थियो। ऋषिको कडा स्वभाव प्रसिद्ध थियो। कुन्तीले ज्यादै श्रद्धाभक्ति र लगनसँग अतिथिसेवाको व्यवस्था मिलाइन्, कुनै त्रुटि हुन दिइनन्। त्रुटि भएकै भएपनि ऋषि उनको श्रद्धाभक्ति र लगनबाट अतिप्रभावित भए, अति प्रसन्न बने। उनले शुभ आशीर्वादका साथ महत्त्वपूर्ण विद्या पनि कुन्तीलाई दिए। त्यो मन्त्रविद्यामा जुन देवतालाई पनि चाहेको वेलामा बोला-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनै शक्ति थियो। ऋषि त्यो विद्या र त्यसको प्रयोगविधि सिकाएर गइहाले। एक दिन बिहान कुन्ती, कौसीको पर्खालमा आड लागेर एकलै बसिरहेकी थिइन्। पूर्व दिशामा बालसूर्यको उदय भो। केटाकेटी कुन्ती, बडो रमाइलो लाग्यो। दुर्वासाको विद्या सम्झिन्, केवल रमाइलोमा उनले सूर्यलाई बोलाइन्। सूर्य नारायणलें अर्को रूपमा कुन्तीका समक्ष झलझलाकार प्रकट भएर वर माग भन्नुभो। कुन्तीलाई केही चाहिएकै थिएन। मैले त्यसै बोलाएको फर्कनुहोस् भनिन्, श्रद्धाभक्ति पूर्वक ढोग दिइन्, बालभावले दुःख दिएकोमा क्षमा मागिन्। "हामी देवतालाई बेकाममा बोलाउनु हुन्न, केही वरदान माग, नत्र मेरो तेजले तिमीलाई पनि, तिमीलाई विद्या दिनेलाई पनि डढाउनेछ" भनी सूर्यले भन्नुभो। कुन्ती आपत्मा परिन्, आफू डढ्ने कुरामा भन्दा ब्राह्मण ऋषिको अनिष्ट हुने कुराले उनलाई विचलित बनायो। उनले हजुर जस्तै छोरो होस् भनिन्। सूर्यको तेज कुन्तीमा प्रविष्ट भो, कुन्ती बेहोश भइन्। कुन्ती होशमा आएपछि 'तिमीलाई पुत्र हुनेछ' भनी सूर्य जानुभो। कुन्तीलाई गर्भ रह्यो, उनलें कसैसँग कुरो खोलिनन्, छोरो जन्मेको पनि कसैलाई थाहा भएन। त्यो शिशुलाई हिफाजतसाथ सन्दूकमा हालेर उनले सुटुक्क खोलामा बगाइदिइन्। त्यही बालक पछि कर्ण भन्ने नामले प्रख्यात भो। कुन्तीबाट भूल भने पनि, अपराध भने पनि, पाप भने पनि, परिबन्द भने पनि बालककालमा यही भयो। यो नै जीवन भरको लागि कुन्तीलाई 'मुटुको बह, कसैलाई नकह' भन्ने भएर रह्यो। व्यास, नारद, भीष्म, कर्ण र कृष्णलाई यो रहस्य थाहा थियो; कुन्तीले नभनुन्जेल अरू कसैलाई थाहा भएन।

कुन्तीको विवाह विचित्र वीर्यका कान्छा छोरा पाण्डुसँग भयो। जेठाजु धृतराष्ट्र जन्मान्ध थिए, जेठानी गान्धारीलें पतिभक्तिको कारण आँखामा पट्टी बाँधेकी थिइन्। जेठाजु जेठानी दुवै आँखा नदेख्ने, घरपरिवार जम्मै कुन्तीकै जिम्मामा थियो, सौता माद्रीले उनको सहायता गर्थिन्। दाजु अन्धा भएकाले हस्तिनापुरको राजा पाण्डु नै थिए। विदुर मन्त्री थिए। कुन्तीको र विदुरको बडो मेल थियो। दुवै हरेक विषयमा परस्पर सहयोग गर्थे। हस्तिनापुर राजको त्यत्रो विपुल वैभवकी महारानी कुन्ती थिइन्। विधिको विधान थाहै नपाइने हुन्छ। सन्तान जन्मेका थिएनन्। महाराज पाण्डुलाई स्त्रीसम्भोग गऱ्यो भने मृत्यु हुने ऋषिशाप पऱ्यो। राज विरक्त भएर दुइटी रानीका साथ जङ्गल पसे। कुन्तीको वानप्रस्थ जीवन अकस्मात् शुरू भो। हिमाली भेकको शत-शृङ्ग तपोवनमा समस्त भोगविलासशून्य तपस्वी जीवन चल्यो। कुन्तीमा विधिको विधान नै अनौठाको थियो। पाण्डुले सन्तानको निमित्त ज्यादै पीर लिए। तपोवनका ऋषिमुनिहरू देवयज्ञमा जान लाग्दा पाण्डु पनि जान खोजे। तर निःसन्तान गृहस्थीले ऊर्ध्वलोकको गति पाउँदैन भन्ने पाण्डुलाई थाहा भो। अब कुन्तीलाई सज्जन ब्राह्मण, तपस्वी ऋषिबाट त्यो वेलाको चलन अनुसार सन्तान जन्माउनको निम्ति पाण्डुले लगातार कचकच गर्न थाले। कुन्ती परपुरूषसंसर्ग गर्न कुनै हालतमा पनि तयार भइनन्। पाण्डुलाई दिनको भोक न रातको नींद भयो। पतिको दुःख देखेर कुन्ती विचलित भइन्। देवतालाई बोलाउने विद्या ऋषिका प्रसादबाट आफूसँग भएको तथ्य कुन्तीले पाण्डुसँग बताइन्। पाण्डुले त्यही विद्याको प्रयोग गर्न आग्रह गरे। धर्मराज, वायुदेव र इन्द्रदेवका अंशबाट– पाण्डुका आज्ञा अनुसार– कुन्तीले एक एक वर्षका अन्तरमा क्रमैसँग युधिष्ठिर,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीमसेन र अर्जुन तीन छोरा जन्माइन् । पाण्डुकै आग्रहमा कुन्तीकै विद्याबाट माद्रीले अश्विनी-कुमारको अंशबाट नकुल र सहदे जुम्ल्याहा छोरा जन्माइन् । पाँच पाण्डव ऋषिबालकहरूसँगसँगै ऋषिकुमार जस्तै गरी तपोवनमा नै हुर्के, ऋषिहरूबाट शिक्षादीक्षा पाउन थाले । एक किसिमसँग शान्तिपूर्वक दिन बितिरहेकै थिए । फेरि अर्को पल्टा खायो । कुन्ती संधै पाण्डुको पहरा गर्थिन् । उनलाई झुक्याएर जङ्गलमा पाण्डुले जबर्जस्ती माद्रीसँग सहवास गरेछन्, त्यही स्थितिमा पाण्डुको निधन भो । माद्रीले पनि कुन्तीको अनुमति लिएर प्राण छोडिन् । पितृविहीन पाँच बालक कुन्तीको जिम्मामा भए । ऋषिहरूले छोरासमेत कुन्तीलाई हस्तिनापुरमा ल्याएर बुझाए । धृतराष्ट्रका एकसय एक छोरा र एक छोरी भइसकेका थिए । भीष्मले पुत्रसहित कुन्तीलाई पाण्डुको नाताबाट आश्रय दिने बन्दोबस्त मिलाए ।

हस्तिनापुरमा पाएको शिक्षादीक्षाबाट पाण्डवहरूको प्रतिभा र सामर्थ्य विकसित र मुखरित हुँदै आयो । धृतराष्ट्रलाई र उनका छोराहरूलाई पाण्डव मुटुका काँढा जस्ता भए । कुन्तीको सहायता आफ्नो भदो श्रीकृष्ण र देवर विदुर मात्र थिए । व्यासदेव दयालु ऋषिव्यवहार गर्नुहुन्थ्यो; उहांको आशीर्वाद पाण्डवहरूलाई प्राप्त थियो । धृतराष्ट्रले पाण्डवहरूलाई वारणावतमा धपाउने षड्यन्त्र गर्न थाले; आगोले पक्डने लाहा, मैन, ध्यू, तेल आदि हालेर त्यहाँ भवन तयार भयो । पाण्डवहरूलाई त्यहाँ पठाइयो । विदुरबाट कुन्तीले र युधिष्ठिरले सबै रहस्य थाहा पाएका थिए । विचरी कुन्ती असहाय थिइन्, पाँच छोराको र आफ्नो जोवन सँधै मृत्युको मुखमा थियो । एक दिन कुन्तीले ब्राह्मण भोजन गराइन् । भोजन गरिसकेर सबै फर्के । संयोगवश, यौटी निषादी पाँच छोरा लिएर खान आएकी, राति त्यहीं बसिछ । पाण्डवहरू लाक्षागृहमा आगो लगाएर रातारात सुरुङबाट जङ्गलमा र त्यहाँबाट गङ्गा तरेर अर्के मुलुकमा भाग्न सफल भए । शुरुदेखि विदुरले प्रत्येक कुरामा मदद गरे, अरू कसैलाई थाहा भएन । पाँच छोरासहित निषादीको आगोमा झुल्सि-एका लाशहरू देखेर धृतराष्ट्रहरूले भित्र आनन्द माने, बाहिर शोक मनाए, कुन्तीको र पञ्चपाण्डवको काजकिरिया पनि गरे । पाण्डवहरू चाहिं ब्राह्मणवेषले एकचक्रा नगरीमा गएर बसे ।

पाँच भाइ ब्राह्मणवेषलें भिक्षा बटुलेर ल्याउँथे, कुन्ती ब्राह्मणी बनेर पकाउने, ख्वाउने, स्याहार गर्ने गर्थिन् । त्यहाँ यौटा राक्षस थियो, पालैसंग त्यहाँका एकेक बासिन्दालें अरू खाना समेत प्रशस्त लिएर आफू समेत राक्षसको आहारा बन्न जानु पर्थ्यो । घरपटी बाजेको घरको पालो आयो । बाबु आमा छोरा र छोरी चार प्राणी थिए, प्राणसंकट पऱ्यो । कुन्तीको दया उम्लेर आयो । उनीले आफ्नो छोरो भीमसेनलाई बक राक्षसको आहार बन्न पठाइन् । दैवको खेल, भीमले राक्षसलाई नै मारेर सारा देशवासीको नै प्राणसंकट हटाइदिए । द्रौपदी स्वयंवरको निम्ति कुन्तीहरू पाञ्चाल देश गए । त्यहाँ यौटा कुमालेको घरमा डेरा गरी बसे । अर्जुनले मत्स्यवेध गरेर प्राप्त भएकी द्रौपदी-लाई कुन्तीकहाँ पाण्डवले ल्याए । कुन्तीले द्रौपदी भन्ने थाहै नपाई सँधै झैं 'पाँच भाइले बराबर भोग गर' भनिन् । बडो असजिलो पऱ्यो, व्यासदेवले आएर पहिलेका कुरा समेत बताएर चित्त बुझाइ दिनुभो । माताको आज्ञा पाँच पाण्डवले र द्रौपदीले शिरोपर गरे ।

पाण्डवहरू बाँचेको थाहा पाएपछि कौरवले उनीहरूलाई हस्तिनापुरमा नै बोलाएर राखे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खाण्डव प्रस्थको विकास गरेर इन्द्रप्रस्थ बनाई पाण्डवहरूले राजकाज गरे, राजसूय यज्ञ भो। यो समय कुन्तीको जीवनमा अवश्य नै आनन्दमय बन्यो। तर कौरवको जालझेल पाण्डवहरूले राजपाट छोडेर वनवास र गुप्तवास जानुपर्ने भयो। कुन्तीका सामु ठूठाह दुःखसागर उलेर आयो। यस्तो हुने थाहा पाएको भए उहिल्यै पाण्डवहरूलाई लिएर हस्तिनापुर आउने नै थिइन, शतशृङ्ग वनमा बस्ने थिएँ भनी कुन्ती रोइन्। उनको दुःखमा मदद गर्ने विदुर र श्रीकृष्ण हुनुहुन्थ्यो। पाण्डव र द्रौपदी वनवास र गुप्तवासमा रहुंदा कुन्ती विदुरको सँरक्षणमा रहिन्।

कौरव र पाण्डवको झगडामा कुन्तीलाई दुःख हुन्थ्यो। कर्णको र पाण्डवको दुश्मनीमा कुन्ती मनमनै कुँढिइरहन्थिन्, कसैसँग केही भन्न सक्तिनथिन्। लडाइँ हुने पक्का भएपछि कर्णकहाँ गएर कुन्तीले सबै रहस्य खोलिन्, पाण्डवलाई नमार्ने, पाण्डवसँग मिल्ने अनुनय गरिन्। कर्णले दुर्योधनलाई त्यो वेलामा आइपुगेर धोका दिन नहुने कुरोमा माताको चित्त बुझाए। चार पाण्डव र कर्ण अथवा अर्जुन गरी पाँच पाण्डव जीवित रहने छन् भन्ने आश्वासन उनले मातालाई टक्याए। कुन्तीको स्थिति कौरवले हारे पनि कर्णको निम्ति, पाण्डवले हारे पनि अर्जुनको निम्ति रूनुपर्ने थियो। युद्ध सकियो, तिलाञ्जलि दिने वेला गङ्गातटमा कुन्तीले रूँदै कर्ण आफ्नै छोरो भएको रहस्य युधिष्ठिरलाई बताइन्। युधिष्ठिरलाई यो कुरो पहिले नै थाहा नभएकोमा ठूलो पश्चात्ताप भो। अब उपान्त स्त्रीजातिको पेटमा गुह्य कुरो नअडोस् भनी युधिष्ठिरले भनें।

युद्ध समाप्त भएको पन्धूवर्षसम्म कुन्ती युधिष्ठिरकै राजमा बसिन् तर राजसी ठाँटमा हैन, तपस्वी व्रतमा। कुन्ती जेठाजु जेठानी धृतराष्ट्र र गान्धारीको सेवामा रहन्थिन्। घरैमा पाहुना जस्तो गरी, मुनि जस्तो गरी उनी बस्थिन्। धृतराष्ट्र, गान्धारी विदुर वानप्रस्थ बनेर जङ्गल जाँदा कुन्ती साथ लागिन्। पाण्डव द्रौपदी सुभद्राहरूले लाख अनुनय विनय गरे। कुन्तीले अर्ती उपदेश दिइन्, कर्णप्रतिको कर्तव्य युधिष्ठिरलाई सम्झाइन्। उनी सारा सुखसयललाई, माया ममतालाई चटक्क छोडेर वन गइन्। जङ्गलमा उनी जेठाजु जेठानीको हरतरहबाट सेवा टहल गर्थिन्, चिन्तन मनन गर्थिन्, ध्यान समाधिमा मग्न रहन्थिन्, त्यहीं आश्रममा व्यास आउनु भएको थियो, युधिष्ठिर आदि राजारानीहरू पनि जम्मै आएका थिए उनीहरूलाई भेट्न भनेर। कुन्तीले साराको सामु कर्ण आफूबाट जन्मेको र आफूले गरेको जम्मै कर्म आफ्ना देवसदृश ससुरा व्यासलाई विन्ति गरिन्। व्यासले कुन्तीलाई निर्दोष प्रमाणित गर्नु भो। युद्धमा मृतबन्धुहरूसँग भेट व्यासले गराइ-दिनुभो, कुन्तीले आफ्नो प्यारो जेठो छोरो कर्णसँग भेटिन्। धृतराष्ट्र गान्धारीको तपस्याको साथसाथ कुन्तीको तपस्या पनि झनझन् तीव्र हुँदै गयो। शरीरको निम्ति पनि उनीबाट प्रयत्न हुन छोडयो, शरीराभिमान सर्वथा छुट्यो। जङ्गलमा डढेलो उठयो, धृतराष्ट्र गान्धारीका साथमा कुन्ती पनि समाधिस्थ बनिन्; धृतराष्ट्रको अग्निहोत्रको अग्निबाट उठेको डढेलोले उनको शरीर लियो। कुन्तीको चरित्र ज्यादै संघर्षको, दुःखको, कर्तव्यको र पुण्यको चरित्र हो। जुन जेठाजु जेठानीबाट आफूलाई, आफ्ना पाँच छोरालाई सँधै प्राणको खतरा, हजार दुःसह दुःख कष्ट, अमानवीय दुष्टताहरू, जालझेल षड्यन्त्रहरू भए, तिनमा कुन्तीको मनमा कुनै कुनै विकार कहिल्यै भएन, तिनको सेवामा शुश्रूषामा पछिल्लो पूर्ण जीवन समर्पित भो। यस्तो चरित्रको कल्पना पनि गर्न सकिन्न।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१३. कृप १/८ कृपाचार्य गौतम गोत्रीय अयोनिज विद्वान् हुन् । महर्षि गौतमका छोरा शरले सहित भएर जन्मेका हुनाले शरद्वान् भन्ने नामले प्रसिद्ध थिए । उनी शास्त्रको र शस्त्रास्त्रको विद्यामा पारङ्गत भए । उनको उग्र कठोर तपस्याबाट इन्द्रलाई त्रास भो । तपस्यामा विघ्न पार्नका निमित्त इन्द्रले जानपदी नामक देवकन्यालाई शरद्वान्को आश्रममा पठाए । वनमा ती जानपदी अप्सरालाई देखेर शरद्वान्को मन लोभियो, कामविकार पैदा भो । शरद्वान् यो विकारलाई हटाउन जङ्गलमा अकैंतिर हिंडे । तर त्यो विकारको फलस्वरूप भईंमा उनको वीर्यपतन भो । उनले ओढेको र लगाएको कृष्णसार मृगचर्म र हातको धनुर्वाण भइँमा खसे । शरद्वान् ऋषि हेर्दै नहेरी हिंडे । उनको खसेको वीर्यबाट झारमा बालक र बालिका जुम्ल्याहा जन्मे । शान्तनु शिकार खेल्न आएका थिए, उनका मानिसले बालक जुम्ल्याहा र मृगचर्म, धनुर्बाण भेट्टाए । मृगचर्म साथमा भएकाले ती जुम्ल्याहालाई ऋषिसन्तति भन्ने बुझी शान्तनुले कृपा गरेर तिनलाई हस्तिना-पुरमा ल्याएर पाले पछि कृपा गरेको हुनाले बालकको नाम कृप र बालिकाको नाम कृपी रह्यो । तपोदृष्टिबाट गौतमले सबै थाहा पाई हस्तिनापुरमा नै आएर चारै किसिमको धनुर्वेद र अन्य वेदवेदाङ्गादि शास्त्रका सिद्धान्त प्रयोग, रहस्य आदिको उपदेश गरे । कृप शास्त्र र शस्त्रविद्याका पारङ्गत परम आचार्य बने । त्यहीं बसेर उनले धृतराष्ट्र, पाण्डु, विदुर एवं उनका छोरा छोरीहरू-लाई पढाए । त्यहाँ ठूलो विद्याकुलको कृपाचार्यको मातहतमा सञ्चालन भो । देशदेशावरका छात्रहरू पढन आउंथे, कृपाचार्यसंग पढेर विद्वान हुन्थे । यादव, वृष्णि, पाञ्चाल, सृञ्जय कुमारहरूलाई कृपाचार्यले पढाए; पछि त्यही विद्याकुलमा द्रोणाचार्य पनि थपिए ।

कृपाचार्य बडा बलवान् वीर थिए । उनलाई दिव्यास्त्रहरूको पनि ज्ञान थियो । महा-भारत युद्धमा यिनी कौरव पक्षतिर लागेर लडे । पाण्डवमाथि, विशेषतः अर्जुन माथि उनको विषेष स्नेह थियो । चक्रव्यूह भित्र एकलो, कलिलो युवक अभिमन्युलाई विरथ बनाएर मार्ने ६ जना महारथीमध्ये कृपाचार्य एक थिए । उनी शान्तिप्रिय थिए । कर्ण मरेपछि उनले दुर्योधनलाई युद्ध बन्द गर्ने सल्लाह दिएका थिए । दुर्योधनहरूले पाण्डवहरू माथि अकारणमा अनेक पाप गरेका हुन् भन्ने उनलाई लागेको थियो । दुर्योधनको जीवन नजाओस् भनेर उनले भने- "महाराज, तपाईंले जुन आफ्नो जीवनको निम्ति लडाइँ उठाउनुभो, सारा वीरहरूलाई बोलाउनुभो, अब तपाइँको त्यही जीवन खतरामा परिसकेको छ । आफ्नो जीवनको सँधै रक्षा गर्नुपर्छ । आफ्नो घटती भएको छ वा बढती भएको छैन भनी शत्रुसंग सन्धि गर्न र आफ्नो बढती भएको छ भनी विग्रह गर्न खोज्नु पर्छ । हाम्रो घटती हुँदै आएको छ, पाण्डवको बढती हुँदै आएको छ । अब शान्त हुनोस्, सन्धि गर्नोस् । महाराज धृतराष्ट्र तपाइँले भनेपछि मान्नु हुन्छ । धृतराष्ट्रले भनेको कुरो श्रीकृष्णले मान्नुहुन्छ, श्रीकृष्णले भनेपछि युधिष्ठिरले र उनका भाइहरूले मान्छन् । युधिष्ठिरले तपाईलाई राजा नै बनाउनेछन्, सन्धि गर्नोस् ।" कृपाचार्य कार्यकारणले गर्दा पाण्डवको विरूद्ध लडेका भए पनि पाण्डवप्रति उनको सहानुभूति थियो, उनी दुर्वैथरीको हितचिन्तक गुरू थिए । द्रोणपुत्र अश्वत्थामा उनका भानिज थिए । भानिजमा उनको अत्यन्त स्नेह थियो । कृपाचार्य अश्वत्थामाको वचन हार्न सक्तैनथे । दुर्योधन तिघ्रा भाँच्चिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लडेपछि कौरवपक्षमा बाँकी रहेका तीन जना महारथीमध्ये कृप एक थिए । फेरि तीन जना मिलेर पाण्डवहरूसँग युद्ध गरौं भनी अश्वत्थामाले भन्दा कृपाचार्यले भनेका थिए–'हामीले धृतराष्ट्र, गान्धारी र विदुरकहाँ गएर सोध्नुपर्छ, उनीहरूले जे भन्छन्, त्यही गर्नुपर्छ ।' उनी खूब उचित विचार गर्थे । तर अश्वत्थामाले मानेनन्, कृपाचार्यले मन नभईकन पनि अश्वत्थामाको साथ दिएका थिए ।

अश्वत्थामालाई दुर्योधनले सेनापति बनाए, कृपाचार्य र कृतवर्मा अश्वत्थामाका सहायकको रूपमा खटिए । राति लुकेर शिबिरमा सुतिरहेका पाण्डववीरहरूलाई एकैक गरी मार्ने अश्वत्थामाको प्रस्ताव कृपाचार्यले मानेनन् । त्यसो गर्नु अधर्म हो, कुकर्म हो भनी कृपाचार्यले धेरै विरोध गरे । तर अश्वत्थामाको हठलाई उनले जित्न सकेनन् । कृपाचार्यले पाण्डव शिविरद्वारमा बसेर बाहिर भाग्न खोज्नेहरूलाई मार्ने र शिबिरमा आगो लगाइदिने जघन्य काम मन नलागी नलागीकन पनि, अकर्तव्य हो भन्ने सम्झी सम्झीकन पनि गरे । आफ्नो निश्चयमा अड्न नसक्ने उनको ठूलो कमजोरी थियो । अश्वत्थामाप्रतिको अति आसक्तिले गर्दा कृपाचार्यले कुकर्ममा पनि प्रवृत्त हुनुपर्‍यो । तर कृपाचार्य धर्मात्मा, सज्जन, विद्वान् गुणी ब्राह्मण थिए । परीक्षितलाई शिक्षा दीक्षा दिने काम पनि कृपाचार्यले नै गरे । उनको सद्गुणको सँधै पूजा सत्कार भयो । महाभारतयुद्धपछि महाराज युधिष्ठिरको राजमा पनि कृपाचार्य सम्माननीय सभासद्, पूज्य राजगुरु भएर नै रहे । कृपाचार्यको अष्ट चिरञ्जिवीमा पूजना हुन्छ, जनमेजयलाई, वज्रलाई तालीम गर्ने गुरु पनि कृपाचार्य नै थिए ।

१३, चेकितान १०/५ चेकितान वृष्णिवंशीय हुन् । उनी एक अक्षौहिणी सेना सहित भई पाण्डव पक्षबाट लडेका थिए । पाण्डवसेनामा सात सेनापति मध्ये चेकितान एक थिए । यिनी बडा वीर महारथी थिए । महाभारत युद्धको आखिरी दिनमा उनले दुर्योधनको हतियारबाट वीरगति प्राप्त गरे ।

१४. चित्ररथ १०/२६ चित्ररथ कुबेरका मानिस हुन् । कुबेरले उनलाई गन्धर्वको आधिपत्य दिएकाले उनलाई गन्धर्वराज भन्थे । उनको अर्को नाम अङ्गारपर्ण थियो । उनको पाण्डवसँग गङ्गातटमा साँझ युद्ध परेको थियो । अर्जुनले आग्नेयास्त्रको प्रहार गरेर उनलाई जिते, उनका पत्नीहरूको प्रार्थना सुनेर जिउँदै छोडिदिए । चित्ररथले अर्जुनसँग मित्रता बाँधे, अर्जुनसँग आग्नेय अस्त्र लिए । अर्जुनलाई टाढाको, छेकिएको वस्तु पनि देखाइदिने चाक्षुष विद्या दिए । पाँचै पाण्डवलाई सयसय ओटा कहिल्यै बूढा नहुने गन्धर्व घोडा दिएका थिए । दुर्योधनहरू पाण्डवहरूलाई हियाउन भनी दलबल समेत पाण्डव बसेको वनमा गएर जलविहार गर्न लाग्दा पाण्डवका निम्ति चित्ररथ ने गन्धर्वलाई कौरवसँग युद्ध गर्न लगाए । कर्ण, दुःशासन आदि वीरहरू हारेर भागे । दुर्योधनलाई पाता कसेर चित्ररथले लगेका थिए । पछि अर्जुनले भनेपछि छोडिदिए । उनले अर्जुनलाई स्वर्गमा गएको वेला संगीत नृत्य आदि कलाको शिक्षा दिएका थिए यो नृत्य-संगीत आदि कलामा प्रवीण थिए, भगवान्को गुण गाएर भक्ति गर्थे ।

१५. जनक ३/२० जनक निमिवंशका हुन् । निमि इक्ष्वाकुका एक छोरा हुन् । उनी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इक्ष्वाकुबाट पाएको राज्य विदेहको राजा भएका थिए । वसिष्ठसँग कलह उठ्दा उनको शरीर पतन भो, ज्ञानी भैसकेका हुँदा उनले अर्को शरीर लिन चाहेनन्; देह नभएको विदेह भएर नै बसे । उनका छोरा जन्मिसकेका थिएनन्, राजा चाहियो । उनको ढलेको स्थूल शरीरलाई मथेर ऋषिहरूले यौटा बालक जन्माए । त्यो बालकलाई मथेर जन्मेकोले 'मिथि', गर्भमा नरही आफैं जन्मेकोले जनक, विदेह निमिबाट भएकोले विदेह भनियो । मिथिले बसाएको शहर मिथिला भयो । यो वंशमा जन्मने सबैले 'जनक', 'विदेह' भन्ने उपाधि लिए । मिथिला राज्यको नाम विदेहराज्य वा जनकराज्य भन्ने पनि भयो । जनक प्रवृत्तिमार्गका आदर्श राजा मानिन्छन् । श्रीकृष्ण भगवान्ले आदर्श कर्मयोगीको उत्कृष्ट उदाहरणको रूपमा जनकको नाम लिइबक्सेको छ । गीतामा उल्लेख भएका जनक श्रीरामचन्द्रका ससुरा, सीताजीका पिता नेपालाधिराज सीरध्वज हुन् ।

महाराज सीरध्वज जनक भगवान् शङ्करका परमभक्त थिए । शिवजीले आफ्नो प्यारो धनु जनकराजाकहाँ राख्नुभएको थियो । गीतामा बुद्धियोग भनिएको अनासक्त कर्मयोगको यथार्थ मर्मज्ञ तथा परिपालक जनक थिए । कर्मयोगको सहायताबाटै जनकले उपासना योगमा र ज्ञान-योगमा सिद्धि प्राप्त गरेका थिए । स्वयं व्यासदेवले आफ्ना छोरा शुकदेवलाई कर्मभक्तिज्ञानको सम्बन्ध र महिमाको रहस्य पढ्न जनकवंशी राजाकहाँ पठाउनु भएको थियो । जनकशुकदेव प्रसङ्ग अत्यन्त प्रसिद्ध पौराणिक आख्यान हो । यो आख्यान यमनचिकेताप्रसङ्गको वैदिक आख्यान जस्तै उपदेशप्रद छ, मननीय छ । शुकदेवजी जनकबाट उपदेश पाएर, जनकलाई आदर्श गृहस्थी राजाको रूपमा देखेर सन्तुष्ट, कृतकृत्य तथा छिन्नसंशय भई जनकपुरबाट सरस्वती नदीको व्यासाश्रममा फर्कनुभएको थियो ।

जनकवंशी राजाको सभा विद्वान्हरूले भरिएको हुन्थ्यो, कर्मभक्तिज्ञानचर्चामा प्रसिद्ध थियो । महर्षि याज्ञवल्क्यबाट जनकसभामा भएको शास्त्रचर्चा उपनिषद् र पुराणहरूको अति उपादेय प्रसङ्ग हो र अत्यन्त महत्त्वपूर्ण छ । महर्षि अष्टावक्रले जनकसभामा गरेको वेदशास्त्रार्थप्रसङ्ग अत्यन्त अध्ययनीय एवं परिपालनीय उपदेशले भरिएको छ । अष्टावक्रगीता, याज्ञवल्क्य सिद्धान्त दार्शनिक विषयमा उत्कृष्ट मानिन्छन् । महाराज जनक महर्षि याज्ञवल्क्यकै शिष्य बनेर सिद्ध बने, मुक्त भए । जनकसीरध्वज निष्पाप थिए, उनको शरीर पुण्यमय थियो । उनको दर्शनबाट अशान्ति हराउँथ्यो; उनको समीपमा बस्दा ठूलठूला दुःख पनि हलुका हुन्थे । एक पटक उनी यात्राको प्रसङ्गमा नरकलोकको नजीक पुग्दा रौरव, कुम्भीपाक आदि नरकमा यातना भोगिरहेका नारकीहरूको दुःख हलुका भो, उनीहरूले आनन्द प्राप्त गरे । यो थाहा पाएपछि सर्वभूतहितचिन्तक महाराज जनकले आफू सँधै नरकैमा बस्ने मन गरेका थिए । जनकको विदेहसिद्धान्तबाट अनेक ऋषिमहर्षिहरू चकित बनेका थिए, लाभान्वित भएका थिए; अनेक साधक महामनस्वीहरूले सिद्धि प्राप्त गरेका थिए । जनकको र सात सिद्धको आख्यान ज्यादै महत्त्वको छ । जनक ज्ञानगुनका कुरामा मस्त रहन्थे, ऋषिमुनि, सिद्ध, योगी, महात्माका कुरा सुनिरहन्थे । श्रीरामचन्द्रले सीतालाई गर्भवती अवस्थामा निकालनुभएपछि जनक सीरध्वजले गृहस्थाश्रम छोडेर विद्वत्संन्यास लिए ।

१५. जयद्रथ १/८ जयद्रथ सिन्धुदेशका राजा वृहद्रथका छोरा हुन् । धृतराष्ट्रकी एक मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छोरी दुःशलासँग उनको विवाह भएको थियो। उनका बाबुले शिवजीको तपस्या गरेर उनलाई पाएका थिए, उनको शिरलाई भईंमा खसाल्नेको पनि शिर फुट्ने वरदान पाएका थिए। जयद्रथ स्वयं वीर महारथी थिए। त्यसमाथि दुर्योधन आदि सय भाइ उनका जेठान थिए। बाबुले सिन्धु-देशको शक्तिशाली राजपाटको लगाम उनलाई दिएका थिए। त्यसमाथि आफ्नो टाउको भईंमा खसाल्नेको टाउको फुट्ने वरदान थियो। तिनै कारणले गर्दा उनी भईंमा न भाँडामा भएका थिए। भोगविलास साधन सम्पत्तिले उनी अति मात्तिएका थिए। पाण्डवहरू वनवासमा रहँदा एक दिन जयद्रथ पाण्डवको आश्रममा दलबलसहित पुगे। पाण्डवहरू बाहिर गएका थिए। आश्रममा द्रौपदी एकलै थिइन्, उनी पर्णकुटीको ढोकामा उभिएर पतिहरूको बाटो हेरिरहेकी थिइन्। उनको मनमा कुरा खेलिरहेका थिए। अर्को कुटीमा पाण्डवपुरोहित धौम्य ऋषि थिए। द्रौपदीकी बूढी धाई भित्र छाप्रोमा थिइन्। दुष्ट, कामुक जयद्रथका पापी आँखा द्रौपदीका सौन्दर्यमाथि परे। जङ्गलमा त्यसरी बसेकी माननीय महिला, सम्माननीय परस्त्री, अझ त्यसमा आफ्नी पूजनीय जेठानी सासू, पाञ्चाल राजपुत्री, विश्ववीर पञ्चपाण्डवकी महारानी, श्रध्देय साध्वी नारी। कामले अन्धो दुष्टले सबै बिर्से, केही देखेनन्। द्रौपदीलाई अनेक फकाए, आस र त्रास देखाए। द्रौपदीले धर्मको उपदेश दिइन्, कुकर्म नचिताउनें सल्लाह दिइन्, हप्काइन्, तर्साइन्। केही लागेन, केही सुनेनन्। जयद्रथ ने जबर्जस्ती द्रौपदीलाई समाते। द्रौपदीको क्रन्दन सुनेर धाई कराउँदै बाहिर आइन्, धौम्य ऋषि कुटीबाट बाहिर निस्के। धाईले कराउँदाकराउँदै, द्रौपदीले फुस्किन बल गर्दागर्दै, धौम्य ऋषिले रोक्दारोक्दै, जयद्रथले द्रौपदीलाई रथमा हालेर दौडाए। पाण्डव तत्कालै कुटीमा फर्के, धाईबाट सबै कुरा थाहा पाए, जयद्रथको पीछा गरे। भीमार्जुनले जयद्रथलाई जिउँदै पक्डे, लछारे, पछारे, लुछे, भुत्ल्याए, कुटे, पिटे, लत्याए। पक्डेर युधिष्ठिर द्रौपदीका सामु पुऱ्याउँदा स्वभावकोमल करूणामयी द्रौपदी दयाले पग्लिइन्। उनले आफ्नी नन्द दुःशला-लाई झलझली सम्झिन्। नन्दको सम्पूर्ण भाग्यको र सौभाग्यको आधार आफ्नो जुवाइँ जयद्रथ। प्राणी मात्रमा करूणा गर्ने ममतामयी मातृरूपिणी द्रौपदी आफैं रून थालिन्, उनले जयद्रथलाई केही नगरी छोडिदिने अनुरोध गरिन्, आग्रह गरिन्। भीमार्जुनले विरूप बनाएर छोडिदिए, ज्यादै लज्जित भएर जयद्रथ त्यहाँबाट हिंडे।

लाजले रिसले र ईर्ष्याले जलेका जयद्रथ घर जान सकेनन्, सीधै हिमाली वनतिर लागे। जङ्गलमा गएर भगवान् शिवजीको घोर तपस्या गरे। उनको उग्र तपस्याको प्रभावले शिवजी प्रकट हुनुभो, 'वरदान माग' भन्नु भो। उनले 'पाँचै पाण्डवलाई जित्ने शक्ति पाऊँ' भन्ने प्रार्थना गरे। तर शिवजीले त्यस्तो शक्ति हुन नसक्ने कुरा आज्ञा भो। उनले धेरै आग्रह गरेपछि अर्जुन बाहेक अरू चार पाण्डवलाई एक दिन मात्र जित्न सक्ने वरदान दिनुभो। द्रोणाचार्यलाई यो कुरा थाहा थियो। द्रोणले राजा दुर्योधनलाई खुशी पार्न बनाएको चक्रव्यूहको प्रवेशद्वारमा जयद्रथलाई प्रमुख बनाएर राखे। अर्जुनलाई संशप्तक गणले अर्कैतिर रणस्थलमा अलमल्याएका थिए। काकाहरूको पीर देखेर अभिमन्यु चक्रव्यूहभित्र पस्न तम्सिए। व्यूहको मुखमा जयद्रथ थिए, अर्जुनकै अंश भएकाले अभिमन्युलाई उनले जित्न सकेनन्, उनलाई जितेर अभिमन्यु चक्रव्यूहभित्र पसे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिर, भीम आदिलाई जयद्रथले हराएर पस्न दिएनन् । फलतः अभिमन्यु चक्रव्यूहभित्र शत्रु-सेनाको बीचमा एकलै परेर मारिए । यसको बदलामा जयद्रथलाई मार्ने प्रतिज्ञा अर्जुनले गरे । जयद्रथ ससैन्य आफ्नै मुलुकमा फर्कन तयार भए । तर दुर्योधनले उनको रक्षा गर्न द्रोणलाई भने । द्रोणले उनलाई अर्जुनबाट बचाउने वचन दिए, जसरी पनि अर्जुनलाई रोक्ने प्रतिज्ञा गरे । सूर्य अस्ताएको जस्तो देखियो, अस्ताए भनेर जयद्रथ खुशी भएर अघिल्तिर आई घाँटी तानेर हेर्दै थिए; अर्जुनले बाण हानेर जयद्रथको शिर छेदन गरे । वायुबाणले हानेर त्यो शिरलाई नदी किनारमा नित्य कर्म गर्न लागेका जयद्रथपिता वृहद्रथको काखमा हालिदिए । उनी झस्केर काखबाट जय-द्रथको मुण्ड फ्याँक्दा भईंमा खस्यो र उनी पनि शिर फुटेर मरे । यसरी अर्जुनको पराक्रम र भगवान् श्रीकृष्णको नीति तथा जुक्तिबुद्धिबाट पाण्डवहरूको महासंकट टऱ्यो ।

१५. दुर्योधन १/२ महाभारतमा सबभन्दा ठूला विरोधी नायक दुर्योधन हुन् । उनकी आमा गान्धारीले सय छोरा पाउने वरदान कन्या अवस्थामा नै तपस्याबाट प्रसन्न हुनुभएका शिवजीबाट पाएकी थिइन् । कुन्तीको भन्दा पहिले उनको गर्भ रहेको थियो । तर कुन्तीले पहिले छोरो पाइन् । आफ्नो छोरो राज्याधिकारमा कान्छो हुने भएको सम्झी उनको मनमा बह उठिसकेको थियो । जेठो छोरो युधिष्ठिर वर्ष दिनको हुन लागेको र अर्को गर्भ पनि कुन्तीले बोकिसकेको खबर सुन्दा गान्धारीलाई अधैर्य भयो र उनले आफ्नो पेटमा आफैले हानेर गर्भ खसालिन् । गर्भ खण्डखण्ड परेको यौटै बडेमाको पोको थियो । यो थाहा पाई व्यास दौडेर आउनुभो, खसेको भ्रूणलाई फ्याँक्न नदिएर एक सय एक टुक्रा बनाई घृतकुम्भमा हाली त्यसको स्याहार सुसार गर्ने प्रविधि सनेत सिकाउनुभो । निश्चित समयमा घृतकुम्भहरूमा क्रमैसँग एक सय छोरा र एक छोरी जन्मे । सबभन्दा पहिले जन्मिने दुर्योधन भए । उनी जन्मँदा धृतराष्ट्रको घरमा र राज्यमा धेरै अपसकुनहरू भए । सबैलाई के हुने आँटेको हो भन्ने डर भयो । बच्चा स्वयं पनि जन्मने बित्तिकै गधाको अकल्याणकारी स्वरमा करायो । धृतराष्ट्रले गुरू पुरोहितलाई र बूढा पाका र र मान्यजनहरूलाई बोलाएर सोधे– "हस्तिनापुरको युवराज हुने बालक जन्मिसकेको छ युधिष्ठिर । यो बालक युवराज हुने पनि होइन्, धेरै कुलच्छिनहरू यो जन्मँदा खेरि भए । के गर्ने ?" सबैले सल्लाहा गरे । निष्कर्षमा, त्यो अलच्छिना नवजात शिशुको कुलघातक योग परेकालें समेत, कुल-रक्षाको निमित्त त्यसलाई त्याग्नै पर्ने सल्लाह भयो । तर धृतराष्ट्रले त्यसो गर्न सकेनन् । दुर्योधन राजदरबारमा हुर्के, बढे । सय भाइमा सबभन्दा जेठो भएकोले उनको बढी महत्त्व भयो । उनले कृपाचार्यबाट र द्रोणाचार्यबाट शास्त्रको र शस्त्रास्त्रको शिक्षा पाण्डवहरूका साथसाथै प्राप्त गरे; गदायुद्धविद्या बलरामजीबाट भीमसँग सँगसँगै पाए ।

दुर्योधन प्रतिभामा, बुद्धिमा, सद्गुणमा पाण्डवहरूभन्दा कमजोर थिए । तर दुर्योधनमा सारै ठूलो भैमत्त अभिमान थियो । बालककालदेखि नै उनीले पाण्डवहरू प्रति दुर्भाव बढाए । पछि किशोर अवस्थामा आइपुग्दा उनको दुर्भाव दुष्कर्महरूमा परिणत हुन थाल्यो । उनले थाहा नदिईकन विष भीमसेनलाई खुवाए; भाइहरूसमेत मिलेर भोजमा भीमसेनलाई खानामा विष मिलाएर खुवाए; विषले बेहोश भएका भीमसेनलाई हातखुट्टा बाँधेर खोलामा फ्याँकिदिए । अर्जुनले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रुपदविजय पछि दिग्विजय गरेर विश्वविख्यात यश प्राप्त गरेपछि दुर्योधनले पाण्डव सबैलाई नै समाप्त पार्ने षडयन्त्र गरे। वारणावतमा लाक्षागृह बनाई धृतराष्ट्रले पाण्डवलाई त्यहीं पठाए। त्यसमा आगो लगाएर कुन्ती लगायत पाँचै पाण्डवलाई डढाउने योजना दुर्योधनको थियो। केही समयपछि त्यो लाक्षा (लाहा) को घरमा राती आगलागी हुँदा यौटी स्त्री र पाँच पुरुष त्यो आगलागीमा परेर मरे। दुर्योधनलाई मुटुको काँढो नै डढेको अनुभव भो। द्रौपदी स्वयंवरमा पाण्डव बाँचेको थाहा पाएपछि दुर्योधनको पाण्डवप्रतिको द्वेष झन चर्कियो। द्रुपदसँगको सम्बन्धले पाण्डव झन बलियो बनेकोमा दुर्योधनलाई औडाहा भो। पाण्डवले पाञ्चालको मददबाट इबी साध्न सक्ने हुँदा पाण्डवलाई गुप्त षडयन्त्रबाट अथवा सीधै आक्रमण गरेर सिध्याउने योजना उनले बनाए। उनका सहायक भाइ दुःशासन र मामा शकुनि थिए, मुख्यमन्त्री र अवलम्ब कर्ण थिए। धृतराष्ट्रको सल्लाह अनुसार पाण्डवहरूलाई विदुर मार्फत बोलाएर फिर्ता ल्याइयो र आधा राज्यको नाममा जंगली प्रदेश खाण्डव प्रस्थको कालापानी दिएर एक किसिमले अन्त जान नपाउने (स्थानासेध) गरियो। पाण्डवहरूको प्रतिभा र पौरख थुनिएन। उनीहरूले इन्द्रप्रस्थ राज्य खडा गरे। श्रीकृष्णको सहायताबाट पूर्ण दिग्विजय गरी युधिष्ठिरले राजसूय यज्ञ गरे। युधिष्ठिरको राजसूय यज्ञसमारोहमा देशदेशावरबाट आएका सौगात, उपहार, कर, वलिहरू बुझेर ढुकुटीमा थन्क्याउने काम दुर्योधनलाई सुम्पिएको थियो। पाण्डवको विशाल वैभवबाट जलन भएकै थियो; देशदेशावरबाट आएका सुन, चाँदी, जुहारात आदिको अपार धनराशि आफैले प्रत्यक्ष बुझ्ने र राख्ने कामले दुर्योधनलाई राँको उठ्यो। सभामा भएको अपमानले दुर्योधनको पाण्डवप्रतिको दुर्भाव, क्रोध, ईर्ष्या, असूया धपक्कै बले। धृतराष्ट्रकहाँ जुवा खेल्न पाण्डवलाई बोलाइयो। मामा शकुनिबाट जाली कौडा पासा खेलाई युधिष्ठिरको जम्मै श्रीसम्पत्ति, राजपाट, एवं युधिष्ठिरलाई, उनका चार भाइलाई र द्रौपदीलाई समेत दुर्योधनले जिते। रजस्वला एकवस्त्र द्रौपदीलाई भरी राजसभामा दासीको रूपमा घिच्याएर ल्याउने, चुल्ट्याउने, जथाभावी अश्लील शब्दहरू बोल्ने जस्ता दुर्व्यवहारका साथै निर्वस्त्र पारेर बेइज्जती गर्ने अतिघृणित प्रयास समेत दुर्योधनले गरे। पाण्डवहरूले धृतराष्ट्रबाट मुक्ति र श्रीसम्पत्ति फिर्ता पाएर शान्तिसँग फर्कन लाग्दा डाही दुर्योधनलाइ झन औठाहा भो; पाण्डव तत्कालै बाटैबाट फर्काएर ल्याइए। उही दिन अर्को द्यूतसभाको आयोजना भो। हार्नेले बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास गर्नु पर्ने, गुप्तवास खुल्यो भने वनवास र गुप्तवास फेरि दोहोरिने शर्तमा जुवा चल्यो। जुवा केवल बहाना थियो। कपट खेलबाट पाण्डवलाई दुर्योधनले हराए, द्रौपदीसहित पाण्डवलाई उनले जङ्गली तापस वेषमा अकिञ्चन बनाएर वनवास पठाए, पाण्डवले आर्जेको राज्य, सम्पतिमा कब्जा गरे; पाण्डवको पैतृक राज्य र सम्पत्तिमा एकलौटी हक जमाए।

दुर्योधन गोठ, खर्क, वन, ऐलानी पर्ती आदि सरकारी जग्गाजमीनहरूको निरीक्षण परीक्षण गर्ने बहानाले पूरा राजसी ठाँट बाँटसँग रानी नानीहरूलाई समेत साथमा लिएर सजधजका साथ पाण्डव बसेको बनतिर गए। साथमा विशाल सेना थियो, दुःशासन, कर्ण, शकुनिहरू थिए। दुर्योधनहरूको मुराद पाण्डवहरूलाई हियाउनु, उनीहरूको चाल सुर बुझ्नु, मौका परे छलबाट वा बलबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनीहरूको संहार गर्नु थियो । पाण्डवको कुटी नजीकै वनविहार चल्यो । गन्धर्वले रोके, युद्ध चल्यो, कौरव हारे । गन्धर्वले दुर्योधनहरूलाई बेसरी पिटे । कर्ण, दुशासन, शकुनिहरू युद्ध छोडेर भागे । दुर्योधनलाई गन्धर्वले पाता कसी, बन्दी बनाएर आकाशमार्गबाट लगे । पाण्डवकहाँ खबर पुग्यो । युधिष्ठिरका आज्ञाले दुर्योधनलाई छुटाउन चार पाण्डव हातहतियार लिएर दौडे । पाण्डवको र गन्धर्वको घमासान युद्ध भो । गन्धर्वराज चित्ररथले आफ्नो मित्र अर्जुनलाई भेटेर सबै कुरा बुझेपछि युद्ध रोके । चार भाइ पाण्डवले गन्धर्वलाई जितेर दुर्योधनलाई युधिष्ठिरका सामु पुऱ्याए । युधिष्ठिरले कुनै नमीठोपन नदेखाई भाइसँगको स्नेहपूर्ण व्यवहार गरेर अतिबुद्धि दिई, फकाई फुल्याई घरतिर पठाए । दुर्योधनलाई सारै ठूलो चोट पऱ्यो; आफूले त्यस्तो दुष्ट व्यवहार गरेकोमा युधिष्ठिरको त्यस्तो सदव्यवहार दुर्योधनको निमित्त असह्य, खप्नै नसकिने भो । त्यस्तो धाक, त्यत्रो अभिमान ! त्यस्तो वेइज्जती, कता उडौं, कता डुबुँ जस्तो हुँदै उनी फर्के । अलि पर पुगेपछि सबैसँग भेटभो, राजपाटका दुःशासनलाई सुम्पेर आफूले प्राण त्याग्ने निश्चय उनले गरे । लाख सम्झाउँदा पनि उनले मानेनन् । शकुनिले पाण्डवसँग मिलेर बस्ने, उनीहरूको राज्य उनीहरूलाई नै फिर्ता दिने सल्लाह पनि दिए । दुर्योधनले कतैको केही सुनेनन्; अनशनबाट प्राण त्याग्ने निश्चय गरेर वनैमा कुशको आसनमा दुर्योधन बसे । राति दुर्योधनलाई असुरहरूले बोकेर पातालमा पुऱ्याई सम्झाए । असुरहरूले दुर्योधनलाई प्रबलतम आसुरी शक्तिले सम्पन्न तुल्याए; उनको शरीरको माथिल्लो भागलाई वज्रभन्दा पनि कठोर अभेद्य बनाए; तल्लो भागलाई कामिनी प्रिय कुसुमकोमल तुल्याए । पाण्डवसँगको भावी युद्धमा असुरहरूको शक्तिको प्रभावबाट विजय प्राप्त गरेर पृथिवीमा निष्कण्टक राज गर्ने सल्लाह र हौसला असुरले दिए । उनका सेनापतिहरूमा पनि असुरहरूले प्रवेश गरेर युद्ध गर्ने बचन दिए । दुर्योधन असुरहरूका काम कुराबाट सुरिए; असुरहरूको अदृश्य सहायता प्राप्त हुने हुँदा पछिको युद्धमा अवश्य विजय हुने विश्वास उनलाई भयो । उज्यालो नहुँदै दुर्योधन पूर्वस्थानमा ल्याइए । पातालका जम्मै कुरा दुर्योधनले गुप्त नै राखे, जनमभर कसैलाई पनि भनेनन् । यो घटनापछि उनमा बचे खुचेको दैवी प्रकृति पनि लुप्त भयो; शान्तिको कुरो मान्दै नमान्ने भए । दुर्योधनको समग्र व्यक्तित्व आसुरी शक्तिमय बन्यो, उनी आसुरी प्रकृतिको जिउँदो जाग्दो मूर्ति नै बने ।

दुर्योधनलाई शुरूमा तेह्र वर्ष धेरै लागेको थियो । पाण्डवले त्यो शर्त पूरा गर्न नसक्ने, जङ्गलमा नै उनीहरू नासिने, मौका पारेर सिध्याउन सकिने, आफ्नो स्थिति डगाउन नसकिने गरी मजबूत बनाइसकिने कुराहरू उनले सोचेका थिए । तर पाण्डवले बाह्र वर्षको वनवास पूरा गरे । गुप्तवास चलिरहेको थियो । दुर्योधन करोडौं मानिस लगाएर धुइँपत्तो लगाइरहेका थिए । गुप्तवासको एक वर्ष पनि सकिने जस्तो भयो । दुर्योधनले मत्स्यदेशको राजधानीमा हमला गरे, विराटराजाको गोठ लुटे । अघिल्लो दिन दुर्योधनकै सल्लाहबाट त्रिगर्तका राजा सुशर्माले पनि गोठ लुटेको हुँदा राजा विराट अघिल्ले दिन ससैन्य सुशर्मासँग लड्न गैसकेका थिए । राजदरबारमा बिराटकी छोरी उत्तरा र छोरा उत्तर कुमार मात्र थिए । उत्तर कुमार कौरवसँग लड्न जान तयार थिए, तर 'गतिलो सारथि पाइन' भनिरहेका थिए । कलाका शिक्षक नपुंसक बृहन्नलाले उत्तर कुमारको रथ हाँकिदिने भए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मैदानमा पुगेपछि विशाल कौरवसेनालाई, त्यसमाका असंख्य सैनिक र बडा बडा वीरहरूलाई देखेपछि उत्तरकुमार आत्तिए। वृहन्नलाले कुमार उत्तरलाई हौसला भरेर बल्ल बल्ल सारथि बनी रथ हाँक्ने काम गर्न मनाए। उनले श्मशानमा पुगेर शमीको रूखमा मुर्दाजस्तो देखिने गरी गुटमुटयाएर थन्क्याइएका आफ्ना हातहतियारहरू उत्तरकुमारलाई झिक्न लगाए। आफ्ना शस्त्रास्त्रले सुसज्जित भएर वृहन्नला मैदानमा आए। कौरव सैन्यसंग ठूलो युद्ध भो। भीष्म, द्रोण, कर्ण, कृप लगायत समस्त कौरववीरलाई एकलै वृहन्नलाले परास्त गरे। अर्जुनको अस्त्रबाट सबै संमोहित भई लडे। भीष्म, द्रोण, कृपबाहेक अरू कौरव महारथीहरूलाई उत्तरले विरूप पारे। राम्रा लुगा पोशाक, ध्वजाका कपडाहरू, अस्त्र शस्त्र समेत उत्तराका पुतलीका निमित्त लिएर उत्तर र वृहन्नला विराटदरवारमा फर्के। विराट पनि कङ्क, वल्लब आदि रूपधारी युधिष्ठिर भीमहरूको वीरताबाट त्रिगर्तराज सुशर्मालाई परास्त गरी आफ्नो गोधन फिर्ता लिएर केही सयम अघि फर्केका थिए। विराटकहाँ गुह्य नखोली नहुने स्थिति पऱ्यो, गुप्तवास खुल्यो। काल गणना गर्दा अधिकमासको समेत हिसाबबाट दिन पुगेको ठहरियो, भीष्मले निर्णय दिए, सबैले माने। दुर्योधन कर्णहरूको वीरताको विराट नगरमा पनि बेइज्जती भो।

दुर्योधनको प्रतिज्ञा थियो– वनवास र गुप्तवास कबूलबमोजिम पूरा भएमा राज्य र श्रीसम्पत्ति फिर्ता दिने। उनले आफ्नो प्रतिज्ञालाई काटे। गाँसवासको निमित्त– अविस्थल, वृकस्थल, जयन्त, वारणावत र अन्य कुनै एक समेत– पाँच गाउँ मात्र दिए पनि पाण्डवले युद्ध नगर्ने प्रस्ताव स्वयं श्रीकृष्णले भरी कौरवराजसभामा पेश गर्दा पनि दुर्योधनले 'विना युद्धले सियोको टुप्पो मात्र गड्ने जति जमीन पनि नदिने निर्णय दुर्योधनले गरे। दुर्योधनले कसैका कुरा सुनेनन्। दुर्योधनको हठ, अभिमान, लोभ र पापका कारणले महाभारत युद्ध भो। उनलाई साथ दिने, उनलाई उराल्ने कर्णको दुर्दमनीय शेखी थियो। युद्धमा विजयको आशीर्वाद माग्दा गान्धारीले दुर्योधनलाई भनेकी थिइन् 'बाबु दुर्योधन, जता धर्म छ, त्यतै जय पनि हुन्छ।' व्यासलाई थाहा थियो, श्रीकृष्णलाई थाहा थियो, युद्धका अठ्ठाह्रै दिन दुर्योधनले आमासंग 'आमा, शत्रुसंगको युद्धमा मेरो जीत होस्, कल्याण होस् भन्ने आशीर्वाद पाऊँ" भनी वेलावेलामा आशीर्वाद मागेका थिए तर आखिरी दिनसम्म गान्धारीले आफ्नो जेठो प्यारो छोरोलाई भनिन् बाबु, दुर्योधन जता धर्म, त्यतै जय– "यतो धर्म स्ततो जयः"। हठी अभिमानी दुर्योधनले आखिरी क्षणसम्म पनि आफ्नो ढिपी छोडेनन्। भीष्म लडे, लडेपछि उनले शान्ति लिने सल्लाह दिए, दुर्योधनले मानेनन्। अनि द्रोण मरे। द्रोण मरेपछि शान्ति लिई सन्धि गर्ने सल्लाह अश्वत्थामाले दिए, दुर्योधनले मानेनन्। कर्ण मरेपछि शान्ति लिई सन्धि गर्ने सल्लाह कृपाचार्यले दिए; दुर्योधनले मानेनन्। शल्य पनि मरे। एकेक गरेर उनान्सय भाई जम्मै मरे दुर्योधनले आफ्नो टेक छोडेनन्, लडिनै रहे।

दुर्योधन अभिमानी, हठी, ढिपीवाल तथा जिद्दीवाल त छँदै थिए, साथै अतिशङ्की, क्रोधी, अशिष्ट र अमर्यादी थिए। भीष्म, द्रोणहरूको अपमान र तिरस्कार उनी गरिरहन्थे। कर्ण, दुःशासन, शकुन र आफू मात्रैले पाण्डवसँगको युद्धमा जित्न सक्ने, भीष्म आदि बूढापाकाहरू घरै बसिरहे हुने कुरो उनले धेरै पटक सभामा उनीहरूकै अगाडि भनेका थिए। राजा त धृतराष्ट्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए, भीष्म द्रोण विदुर आदि मन्त्री थिए । तर दुर्योधनले जे भन्यो, त्यही चल्थ्यो । दुर्योधनका मुखमा राजाज्ञा थियो, हातमा धनसम्पति थियो, मातहतमा सैन्यशक्ति थियो । भीष्म र द्रोण मनको सल्लाह त दिन्थे, तर विरोध गर्न, दुर्योधनले भनेको नमान्न सक्तैनथे । केवल विदुर यसका अपवाद थिए । उनी विरोध गर्थे, चित्त नबुझेको मान्दैनथे, द्यूतसभामा विदुरले धर्म र सत्यको पक्षमा बारंबार आवाज दिए; भनेको नसुनेपछि उनीले राजालाई छोडेरै पनि हिंडेका थिए । युद्धमा पनि उनी सम्मिलित भएनन् । उनले लडाइँ गर्दै गरेनन् । अरू जम्मै दुर्योधनका वशवर्ती थिए । मनले पाण्डवको पक्ष लिए पनि, कहिले काहीं पाण्डवको पक्षमा बोले पनि काम दुर्योधनको आज्ञाबमोजिम नै गर्थे । दुर्योधन भीष्म पितामह, द्रोणाचार्य, कृपाचार्यहरूको पराक्रमको सम्मान गर्थे तर तिनीहरूलाई पाण्डवपक्षपाती ठान्थे, विश्वासै गर्दैनथे । भीष्म पितामहलाई पाण्डवसँग मिलेर राम्ररी युद्ध नगरेको दोष भीष्मको समक्ष युद्धको तेस्रो दिनमा उनले लगाए । भीष्मले ज्यानले भ्याएसम्म लडिरहँदा भीष्मले जानीजानी पाण्डवसँग राम्ररी युद्ध नगरेर आफ्नो सैन्य विनाशको अवसर ल्याएको आरोप उनले लगाए । आठौं दिनका राति फेरि उनले भीष्मलाई प्रत्यक्ष आरोप लगाए, बरू युद्धको सेनापतित्व कर्णलाई सुम्पेर भीष्म नलडीकन बसे पनि हुन्छ भन्ने दुर्वाच्यसम्म पनि भीष्मसँग बोले । जयद्रथबधको दिनमा घमासान युद्धमा द्रोणाचार्यलाई लडाइँमा उनले यस्तै मिथ्या अभियोग दुइ पटक लगाए । दुर्योधन वीर थिए, तर अर्जुनको पराक्रमका अगाडि टिक्न सक्दैनथे । जयद्रथबधका दिन उनी क्षत विक्षत भएर द्रोणाचार्यकहाँ गुनासो गर्न आइपुगे । आफ्नो मोर्चा छोड्न नहुने हुँदा द्रोणले दुर्योधनलाई कवच अभेद्य किसिमसँग आफैंले बाँधिदिएर अर्जुनसँग लड्न पठाए । हातका औलाका नङ र मासुका बीचमा अर्जुनका बाण लाग्दाको वेदना खप्न नसकी उनी युद्धबाट भागेका थिए । युद्धबाट भाग्न नहुने क्षत्रियधर्मको उनले कैयौं पटक उल्लङ्घन गरेका थिए ।

पानी भित्र रहने विद्या दुर्योधनले जानेका थिए । युद्धको अट्ठाह्रौं दिन युधिष्ठिरबाट शल्यको बध भो । शकुनिहरू पहिले नै मारिइसकेका थिए । अरू बांकी सबै जसो कौरवतर्फका महारथीहरू पनि मारिएर दुर्योधन समेत चार महारथी मात्र बाँकी थिए । तिनमध्ये अश्वत्थामा, कृपाचार्य र कृतवर्मा युद्धक्षेत्रलाई छोडेर भागिसकेका थिए । लाखौं करौडौंले घेरिने दुर्योधन कुरुक्षेत्रको मैदानमा एक्लो थिए । बचेखुचेको सानो सेना भागाभाग गरिरहेको थिए । वरिपरि काटिएका हात्ती, घोडा, मानिसका हात गोडा, मुँड, गिंड छ्याल्लव्याल्ल थिए । रगतको खोलो थियो, हिलो थियो । मुर्दैमुर्दाको बीचमा ठिङ्ग उभिइरहेको एक्लो दुर्योधन– करूण, बीभत्स, रौद्र मिसिएको– एक अद्भुत दृश्य थियो । हर्षोन्मत्त पाण्डवसेना जयनाद, शङ्खनाद, सिंहनाद, अट्टहासनाद गरिरहेको थियो । विश्वविजयको, निष्कण्टक साम्राज्यको, कहीं कसैबाट आज्ञा नरोकिने निरंकुश शासनको अति अति विशाल लालसा भरीभरी भएका दुर्योधन तहिले शून्यहृदय, किंकर्तव्य विमूढ थिए । उनी होसैमा बेहोस थिए, उनी सचेतमा नै अचेत थिए । जीवनप्रतिको मोह बलवान् भएर उठ्यो, उनी झस्के । यौटा बेवारिसी घोडो चढेर हस्तिनापुरको अधिपति, एघाह्र अक्षौहिणी सेनाका परम अधिपति, सर्वोच्च अधिनायक, केवल यौटा गदा लिएर मरौंला भन्ने डरले सुइँकुच्चा ठोकेर भागे; भौतिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभूतिको गति अद्भुत छ । संजयसँग भेट भो, कौरव सैन्यमा तीनजना महारथी मात्र बाँकी रहेको थाहा पाएपछि धृतराष्ट्रलाई आफ्नो यथार्थ खबर दिन् भनेर दुर्योधन ज्यान जोगाउन द्वैपायन रहभित्र पसे । संजयबाट खबर पाएका अश्वत्थामाहरूले आएर बोलाए । दुर्योधन समेत चार जना कुरा गरिरहेको माछा मार्न आएका माझीहरूले देखेर पाण्डवलाई पुरस्कारको आशाले खबर दिए । श्रीकृष्णसमेत पाण्डवहरू आएको देखेर तीन जना भागे, दुर्योधन पानीभित्र लुके ।

पाण्डवहरूले जलाशयको डिलमा बसेर दुर्योधनलाई बोलाए, उनी चुपचाप लुकिरहे । पाण्डवले फकाए, फुल्याए, फुर्क्याए, तर्साए, हियाए, जथाभावी गाली गरे । दुर्योधनले सहेर बसिरहन सकेनन्, उनी बाहिर निस्के, भनाभन चल्यो । दुर्योधनको बुद्धिले त्यो वेला पनि काम दिन छोडेन । उनले एक एक सँग युद्ध गर्ने प्रस्ताव राखे । गदा युद्धमा दुर्योधन अजेय नै थिए । पाण्डवहरू वनवास गएपछि फलामको भीमसेन बनाएर त्यसलाई गदाले युद्धको रीतबाट हानी हानी पूरा तेह्र वर्ष अभ्यास दुर्योधनले गरेका थिए । बलरामले गदा युद्धमा भीमसेनभन्दा दुर्योधन सिपालु छन् भनुभएको थियो । युधिष्ठिरको फूर्ति र उदारताले त्यो बेला ठूलो संकट ल्यायो । युधिष्ठिरले भने- हामी पाँचमध्ये जोसँग भएपनि गदायुद्ध गर जसलाई जिते पनि हामी सबै तिम्रो जीत मान्ने छौं, साम्राज्यको पूरा राजा तिमी हुने छौ" । त्यत्रो फौज भएको दुर्योधन, सबै फौजलाई जितिसकियो, यौटा दुर्योधनलाई जिते पुगेको थियो । उसलाई छान्न दिई दिई लड्न लगाउनुपर्ने थिएन । सबैले घेरेर समातेको भएपनि हुन्थ्यो, उसको हातमा हतियार छँदै थियो, लडेर मारे पनि हुन्थ्यो । आफ्नो हातमा आइसकेको विजय श्रीलाई युधिष्ठिरले फेरि दाउमा राखे, जितिसकेका पाण्डव पक्षका सबै वीरहरूको जीवन नै खतरामा हालिदिए । श्रीकृष्ण बहुतै रिसाइबक्स्यो-, "पाण्डुका र कुन्तीका छोराहरू निश्चय नै राज्य पाउनको निम्ति योग्य रहेनछन्, वनैमा वस्नका लागि अथवा भिक्षाकै लागि जन्मेका रहेछन् । एघाह्र अक्षौहिणी सेनालाई, असंख्य वीर महारथीहरूलाई जितेर आएकाहरूले हारेर एक्लो भएको, शरण पर्न तयार भएको शत्रुलाई आफूसमान कसले बनाउँछ ? जितेको राज्य दिने मुर्ख्याइँ गर्छ"? भनी झोंक्किइबक्स्यो । बलराम पनि तीर्थयात्राबाट फर्केर आफ्ना दुई चेलाको गदा युद्ध हेर्न भनी त्यहीं आइपुग्नुभो । आखिरमा भीमसेनको र दुर्योधनको गदायुद्ध चल्यो । भीमसेन दुर्योधनभन्दा बलमा बढी थिए, दुर्योधन भीमभन्दा दक्षतामा बढी थिए । गदायुद्धमा बलियालेभन्दा सिपालुले विजय गर्ने निश्चित हुन्छ भन्ने श्रीकृष्णको मत थियो । दुर्योधनको शरीरको ऊर्ध्वभाग वज्र जस्तो कठोर र अधोभाग फूल जस्तो कोमल थियो । श्रीकृष्णले तल्लो भागमा हाने मात्रै दुर्योधनलाई जित्न सकिन्छ भन्ने कुरा गरिबक्सेपछि अर्जुनले आफ्नो तिघ्रामा भीमले देख्ने गरी हाने । भीमले संकेत बुझे । केही छिन छलछालको युद्ध गरेर भीमले आफ्नो गदा वेगले उजाए, छल्ने सुरले दुर्योधन उफ्रिए । भीमको गदाको प्रहार दुर्योधनको वायाँ तिघ्रामा पऱ्यो, चूर्ण भएर तिघ्रा फुट्यो, दुर्योधन फेरि उठन नसक्ने भएर रगत छाद्दै लडे । द्रौपदीलाई सभामा देखाएको दुर्योधनको देब्रे तिघ्रो फोरेर भीमसेनले आफ्नो प्रतिज्ञा पूरा गरे । भीमले दुर्योधनको गदा खोसेर लिए, वायाँ लातले टाउकोमा हानेर हल्लाउँदै भने "एकवस्त्रा द्रौपदीलाई सभामाजबर्जस्ती ल्याएर बेइज्जती गरेको, दुर्वाच्य बोलेको, दुर्व्यवहार गरेको कुकर्मको फल अहिले पायौ । द्रुपदीको तपस्याको फल आज फल्यो " । युद्धमा नाभि भन्दा मुनि प्रहार गर्नु नहुने नियम नाघेकोमा रिसाउनु भएका बलराम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्णले सम्झाएपछि फर्न्किदै त्यताबाट जानुभो। पछारिएका दुर्योधनले एकछिन मुखको तीतो पोखे, युद्धमा वारंवार अन्याय गरेको दोष श्रीकृष्णलाई लगाए। श्रीकृष्णले उनका दुराचार र पाप-सम्झाइ बक्स्यो।

पाण्डवहरू कौरवशिबिरतिर लागेको एक छिनपछि अश्वत्थामाहरू दुर्योधन लडेको ठाउँमा आइपुगे। त्यति ठूलो प्रभुत्व भएका दुर्योधन भुइँमा लडेका थिए; बाघ जस्तो, बडेमानको सालको रूख जस्तो, जङ्गलमा व्याधाले लडाएको अजङ्गको मत्ता हात्ती जस्तो। रगत बगिरहेको, रगतले सर्वाङ्ग मुछिएको, रगतमाथि धूलो फोहोर कटकटिएको, वेदनाले चिच्याइरहेको, रिसले आँखिभौं खुम्च्याएर, आँखा बटारेर हेरिरहेको; मांसाहारी मशाने श्याल गिद्ध आदि पशुपंक्षीले मासु लुछन खोजेर चारैतिर घेरिएको दुर्योधनको अन्तिम अवस्था देखेर तीनै जना डाँको छोडेर रोए। पाण्डवहरूसंग बदला लिने प्रतिज्ञा अश्वत्थामाले गरे। तीनै जनाको सल्लाह अनुसार दुर्योधनले त्यहीं अश्वत्थामालाई सेनापतिको पदमा नियुक्त गरे। उनमा अरू सबै थोक गइसक्दा पनि पाण्डव प्रतिको क्रोध र डाहा अझ बढेको थियो।

अश्वत्थामाहरू राती नै पाण्डव पक्षका वीरहरूको हत्या गरेर, दुर्योधन लडिरहेकै ठाउँमा फर्के। दुर्योधन सिकिस्त मरणासन्न भैसकेका थिए। उनी मुखबाट रगत छादिरहेका थिए; भुइँमा लडीबुडी, छटपटी गरिरहेका थिए। प्राण माथिमाथि आइसकेको, छुट्न मात्रै बाँकी थियो। ब्वाँसा, श्याल, कुकुर, गिद्धले वरिपरि घेरेका थिए। उनको शरीरलाई लुछन्ती जन्तुहरू झम्टन्थे। उनी सकी नसकी धपाउन खोज्थे, जिउँदै मासु लुछ्लान् जस्तो थियो। तीन जनाको आवाजले उनी केही होसमा आए। सुतेका वीरहरूलाई र द्रौपदीका पाँच छोरालाई समेत मारेको अतिजन्घय कर्मको खबर सुन्दा दुर्योधनलाई आखिरी हर्ष भो। अश्वत्थामा, आज कृपाचार्य र भोजराज कृतवर्मालाई साथ लिएर तपाईले मलाई आनन्द दिने जुन महान कर्म गर्नुभो, त्यो न भीष्मले, न तपाईका बुबा द्रोणले, न कर्णले नै गर्न सकेका थिए। तपाईहरूको कल्याण होस्, भलो होस्! अब स्वर्गमा भेटौंला" भनी दुर्योधनले भने। जस्तो करम त्यस्तै मरण। मर्ने बेलामा पनि खराबै खबर सुनेर, खराबैलाई प्रिय मानेर दुर्योधनको प्राण गयो। महाभारतको अत्यन्त बलवान्, पाण्डवको मूर्द्धन्य प्रतिनायक, महामहा अभिमानी, अहंकारी, विकराल आसुरी सम्पत्तिको जीवन्त मूर्तिको, गुप्त हत्याको, अत्यन्त अत्यन्त जघन्य कर्मको खबर सुनेपछि जगतैलाई पापकर्मबाट आफ्नै एकलौटी बनाउन खोज्ने कालो आसुरी शक्तिको औंसीको कालो आधा रात्तमा अन्त्य भयो; जगतको यौटा महान कालो गयो, उज्यालो आयो।

देवल १०/१३ देवल कश्यपका नाति, असित ऋषिका छोरा हुन्। पाण्डवहरूका पुरोहित धौम्य ऋषि देवल ऋषिकै भाई हुन्। उनलाई असितदेव भन्ने चलन छ। उनको आश्रम पनि व्यास ऋषिको आश्रम जस्तै सरस्वती नदीको तीरमा थियो। देवल ज्यादै ठूला तपोधन धर्मात्मा थिए। उनको योगसिद्धि ज्यादै ठूलो थियो। उनी गृहस्थ धर्मको पक्का परिपालन गर्थे। तपोबलको प्रभाव-ले गर्दा अन्तरिक्षबाट पनि उनी आवतजावत गर्न सक्थे, माथिमाथिका विभिन्न लोकमा पनि उनको गति रोकिन्नथ्यो। उनी खाली बस्दैनथे, सारै जाँगरिला थिए, प्रत्येक क्षण, धर्मकर्म, पूजापाठ अध्ययन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्यापन ध्यान समाधि केही न केही गरि नै रहन्थे । एक समय उनको आश्रममा जैगीषव्य नामका परिब्राजक पाहुना लाग्न आए । देबलले राम्ररी सत्कारपूर्वक भोजन गराए । देवलको भोजन वेला पारेर ती जैगीषव्य कुटीबाट देवलकहाँ टुप्लुक्क आइपुग्थे । देवल अतिथिसत्कार गर्थे । दिनदिनै देवलको खाने वेलामा ती संन्यासी आउने गर्न थाले । जैगीषव्य बेहान दिउँसो वा बेलुका कहिल्यै केही गर्दैनथे, घुमधुमती बसिरहन्थे । देवलको भोजन वेलामा चाहिं भिक्षाको निमित्त संधै आइ पुग्थे । यसरी धेरै वर्ष विते, देवलले जैगीषव्यलाई गृहस्थीको कर्तव्य अनुसार श्रद्धासाथ आतिथ्य गरि नै रहे । ती संन्यासी अल्छी, त्यसै बसिरहने जस्तो देवललाई लाग्यो ।

एकदिन बेहान जैगीषव्य आश्रममा नै धुमधुमती चुपचाप बसिरहेका थिए । महर्षि देवल हातमा कमण्डलु लिएर आकाशमार्गबाट समुद्र पुगे, त्यहाँ जैगीषव्य उनीभन्दा पहिले नै पुगेर स्नान गरिसकेका रहेछन् । जेगीषव्य समुन्द्रकै बगरमा बसिरहेकै थिए, देवल आकाशमार्गबाटै आपनो आश्रममा फर्कंदा जैगीषव्य आश्रममा पहिले नै आएर बसी रहेको पाए । देवललाइ आश्चर्य लाग्यो । ती संन्यासी कहिल्यै केही बोल्दैनथे, मूढो बसे जस्तो वसि नै रहन्थे । समुन्द्रमा आउने जाने गरेको बाट देवलले संन्यासीको योगशक्ति रहेछ भन्ने ठाने । देवललाई पनि आफ्नो तपःसिद्धिमा गर्व थियो । उनी तत्कालै माथि आकाशतिर गए, अन्तरिक्षमा चाहानें योगसिद्धहरूलाई ठाउँठाउँमा भेट्न थाले । जहाँ जाँदा पनि ती संन्यासी जैगीषव्य त्यहाँका सिद्धहरूबाट संपूजित भएर बसिरहेका पाए । पितृलोक, सोमलोक, देवलोक आदि माथिमाथिका लोकमा, नागलोक आदि पातालका लोकमा जहाँ जाँदा पनि जैगीषव्यलाई त्यहाँ उनीभन्दा पहिले पुगेर बसिरहेका देखे । देवललाई आश्चर्य भयो । पहिले गइसकेको लोकमा फेरि देवल गए, त्यहाँ जैगीषव्यलाई नदेखेर सोधे । त्यहाँका सिद्धले बताए, जैगीषव्य ब्रह्मलोक गएका छन् । देवलको गति ब्रह्मलोकमा चाहिं थिएन । उनी पृथिवीमा आफ्नै आश्रममा फर्केर आए । त्यहाँ जैगीषव्य पहिले नै आएर चुपचाप बसिरहेको पाए । देवल जैगीषव्यको शरण परे । ती संन्यासीले देवललाई मोक्षधर्मको उपदेश गरे, मोक्षधर्ममा प्रवेशका लागि आवश्यक विधिविधान गरे । संन्यास लिन लागेका देवललाई देखेर देवताहरू, पितृहरू र अन्य प्राणीहरू अब हामीलाई हव्य कव्यहरू कसले देला भनेर रोए । देवलले यस्तो विलौना सुनेर गृहस्थी-मा नै बस्ने मन गरे । तर फेरि करूण विलौनाको आवाज आयो । देवलले हामीलाई अभय दिइसकेका थिए । अब यो क्षुद्र देवलले हामीलाई फेरि काट्ने भो । पोल्ने भो' । हजारौं हजारौं अन्नबीजहरू, फूलहरू, रूखहरू, कुश दुवो आदि झारहरू यसरी रोएको देखेपछि दिइसकेको भय फिर्ता नलिने निश्चय गरेर देवल जैगीषव्यका चेला संन्यासी बने । भिक्षु बनेर जगतमा मोक्षधर्मको उपदेश उनले गरे । व्यासले लेखेको पन्ध्रलाख ग्रन्थवाला महाभारतको पितृलोकमा प्रचार प्रसार गर्ने काम देवलले आफ्ना बाबु असित ऋषिको साथ लागेर गरेका थिए ।

द्रुपद १/४ द्रुपद पाञ्चाल देशका महाराज हुन् । उनको बाबुको नाम पृषत हो । पृषत राजा भएको वेला युवराज द्रुपद भरद्वाज ऋषिको गुरूकुलमा भरद्वाजका छोरा द्रोणसंगसँगै पढ्थे । दुईमा खूब मेल थियो । द्रुपद आफू राजा भएपछि आफ्नो मित्रलाई खूब मदद गर्छु भनी द्रोणसंग भन्थे । समय वित्तै गयो । पढाइ सकियो । दुवैले आ-आफ्नो गृहस्थी शुरू गरे । द्रोण सम्पन्न थिएनन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनलाई छोरो हुर्काउन गाहारो पऱ्यो । बाबु पृषत मरेर द्रुपद राजा भैसकेका थिए । यौटा दुहुनी गाईको आशा लिएर द्रोण द्रुपदकहाँ गए । द्रुपदले उति खायस देखाएनन् । द्रोणले मित्र भनेर संबोधन गर्दा राजपदमत्त द्रुपद जागे । भिखारी बाहुनको र पाञ्चालकाराजाको के कस्तो मित्रता, एक छाक खाएर जाउ भनी द्रुपदले आफ्नो बालसँगाती द्रोणाचार्यको ठूलो अपमान गरे । पछि अर्जुनबाट पराजित भएर द्रुपद युद्धबन्दी बने । द्रोणलाई आधा राज्य दिएर द्रुपदले सन्धि गरे ।

द्रुपदको पहिलो सन्तान शिखण्डी हुन् । द्रुपदले पुत्रीको रूपमा जन्मेको सन्तति नै पछि पुत्र हुने वरदान आफ्नो तपस्याबाट प्रसन्न हुनु भएको शिवजीबाट पाएका थिए । छोरीको जन्म भयो । द्रुपददम्पतीले सल्लाह गरेर छोरो जन्मेको प्रचार गरे । छोरीका शिक्षा दीक्षा विधिव्यवहार जस्तै छोराको जस्तै गरे । दशार्ण देशका हिरण्यवर्मा राजाकी छोरीसँग छोरीको विवाह भयो । दुलहीबाट रहस्य खुल्यो, दुलहीका बाबु जङ्गिए, पाञ्चालमा हमला गर्ने सुर गरे । द्रुपदको छोरा बनाइएको छोरी भागेर जङ्गलमा गइन् । यक्षको सहायताबाट उनी पुरुषत्व प्राप्त गरेर फर्के । कलह गयो । पाञ्चालदेश युद्धबाट बच्यो / द्रुपदका प्रथम पुत्र शिखण्डी भए । द्रोणले अर्जुनद्वारा युद्धमा हराएको, पक्डेको, आधा राज्य लिएको ठूलो तुस द्रुपदको मनमा थियो । त्यसको बदला लिन उनी चाहन्थे । द्रुपदले द्रोणाचार्यलाई मार्ने छोरो पाउनको लागि गुप्त रूपमा यज्ञ गरे । यज्ञवेदीबाट पुरुष र कन्या प्रकट भए । पुरुषको नाम धृष्टद्युम्न र कन्याको नाम कृष्णा रह्यो ।

द्रुपदको पाञ्चाल राज्य शक्तिले र समृद्धिले सम्पन्न मानिन्थ्यो । उनले छोरीको विवाहको निमित्त शर्त राख्नेका थिए । निश्चित ठाउँमा राखिएको बनावटी माछोलाई उनी कहाँकै धनुबाट काँढ हानी निश्चित ठाउँमा खसाल्न सक्नेलाई छोरी द्रौपदी विवाह गरिदिने उनको वचन थियो । श्रेष्ठ धनुर्धारी संग छोरीको विवाह होस् भन्ने उनको मुराद थियो । ब्राह्मणवेषधारी अर्जुनले शर्त पूरा गरे । पछि पाँचै पाण्डवसँग छोरीको विवाह गर्नुपर्ने प्रसङ्गले उनलाई विचलित बनायो । महर्षि व्यासबाट सबै कुरा बुझेपछि उनले द्रौपदीको एक एक गरी पाँच दिनमा युधिष्ठिर आदि पाँच भाइसँग विवाह गरिदिए । पाण्डवद्रौपदी वनवास जाँदा उनका मानिसहरूलाई उनीलें नैं संरक्षण गरेर राखे । पछि युद्धमा पाण्डवलाई मदद दिनेहरू मध्ये द्रुपद नै प्रमुख थिए । उनको पाञ्चालसेना विशाल थियो र आखिरीसम्म पनि पाञ्चाल सैनिकले, वीरहरूले महाभारत युद्धमा वीरता र इमादारीपूर्वक लडिरहे । पाण्डव पक्षका सात मध्ये एक सेनापति भएर द्रुपद लडेका थिए । द्रोणाचार्यबाट यिनले युद्धमा वीर गति प्राप्त गरे ।

द्रोण १/८ द्रोण महर्षि भरद्वाजका अयोनिज पुत्र हुन् । ऋषि गङ्गातीरमा नित्यकर्म गरिरहेको वेलामा अप्सरा घृताचीले एक वस्त्र भएर गङ्गामा नुहाइन् । उनलाई त्यो अवस्थामा देख्दा भरद्वाज-को मन विचलित भो, उनले मन सम्हाले, तर इन्द्रियबाट वीर्यपात भो । ऋषिले खसेको वीर्यलाई द्रोण कलशमा हालें । ऋषिको अमोघ वीर्य, बालक जन्म्यो । द्रोण कलशमा जन्मेको हुँदा बालकको नाम द्रोण रह्यो । द्रोणलाई वेदवेदाङ्गादि चौध विद्याको उपदेश स्वयं भरद्वाज ऋषिले दिए। शस्त्रा-स्त्रविद्याको शिक्षा अग्निका अवतार अग्निवेश मुनिबाट भयो । यिनै कुमार पछि शरद्वान् गौतमकी छोरी कृपीसँग विवाहित भएर गृहस्थ आश्रममा दीक्षित भएपछि द्रोणाचार्य भनिन लागें । कृपीबाट छोरो पैदा भो, अश्वत्थामा । यिनी सेवा वृत्ति मन पराउँदैनथे, जप तपमा नै लागिरहन्थे । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धनामावले गृहस्थी चल्न नसक्ने भो, छोरालाई दूध खान दिन शक्ति पनि भएन। उनी परशुराम कहाँ गए। परशुरामले सारा सर्वस्व, सम्पूर्ण पृथिवी ब्राह्मणहरूलाई दान दिइसकेका थिए। द्रोणलाई विमुख फर्काउन उनले चाहेनन्, जे मागे पनि जसरी भएपनि दिने परशुरामको मन थियो। परशुरामले भएका सारा अस्त्रहरू प्रयोग संहार तथा दान आदिका विधि र अन्य रहस्यहरू सहित द्रोणको प्रार्थना अनुसार दिए। द्रोणाचार्य शस्त्रास्त्रका धुरन्धर विद्वान बने।

द्रोणाचार्य पाञ्चालराज द्रुपदबाट अपमानित भएपछि गरीबीको प्रहारबाट बच्न हस्तिनापुरमा जेठान कृपाचार्य कहाँ आएर कसैलाई थाहा नदिई बसेका थिए। एकदिन भरत कुलका कुमारहरू डण्डी बियो खेल्दै कृपाचार्यको आश्रममा आइपुगे। त्यहाँ पानी नभएको गहिरो इनार थियो। खेल्दाखेल्दै बियो त्यो इनारमा खस्यो। केटाहरूले धेरै कोशिश गरे झिक्न सकेनन्। नजीकै सेतै फुलेका, कालो वर्णका, गरीबीले हाडछाला मात्र देखिने, अग्ला तेजस्वी ब्राह्मण द्रोणलाई केटाहरूले देखे। नौलो मानिसलाई देखेर कुमारहरू उनका वरिपरि उभिए। द्रोणले केटाहरूको बियो झिकी दिन्छु मलाई खानेकुरा दिनुपर्छ भनी भने। द्रोणले आफ्नो औंठी पनि इनारभित्र खसाले। मसीना सिन्का एक मुठी मन्त्रेर एक एक गरी इनारमा हालेपछि यौटा सिन्काले वीयोलाई छेड्यो, त्यो सिन्कोलाई अर्को सिन्कोले फेरि त्यसलाई अर्कोले गर्दै माथिर आइपुगेको सिन्कोलाई समातेर द्रोणले ताने, वीयो निकालियो। द्रोणले बाण हानेर औंठी छेडेर माथिर बोलाए। बाण र औंठी दुबै द्रोणको हातमा आए। यो चमत्कार बालकहरूले दरबारमा सुनाए। भीष्म, विदुरहरूले द्रोणाचार्यको सत्कार सम्मान ठूलो गरे। इज्जतका साथ गुरू बनाएर घरद्वार, जग्गाजमीन, श्रीसम्पति दिएर हस्तिनापुरमा नै द्रोणलाई राखे।

द्रोणाचार्यले सबै भरतकुलका कुमारहरूलाई शस्त्रास्त्र विद्या पढाए। वृष्णिकुलका, पाञ्चालका, सृञ्जयका बालकहरू पनि द्रोणकहाँ पढन आउँथे। शिखण्डी, धृष्टद्युम्नका पनि धनु विद्याका गुरू द्रोणाचार्य नै हुन। उनका चेलाहरूमा सर्वश्रेष्ठ धनुर्धारी बन्ने प्रतिभा अर्जुनमा देखी द्रोणाचार्यले अर्जुनलाई आफ्नो अग्रशिष्य बनाए। अश्वत्थामा छोरा नै भए, श्रेष्ठ धनुर्धारी बनें। तर द्रोण उनको स्वभावसँग शङ्का गर्थे। अर्जुनद्वारा द्रुपदलाई जितेर द्रोणाचार्यले इबी साधे, उनको आधा राज्यमा आफ्नो स्वामित्व स्थापना गरेर भिखारी ब्राहुन भनेको बेइज्जतीको पनि साटो फेरे। उनमा ब्राह्मणको तपस्तेज र क्षत्रियको शस्त्रास्त्रतेज दुवैको समन्वय थियो। द्रोणाचार्य पक्का क्षत्रियलाई र ब्राम्हणलाई मात्र गुह्य अस्त्रविद्या पढाउनु हुन्छ, अरूलाई हुँदैन भन्थे। साथै खराब स्वभाव भएकालाई पनि उनी ठूलठूला अस्त्र विद्या दिदैनथे। उनले सबै अस्त्र विद्या सिकाएको अर्जुनलाई मात्रै हो। आफ्नो एक मात्र छोरोलाई पनि उनले ब्रह्मशिर अस्त्र पत्याएका थिएनन्। छोरोको आग्रह र प्रार्थनालाई टार्न नसकेर नपत्याई नपत्याईकनै ब्रह्म शिर अस्त्र अश्वत्थामालाई सिकाएका थिए। कर्णले सो अस्त्र विद्या माग्दा द्रोणले दिएनन् र कर्ण उनी कहाँबाट परशुराम कहाँ ब्राह्मण वेषमा पढन गए। निषादराज हिरण्यवर्माको छोरो एक लव्य उनीसँग पढन आउँदा द्रोणले निषाद भनेर पढाएनन्। (एकलव्य नेपालकै किरातराज हुन् भन्ने पनि भनाइ छ।) एक लव्य माटाको द्रोण मूर्ति राखेर स्वयं अभ्यासबाट अर्जुन भन्दा बढी सिपालु बनें। द्रोणाचार्य अर्जुन समेत चेलाहरू लिएर जङ्गलमा घुम्दै थिए, उनीहरूको कुकुर मुखभरी बाणको बुझो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिएर आयो, उसलाई कहीं चोट लागेको थिएन, मुखमा कसैले एकेक गरी हानेको एक मुठे बाण कसरी टम्म सं" बसेको थियो भने कुकुर निल्न पनि सक्तैनथ्यो, ओकल्न पनि सक्तैनथ्यो, कराउन पनि सक्तैनथ्यो। बाण हान्नेको हस्तलाघत कौशल त्यसले बताइरहेको थियो। अर्जुन त्यो देखेर जिल्लिए प्रात्तिए, उनमा त्यस्तो लाघव थिएन, सीप थिएन। द्रोण पनि छक्क परे, उनी पनि त्यसो गर्न सक्तैनथे। त्यो बाण हान्ने वीर अवश्य पनि अर्जुनभन्दा श्रेष्ठ धनुर्धारी हो भन्ने सबै गुरू चेलालाई लाग्यो। कुकुरको पछि लागेर जाँदा यौटा कुटी अगाडि यौटा किशोर माटोको द्रोणमूर्ति अगाडि राखेर धनुर्बाणको अभ्यास गरिरहेका थिए। द्रोणले बोलाए, उनले गुरूलाई साष्टाङ्ग दण्डवत् गरे। एक लव्य ले गुरूसंग आफ्नो सबै कुरा बताए। अर्जुनलाई सर्वश्रेष्ठ चेलो बनाउने आफ्नो प्रतिज्ञालाई मिथ्या हुन नदिन द्रोणाचार्यले एकलव्यको दाहिने हातको बुढीआँला गुरू दक्षिणा मागे। गुरूभक्त एकलव्यले खुशीसाथ दाहिने बुढी आँला तत्काल काटेर गुरू द्रोणाचार्यलाई चढाए, अर्जुन सर्वश्रेष्ठ धनुर्धारी शिष्य बने। द्रोणको र एकलव्यको आ-आफ्नो किसिमको प्रसिद्धि चल्यो।

कौरवले द्रोणाचार्यलाई सारा श्रीसम्पत्ति र सम्पूर्ण राज्य नै चढाएका थिए। उनी कुरूराजसभाका प्रमुख सदस्य मध्ये एक थिए। उनलाई पाण्डवको धार्मिकतामा श्रद्धा र स्नेह थियो, कौरवले उनीहरूमाथि अन्याय अत्याचार गरेको उनलाई मन पर्दैनथ्यो। उनी सोधेकोमा सल्लाह चाहिं ठीकठीक दिन्थे; तर आफ उचित अनुचित भन्न सक्तैनथे। द्यूतसभामा पाण्डवमाथि त्यत्रो बेज्जत विझाइं हुँदा, कुलीन नारीमाथि त्यत्रो, त्यस्तो उत्पात गर्दा द्रोणाचार्यले केही प्रतिक्रिया जनाएनन्। द्रौपदीले न्याय बोल्ने पुकार गर्दा पनि उनी नबोलीकन बसे। युद्ध हुनेभएपछि पनि उनको पूर्ण सहानुभूति पाण्डवतर्फ भएपनि उनीले कौरवपक्षमा रहेरै युद्ध गरे। उनी आफू कौरवको अर्थ परवश भएको ठान्थे। उनी बेहान उठेर सँधै प्रार्थना गर्थे 'पाण्डवहरूको जय होस्'। लडाइं शुरू हुनें वेला युधिष्ठिरले आज्ञा माग्दा, आफ्नो जीत हुने उपाय सोध्दा पनि उनले आफू अर्थको दास भएको कुरा बताए र धृष्टद्युम्न आफ्नो कालको रूपमा जन्मेको छ भनी बताएका थिए।

भीष्म पितामह लडेपछि पाँच दिनसम्म द्रोणाचार्य कौरव सेनापति भएर लडे। सेनापति पदमा अभिषिक्त हुनासाथ उनले दुर्योधनलाई 'हजुरको कुन इच्छा पुऱ्याऊँ' भनी सोध्दा दुर्योधनले युधिष्ठिरलाई पकडिएर ल्याइ दिने वर मागेका थिए। अर्जुनले बीचमा छेकेनन् भने धृष्टद्युम्न परिरक्षित व्यूहलाई फोरेर युधिष्ठिरलाई पक्डेर जिउँदै दुर्योधनकहाँ ल्याईदिने प्रतिज्ञा द्रोणले गरेका थिए। द्रोण बाँचुन्जेल महाभारतयुद्धको एक मूल उद्देश्य युधिष्ठिरलाई पक्डन कौरव तर्फको थियो भने पक्डन नदिनु पाण्डवपक्षको थियो। अर्जुनलाई अलमल्याउन संशप्तक गणले छोड्दै नछोडी युद्ध गर्ने सल्लाह द्रोणले नै दिएका थिए। आफ्नो सेनापतित्वका तेस्रो दिनमा द्रोणले चक्रव्यूह बनाएर युद्ध गरे। चक्रव्यूह भित्र पसेर कौरव फौजको विध्वंस गरिरहेका एक्ला अभिमन्यूलाइ मार्न पहिले रथ र धनु खतम पार्नुपर्छ भनी कर्णलाई सिकाउने द्रोणाचार्य नै थिए। यौटा सोह्र वर्षे किशोर अभिमन्यूसँग लड्ने छ जना महारथीहरूमध्ये प्रमुख महारथी द्रोणाचार्य नै थिए। कर्ण कृप जस्ता बडाबडा महारथीहरूलाई साथमा लिएर एक्लो कलिलो सोह्रवर्षे किशोरलाई घेरेर मार्ने द्रोणाचार्य कौरवसेनाका मूल सेनापति थिए। अर्जुनले जयद्रथलाई भोलिपल्टको सुर्य नअस्ताउँदै मार्ने प्रतिज्ञा गरेपछि जयद्रथलाई अर्जुनबाट रक्षा गर्ने प्रतिज्ञा द्रोणले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका थिए। जयद्रथ बध हुने दिन चक्र शंकट व्यूह, त्यसभित्र कमल व्यूह, त्यसभित्र सूचीमुख व्यूह बनाएर अर्जुनलाई पस्नै नदिन, अर्जुन पसिहाले पनि अरूलाइ व्यूहभित्र पस्न नदिन द्रोण आफैं व्यूहको मुखमा बसेका थिए । अघिल्ला दिन चक्रव्यूहमा अभिमन्युलाइ जसरी एक्लो बनाएका थिए, भोलि-पल्ट चक्र शंकट व्यूहभित्र अर्जुनलाई त्यसरी नै एक्लो पारेर लडाउने द्रोणको क्रूर योजना थियो। दुर्योधनसंग द्रोण डराउँथे । उनको धन खाएकोले बोल्न सक्तैनथे। दुर्योधन उनलाई रामरी नलडेको, पाण्डवहरूको माया गरेको दोष लगाउँथे। जयद्रथबध हुने दिन पनि दुर्योधनले अर्जुन शकट व्यूह भित्र पसेकोमा, पछिबाट सात्यकि, फेरि भीमसेन पसेकोमा पटक पटक त्यही दोष लगाए– "तपाई हामृं दानापानी खाएर हामृं नजाती गर्नमा लाग्नु भएको छ, तपाई महलेपिएको छुरा हुनु हुंदो रहेछ, युधिष्ठिरलाई पक्डने प्रतिज्ञा गर्नुभो, खै ! जयद्रथलाई बचाउँछु भनी प्रतिज्ञा गर्नुभो, उस-लाई घर जान, माग्न दिनु भएन, अर्जुनले पूरा व्यूह फोरिरहेछन, सात्यकिलाई पनि, भीमलाई पनि तपाइँले ढोकैमा बसेर भित्र जान दिनुभो। मलाइँ पनि, जयद्रथलाई पनि धोखाभो कानका रौंसम्म पूरै फुलिसकेका पाँच असी अर्थात चार सयवर्षका बूढा– द्रोणाचार्य ब्राह्मण भएर पनि शक्तिले भ्याए-सम्म प्राण दिएर लडिरहेका थिए। त्यो युद्ध क्षेत्रमा उनले दुर्योधनको वाग्बाण खप्न सकेनन्, जवाफ दिए– म बूढो त्यति छिटो छैन, युवक अर्जुन मभन्दा उमेरले गर्दा बढी छन। युद्ध नगर्ने सल्लाह साराले दिंदा मानेनौ, कोही चाहिन्न, कर्ण दुःशासन शकुनि भए जित्छु भन्थ्यौ। उही घरान-को एक्लो अर्जुनसँग त्यत्रा त्यतिका महारथीहरूको सहायता लिएर पनि किन लड्न सकेनौ ? सारा राज्यको पति तिमी नै हौ। जाऊ, आपनो वीरता र फुर्ति देखाऊ। अब तिमीलाई के चाहिएको छ र सबै पाइसकेको छौ लड, वीरगति पाए पनि इज्जत हुन्छ" । यसरी रिसाए पनि अर्जुनले फोर्न नसक्ने गरी अभेद्य कवच दुर्योधनलाई द्रोणले नै त्यही वेला बाँधिदिए। अर्जुनले दुर्योधनको कवच कहीं फोर्न सकेनन्, उनले प्रहार गरेका हतियारले दुर्योधनलाई केही चोट नलाग्ने भो। अर्जुनले कवच नबाँधिए-को ठाउँमा नङ मासुको जोर्नीमा बाण हानेर दुर्योधनलाई हराए।

चौथो दिनको युद्धमा जयद्रथबध भो। द्रोणाचार्यले सो दिन रातभरी पनि युद्ध चलाए। आधारातमा केही घडी युद्ध रोक्ने अर्जुनको प्रस्तावको सबैले समर्थन गरे। शत्रुपक्षका वीरले पनि अर्जुनको जय मनाए। द्रोणाचार्य ज्यादै जब्बर ब्राह्मण थिए। भीष्म सेनापति रहेको दश दिनमा भन्दा धेरै बढी नरसंहार द्रोण पाँच दिन सेनापति रहँदा भयो। उनी ज्यादै इखालु कठोर वीर थिए। द्रुपदले अपमान गरेका हुन्, तर उनले (द्रोणले) बडो क्रूरतापूर्ण बदला लिए। जनमभरी पूरा पाञ्चाल सृञ्जयसँग दुश्मनी गरे । पाञ्चाल भनेपछि नमारी छोड्दिन जस्तो उनलाई हुन्थ्यो। उनले युद्ध गर्दा सारै ठूलो सैन्यको विनाश भो, ठूलठूला वीरहरू मरे। ऋषि मुनिहरूले आकाशमाथि बसेर ब्राह्मण भएर यस्तरी नरसंहार गरिरहनु ठीक हैन, अब संयम गर' भनी सम्झाए। पाण्डव पक्षमा अश्वत्थामा नामको हात्ती थियो, भीमसेनले त्यसलाई मारे। कृष्णको सम्मतिमा पाण्डवपक्षबाट 'अश्वत्थामा मारिए, अश्वत्थामा मारिए' भन्ने हल्ला मच्चाइयो, ठूलो हर्षध्वनि गरियो। तैपनि द्रोणले लडन छोडेनन् । घोर युद्ध चलिरह्यो। धृष्टद्युम्न सहसा द्रोणमाथि जाइलागे। धृष्टद्युम्नको वैंगिलो आक्रमण द्रोणको निम्ति कठोर भयो। पूरा चार दिन एक रात चारसय वर्षका बूढा द्रोण लडिसकेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थिए । जसको सट्टा दुर्योधन अबजस मात्र दिइरहेका थिए । अश्वत्थामा मरेको खबर युधिष्ठिरले समेत सुनाइ सकेका थिए । ऋषिमुनिहरूले त्यो क्रूर कर्म छोड्ने सल्लाह दिइसकेका थिए । धृष्टद्युम्न आफूलाई मार्ने भनेर जन्मेको पवका थियो । सबै कुरा मिल्यो । द्रोणाचार्यको होशले काम दिन छोडयो । जानेका अस्त्रहरूको विद्या पनि फुर्न छोडयो । रथमा राखिएका हतियारहरू सिद्धिइसकेका थिए, बाण रित्तिइसकेको थियो, थरीथरी दिव्य अस्त्रहरू पनि अप्रसन्न भए । रथमा धृष्टद्युम्न आएको देख्दा द्रोण झस्के उनका अङ्गअङ्ग आफैं शिथिल भए, हतियार खस्न खोज्यो । भीमसेनले नजीकै गएर कराए 'जसका निमित्त यस्तो क्रूर कर्म गरिरहनुभएको छ त्यो पनि मरि सक्यो । विद्वान् ब्राम्हण भएर शान्तिको मार्ग लिनुपर्नेमा यस्तो क्रूर मार्गमा लाग्नुभो; आपनो धर्म छोड्नुभो; स्वधर्ममा लडिरहेका क्षत्रीहरूलाई अधर्ममा, विधर्ममा लडेर मारिरहनुभएको छ; अश्वत्थामा मरिसक्यो । द्रोण बढी झस्के, उनका हात गोडा लूला भए । युधिष्ठिरले पनि सुन्ने गरी चिच्याए– 'अश्वत्थामा मरे' पछिबाट उनले नसुन्ने गरी 'मान्छे हो वा हात्ती हो' भने त्यही वेला ठूलो शङ्खनाद, सिंहनाद, बाद्यनाद घन्क्यो । शोकमा हतियार उनको हातबाट खस्यो । उनी योगस्थ बने, धृष्टद्युम्नले उफ्रेर उनको रथमा चढी बायाँ हातले उनको जटा समातेर दाँया हातले तरबार उजाए। धृष्टद्युम्न साक्षात् काल जस्तै देखिन्थे । टाढाबाट अर्जुन कराए - नकाट, नकाट, आचार्यलाई जिउँदै पक्डेर ल्याऊ" । धृष्टद्युम्नले तरबारको प्रहार गरिसकेका थिए, द्रोणको ज्योतिर्मय स्वरूपको तेज आकाशमा फैलियो, निष्प्राण शरीरको शिर धृष्टद्युम्नले काटेर पर्याँकिदिए । द्रोणको शिरबाट अति उज्ज्वल तेज निस्क्यो, आकाशमा माथिमाथि गएर बिलायो । महाभारत युद्ध चलेको पन्ध्रौं दिनको अपरान्हमा द्रोणाचार्यको अन्त्य भयो ।

द्रौपदी पाञ्चालदेशका महाराज द्रुपदकी छोरी द्रौपदी हुन् । महाराज द्रुपदको द्रोणाचार्यसंग वैरभाव थियो । उनले द्रोणाचार्यलाई मार्ने छोरो पाउने इच्छाले यज्ञ गरे । त्यो यज्ञबेदीबाट छोरो प्रकट भयो, साथसाथै छोरी पनि प्रकट भइन् । छोरो धृष्टद्युम्न र छोरी द्रौपदी हुन् । द्रौपदीको वर्ण स्याम भएकोले उनको नाम कृष्णा रह्यो , उनलाई याज्ञसेनी पनि भन्छन् । द्रुपदको बाबुको नाम पृषत भएकोले पृषतकुलकी भएको नाताबाट उनलाई ठाउँठाउँमा पार्षती पनि भनिएको छ र पाञ्चाल राजपुत्री भएकोले उनलाई पाञ्चाली भनिएको छ । रूपसौन्दर्यमा र शीलसौदर्न्यमा उनको ठूलो प्रसिद्ध हुँदा सबै जसो राजा तथा राजकुमार उनलाई पाउन खोज्ने भए । कसैलाई दिंदा अरूले दुश्मनी गर्ने डरभो । त्यसैले द्रुपदले वीर्य शुल्कको घोषणा गरे । ठूलो सभाभवनमा धेरै माथि छतमा यौटा ठूलो पिंजरा जस्तो भाँडो लडकाइएको थियो । त्यसभित्र यन्त्रबाट तलमाथि, वरपर जोडसंग घुमिरहने सानो वनाउती माछो राखिएको थियो । बाण मात्र ठिक्क छिर्नसक्ने यौटा छिद्र सितिमिति नदेखिने गरी पारिएको थियो । धेरै तल ठूलो पोखरी थियो । त्यसको डिलमा अजङको धनु र थरी–थरी बाण राखिएका थिए । जुन धनुर्धारीले सो धनुमा ताँदो चढाएर मास्तिर नहेरी तल पानीमा हेरेर हानेको ठीक बाणले छिद्रबाट गएर घुमिरहेको माछोलाई बेध्न सक्छ उसलाई द्रौपदीले स्वयंवर गर्ने शर्त राखिएको थियो । बडाबडा धनुर्धारी राजा राजकुमारहरू स्वयंवर सभामा उपस्थित थिए, ब्राह्मणभेषमा पञ्च पाण्डव पनि सो सभामा सम्मिलित थिए । माछो बेध्ने शर्त पूरा गर्ने आँट हिम्मत कसैलाई आइरहेको थिएन । हिम्मत गर्नेहरू असफलताबाट लज्जित भइसकेका थिए । द्रौपदी स्वतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वमा अनुपम सुन्दरी, अयोनिजा षोडशी, षोडश शृङ्गारले युक्त भएर सभामा नै निश्चित स्थानमा बसेर आँट गर्नेहरूलाई हेरिरहेकी थिइन् । दुर्योधन दुःशासनहरू सभामा सम्मानित आसनमा बसिरहेका थिए । अङ्गदेशका राजा कर्ण पनि राजसी ठाँटमा राजासनमा बसेका थिए । कर्ण विस्तारै आफ्नो आसनबाट उठर धनु बाण भएको ठाउँतिर सिंहको जस्तो लस्काइमा अघि बढे । उनले धनु उठाएर ताँदो चढाए; बाण लिएर ताँदोमा जोडन आँटेका थिए, सुरीलो नारीकण्ठध्वनि आयो- "म सूतपुत्रलाई वरण गर्न तयार छैन" । कर्णको हात रोकियो, मुण्टो निहुरियो । धनुबाण यथास्थान राखेर उनले मास्तिर एक पटक हेरे ; फर्केर आफ्नो स्थानमा बसे । बसिरहेका पाँच ब्राह्मण मध्ये एक जना उठेर निश्चित स्थानमा पुगे, उनले धनु उठाए, बाण जोरे, पानीमा हेरेर छोडे; माछो बेधियो । सारै फेर्न रोकेको सभाले एकै चोटि आश्चर्यको 'ओहो' गऱ्यो । प्रतिक्रियाहरू उठे । ब्राह्मण ! यतिका राजा राजकुमारहरू सबैलाई छोडेर कसरी ब्राह्मणलाई ! कोही चुप लागे, धेरै तम्तमाए । खलबल हुँदै थियो, तीन ब्राह्मण उठेर गए । दुइ ब्राह्मणलाई धेरैले मिलेर झम्टे । संघर्ष भो, दुइ ब्राह्मणले सबैलाई परास्त गरे । उनीहरू द्रौपदीलाई लिएर डेरातिर लागे । द्रुपदलाई यो सबै तमाशा अनौठो लागिरहेको थियो । उनले अरूले थाहा नपाउने गरी आफ्ना मान्छेहरूलाई चियो गर्न पठाए । कुमालेको घरको डेरामा ती ब्राह्मणहरू द्रौपदीलाई लिएर गए । त्यहाँ अरू तीन ब्राह्मण, यौटी उनीहरूकी आमा वुढी ब्राह्मणी थिइन् । भिक्षाबाट ल्याएको अन्न सबैलाई आमाले बाँडिन् , खाएर सबै कुशको बिछ्याउनामा सुते ।

द्रुपदको मनमा माछो बेंधनेलाई छोरी बिहे गर्ने भन्ने निश्चय थियो, तर उनीहरूकी आमालें सबैले मिलेर भोग गर भनिसकेकी थिइन् । ती पञ्चपाण्डव थिए, माछो बेंध्ने साहिला अर्जुन थिए । आमाको आज्ञा प्राण दिएर पनि पालन गर्नुपर्छ भन्ने उनीहरूलाई थियो । आमाले दुलही भन्ने थाहा नपाईकन नै बाँडेर भोग गर्नू भनेकी थिइन् । तर आमाको आज्ञा नाघ्नु भएन, यौटी दुलही पाँचौटाकी कसरी हुने, ठूलो धर्मसंकट पऱ्यो । युधिष्ठिरले पाँचै जनासंग बिहा गर्ने निर्णय दिए । द्रुपदलाई बडो गाहारो पऱ्यो, उनको मनले मानेन । व्यास ऋषि आइपुग्नुभो, उहाँले पनि पाँचै जनासंग बिहे हुनुपर्ने निर्णय दिनुभो । अर्जुन वर्तमान इन्द्रका, चार भाइ पहिलेका चार इन्द्रका अवतार, र द्रौपदी स्वर्गलक्ष्मीको अवतार भएको रहस्य बताउनुभो । शिवजीकहाँ पञ्चेन्द्र र स्वर्गलक्ष्मी पुगेको, शिवजीले उहाँहरूलाई पृथ्वीमा अवतार लिएर यौटै स्वर्गलक्ष्मीसंग विवाह गरी भूभार हर्न काम अह्राउनुभएको दिव्य दृश्य व्यासले आफ्ना तपोबलद्वारा द्रुपद द्रौपदी कुन्ती लगायत पाँच पाण्डवलाई प्रत्यक्ष दर्शन गराउनुभो । सबैको दुबिधा हटयो । पहिले युधिष्ठिरसंग, क्रमैले अरू पाण्डवसँग द्रौपदीको प्रतिदिन विवाह भो । द्वारकामा र हस्तिनापुरमा समाचार फैलियो । श्रीकृष्ण दाइजो उपहार थुप्रै लिएर सवारी भो । पाण्डवहरू लगभग वर्षदिन समान पूर्वक राजसी ठाँटवाँटसँग पाञ्चाल देशमा द्रौपदीलाई साथमा लिएर बसे । द्रौपदीले आफ्नो विद्या, बुद्धि, शीलबाट पाँचै पतिको अभिन्न सेवा गरिन्, सबैलाई परम सन्तुष्ट तुल्याइन् । कुन्ती उनको निम्ति साक्षात् पार्वती नै थिइन् । उनी हरबखत सासूको सेवामा संलग्न रहन्थिन् । कुन्तीले द्रौपदीलाई बुहारी पाएकोमा आफूलाई धन्य भाग्यमानी सम्झन थालिन् । द्रौपदीको गुण र चरित्रका सबै वशवर्ती बने । उनीसंग नसोधी कोही केही गर्दैनथे, उनको वचन खेर जान कोही दिंदैनथ्यो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डवले इन्द्रप्रस्थ राज्य बसाएर राज गर्न थाले । युधिष्ठिर महाराजको ज्यादै समृद्धि भयो । महारानी द्रौपदीको जगत्मा प्रतिष्ठा बढयो, इज्जत बढयो । उनको सेवा गर्न दासदासी । बढ उनका साधन सामग्री बढे । तर द्रौपदी कन्ति पनि बढीनन्, कुमालेका घरको डेरामा, पाञ्चाल देशको अतिथिगृहमा सासू कुन्तीले जे सिकाएकी थिइन्, सोही बमोजिम उनले आफूलाई पाँच पतिको र सासूको सेवामा संलग्न गराइन् । उनको शील र सचचरित्रबाट पाण्डवको समृद्धि बढ्दै गयो । तर द्रौपदीको सोख बढेन, कर्तब्य बढयो, नियम अनुशासन बढयो । राजकाजको सारा काममा, अरू सँगको सन्धिविग्रह आदि कार्यमा पाण्डवहरू उनको सल्लाह लिन्थे । युधिष्ठिर महाराजका घरमा सय हजार घोडा थिए, सय दसहजार हात्ती थिए, तिनका स्याहार गर्न कर्मचारी थिए, एकलाख नोकर चाकर थिए । युधिष्ठिर महाराजकहां आठ हजार ब्राह्मण, अठासी हजार विद्वान् गृहस्थी, दस हजार ऊर्ध्वरेता योगीको संरक्षण संभरण हुन्थ्यो । तिनका निमित्त लाखौं कार्यकर्ता थिए । ती जम्मैको रेखदेख द्रौपदी गर्थिन्; खानपान ओछ्यान, लुगा कपडाको प्रतिदिनको बन्दोबस्त द्रौपदी गर्थिन् । सारा हरहिसाब उनी राख्थिन् । दिनदिनको हरहिसाब दिनदिनै ठीक पारेर सासूलाई, उहाँको आज्ञा भएमा पतिहरूलाई बुझाउँथिन् । सासूले र पतिले इसारा गर्न बित्तिकै सेवाका लागि उनी हाजिर हुन्थिन् । द्रौपदी परम विदुषी, आदर्श आर्य गृहिणी थिइन्, कृष्णका रानीहरू द्रौपदीसंग गृहिणीधर्मको, पत्नीकर्तव्यको शिक्षा लिन्थे, उपदेश लिन्थे । पतिको सारा सेवा आफैंले गर्नु-पर्छ, पति बाहिरबाट आउँदा हतार काम पनि छोडेर हँसिलो अनुहारले सेवाको निमित्त उपस्थित हुनुपर्छ; पतिको खानपान, ओछ्यान, लुगापोशाकसम्बधी जम्मै काम आफैंले गर्नुपर्छ, अरूबाट गराउनु हुँदैन, पति नसुती आफू सुत्नु हुन्न, पति नउठ्दै आफू उठेर घरका सफासुग्घर आदि काम सिध्याइसकुपर्छ भन्ने उनको सिद्धान्त थियो । सबभन्दा ठूलो कुरो, पतिलाई के चाहिएको छ सँधै आफूले पुऱ्याइदिनुपर्छ, आफूलाई यो चाहियो भनी पतिलाई कहिल्यै झिझ्याउनु, पिर्नु हुँदैन भन्ने उनलाई थियो । पतिलाई भन्दा पनि सासूससुरालाई बढी मान र सेवा गर्नु उनी आपनो धर्म संझन्थिन । भरतकुल यदुकुल, बृष्णिकुल, पाञ्चालकुल र अन्य सबै प्रतिष्ठितकुलमा द्रौपदी आदर्श गृहिणी, सर्वश्रेष्ठ पतिव्रता, सर्व श्रेष्ठ शीलचरित्रवती मानिन्थिन् । भीष्म धृतराष्ट्र गान्धारी द्रौपदीलाई सबभन्दा बेंस, असल बुहारी भन्थे कौरव गृहका एक सय एक बुहारीलाई भन्दा द्रौपदीलाई महाव दिन्थे । द्रौपदी सबैभन्दा जेठी बुहारी थिइन् उनलाई उनका सबै देउरानीहरू, इष्टमित्र नातागोताका नारीहरू चोपट्टै प्रेम गर्थे, मान गर्थे, अनुकरण गर्थे, गुरू मान्थे । आर्य-संस्कृतिको इतिहासमा द्रौपदीको स्थान ज्यादै माथि छ, आदर्श पतिव्रता गृहिणीमा द्रौपदीको प्रथम गणना हुन्छ ।

युधिष्ठिरले श्रीकृष्ण र भाइहरूका बलमा दिग्विजय गरे । भारतवर्षका सारा राजा राज्य-हरूले युधिष्ठिरको प्रभुत्व स्वीकार गरे । द्रौपदी राजराजेश्वरी बनिन् । युधिष्ठिरकी सहधर्मिणी बनेर उनले राजसूय यज्ञको अवभय स्नान गरिन् । युधिष्ठिरको देवदुर्लभ वैभव र प्रभावबाट दुर्यो-धनलाई औधि औडाहा भो । कपट जूवामा युधिष्ठिरलाई छकाएर जम्मै श्रीसम्पति राजपाट र भाइ तथा द्रौपदीलाई पनि दाउमा थाप्न लगाएर दुर्योधनले जितें भनी भने । राजराजेश्वरी द्रौपदीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवभथस्नानपवित्र केशपाश समातेर दुःशासनले आफ्नी जेठी भाउजू द्रौपदीलाई कौरव राज सभामा ल्याए। दुर्योधनलेआफ्नो काख देखाएर दुष्ट कामुकताको प्रदर्शन गरे। दुःशासनले फरिया ताने द्रौपदीको भक्तिपरवश श्रीकृष्णले रजस्वला नारीको तल्लो गुप्त अङ्गमा लगाइने फरियामा प्रवेश गरेर लाज बचाइदिएका थियो। द्रौपदी दासी हुन् भन्ने दुर्योधन र कर्णको दाबी थियो। आफूलाई हारिसकेपछि युधिष्ठिरले द्रौपदी थापेको हुँदा द्रौपदी दासी हुन् कि हैनन् भन्ने प्रश्न सभामा द्रौपदीले पेश गरेकी थिइन्। उनले भनिन्, "ठग्ने अभिप्राय भएकाले दुष्ट नियत लिएर जुवामा अभ्यास नभएकालाई घर-देखि बोलाएर जुवा खेलाइयो। जित्यौं भनिसके पछि, जितिएँ भनिसकेपछि फेरि जुवामा अरू थोक थाप्न कसरी मिल्यो। आचार्य द्रोण, कृप, पितामह भीष्म, ससुरा महाराज यहीं हुनुहुन्छ। यस्तो उग्र अन्याय सभामा भैरहेको छ, कोही बोल्दैन। हजुरहरूका पनि रानीहरू, बुहारीहरू, छोरीहरू छन्। म जितिएकी दासी हुँ कि हैन, धर्म बोल्नोस्। सबैको सत्त्व गएछ, अथवा रहेनछ"। विदुरले द्रौपदी जितिएकी दासी हुन सक्तिनन् भन्ने आफ्नो निर्णय दिइसकेका थिए। भीष्मले धर्मनिर्णय गर्ने शक्ति आफूसँग नभएको, युधिष्ठिरले नै गर्नुपर्ने मत दिए। विकर्णले द्रौपदी दासी हुन नसक्ने प्रमाण दिए। कर्णले दासी नै भएको आफ्नो मत दिएर अनेक दुर्वाच्य बोले। कमाराकमारीको लुगा पोशाक खोस्नुपर्ने निर्णय कर्णको थियो। त्यो बलियो दुःशासनले सारी तानीरहे, सारी आइरह्यो। रङरङका सारीको खात लाग्यो, द्रौपदीको अङ्गबाट तानिएको फरियाले सभाभवन नै ढादकिन आँटयो। दुःशासन थाके, सारी आउन छोडेन।

पहिले कुनै बेला द्वारकामा श्री कृष्णले फलफूल काट्न लाग्दा उहाँको औंला काटेर धरधरी रगत आयो। रूक्मिणी, सत्यभामा, जाम्बवती, सत्या आदि कृष्णमहिषीहरू र द्रौपदी त्यहीं थिए। श्रीकृष्णले पट्टी बाँध्न कपडा मागिबक्स्यो। कृष्णरानी कोही 'कसरी काटेको' भन्न, कोही 'खै' भनेर हेर्न कोही कपडा अह्राउन थाले। द्रौपदीले आफ्नो नयाँ सारी च्यातेर पानीले धोई पट्टी बाँधिदिइन्, रगत बन्द भो। द्रौपदीको भगवान्प्रतिको भक्ति र त्याग, भगवान्को द्रौपदी प्रतिको अनुकम्पा कसैले अडकलै गर्न नसक्ने थियो। कौरवसभामा आफ्नो पुकारा गर्ने द्रौपदीको लाज बचाउन भगवान् श्री कृष्णले फरिया नै बनेर हजारौं लाखौं थान कपडा बक्स्यो। धन्य भगवान्, धन्य भक्ति! द्रौपदी-को लाज त बच्यो। उनी दासी हुन् कि होइनन् भन्ने उनको प्रश्नको उत्तर आएको थिएन। द्रौपदी स्वयं परमविदुषी थिइन्, धर्मको मर्म, न्यायकानून सबै जान्दथिन्। उनको प्रश्नले त्यत्रो कुरूराज सभाको विडम्बना गरिरहेको थियो। भीष्मपितामह द्रोण, कृप, बाल्हीक, सोमदात, धृतराष्ट्र जस्ता बूढापाक जान्ने सुन्ने, गण्यमान्य, राजा रजौटा आदि राजसभासद्हरूको ह्याउ र हुर्मत यौटी अकेली द्रौपदीको प्रश्नले देखाइरहेको थियो। उनीले स्पष्टै भनिन्, भीष्मद्रोणकृप आदिको सत्त्व हचाउ गएछ, अथवा रहेनछ। द्रोण काठकै मान्छे भएर बसे, भीष्मले अशक्ति बताए। परिणाममा द्रौपदीकै जीत भो, उनी नजितिएकी नै ठहरियो। मान्छे बोल्न नसक्ने भो। तर प्रकृति बोल्यो। धृतराष्ट्रका घरमा अपश-कुनहरू भए, अग्निहोत्र शालामा श्याल पसेर कराउन थाल्यो, राजदरबार वरिपरि श्याल, गधा, गिद्ध कौवाहरू आर्तस्वरले कराउन थाले। गान्धारी आत्तिइन्, धृतराष्ट्र तसिए। उनले दुर्योधनलाई रोकेर द्रौपदीलाई फुल्याए, चाहेको माग भने। द्रौपदीले युधिष्ठिरको दासत्वमुक्ति मागिन्। अर्को वरमा चार पाण्डबको दासत्वमोक्ष मागिन्। अरू पनि माग्ने धेरै आग्रह धृतराष्ट्रले गरे। तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माभिमानिनीले दुइभन्दा बढी वर नमाग्ने अठोट देखाइन् । कमारोपन छुटेपछि आपना लोग्नेहरू आफ्नै पौरखबाट, आफ्नै पुण्य कर्मबाट माथि उठ्छन् भन्ने आपनो निश्चय उनले बताइन् । द्रौपदीको तर्कतँग, विद्याबुद्धिसँग कसैको केही बल चलेन । उनले जितिन् । उनी कमारी भइनन्, आफ्ना पतिहरूलाई आफ्नो विद्याबुद्धिबाट उनले छुटाइन् । धन्य द्रौपदी, धन्य द्रौपदीको पतिभक्ति, धन्य द्रौपदीको विद्याबुद्धि । पाण्डवहरूप्रति धृतराष्ट्र र दुर्योधनहरूको असूया र द्वेष चरम कोटिमा पुगेको थियो । उनीहरूको खास उद्देश्य थियो, पाण्डवहरूको सर्वस्वहरण गर्नु, उनीहरूलाई शक्तिहीन तुल्याउनु । यौटा जुवा विफल भो, अर्को जुवा खेलाइयो । छल कपट छँदै थियो, फेरि पाण्डवलाई हराइयो । सर्वस्व लुटेर जुवाको खालबाटै तपस्वी भेषमा पाण्डव र द्रौपदी बाह्रबर्ष वनवास र एकबर्ष गुप्तवास वस्न हिंडे । पाण्डवका छोराहरू र अरू रानीहरूलाई द्वारकामा, कुन्तीलाई विदुरको घरमा, अरू मानिसहरूलाई पाञ्चालदेशमा लगियो । यौटी पतिव्रता नारीलाई पतिहरूका साथमा रूवाउँदै रजस्वला अबस्थामा नै वनवास पठाइयो । द्रौपदीले त्यसदिनदेखि बदला नलिएसम्म चुल्ठो बाटिनन्, पतिहरूले जितून् भन्ने उद्देश्य लिएर उनीले कठोर व्रत तपस्या गर्न थालिन् ।

भगवान् सूर्यनारायणबाट प्राप्त भएको पाकताउलोले दौपदीले नखाउञ्जेल चाहिएजति र चाहिएजस्ता भोजन दिइरहन्थ्यो । द्रौपदीले यसैबाट अटूट रूपमा अतिथिसत्कार गर्न वनमा पनि यथेष्ट पाइरहिन् । यो रहस्य दुर्योधनलाई पनि थाहा थियो । उनले द्रौपदीले खाइ सक्ने वेला पर्ने गरी दुर्वासालाई पाण्डवकहाँ निस्ता छ भनी दसहजार चेला सहित पठाइदिए । उहाँलाई भोजनको निमित्त युधिष्ठिरले विन्ति गर्नुभो । उहाँ चेलासहित स्नान गर्न जानुभो । त्यो महाधर्मसंकटमा द्रौपदीले उनै भक्तउद्धारक श्रीकृष्णको पुकारा गरिन् । श्रीकृष्णलाई सँझनु मात्र पर्छ । बेर नलाई तत्कालै सवारी भैहाल्यो । पाकभाण्डमा बाँकी रहेको एक त्यान्द्रो साग उहाँले ज्यूनार हुने वित्तिकै उहाँको तृप्तिले दुर्वासा र चेलाहरू स्वयं अघाए । बढी भोजन गर्नै नसक्ने अवस्था भएकोले उनीहरू नदीतट बाटै डकार्दै अन्यत्र गए । द्रौपदीको भक्तिले ठूलो संकट टऱ्यो ।

एक दिन पाँच पाण्डव कुटीबाट बाहिर गएका थिए । कुटीको ढोकामा अन्यमनस्क भएर द्रौपदी उभिरहेकी थिइन् । उनका मनमा पुराना कुराहरू, पछिका दिनहरू, आफ्ना छोरा, सासू, माइतीहरू आइरहेका थिए । उनकी धाई भित्र छाप्रोमा, धौम्य ऋषि अर्को छाप्रोमा थिए । सिन्धुदेशको राजकुमार जयद्रथ साथी सँगाती र फौज लिएर वन घुम्दै त्यहाँ आइपुगे । द्रौपदीले देखिनन्, उनले द्रौपदीलाई देखे । द्रौपदीको रूपलावण्यप्रति उनलाई पापवृत्ति उठ्यो । नजीकै गएर बोलाए । जयद्रथले द्रौपदी झस्केर संयत भइन्, सप्को मिलाइन् । जयद्रथले फकाए, द्रौपदीले सम्झाइन् । हुदाहुँदै जयद्रथले बलात् समाते । द्रौपदी चिच्याइन्, धाई बूढी बाहिर आएर कराइन् । धौम्यऋषि त्यहाँ आएर जयद्रथलाई रोके । कसैलाई नटेरी जयद्रथले द्रौपदीलाई जबर्जस्ती रथमा राखेर दौडाए । धौम्यऋषि कराउँदै हप्काउँदै, रथ सँगसँगै दौडे । धाई ढोकामा रून थालिन् । फर्केपछि पाण्डवले सबै कुरा थाहा पाए । जयद्रथलाई पकडेर लुछे, चुटे, कुटे । द्रौपदीलाई तुरून्त दया लाग्यो । आपनी नन्द दुःशलालाई सम्झिन्; नमारीकन, अरू दुःख नदिईकन छोडिदिने प्रार्थना गरिन् । द्रौपदी चौपट्टै आत्मगौरवशाली थिइन्, साथै चौपट्टै दयावती थिइन् । जङ्गलमा अनेक कष्टहरू परे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर द्रौपदीले धैर्यपूर्वक सहेर आफ्ना पतिहरूको सेवा गरिरहिन् । गुप्त वासको ठूलो संकट पनि उनले भोगिन् । मत्स्य देशमा विराट राजाको दरबारमा उनी स्वतन्त्र, सिगारपटार गर्ने स्त्री भएर बसिन् । साजसज्जासम्बन्धी र शृङ्गारप्रसाधनसम्बन्धी शिल्पमा द्रौपदी अनुपम ज्ञाता थिइन् । आफ्नो शीलले र शिल्पले बिराटकी महारानी सुदेष्णा उनीसँग अत्यन्त प्रसन्न थिइन् । उनी त्यो बेला मालिनी नामकी सैरन्ध्री भएर बसेकी थिइन् । नियतिको खेल, त्यहाँ पनि विराटको सालो, सेनापति कीचकको पापी कामुक दृष्टि उनमा पऱ्यो । विराटकी महारानी सुदेष्णा कीचककी दिदी थिइन् । कीचकले अनेक फकायो, केही लागेन । दिदीभाइलें कुरो मिलाए, द्रौपदीलाई फसाउने षडयन्त्र बनाए ।

कीचक कहाँ सुदेष्णाको निमित्त रक्सी तयार भो । सुदेष्णाले सैरन्ध्रीलाई सुनको झारी दिएर कीचककहाँबाट रक्सी ल्याउन अह्राइन् । सैरन्ध्री मालिनीले अरूलाई नै पठाउन अनेक विन्तिभाउ गरिन् , केही लागेन । उनी डराईडराई गइन् । बाटामा श्रीसूर्यनारायणसँग उनले प्रार्थना गरिन् । सूर्यले उनको रक्षाको निमित्त यौटा राक्षसलाई उनको साथमा रहन खटाइदिनुभो । सैरन्ध्रीलाई देखे-पछि कीचकले अनेक फकायो, पछि जबर्जस्ती समात्न खोज्यो । द्रौपदी भागेर राजाको सभामा पसिन्, कीचकले पनि त्यही पसेर द्रौपदीको चुल्ठोमा समातेर उनलाई पछाऱ्यो र लात्तले हाऱ्यो । द्रौपदीको रक्षक, नदेखिने राक्षसले कीचकलाई धक्का दिएर पर हुत्यायो, कीचक बेसरी पछारियो । कंकवेषधारी युधिष्ठिर र वल्लववेषधारी भीमसेन पनि त्यहीं सँगै थिए । सैरन्ध्रीले न्याय मागिन्, राजाले अल-मल्याए, तमतमाएका भीमसेनलाई युधिष्ठिरले रोके । कुरो खुल्ने डर हुँदा कङ्कवेषधारी युधिष्ठिरले सैरन्ध्रीलाई अन्तः पुरमा रानीकहाँ जानू भने । राती भीमसेनको र द्रौपदीको सल्लाह भो । भोलि-पल्ट कीचकले दरबारमा आएर फकाउँदा भरे राति सुट्टक नाच घरको एकान्तमा भेट्ने सल्लाह सैरन्ध्रीले दिइन । राति भीमसेन नाच घरमा पलङमा गएर एक्लै सुते । कीचकलें आएर द्रौपदी भन्नें ठानी भीमसेनलाई समाए । भीमले ठूलो भिडन्तपछि कीचकलाई मारेर टाउको, हात खुट्टा जिउभित्र कोची यौटा भयङ्कर भासुको डल्लो जस्तो बनाएर त्यहीं फ्याँकिदिए । सैरन्ध्रीले राति नें आफ्नो पति गन्धर्वले कीचकलाई मारेको बिराटका नोकरचाकरहरूलाइ देखाइन् । भोलिपल्ट कीचकका भाइहरूले कीचकको लाशसँग सैरन्ध्रीलाइ पनि जिउँदै पोल्ने अनुमति माग्दा विराटले हुन्छ भने । ती दुष्टहरूले सैरन्ध्रीलाई समातेर कीचकको लाशसँगै पोल्न भनेर मशानतिर लगे । भीमले सबैलाई मारेर द्रौपदीलाई बचाए । विधिको विधान, टारेन टर्दैन । द्रौपदी जो गर्भमा बसिनन्, यज्ञाग्निबाट प्रकट भइन् । असल नारीमा हुने सबै शुभलक्षण उनमा थिए– गोलीगाँठा भित्र दबेका नदेखिने थिए, दुवै ऊरूस्थल (तिघ्रा) सीधा थिए; तीन कुरा – शब्द, बुद्धि र नाभि – गम्भीर थिए; छ अङ्ग – नाक, आँखा, कान, स्तन, नङ, र घाँटी – पुष्ट उठेका थिए; पाँच कुरा – पैताला, हतकेला, आँखा-का कुना, ओंठ, जिभ्रो र नङ – राता थिए; हाँसको जस्तो कलकल बोली थियो । सौन्दर्य अनिन्द्य, कहीं कुनै खोट नभएको थियो, विद्याबुद्धि अनुपम थियो । पाञ्चालराजकुमारी, हस्तिनापुरराजबधू थिइन् । पति विश्ववीर पाण्डव थिए । आराध्य, सखा श्रीकृष्णको सर्वोपरि कृपा थियो । गुण र शील आदर्श, अनुकरणीय थिए । यति हुँदा पनि उनमाथि आपत्तिपछि आपत्ति आइररहे । कुरुराज सभामा दुःशासनले चुल्ठयाए, जङ्गलमा जयद्रथले चुल्ठयाए. मत्स्यराजसभामा कीचकले चुल्टचाए,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लात हाने । प्रारब्धको भोग । पहिलो ब्राह्मणपुत्रोजन्ममा उनले पुरूषोत्तममासको हेंला र त्यसका अधिपति पुरूषोत्तमको अपमान विद्याभिमानवश गरेकी थिइन रे । जति महान् महिमा हुन्छ, उतिनै परीक्षाको निम्ति आपत्ति पनि पर्छ । आपत्तिमा खारिएर खरो ठहरिएको व्यक्तित्व नै महान् हुन्छ । द्रौपदीको व्यक्तित्व पनि त्यसरी नै झन्झन् महान् बन्यो ।

महाभारत युद्ध नभई छोडेन । द्रौपदीका बाबु र दाजुभाइहरू जम्मै मरे । प्राण जस्तो प्यारा छोरा अभिमन्यु मरे । लडाइँ जितिसकिएपछि दाजुहरू र छोराहरू पनि सुतेका वेलामा मारिए । द्रोणाचार्यले र उनका छोरा अश्वत्थामाले उनको माइतीकोवंश नासिदिए, उनलाई निःसन्तान पारिदिए । भीमाजनले अश्वत्थामालाई पक्डेर ल्याईदिंदा दयावश भई उनले अश्वात्थामाको दुःख हेर्न सकिनन्; कृपीलाई संझेर आफ्नो पुत्रशोक विसिन् । अनेक अनुनयविनय साथ अश्वत्थामालाई केवल उनको शिरमा रहेको नरमणि लिने दण्ड गरेर छुटाइन् ।

महारानी कृष्णा अत्यन्त भक्तिमती थिइन् । श्रीकृष्णमा उनको अनन्य अनुराग थियो । नाताबाट श्रीकृष्ण द्रौपदीका मामादेवर मामाजेठाजु होइबक्सिन्थ्यो । तर कृष्णजी कृष्णालाई आफ्नो अनन्य मित्र मानिबक्सन्थ्यो । द्रौपदीका निमित्त श्रीकृष्ण रजस्वला नारीको सारी बनिबक्स्यो; बासी जूठोसाग कृष्णले ज्यूनार भो । वास्तवमा कृष्ण र कृष्णामा कुनै भेदै थिएन । महाभारतमा चार कृष्ण छन्– कृष्ण द्वैपायन व्यास, कृष्ण पाण्डव अर्जुन, कृष्णा पाञ्चाली द्रौपदी, कृष्ण वासुदेव श्रीकृष्ण । यिनमा कुनै भेद छैन, एकै चार हुन्, चारै एक हुन् । संजय, लडाइँ नहोस् भन्ने अशय लिएर, धृतराष्ट्रको दूतबनी उपप्लव्यमा पाण्डवकहाँ गएका थिए । कृष्ण र अर्जुनलाइ धृतराष्ट्र सन्देश सुनाउनभनी संजय अर्जुनको खोपीमा गए । श्रीकृष्णा श्रीकृष्णका सत्यभामा आदि रानीहरू, अर्जुन, कृष्ण द्रौपदी सबै यौटै खोपीमा होइबक्सिन्थ्यो । संजय विश्वासका आफ्ना मानिस । श्रीकृष्ण अर्जुन पल्टिरहि बक्सिएको, श्रीकृष्णको चरण अर्जुनको काखमा थियो, अर्जुनको चरण द्रौपदीको र सत्यभामाका काखमा थिए । कृष्ण, कृष्णा र अर्जुनमा कुनै भेदै थिएन । तीनको शरीर मात्र भिन्न थिए, मन, चित्त, बुद्धि आत्मा एकै थियो । कृष्ण कृष्णाको खोपीमा एकान्त गरेर निःसङ्कोच बसिरहिबक्सिन्थ्यो त्यसरी बस्दा जस्तो आनन्द श्रीकृष्णलाई कहिल्यै कहीं हुन्नथ्यो । सत्यभामाहरूले पछिपछि द्रौपदीको सर्वथा शुद्ध, कन्चन चरित्रमा श्रीकृष्णको मात्र भक्तिमय अनुराग भएको राम्ररी बुझे; पाण्डवहरूले पहिले देखि नै बुझेका थिए । कृष्णा द्रौपदीको षोडश शृङ्गार अरूबाट पूर्ण हुन्नथ्यो, कृष्णबाट हुन्थ्यो । युद्धविजय पछिको अश्वमेधयज्ञको लागि श्यामकर्ण घोडा उपहार लिएर अयोध्याधिपति युवनाश्व महारानी समेत अनेक परिचर तथा परिचारिका लिई आउँदा भीमसेन तयारीका लागि पहिले बाटै खबर गर्न हस्तिनापुर आए । "कृष्ण खै, कृष्ण खै,द्रौपदीको सिंगार गर्नुपर्‍यो अयोध्याका महाराजको सवारी भइरहेछ महारानी समेत । कृष्ण नभई द्रौपदीको पूर्ण शृङ्गार कसले गर्छ कसरी हुन्छ" भदै भीमसेनले श्रीकृष्णलाई खोजे । युधिष्ठिरहरू पनि श्रीकृष्णलाई खोज्न थाले । कृष्ण कृष्णाकै एकान्त खोपीभित्र होइबक्सिन्छ भन्ने खबर मिल्यो । कृष्णबाट षोडश शृङ्गार पाएकी कृष्णा बडामहारानीको टाँटमा निस्किन् । अश्वमेध यज्ञ समारोहमा पनि श्रीकृष्णबाटै सिंगारिएर बडामहारानीको आसनमा द्रौपदी बसिन् । द्रौपदीका गुण, सच्चरित्र र भक्तिको महिमा गाएर गाउनै सकिन्न । उनको नारी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चरित्रले आर्यसनातन संस्कृतिको गौरव बढेको छ, पवित्रता बढेको छ। महाभारत युद्ध विजय गरे-पछि कहीं आज्ञा नरोकिने, निष्कण्टक एकच्छत्र साम्राज्यको भोग गरी समुद्रमेखला सप्तद्वीपवती वसुमती पृथिवीको छत्तीस बर्षसम्म परिपालन गरेर पाण्डवहरू महाप्रस्थान जाँदा महारानी द्रौपदी पनि साथमा गइन्, पवित्र हिमराशिमा सबभन्दा पहिले भौतिक शरीरको उनले विसर्जन गरिन्। द्रौपदीको महिमामय चरित्र आर्यनारीचरित्रको इतिहासमा अग्रगण्य रहेको छ।

द्रौपदेय १/६ द्रौपदेय द्रौपदीका छोराहरू हुन्। प्रत्येक पाण्डवबाट एकेक छोरा द्रौपदीले जन्माएकी थिइन्। युधिष्ठिरबाट प्रतिबिन्ध्य, भीमसेनबाट सुतसोम, अर्जुनबाट श्रुतकर्मा, नकुलबाट शतानीक र सहदेवबाट श्रुतसेन जन्मेका थिए। उनीहरूको उमेरमा एकएक वर्ष फरक थियो। अभिमन्यु प्रतिबिन्ध्यभन्दा पनि पहिले जन्मेका थिए। अभिमन्यु महाभारत युद्ध हुँदा सोह्रबर्षका थिए, यसो हुँदा प्रतिबिन्ध्य पनि सोह्रबर्ष भन्दा बढी थिएनन्। यस हिसाबले श्रुतसेनको उमेर महाभारत युद्धमा बाह्रबर्ष, शतानीकको तेह्रबर्ष, श्रुतकर्माको चौध बर्ष, सुतसोमको पन्ध्र बर्ष थियो। यस्तो कलिलो उमेरमा पनि उनीहरूले महाभारत युद्धमा ठूलो पुरूषार्थ देखाए, पराक्रम गरे। महाभारत युद्धमा तिनीहरूलाई कसैले मार्न सकेको थिएन। लडाइँ सकिइसकेपछि अश्वत्थामाले लुकेर राती छाउनीमा पसी उनीहरूलाई सुतिरहेको वेलामा मारे। त्यसैले अश्वत्थामालाई अधर्मी बालघाती भनी सँधै एक्लै रहनुपर्ने, दुःख भोगिरहनु पर्ने दण्ड श्रीकृष्णले र व्यासले दिइबक्सेको थियो।

धृतराष्ट्र १/१ धृतराष्ट्र महाराज विचित्रवीर्यका जेठा क्षेत्रज पुत्र हुन्। उनकी आमाको नाम अम्बिका हो, उनी जन्मेदेखि नै अन्धा थिए। गान्धार देशका राजाकी छोरीले शिवजीलाई तपस्याबाट प्रसन्न तुल्याएर एक सय छोरा पाउने वरदान कन्या अवस्थामा नै पाएकी थिइन्। त्यसैले भीष्मले तिनीसँग धृतराष्ट्रको बिहाको कुरा चलाए। अन्धो संग बिहे हुने कुरो थाहा पाएपछि गान्धारीले पतिप्रति कुनै दोषदृष्टि, असूया नउठोस् भन्ने हेतुले आँखामा केही नदेखिने गरी पट्टी बाधेकी थिइन त्यसो हुनाले धृतराष्ट्रदम्पती दुवै आँखा देख्दैनथे।

धर्मशास्त्र अनुसार अन्धोलाई राज्यको अधिकार हुँदैन। त्यसैले उमेर पुगेपछि पनि धृतराष्ट्रलाई गद्दीमा राखिएन। पाण्डु पनि पाण्डु रोगी थिए। तैपनि धृतराष्ट्रलाई राजा बनाउनै नहुने भएकोले पाण्डुलाई नै अभिषेक गरेर राजा बनाएका थिए। पाण्डु रानीहरूलाई साथ लिएर वनमा बसे पनि उनले राजगद्दी छोडेको देखिदैन। छोरो पनि पाण्डुको नै पहिले जन्म्यो। धृतराष्ट्रको जेठो छोरो दुर्योधन जन्मनुभन्दा एक वर्ष पहिले नै युधिष्ठिर वनमा जन्मिसकेका थिए। बाबु राजा भएको कारणबाट पनि, छोरोको ज्येष्ठताको क्रमबाट पनि राज्यको उत्तराधिकार पाण्डु बाँचेकै वेलामा नै युधिष्ठिरको नियमतः भइसकेको थियो। दुर्योधन जन्मँदा पाण्डु बाँचेकै बेला स्वयं धृतराष्ट्रले मान्यजन, विद्वज्जन एवं राजगणको सभामा भनेका थिए–युवराज हुने युधिष्ठिर हुन्, यो (दुर्योधन) हैन, जन्मँदा नै गधा जस्तो करायो, कुलक्षय गर्ने अरू अलच्छिनहरू पनि भए, के गर्ने ?"। कुलको निम्ति यौटा छोरोलाइ पर्याकिनै दिनुपर्ने सल्लाह सबैले दिए। तर धृतराष्ट्रले त्यसो गरेनन्। आफ्ले चाहेजस्तो सल्लाह अरूले दिउन् भन्ठान्ने, त्यसो नभएमा आफूलाई मन परे जस्तो गर्ने नराम्रो बानी धृतराष्ट्रको थियो। उनी शङ्की र आफूलाई मन नपर्ने सल्लाह उचित भए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि नलिने भएकोले कुलमा कचिङ्गल उठेको र कुलको मात्र नभई अनेक राजकुलको र असंख्य धनजनको संहार भएको थियो ।

समय सँगसँगै उनको मनमा स्वतः पाप र लोभ बढ्दै आए । दुर्योधन ठूला हुँदै आए । उनले परिस्थिति बुझ्दै आए, पाण्डव रहेसम्म उनको राज्यमा अधिकार नहुने उनले देखे । पाण्डवमाथि, प्रत्यक्ष तथा अप्रत्यक्ष बधबन्धनादिको प्रयोग हुन थाल्यो । धृतराष्ट्रले मौन समर्थन गर्दै दुर्योधनको पापी आँटलाई बढिरहन दिए । धृतराष्ट्रलाई भीष्म द्रोण, वाल्हीक सोमदत्त, आदिको दहसत थियो । बज्यै सत्यवती, आमा अम्बिका र कान्छी सौतेनी आमा अम्बालिका (पाण्डवहरूकी बज्यै) पाण्डवहरूलाई हस्तिनापुर ल्याएपछि वन गैसकेका थिए । विदुर दुर्योधनको बदमासीको सँधै प्रत्यक्ष निन्दा गर्थे । सबभन्दा ठूलो कुरो, दुनियाँ पाण्डुको गुन मान्थ्यो । युधिष्ठिर र उनका भाइहरूलाई दुनियाँले सज्जन, योग्य ठानेको थियो । युधिष्ठिर समर्थ भैसकेका थिए । अर्जुनले द्रुपदविजय गरेर आफ्नो सामर्थ्यको चमत्कार देखाइसकेका थिए । पाण्डुले पनि विजय गर्न नसकेको यवन 'विपुल' लाइ पनि अर्जुनले जितेर पाण्डवको राज्य अडाउने र बढाउने पौरखको पहिचान सबैलाई भैसकेको थियो । यी कुराहरूबाट दुनियाँ जति खुशी भएको थियो, धृतराष्ट्र उति नै मनमनै पिल्सिएका थिए । दुनियाँमा युधिष्ठिरलाई युवराज बनाएर अधिकार दिन ढीलो गरेको भन्ने कुरा चल्न लाग्यो । 'पहिले पनि धृतराष्ट्र अन्धा भएर अयोग्य ठहरिएकाले राजा नभएका, पाण्डु राजा भएका हुन् । धृतराष्ट्र राजा हुने कुरै भएन । युधिष्ठिर पाण्डुकै छोरा, सबै भाइमा जेठा र गुणले समेत योग्य भएकाले युधिष्ठिर नै राजा हुनुपर्छ, हुन्छन्, भन्ने चर्चा मुलुकमा यत्रतत्र खुल्लम खुल्ला हुन थाल्यो । धृतराष्ट्रले युधिष्ठिरलाई पाण्डवहरूले द्रुपद विजय गरेको वर्षको अन्त्यतिर युवराज पदमा स्थापना गरे । तर भित्रभित्र कुनियत पनि गर्दै रहे । युधिष्ठिर युवराज भएपछि पाण्डवले दिग्विजय गरेर विपुल धनराशि हस्तिनापुरमा ल्याए, धृतराष्ट्रलाई बुझाए । बाहिर धृतराष्ट्रले हर्ष मनाए, भित्र एकान्तमा कणिक भन्ने कपटनीतिविशारद मन्त्रीसँग गुप्त सल्लाह गरे । सहज शत्रुलाई प्रच्छन्न (नथाहा पाइने) उपायबाट बधबन्धन गराउने नीतिको ब्याख्या भो । पाण्डवलाई प्रच्छन्न उपायबाट मार्न लाउने, मरेपछि ठूलो शोक मनाउने सल्लाह भो ।

धृतराष्ट्रले पाण्डवहरूसँग वारणावत भन्ने गाउँको गुण गाउँदै लग्ने; त्यहाँ लाहा, घ्य , तेल, मैन, काठको धुलो आदि प्रशस्त हालेर घर बनाउने बन्दोबस्त मिलाए । विदुरले यो सबै कुरा बुझेका थिए; पाण्डवहरूलाई उनले सबै कुरा सिकाए, भाग्ने उपाय साधन र सहायक सबै गुप्त रूपमा मिलाइदिए । धृतराष्ट्रले पाण्डवलाई वारणावतको लाक्षागृहमा पठाए, सो घरमा आगलागी भएर पाँच पुरुष र एक नारी त्यसमा मरे , धृतराष्ट्रले कुन्ती र पाण्डव मरेको भनी देशभरी ठूलो शोक मनाए, उनीहरूको काज किरियाहरू गरेर मनमनै मुटुका काँढा नै गएको अनुभव गरे । पाञ्चालमा पाण्डवहरू प्रकट भएपछि पाण्डवहरूमाथि हमला गर्ने भन्ने दुर्योधनहरूको कुरोलाई अन्तर्विरोध र बहिर्विरोधको खतरा छ भनेर धृतराष्ट्रले रोके । धृतराष्ट्र अत्यन्त बुद्धिमान कपटनीतिज्ञ थिए । उनी साधु बिरालो थिए । छलकपटनीतिको प्रयोगमा उनी उस्ताद थिए । पाण्डवलाई आफ्नै राज्यमा ल्याएर आफ्नै दृष्टि र पञ्जामा राख्नुपर्छ, देशभित्र ल्याउँदा पनि उनीहरूलाई देश बन्धन गर्न सकिन्छ भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्ती उनले दुर्योधनलाई दिए। विदुरलाई लिन पठाएर पाण्डवलाई हस्तिनापुर ल्याए। आधाराज्य दिने बहाना देखाई पाण्डवलाई गुप्तबध गर्ने अभिप्राय लिएर उनलें औल्याहा, खाण्डव प्रस्थ नामक जङ्गली प्रदेश, एक किसिमका काला पानीमा पठाए। पाण्डवहरूलाई जुवा खेलाएर उनैले सर्वस्व लुटे, दास बनाए। द्रौपदीले निसाफ माग्दा सभासद्ले दुर्योधनको पक्षमा नबोलेकोबाट धृष्तराष्ट्र डराए, त्यसैले उनीहरूको दासत्व छुटाए, सर्वस्व पनि फिर्ता दिए। तत्कालै अर्को जुवा खेलाएर पाण्डवलाई बाह्र वर्ष वनबास र एक वर्ष गुप्तवासको निम्ति धृतराष्ट्रले धपाए, राजपाट श्रीसम्पत्ति जम्मै लुटे।

धृतराष्ट्र अत्यन्त पेटाहा थिए, अरूसँग सोधिरहन्थे, आफ्नो भित्रको कुरो प्रकट गर्दैनथे। उनी पापी, कातर थिए; छलकपटबाट आफ्नो दाउ पार्न खोजिरहन्थे। उनी युद्ध रूचाउन्नथे, शान्तिप्रिय भएर धर्मात्मा भएर हैन, डर मानेर, हार्ने विकल्प पनि मान्नु पर्ने भएर। युद्ध पक्क हुने-भएपछि आफ्नो छोरोलाई युद्धबाट रोक्ने प्रयास नगरीकन उनले युधिष्ठिरलाई युद्धबाट रोक्ने अति कुटनीतिक प्रयास गरे। उनले युधिष्ठिर कहाँ सञ्जयलाई पठाए। युधिष्ठिरलाई फुर्क्याएर, बहकाएर, भड्काएर, युद्ध रोक्न खोजे। उनी जस्तो धर्मज्ञ धर्मप्रियले बन्धुबान्धवको रगत बगाएर, हत्या गरेर विजय गर्नुभन्दा जोगी भएर हिंड्नु, भिक्षा मागेर खानु वरत्रको र परत्रको निम्ति बेस हो, कल्याणकारक हो भन्ने सन्देशरूपी विष प्रयोग सञ्जयमार्फत धृतराष्ट्रले गरेका थिए। कति झूठ, कति कपट, कस्तो विडम्बना। आफू अन्याय अधर्म गरिरहने, अन्याय र अधर्ममा पर्नेले विरोध छोडेर शान्तिको मार्गमा हिंडिरहनु पर्ने रे!

धृतराष्ट्र बहुश्रुत थिए। उनी ज्ञान गुनका काम चाहिं गर्दैनथे, सोधि चाहिं रहन्थे। विदुरले सँधै विधाबुद्धिका कुरा सुनाइरहन्थे, व्यासदेवले उपदेश बराबर दिनुहुन्थ्यो। भीष्म पितामहबाट उनी शिक्षा पाइरहन्थे। ठूला ठूला विद्वान्हरू उनी कहाँ आइहरन्थे। विदुरले प्रार्थना गरेर समत्सुजातबाट उनको दरबारमा नै रातभरी बेदान्तको उपदेश धृतराष्ट्रलाई सुनाए। श्रीकृष्णले अर्जुनलाई उपदेश गरिबक्सेको श्रीमद्भगवद्गीता दोस्रो पटक सुन्ने उनी थिए। विदुर जस्ता भाइ र गान्धारी जस्ती पत्नी पाउनु उनको ठूलो भाग्य थियो। गान्धारीसँधै दुर्योधनलाई शान्तिको र धर्मको शिक्षा दिइरहन्थिन्। छोरो दुर्योधनले बराबर अठ्ठाह्र दिनसम्म लगातार विजयको र कल्याणको आशीर्वाद माग्दा पनि गान्धारीले उनलाई त्यस्तो आशीर्वाद दिइनन्, हरेक पटक 'धर्म गरे जय हुन्छ। मूर्ख धर्म गर्, तँ अधर्म गर्छस् म जय होस् कसरी भनौं' भनेकी थिइन्। महाभारतयुद्धमा धृतराष्ट्रका सय ओटै छोराहरू मरे। वैश्यापुत्र युयुत्सु यौटा मात्र यिनको कूल तन्तु बाँकी रहे, उता छोरी दुःशलाका सन्तान जीवित रहेका थिए।

महाभारत युद्ध सकियो, ठूलो विनाश भो। अन्धा, बूढा धृतराष्ट्रले अझै पनि भीमसेनलाई मार्ने कुनियतले भीमसेनलाई प्रेम देखाएर अँगालो हाल्न खोजे। धृतराष्ट्र भिमसेनभन्दा बलिया थिए। श्रीकृष्ण उनका प्रत्येक कुरामा शङ्का गरिबक्सिन्थ्यो। गदायुद्धको अभ्यासको निमित्त दुर्योधनले बनाइराखेको बडेमानको फलामे भीमसेनलाई उनको अँगालोमा श्रीकृष्णले हालिदिइबक्स्यो। कपटबधबन्धन गर्न सिपालु धृतराष्ट्रले अँगालोमा बेसरी कसेर 'अब त खाइस्' भन्दै फलामे भीम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सैनलाई चूर्ण पारेर पयाँके; आफू बढी बल परेकोले रगत छादेर पछारिए। पछि उनलाई थाहा भयो– उनको प्रयोग फलामे भीमसेनमा परेछ। पाण्डवहरू उनको कपटी बध बन्धन प्रयोगबाट बाँचिरहनमा विदुरको र श्रीकृष्णको बुद्धि प्रमुख कारण थियो।

महाभारत युद्ध सकिएपछि धृतराष्ट्र पाण्डवहरूको संरक्षण संभरणमा पन्ध्र बर्षसम्म रहे। स्य पुत्रको शोक, उनलाई सँधै पीर थियो। युधिष्ठिरले जति बाबु जस्तो माने पनि, भीमसेनले दिएको अन्न खानुपर्दा उनलाई भित्र दुःखै भइरहन्थ्यो। उनी पाण्डवका घरमा प्रशस्त सुखसाधन पाए पनि सोखसँग बसेनन्; तपस्वी जीवन नै उनले जिएका थिए। विदुरले उनलाई ज्ञानगुनका उपदेश दिइरहन्थे; गान्धारी सान्त्वना दिइरहन्थिन्। उनलाई वैराग्य ज्यादा भो, गान्धारीलाई लिएर विदुरका साथमा वन जान युधिष्ठिरको अनुमति लिए। उनीसँगै पैसा मागेर आफ्ना छोराहरूको सद्गतिका निमित्त पुण्य कर्महरू गरेर उनी गान्धारीका साथमा विदुरको पछि लागेर वन गए। कुन्ती पनि आफ्ना सासूससुरा समान जेठानी जेठाजुको सेवा शुश्रूषा गरी तपस्वी जीवन बिताउन उनीहरूकै पछि लागिन्। उनीहरूले तपोवनमा गएर वानप्रस्थ आश्रमवासी जीवन बिताउन थाले। वर्ष दिन पछि हस्तिनापुरबाट युधिष्ठिरहरू सबै जनानाहरूसमेत साथमा लिएर भेट्न आश्रममा गए। व्यास पनि आउनुभो। धृतराष्ट्रले पुत्रहरूको शोक गरिरहेको कुरो गान्धारीले व्यासदेवसँग बिन्ति गरिन्। व्यासले धृतराष्ट्रलाई दिव्य दृष्टि दिनुभो, आफ्नो तपोबलका प्रभावबाट युद्धमा मरेका आफन्त वीरहरूको आवाहन गरेर गङ्गाजीबाट प्रकट गराउनुभो। बाँचेका बाबु आमा, स्वास्नी छोरा छोरी दाजभाइहरूले मरेका आफन्तलाई भेटे। रातभरी त्यो आश्रममा मरेको र बाँचेकाको मनोरम समागम भो। बेहान हुने वेलामा व्यासदेवले आफ्ना पतिसँग जान खोज्नेहरूलाई गङ्गामा डुबुल्की लाउन आज्ञा भो। सबै जसो युद्धमा पति मरेर विधवा भएका स्त्रीहरू पतिकै साथमा पति लोकमा नै गए। अब धृतराष्ट्रको शोक वेग कम भो। विदुरले युधिष्ठिरमा आफ्नो तेज प्रवेश गराएर शरीर योगधारणाबाट छोडे, योगाग्निबाटै शरीर भस्म भो। युधिष्ठिरहरू फर्के। संजय र धृतराष्ट्र गान्धारी र कुन्ती आश्रममा नै रहे।

धृतराष्ट्र कठोर तपः साधनामा लागे, गान्धारी र कुन्तीले पनि उनकै साथमा तपस्या गर्न थाले। अन्धा दम्पतीका आँखा संजय र कुन्ती थिए। कुन्ती जेठाजु जेठानीको निश्छल सेवा शुश्रुषाका साथै कठोर तपः साधनामा रहिन्। कृष्ण भगवान्‌की फुफू, युधिष्ठिरहरूकी माता सारा ज्ञानगुन छँदै थिए। जीवनका अघिल्ला कुराहरू जम्मै विसिसकेकी थिइन्, केवल सेवा र तपस्या उनको जीवनचर्या थियो। धृतराष्ट्रले अग्निहरू पनि विसर्जित गरेर यात्राकहरूको जिम्मा लगाइदिए। जङ्गलमा संजयले धृतराष्ट्रलाई, कुन्तीले गान्धारीलाई नदीस्नान गराई डोऱ्याएर ल्याउँदै थिए। धृतराष्ट्रले छोडेको अग्निहोत्रको अग्नि ब्राह्मणले जङ्गलमा सेलाएका थिए, त्यही अग्निबाट डढेलो लाग्यो। भाग्ने अवसर पनि थिएन, आवश्यकता र मोह पनि थिएन। धृतराष्ट्रले संजयलाई 'तिमी भाग्न सक्छौ भाग' भने भईना पलैंटी कसेर समाधिमा उनी बसे, गान्धारी उनकै साथमा कुन्ती गान्धारीका साथमा समाधिमा बसे। उनीहरूको आत्मा परमात्मा मिल्यो; चारैतिर डढेलोको ज्वालाले कौरवपाण्डवका सृष्टिकर्ता बाबु आमाका भौतिक पिण्डलाई निलेर भस्म बनाए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्युँदो यथार्थ र आदर्श इतिहास र पुराण बन्यो ।

धृष्टकेतु १।५ धृष्टकेतु चेदि देशका राजा हुन् । उनकी बज्यै श्रीकृष्णकी फूफू, कुन्तीकी दिदी हुन् । धृष्टकेतुका बाबु शिशुपालले जनमभरी श्रीकृष्णसंग दुश्मनी गरे । जहिले सुकै, जता सुकै श्रीकृष्णको बदनाम उनी गर्थे । फूफूले श्रीकृष्णसंग छोरोले गरेको अपराधको निम्ति क्षमा माग्दा सय पटक सम्म सहने वचन श्रीकृष्णबाट बक्सेको थियो । युधिष्ठिरको राजसूय सभामा श्रीकृष्णको अग्रपुजा हुँदा सभासद्हरूलाई, युधिष्ठिरलाई, प्रस्ताव गर्ने सहदेवलाई, समर्थन गर्ने भीष्मलाई अनेक गाली गर्दै श्रीकृष्णलाई धूमधाम गाली गरे शिशुपालले आपना पक्षका राजा हुन समेत मिलेर युद्ध गर्न उनी तयार भए । गाली सय भन्दा पनि धेरै अति भएकोले श्रीकृष्णले शिशुपालको त्यही यज्ञसभामा संहार गरि बक्स्यो । बाबु मरे पछि उनका छोरा धृष्टकेतु राजा भए । उनले बाबुको कृष्णद्रोही प्रवृतिको अनुसरण नगरी श्रीकृष्ण पक्षसँग र पाण्डव पक्षसँग मेल गरे । त्यसैले धृष्टकेतु एक अक्षौहिणी सेनाका साथ पाण्डव पक्षमा आए । वीरता पूर्वक युद्ध गर्दा गर्दै द्रोणबाट उनले वीरगति प्राप्त गरे । सातमध्ये एक सेनापति भएका उनी मर्दा पाण्डवले ठूलो शोक गरे ।

धृष्ट द्युम्न १।३ धृष्ट द्युम्न राजा द्रुपदको यज्ञ कुण्डबाट पैदा भएका पुत्र हुन् । द्रोणाचार्यले आफूलाई गरेको वेइज्जतीको बदला लिनको निम्ति द्रोणाचार्यको बध गर्न सक्ने छोरो पाउने उद्देश्य लिएर द्रुपदले यज्ञ गरेका थिए । त्यही कर्मसिद्धिको रूपमा उनी अग्नि बलिरहेको यज्ञ वेदीबाट प्रकट भए, साथमा द्रौपदी थिइन् । शिखण्डी उनका दाजु थिए ।

धृष्ट द्युम्नको शिक्षादीक्षा द्रुपदराजकुलका गुरुपुरोहितबाट भयो । पछि हस्तिनापुरमा आएर द्रोणाचार्यसँग उनकै गुरुकुलमा बसेर उनले शस्त्रास्त्रविद्याको शिक्षा लिए । उनी ज्यादै वीर र धेरै प्रख्यात धनुर्धारी महारथीमा गनिन्थे । महाभारत युद्धमा धृष्ट द्युम्न पाण्डवपक्षका सात सेनापतिहरूमा पनि माथिल्लो तहका मुख्य सेनापति थिए । उनी भन्दा माथिल्लो तहका सेनापति भीम र अर्जुन थिए तापनि पाण्डवपक्षको सम्पूर्ण सात अक्षौहिणी सेनालाई उनी नै हाँक्थे । द्रोणाचार्य मुखेन्जी जुधेर लड्न सक्ने वीर उनी नै थिए । उनलाई अघिल्तिर देखेपछि, आफ्नो कालरूप भएकोले पनि होला, द्रोणाचार्यको पराक्रमको वेग केही घट्थ्यो, उनको प्रचण्डता कम हुन्थ्यो । द्रोणाचार्यलाई मार्ने उनी नै भए ।

द्रोणाचार्यको बधका विषयमा उनको र अर्जुनको बीचमा केही मनाभन पनि भएको थियो । अश्वत्थामाको मरणसमाचारबाट खिन्न भएका द्रोणका हातबाट हतियार खसे । धृष्ट द्युम्नसँग उनको द्वन्द्वयुद्ध चलिरहेको वेला थियो । उनी ढालतरवार लिई उफेर द्रोणको रथमा पुगे । द्रोणले समाधि कसिसकेका थिए । धृष्ट द्युम्नले द्रोणको कपाल समाते । तरबारले हान्न लाग्दा 'नमार नमार' आचार्यलाई जिउँदै त्याऊ' भनेर अर्जुन चिच्याए, तर उनले टाउको काटिसकेका थिए । त्यो कुरा थाहा पाए पछि अश्वत्थामाले धृष्ट द्युम्नलाई र पाण्डवलाई मार्न भयङ्कर युद्ध गरी दिव्यास्त्र प्रहार गर्दा अर्जुनले युधिष्ठिरलाई पनि घोचे, धृष्ट द्युम्नलाई आचार्य घाती भन्ने लाञ्छना लगाए । धृष्ट द्युम्न जङ्गिए 'बहिनीको र भानिजहरूको मुख हेरेर म चुप लाग्छु । यसरी आफू भईमा लत्रेर आफ्नो पिठ्युँमा चढ्न दिने हात्ती जस्तो मलाई जथाभावी नभन्नोस्' भने । निकै दगल फसल भो, सात्यकिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुनको पक्ष लिएर गाली गरे, भीमसेनले र युधिष्ठिरले द्रोणको आफूहरू प्रतिको निष्ठुर व्यवहार देखाएर धृष्ट द्युम्नको पक्ष लिए। पछि श्रीकृष्ण समेतबाट कचिङ्गल शान्त भो।

धृष्ट द्युम्न आपनै पौरखमा अड्न सक्ने वीर हुन्। अश्वत्थामाले पितृघाती भनेर उनलाई मार्ने कोशिश गर्दा पनि अर्जुनको सहानुभूति अश्वत्थामा प्रति पूर्ण रहँदा पनि अश्वत्थामाले युद्धमा उनलाई, उनका दाजु शिखण्डीलाई पनि केही गर्न नसकेकोबाट उनको वीरताको महत्त्व देखिन्छ। महाभारत युद्ध सकिएको राति पाण्डव शिविरमा सुटुक्क पसेर सुतिरहेका पाण्डव पक्षका वीरहरूलाई अति अधर्मसँग मार्दा अश्वत्थामाको अतिजघन्य कर्मको पहिलो शिकार धृष्ट द्युम्न नै भएका थिए। अर्जुनको विचार अनुसार धृष्ट द्युम्नले द्रोणाचार्यलाई मार्न नहुने, जिउँदै समातेर पाण्डव तर्फ ल्याउनु पर्ने थियो। तर त्यसो गरेको भए, महाभारत युद्धको स्वरूप अर्कै पनि हुन सक्ने थियो। अर्को कुरो, धृष्टद्युम्नले लुकेर, राति थाहा नदिएर, सुतिरहेको बेलामा, कसैले थाहा नपाउने गरी हैन, देखादेखी करोडौं युद्धवीरहरूले देख्ने गरी हाकाहाकी आफैसँग युद्ध गरिरहेको बेलामा कर्ण, कृप, अश्वत्थामा, शल्य दुर्योधन दुशासन आदि अनेकौं विपक्षी महारथीहरूले हातहतियार समेत लिएर द्रोणको रक्षा गरी बसेको बेलामा द्रोणाचार्यलाई मारे। तर अश्वत्थामाले त्यस्तो निन्दित ढङ्गसँग धृष्टद्युम्नको हत्या गरे। धृष्टद्युम्न आपनै वीरताबाट इतिहासमा चम्किएका छन्, अश्वत्थामा आपनै कुकर्मबाट गह्रुङ्गिएका छन्।

नकुल १/१६ नकुल माद्रीका जुम्ल्याहामा जेठा, पाण्डुका काहिला छोरा हुन्। कुन्तीको विद्याको प्रभावबाट देववैद्य अश्विनी कुमार मध्ये जेठा नासत्यको अंशबाट उनको जन्म भएको थियो। उनी बहुत सुन्दर थिए। उनलाई औषध विद्याको ज्ञाता मानिएको छ र रोगनाशक पाँच मध्ये नकुलको पनि गणना हुन्छ। उनी शालिहोत्री थिए। अश्वविद्यामा उनको ज्ञान बेजोडको थियो। मत्स्यदेशमा गुप्तवासको समयमा उनी तन्तिपाल भन्ने गुप्त नामले विराटको दरबारमा अश्वशाला नायक बनेर बसेका थिए। उनी बडा शुर वीर थिए, खास गरेर ढाल तरवार चलाउनमा उनी पोख्त थिए। चेदि देशराजकुमारी करेणुमतीसँग पनि उनको विवाह भएको थियो। द्रौपदीबाट शतानीक भन्ने र करेणुमतीबाट निरमित्र भन्ने उनका छोरा थिए। महाप्रस्थान जाँदा हिम प्रपातमा परेर उनको शरीर छुट्यो।

नारद देवर्षि १०।१३ नारद आर्य संस्कृतिका अत्यन्त प्रसिद्ध ऋषि हुन्। सामान्यतः नारदका तीन कथा प्रसिद्ध छन्। एक जन्ममा उनी संगीत कला कुशल उपबर्हण नामका गन्धर्व थिए। उनलाई संगीत कलामा बेस ज्ञान थियो। त्यो ज्ञान गर्वले उनी सारै फुलेका थिए, अरूलाई तृण बराबर गर्थे। ब्रह्म सभामा त्यस्तै किसिमको गर्व गरेका हुनाले उनको उद्धारको लागि पितामहले शूद्र भए भनी सराप दिनु भो। उनी दासी पुत्र भएर जन्मे। बाबु थिएनन्, आमा ब्राह्मण गृहमा काम गर्थिन्। ब्राह्मणका घरमा सज्जन ब्राह्मणहरू आइरहन्थे, आमा तिनको सेवा टहल गर्थिन्, जूठो माझ्थिन्। पाँच वर्षको बालक छोरो पनि उनकै साथमा हुन्थे; ब्राह्मणहरूको जूठो खान्थे, नजीकै बस्थे, कुराकानी सुन्थे, भजन कीर्तन गर्थे। बालकको स्वभाव बेस भएकोले ब्राह्मणहरू प्यारो गर्थे। एक पटक एकथरी बाजेहरू वर्षावास गर्न त्यो घरमा आए। ती बालकले सधैं ती भवतहरूकै साथमा रहने गरे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तिनीहरूको भक्तिको प्रभावबाट बालकमा भगवान प्रति भित्रैदेखि भक्ति जाग्रत भो। दैवसंयोग, आमालाई राती गाई दुहेर फर्कदा बाटामा कालसर्पले डसेर मारिदियो। ब्राम्हणहरू गइसकेका थिए। बालक पनि भक्ति विव्हल भई जङ्गलतिर लागे। एकान्त जङ्गलमा रूखमुनि ध्यान गर्दा गर्दै आफ्नै हृदयमा विश्व सुन्दर भगवानको दर्शन भो। त्यो जन्मको बाँकी जीवन भगवद् भजनमा नै बित्यो। त्यो शरीर छुटेपछि भक्तिका प्रभावले नारद ब्रम्हाजीको मानस पुत्रको रूपमा प्रकट भए। नारद देवर्षि भनेपछि ब्रम्हाजीका मानसपुत्र नारद भन्ने बुझिन्छ।

एक दिन नारद पर्वत ऋषिका साथ अयोध्यामा पुगे। त्यहाँका राजा अम्बरीषकी रूपशील-सौन्दर्यवती श्रीमती नामक कन्या थिइन्। उनीसंग दुवै ऋषि आकृष्ट भए। नारद पर्वत दुवैले विवाहको निम्ति छोरी माग्दा ब्राम्हण भक्त राजाले छोरीले जसलाई रोज्छिन्, उनैलाई दिने वचन दिए। दुवैको मनमा अर्कोलाई नरोजून् भन्ने भाव उठ्यो। दुवै आफ्फै वैकुण्ठ पुगे। नारदले पर्वतलाई पर्वतले नारदलाई राज कन्याले हेर्दा वानरमुख देखाइ दिने छुट्टाछुट्टै सुटुक्क प्रार्थना गरे। भगवानले हुन्छ आज्ञा भो। स्वयंवरको दिन राजकन्याले दुवैलाई वानरमुख देखिन्, पितालाई त्यसै भनेर कसैलाई पनि माला लगाइ दिइनन्। राजकन्या लक्ष्मीको अंश थिइन्, उनले दुइ ऋषिको बीचमा भगवानलाई वरमाला मालिरहेको देखिन्, अरूले देख्दैनथे। माला उनले भगवान्लाई पहिराइन् र अलप भइन्। कहाँ गइन्, त्यहाँका कसैलाई थाहा भएन। पर्वत र नारद दुवैले दिक्क र छक्क भई बैकुण्ठ पुगेर फिराद गरे। भगवान्ले रहस्य खोली दिइबक्स्यो। नारद अवाक् भए, भाग्यले उनी गृहस्थी बन्धनमा परेनन्।

नारद वीणा राम्रो बजाउँथे। भगवान्का गुण बाहेक नभन्ने नसुन्ने भक्तहरूको सम्मानमा बैकुण्ठमा ठूलो जलसा थियो। जगज्जननी लक्ष्मीको कोटि स्त्री परिचरका साथ सभामा सवारी भो। लक्ष्मीका गणनायिकाहरूले लक्ष्मीको आगमनमा ठाउँ होलो बनाउन देवताहरूलाई र ऋषि मुनिहरूलाई परपर पन्छाउँदा नारदजी पनि पन्छाइए। तुम्बुरूले सभामा संगीत सुनाए। तुम्बुरूको अगाडि आफ्नो तिरस्कार भएको भान नारदलाई पऱ्यो, क्रोधको वेगले अभिमान फुट्यो। नारदले श्रीलक्ष्मी-राक्षसीको कोखबाट जन्मिनु पर्ने र राक्षसीले पनि जन्मने विरि कै पर्याकि दिने सराप दिए। श्रीलक्ष्मी माताले कामको निमित्त विना विकार सराप सकार्नुभो। सीताको जन्ममा सरापलाई सत्य बनाउनु भो। नारदले भगवानसंग आफ्नो संगीत ज्ञानको तिरस्कार भएको गुनासो गरे। भगवान् मुस्काइबक्स्यो, हिमालयमा बस्ने गानबन्धुसंग संगीतको निम्ति कुरा गर्ने सल्लाह नारदलाई भगवान्बाट बक्स्यो।

हिमालमा गानबन्धु भन्ने उलूक रहेछन, हजारौं चेला चपेटाहरू उनीसंग संगीत शिक्षा लिंदा रहेछन्। नारदलें त्यहाँ हजार वर्षसम्म विधिपूर्वक संगीत शिक्षा लिएर फर्के पछि एकदिन उनी तुम्बुरूका घर गए। तुम्बुरूका घरका वरपर हजारौं अत्यन्त सुन्दर नरनारीहरू थिए। कोही पनि पूर्णाङ्ग थिएन। सबैको कुनै न कुनै अङ्ग भङ्ग भएको थियो। नारदले सोधे। नारदले गाउँदा अङ्ग भङ्ग भएका रागरागिनीहरू तुम्बुरूको गानबाट भङ्ग भएका अङ्ग सद्दे हुने आज्ञा लिएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यहाँ बसिरहेका भन्ने थाहा पाएपछि नारदले आफूलाई साँचैको अनाडि भन्ने आफैंले ठहऱ्याए । नारद श्वेतद्वीपमा भगवान् कहाँ पुगे । कृष्णावतार नभएसम्म देवगन्धर्वहरूसंग यथान्याय सिक्ने गर्नु कृष्णावतार हुँदा सम्झाउनु भनी भगवानबाट आज्ञा भो । धेरै लामो समयपछि कसले नदेखिने गरी तुम्बुरूका घर गए, अघि अपाङ्ग देखिएका राजरागिनीहरू सबै पूर्णाङ्ग बनेर तुम्बुरूका भवन वरिपरि बसिरहेको देखी नारद लज्जित भए । कृष्णावतार भएपछि श्रीकृष्णको आज्ञा अनुसार जाम्बवतीले वर्ष दिन, सत्यभामाले वर्ष दिन, रूक्मिणीले दुई वर्ष, श्री कृष्ण स्वयंले एकवर्ष नारदलाई संगीत सिकाइ बक्स्यो । त्यसपछि गोलोकमा श्री राधिकासंग संगीत पढेपछि नारदको चित्त शुद्ध भो, द्वेष अभिमान हरायो, तुम्बुरूका साथमा बसेर पनि गाउने योग्यता नारदलाई प्राप्त भयो ।

कुनै एक समय नारदजी तपस्या गर्न बसे । धेरै समय बित्यो, उनको तपस्या चलिरह्यो । उनको तपस्याको लक्ष्य देवताहरूलाई थाहा भएन । इन्द्रले उनलाई तपस्याबाट विचलित बनाई सामान्य जीवनमा ल्याउन चाहेर कामदेवलाई पठाए । कामदेवको सहायताको निमित्त अप्सराहरू पनि साथमा गए । नारदले तपस्या गरिरहेको तपोवनमा भोगविलासको मधुर वातावरण तयार भो । कामोद्दीपक साधनहरू जुटे । अप्सराहरूको नाच गान बजान आदि चले । उनीहरूको अम्लान सौन्दर्यको, सुकुमार कमनीय अङ्गप्रङ्गको गुलाफी प्रदर्शन हुन थाल्यो । नारद व्यूँझे । उनका सारा बाहिरी इन्द्रियहरू र भित्री इन्द्रियहरू तपस्याबाट वहिर्मुख बने । नारदले सबै कुरा देखे । तर उनी भोगविलासमा लोभिएनन् , कुनै साधनमा आकर्षित भएनन् । उनको काम वासना उत्तेजित भएन । त्यसरी आपनो तपस्या भङ्ग गरिदिएकोमा उनलाई कुनै रन्ज पनि उठेन । उनलाई यसरी काम क्रोधले स्पर्श गर्न नसकेकोमा सबैले नारदको तारीफ गरे; इन्द्रादि देवताहरूले ठूलो आदर सम्मान गरे । नारदलाई ज्यादै खुशी लाग्यो । उनले शिवजी कहाँ गएर यो प्रसङ्ग सुनाए, शिवजीले तारीफ गर्नुभो, तर यो कुरा पनि विर्सनु बेस भन्ने सल्लाह दिनु भो । नारदले ब्रम्हाजीलाई पनि सुनाए; भगवान विष्णुसग पनि आफ्नो यो महत्वको बखान गरे । भगवान खुशी हुनुभो, तर आफ्नो भक्तमा उठेको अभिमानलाई हटाई दिनुपर्ने ठान्नु भो । नारद त्यहाँ बाट फर्केर जाँदै थिए, बाटामा यौटा अतिसुन्दर शहर देखे । त्यहाँ अति समृद्ध राजाकी कुमारी अतिसुन्दरी थिईन । नारदको मन लोभियो । कुमारीले मन पराउने सौन्दर्य प्राप्तिको लागि उनीले भगवान्संग प्रार्थना गरे । भगवानले 'हुन्छ, तिम्रो हित हुने काम अवश्य गरूँला' आज्ञा भो । नारद ढुक्क भएर सोहरमा आए । राजकुमारीको स्वयंवर भो, नारद पनि उम्मेदवार बनेर बसे । उनको अनुहार डरलाग्दो वानरको अनुहार बनेको थियो । राजकुमारी उनको नजिक पनि जान सकिनन्, अर्कै रूपमा राज भएको भगवानलाई उनले वरमाला पहिराइन् । शिवदूतले अनुहार हेर्ने सल्लाह दिए । पानीमा हेर्दा नारदले आफूलाई वानरा कृति देखे, उनलाई भगवानसंग ज्यादै रिस उठ्यो । बाटामा तिनै राजकुमारीका साथमा भगवानसंग भेट भो नारदले रिसमा सबै विर्सेर सराप-दिए स्वयंवरमा बने जस्तै मानिस बन्नु परोस्, मेरो अनुहारकै वानरहरूसंग मित्रता गर्नु परोस्, स्त्रीको हरण होस्, स्त्री विरहमा भौंतारिनुपरोस् । भगवानले हाँसेर सराप ग्रहण गर्नुभो । नारद विउँझे, उनका अभिमान चूर्ण भए, भगवान्ले क्षमा बक्स्यो । नारद निरभिमान भएर भगवानको भक्ति गर्दै हिंडे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारद ऋषि जीवमात्रको कल्याणका खातिर विचरण गर्दै हिंड्छन् । उनीबाट संधै सबैको कल्याण भएको छ । दिति पुत्र हिरण्याक्षको भगवान् यज्ञवराहबाट वध भो । उनका भाई दिति पुत्र हिरण्य कशिपु त्रैलोक्य जित्ने शक्ति प्राप्त गर्नको निमित्त तपस्यामा संलग्न थिए । उनको पत्नी कयाधु गर्भवती थिइन् । देवराज इन्द्रले उनलाई स्वर्गतिर लग्दै थिए, नारदले भेटे । देवराजलाई मनाएर गर्भवती दैत्य महिषीलाई आफ्नो आश्रममा लगेर राखे । नारदले गर्भस्थ बालकलाई भगवद् भक्तिको संस्कारले पूर्ण बनाईदिए । फलतः प्रल्हाद जन्मे । त्रैलोक्यको नै हित भयो । नारदले यस्तै अनेक व्यक्तिहरूलाई भक्तिमा प्रवृत्त गराएका छन । दुःखबाट उतारेका छन, कल्याण मार्गमा प्रवृत्त गराएका छन । प्रजापति दक्षबाट प्रथमतः जन्मेका दशहजार छोरा हर्वश्वलाई सृष्टिशक्ति प्राप्तिका निमित्त तपस्या गरिरहेको ठाउँबाट नै नारदले ज्ञानोपदेश गरेर निवृत्ति मार्गमा लगाइ दिए । दक्षले फेरि शवलाश्व भन्ने अर्का दशहजार छोरा जन्माएर सृष्टि वृद्धि गर्ने शक्ति तपस्याबाट प्राप्त गरी प्रवृत्ति मार्गमा लाग्ने आदेश दिएर पठाए । उनीहरू पनि दाजुहरू जस्तै तपस्या गर्दै थिए, नारदजीले आएर तिनलाई पनि ज्ञानोपदेश गरे । तिनीहरू पनि संन्यास गरेर निवृत्ति मार्गमा नै लागेर परिव्राजक भई हिंडे । दक्षलाई ठूलो चोट पऱ्यो । कहीं पनि स्थिर भएर रहन नसक्ने सराप उनले नारदलाई दिए । नारद स्वयं लोकयात्रा हेर्दै, लोककल्याणकारी कर्म गर्दै विचरण गरिरहने महात्मा, अब त्यो ज्ञान अनवरत रूपमा चल्ने भयो । नारदको आश्रम पनि कहीं रहेन, उनी भगवद् भजन गर्दै, ज्ञान भक्तिको उपदेश गर्दै अव्याहत गतिले सर्वत्र पक्का परिव्राजकको रूपमा घुमिरहन्छन् ।

नारदको उपदेशबाट अनेकको उद्धार भएको छ, अनेक भगवद् भक्त बनेका छन् । अरूको त के कुरा, महर्षि बाल्मीकिले रामायण लेख्ने, महर्षि कृष्णद्वैपायन व्यासले श्रीमद्भागवत लेख्ने प्रेरणा नारदजीकै उपदेशबाट प्राप्त गरेका हुन् । भूत, भविष्य, वर्तमानको ज्ञाता, सदा सत्यवादी, पूर्ण ज्ञानी, महातपस्वी, गर्भस्थलाई पनि उपदेश दिन सक्ने, मन्त्रोपदेष्टा, सर्वसिद्धिसम्पन्न, कहीं पनि गति नरोकिने ऋषिलाई देवर्षि भन्छन् । नारद यस्तै देवर्षिमध्ये पनि बढी प्रसिद्ध देवर्षि हुन् । नारद ऋषि भक्ति मार्गको पाञ्चराज सिद्धान्तका प्रतिष्ठापक आचार्य हुन् । भक्ति मार्गका बाह्र आचार्य मध्ये नारद प्रधान मानिन्छन् । सबै किसिमका विद्यामा उनी मर्मज्ञ विद्वान मानिएका छन् । उनी सबै जान्दछन्, तैपनि ज्ञानगुणको प्रश्न गरिरहन्छन्, उत्तर सुनिरहन्छन्, बताइरहन्छन् । सबै थोक जान्ने, सुन्ने र भन्ने ऋषि एकमात्र नारद हुन् । नारदको महिमा हाम्रो आर्यशास्त्रग्रन्थहरूमा, पुराण उपपुराणहरूमा सर्वत्र चर्चित छ । देवर्षि नारद, संगीत विद्याका, ज्यौतिष विद्याका, आयुर्वेदका, नीतिशास्त्रका, धर्मशास्त्रका, पुराण इतिहासका पनि प्रसिद्ध आचार्य मानिन्छन् । नारदलाई खुशी पार्न सके, भगवानलाई खुशी पार्ने उपाय हुन्छ, नारदको स्मरणले पनि चित्तमा भक्तिको उदय प्राप्त हुन्छ ।

पाण्डु पाण्डु शान्तनुका कान्छा छोरा विचित्रवीर्यकी कान्छी महारानी अम्बालिकाका छोरा हुन । जन्मदै उनी पाण्डु रोगी भएर जन्मेकाले उनको नाम नै पाण्डु रह्यो । धृतराष्ट्र उनका दाजु भए पनि अन्धा भएकाले राजा हुने अधिकार भएर कान्छा पाण्डु राजा भए । कुन्ति देशकी राजाकी धर्मपुत्री, वसुदेवकी बहिनी कुन्तीसंग उनको विवाह भो, मद्रराजकुमारी माद्री उनकी कान्छी महारानी भइन् । पाण्डु अत्यन्त शासनकुशल, प्रजाप्रिय राजा थिए, शूरवीर थिए । उनी राजा रहँदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हस्तिनापुरको ठूलो श्रीवृद्धि भएको थियो। एकपटक उनी दुई महारानीलाई पनि साथमा लिएर वनमा गएका थिए, थरीथरीका वनविहार पछि उनी शिकार खेल्न थाले। एक ऋषिकुमार मृग बनेर मृगीसंग विहार गर्दै थिए। पाण्डुले त्यो मृगलाई बाणले हाने, मृग छट्पटाएर लडयो, त्यसले ऋषिकुमारको रूप लियो, स्त्रीसङ्ग गर्न लागेको बेला बाण हानेर मारेकोले स्त्रीसङ्ग गरेमा मृत्यु होस् भन्ने सराप दिएर ऋषिकुमार मरे। यौवनको वेला, सन्तान भएका थिएनन्। यो सरापबाट पाण्डुको जीवनले अर्को मोड लियो। पाण्डुले साथमा गएको फौज फर्काए; भीष्मपितामह, आमा अम्बालिका र मन्त्रीहरूलाई खबर पठाएर उनी दुइ महारानी मात्र लिएर वनैमा बसे।

महाराज पाण्डुले शतसृङ्ग भन्ने हिमाली वनमा थोटा कुटी बनाए। तपस्वी ऋषि मुनिहरूको सँगतमा, सेवामा उनी जीवन बिताउन थाले। पाण्डु विद्वान थिए, धर्मात्मा थिए। तपस्वीहरूको संगतमा उनी आनन्द मान्थे। एकदिन केही ऋषिहरू एक समारोहमा सम्मिलित हुनको लागि स्वर्गलोक जाने भए। महाराज पाण्डुले पनि संगै जाने इच्छा प्रकट गरे। उनी गृहस्थी भएकाले र सन्तान नभएकोल उनीले स्वर्गलोकमा प्रवेश नपाउने कुरो ऋषिहरूले भने पछि उनलाई र रानीहरूलाई ठूलो चोट पऱ्यो। त्यही घाउले उनलाई दुःख दिइरहन लाग्यो। त्यो ताक नियोग प्रथा प्रचलित थियो। कुन्तीले त्यो स्वीकार गरिनन्, राजाले धेरै आग्रह गरे, तर कुन्तीले मान्दै मानिनन्। पाण्डुलाई प्राचीन गाथा इतिहास पुराणहरूमा बेस रुचि थियो। दीर्घतमा ऋषिले रश्रेतकेतु ऋषिको विवाह संस्कारलाई संस्थागत रूपमा व्यवस्थित गरेको विषय पनि उनले रानीहरूलाई सुनाए। देवताहरूलाई चाहेको बेलामा बोलाउन सक्ने सिद्ध विद्या कुन्तीसंग भएको कुरो उनलाई थाहा भयो। त्यसैबाट सन्तान जन्माउने आज्ञा उनले दिए। देवताहरूमा अनेक शक्ति हुन्छ। उनीहरूबाट सन्तान हुन सहवास, कामभोगनै हुनु पर्दैन केवल संकल्पबाट अथवा बचनबाट अथवा ईक्षणबाट अथवा स्पर्शबाट मात्र पनि देवताहरूले सन्तान जन्माउँछन्। 'यसमा शङ्का नगर, तिम्रो मानुष धर्म दैव धर्मबाट दोष युक्त हुदैन, विग्रँदैन' भन्ने पतिको आज्ञालाई शिरोपर गरेर कुन्तीले दुर्वासाबाट बालक कालमा प्राप्त गरेको सिद्ध विद्याको प्रयोगबाट एकेक वर्षको फरकमा धर्मराजबाट युधिष्ठिरलाई, वायु देवबाट भीमसेनलाई, देवराज इन्द्रदेवबाट अर्जुनलाई जन्माइन्। अश्विनी कुमारबाट माद्रीले नकुल र सहदेव जुल्याहा जन्माइन्। पाँचै राजकुमार तपोवनमा तपस्वी बालकहरूका साथमा हुर्के, फलस्वरूप तिनमा देवगुणको र ऋषिगुणको आधान बालक अवस्थामा नै भयो, पछिसम्म तिनीहरूको चरित्र दैव र आर्ष नै बनिरह्यो।

महारानी कुन्ती अत्यन्त योग्य गृहिणी थिइन्। कुनै कुराबाट पनि पति पाण्डुमा सौता माद्रीमा र आफुमा कामको उत्तेजना नहोस् भन्ने उनलाई थियो। गृहस्थीमा उनले ज्यादै राम्रो अनुशासन मर्यादा राखेकी थिइन्। उनी सँधै आफूलाई र सौती माद्रीलाई मुनि भेषमा, मुनि अन्नमा राख्थिन्। आफूमात्र हैन, माद्रीलाई पनि सौभाग्यका बाहेक भडकिला उत्तेजक श्रृंगार प्रसाधन लुगा पोशाक, गरगहना लगाउन दिन्न थिन्। दैवको बिधान, एक दिन कुन्ती काममा लागेकी थिइन्। पाण्डु माद्रीका साथमा वनभित्र पसे, त्यहाँ एकान्तमा घुम्दा घुम्दै कान्छी युवती रानीप्रति उनको चित्त आकृष्ट भो। माद्रीले हजार अस्वीकार गर्दा गर्दै, मनाही गर्दागर्दै, भाग्दा भाग्दै पाण्डुले माद्रीसँग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहवास गरे । ऋषिको सराप, पाण्डुको तत्कालै त्यहीं मृत्यु भो । माद्री अलाप विलाप गरेर रुन थालिन् । उनको विलौना वनभरी गुन्जियो । तपोवनवासीहरू र कुन्ती दौडेर जाँदा त्यो अवस्था देखें । माद्रीले कुन्तीका काखमा आपना दुई छोरा सुम्पिन्, तत्कालै प्राण छोडेर पतिको सती गइन् । ऋषि मुनिहरूले पाण्डु र माद्रीको निष्प्राण दुवै शरीर र पञ्च पाण्डव सहित महारानी कुन्तीलाई सत्रौं दिनमा हस्तिनापुरमा लगेर बुझाए । पाण्डुको सद्गति भयो । आदिदेखि अन्तसम्म सम्पूर्ण महाभारतमा पाण्डुका छोराहरूकै कुरा यत्रतत्र छरिएर रहेको छ । पाण्डुले स्वर्गमा आपनो प्रतिष्ठा बढाउन राजसूय यज्ञ गरिदिने सन्देश युधिष्ठिरकहाँ पठाए । त्यसैले युधिष्ठिरले राजसूय यज्ञ गरे ।

पूर्वे चत्वारः १०/६ भगवान्बाट पहिला चार भनेर ब्रह्माजीको मनबाट सबभन्दा पहिले जन्मेका सनकादिलाई आपनो भावसृष्टि भन्ने आज्ञा भएको छ । सृष्टिको आदेश पाएपछि सृष्टिकर्ता ब्रह्माजीले सबभन्दा पहिले आपनो मानसिक संकल्पबाट चार कुमारलाई जन्माउनुभो– सनक, सनन्दन, सनातन, सनत्कुमार । पिता ब्रह्माजीले आपना मानस पुत्र तो सनक आदि कुमारलाई सृष्टि गर्न आदेश दिनुभो । तर उहाँहरूले प्रवृत्तिमार्ग ग्रहण गर्न चाहनुभएन; पूर्ण निवृत्तिमार्गको ग्रहण गर्नुभो । चारै कुमार सँधै संगसंगै हिंड्ने, नित्य सिद्ध, नित्य विरक्त, नित्य निवृत्त र नित्य ज्ञानमय हुनुहुन्छ । निवृत्ति प्रधान तपः प्रभावबाट उहाँहरूले जरा र मृत्युलाई जितनुभएको छ, शिशु जस्तो सर्वदा निरपेक्ष हुनुहुन्छ । उहाँहरू केही वस्त्र लगाउनुहुन्न, श्रमण (संन्यासी) हुनुहुन्छ, ऊर्ध्व-रेता (सनातनब्रह्मचर्यमा रहेका), सँधै पाँच वर्षका हुनुहुन्छ । उहाँहरू भगवान्का सदा कुमार अवतार मानिनुहुन्छ ।

सनकादि कुमारहरूको वासस्थान जनलोक हो । तर उहाँहरू लोकलाई उपदेश र उपकार गर्नाको खातिर विभिन्न लोकमा घुम्नुहुन्छ । घेरैजसो बदरिकाश्रममा नारायणबाट धर्मोपदेश सुनेर बस्नुहुन्छ । परमभागवत सनत्कुमारहरूको वैकुण्ठादिलोकमा गति अव्याहत छ । जयविजयले वैकुण्ठ-मा उहाँहरूलाई रोकेको हुनाले– हिरण्याक्षहिरण्यकशिपु, रावण कुम्भकर्ण, शिशुपाल दन्तवक्त्र तीन जन्मसम्म राक्षस हुनुपर्‍यो । भक्तिसिद्धान्तका परम आचार्य सनकादि नै हुनुहुन्छ, नारदलाई भागवतको उपदेश उहाँहरूले गर्नुभयो । ज्योतिष र आयुर्वेदको पनि आचार्य मानिनुहुने उहाँहरूका ग्रन्थमध्ये सनत्कुमार संहिता प्रसिद्ध छ ।

प्रह्लादः १०/३० प्रह्लाद दानवराज हिरण्यकशिपुका कान्छा छोरा हुन्, उनकी आमाको नाम कयाधु हो । विरोचन प्रह्लादका छोरा र बलि प्रह्लादका नाति हुन् । दैत्य भएर पनि प्रह्लाद भगवान् विष्णुका परमभक्त थिए । उनका जेठा बाबु हिरण्याक्ष र उनका बाबु हिरण्यकशिपु भगवान् विष्णुका परमद्वेषी थिए । हिरण्याक्षलाई भगवान्ले आदिवराहको अवतार लिएर मारिदिएको थियो । हिरण्यकशिपु शक्ति प्राप्त गर्नको निम्ति तपस्या गर्न गए । उनकी पत्नी कयाधु गर्भवती थिइन् । इन्द्रले सो गर्भको बालक अतिशक्तिशाली हुन्छ भन्ने थाहा पाएर हिरण्यकशिपुकी रानीलाई पक्डेर स्वर्गतिर लैजाँदै थिए । नारदले देखेर रोके; गर्भस्थ बालकलाई परम भगवद्भक्त बनाउने भनी इन्द्रबाट लिएर गर्भवती दैत्यपत्नी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई आश्रममा ल्याए। नारदाश्रमको दैवी वातावरण, दैत्यपत्नीमा पनि दैवी प्रकृतिको उदय भो। संधै धर्मोपदेश, भगवान्को गुणानुवाद, कथा पुराणहरूको श्रवण, सात्त्विक आहार विहार आदिले दैत्यपत्नीको स्वभावै अर्को बन्यो, गर्भस्थ बालकमा झन् नमेटिने प्रभाव पऱ्यो, हिरण्यकशिपु तपस्याबाट फर्केर घरमा आए, पत्नी उनीकहाँ गइन्। दैत्यको वीर्यबाट बनेको गर्भ देवसंस्कारको बालक बनेर जन्म्यो। तिनै भए प्रल्हाद।

प्रल्हाद शैशवदेखि नै भगवान्को भक्त बने। भगवान्कै भक्तिमा उनी लाग्न थाले। विष्णुद्वेषी बाबु हिरण्यकशिपुले प्रल्हादको हृदयपरिवर्तन गर्न अनेक उपाय गरे। शुक्राचार्यपुत्र शण्ड र अमर्कको गुरूकुलमा दैत्यसंस्कार भर्न पठाएको, उल्टो त्यहाँका सबै दैत्यबालक प्रल्हादको सङ्गतले दैत्यसंस्कार छोडेर दैवसंस्कार लिन थाले। साम, दान र भेद उपाय विफल भएपछि हिरण्यकशिपुले दण्डको अनेक प्रयोग गरे। सर्वत्र हरिलाई देख्ने प्रह्लादलाई हात्तीले कुल्चाउँदा, पहाडबाट शिलामा खसाल्दा, पानीमा डुबाउँदा, आगोमा डढाउँदा सर्वत्र सर्वव्यापक, भवतरक्षक प्रभुले प्रल्हादलाई बचाइबक्स्यो। आखिरमा, प्रल्हादको विश्वास अनुसार व्यापक प्रभुले खम्बाबाट नृसिंहको अवतार लिएर हिरण्यकशिपुको संहार र भक्त बालक प्रल्हादको रक्षा गरिबक्स्यो। प्रल्हाद प्रभुका भक्त चिरञ्जीवी बने। ज्ञानी भक्तको रूपमा, अष्ट चिरञ्जीवी मध्ये एकको रूपमा उनको पूजा हुन्छ।

प्रल्हादले दत्तात्रेयबाट ज्ञानोपदेश पाए। उनी वीतराग जीवन्मुक्त भए। उनको निष्पक्ष न्यायकर्ताको रूपमा उपनिषद्मा वर्णन भएको छ। सुकेशी कन्यालाई प्रल्हादका छोरा विरोचन र उद्दालकका छोरा सुधन्वा दुबैले चाहे। दुइमध्ये जो ठूलो हो, उसलाई कन्या दिने कुरो भो। दुवैले आफ्नाफूलाई ठूलो भने। झगडा गर्दागर्दै ज्यानको वाजो राखे। जो ठूलो ठहर्छ, उसले सानो ठहर्नेको प्राण लिने बाजी पऱ्यो। निर्णयको निम्ति प्रल्हाद कहाँ जाने प्रस्ताव सुधन्वाले राखे। प्रल्हादकहाँ गएर निर्णय दुवैले मागे, बाजी पनि बताए। सुधन्वाले निष्पक्ष निसाफ गर्ने आग्रह गरे। प्रल्हादले निर्णयदिए- विरोचनभन्दा सुधन्वा ठूला; विरोचनका बाबु आमाभन्दा सुधन्वाका आमा बाबु ठूला। प्रल्हादको पक्षपातरहित न्यायबाट सुधन्वा अत्यन्त प्रभावित बने। एकमात्र छोरो विरोचनको प्राण नै जाने निसाफ गरेकोमा सुधन्वा, गुणज्ञताले र करूणाले पग्लेर पानी पानी भए। प्रल्हादले आफूलाइ न्याय दिएका हुनाले प्रल्हादलाई सुधन्वाले छोराको चिर जीवन दिए।

प्रल्हाद पूर्ण भक्तिको र पूर्ण ज्ञानको समन्वय हुन्। उनी वीतराग छन्, निरपेक्ष छन्। उनको महिमाको प्रभावस्वरूप, उनलाई वैवस्वत मन्वन्तरमा स्वर्गमा वसेर राज्य चलाउने देवराज इन्द्रको पद दिने निर्णय भगवान्बाट भयो। हिजो आज स्वर्गमा देवताहरूका अधिपति इन्द्र पदमा दैत्य प्रल्हाद विराजमान छन्। संकल्प पढ्दा 'प्रल्हादाधिपत्ये' भन्ने गरिन्छ। भगवान्ले दैत्यजातिमा प्रल्हादको अवतार लिइबक्सेको हो।

भीमसेन १/१५ भीमसेन पाण्डु महाराजका माहिला छोरा हुन्। वायुको अंशावतार भएकाले उनी अत्यन्त बलवान् थिए जन्मँदैदेखि। भीम जन्मे, कुन्तीले काखमा लिइन्। अकस्मात् जङ्गलमा बाघ बेसरी गर्ज्यो। कुन्ती त्यो आवाजबाट बेसरी झस्किन्। नवजात शिशु काखमा भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होश भएन; आतुसमा कुन्ती भुरुक्क उफ्रिन् । भक्खर जन्मेकी त्यो बालक वडेमाको शिलामा बज्रियो । बालक चूर्ण हुनुको बदला शिला सयौं टुक्रा भएर फुट्यो । बालक अरूभन्दा चाँडचाँडो बढ्यो; सारो. मोटो धाटो, बलियो बाङ्गो भएर बढ्यो । भीम हस्तिनापुरमा आएपछि सबै कुरू-बालकका साथमा पढ्न खेल्न गर्न थाले । दुर्योधन उनी जन्मेकै दिन जन्मेका थिए, तर भीमसेन धेरै बलिया थिए । पाँच पाण्डव र एकसय एक कौरव सबै – दुइ चार वर्ष युधिष्ठिर जेठा थिए– उही दौंतर थिए । तर भीमसेन सबैभन्दा बलवान् थिए । पाठशालामा उनीसंग सबै जना डराउँथे । उनको दारअनुसार आहारा ठूलो थियो । घरमा खाने कुरा भाग लाउँदा कुन्ती बनाएको खानाको पूरा आधा भीमसेनलाई र अर्को आधा चार पाण्डवलाई र आफूलाई भाग लाउँथिन् । सबैलाई ठिक्क हुन्थ्यो । दुर्योधन आदि कौरवहरू उनीसंग सँधै हार्नै हुँदा धेरै डराउन र त्यसैले रिस गर्न थाले । एक पटक दुर्योधनले भोज खान भीमलाई बोलाएर विष मिसिएको लड्डू पनि खुवाए, तर भीमले पचाइदिए । दुर्योधनहरू झन डराए । वनभोज गरेर कौरवले भीमसेनलाई कडा विष खुवाएर लडाए, लहराले हात खुट्टा बाँधेर खोलामा फ्याँकिदिए, सात दिनसम्म भीमसेन हराए ।

खोलामा फ्याँकिएका अचेत भीमसेनलाई नागले नागलोकमा पुऱ्याए । उनी त्यहाँ विउँझे । तर विषले उनलाई सारै कमजोर तुल्याएको थियो । त्यहाँ धेरै रसकुण्डहरू थिए । प्रति कुण्डको रस हजार नागको जति तागत हुने औषधिस्वरूप थियो । नागलोकका अधिपति वासुकि नागले भीमसेनलाई त्यही कुण्डको रस प्याउने आज्ञा दिए । भीमसेन विषले आँत सुकाएर सारै रूखिएका थिए । स्नानसन्ध्या, स्वस्तिवाचन पश्चात् नागहरूले भीमलाई रसकुण्डमा लगे । भीमले एक सासमा यौटा रसकुण्ड पिए । जति पिउन सक्छन्, उति दिनू भनेका थिए । आठ कुण्डको रस भीमले आठ घुट्कोमा रित्याए । अनि उनलाई ओछ्यानमा सुताइयो । सात दिनसम्म उनी पूरा सुते । आठौं दिनमा उनी ब्यूँझे । वासुकिको आज्ञा अनुसार नागहरूले उनलाई पृथ्वीमा ल्याएर छोडे । भीमसेनलाई कौरवले मार्न विष प्रयोग गरेका थिए, दैवको विधान, उनी दश हजार नागको बलले युक्त भएर फर्के ।

ठूला ठूला संकटमा भीमसेनको बलले ठूलो काम गरेको छ । लाक्षागृहबाट भाग्ने काममा उनको बलले कुन्तीलाई र चार भाइलाई ठूलो सहायता गऱ्यो । सुरूङबाट निस्की खोलो तरेर जङ्गलमा पुग्दा अर्को संकट पऱ्यो । मध्य जङ्गलमा कुन्ती र चार पाण्डव सुतिरहेका थिए, भीमसेन पालो बसेका थिए । हिडिम्बा राक्षसी आएर भीमसँग मोहित भएर फकाउन लागिन् । उनको दाजु हिडिम्बासुरले आएर सबैलाई खान खोज्यो । भीमको र हिडिम्बासुरको ठूलो द्वन्द्वयुद्ध भो, अर्जुन-हरू बिउँझे । भीमले आफैंले नै हिडिम्बासुरलाई मारे । हिडिम्बा पीछा परिन् । भीमले स्वीका-रेनन् । हिडिम्बा कुन्तीसँग रोइन्, भीममा आसक्त भएको स्त्रीमर्म विन्ति गरिन्, भीमलाई नपाए आफ्नो प्राणै नरहने स्थिति बताइन् । कुन्तीको स्त्रीहृदय पग्ल्यो । राति जताबाट पनि भीमलाई ल्याएर बुझाउनु पर्ने. बर्ष दिनभन्दा बढी भीमलाई लिएर हिड्न नपाउने कबूल गराएर कुन्तीले हिडिम्बासँग विहे गर्ने आज्ञा दिइन् । हिडिम्बासंग भीमको विवाह भो । भने जस्तो रूप बनाउन सक्ने. चाहेको ठाउँमा पुग्न सक्ने राक्षसी शक्ति हिडिम्बाको थियो । उनी भीमलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जगत्का सुन्दर सुन्दर ठाउँमा उडाएर लग्थिन्. अनेक किसिमका कामक्रीडा गर्थिन्, साँझ पर्नु भन्दा अघि कुन्तीकहाँ भीमलाई ल्याएर बुझाउँथिन्; सासूको, जेठाजु देवरको सेवा गर्थिन् । उनी जन्मको राक्षस भए पनि सुशील बुहारीले गर्ने पूरा सेवा गर्थिन् । उनीसँग सबै प्रसन्न थिए । वर्षदिनसम्म यसै गरी भीमको र हिडिम्बाका अनेक बिहारहरू चले । हिडिम्बाले पेट बोकिन् । राक्षसीहरूको गर्भ तुरुन्तै बढ्ने र जन्मने हुँदा छोरो घटोत्कच जन्मे । उनी महाबलवान् थिए, उनको पराक्रमले पाण्डवहरूलाई सँधै साथ दियो, अर्जुनलाई कर्णको शक्तिप्रहारबाट हुने मृत्युबाट नै बचायो। घटोत्कच नभएको भए, महाभारत युद्धको परिणाम नै अर्को हुने थियो ।

एकचक्रा नगरीमा ब्राह्मणघरमा बसेको बेला ब्राह्मणपरिवारलाई बचाउन राक्षसको आहारा बन्न पनि भीमसेनले सकारे । आफ्नो बाहुबलबाट बकासुरलाई मारेर गाउँको नै उनले उद्धार गरे । त्यो वेला सबभन्दा शक्तिशाली राज्य मगधका राजा जरासन्धलाई भीमसेनले कुस्तीमा जितेर मारी राजसूय यज्ञको यौटा ठूलो विघ्न हटाए । भीम ज्यादै सोझा, मापाका, अरूको अघेंलो सहनै नसक्ने स्वभावका थिए, तर दाजुको आज्ञा, भाइहरूको सल्लाह कहिल्यै नाघ्दैनथे । युधिष्ठिरले जुवा हारे । पाण्डव कौरवका दास बने; द्रौपदीको भन्ने लाजलाग्दो बेइज्जती भो । सबै पाण्डव उत्तिकै मुरमुरिएका थिए । भीमसेनका अङ्गअङ्गबाट क्रोधको ज्वाला निस्केको थियो । उनले युद्धमा दुःशासनलाई मारेर उनको छातीको रगत पिउने, दुर्योधनको तिघ्रो गदाले भाँच्ने प्रतिज्ञा गरे । त्यति मात्र कहाँ, कौरवराजसभामा महारानी द्रौपदीको विचल्ली देख्दा, असहाय अनाथ नारीको जस्तो दुर्गति देख्दा उनको क्रोधले केही क्षण मर्यादा पनि नाघ्यो । त्यसरी विना विचार जुवा खेल्ने युधिष्ठिरका दुबै हात डढाइदिने उनलाई इच्छा भो । सहदेवलाई आगो त्याउन अह्राए । अर्जुनले सम्झाउने बित्तिकै तुरुन्तै उनी सम्हालिए । भीम सारै पवित्र थिए । नारीको पवित्रताले आफ्नो पनि. सन्ततिको पनि पवित्रतामा मदद गर्छ भन्ने उनको सिद्धान्त थियो । वनवासको वेलामा भीमसेनले जटासुरलाई मारे, अजिगरबाट मुक्ति लिए, यक्ष गन्धर्वहरूलाइ जितेर सौगन्धिक कमल द्रौपदीका निमित्त ल्याए । त्यही वेला वायुपुत्र महावीर हनुमान्को उनले दर्शन पाए । कुवेर-सँग पाण्डवको मित्रता भो, हनुमान्जीले महाभारतयुद्धको वेलामा अर्जुनको ध्वजामा बस्ने र गर्जेर कौरवहरूको सातो लिने वचन दिनुभो ।

गुप्त वासको वेलामा विराट नगरको दरवारमा दुष्टहरूको आक्रमणबाट द्रौपदीलाई उनले बचाए । विराटकहाँ उनी खानसामाको नायक वल्लव भएर बसेका थिए । त्यहाँ उनले विश्व-विख्यात, अतिबलवान्, जीमूत भन्ने पहलमानलाई कुस्ती खेलेर मारे । हात्ती, सिंहहरूसँग कुस्ती खेलेर भीमले विराट राजाको मनोरञ्जन गर्नुपर्थ्यो । विराटको सालो सेनापति कीचकलाई उनले मारेर द्रौपदीको चुल्ठो समातेर गरेको बेइज्जतीको बदला लिए । द्रौपदीलाई कीचकका साथमा पोल्न खोज्ने कीचकका भाइबन्धुलाई उनले सखाप पारे । त्रिगर्तका अतिशक्तिशाली राजा सुशर्माले कौरवहरूसँग मिलेर विराटको गोठ लुटे । विराट उनीसँग लड्न जाँदा युधिष्ठिर पनि कङ्कको भेषमा भाइहरूका साथमा गएका थिए । सुशर्मा बल्लव वेषको भीमको बलले गर्दा हारे, विराटले आफ्ना गोधन विजयको सिंदुरे जात्रा गर्दै फर्काए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाभारत युद्धमा भीमसेनले गरेको पराक्रम अद्भुत थियो। दुर्योधन आदि सय भाइहरूलाई उनले एकेक गरी मारे। जयद्रथबध हुने दिन भीमले व्यूहमुखमा बसेका द्रोणलाइ खूब थप्पड दिए, रथ घोडा समेत उचालेर वीस वीस हात पर कैयन चोटि मिल्काइदिए। अर्जुन र सात्यकि द्रोणलंग मरमिजासका साथ, भलाद्मी कुरा गरेर वीरतापूर्वक व्यूह भित्र पसेका थिए। भीमसेनले मारमुङ्ग्री गरेर रथघोडा जम्मै जुरूक्क उचालो द्रोणलाई पन्छाएर व्यूहभित्र पसे। भीमसेनले कर्ण, कृपलाई पनि परास्त गरे। द्रोणको ज्यास्तीलाई सहन नसकेर भीमले श्रीकृष्णको अनुमतिमा आफ्नो तर्फको अश्वत्थामानामक हात्तीलाई मारेर 'अश्वत्थामा मरे' भन्ने हल्ला मच्चाइ दिए। युधिष्ठिरले अश्वत्थामा मारिएको हो भनिसके पछि पनि द्रोणले युद्ध गरिरहँदा खरो स्वभावका भीमले नमीठोसँग सत्य कुरा द्रोणलाई भनिदिए– 'सबभन्दा ठूलो धर्म अहिंसा हो, धर्मको मूल ब्राह्मण हो। तपाईं ठूला ब्राह्मण हुनुहुन्छ। तर पुत्र, पत्नी, धनको लोभमा परेर तपाईंले आफ्नो ब्रह्म-कर्म छोडेर क्षत्रियको परधर्म लिनुभो, आफ्नो धर्ममा रहेका क्षत्रियलाई मारिरहनुभएको छ, अजानहरू-लाई अस्त्र प्रयोग गरी गरी चाण्डालले प्राणिहत्या गरे जस्तो जीवहत्या गरिरहनुको छ। त्यसमा तपाईं लाज संकोच केही मान्नु हुन्न। जुन अश्वत्थामाको निम्ति विकर्म ग्रहण गर्नुभो, त्यो मन्यो भनेर युधि-ष्ठिरले समेत सुनाइसक्नुभो। कसका निमित्त अब यो उत्पातगरिरहनुभएको छ?" भीमको अनिकङ्गुसत्य वाक्य सुनेपछि द्रोणले कर्ण, कृप, दुर्योधनको नाम लिंदै हतियार छोडेका थिए। भीमले कर्ण र दुर्योधनकै सामु युद्धमा दुःशासनलाई पछारेर द्रौपदीको चुल्ठो समात्ने दाहिने हात थुतेर त्यही हातले उसैलाई बेसरी ठटाए; उसको छाती फोरेर त्यहाँको रगत मुखमा हाली रगत मुछि-एको हातले पौने चौध वर्ष अघिदेखि फुकेको द्रौपदीको कपालको झांक्रो सह्यारेर बाटे। आखिरमा दुर्योधनलाई गदायुद्धमा तिघ्रा भाँचेर पछारी महाभारत युद्धरूपी यज्ञको पूर्णाहुति गर्ने भीमसेन नै भए।

धृतराष्ट्रलाई सबभन्दा बढी रिस भीमसेनसँगै थियो। भीमसेनलाई पनि धृतराष्ट्र प्रति युधिष्ठिरलाई जस्तो श्रद्धा थिएन। मरेका वीरहरूलाई हेर्न आफ्ना विधवा बुहारीहरू, सासू, बुढी सासूहरूलाई साथमा लिएर गान्धारी धृतराष्ट्र युद्ध क्षेत्रमा गए। धृतराष्ट्रले आफ्नो कपटनीतिको फेरि प्रयोग गरे। खूब स्नेह देखाएर भीमसेनलाई अँगालो हाल्ने इच्छा उनले गरे; उनको हृदय श्रीकृष्णले राम्री बुझिबसेको थियो- फलामको भीमसेनमूर्ति अन्धाका अँगालोमा राखी दिंदा त्यसलाई धृतराष्ट्रले करेरेर चूर्ण बनाए। गान्धारीले आफ्ना सय छोरा मार्ने भीमलाई बोलाएर हप्काइन्, सराप दिन उनी तयार भइन्। निडर भीमले भने "मैले आफू बाँच्नको निम्ति हजुरका छोराहरूलाई मारेको हुँ। हामीलाई हजारौं पटक मार्न खोज्दा, राक्षसी अन्याय गर्दा हजूर किन चुप लागेको? यसमा मेरो दोष छैन।" गान्धारीले यसमा केही भन्न सकिनन्। 'भाइ दुःशासनको रगत दाइ भएको तिमीले पियौ' भन्ने अर्को दोष लगाउँदा भीमसेनले भनेका थिए "मैले तत्कालको आवेश-मा यसो गरेको थिइन, हजुरहरू भएकै सभामा यसो गर्ने प्रतिज्ञा पौने चौध वर्ष अघि नै गरेको थिएँ। त्यो वेला किन चूप लागिरहेको? मैले प्रतिज्ञा पूरा गरेको हुँ तर दुःशासनको रगत ओठ-भन्दा भित्र एक अणु पनि गएको छैन।" दोष लाउँदा लाउँदै गान्धारीले हारेर चूप लाग्नु पन्यो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युधिष्ठिर महाराज भए पछि भीमसेन युवराज बने । उनलाई दुर्योधनको घर दिइएको थियो । त्यसपछि बत्तीस वर्षसम्म इमानदारी साथ युवराजको काम गरेर भीमसेनले अरू दाजु भाइले जस्तै पवित्र हिउँमा देह विसर्जित गरे । उनको उज्ज्वल कीर्तिगाथा जगत्मा रहेको छ । उनी बलका प्रतीक हुन् । बल चाहिनेहरू र बेपार गर्नेहरू, कृषकहरू भीमलाई आराध्यदेवको रूपमा बढी पूजा गर्छन् । भीमसेनले काशीराजपुत्री बलन्धरासँग पनि विहा गरेका थिए । उनका तीन पुत्र भए– द्रौपदीबाट सुतसोम, बलन्धराबाट सर्वग, हिडिम्बाबाट घटोत्कच । सबै छोरा महाभारत युद्धमा परे ।

भीष्म– १/८ महाभारतभित्रका आदर्श चरित्रहरू मध्ये भीष्मको चरित्र एक हो । उनको खास नाम देवव्रत हो । कामबाट उनी भीष्म भनी प्रख्यात भए । गङ्गाजीले शापको कारणबाट नारी रूप लिएर मर्त्यलोकमा आउनुपर्ने भयो । अष्टवसुलाई पनि वसिष्ठऋषिको सरापले गर्दा पृथिवीमा जन्मनुपर्ने भो । अष्टवसुले गङ्गाजीसँग प्रार्थना गरेकाले उनीहरूलाई गङ्गाले आफ्नो नारी अवतारको कोखबाट जन्माइदिने हुनुभो । नारीरूप गङ्गाजीसँग प्रतीप राजाका माहिला छोरा शान्तनुले विवाह गरे । रानीले गरेको कुरामा विरोध राजाले गर्नु नहुने, कदाचित् रानीको काममा कुनै किसिमको अरूचि वा विरोध झल्कियो भने रानीले छोडेर जाने शर्त थियो । अष्टवसुमा 'द्यौ' भन्ने वसुको बढी अपराध भएकोले मर्त्यलोकमा मानिस भएर बढी समय बस्नुपर्ने, अरू सात वसुचाहिं जन्मनासाथ मुक्त हुने व्यवस्था वसिष्ठले गरेका थिए । शान्तनुका छोराका रूपमा अष्टवसु एक एक गरी जन्मन थाले । गङ्गाले एक एक गरी सात छोरालाई जन्मने बित्तिकै बगाइदिने गर्नुभो । राजालाई सहि नसक्नु हुँदै आएको थियो । आठौं जन्मेपछि राजाले त्यसलाई 'नबगाऊ' भने । दैवी काम सबै ठीकसग भएको थियो, गङ्गाको पनि शापमुक्तिको समय भैसकेको थियो । आठौं गर्भबाट 'द्यौ' भन्ने वसु जन्मेका थिए, उनले धेरै समय पृथ्वी तलमा रहनु पर्ने थियो । छोरो हुर्केपछि ल्याइदिने वचन दिएर गङ्गा जानुभो, नारी गङ्गा नदी गङ्गामा नै समाहित हुनुभो ।

शिशु अवस्थाको स्याहार सुसार तथा बालक अवस्थाको लालन पालन र किशोरावस्थारम्भको शिक्षादीक्षा देवव्रतको माता गङ्गाको संरक्षण र संभरणमा भयो । एक दिन गङ्गातटमा सुन्दर किशोर देवव्रत वाण हानेर गङ्गाप्रवाहको गतिलाई अर्कैतिर लगाउँदै थिए, महाराज शान्तनु घुम्न आउँदा त्यो दृश्य चकित भई हेरिरहेका थिए । गङ्गाले नारीरूपमा प्रवाहबाट प्रकट भएर छोरो देवव्रतलाई महाराज शान्तनुको जिम्मा लगाउनुभो । उहाँले भन्नु भो– "यी देवव्रतले जम्मै वेदवेदाङ्ग महर्षि वसिष्ठसँग पढेका छन् । भृगुपुत्र, उशना शुक्राचार्यले जेजतिजस्ता शास्त्रहरू जानेका छन्, ती सबै विद्या यिनले पाएका छन्, जानेकाछन् । एक्काइस पटक क्षत्रियसंहार गर्ने, अविजेय विजेता, जामदग्न्य, प्रतापी परशुरामले यिनलाई पढाएका छन् । उनले जेजति शास्त्र, शस्त्र अस्त्र जानेका छन्, ती सबै यी देवव्रतले जानेका छन् । यिनले आफ्नो कुलको, आफ्नो पिताको र आफ्नो इज्जत प्रतिष्ठा बढाउनेछन्, हजुरलाई सुख सन्तोष दिनेछन्" । यति भनेर शान्तनुले केही भन्न खोज्दा खोज्दै गङ्गा प्रवाहमा पसेर अलप हुनुभो । शान्तनुले हस्तिनापुर दरबारमा ल्याएर देवव्रतलाई युवराजको पदमा प्रतिष्ठापित गरे । दैवी प्रतिभा, माताको दैवी प्रकृति, पिताको उच्च क्षत्रिय संस्कार, असल शिक्षा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीक्षा, सत्संग आदिको प्रभाव स्वरूप देवव्रत बेदवेदान्त आदि शास्त्रका र शस्त्रास्त्रशास्त्रका सबै विषयका पारङ्गत मर्मज्ञ विद्वान् थिए। उनको आफ्नो अध्यवसाय, जाँगर, दिव्य प्रभाव, क्षात्रस्वभाव, पितृभक्ति, गोब्राह्मणमा देवभाव आदि गुणले उनको मानव चरित्र त्यो बेलाको निमित्त अरूको भन्दा विकसित भएको थियो, उनी आदर्श मानव थिए।

योजनगन्धा सत्यवतीलाई देखेर पत्नीविरहित शान्तनुले उनीसँग विवाह गर्ने इच्छा गरे। सत्यवतीका पोषक पिता दाशराजले जन्मने सत्यवतीपुत्रलाई राज्यको उत्तराधिकार मिल्नु पर्ने शर्त राखे। योग्य पुत्रको अधिकारहनन गर्ने इच्छा राजालाई भएन, छोडिदिए। तर उनको मन त्यतै लागिरहन थाल्यो। विषय थाहा पाएर देवव्रत दाशराजकहाँ पुगे र उनले राज्य नलिने वचन दिए। दाशराजले भीष्मका सन्ततिबाट हुने आशङ्का झिक्दा उनले जीवनभर पूर्ण ब्रह्मचर्यमा रहने वचन दिए। पिताको भक्तिबाट देवव्रतले गरेको त्यो भीष्म प्रतिज्ञाको फलस्वरूप देवव्रतको नाम नै भीष्म रह्यो। बाबु शान्तनु भीष्मको सो भक्तिबाट अति प्रसन्न बने। उनले भीष्मलाई 'इच्छामृत्यु' को वरदान दिए।

महाराज शान्तनुले सत्यवतीबाट दुइ छोरा जन्माए– चित्राङ्गद र विचित्रवीर्य। महाराज शान्तनुको मृत्यु भएपछि चित्राङ्गद राजा बने। महाराज शान्तनुका भाइ वाल्हीक र भीष्म राज्य-सञ्चालनका मुख्य सहायक बने। चित्राङ्गद ज्यादै शूर, वीर तथा सुन्दर थिए। उनमा अनेक गुणहरू विकसित भएका थिए तापनि यौटा ठूलो दुर्गुण थियो– अभिमान अहंकार। पृथ्वीतलका सारा राजालाई उनले आफ्नो पराक्रमबाट दबाएका थिए। उनी आफूजस्तो मानिस कोही छैन भन्ने ठान्थे। चित्राङ्गद नै नाम भएका गन्धर्वनायकसंग उनको वैरभाव भयो। गन्धर्व बलवान थिए। कुरूक्षेत्रमा गन्धर्वराज चित्राङ्गदको र कुरूराज चित्राङ्गदको ठूलो युद्ध भयो। तीन वर्षसम्म युद्ध भएपछि युद्धक्षेत्रमा कुरूराज चित्राङ्गद गन्धर्वराज चित्राङ्गदबाट मारिए। दाजुपछि विचित्र-वीर्य राजा बने। काशीमा तीन राजकुमारीको स्वयंवर थियो। भीष्मले सबै राजालाई जितेर तीनै ओटी राजकुमारीलाई हरण गरेर ल्याए। जेठी अम्बाले मद्रनरेशलाई आफूले बरण गरिसकेको कुरा बताएपछि भीष्मले उनलाई सुरक्षाका साथ उहीं पठाइदिए। अम्बिका र अम्बालिकाको विचित्र-वीर्यसँग विवाह भो। तर अम्बालाई अर्काले हरण गरेको भनेर मद्रनरेशले स्वीकार नगरेपछि उनी भीष्मकहाँ नै आइन्। भीष्मले स्वीकार नगरेपछि असहाय भएकी अम्बा परशुरामजीकहाँ गुहार माग्न पुगिन्। परशुराम दयावश भई अम्बालाई साथ लिएर भीष्मकहाँ आउनुभो। अम्बालाई ग्रहण गर्ने परशुरामको आग्रह भीष्मले स्वीकार गर्न सकेनन्। गुरुचेलाको आग्रहले युद्धको रूप लियो। तेइस दिन कुरू क्षेत्रको मैदानमा क्षत्रियान्तकर परशुरामसँग देवव्रत भीष्मले युद्ध गरे। देवता, ऋषिहरू आएर युद्ध रोक्ने आग्रह गर्नुभो। भीष्मले अम्बालाई स्वीकार नगर्ने निश्चय छोडेनन्। परशुरामले अम्बालाई स्वीकार गराउने आग्रह छोड्नुभो।

महाराज विचित्रवीर्य भोगी, विलासी थिए। शौर्य, वीर्य आदि सबै गुण उनमा थिए, प्रजा-पालन, राज्यसंचालन राम्रो गरेका थिए। अम्बिका र अम्बालिका दुइ रानीसँग उनले सात वर्षसम्म खूब भोगविलास गरे। भोग विलासकै अत्याधिक्यले उनलाई क्षयरोग लाग्यो। त्यही रोगबाट उनको मृत्यु भो। सन्तान भएका थिएनन्। राजगद्दी खाली भो, उत्तराधिकारी कोही भएन। बिधिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधान, नियतिको गति विचित्र, थाहा पाई नसक्नु छ । हस्तिनापुरको गद्दीमा आपनो छोरीको सन्तान दरसन्तानको निर्विवाद हक चलाउन दाशराजले देवव्रतको गद्दी नलिनें र आजीवन विवाह नगर्ने प्रतिज्ञा लिएर शान्तनुलाई छोरी दिएका थिए । तर उनकै सन्तान रित्तिएर उनै दाशराजकी छोरी सत्यवतीले उनै भीष्मलाई गद्दीमा बस्ने, विवाह गर्ने आग्रह गरिन् । नियोग प्रथाबाट विचित्रवीर्यको क्षेत्रज पुत्र जन्माइदिन माता सत्यवतीले हजार आग्रह गरिन्, कुलकुटुम्बले सल्लाह दिए । देवव्रत आपनो प्रतिज्ञामा अटल रहे, गद्दीमा पनि बसेनन्, बिहा पनि गरेनन्, सन्तान पनि जन्माएनन् । उनी भीष्मको भीष्म नै रहे ।

कुरूराजसिंहासनको प्राप्त उत्तराधिकार सदाको निमित्त त्यागें पनि त्यो सिंहासनको संरक्षण सवर्द्धन गर्नु त्यसमा बस्नेको सँधै सेवा गर्नु भीष्मको जीवनभरीको कर्तव्य बन्यो । बाबु मरेपछि चित्राङ्गदको र बिचित्रवीर्यको, पछि फेरि उनको क्षेत्रज पुत्र धृतराष्ट्र, पाण्डु तथा विदुरको शिक्षादीक्षा, संरक्षणसंवर्द्धन भीष्मबाट नै भए । पाण्डु मरे, पाण्डुपुत्रहरूलाई पिताले दिने स्नेह, माया, ममता उनले नै दिए । उनका निमित्त कौरव पाण्डवमा कुनै भेद थिएन । तर कौरवका हातमा शासन थियो, राज्य थियो । भीष्म जति निष्पक्ष बने पनि शासनबाट, शासनको दानापानीबाट बद्ध थिए । पाण्डुका पुत्र युधिष्ठिरलाई युवराजपदमा आसीन गराइसकेपछि पनि धृतराष्ट्रले पाण्डवहरूलाई वारणावतमा निकाल्ने, लाक्षागृहमा जिउँदै पोल्ने योजना गरे, द्रौपदीसँग विवाह भैसकेपछि राज्यमा झिकाएर खाण्डवप्रस्थको कालापानीमा राज्यको आधा दिएको भनी निकाले । यी सबै कुराहरूमा भीष्मसँग धृतराष्ट्रहरू डराएको चाहिं महाभारतकारले बताएका छन्, तर भीष्मले बोलेको र गरेको चाहिं केही देखाएका छैनन् । सभामा द्रौपदीले महासङ्कटमा परेर वारंबार धर्मको र न्यायको बारेमा बोलिदिने प्रार्थना गर्दा पनि भीष्मले स्पष्ट निर्णय दिएनन्; आफूले त्यहाँको विषयमा धर्मनिर्णय गर्न नसक्ने कुरा बताए । अति हुँदा पनि भीष्मले आपनो असामर्थ्य नै बताए र युधिष्ठिर स्वय धर्मको मर्मज्ञ छन्, आपनो मत बताऊन्' भनेर युधिष्ठिरहरूलाई झन असजिलो पन्यो । वरू विदुरले द्रौपदी दासी हुन नसक्ने धर्मनिर्णय दिइसकेका थिए, विकर्णले त्यसको उपपत्ति पनि दिएका थिए । पाण्डवहरूको बाह्र वर्ष वनवास र एक वर्ष गुप्तवास भो । भीष्मलाई अवश्य नै माया लाग्यो, चित्त दुख्यो । धृतराष्ट्रलाई युद्ध नगर्ने सल्लाह उनले दिइरहे । गुप्तवासको दिन पूरा भएको बारे कौरवहरूले प्रश्न उठाउँदा भीष्मले दिन पुगेको निर्णय दिए । युद्ध नगर्ने, शान्तिबाट कलह टुङ्गयाउने पक्षमा भीष्मले सँधै आपनो मत दिए । युद्ध हुने नै भएपछि उनी कौरवतर्फबाट युद्ध गर्ने भए ।

भीष्म पक्का इमानदार थिए । पाण्डवहरूप्रति उनको स्नेह थियो, सहानुभूति थियो । श्रीकृष्ण प्रति अनन्य भक्ति थियो । भीष्म बेहानबेहान सँधै प्रार्थना गर्थे– पाण्डुपुत्रहरूको जय होस् । तर उनी आफू दुर्योधनको दानापानीबाट आफू बाँधिएको अनुभव गर्थे । महाभारत संग्राम शुरू हुनुभन्दा अघि कुरूक्षेत्रको युद्धक्षेत्रमा युधिष्ठिर आफूसँग युद्धको अनुमति माग्न आउँदा उनले भने– "बाबु, पुरूष धनको दास हुन्छ, धन कसैको दास हुँदैन । म धनको दास बनेको छु धनरूपी बन्धनबाट मलाई कौरवहरूले बाँधेका छन् । मेरो तिम्रो धर्मप्रियतामा सहानुभूति छ । तर म तिम्रो विरूद्ध कौरव तर्फबाट इमानदारी साथ लड्छु ।" कौरवबाट जति बाँधिएको मानें पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्योधनले सेनापति बनाउन खोज्दा भीष्मले दुइटा सर्त राखे- "पाण्डवहरूलाई उनी कहिल्यै मार्ने छैनन्, कर्ण लडेको युद्धमा उनी सरीक हुँदैनन्'। दुर्योधनले उनको वीरताको कारण दुवै शर्त मानेर उनलाई सेनापति बनाए। उनको सेनापतित्वमा दश दिन युद्ध भो। महाभारतयुद्धमा हतियार नउठाउने प्रतिज्ञा श्रीकृष्णको थियो, महाभारत युद्धमा श्रीकृष्णलाई हतियार उठाउन लगाउने प्रतिज्ञा भीष्मको थियो। युद्धमा भीष्मको आक्रमणबाट अर्जुनलाई, आफूलाई, पाण्डवसेनालाई रक्षा गर्न दश दिनभित्रमा दुइ पटक भीष्मलाई मार्न भनेर श्रीकृष्ण दौड्नुभो, अर्जुनल पाउ समातेर रामुरी लड्ने किरिया खाएर श्रीकृष्णलाई रोक्नु पर्‍यो। उनी कत्ति कसर नराखी इमानदारीसँग पूरा शक्तिका साथ, प्राणको माया नराखीकन, लडिरहेकै थिए। तर अतिशङ्की स्वभावको दुष्ट दुर्योधनले उनलाई पाण्डवहरूको माया गरेर युद्ध नगरेको दोष लाउंथे। आठौं दिनको रातमा त दुर्योधनले "अब कर्णलाई युद्ध गर्ने अनुमति दिनुहोस्" भने अर्थात सेनापतिपद कर्णलाई दिन्छु, तपाई छोड्नोस सम्म भने तर करौडौं वामपानीका थःपड खाइसकेका परिपक्व भीष्मले खूब सहन गरेर र उनले त्यसो नगरेको कुरो बताए। नवौं दिन राति युधिष्ठिरहरू आएर भीष्मको पाउ परे। उनले बताए- म बेइमानी गर्दिन, मेरो प्राणले सके जति युद्ध गरिरहन्छ। हो, शिखण्डीलाई म बाण हान्दिन र अर्जुनले हानेको बाणले मात्र मेरो शरीरलाई बेध्न र पीडा दिन सक्छ; अरूले गरेको प्रहारले मलाई कत्ति चोट पार्दैन।" दशौं दिनको युद्ध उग्र भयो। भीष्मलाई बाँच्नुसँग पूर्ण वैराग्य भइसकेको थियो। आकाशमा देवता र ऋषिहरूले आएर शान्त हुने, बडी नरसंहार नगर्ने सल्लाह दिएका थिए। दुर्योधनका शङ्कापूर्ण, तिरस्कारयुक्त वाग्बाणले उनको चित्त क्षतविक्षत भइसकेको थियो। शरीरमा मोह उनलाई कहिले पनि थिएन। कर्तव्यशेष पनि उनले देखेनन्। कित भीष्मलाई लडाउनु पर्ने, कित युद्धमा आत्मसमर्पण गर्नु पर्ने जस्तो स्थिति पाण्डवलाई परिसकेको थियो। किनभने भीष्मसँग जुध्ने आँट कसैको बाँकी थिएन। अर्जुन पहिलेदेखि नै भीष्मका सामु सँधै शिथिल नै बन्थे। गएको राति अर्जुनले पाण्डवसेनानिवेशमा भोलिपल्ट भीष्मसँग डटेर लड्ने प्रतिज्ञा वासुदेवको र युधिष्ठिरको समक्ष गरेका थिए। अर्जुनको र भीष्मको विश्वविस्मयकारक घमासान युद्ध चल्यो। अधिल्तिर शिखण्डी पनि बाण हानिरहेका थिए। शिखण्डीलाई आफ्नो बाण लाग्ला भन्ने डर भीष्मलाई थियो। अर्जुनका लाखौं बाण भीष्मका शरीरमा सर्वत्र गडेका थिए। उनको सर्वाङ्गमा घाउ थिए, दुइ अमल पनि खाली थिएन। सर्वत्रबाट रगत बगिरहेको थियो। तागत शून्य जस्तो भएको उनको शरीर इन्द्रजात्राको लिङ्गो ढले जस्तो गरी ढल्यो। आर्यावर्तको इतिहासका अद्वितीय वीर आदर्श पुरुष, पाँच युग खाएको, साहसी, कुरुकुल पितामह पूर्व शिर गरेर पछारिए; बाणले गर्दा भईंमा गिरेनन्; पलङमा जस्तो बाणै बाणको शय्यामा परे। मृत्यु इच्छामा थियो; दक्षिणायनमा प्राण छोड्ने उनको इच्छा भएन; चाहेको दिन दिन पर्खेर रहे, बाण बिझेको पीडालाई भगवच्चिन्तनबाट, भगवान् सूर्य नारायणको उपासनाबाट हटाए।

भीष्मले आफू लडेको ठाउँबाट अन्त लगिन चाहेनन्। त्यहीं पालो पहराको व्यवस्था भो। वरिपरि खावा खनियो। ओत छप्पडको व्यवस्था भो। भीष्म लडेको सुनेपछि सँधै भीष्मसँग फुर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने महावीर कर्ण विचलित बने। मनमा डरको चीसो उठ्यो। राति कोही नभएको वेला पारी कर्ण दौडेर पुगे। भीष्मले आँखा चिम्लिरहेका थिए। कर्ण रूँदै उनका गोडामा परे, रोकिएको गलाले भने 'कुरूश्रेष्ठ, तपाईंको सँधै रिस उठ्दो, आँखाको कसिंगर राधापुत्र कर्ण म हुँ'। भीष्मले हेरे, पालेहरूलाई परपर पठाए, बाबुले छोरोलाई झैं नजीकै बोलाएर दाहिने हातले अँगालो हालेर स्नेह गरे। भीष्मले भने "आऊ बाबु, आऊ तिमी सँधै मसँग शेखी गर्छौ, मसँग दाँजो लाग्छौ। हो, तिमी साँरै ठूला वीर छौ, तिम्रो पराक्रम अर्जुनको, अझ भगवान श्रीकृष्णको पराक्रमसंग मात्र दाँजिन सक्छ। तिमीसँग मेरो अलिकति पनि द्वेष छैन। नीचको आश्रयले गर्दा तिमीमा अरूप्रति मात्सर्य (डाडो) गर्ने, गुणीहरूको गुण नदेख्ने, उल्टो द्वेष गर्ने बानी बसेकोले त्यो बानी सप्रोस् भन्ने उद्देश्यले र तिमीलाई तहलाउन सके, तिम्रो तेज झार्न सके पाण्डव कौरबको झगडा शान्त होला भन्ने आशयले मात्र मैले तिमीलाई नमीठो भन्ने गरेको हुँ। तिमी राधाको हैन, कुन्तीका छोरा हौ; सूतको हैन, पाण्डुका पुत्र हौ; सूर्यको अंशबाट जन्मेका हौ। व्यासबाट, नारदबाट र श्रीकृष्णबाट समेत मैले थाहा पाएको थिएँ। जति भो, भैगो। अब शान्त बन। पाण्डवहरू तिम्रा भाइ हुन्। श्रीकृष्णहरू तिम्रा मामली हुन्। युद्ध रोक। म यौटा लडें। मसँगै कुरूपाण्डवको शत्रुताको अन्त होस्। अरू सबैको जीवन बाँचोस्। पृथिवीमा सबै राजाहरूमा लागेको युद्धरूपी रोग हटोस्"। भीष्मका वचनबाट कर्ण द्रवित भए, विस्मित बने, केही क्षण भक्तिले र स्नेहले बोल्न सकेनन्। उनले भने– "पितामह, आज्ञा भएको साँचो हो, उचित छ, म पालन गर्थें। अहिले मैले यस्तो गर्नु अस्वाभाविक र मिथ्या हुन आउँछ। सूतले मलाई हुर्काए, सूतहरूसँग नै मेरो बिहाबारी, जायाजन्म आदि जन्मै सम्बन्ध भैसके। दुर्योधनको दानापानी यस्तरी खाएँ। उनी मेरै भरमा थिए र छन्। मैले लडकपनबाट जे जति, व्यतिक्रम, मर्यादा लङ्घन गरें, तिनमा क्षमा पाऊँ। लडाइँ गर्ने अनुमति पाऊँ।" भीष्म प्रसन्न बने, कर्णलाई धाप दिए,। चाहे जस्तो गर्ने अनुमति दिए। आफ्नो बलवीर्यको आडमा अहंकार छोडेर लड्ने आज्ञा दिए। आफूले शान्तिको निमित्त सँधै प्राणपणले कोशिश गरेको तर नसकेको कुरो बताएर भीष्मले कर्णलाई लड्न पठाए।

महाभारतयुद्धसमाप्तिपछि युधिष्ठिर श्रीकृष्णहरू भीष्मकहाँ जानुभो। उनी निभ्न लागेका बत्ती जस्ता श्रीकृष्णकै उपासनामा संलग्न थिए। ऋषिमहर्षिहरू पनि भीष्मको दर्शन गर्न आएका थिए। युद्धमा भएको बन्धुबधबाट अति पछुताउ र पीर गरिरहेका युधिष्ठिरलाई उपदेश दिन श्रीकृष्णबाट हुकुम भो। उहाँले भीष्मको सारा वेदना ग्लानि हटाइदिइबक्स्यो। ऋषिमण्डलीका माझमा भीष्मले कर्म, भक्ति, ज्ञान, वैराग्य, धर्म, इतिहास आदि सारा विषयमा युधिष्ठिरलाई छ दिनसम्म ज्यादै उपयोगी र गहन उपदेश गरे। युद्ध शुरू भएको अण्ठाउन्न दिनपछि उनले प्राण छोड्ने निश्चय बताए, श्रीकृष्णलाई उपस्थित रहिदिने प्रार्थना गरे।

प्राण छोड्नुभन्दा अघि उनले पाण्डवलाई, संसारलाई उपदेश गरे– "सत्य परम बल हो, सबैले सत्यको रक्षा र वृद्धिको निमित्त कठोर प्रयत्न गर्नू। सँधै मन इन्द्रियलाई वशमा राख्नू। मानिसको हानि नगर्नू। ब्रह्माको र ब्राह्मणको भक्त, धर्मशील, उदार तथा तपः प्रधान बन्नू। सबैको कल्याण हुन्छ।" श्रीकृष्णसंग आज्ञा लिएर भीष्मले वचन इन्द्रिय, मन, चित्त, बुद्धिलाई समाहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शरेर प्राणलाई माथि माथि लगे, जुनजुन अङ्गमा रहेको प्राणलाई उनी उकाल्थे, त्यो त्यो अङ्गबाट वाण झर्थ्यो। आखीरमा उनको शरीर वाणशून्य जस्ताको तस्तो बन्यो । उनको तेज शिर फोरेर जगतैलाई झलझलाकार गराउँदै मास्तिर उड्यो। ऋषिमुनिहरूले जयजयकार गरे। आकाशबाट पुष्पवृष्टि भो; बाजाहरूको आवाज आउन थाल्यो। उनको निष्प्राण शरीरलाई धृतराष्ट्रले संस्कार गरे ।

भीष्म पितामह समस्त आर्यजगत, हिन्दुजगतका चरित्रपितामह हुन् । आस्तिक आर्यहरू जनलाई बाबु बाज्ये जस्तै मानेर पिण्डपानी दिन्छन् । शास्त्रले भीष्मलाई पिण्डपानी दिने बिधान गरेका छन् । कौरवसभामा चीरहरण हुँदा द्रौपदीले न्याय मागेको वेला उनी स्पष्टवादी हुन सकेनन् । यसलाई स्वयं भीष्मले आपनो प्रमाद भनी सकारेका थिए । त्यो प्रमाद हुनाको कारण दुष्ट दुर्योधनको अन्नपानी लिएको दोष हो भनी उनले भनेका थिए। वास्तवमा भीष्म पितामह आर्य जातिका आदर्श चरित्रहरूको समष्टि हुन्, मूर्तिमान् विग्रह हुन् । भीष्मको चरित्रमा आर्य जातिलें सँधैं गौरव गरेको छ, गरिरहनेछ ।

ऋग्वेद १०/२५ महर्षिहरूमा भृगुऋषिको सर्वप्रथम गणना भएको छ। हुनत ठूलाठूला ऋषिहरूलाई महर्षि भन्ने गरेको पनि ठीक हो। तर मुख्यतः दश जना ऋषिको महर्षिमा गणना हुन्छ । महान् भनेको अपरिमेय व्यापक परमात्मा हो। त्यस्तो महान्लाई जसले साक्षात्कार गरेको छ, जो परमात्माका नै ऋषि अवतार हुन्, जसबाट परमेश्वर परमात्माको ज्ञान प्रसारित भएको छ तिनीहरू महर्षि मानिन्छन् । भृगु, मरीचि, अत्रि, अङ्गिरा, पुलह, क्रतु, स्वायम्भुव मनु, दक्ष प्रजापति, वसिष्ठ र पुलस्त्य यी दश ऋषिहरू महर्षिपदमा विराजमान छन् । तिनमध्य भृगु अग्रगण्य बनेका छन् । यी सबै ब्रह्माका मानस पुत्र हुन् । यिनले गृहस्थाश्रममा रहेर सन्तान जन्माई सृष्टिको विस्तार गरे, प्रवृत्ति मार्गका आदि गुरू बने। भृगु ब्रह्माजीको हृदयबाट निस्केका हुन् । भृगु भगवान्का महान् भक्त, ज्ञानी र तेजस्वी थिए। परम विद्वान् शुक्राचार्य भृगु ऋषिका पुत्र हुन्; शुक्र नवग्रह मध्ये एक ग्रह बनेर शुक्रलोकमा बसे र दैत्यहरूको गुरू बनेर एक किसिमले देवविरोधी बने। भृगु ऋषिले गोत्र प्रबर्तक अरू धेरै सन्तान जन्माए। धाता विधाता नामक दुइ पुत्र र श्री नामक पुत्री दक्षकन्या ख्यातिबाट उनले जन्माए । 'श्री' को विवाह भगवान् बिष्णुसँग भयो। अरू पनि उनका धेरै छोराहरू विभिन्न मन्वन्तरमा सप्तर्षि मध्ये रहेर काम गर्ने बनेका थिए। च्यवन ऋषि उनको गोत्रप्रवर्तक प्रसिद्ध पुत्र हुन् । च्यवनको जन्मसम्बन्धी यौटा आख्यान छ।

महर्षि भृगुकी पुलोमा नामकी पत्नी थिइन् । उनको भृगुसँग विवाह हुनुभन्दा पहिले पुलोमा नै नाम भएको दैत्यसँग विवाह हुने पनि कुरा भएको थियो। पुलोमासंग विबाह नभई भृगुसँग उनको विवाह भो। पुलोमा दैत्यले छिद्र खोजिरहेका थिए। एक दिन भृगु बाहिर काममा गएका थिए। कोही नभएको बेला पारेर पुलोमा दैत्यले ऋषिपत्नी पुलोमालाई हरण गरेर लगे। ऋषिपत्नीको गर्भमा बच्चा थियो। आफ्नी आमालाई हरण गरेको बुझेपछि बालक गर्भबाट झरे। ती बालक अति तेजस्वी थिए, उनको तेजबाट पुलोमा दैत्य तत्काले भस्म बने। बालकको नाम गर्भबाट आफैं झरेको हुनाले च्यवन भन्ने रह्यो। भृगु वंशी अरू ऋषिहरू पनि ज्यादै तेजिला थिए।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतवीर्य वंशीय क्षत्रियहरू भार्गवका यजमान थिए। यजमान र याजकको परस्पर धनको आदान प्रदान गर्ने पनि चलन थियो। त्यसमा खटपट पर्दा कार्तवीर्य क्षत्रियहरूको र भार्गव ब्राह्मणहरूको परस्पर ज्यान लिने शत्रुता बन्यो। एक वंशले अर्को वंशलाई नै निर्मूल गर्ने हानथाप भयो। यही सिलसिलामा क्षत्रियहरुले फेला परे जति भार्गवलाई मारे। गर्भिणी ब्राह्मणीहरूले जङ्गलजङ्गलमा लुकेर आफ्नो वंश जोगाए। कार्यवीर्य क्षत्रियले जमदग्निलाई पनि मारे, जामदग्न्य परशुरामले कार्तवीर्य क्षत्रियवंशका जम्मैलाई मात्रै मारेनन्, पृथिवी भरी घुमेर सारा क्षत्रियलाई मारे। गर्भका र बालकहरू ठूला हुनासाथ फेरि पृथ्वी घुमेर मार्ने काम एकाइस पटक परशुरामले गरे। कार्तवीर्य क्षत्राणीहरूले र अरू विधवा क्षत्राणीहरूले ब्राह्मणहरूबाट गर्भधारण गरेर आआफ्ना वंशको रक्षा गरे र धेरै जसो क्षत्रियवंश ब्राह्मणजन्य हुन आयो। श्रीरामले परशुरामलाई शान्त पार्नु भएपछि क्षत्रियहरूको र भार्गवहरूको द्वेष एक किसिमले शान्त भो।

महर्षि भृगु भगवान्का परम भक्त छन्। उनले हृदयमा सँधै भगवान्को चरण कमललाई विराजमान गराएका छन्; तिनैको ध्यान गर्ने गरेका छन्। साथै भक्तपरवश भगवान् विष्णुले महर्षि भृगुको पादचिन्ह आफ्नो वक्षःस्थलमा धारण गरिबक्सेको छ; आफूलाई भृगुलाञ्छनको रूपमा प्रसिद्ध गराइबक्सेको छ। ब्रह्मा, विष्णु, महेश्वरको सात्त्विक क्षमा बारे परीक्षा लिने इच्छा ऋषि समाजलाई उठ्यो। परीक्षाको निमित्त महर्षि भृगु खटिए। भृगु ब्रह्मलोक गएर ब्रह्माजीलाई आदरभाव नगरी उभिए, ब्रह्माजी जङ्गिनुभो। त्यहांबाट कैलाशमा जाँदा महेश्वरले बन्धुभाव गर्दा उपेक्षा गरे, तिरस्कार गरे। शिवजी त्रिशूलले हान्न अघि सर्नुभो। त्यहाँबाट भागेर भृगु बैकुण्ठमा पुगे। भगवान् विष्णु पल्टिरहनुभएको र लक्ष्मी पाउ दाबिरहनुभएको थियो। उहाँहरूले भृगु आएको देख्नुभएन। भृगुले विष्णुको छातीमा लात हाने। विष्णुले हत्तपत्त उठेर भृगुसंग उहाँ पाल्नु भएको नदेखेकोमा क्षमा माग्नुभो, भृगुको पाउ दुख्यो होला भनेर सुमसुम्याउन र मिच्न लाग्नुभो। ऋषिसमाज भृगुलाई पखिरहेको थियो। भृगुले सबै यथार्थ समाजलाई बताए। भगवान् विष्णु सबभन्दा बढी सात्त्विक क्षमाशील भन्ने निर्णय भयो। विष्णुको छात्तीमा लागेको भृगुको पाइलाको चिह्न महा भूषण बन्यो। त्यो भृगु लता अथवा भृगुलाञ्छन शब्दले प्रसिद्ध छ। भगवान्को वक्षःस्थलको ध्यान गर्दा कौस्तुभ मणिको साथै भृगुलताको ध्यान हुन्छ।

मन्वन्तर:- १०/६ मनु शासक प्रजापतिको नाम हो। मनु ब्रह्माजीका मानस पुत्र हुन्छन्। मनु चौध मानिएका छन्– स्वायम्भुव, स्वारोचिष, उत्तम, तामस, रैवत, चाक्षुष, वैवस्वत, सावर्णि, दक्षसावर्णि, ब्रह्मसावर्णि, धर्मसावर्णि, रुद्रसावर्णि, देवसावर्णि र इन्द्र सावर्णि। सत्य त्रेता द्वापर र कलि चार युगको पूरा समयलाई एक महायुग भनिन्छ। एक महायुगपछि अर्को महायुग चलिरहन्छ। यस्तो एकहजार महायुगको समयभरी एक मनुको शासन चल्छ। एक मनुको शासन चल्ने समयलाई मन्वन्तर भन्ने चलन छ। एक मन्वन्तरमा आठ करोड छपन्न लाख आठ सय दिव्य वर्ष अर्थात् तीस करोड चौरासी लाख एकचालीस हजार मानव वर्ष हुन्छ। यस्तो चौध मन्वन्तर वर्षको एक कल्प हुन्छ। सय वर्ष बाँच्ने ब्रह्माजीको एक दिन एक कल्पको हुन्छ र रात पनि त्यति नै एक कल्पको हुन्छ। आजकाल ब्रह्माजीको आयुको पूर्वार्द्ध बित्यो, उत्तरार्द्ध चलेको छ। वर्तमान कल्पको नाम श्वेत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाराह हो। हाल वैवस्वत मनुको शासन चलेको छ। छ मनुको शासन सिद्धिइसक्यो र अहिलेका वैवस्वत मनु सातौं मनु हुन्। वैवस्वत मन्वन्तरका पनि सत्ताइस महायुग बितिसके। अठ्ठाइसौं महायुगको पनि सत्य, त्रेता र द्वापर बितेर अठ्ठाइसौं कलियुग चलिरहेको छ। यसरी ब्रह्माण्डको दिव्य संचालनमा ब्रह्माको, सप्तर्षिको, प्रजापतिहरूको र मनुहरूको आआपना उत्तरदायित्व छन्, समय रोकिएको छ। विश्वब्रह्माण्डसंचालनको निमित्तको रूपमा सबै कार्यव्यस्त रहन्छन्। मनुका सन्तान म निसले पनि यो सृष्टिसंचालनमा आफूलाई एक निमित्त मानेर अनासक्त बनी, भगवद्भावबाट, आत्मज्ञानलाई भगवद्धाम प्राप्तिलाई, मोक्षलाई परमपुरुषार्थ मानेर आपनो धर्ममा, कर्तव्यमा इमानदारीसाथ संलग्न रहनुपर्छ।

मन्तव्यः सप्त- १०/६ वेदमा ऋषि शब्दको प्रधानतः १ प्राण, २ नक्षत्र, ३ अतीन्द्रिय तत्वहरूको द्रष्टा र ४ मन्त्रहरूको द्रष्टा समेत चार अर्थमा प्रयोग भएको पाइन्छ। कहीं कुनै, कहीं कुनै अर्थलाई प्रधान बनाएर तात्पर्य निकाल्नु पर्ने हुन्छ। ऋग्वेदसंहिता मण्डलव सूक्त १६४, मन्त्र १५ मा साकंज सप्तर्षिको उल्लेख भएको छ। शरीरको उत्तम अङ्ग शिरोभागमा रहेका दुइश्रोत्र, दुइनेत्र, दुइघ्राण, एक वाक्मा रहने सात प्राण साकंज सप्तर्षि हुन्। ऋग्वेदकै नासदीय सूक्तमा 'आनीद वातं स्वधया तदेकं' भनिएको सृष्टिपूर्वको मूल प्राणलाई शतपथ ब्राह्मणले ऋषि मानेको छ। यो मूल प्राणलाई ऋषि मानेर नै 'मनुस्मृति' मा ऋषिबाट देवदानव, पितृ, आदि समस्त चराचरको सृष्टि भएको वर्णन गरिएको छ। शतपथ ब्राह्मणले छैठौं काण्डमा 'ती ऋषि को हुन्?' भन्ने प्रश्न गरेर "प्राणा वा ऋषयः" प्राण नै ऋषि हुन् भनी स्पष्ट पारेको छ। शतपथ ब्राह्मणले (१४.५.२.४) भनेको छ- "मास्तिर मूल तलतिर प्वाल भएको पात्रमा विश्वरूप यश रहेको छ, त्यही पात्रमा सात ऋषि रहेका छन्"। पात्र भनेको शिर हो, विश्वरूप यश भनेको मूल प्राण हो, सात ऋषि भनेका दुइ कान, दुइ आँखा, दुइ घ्राण, र वाक्मा रहेका सात प्राण हुन्। तिनको नाम कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जगदग्नि र वसिष्ठ हो। मूल प्राणलाई सबैभन्दा श्रेष्ठ भएकोले वसिष्ठ भनेको हो। शतपथ ब्राह्मणकै चयन प्रकरणमा प्राणलाई वसिष्ठ ऋषि, मनलाई भरद्वाज ऋषि, चक्षुलाई जमदग्नि, श्रोत्रलाई विश्वामित्र र वाकलाई विश्वकर्मा मानिएको छ। आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक सबै जगतमा ऋषिप्राणहरूबाटै अनेक वृत्ति तथा प्रवृत्ति चलिरहेको सत्य डाउँठाउँमा स्पष्ट गरिएको छ। प्राणरूप ऋषिको वैविध्यलाई नै संकेत गरेर ऋग्वेदले (१।६२।५) गम्भीर शक्तिवाला ती ऋषिहरूलाई विरूप विविधरूपवाला भनेको छ- "विरूपास इद् ऋषयः"।

नक्षत्रताराहरूलाई ऋक्ष भन्छन्। ऋक्षलाई नै पछिपछि ऋषि भनेको हो भनी शतपथ ब्राह्मण द्वितीय काण्डमा भनिएको छ- "सप्तर्षी नु हाम वै पुरर्क्षा इत्या चक्षते"। ऋग्वेदको दशम मण्डलको एकाइसौं र बयासियौं सूक्तका मन्त्रहरूमा ध्रुव, मत्स्य, अगस्त्य, वसिष्ठ आदि तारालाई लक्ष्य गरेर ऋषि शब्दको प्रयोग भएको पाइन्छ। अहिलेसम्म पनि कैयन् ताराहरू ऋषिहरूकै नामबाट प्रख्यात छन्।' ऋषिप्राण तथा ऋषिनक्षत्रको तथा अतीन्द्रियतत्वहरूको रहस्यलाई तपस्याद्वारा प्राप्त प्रतिभाबाट साक्षात्कार गर्ने महात्माहरू, त्यस्तो रहस्य बताउने तपस्वीहरू पनि वेदमा ऋषि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दबाट अभिहित भएका छन् । वेदानुगामी परवर्ती ग्रन्थहरूमा ऋषिको महिमा अझ बढी स्पष्टसंग बताइएको छ र ऋषि सम्बन्धी अनेक आख्यान उपाख्यानहरूको समेत वर्णन भएको छ । ऋषिहरू धेरै छन् र कोही देवर्षि, कोही ब्रह्मर्षि, कोही राजर्षि हुन्छन् । ज्ञाननिष्ठा, सत्यनिष्ठा र तपोनिष्ठा जसमा समन्वित भएर रहेका हुन्छन् र जसलाई तीनै कालका र जहाँ सुकै रहेका कुराहरूको तपोबलबाट साक्षात्कार हुन्छ तिनलाई ऋषि भन्छन् । ऋषिको ज्ञानलाई देशले र कालले छेक्दैन । ऋषिको वाणी सत्य हुन्छ. ऋषि सत्य बोल्छन्, ऋषिले बोलेको सत्य बन्छ । ऋषिहरूले परमेश्वरको साक्षात्कार, गरेका हुन्छन् । उनीहरू कर्मवासनाका प्रभावले हैन, स्वयं इच्छाले व्यवहारसंग सम्बद्ध रहन्छन्; लोक कल्याणार्थ तपस्यामा नै संलग्न रहन्छन्; जगत्को सृष्टि स्थिति र लयको कायमा सदा सहायक बनिरहन्छन् । सप्तर्षि पनि यस्तै ऋषिहरू हुन् । सप्तर्षिहरूमा मुख्यतः सात ओटा विशिष्टता हुन्छन् ।

सप्तर्षि सात हुन्छन् । तिनमा सात गुण हुन्छन् । सप्तर्षिहरू प्रथमतः दुइ थरी छन् कल्प सप्तर्षि र मन्वन्तरसप्तर्षि । कल्पभरी रहने, कल्प कल्पमा फेरिने सप्तर्षिहरू कल्प सप्तर्षि हुन् । मन्वन्तर भरी रहने मन्वन्तर मन्वन्तरमा फेरिने सप्तर्षि मन्वन्तर सप्तर्षि हुन् । १ सप्तर्षिहरू दीर्घायु हुन्छन्, – (कल्प सप्तर्षि कल्पभरी, मन्वन्तर सप्तर्षि मन्वन्तर भरी रहन्छन्) २ मन्त्र द्रष्टा हुन्छन्; ३ योगैश्वर्य सम्पन्न हुन्छन्; ४ दिव्य चक्षुवाला हुन्छन्; ५ आयु, ज्ञान र तपस्यामा बृद्ध हुन्छन्, ६ जे पनि झलझलो प्रत्यक्ष देख्छन्, ७ गोत्र चलाएर सृष्टि चक्र प्रवर्तन गर्छन् । सप्तर्षिहरू पढ्ने पढाउने, यज्ञ गर्ने गराउने, दान दिने लिने यी षट्कर्ममा लागेका हुन्छन् । तिनको आफापनो विद्यागुरु कुल हुन्छ, स्त्री पुत्र भएको गृहस्था श्रम हुन्छ तिनीहरू योग शक्तिबाट भित्र बाहिर जतासुकै विचरण गर्न सक्ने हुन्छन् । युग युग, मन्वन्तर मन्वन्तर, कल्प कल्प बदलिंदा पनि वर्णाश्रमधर्मको संरक्षण र संवर्द्धन गर्ने काम, ज्ञानविज्ञानलाई प्रसारित गरिरहने काम, वेदपरम्परालाई कायम गरिरहने काम सप्तर्षिहरूबाट अटूट रूपमा चलिरहन्छ ।

अहिलेको कल्प श्वेतवाराह कल्प हो र मन्वन्तर वैवस्वत हो । शतवर्षायु ब्रह्माजीको एक दिनको आयुको नाम कल्प हो । एक कल्पमा चौध मन्वन्तर हुन्छन् । एउटा मनुको पालाको नाम मन्वन्तर हो । प्रत्येक मन्वन्तरमा एकहत्तर महायुग हुन्छन् । सत्य त्रेता द्वापर र कलि चार युगको समुदायलाई एक महायुग भन्छन् । एक महायुगमा त्रितालीस लाख बीस हजार मानव वर्ष हुन्छन् । यो वैवस्वत मन्वन्तरका सप्तर्षि गौतम, भरद्वाज, विश्वामित्र, जमदग्नि, कश्यप, अत्रि र वसिष्ठ हुन् । ब्रह्माजीको मनबाट जन्मेका, भगवान्का भावमय सप्तर्षि भनेका श्वेतवाराह कल्पसप्तर्षि हुन् । तिनको नाम मरीचि, अत्रि, भृगु, पुलस्त्य, पुलह, ऋतु र वसिष्ठ हो । तिनको सामान्य परिचय निम्नबमोजिम छ – १ मरीचि- मरीचि महातपस्वी छन् । महर्षि कश्यप तिनका पुत्र हुन् कश्यपबाट सृष्टिको ठूलो विस्तार भयो । मरीचि भगवान्का अंशांशावतार हुन् । लोकको सृष्टिचक्रप्रवर्तनमा, मर्यादीकरणमा र कल्याण चिन्तनमा यिनी सर्वदा संलग्न रहन्छन् । कला नामक पत्नीबाट जन्मेका यिनका छोरा कश्यपबाट देवदानव दैत्यहरूको वंश चलेको हो ।

२. अत्रि- अत्रि ब्रह्माजीका मानस पुत्र हुन्, अरू सप्तर्षि जस्तै प्रवृत्तिमार्गी छन् । कर्दम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

की छोरी अनसूया यिनकी पत्नी हुन् । अत्रिको तपस्या र अनसूयाको सतीत्वको वशमा परेर ब्रह्मा, विष्णु र महेश्वर तीनै देवताले अनसूयाका गर्भबाट अवतार लिनुभो । ब्रह्माले सोमको, विष्णुले दत्तात्रेयको र महेश्वरले दुर्वासाको रूपमा लीला गर्नुभो । यस विषयमा अत्रि ऋषिको तपस्याको र अनसूयाको पातिव्रत्यको प्रभावको आख्यान यस प्रकार छ ।

सृष्टि गर्नुभन्दा पहिले अत्रि ऋषिले ठूलो तपस्या गरे । प्रसन्न हुनु भएका ब्रह्मा विष्णु महेश्वरले उनको समक्ष प्रकट भएर वर माग्ने आज्ञा भो । अत्रिले सृष्टि गर्नको निमित्त तपस्या गरेको र आफूलाई पुत्र चाहिएको कुरा निवेदन गरे । त्रिदेवले 'तथास्तु' आज्ञा भएको थियो । अनसूया पतिको सेवामा सदा संलग्न, परम विदुषी, परम सती महिला थिइन् । उनको सतीत्वको महत्त्व प्रदर्शन गर्ने इच्छाले ब्रह्माविष्णुमहेश्वरले उनको कुटीमा आएर भिक्षायाचन गर्नुभो । अनसूयाले भिक्षा टक्याउन जाँदा भिक्षुकभेषधारी त्रिदेवले विवस्त्र भएर दिएको भिक्षामात्र लिने कुरा भन्नुभो । ऋषि पत्नीलाई अचम्म लाग्यो । पतिव्रतको प्रभावले वास्तव रहस्य उनले जानिन् । सतीको संकल्प अनुसार ब्रह्मा विष्णु र महेश्वर तीनै देवता तत्कालै काखे दूधे बच्चा बन्नुभो । माता अनुसूयाले बोकेर कुटीभित्र लगिन्, उहाँहरूको इच्छाबमोजिम दूध रूपी भिक्षा स्तनपान गराइन् । अत्रिऋषिलाई पनि बडो आनन्द लाग्यो । सतीको प्रभाव, तीनै देवता अनुसूयाका कुटीमा दूधे बच्चा भएर सुतेको धेरै समय बित्यो । ब्रह्माणी, भवानी, लक्ष्मी अनसूयाकहाँ आउनुभो । उहाँहरूले पति फिर्ता दिने वरदान माग्नुभो । अनसूयाले उहाँहरूलाई ढोगिन्, स्तुति गरिन्, तीन काखे बालकलाई पहिलेको जस्तै ब्रह्मा विष्णु महेश्वर रूप दिएर विदा गरिन् । रामावतारमा अनसूयाले दिएको पतिव्रता धर्मको उपदेशले सीतालाई परम सती स्वामीको रूपमा रावणगृहमा बस्ने शक्ति दियो, संसारमा संधै सबैबाट पूजित गरायो । कौशिक ब्राह्मणको धर्मपत्नी शाण्डिलीले पतिव्रतको प्रभावले सूर्यलाई उदाउनै दिइनन् । देवताहरू अनसूयाको शरण पर्न पुगे । अनसूयाको अनुरोधमा शाण्डिलीले सूर्योदय भएपछि मर्ने आफ्नो पतिलाई बचाइदिनुपर्ने कुरा गरिन् । माण्डव्य ऋषिको सरापले कौशिक ब्राह्मण सूर्य उदाएपछि मर्ने भएकाले शाण्डिलीले सूर्य नै नउदाओस् भनेकी थिइन् । अनसूयाले देवताहरूसंग मरेका कौशिकलाई बचाइदिनुपर्ने शर्त राखिन् । उनीहरूले मञ्जूर गरेपछि अनसूयाको अनुरोधमा शाण्डिलीले सूर्योदय होस् भनिन् । सूर्य उदाए, ऋषिको सराप अनुसार कौशिकको प्राण गयो । देवताहरूले उनलाई पुनर्जीवन दिए । कौशिक सबै रोगहरु समेत हराएका पहिले भन्दा बढी स्वस्थ सुन्दर रूपमा जीवित बनें । अनसूयाको प्रभावबाट सबैको कल्याण भो ।

३. अङ्गिरा– अङ्गिराबाट धेरै ऋषिहरू उत्पन्न भएका छन् । मरीचि ऋषिकी कन्या सुरूपा उनको पत्नी हुन् । सुरूपाबाट पुरोहितश्रेष्ठ वृहस्पति जन्मे । संवर्त र उतथ्य पनि सुरूपाकै पुत्र हुन् । कर्दमको मतमा वृहस्पति सुरूपाबाट जन्मेको नभई शुभा नामक पत्नीबाट जन्मेका हुन् । कर्दम ऋषिकी छोरी स्वराट् तथा मनुकी छोरी पथ्यासँग पनि उनको विवाह भएको थियो । स्वराट्-बाट गौमत ऋषि जन्मे, पथ्याबाट विष्णु ऋषि जन्मे । अङ्गिरस नामक ऋषिहरू पनि अङ्गिराकै पुत्र हुन् । अग्निको आविष्कार अङ्गिराले गरेका हुन् भन्ने अनुमान धेरैले गरेका छन् । अग्निको आविष्कार त स्वयं भएको छ । अग्निको आविष्कार गरेको भन्नाको तात्पर्य अरणीको मन्थनबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहेको बेलामा अग्नि निकाल्ने पद्धतिको आविष्कार गरेको भन्ने हो। चाहेको वेलामा आगो निकाल्न पद्धतिको आविष्कार संसारको निमित्त ठूलो वरदान हो। यसको ज्ञानबाट मानिसले अंध्यारोमा पनि उज्यालो बनाउन पायो। ऋषिहरूले अग्निप्राप्तिलाई ठूलो उपलब्धि ठहऱ्याए, अग्निपूजा चलेको चल्यं भएको छ।

सप्त ऋषिमा अङ्गिराको सट्टा भृगुको गणना गर्ने विकल्प पनि छ। भृगुको विषयमा पहिले लेखिसकिएको छ।

४. पुलस्त्य- पुलस्त्यका छोरा विश्रवा हुन्। विश्रवाबाट इडविडामा कुबेर, कुम्भीनसीमा रावण, कुम्भकर्ण, विभीषणहरू जन्मे। कुबेर बाबुसँगभन्दा बाज्येसँग बढी सम्बद्ध भए र ब्रह्माजीका बढ़ी नजीक भए। त्यसो हुँदा ब्रह्माजीले कुबेरलाई धनाधिपति, उत्तरदिक्पाल बनाएर लोकपालको दर्जा दिनुभो। निदाघ ऋषि र अगस्त्य ऋषि, जसलाई दत्तोलिपति भन्छन्, पुलस्त्य ऋषिका पुत्र हुन्। अगस्त्यको आमाको नाम हविर्भू हो। आफ्नो बाबु शक्ति ऋषिलाई राक्षसले मारेको हुनाले पराशर ऋषिले सम्पूर्ण राक्षसलाई मार्ने यज्ञ गर्न थालेका थिए। राक्षस यक्षहरू पनि आफ्ना वंशज भएका हुदा पुलस्त्यले यज्ञ रोक्ने आग्रह पराशरसँग गरे। त्यसबाट प्रसन्न भएर पुलस्त्यले पराशरलाई सारा शास्त्रहरूको ज्ञान हुने तथा समस्त योगविद्या जान्ने र योगसिद्धि प्राप्त गर्ने शक्ति दिएका थिए। व्यासदेवमा पराशर ऋषिबाट त्यही पुलस्त्यप्रदत्त, विद्या, योग र सिद्धि प्राप्त भएको थियो। पुलस्त्यमा वज्र रोक्ने शक्ति छ र उनको नामोच्चारणले वज्रपतन हुँदैन।

५. पुलह- पुलह ऋषि प्रवृत्तिमार्गी थिए तापनि निवृत्तिमार्गी कुमार सनन्दनसंग उनको ज्यादै घनिष्ठ मित्रता थियो। सनन्दनबाट उनले निवृत्ति मार्गसँग सम्बद्ध ज्ञान पूर्ण रूपमा पाएका थिए। जुन वेला पनि झलझली ईश्वरलाई देखिरहने ज्ञान उनलाई थियो। उनी सँधै जसो ईश्वरीय सत्ताको समाधिमा नै मग्न रहन्थे। उनले पनि दक्षकी छोरी क्षमा र कर्दमकी पुत्री गतिसँग विवाह गरेका थिए र पिताको आदेश अनुसार ऋषि प्रजाको उत्पादन गरे। उनका छोरा कर्मश्रेष्ठ, वरीयान् र सहिष्णु प्रसिद्ध तपोधन ऋषिमा प्रख्यात भए।

६. क्रतु- क्रतुको कर्दमपुत्री क्रिया र दक्षपुत्री सन्ततिसँग विवाह भएको थियो। सूर्यको अघि अघि वेदमन्त्रले स्तुति गरिरहने साठी हजार बालखिल्य ऋषि क्रतु ऋषिका छोरा हुन्। यी बालखिल्य ऋषिहरूकी आमा क्रिया हुन्। क्रियापुत्र यी बालखिल्य नामक साठी हजार ऋषिहरू अङ्गुष्ठ (बूढ़ो औंलो) प्रमाणका छन्। यिनीहरू ऊर्ध्वरेता ब्रह्मचारी हुन् र ब्रह्मतेजले देदीप्यमान छन्। गरूड़को जन्म यिनीहरूकै यज्ञको प्रभावद्वारा कश्यपले पत्नी विनतामा गराएका हुन्।

७. वसिष्ठ- वसिष्ठले ऊर्जा नामक पत्नीमा सात छोरा जन्माए। चित्रकेतु, सुरोचि, विरज, मित्र, बसुभृत, उल्वण, द्युमान तिनको नाम हो। वसिष्ठकी प्रसिद्ध पत्नी अरून्धती हुन्। अरून्धतीका शक्ति प्रसिद्ध पुत्र हुन्। शक्ति समेत सय छोरा वसिष्ठका थिए। विष्णु भगवान्बाट पाएको वेदान्त ज्ञान ब्रह्माजीले वसिष्ठलाई दिनु भएको थियो। वसिष्ठबाट सो ज्ञान उनका छोरा शक्तिमा र शक्तिका गर्भदुहुरो छोरो पराशरमा, पराशरबाट व्यासमा आएको थियो। व्यासदेवबाट महाभारत, अठ्ठाह्र पुराण, उपपुराण आदि अनेक ग्रन्थरत्नहरूबाट सो ज्ञानज्योतिको सर्वत्र प्रसार भएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अझ बेदान्तकै सिद्धान्तको प्रतिपादन गर्ने ब्रह्मसूत्रको पनि व्यासदेवबाट रचना भयो। वसिष्ठले श्रीरामलाई उपदेश गरेको वेदान्त विषय योगवासिष्ठमा महारामायणका नामबाट बाल्मीकिले संगृहीत गरेका छन्। ज्ञानसागर वसिष्ठ संसारका महान् उपदेष्टा हुन्।

वसिष्ठ ऋषिको महिमामय चरित्रको आर्य वाङ्मयका प्राचीन ग्रन्थहरूमा यत्रतत्र गान भएको छ। उनको क्षमाशक्ति अवर्णनीय छ। विश्वामित्रले बसिष्ठसंग घोर विरोध गरे, अनेक दुःख कष्ट दिए, सय छोरा मराए। तर वसिष्ठ कहिल्यै विचलित भएनन्, विश्वामित्र प्रति अलिकति पनि द्वेष उनमा उठ्दै उठेन। विश्वामित्रको तपस्तेजको वसिष्ठ सँधै प्रशंसा गर्थे। हुँदाहुँदा विश्वामित्र वसिष्ठलाई पनि मार्न तम्सिसकेका थिए। मार्न भनेर बाहिर आफू लुकिरहँदा मित्र वसिष्ठ ऋषिले पत्नी अरून्धतीसंग विश्वामित्रको तारीफ गरेको, विश्वामित्र ब्रह्मर्षिको स्थितिमा पुग्न आँटेका छन् भन्ने कुरा गरेको विश्वामित्रले आपनै कानले सुने। विश्वामित्रले मित्र पसी वसिष्ठको पाउमा परी क्षमा मागे। वसिष्ठले विश्वामित्रलाई ब्रह्मर्षि भनेर सम्बोधन गरे, सँधै क्षमा दिइरहेको कुरो बताए। ब्राह्मणमा क्षमाशक्ति हुनुपर्छ भन्ने वसिष्ठको निश्चय थियो। वसिष्ठ क्षमाधन थिए। वसु भनेको धन हो, क्षमा रूपी बसु भएकाहरूमा सर्वश्रेष्ठ भएका हुनाले नै उनको वसिष्ठ भन्ने नाम रहेको थियो। वसिष्ठ पूर्ण वीतराग, जीवन्मुक्त, गृहस्थी थिए; साथै भगवान्का परमभक्त थिए। भगवान् रामचन्द्रको अवतार हुने भएकोले उनी रघुकुलका कुलगुरू भएर रहेका थिए। वसिष्ठको महिमा प्रत्येक पुराणमा वर्णित भएको छ।

यम - १०/ यम विश्वकर्माकी छोरी संज्ञाबाट जन्मेका सूर्यपुत्र हुन्। विवस्वान् सूर्यका छोरा हुनाले उनलाई वैवस्वत पनि भन्छन्। श्राद्धदेव मनु उनका सहोदर भाइ हुन् र यमुना सहोदर बहिनी हुन्। आपनी आमा संज्ञाले घोडीको रूप लिएको बेलामा जन्मेका अश्विनी कुमार नामले प्रख्यात नासत्य र दस्र पनि उनका भाइ हुन्। आमाकै प्रतिकृति छायाँमा सूर्यबाटै जन्मेका शनैश्चर पनि उनका भाइ नै हुन्। यमलाई सामान्यतः यमराज भन्ने चलन छ, यम चौध मानिएका छन्। तिनमध्ये संज्ञापुत्र यम मुख्य भएका हुनाले उनी यमराज भनिन्छन्। यमराज दश दिक्पाल मध्ये दक्षिण दिशाका दिक्पाल मानिएका छन्। यमलोकको राजधानी संयमनी पुरी हो। त्यसमा चार ढोका छन्। मरेपछि सुकर्म र दुष्कर्मको फलभोगको निर्णयका निमित्त मानिस सूक्ष्मशरीरयुक्त जीवको रूपमा यमलोकमा पुग्छन्। सुकर्मी पुण्यात्माहरूलाई पूर्व पश्चिम तथा उत्तर द्वारबाट लगिन्छ, दुष्कर्मी पापात्माहरूलाई दक्षिणद्वारबाट लगिन्छ।

यम पुरीको दक्षिण द्वारको बाटो बडो कष्टप्रद छ। तरबारे पातवाला रूख भएको वन, टण्टलापुर घाम आदि अनेक दुःख कष्ट झेल्दै, रगत पीपले भरिएको, क्रूर जलजन्तुले युक्त वैतरणी नदी पार गरेर पापीहरू यमलोकमा पुग्छन्। दक्षिण द्वारबाट पस्ने बित्तिकै पापीहरूले यमराजलाई अति अति भयङ्कर रूपमा देख्छन्। सारै ठूला, भित्र गडेका, डरलाग्दा आँखा, धूवाँ जस्तो वर्ण, ठाडाठाडा आगाका ज्वाला जस्ता रौं, तीखा तीखा राँको उठेका दाह्रा, लामालामा डरलाग्दा सुइरा जस्ता नङ, टेढाटेढा आँखि भुइँ। प्रलयकालको मेघ जस्तै गर्जन भएका यमराजका वरपर मूर्तिधारी रोगहरू र क्रूर जन्तुहरू तथा भीषण यमदूतहरू देखिन्छन्। चित्रगुप्तले उपस्थित पापीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरेका पाप र तिनले भोग्नुपर्ने नरकादिफल यमराजलाई विन्ति गर्छन्; सोही अनुसार यमराजले पापफलभोगका निम्ति पापीलाई ठाउँ ठाउँमा लैजाने आदेश दिन्छन् ।

पुण्यात्माहरू पूर्व, पश्चिम वा उत्तर ढोकाबाट यमलोकमा लगिन्छन् । यी ढोकाका बाटाहरू अति सुगम र सुखकर छन् । यी ढोकाको बाटोबाट आउने धर्मात्माहरूले यमराजलाई अति अति शान्त, सुन्दर, सुखद मूर्तिमा देख्छन् । उनीहरूको दृष्टिमा यमराज भगवान् विष्णु जस्त नीलवर्णवाला हुन्छन् । उनका चार हातमा शङ्ख चक्र गदा पद्म हुन्छन्, अति सुन्दर विशाल प्रासादको रत्न सिंहासनमा विराजमान हुन्छन् । उनका अङ्गअङ्गबाट, रोमरोमबाट प्रेम र करूणाका शीतल आभा निस्किरहेका हुन्छन् । उनी आफूकहाँ आइपुगेका पुण्यात्माहरूलाई उत्तम लोकमा पठाएर असल फलभोग गराउँछन् ।

यमराज भगवान् विष्णुका परम भक्त छन्; उनलाई परमभागवत भन्छन् । बाह्र भागवत आचार्य मध्ये यमराज पनि एक हुन् । हरेक पूजाआजा हुँदा, यज्ञ हुँदा यमराजको पनि पूजा हुन्छ । दिक्पालको रूपमा यिनको ध्यान गर्दा धूम्रवर्ण, राँगोमा चढ्नेको, हातमा दण्ड लिएको मूर्तिको ध्यान गरिन्छ । कुकुरलाई यमलोक मार्गको रक्षकको रूपमा र कागलाई यमलोकमा संवार पुऱ्याउने दूतको रूपमा पूजा गर्ने विधान छ । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्मलाई यम पञ्चक भन्छन् । यम पञ्चकमा घरका ढोकामा यमराजलाई तेल बत्ती चढ़ाउनुपर्छ, पूजा गर्नुपर्छ । द्वितीयाको दिन भाइपूजा गर्दा यमराजको र यमुनाको भक्तिभावपूर्वक पूजा हुन्छ । यो पाँच दिन भित्रमा मृत्यु हुनेहरूको सद्गति हुन्छ अर्थात् तिनले दक्षिणद्वारबाट जानुपर्दैन, पूर्वपश्चिम उत्तर द्वारबाट यमलोकमा पस्न पाउँछन् र पुण्यलोक प्राप्त गर्छन् ।

युधिष्ठिर १/१६ युधिष्ठिर पाण्डुका धर्मराजको अंशबाट कुन्तीको कोखमा जन्मेका जेठा छोरा हुन् । बालक अवस्थामा हुँदा नै जङ्गलमा बाबु मरे, कान्छी आमा सती गइन् । विधवा कुन्तीले पाँच बालकको स्याहारसुसार गरिन् । विधवा आमाका पाँच छोरामध्ये आफू जेठा भएकाले युधिष्ठिरले घरमा फुर्किने अवसरै पाएनन्; खराब संस्कार नभएकोले उनले बालककालदेखि नै आफूलाई पूरा परिवारको प्रथम उत्तरदायीको रूपमा ढाल्दै लगे । त्यसो हुँदा पाण्डवपरिवारमा जेठो दाजुको जस्तो मात्र हैन, बूढ़ो बाबुको जस्तो उनको भूमिका थियो, आदरसम्मान थियो । उनको अनुशासन र मर्यादामा पाण्डवपरिवार रहेको थियो । पाँच भाइको सारै मेल थियो । एकको निम्ति अरू चार प्राण दिन पनि तयार रहन्थे । कुनै एक भाइ रहेन भने अरू कोही पनि नरहने जस्तो उनीहरूको स्वभाव थियो । पाँच शरीरको यौटै प्राण जस्तो थियो । त्यसो हुनामा युधिष्ठिरको गुणलाई सर्वोपरि श्रेय थियो । युधिष्ठिरले जे गरे पनि चार भाइ मान्थे, समर्थन गर्थे । कुनै एकले अन्यथा मान्न खोज्यो भने अरूले ठीक गराइदिन्थे ।

महाराज पाण्डुका जेठा छोरा हुनाले हस्तिनापुरको सिंहासनमा – धृतराष्ट्र अन्धा भएकाले उनलाई राजा बनाउनु हुँदैन भन्ने कुरा पाण्डुलाई राजा बनाउँदा नै प्रमाणित भैसकेको थियो– युधिष्ठिरको पहिलो हक थियो । धृतराष्ट्र र पाण्डुका एकसय पाँच मध्ये पनि सबभन्दा जेठा छोरा भएकाले उनले नै राज्य पूरा पाउनु पर्ने थियो । त्यसैले धृतराष्ट्र, बाहिर राम्रो गरीगरीकन, भित्रभित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाण्डवहरूको प्रच्छन्न द्रोह गर्थे । कर्ण, शकुनि, दुर्योधन दुःशासनको एक गठ थियो । विदुर पाण्डवहरूको भलो चिताउँथे र गर्थे । विदुरकै गुप्त सहायताले पाण्डवलाई कौरवहरूको गुप्त बधबन्धनको षडयन्त्रबाट बचाएको थियो । युधिष्ठिर धर्मात्मा थिए, सत्यपक्षपाती थिए । दुनियाँ उनलाई ज्यादै मन पराउँथ्यो । युधिष्ठिरको उमेर पुग्यो । उनी योग्य पनि थिए । उनलाई राजा बनाउन ढीलो भएकोमा प्रजामा चर्चा हुन थाल्यो, दुनियाँ आफू आफूमा कुरा गर्न थाले– "धृतराष्ट्र अन्धा छन्, राजा हुन पाउन्न । पहिले पनि त्यसैले उनलाई नबनाई पाण्डुलाई राजा बनाएको हो । दुर्योधनहरूको राज्यमा अधिकारै छैन । त्यसमाथि दुर्योधन भन्दा जेठा युधिष्ठिर हुन् । दुर्योधन जन्मने बित्तिकैको समामा धृतराष्ट्रले स्वयं भनेका हुन् "युवराज हुने जेठा छोरा युधिष्ठिर हुन्, यो दुर्योधन हैन' । युधिष्ठिरलाई राजा बनाउन किन ढिलो ? उनलाई राजा बनाउनुपर्छ" आदि । त्यो आवाज झन् झन् चर्को हुँदै आएकोले धृतराष्ट्रहरूले युधिष्ठिरलाई अर्जुनले द्रुपदविजय गरेपछि युवराज बनाइसकेका थिए । तर अधिकार दिएनन् र उनले छलकपट गर्दै, दुर्योधनहरूका कुरा सुन्दै तिनलाई सिकाउँदै युधिष्ठिरहरूलाई खतम पार्ने षडयन्त्र गर्दै रहे । यसै प्रसङ्गमा पाण्डवलाई वारणावतको लाक्षागृहमा जलाउने षड्यन्त्र भएको थियो । दौपदीसंग पाण्डवको विवाह भएपछि पाण्डवलाई हस्तिनापुरमा बोलाएर देशबन्धनमा राख्ने प्रयत्न एवं आधाराज्य दिएको बहाना गरेर खाण्डवप्रस्थको कालापानीमा पाण्डवलाई पठाउने जाल धृतराष्ट्रको प्रच्छन्न शत्रुताका उदाहरण हुन् । युधिष्ठिर ज्यादै पढे गुनेका विद्वान्, नीतिज्ञ तथा सत्यमा र मर्यादामा अटूट निष्ठा भएका राज कुमार हुनाले सहिरहन सके र लगातारका षड्यन्त्रहरूलाई विफल बनाइरहन सफल भए ।

युधिष्ठिर ज्यादै ठूला विद्वान् थिए । ठूलाठूला गुरूहरूसँग पढ्ने। सिक्ने, सुन्ने सौभाग्य उनलाई मिलेको थियो । हिमालयमा मेरूसावर्णिसँग उनले पढे । भृगुतुंगमा भार्गव परशुरामसंग शिक्षा उनले पाए । दृषद्वती तटमा साक्षात् शम्भुबाट उनलें ज्ञान पाए । कल्माषी नदीको तीरमा उनी भृगुऋषिको शिष्य बनेका थिए । असित ऋषिसँग पनि उनले पढे । वारणावतमा स्वयं व्यासदेवले उनलाई शिक्षा दिनुभो । पुरोहित धौम्य सँधै शिक्षा दिइरहन्थे । देवर्षि नारद बरांबर उनलाई दर्शन दिएर अर्तो उपदेश दिइरहनुहुन्थ्यो । युधिष्ठिरले नजानेको विषय नै थिएन । उनको बुद्धिले नखारेको शास्त्र नै थिएन । उनी ज्यादै ठूला भविष्यद्रष्टा थिए । कृपाचार्य र द्रोणाचार्य उनका कुलगुरु नै थिए । गङ्गापुत्र भीष्म उनका पितामह गुरु थिए । बाह्र बर्षको बनवासको समयमा उनको चिन्तन मनन शक्ति झन् तीक्ष्ण भो । मार्कण्डेय आदि ऋषिबाट उनले अनेक शिक्षा लिए । लोमश ऋषिले दिनु भएको शिक्षाबाट उनी अरूले अदृश्य, अज्ञेय विषय पनि देख्थे, जान्दथे । मरेको व्यक्ति कुनलोकमा गयो र कस्तो भयो भन्ने कुरा थाहा पाउने अनुस्मृतिशक्ति र योगबाट हुने दिव्यचक्षु युधिष्ठिरले वनबासको समयमा देवर्षि लोमशका अनुग्रहबाट पाएका थिए । गणित विद्यामा पनि उनी अद्वितीय विद्वान् थिए ।

भगवान् श्रीकृष्णको अनुग्रह युधिष्ठिरलाई प्राप्त थियो । श्रीकृष्णको अनुग्रह तथा भाइहरूको पौरखको सहायताबाट युधिष्ठिरले राजसूय यज्ञ गरेर आर्यावर्तभरीका राजाहरूबाट आफूलाई महा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राजाधिराज माझे बनाए । उनको राज्यमा सारै ठूलो समृद्धि थियो । युधिष्ठिर महाराजको राजकीय सवारी चल्दा दश हजार हात्ती, तीस हजार घोडा र रथ अघिपछि आग्थे । उनकहाँ सय हजार घोडा, सय दश हजार हात्ती पालिएका थिए । बेहान महराज युधिष्ठिरलाई जागा गराउन मणिजड़ित गहना लाएका आठ सय सूतमागधहरू मंगल गाउँथे; देवस्तोत्र गान गर्थे; प्राचीन गाथाहरू गाउँथे; पुरुखाका पुरुषार्थहरूको बखान गर्थे । महाराज युधिष्ठिरका दरबारमा सय हजार केटी सुसारेहरू थिए, सबै किम्मती लुगागहनाले, फूलमालाचन्दन आदि प्रसाधनले झकिझकाउ भएका हुन्थे । आठ हजार ब्राह्मणसाई चाँदीका भाँडामा सँधै भोजन गराइन्थ्यो । अध्ययन सकेर गृहस्थी आश्रममा पसेका अठासी हजार स्नातक विद्वानहरूको भरण पोषण राज्यका तर्फबाट हुन्थ्यो । ब्रह्मचारी जोगी संन्यासी दश हजारलाई दिनदिनै सुसंस्कृत अन्न पानी, लुगा कपडा, ओढने ओछ्याउने आदिको पूरा प्रबन्ध राज्यले गरेको थियो । बूढा, अनाथ, अन्धा, लङ्गडा, लुला जति थिए तो सबैलाई राजा युधिष्ठिरले आफ्नै छोराछोरीलाई जस्तै गरी पाल्थे । सारा दुनियाँले उनबाट पिताको वात्सल्य पाउँथे । राजसूय यज्ञ हुँदा चार भाइले चारै दिशाका राजाहरूलाई जितेर असंख्यात धनसम्पत्ति ल्याए । राजसूय यज्ञमा पनि पृथिवी भरीका राजाहरूले मणिमाणिक्य, सुन चाँदी, लुगाकपडा, हात्तीघोडा आदि सौगात, उपहार, बलि, करहरूको रूपमा चढाउन ल्याएको धन सम्पत्ति औला दौला थियो । बुझ्ने र थन्क्याउने काम दुर्योधनले गरेका थिए । मयनिर्मित सभा भवन जगमगाएको थियो । त्यो श्री, त्यो समृद्धि, त्यो ऐश्वर्य, त्यो शक्ति, त्यो साम्राज्य दुर्योधनहरूलाई खपिनसक्नु भो; सबै आफ्नो बनाउने इच्छा भो । धृतराष्ट्र र दुर्योधनहरूको सल्लाह भो । जुवा खेलाएर सबै सम्पत्ति जित्ने निश्चय भो । धृतराष्ट्रको आज्ञा सुनेपछि पाँच पाण्डव, द्रौपदी आफ्ना परिचर समेत हस्तिनापुर आए । दौपदीको परम समृद्धि, तेज, रोबरबाफ देख्दा धृतराष्ट्रका बुहारीहरूका मनमा नमीठो भो । राती त्यहीं खाने बस्ने प्रबन्ध थियो । रात भरी सबै सेवा प्राप्त गरेर पाण्डवले धृतराष्ट्रकै पाहुना भएर बिताए । द्रौपदी त्यहीं राति पर सरिन् । बेहान पाण्डवहरू आफ्नो दैनिक कर्म सकेर सभामा पसे, जुवाको पूर्व व्यवस्थित खाल बस्यो ।

दुर्योधनको दाउ हान्ने शकुनि भए । युधिष्ठिरले दाउमा बाजी थाप्दै लगे, शकुनिले जित्दै भन्दै लगे । दश चोटि शकुनिले जितेपछि विदुरले खेल्न रोके, तर रोकिएन । फेरि चार बाजी युधिष्ठिर हारे, यतिमा युधिष्ठिरको धनसम्पत्ति राजपाट जम्मै गयो । अझ पनि 'थाप' भन्दा युधिष्ठिरले नकुललाई, सहदेवलाई, अर्जुनलाई, भीमलाई अनि आफूलाई थापे, हारै गए । आखिरमा शकुनिले फेरि 'द्रौपदी त छन् नि' भन्दा युधिष्ठिरले बीसौं बाजीमा द्रौपदी थापे । त्यो बाजी पनि शकुनिले मारे भने द्रौपदी धृतराष्ट्रकै घरमा बसेकी थिइन् । प्रातिकामीलाई द्रौपदीले दुइ पटक फर्काएपछि दुर्योधनले दुःशासनलाई द्रौपदीलाई सभामा ल्याउन अह्राए । बुद्धिमान् युधिष्ठिरले परिस्थितिको उग्रता र जटिलता बुझे । आफ्नो मानिसलाई 'रजस्वला भए पनि सभ्यमा आएर ससुराको अगाडि उपस्थित बन । राजपुत्रीलाई सभामा जबर्जस्ती ल्याएको देखेर सभाहरूले धृतराष्ट्रको पुत्रलाई मनले भए पनि निन्दा गरून्" भन्ने सन्देश द्रौपदीलाई सुटुक्क पठाए । सभामा द्रौपदीको बेइज्जती हुनुसम्म भो, अति भो । द्रौपदीले धर्म र न्याय बोल्ने अनुरोध गरिरहिन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यस्तो संकटमा पर्दा पनि धर्मको, न्यायको नै विचार गर्ने द्रौपदीको चरित्रको भीष्मले प्रशंसा गरेर भने "यी धर्म जान्ने द्रोणाचार्य आदि बूढापाकाहरू प्राण गएको शून्य शरीर जस्तो भइ निहुरेर बसिरहेका छन् के भनौं ? कुरूहरू लोभ र मोहमा परेछन्, निश्चय नै चाँडै नै यो कुरूकुलको संहार हुनेछ ।"

धृतराष्ट्रले माफी दिएर पहिला जुवाको हाहाकार शान्त भएपछि युधिष्ठिरहरू राम्ररी विदा भएर केही पर मात्र पुगेका थिए, धृतराष्ट्रको आज्ञा अनुसार तत्काल उनीहरूलाई फर्काइयो । फेरि सोही दिन अर्को जुवा खेलाएर धृतराष्ट्रले पञ्चपाण्डव र द्रौपदीलाई हस्तिनापुरबाट सीधै जङ्गलतिर पठाए । पाण्डवहरू चीर वल्कल वस्त्रमा, द्रौपदी रगतले भिजेको एक वस्त्रमा राजमार्गबाट कतै नहेरी पैदल वनतिर गए ।

रक्सी र जुवा राजालाई विगार्ने खराब व्यसनमध्ये गनिएका छन् । युधिष्ठिरले जुवा नखेल्नु पर्ने हो । हुन त, उनी जुवा खेल्न निकै जान्दथे । तर त्यहाँ जुवाको मात्र कुरा थिएन । युधिष्ठिर ज्यादै बुज्रुक र राजनीतिज्ञ थिए । उनीहरूलाई निम्तोको नाममा हस्तिनापुरमा ल्याएर एवलो पारिसकिएको थियो, राति त्यहीं राखेर बन्दी बनाइसकिएको थियो । हस्तिनापुरले, जुवा युधिष्ठिरले नलेखेको भए, शक्ति प्रयोग गर्ने थियो, पाण्डवहरूको ज्यानै खतरामा परिसकेको थियो । युधिष्ठिरले यो बुझेका थिए । त्यसैले धृतराष्ट्रको हुकुम मानेर जुवा खेल्नु र उनीहरूले हराए जस्तो गरी हार्नु बाहेक अरू कल्याणकारक उपाय युधिष्ठिरले देखेनन् । उनले सभालाई र संसारलाई आफ्नो निर्दोषता र धृतराष्ट्रहरूको नृशंसता देखाउने मात्र विचार गरेका थिए । तत्काल बाटैबाट फर्काई फेरि जुवा खेलाएर उनीहरूलाई खाली जिउ जङ्गल पठाएकोबाट नै कौरवको बदनियत, अति दुराशय प्रमाणित भएका थिए । देवर्षि नारदले महर्षिहरूका साथमा कौरव सभामा आएर भन्नुभो, "अब चौधौं वर्षमा यो अपराधले गर्दा कौरवहरूको नाश हुनेछ ।" मान्छेको मन, कौरवहरूलाई डर भो, आफूले लुटेको दोष हटाउने भूमले सम्पुर्ण राज्य द्रोणाचार्यलाई दिए । द्रोणले भने– "यो हेमन्त ऋतुमा ताडको रूखको छाया जस्तो क्षणिक हो, मलाई दिएको" ।

युधिष्ठिर सारै नीतिकुशल थिए । आफ्नो नै अहित गर्न आएको दुर्योधनलाई उनले भाइहरूद्वारा गन्धर्वको बन्धनबाट छुटाए । जयद्रथलाई माफी दिए । अर्जुनलाई पशुपतिविद्या सिद्ध गर्न पठाए । उनी चौपट्टै भ्रातृप्रेमी थिए । भ्रातृप्रेम गर्दा पनि उनको नीतिज्ञताले काम गरिरहेको हुन्थ्यो । वनमा हिंड्दा हिंड्दै सबैलाई ज्यादै प्यास लाग्यो । पानी खोजेर ल्याउन सहदेव गए, फर्केनन् । एकएक गरी सबै गए, कोही फर्केन । युधिष्ठिर आफैं गए । नजीकै सरोवरको किनारमा चारै भाइ विचेत भएर लडेको उनले देखे । त्यहाँ रूखमा भएको यक्षले भनेको नमान्दा उनीहरू लडेको कुरा उनले यक्षबाट थाहा पाए । आफ्ना अनेक रहस्यमय प्रश्नहरूका उचित उत्तर पाएका यक्षले सन्तुष्ट भएर यौटा भाइलाई बचाइदिन्छु भन्दा युधिष्ठिरले नकुललाई बचाइदिने अनुरोध गरे । कुन्ती तर्फका आफू बाँचिरहेका र माद्री तर्फका नकुल बाँच्नुपर्ने उनको युक्ति थियो । युधिष्ठिरको धर्मज्ञता, नीतिज्ञता र प्रतिभाबाट प्रसन्न भएर यक्षले चारै भाइलाई बचाए ।

युधिष्ठिर सारै धार्मिक, सारै सहनशील दीर्घदर्शी थिए । विराटको सभामा राजाको सालो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कीचकले द्रौपदीलाई कपालमा समातेर पछान्यो, लात हान्यो । सभा बसेको बेला, राजाले न्याय दिन अलमल्याए। युधिष्ठिर वरिष्ठ सभासद्को रूपमा कङ्कको गुप्त वेष लिएर बसेका थिए । बल्लब भेषका भीमसेन तात्न थाल्दा युधिष्ठिरले औंला समातेर रोके । सैरन्ध्री भेष धारिणी द्रोपदीलाई महारानी कहाँ जानू भनी अह्राए। युधिष्ठिर अलिकति मात्र आवेशमा आएका भए, पन्ध्र सोह्र दिन मात्र बाँकी भएको गुप्तवास खुल्ने थियो; बाह्रवर्ष वनवास र गुप्तवास दोहोरिने थियो । तेह्र वर्षसम्म त्यत्रो भुक्तमान भोगिसक्दा पनि युद्ध नभइ नछोड्ने भो। युधिष्ठिर सारै शान्ति प्रिय भएकाले पाँचभाइलाई पाँच गाउँमात्र दिए पनि शान्ति गर्ने सन्धिप्रस्ताव श्रीकृष्ण आफैंले लगिबक्स्यो। कुरो नमिलेर फर्केपछि उहाँबाट हुकुम भो– "दुर्योधनले विना युद्ध सियोको टुप्पा गाड्ने जति जमिन पनि दिन्न भने। भीष्म द्रोणहरूले उचित कुरा भनेनन्। अश्वत्थामा कृपहरू चूप लागे। लडाइँ नगरी नहुने भो"। यो सुनेपछि युधिष्ठिरलें दिक्क भएर भने– "जुन लडाइँ नहोस् भनेर मैले संधै प्रयत्न गरें त्यो लडाइँ हुने नै भो।"

गीतोपदेश भैसकेपछि युद्ध हुन आँटेको वेला युधिष्ठिरले आफ्ना सबै हात-हतियार रथमा राखे, कवच फुकाले, रथबाट ओर्लेर उनी कौरवसैन्यतिर पैदल अघि बढे । उनी कहाँ किन जाँदै थिए, कसैलाई थाहा थिएन। द्रुपद, विराट आदि सेनापतिहरू, अर्जुन आदि भाइहरू, पछि लागे । भगवान् श्रीकृष्ण पनि साथ लागि बक्स्यो । सबै चकित थिए । थरीथरीका अडकल चले। डरले आत्मसमर्पण गर्न लागेको भन्ने पनि कसैले सम्झे । युधिष्ठिर तब त युधिष्ठिर! उनी भीष्म, द्रोण, कृप, शल्य जस्ता मान्यजनहरूसंग आफ्नो युद्धबाध्यता बताएर युद्धको संमति माग्न गएका थिए । मित्रपक्ष, शत्रुपक्ष दुवैतिर उनको ठूलो प्रशंसा भो। संधै सत्यको पक्ष लिएको प्रभावबाट उनको रथ भुँई नछोई चार अमल माथि हिंड्यो । अश्वत्थमाका मृत्युका विषयमा भ्रामक वचन बोलेपछि उनको रथले भुइँ छुन थाल्यो। गुरूको रूपमा उनी द्रोणलाई चौपट्टै मान्थे। तर द्रोण मरेपछि अर्जुनसंग भएको विवादमा उनले द्रोणका केही दोष बताए। (१) द्रोण द्रौपदीको बेइज्जती हुँदा सभामा चुपचाप बसिरहे। (२) पाण्डवबाट अन्यायपूर्वक लिएकोस स्व, राजपाट दुर्योधनहरूले द्रोणलाई सुम्पेर भोग गर्दा द्रोण चुप लागे। (३) सोह्र वर्षको बालक अभिमन्युलाई मार्ने जुक्ति कर्णलाई द्रोणले बताए। (४) अभिमन्युलाई मार्दा छ महारथीमध्यें आफू पनि सम्मिलित भए। (५) अर्जुनसंग लड्न नसकेर भागेको दुर्योधनलाई आफैंले कवच बाँधिदिएर अर्जुनलाई जित्न सक्ने बनाएर पठाए । (६) युधिष्ठिरलाई जीउँदै समातेर दुर्योधनलाई बुझाउने प्रतिज्ञा द्रोणले गरे। युधिष्ठिर आमाका सारै भक्त थिए। कर्णले उनलाई जयाभावी भन्दा उनलाई उठेको रिस कर्णका गोडा माता कुन्तीका जस्ता देखेविचिकै शान्त हुन्थ्यो, उनलाई भक्ति बढथ्यो । युद्धमा उनले ठूलो वीरता देखाए। कर्णबाट सारै घाइते हुँदा उनी अर्जुनसंग पनि ज्यादै रिसाए। दाजुभाइको ठूलो कलहको संकट उठ्यो। श्रीकृष्णबाट सबै परिस्थिति सम्हालिबक्स्यो । उनी जीवनमा नराम्रोसंग रिसाएको त्यही एक पटक थियो। पछिल्लो सेनापति शल्यलाई युधिष्ठिरले मारे र अट्ठाह्रौं दिनमा युद्धको उपसंहार गर्ने योद्धा युधिष्ठिर नै बने ।

युद्ध समाप्त भो, आखिरमा भीमसेनले गदायुद्धमा दुर्योधनलाई तिघ्रा भाचेर लडाए पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कलहको विउ भुटियो । दुर्योधनले दुर्योधनले गरेको अन्याय अत्याचारहरूबाट भीमसेन अति अति क्रुद्ध थिए, उनले दुर्योधनलाई खूब तीतो पोखेर भने । दुर्योधनको शिरलाई लात्तीले हल्लाए । मर्यादापालक युधिष्ठिरले त्यसो गरेको सारै मन पराएनन्, भीमलाई हप्काए । युधिष्ठिर अजात शत्रु थिए, उनको कसैसंग शत्रुता थिएन । उनमा विजयको हर्ष देखिंदै देखिएन । त्यो वेला पनि उनले दुर्योधनसँग भाइसँगकै व्यवहार र बोली वचनमा भने "बाबु दिक्क नमान, तिमीले नगर्नुपर्ने कामहरू गऱ्यौ, शान्ति गर्न मानेनौ, के गर्नु परिणाम यस्तो भयो ।" युधिष्ठिरलाई विजयको हर्ष त छैंदै थिएन, ढरू कौरवको पराजयको उनलाई ठूलो पीर पऱ्यो । सय छोरा मारिए, सय बुहारी विधवा भए, अरू नातागोता इष्ट मित्र मारिए, आँखा नदेख्ने र नहेर्ने दम्पतीको युधिष्ठिरलाई पीर भो । उनले सम्झाउन भगवान् श्रीकृष्णलाई पठाए । मरेका वीरहरूले भरिएको युद्धक्षेत्रमा बाँचेका स्त्रीपुत्रबन्धु बान्धवहरूका साथमा आएकी गान्धारीमा अनेक उतार चढाउ आए । उनले युधिष्ठिरलाई दोष लाइन । युधिष्ठिरले आफूलाई सराप दिन अनुरोध गरे । हात जोडेर निहुरिंदा पट्टीको भित्रबाट गान्धारीको शोकक्रोधयुक्त दृष्टि उनका नङमा पर्दा नङ कालो भएर डढे । युधिष्ठिरको विनय, मर्यादा र अक्रोधबाट गान्धारी आफै सेलाइन्, उनलाई छोरोलाई जस्तै फुल्याइन् । तिलोदक कर्णलाई पहिले दिने आज्ञा दिएर महारानी कुन्तीले कर्ण आफ्नो प्रथम पुत्र भएको रहस्य खोल्दा युधिष्ठिरलाई कठोर वज्रपात भो । पहिले नै थाहा पाएको भए यत्रो नरसंहार नै नहुने संझेर उनले ठूलो पछुताउ गरे । कर्णको प्रभावले आफूलाई सधै दबाउने गरेको, कुन्तीका जस्ता पाउ देख्दा भक्ति उठने गरेको कुरामा पहिले नै विशेष खोजीनीति आफूले नगरेकोमा, कुन्तीले त्यस्तो महत्वपूर्ण विषय लुकाई राखेकोमा उनलाई सारै दुःख लाग्यो । "अब उप्रान्त नारीले पेटमा कुनै कुरा पनि गोप्य गरेर राख्न नसकून्" भन्ने सराप दिए ।

युद्ध समाप्त भएपछि आफ्नो चित्त सम्हाल्न उनलाई निकै गाहारो पऱ्यो । ६ दिनसम्म भीष्मबाट अनेक उपदेश सुनेपछि उनी सम्हालिए । राजा भएर दुनियालाई उनले ठूलो सुख शान्ति दिएर पूर्ण धर्म राज्य चलाए । तीन ओटा अश्वमेध यज्ञ गरेर महाभारत युद्ध पछि छत्तीस वर्ष सम्म युधिष्ठिरले राज्य गरे ।

भगवान् श्रीकृष्णले पृथिवी छोडिबखेपछि युधिष्ठिरले अभिमन्युका छोरा परीक्षितलाई हस्तिनापुरको राज्य दिए, धृतराष्ट्रपुत्र युयुत्सुलाई अभिभावक बनाए, कृपाचार्यलाई कुलगुरूको रूपमा स्थापित गरे । सँन्यास लिएर रानी द्रौपदी र भाइहरू समेत पृथ्वीलाई प्रदक्षिण परिक्रमा गरी उत्तरापन्थतिर महाप्रस्थान युधिष्ठिरले गरे । एक एक गरी रानी र भाइहरू उवलन नसकेर हिउँमा लडे । उनको साथमा यौटा कुकुर पनि गएको थियो, आखीरमा उनीसंग त्यही यौटा कुकुर बाँकी रह्यो । आफ्नो अनुगामी कुकुरलाई छोडनु पर्ने भए स्वर्ग पनि नजाने धर्मनिष्ठा उनले देखाए । कुकुरको रूप लिएर धर्मराजले गरेको धर्मपरीक्षणमा समुत्तीर्ण भएर युधिष्ठिर महाराजले सशरीर स्वर्गारोहण गरे । युधिष्ठिरका दुइ पुत्र थिए द्रौपदीबाट प्रतिविन्ध्य र शैब्यकुमारी देविकाबाट सुहोत्र । दुवैजना महाभारत युद्धमा वीरगति प्राप्त गरे ।

युयुधान- सात्यकि १/४ शिनिका छोरा युयुधान श्रीकृष्णकै वृष्णिवंशमा जन्मेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रिय हुन् । उनको प्रसिद्ध नाम सात्यकि हो । सात्यकि महावीर अर्जुनका महावीर शिष्य हुन् । भीष्म पितामहले पनि उनको वीरतालाई महत्त्व दिएर उनलाई अतिरथीमा गनेका थिए । अर्जुनका अप्रतिम सात्यकि झण्डैझण्डै अर्जुन जतिकै विश्वसनीय वीर थिए । उनी एक अक्षौहिणी सेना लिएर महाभारतयुद्धमा युधिष्ठिर पक्षबाट लडेका थिए । युधिष्ठिरले उनलाई आफ्ना सात सेनापति मध्ये एक सेनापति बनाएका थिए । सात्यकि भगवान् श्रीकृष्णका उद्धव जस्तै प्यारा अनुगत भक्त हुन् । उहांले उनलाई आफ्नो रक्षकसेनाको सेनानायक बनाइबक्सेको थियो । श्रीकृष्णको र अर्जुनको मन परेका हुनाले पाण्डवसेनातर्फ सात्यकिको निकै दबदबा थियो ।

अर्जुन युद्धमा सबैभन्दा बढी सात्यकिको वीरतालाई पत्याउंथे । युद्धको चौधौं दिनमा अर्जुनले जयद्रथलाई मार्नै पर्ने थियो । साथै द्रोणाचार्यले आफू सेनापति बनेकै राति दुर्योधनको प्रिय काम गर्ने प्रसङ्गमा अर्जुनले बीच बचाउ गरेनन् भनें युधिष्ठिरलाई जिउँदै पक्डेर दुर्योधनलाई दिने प्रतिज्ञा गरेका थिए । जयद्रथलाई मार्न व्यूहमा प्रवेश गर्नु भन्दा पहिले अर्जुनले फौजलाई खास गरेर युधिष्ठिरलाई सात्यकिको जिम्मा लाएका थिए, सात्यकिको पराक्रम द्रोणको निमित्त पनि अविजेय छ भन्ने ठानेर । युधिष्ठिरले अर्जुनलाई मदद गर्न भनेर सो दिन सात्यकिलाई नै व्यूहभित्र पठाएका थिए । सात्यकिले कौरवसैन्यलाई तहस नहस गर्नमा ठूलो पराक्रम देखाए ।

सोमदत्तको र शिनिको ठूलो वैरभाव थियो । शिनिले बसुदेबको पक्षमा लागेर देवककी छोरी देवकीलाई स्वयंवरबाट हरेर लाने काममा मदद गरेका थिए । सोमदत्तले शिनिसँग युद्ध गरे । युद्धमा सोमदत्तले शिनिलाई समातेर पछारे, लातले हाने, कपालमा समातेर तरवारले टाउको काट्न आँटेको तर दया लागेर छोडिदिएका थिए । सो अपमानको बदला लिन शिनिले ठूलो तपस्या गरेर शिवजीलाई प्रसन्न बनाए । सोमदत्तको छोरोलाई युद्धमा हजारौं योद्धाहरूको सामु पछारेर लात हान्न सक्ने छोरो पाउने वरदान शिवजीबाट शिनिले पाएका थिए । सात्यकि त्यही वरबाट प्राप्त शिनिपुत्र थिए । युद्धमा सोमदत्त, भीष्मका कान्छा बाबुका छोरालाई सात्यकिले नै मारे । सोमदत्तका छोरा भूरिश्रवासँग जयद्रथबध हुने दिन सात्यकिको घमासान युद्ध पऱ्यो । दुबैजना ढाल तरवार लिएर लडन थाले । भूरिश्रवाले सात्यकिका ढाल तरवार नष्ट गरेर जगल्टामा समातेर पछारी लात हाने, बेसरी गाली गरे तरवार उजाएर सात्यकिको गर्दनमा हान्न लागेका थिए । त्यही हातलाई अर्जुनले बाण हानेर काटिदिई सात्यकिलाई बचाए । भूरिश्रवा हात काटिएपछि युद्धभूमिमा योगबाट प्राण छोड्ने इरादाले प्रायोपवेश–नमरून्जेल अनशन बस्ने आसनमा बसेका थिए । सात्यकिले भूरिश्रवाको जुल्फी समातेर, देख्ने सबैले नमार्ने सल्लाह दिंदादिंदै भूरिश्रवाको शिर काटे, लातले लत्याए । उनको यो कामको सबैले निन्दा गरे । सात्यकि प्रतिज्ञाबद्ध थिए किनभने गाली गर्ने र टाउकामा गोडाले छुने जो भए पनि मार्छु भन्ने उनको प्रतिज्ञा थियो । उनको यो कुकर्म देखेर कर्ण आदि वीरहरूले सात्यकिलाई झम्टे । सात्यकिको रथलाई भूमिश्रवाले नै ध्वस्त पारिसकेका थिए । बिरथ सात्यकिलाई भीमले आफ्नो रथमा चढाए । कर्णहरूको आक्रमण सात्यकिको निमित्त भयजनक देखेर भगवान् श्रीकृष्णले 'आवश्यक पऱ्यो भनें आफैंलाई युद्धको निमित्त चाहिन्छ भनी दारूकलाई तयार पारेर राख्न अह्राइ बक्सेको रथ शङ्खको आवाज दिएर मगाइबक्स्यो । त्यसैमा सात्यकि चढे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सात्यकिको उज्ज्वल वीरतामा भूरिश्रवाको हत्या यौटा कलङ्कको रूपमा छ। त्यो उनलाई भन्ने दोष बनेको छ । धृष्टद्युम्नले द्रोणलाइ मारेकोमा सात्यकिले निन्दा गर्दा धृष्टद्युम्नले सात्यकिलाई यही विषय लिएर निन्दा गरे। सात्यकि महाभारत युद्धमा पाण्डवपक्षतर्फ बाँच्ने सात जना वीर मध्ये एक थिए। पछि यादवहरूको प्रभासमा परस्पर युद्ध हुँदा सात्यकि र कृतवर्माको झगडाबाट हत्या शुरू भएको थियो। सात्यकिले कृतवर्मालाई सुतेका वीरहरूलाई राति लुकेर गई मारेको दोष लगाए, कृतवर्माले सात्यकिलाई समाधिमा बसेको निःशस्त्र भूरिश्रवालाई मारेको दोष लगाए। झगडा गर्दा गर्दै सात्यकिले कृतवर्मालाई र कृतवर्माले सात्यकिलाई सँगसँगै मारे। यही उठानबाट समग्र यदुकुलका वीरहरूको आफाफैं लडेर संहार भयो।

रवि, विवस्वान् ४/१/१०/२१ रवि श्री सूर्य नारायणको नाम हो। सूर्यलाई विराट रूप महापुरूषको नेत्र मानिएको छ । लोकपिता कश्यप र देव माता अदितिबाट सूर्यदेवको जन्म भयो। विश्वकर्माकी छोरी संज्ञासंग सूर्यको विवाह हुने भो। तर सूर्य अति तेजस्वी भएको हुँदा संज्ञाले त्यो तेजको सहन गर्न नसक्ने बुझिएकोले सूर्यको तेज केही कम गराउनु पर्ने ठहरियो । त्वष्टा विश्वकर्माले सूर्यबिम्बको बाहिरी एक चक्का काटेर झिके, बाँकीलाई खुर्कें। झिकिएको चक्कालाई सुदर्शन चक्रको रूप दिए। सूर्यको प्रताप अब संज्ञाले सहन सक्ने भएको ठानी संज्ञासँग सूर्यको विवाह भो। संज्ञाबाट जुम्ल्याहा छोरा र छोरी जन्मे। छोराको नाम 'यम' छोरीको नाम 'यमुना' रह्यो । संज्ञाबाटै अर्का एक छोरा जन्मे, उनको नाम श्राद्धदेव रह्यो र उनैलाई वैवस्वत मनु भनियो, उनबाट सूर्यवंशीय सन्तति चल्यो। हिजो आजको मन्वन्तर वैवस्वत मन्वन्तर नै हो।

संज्ञा विश्वकर्मापुत्री, जसको नाम सध्यु पनि हो, सूर्यको ताप सहन गर्न निकै गाहारो परेकोले आपनै छायालाई सूर्यकहाँ छोडेर आफू सुटुक्क भागेर गइन्; घोडीको रूप लिएर आनन्दसँग तप गर्न लागिन्। छायालाई सूर्यले संज्ञा नै ठानेका थिए र छायाबाट पनि सन्तान जन्मे। छायाको यौटो छोरो शनैश्चर अर्को छोरो सावर्णि र यौटो छोरी तपती भए। शनैश्चरले नव ग्रहभध्ये एक ग्रह भएर काम गरे; सावर्णि आपनो समयमा मनु भए; छोरी सूर्या सावित्री तपतीको संवरणसंग विवाह भो। उनका छोरा कुरूबाट कुरूकुल चल्यो, त्यसैमा पाण्डुहरू जन्मे। सूर्यलाई खास संज्ञा घोडी भएको थाहा भो। सूर्य पनि घोडाको रूप लिएर संज्ञा भएकै ठाउँमा जानुभो। घोडा घोडी भएकै बेलामा सूर्य संज्ञाको संगमबाट जुम्ल्याहा छोरा जन्मे । यौटाको नाम नासत्य र अर्कोको नाम दस्र रह्यो । तिनैलाई संयुक्तरूपमा अश्विनी कुमार भनियो। अश्विनीकुमार आयुर्वेदका परम विशेषज्ञ देव वैद्य भए। तिनले अश्विनीकुमार संहिता भन्ने वैद्य ग्रन्थ बनाए।

सूर्य ग्रहराज, ग्रहमण्डलको अधिपति मानिनुहुन्छ । दृश्य सूर्यमण्डल सूर्यदेवको स्थूल विग्रह हो। हाम्रो शास्त्र अनुसार ब्रह्माण्ड अनन्तकोटि छन् । प्रत्येक ब्रह्माण्डमा अनन्त सौरमण्डल छन्, प्रत्येक सौरमण्डलमा हामीले देख्ने गरे जस्तै एक एक सूर्य बिम्ब छ। प्रत्येक सूर्य बिम्बमा सूर्यदेव हुनुहुन्छ । अनन्तकोटि ब्रह्माण्डका समस्त सूर्यमण्डलका अधिष्ठाता चैतन्य श्रीसूर्य नारायण हुनुहुन्छ, सूर्य नारायण अधिदेव पुरूष स्वयं परम पुरूष परमात्मा होइबक्सिन्छ। सूर्य नारायणमा र परब्रह्ममा भेद छैन। आर्यहरूको परमोपास्य परमाराध्य श्रीसूर्य नै हुनुहुन्छ। समस्तवेद साररूपिणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्राधिदेवी गायत्री मन्त्र जपको, गायत्री उपासनाको अर्थ परब्रह्म परमात्माको आराधना हो, उपासना हो। प्रथमतः सूर्यबिम्बको, त्यसमाका सूर्यदेवको, त्यसमाका सूर्य नारायणको, त्यसमाका परब्रह्म परमात्माको उपासना गायत्री मन्त्रबाट गरिन्छ। गायत्री मन्त्रले सूर्यबिम्ब, सूर्यदेव, सूर्यनारायण, परब्रह्म परमात्मालाई एकएक गरी बुझाउँछ र सबैमा अभेदज्ञान गराएर, अद्वैत नित्य सनातन सच्चिदानन्दमय परब्रह्म परमात्माको बोध गराउंछ, साक्षात्कार गराउँछ। सूर्य आर्यसंस्कृतिको आत्मा हुनुहुन्छ।

सूर्यबिम्बमा अधिष्ठित सूर्यदेव आफ्नो सौरब्रह्माण्डको भ्रमण गरिरहनुहुन्छ। उहाँको रथमा सात रङका सात घोडा जोतिएका छन्, पाङ्ग्रा यौटा छ। गरूडका दाजु अरूण सारथि भएर सूर्य-रथलाई हाँक्छन्। रथको अघि अघि साठी हजार बालखिल्य ऋषि तथा अन्य ऋषिमहर्षिहरूले वेदमन्त्र पाठ गर्छन्; गन्धर्वहरू गान बजान गर्छन्; अप्सराहरू नाच्छन्; राक्षसहरूले पछि पछि रथ-लाई घचेट्छन्; भल्लहरू रथको दायाँ बायाँ रथका अङ्ग प्रत्यङ्गहरूको हेर विचार गर्छन्। ती सबैलाई सूर्यको पार्षद भन्छन् र पूरा समुदायलाई 'सूर्यव्यूह' भन्छन्। यो सूर्यव्यूहको अधिपति सूर्यको उपासना बाह्र महिनामा बाह्र नामबाट हुन्छ। सूर्यको नाम अनुसारका सूर्य पार्षदका ऋषिगण, गन्धर्व गण, अप्सरा गण, राक्षस, भल्ल, नाग गणहरुका नेता पनि भिन्नाभिन्नै हुन्छन्। शाक्त, शैव आदि सम्प्रदाय जस्तै सौर सम्प्रदायको आपनै दर्शन, मत मान्यता सिद्धान्तहरु छन्। तर समस्त सनातनधर्मीहरू सूर्यको उपासना उस्तै भक्ति भावले गर्छन्। प्रत्यक्ष देवता श्रीसूर्यको उपासनाबाट रोग नाश, आरोग्य, सुस्वास्थ्य प्राप्त हुन्छ। बेहान, बेलुका र मध्यान्हमा श्री सूर्यनारायणको गायत्री माताको माध्यमबाट उपासना हून्छ। सूर्यलाई स्थावर जङ्गम समस्त चराचर प्राणीको जीवनदाता मानिएको छ। वेदले सूर्यलाई सवेता देवताको रुपमा वर्णन गरेको छ। हामीहरूका शुक्ल यजुर्वेदको मूल गुरू सूर्य नै हुनुहुन्छ। याज्ञवल्क्य ऋषिले वैशम्पायन ऋषिसँग वेद पढे। गुरू वैशम्पायनको र शिष्य याज्ञवल्क्यको मन नमिल्दा याज्ञवल्क्यले वैशम्पायनसँग पढ़ेको वेद त्यागे। उनले भगवान् सूर्यको आराधना गरे। भगवान् सूर्यले प्रसन्न हुनुभएर मध्यदिनमा बाजीको (घोडाको) रूपबाट याज्ञवाल्क्यलाई शुक्ल यजुर्वेदको उपदेश गर्नु भो। सूर्यनारायणको पूजा अर्चना हिन्दु सनातनीको चरित्र हो।

श्रीराम १०/३१ भूभार हरणको निमित्त भगवान् विष्णुले श्रीरामको अवतार लिनु भएको हो। दश अवतारमा रामावतार सातौं, चौध अंशले पूण अवतार मानिएको छ। अयोध्याका राजा दशरथले सन्तान प्राप्तिको निम्ति ऋष्यश्रृंग ऋषिबाट पुत्रेष्टि यज्ञ गरे। यज्ञ सम्पन्न भो। अग्निदेवताले सुनको थालमा रहेको पायस दिनुभो। राजाले रानीहरूलाई पायस दिए। पायस भक्ष-णबाट तीनै रानीले गर्भधारण गरे। जेठी कौशल्या महारानीबाट साक्षात् भगवान् रामको, माहिली कैकयीबाट भरतको' कान्छी सुमित्राबाट लक्ष्मण र शत्रुघ्न जुम्ल्याहाको जन्म भो। चार बालक दह्रा थाले। सबै परस्पर ज्यादै मिलका थिए। धेरै जसो लक्ष्मण रामको र शत्रुघ्न भरतको पछि लाग्ने भए। चारै राजकुमारको यथासमय संस्कार हुँदै गयो। व्रतबन्ध संस्कार पनि भयो। विधि पुऱ्याउनु थियो, स्वयं ज्ञाननिधि प्रभुले गुरुहरुसँग पढ्नु भो। सबै कुमारहरू शास्त्र विद्या र शस्त्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

गीतालोक भाष्य
CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री राम पञ्चायतन

रामः शस्त्रभृता महम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्या पारङ्गत भए ।

महर्षि विश्वामित्रको सिद्धाश्रममा राक्षसहरूले अनेक विघ्न मचवाएर तपस्वीहरूलाई दुःख दिए । विश्वामित्र दशरथ कहाँ पाल्नुभो । तपोविघ्नकारी राक्षसहरूको दमन गर्न उहाँले राम माग्नुभो । महर्षिको अर्थपूर्ण अनुरोधलाई नाईनास्ति गर्न भएन । राम विश्वामित्रका साथ जानुभो, लक्ष्मण पनि पछि लाग्नुभो । ताटका राक्षसीको बाटमा बध भो । उनको छोरो सुबाहुको तपोविघ्न गर्दा संहार भो । मारीच सय योजन पर समूद्र तटमा फ्याँकिए । महर्षि विश्वामित्रले रामलाई अनेक अस्त्रहरू टक्र्याउनुभो, भोक प्यासको पीड़ा नहुने बला अतिबला विद्याको उपदेश गर्नुभो ।

जनकपुरमा सीताको स्वयंवर थियो । भगवान् शिवको बड़ेमाको धनु जनककहाँ थियो । त्यसलाई यताउता गर्न पाँच सय लाठेहरूको बल चाहिन्थ्यो । तर राजकुमारी सीता त्यो धनुलाई एक्लैले उठाएर पन्छाउनुहुन्थ्यो । त्यसो हुँदा जनकले सीताभन्दा निर्धो वर नपरोस् भन्ने अभिप्राय लिएर त्यो शिवधनु उठाएर ताँदो चढाउन सक्नेलाई सीताले स्वयंवर गर्न शर्त राखेका थिए । संसारका अनेक राजा र राजकुमार असफल भैसकेका थिए । महाराज जनकले विश्वामित्र ऋषिलाई अरू राजकुमारहरूलाई साथमा ल्याउन आमन्त्रण गरेका थिए । दुइ राजकुमार लिएर ऋषि जनकपुर पुग्नुभो । बाटामा गौतमको शापबाट पाषाणसदृश भएकी अहल्या गौतमीको उद्धार भो, उनले पहिलेको भन्दा शुद्ध सुन्दररूप पाएर गौतमाश्रममा आफ्नो स्थान प्राप्त गरिन् । रामले शिव धनुमा ताँदो चढ़ाउनु मात्र भएन, धनु नै भाँचियो । अयोध्याबाट दशरथहरू आए । श्रीरामको श्रीसीतासँग, श्रीभरतको श्रीमाण्डवीसँग, श्रीलक्ष्मणको श्रीऊर्मिलासँग, श्रीशत्रुघ्नको श्रीश्रुतकीर्तिसँग विवाह भो । शिवधनु भाँचिएकोमा झोकिंदै परशुराम पाल्नुभो । दुई अवतारको परस्पर परिचय भो । अघिल्ला अवतार विश्रान्ति लिएर, महेन्द्राचल जानुभो । पछिल्ला अवतार रामचन्द्र आफ्नी शक्ति सीताजीलाई लिएर अयोध्या आउनुभो । श्रीरामको राज्याभिषेक रोकियो । बाबुको प्रतिज्ञालाई सत्य बनाउन सीता र लक्ष्मणलाई साथमा लिएर रामचन्द्र चौध वर्ष वनवासको निमित्त तापस वेषमा जङ्गल पस्नुभो । भूभार हर्नु थियो । दरवारमा हैन, जङ्गलमा अनेक कर्तव्य थिए । दण्डकारण्यमा राक्षसहरूले धर्ममा बाधा दिइरहेका थिए । ऋषि मुनिहरूलाई अनेक दुःख कष्ट भइरहेको थियो । रामचन्द्र दुष्टहरूको संहार गर्न दण्डकारण्यको पञ्चवटीमा आश्रम बनाएर बस्नु भो ।

रावणकी बहिनी काममोहित भएर रामकहाँ आइन् । स्त्रीको चरित्रको र सतीत्वको कदर गर्न श्रीराम शूर्पणखाको भ्रष्ट चरित्र र निर्लज्जताबाट रूष्ट हुनुभो । दण्डको रूपमा शूर्पणखाका नाक कानमा चोट लगाई विरूप बनाइदिनुभो लक्ष्मणद्वारा । राक्षसहरूसंग कलह चलिसकेको थियो विश्वामित्राश्रमदेखि नै । अब पूरा विरोध चल्यो । जनस्थानमा बस्ने खर, त्रिशिर र दूषण समेत चौध हजार बलिया राक्षसहरूलाई एक्लै श्रीरामले एउटै धनुबाट एकै थलोमा सखाप पारेर आफ्नो अद्भुत धनुर्विद्याको पहिलो परिचय दिनुभो । अब विरोधको ज्वाला राक्षसराज लङ्काधिपति रावण-कहाँसम्म पुग्यो । मारीचले स्वर्ण मृग भएर रामलाई बहकायो । रावणले भिक्षुरूप लिएर जगज्जननी महारानी सीताको हरण गऱ्यो । जटायु गृद्धले सीतालाई छुटाउन रावणसँग युद्ध गरे । रावणले उनलाई मरणासन्न पारी सीतालाई लिएर लङ्का पुऱ्याये, सीतालाई आफ्नी पत्नी बन्नको निमित्त फकायो,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फुल्यायो, हप्कायो, तर्सायो। सती शिरोमणिको चरित्र पवित्र थियो, अडग थियो। रावणले अनेक शासना दिएर अशोक वनिकामा थुनेर राख्यो।

श्रीरामले जटायुको सद्गति गर्नुभो, कबन्ध असुरको उद्धार गर्नुभो, शबरीको भक्ति ग्रहण गर्नुभो। सुग्रीवसंग मित्रता भो। वालीको उद्धार भो। श्रीराम वर्षाभरी सुग्रीवको राजधानी किष्किन्धा बाहिरको ऋष्यमूक पर्वतमा राज भो। सुग्रीवले सीताको खोजीका निमित्त वानर र भालुका फौजलाई खटाए। वानरसेना दशै दिशा दौडे। दक्षिण समुद्रपारी रावणले लगेको छ भन्ने खवर पहिले नै मिलिसकेको थियो। दक्षिणतिर पत्यारका र बलबान्हरू खटिए। तिनमध्ये जाम्बवान्, हनुमान अङ्गद आदि वानर र भालुहरू मुख्य थिए। हनुमान् सीतालाई भेटेर फर्के। श्रीरामलक्ष्मण करोडौं भालु वानरहरूको विशाल सेना लिएर लङ्कातिर पाल्नुभो। समुद्रतटमा रावणको भाइ विभीषणलाई शरण दिनुभो; वानरहरूबाटै समुद्रमा पुल बाँधेर लङ्कापुरी पुग्नु भो। राक्षसराज सेनासंग भीषण युद्ध भो, एकेक गरी इन्द्रजित कुम्भकर्णहरूको बध भो। अन्त्यमा भगवान् श्रीरामले लोककण्टक दशानन रावणको संहार गरेर लोकको रक्षा गर्नु भो, धर्मद्रोहीहरूको नाश गरेर भूभार-हरण गर्नुभो। चौध वर्ष पुग्ने नै दिन पुष्पक विमान चढेर रामचन्द्र अयोध्या फिर्ता पाल्नुभो, उहाँको राज्याभिषेक भो। एघाह्र हजार एधार बर्ष रामले राज्य गर्नुभो।

रामराज्य आर्य संस्कृतिमा आदर्श राज्य मानिएको छ। असल न्यायपूर्ण शासन, सुव्यवस्था, धर्म, सुखशान्ति, राजाप्रजाप्रेमको आदर्श बताउने शब्द नै 'रामराज्य' बनेको छ। श्रीराम मर्यादा-पुरूषोत्तम हुनुहुन्छ। आर्य सनातन संस्कृतिको पूर्णप्रतिष्ठा श्रीराम चरित्रमा भएको छ। आर्यसंस्कृतिको सच्चा स्वरूप देखाउने, निर्मल स्वच्छ दर्पणको काम श्रीरामको चरित्रले गरेको छ। रामचरित्र आज अरू समाजको निमित्त पनि रूचिकर, अभीष्ट विषय बनेको छ। आर्यसंस्कृति रहेसम्म श्रीरामको चरित्र अमर रहनेछ र श्रीराम चरित्रले आर्य संस्कृतिलाई सदा सनातन अमर बनाइराख्नेछ। हिन्दू वाङ्मयका प्राचीन कथा पुराण उपपुराण सबैमा श्रीरामगाथागान भएको छ। श्रीरामको चरित्र लेख्ने प्रथम प्रेरणा दिने देवर्षि नारद हुन्। श्रीरामचरित्र गाथालाई काव्यको प्रथम रूप दिने आदिकवि महर्षि बाल्मीकि हुन्। उनले सय करोड विस्तार भएको ग्रन्थ बनाएका हुन्। वाल्मिकि रामायण अध्यात्म रामायण, आनन्द रामायण, अद्भुत रामायण, महारामायण आदि प्रचलित छन्। यिनले विश्वमानवलाई, आर्यजातिलाई रामगाथाको ज्ञान दिइरहने छन्, शाश्वत मूल्यका आदर्श मानव धर्मको पाठ पढाइरहने छन्, विश्वकल्याणको निमित्त मानवलाई काम गराइरहने छन्।

वरूण १०/२९ वरूण जलका अधिपति हुन्। सम्पूर्ण दिग्विजय गरेर वरूणले प्रथम राज-सूय यज्ञ गरेका हुनाले वरूण राजराजेश्वर पदले विभूषित बनेका छन्। उनी राजाका पनि राजा, सम्राट्का पनि सम्राट् हुन्। वरूण पश्चिम दिक्पालको रूपमा पुजिन्छन्। उनको वरूणलोकको राजधानी विभावरी पुरी हो, उनका छोरा युवराज पुष्कर हुन्, वाहन मकर हो, मुख्य अस्त्र प्रास हो। सम्पूर्ण जलजन्तु उनका प्रजा हुन्। नदी जल सम्बन्धी दैव नियमका आधारमा वरूणले काम गर्छन्। नदी, पोखरी, कुवा, समुद्र आदिमा कुसमयमा प्रवेश गर्ने, नचाहिंदा काम गर्ने, दोष फोहोरहरू हाल्ने-हरूलाई वरूणले दण्ड गर्छन्। जल ग्रह आदि रोग वरूणको कोपबाट लाग्छन्। दोयो कलस गणेशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजा हुँदा कलशमा वरूणको पूजा नियमतः गर्नें विधि छ ।

वासव १०/२२ देवराज इन्द्रलाई वासव भन्छन् । सय अश्वमेध यज्ञ नगरीकन इन्द्र पद पाउने योग्यता हुँदैन । सय अश्वमेध यज्ञ गरेका हुने हुनाले इन्द्रलाई शत क्रतु पनि भन्छन् । उनका काम अनुसारका नाम अनेक छन् । कल्पकल्पमा, इन्द्रपद प्राप्त गर्ने व्यक्ति फरक-फरक हुन्छन् । चालू वैवस्वत मन्वन्तरमा देवराज इन्द्रकी रानी पौलोमी, शची छन्, उनका छोरा युवराज जयन्त हुन्, छोरी राजकुमारी जयन्ती हुन् । इन्द्रको दरबारको नाम वैजयन्त, वगैंचाको नाम नन्दन, सारथिको नाम मातलि हो । इन्द्र सबै देवताका राजा हुन् । इन्द्रको राज्य स्वर्गलोक हो, राजधानी अमरावती हो ।

इन्द्र पर्जन्य सेनाका अधिपति हुन्, उनको मुख्य हतियार वज्र हो, वाहन ऐरावत हात्ती हो । सज्जनको संरक्षण, र दुष्टको दमन इन्द्रको मुख्य काम हो । वेलावेलामा असुरहरूको बढती हुंदा इन्द्रले तिनको दमन गर्छन् । उनीबाट मात्र हुन सकेन, असुर दैत्य दानव उनीभन्दा बलिया भए भने, ब्रह्मा, विष्णु, शिव, भगवती आदिबाट इन्द्रलाई संरक्षण मिल्छ र उहाँहरूबाट साधुको परित्राण, दुष्टको संहार हुन्छ, धर्मसंस्थापन हुन्छ । सामान्य स्थितिमा इन्द्रबाट देवताहरूको सहारालै स्वर्गको राज्य चल्छ । वेदमा इन्द्रको गान धेरै भएको छ । कथा पुराणहरूमा इन्द्र सम्बन्धी अनेक कथाहरू प्रसिद्ध छन् । इन्द्रको पूजा पूर्व दिशाका अधिपतिको रूपमा दश दिक्पालमध्ये एक दिक्पाल मानेर गरिन्छ ।

वासुकि १०/२८ कश्यप कद्रूका माहिला छोरा वासुकि नाग हुन् । उनका दाजु अनन्त शेषनाग हुन् । ऐरावत, तक्षक, कर्कोटक आदि नाग वासुकिका भाइ हुन् । कद्रूको सराप पाउने नागहरूमध्ये बासुकि पनि हुन् । अमृत मन्थन गर्दा मैनाक पर्वत मदानी बनेका थिए, वासुकि नाग मदानीको डोरी बनेका थिए । देवकार्यमा महत्त्वपूर्ण सहयोग गरेका हुनाले देवताहरूले सर्पसत्रमा पर्ने सरापको बिषयमा बासुकिको निमित्त ब्रह्माजीसंग बिन्ति गरे । ब्रह्माजीले वासुकिलाई नडराउने आश्वासन दिनुभो । उनकै बहिनीबाट जन्मने छोरोले जनमेजयको सर्प सत्र यज्ञ रोकेर उनीहरूलाई बचाउनेछन् भन्ने भविष्यवाणी गर्नुभो ।

वासुकिकी बहिनाको नाम जरत्कारू थियो । उनबाट जन्मने छोरोले आफूहरूलाई सर्पसत्र-बाट बचाउने भविष्य थाहा पाएपछि उनले बहिनीको झन् बढी संरक्षण र संभरण गरे । तिनै ताक जरत्कारू नाम भएका महातपस्वी ऋषि पनि थिए । उनको गृहस्थी नगर्ने, ऊर्ध्वरेता भएर परमपद प्राप्त गर्ने निश्चय थियो । तर एक दिन जङ्गलमा उनले तपस्या गरिरहेको वेला आकाशमा अद्भुत दृश्य देखे । अनेकौं व्यक्तिहरू यौटै तन्तुमा झुण्डिरहेका, त्यो तन्तु खिइँदै गइरहेको, अझ मुसाले खाइरहेको थियो । त्यो ताँदो चुँड्न चुँड्न आँटे जस्तो थियो, मन्तिर ठूलो खाल्डो थियो । ताँदो चुँड्ने बित्तिकै ती झुण्डिएका जति जम्मै खाल्डोमा खस्न ठिक थिए । यो देखेर उनले प्रश्न गरे । उत्तरमा उनले थाहा पाए– उनका पितृहरू सन्तानको तन्तु चुँड्न आँटेकोले खस्न आँटेका थिए । त्यो तन्तु जरत्कारू थिए । उनले गृहस्थी धर्म नगरेकोले र उनका कोही दाजु भाइ नभएकोले तन्तु झिनो हुंदै थियो, त्यो जरत्कारूतन्तुलाई पनि कालरूपी मुसाले खाइरहेको थियो । जरत्कारूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहस्थ धर्म गरे, सन्तान जन्माए भने बलियो डोरी भई तिनीहरू भविष्यमा नखस्नें थिए । यो देखे-पछि जरत्कारू ऋषिको मन फर्क्यो । उनी गृहस्थीका निमित्त कन्या खोज्दै हिंड्न थाले । यो थाहा पाएर वासुकिले आफ्नी बहिनी विहे गर्न अनुरोध गरे । जरत्कारूले छोरो हुने भएपछि गृहस्थी छोड्ने सुरले असजिला शर्तहरू राखेर जरत्कारूसँग विवाह गरे । उनको वीर्यबाट छोरो जन्म्यो । उनको नाम आस्तीक रह्यो । आस्तीकले जनमेजयकहाँ गएर तक्षशिलाको सर्पसत्रलाई आफ्नो विद्वत्ता-बाट रोके । वासुकि आदि सज्जन नागहरू ठूलो संकटबाट बचे । उनका दाजु शेषनाग पृथ्वीको धारण गरेर बसेका छन् । वासुकि नागहरूको राजा भएका छन् । उनी पातालको नागलोकमा बसेर राज्य चलाउँछन् । नागहरूलाई अनुशासनमा राखेर उनले दुनियाँको सदा कल्याण गरेका छन् । वासुकिको र वासुकिकी बहिनी ज्वाइँ जरत्कारूको, भानिज आस्तीक ऋषिको स्मरणकीर्तन पूजनबाट मानिसको कल्याण हुन्छ, सर्पादि भय हराउँछ । नागपञ्चमीका दिन उनको विशेष पूजा हुन्छ ।

विकर्ण १/८ विकर्ण धृतराष्ट्रका गान्धारीबाट जन्मेका सय छोरा मध्ये एक हुन् । उन-लाई भीष्मले महारथीको रूपमा गणना गरेका छन् । उनको चरित्रमा अरू दाजुभाइहरूको चरित्रमा भन्दा विशिष्टता देखाइएको छ । बिकर्ण पनि धृतराष्ट्रका राजसभासद् मध्ये एक थिए । सभामा उठेका धर्मन्यायसम्बन्धी प्रश्नमा उनी बिद्याबुद्धिपूर्ण मत प्रकट गर्थे । उनमा विदुरको प्रभाव परेको थियो । राजसभामा द्रौपदीले उठाएको न्यायधर्मको प्रश्नमा उनले विद्या र बुद्धियुक्त उपपत्तिहरू दिएर द्रौपदी जितिएकी छैनन् भन्ने मत दिए । महाराज युधिष्ठिर आफैं जुवा खेल्न आएका हैनन्, उनलाई बोलाएर ल्याइएको हो; जुवा व्यसन हो, व्यसनमा परेर अधिकार प्रयोग गरेको हो; युधिष्ठिरले आफैंले हैन, अरूले (बिपक्षले) थाप भनेर द्रौपदीलाई बाजीमा थापेका हुन्; द्रौपदी युधिष्ठिरकी मात्र पत्नी हैनन्; युधिष्ठिरले आफूलाई थापिसकेपछि द्रौपदीलाई थापेका हुन् यी उपपत्तिहरूले गर्दा द्रौपदी जितिएकी छैनन्, दासी भएकी छैनन् भन्ने स्पष्ट मत उनले सभामा दिए । भीष्मको आशय पनि यस्तै यस्तै हो, अलि अस्पष्ट थियो। विकर्णले स्पष्ट राय दिए । दासको सम्पत्ति जति जम्मै दासस्वामीको ठहछं, पत्नी पनि सम्पत्ति समान भएकोले युधिष्ठिर दास ठहरिए-पछि उनकी पत्नी पनि दासस्वामीकै दासी ठहर्छिन् भन्ने मतको उनले सप्रमाण खण्डन गरे । दास भैसकेपछिको सम्पति मात्र दासस्वामीको हुन्छ, दास हुनुभन्दा पहिलेको हुँदैन र द्रौपदी युधि-ष्ठिरको मात्र पत्नी हैनन भन्ने उनको मत त्यो बेलाको न्यायसँग, दाससम्बन्धी प्रथा र वचनसँग पनि मेल नखाने थिएन । तर धेरैको डाँकोमा उनको न्यायपूर्ण मत त्यसै बिलायो, कर्णले उनलाई हप्का-एर चूप लगाए । पाण्डवहरूको विकर्णमाथि प्रेम थियो, सहानुभूति थियो । भीमसेनले धृतराष्ट्रका सय छोरा जम्मैलाई युद्धमा मार्नें प्रतिक्षा गरेका थिए । युद्धमा भीमसेनबाट उनले वीर गति प्राप्त गरे ।

वित्तेश कुबेर १०/२३ कुवेरकी आमा इडविडा हुन्, बाबुको नाम विश्रवा हो । सौतेनी भाइ रावणले उनलाई निकालेर लङ्काको राज्य लिए । उनी पुष्पक विमान समेत जम्मै श्रीस-म्पति समेत राज्यहरू लिएपछि शिवजीको शरणमा गए । शिवजीले उनको संरक्षण गर्नुभो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MIDF

वित्तेश भनेको धनसम्पत्तिको अधिपति, मालिक हो। कुबेर वित्तका अधिपति हुन्। संसारको सम्पूर्ण सम्पत्ति कुबेरको जिम्मामा छ। तिनको संरक्षण गर्ने कर्तव्य उनको छ। उनी उत्तर दिशाका पालक मानिन्छन्। दशदिक्पाल मध्ये एक दिक्पालको रूपमा उनको पूजा हुन्छ। कुबेर जस्मै निधि र सम्पत्तिका अधिपति भएका हुनाले कुन राज्यमा निधि र सम्पत्तिको आविर्भाव गर्ने र कुनमा नगर्ने भन्ने दैव नियम उनलाई दिइएको छ। धर्मपूर्वक, न्यायपूर्वक शासन प्रशासन भएको राज्यमा, राजामा कुबेरले सुवर्ण रजत मणिरत्नादि निधि प्रकट गरिदिन्छन्, धनधान्य समृद्धि गरिदिन्छन्। त्यसैले उनलाई राजाधिराज, कामेश्वर, निधिपति भन्छन्। कुबेर प्रसन्न न ई देश धनी बन्दैन, धर्म नभई कुबेर प्रसन्न हुँदैनन्, भगवान् शङ्करले कुबेरलाई आफ्नो साथी बनाई रक्षा गर्नुहुन्छ।

कुबेर यक्ष राक्षस, गन्धर्व अप्सराहरूका राजा हुन्। कुबेरलोकको राजधानी अलकापुरी हो। नलकूबर र मणीग्रीव उनका छोरा हुन्। उनको स्वरूप, मोटो भुँडी लागेको जिउ, तीन गोडा र श्वेत वर्णवाला छ। पुष्पक विमान उनकै हो। त्यो विमान उनका वराज्यू ब्रह्माले दिनु भएको हो।

विराट विराट मत्स्यदेशका राजा थिए। सुदेष्णा उनकी रानीको नाम थियो। मत्स्यदेशको राजधानी विराट नगर थियो। उनका तीन छोरा र एक छोरी थिए। छोराहरूको नाम श्वेत, शंख र उत्तर थियो, छोरी उत्तरा थिइन्। विराट मरूत् नामका देवताका अंशबाट उत्पन्न भएका हुनाले धर्मपरायण थिए। त्यसो हुनाले नै युधिष्ठिरहरूले गुप्तवासको निमित्त विराटकै आश्रयलाई उत्तम ठहऱ्याए। उनका दरबारमा पाँचै पाण्डव र द्रौपदीले काम गरेर एक वर्षको अज्ञातवास बिताए। गुप्तवास सकिएपछि विराटले आफ्नी छोरी उत्तराको विवाह अभिमन्युसंग गरे। कौरवसंगको युद्धमा विराट राजाले पाण्डवपक्षबाट युद्ध गरे। त्यही युद्धमा उनी र उनका तीनै छोराहरूले वीर गति प्राप्त गरे। उनकी छोरीका छोरा परीक्षितबाट पाण्डव वंश परम्परा चल्यो।

विष्णु १०/२१ भगवान् विष्णु जगत्को पालन गर्नुहुन्छ। उहाँका नाम र रूप अनन्त छन। उहाँ अनेक रूपमा अवतार लिनुहुन्छ। जगत् रक्षाको प्रसङ्गमा अधर्मवृद्धि हुन नदिन, साधु सज्जनको रक्षा गर्न, दुष्टहरूको दमन गर्न, धर्मसंस्थापन गर्न भगवान्को अनेक जीव जन्तुमा अवतार भएको छ। दश अवतार र चौबीस अवतारको पुराणहरूमा वर्णन छ। भगवान् विष्णुका चरित्र अवर्णनीय, अचिन्तनीय, भक्तिगम्य छन्। सामान्यतः विष्णुलाई शङ्ख, चक्र, गदा, पद्मधारी, चतुर्भूज, पीताम्वर-धारी, मेघनीलवर्णको रूपमा पूजा ध्यान गरिन्छ। उहाँ सत्त्वप्रधान हुनुहुन्छ, सत्त्वप्रधान वैकुण्ठमा लक्ष्मीका साथमा रहनुहुन्छ। जय विजय नन्द सुनन्द आदि मुख्य अष्ट पार्षद उहाँको सेवामा संलग्न रहन्छन्। आर्यसंस्कृतिका पूजनीय पञ्चदेव मध्ये उहाँ एक हुनुहुन्छ। गणेश, सूर्य, देवी, शिव र विष्णु लाई पञ्चदेव भन्छन्, चल्तीको नाम पञ्चायतन देवता हो। यी पाँच देवताको, आर्यहरूको घरघरमा दिनदिनै पूजा हुन्छ। यिनमा ठूलो सानोको भेदभाव छैन, एक देव नै पञ्चदेवको रूपमा प्रकट हुनु भएको छ। यिनमध्ये जुन देवतालाई प्रधान मानिन्छ ती देवता माझमा रहनु हुन्छ, अरू देवता चार कुनामा रहनुहुन्छ। माझमा रहने देवता अनुसार कुनामा रहने देवताको निर्धारण हुन्छ। भक्तको भक्ति अनुसार जुन देवतालाई प्रधान मानेर पूजा गरे पनि हुन्छ, तर पूजा चाहिं पाँचैको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनुपर्छ, कुनैपनि देवता छुट्नु हुन्न। जुन देवतालाई प्रधान मानेर पूजा गरेपनि सबैमा पूजाको क्रम चाहिं यौटै हुन्छ। गणेश, सूर्य. देवी, शिब र विष्णु यही क्रमलै पूजा गर्नुपर्छ, अर्थात, पहिले गणेशको, अनि सूर्यको, अनि देवीको, अनि शिवको र अनि विष्णुको पूजा हुन्छ। यो क्रम बिगार्नु हुँदैन भन्ने छ। मूल कुरो भक्ति र भाव सबभन्दा ठूलो छ। हाम्रो धर्ममा पाँचै एक, एकै पाँच; सबै एक, एकै सब, सिद्धान्त हो, यसलाई कहिल्यै बिर्सनु हुँदैन।

वैनतेय १०/३० पंक्षीहरूका इन्द्र गरूड वैनतेय हुन्। उनको जन्म र कर्मको कथा बडो अद्भुत छ। सौता कद्रुले कश्यपबाट हजार नाग छोरा पाउने वरदान पाइन्। विनतालें चाहिं हजार नाग भन्दा पनि बलिया दुइ मात्र छोरा मागि कश्यपले हुन्छ भनें, त्यसको निमित्त तेज प्राप्त गर्नको लागि यज्ञानुष्ठानको प्रबन्ध गरे। इन्द्र आदि देवताहरू, ऋषिमुनिहरू, यक्षगन्धर्वहरू काम गर्न आए। तिनमध्यै बालखिल्य ऋषिहरू पनि हुनुहुन्थ्यो।

वालखिल्यहरू साठीहजार हुनुहुन्छ। उहाँहरूको स्थूल शरीरको परिमाण ज्यादै सानो, मानिसको हातको बूढी औलो जत्रो र जस्तो छ। उहाहरू उदाउन लाग्नुभएका सूर्य नारायणको अघि अघि वेद ऋचाहरू पाठ गर्दै सबारी चलाउनुहुन्छ। कश्यपको यज्ञमा काम गर्दै उहाँहरू यता उता गरिरहनु भएको थियो। त्यति सानो शरीरपरिमाणका ऋषिहरू साठी हजार सँगसँगै कश्यपाश्रममा आवतजावत गरिरहनुभएको दृश्य अति श्रद्धा लाग्दो, मनोरम पवित्र थियो। एक दिन पलाशको मसीनो एक एक ओटा छेस्को बोकेर उहाँहरू आश्रमतिर आइरहनु भएको थियो। सानो सानो खोबिल्टोमा पनि उहाँहरूको शरीर माथिबाट नदेखिने गरी ओर्लेथ्यो, गाईको खुरले खाल्टो परेर जमेको पानीमा पनि उहाँहरूको शरीर डुब्थ्यो। देवताका इन्द्र पर्वत जत्रो दाउराको भारी बोकेर त्यही बाटो आउनुभो। बालखिल्य ऋषिहरूलाई, उहाँहरूको शरीरलाई, बोक्नु भएको समिधालाई, गोष्यदमा पनि डुब्नु उत्रनुलाई देखेर इन्द्र खिसी गरेर हाँस्नुभो। ऋषिहरूलाई आपनो अपमान गरेको मनपरेन, शेखी गरेकोमा शेखी झार्ने मन उठयो। त्यहीं गन्धमादनमा उहाँहरू पनि यज्ञ गर्न लाग्नुभो। इन्द्रभन्दा सयौं गुना बढो शूरवीर, चाहे जस्तो बन्न सक्ने, चाहेको ठाउँमा पुग्न सक्ने मनको जस्तो वेग-वाला, महाबलवान् अर्को इन्द्र जन्मोस् भन्ने उहाँहरूको संकल्प थियो। यो थाहा पाएपछि देवेन्द्र आत्तिएर कश्यप कहाँ रून पुग्नुभो। कश्यप आपनो यज्ञानुष्ठान समाप्त गरेर इन्द्रलाई लिई बालखिल्यहरू कहां पुगें; इन्द्रको निमित्त क्षमा उनले मागे। साथै देवनाका इन्द्र इन्द्र नै रहने, बालखिल्य ऋषिहरूको संकल्प अनुसार जन्मने अतिबलवान् इन्द्र पंक्षीहरूको इन्द्र हुने अनुग्रहको प्रार्थना कश्यपले गरे। महात्मालाई उठने रिस केही बेरको मात्र हुन्छ। इन्द्रले क्षमा पाए। बालखिल्यहरुबाट आज्ञा भो-"महर्षि कश्यप, तपाईले छोरो पाउने अनुष्ठान सिद्ध गर्नुभयो, हामीले अर्को इन्द्र पाउने कर्म सिद्ध गऱ्यौं। हाम्रो कर्मसिद्धि हामीले तपाईंलाई नै दियौं, जे गर्दा वेस हुन्छ त्यही गर्नुहोस्"। यति भनेर बाल खिल्यहरु त्यो पचेडालाई छोडेर आपनै तपस्या समाधिमा लाग्नुभो। दुवै सिद्धिको समन्वय भो। कश्यपको छोरो अर्को इन्द्र (पक्षीहरुको इन्द्र) बन्ने भएर जन्मने भो।

यसपछि कश्यप ऋषिबाट विनताले पेट बोकिन्। यथासमय दुइटा अण्डा (फूल) जन्मे। पाँच सय वर्ष वितिसक्दा पनि फूलबाट बच्चा निस्कने कुनै लक्षण देखा परेन। विनताको धैर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

टुट्यो, उनले वेलै नपुगेको यौटा फूल फोरिन् । फूलबाट चल्लो निस्क्यो, । तर अपाङ्ग; खुट्टा-देखि तिघ्रासम्मको भाग बनेकै रहेनछ । विनतालाई हर्ष पनि भो, विस्मात् पनि । बच्चोले उनलाई अपाङ्ग जन्माएको दोषको कारण आमाले दासी बन्नुपर्ने, अर्को फूलबाट जन्मने बच्चोले उनलाई दासत्वबाट मुक्त गर्ने भविष्य बताए ।

तिनताक सूर्य नारायण देवताहरूसँग रिसाउनु भएको थियो । समुद्र मथेर निकालेको अमृत दैत्य तर्फका राहुले लुकेर खान लागेको सूर्य चन्द्रले देख्नुभयो र बताइदिनुभयो । विष्णु भगवान्ले सुदर्शन चक्र प्रहार गरेर राहुको शिर छेदन गरिदिनुभो । अमृत घाँटीसम्म पुगिसकेको रहेछ । मुँड पनि, गिंड पनि अमर भए । मुँड राहु, र गिंड केतु भनिए । राहुलें सूर्य चन्द्रसँग इर्वी लिएर उहाँहरूलाई पक्डन र खान खोजिरहे । देवताले बुनै वास्ता गरेनन् । अरूण जन्मेका दिन सूर्य तीन त्रिलोकैलाई डढाउनें सूरले आपनो तेज चर्काएर अस्ताउनुभो । त्यसो हुँदा सो राति उखरमाउलो गर्मी भो । भोलिपल्ट सूर्य उदाएपछि झन् कति तातो होला भन्ने डरले राति नै देवताहरू कारण थाहा पाउन र शरण पर्न पितामह ब्रह्माकहां पुग्नुभो । ब्रह्माजीले अनूरू (तिघ्रादेखिको अङ्ग नभएका) अरूणलाई सूर्यको रथमा सारथि बनाएर राखिदिने सल्लाह दिनुभो । दिन नपुग्दै निस्केको अरूणको रौं पनि उम्रन नपाएको शरीर अति रातो र सूर्यबिम्ब जस्तै महापर्वत समान ठूलो थियो, त्यसबाट छेकिएर, छानिएर आएको सूर्यको ताप खप्न सकिने हुनाको साथै लोकलाई जीवन दिने कल्याणकारी बन्यो । त्यस दिनदेखि अरूण सूर्यको अगाडि ताप कम गराएर सूर्य-सारथिको रूपमा रहँदै आएका छन् ।

विनताको अर्को फूल नफुट्दै सौतासौती कद्रू र विनताको बाजी पऱ्यो– समुद्री जलघोडा उच्चैःश्रवा सेतो कि कालो भन्नेमा । कद्रूले कालो भनिन्, विनताले सेतो । हारेले जित्नेकी कमारी हुनुपर्ने शर्त थियो । उच्चैःश्रवाका रौंरौंमा पसेर कालो बनाउने आज्ञा कद्रूले आपना छोराहरूलाई दिइन् । भोलिपल्ट हेर्न जाँदा उच्चैःश्रवा कालो देखियो । बिनता नागमाताकी कमारी बनेर सेवा गर्न थालिन् । विनताको दोस्रो फूल हेर्ने कोही भएन । हजार वर्ष पुगेपछि फूल आफैं फुटेर महातेजस्वी पक्षीको जन्म भो । हजारौं सूर्य जस्तो, अतिशय बलशाली, अनेकौं पर्वत समूह जस्तो महाविशाल विराट । महाज्वालाको राँको अवच्छिन्न दन्किरहेको । देवताहरू 'त्राहि त्राहि' भन्दै अग्निदेवकहाँ पुगे । त्यो बढेको ज्वाला अग्निदेवको नभई विनताको चल्लोको तेज भन्ने बुझेपछि देवताहरूले चल्लोकहाँ नै पुगेर स्तुति गरे । प्रसन्न बनेर उनले आपनो तेजलाई र शरीरलाई ठिक्कको तुल्याए । देवताहरूसंग सोधेर आमा बसेको ठाउँमा उनी गए ।

विनताले कद्रूकहाँ अनेक काम गर्नुपर्थ्यो; कद्रूले, नागलाई बोकेर एक ठाउँबाट अर्को ठाउँमा लग्नुपर्थ्यो । आमाको काम गरूडले गरिदिन थाले । गरूड जति पनि बोक्न सक्ने, जहाँ पनि पुऱ्याउन सक्ने भएको हुँदा नागहरूको दुःख दिने प्रवृत्ति झन्झन् बढ्न थाल्यो । आमाले कमारी हुनु परेको बेहोरा बुझेपछि गरूडले दासत्वमुक्तिको कुरा गरे । अमृतको घडा पाएमा मुक्ति दिने कुरा भो । गरूड अमृत लिन स्वर्ग जाने भए, उनले आमासँग खाने कुरा मागे । आमा-ले समुद्र पारका अधर्मी निषादहरूलाई खाने सल्लाह दिइन्; साथै त्यहाँ वा अन्त कहीं, पनि कहिल्यै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि ब्राह्मणको हानि नगर्नू भनी अह्राइन् । ब्राह्मण भनेर कसरी चिन्ने भन्दा ब्राह्मण आगो हो, त्यो तातो हुन्छ भन्ने कुरो पनि सिकाइन् । गरूडले त्यहाँ गएर पखेटा फटफटाए । त्यसबाट उठैको हावाले निषादहरूलाई उडाएर ल्याई गरूडको बाएको मुखमा हालिदिन थाल्यो । मुखमा तातो भए पछि गरूडले 'ब्राह्मण परेको भए निस्क' भने । यौटा ब्राह्मण परेका रहेछन्, 'उनकी निषादी स्त्री पनि छ' भने पछि दुबैलाई बाहिर निकासेर अरूलाई गरूडले खाए । नअघाएर गरूड कश्यपकहाँ गए । त्यहाँ नजिकै यौटा ठूलो जलाशयमा मास्तिर यौटा अजङ्गको हात्ती र पानीमा यौटा बडेमाको कछुवा परस्पर तानातान गरिरहेका थिए । अघिल्लो जन्ममा ती दुइ दाजु भाइ थिए । दाजुको नाम विभावसु र भाइको नाम सुप्रतीक थियो । तिनको अंशबण्डाको विषयमा झगडा पऱ्यो– भाइ अंश माग्ने, दाइ नदिने । दाजुले भाइलाई हात्ती जस्तो एकोहोरो र भाइले दाजुलाई कछुवा जस्तो लुकाइरहने भनी सराप दिए, हात्ती र कछुवा भए । त्यस्तै हुँदा पनि उस्तै तानातान चलिरहेछ । तिनैलाई खाने सल्लाह कश्यपले दिए । गरूडले हात्तीलाई यौटा खुट्टाले, कछुवालाई आर्को खुट्टाले खुट्टाको नङ्ग्रामा झुण्ड्याएर कुनै रूखमा बसेर खान भनी आकाशमा उडे । भार थाम्न सक्ने रूख खोज्न निक्कै घुम्नु पऱ्यो । यौटा सारै पुरानो वरको रूखले आपनो हाँगामा बसेर खाने सल्लाह दियो । गरूडले टेक्ने वित्तिकै हाँगो करकरायो । चार सय कोस फैलिएको त्यो हाँगोमा मुन्तिर मुख गरी बालखिल्य ऋषिहरू झुण्डिएर तपस्या गरिरहनुभएको थियो, उहाँहरू समाधिमग्न हुनुहुन्थ्यो । गरूडले तिनलाई देखेर हाँगोलाई भइँमा खस्न नदिई चुच्चोले च्यापेर आकाशमा उडे । यौटा खुट्टामा पर्वत समान हात्ती, अर्को खुट्टामा पहाड समान कछुवा, मुखमा साठी हजार ऋषि झुण्डिएको वरशाखा, गरूडले तिनलाई बिसाउने ठाउँ खोज्दै तीन त्रिलोक चक्कर खाए । कहीं ठाउँ नदेखेर फेरि बाबु कश्यपकहाँ नै पुगे । कश्यपले सबै कुरा थाहा पाएर बालखिल्य ऋषिहरूसँग भुइँमा ओलिदिने प्रार्थना गरेपछि ऋषिहरू ओलिनुभो । हाँगालाई निर्जन जङ्गलमा खसालेर गरूडले हात्ती र कछुवा खाए । अनि उनले अमृतको निम्ति स्वर्गमा हमला गरे ।

स्वर्गमा अमृत ठूलो पालो पहराका साथ बडो सुरक्षासँग राखिएको थियो । अमृत रहेको स्थानमा सबभन्दा बाहिर नानाशस्त्रास्त्रले सुसज्जित देवसैन्य थियो । त्यसभन्दा भित्र विश्वकर्मा अर्को ठूलो फौज लिएर बसेका थिए । अझभित्र नानाशक्तिले सम्पन्न महाबलवान, महाभयंकर नौजना यक्षसेनापति– अश्वक्रन्द, रेणुक, क्रथन, तपन, उलूक, श्वसन, निमेष, प्ररूज र पुलिन– पालो बसेका थिए । अमृतकुम्भ रहेको कक्ष बाहिर सर्वत्र आगोको महाज्वाला दन्किरहेको थियो । त्यसको भित्र ठूलो यन्त्रगृह थियो, त्यहाँ हजारौं धारवाला चक्र अविराम गतिले घुमिरहेको थियो । यौटा लामखुट्टे पनि त्यहाँबाट पस्न खोज्यो भने चक्रका भित्री र बाहिरी धारबाट हजार टुक्रा हुन्थ्यो । त्यो यन्त्रगृह-भित्र बीचमा अमृतकुम्भ थियो । त्यसलाई दुई महानागले वेरेका थिए । तिनका आँखाबाट विषका महाज्वाला निस्किरहेको थियो । तिनको दृष्टि मात्र परेपनि प्राणी विषले भस्म हुन्थ्यो ।

गरूड स्वर्गतिर जान थालेपछि स्वर्गमा उत्पातहरू, अलच्छिनहरू अपशकुनहरू भए । देव गुरू बृहस्पतिले गरूडको हमला हुन लागेको बेहोरा इन्द्रलाई ध्यानदृष्टिले देखेर बताइदिए । स्वर्गमा झन कडा पहरा बस्यो । महा बलवान्, महाभयंकर रूपका गरूड पुगे । पखेटाले नङ्ग्राले, छातीले,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चुच्चोले देवताहरूलाई उनले क्षत विक्षत बनाएर हराए। विश्वकर्मालाई लडाएर उनका फौजलाई गरूडले परास्त गरे। नवयक्ष सबै हारे। आगोको ज्वाला शान्त पार्न गरूडले एकासी सय मुख बनाएर त्यसभित्र नदीहरूको र सागरको पानी भरेर ल्याई एकैचोटि एक्कासी सय तिरबाट एक्कासी सय मुखले एक्कासी सय नदीका पानी ओकले। आगो सामसुम भो। उनी अणुरूप लिई चक्रबाट पसें, नागका आँखामा पाखाबाट उनले धुलो हालिदिए; तिनका आँखा धूलोले बन्द भएका बेला ठुगेर दुवै नागलाई टुक्रा पारे; अमृतकुम्भ वोके, आफूले अमृत खाने कत्ति लोभ नगरी, गरूड आकाशतिर उफ्रँदा यन्त्रगृह भत्केर मिल्कियो। माथिबाट इन्द्रले जौडसँग वज्र हाने। दधीचि ऋषिको हाडको र इन्द्रको इज्जत, गरूडको यौटो प्वाँख झन्यो। अमृतकै घडा फेला पार्दा पनि अमृत खाने लालच कति नउठेकोमा विष्णु भगवान् गरुडसँग अत्यन्त प्रसन्न भएर प्रकट हुनुभो। गरुडलाई उनको पराक्रमको र शुद्ध भावको विषयमा उहाँले धन्य भन्नुभो, वरदान माग्न अह्नाउनुभो। गरुडले अमृतकुम्भ वोकी बोकी भगवानलाई ढोगे, स्तुति गरे र भने 'प्रभु, मलाई प्रभुकृपाले सबै पुगेको छ, केही चाह छैन। तर प्रभुइच्छा अनुसार वरदान माग्छु। म संधै हजुरको मास्तिर बस्न पाऊँ, यो वरदान बक्सिने हो भने अमृत नखाएर पनि अमर भएर रहन पाउँछु। भगवानले तथास्तु, तिमी मेरो मास्तिर वस्न पाउँछौ र अमर पनि हुन्छौ" भनि बक्स्यो। गरूडजीले भने "प्रभु, मैले यत्रो प्रभु कृपा पाएँ। अर्को कृपा पाउँ, त्यो के त भने म पनि हजुरलाई केही टक्राउन पाऊँ"। भगवानले 'हुन्छ म पनि वरदान माग्छु, "तिमी मास्तिर बस्न पाऊँ"। गरूडले पनि त्यो वर टक्र्याए। कस्तो कृपा भगवान्को भक्तमा। कस्तो सम्बन्ध कृपालु भगवानको र भक्तको। भगवान्को मास्तिर भक्त रहने, भक्तको मास्तिर भगवान् रहने। भगवान्ले गरूडलाई आपनो ध्वजामा आफूभन्दा माथि बसाउनुभो, गरूड ले वाहन भई भगवानलाई आपनो पिठयुँमा बोके। त्यसपछि इन्द्र आए, दुइ इन्द्रमा मित्रता भो। इन्द्र देवताकै इन्द्र रहने, अर्का इन्द्र गरूड पक्षीहरूको इन्द्र बन्ने, देवेन्द्रले र पतगेन्द्रले परस्पर संधै अविरोधी सहायता गर्ने, नाग सर्पहरू गरूडको आहारा हुने, त्यसमा देवेन्द्रले विघ्न नगर्ने सन्धिहरू भए। सर्पहरूको स्वभाव नराम्रो हुनाले अमृत उनले पाएमा लोकको बढी अहित हुने कुरा दुवैले माने गरूडले अमृत नागहरूलाई हातमा नराखिदिएर भुईमा राखिदिने र विनताको दास्य छुटाउने, इन्द्रले झुक्याएर अमृतकुम्भ हरण गरेर फिर्ता लग्ने, त्यसमा पक्षीन्द्रले केही नगर्ने सल्लाह पनि मिल्यो। गरूड अमृतकुम्भ बोकेर नागहरु भएको ठाउँमा ओर्ले, इन्द्र पनि अदृश्य भई ओर्ले। गरुडले दुवोमाथि कुश ओछ्याउन लगाएर अमृतकुम्भ राखिदिए। विनता दासत्वबाट मुक्त भइन्। नागहरु मुख धुन लाग्दा इन्द्रले अमृतकुम्भ हरण गरेर लगी स्वर्गमा जहाँको तहीं, त्यस्तै गरी राखे। पृथिवीमा केही क्षण अमृत कुम्भ कुश र दुवो माथि रहेको हुनाले यी दुवै अमृत र परम पवित्र बने। गरुड पक्षीहरुका इन्द्र, देवेन्द्रका मित्र, भगवान् विष्णुको ध्वजा र बाहन बने। विष्णु भगवानको पूजामा गरुडको पनि पूजा हुन्छ। गरुडलाई सर्ववेदमय, वेदान्तवेद्य मानिएको छ। उनीबाट मानिसले चिताएको कुरो पाउन सक्छन्।

बृहस्पति १०/२४ बृहस्पतिलाई नवग्रहमध्ये एक ग्रह मानिएको छ। उनी ब्रह्म-पुत्र अङ्गिराका छोरा हुन्। बृहस्पतिका दाजुको नाम संवर्त हो, भाइको नाम उतथ्य हो। बृह-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्पतिका छोरा कच हुन् । वृहस्पतिकी आमा मरीचि ऋषिकी छोरी सुरुपा हुन् । कसैले उनकी आमाको नाम शु ा हो भनेका छन् ।

वृहस्पतिपुत्र कचले दैत्यगुरू शुक्राचार्यको गुरुकुलमा पढेर शुक्रपुत्री देवयानीको सहायताबाट शुक्राचार्यमा मात्र रहेको मृतसंजीवनी बिद्या प्राप्त गरेका थिए । वृहस्पति विद्याबुद्धिका अधिष्ठाता मानिन्छन् । उनी प्रसन्न रहे भने देवपक्ष प्रसन्न रहन्छ, किनभने, उनी देवताहरूका पूज्य गुरू हुन् ।

महर्षि अङ्गिरालाई उत्तम पुत्र प्राप्त होस् भन्ने उद्देश्यले प्रजापति ब्रह्माका आज्ञाबाट महर्षि, परम ज्ञानी सनत्कुमारले अङ्गिराकी पत्नीलाई पुंसवन व्रतको उपदेश गरे । सोही व्रत उनले बहुत भक्तिनिष्ठाका साथ गरेर भगवान्लाई प्रसन्न बनाइन् । त्यसको फलस्वरूप प्रतिभाका अधिष्ठाता परम विद्वान् छोरो अङ्गिराले पाएका हुन् । तिनैको नाम वृहस्पति आङ्गिरस हो । प्रसिद्ध भक्त महर्षि भरद्वाज, द्रोणाचार्यका बाबु, बृहस्पतिका औरस पुत्र हुन् ।

कठोर नास्तिकदर्शन चार्वाकमतका आचार्यको नाम पनि बृहस्पति हो, चार्वाकदर्शनको मूलग्रन्थ बार्हस्पत्य सूत्र हो । शुक्राचार्य, दैत्यहरूका गुरू, आफ्ना चेलाहरूको अभ्युदय समेत गराउने आकाङ्क्षा लिएर तपस्या गर्न गएका थिए । दैत्य दानवहरू गुरूले सिकाएर गएबमोजिम पूजा आजा अनुष्ठान गर्दै थिए । शुक्राचार्यले तपस्या सिद्ध गरेपछि दैत्य दानवहरू दुर्विजेय हुने हुनाले उनी नभएको वेला पारेर दैत्यहरूको बुद्धि भाँड्ने सल्लाह देवसभामा भयो । गुरू वृहस्पतिसंग सो कामको निमित्त देवराज इन्द्रले अनुरोध गरे । वृहस्पति शुक्रको रूप लिएर दैत्यहरूकहाँ गए । "स्वर्ग नरक केही छैन । ईश्वर भनेको कल्पना मात्र हो । यज्ञयाग जम्मै झूठा, तमासा र ब्राह्मणले आफ्नो भुँडी भर्ने उपाय हुन् । पूर्वजन्म पुनर्जन्म केही हैन । शरीरइन्द्रियबाहेक आत्मा भन्ने कुनै तत्व छैन । यही शरीरमा जति मोजमज्जा गर्न सकिन्छ, गरे हुन्छ । धर्म पाप भन्ने खालि मिथ्या हाउ मात्र हो" । यस्ता उपदेशहरू शुक्ररुप लिएका बृहस्पतिले दिए । दैत्य दानवहरूको बुद्धि भाँडियो, उनीहरू नास्तिक बने । त्यहींबाट नास्तिक मतको मूल जरो जस्तो अति कठोर भौतिक नास्तिकवाद चल्यो भन्ने आख्यान छ । वृहस्पति भन्ने अर्कै कुनै व्यक्ति चार्वाक मतका एक आचार्य हुन् भन्ने पनि धेरैको मत छ । देवगुरू वृहस्पतिको वृहस्पतिसंहिता भन्ने धर्मग्रन्थ प्रसिद्ध छ । ग्रह पूजा हुँदा वृहस्पतिको पनि पूजा हुन्छ । उनको वर्ण पहेंलो छ, उनी पहेंलै वस्त्र लाउँछन् पहेंला रङका आठ घोडा जुतेको नीतिघोष रथमा चढेर उनी आकाशमा आफ्नो कक्षमा घुम्छन् । उनी नवै ग्रह मध्ये आकारमा पनि ठूला मानिन्छन् र उनलाई मन पर्ने रत्न पुष्पराज हो ।

वृहस्पति देवताका गुरू पुरोहित हुन् । शान्ति स्वस्ति बधबन्धन आदि गर्ने शास्त्रीय विधि विधानमा उनी पारङ्गत छन् स्वर्गको राज्य, सम्पूर्ण समृद्धि उनकै तपस्या, ज्ञान र विधिविधानको भरमा रहेको छ । देवतालाई; देवताका राजा इन्द्रलाई दुःख परिआएमा वृहस्पतिले दिव्य शास्त्रीय कर्मका अनुष्ठान जप, तप आदिबाट शमन गर्छन्, सुखसमृद्धि बढने पूजा आजा गर्छन् । उनी कर्मकाण्ड, उपासनाकाण्ड तथा ज्ञानकाण्डका बेजोड़ विद्वान हुन् ।

व्यास- कृष्णद्वैपायन १०/१३,३७ व्यासको नाम कृष्ण हो । उनको वर्ण घनश्याम, कलसोंदो थियो । वेदसंहिताको ऋक्, यजुः साम र अथर्व भन्ने चार भाग गरी विस्तार गरेकोले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनलाई वेदव्यास, छोटकरीमा व्यास भन्ने गरेको हो । वेदमन्त्रहरू शैलीदृष्टिले र भावदृष्टिले सामान्यतः चार किसिमका छन्, तिनको पृथक पृथक् संकलन गर्ने र प्रचार गर्ने काम व्यासको हुन्छ । यो स्थितिमा व्यास एक किसिमको पदवी हो । सप्तर्षि जस्तै व्यासको काम पनि कल्पकल्पमा फरकफरक ऋषिले गर्ने व्यवस्था छ । वर्तमान वैवस्वत मन्वन्तरमा सत्यवतीबाट जन्मनुभएको पराशरपुत्र श्रीकृष्णद्वैपायन वेदव्यासको आसनमा हुनुहुन्छ । उहांलाई साक्षात् भगवान् विष्णुको एक अवतार मानिन्छ ।

वसिष्ठका नाति, परम तपस्वी, वेदवेदाङ्गपारङ्गत ऋषि पराशर लोकहितार्थ भ्रमणप्रसङ्गमा हस्तिनापुर नजीकको गङ्गातटमा पुगे । गङ्गापार गर्नुपर्ने भो । दाश कुमारी सत्यवती यौटा डुङ्गा लिएर वसेकी थिइन् । उनको जन्म माछोको गर्भबाट भएको थियो । माझीबाट पालिएकी थिइन् । माझीकै काम गर्थिन् । त्यसो हुँदा उनी माछा जस्तै गन्हाउँथिन् र उनलाई मत्स्यगन्धा, गन्धकाली भन्थे । पराशर मत्स्यगन्धाको डुङ्गामा गएर भागीरथी तारिदिन अह्राए । मत्स्यगन्धाले गङ्गामा डुङ्गा खियाउँदै लगिन् । गङ्गाको मध्यस्थलमा पुग्दा पराशरको मन विचलित भो; गन्धकालीलाई एक योजन बरिपरि कमलसुवास आउने योजनगन्धा बनाए; कुमारीत्व यथावत् रहने आश्वासन दिए, सर्वत्र गाढा कुहिरो तपोबलबाट उठाए । नजीकै गङ्गामा यौटा सानो टापू उठेको थियो । दुवै त्यही द्वीपमा गए, समागम भो । विधिको विधान, पराशरको तपः प्रभाव, भगवान्को अवतरित हुने इच्छा, निमित्त मात्र चाहिएको थियो । तत्कालै पुत्र जन्मे, तत्कालै ठूलो भए, कृष्णद्वैपायन नाम लिएर तपस्या गर्न हिंडे । पराशर आफ्नो बाटो लागे, मत्स्यागन्धा योजनगन्धा बनेर आफ्नै काममा लागिन् । कृष्ण द्वैपायन सम्पूर्ण लोकको उद्धार गर्ने महातपोधन महर्षि वेदव्यास बन्नुभो ।

महर्षि वेदव्यासको आश्रम सरस्वती नदीको किनारमा छ । उहाँको तपःस्थल नेपालको व्यास गुफा हो । कृष्णद्वैपायन व्यास अद्वितीय विद्वान्, अति महान् साधक, सारै लोकोपकारी हुनुहुन्छ । तपोबलको प्रभावले गर्दा उहाँको शक्ति, गति, दृष्टि, बुद्धि अव्याहत, कहीं नरोकिने छ । केही हद र सीमा तोकेर यस्तो शक्ति उहाँ अरूलाई पनि दिन सक्नुहुन्छ । महाभारत युद्ध हेर्ने भए घर बसी बसी हेर्ने सुन्ने शक्ति जन्मान्ध धृतराष्ट्रलाई उहाँले दिन खोज्नुभएको थियो । धृतराष्ट्रलाई महाभारत युद्धमा कुरा बताउनको निम्ति उहाँले लडाइँभरी लडाइँसँग सम्बद्ध कुरामा सबै कुरा देख्न, सुन्न, भन्न सक्ने, जहाँ पनि जानसक्ने, कसैले देख्न नसक्ने, मनका कुरा पनि यथार्थ बुझ्न सक्ने, प्रकाशमा अथवा अप्रकाशमा, छेकिएर अथवा नछेकिएर गरेका कुरा थाहा पाउन सक्ने, युद्धमैदानमा जाँदा कुनै हतियारले नछुने दिव्य शक्ति संजयलाई दिनुभएको थियो । मरिसकेकाहरूलाई पनि बोलाएर जीवितहरूसंग भेटघाट कुराकानी गराउने शक्ति व्यसमा छ ।

धृतराष्ट्र, गान्धारी, विदुर, कुन्ती वनवासमा थिए, सञ्जय पनि साथै गएका थिए । एक दिन महाराज युधिष्ठिर भाइहरू र बालकहरू र आइमाईहरू सबैलाई साथ लिएर धृतराष्ट्रहरूलाई हेर्न गएका थिए । व्यास पनि त्यहीं आउनुभो । गान्धारीले मरेकाहरूलाई सम्झेर विलौना गरिन्, कुन्ती कर्णलाई संझेर रून लागिन् । व्यासले धृतराष्ट्रलाई हेर्ने शक्ति दिएर आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपस्याको प्रभावले युद्धमा मरेका बन्धुबान्धवलाई बोलाउनुभो। दुर्योधन, दुःशासन, कर्ण, बाल्हीक, सोमदत्त, भूरिश्रवा, अभिमन्यु, द्रौपदीपुत्रहरू सबै गङ्गाजीबाट बाहिर निस्के। सबै पहिलेकै जस्ता थिए। पहिलेको वैरभाव चाहिं कसैमा थिएन। सबैको सबैसँग भेटघाट भो, कुराकानी भो। रात-भरी मरेकाको परस्पर तथा मरेकाको र बाँचेकाको परस्पर भेटघाट, कुराकानी भलाकुसारी, मायास्नेह भए। बेहान हुने बेलामा मृतव्यक्तिहरूलाई विदा दिनुभन्दा पहिले मरेका आपना पति-सँग जान चाहने स्त्रीहरूलाई साथ लाग्ने आज्ञा व्यासले दिनुभो। सबै विधवा स्त्रीहरू युद्धमा वीरगति प्राप्त गरेका आफ्ना पतिहरूका पछि लागे। व्यासदेवले अरुणोदयको वेलामा सबैलाई विदा दिनुभो। गङ्गामा सबै अलप भए। व्यासदेवको यो तपःप्रभाव अति अद्भुत र अद्वितीय थियो। तपस्याको यस्तो प्रभाव कसैले पनि देखाएको इतिहास, आख्यान, उपाख्यान पाइँदैन।

व्यासदेवको महाभारतसंहिता मानवका निमित्त ठूलो वरदान हो, अविनश्वर सम्पत्ति हो, अक्षय निधि हो। आर्य जातिको चरित्र, संस्कृति, दर्शन, धर्म, कला, कर्म भक्ति ज्ञान तथा उपासना विधिको वृहत् इतिहास महाभारतले सुरक्षित गरिदिएको छ। व्यासदेवले महाभारतको अतिरिक्त अठ्ठाह्र पुराण, उपपुराण तयार पारेर मानवजातिको ठूलो कल्याण गर्नुभएको छ। समयको दौरानमा स्त्री, शूद्र र पतित द्विजलाई वेद पढ्नमा कडा बन्देज लागिसकेको थियो। स्वधर्मनिष्ठ ब्राह्मण, क्षत्रिय तथा वैश्य जातिका संस्कारयुक्त पुरुषहरूलाई मात्रै अध्ययनको अधिकार थियो। त्रिवर्ण पुरुषको भन्दा त्रिवर्ण स्त्री र शूद्रको संख्या बढी जस्तो भैसकेको थियो। समाजको आधा भन्दा बढी अङ्गलाई अध्ययन निषेध गर्दा समाज एक किसिमको अपाङ्ग हुने डर भैसकेको थियो। यस्तो स्थितिमा व्यासदेवले ठूलो क्रान्ति गर्नुभयो। वेद उपनिषदका विषयहरूको व्याख्या समेत भएका महाभारत महापुराण उपपुराण-हरू थुप्रै बनाएर स्त्रीशूद्र र पतित द्विजहरूले पनि जान्न हुने घोषणा व्यासदेवले गर्नुभो। इतिहास पुराण वाङ्मय पाँचौं वेद मानियो। इतिहास पुराण नजानीकन वेद ज्ञान अपूर्ण हुने, इतिहास पुराण यथार्थ जान्न सकेमा वेद ज्ञान प्राप्त हुने मान्यता बन्यो। यो क्रान्ति एक तर्फी थिएन, बहु तर्फी थियो, सामाजिक, धार्मिक, राजनीतिक, आर्थिक दार्शनिक आदि जम्मै क्षेत्रमा मौलिक क्रान्ति थियो। एका-तिर वासुदेव श्रीकृष्ण सबै क्षेत्रमा आपनो ईश्वरीय शक्ति लगाएर क्रान्तिको प्रयोग गरिरहिबक्सेको थियो; संगसँगै द्वैपायन पाराशर्य कृष्ण बौद्धिक तथा सांस्कृतिक क्रान्ति गरिरहनु भएको थियो। संसार-को इतिहासमा यस्तो किसिमको समाजको सम्पूर्ण आयाममा, क्षेत्रमा मौलिक क्रान्ति भएको उदाहरण अर्को भेट्टाउन गाहारो छ।

व्यासदेव ब्रम्हनिष्ठ हुनुहुन्छ, महान ज्ञानी ब्रह्मपुत्र वसिष्ठका पनाति हुनुहुन्छ। उहाँले वेदान्त सूत्रग्रन्थको रचना गर्नुभो। ब्रह्म सूत्र उपनिषद् सिद्धान्तको प्रतिपादन गर्ने अभूतपूर्व ग्रन्थ हो। यज्ञयाग अदि कर्मकाण्डका सिद्धान्तको प्रतिपादन गर्ने वैदिक ब्राह्मण भाग थियो, त्यसको सैद्धान्तिक प्रति-पादन गर्ने पूर्वमीमांसा दर्शन थियो। आरण्यक भागको उपनिषत् प्रतिपादित ब्रह्म विषयक सिद्धान्तको प्रतिपादन गर्ने उत्तर मीमांसादर्शनको सूत्रग्रन्थ व्यासदेवको ब्रह्मसूत्र हुन आयो। यो ब्रम्ह सूत्र ग्रन्थ वेदान्त दर्शनको सर्वोपरि मूल स्रोत नै बनेको छ। अनेक आचार्यहरूले ब्रम्ह सूत्रकै आधारमा वेदान्त दर्शनका विभिन्न प्रवाहहरू चलाए। हिन्दू संस्कृतिको आत्मभूत सिद्धान्त विश्वबन्धुत्वको, एकात्मत्वको,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF

विश्वात्मत्वको प्रतिष्ठापन गर्नें श्रेय पनि व्यासदेवले लिनुभयो ब्रम्हसूत्रबाट।

व्यासदेव कल्पान्तजीवी हुनुहुन्छ। पाण्डवशिबिरभित्र पसेर अधर्मसँग वीरहरूको हत्या जस्तो नृशंस काम गरेको हुनाले कल्पान्तसम्म पृथिवीमा विचरण गरिरहने एकलो जीवन विताउनु पर्ने सराप अश्वत्थामालाई श्रीकृष्णले दिंदा व्यासदेवले अनुमोदन गर्नुभएकोमा अश्वत्थामाले म पृथिवीमा रहुन्-जेल व्यासले पनि रहनु पर्नेछ' भनेका थिए। व्यास देवको जुन लोकमा पनि गति हुन्छ, उहाँको गति कहीं पनि रोकिंदैन तापनि उहाँको जीवन स्थल र कर्मस्थल यही धरती हो। उहाँ लोकोपकारका लागि काम गरिरहनुहुन्छ। महात्माहरू उहाँको दर्शन पाउन सक्छन्। आदि शङ्कराचार्यले व्यासको दर्शन पाउनु भएको, व्याससँग शास्त्रार्थ गरेको, सोह्र वर्षको आयु व्यासदेवले थपिदिएको इतिहास छ। व्यासदेवको आश्रम बदरीमा पनि छ; त्यहीं व्यासदेव लोक कल्याणको निम्ति साधना गरिरहनु हुन्छ। आर्यसंस्कृतिको संरक्षण र संवर्द्धन र प्रतिष्ठापनमा व्यासदेवको ठूलो भूमिका छ। व्यासदेवलाई सनातन आर्यसंस्कृतिका निमित्त ब्रह्मा विष्णु र महेश्वरको समन्वित रूप मानिएको छ, महागुरु मानिएको छ, अति उज्ज्वल प्रकाश मानिएको छ। अष्ट चिरञ्जीवीको पूजा हुँदा व्यासदेवको पूजा हुन्छ। आषाढ़शुक्ल पूर्णिमा गुरुपूजा पूर्णिमा, व्यास पूर्णिमा हो। यो दिन व्यासदेवको जयन्ती मनाउने चलन छ।

वेदव्यासदेवले नछुनु भएको आर्यसंस्कृतिको कुनै विषय नै छैन। उहाँले प्रत्येक क्षेत्रमा दृष्टि पुऱ्याउनुभएको छ, पुनर्जीवन भर्नुभएको छ, परिवर्तित समाजको अनुकूल र उपकारक तत्वको आधान गरेर गतिको संचार गर्नुभएको छ। भनाइ नै छ- यो सम्पूर्ण जगत व्यासको उच्छिष्ट हो अर्थात व्यासले खेलाइसक्नु भएको, गर्नुपर्ने काम गरिसक्नुभएको हो। व्यासका शिष्यहरू प्रशस्त थिए। तिनमध्ये पैल, वंशम्पान, जैमिनि, सुमन्तु, हारीत, उग्रश्रवा आदि मुख्य हुन्। शुकदेव उहाँका सुपुत्र नै हुनुभो। छोराको नाताले भन्दा पनि योग्यताले गर्दा व्यासदेवका अग्रशिष्य शुकदेव हुनुभो। शुकदेवले व्यासका सबै कृतिहरू पढ्नुभो, श्रीमद्भागवत महापुराण शुकदेवलाई बढ़ी प्रिय बन्यो। पैले ऋग्वेदका, वैशम्पायन यजुर्वेदका, जैमिनि सामवेदका, सुमन्तु अथर्ववेदका प्रमुख शिष्य बने। वैशम्पायनले महाभारतको प्रथम प्रवचन गरे जनमेजयलाई। वैशम्पायन, हारीत, कश्यप, सावर्णि आदि छ शिष्यले महापुराणहरूको प्रचार प्रसार गरी रोमहर्षणले सबै पुराणहरूको अध्ययन गरे।

श्लो १०/२१ चन्द्रमाको एक नाम शशी हो। चन्द्रमा नवग्रहमध्ये प्रमुख ग्रह मानिन्छन्। उनी नक्षत्रराज हुन्। जस्तो सौरमण्डलका ग्रहहरूको अधिपति सूर्यलाई मानिन्छ त्यस्तै नक्षत्रमण्डल-को अधिपति चन्द्रमालाई मानिन्छ। चान्द्रमास औंसी पूर्णिमाको हिसाबमा चल्छ। औंसीका भोलि पल्ट परेवादेखि पूर्णिमासम्मलाई शुक्ल पक्ष र पूर्णिमाका भोलिपल्टको परेवादेखि औंसीसम्मलाई कृष्ण पक्ष मानिन्छ। औंसीका भोलिपल्टको परेवालाई एक मानेर पूर्णिमालाई पन्ध्र मानी औंसीलाई तीस मानिन्छ। यसै अनुसार तिथिको र मासको गणना हुन्छ। धार्मिक कामकाजमा चान्द्रमास प्रधान हुन्छ। चन्द्रमाको बिम्बमा शश (चौघडा जस्तो) मृगको चिन्ह देखिन्छ, चन्द्रमाको ध्वजामा मृग हुन्छ र चन्द्रमाको रथमा घोडाको काम मृगले गर्छ, त्यसैले चन्द्रमालाई शशी, मृगलाञ्छन भनिन्छ।

चन्द्र बिम्ब स्थूल भौतिक रूप हो। त्यसका अधिदेवता चन्द्रमा हुन्। चन्द्रमाको योग सिद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भयो भने पृथिवीका समस्त कुराहरूको ध्यानबाट ज्ञान गर्नें समाधिसिद्धि प्राप्त हुन्छ । चन्द्रमाको पूजा अर्चनाबाट सन्तानको, केटाकेटीको कल्याण हुन्छ, ग्रहदशाहरू शान्त हुन्छन् । कफ प्रधान रोगहरू र शुक्रशोणितसम्बन्धी व्याधिहरू नष्ट हुन्छन् । चन्द्रमा कुपित भए भने मानसिक रोग लाग्ने डर हुन्छ । चन्द्रमा विराट पुरूषका मन भएका हुनाले चन्द्रमा व्यष्टिमनका अधिपति मानिन्छन् । चन्द्रमा सुधाकर हुन्, चन्द्रमाका किरणले वृक्ष, लता, ओषधीमा (बाली नालीमा) अमृतको काम गर्छन् । समस्त स्थावर जङ्गममा अमृत संचार गर्नें शक्ति चन्द्रमामा हुन्छ । प्राणीकर्म-सिद्धान्तअनुसार प्राणीको एक योनिबाट अर्कों योनिमा जन्म भइरहन्छ । यसमा चन्द्रमा महत्वपूर्ण माध्यम हुन्छन् । स्थूलदेह छोड़ेर मास्तिर गएको अणुरूप जीव पृथिवीमा कुनै योनिमा जन्म लिनु भन्दा पहिले सोम अर्थात चन्द्र विम्बमा र त्यहाँबाट चन्द्रकिरणको बाटो गरी झरेर जलवृक्षलताअन्न आदिको बीजमा अन्तर्निहित हुन्छ । त्यसबाट भएका फल, दानाहरू खाँदा अन्य जीवितभित्र त्यो जीवको संस्कार सहित प्रवेश हुन्छ; यथासमय परिपाक भई स्थूल शरीर प्राप्त गरी जन्म हुन्छ ।

चन्द्रमाको आविर्भाव विराट पुरूषको मनबाट भएको हो । हामीले देखिने चन्द्रबिम्ब समुद्र मथन गर्दा निस्केको हो । समुद्रबाट उछिट्टिएर घुम्दै माथि गएको चन्द्रबिम्ब आकाशमा निश्चित धुरमा पुगेर अडयो र त्यही धुरमा फन्किने र घुम्ने गर्न थाल्यो । पन्ध्र दिनसम्म बढ्दै गएर पूर्ण हुने, अर्कों पन्ध्र दिनसम्म घटदै गएर अदृश्य हुने चन्द्रमाको सोह्र कला मानिन्छ । एक कला सँधै यथावत रहन्छ र अरू कला घटने र बढने भइरहन्छन् । त्यही चन्द्रबिम्बमा ब्रह्माजीले सोमको रूपमा आफूलाई प्रतिष्ठापित गर्नुभएको छ । अनसूयाले पाएको वरअनुसार ब्रम्हा अनसूयापति अत्रिको वीर्यमा अँशरूपमा पस्नुभो । महातपस्वी अत्रिको वीर्य तलतिर झरेन, मास्तिर उक्लयो । अत्रिको उर्ध्वतिर लागेको रेत (शुक्र) अत्रिको दायाँ आँखाबाट सोमरूपमा परिणत भएर बाहिर निस्क्यो । ब्रह्माजीले सोमलाई चन्द्रमामा स्थापित गर्नुभो । सोम एक अंशमा चन्द्ररूपमा रह्यो । त्यसैको अर्कों अंश अत्रिपत्नी अनुसूयाको गर्भमा प्रवेश गरेर अनुसूयाको पुत्रको रूपमा पृथिवीमा जन्म्यो । यिनै कारण हरूले गर्दा चन्द्रलाई क्षीर सागरबाट जन्मेको पनि, अत्रिऋषिको आँखाबाट जन्मेको पनि, अनसूयाको गर्भबाट जन्मेको सोम पनि मानिन्छ । सबैको अधिष्ठाता, अधिदेव चन्द्र विराट पुरुषको मनको रूपमा, समस्त व्यष्टिमनको समष्टिमनको रूपमा, हिरण्य गर्भ मनको रूपमा, समस्त सनातनी आर्यहरूको आराध्य, उपासनीय छन् । आर्य सनातनीहरू पूर्णिमाको साँझ विशेष रूपमा, अरू दिनको साँझ सामान्य रूपमा चन्द्रदेवको उपासना गर्छन, नमस्कार गर्छन् । इतर हिन्दुहरूको समेत आराध्य बनेका अधिदेव चन्द्रको निवास स्थान चन्द्रलोक हो । चन्द्र बिम्ब चन्द्रमाको वासस्थान हो, स्वयं चन्द्रदेव हैन ।

शङ्कर १०/२३ शङ्कर त्रिदेवमध्ये एक हुनुहुन्छ । उहाँलाई महादेव भनिन्छ । सर्वत्र हिन्दू वाङ्मयमा महादेवको चर्चा छ । उहाँका विषयमा अनेक आख्यान, उपाख्यानहरू प्रसिद्ध छन् । वास्तव-मा, महादेव मनको, वचनको पहुँचदेखि कताकता पर हुनुहुन्छ, उहाँ कल्पनातीत, कथनातीत, वर्णना-तीत हुनुहुन्छ । कल्पकल्पको, मन्वन्तर मन्वन्तरको भेद अनुसार भगवान् महादेवका आविर्भाव, चरित्र, महिमा आदिका अनेक चर्चा छन् । वास्तवमा, महादेवको शरण पर्नुपर्छ, उहाँको विषयमा जे भने पनि, जे लेखे पनि पुग्दैन । महादेव एक भएर पनि अनेक हुनुहुन्छ । सृष्टिस्थितिलय उहाँका लीला विलास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF

श्री गौरीशङ्कर

रुद्राणां शङ्कर श्चास्मि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF

हुन् ब्रह्मा, विष्णु, शिव उहाँ नै हुनुहुन्छ। तै पनि सामान्यतः सृष्टिकर्ताको रूपलाई ब्रह्मा, स्थिति कर्ताको रूपलाई विष्णु र संहार कर्ताको रूपलाई महेश्वर अथवा रूद्र भन्ने चलन बसेको छ।

वर्तमान सृष्टिको आरम्भमा सृष्टिकर्ताले सर्व प्रथम मनैबाट सत्त्वमय चार कुमारको सृष्टि गर्नुभो- सनक, सनन्दन, सनातन र सनत्कुमार। तिनलाई सृष्टि गर्ने आज्ञा गर्दा तिनले प्रवृत्ति-मार्गमा लाग्न चाहेनन्; निवृत्तिमार्गको साधना गर्ने आज्ञा मागे। सृष्टिकर्ताले सृष्टि बढाउनु थियो, सर्वप्रथम जन्मेका कुमारहरूले नै सृष्टि बढाउने काम गर्न मन नगरेकोमा उहाँलाई भित्र झोंक चल्यो। आफ्नै सन्तानसँग के रिसाउनु भनेर रोषलाई रोक्दारोक्दै दुई आँखिभौंको बीचबाट भित्रको तमोमय रिस नील लोहित कुमारको रूपमा प्रकट भो। त्यसरी प्रकट भएको हुनाले 'भव' र रूँदै प्रकट भएको हुँदा कुमारको नाम 'रूद्र' रह्यो। एक रूद्रको एकादश नाम र एकादश स्थान तोकिदिंदा रूप पनि एघाह्र बन्यो र एकादश रूद्र भन्ने प्रचलन भो। एघार रूद्राणीहरूबाट रूद्रले सृष्टि गर्न थाल्नुभो। रूद्रको स्वभाव अनुरूप भूतप्रेत, पिशाच, शाकिनी, शकिनी, भैरव, वेताल, योगिनीहरूको प्रादुर्भाव भो। तो सबैको उग्र रूप देखेर सृष्टिकर्ताले रूद्रलाई सृष्टि गर्न छोडेर पहिले तपस्या गर्ने आदेश दिनुभो।

रूद्रले सृष्टिका निमित्त जलमा डुबेर समाधिमग्न भई तपस्या गर्न थाल्नुभो। लामो समय बित्यो, रूद्र पानीमा निश्चल बनेर तपस्यामा नै रहिरहनु भएकोले सृष्टि पूरै रोकियो। धेरै लामो समयसम्म पर्खंदा पनि रूद्र नउठ्नु भएकोले सृष्टिकर्ता परमात्माले रजोमय चतुर्मुख ब्रह्माको सृष्टि गर्नुभो र उहाँलाई सृष्टि गर्न अह्राउनुभो। चतुर्मुख ब्रह्माबाट रजो गुणको प्रभावले मरीचि आदि ऋषिको, दक्ष आदि प्रजापतिको सृष्टि भयो। पछि उनीहरूले पनि सृष्टि गरे। स्वायम्भुव मनु र शत-रूपाको आविर्भाव भएपछि मैथुनसृष्टि प्रक्रिया पनि चल्यो। जन्मेका प्राणीहरू खानपान नपाएर आत्तिए, सृष्टिकर्ता प्रजापतिहरूलाई नै खान भनेर झम्टन आउँदा तो प्रजापतिहरू चतुर्मुख ब्रह्माजीकहाँ शरण पर्न पुगे। ब्रह्माजीको प्रार्थना सुनी सृष्टिकर्ताले प्राणीका निम्ति खाने, पिउने वस्तुहरूको सृष्टि गरिदिनुभो। अब सृष्टिचक्र चल्यो। अन्नबाट अन्न, प्राणीबाट प्राणी, वनस्पतिबाट वनस्पति बीजाङ्कुर न्यायले आफाफैं सृष्टि हुन थाल्यो। अन्नबाट रेत (शक्र शोणित) त्यसबाट प्रजा, प्रजाबाट फेरि प्रजा भई मैथुनधर्मबाट पनि सृष्टि प्रवाह चक्ररूपमा प्रवर्तित हुन थाल्यो। रूद्र जल मग्नभई काठको मूढो खामो जस्तै निश्चेष्ट भएको 'स्थाणु' अवस्थाबाट उठनुभो। बहुरूप सृष्टि अरूले नै गरिसकेको, चलिसकेको जस्तो देखेर उहाँ झोंक्किनुभो। अन्न जलको र चार किसिमका प्राणीको सृष्टिमा बीजाङ्कुर न्यायले र मैथुनधर्मले जन्मस्थितिचक्र चलनमा रूद्रले समाधिस्थ भई गर्नु भएको तपस्याको पनि प्रभाव थियो। तर आफूले चाहिं सृष्टि गर्ने अवसरै नपाएको, अरूबाट नै सृष्टि भएकोले रूद्रले आफ्नो लिङ्ग भईमा पयाँकिदिनुभोः सो लिङ्ग भुईमा ठाडो भएर रह्यो। त्यसबाट महाज्योतिको आविर्भाव भो, त्यसले सम्पूर्ण ब्रह्माण्ड व्याप्त गर्न थाल्यो, सृष्टिकर्ता परमात्माले सो ज्योतिर्लिङ्गलाई अङ्कमाल गरेर शान्त पार्नुभो, पूजा गर्नुभो। रूद्र त्यहाँबाट अन्तर्धान भएर हिमालयमा पुगी तपस्यामा लीन हुनुभो। लिङ्ग पूजाको प्रथा स्वयं सृष्टिकर्ता परमात्माले चलाउनुभो। लिङ्गमा गरेको शिवको, रूद्रको पूजा प्रतिमा मूर्ति आदिमा गरेका पूजाहरू भन्दा धेरै उत्तम र उत्तमफलदायक हुने भो। रूद्रकै अंशबाट जन्मेका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अश्वत्थामा पनि शिवभक्त थिए, अर्जुन पनि शिवभक्त हुनुहुन्थ्यो। रूद्रको, शिवजीको अनुग्रह दुवैमा थियो। तर अश्वत्थामाले भन्दा अर्जुनले उत्तम फल पाउनुभो। महाभारत युद्धमा त्रिशूलधारी महादेव अर्जुनको रथको अघिअघि त्रिशूल भालाले अर्जुनशत्रुको संहार गर्दै हिंडनु हुन्थ्यो। अश्वत्थामाले पनि शिवजीको अनुग्रह पाएर नै, उहाँबाट पाएको खड्गबाट नै पाण्डव शिबिरमा भएका सारा वीरलाई एकलैले मार्न सक्ने शक्ति पाए। तर अर्जुनले जस्तो शक्ति पाएका थिएनन्, अर्जुनबाट उनी परास्त पनि भए। आफ्ना भक्त अर्जुनमा र अश्वत्थामामा महादेवले फरक गर्नु भएको थिएन। उनीहरूले आफाफूले गरेको साधनाको फरकले फल फरक भएको थियो। अश्वत्थामा शिवजीको मूर्ति प्रतिमाको पूजा गर्थे, अर्जुन लिङ्गमा पूजा गर्नु हुन्थ्यो। लिङ्ग पूजा अत्युत्तम शिव पूजा, त्यसैले, मानिएको छ। लिङ्ग भनेको चिह्न हो, ज्ञान गराउने तत्व हो। परमात्माको ज्ञान गराउने चिह्न हुनाले लिङ्गलाई लिङ्ग भनेको हो। नदेखिने तत्वलाई जेले बुझाउँछ त्यसलाई लिङ्ग भन्छन् त्यसो हुँदा यो सम्पूर्ण ब्रह्माण्ड लिङ्गमय हो, यसले यसको कर्ता नदेखिने परमेश्वरको सत्ता बताउँछ। शिवलिंगले आफ्नो सत्ता र प्रकाश दिएर यो ब्रह्माण्ड प्रकाशित भएको हुनाले पूर्ण सत्ता र पूर्ण प्रकाशस्वरूप तत्वलाई लिङ्ग भनेको हो। जेमा प्रपञ्च देखिन्छ र आखिरमा विलाउँछ त्यसको नाम लिङ्ग हुन्छ। यिनै कारणले र अभिप्रायले गर्दा लिङ्गको महत्त्व र लिङ्ग पूजाको महिमा ठूलो छ। यस्तो अभिप्राय बुझेर गरेको लिङ्ग पूजा वा तत्व लिङ्ग पूजा हो। रुद्रले वध गर्नु भएको लिङ्ग पूर्ण ब्रह्मचर्यवाला, महा तपस्यावाला, महाज्योतिवाला र नित्य सनातन छ। दिव्य, असंग, सत्ता स्फूर्ति दाता, सत्ता प्रकाश आनन्दमय शिवतत्त्वलाई सम्झेर लिङ्ग पूजा गर्नाले महान् फल हुन्छ।

लिङ्ग छोडेर भगवान शिव अन्तर्धान हुनुभो। परमात्माको सत्ता र प्रकाशबाट चलेको सृष्टि मय प्रपञ्च आफै चलेको जस्तो भ्रम भो। अन्नका बीजबाट अन्न उम्रन थाले, प्राणीका शुक्रशोणितबाट प्राणी जन्मन थाले। जे देखिन्छन्, तिनबाट नै सृष्टि चलेको भान भो। देखिनेमा नदेखिने भएर रहो सत्ता र प्रकाश दिने चैतन्य तत्त्वको, शिवतत्त्वको उपेक्षा भो, विस्मृति भो। यज्ञमा पनि ती शिवलाई भाग दिइएन। देवताहरूले, दक्ष प्रजापतिहरूले यज्ञ गर्न सबै थोक जुटाए, सृष्टिकर्ता ईश्वरलाई बिसे शिवतत्त्वको उपेक्षा गरे, उनको भागको कल्पना नै गरेनन्। लोकले मलाई नै असल भनोस् भन्ने वासना रूपी 'लोकयज्ञ' चल्यो। गर्भाधान पुंसवना जात कर्मादि संस्काररूप 'क्रियायज्ञ' पनि चलिरह्यो। विवाह, अग्निहोत्र आदि 'गृहयज्ञ' पनि चल्यो। पञ्चभूतगुण शब्दादिविषयसेवनरूप पञ्चभूतनृयज्ञ पनि भइरह्यो, विषयसुखग्रहण चलिरह्यो। सृष्टि चक्र प्रवर्तनको निमित्त लोकयज्ञ–क्रियायज्ञ–गृहयज्ञ पञ्चभूतनृयज्ञपरम्परा चलाइएको थियो, त्यो त चलिरह्यो। तर तिनमा सत्ता र प्रकाश दिने शिव तत्त्वको ज्ञान चाहिं भएन। त्यो ईश्वर तत्त्वको प्रतीक चिह्नस्वरूप लिङ्गको पूजा भएन, रुद्रको भाग दिन छोडियो। रुद्र रिसाउनु भो, पृथिवी काम्यो, हावा रोकियो, आगो दन्क्यो, सूर्यको तेज हरायो, आकाशको नक्षत्र मण्डल वेगले उल्टो घुम्न थाल्यो, जगत सम्पूर्ण अन्ध भो, सारा देवता आत्तिए। रुद्रले यज्ञलाई वाणले बेध्नु भो। यज्ञ प्रजापति मृगरूप लिएर भागे। यज्ञ भागेपछि देवताहरू बेहोश भए। त्रिनेत्र रुद्र क्रमले सविताका बाहु, पूषाका दाँत भाँच्नु भो, भगका आँखा फोर्नु भो। प्रसन्न हुन, क्षमा दिन प्रार्थना आकाशवाणीबाट भयो। रुद्र शान्त भएर साक्षात् शिव बन्नुभो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF

संसारमा सृष्टि कर्ता परमात्माको सच्चिदानन्दमय प्रकाश सर्वत्र व्याप्त छ। यो नबुझीकन, परमात्मा प्रभुको भागकल्पना नगरीकन गरिएको यज्ञ नष्ट हुन्छ। रूद्रले यही शिक्षा यज्ञ ध्वंस गरेर दिनु भएको हो। परमात्मज्ञान विना गरेको यज्ञ नष्ट हुन्छ, यज्ञ नष्ट हुँदा जगतै अव्यवस्थित हुन्छ। ईश्वर भावना हरायो भने जगत्मा अव्यवस्था हुन्छ। ईश्वरभावना गरेर यज्ञयाग आदि सारा व्यवहार गर्नु-पर्छ। आधिभौतिक, आधिदैविक तथा आध्यात्मिक सबै यज्ञ याग लगायत व्यवहारको उद्देश्य विवि-दिषा अर्थात् परमात्मा प्रभुको साक्षात्कारको इच्छा हुनुपर्छ। यो शिक्षा दिएपछि रूद्रले फेरि सबै बनाइदिनुभो, यथास्थित गरिदिनुभो। सारा देवताहरूले उहाँहरूको स्तुति गरे, प्रार्थना गरे, शरण परे। उहाँ प्रसन्न भएर सबैको कल्याण गरिरहने शिव बन्नु भो। देवताहरूले उहाँलाई महादेव मानें।

समुद्र मथन भो, कालकूट विषले जगतै डढाउन लाग्यो। उपाय केही भएन। सबै देवासुरहरू महादेवकै शरणमा परे। परम दयालु शिवले कालकूट विष हातमा लिएर शान्तिसंग पिइदिनुभो; विषलाई कण्ठमा धारण गर्नुभो। विषले गर्दा कण्ठ नीलो भो, नीलकण्ठ बन्नु भो। समुद्रबाट निस्केको चन्द्रमालाई उहाँले आफ्नो शिरोभूषण बनाउनुभो, शशिशेखर बन्नुभो। विषले महादेवमा पनि प्रभाव पार्‍यो। महादेव विषको ताप शमन गर्न उद्देश्यले समुद्रतटबाट हिमालयमा पाल्नुभो, पहरोमा त्रिशूलले तीन प्वाल पारेर नदी निकाल्नुभो, आफू कुण्डमा शान्तिसँग सुत्नुभो। नदीको नाम त्रिशूली नदी र कुण्डको नाम गोसाईं कुण्ड भयो, विश्वका श्रेष्ठ तीर्थहरूमा नदीको र कुण्डको गणना भो।

तारकासुरले तीन त्रिलोक चौध भुवन जितेर अनेक उत्पात गरे, धर्ममा आघात गर्न थाले। देवता, ऋषिमुनि, भक्त धार्मिकहरूमा हाहाकार पर्‍यो। शिवजीले आफ्नो वीर्य दिनुभो। स्वामी कार्तिकेय स्कन्दको उत्पत्ति भो। आफ्ना गणहरू साथमा लिएर महादेवले युद्ध गर्नुभो। उहाँकै वीर्यज पुत्र स्कन्दबाट तारकासुरको नाश भई लोकरक्षा भो, धर्मसंस्थापन भो। त्रिपुरासुरको शक्ति उग्र भो, संसारलाई त्रिपुरासुरले दुःख दिन थाले। सुन, चाँदी र फलामका शहर छुट्टाछुट्टै बने। तीनपुर जहाँ पनि विमानकै रूपमा पुग्न सक्थे। तिनलाई कसैले दमन गर्न सकेन। महादेवले दिव्य रथमा विराजमान भई दिव्य बाणले त्रिपुर भस्म गरिदिनुभो, जगत्को रक्षा गर्नुभो। भगवान् शङ्कर-बाट अनेक दैत्य, दानव, असुरहरूमाथि अनुग्रह भएका; बदमासी गरेमा तिनको निग्रह दमन भएका अनेक लीला चरित्रहरूले हिन्दू वाङ्मय भरिएको छ।

विद्याहरूको र कलाहरूको अधिपति, अधिष्ठाता आचार्य महादेव हुनुहुन्छ। महादेवको डमरू-नादबाट संगीत, नृत्य, वाद्य आदि विद्याको; व्याकरण, आयुर्वेद धनुर्वेद आदि शास्त्रको आविर्भाव भएको छ। आगमको आकर शिवजी नै हुनुहुन्छ; सारा तन्त्रहरूको उपदेश उहाँले नै गर्नु भएको छ। शिवजीका चार दिशाका चार मुख, माथितिरको ऊर्ध्वमुख र तलतिरको अधर मुख समेत छ मुखबाट छ किसिमका आम्नाय, पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय, ऊर्ध्वाम्नाय र अधराम्नाय प्रादुर्भूत भएका हुन्; उहाँकै निःश्वासबाट निस्केका हुन्। भगवान् शिव स्वयं महादेव हुनुहु छ, तर आफू परम वैष्णव हुनुहुन्छ, शिव र विष्णुमा कुनै भेद छैन। शिवले विष्णुको, विष्णुले शिवको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आराधना गर्नु हुन्छ। आर्य संस्कृतिमा अनेक देवीदेवता मानिएका छन्; कुनैमा पनि कुनैको भेद मानिएको छैन। एकै देवका अनेक रूप र विभूति मानिन्छन्। देवाधिदेव भूतनाथ श्रीमहादेवको पूजा यस्तै भावनाले गर्नुपर्छ। उहाँ आशुतोष हुनुहुन्छ, भक्तिसँग उहाँको आराधना गर्नेले चाँडै नै भक्ति र मुक्ति इच्छानुसार प्राप्त गर्छ।

भगवान् शङ्कर पशुपतिनाथ हुनुहुन्छ। महादेव पशुहरूको सबैतिरबाट रक्षा गर्नुहुन्छ, पशुहरूको साथमा रमण गर्नुहुन्छ, सारा पशुहरूको अधिपति हुनुहुन्छ। त्यसैले पशुपति भन्ने नाम उहाँले ग्रहण गर्नु भएको छ। ब्रह्मादेखि स्थावरसम्मका सम्पूर्ण चराचरलाई पशु भन्छन्। महादेव ती सबैको पनि परिपालक, स्वामी हुनुहुन्छ। सामान्यतः चैतन्यवाला जति पशु हुन्, तिनको पति पशुपति र उत्तम पुरूष, पुरूषोत्तम पशुपतिनाथ। पशुपतिनाथ शिवका पञ्चमुख छन्। पश्चिम मुखमा सद्योजात नामक शिवजी हुनुहुन्छ। सद्योजातका चार मुख छन्, प्रत्येक मुखका चार हातमा वेद, अक्षमाला, वर, अभय रहेका छन्; शुद्ध श्वेतवर्ण छ, ऋग्वेदको नाद घन्किन्छ। वामदेव राज भएको उत्तरमुखलाई अर्धनारीश्वर, गौरीशङ्कररूप मानिन्छ र यसको वर्ण कमलकेशरगौर छ; चार मुख र चार हात छन्' यताबाट यजुर्वेद नाद उठिरहन्छ; चार बाहुमा वरमुद्रा, अक्षमाला, अभयमुद्रा र टङ्क (छिनु) ले सुशोभित भएका छन्। पूर्वमुख सुवर्ण जस्तो रक्तवर्णको छ। यसमा 'तत्पुरूष' शिवराज हुन्छ, सामवेद घन्किन्छ; चार मुख र चार हात छन्। चार हातमा ज्ञानमुद्रा, वरमुद्रा, अभयमुद्रा र कुठार (बन्चरो) लिनुभएको छ। दक्षिणमुख घनश्यामवर्णको छ, यसमा अघोरशिव राज भएको छ, अथर्ववेदको नाद चल्छ। चार मुहार छन्, आठ बाहु छन्, तिनमा कुठार, वेद, अङ्कुश, पाश, त्रिशूल, कपाल, ढक्का (डमरू) र अक्षमाला लिनुभएको छ। ऊर्ध्वमुखमा ईशान शिव राज भएको छ, वर्ण उज्ज्वल तेजोमय छ। पाँच मुहार र दश बाहु छन्। दश बाहुमा वेद, अभयमुद्रा, वरमुद्रा, अंकुश, पाश, टङ्क (छिनो), कपाल, ढक्का, अक्षमाला र त्रिशूल सुशोभित छन्। शिवको पञ्चमुखको दर्शन पूजन पश्चिम, उत्तर, पूर्व, दक्षिण तथा ऊर्ध्वका क्रमले हुन्छ। सबभन्दा सौम्य मूर्ति उत्तरतर्फ र सबभन्दा उग्रमूर्ति दक्षिण तर्फ मानिएको छ। शिवजीको प्रदक्षिणामा पूरै फन्को मार्नु हुँदैन, उत्तरतर्फको जलहरी रहने भागलाई ननाघी फेरि फर्केर अर्कोतिर घुमी प्रदक्षिणा पूरा गर्नुपर्छ।

भगवान् शङ्कर तपस्या र उपकारको निधि हुनुहुन्छ। उहाँको महिमा, रूप, चरित्र कसैले वर्णन गर्न नसकिने छ; वाक्मन बुद्धिको अगोचर छ। भक्तिगम्य शङ्करजी भक्तपरवश हुनुहुन्छ, भक्त कामना पूर्ण गरिदिने भक्त कल्पद्रुम हुनुहुन्छ। जगत्को सृष्टि स्थिति र संहरण उहाँकै महिमाबाट चलिरहन्छ।

शिखण्डी १०/१७ शिखण्डी पाञ्चालराज द्रुपदका जेठा छोरा हुन्। याज्ञसेनी द्रौपदी उनकी बहिनी, धृष्टद्युम्न उनका भाइ हुन्। महाराज द्रुपद महादेवका परमभक्त थिए। उनले पुत्र प्राप्त हुने वरदान पाएका थिए। तर जन्मँदा छोरीको जन्म भो। द्रुपदले छोरो जन्मेको भन्ने प्रचार गरे, शिखण्डी भन्ने नाम राखे। छोराका संस्कारहरू भए, छोरोलाई दिइने शिक्षादीक्षा दिइयो। राजकुमारकै जस्तो प्रशिक्षण दिइयो। हुँदाहुँदा विवाहको निमित्त ठाउँठाउँका राजाले छोरीको कुरो पठाए। दशार्णदेशका राजा हिरण्य वर्माकी छोरीसंग विवाह भो। दुलही भिझ्याएकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF

राति दुलहीलाई यथार्थ कुरो प्रत्यक्ष भो । दुलहीले कुरो आफूमा मात्रै अडाउन सकिनन् । राजा हिरण्य बर्मालाई पनि रहस्य खुल्यो । उनी द्रुपदबाट ठूलो धोखा भएको भन्ने ठानेर अतिक्रुद्ध भए, पाञ्चालमा आक्रमण हुने भो ।

राजा द्रुपद महादेवको शरण परेर प्रार्थना गर्न थाले । शिखण्डी आफ्नो कारणबाट राज्य नष्ट हुन लागेकोमा दिक्क भएर जङ्गलतिर लागे । हिमालयको काखमा पुग्दा स्थूणाकर्ण नामका एक यक्षसंग भेट भो । यक्षले शिखण्डीको दुःखको कारण थाहा पाए । दयाले यक्षको मन पग्ल्यो । लिङ्ग साट्ने शक्ति यक्षसँग थियो । उनले केही दिनका निमित्त, देशको सङ्कट नटरुन्जेलसम्मका लागि आफ्नो पुरूषत्व शिखण्डीलाई दिए; शिखण्डीको स्त्रीत्व आफूले लिए । शिखण्डी घर फर्के । उनको पुरूषत्व प्रमाणित भो, ससुराली सन्तुष्ट भए, युद्धको बादल हटयो । शिखण्डीको भाग्य, त्यही अन्तरमा यक्षराज कुबेर स्थूणाकर्णकहाँ आए; स्थूणाकर्णले सँधै स्त्री नै रहनुपर्ने शाप उनले दिए । शिखण्डी इमानदारीसँग पुरूषत्व फर्काउन आए, तर फर्काउनु परेन, सँधै पुरूष भएर रहे ।

शिखण्डीले द्रोणाचार्यसंग पढेका थिए, उनी ज्यादै शूर वीर पराक्रमी योद्धा महारथी थिए । महाभारत युद्धमा उनी पाण्डव तर्फका सात सेनापतिमध्ये एक सेनापति थिए । शिखण्डीले नै अर्जुनको वीरताको आडमा भीष्मलाई रथबाट लडाएका हुन् । उनी पूर्व जन्ममा अम्बा नामक कुमारी थिए । अम्बाले शिवजीबाट भीष्मसँग अर्को जन्ममा बदला लिन सक्ने वरदान पाएकी थिइन् । तिनै अम्बाको शिखण्डीको रूपमा जन्म भएको थियो । महाभारतयुद्धका अठ्ठाह्र दिनसम्म उनीले आफ्नो वीरता देखाएका थिए । अश्वत्थामाले राति अधर्मसँग उनलाई मारे ।

सौभद्र- १०/६ सौभद्र सुभद्राका एकमात्र पुत्र अभिमन्यु हुन् । आमा भगवान् श्रीकृष्णकी बहिनी सुभद्रा, बाबु कुन्तीका छोरा इन्द्रावतार अर्जुन । गर्भमा रहँदा उनीमा अद्भुत अलौकिक प्रतिभाको प्रादुर्भाव भैसकेको थियो । अभिमन्यु गर्भमा थिए, अर्जुनले सुभद्रासँग चक्रव्यूहको कुरा गरे । सुभद्राले चक्रव्यूहमा पस्ने, त्यसलाई फोर्ने र त्यसबाट निस्कने विषयमा सोधिन् । अर्जुनले बताउन थाले, प्रवेशको कुरो सिद्धिदा सुभद्रा निदाइन् । अर्जुनले पनि त्यतिमा नै कुरा रोके । चक्रव्यूहमा पस्ने विषय गर्भमा सुन्न पाएकोले अभिमन्यु त्यति जानेर जन्मेका थिए । अभिमन्यु असाधारण बालक थिए । अर्जुनबाट उनले युद्धविद्या पढे । किशोर अवस्थामा नै उनले शास्त्रहरूको, शस्त्रास्त्रहरूको असाधारण निपुणता प्राप्त गरेका थिए । बिराट नगरमा पाण्डवहरू गुप्तवासबाट प्रकाशमा आएपछि विराटको अनुरोध, मित्रसंप्राप्तिको उद्योग निकट भविष्यमा कौरवसँग गर्नुपर्ने सन्धिविग्रहको प्रसङ्गमा गर्नु पर्ने हुँदा – टार्नु नहुने भएकोले उनकी छोरी उत्तरासँग अभिमन्युको बिवाह सोह्र वर्षको उमेरमा भएको थियो । विवाह भएको छ महिनापछि महाभारत युद्ध भएको थियो र अभिमन्यु पनि युद्धमा महारथीको रूपमा सम्मिलित भएका थिए । उनी असाधारण पराक्रमी थिए । मामा श्रीकृष्ण जस्तै, पिता अर्जुन जस्तै उनी एक किसिमले अजेय नै थिए । अभिमन्युलाई जित्न सक्ने वीर कौरव पक्षमा कोही थिएन । कमलगट्टाको ध्वजचिन्ह भएका, अभेद्य सुवर्ण कवच बाँधेका अर्जुनपुत्र अर्जुनभन्दा पनि बढिया वीर थिए भनेर महाभारतकार व्यासले भन्नुभएको छ । उनको यस्तै वीरता युद्धमा सबैले देखे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्रोणाचार्यले आपनो सेनापतित्वको तेस्रो दिन चक्रव्यूहको रचना गरेर प्रबेशद्वारमा जयद्रथलाई नियुक्त गरेका थिए। त्यो व्यूहमा पस्न जाने पाण्डव पक्षमा अर्जुन वाहेक अरू कोही भएको कसैलाई थाहा थिएन। द्रोणले आफू सेनापति बनेकै दिन दुर्योधनसँग युधिष्ठिरलाई पक्डने प्रतिज्ञा गरेका थिए। अर्जुन अगाडि आए भने चाहि सकिन्न भन्ने उनको भनाइ थियो। चक्रव्यूह बनेको दिन संशप्तक गणको बेग्लै मोर्चा तयार गरेर कौरवले अर्जुनलाई त्यही मोर्चामा अलमल्याएका थिए। चक्रव्यूहमा सुरक्षित भएर कौरव पक्षले पाण्डव पक्षको सेनाको महासंहार गर्न थाल्यो। पाण्डव-पक्षमा सल्लाह भो। पाण्डव पक्षमा चक्रव्यूहभित्र पसेर भेदन गरी निस्कन सक्ने कोही भएन। अभिमन्यु पस्नसम्म सक्ने बुझियो। अभिमन्यु अघि लागेर चक्रव्यूहभित्र पस्ने, भीमहरू उनको पछि-पछि भित्र पसेर सबैले मिलेर व्यूह फोर्ने सल्लाह भो। अभिमन्यु अघि लागे। जयद्रथले अभिमन्यु-लाई अर्जुनकै अंश भएकोले परास्त गर्न सकेनन्, अभिमन्यु उनलाई जितेर भित्र पसे। अरू पाण्डवहरू जयद्रथबाट परास्त भए, भित्र पस्न सकेनन्। फलतः सोह्र वर्षका किशोरलाई चक्रव्यूह-भित्र कौरवहरूले एक्लै पारे।

वीर अभिमन्यु, एक्लै भए पनि शत्रुको निमित्त महाकाल नै बने। कौरव सेनाको महासँहार भो। उनको अघि पर्ने जुनसुकै वीर पनि परास्त हुन थाल्यो। दन्केको डढेलोले रूखहरूको नाश गरे जस्तै उनले शत्रुको ध्वंस गर्न थाले। कर्ण, कृप आदि महारथीहरू पनि त्राहि त्राहि भए। त्यो छिटो सिंहको बच्चो सिंहभन्दा पनि भयङ्कर बन्यो। उनको सामु एक्लै युद्ध गर्ने साहस महारथीहरूको हरायो। एक्लोसँग धेरैले मिलेर लडनु धर्मयुद्धा नियमविपरीत थियो। द्रोणसंग कर्ण कृपले वस्तु-स्थिति बताए। द्रोणले रथमा बसेर कवच लाएका, धनु समातेका अभिमन्युलाई कसैले जित्न नसक्ने तथ्य बताए। कवच नभएकोलाई, विरथलाई धनु नलिएकोलाई महारथीहरूले हतियार हान्नु नहुने नियम थियो। सेनापति द्रोणले स्वयं कर्णहरूलाई सल्लाह दिए– पहिले अभिमन्युलाई विरथ र धनु रहित बनाउनुपर्छ, अनि प्रहार गर्नुपर्छ। द्रोण, कर्ण, कृपाचार्य, अश्वत्थामा, कृतवर्मा र वृहद्बल छ महारथी एकै चोटि एक अभिमन्यु माथि जाइ लागे। वृहद्बललाई अभिमन्युले मार्ने वित्तिकै दुःशासन-को छोरो सम्मिलित भो। छ महारथीले घेरे, एक्लो, सोह्र वर्षे, वीरसंग चार सय वर्षे द्रोणदेखि सोह्र वर्षे दुःशासन पुत्र सम्म छ महारथीले युद्ध गर्न थाले। कर्णले धनु काटिदिए, कृतवर्माले घोडाहरू मारिदिए, कृपाचार्यले सारथिलाई र पार्श्वरक्षकलाइ मारिदिए, अरूले अन्धाधुन्ध शस्त्रवर्षा गरे। विरथ धनुरहित पैदल, हतियार सकिएर यौटा गदाको भरमा अतुल शौर्य गरिरहेको वीरलाई छ जनाले मिलेर मारे। अभिमन्युको साहसपूर्ण वीरता र द्रोण आदिले उनीप्रति गरेको नृशंसता दुवै अविस्मरणीय छन्।

अभिमन्यु चन्द्रमाका पुत्र वर्चाका अवतार थिए। भूभारहरणको निमित्त देवताहरू आआपनो अंश लिएर पृथिवीमा अवतार लिने भए। चन्द्रमाले आपना पुत्र वर्चालाई अवतार लिन लगाउने भए। वर्चा चन्द्रमाका अत्यन्त प्रिय पुत्र भएकाले चन्द्रमाले उनलाइ सोह्र वर्ष मात्र पृथ्वीमा राख्ने कबूल गराएका थिए। त्यसै हुँदा सोह्रै वर्षमा असाधारण वीरकीर्ति छोडेर अभिमन्यु गए। उनकी रानी उत्तरामा छ महिने गर्भ थियो। त्यही गर्भ जन्मेपछि परीक्षितको नामले हुर्क्यो। युधिष्ठिरपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हस्तिनापुरको गद्दीमा परीक्षित नै आसीन भए, उनीबाट पाण्डववंश परम्परा चल्यो।

सौमदत्ति १०/८ सोमदत्ति सोमदत्तका छोरा हुन्। उनको नाम भूरिश्रवा हो। उनलाई यूपध्वज पनि भन्थे। कौरव पक्षका गण्यमान्य महारथीहरूमध्ये उनी एक थिए। उनी ज्यादै धर्मात्मा थिए। उनले धेरै धेरै यज्ञ गरेका हुँदा उनको नाम नै भूरिश्रवा र यूपध्वज बनेको थियो। महाभारत युद्धमा भूरिश्रवाका चार पुस्ता सम्मिलित भएका थिए। उनका छोरा, उनी, उनका बाबु सोमदत्त, उनका बाजे बाल्हीक। बाल्हीक महाराज प्रतीपका कान्छा छोरा, शान्तनुका भाइ हुन्। भीष्मको उनीसँग काकाको नाता पर्छ सोमदत्त बाल्हीकका छोरा हुन्, उनीसंग धृतराष्ट्रको कान्छा बाको नाता पर्छ। भूरिश्रवा सोमदत्तका छोरा हुन, उनीसंग धृतराष्ट्रको भाइ नाता पर्छ। यी पुस्ता पुस्ताका बूढाहरू धृतराष्ट्रकै संरक्षणमा बस्थे, धृतराष्ट्रकै दरबारिया सभासद् थिए। उनी दरबारको खली खाएका भारदार थिए, मनले जे जस्तो, विवेक गरे पनि, मुखले र व्यवहारले राजालाई र राजपरिवारलाई मन नपर्ने कुरा केही नगर्ने बानी बसिसकेको थियो। द्यूतसभाको त्यो अन्याय अत्याचारमा तिनका चारै पुस्ता सभामा काष्ठवत मौन रहेका थिए। महाभारत युद्धमा पनि यन्त्रवत् तिनीहरूले युद्ध गरेका थिए। बाल्हीक युद्धमा भीमसेनको प्रहारबाट मरे, सोमदत्तलाई सात्यकिले मारे।

जयद्रथ बध हुने दिन भूरिश्रवाको र सात्यकिको ठूलो युद्ध भो। सात्यकिका बाबुको र भूरिश्रवाका बाबु सोमदत्तको वसुदेव देवकी स्वयंवरमा युद्ध परेको थियो। सोमदत्तलाई त्यो वेला शिनिले हराएका थिए। सोमदत्तले शिनिको छोरोलाई युद्धमा हजारौं वीरहरूको समक्ष पछारेर लात हान्न सक्ने छोरोको रूपमा तपस्याबाट भूरिश्रवालाई पाएका थिए। भूरिश्रवाले सात्यकिलाई पछारेर युद्धमा लात हाने। कपाल समातेर तरवारले काट्न आउदा अर्जुनले सात्यकिलाई बचाउन भूरिश्रवाको हात काटिदिए। भूरिश्रवा हतियार फ्याँकेर प्रायोपवेशमा बसे। सात्यकिले त्यही वेला उनको शिर छेदन गरे। आफूलाई गाली गर्नेको, लात हान्नेको बध गर्छु भन्ने आफ्नो प्रतिज्ञा सात्यकिले पूरा गरे।

संजय १/२ संजय सूत जातीय थिए। उनका पिताको नाम गवल्गण हो। संजय वेदव्यासका शिष्य र बेस विद्वान थिए। वेदव्यासले पनि उनको ज्ञान पत्याइएको थियो, महाभारत मित्रका आठहजार आठसय कूटग्रन्थको अर्थ संजयले पनि जानेको संभावना देखाइएको थियो। धृतराष्ट्रलाई महाभारतयुद्ध वृत्तान्त सुनाउनका लागि व्यासले र धृतराष्ट्रले संजयलाई नै पत्याउनुभो। उनी सबैका विश्वासका र स्नेहका पात्र थिए। महाभारत युद्ध भरी जहाँको, जे पनि देख्ने सुन्ने दिव्य दृष्टि र जहाँ पनि, जहिले पनि पुग्ने, अदृश्य हुने, हात हतियारले चोट नलगाउने जस्ता दिव्यशक्ति पनि व्यासबाट संजयले पाएका थिए।

संजय कौरव पक्षमा अति विश्वास पात्र थिए। 'कौरव पक्षले शान्ति जिन नमाने पनि युधिष्ठिरले युद्ध नगर्ने, शान्ति लिने एकतफी निर्णय गर्नुपर्छ, बन्धुहत्या गर्नु हुन्न भन्ने' धृत सन्देश धृतराष्ट्रहरूले युद्ध हुने केही दिन अघि संजयलाई दूत बनाएर युधिष्ठिरकहाँ पठाएका थिए। संजय महाभारत युद्ध क्षेत्रमा पनि गइरहन्थे; युद्ध शिविरमा बसेर कौरव पक्षको सरसल्लाहमा उनी सम्मिलित रहन्थे। दुर्योधन कर्ण दुःशासनको गुप्त बैठकमा संजय मुख्य सल्लाहकारको रूपमा रहन्थे। कर्णले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्जुनलाई अथवा श्रीकृष्णलाई नै अविलम्ब घातक शक्तिको प्रहार गरेर मार्नुपर्छ भन्ने सल्लाह दिनेमा संजय पनि एक थिए। युद्ध सकिएको दिन व्यासले दिएको शक्ति हराएपछि संजयलाई युद्धभूमिमा सात्यकिले समातेर मार्न आँटेका थिए, व्यासदेवले आएर उनलाई छुटाइदिनुभो।

संजय अन्धा महाराज धृतराष्ट्रका सँधै संगै बस्ने सहचर थिए। धृतराष्ट्रलाई ठाउं-ठाउँका, विषयविषयका कुराहरू सुनाइरहनुपर्थ्यो, बेला मौका मिलाएर उनी ज्ञानगुनका कुराहरू बताइरहन्थे। धृतराष्ट्र युद्ध उपरान्त वनमा जाँदा संजय साथमा गएका थिए। गान्धारीको सेवा टहल कुन्तीले गरेकी थिइन्, धृतराष्ट्रको स्याहार सुसार संजयले गरेका थिए। सूत जातीय भएकाले उनी सेवा पनि गर्थे, तर तपस्वी थिए। धृतराष्ट्रहरूका साथसाथै उनी पनि तपस्यामा संलग्न रहेका थिए, नियम व्रतहरू गर्थे। तपस्या बढाउदै लगेर छ छ दिनमा एक पटक खाने, भजनकीर्तनमा संलग्न रहने उनको नियम थियो। धृतराष्ट्रहरूलाई डढेलोमा बचाउन नसकिने भएपछि उनकै आज्ञाले उनलाई आखिरी सल्लाह दिएर उनी तपस्याको निमित्त बदरिकाश्रममा गएका थिए।

संजय ठूला विद्वान्, धर्मात्मा, नीति कुशल थिए। अर्जुनले सुनेकै बेला गीता सुन्ने सौभाग्य संजयलाई प्राप्त भयो। स्वयं भगवान्को मुखारबिन्दबाट उनले गीता सुन्न पाए, अर्जुन संगसंगै भगवान्को दिव्य विश्वरूपको दर्शन पाए। गीता जस्ताको तस्तै धृतराष्ट्रलाई सुनाउन उनले पाए। पाण्डव पक्षहरूमा न्याय गर्न भगवान्को शरण पर्न उनी धृतराष्ट्रसंग आग्रह गरिरहन्थे। धर्मकै पक्षमा भगवान् रहनु हुन्छ, धर्म रहेकै पक्षको जय र श्रेय हुन्छ भन्ने अटल विश्वास उनलाई थियो।

स्कन्द १०/२४ स्कन्द भगवान् शङ्करका पुत्र हुन्। षट् कृत्तिकालाई र गङ्गालाई स्कन्दकी आमा मानिएको छ। तारकासुरले तपोबलबाट ब्रह्माको बरदान पाएर दिग्विजय गरे। तीन त्रिलोक उनको अधीनमा भो। देवताहरू स्वर्गबाट भागे। तारकासुरलाई जित्ने सामर्थ्य कुनै देवतामा पनि भएन। योनिबाट नजन्मेको, पाँच वर्ष ननाघेको कुमारले मात्र मार्न सक्ने वरदान तारकासुरले पाएका थिए। पाँच वर्ष ननाघ्दै त्यस्तो बलवान असुरलाई मार्ने सामर्थ्य केवल महादेवको पुत्रमा मात्र हुन सक्छ। तर महादेव वीतराग हुनुहुन्छ। उहाँमा अनुराग पैदा गर्नुपर्ने सल्लाह देवताहरूले गरे। महादेव हिमालमा समाधिमग्न हुनुहुन्थ्यो। उहाँलाई पति पाउने इच्छाले हिमालय पुत्री पार्वती पनि समस्त भोगविलास त्यागेर शिवसेवामा संलग्न हुनुहुन्थ्यो। समाधिभङ्ग गर्न कामबाणको प्रहार गरेकोले शिवकोपबाट कामदेव भस्म भए। तर पार्वतीको सेवाबाट प्रसन्न प्रभुले पार्वतीसंग विवाह गर्नुभो। धेरै समय वित्यो, पुत्रोत्पत्ति भएन। कैलासको गुफामा शिवपार्वतीको रमण भैरहेको बेला परेवाको रूपमा अग्निदेव देवकार्यको सम्झना गराउन गए। शिवको खसेको वीर्य टिपेर परेवा बाहिर आए। शिवको उग्रवीर्यले अग्निलाई पनि पोल्यो। उनले गङ्गामा ओकले, गङ्गालाई पनि पोल्यो, प्रवाहले किनारमा ल्यायो। गङ्गातीरको खरको वनमा बालक जन्म्यो, अग्निको ज्वाला जस्तो दनदनी दन्केको सो बालकलाई स्तनपान गराउन छ कृत्तिका आए, छ कृत्तिकाको स्तनपान गर्न बालकका छ मुख बने। अति शक्तिशाली कुमारको आविर्भाव भो। यिनै कुमारलाई गङ्गापुत्र, कृत्तिका पुत्र कार्तिकेय, स्कन्द, कुमार, स्वामि कार्तिकेय भनिएको छ।

कुमारको आविर्भाव भएको थाहा पाएर सबै देवताहरूले त्यहाँ आएर स्तुति गरे; स्कन्दकुमार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा आफ्ना सारा शक्तिहरू टकराए। थरोथरीका मातृकाशक्तिहरू, भूतप्रेत वेताल शाकिनी झाकानी शक्तिहरूको पनि आविर्भाव भो। पूरा देवसेना त्यहीं संगठित भो। सम्पूर्ण देवसेनाको अधिपतिको रूपमा स्कन्दको अभिषेक भो। ब्रह्मपुत्री, देवसेनाकी अधिष्ठात्री षष्ठी देवीले स्कन्दको वरण गर्नु भो। ब्रह्मा विष्णु तथा स्वयं महादेव पनि स्कन्द कुमारको देवसेनामा सम्मिलित हुनुभो। स्कन्द देवसेनालाई हाँकेर तारकासुरसंग युद्धको निमित्त जानुभो। तरकासुरको संहार गरेर दुष्टदमन र सज्जनसंरक्षक स्वामी स्कन्दकुमारले गर्नभो। स्कन्दजन्मको वर्णन पुराणहरूमा बडो विस्तारका साथ रोमाञ्चकारी ढङ्गमा भएको पाइन्छ। स्कन्दको नामबाट चलेको स्कन्दपुराण अट्ठाह्र पुराणमध्ये सबभन्दा ठूलो छ। स्कन्दको आराधनाबाट मनुष्यको कल्याण हुन्छ। सेनाको, बालकको रक्षा, विजय, व्यवस्था एवं अनुशासन स्थापन आदिमा कुमार स्कन्दको कृपा सर्वोपरि मानिन्छ। देवसेनापति स्कन्दको आराधना गर्दा छ मुख, मयूर वाहन, शक्तिधर, देवसेना षष्ठी देवी पति, मातृगण परिवृत रूपको ध्यान गरिन्छ।

शैब्य १/५ शैब्य उशीनर देशका राजा हुन्। उनी शिवि राजाका वंशीय थिए। त्यसले वंशको प्रभावबाट उनको सिद्धान्त वैष्णव मत प्रधान थियो र सम्भवतः दासप्रथालाई नरूचाउने किसिमको उनको राज्यव्यवस्था थियो। शैब्य परम गोरक्षकको रूपमा प्रसिद्ध थिए। उनीकहाँ गतिला र धेरै गाई भएको कारणबाट उनलाई शैब्य गोवासन भनिन्थ्यो। उनकी छोरी देविकाको महाराज युधिष्ठिरसँग विवाह भएको थियो, तिनबाट यौधेय भन्ने छोरा जन्मेका थिए। सम्भवतः उनकै वंश्या तर्फकी छोरीको विवाह धृतराष्ट्रका वंश्या तर्फका भाइ विदुरसँग भएको थियो। शैब्य निकै ठूला शूर वीर थिए। महाभारत युद्धमा उनी पाण्डवतर्फबाट लड़ेका थिए, त्यहीं युद्धमा उनले वीर गति प्राप्त गरे।

सहदेव १/१६ सहदेव कान्छा पाण्डव हुन्। उनी अश्विनी कुमारको वीर्यले पाण्डुकी कान्छी महारानी माद्रीका कोखबाट जन्मेका जुम्ल्याहा मध्ये कान्छा हुन्। अरू दाजुहरूको जस्तै उनको जन्म हिमाली जङ्गलको तपोवनको कुटीमा नै भएको हो। सबभन्दा कान्छा भएकोले र सौम्य एवं अत्यन्त आज्ञाकारी बानी भएकोले सहदेव सबैका ज्यादा प्यारा थिए। महारानी कुन्ती सहदेवको सबभन्दा बढी हेर विचार गर्थिन्, स्याहार सुसारमा बढ़ी ध्यान दिन्थिन्। पाण्डव बाह्र वर्ष वनबास र एक वर्षको लागि गुप्तवास जान लागेको वेला कुन्तीले सहदेवको सबभन्दा बढी चिन्ता लिएकी थिइन्। पछि धृतराष्ट्रहरूसँग आफू वानप्रस्थ बनेर बन जान लाग्दा द्रौपदीलाई र युधिष्ठिरलाई छुट्टाछुट्टै 'मेरो कान्छो सहदेवको रामो हेरविचार गर' भनेकी थिइन्। कान्छा भए पनि सहदेवको प्रतिभा बुद्धि र ज्ञानमा सब पाण्डवलाई मात्र हैन, अरू गण्यमान्यलाई पनि विश्वास थियो। कामकाजमा उनले दिएको सल्लाह ग्राह्य हुन्थ्यो। सहदेव गोविद्याका विशेषविज्ञ थिए। विराटनगरको गुप्तवासमा सहदेवले गोठको हाकिम भएर ग्रन्थिक भन्ने कल्पित नाम लिएर काम गरेका थिए। उनले मद्रदेशको राजकुमारी विजयासँग विहा गरेका थिए। उनबाट जन्मेका द्रौपदीतर्फका छोराको नाम श्रुतकर्मा थियो र दोस्रो पत्नी विजयाबाट जन्मेका छोराको नाम सुहोत्र थियो। सहदेवले महाभारत युद्धमा धेरै पराक्रम गरे, शकुनिको वध उनले नै गरेका थिए। युद्धविजयपछि राज्य चलाउँदा सहदेव राजाको रक्षा गर्ने सम्पूर्ण काममा अध्यक्ष भएका थिए। दाजुहरूका साथ महाप्रस्थानमा जाँदा उनको देहान्त भयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अक्षरक्रममा श्लोक सूची ।

	अ./श्लो.		अ./श्लो.
अकीर्तिचापि भूतानि	२/१४	अनादित्वा न्निर्गुणत्वात्	१३/३१
अक्षराणा मकारोस्मि	१०/३३	अनादि मध्यान्त मनन्त	११/१९
अक्षरं ब्रह्म परमं	८/ ३	अनाश्रितः कर्मफलं	६/ १
अग्नि ज्योति रहः शुक्लः	८/२४	अनिष्ट मिष्टं मिश्रंच	१८/१२
अच्छेद्योय मदाह्योय	२/२४	अनुद्वेगकरं वाक्यं	१७/२५
अजोपिसन्नव्ययात्मा	४। ६	अनुबन्धं क्षयं हिंसाम्	१८/२५
अज्ञश्चा श्रद्दधानश्च	४/४०	अनेक चित्त विभ्रान्ताः	१६/१६
अत्र शूरा महेष्वासाः	१/ ४	अनेक बाहू दर वक्त्र	११/१६
अथ केन प्रयुक्तो यं	३/३६	अनेक वक्त्र नयनम्	११/१०
अथ चित्तं समाधातुं	१२/ ९	अन्तकाले च मामेव	८/ ५
अथ चेत्त्व मिमं धर्म्यं	२/३३	अन्तवत्तु फलं तेषाम्	७/२३
अथ चैनं नित्यजातं	२/२६	अन्तवन्त इमे देहाः	२/१८
अथवा बहुनै तेन	१०/४२	अन्नाद् भवन्ति भूतानि	३/१४
अथवा योगिना मेव	६/४२	अन्येच बहवः शूराः	१/ ९
अथ व्यवस्थितान् दृष्ट्वा	१/२०	अन्ये त्वेव मजानन्तः	१३/२५
अथैत दप्यशक्तोसि	१२/११	अपरे नियताहाराः	४/३०
अदृष्टपूर्वं हृषितोस्मि	११/४५	अपरेय मित स्त्वन्यां	७/ ५
अदेशकाले यद् दानम्	१७/२२	अपरं भवतो जन्म	४/ ४
अद्वेष्टा सर्वभूतानां	१२/१३	अपर्याप्तं तद स्माकम्	१/१०
अधर्माभिभवात् कृष्ण	१/४१	अपानं जुह्वति प्राणम्	४/२९
अधर्मं धर्म मिति या	१८/३२	अपिचेत् सुदुराचारः	९/३०
अध श्चोर्ध्वं प्रसृताः	१५/ २	अपिचे दसि पापेभ्यः	४/३६
अधिभूतं क्षरो भावः	८/ ४	अप्रकाशो प्रवृत्तिश्च	१४/१३
अधियज्ञः कथं कोत्र	८/ २	अफलाकाङ्क्षिभि र्यज्ञः	१७/११
अधिष्ठानं तथा कर्ता	१८/१४	अभयं सत्त्व संशुद्धिः	१६/ १
अध्यात्मज्ञान नित्यत्वं	१३/११	अभिसन्धाय तु फलम्	१७/१२
अध्येष्यते च य इमं	१८/७०	अभ्यास योग युक्तेन	८/ ८
अनन्त विजयं राजा	१/१६	अभ्यासे प्यसमर्थोसि	१२/११
अनन्त श्चास्मि नागानां	१०/२९	अमानित्व मदम्भित्वम्	१३/ ७
अनन्यचेताः सततं	८/१४	अमीचत्वां धृतराष्ट्रस्य	११/२६
अनन्या श्चिन्तयन्तो मां	९/२२	अमी हित्वां सुरसङ्घाः	११/२१
अनपेक्षः शुचि र्दक्षः	१२/१६	अयतिः श्रद्धया पेतः	६/३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ./श्लो.		अ./श्लो.
अयनेषु च सर्वेषु	१/११	अहो बत महत् पापम्	१।४५
अयुक्तः प्राकृतः स्तब्धः	१८/२८	आख्याहि मे को भवान्	११।३१
अवजानन्ति मां मूढाः	९/११	आचार्याः पितरः पुत्राः	१।३४
अवाच्य वादांश्च बहून्	२/३६	आढ्यो भिजनवा नस्मि	१६।१५
अविनाशि तु तद् विद्धि	२/१७	आत्म संभाविताः स्तब्धाः	१६।१७
अविभक्तं च भूतेषु	१३/१६	आत्मौपम्येन सर्वत्र	६।३२
अव्यक्तादीनि भूतानि	२/२८	आदित्याना महँ विष्णुः	१०।२१
अव्यक्ताद् व्यक्तयः सर्वाः	८/१८	आपूर्यमाण मचल	२।७०
अव्यक्तो क्षर इत्युक्तः	८/२१	आब्रह्म भुवना ल्लोकाः	८।१६
अव्यक्तो य मचिन्त्योयम्	२/२५	आयुधाना महं वज्रम्	१०।२८
अव्यक्तं व्यक्ति मापन्नम्	७/२४	आयुः सत्त्व बलारोग्य	१७। ८
अशास्त्र विहितं घोरम्	१७/ ५	आरुरुक्षो र्मुने र्योगं	६। ३
अशोच्या नन्वशोच स्त्वम्	२/११	आवृतं ज्ञान मेतेन	३।३९
अश्रद्दधानाः पुरुषाः	९/ ३	आशा पाश शतैर्बद्धाः	१६।१२
अश्रद्धया हुतं दत्तम्	१७/२८	आश्चर्यवत् पश्यति	२।२९
अस्वत्थः सर्व वृक्षाणाम्	१०/२६	आसुरीं योनि मापन्नाः	१६।२०
असक्त बुद्धिः सर्वत्र	१८/४९	आहार स्त्वपि सर्वस्य	१७। ७
असक्ति रनभिष्वङ्गः	१३/ ९	आहु स्त्वा मृषयः सर्वे	१०।१३
असत्य म प्रतिष्ठं ते	१६/ ८	इच्छा द्वेष समुत्थेन	७।२७
असौ मया हतः शत्रुः	१६/१४	इच्छा द्वेषः सुखं दुःखम्	१३। ६
असंयतात्मना योगः	६/३६	इति क्षेत्रं तथा ज्ञानम्	१३।१८
असंशयं महाबाहो	६/२५	इति गुह्यतमं शास्त्रम्	१५।२०
अस्माकं तु विशिष्टा ये	१/ ७	इति ते ज्ञान माख्यातम्	१८।६३
अह मात्मा गुडाकेश	१०/२०	इत्यर्जुनं वासुदेवः	११।५०
अहंकारं बलं दर्पम्	१६/१८	इत्यहं वासुदेवस्य	१८।७४
अहंकारं बलं दर्पम्	१८/५३	इद मद्य मया लब्धम्	१६।१३
अहं क्रतु रहं यज्ञः	९/१६	इदं ज्ञान मुपाश्रित्य	१४। २
अहं वैश्वानरो भूत्वा	१५।१४	इदं तु ते गुह्यतमम्	९। १
अहं सर्वस्य प्रभवः	१०। ८	इदं ते नातपस्काय	१८।६७
अहं हि सर्वयज्ञानाम्	९।२४	इदं शरीरं कौन्तेय	१३। १
अहिंसा सत्य मक्रोधः	१६। २	इन्द्रियस्येन्द्रियस्यार्थे	३।३४
अहिंसा समता तुष्टिः	१०। ५	इन्द्रियाणां हि चरताम्	२।६७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized by eGangotri.Funding: MIDF

	अ./श्लो.		अ./श्लो.
इन्द्रियाणि पराण्या हुः	३।४२	एवं ज्ञात्वा कृतं कर्म	४।१५
इन्द्रियाणि मनो बुद्धिः	३।४०	एवं परम्पराप्राप्तम्	४। २
इन्द्रियार्थेषु वैराग्यम्	११।३१	एवं प्रवर्तितं चक्रम्	३।१६
इमं विवस्वते योगम्	४। १	एवं बहुविधा यज्ञाः	४।३२
इष्टान् भोगान् हि वो देवाः	३।१२	एवं बुद्धेः परं बुद्धा	३।४३
इहैकस्थं जगत् कृत्स्नम्	११।७	एवं सततयुक्ता ये	१२। १
इहैव तैर्जितः सर्गः	५।१९	एषा तेऽभिहिता सांख्ये	२।३९
ईश्वरः सर्व भूतानाम्	१८।६१	एषा ब्राह्मी स्थितिः पार्थ	२।७२
उच्चैः श्रवसमश्वानाम्	१०।२७	ओमित्येकाक्षरं ब्रह्म	८।१३
उत्क्रामन्तं स्थितं वापि	१५।१०	ॐ तत् सदिति निर्देशः	१७।२३
उत्तमः पुरुष स्त्वन्यः	१५।१७	कच्चिदेतच्छ्रुतं पार्थ	१८।७२
उत्सन्न कुल धर्माणाम्	१।४४	कच्चिन्नोभय विभ्रष्टः	६।३८
उत्सीदेयु रिमे लोकाः	३।२४	कट्वम्ल लवणात्युष्ण	१७। ९
उदाराः सर्व एवैते	७।१८	कथं न ज्ञेय मस्माभिः	१।३९
उदासीनवदासीनः	१४।२३	कथं भीष्म महं संख्ये	२। ४
उद्धरेदात्मनात्मानं	६। ५	कथं विद्यामहं योगिन्	१०।१७
उपद्रष्टानुमन्ता च	१३।२२	कर्मजं बुद्धियुक्ता हि	२।५१
ऊर्ध्वं गच्छन्ति सत्त्वस्था	१४।१८	कर्मणैव हि संसिद्धिम्	३।२०
ऊर्ध्वमूल मधः शाखम्	१५। १	कर्मणो ह्यपि बोद्धव्यम्	४।१७
ऋषिभि र्बहुधा गीतम्	१३। ४	कर्मणः सुकृतस्या हुः	१४।१६
एतच्छ्रुत्वा वचनं	११।३५	कर्मण्यकर्म यः पश्येत्	४।१८
एतद् योनीनि, भूतानि	७। ६	कर्मण्येवाधिकार स्ते	२।४७
एतन् मे संशयं कृष्ण	६।३९	कर्म ब्रह्मोद्भवं विद्धि	३।१५
एतान् न हन्तु मिच्छामि	१।३५	कर्मेन्द्रियाणि संयम्य	३।६
एतान्यपि तु कर्माणि	१८। ६	कर्शयन्तः शरीरस्थं	१७।६
एतां दृष्टिमवष्टभ्य	१६। ७	कविं पुराण मनुशासितारम्	८।९
एतां विभूतिं योगं च	१०।७	कस्माच्च ते न नमेरन्	११।३७
एते विमुक्तः कौन्तेय	१६।२२	काङ्क्षन्तः कर्मणां सिद्धिं	४।१२
एव मुक्तो हृषीकेशः	१।२४	काम एष क्रोध एष	३।३७
एव मुक्त्वा ततो राजन्	११। ९	काम क्रोध वियुक्तानाम्	५।२६
एव मुक्त्वार्जुनः संख्ये	१।४७	काम माश्रित्य दुष्पूरम्	१६।१०
एव मुक्त्वा हृषीकेशं	२। ९	कामात्मानः स्वर्गपराः	२।४३
एव मेतद् यथात्थ त्वम्	११। ३	कामै स्तै स्तै र्हृतज्ञानाः	७।२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri:Funding: MIDF

काम्यानां कर्मणां न्यासम्
कायेन मनसा बुद्ध्या
कार्पण्य दोषो पहत स्वभाव
कार्यं करणं कर्तृत्वे
कार्यमित्येव यत् कर्म
कालो स्मि लोक क्षयकृत्
काश्यश्च परमेष्वासः
किं कर्म किमकर्मेति
किं तद्ब्रह्म किमध्यात्मम्
किं पुन ब्राह्मणाः पुण्याः
किरीटिनं गदिनं चक्रिणं
किरीटिनं गदिनं चक्रहस्तम
कुतस्त्वा कश्मल मिदं
कुलक्षये प्रणश्यन्ति
कृपया परया विष्टः
कृषि गौरक्ष्य वाणिज्यम्
कैलिङ्गं स्त्रीन् गुणानेतान्
क्रोधाद् भवति संमोहः
क्लेशो धिकतर स्तेषाम्
क्लैब्यं मा स्म गमः पार्थ
क्षिप्रं भवति धर्मात्मा
क्षेत्रक्षेत्रज्ञयो रेवम्
क्षेत्रज्ञं चापि मां विद्धि
गतसङ्गस्य मुक्तस्य
गतिर्भर्ता प्रभुः साक्षी
गाण्डीवं स्रंसते हस्तात्
गा माविश्य च भूतानि
गुणा नेता तीत्य त्रीन्
गुरूनहत्वा हि महानुभावान्
चञ्चलं हि मनः कृष्ण
चतुर्विधा भजन्ते मां
चातुर्वर्ण्यं मया सृष्टम्

चिन्तामपरिमेयां च
चेतसा सर्वकर्माणि
जन्म कर्म च मे दिव्यम्
जरा मरण मोक्षाय
जातस्य हि ध्रुवो मृत्युः
जितात्मनः प्रशान्तस्य
ज्ञानयज्ञेन चाप्यन्ये
ज्ञानविज्ञान तृप्तात्मा
ज्ञानेन तु तदज्ञानं
ज्ञानं कर्म च कर्ता च
ज्ञानं शेयं परिज्ञाता
ज्ञानं ते हं सविज्ञानम्
ज्ञेयं यत् तत् प्रवक्ष्यामि
ज्ञेयः स नित्य संन्यासी
ज्यायसी चेत् कर्मणस्ते
ज्योतिषामपि तज् ज्योतिः
ज्ञात्वा च संहृत्य संस्मृत्य
ततः पदं तत् परिमार्गितव्यम्
ततः शंखाश्च भेर्यश्च
ततः श्वेतैर्हयैर्युक्ते
ततः स विस्मयाविष्टः
तत् क्षेत्रं यच्च यादृक्च
तत्त्ववित्तु महाबाहो
तत्र तं बुद्धि संयोगम्
तत्र सत्त्वं निर्मलत्वात्
तत्रा पश्यत् स्थितान् पार्थः
तत्रैकस्थं जगत् कृत्स्नम्
तत्रैकाग्रं मनः कृत्वा
तत्रैवं सति कर्तारम्
तदित्य नभिसन्धाय
तद्विद्धि प्रणिपातेन
तद्बुद्धय स्तदात्मानः
तद्विद्धि प्रणिपातेन

अ./श्लो.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.। श्लो.		अ.। श्लो.
तपस्विभ्यो धिको योगी	६।४६	त्रैविद्या मां सोमपाः	९।२०
तपाम्यह महं वर्षम्	९।१९	त्वमक्षरं परमं वेदितव्यम्	११।१८
तम स्त्वज्ञानजं विद्धि	१४। ८	त्वमादि देवः पुरूषः पुराणः	११।३८
तमुवाच हृषीकेशः	२।१०	दण्डो दमयता मस्मि	१०।३८
तमेव शरणं गच्छ	१८।६२	दम्भो दर्पो भिमानश्च	१६। ४
तस्मा च्छास्त्रं प्रमाणं ते	१६।२४	दातव्य मिति यद् दानम्	१६।१०
तस्मात्त्व मिन्द्रियाण्यादौ	३।४१	दिवि सूर्य सहस्त्रस्य	११।१२
तस्मा त्व मुत्तिष्ठ यशो	११।३३	दिव्य माल्याम्बर धरम्	११।११
तस्मात् प्रणम्य प्रणिधाय	११।४४	दुःख मित्येव यत् कर्म	१८। ८
तस्मात् सर्वेषु कालेषु	८। ७	दुःखेष्वनुद्विग्न मनाः	२।५६
तस्मा दज्ञान संभूतम्	४।४२	दूरेण ह्यवरं कर्म	२।४९
तस्मा दसक्तः सततम्	३।१९	दृष्ट्वा तु पाण्डवा नीकम्	१। २
तस्मा दो मित्युदाहृत्य	१७।२४	दृष्ट्वे दं मानुषं रूपम्	११।५१
तस्माद् यस्य महाबाहो	२।६८	देवद्विज गुरूप्राज्ञ पूजनम्	१७।१४
तस्मान्नाहां वयं हन्तुम्	१३७	देवान् भावयता नेंन	३।११
तस्य संजनयन् हर्षम्	१।१२	देहिनो स्मिन् यथा देहे	२।१३
तानहं द्विषतः क्रूरान्	१६।१९	देही नित्य मबध्योयम्	२।३०
तानि सर्वाणि संयम्य	२।६१	दैव मेवा परे यज्ञम्	४।२५
तुल्य निन्दा स्तुति र्मौनी	१२।१९	दैवी संपद् विमोक्षाय	१६। ५
तेजः क्षमा धृतिः शौचम्	१६। ३	दैवी ह्येषा गुणमयी	७।१४
ते तं भुक्त्वा स्वर्गलोकं	९।२१	दोषै रेतैः कुलध्नानाम्	१।४३
तेषामहं समुद्धर्ता	१२। ७	दंष्ट्राकरालानि च ते	११।२५
तेषा मेवानुकम्पार्थम्	१०।११	द्यावा पृथिव्यो रिद मन्तरं	११।२०
तेषां ज्ञानी नित्ययुक्त	७।१७	द्यूतं छलयता मस्मि	१०।३६
तेषां सतत युक्तानाम्	१०।१०	द्रव्य यज्ञा स्तपोयज्ञाः	४।२८
तं तया कृपयाविष्टम्	२। १	द्रुपदो द्रौपदेयाश्च	१।१८
तं विद्याद् दुःखसंयोग	६।२३	द्रोणंच भीष्मंच जयद्रथं	११।३४
त्यक्त्वा कर्म फलासङ्गम्	४।२०	द्वाविमौ पुरूषौ लोके	१५।१६
त्याज्यं दोषव दित्येके	१८। ३	द्वौ भूतसर्गौ लोके स्मिन्	१६। ६
त्रिभि र्गुणमयै र्भावैः	७।१३	धर्मक्षेत्रे कुरूक्षेत्रे	१। १
त्रिविधा भवति श्रद्धा	१७। २	धूमेना व्रियते वन्हिः	३।३८
त्रिविधं नरकस्येदं	१६।२१	धूमो रात्रि स्तथा कृष्णः	८।२५
त्रैगुण्यविषया वेदाः	२।४५	धृत्या यया धारयते	१८।३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ.। श्लो.
धृष्टकेतु श्चैकितानः	१। ५
ध्यानेनात्मनि पश्यन्ति	१३।२४
ध्यायतो विषयान् पुंसः	२।६२
न कर्तृत्वं न कर्माणि	५।१४
न कर्मणा मनारम्भात्	३।१४
न काङ्क्षे विजयं कृष्ण	१।३२
न च तस्मान् मनुष्येषु	१८।६९
न च मत्स्थानि भूतानि	९। ५
न च मां तानि कर्माणि	९। ९
न चैनद् विद्मः कतरन्नः	२। ६
न जायते म्रियते वा	२।२०
न तदस्ति पृथिव्यां वा	१८।४०
न तद् भासयते सूर्यः	१५। ६
न तु मां शक्यसे द्रष्टुम्	११। ८
न त्वेवाहं जातु नासम्	२।१२
न द्वेष्ट्य कुशलं कर्म	१८।१०
न प्रहृष्येत् प्रियं प्राप्य	५।२०
न बुद्धिभेदं जनयेत्	३।२६
नभः स्पृशं दीप्त मनेक	११।२४
नमः पुरस्ताबथ पृष्ठतः	११।४०
न मां कर्माणि लिम्पन्ति	४।१४
न मां दुष्कृतिनो मूढाः	७।१५
न मे पार्थास्ति कर्तव्यम्	३।२२
न मे विदुः सुरगणाः	१०। २
न रूप मस्येह तथो	१५। ३
न वेदयज्ञाध्ययनैं र्न दानैः	११।४८
नष्टो मोहः स्मृतिर्लब्धा	१८।७३
न हि कश्चित् क्षणमपि	३। ५
न हि ज्ञानेन सदृशम्	४।३८
न हि देहभृता शक्यम्	१८।११
न हि प्रपश्यामि ममा	२। ८
नात्यश्नतस्तु योगोस्ति	६।१६
नादत्ते कस्यचित् पापम्	५।१५

	अ.। श्लो.
नान्तो स्ति मम दिव्यानाम्	१०।४०
नान्यं गुणेभ्यः कर्तारम्	१४।१९
नासतोविद्यते भावः	२।१६
नास्ति बुद्धि रयुक्तस्य	२।६६
नाहं प्रकाशः सर्वस्य	७।२५
नाहं वेदै र्न तपसा	११।५३
निमित्तानि च पश्यामि	१।३१
नियतं कुरू कर्म त्वम्	३। ८
नियतं सङ्ग रहितम्	१८।२३
नियतस्य तु संन्यासः	१८। ७
निराशी र्यतचित्तात्मा	४।२१
निर्मान मोहा जितसङ्ग	१५। ५
निश्चयं शृणु मे तत्र	१८। ४
निहत्य धार्तराष्ट्रान्नः	१।३६
नेहा भिक्रम नाशो स्ति	२।४०
नैते सृती पार्थ जानन्	८।२७
नैनं छिन्दन्ति शस्त्राणि	२।२३
नैव किञ्चित् करोमीति	५। ८
नैव तस्य कृतेना र्थः	३।१८
पञ्चैतानि महाबाहो	१८।१३
पत्रं पुष्पं फलं तोयम्	९।२६
पर स्तस्मात्तु भावो न्यः	८।२०
परित्राणाय साधूनाम्	४। ८
परं ब्रह्म परं धाम	१०।१२
परं भूयः प्रवक्ष्यामि	१४। १
पवनः पवता मस्मि	१०।३१
पश्य मे पार्थ रूपाणि	११। ५
पश्यादित्यान् वसून्	११। ६
पश्यामि देवाँ स्तव देव	११।१५
पश्यैतां पाण्डु पुत्राणाम्	१। ३
पाञ्चजन्यं हृषीकेशः	१।१५
पार्थ नैवेह नामुत्र	६।४०
पितासि लोकस्य चराचरस्य	११।४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ./श्लो.
पिताह मस्य जगतः	९।१७
पुण्यो गन्धः पृथिव्यां च	७। ९
पुरुषः प्रकृतिस्थो हि	१३।२१
पुरुषः स परः पार्थ	८।२२
पुरोधसां च मुख्यं माम्	१०।२४
पूर्वाभ्यासेन तेनैव	६।४४
पृथक्त्वेन तु यज् ज्ञानम्	१८।२१
प्रकाशं च प्रवृत्तिं च	१४।२२
प्रकृतिं पुरुषं चैव	१३।१९
प्रकृतिं स्वा मवष्टभ्य	९। ८
प्रकृतेः क्रियमाणानि	३।२७
प्रकृतेर्गुण संमूढाः	३।२९
प्रकृत्यैव च कर्माणि	१३।२९
प्रजहाति यदा कामान्	२।५५
प्रयत्नाद् यतमानस्तु	६।४५
प्रयाणकाले मनसा चलेन	८।१०
प्रलपन् विसृजन् गृह्णन्	५। ९
प्रवृत्तिं च निवृत्तिं च	१६। ७
" " " "	१८।३०
प्रशान्त मनसं ह्येनम्	६।२७
प्रशान्तात्मा विगत भीः	६।१४
प्रसादे सर्व दुःखानाम्	२।६५
प्रह्लाद श्चास्मि दैत्यानाम्	१०।३०
प्राप्य पुण्य कृतां लोकान्	६।४१
बन्धु रात्मा त्मन स्तस्य	६। ६
बलं बलवतां चाहम्	७।११
बहिरन्तश्च भूतानाम्	१३।१५
बहूनां जन्मना मन्ते	७।१९
बहूनि मे व्यतीतानि	४। ५
बाह्य स्पर्शे ष्वसक्तात्मा	५।२१
बीजं मां सर्वभूतानाम्	७।१०
बुद्धियुक्तो जहाती ह	२।५०
बुद्धिर्ज्ञान मसंमोहः	१०। ४
बुद्धेर्भेदं धृतेश्चैव	१८।२९
बुद्ध्या विशुद्धया युक्तः	१८।५१
बृहत् साम तथा साम्नाम्	१०।३५
ब्रह्मणो हि प्रतिष्ठा हम्	१४।२७
ब्रह्मण्या धाय कर्माणि	५।१०
ब्रह्म भूतः प्रसन्नात्मा	१८।५४
ब्रह्मार्पणं ब्रह्म हविः	४।२४
ब्राह्मण क्षत्रिय विशाम्	१८।४१
भक्त्या त्वनन्यया शक्यः	११।५४
भक्त्या मामभि जानाति	१८।५५
भयाद् रणा दुपरतम्	२।३५
भवान् भीष्मश्च कर्णश्च	१।८
भवाप्ययौ हि भूतानाम्	११।२
भीष्म द्रोण प्रमुखतः	१।२५
भूतग्रामः स एवायम्	८।१९
भूमि रापो नलो वायुः	७।४
भूय एव महा बाहो	१०।१
भोक्तारं यज्ञतपसाम्	५।२९
भोगैश्वर्य प्रसक्तानाम्	२।४४
मच्चित्ता मद्गतप्राणाः	१०।९
मच्चित्तः सर्व दुर्गाणि	१८।५८
मत्कर्मकृन्मत्परमः	११।५५
मत्तः परतरं नान्यत्	७। ७
मदनुग्रहाय परमम्	११। १
मनः प्रसादः सौम्यत्वम्	१७।१६
मनुष्याणां सहस्रेषु	७। ३
मन्मना भव मद्भक्तः	९।३४
मन्मना भव मद्भक्तः	१८।६५
मन्यसे यदि तच्छक्यम्	११। ४
मम योनि र्महद् ब्रह्म	१४। ३
ममैवांशो जीवलोके	१५।७
मया ततमिदं सर्वम्	९।४
मयाध्यक्षेण प्रकृतिः	९।१०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ./श्लो.
मया प्रसन्नेन तवार्जुनेदम्	११।४७
मयि चानन्य योगेन	१३।१०
मयि सर्वाणि कर्माणि	३।३०
मय्यावेश्य मनो ये माम्	१२। २
मय्यासक्तमनाः पार्थ	७। १
मय्येव मन आधत्स्व	१२। ८
महर्षयः सप्त पूर्वे	१०। ८
महर्षीणां भृगुरहम	१०।२५
महात्मानस्तु मां पार्थ	९।१३
महाभूतान्यहंकारः	१३। ५
मा ते व्यथा मा च	११।४९
मात्रास्पर्शास्तु कौन्तेय	२।१४
मानापमानयो स्तुल्यः	१४।२५
मामुपेत्य पुनर्जन्म	८।१५
मां च यो व्यभिचारेण	१४।२६
मां हि पार्थ व्यपाश्रित्य	९।३२
मुक्तसंगो नहंवादी	१८।२६
मूढग्राहेणात्मनो यत्	१७।१९
मृत्युः सर्वहर श्चाहम्	१०।३४
मोघाशा मोघकर्माणः	९।१२
य इमं परमं गुह्यम्	१८।६८
य एनं वेत्ति हन्तारम्	२।१९
य एवं वेत्ति पुरूषम्	१३।२३
यच्चापि सर्वभूतानाम्	१०।३९
यच्चावहासार्थ मसत्कृतः	११।४२
यजन्ते सात्त्विका देवान्	१७। ४
यज्ज्ञात्वा न पुन र्मोहम्	४।३५
यज्ञ दान तपः कर्म	१८। ५
यज्ञ शिष्टामृतभुजः	४।३१
यज्ञ शिष्टाशिनः सन्तः	३।१३
यज्ञार्थात् कर्मणो न्यत्र	३। ९
यज्ञे तपसि दाने च	१७।२७
यततो ह्यपि कौन्तेय	२।६०

	अ./श्लो.
यतन्तो योगिनश्चैनम्	१५।११
यतेन्द्रिय मनोबुद्धिः	५।२८
यतो यतो निश्चरति	६।२६
यतः प्रवृत्ति र्भूतानाम्	१८।४६
यत्करोषि यदश्नासि	९।२७
यत्तदग्रे विषमिव	१८।३७
यत्तु कामेप्सुना कर्म	१८।२४
यत्तु कृत्स्नव देकस्मिन्	१८।२२
यत्तु प्रत्युपकारार्थम्	१७।२१
यत्र काले त्वनावृत्तिम्	८।२३
यत्र योगेश्वरः कृष्णः	१८।७८
यत्रो परमते चित्तम्	६।२०
यत् साँख्यैः प्राप्यते स्थानम्	५। ५
यथाकाशस्थितो नित्यम्	९। ६
यथा दीपो निवातस्थः	६।१९
यथा नदीनां बहवः	११।२८
यथा प्रकाशयत्येकः	१३।३३
यथा प्रदीप्तं ज्वलनम्	११।२९
यथा सर्वगतं सौम्यात्	१३।३२
यथैधांसि समिद्धोग्निः	४।३७
यदक्षरं बेदविदो वदन्ति	८।११
यदग्रे चानुबन्धे च	१८।३९
यद हंकार माश्रित्य	१८।५९
यदा ते मोहकलिलम्	२।५२
यदादित्यगतं तेजः	१५।१२
यदा भूतपृथग्भावम्	१३।३०
यदा यदा हि धर्मस्य	४। ७
यदा विनियतं चित्तम्	६।१८
यदा सत्त्वे प्रवृद्धे तु	१४।१४
यदा संहरते चायम्	२।५८
यदा हि नेन्द्रियार्थेषु	६। ४
यदि माम प्रतीकारम्	१।४६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ./श्लो.		अ./श्लो.
यदि ह्यहं न वर्तेयम्	३।२३	येप्यन्यदेवता भक्ताः	९।२३
यदृच्छया चोपपन्नम्	२।३२	ये मे मत मिदं नित्यम्	३।३१
यदृच्छालाभसंतुष्टः	४।२२	ये यथा मां प्रपद्यन्ते	४।११
यद् यदाचरति श्रेष्ठः	३।२१	ये शास्त्र विधि मुत्सृज्य	१७। १
यद् यद् विभूतिमत् सत्त्वम्	१०।४१	येषामर्थे काङ्क्षितं नः	१।३३
यद्यप्येते न पश्यन्ति	१।३८	येषां त्वन्तगतं पापम्	७।२८
यया तु धर्मकामार्थान्	१८।३४	ये हि संस्पर्शजा भोगाः	५।२२
यया धर्म मधर्मं च	१८।३१	योगयुक्तो विशुद्धात्मा	५। ७
यया स्वप्नं भयं शोकम्	१८।३५	योगसंन्यस्तकर्माणम्	४।४१
यस्त्वात्मरतिरेव स्यात्	३।१७	योगस्थः कुरु कर्माणि	२।४८
यस्त्विन्द्रियाणि मनसा	३। ७	योगिना मपि सर्वेषाम्	६।४७
यस्मात् क्षर मतीतो हम्	१५।१८	योगी युञ्जीत सततम्	६।१०
यस्मान्नोद्विजते लोकः	१२।१५	योत्स्यमाना नवेक्षे हम्	१।२३
यस्य नाहंकृतो भावः	१८।१७	यो न हृष्यति न द्वेष्टि	१२।१७
यस्य सर्वे समारम्भाः	४।१९	योन्तः सुखोन्तरारामः	५।२४
यातयामं गतरसम्	१७।१०	यो मामज मनादिं च	१०। ३
या निशा सर्वभूतानाम्	२।६९	यो मामेव मसंमूढः	१५।१९
यान्ति देवव्रता देवान्	९।२५	यो मां पश्यति सर्वत्र	६।३०
या मिमां पुष्पितां वाचम्	२।४२	यो यं योग स्त्वया प्रोक्तः	६।३३
यावत् संजायते किञ्चित्	१३।२६	यो यो यां यां तनुं भक्तः	७।२१
यावदेतान् निरीक्षे हम्	१।२२	यं यं वापि स्मरन् भावम्	८। ६
यावानर्थ उदपाने	२।४६	यं लब्ध्वा चापरं लाभम्	६।२२
युक्ताहारविहारस्य	६।१७	यं संन्यास मिति प्राहुः	६। २
युक्तः कर्मफल त्यक्त्वा	५।१२	यं हि न व्यथयन्त्येते	२।१५
युञ्जन्नेवं सदात्मानम्	६।१५	यः शास्त्रविधि मुत्सृज्य	१६।२३
युञ्जन्नेवं सदात्मानम्	६।२८	यः सर्वत्रा नभिस्नेहः	२।५७
युधामन्युश्च विक्रान्त	१। ६	रजसि प्रलयं गत्वा	१४।१५
ये चैव सात्त्विका भावाः	७।१२	रज स्तमश्चाभिभूय	१४।१०
ये तु धर्म्यामृत मिदम्	१२।२०	रजो रागात्मकं विद्धि	१४। ७
ये तु सर्वाणि कर्माणि	१२। ६	रसो ह मप्सु कौन्तेय	७। ८
येत्वक्षर मनिर्देश्यम्	१२। ३	रागद्वेष-वियुक्तैस्तु	२।६४
येत्वेतदभ्यसूयन्तः	३।३२	रागी कर्मफल प्रेप्सुः	१८।२७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ./श्लो.
राजन् संस्मृत्य संस्मृत्य	१८।७६
राजविद्या राजगुह्यम्	९। २
रुद्राणां शंकर श्चास्मि	१०।२३
रुद्रादित्या वसवो ये	११।२२
रूपं महत्ते बहुवक्त्र	११।२३
लभन्ते ब्रह्मनिर्वाणम्	५।२५
लेलिह्यसे ग्रसमानः	११।३०
लोके स्मिन् द्विविधा निष्ठा	३। ३
लोभः प्रवृत्ति रारम्भः	१४।१२
वक्तु मर्हस्यशेषेण	१०।१६
वक्त्राणि तेत्वरमाणा	११।२७
वायु र्यमोग्निर्वरुणः	११।३९
वासांसि जीर्णानि यथा	२।२२
विद्याविनयसंपन्ने	५।१८
विधिहीन मसृष्टान्नम्	१७।१३
विविक्तसेवी लघ्वाशी	१८।५२
विषया विनिवर्तन्ते	२।५९
विषयेन्द्रियसंयोगात्	१८।३८
विस्तरेणात्मनो योगम्	१०।१८
विहाय कामान् यः सर्वान्	२।७१
वीतराग भय क्रोधाः	४।१०
वृष्णीनां वासुदेवोस्मि	१०।३७
वेदा विनाशिनं नित्यम्	२।२१
वेदानां सामवेदोस्मि	१०।२२
वेदाहं समतीतानि	७।२६
वेदेषु यज्ञेषु तपःसु	८।२८
व्यवसायात्मिका बुद्धिः	२।४१
व्यामिश्रेणेव वाक्येन	३। २
व्यासप्रसादा च्छ्रुतवान्	१८।७५
शक्नोती हैव यः सोढुम्	५।२३
शनैः शनै रूपरमेत्	६।२५
शमो दम स्तपः शौचम्	१८।४२

	अ./श्लो.
शरीर वाङ्मनोभिर्यत्	१८।१५
शरीरं यदवाप्नोति	१५। ८
शुक्लकृष्णे गती ह्येते	८।२६
शुचौ देशे प्रतिष्ठाप्य	६।११
शुभाशुभफलै रेवं	९।२८
शौर्यं तेजो धृति र्दाक्ष्यम्	१८।४३
श्रद्धया परया तप्तम्	१७।१७
श्रद्धावा ननसूयश्च	१८।७१
श्रद्धावाँ ल्लभते ज्ञानम्	४।३९
श्रुतिविप्रतिपन्ना ते	२।५३
श्रेयान् द्रव्यमयाद् यज्ञात्	४।३३
श्रेयान् स्वधर्मो विगुणः	१८।४७
श्रेयान् स्वधर्मो विगुणः	३।३५
श्रेयो हि ज्ञान मभ्यासाज्	१२।१२
श्रोत्रादीनीन्द्रियाण्यन्ये	४।२६
श्रोत्रं चक्षुः स्पर्शनं च	१५। ९
श्वशुरान् सुहृदश्चैव	१।२७
स एवायं मया तेद्य	४। ३
सक्ताः कर्णण्यविद्वांसः	३।२५
सखेति मत्वा प्रसभं	११।४१
स घोषो धार्तराष्ट्राणाम्	१।१९
सततं कीर्तयन्तो माम्	९।१४
स तया श्रद्धया युक्तः	७।२२
सत्कार मान पूजार्थम्	१७।१८
सत्त्वं रज स्तम इति	१४। ५
सत्त्वं सुखे सञ्जयति	१४। ९
सत्त्वात् संजायते ज्ञानम्	१४।१७
सत्त्वानुरूपा सर्वस्य	१७। ३
सदृशं चेष्टते स्वस्याः	३।३३
सद्भावे साधुभावे च	१७।२६
समं कायशिरोग्रीवम्	६।१३
समं पश्यन् हि सर्वत्र	१३ २८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

	अ./श्लो.
समं सर्वेषु भूतेषु	१३।२७
समः शत्रौ च मित्रे च	१२।१८
सम दुःख सुखः स्वस्थः	१४।२४
समोहं सर्वभूतेषु	९।२९
सर्गाणा मादि रन्तश्च	१०।३२
सर्व कर्माणि मनसा	५।१३
सर्व कर्माण्यपि सदा	१८।५६
सर्व गुह्यतमं भूयः	१८।६४
सर्वतः पाणिपादं तत्	१३।१३
सर्व द्वाराणि संयम्य	८।१२
सर्व द्वारेषु देहेस्मित्	१४।११
सर्व धर्मान् परित्यज्य	१८।६६
सर्व भूतस्थ मात्मानम्	६।२९
सर्व भूतस्थितं यो माम्	६।३१
सर्भभूतानि कौन्तेय	९। ७
सर्वभूतेषु येनैकम्	१८।२०
सर्वमेत दृतं मन्ये	१०।१४
सर्वयोनिषु कौन्तेय	१४। ४
सर्वस्य चाहं हृदि	१५।१५
सर्वाणीन्द्रियकर्माणि	४।२७
सर्वेन्द्रिय गुणाभासम्	१३।१४
सहजं कर्म कौन्तेय	१८।४८
सहयज्ञाः प्रजाः सृष्ट्वा	३।१०
सहस्र युग पर्यन्तम्	८।१७
साधि भूताधिदैवं माम्	७।३०
सांख्ययोगौ पृथग् बालाः	५। ४
सिद्धिं प्राप्तो यथा ब्रह्म	१८।५०
सीदन्ति मम गात्राणि	१।२९
सुख दुःखे समे कृत्वा	२।३८
सुख मात्यन्तिकं यत् तत्	६।२१
सुखं त्विदानी त्रिविधम्	१८।३६
सुदुर्दर्श मिदं रूपम्	११।५२
सुहृन्मित्रार्युदासीन	६। ९
संकरो नरकायैव	१।४२
संकल्पप्रभवान् कामान्	६।२४
संतुष्टः सततं योगी	१२।१४
संनियम्येन्द्रियग्राममम्	१२। ४
संन्यासं कर्मणां कृष्ण	५। १
संन्यासः कर्मयोगश्च	५। २
संन्यासस्तु महाबाहो	५। ६
सन्यासस्य महावाहो	१८। १
स्थाने हृषीकेश तव	११।३६
स्थितप्रज्ञस्य का भाषा	२।५४
स्पर्शान् कृत्वा बहिर्बाह्यान्	५।२७
स्वधर्म मपि चावेक्ष्य	२।३१
स्वभावजेन कौन्तेय	१८।६०
स्वय मेवात्मनात्मानम्	१०।१५
स्वे स्वे कर्मण्यभिरतः	१८।४५
हतो वा प्राप्स्यमि स्वर्गम्	२।३७
हन्त ते कथयिष्यामि	१०।१९
हृषीकेशं तदा वाक्यम्	१।२१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MJDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

R66,6
ADH
2044

DATE DUE

९६०६९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

96069

AUTHOR अधिकारी अम्बिका प्रसाद

TITLE श्रीमद्भगवद्गीता

96069

R66,6
ADH
2044

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu